महालेखापरीक्षकको
उनन्चासौं वार्षिक प्रतिवेदन
२०६८

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

दूरदृष्टि

सुशासन प्रवर्द्धनका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी लेखापरीक्षण संस्थाको रुपमा स्थापित हुने ।

गन्तव्य

सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनका लागि मुलुकलाई गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

मूल्य मान्यता

- स्वतन्त्रता
- इमान्दारिता
- विश्वसनीयता
- व्यावसायिकता
- सार्वजनिक हितमा सेवा प्रदान

महालेखापरीक्षकको
उनन्चासौं वार्षिक प्रतिवेदन
२०६८



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या: २०६८।६९ च.नं. ५४

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०७६

मिति: २०६८।१२।२९।४

विषय: **उनन्चासौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, महाराजगञ्ज,
काठमाडौं ।

सम्माननीय महोदय,

आर्थिक वर्ष २०६७।६८ (२०६७ श्रावण १ गतेदेखि २०६८ आषाढ मसान्तसम्म) मा भए गरेका आर्थिक कारोबारको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन, २०६८ संविधानको धारा १२४ बमोजिम सम्माननीयज्यू समक्ष पेश गरेको छु ।

भवदीय,

(खेमप्रसाद दाहाल)
कार्यवाहक महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय–सूची

परिच्छेद	शीर्षक	पृष्ठ
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन		अ–ओ
परिच्छेद १:	**लेखापरीक्षण गरेका निकायको विवरण**	
	१. लेखापरीक्षण गरेका निकायहरु	१
	२. आर्थिक कारोबारको संक्षिप्त झलक	३
परिच्छेद २:	**लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति**	
	लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु	
	१. संविधानसभा व्यवस्थापिका–संसद	३०
	२. सर्वोच्च अदालत	३२
	३. निर्वाचन आयोग	३४
	४. राष्ट्रिय मानव अधिकार आयोग	३६
	५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३७
	६. अर्थ मन्त्रालय	४१
	७. उद्योग मन्त्रालय	१०५
	८. ऊर्जा मन्त्रालय	११७
	९. कानून तथा न्याय मन्त्रालय	१३०
	१०. कृषि तथा सहकारी मन्त्रालय	१३१
	११. गृह मन्त्रालय	१५६
	१२. परराष्ट्र मन्त्रालय	१७५
	१३. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१८२
	१४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२०९
	१५. भौतिक योजना तथा निर्माण मन्त्रालय	२१७
	१६. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२७०
	१७. युवा तथा खेलकूद मन्त्रालय	२७४
	१८. रक्षा मन्त्रालय	२७६
	१९. वन तथा भू–संरक्षण मन्त्रालय	२८४
	२०. वाणिज्य तथा आपूर्ति मन्त्रालय	३००
	२१. वातावरण मन्त्रालय	३०५
	२२. विज्ञान तथा प्रविधि मन्त्रालय	३०७
	२३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय	३११
	२४. शिक्षा मन्त्रालय	३१५
	२५. श्रम तथा यातायात व्यवस्था मन्त्रालय	३३६
	२६. संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	३४२
	२७. सामान्य प्रशासन मन्त्रालय	३४६
	२८. सिंचाई मन्त्रालय	३४८
	२९. सूचना तथा सञ्चार मन्त्रालय	३७३
	३०. स्थानीय विकास मन्त्रालय	३९२
	३१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४२१
	३२. राष्ट्रिय योजना आयोग	४४२
परिच्छेद ३:	**बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि**	४४५
परिच्छेद ४:	**लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार**	४४९
कार्यलय गतिविधि		४५९
अनुसूचीहरु		४६३

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **कानूनी व्यवस्था** – नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२३ मा महालेखापरीक्षकले सबै सरकारी कार्यालय र कानूनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरुका बारेमा उल्लेख गरेको छ ।

२. **उद्देश्य** – सार्वजनिक स्रोतको प्राप्ति र उपयोगका सम्बन्धमा लेखापरीक्षणको माध्यमबाट प्रतिवेदन गरी व्यवस्थापिका–संसदमार्फत नेपाली जनतालाई सुसूचित गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य हो । यसका अतिरिक्त निम्न व्यहोरा सुनिश्चित गर्नु पनि यसको उद्देश्य रहेको छः

- सञ्चित कोषलगायत विनियोजन लेखा तोकिएको ढाँचामा राखेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी असुली तथा तहसिल गरेको,
- सरकारी ऋण, जमानत र निक्षेपको यथार्थ लेखा राखेको,
- सरकारी सम्पत्तिको अभिलेख, उपयोग संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था गरेको,
- आन्तरिक लेखापरीक्षण समयमा गराई लेखा अद्यावधिक गरेको,
- आर्थिक कारोबार गर्दा आम्दानी खर्च पुष्ट्याई गर्ने प्रमाण यथेष्ट राखेको,
- आर्थिक विवरणले कारोबारको यथार्थ चित्रण गरेको,
- प्रचलित ऐन कानूनको परिपालन पूर्णरुपमा गरेको ।

३. **क्षेत्र** – संवैधानिक अङ्ग, मन्त्रालय, विभाग तथा कार्यालय, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण, जिल्ला विकास समिति, विश्वविद्यालय तथा कानूनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको आधारमा ४ हजार ५८९ निकायको आर्थिक वर्ष २०६७६८ को र पेश भएसम्म बक्यौतासमेतको आर्थिक कारोबारको लेखापरीक्षण गरिएको छ । यो वर्ष २३ विषयको कार्यमूलक लेखापरीक्षण र २ विषयको सूचना प्रविधि लेखापरीक्षण सम्पन्न भएको छ ।

४. **पद्धति** – लेखापरीक्षण ऐन, २०४८, सरकारी लेखापरीक्षण मानदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) मानदण्ड र असल प्रचलन तथा अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । केही निकायको आर्थिक कारोबारको लेखापरीक्षण नमूना छनौटको आधारमा सम्पन्न गरिएको छ । नमूना छनौटमा नपरेको कारोबारको परीक्षण नगरिएकोले राय पनि व्यक्त गरिएको छैन ।

५. **प्रतिवेदन प्रस्तुति** – संवैधानिक व्यवस्थाअनुसार वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त लेखापरीक्षण गरेका निकायको विवरण (परिच्छेद १), लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति (परिच्छेद २), बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि (परिच्छेद ३) तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारका विवरण (परिच्छेद ४) मा उल्लेख गरी प्रस्तुत गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :- ०६८/०६९
च.नं. - ४३

मिति: २०६८/१२/२८

सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन

श्री महालेखा नियन्त्रकज्यू,
महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं ।

महाशय,

१. **वार्षिक आर्थिक विवरणउपर प्रतिवेदन** – हामीले नेपाल सरकारको सञ्चित कोषको २०६८ असार ३२ गते समाप्त भएको आर्थिक वर्षको यसैसाथ संलग्न आर्थिक विवरण र तत्सम्बन्धी अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी** – प्रचलित ऐन कानून, नेपाल सार्वजनिक क्षेत्र लेखामान, अभ्यास र प्रचलनअनुरुप आर्थिक विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी महालेखा नियन्त्रकमा रहेको छ । यस्तो जिम्मेवारीअन्तर्गत आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडारहित सारभूत रुपमा प्रस्तुतीकरण गर्ने, निकायको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) को लेखापरीक्षणमान, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूत रुपमा गलत आँकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूत रुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुराको लागि अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको

email: oagnep@ntc.net.np, info@oagnep.gov.np Web Page: www.oagnep.gov.np

छैन । महालेखा नियन्त्रकले आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखाको आधार एवं लेखा टिप्पणीको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षणअन्तर्गत पर्दछ ।

हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियतसहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** – कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. महालेखा नियन्त्रक कार्यालयले आफनो अभिलेखको आधारमा सञ्चितकोषको आर्थिक विवरण तयार गर्नुपर्नेमा नेपाल राष्ट्र बैङ्कबाट सङ्कलित तथ्याङ्क तथा अन्य निकायबाट प्राप्त सूचनाहरुको आधारमा आर्थिक विवरण तयार गरेको छ । सञ्चितकोषको आर्थिक विवरण तयार गर्दा नेपाल सरकारले २०६६।५।३० मा स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गर्नुपर्नेमा गरेको छैन ।

४.२. महालेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चित कोषको आर्थिक विवरणमा राजस्व असुलीतर्फ रु.२ खर्ब २ अर्ब ९४ करोड ७३ लाख ६९ हजार रहेकोमा लेखापरीक्षणबाट रु.१ खर्ब ९९ अर्ब १० करोड ४४ लाख ८२ हजार देखिएकोले रु.३ अर्ब ८४ करोड २८ लाख ८७ हजार फरक परेको छ ।

विनियोजनतर्फको खर्च रु.२ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख २७ हजार पेश भएकोमा लेखापरीक्षणबाट रु.२ खर्ब ९४ अर्ब ७५ करोड ६३ लाख ३५ हजार देखिएकोले रु.६० करोड ७० लाख ९२ हजार फरक परेको छ ।

४.३. महालेखा नियन्त्रक कार्यालय मातहतको कोष शाखाले विशेष खातामा रु.१ अर्ब ६३ करोड ९१ लाख र नगद अनुदान खातामा रु.१३ अर्ब ९१ करोड २२ लाख समेत रु.१५ अर्ब ५५ करोड १३ लाख र शोधभर्ना शाखाले रु.२२ अर्ब ६२ करोड ४० लाखसमेत रु.३८ अर्ब १७ करोड ५३ लाख प्राप्त गरेको विवरण पेश हुन आएको छ । नेपाल राष्ट्र बैङ्क को ट्रेजरी हिसाबमा रु.२६ अर्ब २० करोड ७६ लाख प्राप्त भएको देखिदा रु.११ अर्ब ९६ करोड ७७ लाख फरक परेको छ ।

४.४. वैदेशिक ऋण प्राप्ति सम्बन्धमा सञ्चितकोषको आर्थिक विवरणमा रु.११ अर्ब ४३ करोड ५९ लाख १७ हजार, मूल आर्थिक विवरण (भाग–१) मा रु.१२ अर्ब ७ करोड ५६ लाख ५ हजार प्रस्तुत गरेको छ । लेखापरीक्षणको लागि उपलब्ध भएको आर्थिक विवरणमा ऋण प्राप्तितर्फ रु.१३ अर्ब ८४ करोड ९२ लाख देखाएकोमा नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण रु.४ अर्ब ९३ करोड ४२ लाख देखाएको छ । सोझै भुक्तानी मार्फत प्राप्त ऋण रु.६ अर्ब ३७ करोड ९३ लाखलाई ऋण प्राप्तिमा समायोजन गर्दा पनि ऋण हिसाबमा रु.२ अर्ब ५३ करोड ५७ लाख नेपाल राष्ट्र बैङ्कमा घटी जम्मा भएको देखिन्छ ।

४.५. सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदान अन्तर्गत नगद रु.९ अर्ब ३७ करोड १४ लाख, शोधभर्ना प्राप्त रु.१९ अर्ब ७१ करोड ९० लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.११ अर्ब ८४ करोड ९७ लाख र वस्तुगत सहायता रु.१ अर्ब ५९ करोड ७९ लाख समेत रु.४२ अर्ब ५३ करोड ८० लाख आम्दानी देखाएको छ । कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरण (भाग–१) मा वैदेशिक अनुदान रु.४५ अर्ब ९२ करोड २२ लाख प्राप्त भएको विवरण प्रस्तुत गरेको छ । सञ्चितकोषको आर्थिक विवरण र मूल आर्थिक विवरणमा रु.३ अर्ब ३८ करोड ४२ लाख फरक परेको छ ।

४.६. महालेखा नियन्त्रक कार्यालयले लेखापरीक्षणमा प्रस्तुत गरेको सञ्चित कोषको आर्थिक विवरणमा जम्मा रकमबाट खर्च गरेको रकम कट्टा गरी रु.२ अर्ब ७३ करोड ३७ लाख बचत देखाएको छ ।सरकारी खर्च र साधन स्रोत विवरणमा रु.४ अर्ब ९६ करोड ९१ लाख ४४ हजार बचत देखाएको छ । नेपाल राष्ट्र बैङ्कले दिएको ट्रेजरी

हिसाबमा रु.१२ अर्ब ८८ करोड ९३ लाख अधिविकर्ष देखाएको छ । उपर्युक्त ३ विवरणबीच फरक फरक हिसाब पेश भएबाट अधिविकर्ष हिसाब यकिन हुन सकेको छैन ।

४.७. वर्षान्तमा नेपाल राष्ट्र बैङ्कसँग मौज्दात देखिएको वैदेशिक ऋण हिसाब, वैदेशिक अनुदान हिसाब र मूल्य अभिवृद्धि कर हिसाब र भन्सार कोष गरी ४ खाताको रु.२० अर्ब ६६ करोड ३३ लाख आर्थिक विवरणमा समावेश गरेको छैन ।

५. **लेखापरीक्षकको राय** – हाम्रो रायमा अनुच्छेद ४ मा उल्लेख भएका व्यहोराले पार्ने असर बाहेक नेपाल सरकारको सञ्चितकोषको आर्थिक विवरणले २०६८ आषाढ ३२ गतेको आर्थिक स्थिति र सो अवधिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा नेपाल सरकारको लेखा प्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(खेमप्रसाद दाहाल)
कार्यबाहक महालेखापरीक्षक

नेपाल सरकार
अर्थ मंत्रालय
महालेखा नियन्त्रक कार्यालय

आ.व. २०६७/०६८ को संचित कोषको संशोधित आर्थिक विवरण

आय

क्र.सं.	विवरण							रकम रु. हजारमा
१	गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ब्या.)							(७५३७०४५)
२	यस वर्षको आय :							२९८८१३०३५
	क	राजस्व					२०१४०१९०१	
		अ	कर राजस्व (प्रत्यक्ष र अप्रत्यक्ष कर)				१७२६४५३०२	
		आ	गैर कर राजस्व				२४८१८०३४	
		इ	क.१.६ विविध				३१२८३५५	
	ख	ऋण अनुदान प्राप्त भएको धन (सावा)					१४४३६७८	
	ग	राजस्वको घिटोमा लिईएको कर्जा					४४११८५८८	
		अ	आन्तरिक ऋण				३२६८२७७१	
		आ	वाह्य ऋण				११४३५९१७	
			१	सोधभर्ना हुने खर्च मध्ये सो.भ प्राप्त			४०५६५७८	
				□ चालु आ.व. को		४०५६५७८		
				□सोधभर्ना शाखाबाट प्राप्त	४०५६५७८			०
				□कोष प्रशासनबाट सोझै दाखिला	०		०	
				□ गत विगत आ.व. को		०	०	
				□सोधभर्ना शाखाबाट प्राप्त	०			
				□कोष प्रशासनबाट सोझै दाखिला	०			
			२	नगद ऋण		१००००००	१००००००	
				□ चालु आ.व. को	१००००००			
				□ गत विगत आ.व. को	०			
			३	सोझै भुक्तानी (प्रत्यक्ष ऋण)			६३७९३३९	
	घ	वैदेशिक अनुदान					४२५३८०५७	
		अ	नगद (चालु र गत विगत आ.व.को)				९३७१४३२	
		आ	सोधभर्ना हुने गरी भएको खर्च रकम मध्ये सो.भ प्राप्त				१९७१८९६०	
			१	चालु आ.व. को			०	
			२	गत विगत आ.व. को:			१९७१८९६०	
				□ सोधभर्ना शाखाबाट प्राप्त		१९७१८९६०		
				□ कोष प्रशासनबाट सोझै दाखिला		०		
		इ	सोझै भुक्तानी (प्रत्यक्ष अनुदान)				११८४९७१४	
		ई	वस्तुगत				१५९७९५१	
	ङ	अन्य विविध आम्दानी					९२०८९२१	
		(अ)	फिर ट्रान्सफर गरेको रकम (आ.व.०६७/६८ को)				३७१२६	
		(आ)	आ.व. ०६५/६६को अग्रिमबिर्ने रकमको ट्रेजरी बिलको रकम				८८३१७९५	
३	संचितकोषको कुल मौज्दात (ऋणात्मक)							७२८०३३४५
							जम्मा आम्दानी	२९६०७९३३५

व्यय

क्र.सं.	विवरण					रकम रु. हजारमा
१	चालु वर्षको व्यय					२९५३६३४२७
	क	संचितकोष मार्फि व्यवहार हुने रकममा खर्च			३०७२९३८०	
		अ)	चालु खर्च	१३५१८८६२		
		आ)	पुंजीगत खर्च	०		
		इ)	खाता भुक्तानी खर्च	१७२२०५१८		
	ख	वित्तियोजन ऐनद्वारा भएको खर्च			२६४६२४०४७	
		अ)	चालु खर्च	१५६७७६५६०		
		आ)	पुंजीगत खर्च	१०७८४७४८७		
		कुल खर्चको बाँडफाड विवरण			२९५३६३४२७	
		(क)	नेपाल सरकारको श्रोत	२३७३६५६४५		
		(ख)	वैदेशिक अनुदान	४५९२२१७७		
		(अ)	नगद	१०३८६२६५		
		(आ)	सोधभर्ना हुने	२२०८८२४७		
		(इ)	सोझै भुक्तानी (अनुदान)	११८४९७१४		
		(ई)	वस्तुगत	१५९७९५१		
		(ग)	वाह्य ऋण	१२०७५९०५		
		(अ)	नगद	१००००००		
		(आ)	सोधभर्ना हुने	४६९६२६६		
		(इ)	सोझै भुक्तानी (ऋण)	६३७९३३९		
२	संचितकोषबाट भएको फिर्ता हुने खर्च (फिज, क.१.६ तथा अन्य)					७१२९०८
३	अन्य खर्च					
	(अ)					
	(आ)					
४	ऐनद्वारा आकस्मिक कोषमा व्यवस्था गरेको रकम					०
					जम्मा खर्च	२९६०७९३३५

नेपाल अधिकृत

उप म.ले.नि.

महालेखा नियन्त्रक

आ.व. २०६७।०६८ को सञ्चित कोषको आर्थिक विवरण तयार पार्दा अपनाईएका आधारहरु एवं लेखा टिप्पणी (दोश्रो संशोधन)

आयतर्फ

(१) क) **गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.) :**

गत वर्षको संचित कोषको आय-व्यय विवरणको आधारमा वांकी मौज्दात रु.(७५५३७०४५) हजार जिम्मेवारी सारि देखाइएको छ।

(२) **यस वर्षको आय :**

(क) **राजस्व :**

यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त आ.व.२०६७।६८ को राजश्वको केन्द्रीय आर्थिक विवरण भाग-६ को प्रतिवेदन नं. ५००३ मा उल्लेख भएको कूल राजश्व रकम मध्ये राजश्व शिर्षक नं. १.१.११.०० सांवा फिर्ता तर्फको रकम रु.१४४५६७८ हजार कट्टा गरी हुन आउने राजश्व रु.२०१५०१६९१ हजार निम्न अनुसार आम्दानी देखाइएको छ।

(अ) **कर राजश्व (१-१-१-१० देखि १-१-४-५० सम्म)** :रु.१७२५५५३०२ हजार।

(आ) **गैर कर राजश्व :** रु.२५८१८०३४ हजार।
(१-१-५-१० देखि १-१-१२-२० सम्म (१-१-११-०० बाहेक))

(इ) **क.१.६ विविधः** रु. ३१२८३५५ हजार।

(ख) **ऋण असुल हुँदा प्राप्त भएको धन (सांवा फिर्ता) :**

यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त प्रतिवेदन नं.५००३ र ने.रा.बैंकबाट प्राप्त स्टेटमेण्टका आधारमा राजश्व शीर्षक नम्बर १.१.११.००(सावा फिर्ता) मा रु. १४४५६७८ हजार एकमुष्ठ रकम यस शिर्षकमा आम्दानी जनाइएको छ।

(ग) **राजस्वको धितोमा लिइएको कर्जा :**

(अ) **आन्तरिक ऋण :**

म.ले.नि.का. ऋण लेखाङ्कन शाखाबाट प्राप्त विवरण अनुसार कुल आन्तरिक ऋण रकम रु.४२५१५७७५ हजार देखाएकोमा ने.रा.बैंकको २०६८ आषाढ महिनाको विवरण अनुसार रु.३२६८२७७१ हजार मात्र क.१.२ आन्तरिक ऋण खातामा देखाएको र सोहि अनुसार क.१.७ संचितकोष ट्रान्सफर भएकोले सो रकम मात्र आम्दानी देखाईएको। फरक रकम सम्बन्धमा ऋण शाखाबाट ने.रा.बैंकमा पत्राचार भईरहेको छ ।

(आ) <u>वाह्य ऋण</u> :

(१) **सोधभर्ना हुने खर्च मध्ये सोधभर्ना प्राप्त**

- <u>चालु आ.व. को</u> :

यस कार्यालयको सो.भ.शाखाबाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक ऋण तर्फ चालु आ.व. मा खर्च भएको रकम मध्ये सोधभर्ना प्राप्त भई क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु.४०५६५७८ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ।

(२) **नगद ऋण**

चालु आ.व.को : यस कार्यालयको कोष प्रसाशन शाखामा रहेको अभिलेख र तथ्याङ शाखाको खर्चको विवरण अनुसार चालु आ.व.मा नगद ऋण स्रोतमा खर्च भएको रकम क १ ७ संचित कोष खातामा ट्रान्सफर जम्मा भएको रकम यस शिर्षकमा जम्मा भएको छ।

(३) **सोझै भुक्तानी :**

यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त विवरण अनुसार विभिन्न दाताबाट सोझै भुक्तानी (प्रत्यक्ष **ऋण**) तर्फ प्राप्त भएको रकम रु.६३७९३३९ हजार यस शिर्षकमा खर्चको आधारमा आम्दानी जनाइएको छ। यो रकम सोझै भुक्तानी भएकोले संचित कोष खातामा आम्दानी जनाईएको छैन।

(इ) <u>वैदेशिक अनुदान</u> :

(१) **नगद** : विभिन्न दातृ मुलुक/संस्थाको श्रोतमा चालु आ.व.मा नगद अनुदान शिर्षकमा तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त खर्च विवरण अनुसार भएको खर्च रकम रु.१०३८६२६५ हजार मध्ये नेपाल सरकारको स्रोतमा रकमान्तरको लागि अर्थ मन्त्रालयमा अनुरोध भएको रु.१०१३२५२ हजार, केन्द्रिय सरकार खातामा रकम जम्मा नभई खर्च भएको रु. १०३३ हजार र क.१.७ मा ट्रान्सफर गर्न बांकी रु. ५४८ हजार घटाई हुन आउने रु. ९३७१४३२ हजार रकम क. १.७ संचित कोष खातामा ट्रान्सफर गरी यस शिर्षकमा जम्मा भएको छ।

(२) सोधभर्ना हुने गरी भएको खर्च रकम मध्ये सोधभर्ना प्राप्त

- <u>गतविगत आ.व. को</u> :

यस कार्यालयको सो.भ.शाखाबाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक अनुदान तर्फ गतविगत आ.व.मा खर्च भएको रकम मध्ये चालु आ.व.मा सोधभर्ना प्राप्त भएको रकम <u>रु.१९७१८९६०</u> हजार क.१.७ खातामा ट्रान्सफर गरी यस शिर्षकमा आम्दानी जनाइएको छ।

(३) सोझै भुक्तानी/वस्तुगत :

यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त प्रतिवेदन अनुसार विभिन्न दाताबाट सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) र वस्तुगत तर्फ प्राप्त भएको रकम रु.१३४४७६६५ हजार यस शिर्षकमा खर्चको आधारमा आम्दानी जनाइएको छ । यो रकम सोझै भुक्तानी भएकोले संचित कोष खातामा आम्दानी जनाईएको छैन ।

(घ) अन्य विविध आम्दानी :

(अ)फ्रिज ट्रान्सफर गरेको रकम :

यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारिएको निकासा, खर्च र फ्रिज हिसाबको वार्षिक प्रतिवेदन, बैंक खुद बांकी (फ्रिज) समायोजनको विवरण र नेपाल राष्ट्र बैंकबाट प्राप्त खुद फ्रिज विवरणका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोवार गर्ने बैंकहरुमा आ.व.०६७।६८ को निकासा मध्ये खर्च नभै बाँकी रहेको फिज हि.नं.१ , २ र ३ अनुसारको खुद फ्रिज रकम रु.३७३१२६ हजार यस शिर्षकमा आम्दानी जनाइएकोछ ।

(आ) आ.व. २०६५।६६ को अधिविकर्ष रकम को ट्रेजरी विल बापतको रकम संचित कोषमा जम्मा भएको ने.रा.बैंकको विवरणको आधारमा रु ८८३५७९५ हजार आम्दानी जनाएको छ ।

व्यय तर्फ

(१) चालु वर्षको व्यय :

(क) संचित कोषमाथि व्ययभार हुने रकममा खर्च :

यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त प्रतिवेदनका आधारमा चालु खर्च र पूंजीगत खर्च विभाजन गरी यस शिर्षकमा खर्च जनाइएको छ।

(अ) चालु खर्च रु.१३५१८८६२ हजार
(आ) सावाँ भुक्तानी खर्च रु.१७२२०५१८ हजार

(ख) विनियोजन ऐनद्वारा भएको खर्च :

अ) चालु खर्च : यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त प्रतिवेदनका आधारमा चालु आ.व.मा चालु खर्च तर्फ खर्च भएको जम्मा रकम रु.१५६७७६५६० हजार यस शिर्षकमा खर्च जनाइएको छ ।

आ) पूंजीगत खर्च : यस कार्यालयको तथ्यांक शाखाबाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त प्रतिवेदनका आधारमा चालु आ.व.मा पूंजीगत खर्च तर्फ खर्च भएको जम्मा रकम रु. १०७८४७४८७ हजार यस शिर्षकमा खर्च जनाइएको छ ।

कूल खर्चको श्रोतगत विवरण :

यस कार्यालयको तथ्यांक शाखावाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त श्रोतगत खर्चको प्रतिवेदनका आधारमा चालु आ.व.मा विभिन्न श्रोतमा खर्च भएको रकम (चालु खर्च र पूंजीगत खर्च) निम्न अनुसार सम्वन्धित श्रोतको शिर्षकमा खर्च देखाइएको छ ।

(क) नेपाल सरकारको श्रोत रु.२३७३६५६४५ हजार

(ख) वैदेशिक अनुदान

(अ) नगद रु.१०३८६२६५ हजार

(आ) सोधभर्ना हुने रु.२२०८८२४७ हजार

(इ) सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.११८४९७१४ हजार

(ई) वस्तुगत रु.१५९७९५१ हजार

(ग) वाहय ऋण

(अ) नगद १०००००० हजार

(आ) सोधभर्ना हुने रु.४६९६२६६ हजार

(इ) सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु.६३७९३३९ हजार

(२) **सञ्चित कोषवाट भएको फिर्ता हुने खर्च (फ्रिज र क.१.६) :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार पारिएको आ.व. ०६७६८ को निकासा, खर्च र फ्रिज हिसावको प्रतिवेदन र नेपाल राष्ट्र बैंकवाट प्राप्त खुद फ्रिज विवरण समेतका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोवार गर्ने बैंकहरुवाट भएको जम्मा निकासा रकमवाट जम्मा खर्च घटाई हुन आउने रकम यस शिर्षकमा खर्च जनाइएको छ । यस शिर्षक अन्तर्गत खुद फ्रिज भएको रकम, बैंक निकासा र को.ले.नि.का. निकासा वीच फरक परेको रकम र क.१.६ मा दाखिला भएको रकम समेत समावेश गरिएको छ ।

द्रष्टव्य : *आ.व.२०६७६८ को संचितकोषको आय-व्यय सम्वन्धी हिसावहरु ०६८ पौष १७ गतेसम्म क.१.७ खातामा ट्रान्सफर/समायोजन गर्न यस कार्यालयले दिएको आदेशको आधारमा संचितकोषको आर्थिक विवरण तयार गरिएको छ ।*

ऐ

सरकारी खर्च र साधनको स्रोत

रु. मा

	आ.व.२०६५/६६को यथार्थ	आ.व.२०६६/६७को यथार्थ	आ.व.२०६७/६८को यथार्थ
कूल खर्च	२१९,६६१,९१८,३०७.५०	२५९,६८९,१०६,१२३.४२	२९५,३६३,४२६,५९७.७६
चालु	१२७,७३८,९४१,२२४.०२	१५१,०१९,१३०,५५३.४८	१७०,२९५,४२१,६७५.१४
पूजीगत	७३,०८८,८६४,४९७.८९	९०,२३७,६५३,७७३.६६	१०७,८४७,४८६,६२९.५६
वित्त भुक्तानी	१८,८३४,१९२,६६५.४९	१८,४३२,३२१,७९६.२८	१७,२२०,५१८,२८३.०६
खर्च व्यहोर्ने स्रोतहरु	१६९,८५७,३५६,२९४.४७	२१८,४९१,७९५,५३४.७९	२४५,७४१,१९०,०१०.६४
राजस्व	१४३,४७४,४८९,४८८.३४	१७९,९४५,८२४,४१९.३३	१९९,८१९,०१३,८४८.८०
कर	९१७,०५१,९०६,८४१.१०	१५६,२९४,९२३,४१८.०९	१७२,७७७,९०६,७४१.९१
गैरकर	२६,४२२,५८२,६४७.२४	२३,६५०,९०१,००१.२४	२७,०४१,१०७,१०६.८९
वैदेशिक अनुदान	२६,३८२,८६६,८०६.१३	३८,५४५,९७१,१९५.४६	४५,९२२,१७६,१६१.८४
द्विपक्षीय	८,७२०,१८०,३२५.१२	१८,३५०,८७७,४४३.५५	२१,७३८,०४५,५३९.६०
बहुपक्षीय	१७,६६२,६८६,४८१.०१	२०,१९५,०९३,६७१.९१	२४,१८४,१३०,६२२.२४
(बचत (+) न्यून (-)	-४९,८०४,५६२,०१३.०३	-४१,१९७,३९०,५८८.६३	-४९,६२२,२३६,५८७.१२
न्यून पूर्ति गर्ने स्रोतहरु	२८,३८५,९६१,१९२.९९	४१,१३७,३८१,७९८.८१	५४,५९१,३८०,३३१.२३
वैदेशिक ऋण	९,९६८,८६१,१९२.९९	११,२२३,३८१,७९८.८१	१२,०७५,६०५,२०६.२८
द्विपक्षीय	६१२,९१९,११५.७४	४,५५०,५५३,१२१.९५	४,११२,४०३,९१९.८२
बहुपक्षीय	९,३५५,९४९,२७७.२५	६,६७२,८२८,६७६.८६	७,९६३,२०१,२८६.४६
आन्तरिक ऋण	१८,४१७,१००,०००.००	२९,९१४,०००,०००.००	३३,६७९,९८०,०००.००
ओभरड्राफ्टलाई आन्तरिक ऋणमा परिवर्तन गरिएको			८,८३५,७९५,१२४.९५
कूल आन्तरिक ऋण	१८,४१७,१००,०००.००	२९,९१४,०००,०००.००	४२,५१५,७७५,१२४.९५
नगद मौज्दातमा परिवर्तन बचत (-)	२१,४१८,६००,८२०.०४	५९,९२८,७८९.८२	-४,९६९,१४३,७४४.११

परिच्छेद – १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय		संख्या
(क)	वित्तीय लेखापरीक्षण	
	१. सरकारी कार्यालय	३,७९६
	२. संगठित संस्था	६९
	३. समिति र अन्य संस्था	६४९
	४. जिल्ला विकास समिति	७५
(ख)	कार्यमूलक लेखापरीक्षण गरिएका विषय	२३
(ग)	सूचना प्रविधि लेखापरीक्षण	२
	जम्मा	**४,६१४**



१. **सरकारी निकाय र संस्था, समिति** – सर्वोच्च अदालत, व्यवस्थापिका–संसद, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालतलगायतका सबै सरकारी कार्यालयहरुसमेत यो वर्ष ३ हजार ७९६ कार्यालयको १९ हजार ३६ इकाईको रु.५ खर्ब २७ अर्ब ५६ करोड ८ लाख, नेपाल सरकारको पूर्णस्वामित्व भएका संगठित संस्था, विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समिति र कानूनद्वारा तोकिएका विश्वविद्यालय, प्रतिष्ठान

आदिसमेत ७१८ कार्यालयको रु.८ खर्ब १५ अर्ब ३५ करोड ४७ लाख १८ हजार र जिल्ला विकास समिति ७५ को रु.३१ अर्ब ८५ करोड ४ लाख ९० हजारसमेत रु.१३ खर्ब ७४ अर्ब ७६ करोड ६० लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त २३ इकाईको कार्यमूलक लेखापरीक्षण र २ इकाईको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण अनुसूची १, २, ३, ४ र १४ मा रहेको छ ।

२. **सरकारी निकाय** – यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएको ३ हजार ७९६ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी समेतको रु. ५ खर्ब २७ अर्ब ५६ करोड ८ लाखको विवरण निम्नानुसार छः

(रु. हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०६७६८ को अङ्क	बक्यौता अङ्क	जम्मा
१.	विनियोजन निकासा	२,९३,१५,१७,७५	३६,३१	२६९
२.	राजस्व असुली	१,९९,१०,४४,८२	७,३१,५७	३३१
३.	धरौटी आम्दानी	१८,८१,३९,०७	५,२६,०२	१७८
४	अन्य	१६,३२,८९,४७	३,२२,९९	३०८
	जम्मा	**५,२७,३९,९१,११**	**१६,१६,८९**	**२९४**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा, लेखापरीक्षण कारोबारको विवरण अनुसूची २ मा र बक्यौता लेखापरीक्षणको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

३. **संगठित संस्था –** यो वर्ष ६९ संगठित संस्थातर्फ रु. ७ खर्ब ७८ अर्ब ६६ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । विस्तृत विवरण अनुसूची ४, ५, ६ र ७ मा उल्लेख गरिएको छ ।

४. **समिति र अन्य संस्था –** यो वर्ष ६४९ समिति र अन्य संस्थाको रु.३७ अर्ब ३४ करोड ८० लाख ८९ हजार लेखापरीक्षण सम्पन्न गरिएको छ । विस्तृत विवरण अनुसूची ४, ५, ६ र ७ मा उल्लेख गरिएको छ ।

५. **जिल्ला विकास समिति** – यो वर्ष ७५ जिल्ला विकास समितिको २०६७६८ को कारोबार रु. ३१ अर्ब ८५ करोड ४ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । विस्तृत विवरण अनुसूची–१४ मा उल्लेख गरिएको छ ।

६. **कार्यमूलक लेखापरीक्षण** – यो वर्ष देहायअनुसार ११ निकाय/मन्त्रालयअन्तर्गत २३ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छः

सम्बन्धित मन्त्रालय	लेखापरीक्षण गरिएका विषय
१. सिंचाई	१. सुनसरी–मोरङ्ग सिंचाई आयोजना २. जल उत्पन्न प्रकोप नियन्त्रण ३. जनताको तटबन्ध कार्यक्रम ४. महाकाली सिंचाई विकास समिति २०६६।६७
२. आवास तथा भौतिक योजना	५. एघार किलो–छेपेटार–वारपाक सडक आयोजना, गोरखा ६. डिभिजन सडक कार्यालय, कास्की ७. सुनसरी–मोरङ्ग पुल आयोजना ८. मध्यपहाडी (पुष्पलाल) लोकमार्ग ९. आवास तथा भवन डिभिजन कार्यालय, नुवाकोट र काभ्रे
३. स्वास्थ्य तथा जनसंख्या	१०. नरदेवी आयुर्वेद चिकित्सालय ११. जिल्ला जनस्वास्थ्य कार्यालय (विशेष कार्यमूलक)
४. शिक्षा	१२. रोजगारीको लागि सीप परियोजना

सम्बन्धित मन्त्रालय	लेखापरीक्षण गरिएका विषय
५. कृषि तथा सहकारी	१३. राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष १४.एभिएन इन्फ्ल्युएन्जा नियन्त्रण आयोजना १५. पशु स्वास्थ्य निर्देशनालय
६. गृह	१६. जिल्ला सुरक्षा व्यवस्था, नेपाल प्रहरी कार्यालय १७. सशस्त्र प्रहरीबल कल्याणकारी कोष
७. सूचना तथा सञ्चार	१८.नेपाल दूरसञ्चार प्राधिकरण – फ्रिक्वेन्सी वितरण
८. उद्योग	१९.विशेष आर्थिक क्षेत्र कार्यक्रम
९. स्थानीय विकास	२०.जिल्ला विकास समिति, विकेन्द्रित सामुदायिक विकास कार्यक्रम २१. ग्रामीण पहुँच तथा पूर्वाधार विकास कार्यक्रम
१०. वन तथा भू–संरक्षण	२२.जिल्ला वन कार्यालयहरुको कार्यसम्पादन स्थिति
११. उर्जा	२३. चमेलिया जल विद्युत आयोजना

७. **सूचना प्रविधिको लेखापरीक्षण –** यो वर्ष जिल्ला विकास समिति काभ्रेपलान्चोक र वागमती अञ्चल यातायात व्यवस्था कार्यालयको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

आर्थिक कारोबारको संक्षिप्त झलक

• सरकारी बजेट

८. **खर्चको विश्लेषण –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०६५।६६ र २०६६।६७ को यथार्थ खर्च र २०६७।६८ को बजेट अनुमान र यथार्थ खर्च शीर्षकगत वर्गीकरण निम्नानुसार छ:

(रु. लाखमा)

शीर्षक	२०६५।६६	२०६६।६७	२०६७।६८		
			अनुमान	यथार्थ खर्च	प्रतिशत
चालू खर्च					
उपभोग खर्च	५८,२२,६७	६२,२५,६१	७१,१९,६४	६८,१९,२३	९५.७८
कार्यालय सञ्चालन र सेवा खर्च	६,५९,६३	७,०१,६४	८,९०,७१	८,४२,५१	९४.५९
अनुदान चालू ट्रान्सफर	४५,१७,३८	५९,८९,७९	७२,८१,४३	६४,४४,७२	९२.६३
सेवा तथा उत्पादन खर्च	९,३४,३०	११,७६,२५	१६,५१,०६	१३,३९,४९	८१.१३
भैपरी आउने खर्च	-		७,८२,९८	-	-
ब्याज भुक्तानी खर्च	८,१५,४२	९,९८,१३	१२,५१,९४	१२,७३,७१	१०१.७४
फिर्ता खर्च	२४,४९	१०,४९	५४,२०	९,८९	१८.२४
जम्मा	**१,२७,७३,८९**	**१,५१,०१,९१**	**१,९०,३१,९५**	**१,७०,२९,५४**	**८९.४८**
पूँजीगत खर्च					
पूँजी ट्रान्सफर	५२,८४	१,९७,६०	२,८०,६६	१.५१.२१	५३.८८
पूँजी निर्माण	३१,१८,०६	३८,५३,३७	५६,७५,२५	४५,८१,५६	८०.७३
लगानी	७,७८,००	१४,१४,९५	१८,९०,१६	२०,६४,७५	१०९.२४
अनुदान	३३,५९,९९	३५,५७,८४	४६,६६,६३	३९,८७,२३	८५.४४
भैपरी आउने खर्च	-		४,४१,१२	-	-
जम्मा	**७३,०८,८९**	**९०,२३,७६**	**१,२९,५३,८२**	**१,०७,८४,७५**	**८३.२६**
साँवा भुक्तानी					
साँवा भुक्तानी	१८,८३,४१	१८,४३,२४	१८,०४,२३	१७,२२,०५	९५.४५
कुल जम्मा	**२,१९,६६,१९**	**२,५९,६८,९१**	**३,३७,९०,००**	**२,९५,३६,३४**	**८७.४१**

८.१. यो वर्ष नेपाल सरकारले रु.३ खर्ब ३७ अर्ब ९० करोड खर्च गर्ने अनुमान गरेकोमा रु.२ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख (८७.४१ प्रतिशत) खर्च गरेको छ ।

८.२. यो वर्ष चालू बजेटतर्फ रु.१ खर्ब ९० अर्ब ३१ करोड ९५ लाख विनियोजन भएकोमा यथार्थमा रु.१ खर्ब ७० अर्ब २९ करोड ५४ लाख (८९.४८ प्रतिशत) खर्च भएको छ । कुल खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च ६.२६ प्रतिशत रहेको छ ।

८.३. यो वर्ष पूँजीगत बजेटतर्फ रु.१ खर्ब २९ अर्ब ५३ करोड ८२ लाख विनियोजन भएकोमा रु.१ खर्ब ७ अर्ब ८४ करोड ७५ लाख (८३.२६ प्रतिशत) खर्च भएको छ । यसैगरी साँवा भुक्तानीका लागि रु.१८ अर्ब ४ करोड २३ लाख विनियोजन भएकोमा रु.१७ अर्ब २२ करोड ५ लाख खर्च भएको छ ।

८.४. यो वर्ष कुल खर्चको ८१.३१ प्रतिशत रकम नेपाल सरकार सञ्चित कोष खाताबाट भुक्तानी भएको छ । बाँकी रकम प्रत्यक्ष भुक्तानी तथा वस्तुगत खर्चको रुपमा भएको छ । मन्त्रालयहरुले प्रत्यक्ष भुक्तानी र वस्तुगत खर्चको प्रतिवेदन गरेका छैनन् । कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट यस्तो खर्च रकमको अभिलेख नगरिने हुँदा सम्बन्धित मन्त्रालय/विभागको प्राप्त भएसम्मको प्रतिवेदनको आधारमा खर्च रकम लेखाङ्कन भइरहेको अवस्था छ ।

८.५. यो वर्ष चालूतर्फ ६३३ र पूँजीगततर्फ ६०४ समेत १ हजार २३७ खर्च शीर्षकमा रकम विनियोजन भएको छ । सोमध्ये १३७ शीर्षकमा अनुमानको तुलनामा १००.१२ देखि ११ हजार २०५.१८ प्रतिशतसम्म खर्च भएको देखिएको छ । बाँकी १ हजार ६१ खर्च शीर्षकमा ०.०४ प्रतिशतदेखि १०० प्रतिशतसम्म खर्च भएको छ । विनियोजनमा नपरेका ३ खर्च शीर्षकमा रु.२० लाख ९७ हजार खर्च गरेको छ । विनियोजन भएका ३४ खर्च शीर्षकमा रु.२ अर्व ४६ करोड १ लाख ५२ हजार खर्च गरेको छैन ।

९. **खर्चको स्रोत –** आर्थिक वर्ष २०६५।६६ र २०६६।६७ को यथार्थ खर्च तथा २०६७।६८ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु. लाखमा)

स्रोत	२०६५।६६ को यथार्थ खर्च	२०६६।६७ को यथार्थ खर्च	२०६७।६८		
			अनुमान	यथार्थ खर्च	प्रतिशत
नेपाल सरकार	१,८३,३१,०१	२,०९,९१,९८	२,५०,३२,४४	२,३७,३६,५६	८०.३६
वैदेशिक अनुदान	२६,३८,२९	३८,५४,६०	६५,३४,४२	४५,९२,२२	१५.५५
वैदेशिक ऋण	९,९६,८९	११,२२,३३	२२,२३,१४	१२,०७,५६	४.०९
जम्मा	**२,१९,६६,१९**	**२,५९,६८,९१**	**३,३७,९०,००**	**२,९५,३६,३४**	**१००.००**

९.१. आर्थिक वर्ष २०६७।६८ को नेपाल सरकारबाट गरेको खर्चमध्ये रु.१ खर्ब ९९ अर्ब ८१ करोड ९० लाख राजस्व असुलीबाट व्यहोरिएको छ । सोमध्येबाट चालू खर्चतर्फ रु.१ खर्ब ७० अर्ब २९ करोड ५४ लाख र साँवा भुक्तानीतर्फ रु.१७ अर्ब २२ करोड ५ लाख गरी रु.१ खर्ब ८७ अर्ब ५१ करोड ५९ लाख खर्च भएको देखिन्छ ।

९.२. आर्थिक वर्ष २०६७।६८ को आय–व्ययको विवरणमा देखाएको वैदेशिक सहायता अनुदानमध्ये रु.२२ अर्ब ८ करोड ८२ लाख दातृ संस्थाबाट शोधभर्ना माग गर्ने गरी सञ्चित कोषबाट खर्च भएको देखिन्छ । नगद सहायताअन्तर्गत रु.१० अर्ब ३८ करोड ६३ लाख रहेको छ ।

९.३. आर्थिक वर्ष २०६७।६८ को आय–व्ययको विवरणमा देखाएको वैदेशिक ऋणमध्ये रु.४ अर्ब ६९ करोड ६३ लाख दातृ संस्थाबाट शोधभर्ना माग गर्ने गरी सञ्चित कोषबाट खर्च भएको देखिन्छ ।

१०. **क्षेत्रगत खर्च –** यो वर्ष रु.३ खर्ब ३७ अर्ब ९० करोड बजेट विनियोजन भएकोमा रु.२ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख २७ हजार खर्च भएको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त केन्द्रीय आर्थिक विवरणअनुसार क्षेत्रगत खर्च निम्नानुसार छ :

(रु. हजारमा)

क्र.सं.	क्षेत्र	२०६६।६७ को यथार्थ खर्च	२०६७।६८ को			
			बजेट	यथार्थ खर्च	कुल खर्चको तुलनामा खर्च प्रतिशत	क्षेत्रगत बजेटको तुलनामा खर्च प्रतिशत
१	सामाजिक सेवा	१,११,८५,२७,९७	१,५०,०३,७९,५८	१,२८,९३,८३,२९	४३.६५	८५.९४
२	आर्थिक सेवा	६१,६१,२२,०१	८५,३३,९०,९८	७३,७१,२६,०५	२४.९६	८६.३८
३	संवैधानिक निकाय, साधारण प्रशासन, रक्षा र विविध	५७,८१,०५,२७	७१,९६,२२,५०	६२,७५,४८,३२	२१.२५	८७.२१
४	आन्तरिक र बाह्य ऋण भुक्तानी	२८,४१,३५,८१	३०,५६,१६,९४	२९,९५,७६,६१	१०.१४	९८.०२
	जम्मा	**२,५९,६८,९१,०६**	**३,३७,९०,००,००**	**२,९५,३६,३४,२७**	**१००.००**	**८७.४१**

११. **खर्चको वर्गीकरण** – यो वर्ष विभिन्न निकाय/मन्त्रालयमा चालू खर्च र पूँजीगत खर्च तथा साँवा भुक्तानी खर्चसमेत कुल रु.२ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख २७ हजार खर्च भएको बढी खर्च गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

चालू खर्च				पूँजीगत खर्च तथा साँवा भुक्तानी			
क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	शिक्षा	४८,७९,१२,८४	२८.६५	१	अर्थ	३९,९०,१५,५९	३१.९०
२	रक्षा	२१,६४,१०,८७	१२.७१	२	भौतिक योजना तथा निर्माण	२५,८८,३०,१६	२०.७०
३	गृह	२०,६७,५३,९१	१२.१४	३	स्थानीय विकास	२४,७८,४७,१०	१९.८२
४	अर्थ	१९,५३,१८,९३	११.४७	४	सिंचाई	७,२३,२१,७०	५.७८
५	स्वास्थ्य तथा जनसंख्या	१४,०८,९५,४४	८.२७	५	शिक्षा	६,२५,०८,५७	५.००
	जम्मा	**१,२४,७२,९१,९९**	**७३.२४**		**जम्मा**	**१,०४,०५,२३,१२**	**८३.२०**

११.१. तालिकामा उल्लिखित ५ मन्त्रालयको खर्च मात्र कुल चालू खर्चको ७३.२४ प्रतिशत र कुल पूँजीगत तथा साँवा भुक्तानी खर्चको ८३.२० प्रतिशत छ ।

११.२. पूँजीगत खर्च तथा साँवा भुक्तानीतर्फ बढी खर्च गर्ने अर्थ मन्त्रालय प्रथम स्थानमा देखिए तापनि पूँजीगततर्फ साँवा भुक्तानी र ऋण तथा शेयर लगानीतर्फको रु.३६ अर्ब ७० करोड ३५ लाख ५४ हजार (कुल पूँजीगत खर्च तथा साँवा भुक्तानीको २९.३४ प्रतिशत समावेश छ ।

१२. **केन्द्रीय हिसाबमा फरक –** महालेखा नियन्त्रक कार्यालयबाट पेश भएको केन्द्रीय आर्थिक विवरणले निकासातर्फ लेखापरीक्षणबाट देखिएको भन्दा २१ निकाय/मन्त्रालयमा रु. १ अर्व ४५ करोड ५० लाख ५४ हजार घटी र १३ निकाय/ मन्त्रालयमा रु.३५ करोड ५३ लाख ४३ हजार बढी देखाएको छ । खर्चतर्फ लेखापरीक्षणबाट देखिएको भन्दा १९ निकाय/मन्त्रालयमा रु.१ अर्ब ५६ करोड ५२ लाख १६ हजार घटी र १४ निकाय/मन्त्रालयमा रु.९५ करोड ८१ लाख ४८ हजार बढी देखाएको छ । उपर्युक्त फरक सम्बन्धमा भिडान गरी हिसाब यकिन गरेको छैन ।

१३. **आय–व्यय** – राजस्व, वैदेशिक अनुदान तथा ऋण र आन्तरिक ऋण समेत कुल आय रु.३ खर्ब ३३ करोड २५ लाख ७० हजार र व्यय रु.२ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख २६ हजार भई रु.४ अर्ब ९६ करोड ९१ लाख ४४ हजार बचत भएको छ । व्ययमा गतवर्षभन्दा रु.३५ अर्ब ६७ करोड ४३ लाख २० हजार (१३.७४ प्रतिशत) वृद्धि भएको देखिन्छ ।

१४. **स्थानीय निकाय अनुदान –** स्थानीय निकायलाई विगत ३ वर्षमा दिएको अनुदानको स्थिति निम्नानुसार रहेको छ:

(रु. हजारमा)

विवरण	२०६५।६६	२०६६।६७	२०६७।६८
जिल्ला विकास समिति –७५	२,६८,९०,३५	२,३६,१५,९०	२,४२,९१,१९
नगरपालिका –५८	३०,६९,०७	२९,४५,३४	६९,५२,०१
गाउँ विकास समिति – ३,९१५	६,२५,२६,९०	९,९४,४४,४४	७,७५,०४,२०
जम्मा	**९,२४,८६,३२**	**१२,६०,०५,६८**	**१०,८७,४७,४०**

उल्लिखित अनुदानको अतिरिक्त निर्वाचन क्षेत्र विकास कार्यक्रममा रु.५९ करोड ११ लाख २६ हजार तथा स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट रु.२ अर्ब ३८ करोड ८९ लाख ७६ हजार स्थानीय निकायलाई थप अनुदान गएको छ ।

स्थानीय निकायलाई उपलब्ध गराएको अनुदानमध्ये नगरपालिका र गाउँ विकास समितिलाई उपलब्ध गराएको अनुदान लेखापरीक्षण यस कार्यालयबाट नगरी व्यवसायिक लेखापरीक्षकबाट हुने व्यवस्था छ ।

● राजस्व

१५. **असुली** – यो वर्ष रु.२ खर्ब १६ अर्ब ६४ करोड ४३ लाख ५५ हजार राजस्व असुल गर्ने अनुमान भएकोमा महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणअनुसार रु.१ खर्ब ९९ अर्ब ८१ करोड ९० लाख १३ हजार (अनुमानको ९२.२३ प्रतिशत) असुल भएको छ । विस्तृत विवरण अनुसूची १३ मा छ । बेरुजू खाता १–१–१३–१० मा दाखिला रु.३ अर्ब १२ करोड ८३ लाख ५५ हजारसमेत कुल रु.२ खर्ब २ अर्ब ९४ करोड ७३ लाख ६८ हजार राजस्व असुली भएको छ ।

यो वर्ष लेखापरीक्षणलाई उपलब्ध भएसम्मको आर्थिक विवरणको आधारमा २ हजार ६०४ सरकारी कार्यालयबाट रु. १ खर्ब ९७ अर्ब ८ करोड ८७ लाख ४६ हजार राजस्व आम्दानी भएको छ । बेरुजू खाता १–१–१३–१० दाखिला रु. २ अर्ब १ करोड ५७ लाख ३७ हजारसमेत समावेश गर्दा कुल राजस्व असुली रु.१ खर्ब ९९ अर्ब १० करोड ४४ लाख ८३ हजार देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले देखाएको र लेखापरीक्षणमा कार्यालयहरुले पेश गरेको आर्थिक विवरणबीच फरक परेको रु.३ अर्ब ८४ करोड २८ लाख ८४ हजारको सम्बन्धमा यकिन गरेको छैन ।

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ११.०४ प्रतिशतले बढेको देखिन्छ ।

१६. **संरचना –** राजस्वको स्रोतगत अनुमान अनुसार २०६५।६६, २०६६।६७ को असुली र यो वर्षको अनुमान तथा यथार्थ असुलीको स्थिति निम्नानुसार छ:

(रकम रु. लाखमा)

विवरण	२०६५।६६ को यथार्थ	२०६६।६७ को यथार्थ	२०६७।६८ को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	१,४३,४७,४५	१,७९,९४,५८	२,१६,६४,४३	१,९९,८१,९०	९२.२३
१. कर राजस्व	१,१७,०५,२०	१,५६,२९,४९	१,८८,७३,०९	१,७२,७७,७९	९१.५५
क. अप्रत्यक्ष कर	८२,७३,१२	१,१४,५४,४७	१,३८,६८,७५	१,२४,१२,२६	८९.०५
ख. प्रत्यक्ष कर	३४,३२,०७	४१,७५,०२	५०,०४,३४	४८,६५,५३	९७.२३
२. गैर कर राजस्व	२२,८९,२१	२१,६९,६९	२५,६२,८५	२५,५९,८४	९९.८८
३. साँवा फिर्ता	३,५३,०४	१,९५,४०	२,२८,४९	१,४४,२७	६३.१४

१७. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (५) मा अग्रिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी नगरेमा वा कट्टी गरेको कर दाखिला नगरेमा कर कट्टी हुने र कट्टी गर्ने दुवै व्यक्ति संयुक्त र छुट्टाछुट्टै रुपमा कर रकम सञ्चित कोष दाखिला गर्न जिम्मेवार हुने व्यवस्था छ ।

सरकारी कार्यालय ८४९ ले यो वर्ष रु. १२ करोड ७४ लाख १६ हजार कर कट्टी नगरेको व्यहोरा औंल्याएपछि २१६ कार्यालयले रु. ३९ लाख ३३ हजार असुल गरेको जानकारी दिएका छन् । समिति तथा अन्य संस्था र जिल्ला विकास समिति १८६ ले रु. १ करोड ९२ लाख ५१ हजार अग्रिम कर कट्टी नगरेको व्यहोरा औंल्याएपछि १३ ले रु. ४ लाख १७ हजार असुल गरेका छन् । यो वर्ष सरकारी कार्यालय, समिति तथा अन्य संस्था र जिल्ला विकास समितिले अग्रिम कर कट्टा नगरेको रु १४ करोड २३ लाख १७ हजार असुल गर्न बाँकी छ । यससम्बन्धी विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ ।

कानूनबमोजिम अग्रिम कर कट्टा नगरी भुक्तानी गर्ने र कर कट्टा गरेकोमा सञ्चित कोष दाखिला नगर्नेलाई आयकर ऐन, २०५८ अनुरुप कारबाही गरेको छैन ।

१८. **बक्यौता** – निकाय/मन्त्रालयहरुबाट उपलब्ध विवरण र लेखापरीक्षणको क्रममा सङ्कलन भएसम्मको विवरणका आधारमा यो वर्षसम्मको राजस्व बक्यौता रु.६३ अर्ब ३१ करोड ३४ लाख ८९ हजार देखिएको छ । गतवर्षको तुलनामा यो वर्ष राजस्व बक्यौता १९.६८ प्रतिशतले बढेको छ । विगत ३ वर्षको राजस्व बक्यौताको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

वार्षिक प्रतिवेदन	बक्यौता रकम	वृद्धि प्रतिशत
सतचालीसौँसम्म – २०६७	३२,९३,१७,९२	-
अठचालीसौँसम्म – २०६७	५२,९०,२४,८२	६०.६४
उनन्चासौँसम्म – २०६८	६३,३१,३४,८९	१९.६८

राजस्व वक्यौतामा मूल्य अभिवृद्धिकर वक्यौताको लगत कायम गरी आर्थिक विवरणमा देखाउने नगरेकोले समावेश छैन । मूल्य अभिवृद्धिकर तर्फको राजस्व वक्यौता समावेश गर्ने हो भने वक्यौता उल्लेख्य रुपमा बढ्न जाने देखिन्छ ।

यो वर्षको राजस्व बक्यौताको विवरण अनुसूची १० मा उल्लेख गरिएको छ ।

१८.१. यस वर्षसम्मको कुल राजस्व बक्यौता रु.६३ अर्ब ३१ करोड ३४ लाख ८९ हजारमध्ये रकमका आधारमा बढी बक्यौता राख्ने ५ निकाय/मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	राजस्व बक्यौता	
		रकम	प्रतिशत
१	अर्थ	५७,९९,७८,४९	९१.६
२	सर्वोच्च अदालत	४,०५,५६,२०	६.४१
३	ऊर्जा	१,०१,१८,३२	१.६०
४	वन	१३,९८,६०	०.२२
५	सिंचाई	९,४८,३८	०.१५
	जम्मा	**६३,२९,९९,९९**	**९९.९८**

उपर्युक्त तालिकाअनुसार ५ निकाय तथा मन्त्रालयको राजस्व बक्यौता कुल बक्यौताको ९९.९८ प्रतिशत रहेको छ ।

१८.२. प्रचलित कानूनअनुसार दाखिला गर्नुपर्ने राजस्व निश्चित समयभित्र दाखिला नगर्ने व्यक्तिको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरी असुल गर्न सकिने व्यवस्था छ । तर कार्यालयले कानूनबमोजिम कारबाही नगरेकोले बक्यौता वृद्धि भएको व्यहोरा गत विगतका प्रतिवेदनमा उल्लेख गरिएकोमा सुधार भएको छैन ।

● वैदेशिक सहायता

१९. **संरचना –** यो वर्ष वैदेशिक अनुदान रु.६५ अर्ब ३४ करोड ४२ लाख ३० हजार र ऋण रु.२२ अर्ब २३ करोड १४ लाख १५ हजार प्राप्त हुने अनुमान भएकोमा क्रमश: रु.४५ अर्ब ९२ करोड २१ लाख ७६ हजार (७०.२८ प्रतिशत) र रु.१२ अर्ब ७ करोड ५६ लाख ५ हजार (५४.३२ प्रतिशत) मात्र प्राप्त भएको छ ।

२०. **अनुदान सहायता –** यो वर्ष २० निकाय तथा मन्त्रालयमा वैदेशिक अनुदान रु.६५ अर्ब ३४ करोड ४२ लाख ३० हजार प्राप्त हुने बजेट अनुमान गरेकोमा १७ निकाय/मन्त्रालयमा रु.४५ अर्ब ९२ करोड २१ लाख ७६ हजार (७०.२८ प्रतिशत) मात्र अनुदान प्राप्त भएको छ ।

२०.१. रकमगत आधारमा बढी अनुदान प्राप्त गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	अनुमान	प्राप्त रकम	प्रतिशत	
				अनुमानको तुलनामा	कुल प्राप्तिको
१	स्थानीय विकास	१५,११,८८,७०	१२,२८,०९,२१	८१.२३	२६.७४
२	शिक्षा	१२,४८,४४,११	१०,३२,६१,९७	८२.७१	२२.४९
३	भौतिक योजना तथा निर्माण	१२,६७,७८,५२	८,४५,९०,८८	६६.७२	१८.४२
४	स्वास्थ्य तथा जनसंख्या	८,६७,१७,९८	५,५९,५२,४७	६४.५२	१२.१८
५	प्रधानमन्त्रीको कार्यालय	३,२८,३५,५०	२,३८,७१,२३	७२.७०	५.२०
	जम्मा	**५२,२३,६४,८१**	**३९,०४,८५,७६**	**७४.७५**	**८५.०३**

उपर्युक्त विवरणअनुसार ५ मन्त्रालयले यो वर्ष प्राप्त गरेको रकम कुल अनुदानको ८५.०३ प्रतिशत रहेको छ ।

२०.२. माथि उल्लिखित ५ मन्त्रालयले अनुमानको तुलनामा ७४.७५ प्रतिशत प्राप्त गरेको देखिन आए तापनि बाँकी मन्त्रालयहरुले अनुमानको तुलनामा ८.४८ प्रतिशत देखि ९६.२६ प्रतिशत प्राप्त गरेको देखिन्छ ।

२०.३. त्यस्तै ३ मन्त्रालयमा रु.५७ करोड ४ लाख ४६ हजार प्राप्त हुने अनुमान रहेकोमा अनुदान प्राप्त हुन आएन । दाताबाट उपलब्ध गराउने प्रतिबद्धता गरिएको अनुदान रकम दाताबाट समयमा प्राप्त गरी प्रचलित प्राप्त हुने आयोजना / कार्यक्रममा खर्च गर्ने गराउनेतर्फ संस्थागत क्षमता वृद्धि भएको पाइएन ।

२१. **ऋण सहायता –** यो वर्ष १० निकाय/मन्त्रालयमा रु.२२ अर्ब २३ करोड १४ लाख १५ हजार वैदेशिक ऋण प्राप्त हुने अनुमान भएकोमा ९ मन्त्रालयमा रु.१२ अर्ब ७ करोड ५६ लाख ५ हजार (५४.३२ प्रतिशत) प्राप्त भएको देखाएको छ ।

२१.१. दाताबाट पछि शोधभर्ना लिने गरी सरकारी स्रोतबाट खर्च भएको तर शोधभर्ना प्राप्त नभएको रु.४ अर्ब ६ करोड ६० लाख ९० हजारसमेत वैदेशिक ऋण प्राप्तिमा समावेश गरेको छ । ऋण प्राप्त रकममा सो रकम समायोजन गरी गत विगत वर्षको शोधभर्ना बाँकी रकम यो वर्ष शोधभर्ना प्राप्त रु.३ अर्ब ६९ करोड २२ लाख २२ हजार समावेश गर्दा यो वर्ष यथार्थमा रु.११ अर्ब ७० करोड १७ लाख ३७ हजार वैदेशिक ऋण प्राप्त भएको देखिन्छ ।

२१.२. यो वर्ष रकमगत हिसाबले बढी वैदेशिक ऋण प्राप्त गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	अनुमान	प्राप्त रकम	प्रतिशत	
				अनुमानको तुलनामा	कुल प्राप्तिको
१	अर्थ – लगानी	१२,२६,४२,१९	६,५५,८३,६२	५३.४८	५४.३१
२	भौतिक योजना तथा निर्माण	४,३९,७०,११	१,२६,२१,९५	२८.७१	१०.४५
३	स्थानीय विकास	२,३३,९९,२०	२,२८,८५,९९	९७.८१	१८.९५
४	स्वास्थ्य तथा जनसंख्या	१,२१,२०,००	६७,७३,४६	५५.८९	५.६१
५	शिक्षा	५२,१९,२९	४३,२२,३०	८२.८१	३.५८
	जम्मा	**२०,७३,५०,७९**	**११,२१,८७,३२**	**५४.११**	**९२.९०**

उपर्युक्त विवरणअनुसार ५ मन्त्रालयले यो वर्ष प्राप्त कुल ऋण अनुमानको तुलनामा औसत ५४.११ प्रतिशत रहेको देखिए तापनि भौतिक योजना तथा निर्माण मन्त्रालयले प्राप्त गरेको ऋण २८.७१ प्रतिशतमात्र छ ।

२२. **प्राविधिक सहायता** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ उपदफा (३) मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थाबाट नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गर्नुपर्ने, यस बाहेक अन्य प्रकारका सहायताको विवरण बजेटसाथ संसदमा छुट्टै पेश गर्नुपर्ने व्यवस्था छ । बजेटमा समावेश नभएको प्राविधिक सहायतासम्बन्धी विवरणमा ९५ सम्झौताअन्तर्गत रु.१८ अर्ब ६८ करोड २२ लाख ९ हजार (२०६८ आषाढ मसान्तको विनिमय दरअनुरुप) प्राप्त हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२२.१. प्राविधिक सहायतासम्बन्धी ९५ सम्झौता १९ निकाय, मन्त्रालय र सचिवालयसँग सम्बन्धित छन् भने ९ सम्झौताको निकाय मन्त्रालय खुलाएको छैन । १९ मन्त्रालयअन्तर्गत प्राविधिक सहायताको ९५ सम्झौता भए तापनि सहायता रकम खुलेको देखिएन । सम्झौताअन्तर्गत प्राप्त हुने उल्लेख गरिएको रकम निम्न देहाय वमोजिम छन्:

(रु. हजारमा)

क्र.सं.	शीर्षक	प्राप्त हुने रकम	प्रतिशत
१	सल्लाहकार सेवा	१,५१,५५,३८	८.११
२	मालसामान	१,३६,७२,२१	७.३२
३	तालिम तथा गोष्ठी	४९,४४,८१	२.६५
४	अन्य (नखुलेको)	१५,३०,४९,६९	८१.९२
	जम्मा	**१८,६८,२२,०९**	**१००.००**

प्राविधिक सहायतासम्बन्धी विवरण अनुसूची ११ मा उल्लेख गरिएको छ ।

सम्झौताअनुसार प्राप्त हुने प्राविधिक सहायता रकममध्ये ८१.९२ प्रतिशत रकमको खर्च हुने क्षेत्र खुलाएको देखिएन । प्राविधिक सहायतास्वरुप प्राप्त हुने रकमको कार्यक्रम र क्षेत्र स्पष्ट किटान गरी सहायताको खर्चलाई पारदर्शी गर्नु आवश्यक छ ।

२२.२. कुल रकममध्ये रकमको हिसाबले प्राविधिक सहायता बढी प्राप्त गर्ने अनुमान भएका ५ निकाय/मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	सम्झौता संख्या	प्राप्त हुनुपर्ने रकम	कुल प्राप्ति हुने रकमको प्रतिशत
१	स्वास्थ्य तथा जनसंख्या	१६	८,५३,२६,६८	५७.८५
२	वन तथा भू–संरक्षण	८	२,०२,८६,७९	१३.७६
३	गृह	५	१,८८,२२,४५	१२.७६
४	उद्योग	१०	१,२९,५७,९९	८.७९
५	कृषि तथा सहकारी	२	१,००,८९,५१	६.८४
	जम्मा	**४१**	**१४,७४,८३,४१**	**१००.००**

२२.३. विभिन्न ९ सम्झौताअनुसार रु.४७ करोड ३५ लाख ९९ हजार प्राप्त हुने प्राविधिक सहायताको निकाय/ मन्त्रालय खुलाएको छैन । यसबाट सहायतास्वरुप प्राप्त हुने रकम कुन निकाय र मन्त्रालयको कार्यक्रममा खर्च गरिएको हो खुलाएको छैन ।

निकाय/मन्त्रालयहरुले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४(२) अनुसार प्राविधिक सहायतालगायत अन्य आय–व्ययको केन्द्रीय आर्थिक विवरण पेश नगरेकोले निकाय/मन्त्रालयअनुसारको समग्र आय–व्ययको चित्रण हुन सकेको छैन ।

२३. **अन्य सहायता –** आर्थिक कार्यविधि ऐन, २०५५को दफा १० उपदफा (४) मा बजेटमा समावेश नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था छ । व्यय अनुमान र प्राविधिक सहायताको विवरणमा परेको बाहेक पनि लेखापरीक्षणको क्रममा १ निकाय/ मन्त्रालयसँग सम्बन्धित ६ कार्यक्रममा अन्य सहायता प्राप्त भएको देखिएको छ । ती कार्यक्रममा रु. ७ करोड ७२ लाख २९ हजार प्राप्त भई लेखापरीक्षण भए तापनि सो रकम केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको देखिएन ।

२४. **ऋण दायित्व** – यो वर्षसम्म वैदेशिक ऋणतर्फ रु.२ खर्ब ५९ अर्ब ५० करोड ११ लाख ४७ हजार र आन्तरिक ऋणतर्फ रु.१ खर्ब ८४ अर्ब १२ करोड ८७ लाख ४७ हजारसमेत रु.४ खर्ब ४३ अर्ब ६२ करोड ९८ लाख ९४ हजार ऋण दायित्व बाँकी छ ।

२४.१. गतवर्षसम्म नेपाल सरकारको आन्तरिक ऋण रु.१ खर्ब ४७ अर्ब ६६ करोड ७८ हजार थियो । यो वर्षको रु.४२ अर्ब ५१ करोड ५७ लाख ७५ हजारसमेत आन्तरिक ऋण रु.१ खर्ब ९० अर्ब १७ करोड ५८ लाख ५३ हजार पुगेकोमा यो वर्ष चुक्ता गरेको रु.६ अर्ब २३ लाख ९१ हजार कट्टी गर्दा आन्तरिक ऋणबापतको दायित्व रु.१ खर्ब ८४ अर्ब १७ करोड ३४ लाख ६२ हजार रहेको छ । गतवर्षको तुलनामा आन्तरिक ऋण दायित्व २४.७३ प्रतिशतले वृद्धि भएको छ ।

२४.२. गत वर्षसम्म नेपाल सरकारको वैदेशिक ऋण दायित्व रु.२ खर्ब ५६ अर्ब २४ करोड ३२ लाख ७८ हजार रहेकोमा यो वर्ष रु.१३ अर्ब ८४ करोड ९२ लाख ४३ हजार र परिवर्तित विदशी विनिमयको कारणले थप भएको रु.६२ करोड ६७ लाख ५३ हजारसमेत कुल ऋण दायित्व रु.२ खर्ब ७० अर्ब ७१ करोड ९२ लाख ७४ हजारमा यो वर्ष साँवा भुक्तानी भएको रु.११ अर्ब २१ करोड ८१ लाख २७ हजार समायोजन भई दायित्व रु.२ खर्ब ५९ अर्ब ५० करोड ११ लाख ४७ हजार पुगेको छ । गत वर्षको तुलनामा वैदेशिक ऋण दायित्व १.२७ प्रतिशतले वृद्धि भएको छ ।

२५. **आन्तरिक ऋण –** यो वर्ष आन्तरिक ऋण रु.३३ अर्ब ६८ करोड लिने अनुमान भएकोमा आय–व्यय विवरणअनुसार रु.४२ अर्ब ५१ करोड ५७ लाख ७५ हजार (अनुमानको १२६.२३ प्रतिशत) प्राप्त भएको देखाएको छ ।

२६. **शोधभर्ना –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२) खण्ड (ग) मा वैदेशिक स्रोतबाट शोधभर्ना लिने गरी खर्च गरेको रकम ४५ दिनभित्र शोधभर्ना माग गर्नुपर्ने र सो कार्य महालेखा नियन्त्रक कार्यालयले गर्नुपर्ने व्यहोरा उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

२६.१. यो वर्षसम्म वैदेशिक अनुदानतर्फ रु.१७ अर्ब ६६ करोड ३७ लाख ६० हजार र ऋणतर्फ रु.६ अर्ब ९३ करोड ६२ लाख ८३ हजारसमेत रु.२४ अर्ब ६० करोड ४३ हजार शोधभर्ना प्राप्त हुन बाँकी देखिएको छ ।

२६.२. बन्द भइसकेका आयोजनाको अनुदानतर्फ रु.१२ करोड ७३ लाख ३९ हजार र ऋणतर्फ रु.३७ करोड ६६ लाख ९४ हजारसमेत रु.५० करोड ४० लाख ३३ हजार शोधभर्ना हुन बाँकी अंकमा समावेश छ ।

२६.३. वैदेशिक अनुदान तथा ऋणतर्फ दाताबाट पछि शोधभर्ना हुने गरी सरकारी स्रोतबाट खर्च व्यहोरेको रकम समयमा शोधभर्ना हुन नसकेकोले शोधभर्ना प्राप्त गर्न बाँकी रकम वृद्धि हुदै आएको छ ।

● कोष

२७. **आकस्मिक कोष –** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९८ ले आकस्मिक कोषको व्यवस्था गरेको छ । यो कोषमा समय–समयमा ऐनद्वारा निर्धारण भएको रकम जम्मा गरी आकस्मिक कार्यका लागि खर्च गर्न सकिने तथा त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र शोधभर्ना गर्नुपर्ने व्यवस्था छ । आकस्मिक कोष ऐन, २०१६ को व्यवस्थाअनुरुप कोषको साबिकदेखि जिम्मेवारी सर्दै आएको रु.२५ लाख मौज्दात रहेको छ ।

२८. **कार्यसञ्चालन कोष –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) मा महालेखा नियन्त्रक कार्यालयले सबै प्रकारका कारोबारको लेखा राख्न लगाई त्यसको केन्द्रीय विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.६ अर्ब ६७ करोड ७९ लाख ६९ हजार यस वर्षको आय रु.१५ अर्ब ३२ करोड ६६ लाख ३३ हजारसमेत जम्मा आय रु.२२ अर्ब ४६ लाख २ हजारमा रु.१५ अर्ब ७७ करोड ७७ लाख ५५ हजार खर्च भई रु.६ अर्ब २२ करोड ६८ लाख ४७ हजार मौज्दात देखिएको छ ।

कोषको गत वर्षको मौज्दात रु.६ अर्ब ५९ करोड २८ लाख ८५ हजार देखाएकोमा रु.६ अर्ब ६७ करोड ७९ लाख ६९ हजार जिम्मेवारी सारेको देखाएको छ । बढी जिम्मेवारी सारेको कारण खुलाई समायोजन हिसाब तयार गरेको छैन ।

२९. **सञ्चित कोषमाथि व्ययभार** – यो वर्ष रु.३१ अर्ब ४० करोड ३६ लाख १३ हजार सञ्चित कोषमाथि व्ययभार हुने अनुमान भएकोमा रु.३० अर्ब ७३ करोड ९३ लाख ८० हजार अनुमानको ९७.८८ प्रतिशत व्ययभार भएको छ । व्ययभारमध्ये ९७.४५ प्रतिशत ऋणको साँवा ब्याज भुक्तानीमा खर्च भएको छ ।

३०. **सञ्चित कोषबाट खर्च** – यो वर्ष सञ्चित कोषबाट रु.३ खर्ब ६ अर्ब ४९ करोड ६३ लाख ८७ हजार खर्च गर्ने अनुमान भएकोमा रु.२ खर्ब ६४ अर्ब ६२ करोड ४० लाख ४७ हजार अनुमानको ८६.३४ प्रतिशत खर्च भएको छ । गतवर्षभन्दा रु.३४ अर्ब ३ करोड ७२ लाख ११ हजार (१४.७६ प्रतिशत) सञ्चित कोषबाट खर्च हुने रकममा वृद्धि भएको छ ।

● संगठित संस्था, समिति तथा अन्य संस्था

३१. **सञ्चालन नतिजा –** लेखापरीक्षण सम्पन्न भएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये वासलात तयार गर्ने २० संस्थाको प्रतिवेदनमा समावेश गरेको वर्षको कूल सञ्चालन नोक्सानी रु.७ अर्ब २७ करोड ६८ लाख ४४ हजार र ३२ संस्थाको कुल सञ्चालन बचत रु.१७ अर्ब ३६ करोड ७८ लाख १० हजार देखिन्छ । यससम्बन्धी विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।

यस्तै आयव्यय हिसाव मात्रै तयार गर्ने तर वासलात तयार नगर्ने २८ संगठित संस्था, समिति र अन्य संस्थाको प्रतिवेदनमा समावेश भएको वर्षको सञ्चालन नोक्सानी रु.५ अर्व १३ करोड २३ लाख ९७ हजार र ६१ संगठित संस्था, समिति र अन्य संस्थाको सञ्चालन बचत रु.३ अर्व ३९ करोड ७२ लाख ४६ हजार देखिएको छ । यस सम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ ।

● संगठित संस्था

३२. **पूर्ण स्वामित्वको संगठित संस्था –** नेपाल सरकारको पूर्णस्वामित्व भएका संगठित संस्थाहरुमध्ये प्रतिवेदन वर्षमा ३९ संस्थाको बक्यौतासमेत ७१ वर्षको लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन, २०४८ को दफा ६ अनुसार इजाजत प्राप्त लेखापरीक्षकलाई सहायकको रुपमा नियुक्ति गरिएकोमा लेखापरीक्षण सम्पन्न गरी २६ संस्थाको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र १८ संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षक समयमै नियुक्ति गरे तापनि संगठित संस्थाले लेखापरीक्षणको लागि समयमा वित्तीय विवरण र स्रेस्ता उपलब्ध नगराएकोले विगत र यो वर्षसमेत १९ संस्थाको ३७ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहेको छ ।

३३. **अधिकांश स्वामित्वको संगठित संस्था –** लेखापरीक्षण ऐन, २०४८ को दफा ७(२) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएका २४ संगठित संस्थाले लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्तिको लागि परामर्श माग गर्नुपर्नेमा प्रतिवेदन अवधिभित्र १३ संस्थाले १५ वर्षको मात्र माग गरेकोले ती संस्थाहरुलाई लेखापरीक्षक नियुक्तिको परामर्श उपलब्ध गराइएको छ । हाल सञ्चालनमा रहेका तर परामर्श माग नगर्ने संस्थाहरु निम्नानुसार छन् :

क्र.सं.	संस्थाको नाम	परामर्श माग नगरेको आर्थिक वर्ष		जम्मा वर्ष
		देखि	सम्म	
१.	नेपाल ओरिण्ड म्याग्नेसाइट (प्राइभेट) लिमिटेड	२०६२।६३	२०६७६८	६
२.	राष्ट्रिय बीमा संस्थान	२०६३।६४	२०६७६८	५
३.	नेशनल ड्रिलिङ कम्पनी अफ नेपाल लिमिटेड	२०६४।६५	२०६७६८	४
४.	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र	२०६५।६६	२०६७६८	३
५.	नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी केन्द्र लिमिटेड	२०६७/६८	-	१

३४. **सञ्चालन स्थिति –** परामर्श दिइएका संगठित संस्थाहरुमध्येका प्रमुख तीन संस्थाको २०६७६८ को सञ्चालन स्थिति निम्न छन्:

३४.१. नेपाल आयल निगम लिमिटेडको व्यवसाय सन्चालनवाट निरन्तर नोक्सानी भई खूद सम्पत्ति (नेटवर्थ) रु.१२ अर्व ७० करोड ६५ लाख ७० हजार ऋणात्मक रहेको छ । असूली शंकास्पद रहेका लगानी, असामी तथा अन्य असूल गर्नुपर्ने रकम, अग्रिम भुक्तानी, सापटी, पेश्की तथा धरौटी, अन्तरशाखा हिसाव, नगद सरहका रकमहरुमा हुन सक्ने संभावित नोक्सानीबापत रु. ४ करोड ८६ लाख ८८ हजार अझै थप व्यवस्था गर्नुपर्ने देखिन्छ । उल्लिखित रकमको दायित्वबापत थप व्यवस्था गर्दा ऋणात्मक खुद सम्पत्ति (नेटवर्थ) बढ्ने देखिन्छ । यसका अतिरिक्त दीर्घकालीन ऋण समयमा भुक्तानी गर्न नसकी रु. ७ अर्व ६ करोड १० लाखले भाखा नाघिसकेको छ । यी अवस्थाबाट सिर्जना हुने असरबाट निगम निरन्तर सञ्चालनमा रहन सक्ने अवस्था शंकास्पद रहेको छ ।

३४.२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सम्पत्ति तथा यान्त्रिक उपकरणमा रु.१३ अर्व ३१ करोड ८ लाख ५३ हजार र जिन्सी मौज्दातमा रु.९५ करोड ८० लाख ५२ हजार देखाएकोमा भौतिक परीक्षण गरी भौतिक परिमाण र किताबी परिमाणको समायोजन नगरेकोले वित्तीय विवरणमा देखाएको उपर्युक्त रकमको यथार्थता सम्बन्धमा यकिन गर्न सकिएन । जि.एस.एम. सेवा नवीकरण शुल्क वापत नेपाल दूरसञ्चार प्राधिकरणलाई तिर्नुपर्ने रु.२० अर्व सम्वन्धमा कम्पनीले नेपाल लेखामान १२ बमोजिम व्यवस्था गरेको छैन ।

३४.३. कृषि विकास बैङ्क लिमिटेडको शाखा हिसाव अन्तर्गत हिसाब भिडान हुन खुद बाँकी रु.२० करोड ५२ लाख ७५ हजार रहेको छ । बैङ्कको वित्तीय विवरणमा नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार खुलाउनुपर्ने कर्जा तथा सापट प्रदान गर्ने कार्यविधि, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, क्षेत्रगत कर्जाको पुनर्तालिकीकरण वा पुर्नसंरचना र कालोसूचीको प्रावधानहरुमध्ये प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गतको कर्जा वितरण र अपलेखित कर्जाको विवरण खुलाएको छैन ।

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएका बेरुजू स्थिति

• कारबाही गर्नुपर्ने समष्टिगत स्थिति

सरकारी कार्यालय एवं अन्य संगठित संस्था, समिति, जिल्ला विकास समितिले बेरुजूका साथै लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमै कारबाही गरी असुल फछ्यौंट गर्ने व्यवस्था मिलाउनु जरुरी देखिन्छ । यसरी कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.१ खर्ब ८० अर्ब ८६ करोड ३ लाख ६९ हजार रहेको छ ।

(रु. हजारमा)

क्र.सं.	विवरण	रकम
१	सरकारी कार्यालयको फछ्यौंट गर्न बाँकी बेरुजू	५४,३६,०१,६१
२	अन्य संस्था, समिति र जिल्ला विकास समितिको बेरुजू	३३,७१,६१,७४
३	लेखापरीक्षण बक्यौता	२,८१,६१,३८
४	राजस्व बक्यौता	६३,३१,३४,८९
५	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१७,६६,३७,६०
६	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	६,९३,६२,८३
७	जमानत बसी दिएको ऋणको साँवा ब्याज	२,०५,४३,६४
	जम्मा	**१,८०,८६,०३,६९**

द्रष्टव्य:
१. आर्थिक वर्ष २०५९।६० सम्मको बेरुजूको लगत बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भई गएकोले सो अवधिको बेरुजू रकम समावेश छैन ।
२. जिल्ला विकास समितिको यो वर्षको मात्र बेरुजू रकम समावेश छ ।
३. सार्वजनिक संस्थानहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य यस कार्यालयबाट नहुने भएकोले माथि अङ्कमा समावेश छैन ।

उल्लेख्य बेरुजू नदेखिएका निकायहरुमा, राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, न्यायपरिषद् र राष्ट्रिय सतर्कता केन्द्र रहेका छन् ।

• लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

आर्थिक कारोबार गर्दा कानूनी व्यवस्था, व्यवस्थापकीय तथा नीतिगत मागदर्शनहरु, प्रशासकीय निर्णयहरुको परिपालना गर्नुपर्ने दायित्व सबै सरकारी निकायको हो । लेखापरीक्षणको क्रममा कानूनी व्यवस्था, प्रशासकीय प्रक्रिया, प्रणालीगत वा व्यवस्थापकीय निर्णय कार्यान्वयनको स्थिति विश्लेषण गरी नतिजा मूल्याङ्कन गर्ने पनि गरिन्छ । सरकारी निकायको आर्थिक अनुशासनलाई समग्रमा विश्लेषण गर्दा सन्तोषजनक अवस्था छैन । साविकमा सुधार गर्न औंल्याइएका व्यहोराउपर सुधार नभई शिथिलता देखिएको छ । अधिकांश निकायमा विद्यमान रहेका समान प्रकृतिका अनियमितता एकीकृतरुपमा र अन्य त्रुटिपूर्ण क्रियाकलापलाई संक्षिप्तमा देहायमा प्रस्तुत गरिएको छ । यीबाहेक अन्य प्रमुख व्यहोरा मन्त्रालयगत खण्डमा प्रस्तुत गरिएको छ ।

१. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(च) मा नगदी वा जिन्सी तथा अन्य सम्पत्तिसमेतको हानि–नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरी सोको

अनुसरण गरिएको कुरामा अधिकार प्राप्त अधिकारीले आन्तरिक जाँच गरी गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । त्यस्तै नियम ९५ ले सबै सरकारी कार्यालयहरुले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी उक्त नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नुपर्ने व्यवस्था गरेको छ । स्वास्थ्य तथा जनसंख्या, वन तथा भू–संरक्षण, वाणिज्य तथा आपूर्ति, शिक्षालगायतका अधिकांश मन्त्रालय/निकायहरुले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन् ।

२. **आन्तरिक लेखापरीक्षण –** सरकारी कार्यालयको कोष तथा लेखा नियन्त्रक कार्यालयले र अन्य निकायको हकमा तत् तत् निकायको आन्तरिक लेखापरीक्षण शाखाबाट आन्तरिक लेखापरीक्षण हुने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण सुदृढ भएमा लेखा अद्यावधिक भई समयमा आर्थिक विवरण तयार गर्न सहयोग पुग्ने, आन्तरिक सुशासन कायम हुने र वित्तीय व्यवहारमा शुद्धता, यथार्थता र विश्वसनीयता प्रवर्द्धन गर्न सहयोग पुग्दछ । यसबाट अन्तिम लेखापरीक्षणको स्रोत, साधन र समय कारोबारको शुद्धता परीक्षणमा समेत सहयोग भई अन्तिम लेखापरीक्षणलाई कार्यमूलक एवं विशेष प्रकारका लेखापरीक्षण पद्धति अपनाउन मद्दत पुग्दछ । आन्तरिक लेखापरीक्षण समयमा हुने नगरेको, पर्याप्त जनशक्तिको अभाव रहेको, आन्तरिक लेखापरीक्षकको क्षमता विकास हुन नसकेको, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनउपर समयमा कारबाही हुने नगरेको, आन्तरिक लेखापरीक्षण निर्देशिका/मार्गदर्शन अद्यावधिक हुन नसकेको, कतिपय कार्यालय/समितिहरुमा आन्तरिक लेखापरीक्षण हुने समेत नगरेकोले उक्त लेखापरीक्षण कार्य अपेक्षितरुपमा प्रभावकारी हुन सकेको छैन । कतिपय अस्पताल विकास समितिहरु, विभिन्न कोषहरु, सडक बोर्डजस्ता संस्थाले आन्तरिक लेखापरीक्षणको लागि विशेषज्ञ सेवा लिने गरेको भए तापनि यस्तो सेवा चालू वर्षमै नलिई वर्ष व्यतीत भएपछि लिने गरेकोले आन्तरिक नियन्त्रणको उद्देश्यअनुसार कार्य हुन सकेको छैन । त्रिभुवन विश्वविद्यालयमा आफ्नै आन्तरिक लेखापरीक्षण शाखा भए तापनि केन्द्रीय कार्यालय र मातहत क्याम्पसको आन्तरिक लेखापरीक्षण कारोबार भएको वर्ष समाप्तिको १ वर्षसम्म पनि हुन सकेको छैन । यसले गर्दा आन्तरिक नियन्त्रणको उद्देश्य पूरा नभएको मात्र होइन अन्तिम लेखापरीक्षणलाई समेत बाधा परेको छ ।

३. **कानूनको पालना** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ११(७) मा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी निकाय प्रमुख मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको विभागीय प्रमुखको हुने उल्लेख छ । यो ऐनलगायत अन्य प्रचलित ऐन कानूनको जिम्मेवारीपूर्वक पालनाबाट मात्र सार्वजनिक वित्तीय व्यवहारलाई स्वच्छ, मितव्ययी, पारदर्शी र जवाफदेही तुल्याउन सकिन्छ ।

३.१ निजामती सेवा ऐन, २०४९ अनुसार निजामती कर्मचारीको तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउन नहुने व्यवस्था छ । लेखापरीक्षण गरिएका उद्योग, कृषि तथा सहकारी, शिक्षा, गृह, सिंचाई, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सर्वोच्च अदालतलगायतका निकायले तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरेका छन् ।

३.२ आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गराई मूल्य नखुलेकोमा मूल्य र विवरण खुलाई आम्दानी बाँधी त्यस्तो मालसामानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । यो वर्ष अधिकांश निकायले जिन्सी निरीक्षण गराएका छैनन् । जिन्सी निरीक्षण गराएका निकायले पनि निरीक्षण प्रतिवेदनमा जिन्सीमा आम्दानी बाँध्ने, मूल्य खुलाउने, संरक्षण गर्ने, पुराना सामान मर्मत गर्ने, लिलाम बिक्री गर्ने आदि सुझाउहरुको कार्यान्वयन गरेका छैनन् ।

३.३ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले सार्वजनिक निकायले रु.१० करोडभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने तथा वार्षिक रु.१० लाखभन्दा बढीको रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यो वर्ष पनि अधिकांश निकायले खरिदको गुरुयोजना तथा वार्षिक योजना तयार नगरी खरिद कार्य गरेको देखिएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले खरिद योजना एवं बोलपत्रसम्बन्धी कागजात तयार गर्ने, प्राप्त गरिएका सामानको गुणस्तर परीक्षण गर्न खरिद इकाईको स्थापना गरी जिम्मेवारी तोक्नुपर्ने व्यवस्था गरेकोमा अधिकांश निकायहरुमा उक्त इकाईको स्थापना भएको पाइएन ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा काबु बाहिरको परिस्थितिमा सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्बन्धित पक्षले कारण खुलाई सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा ७ दिन अगावै सम्बन्धित निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने, कारण मनासिब देखिएमा ६ महिनासम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी अवधि विभागीय प्रमुखले थप गर्नसक्ने व्यवस्था छ । सार्वजनिक निकायबाट गरिएका सबैजसो सम्झौताको म्याद थप गर्नु परेको अवस्था छ । समयमा निवेदन प्राप्त नभएकोमा पनि सम्झौताको म्याद थप गर्ने गरेको, सम्झौताको म्याद थप नगरी भुक्तानी गरेको, म्याद समाप्त भइसकेका ठेक्काहरुको कार्यसम्पन्न नभई अधुरो अवस्थामा रहेको छ । सम्झौता गर्दा म्याद थोरै राख्नाले पनि तोकिएको समयमा कार्यसम्पन्न नहुने स्थिति रहेको छ ।

३.५ स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम २०१(१) मा स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या र शिक्षा मन्त्रालयअन्तर्गत स्थानीयस्तरमा प्रत्यक्ष लाभग्राही समुदायमा पुग्ने कार्यक्रमको सामाजिक परीक्षण गराउनुपर्ने कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भएकोमा सामाजिक परीक्षण गराएको अभिलेख पेश हुने गरेको छैन । सामाजिक परीक्षणले खर्च रकमको सदुपयोगको सम्बन्धमा आश्वस्तता प्रदान गर्न मद्दत पुग्ने हुँदा यसलाई प्रभावकारी रुपमा लागू गर्नुपर्दछ ।

३.६ सार्वजनिक खरिद नियमावली, २०६४ ले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट ६० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्बन्धी सेवा गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने, अन्य कागजात त्यस्तो समिति वा समुदायको निकायमा पेश गर्नुपर्ने तथा समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा भारी यन्त्र उपकरण प्रयोग गर्न नसकिने व्यवस्था छ । उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको काममा ती समिति दर्ताको स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको, तोकिएको सीमाभन्दा बढी रकमको काम पनि उपभोक्ता समितिबाट गराएको, समितिले सञ्चालन गरेका निर्माण कार्यको लागत अनुमान मानिसले गर्ने गरी तय गरे तापनि भारी यन्त्र उपकरणहरुको प्रयोग हुने गरेको पाइएको छ । पेश्की फछ्यौंट तथा समयमा कार्यसम्पन्न हुने गरेको, निर्माण पश्चात् आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण हुने गरेको पाइएन । त्यसैगरी जिल्ला विकास समिति ६ ले तोकिएको सीमाभन्दा बढीको कार्य गराई रु.७ करोड ३५ लाख ४१ हजार खर्च लेखेका छन् ।

३.७ उपभोक्ता समितिबाट कार्य गराउने कार्यविधिमा खर्चको बिल भरपाई, खर्च प्रमाणित गर्ने कागजात, निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सीसमेत कुल खर्च रकम प्रमाणित गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सिंचाई मन्त्रालयअन्तर्गतको ६९ कार्यालयबाट १ हजार ८०२ उपभोक्ता समितिमार्फत काम गराई रु.१ अर्ब २५ करोड ३० लाख १२ हजार, सडक विभागअन्तर्गत ६ कार्यालयले उपभोक्ता समितिबाट रु.१६ करोड ८ लाख ३७ हजारको काम उपर्युक्त व्यवस्था पूरा नगरी रनिङ बिलभैं विवरण पेशमात्र गराई काम गरेको पाइएको छ ।

३.८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१ लाख ५० हजारसम्मको कार्य सोझै गराउन सक्ने तर निर्माण वा खरिद कार्य गराउँदा एउटै व्यक्ति, फर्म, कम्पनी वा सेंस्थाबाट एक आर्थिक वर्ष एक पटकभन्दा बढी गर्न गराउन नसक्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, जनकपुरले खरिद योजनामा बोलपत्रबाट गराउने उल्लेख भएको ७ उपशीर्षकअन्तर्गतका कार्यलाई २९९ टुक्रामा विभाजन गरी सोझै वार्ताबाट गराई रु.३ करोड ४७ लाख ४२ हजार भुक्तानी दिएको छ । निर्माण कार्य वर्षान्तमा प्रतिस्पर्धाबेगर लागत अनुमानको हाराहारीमा, गुणस्तर नियन्त्रण प्रक्रियाबेगर गराएको र त्यसको सुपरभिजन पनि पर्याप्त हुन सकेको छैन ।

४. **बजेट कार्यान्वयन –** बजेट कार्यान्वयन सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

४.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केबल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नहुने उल्लेख छ । सो प्रावधानको पालना नगरी जिल्ला विकास समितिको कार्यालय ३४ ले आषाढ महिनामा रु.४५ करोड ३३ लाख ७८ हजार पेश्की उपलब्ध गराएको छ । नियमको प्रावधान, खर्च गर्ने अख्तियारी र वार्षिक कार्यतालिका मुताविक कार्यसञ्चालन नगरी नियमप्रतिकूल कार्य गर्ने प्रचलन बढेको छ ।

४.२ यो वर्ष बजेट खर्च गर्ने सडक विभाग र अन्तर्गत कार्यालयहरुको लागि रु.२२ अर्ब ४६ करोड ८ लाख ६८ हजारको प्राप्त अख्तियारीमध्ये १५ डिभिजन सडक र ८ आयोजनालाई २०६८ आषाढ २६ देखि ३१ सम्ममा रु.५६ करोड ३६ लाख ६३ हजारको अख्तियारी दिएको छ । स्वीकृत वार्षिक कार्यक्रम र खर्चको अख्तियारी समयमा सम्बन्धित कार्यालयमा नपठाउँदा आर्थिक कार्यविधि ऐन र नियमावलीका प्रक्रिया पुऱ्याई गुणस्तरयुक्त कार्य हुन सक्ने अवस्था रहने देखिदैन ।

४.३ अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारीको बुँदा २(ग) को प्रकरण ४ मा वैशाखदेखि आषाढसम्म वार्षिक विनियोजनको ४० प्रतिशत र आषाढ महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ । जिल्ला विकास समिति ३८ ले कुल खर्चको २६.६९, १० ले ४४.६२, ५ ले ६५.५९ र २ ले ८३.७० प्रतिशत आषाढमा खर्च गरेका छन् ।

अर्थ मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा ठूलो रकम थप निकासा दिने र सोबाट कार्यालयहरुले दिएको पेश्की सोही वर्ष फछ्यौंट नहुने, फ्रिज नहुने खातामा ट्रान्सफर गर्ने जस्ता प्रवृत्ति देखिएका छन् । यसमा नियन्त्रण हुन सकेको छैन ।

४.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने काममा भएको खर्च समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । साना सिंचाई कार्यक्रम, धादिङ, कृषि विकास कार्यालय, मोरङ, कृषि विकास कार्यालय, धनकुटा, व्यावसायिक कृषि विकास आयोजना, विराटनगर र अन्य ४ कार्यालयले सामुदायिक उपभोक्ता समितिबाट निर्माणलगायतका कार्यक्रममा भएको अनुदान खर्च रु.४ करोड ३३ लाख ९४ हजार अनुमोदनको लागि सार्वजनिकरण गरेको छैन ।

५. **वैदेशिक सहयोग** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(४) मा शोधभर्ना लिने सम्बन्धमा प्रक्रिया र जिम्मेवारी तोकिएको, उपनियम (५) मा समयमा शोधभर्ना माग गरे नगरेको अनुगमन गरी लेखाउत्तरदायी अधिकृतले शोधभर्नाको स्थितिको वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप मन्त्रालयहरुले शोधभर्नाको वार्षिक विवरण तयार गरी पेश गरेको छैन ।

५.१ महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शोधभर्नाको विवरणअनुसार यो वर्ष वैदेशिक अनुदान शोधभर्ना हुने गरी १७ मन्त्रालयको १०४ कार्यक्रम सञ्चालन गर्न १२ दाताराष्ट्र तथा संस्थाबाट रु.३० अर्ब ७८ करोड ३९ लाख ८८ हजार प्राप्त हुने गरी बजेट विनियोजन भएकोमा रु.२२ अर्ब ९ करोड १ लाख ८१ हजार शोधभर्ना प्राप्त हुने गरी खर्च भएको छ । यो वर्षसम्म कुल शोधभर्ना हुनुपर्ने रु.४३ अर्ब ५० करोड ७४ लाख २ हजार रहेकोमा रु.२२ अर्ब ६२ करोड ४० लाख ८२ हजार (५२.०० प्रतिशत) शोधभर्ना प्राप्त

भएको छ । समायोजनबाट रु.३ अर्ब २१ करोड ९५ लाख ६० हजार हिसाब मिलान गरे पश्चात रु.१७ अर्ब ६६ करोड ३७ लाख ६० हजार शोधभर्ना लिन बाँकी छ । शोधभर्ना लिन बाँकी रकम गतको तुलनामा यो वर्ष १७.५२ प्रतिशतले घटी देखिए पनि शोधभर्ना हुने गरी खर्च गरेको रकम समयमा प्राप्त गर्न नसक्दा सरकारी व्ययभार बढेको छ । समयमा खर्च रकम प्राप्त नहुँदा स्रोतान्तर गरी हिसाब मिलान गर्नुपर्ने स्थिति उत्पन्न हुने हुँदा दातासँग शोधभर्ना लिने सम्बन्धमा सक्रियता देखाउनुपर्दछ ।

५.२ विभिन्न आयोजना तथा कार्यक्रमहरुमा अनुदान शोधभर्ना हुनेगरी बजेट व्यवस्था भएकोमा निकासा खर्च हुन नसकेको १२ कार्यक्रमको रु.९० करोड ७५ लाख १२ हजार र निकासा भएकोमा पनि बजेट रु.६ अर्ब ७६ करोड ७८ लाख ८१ हजारको तुलनामा न्यून (५० प्रतिशतभन्दा कम) खर्च भई रु.२ अर्ब ९ करोड ४३ लाख ४३ हजार खर्च भएको छ । खर्च हुन नसक्नाको र न्यून खर्च हुनाको कारण उल्लेख गरेको छैन ।

दाताबाट अनुदान सहायता शोधभर्ना प्राप्त हुने आधारमा बजेट व्यवस्था गरिएका आयोजना तथा कार्यक्रमहरुमा अनुमान गरिएअनुसार अनुदान प्राप्त नभएको र तोकिएभन्दा न्यून अनुदान सहयोग प्राप्त भएबाट सरकारको बजेट भारमा वृद्धि भएको छ । वैदेशिक अनुदान शोधभर्ना प्राप्तिको क्षमता वृद्धि गरी आयोजना समयमा सम्पन्न गर्न आवश्यक पहल गर्नुपर्नेमा हुन सकेको छैन ।

५.३ महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार १४ मन्त्रालय अन्तर्गत हाल बन्द भईसकेका ४८ योजना तथा कार्यक्रममा २०६६।६७ सम्ममा रु.६४ करोड ७० लाख ५ हजार अनुदान तथा ऋण शोधभर्ना लिन बाँकी भएकोमा २०६७।६८ को अन्तमा रु.६४ करोड ६८ लाख ८८ हजार बाँकी रहेको छ ।

शोधभर्ना लिने गरी खर्च भएका आयोजनाहरु २०५४।५५ देखि बन्द भईसकेका देखिएकोले शोधभर्ना स्थितिको मूल्याङ्कन तथा अनुगमन गरी शोधभर्ना हिसाब समायोजन गर्ने व्यवस्था गर्नुपर्नेमा सो गरेको छैन ।

५.४ कार्यालयले उपलब्ध गराएको विवरणअनुसार वैदेशिक ऋण शोधभर्ना हुने गरी गत वर्ष र सोभन्दा अघि खर्च भएको रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजार शोधभर्ना लिन बाँकी रहेकोमा यो वर्षको खर्च रु.४ अर्ब ६९ करोड ६२ लाख ६७ हजार समेत जम्मा शोधभर्ना हुनुपर्ने रु.१५ अर्ब ४९ करोड २७ लाख ३१ हजार देखिन्छ । सोमध्ये गत आर्थिक वर्षसम्मको रु.३ अर्ब ६९ करोड २२ लाख २२ हजार र यो वर्षको रु.६३ करोड १ लाख ७६ हजार समेत रु.४ अर्ब ३२ करोड २३ लाख ९८ हजार प्राप्त भएको देखियो । साथै समायोजन भएको रु.४ अर्ब २३ करोड ४० लाख ५१ हजारको हिसाब मिलान गर्दा रु.६ अर्ब ९३ करोड ६२ लाख ८३ हजार (४४.७७ प्रतिशत) शोधभर्ना लिन बाँकी छ ।

५.५ गत वर्षसम्म शोधभर्ना बाँकी ऋण रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजार रहेकोमा यस वर्षको अन्त्यसम्म शोधभर्ना बाँकी ऋण रु.६ अर्ब ९३ करोड ६२ लाख ८३ हजार पुगेकोले समग्रमा शोधभर्ना हुन बाँकी रकममा ३५.७५ प्रतिशतले कमी आएको देखिन्छ । गत वर्षको तुलनामा मन्त्रालयगत आधारमा स्थानीय विकास, स्वास्थ्य तथा जनसख्या, महिला बालबालिका र अर्थ मन्त्रालयको लगानीतर्फको शोधभर्ना बाँकी रकम वृद्धि भएको देखिन्छ ।

५.६ कार्यालयबाट पेश भएको विवरणमा चालू तथा बन्द भएका १३ योजनामा शोधभर्ना हुन बाँकी रु.३४ करोड १६ लाख ८ हजार ऋणात्मक देखाएको छ । शोधभर्ना लिन बाँकी रकम ऋणात्मक हुनुको कारण खुल्ने हिसाब राखेको छैन ।

शोधभर्ना लिनुपर्ने रकम ऋणात्मक देखिएकोमा कारण नखुलाएकोले शोधभर्ना हिसाब यथार्थ नभएको व्यहोरा गत विगतदेखि औंल्याइएकोमा यो वर्ष पनि सुधार हुनसकेको छैन । बन्द भईसकेको आयोजनाको शोधभर्ना रकम प्राप्त गर्ने वा हिसाब मिलान गर्नेतर्फ पनि सुधार भएको छैन ।

६. **प्राविधिक सहायता** – अर्थमन्त्रीले आय–व्ययको सार्वजनिक जानकारी बक्तव्य साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा विभिन्न निकायले प्राविधिक

सहायता प्राप्त गर्ने उल्लेख छ । त्यस्ता प्राविधिक सहायता उपयोगको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहत कार्यालयका १६ कार्यक्रममध्ये १२ कार्यक्रमका लागि १३ दातृराष्ट्र एवं संस्थाहरुबाट रु.८ अर्ब ५३ करोड २७ लाख ६९ हजार, भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहत कार्यालयका ३ आयोजनाको लागि रु.७० करोड २८ लाख ३० हजार, उद्योग मन्त्रालय र मातहत कार्यालयका ९ कार्यक्रमको लागि ७ दातृराष्ट्र एवं संस्थाबाट रु.११ लाख ८८ हजार र शिक्षा मन्त्रालय र मातहतका ६ कार्यक्रमको प्राविधिक सहायताको रु.३२ करोड २ लाख ५१ हजार, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतका २ कार्यक्रमको लागि २ अन्तर्राष्ट्रिय संस्थाबाट गुणस्तरीय रेशम कोया उत्पादन तथा प्रशोधन आयोजना र खाद्यान्न उच्च मूल्यबाट प्रभावित नेपालका पूर्वी, मध्य, मध्यपश्चिम र सुदूरपश्चिमका १० जिल्लाहरुमा खाद्यान्न सहयोगसम्बन्धी कार्य गर्न सल्लाहकार, सेवा, सरसामान, उपकरण, तालिम, गोष्ठी तथा अन्यको लागि रु.१ अर्ब ९८ करोड ४१ लाख ९१ हजारको प्राविधिक सहयोग प्राप्त हुने अनुमान रहेकोमा माथि उल्लिखित मन्त्रालयबाट प्राविधिक सम्झौता तथा आम्दानी खर्चको आर्थिक विवरण लेखापरीक्षणको लागि पेश भएन ।

७. **रकमान्तर –** विनियोजन ऐन, २०६७ को दफा ३ मा निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने र सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न सक्ने उल्लेख छ । विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० बमोजिम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि ऐन र नियमावलीअनुसार एक शीर्षकमा विनियोजित बजेट रकमान्तर स्वीकृतिबेगर अर्कोमा खर्च गर्न नहुने तथा एकबाट अर्को शीर्षकमा सापटी जनाई खर्च गर्न नमिल्नेमा कतिपय कार्यालयहरुले रकमान्तर स्वीकृतबेगर र सापटी जनाई खर्च गर्ने गरेको छ ।

यो वर्ष केन्द्रीय आय–व्यय हिसाबमा ३५८ उपशीर्षकबाट रु.३३ अर्ब ६२ करोड ८० लाख ८० हजार घटाई ३८४ उपशीर्षकमा सोही रकम बढाई औसतमा कुल व्यय अनुमानको ९.९५ प्रतिशत थपघट गरेको छ । रकमान्तरबाट थपघट गरेको मध्ये ३७ निकाय/मन्त्रालयको लागि पूँजीगत खर्चमा रु.६७ अर्ब ७० करोड ८१ लाख ९२ हजार विनियोजन भएकोमा रु.१९ अर्ब ६० करोड ८६ लाख (२८.९६ प्रतिशत) रकमान्तर गरी थप गरेको देखिएको छ ।

७.१ अर्थ मन्त्रालयले ३५–४ पूँजीगत शीर्षकमा विनियोजन भएको रु.५ अर्ब ९१ करोड ८१ लाख ८१ हजारमध्ये रु.१ अर्ब ८५ करोड ८ लाख ३१ हजार (३१.२७ प्रतिशत) विनियोजन ऐनले तोकेको सीमा नाघी रकमान्तर गरेको छ ।

७.२ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार चालू खर्चतर्फ २२६ निकायमा रु.१ खर्ब ३१ अर्ब ८० करोड ४३ लाख ४६ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.१४ अर्ब १ करोड ९४ लाख ८० हजार (०.०२ देखि ८८३.७५ प्रतिशतसम्म) थप भएको छ । पूँजीगत खर्चतर्फ १५८ निकायमा रु.६७ अर्ब ७० करोड ८१ लाख ९२ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.१९ अर्ब ६० करोड ८६ लाख (०.०२ देखि ११,१०५.३९ प्रतिशतसम्म) थप भएको छ ।

८. **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज (स्टाफ खर्च) २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्चको लागि लागत अनुमानमा समावेश गर्न सकिने र प्रत्येक निर्माण कार्यको कन्टिन्जेन्सी खर्चको वर्क चार्ज र अन्य खर्चको छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले तोकिएको सीमा नघाई खर्च गर्ने, अभिलेख नराख्ने र कन्टिन्जेन्सी खर्च गर्न नमिल्नेमा समेत कन्टिन्जेन्सी खर्च गरेका छन् । यसका केही उदाहरण देहायबमोजिम छन्:

८.१ जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को १४(१) मा जिल्ला विकास समितिले पूँजीगत लगानीको समष्टिगत रकमबाट निर्दिष्ट रकम कन्टिन्जेन्सीको रुपमा खर्च गर्न पाउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय ४ ले रु.४० लाख १ हजार कार्यविधिले तोकेभन्दा बढी कन्टिन्जेन्सीबापत खर्च गरेका छन् । स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम निर्देशिका विपरीत हुने गरी जिल्ला विकास समितिको कार्यालय मोरङले सर्वदलीय संयन्त्रको निर्णय गराई पूर्वस्वीकृत कार्यक्रमबेगर रु.१० लाख ५१ हजारको ल्यापटप कम्प्युटर, इन्धन, सोफा र गुल्मीले रु.७ लाख १० हजार इन्धन खरिदमा खर्च गरेको छ ।

८.२ डिभिजन सडक कार्यालय ३ ले खर्च गर्न पाउने अङ्क किटान नगरी रु.२ करोड ८२ लाख १ हजार कन्टिन्जेन्सी खर्च गरेको छ । वर्क चार्ज (स्टाफ खर्च) र सानातिना अन्य खर्चको छुट्टाछुट्टै देखिने गरी प्रत्येक निर्माण कार्यको छुट्टै अभिलेख राखेको पनि छैन ।

यो वर्ष शहरी विकास तथा भवन निर्माण विभागले एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत भवन निर्माणको बजेटबाट १० सवारीसाधन, औजारलगायतमा रु.२ करोड ६८ लाख १८ हजार र सुपरभाइजरको पारिश्रमिकमा रु.९३ लाख ९४ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी रकमबाट सामान खरिद गर्न स्वास्थ्य सचिवबाट कार्यक्रम संशोधन गरी २०६८।२।२ मा अर्थ मन्त्रालयबाट सहमति लिएको देखियो । कार्यक्रमअनुसार मातहत कार्यालयका लागि विनियोजित बजेट खर्च भए नभएको यकिनसमेत नगरी यो वर्ष कार्यक्रममा प्रत्यक्ष खर्च भएको रु.५ करोड ४१ लाख ६७ हजारको अनुपातमा रु.३ करोड ९५ लाख ४ हजार कन्टिन्जेन्सीमा बढी खर्च लेखेको छ ।

८.३ महाकाली सिंचाई आयोजना तेस्रो चरणले रु.५२ लाख ९ हजार बढी खर्च र सिंचाई विकास डिभिजन मकवानपुरले रु.१० लाख ३९ हजार कन्टिन्जेन्सीमा खर्च गर्न पाउनेभन्दा बढी खर्च गरेको छ । त्यस्तै सिंचाई विकास डिभिजन, जुम्लाले कन्टिन्जेन्सीबाट मन्त्री, सचिवलगायतको दैनिक तथा भ्रमण भत्ता र हेलिकोप्टर भाडामा रु.५ लाख ७६ हजार खर्च गरेको छ ।

८.४ व्यावसायिक कृषि विकास आयोजना सञ्चालन गर्ने कमर्सियल एग्रिकल्चर एलायन्सले पूर्वाधार अनुदानमा रु.५९ लाख ५७ हजार र गैरपूर्वाधार अनुदानमा रु.४१ लाख ३२ हजार कन्टिन्जेन्सीबापतको अनुदान निकासा रकमबाट कट्टा गरी राखेको छ । यस्तो रकम कार्यालयले खर्च गर्न पाउने व्यवस्था छैन ।

८.५ शिक्षा विभागबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७ अनुसार विद्यालय भवन निर्माण लगायत भौतिक सुविधा विस्तारको बजेट विद्यालयलाई सोझै रकम निकासा दिई विद्यालयबाटै काम गराउनुपर्ने र कन्टिन्जेन्सीबापत खर्च गर्नु परेमा सम्बन्धित विद्यालयले नै गर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय जुम्ला, हुम्ला, धादिङ्ग र बाजुराले यो बजेटबाट विद्यालयलाई निकासा दिँदा रु.३९ लाख १८ हजार कन्टिन्जेन्सीबापतको रकम कटाई निकासा दिएका छन् । सो रकम भ्रमण खर्च तथा दैनिक भत्ता, इन्धन, कार्यालय सामान खरिदलगायतका कार्यमा कार्यालय आफैंले खर्च गरेका छन् । विद्यालयलाई दिनुपर्ने रकम निकासाबाट कटाई जिल्ला शिक्षा कार्यालयले कन्टिन्जेन्सी खर्च लेख्ने काम निर्देशिका विपरीत छ ।

९. **आयकर** – मुलुकको आर्थिक विकासको लागि राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालनलाई अभिवृद्धि गर्न आयकर ऐन, २०५८ प्रचलनमा रहेको छ । सो ऐनको परिपालना नभएका सम्बन्धमा केही उदाहरण देहायअनुसार छन्:

९.१ आन्तरिक राजस्व विभागअन्तर्गतका आन्तरिक राजस्व कार्यालयबाट गर्नुपर्ने कार्यको विश्लेषण गर्दा आर्थिक वर्षभित्र तोकिएका करदाताको कर परीक्षण नहुने, करदाताको फाइलको पूर्ण परीक्षण कम संख्यामा हुने, कर परीक्षण छनौटका आधार स्पष्ट नहुने जस्ता कारणबाट कर परीक्षणमा सुधार भएको पाइएन । करदाताको पूर्ण कर परीक्षण यथासमयमा हुन नसकी ४ वर्षको सीमान्त अवधिमा मात्र हुँदा लेखापरीक्षणका व्यहोरा कार्यान्वयन गर्न नसक्ने स्थिति उत्पन्न भई कर लेखापरीक्षणको दायरा सीमित हुने समस्या यथावत छ ।

९.२ ऐनको दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएका व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले जोखिमको आधारमा केही करदाताको आय विवरणको कर परीक्षण गर्नसक्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागअन्तर्गत यो वर्ष ८ हजार ६० आय विवरणको कर परीक्षण गर्नुपर्नेमा २ हजार ४९९ करदाताको (३१ प्रतिशत) आय बिवरणको मात्र कर परीक्षण गरेको पाइयो ।

ठूला करदाता कार्यालयबाट कर छनौट भएका जिम्मेवारी सरेका समेत ९१० आय विवरणको कर परीक्षण सम्पन्न गर्नुपर्नेमा ४०५ (४४.५० प्रतिशत) को मात्र गरी ५०५ आय विवरणको परीक्षण गरेको छैन । ठूला करदाता कार्यालयले यो वर्ष पूर्ण कर परीक्षण गरेको ४०५ आय विवरणबाट आयकरतर्फ रु.१० अर्ब ८ करोड ६५ लाख ७८ हजार, मूल्य अभिवृद्धि करतर्फ रु.१ अर्ब ५९ करोड ८ लाख ७० हजारसमेत रु.११ अर्ब ६७ करोड ७४ लाख ४८ हजार कर निर्धारण भएको कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

आन्तरिक राजस्व कार्यालय, भक्तपुरले विगतमा छनौट भई जिम्मेवारी सरेर आएका २९४ र यो वर्ष छनौट भएका ४५ समेत ३३९ आय विवरणको कर परीक्षण गर्नुपर्नेमा यो वर्ष ३ आय विवरण (०.८८ प्रतिशत), लाहानले छनौट भएका १४५ मध्ये १५ (१०.३४ प्रतिशत) र जनकपुरले २०४ मध्ये १९ आय विवरण (९.३१ प्रतिशत) को मात्र कर परीक्षण गरेका छन् ।

९.३ आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गरेको रकम प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र दाखिला गर्नुपर्ने र सो समयमा दाखिला नगरेमा सोही ऐनको दफा ११९ अनुसार सामान्य दरले ब्याज लाग्ने व्यवस्था छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले २०६७ आषाढ मसान्तसम्म कट्टी गरेको अग्रिम कर रु १ करोड २१ लाख ८५ हजार र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले रु ३ लाख १ हजारसमेत रु १ करोड २४ लाख ८६ हजार सञ्चितकोष दाखिला गरेको छैन ।

९.४ आयकर ऐन, २०५८ को दफा ८८(४) अनुसार विदेशी नागरिकलाई भुक्तानी गरेको परामर्श सेवा शुल्कमा मूल्य अभिवृद्धि करमा दर्ता भएको अवस्थामा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । सडक क्षेत्र विकास आयोजनाले दुई विदेशी परामर्शदातासँगको सम्झौतामा परामर्शदाता र निजका कर्मचारीलाई कुनै प्रकारको कर नलाग्ने व्यवस्था गरेको कारण जनाई १.५ प्रतिशत करबापत हुने रु.२ लाख ५० हजार रकम थप गरी रु.१ करोड ६६ लाख ६४ हजारको डलरमा भुक्तानी दिई परामर्शदातालाई कर मुक्त बनाएको छ ।

१०. **जमानती ऋण –** नेपाल सरकार जमानी बसी यो वर्ष नेपाल आयल निगमलाई कर्मचारी सञ्चयकोषबाट रु.२ अर्ब ८० करोड र नागरिक लगानी कोषबाट रु.५० करोड ऋण उपलब्ध गराएको छ । निगमको नाममा कर्मचारी सञ्चय कोषको कुल चक्र कर्जा रु.४ अर्ब ९० करोडको सीमा र नागरिक लगानी कोषको रु.५० करोडको सीमा कायम गरेको देखिन्छ । यसरी उपलब्ध गराएको सम्पूर्ण कर्जाको भुक्तानी अवधि २०७३ असार मसान्तसम्म रहने, ब्याज दर कोषले तोकेबमोजिम हुने, निगमलाई प्रवाह भएको चक्र कर्जाको सम्पूर्ण ब्याज नेपाल सरकारले भुक्तानी गरिदिने, निगमले चक्र कर्जाको साँवा निर्धारित समयभित्र तिर्न नसकेमा नेपाल सरकारले चुक्ता गरिदिने तथा कर्मचारी सञ्चयकोषले नेपाल सरकारको निर्देशनमा यसअघि प्रवाह गरेको र अब प्रवाह गर्ने कर्जाको निमित्त कर्जा नोक्सानी व्यवस्था गर्नु नपर्ने सम्झौतामा उल्लेख छ ।

११. **लेखामान पालना** – नेपाल लेखामान अनुसार वित्तीय विवरण प्रस्तुतिको जिम्मेवारी सम्बन्धित करदाताको व्यवस्थापनको हो । कतिपय वित्तीय विवरणमा संलग्न लेखा नीति तथा टिप्पणीमा अन्तिम मालको मौज्दात व्यवस्थापनबाट प्रमाणित भए बमोजिम भनी उल्लेख गर्ने गरेको छ । यस्तो वित्तीय विवरणउपर आयकर ऐन, २०५८ को दफा २२ तथा नेपाल लेखामानअनुसार भए नभएको पुनरावलोकन गर्ने परिपाटी नभएकोले अधिकांश करदाताले वित्तीय विवरण तयार गर्दा प्रचलित लेखामान पालना गरेको देखिदैन ।

करदाताको वित्तीय विवरणमा संलग्न लेखा नीति तथा टिप्पणीमा सम्पत्तिको ह्रास खर्च आयकर ऐन, २०५८ अनुसार हिसाब गरेको व्यहोरा उल्लेख गरेकोमा पनि करदाताको लेखापरीक्षकले वित्तीय विवरण नेपाल लेखामान अनुसार तयार गरेको भनी राय दिएको पाइयो । नेपाल लेखामान–६, सम्पत्ति उपकरण

सम्बन्धी मान अनुसार, सम्पत्तिको ह्रास खर्च लेख्दा सम्पत्तिको आर्थिक प्रतिफल प्राप्त हुने आयुलाई परल लागतको आधारमा ह्रास खर्च लेख्नुपर्ने व्यवस्था छ, जुन व्यवस्था आयकर ऐन, २०५८ को व्यवस्था भन्दा फरक छ । यस्तो स्थितिमा लेखामानअनुसार वित्तीय विवरण तयार गरेको भन्ने राय मिलेको देखिदैन ।

१२. **कर दस्तुर –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद (६) मा समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा उठाउन सक्ने र ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । जिल्ला विकास समिति ४२ ले कर, दस्तुर उठाउन विलम्ब गर्ने निर्माण व्यवसायीहरुबाट गत वर्षसम्मको रु.१४ करोड ५ लाख १ हजार र यो वर्षको रु.१ करोड ६० लाख ८१ हजारसमेत रु.१५ करोड ६५ लाख ८२ हजार दाखिला गराउन सकेका छैनन् ।

१३. **प्रशासनिक खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ अनुसार जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रही ऐनबोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबापत उठाएको कुल रकमको आधारमा तोकिएअनुसार प्रशासनिक खर्च गर्न सक्ने व्यवस्था छ । जिल्ला विकास समिति ५९ ले रु.२८ करोड ४६ लाख ८ हजार तोकिएको सीमा नाघि बढी प्रशासनिक खर्च गरेको छ ।

१४. **आर्थिक सहायता** – नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ को दफा १२ अनुसार राष्ट्रिय महत्वका व्यक्तिलाई औषधि उपचारबापत आर्थिक सहायता उपचार खर्च दिँदा स्वदेश वा विदेशका सम्बन्धित अस्पतालको बिलबमोजिमको रकम उपलब्ध गराउने व्यवस्था छ । त्यस्ता व्यक्तिलाई सोझै रकम दिनसक्ने व्यवस्था देखिँदैन । स्वास्थ्य मन्त्रालयले पूर्वमन्त्री, संविधान सभाका सदस्यलगायत अन्यसमेत ४२ व्यक्तिलाई रु.५० लाख ७१ हजार सोझै रकम उपलब्ध गराएको छ । रकम उपलब्ध गराउँदा कार्यविधिअनुसार उपचार गराउँदा खर्च भएको बिल संलग्न गरेको छैन ।

१५. **पूँजीगत लाभकर –** आयकर ऐन, २०५८ को दफा २ को देहायको खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सोभन्दा बढी मूल्यको घरजग्गाको कारोबार गर्दा भएको पूँजीगत लाभमा ऐनको दफा ९५(क)३ अनुसार निसर्ग भएको गैरसव्यावसायिक करयोग्य सम्पत्तिको स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भए ५ प्रतिशत र कम भए १० प्रतिशतका दरले रजिष्ट्रेशन पारित गर्दाकै बखतमा पूँजीगत कर असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मालपोत कार्यालय २९ ले पूँजीगत लाभकर रु.१ करोड ६५ लाख ६७ हजार असुल गरेका छैनन् । मालपोत कार्यालय ७ ले रु.३५ लाख ४ हजार घटी असुल गरेका छन् । मालपोत कार्यालय, चाबहिलले ४ निसर्गकर्ताबाट पूँजीगत लाभकर गणना गर्दा रु.८ करोड ५७ लाख ५२ हजार थैली अङ्कमा निजहरुले अंशबण्डा गर्दा राखेको थैली अङ्क रु.१ करोड ४१ लाख १० हजार खर्च कटाई बाँकी मोलमा मात्र पूँजीगत लाभकर असुल गरेको छ ।

१६. **शान्ति व्यवस्थापन खर्च** – मुलुकमा दिगो शान्ति कायम गराउन विस्तृत शान्ति सम्झौता २०६३ पश्चात राज्य शान्ति निर्माण प्रक्रियामा अगाडि बढेको छ । शान्ति प्रवर्द्धन, पुनर्निर्माण, राहत, पुनःस्थापना, सङ्क्रमणकालीन न्याय, लडाकुको रेखदेख तथा समायोजन जस्ता विषयको व्यवस्थापन कार्य शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट हुँदै आएको छ । शान्ति सम्झौता भएपछि मन्त्रालयलाई विनियोजन भएको बजेटबाट २०६३।६४ देखि २०६६।६७ सम्म रु.१६ अर्ब ८४ करोड १३ लाख ९ हजार खर्च भएकोमा यो वर्ष रु.६ अर्ब २ करोड २९ लाख १८ हजार समेत रु.२२ अर्ब ८६ करोड ४२ लाख २७ हजार खर्च भएको छ । यो खर्चमा नेपाल सरकारको अन्य निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरुले गरेको खर्च समावेश छैन । सबै क्षेत्रको खर्चलाई एकीकृत गर्ने हो भने शान्ति व्यवस्थापनमा मुलुकले ठुलो रकम व्यहोर्नु परेको र शान्ति बहालीको कार्य जारी नै रहेकोले खर्च बढ्ने अवस्था विद्यमान छ ।

१७. **मल खरिद अनुदान –**कृषकहरुलाई रासायनिक मलमा दिइने अनुदानमा कृषि सामग्री कम्पनीलाई रु.२ अर्ब ६८ करोड निकासा दिई २ लाख मेट्रिकटन रासायनिक मल आयात गर्न व्यवस्था मिलाएको देखिन्छ । रासायनिक मल हिसाब फरफारक कार्य टोली २०६८ को प्रतिवेदनअनुसार यो वर्ष कृषि सामग्री कम्पनीले २ लाख मेट्रिकटन रासायनिक मलको माग प्रक्षेपण गरी १ लाख ३१ हजार ४८० मेट्रिकटन आयात गरी १

लाख १० हजार ३१ मेट्रिकटन बिक्री वितरण गरेको प्रतिवेदन प्राप्त भएको छ । वितरण घटी देखिएको २१ हजार ४४९ मेट्रिकटनको रु.४० करोड २७ लाख १ हजार फिर्ता गरेको वा हिसाब मिलान विवरण प्रस्तुत गरेको छैन । प्रतिवेदनअनुसार २०६५।६६ र २०६६।६७ मा रु.२७ करोड ३ लाख वास्तविक मूल्यभन्दा बढी अनुदान गएको रकम फिर्ता गरेको छैन ।

१८. **फ्रिज** – आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ ले प्रत्येक सरकारी निकायले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम स्वीकृत गर्ने, बजेट निकासा दिने र निकासा दिएको बजेट रकम सालतमाममा बाँकी भए फिर्ता दाखिला गर्ने व्यवस्था गरेको छ । यो वर्ष शान्ति सचिवालयले दातृ निकाय र नेपाल सरकारबाट प्राप्त गरेको रकम विभिन्न निकायलाई सम्झौता गरी उपलब्ध गराउँदै आएको छ । वर्षान्तमा खर्च नभई बाँकी रहेको १२ निकायको रु.२ अर्ब ४३ करोड १३ लाख ९९ हजार फ्रिज नहुने खातामा ट्रान्सफर गरेको छ ।

सचिवालयले विभिन्न मन्त्रालय तथा निकायबाट प्राप्त प्रस्ताव स्वीकार गरी सम्झौता गरी अख्तियारी दिएपछि स्वीकृत कार्यक्रमअनुरुप निकासा दिने, सञ्चालित कार्यक्रमको तोकिएको लक्ष्यअनुसार प्रगति समीक्षा एवं अनुगमन गरेर कार्यसम्पादनको आधारमा बजेट व्यवस्थापन नगरी सम्झौता भएको रकम नै एकमुष्ट निकासा दिएको र कतिपय निकायमा आषाढको अन्तमा मात्र निकासा दिएको छ । खर्च नभएको अवस्थामा निकासा लिई फ्रिज नहुने खातामा जम्मा गरेको नियमप्रतिकूल देखिन्छ ।

१९. **सामाजिक सुरक्षा कोष –** सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने अभिप्रायले पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिबाट २०६६।६७ देखि सङ्कलन गर्दै आएको एक प्रतिशत सामाजिक सुरक्षा कर रु.१० करोड नेपाल राष्ट्र बैङ्कमा जम्मा गरेको छ । कोषले कुल असुल भएको करको अभिलेख राखेको देखिएन । महालेखा नियन्त्रक कार्यालयले २०६८।७।२५ मा उपलब्ध गराएको ७५ जिल्लाको जिल्लागत विवरणअनुसार २०६७।६८ मा रु. ७४ करोड २४ लाख ६६ हजार असुल भएको देखिएको छ ।

गत वर्षदेखि प्रारम्भ गरिएको यो कोष व्यवस्थापनको लागि छुट्टै संयन्त्र स्थापना गरी निर्देशिका बनाई कोष स्थापनाको उद्देश्यबमोजिम कोषको परिचालन भएको पाइएन । यस सम्बन्धमा अस्थायी संगठन संरचना स्वीकृत गर्ने कार्य भइरहेको श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट जानकारी प्राप्त भएको छ ।

२०. **युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कोष –** वैदेशिक रोजगारीका अवसरहरु निम्न, मध्यम र विपन्न वर्गसम्म पहुँच बढाउने उद्देश्यले स्थापित यस कोषमा यो वर्षको समेत रु.४ करोड ८ लाख ८५ हजार आम्दानी भएको देखिन्छ । कोषले २०६०।६१ र २०६१।६२ मा ७३४ व्यक्तिलाई ऋण लगानी गरेको मध्ये २०६७।६८ सम्म असुल गर्न बाँकी रहेको रु.४ करोड ४ लाख ९३ हजार र सोको वार्षिक ८.५ प्रतिशतले हुने २०६१।६२ देखि २०६७।६८ सम्मको ब्याज रु.२ करोड ६ लाख ५१ हजारसमेत रु.६ करोड २४ लाख ५१ हजार असुल गरेको छैन ।

२१. **निर्माण ढिलाई –** सुरुङ तथा हेडवर्क्स निर्माणको काम २०७० भाद्र १७ (सेप्टेम्बर २, २०१३) मा सम्पन्न गर्ने गरी मेलम्ची खानेपानी विकास समिति र एक विदेशी निर्माण व्यवसायीबीच २०६५।११।२ मा रु.४ अर्ब २८ करोड ८८ लाखको सम्झौता भएको छ । आयोजनाबाट प्राप्त विवरणअनुसार सुरुङ निर्माण कार्य २०६८ फागुनसम्म कुल २७.४७ किलोमिटरमध्ये ३.८ किलोमिटर (१३.८४ प्रतिशत) मात्र सम्पन्न भएको देखिन्छ । ठेक्का अवधि ४.३७ वर्षमध्ये ६७.४२ प्रतिशत समाप्त भइसकेको छ । सम्झौताको म्यादभित्रै कार्य सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन गरेको छैन ।

मेलम्ची उपआयोजना–१ को कार्यलाई निरन्तरता दिदै मेलम्ची उपआयोजना–२ सञ्चालन गर्न नेपाल सरकार र एसियाली विकास बैङ्कबीच २०६५।१०।२४ (अप्रिल ६, २००८) मा भएको ऋण सम्झौतामा रु.३ अर्ब २९ करोड ३९ लाखमा जून २०१३ सम्ममा सम्पन्न गर्नुपर्ने उल्लेख छ । आयोजनाले हालसम्म रु. ७९ करोड ८० लाख खर्च गरी ३० प्रतिशत भौतिक प्रगति गरेको छ ।

मेलम्ची उपआयोजना–१ अन्तर्गत सुरुङ निर्माणको कार्य निर्माण व्यवसायीसँगको सम्झौतामा निर्धारित समयमा सम्पन्न नहुँदा मेलम्ची उपआयोजना–२ उपयोग हुने व्यवस्था छैन । राष्ट्रिय प्राथमिकतामा परेको यो आयोजनाको निर्माणमा भएको ढिलाइले गर्दा अर्को आयोजनाको कार्यमा असर पर्न गएको छ ।

२२. **सवारीसाधन –** मेलम्ची खानेपानी विकास आयोजनाको लागि खरिद भएका सवारीसाधनमध्ये उपप्रधानमन्त्रीले ३, तत्कालीन राज्यमन्त्रीले २, पूर्वप्रधानमन्त्रीले १, प्रधानमन्त्री कार्यालयले २, भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव तथा सहसचिवले ५ समेत १८ सवारीसाधन उपयोग गरेका छन् । ती साधनका लागि यो वर्ष इन्धनमा रु.५ लाख ५७ हजार र मर्मतमा रु.२५ लाख ३३ हजारसमेत रु.३० लाख ९० हजार खर्च व्यहोर्न लगाएका छन् । आयोजनाको सवारीसाधन बाह्य क्षेत्रबाट हस्तक्षेप गरी प्रयोग गरेर सञ्चालन खर्चसमेत व्यहोर्न लगाउनु उचित होइन । त्यसैगरी अन्य कार्यालयको ४४ सवारीसाधनको लागिसमेत इन्धन र मर्मतबापत रु.३ लाख ७४ हजार खर्च पनि व्यहोर्न लगाएको छ । यस्तो कार्यले आयोजनाको सञ्चालन खर्चमा वृद्धि भएको छ ।

२३. **वन अतिक्रमण –** वन विभागबाट प्राप्त विवरण अनुसार ३३ जिल्लामा २०६६।६७ सम्ममा ८८ हजार ४३ हेक्टर वन अतिक्रमण भएको देखिएकोमा २०६७।६८ मा वन अतिक्रमणसम्बन्धी तथ्याङ्क अद्यावधिक गरेको छैन । पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, पोखराले यो वर्ष तयार पारेको नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लाको अतिक्रमण सम्बन्धमा ती जिल्लाहरुका ५९ गाउँ विकास समिति र नगरपालिका क्षेत्रमा १० हजार २९२ हेक्टर वनक्षेत्र अतिक्रमित रहेको उल्लेख गरेकोमा निर्देशनालयको स्थलगत अवलोकनबाट ती क्षेत्रमा १९ हजार ९३८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखाएको छ । विभागले उपलब्ध गराएको तथ्याङ्कभन्दा वास्तविक अतिक्रमित क्षेत्र निकै बढी रहेको देखिएको छ । विभागले अतिक्रमणको यथार्थ लगत तयार गरी त्यस्ता अतिक्रमित क्षेत्र खाली गर्न कार्ययोजना सहितको कार्यक्रम शुरु गरेको छैन ।

२४. **निकासा –** शिक्षा विभागबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७ अनुसार सम्बन्धित विद्यालयहरुले तहसमेत खुलेको स्वीकृत दरबन्दी र हाजिरीका आधारमा चौमासिक रुपमा शिक्षकको तलब भत्ता माग गर्नुपर्ने र जिल्ला शिक्षा कार्यालयले जाँची निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष ३९ जिल्ला शिक्षा कार्यालयले अन्तर्गतका विद्यालयहरुलाई रु.३ करोड २९ लाख ५५ हजार स्वीकृत दरबन्दीभन्दा बढी र अवकाश भएका शिक्षकको तलबसमेत निकासा दिएको छ । सो रकम फिर्ता गर्नुपर्नेमा गरेको छैन ।

२५. **गत वर्षको भुक्तानी –** जिल्ला शिक्षा कार्यालय सप्तरी, धनुषा, पर्सा, रौतहटलगायत ८ जिल्ला शिक्षा कार्यालयले गत वर्ष तलब भत्ता निकासा नदिएको प्रमाणित अभिलेखबेगर यो वर्ष रु ५ करोड ७६ लाख ८१ हजार निकासा दिएको छ । यो रकमको छानबिन गरी फिर्ता गर्नुपर्नेमा गरेको छैन ।

२६. **अभिलेख** – त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले मेडिकल स्टोर्सको लागि रु ८८ लाख ३ हजार र अपरेसन थियटरको लागि रु.८६ लाख ६६ हजारको रिएजेन्ट तथा रसायन खरिद गरी एकमुष्ट ल्यावशाखाको नाममा खर्च गरेको छ । ल्याब शाखाले उक्त रिएजेन्ट तथा रसायन प्रयोग गरी परीक्षण गरेको विवरण र असुल गरेको रकमको रेकर्ड राखेको छैन । अपरेसन थियटर शाखाले पनि उक्त रिएजेन्ट रसायन खर्च गरी प्राप्त गरेको रकमको अभिलेख राखेको पाइएन । ती शाखाहरुले उक्त सामानको प्राप्त परिमाण, खर्च र मौज्दातको अभिलेख पनि राखेको देखिएन ।

अस्पतालको आफ्नै अक्सिजन प्लान्टबाट भएको उत्पादनले नपुगेको उल्लेख गरी एक कम्पनीबाट पटक पटक गरी रु.६ लाख ६६ हजारको ३ किसिमका ६ हजार ९३० सिलिण्डर अक्सिजन खरिद गरेको छ । अस्पतालको अक्सिजन प्लान्टको उत्पादन क्षमता, वर्षभरिको उत्पादन, खपत तथा मौजुदा सिलिण्डरको अभिलेखसमेत राखेको छैन ।

२७. **अनुमति, नवीकरण, रोयल्टी र फ्रिक्वेन्सी –** सूचना तथा सञ्चार मन्त्रालयबाट दूरसञ्चारतर्फको फ्रिक्वेन्सी वितरण गर्दा फ्रिक्वेन्सी प्रयोग गर्नेले तोकिएबमोजिम दस्तुर बुझाउनुपर्ने व्यवस्था दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०५४ ले गरेको छ । यस सम्बन्धमा केही प्रमुख व्यहोरा निम्नानुसार छन्:

२७.१ मन्त्रिपरिषद्को २०५५।१२।१५ को निर्णयलाई आधार मानी नेपाल दूरसञ्चार प्राधिकरण र साविक नेपाल दूरसञ्चार संस्थानबीच जी.एस.एम.मा आधारित सेलुयर मोबाइल सेवा सञ्चालनको लागि सम्झौता अनुसार नवीकरण दस्तुर रु.२० अर्ब लिई नवीकरण गर्नुपर्नेमा निजी क्षेत्रको सेवाप्रदायकले तिरेपछिमात्र तिर्ने गरी २०६६ वैशाखमा रु.१८ करोड ९० लाख अग्रिम भुक्तानी लिई दूरसञ्चार प्राधिकरणले प्रोभिजनल रुपमा नवीकरण गरेको देखियो । सम्झौताअनुसारको राजस्व रु.१९ अर्ब ८१ करोड १० लाख बाँकी राखी प्रोभिजनल रुपमा अनुमतिपत्र नवीकरण गर्नु कानूनसम्मत देखिएन ।

२७.२ नेपाल टेलिकमले तिर्नुपर्ने जी.एस.एम. फ्रिक्वेन्सी ९०० र १८०० प्रविधिको मात्र रु.३७ करोड ९५ करोड २३ लाख राजस्व छुट भएको देखिन्छ ।

२७.३ नेपाल टेलिकमसँग २०६७।६८ सम्म लिनुपर्ने रु.६३ करोड ९० लाख ७४ हजार रोयल्टी असुल गरेको छैन ।

२७.४ आधारभूत टेलिफोन सेवाको रुपमा सी.डी.एम.ए. सेवा सञ्चालनको लागि अनुमति प्राप्त अर्को एक कम्पनीले आधारभूत टेलिफोनबाट मोबाइलसमेत सञ्चालन गरेर सेवाको विस्तार गरी सेवा थप गर्दा दूरसञ्चार नियमावली, २०५४ को नियम ११(१) को अनुसूची ६ मा तोकिएको दरअनुसार लाग्ने अनुमतिपत्र दस्तुर रु.१ करोड ८३ लाख असुल गरेको छैन ।

२७.५ कम्पनीले सम्झौता गर्दा स्वीकार गरेको रोयल्टी (प्रतिबद्ध गरेको रकम) मध्ये २०५९।६० देखि २०६७।६८ सम्मको रु.१ अर्ब ५७ करोड २ लाख ३५ हजारमध्ये रु.२० करोड ७१ लाख ३८ हजारमात्र असुली गरेको र नेपाल सरकारको २०६२।११।२५ को निर्णयले रु.१८ करोड ९४ लाख ५१ हजार छुट दिएको देखियो । सेवाप्रदायकले सेवा सञ्चालन गरेर आय–आर्जन गरी राखेको अवस्थामा पनि रोयल्टी छुट दिने निर्णय गरेको रकमसमेत कट्टा गर्दा रु.१ अर्ब १७ करोड ३६ लाख ४७ हजार असुल हुन बाँकी रहेको छ ।

२७.६ पूर्वाञ्चल क्षेत्रका दूर्गम जिल्लाका गाउँ विकास समितिहरुमा भि–स्याट प्रविधिबाट टेलिफोन सञ्चालन गर्न अनुमति दिएको अर्को एक कम्पनीलाई मोबाइल फोनसमेत सञ्चालन गर्ने थप अनुमतिपत्र दिंदाको अनुमति दस्तुर रु.१ करोड ३२ लाख असुल गरेको छैन । भि–स्याट प्रविधिबाट पूर्वाञ्चल क्षेत्रका बाहेक अन्य २५ जिल्लाका गाउँ विकास समितिमा सेवा पुऱ्याउन अनुमति दिएको अर्को एक कम्पनीलाई पनि मोबाइल फोन सेवा सञ्चालन गर्ने थप अनुमति दिंदा अनुमति दस्तुर रु.७५ लाख असुल गरेको छैन ।

२७.७ नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा मुख्य नेटवर्क स्थापना नभएका २७३ गाउँ विकास समितिमा कम्तीमा २ लाइन टेलिफोन जडान गरी आधारभूत सेवा पुऱ्याउने अनुमति दिएको अर्को एक कम्पनीलाई पनि प्रतिस्पर्धाबेगर मोबाइल फोन सेवा सञ्चालन गर्न थप अनुमति दिंदा अनुमतिपत्र दस्तुर रु.५० लाख घटी असुल गरेको छ ।

२८. **कर बीजक –** सार्वजनिक खरिदमा रीतपूर्वकको कर बीजक लिई मूल्य अभिवृद्धि कर भुक्तानी दिनुपर्नेमा कर बीजक जारी नगरेका वस्तु तथा सेवा खरिद वा निर्माण कार्यको बिलमा मूल्य अभिवृद्धि कर भुक्तानी दिने गरेको देखिएको छ । बीजकबेगर मूल्य अभिवृद्धि कर भुक्तानी दिनेमा स्थानीय विकास, भौतिक योजना तथा निर्माण, सिंचाईलगायतका १३ निकाय/मन्त्रालय रहेका छन् । यस्तो कुल रकम रु.३ करोड ८ लाख ९ हजार रहेको छ । त्यस्तै स्थानीय विकास, गृहलगायतका ८ निकायले मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्ति/फर्मलाई रु.४१ लाख ३ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएका छन् ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको सर्जिकल र बहिरङ्ग सेवाको भवन तथा सार्वजनिक ट्वाइलेट निर्माण गर्ने निर्माण व्यवसायीलाई दोस्रो बिलको रु.८ लाख २१ हजार र एनेक्स तेस्रो भवनको लिफ्ट जडानको कार्य गर्ने निर्माण व्यवसायीलाई प्रथम तथा अन्तिम बिलको रु.२६ लाख २५ हजार भुक्तानी दिँदा कर बीजकबेगर रु.३ लाख ९६ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ ।

डिभिजन सडक कार्यालय २१ ले पुल तथा सडक निर्माण कार्य गर्ने निर्माण व्यवसायीहरुलाई कर बीजक नम्बर टिपेक्स लगाएको, हातले लेखेको, बीजक नम्बर नभएको, मिति उल्लेख नभएको, बीजक नम्बर केरमेट गरी सच्याएको आदि कैफियत भएको कर बीजकको आधारमा १६७ फर्मलाई रु.४ करोड २८ लाख

३९ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको देखियो । डिभिजन सडक कार्यालय, हेटौंडाले एक निर्माण व्यवसायीलाई नम्बर हातले लेखेको कर बीजकको आधारमा रु.२८ लाख ३६ हजार भुक्तानी गरेको छ ।

• आर्थिक विवरण प्रस्तुतीकरण तथा लेखापरीक्षण बक्यौता

२९. **आर्थिक विवरण –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ र आर्थिक कार्यविधि नियम, २०६४ को नियम ८७ ले मन्त्रालयले आफूमातहत कार्यालयबाट भएको सम्पूर्ण आर्थिक कारोबारको विवरण लिई केन्द्रीय आर्थिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र महालेखा नियन्त्रक कार्यालयसँग भिडान गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तर उक्त अवधिमा अधिकांश मन्त्रालयबाट केन्द्रीय आर्थिक विवरण प्राप्त हुन आएको छैन । म्याद नघाई पेश भएका विवरणहरुको पनि समर्थन गर्ने सहायक विवरणहरु संलग्न छैनन् । केन्द्रीय आर्थिक विवरण बनाउन सहयोगी हुने केन्द्रीयस्तरका लेखा राख्ने व्यवस्थालाई मन्त्रालय/निकायले पालना गरेका पनि छैनन् ।

प्राय: सरकारी पूर्णस्वामित्व प्राप्त सार्वजनिक संस्थानले वित्तीय विवरण समयमा तयार नगर्नाले लेखापरीक्षण कार्यमा बाधा पुग्न गएको छ । वित्तीय विवरण समयमा उपलब्ध नगराउनाले लेखापरीक्षण कार्य ढिला हुन गई ती संस्थानले आयकर ऐन, २०५८ अनुसार समयमा आय विवरण दाखिला गर्न नसकी ठूलो मात्रामा शुल्क बुझाउनु परेको स्थिति रहेको छ ।

त्रिभुवन विश्वविद्यालयले विभिन्न स्थानबाट विवरण सङ्कलन गर्नुपर्ने जनाई समयमा वित्तीय विवरण तयार गरी लेखापरीक्षणमा पेश गर्ने गरेको छैन । यो निकायमा सूचना प्रविधिको प्रयोगसमेत भए तापनि कानूनबमोजिमको वित्तीय विवरण समयमा तयार गर्ने गरेको छैन । यस कार्यले विश्वविद्यालयको वित्तीय अनुशासन नाजुक अवस्थामा पुऱ्याएको छ ।

३०. **लेखापरीक्षण बक्यौता** – प्रचलित कानूनले कारोबारको लेखापरीक्षण समयमै गराउनुपर्ने व्यवस्था गरेको छ । सरकारी कार्यालय, त्रिभुवन विश्वविद्यालय, संगठित संस्था, समिति तथा अन्य संस्थाले कानूनले तोकेको समयमा लेखापरीक्षण नगराएकाले बक्यौता बढ्दै गएको छ । यस सम्बन्धमा प्रमुख व्यहोरा देहायअनुसार छ:

३०.१ सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ६३५ इकाईको रु.२ अर्ब ५० करोड ७७ लाख ६६ हजार लेखापरीक्षण बक्यौता रहेकोमा गत वर्ष बक्यौता देखाउन छुट भएको १६७ इकाईको रु.६ करोड ४९ लाख ६९ हजार समायोजन गरी २ हजार ८०२ इकाईका रु.२ अर्ब ५७ करोड २७ लाख ३५ हजार बक्यौता छ । उक्त बक्यौतामा २०३५।३६ देखिको आर्थिक कारोबारसमेत समावेश छ ।

व्यवस्थापिका–संसदको सार्वजनिक लेखा समितिले पटक पटक बक्यौता लेखा पेश गरी लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि यो वर्ष १८ इकाईले रु.१६ करोड १६ लाख ८९ हजारको मात्र बक्यौता लेखापरीक्षण गराएको छ । हुलाक बचत बैङ्क बैंकिङ्ग कारोबारको लेखा गत विगतदेखि अद्यावधिक नगरेकोले लेखापरीक्षण अद्यावधिक भएको छैन ।

समयमा लेखापरीक्षण नगराउनेलाई कुनै कारबाही नगर्ने परिपाटीले बक्यौता लेखापरीक्षणलाई पछि सार्दै लैजाने परम्परा बस्न गएको छ । लामो समयको अन्तरालपछि लेखापरीक्षण गर्नुको कुनै औचित्य रहदैन ।

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र आर्थिक विवरण र लेखा दाखिला गर्नुपर्ने, तदनुसार दाखिला गर्न नसकेमा म्याद थप माग गर्नुपर्ने र म्याद थप पनि माग नगर्ने र लेखा दाखिला पनि नगर्नेलाई जरिबाना र विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । यो वर्ष ११ इकाईको रु.४० करोड ५० लाख ९२ हजार र गतवर्षसम्मको रु.२ अर्ब ४१ करोड १० लाख ४६ हजारसमेत रु.२ अर्ब ८१ करोड ६१ लाख ३८ हजारको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएका छैनन् । गतवर्षभन्दा बक्यौता रु.३० करोड ८३ लाख ७२ हजारले बढेको छ । लेखापरीक्षण बक्यौताको विवरण अनुसूची ३ मा छ ।

३०.२ त्रिभुवन विश्वविद्यालयको एकीकृत वित्तीय विवरण एकातिर पूर्णरुपमा तयार नहुने अर्कोतिर मातहतका क्याम्पसलगायतका शैक्षिक संस्थाहरुले पनि लेखापरीक्षण गराउने कार्यलाई महत्त्व दिई समयमा लेखापरीक्षण नगराएबाट वर्षेनी बक्यौता बढ्दै गएको छ ।

३०.३ नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाहरुको लेखापरीक्षण सम्पन्न गर्न गराउन पेशागत प्रमाणपत्र प्राप्त गरेका लेखापरीक्षकहरु यस कार्यालयबाट समयमा नै नियुक्त गर्ने गरिएको छ । लेखापरीक्षक नियुक्त गरिएका कतिपय संगठित संस्थाले आफ्नो कारोबारसम्बन्धी स्रेस्ता अद्यावधिक रुपमा राखी वित्तीय विवरण समयमा तयार गर्ने नगरेबाट लेखापरीक्षण कार्य सम्पन्न हुन नसकी बक्यौता रहन गएको छ । यो वर्षसम्म १९ संगठित संस्थाको ३७ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहेको देखिएको छ । लेखापरीक्षण गराउने प्रमुख जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेका प्रमुख कार्यकारीको रहने देखिए तापनि सो जिम्मेवारी वहन गर्न चासो राखेको देखिदैन ।

कतिपय संगठित संस्थाको सम्बन्धमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्रेषित भइसकेको अवस्था समेत सम्बन्धित संस्थाको सञ्चालक समितिबाट लेखापरीक्षण प्रतिवेदनउपर कारबाही गरी जवाफ तथा वित्तीय विवरण प्रमाणित गरी उपलब्ध नगराएको कारण अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्न सकिएको छैन । यस्ता संस्थाहरुमा गुठी संस्थान २०५१।५२ देखिको, नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना कालदेखिको, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड २०६४।६५ देखिको, उदयपुर सिमेन्ट उद्योग लिमिटेड २०६२।६३ देखिको लेखापरीक्षण टुंगिन नसकी बाँकी रहेका छन् ।

• पेश्की, बेरुजू र असुलीको स्थिति

३१. **पेश्की** – सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेश्की रु.२१ अर्ब २० करोड १६ लाख ८२ हजार बाँकी रहेको मध्ये रु.६ अर्ब ५६ करोड ३१ लाख ७२ हजार (३०.९५ प्रतिशत) फछ्यौंट गरेकाले रु.१४ अर्ब ६३ करोड ८५ लाख १० हजार बाँकी रहेको छ । उक्त पेश्कीमा यो वर्ष थप भएको रु.९ अर्ब ६७ करोड ७१ लाख ३८ हजारसमेत यो वर्षसम्म कुल पेश्की रु.२४ अर्ब ३१ करोड ५६ लाख ४८ हजार पुगेको छ । पेश्की बाँकीको अद्यावधिक विवरण अनुसूची ८ मा छ ।

त्यसैगरी समिति, अन्य संस्था र जिल्ला विकास समितितर्फ यो वर्षको पेश्की बाँकी रु.६५ करोड ६१ लाख ४ हजार देखिएको छ ।

३२. **बेरुजू स्थिति –** यो वर्ष सरकारी कार्यालय, संगठित संस्था, समिति तथा अन्य संस्था र जिल्ला विकास समितिसमेतको रु.१३ खर्ब ७४ अर्ब ७६ करोड ६० लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा रु.३३ अर्ब २७ करोड १७ हजार बेरुजू देखिन आएको छ । लेखापरीक्षणबाट देखिएको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.५ अर्ब ५७ करोड २९ लाख ९२ हजार (कुल बेरुजूको १६.७५ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्यौंट नगर्ने कार्यालयहरुको नामनामेसी समेत उल्लेख गरी फछ्यौंटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ को व्यवस्थाअनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुलाई पत्र पठाइएको छ । तत्पश्चात् ऐनको उपर्युक्त व्यवस्थाअनुसार कार्यालयको नामनामेसी र फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री/ राज्यमन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.२७ अर्ब ६९ करोड ७० लाख २५ हजार बेरुजू फछ्यौंट हुन बाँकी छ । विस्तृत विवरण अनुसूची १५ र १६ मा छ ।

३३. **बेरुजू वर्गीकरण** – यो वर्ष सरकारी कार्यालय, संगठित संस्था, समिति र जिल्ला विकास समितिको लेखापरीक्षणबाट औंल्याइएको मध्ये प्रतिवेदन अवधिभरमा सम्परीक्षण भई बाँकी रहेका बेरुजूलाई निम्नानुसार वर्गीकरण गरिएको छ:

(रु. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था र जिल्ला विकास समिति	जम्मा
जम्मा बेरुजू	**२२,५०,३६,५०**	**५,१९,३३,७५**	**२७,६९,७०,२५**
१. **असुल गर्नुपर्ने**	**१,९०,६०,७२**	**१,०२,३६,४७**	**२,९२,९७,१९**
२. **नियमित गर्नुपर्ने**	**१०,९२,०४,४०**	**३,५१,३६,२४**	**१४,४३,४०,६४**
• अनियमित भएको	१,९६,९७,३३	१,५७,४२,२०	३,५४,३९,५३
• प्रमाण कागजात पेश नभएको	८,५२,२९,३५	१,८०,४१,२७	१०,३२,७०,६२
• जिम्मेवारी नसारेको	२५,१८,३१	७,४३	२५,२५,७४
• शोधभर्ना नलिएको	१७,५९,४१	१३,४५,३४	३१,०४,७५
३. **पेश्की**	**९,६७,७१,३८**	**६५,६१,०४**	**१०,३३,३२,४२**
• कर्मचारी पेश्की	१६,२८,९३	८,३१,२८	२४,६०,२१
• अन्य पेश्की	९,५१,४२,४५	५७,२९,७६	१०,०८,७२,२१

बेरुजू वर्गीकरण अनुसूची १५ र १६ मा छ ।

विनियोजन, राजस्व र धरौटीको बेरुजू वर्गीकरण



३३.१ उपर्युक्त बेरुजूमध्ये रकमगत आधारमा बढी बेरुजू हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	स्थानीय विकास	४,३५,६६,३६	१९.३६	२	भौतिक योजना तथा निर्माण	४,२९,२७,७८	१९.०८
३	शिक्षा	३,९२,५७,१८	१७.४४	४	अर्थ	२,४८,२६,१५	११.०३
५	रक्षा	१,२३,१३,५५	५.४७				

यी पाँच मन्त्रालयमा सरकारी कार्यालयको कुल बेरुजूको ७२.३८ प्रतिशत रहेको छ ।



३३.२ सरकारी कार्यालयतर्फ यो वर्ष विनियोजन, राजस्व र धरौटीको लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.२ अर्ब २३ करोड ८० लाख १३ हजारमध्ये लेखापरीक्षणको क्रममा र प्रतिवेदन पठाएपछि रु.३३ करोड १९ लाख ४१ हजार असुल भई रु.१ अर्ब ९० करोड ६० लाख ७२ हजार असुल हुन बाँकी छ । सोमध्ये असुल गर्न बाँकी बेरुजू बढी हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	अर्थ	१,०१,७४,७६	५३.३८	२	कृषि तथा सहकारी	३१,३७,११	१६.४६
३	भौतिक योजना तथा निर्माण	१६,३५,३८	८.५८	४	भूमिसुधार तथा व्यवस्था	११,०५,३८	५.८०
५	शिक्षा	६,७३,५२	३.५३				

असुल गर्नुपर्ने बेरुजूमध्ये ५ मन्त्रालयको मात्र रु.१ अर्ब ६७ करोड २६ लाख १५ हजार (८७.७५ प्रतिशत) देखिएको छ ।

३४. **समष्टिगत बेरुजू** – सरकारी कार्यालय, समिति तथा अन्य संस्था र जिल्ला विकास समिति समेतको यस वर्षको लेखापरीक्षणबाट रु.२७ अर्ब ६९ करोड ७० लाख २५ हजार बेरुजू देखिएको छ । यस वर्षसम्मको फछ्यौंट गर्न कुल बाँकी रु.८८ अर्ब ७ करोड ६३ लाख ३५ हजार बाँकी छ । यसमा संगठित संस्थातर्फको बेरुजू अङ्क समावेश छैन । यसको विस्तृत विवरण अनुसूची १७ र १८ मा छ ।

३५. **बेरुजू अङ्क** – सरकारी कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
सतचालीसौं	३,६८,८३,७७,५६	१६,७३,४८,७७	४.५३
अठचालीसौं	४,६७,३७,५०,३०	१८,९२,९२,७१	४.०५
उनन्चासौं	५,२७,५६,०८,००	२२,५०,३६,५०	४.२६



३६. **असुली –** यो वर्ष यस कार्यालयले स्थलगत लेखापरीक्षणको क्रममा बेरुजू औंल्याएपछि ३१ निकाय/मन्त्रालयले रु.१७ करोड २२ लाख ४७ हजार असुल गरेका छन् भने लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन दिएपछि २६ निकाय/मन्त्रालयले रु.१५ करोड ९६ लाख ९४ हजार असुल गरेका छन् । गत विगत वर्षको लेखापरीक्षणबाट देखिएको बेरुजू सम्परीक्षणको क्रममा २७ निकाय/मन्त्रालयले रु.३६ करोड ५ लाख २ हजार असुल गरेको र अन्य निकायको लेखापरीक्षणबाट रु.१ करोड ९५ लाख ४० हजार असुल गरेको समेत यो वर्ष लेखापरीक्षणबाट कुल रु.७१ करोड १९ लाख ८३ हजार असुल भई दाखिला भएको छ । असुलीको विवरण अनुसूची ९ मा छ ।

संविधानसभा व्यवस्थापिका–संसद सचिवालय

व्यवस्थापिका–संसद सचिवालयको यो वर्ष विनियोजनतर्फ रु.७० करोड ९३ लाख ६ हजार, राजस्वतर्फ रु.१९ लाख ४० हजार, धरौटीतर्फ रु.३४ लाख ९४ हजार र अन्य कारोबारतर्फ रु.१८ करोड ४६ लाख ४९ हजारसमेत रु.८९ करोड ९३ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कर्मचारी खर्च** – संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०५२ को दफा १४ (१) अनुसार विभिन्न पदाधिकारी र सदस्यहरुले स्वकीय सचिवको सुविधा पाउने उल्लेख छ । स्वकीय सचिव सुविधाबापत यो वर्ष रु.१० करोड ९५ लाख ६० हजार व्यवस्थापिका–संसदका सदस्यहरुलाई भुक्तानी दिई खर्च लेखेको मध्ये रु.९ करोड ६६ लाख ८ हजार सम्बन्धित स्वकीय सचिवले बुझिलिएको भरपाई पेश भए तापनि रु.१ करोड २९ लाख ५२ हजारको भरपाई पेश भएन ।

२. **इन्धन एवं कर्मचारी खर्च –** संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएको सुविधाको अलावा विभिन्न संसदीयदलका नेता, प्रमुख सचेतक, सचेतकलगायतका २४ पदाधिकारीलाई मन्त्रिपरिषद्को विभिन्न मितिको निर्णयअनुसार पेट्रोल १८० लिटर, स्वकीय सचिवालयका कर्मचारीको खर्च मासिक रु.८ हजार, हल्का सवारीचालक एक र मर्मत सम्भारसमेत गर्ने गरी गाडी सुविधा उपलब्ध गराई यो वर्ष रु.८८ लाख २ हजार खर्च लेखेको पाइयो । यस्तो सुविधा ऐनमा समावेश गरेर उपलब्ध गराउनुपर्ने देखिन्छ ।

३. **खाजा र अतिरिक्त समय खर्च –** व्यवस्थापिका–संसद सचिवालयमा काजमा आएका कर्मचारी, सुरक्षा निकायका कर्मचारी, मर्यादापालक, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका कर्मचारी गरी करिब ५४२ कर्मचारीलाई खाजा खर्च र अतिरिक्त समय काम गरेबापत दैनिक रु.२४०।– का दरले वर्षभरिमा रु.२ करोड ९९ लाख ६१ हजार नगद भुक्तानी दिएको छ । आयकर ऐन, २०५८ को दफा ८ बमोजिम सम्बन्धित कर्मचारीको पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक कर कट्टी गरेको पाइएन । सो रकम पारिश्रमिक आयमा समावेश गरी १५ प्रतिशतका दरले मात्र कर कट्टा गर्दा पनि रु.४४ लाख ९४ हजार कर छुट हुन गएको छ ।

४. **खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले सार्वजनिक निकायले खरिद कार्य गर्दा मालसामान, निर्माण कार्य र सेवाको विवरण, लागत अनुमान एवं वार्षिक खरिद योजना तयार गर्नुपर्ने र रु.१० लाखभन्दा बढीको मालसामान, सेवा वा निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

४.१ कार्यालयसम्बन्धी खर्चको लागि रु.२ करोड ३५ लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ३९ लाख ६८ हजार खर्च भएको देखिन्छ । मसलन्द तथा कार्यालय सामान आपूर्तिको लागि बोलपत्र माग गरी २०६७।११।६ मा एक आपूर्तकसँग मूल्य अभिवृद्धि करबाहेक रु.३२ लाख ८७ हजारमा ११९ आइटम खरिद गर्न सम्झौता गरेको छ । सो सम्झौता हुनुभन्दा अगाडि गत वर्षको आपूर्तकसँग ३ महिनाको अवधि थप गरी रु.१९ लाख २३ हजारको सामान खरिद गरेको समेत बोलपत्रको माध्यमबाट जम्मा रु.५२ लाख १० हजारको खरिद गरेको छ । बाँकी रु.८७ लाख ५८ हजारको खरिद कार्य सोझै गरेको देखिएको छ ।

४.२ पूँजीगत सुधारको लागि यो वर्ष रु.३० लाख बजेट विनियोजन भएकोमा रु.२९ लाख ४४ हजार खर्च लेखेको छ । सामान्यतया एकै प्रकृतिको मर्मत कार्य जस्तै बाटो, छाना, शौचालय, सिलिङ, ग्यारेज, चौतारी मर्मत, रंगरोगन र ढुङ्गा छाप्ने जस्ता कार्यहरु टुक्राटुक्रा पारी सोझै खरिद गरी खर्च लेखेको देखियो ।

- **सचिवालयको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

५. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा रु.१ लाख १४ हजार र प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१९ हजारसमेत रु.१ लाख ३३ हजार असुल भएको छ ।

६. **पेश्की** – सचिवालयमा २०६८ असार मसान्तमा रु.७ लाख ३ हजार म्याद ननाघेको पेश्की बाँकी रहेको छ । गत विगतको समेत कुल रु.९६ लाख ४८ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

७. **सम्परीक्षण** – सचिवालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

७.१ सचिवलायको यो वर्ष रु.३ करोड ८५ लाख ९० हजार बेरुजू देखिएको छ ।

७.२ वार्षिक प्रतिवेदन, २०६२ पछिको बेरुजूमध्ये सचिवालयले प्रतिवेदन अवधिसम्म रु.२ लाख ९५ हजार बेरुजू फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

७.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.८ लाख ६९ हजार बेरुजू फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.११ लाख ६४ हजार बेरुजू फछ्यौंट भएको छ ।

सर्वोच्च अदालत

सर्वोच्च अदालत र मातहतका समेत १०२ कार्यालयको विनियोजनतर्फ रु.१ अर्ब ४८ करोड ३० लाख ७० हजार, राजस्वतर्फ रु.२६ करोड ७१ लाख ९९ हजार, धरौटीतर्फ रु.१ अर्ब ६ करोड ३९ लाख १९ हजार र अन्य कारोबारतर्फ रु.१९ लाख ७४ हजार गरी रु.२ अर्ब ८१ करोड ६१ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखापरीक्षण –** सर्वोच्च अदालतअन्तर्गत राष्ट्रसंघीय विकास कार्यक्रमको स्रोतबाट सञ्चालिन न्यायमा पहुँच अभिवृद्धि परियोजनामा रु.४ करोड ६२ लाख ३१ हजार खर्च भएको छ । नेपाल सरकार र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमबीच २५ फेब्रुवरी २००८ मा भएको सम्झौतामा अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने उल्लेख छ । उक्त खर्चको लेखापरीक्षण गराउन २०६८।१०।८ मा सर्वोच्च अदालतलाई अनुरोध गरेकोमा लेखापरीक्षणको लागि स्रेस्ता पेश भएको छैन ।

२. **पूर्वनिर्धारित क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) मा ठेक्काको म्याद थप गर्ने प्रावधान रहेको छ । सर्लाही जिल्ला अदालतले २०६५ चैत्र मसान्तमा निर्माण सम्पन्न गर्ने गरी भएको कार्यालय भवन निर्माणसम्बन्धी ठेक्काको म्याद पटकपटक गरी २०६८ असोज मसान्तसम्म थप गरेकोमा लेखापरीक्षण अवधि २०६८।९।१ सम्म कार्य सम्पन्न भएको देखिएन । यो वर्ष खर्च लेखेको रु.२७ लाख ८१ हजार निर्माण व्यवसायीलाई भुक्तानी नदिई कार्यालयको धरौटी खातामा जम्मा गरेको छ । मोबिलाइजेसन पेश्की रु.२५ लाख ९९ हजार बाँकी रहेकोमा यो वर्ष खर्च लेख्दा पेश्की कट्टा गरेको समेत देखिएन । म्याद थप गर्दा निर्माण व्यवसायी र अदालतबीच भएको सहमतिमा २०६८ असोज मसान्तसम्म कार्य सम्पन्न गर्न नसकेमा २०६७।९।१ देखिकै क्षतिपूर्ति तिर्ने उल्लेख भएकोले ठेक्का रकम रु.३ करोड ६२ लाख ३ हजारको १० प्रतिशतले हुने रकम रु.३६ लाख २० हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुलउपर हुनुपर्दछ ।

३. **लगत फरक –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र लगती राजस्वको रकम र असुल हुन बाँकी रकम तथा हसवली राजस्व समेतको कच्चावारीसमेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका केही व्यहोरा निम्नानुसार छन्:

३.१ लेखापरीक्षणको लागि यो वर्ष पेश भएको आर्थिक विवरणअनुसार राजस्व लगत जिम्मेवारी सार्दा झापा जिल्ला अदालतले रु.१३ करोड १३ लाख १६ हजार र सिन्धुपाल्चोकले रु.२१ लाख ७४ हजार घटी हुने गरी जिम्मेवारी सारेको छ ।

३.२ यो वर्ष ११ जिल्ला अदालतले राजस्वको आर्थिक विवरणमा लगत कट्टा र मिनाहाको पुष्टि गर्ने प्रमाण कागजातबेगर रु.१० करोड ६१ लाख ६३ हजार राजस्वको लगतबाट घटाएको छ ।

३.३ यो वर्ष ९ जिल्ला अदालतको राजस्वतर्फको तहसिल शाखाको अभिलेख र लेखापरीक्षणमा पेश भएको आर्थिक विवरणमा रु.१६ करोड ६८ लाख ७६ हजार फरक परेको छ ।

३.४ आठ जिल्ला अदालतले लेखापरीक्षणलाई पेश गरेको आर्थिक विवरणमा रु.३५ करोड ८५ लाख ५ हजार लगती राजस्व देखाएकोमा सोको लगत अभिलेख लेखापरीक्षणमा पेश भएन ।

४. **बढी पेश्की –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) को उपनियम (१) मा सार्वजनिक निकायले पेश्की दिंदा खरिद सम्झौताबमोजिम बढीमा २० प्रतिशतले हुने रकममात्र मोबिलाइजेसन पेश्की दिनुपर्ने व्यवस्था छ । पुनरावेदन अदालत जनकपुरले एक निर्माण व्यवसायीलाई सम्झौता रकम रु.२८ लाख २२ हजार भएकोमा रु.१४ लाख १८ हजार पेश्की उपलब्ध गराएको छ । यसप्रकार नियमविपरीत दिएको बढी पेश्की रु.८ लाख ५४ हजार असुल गरिनुपर्दछ ।

५. **भवन निर्माण –** काठमाडौं जिल्ला अदालत भवनको निर्माण कार्य रु.२५ करोड ५९ लाख २६ हजारमा २०६८।३।१७ मा सम्पन्न गर्न २०६५।३।१८ मा एक संयुक्त उपक्रमको निर्माण कम्पनीसँग सम्झौता भएको छ । उक्त कार्यको २०६८ चैत्रसम्म म्याद थप भई यो वर्षसम्म रु.१९ करोड ७० लाख ५५ हजार भुक्तानी भएको छ । यो वर्ष ४ रनिङ बिलबाट रु.४ करोड २४ हजार खर्च लेखेको मध्ये रु.३६ लाख १ हजार मूल्य समायोजनबापत भुक्तानी दिएको छ । सम्झौतामा निर्माण व्यवसायीले कबोल अङ्कमा ९.४४ प्रतिशतले घटीमा काम गर्न मन्जुर गरेकोले सोअनुसार मूल्य समायोजनबापत भुक्तानी दिंदा सोही अनुपातमा घटाई भुक्तानी दिनुपर्नेमा पूरै भुक्तानी दिएकोले बढी भुक्तानी भएको मूल्य अभिवृद्धि करसमेत रु.३ लाख ८४ हजार असुल हुनुपर्दछ ।

- **अदालत र मातहत कार्यालयको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

६. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ९ अदालतबाट रु.७१ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३ अदालतबाट रु.१६ हजार र सम्परीक्षणको क्रममा रु.१ लाख ३४ हजारसमेत रु.२ लाख २१ हजार असुल भएको छ ।

७. **पेश्की** – सर्वोच्च अदालतअन्तर्गतका अदालतमा २०६८ असार मसान्तमा १५ अदालतको रु.२ करोड ९६ लाख २२ हजार पेश्की देखिएको छ । पेश्की बाँकीमध्ये रु.४९ लाख ८९ हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.२१ करोड ७३ लाख ६७ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

८. **सम्परीक्षण** – सर्वोच्च अदालत र मातहत अदालतको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

८.१ सर्वोच्च अदालत र मातहत अदालतहरुमा यो वर्ष रु.४६ करोड ७१ लाख ९९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ३४ लाख ८ हजार फछ्यौंट गरेकोले रु.३९ करोड ३७ लाख ९१ हजार बाँकी रहेको छ ।

८.२ सर्वोच्च अदालतले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.१ करोड २० लाख २१ हजार फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

८.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.१ करोड १८ लाख ३८ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.२ करोड ३८ लाख ५९ हजार बेरुजू फछ्यौंट भएको छ ।

निर्वाचन आयोग

आयोग र मातहतसमेत ७६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.९४ करोड ५६ लाख ३ हजार, राजस्वतर्फ रु.७ लाख ७१ हजार, धरौटीतर्फ रु.२३ लाख ७६ हजार र अन्य कारोबारतर्फ रु.७९ करोड ४२ लाख ६९ हजार गरी रु.१ अर्ब ७४ करोड ३० लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको रु.७७ करोड ६६ लाख ५० हजार र डानिडाको अनुदान रु.१ करोड ७६ लाख १९ हजारसमेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति** – आयोगको स्वीकृत कर्मचारी दरबन्दी ११० मध्ये ९४ पदपूर्ति भई १६ पद रिक्त छ । आयोगमा गत वर्षदेखि १४ कर्मचारी काजमा रहेकोमा यो वर्ष २ थपसमेत १६ कर्मचारी अन्यत्रबाट काजमा राखी तलब भत्तामा रु.१० लाख ४८ हजार, प्रोत्साहन भत्ता र खाजा खानामा रु.११ लाख १५ हजारसमेत रु.२१ लाख ६३ हजार खर्च लेखेको छ । निर्वाचन आयोग ऐन, २०६३ को दफा ११ अनुसार अस्थायी दरबन्दी सिर्जना गरी यो वर्ष विभिन्न पदमा २७ जनालाई करार सेवामा नियुक्ति गरी तलब भत्तामा रु.१७ लाख ६६ हजार र प्रोत्साहन भत्ता र खाजा खाना खर्चमा रु.१८ लाख २३ हजारसमेत रु.३५ लाख ८९ हजार खर्च लेखेको देखियो ।

२. **प्रोत्साहन भत्ता –** आयोग र मातहत कार्यालयसमेतका कर्मचारीहरुलाई यो वर्ष फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालन अवधिमा आयोगको २०६७।१०।१७ को निर्णयानुसार सुरु तलब स्केलको २५ प्रतिशत खुद भुक्तानी पाउने गरी भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । प्रोत्साहन भत्ता खर्च लेख्दा तलब स्केलको २५ प्रतिशतमात्र खर्च लेख्नुपर्नेमा करबापत ४.४१ प्रतिशतसमेत थपी आयोगले १४५ कर्मचारीलाई रु.४ लाख १ हजार र मातहतका ७ कार्यालयले रु.१ लाख ५२ हजारसमेत रु.५ लाख ५३ हजार भुक्तानी गरेको छ । करबापत सुविधा थप गर्न मिल्ने देखिएन ।

३. **खरिद प्रक्रिया –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ ले व्यवस्था गरेअनुसार सार्वजनिक निकायले दशलाख रुपैयाँसम्मको मालसामान, निर्माण कार्य वा अन्य सेवा प्राप्त गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट र नियम ३१ अनुसार दशलाखभन्दा बढीको कार्य गराउँदा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । आयोगले यो वर्ष ३ सार्वजनिक संस्थानबाट रु.२ करोड ९५ लाख ८५ हजारको वस्तु तथा सेवा पटकपटक गरी सीधै खरिद गरेको छ ।

४. **मतदाना नमावली** – यो वर्ष निर्वाचन आयोगले देशका ७५ जिल्लामा फोटोसहित मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालनको लागि नेपाल सरकारको स्रोतबाट गाउँ विकास समितिहरुको कार्यक्रममा रु.७५ करोड ३२ लाख २४ हजार र शान्ति कोषको रकमबाट नगरपालिकाहरुमा रु.१५ करोड ६५ लाख ८३ हजारसमेत रु.९० करोड ९८ लाख ७ हजार खर्च गरेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

४.१ आयोगबाट प्राप्त विवरणमा २०६३ को मतदाता संख्या १ करोड ७६ लाख ११ हजार ८३२ रहेकोमध्ये ९९ लाख ९८ हजार ५२७ को नामावली दर्ता गरिएको उल्लेख छ । दर्ता संख्यामध्ये सबैभन्दा कम ९ प्रतिशत बाँकेमा र सबैभन्दा बढी बर्दिया जिल्लामा ९९.७३ प्रतिशत रहेको उल्लेख छ ।

४.२ फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रममा ८ जिल्ला निर्वाचन कार्यालयले गाउँ विकास समितितर्फ रु.९८ लाख ६३ हजार र नगरपालिका कार्यक्रमतर्फ १२ जिल्लाले रु.५६ लाख २ हजारसमेत रु.१ करोड ५४ लाख ६५ हजार बिल भरपाईबेगर खर्च गरेकाले प्रमाण कागजात प्रस्तुत गरिनुपर्दछ ।

४.३ बारा जिल्ला निर्वाचन कार्यालयको लागि निर्वाचन आयोगबाट शान्ति कोषतर्फका रु.२२ लाख ८९ हजार पेश्की उपलब्ध गराएकोमा रु.१५ लाख ३६ हजार खर्च भई रु.७ लाख ५३ हजार बचत रहेको मध्ये रु.१ लाख ८० हजारमात्र फिर्ता भएकोले बाँकी रु.५ लाख ७३ हजार फिर्ता लिई सञ्चित कोष दाखिला हुनुपर्दछ ।

४.४ निर्वाचन आयोगबाट स्वीकृत भएको नगरपालिकातर्फको कार्यक्रम कार्यान्वयन योजनाको तोकिएको बजेट रकमभन्दा ७ जिल्ला निर्वाचन कार्यालयमा रु.२० लाख ३७ हजार बढी निकासा दिएको देखियो । थप रकम

निकासा दिन सम्बन्धित कार्यालयाट माग गरेको तथा आयोगबाट थप रकम दिने प्रमाण एवं पुष्ट्याईबेगर निकासा दिनु उचित भएन ।

५. **वैदेशिक सहयोग** – आयोग र डानिडा हिगोबीच भएको समझदारीपत्रअनुरसार आयोगलाई भोटर रजिष्ट्रेशन पाइलट प्रोजेक्ट सञ्चालन गर्न प्राप्त रकममध्ये गत वर्षबाट जिम्मेवारी सरी आएको रु.१ करोड ७६ लाख १९ हजारबाट यो वर्ष रु.५ लाख ९३ हजार खर्च गरी रु.१ करोड ६२ लाख ९९ हजार दातालाई नै फिर्ता गरी रु.७ लाख २७ हजार मौज्दात रहेको देखियो ।

६. **वस्तुगत सहायता –** आयोगका लागि यस वर्ष संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलगायतका विभिन्न दातृसंस्था तथा निकायबाट ल्यापटप कम्प्युटर, जेनेरेटरलगायतका यन्त्र उपकरण, मेसिनरी औजार तथा फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रमसम्बन्धी निर्देशिका, पुस्तिका, फारामसमेतका सामग्रीहरु प्राप्त भएको छ । आयोगबाट प्राप्त वस्तुगत सहायतासम्बन्धी विवरणअनुसार मतदाता नामावली सङ्कलनसम्बन्धी सामग्रीहरुको मूल्य खुलाएको छैन । ल्यापटप कम्प्युटरसमेत ५ किसिमका मेसिनरी औजार, यन्त्र उपकरणसमेतको अमेरिकी डलर ३३ लाख ३९ हजारको हुने रु.२३ करोड ८९ लाख ५ हजार तथा जेनेरेटर ७६७ थानको रु.२ करोड ४२ लाख ९५ हजारसमेत रु.२६ करोड ३२ लाखको मूल्य खुलाई विवरण प्राप्त भए तापनि आर्थिक विवरणमा समावेश गरेको देखिएन ।

७. **मौज्दात –** आयोग र मातहत कार्यालयका लागि फोटोसहितको नामावली सङ्कलन कार्यक्रमका लागि शान्ति कोष सचिवालयबाट २०६६।६७ मा प्राप्त भई मौज्दात रहेको रु.३७ करोड ९१ लाख ५० हजारमध्ये यो वर्ष रु.१९ करोड ६४ लाख ५९ हजार खर्च भई रु.१८ करोड २६ लाख ९१ हजार शान्ति कोष सचिवालयमा फिर्ता पठाएको छ । यो वर्ष भएको खर्चमध्ये फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रमअन्तर्गत ४३ जिल्लाका ५८ नगरपालिकामा रु.१५ करोड ५६ लाख ७९ हजार पेश्की खर्च लेखेकोमा उक्त पेश्की २०६८।६९ मा फछ्यौंट गरेकोले रु.१४ करोड ८८ लाख १० हजारमात्र खर्च भई रु.६८ लाख ६९ हजार बाँकी रहेको र पेश्की फछ्यौंट गर्दा नगद फिर्ता आएको रु.८ लाख ५० हजारसमेत रु.७७ लाख १९ हजार सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

- **आयोगको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

८. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ८ कार्यालयबाट रु.८ लाख २५ हजार, प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ८ कार्यालयबाट रु.८० हजार र सम्परीक्षणको क्रममा रु.११ लाख ३८ हजारसमेत रु.२० लाख ४३ हजार असुल भएको छ ।

९. **पेश्की** – आयोग र अन्तगर्तका ४ कार्यालयमा २०६८ असार मसान्तमा रु.४६ लाख ८८ हजार पेश्की बाँकी देखिएको छ । पेश्की बाँकीमध्ये रु.३४ लाख २६ हजार म्याद नाघेको रहेको छ । गत विगतको समेत कुल रु.१ करोड १४ लाख १० हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१०. **सम्परीक्षण** – आयोग र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१०.१ आयोग र मातहत कार्यालयमा यो वर्ष रु.४ करोड ७६ लाख ७६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ लाख ३ हजार फछ्यौंट गरेकोले रु.४ करोड ७२ लाख ७३ हजार बाँकी रहेको छ ।

१०.२ आयोगले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.१ करोड ८१ लाख ८ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१०.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.५५ लाख ४४ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.२ करोड ३६ लाख ५२ हजार बेरुजू फछ्यौंट भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग र मातहतसमेत ९ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.५ करोड ३४ लाख ५ हजार, राजस्वतर्फ रु.११ लाख ९ हजार, धरौटीतर्फ रु.३ लाख २२ हजार र अन्य कारोबारतर्फ रु.४ करोड १६ लाख १४ हजारसमेत रु.९ करोड ६४ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **थप सुविधा** – कर्मचारी सञ्चय कोष ऐन, २०१९ को नियम २(ख) अनुसार यस ऐनको प्रयोजनको निमित्त कर्मचारी भन्नाले स्थायी कर्मचारी सम्झनुपर्ने उल्लेख छ । आयोगको कर्मचारीहरुको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ अनुसार करार वा अस्थायी कर्मचारीलाई सञ्चय कोषबापत थप खर्च लेख्न मिल्ने प्रावधान छैन । यो वर्ष करारका १३४ कर्मचारीको लागि करार हुँदाको अवस्थामा कर्मचारी सञ्चय कोषको सुविधा समेत पाउने गरी करार भएको आधार देखाई कर्मचारी सञ्चय कोषबापत रु.७ लाख ३३ हजार थप खर्च लेखेको पाइयो ।

२. **अनुदान सहयोग –** मानव अधिकार आयोगको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट आयोगका सचिव र दि एसिया फाउण्डेसनबीच आयोगलाई रु.८० लाख ५२ हजार अनुदान उपलब्ध गराउने सम्झौता भएकोमा २० अप्रिल २०१० मा भएको समझदारीबाट रु.७२ लाख ४८ हजार कायम गरेको छ । कार्यक्रमको अवधि ३१ अगष्ट २०११ सम्म रहेकोमा रु.४० लाख २६ हजार मात्र प्राप्त गरेको देखिएकोले दाताले दिन मन्जुर गरेको रकम पूर्ण रुपले उपयोग गर्न सकेको देखिएन ।

४. **लेखापरीक्षण –** नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय निकायबीच भएको समझदारीअनुसार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबाट प्राप्त रकमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्ने व्यवस्था रहेकोमा आयोगलाई यो वर्ष उक्त कार्यक्रमबाट उपलब्ध भएको रु.१ करोड ४७ लाख ३० हजारको लेखापरीक्षण गराएको छैन ।

- **आयोग र मातहत कार्यालयको प्रतिवेदन अवधिको पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

५. **पेश्की** – आयोग र मातहत कार्यालयको २०६८ असार मसान्तमा रु.१७ लाख ३७ हजार म्याद ननाघेको पेश्की बाँकी रहेको छ । गत विगतको समेत कुल रु.१८ लाख ३३ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

६. **सम्परीक्षण** – आयोग र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छ:

६.१ आयोग र मातहत कार्यालयतर्फ यो वर्ष रु.३५ लाख ४ हजार बेरुजू देखिएको छ ।

६.२ वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये रु.१६ लाख ८५ हजार बेरुजू फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतसमेत ४ कार्यालयको यो वर्ष विनियोजनतर्फको रु.३ अर्ब ३९ करोड ८३ लाख ९६ हजार, राजस्वतर्फ रु.७१ हजार, धरौटीतर्फ रु.१२ लाख ५९ हजार गरी रु.३ अर्ब ३९ करोड ९७ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

कार्यालयमातहतका अन्य संस्था ४ को रु.१५ करोड २८ लाख ६३ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **प्राविधिक सहायता** – अर्थमन्त्रीबाट २०६७।६८ को आय–व्यय वक्तव्यसाथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोत तालिकामा नपरेको) मा यो कार्यालयसँग सम्बन्धित लैङ्गिक हिंसा विरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन कार्यक्रमका लागि दि एसिया फाउण्डेसनबाट अमेरीकी डलर १ लाख ३ हजारको हुने रु.७३ लाख ८६ हजार प्राप्त हुने उल्लेख छ । उक्त सहायताको सम्झौता, उपलब्धि र खर्चको स्रेस्ता एवं आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

२. **खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले खरिद कार्य गर्दा मालसामान, निर्माण कार्य र सेवाको विवरण, लागत अनुमान र वार्षिक खरिद योजना तयार गर्नुपर्ने एवं रु.१० लाखभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउंदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालय सम्बन्धी सामान खरिद गरी रु.१ करोड ६५ लाख ६८ हजार, फर्निचर खरिदबापत रु.४ लाख ८७ हजार, सफ्टवेयरलगायतको परामर्श कार्यमा रु.१९ लाख ५१ हजार, मेसिनरी औजार खरिदमा रु.१२ लाख २९ हजार र खाद्य सामग्री तथा खाजाखाना आपूर्तिबापत रु.१ करोड ११ लाख ६४ हजारसमेत रु.३ करोड १३ लाख ९९ हजार सोझै खर्च लेखेको पाइयो ।

३. **सवारीसाधन र इन्धन खर्च –** यस कार्यालयमा ४४ सवारीसाधन सञ्चालनमा रहेको मध्ये २१ मात्र कार्यालयको स्वामित्वमा रहेको छ । अन्य निकायबाट प्राप्त २३ मध्ये नेपाल विद्युत प्राधिकरणबाट प्राप्त गाडी २०६७।१२।१७ को मन्त्रिपरिषद्को निर्णय अनुसार नेपाल सरकारले खरिद गर्ने उल्लेख छ । सो निर्णय कार्यान्वयन भएको देखिएन । गृह मन्त्रालय, सिंचाई विभाग, अर्थ मन्त्रालय, मेलम्ची खानेपानी आयोजना समेतबाट सवारीसाधनहरु प्राप्त भई प्रयोगमा ल्याएकोमा ती निकायबाट हस्तान्तरण भएको देखिएन ।

गरिबी निवारण कोष

गरिबी निवारण कोषका कार्यक्रमहरु अत्यन्त विपन्न जिल्लाका रुपमा वर्गीकृत जिल्लामा सञ्चालित छ । यो कार्यक्रम २०६१।६२ मा ६ जिल्लामा सुरु भएकोमा एक वर्षपछि थप १९ जिल्ला र २०६४।६५ मा १५ जिल्लामा विस्तार गरी हाल ४० जिल्लामा सञ्चालन भइरहेको छ । यी जिल्ला बाहेकका अन्य १० जिल्लामा नवीन सोंचमा आधारित विशेष सिर्जनशील प्रस्तावअन्तर्गत कार्यक्रम सञ्चालन भइरहेको छ ।

कोषले नेपाल सरकारद्वारा निर्धारित २० वर्षको अवधिमा गरिबीको स्तरलाई १० प्रतिशतमा झार्ने, तथा सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्न गरिब महिला, दलित र जनजातिलाई अधिकतम मात्रामा परिचालन गर्दै मागमा आधारित कार्यक्रममा प्रत्यक्ष लगानी गरी चार वर्षको कार्यक्रम अवधिमा ९० हजार घर परिवारसम्म पुग्ने उद्देश्य

राखेको छ । कोषले यो बर्ष रु.२ अर्ब ६० करोड १२ लाख ८३ हजारसमेत हालसम्म रु.१० अर्ब ५६ करोड १९ लाख ३२ हजार खर्च गरेको छ ।

४. **बजेटभन्दा बढी खर्च** – यो वर्ष कोषले ९ जिल्लामा सामुदायिक संस्थाहरुलाई रु.१२ करोड ९२ लाख ३७ हजार र सहयोगी संस्थाहरुलाई रु. १ करोड ५३ लाख ८८ हजार स्वीकृत बजेटभन्दा बढी अनुदान खर्च लेखेको छ । उक्त खर्च सञ्चालक समितिबाट स्वीकृत भएको छैन ।

५. **बैङ्क ब्याज –** सञ्चालक समितिको २०६७।४।१४ मा बसेको बैठकले राष्ट्रिय वाणिज्य बैङ्क थापाथलीमा रहेका मुख्य खाता, कार्यक्रम खाता र सञ्चालन खातासमेत ३ खातालाई स्पेशल कल डिपोमा परिणत गरी वार्षिक ५.५ प्रतिशत ब्याज प्रदान गर्ने बैङ्कबाट जानकारी गरिएबमोजिम सो बैङ्कमा एक छुट्टै ब्याज खाता खोल्ने निर्णय गरेको थियो । राष्ट्रिय वाणिज्य बैङ्कबाट ब्याज कर कट्टी गरी २०६७ चैत्र मसान्तसम्म रु.६१ लाख ७ हजार र २०६८ वैशाखदेखि आषाढ मसान्तसम्म रु.५८ लाख ७३ हजारसमेत १ करोड १९ लाख ८१ हजार ब्याज प्राप्त भएको र सो रकम हालसम्म कोषको खातामा रहेको छ । उक्त ब्याज आम्दानीमध्ये रु.५८ लाख ७३ हजार यो वर्ष आम्दानीमा समावेश गरेको छैन ।

गरिबी निवारण कोष ऐन, २०६३ को दफा ८(२) मा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम तथा विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिबाट प्राप्त हुने सहयोग वा अनुदानको रकम नेपाल सरकारको बजेटमा समावेश गरी कोषलाई अनुदानको रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । नेपाल सरकार तथा वैदेशिक संस्थाबाट प्राप्त अनुदान रकम बैङ्कमा जम्मा गरेबापत प्राप्त ब्याज रकम कोषको वार्षिक बजेटमा समावेश नगरेको र सञ्चित कोषमा पनि दाखिला गरेको छैन ।

६. **बढी पेश्की** – कोषको आर्थिक व्यवस्थापन लेखा निर्देशिका, २०६६ को उपखण्ड नं. ३.८ मा आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की उपलब्ध गराउने व्यवस्था गरेको छ । कोषले दैनिक तथा भ्रमण भत्ता, तालिम, गोष्ठी वा कार्यक्रमको लागि पेश्की उपलब्ध गराउँदा आवश्यकभन्दा बढी पेश्की दिने गरेको पाइयो । बढी पेश्की दिएका केही भौचरको परीक्षण गर्दा १६ कर्मचारीलाई रु.३८ लाख ५७ हजार पेश्की दिएकोमा रु.२७ लाख ६ हजारको बिल भरपाई पेश भई रु.११ लाख ५१ हजार पेश्की फछ्यौंट गर्दा दाखिला गरेको छ । सोमध्ये अधिकांश पेश्की समयमा फछ्यौट नगरेकोमा कारबाही गर्ने गरेको छैन ।

७. **भाडा खर्च** – समितिको निर्णयले कोषको कामको सिलसिलामा कर्मचारीहरु भ्रमणमा जाँदा हवाइजहाज चल्ने ठाउँमा हवाई भाडा बस वा प्रथम श्रेणीको रेल भाडा (टिकट अनुसार), ट्याक्सी खर्च, अन्य यातायातको वास्तविक खर्च भुक्तानी पाउने व्यवस्था गरेको छ । निर्णयअनुसार सार्वजनिक यातायात सञ्चालन हुने स्थानमा बस वा अन्य साधनको टिकटअनुसार र हवाइजहाज चल्ने स्थानमा हवाई टिकट बमोजिम रकम भ्रमण खर्च भुक्तानी दिनुपर्ने हो । तर कोषका कर्मचारीहरु काठमाण्डौ–मन्थली, धनगढी–डोटी, धनगढी–अछाम, धनगढी–बैतडी, महेन्द्रनगर–दार्चुला, नेपालगञ्ज–दैलेख, नेपालगञ्ज–कालिकोट, नेपालगञ्ज–बाजुरा, नेपालगञ्ज–प्युठान, नेपालगञ्ज–रोल्पा, बिर्तामोड–ताप्लेजुङ्ग, काठमाडौ–रसुवा, काठमाडौ–धादिङ्ग लगायतका सार्वजनिक यातायात सञ्चालन हुने स्थानमा पनि जिप वा अन्य सवारीसाधन भाडामा लिई खर्च शोधभर्ना लिने गरेको पाइयो । नमूना छनौट गरी परीक्षण गरिएका ६९ भौचरबाट मात्र सार्वजनिक यातायात सञ्चालन हुने स्थानको लागि रु.१२ लाख ५० हजार भाडा रकम भुक्तानी गरेको छ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

८. **परामर्श सेवा खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा सार्वजनिक निकायले दश लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्दा सूचना प्रकाशित गरी आशयपत्र माग गनुपर्ने र नियम ७२ मा दश लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा आफ्नो कार्यालयमा तयार गरिएको मौजुदा सूचीमा रहेका परामर्शदाताहरुमध्येबाट सम्भव भएसम्म ६ र कम्तीमा ३ परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी गर्न सक्ने व्यवस्था छ । नियम ८५ मा एक लाख पचासहजारसम्मको परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था छ । कोषले परामर्श सेवा खरिदको लागि मौजुदा सूची तयार नगरी अधिकांश परामर्श सेवा ३ प्रस्ताव लिई सोमध्ये घटीवालाको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने गरेको छ भने २०६७

चैत्रमा रोष्टर तयार गरी सोही रोष्टरबाट सोझै सम्झौता गर्ने गरेको पाइयो । यो वर्ष १०१ व्यक्तिसँग रु.५४ लाख ४९ हजारको परामर्श सेवा लिने गरी सम्झौता गरेको छ ।

अन्य संस्थातर्फ

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने लगायत उद्देश्यमा कोषको रकम खर्च गर्न पाउने गरी २०६३ मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको स्थापना भएको छ ।

९. **आम्दानी –** कोषको विभिन्न ५ वाणिज्य बैङ्कमा रहेको ६ खातामध्ये ४ खातामा रहेको रु.३६ करोड १७ लाख ६ हजारबाट रु.८२ लाख ४८ हजार ब्याज आम्दानी भएको छ भने २ खातामा रहेको रु.१ करोड ८० लाख ८५ हजारबाट ब्याज प्राप्त भएको छैन । प्राप्त हुने प्रतिफललाई समेत अध्ययन गरी बैङ्क खाता सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१०. **खर्च –** प्रधानमन्त्री दैवी प्रकोप कोष सञ्चालन नियमावली, २०६३ को नियम ४ अनुसार कोषको रकम दैवी प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि खर्च गर्नुपर्ने देखिन्छ । यो वर्ष खर्च लेखेको रु.४ करोड ५४ लाखमध्ये रु.१ करोड ५४ लाख स्थायी प्रकृतिका भौतिक पूर्वाधार निर्माण एवं मर्मत सुधार आदि कार्यमा खर्च गर्ने गरी गृह मन्त्रालयलाई निकासा दिएको छ । त्यस्ता कार्यको लागि नेपाल सरकारका अन्य निकायबाट समेत खर्च हुने देखिन्छ । एउटै कामको लागि अलगअलग निकायबाट खर्च लेख्दा दोहोरो पर्न सक्ने देखिन्छ ।

नियमावलीको नियम (६) अनुसार कोष सञ्चालन समितिले योजनाहरु स्वीकृत गर्दा योजना स्वीकृतको निश्चित आधार एवं छनौटको मापदण्ड तयार गर्नुपर्नेमा गरेको छैन ।

नेपाल ट्रष्टको कार्यालय

११. **लेखा प्रणाली –** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३(२) अनुसार ट्रष्टले सम्पत्ति र दायित्वको हिसाब देखिने गरी वासलात तयार गर्नुपर्दछ । ट्रष्टले नगद प्राप्तिको आधारमा आय–व्यय विवरण तयारगर्ने गरेको छ ।

१२. **सम्पत्ति व्यवस्थापन** – ट्रष्टले गत वर्ष ४ जिल्लामा १४६ कित्ताको ३ हजार ६५५ रोपनी जग्गाको मालपोत कार्यालयको रजिष्ट्रेशन मूल्याङ्कनबमोजिम रु.१ अर्ब ७४ करोड ३२ लाख मूल्य विवरण तयार गरेको देखिन्छ । यो वर्षसम्म ९ जिल्लामा १७७ कित्ताको ५ हजार ६४ रोपनी जग्गा ट्रष्टको स्वामित्वमा आए तापनि मूल्य विवरण तयार गरी लेखाङ्कन गरेको छैन । यो वर्ष काठमाडौ, भक्तपुर र मकवानपुरका १७३ रोपनी ८ आना जग्गा मोही कायम भएकोले सोको उपयोग सम्बन्धमा योजना तय गरेको देखिएन ।

१३. **लगानी** – नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ र नियमावलीको नियम (३) मा ट्रष्टको रकम व्यापक र सर्वोत्तम लाभ हुने गरी शैक्षिक प्राज्ञिक तथा स्वास्थसम्बन्धी हितमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सम्पत्ति भाडाबाट रु.३ करोड २ लाख ५८ हजार, नगद लाभांश तथा ब्याज रु.१ करोड १५ लाख ६४ हजार र विविध आम्दानी रु.६१ हजार गरी रु.४ करोड १८ लाख ८३ हजार आम्दानी र गत वर्षको जिम्मेवारी रु.६ करोड २३ लाख ६८ हजारसमेत रु.१० करोड ४२ लाख ५१ हजार आयमध्ये खर्च रु.१ लाख ८ हजार कटाई रु.१० करोड ४१ लाख ४३ हजार मौज्दात रहेको छ । साथै स्टर्लिङ पौण्ड ४३ हजार १०० समेत मौज्दात रहेको छ । यो वर्ष कर्णाली अञ्चलमा प्राविधिक महाविद्यालय स्थापनार्थ सम्भाव्यता अध्ययन गर्न रु.२ लाख ५० हजार बजेट व्यवस्था भएकोमा सो कार्य भएको देखिएन । चल्ती खातामा राखेको मौज्दात रकम ऐन र नियमावलीअनुसार उपयोग गर्नुपर्दछ ।

- **कार्यालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१४. **असुली** – यो वर्ष प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा अन्य संस्था एकबाट रु.२३ हजार असुल भएको छ ।

१५. **पेश्की** – कार्यालयअन्तर्गत २०६८ आषाढ मसान्तमा रु.१ करोड १३ लाख ४९ हजार म्याद ननाघेको पेश्की देखिएको छ । गत विगतको समेत कुल रु.२ करोड ६० लाख १२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१६. **सम्परीक्षण** – कार्यालय र मातहत कार्यालयको प्रतिवेदन अवधि सम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

१६.१ कार्यालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१६ करोड ५९ लाख ३८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ करोड ४६ लाख २५ हजार फछ्यौंट गरेकोले रु.२ करोड १३ लाख १३ हजार बाँकी रहेको छ ।

१६.२ वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये रु.२० करोड ५२ लाख ३० हजार भएकोमा फछ्यौंट नगरेकोले सम्परीक्षण भएको छैन ।

१६.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.३३ लाख १६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष सरकारी कार्यालयतर्फ कुल रु.३३ लाख १६ हजार फछ्यौंट भएको छ ।

अर्थ मन्त्रालय

मन्त्रालय र मातहतसमेत १५७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.६२ अर्ब ११ करोड १८ लाख ९४ हजार, राजस्वतर्फ रु.१ खर्ब ७८ अर्ब ४१ करोड १६ लाख ३१ हजार, धरौटीतर्फ रु.९ अर्ब ९३ करोड २७ लाख ६५ हजार र अन्य कारोबारतर्फ रु.३ अर्ब ६० करोड ५६ लाख २३ हजार समेत रु.२ खर्ब ५४ अर्ब ६ करोड १९ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा शिक्षा मन्त्रालयको रु.२ अर्ब ५७ करोड ४० लाखसमेत समावेश छ ।

मन्त्रालयमातहतका सार्वजनिक संस्थान, अन्य संस्था समिति ७ को रु.५ खर्ब ३० अर्ब ८२ करोड ६४ लाख ४४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **आर्थिक विवरण –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ को उपदफा (२) बमोजिम पेश भएको आर्थिक विवरण परीक्षण गर्दा यो वर्ष मन्त्रालय अन्तर्गतका २ कार्यक्रमको लागि विनियोजन भएको रु.१० करोड ९ लाख १० हजार खर्च भएको देखिएन । कार्यक्रम कार्यान्वयन हुन नसक्नाको कारण स्पष्ट गरेको छैन ।

२. आर्थिक वर्ष २०६७६८ मा एशियाली विकास बैङ्कले वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल राष्ट्र बैङ्कलाई रु.१ करोड १८ लाख ५१ हजार सोझै भुक्तानी दिई खर्च भएको केन्द्रीय आर्थिक विवरणबाट देखिएको छ । सो रकमको अभिलेख राखी लेखापरीक्षण गराएको छैन ।

साना विकास आयोजनामा भारत सरकारको अनुदानबाट व्यहोर्ने गरी रु.१ अर्ब २७ करोड ४० लाख बजेट विनियोजन भएकोमा रु.९१ करोड ७१ लाख ९० हजार खर्च भएको प्राप्त विवरणमा उल्लेख छ । उक्त रकम भारतीय राजदूतावासबाट ४२ जिल्ला विकास समिति अन्तर्गत साना विकास आयोजनाहरुमा सीधै निकासा भई रु.४० करोड ७२ लाख ५१ हजारको लेखापरीक्षण भएको छ । यस प्रकारको कार्यक्रम तथा खर्चको अनुगमन गर्न केन्द्रीयस्तरमा कुनै व्यवस्था भएको छैन ।

३. **अनुदान –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालबसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम/आयोजना सञ्चालनार्थ दिएको रकमबाट भएको प्रगति विवरण लिई लक्ष्यअनुसार कार्य गरे नगरेको, अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गर्नुपर्ने व्यवस्था छ । २०६७६८ मा विभिन्न ९ निकाय/संस्थालाई रु.३७ करोड ९२ लाख ४० हजार, युवा स्वरोजगार कार्यक्रम, पशु बिमा, सितघर निर्माणका लागि ब्याज अनुदान क्षमता विकासको लागि तालिम लगायतका कार्यक्रम सञ्चालनबापत दिएको अनुदानमध्ये रु.३१ करोड ८४ लाख ८० हजार स:शर्त अनुदान रहेको छ । स:शर्त अनुदानबाट सम्बन्धित वर्षभित्र खर्च नभई बाँकी रहेको रकम सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स:शर्त अनुदान दिएकोमध्ये रु.२५ करोड ९९ लाख खर्चको विवरण लिई अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन लिने नगरेबाट उद्देश्य अनुरुप अनुदान रकम खर्च भएको यकिन गर्ने आधार भएन । स:शर्त अनुदानमध्ये तोकिएको अवधिमा खर्च नभई बाँकी रहेको रकम यकिन गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

साना किसान विकास बैङ्कलाई बजेट तथा कार्यक्रममा समावेश नभए तापनि व्यवस्थापकीय क्षमता विकास गर्न रु.५० लाख नि:शर्त सञ्चालन अनुदान दिएको छ । बजेट तथा कार्यक्रममा समावेश नगरी अर्थ बजेटबाट अनुदान उपलब्ध गराएको छ ।

४. **बजेट प्रस्ताव तथा स्वीकृति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३० बमोजिम सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालय र आवधिक योजनाले निर्दिष्ट गरेबमोजिम पेश गरेको बजेट अर्थ मन्त्रालयले मुलुकको आर्थिक स्थिति बिचार गरी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी थपघट गर्नसक्ने व्यवस्था छ ।

४.१. बजेट स्वीकृति सम्बन्धी प्राप्त विवरणबमोजिम यो वर्ष विभिन्न मन्त्रालय/निकाय/कार्यक्रमलाई तोकेको बजेटको सीमामा अर्थ मन्त्रालयले थपघट गरेको उदाहरण निम्नानुसार छ:

(रु.हजारमा)

निकाय /मन्त्रालयको नाम	अनुदान संख्या	तोकिएको सीमा	स्वीकृत बजेट	सीमाको तुलनामा स्वीकृत बजेट प्रतिशत	खर्च	बजेट स्वीकृतिको तुलनामा खर्च प्रतिशत
अर्थ	३५	५,७४,६९,८८	८५१३५९५	१४८.१४	५५,५२,१०५	६५.२१
अर्थ (कर्मचारी सुविधा)	९०	२०,८४,००,००	१४,८०,०२,००	७१.०२	९,९८,१६,७९	६७.२६
अर्थ (विविध)	९५	७,६२,४५,००	५,४७,१९,९२	७१.७७	८,८१३,२७	१६.१०
अर्थ मन्त्रालय लगानी सार्वजनिक संस्थान	८७	१८,१४,३०,००	१६,१९,१३,८७	८९.२४	१९,४१,०८,८४	११९.८८
पर्यटन तथा नागरिक उड्डयन	४९	१३,५७,१४	१,१२,९५,१७	८३२.२७	७८,४२,९०	६९.४३
वाणिज्य तथा आपूर्ति	६०	७३,८५,१४	८९,५५,४२	१२१.२६	१,१८,८९,९२	१३२.७६
भौतिक योजना तथा निर्माण	४८	३४,९३,७९,८४	३७,१९,९२,५५	१०६.४७	२७,४८,५७,७१	७३.८८
शान्ति तथा पुन:निर्माण	६२	१२,१२,२५,२७	८,६२,७६,५५	७१.१७	५,९४,८६,२४	६८.९४

सम्बन्धित मन्त्रालय/निकाय/लाई तोकेको बजेट सीमामा ७१.०२ प्रतिशतदेखि ८३२.२७ प्रतिशतसम्म थपघट गरी स्वीकृत गरेकोमा मन्त्रालयले त्यसको कारण खुलाएको छैन । यसबाट सीमा निर्धारण र बजेट स्वीकृतिबीच तालमेल भएको देखिँदैन । बजेट विनियोजनको स्थिति हेर्दा विनियोजित रकमको तुलनामा खर्च न्यून देखिएको तथा कुनै अनुदान संख्या अन्तर्गत बजेट स्वीकृत भएपछि थप निकासा दिई स्वीकृत बजेटको १३२.७६ प्रतिशतसम्म खर्च गरेको छ ।

५. **रकमान्तर** – विनियोजन ऐन, २०६७ को दफा ३ मा निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्नसक्ने व्यवस्था गरेको छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न निकासा र खर्च जनाउन सक्ने उल्लेख छ । विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० बमोजिम एक बजेट उप–शीर्षकबाट अर्को बजेट उप–शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

५.१. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार चालू खर्चतर्फ २२६ निकायमा रु.१ खर्ब ३१ अर्ब ८० करोड ४३ लाख ४६ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.१४ अर्ब १ करोड ९४ लाख ८० हजार (०.०२ देखि ८८३.७५ प्रतिशतसम्म) थप भएको छ । पूँजीगत खर्चतर्फ १५८ निकायमा रु.६७ अर्ब ७० करोड ८१ लाख ९२ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.१९ अर्ब ६० करोड ८६ लाख (०.०२ देखि ११,१०५.३९ प्रतिशतसम्म) थप भएको छ ।

५.२. भैपरी आउने विकास कार्यक्रमतर्फ सुरु बजेट रु.५५ करोड विनियोजन भएकोमा रु.२६ करोड ९३ लाख ५७ हजार खूद बजेट ऋणात्मक हुनेगरी रु.१ अर्ब ८ करोड ७ हजार रकमान्तर गरेको छ । भौतिक योजना तथा निर्माण मन्त्रालयमा सुरु बजेट रु.९ लाख ६५ हजार विनियोजन भएकोमा रु.१० करोड ७१ लाख ६७ हजार (११,१०५.३९ प्रतिशत) रकमान्तरबाट थप गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेट उप–शीर्षक नं.४९।४।११० मा सुरु विनियोजन नै नभएको कार्यक्रममा रु.१९ लाख ७६ हजार रकमान्तर गरी निकाशा दिई खर्च लेखेको छ ।

५.३. चालू खर्चतर्फ २२३ निकायमा रु.१ खर्ब ४८ अर्ब ३ करोड २४ लाख २ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.१८ अर्ब ५१ करोड १० लाख २२ हजार (०.०२ देखि १२९ प्रतिशतसम्म) घटाएको छ । पूँजीगत खर्चतर्फ १३५ निकायमा रु.५९ अर्ब ४५ करोड ५९ लाख ६ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.१९ अर्ब ६० करोड ८६ लाख (०.०२ देखि १२४२.८३ प्रतिशतसम्म) घटाएको छ ।

५.४. मन्त्रालयले ३५–४ पूँजीगत शीर्षकमा विनियोजन भएको रु.५ अर्ब ९१ करोड ८१ लाख ८१ हजारमध्ये रु.१ अर्ब ८५ करोड ८ लाख ३१ हजार (३१.२७ प्रतिशत) रकमान्तर गरी अन्यत्र लगेको छ । विनियोजन ऐनले तोकेको सीमा नाघी रकमान्तर गर्न मिल्ने देखिएन ।

५.५. बजेट उप शिर्षक नं. ८७–४–२०० विविध लगानी शीर्षकमा वैदेशिक अनुदान शोधभर्नाबाट रु.४० करोड २६ लाख ३६ हजार, नगद अनुदानबाट रु.५८ करोड ५० लाख र शोधभर्ना ऋणबाट रु.१८ करोड समेत वैदेशिक स्रोतको रु.१ अर्ब १६ करोड ७६ लाख ३६ हजार नेपाल सरकारको स्रोतमा परिवर्तन गरी बाँकी रकम अन्य शीर्षकबाट रकमान्तर गरेको छ ।

सुरु विनियोजन नै नभएको कार्यक्रम तथा न्यून बजेट विनियोजन भएको उप–शीर्षकमा शतप्रतिशतसम्म रकमान्तरबाट थप गर्ने परम्पराबाट बजेट अनुशासन कायम हुन नसक्ने भएकोले यस प्रकारको रकमान्तर गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

६. **गैर बजेटरी शेयर लगानी –** महालेखा नियन्त्रक कार्यालयले जल विद्युत लगानी तथा विकास कम्पनीलाई २०६८।३।३० मा नेपाल सरकारको शेयर लगानीबापत रु.५ अर्ब भुक्तानी दिएको छ । पब्लिक लिमिटेड कम्पनीको रुपमा २०६८।३।२७ मा दर्ता भएको सो कम्पनीको कार्यसञ्चालन सम्बन्धी योजना, कार्यनीति तथा ठोस कार्यक्रम हालसम्म तय भएको देखिएन । सो कम्पनीमा शेयर लगानी गर्न आर्थिक कार्यविधि ऐन, २०५५ को व्यवस्थाअनुसार वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको पनि छैन ।

सरकारका विभिन्न ४ निकायको नाममा रु.५ अर्ब लगानी गर्न बजेट उप–शीर्षक नं. ८७–४–२०० विविध लगानी शीर्षकमा वैदेशिक स्रोतमा विनियोजित रकममध्ये रु.१ अर्ब १६ करोड ७६ लाख ३६ हजार नेपाल सरकारको स्रोतमा परिवर्तनबाट र बाँकी रकम अन्य उप–शीर्षकबाट रकमान्तर गरी रकम जुटाएको देखियो । आर्थिक वर्षको अन्त्यमा यस्तो कारोबारबाट सरकारको कुल पूँजीगत खर्चमा ४.१६ प्रतिशत वृद्धि भए तापनि सो लगानी उपयोग भएको देखिएन ।

७. **बक्यौता भुक्तानीमा लगानी –** नेपाल टेलिभिजनले नेपाल सरकारलाई बुझाउन बाँकी २०४८।४९ देखि २०६५।६६ सम्मको बक्यौता रोयल्टी तिर्न मन्त्रालय अन्तर्गतका दुई उप–शीर्षकबाट शेयर लगानीमा रकमान्तरबाट थप गरी रु.९ करोड १९ लाख ८८ हजार उक्त संस्थालाई दिएको छ । विनियोजन ऐन, २०६७ तथा स्वीकृत वार्षिक कार्यक्रममा सो संस्थामा थप शेयर लगानी गर्ने कार्यक्रम रहेको छैन ।

८. **ऋण लगानी –** यो वर्ष विविध लगानी शीर्षकबाट सञ्चालनमा नरहेका निम्न ३ संस्थामा रु.३ करोड ९६ लाख २९ हजार ऋण लगानी गरेको छ ।

(रु. हजारमा)

क्रम संख्या	संस्थाको नाम	निर्णय मिति	लगानी रकम	ब्याज दर (प्रतिशतमा)
१	नेपाल मेटल कम्पनी लिमिटेड	२०६८/३/७	४०,६६	३
२	नेपाल ओरियन्ट म्याग्नेसाइट लिमिटेड	२०६८/३/२२	२१५,००	५
३	नेपाल औषधी लिमिटेड	२०६८/३/२३	१४०,६३	५

नेपाल सरकारले संस्थामा ऋण तथा शेयर लगानी गर्ने सम्बन्धी नीति बनाएको छैन । सञ्चालनमा नरहेका संस्थालाई ऋण लगानी गर्दा समयमा साँवा तथा ब्याज चुक्ता नहुने अवस्थामा पनि थप ऋण लगानी गर्नु औचित्यपूर्ण देखिएन ।

९. **जमानतमा ऋण –** नेपाल सरकार जमानी बसी यो वर्ष नेपाल आयल निगमलाई कर्मचारी सञ्चयकोषबाट रु.२ अर्ब ८० करोड र नागरिक लगानी कोषबाट रु.५० करोड ऋण उपलब्ध गराएको छ । निगमको नाममा कर्मचारी सञ्चयकोषको कुल चक्र कर्जा रु.४ अर्ब ९० करोड सीमा कायम गरेको र नागरिक लगानी कोषकोको चक्र कर्जाको सीमा रु.५० करोड पुऱ्याएको देखिन्छ । यसरी उपलब्ध गराएको सम्पूर्ण कर्जाको फिर्ता भुक्तानी अवधि २०७३ असार मसान्तसम्म रहने उल्लेख छ । कर्जाको ब्याजदर कोषले तोकेबमोजिम हुने, निगमलाई प्रवाह भएको चक्र कर्जाको सम्पूर्ण ब्याज नेपाल सरकारले भुक्तानी गरिदिने, निगमले चक्र कर्जाको साँवा निर्धारित समयमा तिर्न नसकेमा नेपाल सरकारले चुक्ता गरिदिने तथा कर्मचारी सञ्चयकोषले नेपाल सरकारको निर्देशनमा यसअघि प्रवाह गरेको र अब प्रवाह गर्ने कर्जाको निमित्त कर्जा नोक्सानी व्यवस्था गर्नु नपर्ने उल्लेख छ । जमानत बसी दिलाएको ऋण दिएकोले सरकारले ऋण समयमा फिर्ता गराउन पहल गर्नुपर्दछ ।

१०. **प्राविधिक तथा अन्य सहायता –** अर्थ मन्त्रालयबाट प्रकाशित २०६७।६८ को प्राविधिक तथा अन्य सहायता सम्बन्धी पुस्तिकामा उल्लेख भएबमोजिम निम्नानुसार सहायता प्राप्त हुने उल्लेख छ:

आयोजना/कार्यक्रमको नाम	आयोजना अवधि	कुल सहायता रकम	सहायताको किसिम				दातृ राष्ट्र/संस्था
			सल्लाहकार सेवा	सरसामान उपकरण	तालिम गोष्ठी	अन्य	
वैदेशिक सहायताको प्रभावकारी व्यवस्था तथा समन्वयको लागि क्षमता विकास गर्ने	जनवरी २००९– डिसेम्बर २०११	अमेरिकी डलर २,९२,५००	१,९०,८७५	-	७३,१२५	५८,५००	यू.एन.डि.पी
आर्थिक नीति सञ्जाल दोस्रो चरण	सेप्टेम्बर २००८– डिसेम्बर २०१०	अमेरिकी डलर ४,८५,७५०	३२०,४८०	२५०००	४५,०००	९५,२५०	ए.डि.वी
अर्थतन्त्रको समावेशी विकास	जुलाई २००८– डिसेम्बर २०११	यूरो १३,००,०००	१८२,०००	१५६,०००	१६८,०००	७९४,०००	जि.टि.जेड

सो सहायताको विवरण लेखापरीक्षणको लागि मन्त्रालयमा अनुरोध गरिएकोमा सोको लेखा तथा खर्चको विवरण र आर्थिक विवरण पेश हुन नआएकोले लेखापरीक्षण भएको छैन । प्राविधिक सहायताको हिसाब पेश गरी लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्ने व्यहोरा विगतदेखि औँल्याउँदै आए पनि पेश भएको छैन ।

११. **निजीकरण –** यो वर्षसम्म ३० सार्वजनिक संस्थान निजीकरण भएको देखिएको छ । निजीकरण सम्बन्धमा देखिएका स्थिति निम्न छन्:

११.१. निजीकरण समितिबाट हालसम्म निजीकरण भइसकेका संस्थाहरुबाट सरकारले प्राप्त गर्न बाँकी किस्ता, सम्झौताको शर्तबमोजिम लाग्ने ब्याज तथा हर्जाना गणना गरी निजीकृत संस्थाको छुट्टाछुट्टै अभिलेख खडा गर्नुपर्ने व्यवस्था छ । समितिले असुल हुन बाँकी रकम राजस्वको आर्थिक विवरणमा लगत समेत कायम गरी प्रत्येक वर्ष लगत अद्यावधिक गरी लेखापरीक्षण गराउनुपर्नेमा लेखापरीक्षणका लागि आर्थिक विवरण पेश गरेको छैन । निजीकरण भएका संस्थाहरुबाट नेपाल सरकारलाई प्राप्त हुन बाँकी किस्ता, ब्याजको विवरण माग गरेकोमा यो वर्षपनि उपलब्ध नभएबाट लिन बाँकी रकम यकिन गर्न सकिएन ।

११.२. नेपाल रोजिन एण्ड टर्पेन्टाइन कम्पनी भाडामा लिने एक उद्योग र नेपाल सरकारबीच भएको जग्गा तथा भाडा सम्बन्धी सम्झौताको दफा १४.१ अनुसार उद्योगले प्रतिवर्ष रु.३० लाख १२ हजार अग्रिम रुपमा भाडा बुझाउनु पर्नेमा २०६३।१।६ मा पहिलो किस्ता बुझाएपछि यो वर्षसम्मको भाडा रु.१ करोड ५० लाख ६० हजार बुझाएको छैन । सम्झौताबमोजिम समयमा भाडा नबुझाएकोले सम्झौताको दफा १४.१ अनुसार १० प्रतिशतले हुने ब्याज रु.४५ लाख १८ हजार तथा १५ प्रतिशतले हुने सेवा शुल्क रु.६७ लाख ७७ हजार समेत रु.२ करोड ६३ लाख ५५ हजार असुल गर्नुपर्नेमा सो रकम असुल गर्ने कारबाही भएको देखिएन ।

११.३. नेपाल चिया विकास निगम भाडामा दिने सम्बन्धमा २०५७।३।१४ मा एक (प्रा.) लिमिटेडसँग सम्झौता भएकोमा २०६२।६३ सम्मको भाडा, ब्याज र हर्जाना समेत रु.२० करोड ८२ लाख ४३ हजार असुल गर्नुपर्ने व्यहोरा लेखापरीक्षणबाट औँल्याइएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।८।२२ को निर्णयअनुसार २०६२।७।३ सम्मको तिर्न बाँकी रु.१० करोड ७२ लाख ४२ हजार आगामी १० वर्षभित्र भुक्तानी गर्ने गरी

सहुलियतपूर्ण सम्झौता गरी भाडाको ब्याज मिनाहा हुने व्यवस्था गरेको छ । सम्झौताअनुसार तिर्नुपर्ने भाडा ब्याज समयमा नतिर्ने शेयर खरिदकर्तालाई मूल सम्झौतामा प्रावधान नभए पनि १० वर्षपछि भुक्तानी गर्ने गरी सहुलियत दिने तथा ब्याज मिनाहा दिने निर्णय गरेको छ ।

चिया बगान भाडामा लिने दिने सम्बन्धी २०६४।११।२२ मा भएको पूरक सम्झौताको दफा ३अनुसार प्रतिवर्ष रु.४० लाख भाडा कायम गरी चियाको अन्तर्राष्ट्रिय बजारको वार्षिक औसत बजार मूल्यको आधारमा थपघट भएको प्रतिशतको अनुपातमा न्यूनतम रु.४० लाखमा थप गरी ५ वर्षका लागि भाडा तय गर्ने सम्झौता भएकोमा २०६२।७।४ देखि २०६४।७।३ सम्म २ वर्षको भाडा रु.८० लाख २०६५।३।३१ मा बुझाउनुपर्नेमा २०६७।८।७ सम्ममा रु.४० लाख र २०६८।८।२२ मा थप रु.२२ लाखमात्र बुझाएको देखियो । सम्झौताबमोजिम २०६४ आषाढ मसान्तदेखि २०६८।७।३ सम्मको भाडा रु.२ करोड र समयमा भाडा नबुझाएको अवधिको १४ प्रतिशतले हुने ब्याज रु.७४ लाख १८ हजार समेत रु.२ करोड ७४ लाख १८ हजारमध्ये रु.२ करोड ५२ लाख १८ हजार असुल गर्नुपर्नेमा गरेको छैन ।

१२. **राजस्व असुली** – यो वर्ष रु.२ खर्ब १६ अर्ब ६४ करोड ४३ लाख ५५ हजार असुल गर्ने अनुमान रहेकोमा बेरुजू खातामा दाखिला भएको रु.३ अर्ब १२ करोड ८३ लाख ५५ हजार समेत रु.२ खर्ब २ अर्ब ९४ करोड ७३ लाख ७० हजार (९३.६८ प्रतिशत) असुल गरेको महालेखा नियन्त्रको कार्यालयबाट प्राप्त विवरणमा उल्लेख छ । यो वर्षको शीर्षकगत राजस्वको लक्ष्य तथा असुली विवरणबमोजिम यथार्थ असुलीको स्थिति निम्नानुसार रहेको छ:

(रु. हजारमा)

शीर्षक	लक्ष्य	असुली	असुली प्रतिशत
१. भन्सार	४१,३६,४०,८०	३५,७१,१५,७३	८६.३३
२. मूल्य अभिवृद्धि कर/अन्त:शुल्क	९६,७८,५२,३९	८८,००,२०,८७	९०.९२
३. अन्य	५३,८१,३४	४०,८९,१८	७५.९९
अप्रत्यक्ष कर	**१,३८,६८,७४,५३**	**१,२४,१२,२५,७८**	**८९.५०**
१. कर	४०,२४,२३,३२	४२,०६,०१,८७	१०४.५२
२. घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर	९,८०,११,१८	६,५९,५१,४२	६७.२९
प्रत्यक्ष कर	**५०,०४,३४,५०**	**४८,६५,५३,२९**	**९७.२२**
कर राजस्व	**१,८८,७३,०९,०३**	**१,७२,७७,७९,०७**	**९१.५५**
१. दस्तुर तथा शुल्क	१०,१५,९७,९४	९,६९,२८,७३	९५.४०
२. रोयल्टी र सरकारी सम्पत्ति बिक्री	३,५७,७३,०३	२,६६,००,७२	७४.३६
३. लाभांश	८,४८,५४,०८	८,६२,४६,६७	१०१.६४
४ ब्याज	५१,२५,५४	१,१९,०२,२१	२३२.२१
५. अन्य राजस्व	२,८९,३४,५८	३,४३,०५,८१	११८.५६
गैरकर राजस्व जम्मा	**२५,६२,८५,१७**	**२५,५९,८४,१४**	**१०१.४४**
६. साँवा फिर्ता	२,२८,४९,३५	१,४४,२६,९४	६३.१४
राजस्व जम्मा	**२,१६,६४,४३,५५**	**१,९९,८१,९०,१५**	**६२.२३**
बेरुजू दाखिला	**-**	**३,१२,८३,५५**	**-**
कुल जम्मा	**२,१६,६४,४३,५५**	**२,०२,९४,७३,७०**	**९३.६८**

१३. **लगत हस्तान्तरण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २० मा फछ्र्यौट हुन नसकेको बेरुजू जिम्मेवार व्यक्तिबाट असुलउपर गर्नुपर्ने र असुल हुन नसकेमा त्यसको लगत केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण गरी पठाउनुपर्ने उल्लेख छ । सम्बन्धित अधिकारीहरुबाट यस्ता असुल हुन नसकेका सबै रकमको लगत सम्बन्धित निकाय/कार्यालयहरुले केन्द्रीय तहसिल कार्यालयमा पठाएको देखिँदैन । केन्द्रीय तहसिल कार्यालय पठाएको लगतमध्येबाट असुली रकम पनि न्यून रहने गरेको छ । गत तीन वर्षको लगत हस्तान्तरण तथा असुलीको स्थिति एवं केन्द्रीय तहसिल कार्यालयको चालू खर्चको अवस्था निम्नानुसार छ:

(रु.हजारमा)

आर्थिक वर्ष	लगत			फछ्यौंट			बाँकी	लगतको तुलनामा असुली प्रतिशत	केन्द्रीय तहसिल कार्यालयको चालू खर्च
	गत वर्षसम्मको	यो वर्ष थप	जम्मा	असुली	मिनाहा	जम्मा			
२०६५/६६	१०,४१,६९	३८,९८	१०,८०,६७	१८	-	१८	१०,८०,४९	०.०१	४४,६६
२०६६/६७	१०,८७,७९	८३,८७	११,७१,६६	२८	६६,०९	६६,३७	११,०५,२९	०.०२	५३,१३
२०६७/६८	११,०५,२९	१,४४,४०	१२,४९,६९	४६	-	४६	१२,४९,२३	०.०३	५१,४९

द्रष्टव्य – *बाँकी लगत रु.१२ करोड ४९ लाख २३ हजारमा तेजारथ सापटी रु.१ लाख ७९ हजार र घरेलुतर्फको रु.५ लाख १२ हजार समेत समावेस छ ।*

कार्यालयको कार्यक्षेत्रमा वृद्धि गरी असुली प्रभावकारी बनाउन र वर्तमान कार्यक्षेत्रका असुल गर्नुपर्ने रकम असुलीको लागि यस मन्त्रालयले अन्य मन्त्रालयहरुसँग समन्वय गरी लगत पठाउन लगाउने व्यवस्था कडाईका साथ अवलम्बन गर्नुपर्दछ ।

१४. **राजस्व बक्यौता –** अर्थ मन्त्रालय मातहतका कार्यालयले प्रचलित कानुनअनुसार प्रत्येक वर्ष असुल गर्नुपर्ने राजस्व समयमा असुल नगरी यस वर्षको अन्तसम्म निम्नबमोजिम रु.५७ अर्ब ९९ करोड ७८ लाख ४९ हजार बक्यौता जिम्मेवारी सारेका छन्:

(रु.हजारमा)

कार्यालय	२०६६।६७ सम्मको जिम्मेवारी	लगत मिनाहा कट्टा	२०६७।६८ मा असुली	२०६६।६७ सम्मको बाँकी	२०६७।६८ को थप	२०६७।६८ सम्मको जम्मा बाँकी
महालेखा नियन्त्रक कार्यालय	२५२३६९०८	-	२४७८५६६	२२७५८३४२	५०११२०१	२७७६९५४३
आन्तरिक राजस्व कार्यालयहरु	१६३४१९३०	८३३१५९	१०५३१२	१५४०३४५९	६७९३९७६	२२१९७४३५
भन्सार कार्यालयहरु (राजस्व)	५६४१८९५	६७२८१	२८३१७८२	२७४२८३२	५२८८०३९	८०३०८७१
जम्मा	**४७२२०७३३**	**९००४४०**	**५४१५६६०**	**४०९०४६३३**	**१७०९३२१६**	**५७९९७८४९**

राजस्व सम्बन्धी कानुनमा बक्यौता राजस्व असुल गर्न स्पष्ट कानुनी व्यवस्था भए पनि सो कार्यान्वयनमा कार्यालयहरु निष्क्रिय रहेको स्थिति छ ।

महालेखा नियन्त्रक कार्यालय

१५. **स्रोतान्तर** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा स्वीकृत बजेटको रकम एक बजेट उप–शीर्षक, स्रोत तथा खर्च शीर्षकबाट अर्को बजेट शीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयको हुने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालय अन्तर्गत आर्थिक प्रशासन सुधार कार्यक्रममा बेलायत (डि.एफ.आई.डि.) को अनुदान सहयोगतर्फ स्रोत कायम गरी रु.३ करोड ६७ लाख ५७ हजार बजेट विनियोजन भए तापनि उक्त स्रोतबाट बजेट निकासा नै नभएकोमा स्रोतान्तर नगरी बेलायतको अनुदान स्रोततर्फ रु.२ करोड ४१ लाख ३४ हजार बजेट निकासा तथा खर्च देखाएको छ ।

नेपाल सरकारको केन्द्रीय हिसाब

१६. **आय व्यय** – महालेखा नियन्त्रक कार्यालयले पेश गरेबमोजिम २०६७।६८ को आय र व्ययको विवरण देहायअनुसार छ:

(रु.हजारमा)

व्यय		आय (खर्च व्यहोर्ने स्रोत)	
विवरण	**रकम**	**विवरण**	**रकम**
चालू खर्च	१,७०,२९,५४,२२	राजस्व	१,९९,८१,९०,१४
पूँजीगत खर्च	१,०७,८४,७४,८६	वैदेशिक सहायता (अनुदान)	४५,९२,२१,७६
साँवा भुक्तानी	१७,२२,०५,१८	वैदेशिक सहायता (ऋण)	१२,०७,५६,०५
बचत	४,९६,९१,४४	आन्तरिक ऋण	४२,५१,५७,७५
जम्मा	**३,००,३३,२५,७०**		**३,००,३३,२५,७०**

१६.१. सरकारको केन्द्रीय हिसाब नगद आधारमा लेखाङ्कन गरिने व्यवस्था छ । आर्थिक कार्यविधि ऐन, २०५५ ले सञ्चितकोषको सञ्चालन गर्ने उत्तरदायित्व महालेखा नियन्त्रक कार्यालयलाई सुम्पेको छ । सञ्चितकोषको हिसाब तथा लेखाङ्कन कार्य नेपाल राष्ट्र बैङ्क, वाणिज्य बैङ्कहरु, कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट सङ्कलित तथ्याङ्कको आधारमा गरेको छ ।

कार्यालयहरुले राजस्वतर्फको आर्थिक विवरणमा नगद बाँकी देखाउने गरेको छ । महालेखा नियन्त्रक कार्यालयले सञ्चितकोषको हिसाब नगद आधारमा राखेको लेखा टिप्पणीमा जनाए तापनि कार्यालयमा रहेको नगद बाँकी रकम हिसाबमा देखाएको छैन । कार्यालयहरुको नामबाट बैङ्क खाता सञ्चालन हुने र कार्यालयहरुले बैङ्क हिसाब भिडान विवरण तयार गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले प्रस्तुत गरेको राजस्वको केन्द्रीय वार्षिक विवरण, भाग–६ बमोजिम गत सालको नगद मौज्दात यो वर्ष बैङ्क दाखिला गरेको रु.४९ करोड ६३ लाख ९१ हजार यो वर्ष बैङ्क दाखिला रु.१ खर्ब ९९ अर्ब ९५ करोड ४२ लाख ६७ हजार समेत कुल राजस्व असुली रु.२ खर्ब ४५ करोड ६ लाख ५९ हजार देखाएकोमा बैङ्क विवरणको आधारमा रु.२ खर्ब २ अर्ब ९४ करोड ७३ लाख ६८ हजार सञ्चितकोषको आयमा प्रस्तुत गरेको छ । यसबाट रु.२ अर्ब ४९ करोड ६७ लाख ९ हजार फरक परेकोमा आधार खुलाएको छैन ।

१६.२. यो वर्ष नेपाल राष्ट्र बैङ्कको हिसाबअनुसार सञ्चितकोष प्रयोजनका लागि २०६८ आषाढ मसान्तमा रु.१२ अर्ब ८८ करोड ९३ लाख अधिविकर्षमध्येबाट बचत देखाएको छ । आय–व्यय विवरणमा रु.४ अर्ब ९६ करोड ९१ लाख ४४ हजार बचत रहेको उल्लेख छ । गत वर्ष नेपाल राष्ट्र बैङ्कले रु.७ अर्ब ८७ करोड ५८ लाख हजार अधिविकर्ष देखाएको र आय व्यय विवरणमा रु.५ करोड ९९ लाख २९ हजार अधिविकर्ष रहेको थियो । कार्यालयको आय व्यय विवरणमा प्रस्तुत नगद मौज्दात परिवर्तन र नेपाल राष्ट्र बैङ्कले देखाएको अधिविकर्ष हिसाबमा निम्नानुसार फरक परेको छ:

(रु.लाखमा)

विवरण	२०६७।६८
नेपाल राष्ट्र बैङ्कले देखाएको अधिविकर्ष	१२,८८,९३
अधिविकर्षमा थप हुने छुट रकम	
बेरुजू दाखिला	३,१२,८३
बैङ्कले कम खर्च देखाएको चालु फ्रिज रकम	४,४७,९३
ख ७ खातामा जम्मा रकम	२६
ख ८ खातामा जम्मा रकम	५,४५
भन्सार खाता	२,३४
धरौटी खाताबाट जम्मा रकम	७३,५०
जम्मा	**८,४२,३१**
कुल जम्मा	**२१,३१,२४**
अधिविकर्षबाट घटाउनुपर्ने	
इम्प्रेष्ट खातामा जम्मा रकम	१,४०,८८
फ्रिज खाताबाट गत वर्षको भुक्तानी रकम	६,५५,७९
वैदेशिक अनुदानमा बैङ्कले घटी देखाएको रकम	६,२६,६९
स्थानीय निकायको खातामा जम्मा रकम	१,४३,२२
मूल्य अभिवृद्धि कर	२,०८
अन्यमा बैङ्कले कम देखाएको रकम	९९,७२
वैदेशिक ऋणमा बैङ्कले कम देखाएको रकम	७६,२१
आन्तरिक ऋणमा बैंकले कम देखाएको रकम	**८,८३,५८**
जम्मा	**२६,२८,१७**
बचत	**(४,९६,९२)**
कुल जम्मा	**२१,३१,२४**

पुनश्च: *उपर्युक्त तथ्याङ्कमा नेपाल राष्ट्र बैङ्कले यो वर्षको मौज्दातबाट गतवर्षको अन्तिम मौज्दातसँग समायोजन गरी आएको खुद रकमलाई मात्र समावेश गरेको छ ।*

१६.३. यो वर्ष आय व्यय विवरणमा वैदेशिक ऋण प्राप्ति रु.१२ अर्ब ७ करोड ५६ लाख ५ हजार देखाएकोमा ऋण लगानी शाखाले तयार गरेको वैदेशिक ऋण प्राप्तिको आर्थिक विवरणमा रु.१३ अर्ब ८४ करोड ९२ लाख ४३ हजार देखाएको छ । आय व्यय विवरणमा दर्शाएको वैदेशिक ऋणको अङ्क र वैदेशिक ऋण प्राप्तिको आर्थिक विवरणमा उल्लिखित अङ्कमा रु.१ अर्ब ७७ करोड ३६ लाख ३८ हजार फरक परेको छ । फरक परेको सम्बन्धमा हिसाब मिलान विवरण तयार गरेको छैन ।

१६.४. यो वर्ष कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरणमा रु.४ अर्ब ९६ करोड ९१ लाख ४४ हजार र सञ्चितकोषको आर्थिक विवरणमा रु.२ अर्ब ७३ करोड ३६ लाख ९९ हजार बचत देखाएको छ । नेपाल राष्ट्र बैङ्कको केन्द्रीय ढुकुटी हिसाबमा रु.१२ अर्ब ८८ करोड ९३ लाख अधिबिकर्ष देखाएकोले फरक परेको रकम यकिन गर्नुपर्दछ ।

१६.५. महालेखा नियन्त्रक कार्यालयले सरकारी खर्च र साधनको स्रोत विवरणमा आयतर्फ वैदेशिक स्रोत प्राप्तिमा सोही वर्ष खर्च भएको रकम देखाएको पाइयो । शोधभर्ना हुने गरी खर्च भएको तर प्राप्त नभएको रकम समेत खर्च व्यहोरेको स्रोतमा प्रस्तुत गरेको छ । नेपाल राष्ट्र बैङ्कले वैदेशिक ऋण तथा अनुदान यो वर्ष वास्तविक प्राप्तिको आधारमा प्रस्तुत नगरी अन्तिम बैङ्क मौज्दातमा गत वर्ष खर्च भई क.१–७ सञ्चितकोषमा ट्रान्सफर भएको रकम समायोजन गरी सुरु मौज्दात घटाई आएको रकम यो वर्ष प्राप्तिमा देखाएको छ । यो वर्ष ऋण खातामा मौज्दात रकम रु.४ अर्ब ३० करोड ७६ लाखमा सञ्चितकोषमा ट्रान्सफर भएको रु.७ अर्ब १२ करोड ६३ लाखको समायोजन समेत जम्मा रु.११ अर्ब ४३ करोड ३९ लाखमा सुरु मौज्दात रु.६ अर्ब ४९ करोड ९७ लाख घटाई ढुकुटी हिसाबमा रु.४ अर्ब ९३ करोड ४२ लाख प्राप्ति देखाएको छ । महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गर्ने वैदेशिक स्रोतको आयतर्फ लेखाङ्कन एवं प्रस्तुति गर्ने प्रक्रिया नै फरक फरक रहेको छ । साथै महालेखा नियन्त्रक कार्यालयको मूल आर्थिक विवरण, सञ्चितकोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कको विवरणमा देखिएको फरक फरक अङ्कको अधिविकर्ष हिसाब यकिन हुनसकेन ।

१६.६. नेपाल राष्ट्र बैङ्कले अधिविकर्ष गणना गर्दा निम्न खाताहरुमा रहेको मौज्दात रु.६३ अर्ब ५६ करोड ८० लाखलाई समावेश गरी २०६८ आषाढ मसान्तमा रु.२० अर्ब ७६ करोड ५० लाख देखाएको छ । सञ्चितकोषमा समावेश नभएका उक्त खाताहरुको रकम समेत रु.८४ अर्ब ३३ करोड ३० लाखमा उक्त 'क' सेरिजका खाताबाट २०६८ श्रावणबाट पौष मसान्तसम्म सञ्चितकोषमा ट्रान्सफर गरेको रकम रु.१६ अर्ब ३५ करोड ६९ लाख घटाउँदा र नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कलाई आधार लिँदा सञ्चितकोष खातामा रु.६७ अर्ब ९८ करोड १३ लाख देखिन्छ । वैदेशिक अनुदान एवं ऋणको वार्षिक यथार्थ प्राप्तिको विवरणका आधारमा ट्रेजरी हिसाबमा प्राप्ति नदेखाई अन्तिम मौज्दात र सुरु मौज्दातमा भएको फरक रकमलाई प्राप्तिमा देखाउने गरेबाट नेपाल राष्ट्र बैङ्कबाट उपलब्ध तथ्याङ्क भरपर्दो देखिएन ।

(रु.हजारमा)

खाता	मौज्दात
क २ ट्रान्सफर खाता	८,४७,००
क३ आकस्मिक खाता	२५,००
वैदेशिक अनुदान	३७,९४,६०,००
वैदेशिक ऋण	४,३०,७६,००
निक्षेप (ख३ धरौटी खाताको मौज्दात)	७,३४,३२,००
इम्प्रेष्ट खाता ख६ समूहको कार्यसञ्चालन कोष खाताको मौज्दात	६,८८,८४,००
अनुदान – चालू खाता	३,२०,००
अनुदान – पूँजीगत खाता	२७,४४,००
मूल्य अभिवृद्धि कर खाता	५,३२,००
भन्सार खाता	२,३४,००
स्थानीय निकाय 'ग' समूह खाता	६,६१,२६,००
जम्मा	६३,५६,८०,००

***स्रोत** – नेपाल राष्ट्र बैङ्क ।*

१७. **केन्द्रीय आर्थिक विवरण –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) अनुसार स्वीकृत ढाँचामा लेखा राख्नुपर्नेमा कार्यालयले प्रस्तुत गरेका राजस्वको केन्द्रीय आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरेको देखिएन । गत आर्थिक वर्षमा बैङ्क दाखिला भै स्रेस्तामा आम्दानी बाँध्न छुट भएको रकम यस वर्षको आर्थिक विवरणमा छुट्टै महलमा देखाउनुपर्नेमा यो वर्षकै बैङ्क दाखिला महलमा देखाएको छ । यसबाट यो वर्षको वास्तविक बैङ्क दाखिला रकम यथार्थ असुलीसँग भिडान हुनसकेको छैन । गत वर्ष बैङ्क दाखिला भएको रकम यो वर्षकै बैङ्क दाखिला महलमा समावेश गरेको कारण ३८ शीर्षकमा बैङ्क स्टेटमेन्टले देखाएको रकमभन्दा स्रेस्तामा रु.४८ करोड ६५ लाख २४ हजार बढी दाखिला देखिएको छ । स्रेस्तामे देखाएको बैङ्क दाखिलाभन्दा बैङ्कले घटी देखाएको उक्त रकम सम्बन्धमा थप छानबिन गरी यकिन गर्नुपर्ने देखियो ।

१८. **बजेट अनुमान तथा खर्च** – चालू र पूँजीगत एवं साँवा भुक्तानी खर्चको लागि बजेट अनुमान तथा सोको यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

विवरण	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
सञ्चितकोषमाथि व्ययभार	३१,४०,३६,१३	३०,७३,९३,८०	९७.८८
सञ्चितकोषबाट व्यय	३,०६,४९,६३,८७	२,६४,६२,४०,४७	८६.३३
जम्मा	**३२८**	**४९१**	**८८.३०**
चालू खर्च	१,९०,३१,९४,९५	१,७०,२९,५४,२२	८९.४८
पूँजीगत खर्च	१,२९,५३,८१,७८	१,०७,८४,७४,८७	८३.२५
साँवा भुक्तानी	१८,०४,२३,२७	१७,२२,०५,१८	९५.४४
जम्मा	**१२८१**	**१४७३**	**८८.३०**

महालेखा नियन्त्रक कार्यालयले कुल खर्च रु.२ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख २७ हजार देखाएकोमा आयोजना तथा कार्यालयहरुले लेखापरीक्षणलाई उपलब्ध गराएको आर्थिक विवरणबाट रु.२ खर्ब ९४ अर्ब ७५ करोड ६३ लाख ३५ हजार खर्च देखिएको छ । यसबाट रु.६० करोड ७० लाख ९२ हजार फरक परेको छ ।

१९. **वैदेशिक सहायता –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) मा बजेटमा समावेश नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष अनुदानतर्फ ३८ दाताबाट रु.६५ अर्ब ३४ करोड ४२ लाख ३० हजार प्राप्त हुने अनुमान भएकोमा ३६ दाताबाट रु.४५ अर्ब ९२ करोड २१ लाख ७६ हजार प्राप्त भएको छ । ऋणतर्फ ११ दाताबाट नगद, सोझै भुक्तानी, शोधभर्ना हुने गरी रु.२२ अर्ब २३ करोड १४ लाख १५ हजार प्राप्त हुने अनुमान भएकोमा १० दाताबाट रु.१२ अर्ब ७ करोड ५६ लाख ५ हजार प्राप्त भएको छ ।

वैदेशिक सहायताको दातागत विवरण

(रु.हजारमा)

क्र.सं.	दाताको नाम	अनुदान		ऋण	
		बजेट अनुमान	प्राप्त	बजेट अनुमान	प्राप्त
१	स्वीजरल्याण्ड – हेल्भीटास	१८,३५,४६	१६,२१,७१	-	-
२	स्वीजरल्याण्ड (एस.डी.सी.)	५९,६८,४२	५८,५३,१८	-	-
३	सेभ द चिल्ड्रेन, यू.एस ए	२,५३,१७	२,२५,८४	-	-
४	साउदी विकास कोष	-	-	२५,६९,१८	८,२६,११
५	डेनमार्क	५६,८३,०९	२७,०२,८०	-	-
६	बेलायत (डी.एफ.आई.डी.)	२,१८,२२,४२	१,६३,७१,३१	-	-
७	दाताको संयुक्त कोष	९,३५,८५,२७	६,२७,३१,८६	१,२१,२०,००	६७,७३,४६
८	अमेरिका (यू.एस.एड.)	७५,०४,३४	४४,४८,३७	-	-

क्र.सं.	दाताको नाम	अनुदान		ऋण	
		बजेट अनुमान	प्राप्त	बजेट अनुमान	प्राप्त
९	ओपेक कोष			८५,८१,४१	७७,५२,९७
१०	आईफाड	२७,७६,४९	१५,४४,८६	५२,६५,०५	३७,३५,५६
११	आई.डी.ए	११,७७,९०,६५	७,८२,३५,४३	४,४१,९४,७०	२,०७,३१,९३
१२	भारत	४,५४,१८,३४	२,३९,९८,६३	२,१२,१९,८६	४१,०९,०९
१३	नेदरल्याण्ड (एस.एन.भी.)	२,५३,७१	१,३४,२३	–	–
१४	नर्वे	६४,५२,३७	३३,१४,७३	–	–
१५	नर्डिक विकास कोष		–	९,८०,००	–
१६	जर्मनी (जीटीजेड.)	११,०५,४४	–		–
१७	जर्मनी (के.एफ.डब्लू.)	१,७८,५५,१५	६०,६३,३९		–
१८	जापान (जाईका)	२,०४,४८,३५	२,५२,५८,६९	६८,६०,००	१,५९,१०
१९	जापान (डी.आर.एफ)	२,४७,००,००	२,३५,५६,२२	–	–
२०	जापान (के.आर १)	१०,८०,००	–	–	–
२१	जापान (के आर २	६०,००	२०,०५	–	–
२२	जापान जे.एफ.पी.आर.	१०,४९,६५	५,३८,०६	–	–
२३	प्लान इन्टरनेशनल	१,००,००	८०,८१	–	–
२४	निदरल्याण्ड्स	३०,९३	९,५२	–	–
२५	विश्व स्वास्थय संगठन	१३,४०,९९	८,७२,१३	–	–
२६	विश्व खाद्य कार्यक्रम	८४,३८,५५	५०,३०,७९	–	–
२७	फिनल्याण्ड	८६,७४,३९	७७,२२,२७	–	–
२८	चिन	६५,४३,५०	३,१३,५०	१,९०,००,००	१,४३,४८,७२
२९	यू.एन.डी.पी.	२,९९६,५४	१२,८८,३०	–	–
३०	यू.एन.एफ.पी.ए.	५,७६,४३	२,१९,०६	–	–
३१	युरोपियन युनियन	७१,४६,१३	९,३४,४०	–	–
३२	युनेस्को	०	१०,७२	–	–
३३	युनिसेफ	६४,८४,८४	४६,४१,९३	–	–
३४	यु.एन. हेभिट्याट	३,५८,०३	५२,८८	–	–
३५	यु.के. (डी.आर.एफ)	३५,०३,०६	३,४७,३८,३२	–	–
३६	एस.एस.आर दातृसमूह	१०,५४,८६,३७	९,५५,६८,३७	–	–
३७	ए.डी.बी.	७,०९,८३,६५	३,९६,९७,०७	९,२४,९८,९५	४,०६,३८,०९
३८	ए.डी.बी. आर.आर.आर.	३,५०,००,००	–	–	–
३९	ए.डी.बी.– जे.एफ.पी.आर.	२,४२,२५	१,८९,४१	–	–
४०	एच. आई. आर.	३,००,००	१,१३,६१	–	–
४१	कोरिया–ई.डि.सि.एफ	–	–	९०,२५,००	२,१६,८१,०२
४२	गाभी	१,१८,१७,५६	५४,४३,४२	–	–
४३	ग्लोबल फण्ड	७७,७६,७६	५६,७५,८९	–	–
	जम्मा	**६५,३४,४२,३०**	**४५,९२,२१,७६**	**२२,२३,१४,१५**	**१२,०७,५६,०५**

उपरोक्तानुसार अनुदानतर्फ ३ दाताबाट रु.३ अर्ब ७१ करोड ८५ लाख ४४ हजार प्राप्त हुनुपर्नेमा प्राप्त भएको छैन भने बजेट विनियोजन नभएको युनेस्कोबाट रु.१० लाख ७२ हजार प्राप्त भएको देखाएको छ । त्यसै गरी ऋणतर्फ एक दाताबाट रु.९ करोड ८० लाख ऋण प्राप्त हुने अनुमान रहेकोमा प्राप्त भएको देखिएन ।

२०. **अनुदान शोधभर्ना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(४) मा शोधभर्ना लिने सम्बन्धमा प्रक्रिया र जिम्मेवारी तोकिएको, उपनियम (५) मा समयमा शोधभर्ना माग गरे नगरेको अनुगमन गरी लेखाउत्तरदायी अधिकृतले शोधभर्नाको स्थितिको वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप मन्त्रालयहरुले शोधभर्नाको वार्षिक विवरण तयार गरी पेश गरेको छैन । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शोधभर्नाको स्थिति देहायबमोजिम रहेको छ:

शोधभर्ना हिसाब विवरण

(रु.हजारमा)

आयोजना/कार्यक्रमको नाम	२०६६।०६७ सम्मको सोधभर्ना वक्यौता	२०६७।०६८ को खर्च	जम्मा	२०६७/६८ मा सोधभर्ना प्राप्त	१-१-१३-१० दाखिला तथा हिसाब मिलान	जम्मा रकम	२०६७।०६८ सम्मको सोधभर्ना बाँकी रकम
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	१४३५५८७	२२९३१८२	३७२८७६९	३४५३३४३	२२९९१	३४७६३३४	२५२४३५
अर्थ मन्त्रालय–लगानी (सार्वजनिक संस्थान)	१३२३	–	१३२३	–	–	–	१३२३
ऊर्जा मन्त्रालय	१६७७	१४३७६	१६०५३	१६७७	–	१६७७	१४३७६
कृषि तथा सहकारी मन्त्रालय	१६५५९३	३८०७२६	५४६३१८	३१६४३०	२४७९८	३४१२२८	२०५०९०
भौतिक योजना तथा निर्माण मन्त्रालय	१९०४७४०	३१३८५२५	५०४३२६५	२७२६४३४	६००४०४	३३२६८३८	१७१६४२६
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१४८५०	–	१४८५०	–	–	–	१४८५०
महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय	३४२८	–	३४२८	११७	–	१.१७	३३११
बन तथा भू-संरक्षण मन्त्रालय	१७९७०	२४९७८	४२९४८	२९९४५	–	२९९४५	१३००३
वाणिज्य तथा आपूर्ति मन्त्रालय	६५१३९	–	६५१३९	–	–	०	६५१३९
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय	१६०८५	३५१७०१	३६७७८६	३४८७६४	–	३४८७६४	१९०२२
शान्ति तथा पुनःनिर्माण मन्त्रालय	१३७५२८५	७९७०६	१४५४९९१	२०९४९०	११७३४७६	१३८२९६६	७२०२५
शिक्षा मन्त्रालय	८५५३७१७	९९९४४९२	१८५४८२०९	७६५४२००	११०४२८३	८७५८४८३	९७८९७२६
सूचना तथा संचार मन्त्रालय	३३३७	१३३७७	१६७१४	५७३८	२८९	६०२७	१०६८७
सिंचाई मन्त्रालय	४४६८४५	५२०५०१	९६७३४६	७१६४१४	५७०६	७२२१२०	२४५२२६
स्थानिय विकास मन्त्रालय	३३७१९६५	१५८५१८८	४९५७१५३	३५३३८९३	०	३५३३८९३	१४२३२६०
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४०३७२७७	३६९३४२९	७७३०७०६	३६२७६३६	२८७६१३	३९१५२४९	३८१५४५७
श्रम तथा यातायात व्यवस्था मन्त्रालय	४९७७	–	४९७७	–	–	–	४९७७
राष्ट्रिय योजना आयोगको सचिवालय	-२५७३	–	-२५७३	–	–	–	-२५७३
कूल जम्मा	२१४१७२२१	२२०९०१८१	४३५०७४०२	२२६२४०८२	३२१९५६०	२५८४३६४२	१७६६३७६०

२०.१. कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष वैदेशिक अनुदान शोधभर्ना हुने गरी १७ मन्त्रालयको १०४ कार्यक्रम सञ्चालन गर्न १२ दाताराष्ट्र तथा संस्थाबाट रु.३० अर्ब ७८ करोड ३९ लाख ८८ हजार प्राप्त हुने गरी बजेट विनियोजन भएकोमा रु.२२ अर्ब ९ करोड १ लाख ८१ हजार शोधभर्ना प्राप्त हुने गरी खर्च भएको छ । यो वर्षसम्म कुल शोधभर्ना हुनुपर्ने रु.४३ अर्ब ५० करोड ७४ लाख २ हजार रहेकोमा रु.२२ अर्ब ६२ करोड ४० लाख ८२ हजार (५२.०० प्रतिशत) शोधभर्ना प्राप्त भएको र समायोजनबाट रु.३ अर्ब २१ करोड ९५ लाख ६० हजार हिसाब मिलान गरे पश्चात रु.१७ अर्ब ६६ करोड ३७ लाख ६० हजार शोधभर्ना लिन बाँकी छ । शोधभर्ना लिन बाँकी रकम गतको तुलनामा यो वर्ष १७.५२ प्रतिशतले घटी देखिए पनि शोधभर्ना हुने गरी खर्च गरेको रकम समयमा माग गरी प्राप्त गर्न नसक्दा सरकारी व्ययभार बढ्नुको साथै स्रोतान्तर गरी हिसाब मिलान गर्नुपर्ने स्थिति उत्पन्न हुने हुँदा दातासँग शोधभर्ना लिने सम्बन्धमा सक्रियता देखाउनुपर्दछ ।

२०.२. विभिन्न आयोजना तथा कार्यक्रमहरुमा अनुदान शोधभर्ना हुनेगरी बजेट व्यवस्था भएकोमा निकासा खर्च हुन नसकेको र निकासा भएकोमा पनि बजेटको तुलनामा न्यून (५० प्रतिशतभन्दा कम) खर्च भएको देहायअनुसार छ । खर्च हुन नसक्नाको र न्यून खर्च हुनाको कारण उल्लेख गरेको छैन ।

- **निकासा खर्च नभएको विवरण**

(रु.हजारमा)

क्र.सं	कार्यक्रम / आयोजनाको नाम	ब.शि.नं.	दाताको नाम	बजेट
१	सुचना र प्रविधि विकास आयोजना	२५-३-२४०	ए.डी.बी.	९७,८०
२	विद्युत विकास कोष	३७-४-५८६	आई.डी.ए	९५,००
३	उच्चपहाडी कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना	४०-३/४-२२६	ए.डी.बी.	२०,०००
४	उपक्षेत्रीय यातायात अभिबृद्धि आयोजना	४८-४-५४८	ए.डी.बी.	२४,८९,००
५	दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना	४९-३/४-२९१	ए.डि.बी.	११,४२,८२
६	बाढी भविष्यवाणी	६१-३-२०५	आई.डी.ए	४,९५
७	स्थानीय शान्ति समिति	६२-३-८००	ए.डी.बी.	१८,८५,००
८	सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रम	६५-३-४२६	फिनल्याण्ड	५,००,००
९	डीप ट्युबवेल सिंचाइ आयोजना	६८-४-३६४	भारत	१४,५३,५०
१०	पश्चिमी उच्चपहाडी क्षेत्र गरिबी निवारण आयोजना	६९-३-८३४	आईफाड	८५,५०
११	विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम	६९-३-८३९	ए.डी.बी.	४,६३,५०
१२	औषधी र उपकरण आपूर्ति कार्यक्रम	७०-३-६१०	दाताको संयुक्त कोष	६,५८,०५

- **न्यून खर्च भएको विवरण**

(रु.हजारमा)

क्र.सं.	आयोजना र कार्यक्रमको नाम	व.शि.नं	दाताको नाम	वजेट	खर्च	खर्च प्रतिशत
१	सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना (जलशक्ति)	३७-३-३२३	आई.डी.ए	४६,३४	१३,७९	२९.७६
२	सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना (जलशक्ति)	३७-४-३२३	आई.डी.ए	२,६६,३०	१,२९,९७	४८.८१
३	उच्च मूल्य कृषिवस्तु विकास आयोजना	४०-३-२२५	आईफाड	१,९०,००	२८,५४	१५.०२
४	खाद्य संकट सम्बोधन कार्यक्रम	४०-३-३८५	आई.डी.ए	१६,७१,०९	६,९३,७६	४१.५२
५	व्यावसायिक कृषि विकास तथा व्यापार प्रवर्द्धन आयोजना	४०-३-४७३	आई.डी.ए	१०,९३,७३	३,०१,७२	२७.५९
६	उच्च मुल्य कृषि वस्तु विकास आयोजना	४०-४-२२५	आईफाड	१,९०,००	४५,८६	२४.१४
७	व्यावसायिक कृषि विकास तथा व्यापार प्रवर्द्धन आयोजना	४०-४-४७३	आई.डी.ए	७,८९,२७	१,३९,९४	१७.७३
८	सडक क्षेत्र विकास आयोजना	४८-४-४०७	आई.डी.ए	१,६४,७८,८०	५७,४९,९९	३४.८९
९	काठमाण्डौ दिगो शहरी यातायात आयोजना	४८-४-५४५	ए.डी.बी.	४,७५,००	४७,१४	९.९२
१०	बाढीजन्य क्षति पुन:निर्माण आयोजना	४८-४-६८२	ए.डी.बी.	८५,८६,२०	३८,८४,३८	४५.२४
११	काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन तयारी आयोजना	४८-४-७२७	ए.डी.बी.	२१,६५,०४	४,९८,०८	२३.०१
१२	शान्ति प्रक्रिया सहयोग आयोजना (द्वन्दमा मारिएका र बेपत्ता पारिएका व्यक्तिका परिवारलाई राहत)	६२-३-२१२	आई.डी.ए	५४,७७,५३	७,८४,५०	१४.३२
१३	दोस्रो उच्च शिक्षा परियोजना	६५-३-४११	आई.डी.ए	१,१०,०५,२८	३१,८७,१२	२८.९६
१४	सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रम	६५-३-४२६	एस.एस.आर दातृसमुह	१२,४६,००	२,७३,४५	२१.९५
१५	दोस्रो उच्च शिक्षा परियोजना	६५-४-४११	आई.डी.ए	१,२२,००	१९,९३	१६.३४
१६	सूचना राजमार्ग आयोजना	६७-३-२०१	ए.डी.बी.	३,३२,९०	१,२६,२९	३७.९४
१७	सूचना राजमार्ग आयोजना	६७-४-२०१	ए.डी.बी.	१२,४४,०३	७,४८	०.६
१८	ग्रामीण पहूँच सुधार तथा विकेन्द्रीकरण कार्यक्रम	६९-४-८३७	आई.डी.ए	८५,८३,७९	३६,०३,३२	४१.९८
१९	एड्स तथा यौन रोग नियन्त्रण	७०-३-४०२	दाताको संयुक्त कोष	१५,३८,९२	३,१६,३६	२०.५६
२०	झाडा पखाला,स्वास प्रश्वास तथा पोषण कार्यक्रम	७०-३-४७२	अमेरिका (यूएसएड)	२८,००	२,६९	९.६१
२१	बर्डफ्ल्युबाट हुने मानव संक्रमण निदान कार्यक्रम	७०-३-५००	आई.डी.ए	१६,४०,४१	६,८७,३६	४१.९

क्र.सं.	आयोजना र कार्यक्रमको नाम	व.शि.नं	दाताको नाम	वजेट	खर्च	खर्च प्रतिशत
२२	एड्स तथा यौन रोग नियन्त्रण	७०-४-४०२	दाताको संयुक्त कोष	१,८०,००	७२,२३	४०.१३
२३	परिवारनियोजन तथा मातृ शिशु कल्याण कार्यक्रम	७०-४-४५१	दाताको संयुक्त कोष	१८,०९,५०	२,३४,४५	१२.९६
२४	झाडा पखाला,स्वास प्रश्वास तथा पोषण कार्यक्रम	७०-४-४७२	दाताको संयुक्त कोष	६,०१,५०	१६,४१	२.७३
२५	इपिडमियोलोजी, औलो, कालाज्वर नियन्त्रण तथा प्राकृतिक प्रकोप	७०-४-५१०	दाताको संयुक्त कोष	२०,००	३,६९	१८.४५
२६	औषधी र उपकरण आपूर्ति	७०-४-६१०	दाताको संयुक्त कोष	८,९७,१८	७४,९८	८.३६

दाताबाट अनुदान सहायता शोधभर्ना प्राप्त हुने आधारमा बजेट व्यवस्था गरिएका आयोजना तथा कार्यक्रमहरुमा अनुमान गरिएअनुसार अनुदान प्राप्त नभएको र तोकिएभन्दा न्यून अनुदान सहयोग प्राप्त भएबाट सरकारको बजेट भारमा वृद्धि भएको छ । वैदेशिक अनुदान शोधभर्ना प्राप्तिको क्षमता वृद्धि गरी आयोजना कार्यक्रम सम्पन्न गर्न आवश्यक पहल गर्नुपर्दछ ।

२०.३. महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार देहायका १४ मन्त्रालय अन्तर्गत हाल बन्द भईसकेका ४८ योजना तथा कार्यक्रममा २०६६।६७ सम्ममा रु.६४ करोड ७० लाख ५ हजार अनुदान तथा ऋण शोधभर्ना लिन बाँकी भएकोमा २०६७।६८ को अन्तमा रु.६४ करोड ६८ लाख ८८ हजार बाँकी रहेको छ ।

(रु.हजारमा)

क्र.सं.	मन्त्रालयको नाम	योजना संख्या	आर्थिक वर्ष २०६६/६७ सम्मको बाँकी	२०६७/६८ मा थप /घट	जम्मा बाँकी
१	अर्थ	६	२,४०,५१	-	२,४०,५१
२	ऊर्जा	१	८,००,००	-	८,००,००
३	कृषि तथा सहकारी	१	११,६२	-	११,६२
४	पर्यटन तथा नागरिक उडड्यन	३	४,२६,२४	-	४,२६,२४
५	भौतिक योजना तथा निर्माण	७	१६,५४,६१	-	१६,५४,६१
६	महिला, बालबालिका तथा समाज कल्याण	२	३४,२८	(१,१७)	३३,११
७	वन तथा भू–संरक्षण	२	१७,४८	-	१७,४८
८	वाणिज्य तथा आपूर्ति	३	६,५१,३९	-	६,५१,३९
९	शिक्षा	१०	१३,४२,५०	-	१३,४२,५०
१०	श्रम तथा यातायात व्यवस्था	१	४९,७७	-	४९,७७
११	सिंचाई	६	८,४५,५६	-	८,४५,५६
१२	सूचना तथा सञ्चार	१	५,७४	-	५,७४
१३	स्थानीय विकास	४	३,८५,३७	-	३,८५,३७
१४	स्वास्थ्य तथा जनसंख्या	१	४,९८	-	४,९८
	जम्मा:	**४८**	**६४,७०,०५**	**(१,१७)**	**६४,६८,८८**

शोधभर्ना लिने गरी खर्च भएका आयोजनाहरु २०५४।५५ देखि बन्द भईसकेका देखिएकोले शोधभर्ना स्थितिको मूल्याङ्कन तथा अनुगमन गरी शोधभर्ना हिसाब समायोजन गर्ने व्यवस्था गर्नुपर्नेमा सो गरेको छैन ।

२१. **ऋण शोधभर्ना –** कार्यालयले उपलब्ध गराएको विवरणअनुसार वैदेशिक ऋण शोधभर्ना हुने गरी गत वर्ष र सोभन्दा अघि खर्च भएको रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजार शोधभर्ना लिन बाँकी रहेकोमा यो वर्षको खर्च रु.४ अर्ब ६९ करोड ६२ लाख ६७ हजार समेत जम्मा शोधभर्ना हुनुपर्ने रु.१५ अर्ब ४९ करोड २७ लाख ३१ हजार देखिन्छ । सोमध्ये गत आर्थिक वर्षसम्मको रु.३ अर्ब ६९ करोड २२ लाख २२ हजार र यो वर्षको रु.६३ करोड १ लाख ७६ हजार समेत रु.४ अर्ब ३२ करोड २३ लाख ९८ हजार प्राप्त भएको देखियो । साथै समायोजन भएको रु.४ अर्ब २३ करोड ४० लाख ५१ हजारको हिसाब मिलान गर्दा रु.६ अर्ब ९३ करोड ६२ लाख ८३ हजार (४४.७७ प्रतिशत) शोधभर्ना लिन बाँकी निम्नानुसार छ:

(रु.हजारमा)

आयोजना/कार्यक्रमको नाम	२०६६।०६७ को सो.भ. बाँकी	२०६७।०६८ को खर्च	जम्मा	शोधभर्नाँ प्राप्त	यो वर्ष हिसाब मिलान रकम	सोधभर्ना प्राप्त हुन बाँकी
ऊर्जा मन्त्रालय	८,००,००	-	८,००,००	-	-	८,००,००
कृषि तथा सहकारी मन्त्रालय	४०,७८,७३	२३,४६,२८	६४,२५,०१	५०,६४,७४	-२,१८,९२	१५,७९,१९
भौतिक योजना तथा निर्माण मन्त्रालय	२,३२,०१,९३	८६,४२,७४	३,१८,४४,६८	१,६९,९४,१३	३,१२	१,४८,४७,४३
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२,७७,७४	-	२,७७,७४	-	-	२,७७,७४
महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय	८,९०,१२	१३,४२,८०	२२,३२,९१	१२,२५,९४	-	१०,०६,९७
बन तथा भू-संरक्षण मन्त्रालय	२,६०,६१	७,२७,८६	९,८८,४७	७,६७,२०	०	२,२१,२७
शिक्षा मन्त्रालय	६,२८,०८,४०	३५,७०,७०	६,६३,७९,१०	३३,११,८६	४,२४,८६,९२	२,०५,८०,३२
सूचना तथा संचार मन्त्रालय	५,७३	-	५,७३	-	-	५,७३
सिंचाई मन्त्रालय	४४,८०,३९	४१,५१,८०	८६,३२,१८	५६,०५,०६	-५७,०६	३०,८४,१९
स्थानीय विकास मन्त्रालय	८२,७५,५२	१,४४,०८,३६	२,२६,८३,८८	७५,९०,८३	१,२६,४५	१,४९,६६,६०
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२६,५८,२०	६७,७३,४६	९४,३१,६६	२६,५८,२०	-	६७,७३,४६
अर्थ मन्त्रालय–लगानी (सार्वजनिक संस्थान)	२,२७,२८	४९,९८,६७	५२,२५,९५	६,०२	-	५२,१९,९३
जम्मा:	**१४०६**	**६६१**	**१६०७**	**४२७**	**२१**	**१४३२**

२१.१. गत वर्षसम्म शोधभर्ना बाँकी ऋण रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजार रहेकोमा यस वर्षको अन्त्यसम्म शोधभर्ना बाँकी ऋण रु.६ अर्ब ९३ करोड ६२ लाख ८३ हजार पुगेकोले समग्रमा शोधभर्ना हुन बाँकी रकममा ३५.७५ प्रतिशतले कमी आएको देखिन्छ । गत वर्षको तुलनामा मन्त्रालयगत आधारमा स्थानीय विकास, स्वास्थ्य तथा जनसख्या, महिला बालबालिका र अर्थ मन्त्रालयको लगानीतर्फको शोधभर्ना बाँकी रकम वृद्धि भएको देखिन्छ ।

२१.२. कार्यालयबाट पेश भएको विवरणमा चालु तथा बन्द भएका योजनाहरुमा शोधभर्ना हुन बाँकी रकम ऋणात्मक देखाएको छ । शोधभर्ना लिन बाँकी रकम ऋणात्मक हुनुको कारण खुल्ने हिसाब राखेको छैन । ऋणात्मक देखिएको विवरण देहायबमोजिम छन्:

(रु.हजारमा)

क्र.सं.	आयोजनाको नाम	वैदेशिक ऋण / अनुदान शोधभर्ना बाँकी	दातृ निकाय	आयोजनाको स्थिति	ऋणात्मक देखिएको रकम
१	सामुदायिक विकास आयोजना	ऋण	ए.डी.बी	चालु	३४,३४
२	मेलम्ची खानेपानी आयोजना	ऋण	जापान	बन्द	४,४३
३	सडक सञ्जाल विकास आयोजना	ऋण	ए.डी.बी	बन्द	२,६३,००
४	कबुलियती वन तथा चरण विकास आयोजना	ऋण	आइफाड	बन्द	१,१८,५१
५	सबैको लागि शिक्षा कार्यक्रम	ऋण	इ.एफ.ए.	चालु	२४,३८,९५
६	प्रगन्ना कुलो सिंचाई	ऋण	कुवेत	बन्द	३,८६
७	सिंचाई तथा जलश्रोत व्य.आयोजना	ऋण	आई.डी.ए.	चालु	२,३९,१४
८	पश्चिम तराई गरिवी निवारण आयोजना	ऋण	आईफाड	बन्द	२,५८,३१
९	शान्ति सचिवालय	अनुदान	यू.एस.ए.आइ.डी.	बन्द	१,३८
१०	बिद्यालय हस्तान्तरण तथा प्रोत्साहन	अनुदान	आइ.डी.ए	चालु	१३,२०
११	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना	अनुदान	डी.एफ.आई.डी.	चालु	४,४९
१२	एकीकृत शिक्षा स्वास्थ्य कार्यक्रम	अनुदान	डी.एफ.आई.डी.	चालु	१०,७४
१३	राष्ट्रिय योजना आयोगको सचिवालय	अनुदान	आई.डी.ए	बन्द	२५,७३
				जम्मा:	**९४९**

शोधभर्ना लिनुपर्ने रकम ऋणात्मक देखिएकोमा कारण नखुलाएकोले शोधभर्ना हिसाब यथार्थ नभएको व्यहोरा गत विगतदेखि औँल्याइएकोमा यो वर्ष पनि सुधार हुनसकेको छैन । बन्द भईसकेको आयोजनाको शोधभर्ना रकम प्राप्त गर्ने वा हिसाब मिलान गर्नेतर्फ कारवाही हुनुपर्दछ ।

२२. **समष्टिगत ऋण** – यो वर्ष नेपाल सरकारले प्राप्त गरेको आन्तरिक र वैदेशिक ऋणको समष्टिगत स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

ऋणको किसिम	२०६६।६७ सम्मको बाँकी	२०६७।६८ मा			२०६७।६८ सम्मको बाँकी	वृद्धि प्रतिशत
		प्राप्ति	समायोजन	साँवा भुक्तानी		
आन्तरिक	१,४७,६६,००,७८	४२,५१,५७,७५	-	६,००,२३,९१	१,८४,१२,८७,४७	२४.६९
वैदेशिक	२,५६,२४,३२,७८	१३,८४,९२,४३	६२,६७,५३	११,२१,८१,२७	२,५९,५०,११,४७	१.२७
जम्मा	**३८४**	**४५७**	**१८२**	**२६०**	**४००**	**९.८४**

यो वर्ष कार्यालयबाट पेश भएको आन्तरिक ऋण विवरणमा गत वर्षसम्मको कुल आन्तरिक ऋण दायित्व रु.१ खर्ब ४७ अर्ब ६६ करोड ७८ हजार देखाएको छ । यो वर्ष प्राप्त रु.४२ अर्ब ५१ करोड ५७ लाख ७५ हजार समेत रु.१ खर्ब ९० अर्ब १७ करोड ५८ लाख ५३ हजारमा यो वर्ष साँवा भुक्तानी रु.६ अर्ब २३ लाख ९१ हजार घटाउँदा रु.१ खर्ब ८४ अर्ब १७ करोड ३४ लाख ६२ हजार आन्तरिक ऋण दायित्व देखाउनुपर्नेमा रु.१ खर्ब ८४ अर्ब १२ करोड ८७ लाख ४७ हजार देखाएकोले रु.४ करोड ४७ लाख १५ हजार घटी देखाएको छ । यस्तै वैदेशिक ऋण दायित्व गत वर्षसम्मको र यो वर्ष प्राप्त समेतमा यो वर्ष साँवा भुक्तानी घटाउँदा रु.२ खर्ब ६० अर्ब २८ करोड १३ लाख ६३ हजार वैदेशिक ऋण दायित्व बाँकी हुनुपर्नेमा रु.२ खर्ब ५९ अर्ब ५० करोड ११ लाख ४७ हजार मात्र देखाएकोले रु.७८ करोड २ लाख १६ हजार घटी दायित्व देखाएको छ । फरक परेको सम्बन्धमा स्पष्ट कारण खुलाएको छैन ।

२३. **ऋण प्राप्ति** – कार्यालयले पेश गरेको केन्द्रीय हिसाबमा यो वर्ष विभिन्न आयोजना तथा कार्यक्रमका लागि वैदेशिक ऋण रु.२२ अर्ब २३ करोड १४ लाख १५ हजार प्राप्त हुने अनुमान रहेकोमा रु.१२ अर्ब ७ करोड ५६ लाख ५ हजार प्राप्त भएको छ । ऋण प्राप्तिको अनुमान तथा यथार्थ स्थितिको तुलनात्मक विवरण निम्नानुसार छ:

(रु.हजारमा)

ऋणको किसिम	बजेट अनुमान	यथार्थ	प्रतिशत
१. नगद	२,०६,६२,५०	१,००,००,००	४८.३९
२. शोधभर्ना हुने	७,२०,५०,८७	४,६९,६२,६६	६५.१७
३. सोझै भुक्तानी	१२,९६,००,७८	६,३७,९३,३९	४९.२२
जम्मा	**४७०**	**३७७**	**५४.३१**

२४. **साँवा ब्याज भुक्तानी** – केन्द्रीय आर्थिक विवरणअनुसार कुल चालू खर्चको दाँजोमा विगत ३ वर्षको आन्तरिक तथा वैदेशिक ऋणको साँवा ब्याज भुक्तानीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

आर्थिक वर्ष	कुल चालू खर्च	आन्तरिक ऋण		वैदेशिक ऋण		कुल साँवा ब्याज भुक्तानी
		साँवा	ब्याज	साँवा	ब्याज	
२०६५/६६	१,२७,६५,३६,४४	८,७१,३८,५९	५,७८,०४,९९	१०,१२,०२,५४	२,३७,३७,४१	२६,९८,८३,५३
२०६६/६७	१,५१,०१,९१,३१	७,६८,९३,०१	७,५२,३१,९३	१०,७४,३०,२०	२,४५,८०,६४	२८,४१,३५,७८
२०६७/६८	१,७०,२९,५४,२२	६,००,२३,९१	१०,४१,५२,३९	११,२१,८१,२७	२,३२,१९,०३	६३४

यो वर्ष राजस्व असुली रु.१ खर्ब ९९ अर्ब ८१ करोड ९० लाख १५ हजारको तुलनामा १४.९९ प्रतिशत साँवा ब्याज भुक्तानी गरेको छ । कुल पूँजीगत खर्च तथा साँवा फिर्ता भएको कुल खर्च रु.१ खर्ब २५ अर्ब ६ करोड ८० लाख ४ हजारको तुलनामा साँवा फिर्ताको प्रतिशत १३.७७ प्रतिशत रहेको छ भने चालू खर्चको तुलनामा ब्याज ७.४८ प्रतिशत हुन आउँछ ।

२५. **मौज्दात रकम** – वैदेशिक अनुदान तथा ऋण स्वरुप प्राप्त रकमलाई तोकिएको कार्यक्रम अनुरुप खर्च गरी शोधभर्ना माग गर्नुपर्नेमा विश्वविद्यालय अनुदान आयोगले रु.२० करोड ८३ लाख ५४ हजार, काठमाडौं

उपत्यका खानेपानी तथा सरसफाई आयोजनाले रु.६९ करोड १५ लाख ७४ हजार र शहरी तथा वातावरणीय सुधार आयोजनाले रु.८४ लाख ५४ हजार समेत रु.९० करोड ८३ लाख ८२ हजार आयोजना, ९ नगरपालिका, जिल्ला विकास समितिको बैङ्क खातामा मौज्दात राखेको छ । निश्चित कार्यक्रम सञ्चालनका लागि प्राप्त हुन आएको सहायता रकम तोकिएको कार्यमा खर्च नगरी मौज्दात राख्दा समयमा प्राप्त ऋण एवं अनुदानको सही उपयोग हुनसक्ने स्थिति नदेखिएकोले सो रकम फिर्ता गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

२६. **आन्तरिक र वैदेशिक ऋण लगानी** – यो वर्ष नेपाल सरकारले आन्तरिक र वैदेशिक ऋण लगानी गरेको समष्टीगत स्थिति निम्नअनुसार छ:

(रु.हजारमा)

लगानीको किसीम	२०६६।६७ सम्मको बांकी	२०६७।६८ मा		यो वर्षसम्म फिर्ता	जम्मा लगानी बांकी
		लगानी	समायोजनाबाट थप		
आन्तरिक ऋण लगानी	२८,४१,३७,४९	३,६८,१०,८२	६१,३६,००	३,०६,९३,२६	२९,६३,९१,०५
वैदेशिक ऋण लगानी	१,०५,६१,००,०६	४९,९८,६७	५,५३,६०,४१	३१,७३,१६,११	७९,९१,४३,०३
जम्मा	**२२८**	**३७७**	**२५६**	**२५९**	**४०४**

उपर्युक्त लगानी भएको रकमको सम्बन्धित संस्थाहरुबाट समर्थन पत्र लिएको छैन ।

२६.१. आन्तरिक तथा वैदेशिक स्रोतबाट ऋण लगानी गरेका सार्वजनिक संस्था र सरकारबीच भएका सहायक ऋण सम्झौता, तमसुक आदि सङ्कलन गरी ऋण लगानी फिर्ता हुने समय र ब्याज दर यकिन गरी व्यवस्थित रुपमा राख्नुपर्नेमा यो वर्षसम्म आन्तरिक स्रोततर्फ २८ संस्थामा ४१ कार्यक्रमका लागि लगानी भएको रु.२ अर्ब १५ करोड ४५ लाख २९ हजारको र वैदेशिक स्रोततर्फको ६ संस्थामा २२ कार्यक्रमको लागि लगानी भएको रु.६ अर्ब ८८ करोड २२ लाख २९ हजार समेत रु.९ अर्ब ३ करोड ६७ लाख ५८ हजारको सहायक ऋण सम्झौता एवं तमसुक कार्यालयमा रहेको छैन । तमसुक र सम्झौताको अभावमा ऋण लगानी फिर्ता हुने समय र ब्याज दर यकिन गर्न सकिने स्थिति देखिएन । यो व्यहोरा गत विगत वर्षको प्रतिवेदनबाट औँल्याउँदै आएकोमा स्थिति यथावत रहेको छ ।

२६.२. आन्तरिक तथा वैदेशिक स्रोतबाट ऋण लगानी भई साँवा ब्याज असुल हुन बाँकी देखिएका संस्थाहरु बिक्री, लिक्विडेशन र अन्य माध्यमबाट निजीकरण भइसकेका छन् । तीमध्ये १७ संस्थामा विभिन्न मितिमा आन्तरिक ऋण रु.१ अर्ब ७६ करोड ६१ लाख २३ हजार र ब्याज रु.४८ करोड ६८ लाख ८७ हजार समेत रु.२ अर्ब २५ करोड ३० लाख १० हजार र ८ संस्थामा वैदेशिक ऋण रु.१६ करोड ६६ लाख २३ हजार लगानी गरेकोमा सोको भाखा नाघेका साँवा तथा ब्याज रकम यकिन गरी हिसाब राफसाफ गर्नुपर्नेमा हालसम्म गरेको छैन ।

२६.३. विगतमा २८ संस्थामा लगानी भएको आन्तरिक ऋण रु.२ अर्ब ५ करोड १ लाख ४२ हजारमा लिनुपर्ने ब्याज समेत हिसाब गरी असुल गर्नेतर्फ कारबाहीका लागि गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत रहेको छ ।

२७. **भाखा नाघेको ऋण** – ऋणको भाखा नाघेकोमा साँवा ब्याजको बीजक जारी गरी असुल गर्नुपर्दछ । यस्तो भाखा नाघेको साँवा, ब्याज असुल गर्न बीजक जारी गर्ने कार्य सुरु गरे तापनि असुली कार्य प्रभावकारी हुनसकेको देखिँदैन । राजस्व बक्यौताको लगत अद्यावधिक नगरेको, ब्याज असुल नगरी साँवामात्र असुल गरेको, भाखा नाघेको साँवा ब्याज सबै समावेश गरी तोकिएको ढाँचामा राजस्वको आर्थिक विवरण तयार नगरेको व्यहोरा गत विगतको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि भाखा नाघेको साँवा ब्याज यकिन भएका संस्थाहरुको मात्र रकम समावेश गरी आर्थिक विवरण तयार गरेकोले समग्र स्थितिको मूल्याङ्कन हुनसकेको छैन ।

ऋण सम्झौता तथा तमसुकमा भएको साँवा फिर्ता तथा ब्याज भुक्तानी गर्ने समय तालिकाअनुसार ऋण लिएको संस्थाले साँवा फिर्ता तथा ब्याज बुझाएको देखिएन । प्राप्त आर्थिक विवरणअनुसार विगत पाँच वर्षको भाखा नाघेको साँवा ब्याजको स्थिति निम्न बमोजिम छन्:

(रु.हजारमा)

आर्थिक वर्ष	भाखा नाघेको साँवा ब्याज	गत वर्षको तुलनामा वृद्धि प्रतिशत
२०६३/६४	१३,५३,७२,८०	(२८.४९)
२०६४/६५	१६,७६,०६,९५	२३.८१
२०६५/६६	१७,०६,८०,१३	१.८३
२०६६/६७	२५,१२,६३,७९	४७.२१
२०६७/६८	२७,७६,९५,४३	१०.५२

भाखा नाघेका साँवा ब्याज बाँकी राख्नेमा खारेज भएका, बिक्री तथा भाडामा गएका तथा अस्तित्व समाप्त भएका संस्थाहरु समेत रहेका छन् । भाखा नाघेको साँवा फिर्ता तथा ब्याज असुल गर्नेतर्फ आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

२७.१. नेपाल सरकारले विभिन्न सार्वजनिक संस्थान एवं संगठित संस्थाहरुमा आन्तरिक र वैदेशिक स्रोतबाट ऋण तथा शेयर लगानी गरेकोमा ऋण सम्झौता तथा तमसुकमा उल्लिखित शर्तअनुसार तोकिएको समयमा साँवा र ब्याज प्राप्त हुनुपर्दछ । यो वर्ष प्राप्त भएको साँवा, ब्याज र लाभांशको प्राप्तिको स्थिति देहायबमोजिम छ:

(रु.हजारमा)

क्र.सं.	निकायको नाम	साँवा फिर्ता	ब्याज प्राप्त	लाभांश प्राप्त	जम्मा
१.	नेपाल राष्ट्र बैङ्क	३,६८,८०	१,३२,२०	३,११,००,००	३,१६,०१,००
२.	कृषि विकास बैङ्क	१७,७०	८,०७,८०	-	८,२५,५०
३.	नेपाल विद्युत प्राधिकरण	२२,६०,७९	३०,८४,२२	-	५३,४५,०१
४.	नेपाल टेलिकम	-	-	५,४८,९५,९८	५,४८,९५,९८
५.	औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड	-	-	६३,०७	६३,०७
६.	दुग्ध विकास संस्थान	३३,२५	८३	-	३४,०८
७.	बुटवल पावर कम्पनी लिमिटेड	-	-	१,६१,४८	१,६१,४८
८.	नगर विकास कोष	१,८८,६६	६,९३	-	१,९५,५९
९.	साल्ट ट्रेडिङ्ग लिमिटेड	-	-	१,६६	१,६६
१०.	नेपाल नागरिक उड्डयन प्राधिकरण	११,९१,२२	२६,३६,४७	०	३८,२७,६९
११.	सांस्कृतिक संस्थान	२०,००	३०,००	-	५०,००
१२.	हेटौंडा सिमेन्ट उद्योग	२,११,००	२,११,००	-	४,२२,००
१३.	नेपाल पारवहन तथा गोदाम व्यवस्था लिमिटेड	८,००	१८,६०	-	२६,६०
१४.	कालीमाटी तरकारी बजार	१,१०,००	०	-	१,१०,००
१५.	उदयपुर सिमेन्ट उद्योग	१,५०,००	५०,००	-	२,००,००
१६.	गोरखकाली रबर उद्योग	१,००,००	०	-	१,००,००
१७.	ग्रामीण लघु विकास केन्द्र	०	३,५९,६९	-	३,५९,६९
१८.	नेपाल खानेपानी संस्थान	४,७३,१७	९,२५,६०	-	१३,९८,७७
१९.	साझा पसल सेवा	०	०	-	४
२०.	नेपाल आयल निगम	६५,००,००	३६,५१,६३	-	१,०१,५१,६३
२१.	राष्ट्रिय प्रकृति संरक्षण कोष	१०,००	९०	-	१०,९०
२२.	विदुर नगरपालिका	०	५,००	-	५,००
२३.	खानेपानी बोर्ड	१०,००,००	-	-	१०,००,००
२४.	साना किसान बैङ्क	०	-	१०,००	१०,००
२५.	दिपायल सिलगढी नगर विकास समिति	४,००	-	-	४,००
२६.	नेपाल आवास विकास तथा फाइनान्स कम्पनी	-	-	१४,०६	१४,०६
२७.	नेपाल एयरलाइन्स कर्पोरेशन	१,४८,५०	६९,६९	-	२,१८,१९
	जम्मा	**९९**	**१,१९,९०,५६**	**८,६२,४६,२९**	**११,१०,३१,९४**

संस्थाहरुमा गरेको लगानीको प्रत्येक वर्ष घोषित लाभांश र ऋण लगानीमध्ये भाखा नाघेको साँवा, ब्याजको स्पष्ट अभिलेख राखी त्यसको आधारमा प्रभावकारी रुपमा असुली गर्नेतर्फ कारबाही भएको देखिएन ।

२८. **शेयर तथा ऋण लगानी –** कार्यालयबाट प्रस्तुत आर्थिक विवरणअनुसार विभिन्न ऐनको आधारमा स्थापना भएका सार्वजनिक तथा संगठित संस्थाहरुमा नेपाल सरकारले शेयर तथा ऋण लगानी गरेकोमा उक्त संस्थाहरुमा भएको लगानीबाट लाभांश, ब्याज र साँवा फिर्ताबाट प्राप्त भएको गैरकर राजस्व स्थिति यसप्रकार छ:

(रु.हजारमा)

क्र.सं.	विवरण	संस्था संख्या	लगानी रकम	लाभांश प्राप्त	साँवा फिर्ता	ब्याज प्राप्त	जम्मा	प्राप्त प्रतिशत
१	शेयर लगानी	१०३	९८७०७१५९	८,६२,४६,२९	-	-	८,६२,४६,२९	८.७४
२	ऋण लगानी		-	-	-	-	-	-
	(क) आन्तरिक	६६	३२,७०,८४,३१	-	७७,६४,७०	४९,२५,८९	१,२६,९०,६०	३.८७
	(ख) वैदेशिक	४७	१,११,६४,८९,१४	-	५०,३०,३९	७०,६४,६७	१,२०,९५,०६	१.०८
	जम्मा :	**११३**	**३९६**	**१४५**	**३३०**	**३६४**	**११,१०,३१,९४**	**४.५६**

- गत तीन वर्षको साँवा, ब्याज र लाभांश प्राप्तिको अनुमान तथा असुलीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

विवरण	२०६७/६८		२०६६।६७		२०६५।६६	
	अनुमान	असुली	अनुमान	असुली	अनुमान	असुली
साँवा फिर्ता	२,२८,४९,३५	**३०.४**	४,०५,८०,००	१,९५,३५,३७	१२,५७,००	३,५२,८९,२१
ब्याज प्राप्त	५,१२,५८,५४	**३०.४**	१,३०,००,००	४४,६६,०१	१,२९,३०,००	१,०८,६१,८७
लाभांश	८,४८,५४,०४	**६०.८**	७,८४,७०,००	७,३५,०७,८३	५,५४,५५,००	७,१९,७३,६३
जम्मा	**३५७**	**११,१०,३१,९४**	**२८१**	**४११**	**६,९६,४२,००**	**११,८१,२४,७१**

२९. **ब्याज बेगर साँवा असुली –** निम्न संस्थाहरुमा सरकारले गरेको लगानी रकमको सम्झौता तथा तमसुकमा उल्लिखित अवधिभित्र ब्याज रकम प्राप्त हुनसकेको छैन । तर ती संस्थाहरुले लिएको ऋण रकमको ब्याज भुक्तानी गर्न बाँकी राखी साँवा भुक्तानी गरेको देखियो । तिर्न बाँकी ब्याज रकममा थप ब्याजको व्यवस्था नभएको तर साँवा रकममा वर्षेनी ब्याज रकम हिसाब हुने हुँदा ब्याज रकम तिर्नभन्दा साँवा रकम तिर्न प्राथमिकतामा दिएको देखियो । ब्याज असुल गर्न बाँकी राखी फिर्ता गरेको साँवा निम्नअनुसार छ:

(रु.हजारमा)

क्र.सं.	संस्था	असुल हुन बाँकी ब्याज	यो वर्ष फिर्ता भएको साँवा रकम
१	सांस्कृतिक संस्थान	३,७०,७६	२०,००
२	दिपायल नगर विकास समिति	२७,६७	४,००
३	गोरखकाली रबर उद्योग	३८,९२,८३	१,००,००
४	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	२,८९,५४	१०,००,००
५	नागरिक उड्डयन प्राधिकरण	२,३६,०१,६२	११,९१,२२
६	नेपाल आयल निगम	१३,६४,६३	६५,००,००
७	नेपाल खानेपानी संस्थान	१,०९,७९,४७	४,७३,१७
८	उदयपुर सिमेन्ट उद्योग	१७,६६,६०	१,५०,००
९	नेपाल विद्युत प्राधिकरण	२,११,९५,८४	२२,६०,७८
१०	दुग्ध विकास संस्थान	२,४३,९९	३३,२५
११	हेटौंडा सिमेन्ट उद्योग	२२,६८,२२	२,११,००
१२	नेपाल वायुसेवा निगम	२,८५,७९	१,४८,५०
१३	नगर विकास कोष	११,८२,३६	१,८८,६९
	जम्मा:	**१८६४**	**८५७**

संस्थाहरुबाट प्राप्त हुन बाँकी ब्याज रकम असुल भएपछि मात्र बाँकी रकम साँवाबाट कट्टा हुने व्यवस्था मिलाउनुपर्दछ ।

३०. **ऋण लगानी –** कार्यालयले उपलब्ध गराएको २०६७।६८ को ऋण लगानीको अद्यावधिक आर्थिक विवरणअनुसारको ऋण लगानीको अभिलेख भिडान भए तापनि अर्थ मन्त्रालयले उपलब्ध गराएको २०६६।६७ सम्मको निम्न संस्थाहरुले देखाएको ऋण लगानी रकमसँग संस्थाले देखाएको लगानी रकम भिडान भएको छैन । २०६६।६७ को स्थितिको आधारमा निम्न १६ संस्थामा लगानीको आर्थिक विवरणमा उल्लेखभन्दा ७ संस्थाले रु.९ अर्ब ६ करोड ७६ लाख बढी र ९ संस्थाले रु.५ अर्ब ८० करोड ५ लाख घटी ऋण लगानी देखाएको छ । यस सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्ने देखियो ।

(रु.लाखमा)

क्र.सं.	संस्थाको नाम	ऋण लगानी		संस्थाले देखाएको	
		म.ले.नि. काअनुसार	संस्थाले देखाएअनुसार	घटी	बढी
१	हेटौंडा सिमेन्ट उद्योग	१५,११	३८,६१	-	२३,५०
२	जनकपुर चुरोट कारखाना	२६,००	८०,५५	-	५४,५५
३	उदयपुर सिमेन्ट उद्योग	२,२२,५०	१,७३,००	४९,५०	०
४	नेशनल ट्रेडिङ लिमिटेड	१०,००	४८,८४	-	३८,८४
५	नेपाल खाद्य संस्थान	४२	२०,४३	-	२०,०१
६	नेपाल आयल निगम	८,५१,१०	११,४४,१०	-	२,९३,००
७	दि टिम्बर कर्पोरेशन अफ नेपाल	५,७८	५,४७	३१	-
८	एन.सी.सी.एन	१०	-	१०	-
९	नेपाल वायु सेवा निगम	३५,५३	१,०८,४२	०	७२,८९
१०	सांस्कृतिक संस्थान	२२,६३	१६,४६	३,१७	-
११	गोरखा पत्र संस्थान	९,६४	४,००	५,६४	-
१२	नेपाल विद्युत प्राधिकरण	६२,७३,१९	५८,०२,५३	४,७०,६६	-
१३	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१०,४३	-	१०,४३	-
१४	कृषि विकास बैङ्क लिमिटेड	२,६९,५९	२,३०,००	३९,५९	-
१५	नेपाल औद्योगिक विकास निगम	६५	-	६५	-
१६	राष्ट्रिय वाणिज्य बैङ्क	-	४,०३,९७	-	४,०३,९७
	जम्मा:	**९८८**	**१०४**	**४८६**	**१०४**

लगानीको हिसाब राख्ने र ऋण लिने संस्थाबीचको हिसाब फरक हुनुमा एकद्वार प्रणालीबाट लगानी नहुनु, लगानी गर्ने निकायले लगानीको अभिलेख महालेखा नियन्त्रक कार्यालयमा नपठाउनु र सीधै लगानी गर्नु जस्ता प्रमुख कारण रहेका छन । अत: संस्थामा लगानी गर्दा एकद्वार प्रणाली लागू गरी नियन्त्रण र समन्वयको व्यवस्था हुनुपर्दछ ।

३१. **ऋण लगानीको समग्र अवस्था –** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको ऋण लगानी अभिलेखअनुसार संस्थाहरुमा शर्त, सम्झौताबेगर ऋण लगानी गरेको, ऋण लगानीको सहायक ऋण सम्झौता एवं तमसुक नरहेको, ऋण फिर्ता प्राप्त गर्नुपर्ने मिति र ब्याजदर खुलाई अभिलेख नराखेको सम्झौताबमोजिम तोकिएको समयभित्र साँवा ब्याज प्राप्त नभएको, बजेट विनियोजननै नभएकोमा रकमान्तरबाट लगानी गरेको देखिन्छ भने विनियोजन भएकोमा वैदेशिक ऋण तथा अनुदान प्राप्त नभएका कारण लगानी हुन नसकेको जस्ता व्यहोराहरु देखिएका छन् । अत: दीर्घकालीन लगानी नीति तयार गरी योजना अनुरुप सार्वजनिक संस्थामा लगानी गर्ने र लगानी भएको रकमको उचित व्यवस्थापन गर्नु जरुरी देखिएको छ ।

३२. **शेयर लगानी** – कार्यालयबाट प्रस्तुत आर्थिक विवरणमा विभिन्न ऐनबाट स्थापना भएका १०३ संस्थामा शेयर लगानीबापत गत वर्षसम्मको रु.८८ अर्ब ६८ करोड ९७ लाख ९१ हजार र यो वर्षको रु.९ अर्ब ९४ करोड ३६

लाख ४३ हजारमध्ये ६ संस्थामा समायोजनबाट रु.९ करोड ३७ लाख २५ हजार थप र एक संस्थामा रु.२ करोड घटाउँदा जम्मा लगानी रु.९८ अर्ब ७० करोड ७१ लाख ५९ हजार देखिन्छ ।

३२.१. नेपाल चिया विकास निगममा यो वर्षसम्म नेपाल सरकारले रु.७ करोड ४ लाख १२ हजार लगानी गरेकोमा उक्त संस्थाले रु.८ करोड ४१ लाख २ हजार लगानी देखाई नेपाल सरकारले लगानी गरेकोभन्दा रु.१ करोड ३६ लाख ९० हजार बढीको शेयर प्रमाणपत्र प्राप्त भएको र बुटवल पावर कम्पनीमा नेपाल सरकारले रु.९ करोड २२ लाख ९३ हजार लगानी गरेकोमा उक्त संस्थाले रु.८१ करोड ४६ लाख ४६ हजार लगानी देखाई नेपाल सरकारले लगानी गरेकोभन्दा रु.७२ करोड २३ लाख ५३ हजार बढी शेयरको प्रमाणपत्र प्राप्त भएको आर्थिक विवरणले देखाएकोले शेयर लगानीको हिसाब यथार्थपरक भएको देखिएन । तसर्थ हिसाब भिडान गरी अभिलेख यथार्थ बनाउनुपर्दछ ।

३२.२. सार्वजनिक संस्थाहरुमा हालसम्म लगानी गरेको रु.९८ अर्ब ७० करोड ७१ लाख ५९ हजारमध्ये ४४ संस्थामा गरेको लगानी रु.७३ अर्ब ४२ करोड ७४ लाख २२ हजारको शेयर प्रमाणपत्र यो वर्ष पनि प्राप्त भएको छैन । सार्वजनिक तथा संगठित संस्था २५ मा लगानी गरेको रु.३ अर्ब ७४ करोड ६५ लाख ८२ हजारमध्ये रु.९९ करोड २८ लाख १७ हजारको शेयर प्रमाण प्राप्त गरेको छैन । लगानी गरेका संस्थाहरुबाट शेयर प्रमाणपत्र प्राप्त गरी कार्यालयको शेयर लगानीको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३२.३. नेपाल सरकारले शेयर लगानी गर्दा संस्थानहरुको प्रवन्धपत्र तथा नियमावलीअनुसार नेपाल सरकारको हिस्सा निर्धारण गरी अधिकृत पूँजीको सीमाभित्र रही शेयर लगानी गर्नुपर्दछ । सोअनुसार गरेको नपाइएकोले यस सम्बन्धी व्यहोरा गत विगतदेखि औँल्याउँदै आएको भए तापनि यो वर्ष थप भएको समेत २५ संस्थाको शेयरमा गरेको लगानी रु.२७ अर्ब ४८ करोड २९ लाख ७० हजारका सम्बन्धमा अधिकृत पूँजी किटानी नगरी आर्थिक विवरण तयार गरेको छ । कार्यालयले उपलब्ध गराएको अद्यावधिक विवरणअनुसार अधिकृत पूँजीभन्दा बढी लगानी गरेको देहायबमोजिम छ:

(रु.हजारमा)

क्र.सं.	संस्थाको नाम	अधिकृत पूँजी	लगानी रकम	बढी लगानी
१	नेपाल वायु सेवा निगम	३०,००,००	३७,९२,६६	७,९२,६६
२	नेपाल विद्युत प्राधिकरण	३०,००,००,००	३९,११,९२,८५	९,११,९२,८५
३	नेपाल खाद्य संस्थान	९९,०४,९५	९९,९२,६१	८७,६६
४	नेपाल आयल निगम	१०,००,००	२९,०८,२१	१९,०८,२१
५	कर्जा सुरक्षण निगम	२१,००,००	३५,५७,४९	१४,५७,४९
६	नेपाल टेलिभिजन	१,५०,००,००	१,६४,८९,३८	१४,८९,३८
	जम्मा:	३३,१०,०४,९५	४२,७९,३३,२०	८२४

अधिकृत पूँजीलाई ध्यानमा राखी लगानी गर्नुपर्ने सम्बन्धमा गत वर्ष औँल्याइएकोमा यो वर्षपनि सुधार भएको छैन ।

३३. **शेयर लगानीमा फरक –** कार्यालयले उपलब्ध गराएको २०६७६८ को शेयर लगानीको अद्यावधिक आर्थिक विवरणअनुसारको रकमसँग कार्यालयले राखेको शेयर लगानीको अभिलेख भिडान भए तापनि अर्थ मन्त्रालयले उपलब्ध गराएको २०६६।६७ सम्मको विभिन्न संस्थाहरुले देखाएको शेयर लगानी लगानी रकमसँग कार्यालयले देखाएको लगानी रकम भिडान भएको छैन । यससम्बन्धमा गत विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औँल्याउँदै आएकोमा केही सुधार भए तापनि निम्न १४ संस्थामा लगानीको आर्थिक विवरणमा उल्लेखभन्दा ६ संस्थाले रु.४ अर्ब २९ करोड १३ लाख बढी र ८ संस्थाले रु.२ अर्ब ५९ करोड घटी शेयर लगानी देखाएको छ । यस सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ ।

(रु.लाखमा)

क्र.सं.	संस्थाको नाम	शेयर लगानी		संस्थाले देखाएको	
		महालेखा नियन्त्रक कार्यालयअनुसार	संस्थाले देखाएअनुसार	घटी	बढी
१	नेपाल खाद्य संस्थान	९९,९३	९९,०५	८८	-
२	नेपाल आयल निगम लिमिटेड	२९,०८	९,५१	१९,५७	-
३	नेपाल नागरिक उड्डयन प्राधिकरण	१२,१७,३४	११,०८,५४	१,०८,८०	-
४	नेपाल खानेपानी संस्थान	१,४०,७७	३४,७६	१,०६,०१	-
५	नेपाल वायु सेवा निगम	३७,९३	१६,२३	२१,७०	-
६	नेपाल विद्युत प्राधिकरण	३५,८०,०४	३८,६४,०३	-	२,८३,९९
७	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१३,७२,४२	१३,७२,४०	२	-
८	नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी	३८	४२	-	४
९	जनकशिक्षा सामग्री केन्द्र लिमिटेड	४५,६४	४५,००	६४	-
१०	कृषि विकास बैङ्क लि.	८,०६,२८	९,४३,७५	-	१,३७,४७
११	राष्ट्रिय बिमा संस्थान	४,९९	६,१२	-	१,१३
१२	नेपाल औद्योगिक विकास निगम	३४,९२	४१,२७	-	६,३५
१३	निक्षेप तथा कर्जा सुरक्षण निगम	४,६०	३,२२	१,३८	-
१४	नेपाल आवास फाइनान्स कम्पनी	१,६१	१,७६	-	१५
	जम्मा:	**७३,७५,९३**	**७५,४६,०६**	**२,५९,००**	**४,२९,१३**

लगानीको हिसाब राख्ने र लगानी पाउने संस्थाबीचको हिसाब फरक हुनुमा एकद्वार प्रणालीबाट लगानी नहुनु, लगानी गर्ने निकायले लगानीको अभिलेख महालेखा नियन्त्रक कार्यालयमा नपठाउनु र सीधै लगानी गर्नु जस्ता प्रमुख कारण रहेका छन । शेयर लगानी गर्दा एकद्वार प्रणाली लागू गरी नियन्त्रण र समन्वयको व्यवस्था गरिनुपर्दछ ।

३४. **स्वामित्वको वर्गीकरण र अनुगमन –** नेपाल सरकारले हालसम्म १०३ संस्थामा शेयर लगानी गरेको देखियो । शेयर लगानी भएका संस्था तथा समितिमध्ये पूर्णस्वामित्व भएका, अधिकांश र आंशिक स्वामित्व भएका संस्थाको अवस्था खुलाई विवरण तयार गर्नुपर्नेमा तयार गरेको पाइएन । नेपाल सरकार प्रमुख लगानीकर्ता भएको कारणले लाभांश प्राप्त गर्ने तथा लगानी संरक्षण गर्ने दृष्टिकोणबाट नाफामा रहेका लाभांश घोषणा गर्नुपर्ने संस्थाहरुले समयमा लाभांश घोषणा गरे नगरेको, लाभांश घोषणा गर्दा ऐन, नियम, सरकारी निर्णय र निर्देशनअनुसार गरे नगरेको सम्बन्धमा अनुगमन एवं मूल्याङ्कन गरी त्यसको विवरण अद्यावधिक गरेको छैन । नाफामा रहेका संस्थाले लाभांश घोषणा गरे नगरेको, लाभांश घोषणा गरेका संस्थाले पनि दाखिला गरे नगरेको, साधारण सभा निर्धारित समयमा बोलाए नबोलाएको र घोषणा गरेभन्दा कम लाभांश दाखिला गरेको वा लाभांश दाखिला नै नगरेको सम्बन्धमा यकिन गर्नुपर्नेमा सो गरेको देखिँदैन ।

३५. **कार्यसञ्चालन कोष –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ अनुसार महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय कार्य सञ्चालन कोषको यो वर्षको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.६ अर्ब ६७ करोड ७९ लाख ६९ हजार र यो वर्षको रु.१५ अर्ब ३२ करोड ६६ लाख ३२ हजार समेत आय रु.२२ अर्ब ४६ लाख १ हजारमा रु.१५ अर्ब ७७ करोड ७७ लाख ५५ हजार खर्च भई बाँकी रु.६ अर्ब २२ करोड ६८ लाख ४७ हजार मौज्दात रहेको देखाएको छ ।

गत वर्ष कुल मौज्दात रु.६ अर्ब ५९ करोड २८ लाख ८५ हजार देखाएकोमा यो वर्ष रु.६ अर्ब ६७ करोड ७९ लाख ६९ हजार जिम्मेवारी सारेकोले गत वर्षको मौज्दातभन्दा रु.८ करोड ५० लाख ८३ हजार बढी जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारेको कारण स्पष्ट छैन । जिम्मेवारी सारेको हिसाब यथार्थपरक हुने गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

कौषी तोषाखाना कार्यालय

३६. **निवृत्तिभरण –** कार्यालयले यो वर्षको निवृत्तिभरण खर्च लेखेको रु.६ अर्ब ८२ करोड ४० लाखमा नेपाली सेनातर्फको निवृत्तिभरण खर्च रु.३ अर्ब २४ करोड ९९ लाख ७७ हजार समेत समावेश गर्दा कुल निवृत्तिभरण खर्च रु.१० अर्ब ७ करोड ३९ लाख ७७ हजार भएको देखिन्छ । यो खर्च कुल तलव शीर्षकमा भएको खर्चको २७.४६ प्रतिशत र चालू खर्चको ५.९१ प्रतिशत छ । निजामती सेवा ऐन, २०४९ को दफा ३९(ख) मा उल्लेख भएको योगदानमूलक पेन्सनको अवधारणालाई कार्यान्वयनमा ल्याउने तथा अन्य सरकारी सेवामा समेत सोही अवधारणा लागू गर्न विशेष सोच हुन आवश्यक देखिएको छ ।

आन्तरिक राजस्व विभाग

३७. **राजस्व असुली स्थिति –** विभाग र मातहत कार्यालय समेतको यो वर्ष सवारीसाधन कर बाहेक रु.१ खर्ब ३७ अर्ब ५६ करोड असुल गर्ने अनुमान रहेकोमा लेखापरीक्षण भएका २४ कार्यालयको आर्थिक विवरणबाट रु.१ खर्ब २६ अर्ब ८ करोड ६८ लाख ८० हजार असुली भएको छ । विभागबाट प्राप्त वार्षिक प्रतिवेदनमा रु.१ खर्ब ३० अर्ब ८ करोड ९ लाख ४० हजार कर राजस्व असुल भएको उल्लेख छ भने विभागबाटै प्राप्त राजस्वको केन्द्रीय आर्थिक विवरणमा रु.१ खर्ब २७ अर्ब ३५ करोड ६५ लाख १४ हजार असुली देखिन्छ । यसरी आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन, केन्द्रीय आर्थिक विवरण र इकाईगत आर्थिक विवरणमा राजस्व असुली रकम फरक फरक देखिएको छ । विभाग स्वयंले तयार गरेको छुट्टा छुट्टै प्रतिवेदनमा राजस्व असुली फरक देखाएको सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा समेत औँल्याईएकोमा यो वर्ष पनि स्थिति यथावत छ ।

विभाग र मातहत कार्यालयको लागि यो वर्ष रु.३७ करोड ५२ लाख ६८ हजार विनियोजन भएकोमा अर्थ विविधबाट भएको निकासा समेत रु.३५ करोड ५५ लाख ४८ हजार खर्च भएको छ । विगत ३ वर्षको सवारीसाधन कर बाहेकको राजस्वको शीर्षकगत असुली स्थिति निम्नानुसार देखिएको छ:

(रु हजारमा)

शीर्षक	असुली		
	२०६७।६८	२०६६।६७	२०६५।६६
मूल्य अभिवृद्धि कर	५८,३६,८६,९३	५१,६२,८४,५०	३५,१०,०९,३०
आयकर	४०,८२,४२,४७	३०,४५,३२,८२	२६,८०,०५,८४
अन्त:शुल्क	२५,८३,७५,१२	२३,६७,८६,८५	१२,८२,२०,७२
अन्य कर राजस्व	१,०५,६४,२८	३,७८,३८,४२	८४,५५,२८
जम्मा	**१,२६,०८,६८,८०**	**१,०९,५४,४२,५९**	**७५,५६,९१,१४**

आन्तरिक राजस्व विभाग र मातहत कार्यालयहरुमा यो वर्ष भएको खर्च र राजस्व असुली स्थितिको विश्लेषण गर्दा प्रति रु.१ हजार कर राजस्व सङ्कलनमा रु २।७९ लागत पर्न गएको छ ।

३८. **राजस्व बक्यौता –** शीर्षकगत केन्द्रीय आर्थिक विवरणअनुसार मूल्य अभिवृद्धि कर बाहेक आयकर, साबिक बिक्रीकर तथा अन्त:शुल्क समेतबाट गत वर्षसम्म रु.१६ अर्ब १८ करोड ६७ लाख ९१ हजार राजस्व बक्यौता रहेकोमा यस वर्षसम्म रु.२२ अर्ब १९ करोड ७४ लाख २५ हजार बक्यौता देखिन्छ । तर विभाग मातहतका कार्यालयहरुको आर्थिक विवरणबाट राजस्व बक्यौता रु.२१ अर्ब ५७ करोड ९५ लाख ९८ हजार देखिएकोले रु.६१ करोड ७८ लाख २७ हजार लगत फरक देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

३८.१. गत वर्ष आन्तरिक राजस्व विभागले पेश गरेको केन्द्रीय आर्थिक विवरणमा राजस्व बक्यौता रु.१६ अर्ब १८ करोड ६७ लाख ९१ हजार देखाएकोमा यो वर्ष पेश भएको केन्द्रीय आर्थिक विवरणमा रु.१६ अर्ब ३४ करोड १९ लाख ३० हजार बक्यौता जिम्मेवारी देखाएको छ । यसले गर्दा विभागले तयार गरेको केन्द्रीय हिसाब विश्वसनीय एवं भरपर्दो देखिएन ।

३८.२. आन्तरिक राजस्व कार्यालयहरुले करदाताबाट प्राप्त गरेको स्थायी लेखानम्बर अनुरुप करदाताबाट आर्थिक वर्षअनुसार निर्धारित कर तथा जरिवाना रकम एकमुष्ट देखिने गरी असुल गर्न बाँकी बक्यौताको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सबै कार्यालयहरुले अभिलेख नराखेको कारण करदातागत असुल गर्न बाँकी रकम यकिन हुनसक्ने अवस्था छैन ।

३८.३. गत वर्षसम्मको राजस्व बक्यौता रु.१६ अर्ब ३४ करोड १९ लाख ३० हजार (गत वर्षको बक्यौतामा घटी देखाएको रु.१५ करोड ५१ लाख ३९ हजार) मध्ये रु.८३ करोड ३१ लाख ५९ हजार (५.१४ प्रतिशत) मिनाहा लगत कट्टा भएको घटाई रु.१५ अर्ब ५० करोड ८७ लाख ७१ हजार वक्यौता कायम गरी सोमध्ये रु.१० करोड ५३ लाख १२ हजार (०.६४ प्रतिशत) मात्र असुल भएको केन्द्रीय आर्थिक विवरणबाट देखियो । बक्यौता असुलीभन्दा मिनाहा रकममा वृद्धि भएको छ । आन्तरिक राजस्व कार्यालयहरुबाट पेश भएको आर्थिक विवरणअनुसार २०६७६८ मा रु.१ अर्ब ९१ करोड ५१ लाख २ हजार लगत कट्टा भएको विवरण पेश भएको छ । विभागले पेश गरेको र कार्यालयले पेश गरेको विवरणमा रु.१ अर्ब ८ करोड १९ लाख ४३ हजार फरक पर्न गएको छ । राजस्व बक्यौता बढी रहेका प्रमुख कार्यालयहरुको लगतको विगत तीन वर्षको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	आन्तरिक राजस्व कार्यालय	२०६७६८ सम्म	२०६६।६७ सम्म	२०६५।६६ सम्म
१	ठूला करदाता	११,५३,११,३८	९,५३,९२,७७	८,५२,८४,२५
२	भैरहवा	१,०९,५९,६९	१,११,७६,६४	१,०९,३०,५९
३	सिमरा	९२,९४,००	९२,३३,७२	९१,६७,६७

राजस्व लगत बाँकीमध्ये पुनरावेदन परेका कारण ठूला करदाता कार्यालयको रु.१० अर्ब ४१ करोड ४० लाख १८ हजार र भैरहवाको रु.९ करोड २० लाख ४२ हजार विवादित अवस्थामा छ ।

तालिकाअनुसार कार्यालयहरुको लगत बाँकी निरन्तर बढ्ने क्रममा रहेको देखिन्छ । आयकर ऐनअनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न कानुनबमोजिम करदाताहरुको खोजतलास गरी टुङ्गो लगाउने, पत्ता नलागेमा सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही कार्यालयबाट गर्नसक्ने कानुनमा व्यवस्था छ तापनि कारबाही नभएकोले तदनुसार कारबाही गरी वक्यौता असुल हुनुपर्ने व्यहोरा गत विगत वर्षदेखि औँल्याइएकोमा सुधार भएको छैन ।

३८.४. आन्तरिक राजस्व कार्यालय, बिराटनगरले गत वर्षसम्मको राजस्व बक्यौतामा यस वर्षको लगत कट्टा, मिनाहा र समायोजन पश्चात रु.३५ करोड १५ लाख १३ हजारमध्ये यो वर्ष रु.४६ लाख ४१ हजारमात्र अर्थात कुल बक्यौताको १.३२ प्रतिशत असुल गरेको छ । यस्तै आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.१ काठमाडौंले २०६६।६७ को अन्त्यमा कायमी बक्यौता रु.१ अर्ब १७ करोड ६७ लाख १२ हजारमध्ये यो वर्ष रु.६५ लाख ३४ हजार अर्थात कुल बक्यौताको ०.५५ प्रतिशत मात्र असुल गरेको छ ।

३८.५. प्रत्येक करदाताबाट असुल गर्न बाँकी बक्यौता वर्षेनी जिम्मेवारी सारी अद्यावधिक गर्नुपर्नेमा कार्यालयहरुले यथार्थ अङ्क जिम्मेवारी नसारी घटीबढी जिम्मेवारी सार्ने गर्दै आएका छन् । यो वर्ष आन्तरिक राजस्व कार्यालय, कृष्णनगरले रु.१७ लाख ७७ हजार बक्यौता बढी जिम्मेवारी सारेको व्यहोरा उदाहरणको रुपमा लिन सकिन्छ । जिम्मेवारी भूल वा त्रुटिबस फरक पर्न गएमा फरकको कारण खुलाई सोको प्रमाण सहित जिम्मेवार पदाधिकारीबाट प्रमाणित गराई संशोधन गर्ने व्यवस्था हुनुपर्ने व्यहोरा औँल्याउँदै आए तापनि स्थितिमा सुधार भएको छैन ।

३८.६. ठूला करदाता कार्यालयले यो वर्षको अन्तमा असुल गर्न बाँकी आयकर रु.११ अर्ब ५३ करोड ११ लाख ३८ हजारमध्ये विभिन्न न्यायिक निकायमा पुनरावलोकनका लागि निवेदन परेका करदाताबाटमात्र रु.१० अर्ब ४१ करोड ४० लाख १८ हजार असुल गर्न बाँकी छ । यो रकम कुल बक्यौताको ९०.३१ प्रतिशत हुन आउँछ ।

३८.७. आन्तरिक राजस्व कार्यालय, हेटौंडाको गत वर्षसम्मको राजस्व बक्यौतामध्ये यो वर्ष लगत कट्टा भई कायम भएको लगत रु.६ करोड ६५ लाख ६७ हजारमध्ये रु.१७ लाख ४५ हजार (२.६१ प्रतिशत) मात्र असुल भएको छ ।

३८.८. आन्तरिक राजस्व कार्यालय, भैरहवाको गत वर्षबाट लगत जिम्मेवारी सरेको रु.१ अर्ब ११ करोड ७६ लाख ६४ हजार र यो वर्ष माग कायम भएको रु.३ करोड ३५ लाख ५७ हजार समेत लगती राजस्व रु.१ अर्ब १५ करोड १२ लाख २० हजार असुल गर्नुपर्नेमा रु.१ करोड ४७ लाख ३९ हजार (१.३३ प्रतिशत) असुली र रु.४ करोड ५ लाख १२ हजार (३.५२ प्रतिशत) लगत मिनाहाबाट माग कट्टा भई बाँकी रु.१ अर्ब ९ करोड ५९ लाख ६९ हजार आगामी वर्षका लागि जिम्मेवारी सारेको देखियो ।

३९. **आर्थिक विवरण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र लगती तथा हसवली असुल हुन बाँकी राजस्व समेतको कच्चावारी भिडाई वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । यसैगरी असुल भएको राजस्व रकमको कार्यालयगत हिसाब यकिन गर्न प्रत्येक कार्यालयको नाममा बैङ्कमा छुट्टा छुट्टै नन्अपरेटिङ्ग खाता खोली सञ्चालन गर्ने र प्रत्येक कार्यालयले बैङ्कसँग हिसाब मिलान गरी राजस्व लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालयहरुले दाखिला भौचर भिडान नगरेको, लेखा अद्यावधिक नराखेको, लगती तथा हसवली राजस्वको अभिलेख बेगर आर्थिक विवरण तयार गरेको, बैङ्क हिसाब भिडान नगरेको जस्ता कारणबाट प्रस्तुत आर्थिक विवरणले कारोबारको यथार्थ स्थिति दर्शाउन सकेको छैन । यससम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

३९.१. आन्तरिक राजस्व विभागबाट प्रस्तुत आर्थिक विवरणमा २०६८ आषाढ मसान्तसम्म असुल गर्न बाँकी मूल्य अभिवृद्धि कर रु.४ अर्ब ३६ करोड ६७ लाख ४७ हजार समावेश गरेको छैन ।

३९.२. आन्तरिक राजस्व कार्यालय, जनकपुरको राजस्वतर्फको आर्थिक विवरणमा आर्थिक वर्षको अन्तमा नगद मौज्दात देखाएको रु.२३ लाख ३५ हजारमध्ये रु.१४ लाख ५० हजार २०६८।६९ को श्रावणमा दाखिला भएको छ भने बाँकी रु.८ लाख ८५ हजार सोही आर्थिक वर्षमा बैङ्क दाखिला भईसकेको तर राजस्व लेखाप्रणालीमा स्वीकार नगरेको भनी नगद मौज्दात देखाएको छ । सोही वर्षमा नगद दाखिला हुँदा समेत स्वचालित लेखाप्रणालीले स्वीकार नगर्नाले कार्यालयको वित्तीय विवरणमा अङ्क समावेश हुनसकेको छैन । विद्यमान राजस्व लेखाप्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ ।

३९.३. आन्तरिक राजस्व कार्यालय, सिमराको राजस्वतर्फको आर्थिक विवरणमा रु.५ अर्ब २९ करोड ६२ लाख ६ हजार राजस्व आम्दानी देखाएकोमा राजस्व मासिक आम्दानी विवरण म.ले.प.फा.नं.९ अनुसार रु.५ अर्ब २८ करोड ९८ लाख २९ हजार आम्दानी देखाएको छ । राजस्वको मास्केवारी र आर्थिक विवरणमा फरक देखिएको रु.६३ लाख ७७ हजारको हिसाब मिलान गरेको छैन ।

३९.४. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.३ अन्तर्गतका १ करदाताको आय वर्ष २०६५।६६ र २०६६।६७ को करपरीक्षण गर्दा कायम भएको मागभन्दा रु.६४ लाख ८० हजार बढी माग लगत किताबमा प्रविष्टि गरी आर्थिक विवरण तयार गरेको छ । करपरीक्षण पछि यथार्थ माग रकममात्र लगत किताबमा प्रविष्टी नगर्नाले कार्यालयले देखाएको आर्थिक विवरणले यथार्थ आर्थिक अवस्थाको चित्रण गर्नसकेको छैन ।

३९.५. आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट रु.६५ करोड ७१ लाख ९१ हजार र ४ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रु.१२ करोड ६९ लाख ७६ हजार गरी रु.७८ करोड ४१ लाख ६८ हजार राजस्व असुल गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट असुली भएको राजस्व बैङ्क दाखिला गरेको महलमा उल्लेख गरेको छैन । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट असुल गरेको राजस्व आम्दानी घटाउँदा कार्यालयबाट असुल गरेको राजस्व रु.६५ करोड ७१ लाख ९१ हजारमध्ये गत आर्थिक वर्षको रु.४ करोड ९९ लाख ८ हजार यस आर्थिक वर्षको रु.६१ करोड ४७ लाख ९ हजार गरी रु.६६ करोड ४६ लाख १७ हजार राजस्व देखिन्छ । सोअनुसार कुल राजस्व असुलीभन्दा राजस्व दाखिला रु.७४ लाख २६ हजार बढी देखिएको कारणको पुष्टि हुनसकेन ।

४०. **राजस्व अभिलेख –** राजस्व कारोबारलाई व्यवस्थित गर्नको लागि २०६३।६४ देखि राजस्व लेखा निर्देशिका, २०६३ लागू भएको छ । सो लेखा निर्देशिकाबमोजिम राजस्व आर्जन गर्ने कार्यालयको राजस्व लेखाप्रणालीलाई दोहोरो स्रेस्ता प्रणालीमा आवद्व गरिएको छ भने राजस्व लेखाङ्कनलाई सरल सु–व्यवस्थित बनाउन विभिन्न खाता तथा फारामहरुको व्यवस्था गरिएको छ । निर्देशिका पालनाको स्थिति देहायअनुसार छ ।

४०.१. राजस्व लेखा निर्देशिकाको बुँदा नं.६.३अनुसार कार्यालयहरुले आम्दानी बाँधेका प्रत्येक राजस्व बैङ्क भौचरमा "मिति उल्लेख गरी आम्दानी जनाइयो" भन्ने छाप लगाउनुपर्नेमा सो गर्ने गरेको पाइएन ।

४०.२. निर्देशिकाको बुँदा नं.६.३.४अनुसार विनियोजनतर्फ भैँ राजस्वतर्फ पनि कार्यालयले राजस्व आम्दानीको गोश्वरा भौचर (म.ले.प.फा.नं. १०क तयार गरी अख्तियारवालाबाट प्रमाणित गराई राख्नुपर्ने र यसको रङ्ग रातो हुने उल्लेख छ । आन्तरिक राजस्व कार्यालयहरुले सोअनुसार गोश्वारा भौचर तयार गरी प्रमाणित गराई राखेको छैन ।

४०.३. कार्यालयको स्रेस्ताले देखाएको कुल राजस्व आम्दानी र राजस्व खाताको बैङ्क स्टेटमेन्टले देखाएको रकम फरक देखिएमा राजस्वको बैङ्क हिसाब मिलान फाराम म.ले.प.फा.नं. १५(क) तयार गर्नुपर्दछ । सेवाग्राही वा करदाताले कार्यालयको राजस्व खातामा जम्मा गरेको तर सोको भौचर कार्यालयमा पेश नभएमा कार्यालयले आम्दानी जनाउन नपाएको कारणले बैङ्क स्टेटमेन्टले देखाउने रकम र कार्यालयको स्रेस्ताले देखाउने रकम बढी हुनसक्छ । यस्तो फरक रकमको कच्चावारी बैङ्क भौचर नं., मिति र रकम समेत खुलाई यो फाराम तयार गर्नुपर्दछ । रकम बराबर भएमा पनि फरक रकममा शून्य रकम देखाई यो फाराम तयार गर्नुपर्दछ । अधिकांश आन्तरिक राजस्व कार्यालयहरुले उपरोक्तबमोजिम बैङ्क र स्रेस्ताले देखाएको रकम भिड्ने गरी मासिक रुपमा बैङ्क समायोजन हिसाब तयार गरेको देखिएन । यससम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

४०.३.१. आन्तरिक राजस्व कार्यालय, सिमराको राजस्वतर्फको आर्थिक विवरणअनुसार बारा जिल्लाको मात्र रु.५ अर्ब २४ करोड ८० लाख १९ हजार दाखिला देखिएकोमा राष्ट्रिय वाणिज्य बैङ्क, कलैया र एभरेष्ट बैङ्क सिमराले रु.५ अर्ब ३७ करोड १५ लाख ७८ हजार राजस्व आम्दानी देखाएको छ । राजस्व असुली गर्ने बैङ्कले देखाएको राजस्व आम्दानीभन्दा कार्यालयको आर्थिक विवरणमा रु.१२ करोड ३५ लाख ५९ हजार घटी आम्दानी देखाएको सम्बन्धमा कार्यालयले बैङ्क हिसाब विवरण तयार गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

४०.३.२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ ले तयार गरेको आर्थिक विवरणअनुसार राजस्व असुली रु.४ अर्ब ४८ करोड ३६ लाख ३१ हजार देखाएको छ । उक्त रकममा गत विगत वर्षको भौचरबाट दाखिला भएको रकम रु.५ करोड १९ लाख २७ हजार घटाउँदा यो वर्षको असुली रु.४ अर्ब ४३ करोड १७ लाख ४ हजार बैङ्क दाखिला हुनुपर्नेमा राजस्व असुली गर्ने बैङ्क र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार रु.४ अर्ब ४३ करोड ६३ लाख ८४ हजार राजस्व असुली भएको देखिन्छ । कार्यालयले बैङ्क हिसाब विवरण तयार नगर्नाले आर्थिक विवरणमा रु.४४ लाख ८० हजार घटी आम्दानी देखिन्छ । कार्यालयले बैङ्क हिसाब विवरण तयार गरी छुट रकम आम्दानी बाँध्नुपर्दछ ।

४१. **कानुनको पालना –** राजस्व सम्बन्धी ऐन नियमको साथै सोको अधीनमा रही विभागका महानिर्देशकले जारी गरेका पूर्वादेश, निर्देशन, परिपत्र आदि प्रभावकारी रुपमा लागू गरी राजस्व सङ्कलन गर्नु गराउनु आन्तरिक राजस्व कार्यालयहरुको प्रमुख कर्तव्य हुन आउँछ । दक्ष, स्वच्छ एवं पारदर्शी कर प्रशासनद्वारा करदातालाई प्रभावकारी सेवा प्रदान गरी आन्तरिक राजस्वको अधिकतम परिचालन गर्नु आन्तरिक राजस्व विभागको प्रमुख कर्तव्य रहेको छ । यी उद्देश्य परिपूर्तिको लागि राजस्व सम्बन्धी कानुन तथा कार्यविधिको पालना गर्नु गराउनु पर्नेमा नगरेका केही उदाहरण तल दिइएको छ:

४१.१. आयकर नियमावली, २०५९ को नियम २३(१) मा निर्धारणयोग्य आय आर्जन गर्न चाहने वा आयकर ऐन, २०५८ को परिच्छेद–१७ अन्तर्गत कर कट्टी गर्ने दायित्व भएका जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखानम्बर लिई कारोबार गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.१ मा दर्ता रहेका विविध सामानको डिलर र दुग्ध पदार्थको कारोबार गर्ने एक करदाताले

पेश गरेको आय विवरणमा दर्ता नभएको व्यक्तिलाई रु.७० लाख ७७ हजारको बिक्री र रु.८ लाख २० हजार आसामी समेत देखाएकोमा खरिदकर्ता आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको छैन । निजलाई करको दायरामा ल्याई कर निर्धारण हुनुपर्नेमा कार्यालयको करपरीक्षणमा यस सम्बन्धमा केही उल्लेख गरेको देखिएन । यस सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

४१.२. आयकर नियमावली, २०५९ को नियम २३(१) मा निर्धारणयोग्य आय आर्जन गर्न चाहने वा आयकर ऐन, २०५८ को परिच्छेद–१७ अन्तर्गत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखानम्बर लिनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा १२ महिनामा रु.२० लाखभन्दा बढीको कारोबार गर्ने प्रत्येक व्यक्तिले कारोबार सुरु गर्नुभन्दा अगाडि मूल्य अभिवद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा विविध वस्तुको खरिद बिक्री गर्ने करदाताको आय वर्ष २०६६।६७ को करपरीक्षण गर्दा निजले पेश गरेको अनुसूची–१३ मा उल्लेख भएका सोही कार्यालयका कार्यक्षेत्र अन्तर्गत पर्ने ३ करदातालाई क्रमशः रु.६० लाख ७९ हजार, रु.२० लाख ३५ हजार र रु.२१ लाख २६ हजार बिक्री गरेको उल्लेख छ । तर ती करदाता आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता नभएको भनी कार्यालयको करपरीक्षण प्रतिवेदनमा उल्लेख छ । आयकर तथा मूल्य अभिवृद्धि करयोग्य कारोबार गर्ने करदाताले दर्ता बेगर कारोबार गरेको सम्बन्धमा कार्यालयले खोजी गरी दर्ता गराउने काम गरेको देखिएन । दर्ता बेगर कारोबार गरेको देखिएका ती करदातालाई करको दायरामा ल्याई कर रकम असुल हुनुपर्दछ ।

४१.३. आयकर ऐन, २०५८ को दफा ८१ मा तोकिएबमोजिम करदाताले लेखा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । दफा ७७(१) बमोजिम जारी भएको निर्देशिकाले मुनाफा र लाभ रु.५० लाखभन्दा बढी भएका करदाताले लेखा प्रमाणीकरण गरी आय विवरण पेश गर्नुपर्ने र दफा ९६(३) मा त्यस्तो प्रमाणीकरण गर्ने अर्को व्यक्तिले दफा ८१ बमोजिम राखेको कागजात जाँच गरेको कुरा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । कर लेखापरीक्षकद्वारा व्यवसायको लेखा एवं अन्तिम मौज्दात मूल्याङ्कन प्रक्रिया र रकम समेतमा प्रमाणीकरण नगरी पेश गरेको आय विवरणलाई व्यवस्थापनद्वारा प्रमाणित गरिएबमोजिम भनी आन्तरिक राजस्व कार्यालयहरुले प्रचलित प्रक्रिया विपरीत मान्यता दिएको देखिएको छ । यस्तो व्यहोरा गत विगतको प्रतिवेदनमा औंल्याइए तापनि सुधार भएको छैन ।

४१.४. आयकर ऐन, २०५८ को दफा ९५ मा वार्षिक कर बुझाउनुपर्ने आय भएका प्रत्येक व्यक्तिले चालू आय वर्षको पौष महिनाभित्र आफुले सो वर्ष आम्दानी गर्नसक्ने निर्धारणयोग्य आय, सो आय प्राप्त गर्न लाग्ने खर्च कट्टी सहितको अनुमानित आय विवरण बुझाउनुपर्ने व्यवस्था छ । यस्तै दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्र र दफा ९८ बमोजिम म्याद थप भएकोमा सो म्यादभित्र करदाताले आय विवरण दाखिला गर्नुपर्ने, दफा ९९(२) मा कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेमा आय विवरण दाखिला नभएसम्मको लागि आय विवरण पेश गर्नुपर्ने मितिमा कर निर्धारण भए सरह मानिने व्यवस्था छ । ऐनको दफा १०१ ले यस्ता व्यक्तिको संशोधित कर निर्धारण गर्न सकिने व्यवस्था समेत गरेको छ । आन्तरिक राजस्व कार्यालयबाट प्राप्त विवरणअनुसार आन्तरिक राजस्व कार्यालय, लाहान बाहेक गत वर्षसम्म आयकरमा दर्ता भएका ३ लाख ८१ हजार ६६ करदातामध्ये यो वर्ष थप भएको र स्थगन पश्चात आर्थिक वर्षको अन्त्यमा कुल ४ लाख २३ हजार ४७३ करदाता सक्रिय रहेको देखिन्छ । सोमध्ये २ लाख २ हजार ५६५ (४७.८३ प्रतिशत) करदाताबाट मात्र यो वर्ष आय विवरण दाखिला भएको देखिन्छ । आय विवरण दाखिला गराउनेतर्फ विभागले सक्रियता बढाउने, करदातालाई प्रशिक्षित गराउने कार्यमा थप प्रयास गर्न आवश्यक देखिएको छ ।

४१.५. आयकर ऐन, २०५८ को दफा ७७(१) अनुसार करदाताले आय विवरण साथ संलग्न गर्नुपर्ने विवरणहरु आन्तरिक राजस्व विभागले तोकी पेशा वा व्यवसायको आधारमा छुट्टाछुट्टै सूचना प्राप्त हुने व्यवस्था गरेको छ । दफा ८३ मा विभागले सूचना दिई कर बुझाउने दायित्व भएको वा नभएको व्यक्तिबाट आवश्यक सूचना प्राप्त गर्नसक्ने व्यवस्था छ । विभागबाट जारी गरेको कार्य सञ्चालन निर्देशिका, २०५८ मा करदाताको व्यवसाय, बिल बीजक, प्रज्ञापनपत्र यथार्थ भए नभएको छानबिन गर्न आन्तरिक राजस्व

कार्यालयबाट तथ्याङ्क तथा सूचना लिने, भन्सार प्रज्ञापनपत्र सङ्कलन गर्ने, भन्सार कार्यालय, राजस्व अनुसन्धान विभाग, सरकारी कार्यालय वा अन्य निकायहरुबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरु सङ्कलन गरी छानबिन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालयहरुले निर्देशिकाबमोजिम यस्ता सूचना तथा तथ्याङ्क अद्यावधिक रुपमा प्राप्त गरी अभिलेखाङ्कन गर्ने र करपरीक्षणको क्रममा भिडान गर्ने लगायतका कार्य नगर्ने परिपाटी यथावत् रहेको छ । कानुनअनुसार अनिवार्य रुपमा पेश गर्नुपर्ने विवरण पेश गर्ने गराउने, करपरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने एवं छानबिन कार्यमा आवश्यक समन्वय कायम गरी कर प्रशासनमा सुधार गर्नु जरुरी देखिएको छ ।

४१.६. आयकर ऐनको दफा ८३ अनुसारको सूचना जारी गरी थप प्रमाण र कागजात माग गरेकोमा त्यस्ता विवरणउपर छानबिन गरी सोही आर्थिक वर्षमा अन्तिम कर निर्धारण गरिसक्नुपर्नेमा कर निर्धारण हुन सकेको पाईएन । यस सम्बन्धमा ठूला करदाता कार्यालयमा नमुना छनौटको आधारमा दफा ८३ को सूचना जारी भएका १० फाईलको परीक्षण गर्दा ४ करदाताको चालू वर्ष २०६८।६९ मा परीक्षण चालू रहेको भनिए तापनि २०६६।६७ मा छनौट भएका ६ फाइलको परीक्षण भएको पाइएन । यसबाट प्रचलित कर कानुनको पालना नहुनाको साथै कानुनले तोकेको ४ वर्षको समयावधि भित्र कर निर्धारण हुन नसक्ने स्थिति देखियो । यस तर्फ राजस्व प्रशासनको ध्यान जानु आवश्यक छ ।

४१.७. कम्पनी ऐन, २०६३ को दफा १०८(२) मा ऐन अन्तर्गत स्थापना भएका कम्पनीहरुको लेखा दोहोरो लेखाप्रणालीमा आधारित भई राख्नुपर्ने र कम्पनीको आर्थिक कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान र यस ऐनबमोजिम पालना गर्नुपर्ने अन्य शर्तहरु पालना गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १०९(१) अनुसार पब्लिक तथा प्राइभेट लिमिटेड कम्पनीले वर्षान्तको वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह) को विवरण करदाताले पेश गर्नुपर्ने उल्लेख छ । ऐनको दफा १०९(५) ले उल्लेखित विवरणमा गत वर्षको कारोबार अङ्क समेत समावेश गरी तुलनात्मक विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यसै गरी आयकर ऐन, २०५८ को दफा २२(१) मा कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधिनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरुप हुनेछ भन्ने उल्लेख छ । नेपाल लेखामान लागू भइसकेको अवस्थामा प्रचलित ऐन, कानुनले पालना गर्न निर्देशित गरे मुताविक तुलनात्मक रुपमा गतवर्षको कारोबार समेत देखिने विवरण पेश नगर्ने र अधुरो वित्तीय विवरण पेश गर्ने करदातालाई आन्तरिक राजस्व कार्यालयहरुले पुनः वित्तीय विवरण पेश गर्न लगाउनु पर्नेमा सो गरेको छैन । यसरी कार्यालयहरुले गर्नु पर्ने कार्य नगर्नेलाई कानुनी कारबाही समेत गर्ने गरेको देखिँदैन ।

करदाताको लेखापरीक्षण प्रतिवेदनमा कम्पनी ऐनको पालना गरेको उल्लेख भए तापनि कम्पनी ऐनको दफा १०८ र १०९ को क्रमशः लिक्विडेटरले हिसाब पठाउनुपर्ने र दायित्व भुक्तानी गर्ने क्रम सम्बन्धी व्यवस्थाको पालना नगरी वित्तीय विवरण प्रस्तुत गरेबाट कम्पनी ऐनले तोकेको वित्तीय विवरणको ढाँचाबमोजिम तयार नगरेको अवस्था विद्यमान छ । यस्ता अधुरा विवरण पनि लेखापरीक्षकहरुले प्रमाणित गरेको देखियो । यसरी कानुनबमोजिम नगरेका कार्यलाई गरेको देखाई यथास्थितिमानै वित्तीय विवरण स्वीकार गरी प्रमाणित गर्नेउपर यथोचित कारवाहीको लागि सम्बन्धित निकायमा जानकारी गराएको छैन । यसले गर्दा अन्तिम लेखापरीक्षणको क्रममा कारोबारको तुलनात्मक परीक्षण गरी प्रतिवेदन गर्न कठिनाइ उत्पन्न भएको छ । अपूर्ण र तोकिएबमोजिमको ढाँचामा तयार नगरी पेश भएका वित्तीय विवरणहरु प्रमाणित गर्ने लेखापरीक्षकउपर कारबाही गर्नुपर्ने व्यहोरा गत प्रतिवेदनमा उल्लेख गरे तापनि सुधार भएको पाइएन ।

४१.८. नेपाल लेखामानअनुसार वित्तीय विवरण प्रस्तुतिको जिम्मेवारी सम्बन्धित करदाताको व्यवस्थापनको हो । तर कतिपय वित्तीय विवरण संलग्न लेखा नीति तथा टिप्पणीअनुसार अन्तिम माल मौज्दात, व्यवस्थापनबाट प्रमाणित भएबमोजिम भनी उल्लेख गर्ने गरेको पाइयो । व्यवस्थापन आफैले तयार गर्ने वित्तीय विवरणमा व्यवस्थापनले प्रमाणित गरेको भनी उल्लेख गर्ने उचित भएन । यस्तो वित्तीय विवरणउपर आयकर ऐन, २०५८ को दफा २२ अनुसार नेपाल लेखामानअनुसार वित्तीय विवरण तयार गरेको छ छैन छानबिन गर्ने

परिपाटी नभएकोले अधिकांश करदाताले वित्तीय विवरण तयार गर्दा प्रचलित लेखामान पालना गरेको देखिँदैन ।

करदाताको वित्तीय विवरणमा संलग्न लेखा नीति तथा टिप्पणीमा सम्पत्तिको ह्रास खर्च लेख्दा आयकर ऐन, २०५८ अनुसार ह्रास खर्च हिसाब गरेको उल्लेख भएकोमा पनि लेखापरीक्षकले वित्तीय विवरण लेखामानअनुसार छ भनी राय दिएको पाइयो । तर नेपाल लेखामान ६, सम्पत्ति उपकरण सम्बन्धी मानअनुसार, सम्पत्तिको ह्रास खर्च लेख्दा सम्पत्तिको आर्थिक प्रतिफल प्राप्त हुने आयुलाई परल लागतको आधारमा ह्रास खर्च लेख्नुपर्ने व्यवस्था छ, जुन व्यवस्था आयकर ऐन, २०५८ को व्यवस्थाभन्दा फरक छ । यस्तो स्थितिमा लेखामानअनुसार वित्तीय विवरण तयार गरेको भन्ने राय मिलेको देखिँदैन । यसमा सुधार हुन आवश्यक छ ।

४१.९. आन्तरिक राजस्व कार्यालयबाट हुने पूर्ण करपरीक्षण गर्ने करदाताको फाईल छनौट गर्ने आधार सर्च इन्जिन आन्तरिक राजस्व विभागसँग छ । तर लेखापरीक्षणको क्रममा त्यस्तो सर्च इन्जिनको प्रयोगको जानकारी पाइएन । साथै जोखिममा आधारित छनौटको विधि (रिक्स वेस्ड सेलेक्सन क्राइटेरिया) बारे सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा उपलब्ध हुने आन्तरिक राजस्व विभागबाट भनिए तापनि कुनै पनि आन्तरिक राजस्व कार्यालयबाट यस्तो विधिको लिखत प्राप्त भएन ।

आन्तरिक राजस्व विभाग र अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरुको नीतिअनुसार सर्चइन्जिनले फाईल छनौट गर्ने र जोखिममा आधारित छनौट विधि अपनाउने उल्लेख गरे तापनि कुनै करदाताको प्रत्येक वर्ष करपरीक्षण हुने र कतिपय करदाताको ४ वर्ष पुग्न लाग्दा समेत एउटै व्यवसाय, समूह, वर्ग, संस्था, कम्पनीको पनि कुनै फाईलको तीन वर्ष नाघी सक्दा पनि एक वर्षको पनि विस्तृत करपरीक्षण नहुनाले नीति र व्यवहारमा फरक परेको छ ।

४१.१०. आर्थिक ऐन, २०६७ अनुसार नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा वाहेकका अन्य निकायले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी बीजक मूल्यको ५ प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाउने र असुलउपर गर्ने व्यवस्था छ । स्वास्थ्य सेवा कर असुल गर्ने व्यक्ति, संस्था वा निकायले असुल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित संस्थाले बुझाउन ल्याएको आधारमा आन्तरिक राजस्व कार्यालयहरुले स्वास्थ्य सेवा कर असुली गरेको छ । स्वास्थ्य सेवा कर असुली गर्ने संस्थाको अद्यावधिक लगत राखी ऐनअनुसार तोकिएको समयमा कर दाखिला नगर्ने संस्थाको नियमित अनुगमन गरी यस्तो कर दाखिला नगर्ने संस्थालाई आवश्यक कारबाही गरी कर असुल गर्नुपर्नेमा त्यसतर्फ ध्यान पुगेको छैन ।

४१.११. आर्थिक ऐन, २०६७ बमोजिम निजी शिक्षण संस्थाले उठाउने भर्ना तथा शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा कर असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सम्बन्धित शिक्षण संस्थाहरुले बुझाउन ल्याएको आधारमा मात्र आन्तरिक राजस्व कार्यालयहरुले कर असुल गरेका छन् । शिक्षा सेवा कर निर्देशिका, २०६५ को दफा ३.१ मा प्रत्येक शिक्षण संस्थाले कर असुल गर्ने प्रयोजनका लागि आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखानम्बर लिनुपर्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालयको कार्य क्षेत्रभित्र रहेका कति शैक्षिक संस्थाहरुले स्थायी लेखानम्वर लिएका छन् सोको अभिलेख अद्यावधिक गरेको, अनुगमन गरेको र सबै शैक्षिक संस्था करको दायरामा ल्याएको सूचना स्पष्ट हुने अभिलेख कुनै पनि कार्यालयमा रहेको छैन ।

४१.१२. ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने फलामे पोल, पाईप उत्पादन तथा बिक्री गर्ने एक करदाताले पेश गरेको आय विवरणउपर कार्यालयले संशोधित कर निर्धारण गरेको छ । नेपाल राजपत्रमा २०५८।२।१ मा प्रकाशित तत्कालीन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचनामा कम्पनीहरुले तयार गर्नुपर्ने नगद प्रवाह विवरणको ढाँचा तोकिएको भए तापनि करदाताले सो ढाँचाभन्दा भिन्न प्रकारको नगद प्रवाह विवरण तयार गरी पेश गरेको छ । राजपत्रमा प्रकाशित भएको ढाँचामा सञ्चालन गतिविधि अन्तर्गत क्रमसंख्या १.३ मा ब्याज खर्च र २.४ मा ब्याज भुक्तानी देखाउनुपर्ने उल्लेख छ । तर करदाताले ब्याज खर्च र भुक्तानी दुवै

रकम नगद प्रवाह विवरणमा खुलासा गरेको छैन । यो कार्य तोकिएको ढाँचा प्रतिकूल हुनेगरी नगद प्रवाह विवरण तयार भएको देखियो । नाफा नोक्सान हिसाबमा यो वर्षको ब्याज खर्च रु.३ करोड ९९ लाख २४ हजार उल्लेख गरी आय विवरणमा सो रकम खर्च कट्टी दावी गरेकोमा करपरीक्षणबाट सम्पूर्ण रकम मान्यता दिएको छ ।

नगद प्रवाह विवरणसँग सम्बन्धित नेपाल लेखामान–३ को अनुच्छेद–३० अनुसार नगद प्रवाह विवरणमा सम्पूर्ण ब्याज रकम देखाउनुपर्ने व्यवस्था छ । तर करदाताले ब्याज रकम नदेखाएकोले नेपाल लेखामान विपरीत वित्तीय विवरण तयार गरेको देखियो । वित्तीय विवरणको अनुसूची–८ (भुक्तानी गर्नु पर्ने पेवल) मा भुक्तानी गर्नुपर्ने ब्याज इन्टरेष्ट पेवल भनी रु.४० लाख ८ हजार देखाएको छ । गत वर्ष यस्तो रकम रु.२२ लाख ४९ हजार रहेको थियो । बैङ्कहरुले ब्याज आम्दानी भएपछि र खर्च नगद भुक्तानी भएपछिको आधारमा गर्ने तर सोही विषयलाई करदाताले प्रोदभावी (एक्रुअल) आधारमा स्रेस्ता खडा गर्दा करको आधारमा फरक पर्ने हुन्छ । यस्तो अवस्थामा प्रस्तुत वित्तीय विवरणले कारोबारको यर्थाथ स्थितिको चित्रण गर्ने देखिँदैन । करपरीक्षण प्रतिवेदनमा कुनै व्यहोरा, टिप्पणी उल्लेख नभएकोले यसबाट कर दायित्वमा असर पर्ने देखिन्छ । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

४२. **करपरीक्षण** – आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएका व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले (संशोधित कर निर्धारण गर्नसक्ने व्यवस्थाअनुसार) जोखिमको आधारमा केही करदाताको आय विवरणको करपरीक्षण गर्नसक्ने व्यबस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त तथ्याङ्कअनुसार पूर्ण करपरीक्षणका लागि गत विगत वर्षहरुमा छनौट भई परीक्षण हुन बाँकी रही जिम्मेवारी सरेका ५ हजार ३४९ र यो वर्ष छनौटमा परेका २ हजार ७११ समेत ८ हजार ६० आय विवरणको यो वर्ष करपरीक्षण गर्नुपर्नेमा २ हजार ४९९ करदाताको (३१ प्रतिशत) आय विवरणको मात्र करपरीक्षण गरेको पाइयो ।

यो वर्ष करपरीक्षण गरेकोमध्ये आयकरतर्फ २ हजार ७९ करदाताबाट रु.५ अर्ब २ करोड ७३ लाख १ हजार तथा मूल्य अभिवृद्धि करतर्फ १ हजार २५९ करदाताबाट रु.८२ करोड ८७ लाख ६९ हजार समेत रु.५ अर्ब ८५ करोड ६० लाख ७० हजार थप कर निर्धारण भएको देखिन्छ । आन्तरिक राजस्व कार्यालयबाट परीक्षण गरिएका अधिकांश परीक्षणमा कर निर्धारण गरेको स्थितिमा छनौटमा परेका सम्पूर्ण करदाताको करपरीक्षण समयमै सम्पन्न गर्नु आवश्यक छ । अत: करपरीक्षणबाट थप कर राजस्व असुल भएको स्थितिमा करपरीक्षणलाई व्यापक बनाउनुपर्दछ ।

४२.१. ठुला करदाता कार्यालयबाट परीक्षणका लागि छनौट भएका (जिम्मेवारी सरेका समेत) शतप्रतिशत आय विवरणहरुको परीक्षण सम्पन्न गर्नुपर्नेमा ६७.८१ प्रतिशत आय विवरणहरुको परीक्षण सम्पन्न गर्नसकेको छैन । तीन वर्षको स्थिति हेर्दा आय विवरण परीक्षणको क्रम घट्दो दरमा रहेको पाईयो । यसबाट करपरीक्षणको दायरा सीमित हुँदै गएको पाईएकोले करपरीक्षणलाई व्यापक बनाइनुपर्दछ । विगत तीन वर्षमा गर्नुपर्ने करपरीक्षण र परीक्षण गरेको स्थिति देहायअनुसार छ ।

आर्थिक वर्ष	जिम्मेवारी सरेका	यो वर्ष छनौट गरेका विवरण	परीक्षण गर्नुपर्ने जम्मा	परीक्षण गरेका विवरण	परीक्षण प्रतिशत
२०६५।६६	११२	१६०	२७२	१६०	५८.८२
२०६६।६७	११२	१४७	२५९	१२३	४७.४९
२०६७।६८	१२४	२५५	३७९	१२२	३२.१९

४२.२. ठूला करदाता कार्यालयले पूर्ण करपरीक्षण गरेको कारणबाट आयकर र मूल्य अभिवृद्धि कर थप असुल गर्नुपर्ने गरी कर निर्धारण भएको कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । यसरी सम्पूर्ण आय विवरणहरुको परीक्षण गर्न सकिएमा थप राजस्व असुली हुने स्थिति देखिएकोले करपरीक्षणलाई प्राथमिकता दिई शतप्रतिशत आय विवरणहरुको परीक्षण गर्ने व्यवस्था मिलाउन सुझाव दिँइदै आएकोमा सो कार्य हुनसकेको छैन । विगत तीन वर्षमा पूर्णकरपरीक्षण गरेको र थप कर निर्धारण भएको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

आर्थिक वर्ष	परीक्षण गरिएका आय विवरण	परीक्षणबाट थप आयकर निर्धारण	परीक्षणबाट थप मूल्य अभिवृद्धि कर निर्धारण	जम्मा थप कर निर्धारण
२०६५।६६	१६०	४,०१,४०,३४	१४,९८,५०	४,१६,३८,८४
२०६६।६७	१२३	२,६४,५८,७२	१,१५,७३,२२	३,८०,३१,९४
२०६७।६८	१२२	३,४२,६६,७२	२८,३६,९८	३,७१,०३,७०

४२.३. आन्तरिक राजस्व कार्यालय, भक्तपुरले विगतमा छनौट भै जिम्मेवारी सरेर आएका २९४ तथा यो वर्ष छनौट भएका ४५ समेत ३३९ कर विवरणको यो वर्ष करपरीक्षण गर्नुपर्नेमा जम्मा ३ आय विवरण (०.८८ प्रतिशत) को मात्र संशोधित कर निर्धारण गरेको छ । आन्तरिक राजस्व कार्यालय लाहानले छनौट भएका १४५ मध्ये १५ आय विवरणको करपरीक्षण गरेको छ भने जनकपुरले छनौट भएका २०४ मध्ये १९ आय विवरणको मात्र करपरीक्षण गरेको छ ।

४३. **क्षेत्र सीमितता** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा कर विवरण पेश गरेको मितिले ४ वर्षभित्र र आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ बमोजिम कर निर्धारण भएकोमा आय विवरण पेश गर्नुपर्ने मितिले ४ वर्षभित्र पुनः तथा संशोधित कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था छ । विभाग तथा कार्यालयहरुबाट पूर्ण करपरीक्षणका लागि छनौट हुने तथा छनौट भएको वर्षभन्दा अगाडिका तीन वर्ष समेत चार वर्षको पूर्ण करपरीक्षण गरी कानुनअनुसार पुनः संशोधित कर निर्धारण गर्न विस्तृत कार्यक्रम बनाई कुनैपनि कार्यालयले हालसम्म पनि परीक्षण गर्नसकेको देखिँदैन । हरेक वर्ष करपरीक्षण गर्ने प्रयोजनका लागि छनौट भएका आय विवरणको परीक्षण गर्न नसकेको कारणबाट अन्तिम लेखापरीक्षण हुने समयमा ४ वर्ष नाघिसक्ने अवस्था विद्यमान रहेको छ । यस्तो स्थिति सिर्जना हुन नदिन विभागले रणनीतिक रुपमा कार्य योजना नै बनाएको छैन भने आयकर ऐन, २०५८ मा पुनरावलोकन गरी आय विवरण पेश गरेको मितिले ४ वर्ष ननाघ्ने गरी संशोधित कर निर्धारण गर्ने व्यवस्था गर्नसकेको समेत देखिँदैन । यस बारेमा गत विगत वर्षदेखि लेखापरीक्षणबाट ध्यानाकर्षण गराइए तापनि सुधार हुनसकेको छैन ।

राजस्व सम्बन्धी कानुनहरुमा ४ वर्षको अवधिभित्र कार्यालयले करदाताका विवरण संशोधन गर्नसक्ने प्रावधानले गर्दा कार्यालयले करपरीक्षण गरेका फाइलहरुको ३ वर्षभित्रै अन्तिम लेखापरीक्षण सम्पन्न गर्न सकिने भएमा मात्र लेखापरीक्षकको प्रतिवेदनका व्यहोरा कार्यान्वयन गर्न सकिने अवस्था रहन्छ । तथापि कार्यालयहरुले करदाताको करपरीक्षण चौथो वर्षमा वा सो अवधि सकिनु अगाडिको सीमान्त महिनामा गरेको कारण लेखापरीक्षणबाट औँल्याइएको कैफियत एवं सुझाउ कार्यान्वयन गर्नसकिने अवस्था नरहनुको साथै लेखापरीक्षण व्यहोरा फछ्यौंट गर्न कानुनी रुपमा कठिनाई पर्ने हुन्छ । उदाहरणको लागि, ठूला करदाता कार्यालयले यो वर्ष करपरीक्षण गरेका विभिन्न आय वर्षका आय विवरणहरुमध्ये ६० आय विवरण (४९.१८ प्रतिशत) को अन्तिम लेखापरीक्षणको समयको सुरुमै ४ वर्ष अवधि सकिएको देखिन्छ । करदाताको आय विवरण संशोधन गर्ने ४ वर्षको समयावधि तोकिएको र कार्यालयहरुले करदाताको आय विवरणउपर समयावधि भित्र पुनः करपरीक्षण नगरेको कारण अन्तिम लेखापरीक्षणको प्रतिवेदनको कार्यान्वयन हुनसक्ने अवस्था रहेन । यो प्रणालीमा सुधार हुन अति आवश्यक छ ।

४४. **कर दायरा –** आन्तरिक राजस्व कार्यालय, वीरगंजमा दर्ता रहेको औषधि उत्पादन गरी बिक्री गर्ने करदाताले पेश गरेको आय वर्ष २०६५।६६ को आय विवरणमा आन्तरिक राजस्व कार्यालय जनकपुरमा दर्ता रहेका एक करदातालाई रु.५० लाख २ हजार बराबरको आसामी देखाएकोमा उक्त करदाताले आन्तरिक राजस्व कार्यालय, जनकपुरमा पेश गरेको आय विवरणमा निजलाई भुक्तानी दिनुपर्ने देखाएको पाइएन । यसरी एक करदाताले लिनुपर्ने उल्लेख गरेको रकम अर्कोले तिर्नुपर्ने नदेखाउनाले करदाताले पेश गरेको आय विवरण सही र यथार्थ देखिएन । कारोबार एक आपसमा भिडान नभएको बारेमा कार्यालयको करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको छैन । यसमा थप छानबिन गरी आसामी नदेखाएको रकमलाई नगद प्राप्त सरह मानी करदाताले यो वर्ष औषत बैङ्क ब्याजदर ९.५६ प्रतिशतले हुने रु.४ लाख ७८ हजार आयमा समावेश गरी कर निर्धारण हुनुपर्दछ । कार्यालयले यसमा छानबिन भैरहेको जवाफ दिएको छ ।

सोही करदाताले आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनमा दर्ता रहेको एक करदातालाई रु.२२ लाख १४ हजार बिक्री देखाएकोमा उक्त करदाताले आन्तरिक राजस्व कार्यालय, भरतपुरमा पेश गरेको आय विवरणमा यस करदातासँग रु.३१ लाख ६१ हजारको खरिद गरेको देखाईएको छ । यसरी एक करदाताले आफ्नो आय विवरणमा घटी बिक्री देखाएको रु.९ लाख ४७ हजारलाई आयमा समावेश गरी आयकर ऐन, २०५८ बमोजिमको कर र शुल्क समेत रु.३ लाख ५५ हजार र सोमा लाग्ने ब्याज र जरिवाना समेत छानबिन गरी असुल हुनुपर्दछ ।

४५. **खर्च कट्टी –** आयकर ऐन, २०५८ को परिच्छेद–५ ले व्यवसाय र लगानीको करयोग्य आय निर्धारण गर्दा कट्टी गर्न पाउने रकमको सम्बन्धमा व्यवस्था गरेको छ । लेखापरीक्षण गर्दा नमुना छनौट गरी संशोधित कर निर्धारण भएका फाइल परीक्षण गर्दा ऐन, नियम, परिपत्र एवं निर्देशिका विपरीत दावी भएका खर्चहरु पनि छुट दिएको छ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

४५.१. आन्तरिक राजस्व कार्यालय, ललितपुर अन्तर्गतका एक करदाताको वित्तीय विवरणअनुसार रु.१७ करोड ६३ लाख २० हजार खरिद देखाएकोमा मूल्य अभिवृद्धि कर विवरणमा करयोग्य खरिद रु.२ करोड ९७ लाख २३ हजार र कर छुटको खरिद रु.१२ करोड ७६ लाख ३३ हजार समेत जम्मा रु.१५ करोड ७३ लाख ५६ हजार देखाएको छ । मूल्य अभिवृद्धि कर विवरणभन्दा आयकरतर्फ रु.१ करोड ८९ लाख ६३ हजार बढी खरिद देखाएको सम्बन्धमा २०६७।११।२ मा तयार गरेको कर लेखापरीक्षण प्रतिवेदनमा उक्त बढी खरिद २०६६ श्रावण र भाद्रको कर छुटको खरिद समायोजन गर्दा मूल्य अभिवृद्धि करतर्फ रु.४ लाख २३ हजार बढी खरिद देखिएको र सो रकम सम्पत्ति थप र प्रशासनिक खर्च भएको उल्लेख गरेको छ । कार्यालयबाट प्रमाणित खरिद तथा बिक्री खातामा नचढाएको खरिदलाई खरिद मान्यता दिई हिसाब किताब अद्यावधिक नराखेको भनी मूल्य अभिवृद्धि करको दफा १६(१) उल्लङ्घन गरेको भनी रु.१० हजारमात्र जरिवाना गरेको देखिन्छ । अप्रमाणित बढी खरिद रु.१ करोड ८९ लाख ६३ हजारबापत बढी लागत खर्च कट्टा लिएको सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर, शुल्क गरी रु.७१ लाख ११ हजार र सोमा लाग्ने ब्याज, जरिवाना समेत छानबिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

४५.२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता भएका होटल व्यवसायको कारोबार गर्ने एक करदाताले रु.१ करोड ४२ लाख ४ हजार घर भाडा खर्च दावी गरी खर्च कट्टी लिएकोमा भाडाको प्रयोजन, घर बहालमा लिने सम्झौता संलग्न गरेको छैन । प्रस्तुत वासलातमा रु.१ करोड २९ लाख ९१ हजार तिर्नुपर्ने बाँकी देखाएकोमा तिर्नुपर्नेको नाम नामेसी उल्लेख गरेको पनि छैन । उचित पुष्ट्याई बेगर भाडा खर्च दावी गरी सोको १० प्रतिशत अग्रिम कर कट्टी गरे पश्चात भाडा खर्च मान्य हुने आयकर ऐन, २०५८ ले बाधा नपुऱ्याउने हुँदा करदाताले यस किसिमको कारोबार गरेको पाइयो । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

४५.३. ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेका निर्माण व्यवसाय गर्ने करदाताले पेश गरेको आय वर्ष २०६४।६५ को आय विवरणउपर सो कार्यालयले संशोधित कर निर्धारण गरेको छ । करदाताले आय विवरण साथ पेश गरेको निर्माण सामग्री खरिद विवरणअनुसार ५७ आपूर्तकबाट निर्माण सामग्री खरिद गरेको र फलामे छड उत्पादन गरी बिक्री गर्ने एक उद्योगसँग मात्र रु.८ करोड १४ लाख १५ हजार मूल्यको फलामे छड खरिद गरेको उल्लेख छ । फलामे छड उत्पादन गरी बिक्री गर्ने निज उद्योग समेत यसै कार्यालयको कार्य क्षेत्रभित्र रहेको र सो उद्योगको फाइलमा संलग्न बिक्री विवरण भिडान गर्दा सो उद्योगले निज निर्माण व्यवसायीलाई रु.३१ लाख ६६ हजारको मात्र बिक्री गरेको देखिँदा रु.७ करोड ८२ लाख ४९ हजार बढी खरिद देखाई आयकर ऐन, २०५८ को दफा १५ अन्तर्गत बढी खर्च कट्टीलाई आयमा समावेश गरी ऐनबमोजिम लाग्ने कर तथा शुल्क रु.३ करोड ११ लाख ४ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

४५.४. ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेका रबर, प्लाष्टिक लगायतका विविध वस्तु उत्पादन र बिक्री गर्ने करदाताले आयकर ऐन, २०५८ को दफा १५ अनुसार व्यापार मौज्दातको लागत खर्चमा रु.१२ करोड ४५ लाख ९० हजार खर्च दावी गरेकोमा करपरीक्षणबाट सम्पूर्ण रकम मान्यता पाएको छ । करदाताले

विदेशबाट आयात गरेका सामग्रीहरुको खरिद मूल्य (अमेरिकी डलर र नेपाली रुपैयाँमा) आयात मिति, प्रज्ञापनपत्र नम्बर, प्रतितपत्र नम्बर आदि देखिने विवरण पनि संलग्न गरेको छ । सो विवरणअनुसारको प्रति अमेरिकी डलरको नेपाली रुपैयाँमा हुने विनिमय दर र नेपाल राष्ट्र बैङ्कले तोकको प्रतिअमेरिकी डलरको नेपाली रुपैयाँमा हुने विनिमय दर तुलना गर्दा नेपाल राष्ट्र बैङ्कले तोकेको दरभन्दा बढी दरमा आयात गरेको देखाई रु.१९ लाख १४ हजार बढी खर्च दावी गरी कट्टी लिएको देखिएकोले सो बढी खर्च दावीलाई करदाताको करयोग्य आयमा समावेश गरी ऐनअनुसार लाग्ने कर तथा शुल्क रु.५ लाख ७४ हजार असुल हुनुपर्दछ ।

४५.५. ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने निर्माण व्यवसाय गर्ने एक करदाताले एक कुटनीतिक नियोगसँग मोविलाईजेसन एडभान्स लिएको रकममा ब्याज भुक्तानी गरेको देखाई खर्च कट्टी लिएको पाईयो । आयकर ऐन, २०५८ को दफा १४ (१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउने उल्लेख छ । करदाताले आय विवरणमा दफा १४ अन्तर्गत आय वर्ष २०६४।६५ को रु.७५ लाख ७१ हजार र २०६५।६६ को रु.१ करोड ८६ लाख ७ हजार ब्याज खर्च दावी गरेकोमा करपरीक्षणले सम्पूर्ण खर्चलाई मान्यता दिएको छ । करदाता भारतमा लिमिटेड कम्पनीको रुपमा दर्ता भई नेपाल स्थित एक कुटनैतिक नियोग परिसर भित्र निर्माण कार्यमा संलग्न रहेको र सो नियोगका तर्फबाट ठेक्का बिल भुक्तानी पाउने देखिन्छ । करदाताले पेश गरेको वासलातमा निज करदाताले ऋण कर्जा तथा तिर्नुपर्ने दायित्व देखिँदैन । तर चालू दायित्व अन्तर्गत मोविलाइजेशन एडभान्स रहेको देखिन्छ । सो मोविलाइजेशन एडभान्समा तिरेको ब्याज करदाताले दावी गरेको व्यहोरा संशोधित कर निर्धारणको सूचनामा उल्लेख गरेको र खर्च कट्टी मान्यता दिएको छ । ऐनको दफा १४अनुसार व्यवसायको लागि सिर्जना भएको ऋण दायित्व अन्तर्गतको मात्र ब्याज खर्च कट्टी पाउने देखिएको तथा अन्य नेपाल कानुनमा समेत मोविलाइजेशन एडभान्स दायित्वमा ब्याज खर्च कट्टी पाउने नदेखिँदा सो ब्याज खर्चलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८अनुसार लाग्ने कर तथा शुल्क रु.९९ लाख ८७ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

४६. **अग्रिम कर कट्टी –** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक बासिन्दा व्यक्तिले पारिश्रमिक, ब्याज, भाडा, रोयल्टी, सेवाशुल्क, अवकाश आदि रकम भुक्तानी गर्दा वा ठेक्का वा करारको रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । दफा ९०(३) मा कर कट्टी नभएको भएपनि सो कर कट्टी हुनुपर्ने समयमा कर कट्टी गरेको मानिने र दफा ९०(४) मा कट्टी गरेको रकम वा कट्टी नगरेको मानिने रकम कट्टी गर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी दफा ९३ मा करदाताले प्राप्त गर्ने भुक्तानीमा कट्टा गरेको अग्रिम कर सम्बन्धित आय वर्षको दाखिला गर्नुपर्ने रकममा मात्र मिलान गर्न पाउने व्यवस्था छ । उपरोक्तानुसार कट्टी गरी दाखिला गर्नुपर्ने अग्रिम कर कट्टी एवं दाखिला नगरेका केही उदाहरणहरु निम्नानुसार छन्:

४६.१. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता रहेको केवुल प्रशारणको कारोबार गर्ने एक करदाताले केवुल प्रशारण खरिदमा रु.३ करोडको भुक्तानीमा रु.४५ लाख अग्रिम कर कट्टी गरेको पाइएन । ऐनबमोजिम अग्रिम कर कट्टी नगर्दा समेत कार्यालयको करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको छैन । यसमा नियमानुसार अग्रिम कर रु.४५ लाख र सोमा लाग्ने जरिवाना समेत छानबिन गरी असुल हुनुपर्दछ ।

४६.२. ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेका टेलिफोन सेवा प्रदान गर्ने एक करदाताले पेश गरेको आय वर्ष २०६४।६५ देखि २०६६।६७ गरी तीन वर्षकै आय विवरणको पूर्ण करपरीक्षण भएको देखिँदैन । पूर्ण करपरीक्षण भईनसकेको फाइलको परीक्षणबाट निम्न व्यहोरा देखिन आएका छन्:

४६.२.१. करदाताले मार्केटिङ्ग एक्सपेन्सेज अन्तर्गत डिष्ट्रिब्यूटर्स कमिशनलाई खर्च लेखी आय विवरणमा खर्च दावी गरेको छ । सो कमिशन भुक्तानीको स्रोतमा कर कट्टी भएको प्रमाण संलग्न गरेको छैन । करदाताको

लेखानीतिमा पनि कमिशन भुक्तानीको अग्रिम कर कट्टी सम्बन्धमा केही उल्लेख गरेको छैन । साथै अग्रिम कर कट्टी भेरिफिकेशन गरेको प्रमाण पनि फाइलसाथ संलग्न गरेको देखिँदैन ।

४६.२.२. अग्रिम कर कट्टी गर्ने बारे आन्तरिक राजस्व विभाग नीति शाखाको २०६४।९।४ चलानी नम्बर ९३ को पत्रबाट सो करदातालाई लेखेको पत्रमा सो करदाताले प्रदान गर्ने दूरसञ्चार सेवाको लागि सीमकार्ड, स्क्याच कार्ड, भरचुअल फण्ड ट्रान्सफर (भि.एफ.टी) तथा अन्य सेवाहरु बिक्रीबापत भुक्तानी गर्दा गर्नुपर्ने अग्रिम कर कट्टी दर सम्बन्धमा अन्यौल भई सोधनी भएको जनाएको छ । विभागको पत्रमा मूल्य अभिवृद्धि करमा दर्ता हुनेलाई भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी गरे हुने तथा अन्यको हकमा १५ (पन्ध्र) प्रतिशत अग्रिम कर कट्टा हुनुपर्ने व्यहोरा उल्लेख छ । मूल्य अभिवृद्धि करमा दर्ता भएका डिलरलाई भुक्तानी गर्दा सम्बन्धित डिलरबाट कर बीजक लिई मात्र कमिशन भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर त्यस्तो भुक्तानी कर बीजक लिई भुक्तानी भएको हो होइन खुलासा गर्नुपर्नेमा खुलासा गरेको छैन ।

४६.२.३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ अनुसार दर्ता भएको व्यक्तिले सो ऐन र ऐन अन्तर्गतको नियमबमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ ।

उल्लेखित कानुनी व्यवस्थाको आधारमा कमिसन लिने दिने दुवै करदाता दर्ता भएको व्यक्ति भएकोले कर बीजक लिई दिई र मूल्य अभिवृद्धि कर समेत लिई भुक्तानी गर्नुपर्ने देखिन्छ । तर करदाताले मूल्य अभिवृद्धि कर बाहेकको कारोबार भनी विभागीय परिपत्रको आधारमा कर बीजक जारी नगर्ने वा कर बीजक नलिनेलाई १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतमात्र अग्रिम कर कट्टी गरेको देखिँदा प्रस्तुत कारोबार ऐनको उक्त प्रावधान प्रतिकूल भई राजस्व असुलीमा नकारात्मक असर परेको छ । यस सम्बन्धमा विभागको सो पत्रमा कमिशन भुक्तानीको सम्बन्धमा उल्लेख गरिएको छैन ।

४६.२.४. आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवाशुल्क भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा ऐनको सो उप–दफालाई आर्थिक ऐन, २०६४ ले संशोधन गरेको छ । संशोधित व्यवस्थामा उपदफा (१) मा रहेको सेवाशुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोषमा भएमा भन्ने शब्दहरुको सट्टा सेवाशुल्क, कमिशन र बिक्री बोनस र भन्ने शब्दहरु राखेको देखिन्छ । सो नयाँ व्यवस्थामा सेवाशुल्क र कमिशन वा बिक्री बोनसलाई छुट्टाछुट्टै रुपमा लिएको पाइन्छ । संशोधित व्यवस्थाको प्रतिवन्धात्मक वाक्याँशको खण्ड(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवाशुल्कमा भुक्तानी रकमको एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । संशोधित व्यवस्थामा सेवाशुल्क र कमिशन वा बिक्री बोनसलाई छुट्टाछुट्टै रुपमा लिएकोले कमिशनमा १५ प्रतिशतले नै स्रोतमा कर कट्टी हुनुपर्ने देखिन्छ । जसअनुसार कमिशन भुक्तानी भएको रु.३७ करोड ४५ लाख ६३ हजारका सम्बन्धमा पूर्ण करपरीक्षण गर्दा ध्यान दिनुपर्दछ ।

४६.२.५. माथि उल्लेखित कानुनी प्रावधानको आधारमा यस कार्यालयको कार्य क्षेत्रभित्र रहेका अर्का एक टेलिफोन सेवा प्रदायक करदाताको पूर्ण करपरीक्षण भएको फाइलमा संलग्न कार्यालयको २०६७।९।३० को निर्णयमा कमिशन भुक्तानीतर्फ भुक्तानी भएको रु.८ करोड ४४ लाखमा ऐनको ८८(१) बमोजिम १५ प्रतिशतले हुने अग्रिम कर असुली हुनुपर्ने रु.१ करोड २६ लाख ६० हजार भुक्तानीका बखत अग्रिम कट्टी गरी दाखिला गर्नुपर्नेमा सो भुक्तानीको १.५ प्रतिशतले हुने रकम रु.१२ लाख ६६ हजारमात्र कट्टी गरी दाखिला गरेको छ । लेखापरीक्षणले नपुग कर रु.१ करोड १३ लाख ९४ हजारमा हालसम्मको ब्याज सहित गणना गरी असुल गर्ने औँल्याएपछि ठूला करदाता कार्यालयले सो नपुग रकम करदातासँग माग गरेको छ ।

४६.२.६. माथि ४६.२.१ देखि ४६.२.५ सम्म उल्लेख भएअनुसार आयकर ऐन, २०५८ को प्रावधानअनुसार करदाताबाट निजहरुले भुक्तानी गरेको कमिशनको १५ प्रतिशतले हुने निम्नानुसार अग्रिम कर रु.१८ करोड १३ लाख ३९ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

(रु.हजारमा)

आय वर्ष	कमिशन भुक्तानी	भुक्तानीमा कट्टी गर्नुपर्ने अग्रिम कर
२०६४/६५	३७,४५,६३	५,६१,८४
२०६५/६६	३८,११,४८	५,७१,७२
२०६६/६७	४५,३२,२२	६,७९,८३
जम्मा	**१,२०,८८,३३**	**१८,१३,३९**

४६.३. ठूला करदाता कार्यालयको कार्यक्षेत्र भित्र रहेका टेलिफोन सेवा प्रदायक एक करदातासँग डिलरसीप लिई कारोबार गर्ने सोही कार्यालय अन्तर्गतका करदाताहरुले भुक्तानी गरेको कमिशनमा आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार १५ प्रतिशतले स्रोतमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा १.५ प्रतिशतले मात्र कट्टी गरी दाखिला गरेकोले निम्नानुसार नपुग अग्रिम आय कर रु.४ करोड ६६ लाख ११ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

(रु.हजारमा)

आय वर्ष	कमिशन खर्च	दाखिला हुनुपर्ने	भएको	नपुग
२०६४/६५	७,५६,६०	१,१३,४९	११,३५	१,०२,१४
२०६३/६४-२०६६/६७	१८,६२,८८	२,७९,४३	२७,९४	२,५१,४९
२०६४/६५- २०६५/६६	८,३५,२४	१,२५,२९	१२,८१	१,१२,४८
जम्मा	**३४,५४,७२**	**५,१८,२१**	**५२,१०**	**४,६६,११**

४७. **ह्रास खर्च –** आयकर ऐन, २०५८ को दफा १९अनुसार ह्रास खर्चकट्टा गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४७.१. आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनबाट केवुलकार सञ्चालन सम्बन्धी कारोबार गर्ने एक करदाताको आय वर्ष २०६३।६४, २०६४।६५ र २०६५।६६ को संशोधित कर निर्धारण भएकोमा करदाताले आय विवरण साथ पेश गरेको स्थिर सम्पत्ति तथा ह्रास खर्च विवरण, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणमा खर्च लेखेको ह्रास खर्चभन्दा आय विवरण दाखिला गर्दा आयकर ऐन, २०५८ को दफा १९अनुसार कट्टी गर्न पाउनेभन्दा बढी ह्रास खर्च कट्टी लिएको देखियो । आय वर्ष २०६३।६४ को रु.६९ लाख ७८ हजार, आय वर्ष २०६४।६५ को रु.८४ लाख ८४ हजार र आय वर्ष २०६५।६६ को रु.६३ लाख ५६ हजार समेत जम्मा वढी खर्च कट्टी लिएको रु.२ करोड १८ लाख १८ हजारको कर तथा शुल्क रु.६५ लाख ६४ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

४७.२. ठूला करदाता कार्यालय अन्तर्गतका करदाताहरु खासगरी बिमा कम्पनी र बैङ्कले कर्मचारी सवारीसाधन कार्यक्रम स्टाफ भेहिकल स्कीममा एक वर्षे भेहिकल स्कीम अन्तर्गत, करदाता बैङ्क/बिमा कम्पनी र कर्मचारीबीच सवारीसाधन प्राप्त गर्ने ऋण सम्झौता गरी, सवारीसाधन खरिद गर्ने, सुविधामा उल्लेखित रकम भन्दाबढी मूल्य पर्ने सवारीसाधन खरिद गर्न चाहेमा आफ्नो तर्फबाट रकम थप गरी खरिद गर्नसक्ने, खरिद गर्ने सवारीसाधनको छनौट पनि सम्बन्धित कर्मचारीले नै गर्नसक्ने, सवारीसाधनको निर्वाध प्रयोग गर्ने अधिकार भेहिकल प्राप्त गर्ने कर्मचारीमा रहने यस्तो सुविधा उच्चतहका सीमित कर्मचारीले मात्र प्राप्त गर्ने, सो सवारीसाधन करदाता बैङ्क/बिमा कम्पनीकै नाममा रहने, सम्झौता अवधि भर सवारी साधनको मर्मत खर्च, ह्रास खर्च कट्टी कम्पनीले लिने, त्यस्तो सवारीसाधनको प्रयोग बैङ्क/बिमा कम्पनीले गर्न चाहेमा सुविधा प्राप्त गर्ने कर्मचारीलाई भाडा तिर्नुपर्ने जस्तो प्रवन्ध गरी बैङ्क/वित्तीय संस्था र बिमा कम्पनीले सवारीसाधनको ह्रास खर्च, मर्मत संभार खर्च कट्टी लिएका छन् ।

यस्तो कार्यक्रम सम्झौता अवधि सकिएपछि कायम रहेको किताबी मूल्यको ५० प्रतिशत बैङ्क/वित्तीय संस्था वा बिमा कम्पनीले व्यहोरी बाँकी ५० प्रतिशत मासिक किस्ताको रुपमा कर्मचारीको पारिश्रमिकबाट घटाउँदै लगी सवारीसाधन सम्बन्धित कर्मचारीलाई हस्तान्तरण गर्ने व्यवस्था गरेको छ ।

यस्ता कार्यक्रममा दिएको सुविधा र शर्त हेर्दा उक्त सवारीसाधन ऋण सम्झौता गर्ने बैङ्क वित्तीय संस्था वा बिमा कम्पनीको नभई सम्बन्धित कर्मचारीको नै भएको देखिने, बीचमा रोजगारी छोडेमा, सुविधामा दिएको रकमको सुरक्षणको लागि मात्र आफ्नो नाममा सवारीसाधन राखेको देखिन्छ । यस्तै ऋण सुविधामा अन्य व्यक्तिले सवारीसाधन खरिद गर्दा भाडामा लगाउन नमिल्ने, सवारीसाधनको मूल्यको किस्ता दाखिला गर्नुपर्ने समेत हुँदा यो सुविधा अन्तर्गतको सवारीसाधनको वास्तविक मालिक उक्त सुविधा प्राप्त गर्ने कर्मचारी हुने हुनाले यस्ता सवारीसाधन बैङ्कको ह्रास योग्य सम्पत्ति नहुने देखिँदा यसको ह्रास, बिमा र मर्मत सम्भार सम्बन्धी खर्च बैङ्क तथा बिमा कम्पनीले दावी गर्न पाउने देखिँदैन । विभिन्न तीन वित्तीय संस्थाको २०६३।६४ को कर निर्धारण आदेशमा यस्तो खर्च कट्टी नपाउने निर्णय समेत भएको देखिँदा, यस्ता अन्य करदाताको अवास्तविक खर्च कट्टी सम्बन्धमा पनि छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

४८. **आय कायम –** करदाताको आम्दानीलाई पुष्टि गर्ने तथ्याङ्क सूचना विश्लेषण गरी सो आधारमा समेत कर निर्धारण गर्नुपर्दछ । करदाताको उत्पादन तथ्याङ्क, सहायक सामग्री प्रयोग, स्रोतमा कर कट्टी भएको रकमको आधारमा कायम हुन आउने आम्दानी जस्ता विवरणको आधारमा हेर्दा आय गणना गर्न छुट भएको पाइएको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छ:

४८.१. आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनबाट निर्माण ठेक्का पट्टाको कार्य गर्ने करदाताले पेश गरेको आय विवरणको संशोधित कर निर्धारण हुँदा करदाताले कर मिलान दावी विवरणमा दावी गरेको रु.७३ लाख ९५ हजारमध्ये विभिन्न सात पार्टीबाट स्रोतमा कर कट्टी भएको रु.२ लाख ६५ हजार समेत कर मिलान दावी गरेको छ । करदाताले आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार १.५ प्रतिशतका दरले कर कट्टी भएको सो रकमको पूर्ण कारोबारको अङ्क रु.१ करोड ७६ लाख ५० हजार लाई बिक्री आयमा समावेश गर्नुपर्नेमा समावेश गरेको नदेखिँदा उक्त करदाताले नदेखाएको बिक्री आयलाई करयोग्य आयमा समावेश गरी लाग्ने कर तथा शुल्क रु.७० लाख १६ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

४८.२. आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनको कार्यक्षेत्रमा पर्ने हार्डवेयर सम्बन्धी कारोबार गर्ने एक करदाताले सो कार्यालयमा पेश गरेको खरिद, बिक्री, साहु, आसामी विवरणमा कारोबार उल्लेख नभएका पार्टीलाई एक बैङ्कमा रहेको करदाताको खाताबाट विभिन्न मितिका पाँच चेकबाट रु.४८ लाख ५६ हजार भुक्तानी भएको संलग्न बैङ्क स्टेटमेन्टबाट देखिन्छ । करदाताले सो पार्टीसँग भएको खरिद कारोबार नदेखाएकोले सो कारोबार सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

४८.३. आन्तरिक राजस्व कार्यालय, धरानमा दर्ता रहेका मदिरा उत्पादन गरी बिक्री गर्ने एक करदाताले पेश गरेको आय वर्ष २०६५।६६ को आय विवरणअनुसार तयारी मदिरा ३ लाख १ हजार ८६३ लिटरमात्र उत्पादन देखाएकोमा सोही आय विवरणमा संलग्न बोतल खर्चको आधारमा ३ लाख १३ हजार ६५७ लिटर उत्पादन भएको देखिन्छ । करदाताले बोतलको टुटफुट र सोबापत खर्च समेत दावी नगरेको अवस्थामा घटी उत्पादन देखाएको ११ हजार ७९४ लिटर मदिराको प्रतिलिटर रु.३१७.६७ ले हुने रु.३७ लाख ४६ हजार घटी उत्पादन देखाई बिक्री समेत घटी देखाएकोमा यससम्बन्धमा कार्यालयको करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको छैन । घटी बिक्री देखाएको रु.३७ लाख ४६ हजारलाई आयमा समावेश गरी सोमा लाग्ने आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्क समेत छानबिन गरी असुल हुनुपर्दछ ।

४८.४. आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेको बिस्कुट तथा कन्फेक्सनरी उत्पादन गर्ने एक करदाताले वासलातसँग संलग्न गरेको कच्चापदार्थ तथा उत्पादनको विवरणअनुसार कच्चापदार्थ खपत मैदा २ लाख २५ हजार ५०१ किलोग्राम, चिनी ६७ हजार ९१२ र घ्यू २५ हजार १७५ किलोग्राम समेत जम्मा ३ लाख १८ हजार ५८८ किलोग्राम छ । सो उत्पादन सामग्री प्रयोगबाट विभिन्न बिस्कुटको उत्पादन २ लाख ८८

हजार ५७७ किलोग्राम रहेको देखाएकोमा उद्योग विभागबाट स्वीकृत नर्म्सभन्दा ३० हजार ११ किलोग्राम घटी उत्पादन भएको देखिएको छ । उत्पादनका क्रममा भएको जर्ती स्वीकृत गराएको समेत नदेखिँदा घटी उत्पादन ३० हजार ०११ किलोग्रामको प्रतिकिलोग्राम रु.५८।३३ का दरले रु.१७ लाख ५१ हजार घटी उत्पादन देखाई बिक्री समेत घटी देखाइएकोमा घटी बिक्रीको कर, शुल्क तथा जरिवाना समेत छानबिन गरी असुल गरिनुपर्दछ ।

४८.५. आन्तरिक राजस्व कार्यालय, धरान, सुनसरीको कार्य क्षेत्रभित्र रहेको फलामे छड उत्पादन गर्ने एक करदाताको आय वर्ष २०६४।६५ र २०६५।६६ को अन्त:शुल्क निर्धारण गर्दा २०६५ आषाढमा घटी उत्पादन देखाएको फलामे छड २ लाख ८९ हजार ३५४ किलोग्रामको रु.७ लाख ३३ हजार र २०६६ आषाढमा घटी उत्पादन देखाएको ३ लाख ५८ हजार २७२ किलोग्रामको रु.८ लाख ४२ हजार अन्त:शुल्क निर्धारण गरी माग गरेको देखिन्छ । सो घटी उत्पादनको बिक्री मूल्य आयकरतर्फ समावेश भएको देखिएन । घटी उत्पादन देखाएको परिमाणको बिक्री मूल्य आय वर्ष २०६४।६५ मा रु.१ करोड ५८ लाख ५४ हजार र २०६५।६६ मा रु.२ करोड १८ लाख ८३ हजार समेतको बिक्री आयमा समावेश भएको नदेखिँदा सोको आयकर तथा शुल्क क्रमश: रु.६८ लाख १७ हजार र रु.८७ लाख ५३ हजार समेत जम्मा रु.१ करोड ५५ लाख ७० हजार छानबिन गरी असुल हुनुपर्दछ ।

उपर्युक्तअनुसारको बिक्री क्रमश: रु.१ करोड ५८ लाख ५४ हजार र रु.२ करोड १८ लाख ८३ हजारमा १३ प्रतिशतका दरले लाग्ने मूल्य अभिवृद्धि कर समेत छुट भएको देखिँदा क्रमश: रु.४१ लाख २२ हजार र ५६ लाख ९० हजार समेत मूल्य अभिवृद्धि कर जम्मा रु.९८ लाख १२ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

४९. **कर कार्यान्वयन वर्ष –** नेपाल सरकारले २०६७।६८ लाई कर कार्यान्वय अभियान वर्षको रुपमा लिइने र २०६५।६६ र २०६६।६७ को आय विवरण र सोमा लाग्ने कर २०६७ चैत्र मसान्तभित्र बुझाएमा सोभन्दा अगाडिको आय विवरण दाखिला गर्नु नपर्ने र सोमा लाग्ने कर, जरिवाना, शुल्क ब्याज तथा दस्तुर छुट हुने व्यवस्था मिलाएको उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, बिराटनगरमा दर्ता भएका दालमोठ, भुजिया, पापड उत्पादन गर्ने ५ उद्योगको नमुना छनौटको आधारमा फाइल परीक्षण गर्दा ती उद्योगहरुले दर्ता भएको मिति पश्चात कुनै पनि आय वर्षका आय विवरण बुझाएको देखिएन । यस्ता उद्योगहरु २०५९ देखि २०६२ सम्म दर्ता भएका देखिन्छन् । उल्लेखित करदाताहरुको आय विवरण दाखिलाको स्थिति हेर्दा बजेट वक्तव्यमा उल्लेखित कर कार्यान्वयन अभियान वर्षको पूर्णरुपेण कार्यान्वयन भएको देखिएन ।

५०. **कारोबार भिडान –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५०.१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा १२ महिनामा रु.२० लाखभन्दा बढी कारोबार गर्ने प्रत्येक व्यक्तिले कारोबार सुरु गर्नु अगाडिनै मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं.३ मा दर्ता रहेको एक करदाताले आय वर्ष २०६६।६७ मा रु.१५ लाख ४८ हजारको कुल कारोबार देखाई (डे.१–को) आय विवरण बुझाएको छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ अन्तर्गत पर्ने एक करदाताले मात्र यो वर्ष निजलाई रु.१ करोड १७ लाख ३६ हजारको सामान बिक्री गरेको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा पेश गरेको आय विवरणबाट देखिन्छ । यसरी करदाता प्रचलित ऐनअनुसार मूल्य अभिवृद्धि करमा दर्ता नरहेको र यथार्थ आर्थिक कारोबार नदेखाई आय विवरण पेश गरेको सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

यसैगरी सोही कार्यालयले विविध वस्तुको खरिद बिक्री गर्ने एक करदाताको आय वर्ष २०६६।६७ को करपरीक्षण गर्दा यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने करदातालाई रु.३० लाख ३२ हजारको बिक्री देखाएकोमा निजले सो वर्ष रु.४ लाख २२ हजारको कारोबार देखाई (डे.१ को) आय विवरण पेश गरेको छ । निज करदाता मूल्य अभिवृद्धि करमा समेत दर्ता भएको देखिएन । यस सम्बन्धमा कार्यालयले थप छानबिन गरी कर दायित्व निर्धारण गर्नुपर्दछ ।

५०.२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा १२ महिनामा रु.२० लाखभन्दा बढी कारोबार गर्ने प्रत्येक व्यक्तिले कारोबार सुरु गर्नु अगाडि मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, वुटवलको कार्यक्षेत्र अन्तर्गत पर्ने एक करदाताले आय वर्ष २०६५।६६ मा (डे.१) को आय विवरण पेश गरी रु.९ लाख ८६ हजारको मात्र कारोबार देखाएको छ । तर निजले सो वर्ष आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गतका एक करदाताबाट मात्र रु.२३ लाख १८ हजारको सामान खरिद गरेको आन्तरिक राजस्व कार्यालय, भैरहवाको २०६८।२।६ को पत्रबाट देखिन्छ । करदाता प्रचलित ऐनअनुसार मूल्य अभिवृद्धि करमा दर्ता नभएको र निजले यथार्थ आर्थिक कारोबार नदेखाएको सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

५०.३. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा दर्ता रहेको फोटोकपी मेशिन र सोको पार्ट्सको कारोबार गर्ने एक करदाताले आय वर्ष २०६५।६६ मा पेश गरेको विवरण साथ संलग्न खरिद विवरणमा प्रज्ञापन पत्र नं.९२५२ बाट रु.३७ लाख ७८ हजारको प्रिन्टर खरिद गरेको देखाई लागत खर्च कट्टी लिएको छ । करदाताको सो आय वर्षको भन्सारतर्फको तथ्याङ्क भिडान गर्दा उक्त प्रज्ञापन पत्रबाट निजले सामान आयात गरेको देखिँदैन । यसैगरी निजले खरिद देखाएको उक्त प्रज्ञापनपत्रबाट भन्सार महसुल स्थानीय विकास शुल्क, भन्सार क्लियरेन्स खर्च र ढुवानी समेत दावी गरेको छैन । सामान आयातमा अनिवार्य लिनुपर्ने भन्सार महसुल दावी नगर्नु र भन्सार सम्बन्धी तथ्याङ्कले समेत आयात गरेको नदेखिँदा करदाताले उक्त सामान आयात गरेको देखिएन । यस सम्बन्धमा कार्यालयको करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको समेत नदेखिएकोले थप छानबिन गरी आयकर ऐन, २०५८अनुसार लागत खर्च अमान्य गरी सोही ऐनबमोजिम लाग्ने कर र शुल्क समेत रु.१४ लाख १७ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

५०.४. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा दर्ता भएको विविध वस्तुको निर्यात गर्ने करदाताले आय वर्ष २०६५।६६ को करपरीक्षण गर्दा करदाताले फाईलमा संलग्न गरेको निर्यात विवरण र भन्सार सम्बन्धी तथ्याङ्क भिडान गर्दा भन्सार तथ्याङ्कले निर्यात देखाएको प्रज्ञापन पत्र नं. टि.ई एक्स ७६१ मा रु.५२ लाख ९८ हजारको सामान निर्यात गरेको देखिन्छ । तर करदाताले उक्त निर्यातलाई आय विवरणमा समावेश गरेको देखिएन । कार्यालयबाट गरेको करपरीक्षण प्रतिवेदनमा यस सम्बन्धी केही उल्लेख गरेको छैन । यसमा कार्यालयबाट पुनः थप छानबिन गरी आय विवरणमा निर्यात नदेखाएको रकमलाई आयमा समावेश गरी आयकर ऐन, २०५८अनुसार कर र शुल्क समेत रु.१५ लाख ८९ हजार र सोमा लाग्ने ब्याज र जरिवाना समेत छानबिन गरी असुल हुनुपर्दछ ।

५०.५. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा दर्ता रहेको निर्माण व्यवसायको कारोबार गर्ने करदाताको आय वर्ष २०६६।६७ मा पेश गरेको आय विवरणको अनुसूची–८ मा अर्को एक निर्माण व्यवसायीसँग विविध आसामी भनी रु.२ करोड ६६ लाख २८ हजार लिनुपर्ने देखाएको छ । तर ती निर्माण व्यवसायीको सोही आर्थिक वर्षको वित्तीय विवरण परीक्षण गर्दा यस करदातालाई तिर्नुपर्ने देखाएको छैन । करपरीक्षणको एउटै फाईलमा संलग्न रहेको दुई करदाताको लिनु दिनुपर्ने रकम नभिडेको सम्बन्धमा करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको छैन । यस सम्बन्धमा थप छानबिन गरी कर दायित्व निर्धारण हुनुपर्दछ ।

५०.६. आन्तरिक राजस्व कार्यालय, बिराटनगरमा दर्ता भई दाल निर्यातको कारोबार गर्ने एक करदाताले आय वर्ष २०६५।६६ को आय विवरण साथ संलग्न वित्तीय विवरणको अनुसूची–११ (ए) बाट आन्तरिक राजस्व कार्यालय, भैरहवाको कार्य क्षेत्रभित्र रहेको एक दाल उद्योगसँग रु.१ करोड १० लाख ४० हजार र सोही कार्यालयको कार्य क्षेत्रभित्र रहेका अर्को दाल उद्योगसँग रु.९२ लाख समेत गरी जम्मा रु.२ करोड २ लाख ४० हजार मूल्यको २२० मेट्रिक टन दाल खरिद गरेको देखिन्छ । करदाताले दालको मूल्य विक्रेतालाई भुक्तानी गरी आर्थिक वर्षको अन्तमा विविध साहू (सन्ड्री क्रेडिटर्स) नभएको व्यहोरा वासलातले देखाएको छ । भैरहवातर्फका करदाताले सो कार्यालयमा पेश गरेको आय विवरण साथ संलग्न वित्तीय विवरणमा बिराटनगरतर्फका करदातासँग क्रमशः रु.५० लाख ९० हजार र रु.३० लाख १ हजार समेत जम्मा रु.८१ लाख ९१ हजार लिनुपर्ने आसामी (सन्ड्री डेब्टर्स) देखाएको छ । तर बिराटनगरतर्फका करदाताले

२०६६।२।२१ देखि २०६६।२।२९ सम्ममा एक बैङ्कबाट भुक्तानी गरिसकेको व्यहोरा करदाताको लेजर तथा बैङ्क स्टेटमेन्टबाट देखिन्छ । अत: दुवै करदाताको कारोबार भिडान गरी सो कारोबार सम्बन्धमा छानबिन हुनुपर्दछ ।

५०.७. ठूला करदाता कार्यालय अन्तर्गत पर्ने दुग्ध पदार्थ उत्पादन तथा बिक्रीको कारोबार गर्ने करदाताले स्वयम् कर निर्धारण प्रक्रियाबमोजिम आय वर्ष २०६५।६६ को २०६६।९।३० मा पेश गरेको आय विवरणउपर करपरीक्षण भएको छैन । करपरीक्षण भई नसकेको सो फाईलको परीक्षण गर्दा करदाताले फाईलसाथ रु.५ लाखभन्दा बढीको खरिद तथा बिक्रीको विवरण संलग्न गरेकोमा एक करदातासँग रु.२ करोड ३२ लाख ६८ हजार रकमको खरिद गरेको उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, वीरगंजमा दर्ता भएको उक्त करदाताको आय वर्ष २०६५।६६ बिक्रीको विवरणमा वीरगंज कार्यालयबाट रु.२ करोड ७९ लाख ८५ हजार र काठमाडौं कार्यालयबाट रु.२ करोड ९६ लाख १६ हजार समेत जम्मा रु.५ करोड ७६ लाख १ हजारको दुग्ध पदार्थ उक्त दुग्ध उत्पादकलाई बिक्री गरेको देखिन्छ । तर उक्त करदाताले रु.२ करोड ३२ लाख ६८ हजार मात्र खरिद देखाई रु.३ करोड ४३ लाख ३३ हजार खरिद फरक परेको छ । भिडान नभएको कारोबार रु.३ करोड ४३ लाख ३३ हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

त्यस्तै सोही करदाताले एक विक्रेतासँग रु.२३ लाख ८५ हजारको खरिद गरेको देखाएको छ । आन्तरिक राजस्व कार्यालय वीरगंजमा दर्ता भएका उक्त विक्रेताको आय वर्ष २०६५।६६ को बिक्रीको विवरणमा सो लिङ्कले यस करदातालाई वीरगंज कार्यालयबाट रु.२७ लाख ४९ हजार र काठमाडौं कार्यालयबाट रु.२७ लाख ६२ हजार समेत जम्मा रु.५५ लाख ११ हजार को बिक्री गरेको देखाई रु.३१ लाख २७ हजार फरक परेको छ । भिडान नभएको खरिद कारोबार रु.३१ लाख २७ हजारका सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

५१. **सिलिण्डर धरौटी –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने एल.पी.ग्याँस खरिद तथा फिलिङ्ग गरी बिक्री वितरण गर्ने करदाताहरुको वित्तीय विवरणमा ग्राहकहरुबाट प्राप्त ग्याँस सिलिण्डरको धरौटी (डिपोजिट) देखाउने गरेको छ । करदाताले ग्याँस सिलिन्डरको ह्रास खर्च बापत खर्च कट्टी लिने पनि गरेको देखियो । करदाताको लेखामा सिलिण्डरको धरौटी देखिएको तर सो धरौटी रकम बैङ्क खातामा मौज्दात देखिएन । सो रकम बैङ्कमा मौज्दात पनि नदेखिएकोले सो धरौटी रकममा सामान्य ब्याज दरले हुने ब्याज करदाताको करयोग्य आयमा समावेश गरी देहायअनुसार सोमा लाग्ने कर तथा शुल्क रु.५ करोड ५५ लाख २६ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

(रु.हजारमा)

करदाता	आय वर्ष	धरौटी रकम	कर तथा शुल्क
क. ग्याँस उद्योग	२०६४/६५ र २०६५/६६	६९,८३,००	२,६८,७३
ख. ग्याँस उद्योग	२०६५/६६	९,२३,४५	३४,६३
ग. ग्याँस उद्योग	२०६४/६५ र २०६५/६६	६५,२९,७१	२,५१,९०
	जम्मा:	१,४४,३६,१६	५,५५,२६

५१.१. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा दर्ता रहेको ग्याँस उत्पादन गरी बिक्री गर्ने करदाताले आय वर्ष २०६५।६६ मा पेश गरेको आय विवरणको करपरीक्षण गर्दा आन्तरिक राजस्व विभागको २०६४।६।१६ को परिपत्रअनुसार ग्याँस सिलिण्डरलाई उद्योगको पूँजीगत सम्पत्ति मानी ह्रास खर्च दिने र सिलिण्डर डिपोजिटमा रहेको अवस्थामा उद्योगको स्थिर सम्पत्ति मानी तदनुरुप लेखा अभ्यास र व्यवहार गर्नुपर्ने उल्लेख छ । करदाताले पेश गरेको आय विवरणअनुसार ४१ हजार ७२७ थान सिलिण्डर रु.७ करोड १३ लाख ५२ हजारमा खरिद गरेको देखिन्छ । जसअनुसार प्रति सिलिण्डरको औषत खरिद मूल्य रु.१ हजार ७१०।– पर्दछ । करदाताले ३७ हजार ९१३ थान सिलिण्डर बजारमा पठाएकोमा रु.७ करोड ७१ लाख ३० हजार धरौटी सङ्कलन गरेको देखिन्छ । जसअनुसार प्रति सिलिण्डर औषत रु.२ हजार ३४।– ले धरौटी सङ्कलन भएको छ । करदाताले खरिद मूल्यभन्दा प्रति सिलिण्डर औषत रु.३२४ ले बढी धरौटी सङ्कलन

गर्नाले ३७ हजार ९१३ थान सिलिण्डरमा रु.१ करोड २३ लाख लागत मूल्यभन्दा बढी धरौटी सङ्कलन गरेको छ । लागत मूल्यभन्दा बढी रकम धरौटी सङ्कलन गर्नपाउने कानुनी आधार स्पष्ट छैन भने करपरीक्षण प्रतिवेदनमा समेत केही उल्लेख गरेको छैन । लागत मूल्यभन्दा बढी धरौटी सङ्कलन गरेको रु.१ करोड २३ लाखका सम्बन्धमा थप छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

५२. **साख अपलेखन –** आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ का एक करदाताले रु.४ करोड २५ लाख साख (गुडविल) सिर्जना गरी सोको २० वर्षमा अपलेखन गर्ने गरी अदृष्य सम्पत्ति समूहमा समावेश गरी वार्षिक रु.२१ लाख ५० हजारको दरले ह्रास खर्च कट्टी लिएको पाइयो । तर सो रकम कर प्रयोजनको लागी भने खर्च कट्टी लिएको देखिएन । करदाताले हालसम्म रु.१ करोड ४८ लाख ७५ हजार अपलेखन गरी रु.२ करोड ७६ लाख २५ हजार अपलेखन गर्न बाँकी देखाएको छ । करदाताको साख सम्पत्ति कसरी सिर्जना भएको हो खुलासा गरेको छैन । नेपाल लेखामान २७ तथा ६ अनुसार सम्पत्ति स्थापित नहुने साखलाई सम्पत्तिको रुपमा लेखाङ्कन गर्न नमिल्ने व्यवस्था गरेको छ । यसरी साख कारोबार स्थापित नहुने सम्पत्तिलाई आयकर ऐन, २०५८ को दफा ७(ग) अनुसार निसर्ग मानी आयमा समावेश गरी कर निर्धारण हुनुपर्दछ ।

५३. **प्रतिलब्धी दर –** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

५३.१. उद्योग विभागबाट २०६३ मा स्वीकृत नर्म्सअनुसार कत्था उत्पादनको प्रतिलब्धी दर ४१ प्रतिशत हुने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, नेपालगंजमा दर्ता रहेको कत्था उत्पादन तथा बिक्री वितरणको कारोबार गर्ने एक करदाताले आय वर्ष २०६६।६७ मा खयरबाट कत्था उत्पादनको प्रतिलब्धी दर करिब ५.२५ प्रतिशत देखाएको पाइयो । सोही कार्यालयमा दर्ता रहेको यस्तै कारोबार गर्ने अर्को एक करदाताले करिब ४५ प्रतिशत प्रतिलब्धी दर देखाएको पाइयो । घटी प्रतिलब्धी दर देखाएको कारणबाट रु.२२ करोड २७ लाख ५७ हजार घटी बिक्री भएको देखिन आयो । यस सम्बन्धमा कार्यालयको करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको पाइएन । स्वीकृत प्रतिलब्धी दरभन्दा घटी उत्पादन देखाई घटी बिक्री वितरण देखाएको सम्बन्धमा छानबिन गरी कर दायित्व निर्धारण हुनुपर्दछ ।

५३.२. आन्तरिक राजस्व कार्यालय, हेटौंडा अन्तर्गत दर्ता रहेको एक उद्योगले कत्था उत्पादनमा ८० हजार ८२२ क्यूफिट खयर प्रयोग गरेको देखिन्छ । यस्तै कारोबार गर्ने अन्य कर कार्यालयका करदाताले पेश गरेको विवरण समेतको आधारमा सरदर १ क्यूफिट खयरको २५ देखि ३० किलोग्रामसम्म तौल हुने आधारमा औषत न्यूनतम २५ किलोग्रामलाई आधार मान्दा उक्त परिमाणबाट ६ लाख २४ हजार ८०८ किलोग्राम कत्था उत्पादन हुनुपर्नेमा १ लाख ५६ हजार ६९० किलोग्राममात्र उत्पादन भएको छ । सोअनुसार घटी देखाएको परिमाणको करदाताले देखाएको बिक्री मूल्यको आधारमा बिक्रीबाट प्राप्त हुनुपर्ने आय रु.१८ करोड ५९ लाख ५५ हजार करदाताको आयमा समावेश गरी सोमा लाग्ने कर र शुल्क समेत गणना गरी असुल हुनुपर्नेमा करपरीक्षणमा केही उल्लेख गरेको छैन । स्वीकृत प्रतिलब्धी दरभन्दा घटी उत्पादन तथा बिक्री देखाएको सम्बन्धमा छानबिन गरी कर दायित्व निर्धारण हुनुपर्दछ ।

५४. **आसामी –** आन्तरिक राजस्व कार्यालय, नेपालगंजमा दर्ता रहेको कत्था उत्पादन गरी निकासी गर्ने एक करदाताले पेश गरेको आय विवरणमा निकासी बिक्रीबाट प्राप्त हुनुपर्ने विदेशी आसामी हुनुपर्नेमा स्थानीय व्यक्ति तथा संस्था आसामी जनाएको देखियो । निज करदाताले स्थानीय व्यक्ति तथा संस्थाहरुबाट रु.३ करोड ९६ लाख २४ हजार आसामी उठ्न बाँकी देखाएको छ । स्थानीय बिक्री नभएको अवस्थामा आसमी सिर्जना हुने अवस्था देखिँदैन । तसर्थ बिक्री कारोबार बेगर आसामी सिर्जना भएको सम्बन्धमा कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ७(२) अनुसार आयमा समावेश गरी कर निर्धारण हुनुपर्नेमा कार्यालयको करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरिएको छैन । यस सम्बन्धमा थप छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

५५. **मौज्दात –** आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ अन्तर्गतका संयुक्त उपक्रमको एक निर्माण व्यवसायीले आय वर्ष २०६६।६७ को वासलातसँग संलग्न गरेको ह्रास कट्टीको विवरणमा इन्धन भण्डारण ट्याङ्की रहेको देखिदैन । करदाताले वासलातसँग संलग्न विवरणमा अन्तिम मौज्दात रु.३ करोड १ लाख ५९ हजार रहेकोमध्ये रु.६१ लाख ९४ हजार इन्धन मौज्दात रहेको देखाएकोमा भण्डारण सुविधा बेगर इन्धन

जस्तो सम्वेदनशील वस्तु मौज्दात देखाएकोले मौज्दात पुष्टि हुने प्रमाण बेगरको सामानको खर्च कट्टी लिएको सम्बन्धमा आयकर ऐन, २०५८ अनुसारको कर र शुल्क समेत रु.२३ लाख २३ हजार र सोमा लाग्ने ब्याज र जरिवाना समेत छानबिन गरी असुल हुनुपर्दछ ।

५६. **कमिशन –** आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ अन्तर्गतका एक निर्माण व्यवसायीले आय वर्ष २०६६।६७ को वासलातसँग संलग्न खर्चको विवरणमा ठेक्का सम्झौताअनुसार भन्सार छुट अन्तर्गत फोर्ड रेन्जर २ र टोयोटा हाइलक्स ६ समेत ८ गाडी आयात गरी स्थिर सम्पत्तिमा देखाएको छ । ती सवारीसाधनको खरिद सम्बन्धमा नेपाल स्थित डिष्ट्रिव्यूटरलाई रु.११ लाख १४ हजार र रु.१७ लाख ९७ हजार कमिशन दिएको उल्लेख गरी खर्च कट्टी लिएको छ । सवारीसाधनहरु निर्माण व्यवसायी स्वयंले आयात गरेको र बिक्रीबापतको कमिशन खरिदकर्ताले व्यहोर्ने नभई उत्पादकले व्यहोर्ने हुँदा आयातित सवारीसाधनको कमिशन निर्माण व्यवसायीले व्यहोर्नुपर्ने आधार नदेखिँदा सोबापत लेखेको खर्च रु.२९ लाख ११ हजारका सम्बन्धमा छानबिन गरी कर असुल गर्नुपर्दछ ।

५७. **आय खण्डिकरण** – आयकर ऐन २०५८ को दफा ३४.१ मा कुनै व्यक्तिले आफ्नो आय अर्को व्यक्तिसँग विभाजन गर्न प्रयत्न गरी सोबाट बुझाउनुपर्ने करमा कुनै कमी आउने देखिएमा दायित्व घटी हुन नदिन विभागले लिखित रुपमा सूचना दिएर प्रत्येक व्यक्तिको आय गणना गर्दा समावेश वा कट्टी गरिने रकम समायोजन गराउनसक्ने उल्लेख छ । त्यस्तै उपदफा २ मा व्यक्ति र सम्बद्ध व्यक्तिबीच प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा एक वा बढी मध्यस्थ निकायहरुद्वारा रकमहरुको हस्तान्तरण र सो हस्तान्तरणको प्रयोजनले सो व्यक्ति वा सम्बद्ध व्यक्तिबाट बुझाउनुपर्ने करमा कमी ल्याउन प्राप्त गर्ने रकम वा गर्ने खर्चहरुले आय विभाजन गर्ने प्रयत्न गरेको अवस्थाहरु समेतलाइ जनाउने उल्लेख गरेको छ ।

आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ अन्तर्गत एकै सञ्चालक रहेको दुई कम्पनीद्वारा सफ्टवयर तयार गरी विदेश निर्यात गर्ने कारोबार गर्ने गरेको देखिएको छ । दुबै निकायको नियन्त्रण गर्ने व्यक्ति एकै भएकोले सम्बद्ध पक्षबीचमा भएको कारोबारलाई नेपाल लेखामान १६ अनुसार खुलासा गर्नुपर्नेमा गरेको छैन । दुबै करदाताको करपरीक्षण प्रतिवेदनमा दुबै निकायको मुख्य व्यक्ति एकै व्यक्ति उल्लेख गरेको छ । यसरी एउटै व्यक्तिले दुई निकायबाट खर्च कट्टी लिने गरेकोमा करपरीक्षणमा कुनै कुरा उल्लेख गरेको पाइएन ।

दुवै कम्पनीको आय वर्ष २०६६।६७ को प्रशासनिक खर्च अन्तर्गत प्रत्यक्ष र अप्रत्यक्ष तलव खाजा खर्च अन्तर्गत केही कर्मचारीको दुबैतर्फ नाम देखाई वार्षिक पारिश्रमिक खर्च लेखेकाले खर्चको खण्डिकरणको उद्देश्यले खर्च देखाएको देखिन आयो । पूर्ण करपरीक्षणबाट मान्य गरिएको एक कम्पनीले देखाएको यस्तो खर्च रु.३ करोड ६ लाख ८० हजार अमान्य गरी आयकर ऐन, २०५८अनुसारको कर र शुल्क गरी रु.१ करोड ५३ लाख ४० हजार र सोमा लाग्ने ब्याज र जरिवाना समेत छानबिन गरी असुल हुनुपर्दछ ।

५८. **ऋण पूँजी अनुपात –** करदाताको वासलातमा रहने पूँजीको स्रोतमध्ये शेयर पूँजी र ऋण पूँजी रहेको पाइन्छ । ठूला करदाता कार्यालय अन्तर्गतका केही करदाताहरुको नमुना छनौट गरी परीक्षण गर्दा शेयर पूँजी र ऋण पूँजीमध्ये ऋण पूँजीको अंश शेयर पूँजीभन्दा देहायअनुसार ४१ गुणासम्म बढी रहेको पाइयो । आयकर ऐन, २०५८ को दफा १४अनुसार ऋण पूँजीमा लागेको ब्याज खर्चकट्टी पाइने भएकोले करदाताहरुले शेयर पूँजीभन्दा ऋण पूँजीतर्फ बढी आकर्षित रहेको देखियो । ब्याज खर्च नाफा–नोक्सान हिसाबको आर्जित मुनाफाबाट व्यहोरिने (चार्जड) हुँदा ब्याज खर्चले खुद नाफालाई न्यून गर्दछ । शेयर पूँजी र ऋण पूँजी दुई विकल्पमध्ये करदाताले ऋण पूँजी छनौट गर्नाले ब्याज खर्चको मात्रा बढ्न गई नाफा घटी हुने जसको फलस्वरुप व्यापारिक जोखिम बढ्ने र कर दायित्व कम हुन जान्छ । नेपालको कर सम्बन्धी कानुनमा शेयर पूँजी र ऋण पूँजीको अंश कति कति हुनुपर्ने स्पष्ट व्यवस्था रहेको पाइँदैन । ऋण पूँजीमा दिईने ब्याजको सीमा, तह तोकेको पनि देखिँदैन । कारोबारअनुसार न्यूनतम पूँजी (थिन क्यापिटल) सम्बन्धी व्यवस्था नहुँदा यससम्बन्धमा कर प्रशासनमा समस्या उठेको छ । यससम्बन्धमा न्यूनतम पूँजी सम्बन्धी कानुनी व्यवस्था हुनु जरुरी छ । केही करदाताको शेयर तथा ऋण पूँजीको अंश देहायअनुसार छन्:

(रु.हजारमा)

करदाता	आय वर्ष	शेयर पूँजी	ऋण पूँजी	ऋण–पूँजी अनुपात
एक कत्था उत्पादक तथा विक्रेता	२०६६/६७	७५,००	३०,६७,५३	४१ गुणा
एक मोवाईल थोक विक्रेता	२०६६/६७	२५,००	९,५६,५१	३८ गुणा
एक मदिराको राष्ट्रिय डिष्ट्रिव्यूटर्स	२०६६/६७	५०,००	१९,०६,४५	३८ गुणा

५९. **दीर्घकालीन करारको कर निर्धारण** – ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेको चमेलिया जल विद्युत आयोजनाको सिभिल कार्यको ठेक्का कारोबारमा संलग्न एक निर्माण व्यवसायी करदाताको कर निर्धारण ऐनको दफा २६ मा भएको व्यवस्थाअनुसार दीर्घकालीन करारको, कार्यसम्पन्न प्रतिशत निर्धारण गरी कर निर्धारण भएको छ । नेपाल विद्युत प्राधिकरणबाट निजले भुक्तानी प्राप्त गर्ने गरेको र प्राधिकरणले रनिङ्ग बिलको आधारमा भुक्तानी गर्दा डेढ प्रतिशतका दरले कट्टा गरेको अग्रिमकर रु.६४ लाख ९७ हजार कर मिलान दावी विवरणमा दावी गरी क्रेडिट लिएको छ । करदाताले पेश गरेको निर्माण आयको विवरणमा यो वर्षको २०६४।४।२१ को पहिलो रनिङ्ग बिलदेखि बाह्रौँ रनिङ्ग बिल २०६५।३।३१ सम्मको मूल्य अभिवृद्धि कर बाहेकको जम्मा बिल रकम रु.४३ करोड ३१ लाख ५९ हजार भुक्तानी प्राप्त गरेको र सो आयलाई आय विवरणमा दफा ७.२(ख) बमोजिम व्यापारिक मौज्दातको नि:सर्गबाट प्राप्त रकम भनी आयमा गणना गरेको छ । सो आय रनिङ्ग बिलका आधारमा गणना गरी आय विवरण पेश गरेकोमा करदाताले २०६७।१।३१ को पत्रबाट संशोधित विवरण पेश गरी आयकर ऐन, २०५८ को दफा २६ अनुसार दीर्घकालीन करारका आधारमा कार्यसम्पन्न प्रतिशतको आधारमा, नेपाल लेखामान १३ र आयकर निर्देशिकाको परिच्छेद–२० अनुसार आय गणना गरेको छ ।

करदाताले दीर्घकालीन करारका आधारमा आय गणना गर्दा यो वर्षको आय रु.४४ करोड ३१ लाख ६६ हजार देखाएको छ । करदाताको लेखानीतिमा समेत यो आय गणनालाई उल्लेख गरेको छ । करदाताले आय विवरणमा आफ्नो आय रु.४३ करोड ३१ लाख ५९ हजार स्वयम् घोषणा गरेकोमा दफा २६ बमोजिमको दीर्घकालीन करार र नेपाल लेखामान १३ अनुसार आय गणना गरी कार्यालयले २०६८।७।२० को संशोधित कर निर्धारण गर्दा रु.४ करोड २५ लाख २१ हजार आय घटाई रु.३९ करोड ६ लाख ३९ हजार आय कायम गरी कर निर्धारण गरेको देखियो । कार्यालयले आय घटाइ दिनुको कारण अध्ययन गर्दा निर्णय पर्चामा करदाताको करार मूल्यभन्दा लागत अनुमान अङ्क बढी भएकोमा सोको ठोस जवाफ र प्रमाण पेश नगरेको र यस्तै प्रकृतिको कारोबार गर्ने एक करदाताको बिल अफ क्वान्टिटीमा उल्लेखित लागत अनुमान विवरणको विश्लेषण गर्दा करार मूल्यभन्दा अनुमानित लागत १७ देखि २५ प्रतिशतसम्म कम रहेको, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा ठेकेदारको १५ प्रतिशत मुनाफा समावेश गरेर लागत अनुमान तयार गर्ने व्यवस्थालाई आधारमानी करार सम्झौता रकममा सोही प्रतिशतले मुनाफा रकम घटाई अनुमानित लागत रकमको अङ्क कायम गरेको जस्ता कुरा उल्लेख गरेको छ । कार्यालयकै २०६७।१।१६ को कर लेखापरीक्षण प्रतिवेदनमा दीर्घकालीन करारअनुसार आय रु.४९ करोड १७ लाख ६६ हजार कायम भएको व्यहोरा उल्लेख गरेको छ ।

आयकर निर्देशिका, २०६६ (संशोधित) को दफा २०.४ मा ऐनको दफा २६ तथा नियम १२ बमोजिम करदाताले दीर्घकालीन करारको आय गणनाको सुरुमा नै पूरै करार अवधिका लागि खर्चको अनुमान गर्नुपर्दछ । त्यस्तो अनुमान प्राविधिक विश्लेषण सहितको बजार मूल्यका आधारमा तयार गरेको हुनुपर्ने उल्लेख छ । करदाताले सम्झौता अङ्कभन्दा लागत अनुमानको अङ्क बढी देखाएकोमा सोको जवाफ तथा प्रमाण पेश नगरेको भनी कार्यालयले लागत अनुमानको अङ्क कायम गरेकोमा निर्देशिका अनुरुप प्राविधिक विश्लेषण सहितको बजार मूल्यका आधारमा अनुमानित लागत रकमको अङ्क कायम गरेको देखिएन ।

प्रस्तुत कर निर्धारणमा पनि अवास्तविक खर्च घटाउँदा प्रतिशत घट्न गएको देखियो । तर सूत्रको प्रयोग कार्यसम्पन्न प्रतिशत निश्चित गर्नका लागि मात्र हो जब करदातालेनै आफै कार्यसम्पन्न प्रतिशत निश्चित गरी आय कायम गरेको र सो आधारमा कर निर्धारण गरेकोमा कार्यालयले बिना कुनै आधार र

प्रमाण करदाताको कार्यसम्पन्न प्रतिशत घटाएको देखियो । जसको परिणाम आयनै कम कायम गरेको पाईयो । करदाताले आय कायम गरेकै आधारमा र खर्च कट्टी भने कृत्रिम कारोबार गरेको खर्च कट्टी नदिई आय कायम गर्नुपर्नेमा सो नगरेको कारणले आय घट्न गएको पाइयो । आयको स्वयम् घोषणा गर्ने सिद्धान्तबमोजिम घोषणा गरेको आयलाई कार्यालयले रु.४ करोड २५ लाख २१ हजार घटाई दिएकोले निज करदातालाई लाग्ने करको दर २६.५ प्रतिशतले प्राप्त हुने कर रु.१ करोड १२ लाख ६८ हजारबाट कार्यालय वञ्चित भएको छ । यस सम्बन्धमा नीतिगत व्यवस्था गर्नुपर्दछ ।

६०. **दायित्व सिर्जना –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेका मदिराको कारोबार गर्ने एक करदाताको आयवर्ष २०६३।६४, २०६४।६५ र २०६५।६६ को संशोधित कर निर्धारण भएको छ । करदाताले पेश गरेको आय विवरण साथ संलग्न नगद प्रवाह विवरणमा ब्याज खर्च जनाएको रकम बराबर नै भुक्तानी भएकोमा वासलातमा भुक्तानी गर्न बाँकी ब्याज देखाएको पाइयो । भुक्तानी भईसकेको ब्याजलाई पनि भुक्तानी गर्न बाँकी ब्याज भनी वासलातमा देखाएकोले सो अवास्तविक दायित्व सिर्जनालाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार उल्लेखित तीन वर्षको कर तथा शुल्क रु.५ लाख १८ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

६१. **प्रतितपत्र –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेका चकलेट उत्पादन एवं बिक्री वितरण गर्ने करदाताको आय वर्ष २०६५।६६ को संशोधित कर निर्धारण भएको छ । करदाताको एक बैङ्कमा प्रतितपत्रबापत सो बैङ्कको पत्रानुसार देखिएको रकमभन्दा करदाताको वित्तीय विवरणमा रु.९४ लाख ६४ हजार घटी देखाएको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

६२. **राजस्व नोक्सानी –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने विद्युत उत्पादन गर्ने विदेशी लगानी समेत भएको एक करदाताले देखाएको विनिमय मुनाफा रु.१० करोड ८८ लाख २१ हजारलाई खर्चमा समायोजन (नेट अफ) गरेको र कार्यालयले करपरीक्षण गर्दा सो रकम आयमा समावेश गरेको देखिएन । करदाताको लगानीबाट प्राप्त आयको विनिमय नाफा जो विद्युत बिक्रीबाट प्राप्त हुनेलाई कर प्रयोजनको लागि आयमा समावेश गर्नुपर्ने र करदाताले नेपाल लेखामान १ अनुसार आम्दानीलाई खर्चमा समायोजन पनि गर्न मिल्ने देखिँदैन । समयमा कर निर्धारण नभएको र कर निर्धारण गर्दा आय नेटिङ्ग गरेकोमा छानबिन पनि यथा समयभित्र नगर्नाले रु.४ करोड ३२ लाख ५६ हजार राजस्व नोक्सान भएको छ । सोही करदाताले यो वर्षको खर्च कट्टी गर्दा रु.१३ करोड ७६ लाख ३५ हजार विनिमय नोक्सानीबापत खर्च कट्टी लिएको छ । गत आर्थिक वर्षको विनिमय नाफा रु.१० करोड ८८ लाख २१ हजार भएकोमा उक्त नाफालाई कर छुट भएको कारण आयमा समावेश नगरेको व्यहोरा कर निर्धारणमा उल्लेख गरेको छ । एउटै करदाताको एकै प्रकृतिको कारोबारमा नोक्सान हुँदा खर्च कट्टी लिने तर आय हुँदा आय नदेखाउने गरेको देखियो । नोक्सान हुँदा खर्च देखाएको अवस्थालाई उपयुक्त मान्न मिल्ने देखिएन । आय वर्ष २०६३।६४ मा भएको विनिमय नाफालाई आयमा समावेश गरी कर दायित्व यकिन गरिनुपर्दछ ।

६३. **लगानीको प्रतिफल –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने विद्युत उत्पादन गर्ने विदेशी लगानी समेत भएको एक करदाताको तुलनात्मक वासलात एवं वित्तीय विवरण परीक्षण गर्दा गत वर्षको नगद तथा बैङ्क मौज्दात रु.६७ करोड १५ लाख २० हजार देखाएको छ । तर गत वर्षको वित्तीय विवरणमा सो रकमको मौज्दात रु.७ करोड ६४ लाख ३५ हजार देखाईएको छ । फरक रकम रु.५९ करोड ५० लाख ८५ हजार गत वर्ष लगानी देखाएको र लगानीको विस्तृत विवरणमा (अनुसूची–५) एक विदेशी सरकारको सरकारी कर्मसियल सेक्यूरिटीजमा लगानी गरेको देखियो ।

गत वर्ष लगानी देखाएको रकम यो वर्ष लगानी नदेखाई नगद तथा बैङ्क मौज्दात मात्र देखाएको छ । उक्त लगानीबाट प्राप्त आय, करयोग्य आय हुने हुँदा सो नदेखाई नगद बैङ्क मौज्दात देखाएको उचित भएन । यसरी करदाताले हिसाब फरक पारी आय लुक्नसक्ने गरी पेश गरेको वित्तीय विवरणको यो बुँदामा कर कार्यालयले परीक्षण गर्दा छानबिन गरेको देखिएन । त्यस्तै सो करदाताको लेखानीति तथा टिप्पणीको बुँदा नं.३ मा ३६ मेगावाटको एक अर्को विद्युत उत्पादन कम्पनीमा लगानी गरेको र गत वर्ष २०६२।६३ को लेखा

टिप्पणीअनुसार सो परियोजना जनवरी २४, २००१ बाट व्यावसायिक सञ्चालनमा आएको उल्लेख भएको देखियो । तर लगानी रकम वित्तीय विवरणमा खुल्दैन । साथै सो परियोजनाको आयपनि करदाताले देखाएको छैन । यससम्बन्धमा कार्यालयबाट पनि छानबिन परीक्षण गरेको पाईएन । उक्त परियोजनाको आय यकिन गर्न छानबिन गरी कर राजस्व असुल गर्नुपर्दछ ।

६४. **हिसाब फरक पारी नि:सर्ग –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने विद्युत उत्पादन गर्ने विदेशी लगानी समेत भएको एक करदाताले स्थिर सम्पत्तिको भौतिकपरीक्षण गर्दा रु.१ करोड ७८ लाख ५ हजार बराबरको स्थिर सम्पत्ति मिनाहा गरी गत वर्षको जगेडा मुनाफाबाट घटाएको उल्लेख छ । साथै गत वर्षको वित्तीय विवरणअनुसारको जगेडा मुनाफामा यो वर्ष पहिलो पटक स्थगन कर हिसाब (डिफर ट्याक्स लायविटीज) बापत रु.२ करोड ४० लाख ८७ हजार व्यवस्था गरेको छ । यसरी करदाताले गत वर्षको अन्तमा देखाएको जगेडा र सङ्कलित मुनाफा रु.९६ करोड ८६ लाख ४५ हजारमा मिनाहा भएको रकम र स्थगन कर हिसाबमा सारेको रकम घटाउँदा रु.९२ करोड ६७ लाख ५२ हजार मौज्दात बाँकी देखिनुपर्ने हुन्छ । तर २०६३।६४ मा रु.८१ करोड ६९ लाख ५९ हजार मात्र जगेडा तथा सङ्कलित मौज्दात हिसाब सरी आएको देखियो । सो हिसाबमा रु.१० करोड ९७ लाख ९३ हजार फरक परी कम जिम्मेवारी सरेको देखिन्छ । करदाताको जगेडा रकम घटेकोलाई आयकर ऐन, २०५८ को दफा २४ अनुसार मुनाफाको वितरण मानी सोमा लाग्ने लाभांश कर ५ प्रतिशतले रु.५४ लाख ९० हजार ब्याज सहित असुल हुनुपर्दछ ।

६५. **आयमा समावेश –** ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने फलामे पोल, पाईप उत्पादन तथा बिक्री गर्ने एक करदाताले पेश गरेको आय विवरण साथ संलग्न कर मिलान दावी (अनुसूची–१०) मा नेपाल विद्युत प्राधिकरणबाट भुक्तानीमा १.५ प्रतिशतले कट्टी भएको रु.७२ हजार दावी गरेकोमा करपरीक्षणले मान्यता दिएको छ । सो कर कट्टी दावी रकमको पूर्ण कारोबार रु.४८ लाख ३१ हजार हुन आउँछ । आयकर निर्देशिका, २०६६ अनुसार सो भुक्तानीको नेपाल विद्युत प्राधिकरणबाट प्रमाणित भएको छैन । करदाताले बिक्रीको विवरणमा सो रकम समावेश गर्नुपर्नेमा नगरेकोले बिक्री आय छुट भएको देखिँदा सोलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार कर रु.९ लाख ६६ हजार, शुल्क रु.४ लाख ८३ हजार समेत जम्मा रु.१४ लाख ४९ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

६६. **मूल्य अभिवृद्धि कर –** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

६६.१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा ३ अनुसूची १ मा उल्लेखित वस्तु वा सेवाहरुमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था छ । आर्थिक ऐन, २०६६ को समूह ११ को ३ मा वित्तीय सेवा र जीवन बिमा सेवा बाहेक अन्य वित्तीय प्रकारको कारोबार मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारमा समावेश भएको देखिँदैन । आन्तरिक राजस्व कार्यालय, वीरगंज अन्तर्गत दर्ता रहेका हायरपर्चेजको कारोबार गर्ने एक करदाताले उल्लिखित ऐन तथा आर्थिक ऐनले तोकेको दायरा भित्र नपर्ने हुँदा करदाता मूल्य अभिवृद्धि करमा दर्ताहुनुपर्ने देखिन्छ । तर करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभई रु.१६ करोड ८५ लाख ३८ हजारको हायरपर्चेज कारोबार गरेकोमा सोको १३ प्रतिशतले रु.२ करोड १९ लाख १० हजार मूल्य अभिवृद्धि असुल गरी राजस्व दाखिला गर्नुपर्नेमा गरेको देखिएन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने जरिवाना र ब्याज समेत छानबिन गरी असुल हुनुपर्दछ ।

६६.२. विभिन्न आन्तरिक राजस्व कार्यालयतर्फ बक्यौता मूल्य अभिवृद्धि कर रु.४ अर्ब ३६ करोड ६७ लाख ४७ हजारमध्ये निम्न करदाताबाट २०५४ मार्गदेखिको असुल गर्न बाँकी देखिएको छ । कार्यालयबाट पुराना बक्यौता असुलीको लागि पहल हुनसकेको देखिएन ।

(रु.हजारमा)

विवरण	कार्यालय	अवधि	रकम
एक इन्टरप्राईजेज	लहान	२०५४ मार्ग	२३,८०
एक सिमेन्ट प्रा.लि	भरतपुर	२०५९ भाद्र	१,६८,३०
एक इन्टरप्राईजेज तथा अर्डर सप्लायर्स	विराटनगर	२०५५ चैत्र	१,२६,४०
एक ब्रुअरी	ठूला करदाता	२०६५ मार्ग	२१,०६,८२
एक इन्जिनियरिङ्ग ग्रुप	ठूला करदाता	२०६६ श्रावण	१५,०८,२५

६६.३. आन्तरिक राजस्व कार्यालय, सिमराले मदिरा उत्पादन गरी बिक्री गर्ने एक करदाताको आय वर्ष २०६५।६६ को करपरीक्षण गर्दा २०६६ आषाढको अन्त:शुल्क मास्केवारीमा ४० यू.पि.को (अर्ध तयारी मदिरा) ७ हजार ६७५ लिटर मौज्दात रहेकोमा अन्त:शुल्ककको वार्षिक विवरण र वित्तीय विवरणमा उक्त मदिराको मौज्दात नदेखिएको कारण अन्तिम मौज्दात ७ हजार ६७५ लिटरको व्यापार मौज्दातको लागत खर्च बढ्न गएको भनी रु.१३ लाख ५ हजारलाई आयमा समावेश गरेको पाइयो । तर घटी मौज्दात देखाएको मदिराको मूल्य अभिवृद्धि करतर्फ केही उल्लेख गरेको देखिएन । उक्त ७ हजार ६७५ लिटर मदिराको करपरीक्षण गर्दा कायम गरिएको लागत मूल्यप्रति लिटर रु.१७०।– र आर्थिक ऐन, २०६५ अनुसार प्रतिलिटर अन्त:शुल्क रु.१६४।– समेत जम्मा रु.३३४।– को हिसाबले ७ हजार ६७५ लिटरको हुने बिक्री मूल्य रु.२५ लाख ६३ हजारको मूल्य अभिवृद्धि कर रु.३ लाख ३३ हजारका साथै सोको अन्त:शुल्क प्रतिलिटर रु.१६४।– ले हुने रु.१२ लाख ५९ हजार र सोमा लाग्ने ब्याज र जरिवाना समेत छानबिन गरी असुल हुनुपर्दछ ।

६६.४. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) मा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने उल्लेख छ । ऐनको दफा ५(३) सँग सम्बन्धित अनुसूची–१ मा कर छुट हुने वस्तु तथा सेवाहरुको सूची तोकिएको छ । राशन ठेक्कामा समावेश विभिन्न सामानहरुको मूल्य अभिवृद्धि कर लाग्ने विषयमा आन्तरिक राजस्व विभागले २०६४।६।४ मा लेखेको पत्रमा राशन आइटमको संलग्न विवरणअनुसार तेल, वनस्पति ध्यू, चिनी, अदुवा दूध (कन्डेन्स मिल्क), चियापत्ती, जिरा, धनिया एवं हाई इनर्जी बिस्कुटमा कर लाग्ने उल्लेख गरिएको छ । त्यस्तै सो पत्रमा मूल्य अभिवृद्धि कर लाग्ने र नलाग्ने वस्तुहरुको एकमुष्ट बोलपत्र आह्वान गर्दा मूल्य अभिवृद्धि कर लाग्ने व्यहोरा उल्लेख छ । ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र रहेका राशन सप्लाई सम्बन्धी कार्य गर्ने एक करदाताको आय वर्ष २०६४।६५, २०६५।६६ र २०६६।६७ को संशोधित कर निर्धारण भएको देखियो ।

प्रस्तुत करदाताले सुरक्षा अङ्गका विभिन्न निकायमा बोलपत्रको माध्यमबाट राशन ठेक्का कारोबारमा संलग्न देखिन्छ । बोलपत्र आह्वान गर्दा मूल्य अभिवृद्धि कर लाग्ने र नलाग्ने वस्तुहरुको छुट्टाछुट्टै बोलपत्र भएको नदेखिँदा र सामान्यतया सबै राशन आईटमहरुको एकमुष्ट बोलपत्र आह्वान गरिने हुँदा करदाताले राशन ठेक्काको बिल बीजक जारी गर्दा बिक्रीको सम्पूर्ण रकममा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा करयोग्य बिक्री र कर छुटको बिक्री भनी सम्पूर्ण बिक्रीलाई दुई भागमा वर्गीकरण गरी कर छुटको बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार दर्ता भएको करदाताले वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने र सोको ढाँचा समेत तोकिएको छ । सोही ऐनको दफा १२अनुसारको बिक्री मूल्यमा दफा १४ र नियम १७ अनुसार कर असुल गर्नुपर्ने देखिन्छ । निर्माण ठेक्कामा ढुङ्गा, गिट्टी, बालुवा, माटो जस्ता मूल्य अभिवृद्धि कर नलाग्ने वस्तु समावेश हुने भए तापनि निर्माण व्यवसायीले ठेक्का बिल जारी गर्दा सम्पूर्ण रकममा मूल्य अभिवृद्धि कर थप गरी बीजक जारी गरिने तथा आन्तरिक राजस्व विभागको २०६४।६।४ को पत्रबमोजिम राशन ठेक्कामा जारी हुने बीजकको सम्पूर्ण रकममा मूल्य अभिवृद्धि कर थप गरी सो कर असुल हुनुपर्ने देखिन्छ । प्रस्तुत करदाताको आय वर्ष २०६४।६५ देखि २०६६।६७ सम्म तीन वर्षको संशोधित कर निर्धारण भएकोमा २०६६।६७ मा भने कर छुटको बिक्री रु.१५ लाख ४५ हजार (०.२६ प्रतिशत) रहेकोले करिब सम्पूर्ण बिक्री रकममा मूल्य अभिवृद्धि कर असुल भएको देखिन्छ । सो सन्दर्भमा

मूल्य अभिवृद्धि कर ऐन तथा नियममा संशोधन नभएको अवस्थामा कुनै वर्ष कर लगाएको र कुनै वर्ष नलगाएको देखियो । त्यसैले करपरीक्षण प्रतिवेदन तथा मूल्य अभिवृद्धि कर विवरण (रिटर्न डिटेल–आर.डी.) अनुसार मूल्य अभिवृद्धि कर रु.३ करोड ६५ लाख ४३ हजार असुल भएको नदेखिएकोले छानबिन गरी असुल हुनुपर्दछ ।

६७. **अन्त:शुल्क –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६७.१. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(च) अनुसार अल्पविकसित क्षेत्रमा स्थापित उद्योगले अन्त:शुल्कमा १५ प्रतिशत सुविधा सहुलियत पाउने उल्लेख छ । अन्त:शुल्क ऐन, २०५८ को दफा २४ अनुसार प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालवसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनैपनि ऐनले यस ऐनबमोजिमका करका व्यवस्थाहरुमा कुनैपनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्थाहरु गर्ननसक्ने उल्लेख गरेको छ । आन्तरिक राजस्व कार्यालय, भक्तपुर अन्तर्गतका एक करदाताले यो वर्ष रु.८ करोड ९८ लाख २४ हजार अन्त:शुल्क सङ्कलन गरेकोमध्ये अल्पविकसित क्षेत्र बनेपाबाट रु.५ करोड ५१ लाख ५२ हजार अन्त:शुल्क सङ्कलन गरेकोमा १५ प्रतिशतले हुने रु.८२ लाख ७३ हजार कट्टा गरी बाँकी रकममात्र दाखिला गरेको छ । उपर्युक्त ऐनअनुसार उक्त उद्योगलाई दिएको सुविधा उपभोक्ताहरुबाट सङ्कलित अन्त:शुल्कवाट घटाई दाखिला गर्ने प्रयोजनको लागि नभई १५ प्रतिशत छुट सहितको दरमा उपभोक्ताहरुबाट अन्त:शुल्क सङ्कलन गर्नुपर्ने सुविधा भएको हुँदा सङ्कलित गरेको रकममध्ये घटी दाखिला गरेको रु.८२ लाख ७३ हजार को सम्बन्धमा छानबिन गरी अन्त:शुल्क ऐन २०५८ को दफा १०(झ) अनुसार बिलम्ब शुल्क समेत असुल गर्नुपर्दछ ।

६७.२. अन्त:शुल्क ऐन, २०५८ को दफा ४(क) अनुसार भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीको लागि निष्काशन गर्दाको बखत अन्त:शुल्क असुल गरिने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, जनकपुर अन्तर्गतका एक करदाताले राष्ट्रिय वाणिज्य बैङ्कको चल्ती खाताको रु.८६ लाख ९६ हजारको चेक दिई विभिन्न साईजका चुरोट निष्काशनको अनुमति लिएकोमा करदाताको उक्त बैङ्क खातामा मौज्दात नभएकोले नेपाल राष्ट्र बैङ्क, जनकपुरबाट चेक फिर्ता भएको छ । कार्यालयले भुक्तानीका लागि विश्वसनीय चेक (गुडफर पेमेन्ट) बाट राजस्व नलिनु र राजस्व खातामा रकम सङ्कलन नहुँदै बिक्री अनुमति दिनाले राजस्व सङ्कलन हुनसकेको छैन । करदाताले लेखापरीक्षण अवधिसम्म पनि उक्त राजस्व बुझाएको देखिएन । उक्त राजस्वको बक्यौता लगत समेत कायम गरेको छैन ।

६७.३. अन्त:शुल्क ऐन, २०५८ को दफा ३(क)३ मा अन्त:शुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चापदार्थमा तिरेको अन्त:शुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्त:शुल्कमा कट्टा गर्न पाइने व्यवस्था छ । आन्तरिक राजस्व विभागले २०६८।६।२ मा गरेको परिपत्रमा समेत ऐनको उक्त व्यवस्था विपरीत प्याकिङ्ग मेटेरियलमा तिरेको अन्त:शुल्क समेत कट्टा भईरहेको जानकारीमा आएकोले अबिलम्ब कानुनबमोजिम अन्त:शुल्क निर्धारण गरी असुल गर्नु भन्ने उल्लेख छ । ऐनको उक्त व्यवस्था विपरीत ८ आन्तरिक राजस्व कार्यालयको कार्य क्षेत्रमा पर्ने १६ करदाताले प्याकिङ्ग मेटेरियलमा तिरेको अन्त:शुल्क समेत क्रेडिट लिएको देखिएकोले नियम विपरीत क्रेडिट लिएको रु.३ करोड १३ लाख २१ हजार र सोमा लाग्ने ब्याज समेत छानबिन गरी असुल हुनुपर्दछ ।

६७.४. अन्त: शुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी वियर उत्पादन नियमन तथा निष्काशन निर्देशिका, २०६५ जारी भई अन्त: शुल्क टिकट टाँस गरिएको मदिरा बाहेक वियरमा फ्लोमीटर प्रयोग गरेर सो उपकरणले देखाएको परिमाणमा वास्तविक र प्रमाणिक रुपमा अन्त: शुल्क लगाउन र वियरको गुणस्तर कायम राख्ने उद्देश्यले वियरको उत्पादन प्रक्रियामा प्रवाह हुने वियरलाई मापन गर्ने यन्त्र प्रयोग गर्न र अन्त: शुल्क निर्धारण सम्बन्धी निर्णय गर्न आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनको कार्यक्षेत्र भित्र पर्ने तीन वियर उद्योगको वियर उत्पादन तथा निष्काशन गर्ने उद्देश्यअनुसार सोही कार्यालयको परिसरभित्र फ्लोमिटर मापन यन्त्र जडान भएको छ । तर फ्लोमिटर सञ्चालनमा नआए तापनि परम्परागत

रुपमा अन्त: शुल्क असुल गर्दा सो कार्यालयले यो वर्ष वियरको मात्र रु.२ अर्ब ८९ करोड ८ लाख ८८ हजार अन्त: शुल्क असुल गरेको छ । उक्त फ्लोमिटर मर्मतमा यो वर्ष रु.२ लाख ७७ हजार खर्च भएको पनि छ । यसरी मर्मतमा खर्च गरे तापनि वियर उत्पादन गर्ने उद्योगहरुबाट उत्पादन भएको वियरको डाटा रेकर्डिङ्ग फ्लोमिटरबाट गर्ने गरेको पाइएन । अन्त:शुल्क राजस्व असुलीको हिसाबबाट फ्लोमिटरको भूमिका महत्वपूर्ण रहेकोले सो सञ्चालनमा ल्याउन जरुरी छ ।

६७.५. अन्त:शुल्क नियमावली, २०५९ को नियम २३ (क) मा वियर उत्पादन गर्ने इजाजत पत्रवालाले वियरको बोतलमा प्रयोग गरिने क्राउन कर्क वियर भर्दा टुटफुट वा बिग्रेर बोतलमा प्रयोग हुन नसक्ने अवस्था भएमा मासिक विवरणमा उल्लेख गरी मिनाहाको लागि अन्त:शुल्क अधिकृत समक्ष पेश गर्नुपर्ने र त्यसरी पेश भएको विवरण सोही नियमको उप–नियम(२) बमोजिम अन्त:शुल्क अधिकृतले १५ दिन भित्र जाँच गरी क्राउन कर्कको मौज्दातमा कमी भएको मनासिव माफिकको कारण भएमा आधार स्पष्ट खुलाई खर्च भएका क्राउन कर्कको बढीमा ४ प्रतिशतसम्म मिनाहा दिनसक्ने तथा उपनियम (३) मा सोभन्दा बढी मौज्दात कमी भै मिनाहा दिनुपर्ने भएमा अन्त: शुल्क अधिकृतले त्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्ने र उपनियम (४) बमोजिम मनासिव कारण भएमा विभागले मौज्दात कमी वा नपुग क्राउन कर्क मिनाहा दिनसक्ने व्यवस्था छ ।

आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनको कार्यक्षेत्र भित्र पर्ने तीन वियर उत्पादक ब्रुअरीले क्राउन कर्क मौज्दात कमीको मासिक विवरण पेश गरेको भएपनि नियम २३ (क) को उपनियम (२) बमोजिम अन्त:शुल्क अधिकृतले मिनाहा दिएको छैन । अन्त:शुल्क अधिकृतले मनासिव माफिक कारण खुलाई मिनाहा नदिएको र ब्रुअरीहरुले मिनाहा नगराई मौज्दातबाट घटाएको क्राउनकर्क र केन लिडको परिमाणको हिसाबले उत्पादन र बिक्री गर्नसक्ने वियरको अन्त:शुल्क रु.८ करोड ९२ लाख ५२ हजार र मूल्य अभिवृद्धि कर रु.१ करोड १६ लाख ३ हजार समेत जम्मा रु.१० करोड ८ लाख ५५ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

६७.६. आन्तरिक राजस्व विभागको २०६३।१२।२५ को पत्रानुसार वियरको मौज्दात रहेको स्टिकर आयातित वाईन तथा आयातित वियरको लागि रवर स्ट्याम्प (छाप) लगाई प्रयोग गर्नसक्ने उल्लेख छ । तर आन्तरिक राजस्व कार्यालय, बिराटनगरले सो कार्यालयको कार्य क्षेत्रभित्र रहेको एक मदिरा उद्योगको लागि वियर ६५० एम. एल.को ८५ लाख थान र आन्तरिक राजस्व कार्यालय, चितवनले एक मदिरा उद्योगलाई सोही साईजको २१ लाख ६० हजार थान समेत जम्मा १ करोड ६ लाख ६० हजार थान स्टिकर उपलब्ध गराएको देखियो । मदिरा उत्पादन गर्ने उद्योगलाई वियरको स्टिकर प्रयोग गर्न दिनमिल्ने देखिएन । यस सम्बन्धमा चितवनले विभागीय परिपत्रानुसार स्टिकर दिएको उल्लेख गरेको छ ।

६७.७. आर्थिक ऐन, २०६७ को अन्त:शुल्क दरवन्दीको क्रम संख्या २२ अन्तर्गत उपशीर्षक २१०६.९०.१० मा कुरुमुरे, कुरकुरे, चिजवल्स, लेज, पेष्टी जस्ता जङ्कफुड्समा प्रतिके.जी. रु.७५० का दरले अन्त:शुल्क लाग्ने उल्लेख छ । त्यस्तै भन्सार विभागबाट २०६७६८ मा प्रकाशित हार्मोनाइज्ड् सिष्टम, २००७ संस्करणमा आधारित भन्सार महसुल दरवन्दीअनुसार उपशीर्षक २१०६.९०.१० मा दालमोठ, पापड, नमकिन, भुजिया र चमेना समेतलाई समावेश गरी व्याख्या गरेको छ । त्यस्तै आर्थिक ऐन, २०६७ को अन्त:शुल्क दरवन्दी द्रष्टव्यको बुँदा नं. १२ मा अन्त:शुल्क लाग्नसक्ने वस्तुहरुको व्याख्या र हार्मोनाइज्ड् कोड तोक्ने काम आवश्यकताअनुसार भन्सार विभागसँग परामर्श लिई आन्तरिक राजस्व विभागले गर्नसक्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, बिराटनगरमा दर्ता भएका दालमोठ, भुजिया, पापड उत्पादन गर्ने ५ उद्योगको फाइल परीक्षण गर्दा माथि उल्लेख गरेबमोजिम प्रतिके.जी रु.७५० अन्त:शुल्क असुल गरेको छैन । उद्योगहरुले आफ्नो व्यवसायिक कारोबार बन्द गरेको सूचना पनि दिएको छैन । कार्यालयले करदाताको खोजी गरी अन्त:शुल्क असुल गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

६८. **क्यासिनो रोयल्टी –** आर्थिक ऐन, २०६७ को दफा १६ मा २०६७/६८ मा नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजत प्राप्त व्यक्ति तथा निकायले प्रत्येक क्यासिनो सञ्चालन गरेबापत वार्षिक रु.२ करोड रोयल्टी तिर्नुपर्ने व्यवस्था छ । उक्त रकम आर्थिक वर्ष प्रारम्भ भएको मितिले २ महिनाभित्र आन्तरिक राजस्व

कार्यालयमा बुझाउनुपर्ने छ । उक्त अवधिभित्र रोयल्टी नबुझाउने व्यक्ति वा निकायलाई सो रकम नबुझाएबापत बुझाउन बाँकी रकमको वार्षिक १५ प्रतिशतका दरले शुल्क र सो म्याद नाघेका मितिले ३ महिनासम्म वार्षिक १५ प्रतिशतका दरले थप शुल्क समेत लगाई रोयल्टी असुलउपर गरिने व्यवस्था छ ।

निम्न आन्तरिक राजस्व कार्यालय अन्तर्गत सञ्चालन भएका क्यासिनोहरुले बुझाउन बाँकी रोयल्टी रु.८ करोड र सोमा लाग्ने शुल्क तथा थप शुल्क समेत असुल गर्नुपर्दछ ।

(रु.हजारमा)

क्र.सं.	आन्तरिक राजस्व कार्यालय	सञ्चालित क्यासिनो संख्या	रोयल्टी नबुझाउने क्यासिनो संख्या	रोयल्टी बाँकी रकम
१.	काठमाडौ क्षेत्र नं. १	४	२	४,००,००
२.	काठमाडौ क्षेत्र नं. ३	४	१	२,००,००
३	पोखरा	२	१	२,००,००

६९. **आकस्मिक लाभकर –** आयकर ऐन, २०५८ को दफा ८८(क) बमोजिम आकस्मिक लाभबापतको भुक्तानीमा २५ प्रतिशतका दरले अग्रिमकर कट्टी गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा २ (ज)१ मा आकस्मिक लाभ भन्नाले चिठ्ठा उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रुपमा प्राप्त हुने लाभ सम्झनुपर्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १, ३ र पोखराको क्षेत्रभित्र १० क्यासिनो सञ्चालन भएकोमा कुनै पनि क्यासिनोहरुले आकस्मिक लाभकर कट्टी गर्ने र राजस्व दाखिला गरेको देखिएन । यससम्बन्धमा आन्तरिक राजस्व विभागले आवश्यक नीति तर्जुमा गरी आकस्मिक लाभकर असुल गर्नेतर्फ सक्रिय हुन आवश्यक छ ।

भन्सार विभाग

७०. **राजस्व असुली** – विभाग अन्तर्गतको विगत तीन वर्षको राजस्व असुलीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

शीर्षक	२०६५।६६ को असुली	२०६६।६७ को असुली	२०६७।६८ को		
			अनुमान	असुली	प्रतिशत
१. पैठारी	२१,९९,३०,५६	२९,८४,४४,८५	३५,६९,१९,२९	३१,४५,७९,४५	८८.१३
२. निकासी	७९,१०,७०	९१,६५,१९	१,२०,१९,८५	३५,१७,४९	२९.२६
३. भारतीय अन्त:शुल्क फिर्ता	३,२१,५३,१९	३,४३,२५,८६	३,६२,३६,७९	२,८३,१७,८२	७८.१५
४. कृषि सुधार शुल्क	४९,१९,४१	४८,६१,८०	५०,१३,२२	७५,३३,४७	१५०.२७
५. अन्य आय	३,४९,३७,५१	१,२२,८६,५२	३४,५१,६५	२,०४,५६,८७	५९२.८४
जम्मा	**२९,९८,५१,३७**	**९२४**	**६९२**	**३७,४४,०५,१०**	

द्रष्टव्य: *१. यो वर्षको अन्य आयतर्फको असुलीमा स्थानीय विकास शुल्क रु.१८ लाख १७ हजार, सडक सुधार दस्तुर रु.१ अर्ब ७७ करोड ४ लाख ४९ हजार, निकासी सेवा शुल्क रु.३ लाख ६७ हजार, प्रशासनिक दण्ड जरिवाना जफत, दस्तुर तथा शुल्क रु.३३ लाख ८१ हजार र अन्य रु.२६ करोड ९६ लाख ७३ हजार समावेश छ ।*

२. तालिकामा भन्सार कार्यालयहरुले असुल गरेको मूल्य अभिवृद्धि कर र अन्त:शुल्क शीर्षकको राजस्व रकम समावेश छैन ।

भन्सार विभाग र सो अन्तर्गत ३१ कार्यालयले यो वर्ष भन्सार महसुल, अन्त:शुल्क, भारतीय अन्त:शुल्क फिर्ता, स्थानीय विकास शुल्क मूल्य अभिवृद्धि कर आदिबाट रु.८७ अर्ब ९४ करोड ५६ लाख ६२ हजार समेत कुल रु.१ खर्ब ७६ अर्ब ५२ करोड ८ लाख २० हजार राजस्व असुल गरेको छ । सोमध्ये मेची, बिराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगन्ज, सुख्खा बन्दरगाह, तातोपानी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट रु.८६ अर्ब ६० करोड १२ लाख ४३ हजार अर्थात कुल भन्सार राजस्वको ४९ प्रतिशत

राजस्व असुल भएको छ । बिराटनगर, वीरगन्ज, भैरहवा, तातोपानी र त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय ५ बाट पैठारी भएका प्रमुख १५ वस्तुबाट रु.४२ अर्ब १० करोड ४२ लाख ६४ हजार (कुल असुलीको २३.८५ प्रतिशत) राजस्व असुल भएको देखिन्छ ।

७१. **भारतीय अन्त:शुल्क –** नेपाल–भारतबीच भएको व्यापार तथा पारवहन सन्धिले भारतीय अन्त:शुल्क फिर्ता प्रक्रिया (ड्यूटी रिफन्ड प्रोसिड्योर) को प्रक्रियाअनुसार भारतमा उत्पादित मालवस्तु आयात हुँदा सो वस्तुको उत्पादन स्थलमा लागेको अन्त:शुल्क र विशेष अन्त:शुल्क नेपाल सरकारले फिर्ता पाउने व्यवस्था छ । सोबमोजिम फिर्ता पाउनुपर्ने राजस्व देहायबमोजिम छ:

(रु.हजारमा)

विवरण	लगत	लगत कट्टा	कायमी लगत	राजस्व आम्दानी र दाखिला				लगत बाँकी
				लगती	हसवली	जम्मा	सञ्चितकोष दाखिला	
२०६६।६७ सम्मको बाँकी	५,५९,७०,१४	६,५८,२१	५,५३,११,९३	२,०७,६७,७३	५,६४,१८	२,१३,३१,९१	२,१३,३१,९१	३,४५,४४,२०
२०६७।६८को	५,२८,०६,६८	८,१३,९७	५,१९,९२,७१	६२,२८,२०	७,५७,७०	६९,८५,९०	६९,८५,९०	४,५७,६४,५१
जम्मा	**२५५**	**२०३**	**३४९**	**२५९**	**२२१**	**३८१**	**३८१**	**२८८**

भारतीय अन्त:शुल्क फिर्ता प्रक्रियाबापतको बाँकी रकम निकै लामो अवधिदेखिको बक्यौता भएकोले आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र फरफारक गर्नुपर्नेमा हुनसकेको छैन ।

७२. **लगत कट्टा** – गत वर्षसम्म माग गरेको रकमभन्दा फिर्ता घटी भएको भारतीय अन्त:शुल्क र यो वर्ष फिर्ता घटी भएको समेत जम्मा रु.७ करोड ९९ लाख ३६, हजार लगत कट्टा गरेको पाईयो । यसरी भारत सरकारबाट फिर्ता पाउनुपर्ने रकम प्राप्त नभई लगत कट्टा गरेको आधार लेखापरीक्षणमा पेश भएको छैन ।

७३. **आँशिकुडा असुली** – भन्सार विभाग अन्तर्गतका विभिन्न भन्सार कार्यालयले कम्प्युटर प्रोग्रामबाट जाँचपास क्रियाकलाप सञ्चालन गर्दा विभागबाट अनलाइनमा निरीक्षण गर्नसक्ने प्रविधि अपनाएको छ । यो वर्ष यो व्यवस्था अन्तर्गत प्रत्यक्ष अनुगमन इकाईले उपलब्ध गराएको विवरणअनुसार वीरगन्ज, बिराटनगर, भैरहवा, सुख्खा बन्दरगाह लगायत ७ भन्सार कार्यालयलाई विभिन्न सामान पैठारी गर्दा घटी राजस्व असुल गरेको दावी गरी भन्सार विभागले रु.४ करोड ६ लाख ३१ हजार पैठारीकर्ताबाट असुल गर्नुपर्ने ठहर्‍याएको छ । उक्त रकममध्ये रु.९ लाख ५५ हजार (२.५४ प्रतिशत) मात्र असुल भएको छ । बाँकी रु.३ करोड ९६ लाख ७६ हजार सम्बन्धित पैठारीकर्ताबाट यथासिघ्र असुल गर्नुपर्दछ ।

७४. **भन्सार कोषको लेखापरीक्षण –** भन्सार विभागले मातहत सबै भन्सार कार्यालयहरुबाट आम्दानी खर्चको विवरण लिई केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्नेमा गरेको छैन । महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा मौज्दात देखिएको रु.२ करोड ३४ लाख भन्सार कोषको रकम केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको छैन । लेखापरीक्षण पनि गराएको छैन ।

७५. **भाडा बिमा** – भन्सार ऐन, २०६४ को दफा १३ अनुसार 'कारोबार मूल्य' कायम गर्दा विक्रेतालाई तिरेको वास्तविक रकम र सो वस्तु नेपालको सीमासम्म पैठारी गर्दा लागेको वा लाग्नसक्ने भाडा बिमा तथा अन्य सम्पूर्ण खर्च जोडी हुने रकममा भन्सार महसुल असुल गर्नुपर्ने उल्लेख छ । बीजकमा छुट्टै भाडा उल्लेख भई नआएको र बिमा प्रिमियम तिरेको रसिद पेश नगरेको अवस्थामा पैठारीमा मूल्यको ७ प्रतिशतले हुने रकम भाडा बिमाबापत जोडी मूल्य कायम गर्ने व्यवस्था छ । वीरगञ्ज भन्सार नाकाबाट ५ पैठारीकर्ताले पैठारी गरेका वस्तुको भाडा बिमा रकम कारोबार मूल्यमा समावेश नगरेकोले वीरगन्ज भन्सार कार्यालयले रु.५४ लाख ९२ हजार थप राजस्व असुल गर्नुपर्दछ ।

७६. **महसुल छुट** – महसुल छुट सम्बन्धी व्यहोरा निम्नानुसार छन्:

७६.१. सोही भन्सार कार्यालय अन्तर्गत तीन पैठारीकर्ताले अमेरिकी डलर ६२ हजार २६४ मूल्यका प्रयोगशाला रि–एजेण्ट डाइनोष्टिक टेण्ट किट लगायतका सामानहरुमा भन्सार दरवन्दी ३००२.९०.१० अन्तर्गत ५ प्रतिशत भन्सार महसुल लिई १३ प्रतिशत मूल्य अभिवृद्धि कर छुट गरेको पाइयो । त्यसै गरी एक

पैठारीकर्ताले सोही सामान युरो ३३ हजार ४१७ मूल्यको भन्सार दरवन्दी ३००२.१०.०० अन्तर्गत मानव रक्तजन्य पदार्थहरु र भ्याक्सीन अन्तर्गत पुरै महसुल छुट गरी जाँचपास गरेको पाइयो । आर्थिक ऐन, २०६७ अनुसार रक्त सञ्चार सेवाको लागि नेपाल रेडक्रस सोसाइटीले आयात गर्ने रगत राख्ने प्लाष्टिकका थैला, टेष्टिङ किट रि–एजेण्ट तथा रक्त परीक्षण रि–एजेन्ट आदिमा मात्र छुट पाउने अन्य फर्मले उक्त छुट सुविधा नपाउने उल्लेख भएकोले भन्सार मूल्य रु ८२ लाख ७१ हजारको एक फर्मको ५ प्रतिशत भन्सार महसुल रु.१ लाख ७१ हजार र मूल्य अभिवृद्धि कर रु.४ लाख ६७ हजार र अन्य तीन फर्मको मूल्य अभिवृद्धि कर रु.८ लाख २२ हजार समेत रु.१४ लाख ६० हजार असुल हुनुपर्दछ ।

७६.२. आर्थिक ऐन २०६६ र २०६७ को अनुसूची १ को दफा १४ को उपदफा ३ को ६ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटीङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरुले शीर्षक ३९१९, ३९२० र ३९२१ को पोलिष्टर फिल्म, बि.ओ.पी.फिल्म आदि पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था छ । बिराटनगर भन्सार कार्यालय अन्तर्गत एक फुड प्रोडक्टले तयारी अवस्थाको प्रिन्टेड लेमिनेटेड च्यापर पैठारी गरी ल्याएकोमा १० प्रज्ञापनपत्रमा भन्सार महसुल र सोमा लाग्ने अन्त:शुल्क र मूल्य अभिवृद्धि कर छुट दिएको छ । यस्तो सुविधा कच्चापदार्थ पैठारी गर्ने उद्योगले मात्र पाउने हुँदा उक्त उद्योगलाई दिएको छुट रु.१४ लाख ७० हजार असुल हुनुपर्दछ ।

७७. **ढुवानी भाडा** – भन्सार ऐन २०६४ को दफा १३(३) मा पैठारीकर्ताले पैठारी गरेको सामान एवं भाडा बिमाको बिल पेश गर्नुपर्ने व्यवस्था छ । भाडा बिमाबापत बिल नभएको अवस्थामा विभागको २०६४।८।१२ को परिपत्रअनुसार पैठारी मूल्यको भाडाबापत ५ प्रतिशत र बिमाबापत २ प्रतिशत रकम समावेश गर्नुपर्ने व्यवस्था छ । वीरगन्ज भन्सार नाकाबाट क्लिङ्कर पैठारी गर्ने २ पैठारीकर्ताले भाडाबापत बिल पेश नगरेकोमा बिल मूल्य रु.१ करोड ६२ लाख ३६ हजारको ५ प्रतिशतले हुने रु.८ लाख १२ हजार भाडा दावी गर्नपाउनेमा रु.१ करोड १७ लाख ५० हजार दावी गरेबाट रु.१ करोड ९ लाख ३८ हजार बढी खर्च समावेश गरी भन्सार जाँचपास भएको छ । सुख्खा बन्दरगाह नाकामा एम.एस.विलेट पैठारी गर्ने एक पैठारीकर्ताले रु.१ करोड ४९ लाख ४ हजारको भाडाको बिल पेश गरेकोमा रु.२ करोड ४१ लाख ७२ हजार अर्थात बिलभन्दा रु ९२ लाख ६८ हजार बढी भाडा कायम गरी भन्सार जाँचपास गरेको छ ।

कम भन्सार महसुल लाग्ने सामान तथा औद्योगिक कच्चापदार्थ पैठारी गर्दा उद्योगले ढुवानी भाडा बिमाबापत खर्चमा समावेश गरी आय कम देखाउन पाउने हँदा आयकर प्रयोजनमा असर पर्ने जोखिम रहन्छ । यस्तो जोखिम कम गर्न भन्सार कार्यालयले सामान जाँचपास गर्दा ढुवानी भाडाको वास्तविक बिल पेश गर्न लगाई भाडा रकम यथार्थपरक बनाउनुपर्दछ ।

७८. **दरवन्दी फरक –** भन्सार कार्यालयहरुले पैठारी भएका सामानको जाँचपास गर्दा आर्थिक ऐन, २०६६ र ६७ को अनुसूची १ को दफा १ र भन्सार दरवन्दी पुस्तिकामा उल्लिखित सङ्केत नम्बरअनुसार माल वस्तुको यथार्थ सङ्केत निश्चित गरी जाँचपास गर्नुपर्ने व्यवस्था भएकोमा प्रज्ञापनपत्र परीक्षण गर्दा फरक सङ्केत नम्बर तथा दरवन्दी लगाई घटी राजस्व असुल गरेको देखिएको छ । यसका उदाहरण निम्नानुसार छन्:

७८.१. त्रिभुवन विमानस्थल भन्सार कार्यालय अन्तर्गतका ४ पैठारीकर्ताले रु.२६ करोड ६२ लाख २२ हजार भन्सार मूल्य रकमको डिजिटल स्याटलाइट रिसिभर तथा सेटलाइट सेट टप बक्स पैठारी गरेकोमा भन्सार दरवन्दी ८५२९.१० प्रयोग गरी भन्सार महसुल १० प्रतिशतका दरले असुल गरेको देखियो । पैठारी भएका सेटलाइट रिसिभर पार्टपूर्जा नभई सिङ्गो वस्तु भएको र पेश भएका बिल बीजक, प्रतितपत्र लगायतका कागजातमा समेत भन्सार दरवन्दी ८५२८.७१ उल्लेख भएकोले उक्त भन्सार दरवन्दी अन्तर्गतको वस्तुमा १५ प्रतिशतका दरले भन्सार महसुल लाग्ने देखिन्छ । यसरी भन्सार दरवन्दी फरक प्रयोग भएको कारणबाट ५ प्रतिशतका दरले छुट भएको भन्सार महसुल तथा सोको मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ५४ लाख ७० हजार असुल हुनुपर्दछ ।

७८.२. सोही कार्यालय अन्तर्गत नेपाल टेलिकमले अमेरिकी डलर १,८२,७५० को टेलिकम सफ्टवयर पैठारी गर्दा भन्सार मूल्य रु.१ करोड ४६ लाख २० हजारमा ५ प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर समेत रु.२७

लाख २७ हजार असुल भएको छ । पैठारी बीजकको आइटम नं. २.२.२ अन्तर्गत मेडिएसन इन्टरफ्रान्स एडप्टर्स फर नेटवर्क इलिमेन्ट ३० थानको अमेरिकी डलर ४६,७५० को रु.३४ लाख ३ हजारको भन्सार दरवन्दीअनुसार १५ प्रतिशत भन्सार महसुल लाग्ने देखिएकोले १० प्रतिशत भन्सार महसुल र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेत रु.३ लाख ८५ हजार छुट राजस्व असुल गर्नुपर्दछ ।

७८.३. सुख्खा बन्दरगाह भन्सार कार्यालय, वीरगन्जबाट एक पैठारीकर्ताले प्लाष्टिक कोटेड ब्यानर पैठारी गरेकोमा भन्सार दरवन्दी ३९२६.९०.९० प्रयोग गरी भन्सार महसुल ३० प्रतिशत र अन्त:शुल्क ५ प्रतिशतका दरले असुल गर्नुपर्नेमा ५९०७.००.०० सङ्केतनम्बरबाट भन्सार महसुल असुल गरेकोले घटी असुल भएको भन्सार महसुल तथा अन्त:शुल्क रकम रु.३ लाख ४९ हजार असुल गर्नुपर्ने देखिएको छ ।

७८.४. वीरगंज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले मिलो एक्सन पैठारी गर्दा पेस गरेको बिलमा भन्सार दरवन्दी १८०६.१०.०० प्रयोग गरेको र उक्त दरवन्दीमा भन्सार महसुल २५ प्रतिशत लाग्ने उल्लेख छ । प्रज्ञापनपत्रमा भन्सार दरवन्दी १९०१.९०.०० प्रयोग गरी भन्सार महसुल १५ प्रतिशतमात्र लगाई घटी राजस्व असुल गरेको देखिएकोले कारोबार मूल्य रु.३७ लाख १६ हजारमा नपुग भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत रु.४ लाख २० हजार असुल गर्नुपर्दछ ।

७८.५. वीरगंज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले डि.आर.पी.अन्तर्गत पैठारी गरेको बिलबमोजिम भन्सार दरवन्दी ८५०४.२१.०० अन्तर्गतका ४ थान ट्रान्सफरमर पैठारी गरेकोमा प्रज्ञापनपत्रमा भन्सार दरवन्दी ८४.८०.०० अन्तर्गत प्लाण्ट एण्ड मेशिनरी उल्लेख गरी भाग ८४ अन्तर्गतको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर सुविधा लिएको देखियो । कारोबार मूल्य रु.६३ लाख ४७ हजारको भन्सार दरवन्दी ८५०४.२१.०० बमोजिमको १५ प्रतिशत भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर समेत रु.९ लाख ७ हजार असुल गर्नुपर्दछ ।

७८.६. वीरगंज भन्सार कार्यालयबाट २ पैठारीकर्ताले रिडिष्टिल ह्वयाक्सन पैठारी गरी भन्सार दरवन्दी २९०१.२९.०० लगाई १० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गरेको देखियो । उक्त सामान भन्सार दरवन्दी २७१०.११.१२ मा वर्गीकरण गरी प्रति किलोलिटर रु.१५ हजार २ सय र सडक सुधार दस्तुर रु.४ हजारका दरले रु.६ लाख ७९ हजार महसुल असुल गर्नुपर्नेमा रु.२ लाख १० हजार असुल गरी घटी असुल गरेकोले रु.४ लाख ६९ हजार असुल गर्नुपर्दछ ।

७८.७. वीरगंज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले डि.आर.पी.अन्तर्गत भन्सार दरवन्दी ७३०८.९०.०० अन्तर्गतका लाइटिङ पोल पैठारी गरेकोमा प्रज्ञापनपत्रमा भन्सार दरवन्दी ८४७४.८०.०० प्रयोग गरी भन्सार महसुल ४ प्रतिशत मात्र असुल गरेको देखियो । पैठारीकर्ताले पेस गरेको बिलमा उल्लेखित भन्सार दरवन्दी ७३०८.०९.०० कोड अन्तर्गत कारोबार मूल्य रु.२३ लाख ४१ हजारको भन्सार महसुल २० प्रतिशत र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा उल्लेखित दरभन्दा घटी दर लगाई राजस्व असुल गरेकोले घटी असुल भएको राजस्व रु.६ लाख ८४ हजार असुल गर्नुपर्दछ ।

७८.८. बिराटनगर भन्सार कार्यालयबाट एक पैठारीकर्ताले ११ प्रज्ञापनपत्रबाट रोड स्टार पेफा सिङ्गल क्याब सवारीसाधनहरु पैठारी गरेकोमा भन्सार मूल्य प्रतिथान रु.३ लाख २८ हजारको रु.३६ लाख १० हजार मूल्य कायम गरी भन्सार दरवन्दी ८७०४.२१.९० अन्तर्गत २८.५ प्रतिशत भन्सार महसुल र २५ प्रतिशत अन्त:शुल्क असुल गरेको देखियो । ती सवारीसाधनहरुको निर्यातकर्ता प्रेमियर लिमिटेड मुम्वईको बिलअनुसार रोड स्टार पिकअप उल्लेख भई आएकोमा प्रज्ञापनपत्रमा डेलिभरी भ्यान उल्लेख गरी २५ प्रतिशतमात्र अन्त:शुल्क लिएको देखियो । आर्थिक ऐन २०६६ को अन्त:शुल्क दरवन्दीअनुसार सिङ्गल क्याब पिकअप सवारीसाधनहरुमा ४५ प्रतिशत अन्त:शुल्क लाग्ने व्यवस्था भएको हुँदा ११ सवारीसाधनको छुट २० प्रतिशत अन्त:शुल्क रु.९ लाख २८ हजार र सोको मूल्य अभिवृद्धि कर रु.१ लाख २१ हजार समेत रु.१० लाख ४९ हजार थप असुल गर्नुपर्ने देखिएको छ ।

७९. **बैङ्क ग्यारेन्टी –** भन्सार नियमावली, २०६४ को नियम १० मा बण्डेड वेयरहाउसको इजाजत प्राप्त उद्योगहरुले बैङ्क ग्यारेन्टी सुविधामा पैठारी भएको कच्चापदार्थबाट ११ महिनाभित्र तयारी वस्तु निकासी गरी

बैङ्क ग्यारेन्टी फुकुवाको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । सो समयभित्र निवेदन नदिएमा कच्चापदार्थ पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत थप गरी असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष वीरगञ्ज, मेची र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल समेत ३ भन्सार कार्यालयमा ११ उद्योगले समयभित्र निवेदन पनि नदिएको र बैङ्क ग्यारेन्टीको म्याद समाप्त भएकोले रु.५ करोड ५ लाख ८३ हजार असुल गर्नुपर्ने देखिन्छ ।

८०. **पासबुक धरौटी –** आर्थिक ऐन, २०६६।६७ को अनुसूची १ को दफा ११ मा बण्डेड वेयरहाउसको इजाजत नलिएका निकासीमूलक उद्योगले कच्चापदार्थ वा सहायक कच्चापदार्थको पैठारीमा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क धरौटीमा राखी पैठारी गर्न पाउने, पैठारी भएको कच्चापदार्थ वा सहायक कच्चापदार्थबाट उत्पादित मालवस्तु १२ महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्नुपर्ने र नगरेको अवस्थामा स्थानीय बिक्री मानी नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी महसुलको १० प्रतिशत जरिवाना समेत असुल गर्ने व्यवस्था छ । यो वर्ष वीरगन्ज र बिराटनगर भन्सार बिन्दुबाट पैठारी गर्ने पैठारीकर्ताले पासबुक धरौटीमा कच्चापदार्थ पैठारी गरेकोमध्ये उत्पादित सामान तोकिएको अवधिभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेको प्रमाण पेश गरी फुकुवा गरेको देखिएन । ती पैठारीकर्ताहरुले पैठारी गरेको कच्चापदार्थमा लाग्ने भन्सार महसुल र जरिवाना समेत रु.२ करोड २९ लाख ३७ हजार सदरस्याहा गरी असुल गर्नुपर्दछ ।

८१. **आर्थिक ऐन प्रतिकूल छुट** – आर्थिक ऐन, २०६६।६७ ले पस्मिना धागोमा मात्र भन्सार महसुल ४ प्रतिशत छुट दिएको छ । अन्य सबै प्रकारको धागोमा भन्सार दरवन्दीअनुसार ५ प्रतिशत महसुल लाग्नेमा ३७ पैठारीकर्ताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट रु.१७ करोड २१ लाख ४० हजार भन्सार मूल्यका कश्मिरी धागो पैठारी गरेकोमा १ प्रतिशत भन्सार महसुल लिई जाँचपास गरेको देखियो । छुट भएको ४ प्रतिशत भन्सार महसुल रु ६८ लाख ८६ हजार र सोको मूल्य अभिवृद्धि कर रु ८ लाख ९५ हजार समेत रु ७७ लाख ८० हजार असुल गर्नुपर्दछ ।

८२. **अन्त:शुल्क** – आर्थिक ऐन, २०६७ को दफा ५ एवं अन्त शुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीमा उल्लेख भएका मालवस्तु पैठारी भएमा सोही अनुसूचीमा उल्लेखित दरबाट अन्त:शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा उक्त अनुसूचीमा उल्लेख भएका सामान पैठारी गर्दा सोही अनुसूचीमा उल्लेखित दरबाट अन्त:शुल्क असुल गर्नुपर्नेमा घटी दरबाट अन्त:शुल्क असुल गरेको र कुनैमा अन्त:शुल्क नै असुल गरेको दखिएन । यस सम्बन्धी व्यहोरा निम्नअनुसार छन्:

८२.१. वीरगंज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले विद्युत विकास विभागको सिफारिसमा भन्सार दरवन्दी ८५४४.७०.०० अन्तर्गत अप्टिकल फाइवर केवुल पैठारी गरेकोमा भन्सार दरवन्दी ८५४७.९०.०० प्रयोग गरी भन्सार महसुल १ प्रतिशतमात्र असुल गरी मूल्य अभिवृद्धि कर पुरै छुट दिएको देखियो । आर्थिक ऐन, २०६७ बमोजिम विद्युत विकास विभागको सिफारिसमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट गरे तापनि अन्त:शुल्क असुलीमा छुट दिन मिल्ने देखिएन । आर्थिक ऐन, २०६७ बमोजिम भन्सार दरवन्दी ८५४४.७०.०० अन्तर्गत अप्टिकल फाइवर केवुलमा १० प्रतिशत अन्त:शुल्क असुल गर्नुपर्नेमा नगरेकोले अन्त:शुल्कबापतको रु.२५ लाख १० हजार असुल गर्नुपर्दछ ।

८२.२. आर्थिक ऐन, २०६७ मा उल्लेखित अन्त:शुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अन्त:शुल्क दरवन्दीअनुसार भन्सार दरवन्दी ७२१४.९९.१० (फलामे डण्डी) मा प्रति मे.टन रु.१०००।– का दरले अन्त:शुल्क लाग्ने व्यवस्था छ । तर वीरगन्ज भन्सार कार्यालयबाट फलाम डण्डी पैठारी गर्ने तीन पैठारीकर्ताले उक्त भन्सार दरवन्दी अन्तर्गत पैठारी गरेको फलामे डण्डीमा अन्त:शुल्क असुल गरेको पाइएन । आर्थिक ऐनले तोकेबमोजिम अन्त:शुल्क र मूल्य अभिवृद्धि कर समेत रु.१२ लाख ७३ हजार असुल पर्दछ ।

८२.३. वीरगन्ज भन्सार कार्यालयबाट दुई संस्थाले भन्सार सुविधामा ६ थान सवारीसाधन पैठारी गर्दा अर्थ मन्त्रीको निर्णयअनुसार भन्सार महसुलमात्र छुट गरी दिने पत्रको आधारमा उक्त सवारी साधन पैठारी गर्दा लाग्ने सम्पूर्ण राजस्व छुट दिएको छ । सवारीसाधनमा अन्त:शुल्क तथा मूल्य अभिवृद्धि कर छुट दिन मिल्ने नदेखिँदा

कारोबार मूल्य रु.१ करोड ३८ लाख ७१ हजारमा दरवन्दीबमोजिम लाग्ने अन्त:शुल्क रु.७६ लाख ८२ हजार र मूल्य अभिवृद्धि कर रु.१४ लाख ८२ हजार समेत रु ९१ लाख ६४ हजार असुल गर्नुपर्दछ ।

८३. **धरौटी –** विभिन्न पैठारीकर्ताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट ३ महिनाभित्र मर्मत गरी ल्याउने शर्तमा रु.४९ लाख १ हजार धरौटी राखी विदेश पठाएका २३ प्रज्ञापनपत्रमा उल्लेखित विभिन्न सामानहरु ३ महिनाभित्र फिर्ता पैठारी भै नआएको र म्याद थप समेत भएको नदेखिएकोले भन्सार नियमावली, २०६४ मा भएको व्यवस्थाबमोजिम निर्धारित समयमा मर्मत भै फिर्ता नआएकाले उक्त धरौटी रकम सदरस्याहा गरी सञ्चितकोष दाखिला गर्नुपर्नेमा गरेको छैन ।

८४. **मुद्दा फछ्यौंट –** निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ६ ले दफा ५ बमोजिमका कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार भन्सार अधिकृतलाई दिएको छ । प्राप्त विवरणअनुसार १४ भन्सार कार्यालयको ३ हजार ५०४ मुद्दामध्ये ३ हजार १९१ फछ्यौंट गरी ३१३ मुद्दा जिम्मेवारी सारेको छ । जिम्मेवारी सारेका मुद्दामध्ये त्रिभुवन विमानस्थल भन्सार कार्यालयले २०३८ देखिको मुद्दा फछ्यौंट नभई बाँकी रहेको छ ।

राजस्व अनुसन्धान विभाग

८५. **आयकर बक्यौता –** राजस्व चुहावट नियन्त्रण ऐन, २०५२ बमोजिम राजस्व छलीको सिलसिलामा छानबिन तथा अनुसन्धान गर्दा करदाताले बिक्री लुकाएको कारणबाट थप कायम भएको आयलाई आयमा गणना गरी आयकर असुल गर्नुपर्ने व्यवस्था छ । विभागले यो वर्ष आयकरतर्फ रु.२ करोड १९ लाख थप करयोग्य आय कायम गरी सोको आयकर असुल गर्न आन्तरिक राजस्व कार्यालयमा लेखी पठाएकोमा आय कायम गरी कर असुल गर्नुपर्दछ ।

८६. **जरिवाना –** एक ट्रेड कन्सर्नको चोरी पैठारी मुद्दा फछ्यौंटको परीक्षण गर्दा चोरी पैठारी गरेको मालसामान पक्राउ परेपछि प्रतिवादी उपस्थित रहेकै बखत जरिवाना हुनसक्ने रकम धरौटी लिई मुद्धा दायर गर्नुपर्नेमा धरौटी रकम नै नलिई प्रतिवादीलाई सामान्य रुपमा नै छाडेको देखियो । मुद्धा फैसला हुँदाका बखत बिगोबमोजिम रु.३२ लाख ६४ हजार जरिवाना तोके तापनि प्रतिवादी फरार रहेको र धरौटी समेत नलिएको कारण फैसला बमोजिमको जरिवाना रकम असुल हुनसकेको छैन ।

८७. **घटी कर निर्धारण –** चोरी निकासी पैठारी अन्तर्गत अनुसन्धानका सिलसिलामा कर निर्धारण गरेका एक करदाताको फाइल परीक्षण गर्दा मूल्य अभिवृद्धि कर तथा आयकरमा दर्ता नै नगरी २०६४ श्रावणदेखि प्लाष्टिकको सामानको थोक पसल गरी कारोबार गरेको देखियो । २०६४ श्रावणदेखि २०६७ पौषसम्मको बिल बीजकबाट मुल्य अभिवृद्धि कर समेत जम्मा रु.३ करोड २३ लाख ५८ हजार बराबरको बिक्री कारोबार भएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । उक्त बिक्रीमध्ये पहिलो रु.२० लाख रुपैयाँ बराबरको बिक्री मूल्य छुट दिई बाँकी रहन आउने रु.३ करोड ३ लाख ५८ हजारमा मूल्य अभिवृद्धि कर रु.३४ लाख ९२ हजारको कर निर्धारण आदेश जारी गरेको देखियो । निज करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० को उप–दफा (१) र (२) विपरीत कारोबार गरेकोले दफा २९(१)(क) बमोजिम ३५ कर अवधिको रु.१० हजारका दरले रु.३ लाख ५० हजार जरिवाना तथा दफा २६ बमोजिम वार्षिक १५ प्रतिशतले हुने ब्याज रु.८ लाख ६८ हजार एवं दफा १९ बमोजिम हुने थप दस्तुर रु.५ लाख ७८ हजारसमेत जम्मा रु.५२ लाख ८८ हजारको कर निर्धारण आदेश जारी गरेको छ ।

करदाताको मूल्य अभिवृद्धि करसहित जम्मा रु.३ करोड २३ लाख ५८ हजार बिक्री रकममा पहिलो रु.२० लाख बराबरको बिक्री मूल्य छुट दिई बाँकी रकममात्र मूल्य अभिवृद्धि कर असुल गर्ने प्रचलित कानुनमा व्यवस्था भएको देखिएन । अत: करदाताको मूल्य अभिवृद्धि करसहित बिक्री रु.३ करोड २३ लाख ५८ हजारमा मूल्य अभिवृद्धि कर रु.३७ लाख २३ हजार असुल गर्नुपर्ने देखियो । साथै निज करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२)(ख) बमोजिम जालसाजी गरी कर छलेको देखिएकोले सोही दफाबमोजिम कर रकमको शतप्रतिशत रु.३७ लाख २३ हजार जरिवाना, ऐनको दफा १९ बमोजिमको १० प्रतिशतका दरले थप दस्तुर रु.३ लाख ७२ हजार र दफा २६ बमोजिमको वार्षिक १५ प्रतिशतका दरले कर

अवधि ३ वर्ष ६ महिनाको ब्याज रु.१९ लाख ५४ हजार समेत रु.९७ लाख ७२ हजारको कर निर्धारण आदेश जारी गर्नुपर्नेमा जम्मा रु.५२ लाख ८८ हजारको मात्र कर निर्धारण आदेश जारी गरेकोले रु.४४ लाख ८३ हजार घटी कर निर्धारण गरेको छ । उक्त घटी कर असुल हुनुपर्दछ ।

संगठित संस्था, समिति तथा अन्य संस्थातर्फ

नेपाल राष्ट्र बैङ्क

८८. **सञ्चालन नतिजा** – गत वर्ष रु.४ अर्ब ८५ करोड ९३ लाख ८३ हजार खुद नोक्सान भएकोमा यो वर्ष रु.९ अर्ब ७२ करोड ९९ लाख २० हजार खुद नाफा भएको छ । खुद नाफाबाट विदेशी विनिमय कोषमा रु.१ अर्ब ८५ करोड ८१ लाख ५९ हजार, सुनचाँदी जगेडा कोषमा रु.१ अर्ब १८ करोड ४७ लाख १८ हजार, सुन प्रतिस्थापन कोषमा रु.२ अर्ब ३० करोड ७० लाख १४ हजार सारेपछि रु.४ अर्ब ३८ करोड २९ हजार वितरणयोग्य नाफा भएको छ । वितरणयोग्य नाफाबाट विभिन्न ७ कोषमा समायोजन गरी बाँकी रहेको रु.३ अर्ब २२ करोड नेपाल सरकारको ढुकुटीमा दाखिला गर्ने गरी बाँडफाँड गरेको छ । तर दाखिला भइसकेको प्रमाण पेश भएको छैन ।

८९. **कानुनको पालना** – नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा व्यवस्था भएबमोजिम देहायअनुसारका प्रावधानहरु पालना भएको पाइएन:

८९.१. बैङ्कले वित्तीय तथा संगठित संस्थाहरुको चुक्ता शेयरको १० प्रतिशतभन्दा बढी हुने गरी शेयर लगानी गर्न नपाउने ऐनद्वारा व्यवस्था भएकोमा बैङ्कले विभिन्न वित्तीय तथा संगठित संस्थाहरुमा ऐनले तोकेको सो परिधिभन्दा बढी हुने गरी शेयर लगानी गरेको छ ।

८९.२. अन्तर्राष्ट्रिय मुद्रा कोषलाई नेपाल सरकारले उपलब्ध गराउनुपर्ने रकम बैङ्कबाट भुक्तानी गरेबापत नेपाल सरकारले बैङ्कको नाममा निर्ब्याजी सरकारी ऋणपत्र रु.४ अर्ब ८७ करोड १० लाख ५१ हजार जारी गरी उपलब्ध गराएको छ ।

८९.३. नेपाल सरकारबाट शोधभर्ना प्राप्त गर्ने गरी निजामती कर्मचारी, नेपाली सेना तथा सरकारी शिक्षकहरुको निवृत्तिभरणबापत भुक्तानी गरेको विविध आसामी अन्तर्गत देखाएको रु.१० करोड ३५ लाख २४ हजार सहित २०६८ आषाढ मसान्तसम्मको बाँकी रु.१९ करोड ८५ लाख ५१ हजार बैङ्कले लामो अवधिसम्म बक्यौता राख्न नमिल्नेमा बक्यौता राखेको छ ।

८९.४. मौद्रिक नीति, २०६० बमोजिम प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न वित्तीय संस्थाहरुमा दीर्घकालीन लगानी गर्ने उद्देश्यले स्थापित ग्रामीण स्वाबलम्बन कोषमा विगत वर्षदेखि बीउपूँजी (सीड क्यापिटल) को रुपमा लगानी गरेको रु.२५ करोड ३४ लाख यथावतै रहेको छ ।

८९.५. नेपाल सरकारबाट जारी ऋणपत्रमा गरेको लगानी नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजस्व आयको १० प्रतिशतभन्दा बढी नहुने व्यवस्था भएकोमा उक्त लगानी यो वर्ष रु.१२ अर्ब ९४ करोड ८५ लाख ८३ हजार अर्थात ऐनले तोकेको सीमाभन्दा ७.२० प्रतिशत बढी रहेको छ ।

८९.६. नेपाल सरकारलाई प्रवाह गरेको अधिविकर्ष सरकारको अघिल्लो आर्थिक वर्षको राजस्व आय रु.१ खर्ब ७९ अर्ब ९४ करोड ५८ लाख २४ हजारको ५ प्रतिशतभन्दा बढी नहुने व्यवस्था भएकोमा रु.२० अर्ब ७६ करोड ४० लाख ९४ हजार पुगेको छ । उक्त अधिविकर्ष ऐनले तोकेको सीमाभन्दा ६.५४ प्रतिशतले बढी छ । अधिविकर्ष रकम महालेखा नियन्त्रक कार्यालयबाट समर्थन भएको छैन ।

८९.७. खुद नाफाको गणना तथा विभिन्न जगेडा कोषहरुमा नाफा रकम बाँडफाँड गर्दा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४१ तथा दफा ४२ अनुरुपको व्यवस्था पालना भएको छैन ।

९०. **लेखामान पालना –** अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान र अन्तर्राष्ट्रिय लेखामानमा उल्लेखित प्रावधानहरु पालना नभएको व्यहोरा निम्न छन्:

९०.१. वित्तीय विवरणको प्रस्तुतिकरण

९०.१.१. नेपाल सरकारसँग भएको सहायक ऋण सम्झौताबमोजिम बैङ्कले ऋण प्राप्त गरी नेपाल बैङ्क लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैङ्कलाई प्रदान गरेको कर्जा क्रमश: रु.१ अर्ब ८३ करोड ८० लाख ७० हजार र रु.२ अर्ब ४३ करोड ४ लाख ५३ हजार तथा अन्तर्राष्ट्रिय विकास संस्था (विश्व बैङ्क) लाई भुक्तानी दिन बाँकी कमिटमेन्ट शुल्क अमेरिकी डलर १३ लाख ३० हजार सहितलाई अन्तर्राष्ट्रिय लेखामान १ बमोजिम बैङ्कले आफ्नो वित्तीय विवरणमा सम्पत्ति तथा दायित्व र खर्चको रुपमा समावेश गरेको देखिएन ।

९०.१.२. बैङ्कको लघुवित्त विभागबाट सञ्चालित सामुदायिक भूमिगत जलसिंचाई सेक्टर आयोजना, ग्रामीण स्वाबलम्बन कोष र प्राथमिक क्षेत्र विकास समितिको कारोबार बैङ्कको वित्तीय विवरणमा समावेश गरेको छैन ।

९०.१.३. दशहजार औँश सुन खरिद गर्न प्रयोग भएको रु.१ अर्ब २ करोड ३ लाख ३ हजार र विगत वर्षहरुमा कर्मचारी कल्याणकारी कोषमा गरेको बढी व्यवस्था रु.८ लाख १३ हजार समेत रु.१ अर्ब २ करोड ११ लाख १६ हजारलाई क्रमश: सुन प्रतिस्थापन कोष तथा कर्मचारी कल्याणकारी कोषबाट साधारण जगेडामा सिधै सारेको छ ।

९०.१.४. गत वर्षको खुद खर्च रु.१ करोड ८५ लाख ८० हजारलाई अघिल्लो आर्थिक वर्षको तुलनात्मक रकमसँग पुन:स्थापना नगरी प्रस्तुत वर्षको आय विवरणमा छुट्टै देखाएको छ । यसले गर्दा अन्तर्राष्ट्रिय लेखामान–८ अनुसार लेखा नीतिमा त्रुटी भएको छ ।

९१. सम्पत्ति तथा उपकरण

९१.१. स्थिर सम्पत्तिलाई स्वामित्व, विद्यमान स्थिति उपयोग हुने अनुमानित वर्ष, क्षति (डि–रिकगनेशन) ह्रास कट्टीको आधारमा अन्तर्राष्ट्रिय लेखामान–१६ बमोजिम पहिचान गरेको छैन ।

९१.२. प्रत्येक जग्गाको मूल्य सहित जग्गाको विवरण परीक्षणको लागि उपलब्ध हुनसकेन । बैङ्कले हाल उपयोग गरेका केही जग्गाको जग्गाधनी प्रमाणपुर्जा समेत पेश भएन ।

९१.३. विगत वर्षहरुदेखि देखाउँदै आएको निर्माणाधीन पूँजीगत सम्पत्ति अन्तर्गत देखाएको रु.३४ लाख ८८ हजारको विस्तृत विवरण उपलब्ध नभएकोले निर्माणाधीन सम्पत्तिको प्रस्तुतिको यथार्थता यकिन हुन सकेन ।

९१.४. भवन हिसाब अन्तर्गत ह्रास खर्च पछिको बाँकी मूल्य रु.१३ लाख ३९ हजार समावेश गरेकोमा भवनहरुको विस्तृत विवरण प्राप्त भएन ।

९२. कर्मचारी सुविधा

९२.१. गत वर्षको बिमाङ्की मूल्याङ्कन प्रतिवेदनअनुसार कर्मचारी सुविधा अन्तर्गतको उपदान तथा पेन्सन दायित्व रकममध्ये रु.१ अर्ब २५ करोड ३५ लाख ५४ हजारले कम दायित्वको व्यवस्था गरेको छ । यो वर्षको थप दायित्वको व्यवस्था सम्बन्धी मूल्याङ्कन पेश नभएकोले यकिन गर्न सकिएन ।

९२.२. गत वर्ष बिमाङ्की मूल्याङ्कन प्रतिवेदनअनुसार कायम हुन आएको कर्मचारी सुरक्षा कोष दायित्व रकममध्ये रु.२२ करोड ९९ लाख ७५ हजारले कम व्यवस्था गरेको छ । यो वर्ष बिमाङ्की मूल्याङ्कन नभएकोले थप दायित्व यकिन गर्न सकिएन ।

९३. **सम्पत्तिको क्षय –** अन्तर्राष्ट्रिय लेखामान ३६अनुसार भौतिकपरीक्षण प्रतिवेदनमा स्टेशनरी, स्पेयर पार्ट्स तथा स्थिर सम्पत्तिको भौतिक अवस्था, स्थिति उल्लेख नभएकोले सम्पत्तिको क्षय/नोक्सानी यकिन गर्न सकिएन ।

९४. व्यवस्था, संभावित दायित्व एवं सम्पत्ति

९४.१. जनकपुर स्थित कार्यालयको लागि १ विगाहा १५ कठ्ठा ७ धुर २ कनुवा जग्गाको तिरोबापत गुठी संस्थानलाई सुरुदेखि भुक्तानी दिन बाँकी रकमको यकिन गरेको छैन । साथै खर्चको लागि व्यवस्था पनि गरेको छैन ।

९४.२. ऋणपत्र जारी गर्दाको दलाल कमिशन दावी गरेको वा लेखाङ्कन गरेको छैन । उक्त रकम लेखा सम्बन्धी टिप्पणीहरुमा सम्भावित सम्पत्ति अन्तर्गत खुलाएको छैन ।

९४.३. चलन चल्तीमा २०६१।६२ देखि नआएको मौज्दातबापत व्यवस्था खर्च सर्दै आएको रु.८७ लाख १६ हजारको विवरण नभएकोले सम्बन्धित मौज्दात सम्बन्धमा यकिन गर्न सकिएन ।

९४.४. "श्री ५ को सरकार" उल्लेख भएका मौज्दातमा रहेका रु.३३ लाख ७५ हजार (अङ्कित मूल्य रु.६३ लाख ५० हजार भएको) का चलन चल्तीमा जान बाँकी नयाँ नोट जारी गर्न अयोग्य भने तापनि सोबापत नोक्सानी व्यवस्था गरेको छैन ।

९५. वित्तीय उपकरण

९५.१. बैङ्कका कर्मचारीहरुलाई प्रदान गरिएको विभिन्न किसिमका कर्जा रु.४ अर्ब ५ करोड ४९ लाख ४८ हजारलाई वित्तीय उपकरणको रुपमा प्रभावकारी ब्याजदर विधिअनुसार परिशोधित लागत (एमर्टाइज्ड कष्ट) मा अन्तर्राष्ट्रिय लेखामान– ३२ र ३९ बमोजिम मापन, प्रस्तुतिकरण एवं लेखाङ्कन गरेको छैन । यसबाट पर्नसक्ने असर समेत यकिन गर्न सकिएन ।

९५.२. स्वदेशी सरकारी ट्रेजरी बिल रु.२८ अर्ब १७ करोड ४४ लाख ५७ हजारलाई कर्जा तथा पाउनुपर्ने भनी वर्गीकरण गरेको छ । तर प्रभावकारी ब्याजदर विधि अपनाई परिशोधन लागतमा लगानीलाई लेखाङ्कन गरेको छैन । अमेरिकी ट्रेजरी बिल्समा भएको लगानीलाई बिक्रीको लागि उपलब्ध (एभाइलेवल फर सेल) अन्तर्गत वर्गीकरण गरेको छ भने भारतीय सरकारी ट्रेजरी बिल्समा गरेको लगानीलाई भुक्तानी मितिमा धारण गर्ने लगानी (हेल्ड टु मेच्युरिटी) अन्तर्गत वर्गीकरण गरेकोले एकरुपता देखिएन ।

९५.३. वित्तीय तथा अन्य संस्थामा गरेको लगानी रु.३९ करोड ८९ लाख ४३ हजारलाई बिक्रीको लागि उपलब्ध अन्तर्गत वर्गीकरण गरे तापनि सो लगानीलाई उचित मूल्य मापन गरी लेखाङ्कन एवं प्रस्तुत नगरेकोले वित्तीय विवरणमा पर्ने असर सम्बन्धमा यकिन गर्न सकिएन ।

९५.४. गत वर्षसम्म "भुक्तानी मितिसम्म धारण गर्ने लगानी" को रुपमा वर्गीकरण गरेको अमेरिकी ट्रेजरी बिल्सलाई यो वर्ष "बिक्रीको लागि उपलब्ध लगानी" को रुपमा पुन: वर्गीकरण गरे तापनि उक्त लगानीलाई उचित मूल्यमा लेखाङ्कन गरेको छैन । उचित मूल्यमा लेखाङ्कन गर्दा लगानीको रकम रु.२ करोड ३ लाख ८३ हजारले बढ्ने र यसबाट ब्याज आम्दानीमा पर्ने असरलाई वित्तीय विवरणमा समायोजन नगरी लेखा सम्बन्धी टिप्पणीमा मात्र खुलाएको छ ।

९५.५. खरिद गर्दाका बखत पाकेको ब्याज रकमलाई लगानीमा जोडी प्रभावकारी ब्याजदर गणनामा समेत समावेश नगरेको कारण वि.आई. एस. मध्यमकालनि लगानी रु.१ करोड १२ लाख ११ हजारले कम लेखाङ्कन भएको छ । उक्त आयलाई वित्तीय विवरणमा समायोजन नगरी लेखा सम्बन्धी टिप्पणीमा मात्र खुलाएको छ ।

९६. **सम्पत्तिको मूल्याङ्कन –** अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान– ५ मा उल्लेखित बिक्रीको लागि धारण गर्ने गैर चालू सम्पत्ति र सञ्चालनमा नरहेका सम्पत्तिलाई टुटफुट भई काम नलाग्ने, बिग्रेको, चल्तिमा नआउने र चल्तिमा ल्याउन मितव्ययी नहुने स्थिर सम्पत्तिहरुमा वर्गीकरण गरी लगत तयार गरेको छैन । यसबाट पर्नजाने असर यकिन हुनसकेन ।

९७. **वित्तीय उपकरणको खुलासा** – अन्तर्राष्ट्रिय प्रतिवेदनमान ३९ को वर्गीकृत मापन अन्तर्गत परेको वित्तीय उपकरण तथा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान ७ बमोजिम संस्थाको निमित वित्तीय उपकरणको महत्व, प्रकृति तथा सोबाट हुनसक्ने जोखिमको खुलासा गर्नुपर्ने व्यवस्था पूर्णरुपमा पालना भएको देखिएन ।

९८. **हिसाब फरक –** बैङ्कको लेखाले देखाएको र राष्ट्र ऋण विभागको अभिलेखले देखाएको सरकारी ऋणपत्रको साँवा र ब्याजमा रु.१० लाख ७८ हजारको फरक रहेको छ ।

९९. **प्रोत्साहन रकम –** कर्मचारी प्रोत्साहनबापत तलवको १२ प्रतिशतका दरले लेखाङ्कन भएको खर्च रु.४ करोड १४ लाख ३३ हजार अतिरिक्त प्रोत्साहन स्वरुप कर्मचारी कल्याणकारी सञ्चयकोषमा जम्मा गर्न रु.२३ करोड एकमुष्ट व्यवस्था गरेको छ ।

१००. **बिल्स खरिद –** बिल्स खरिद अन्तर्गत सरकारी ऋण पत्रहरुको साँवा रु.५ करोड ४ लाख ६५ हजार तथा ब्याज रु.२५ करोड ३८ लाख १९ हजारसमेत रु.३० करोड ४२ लाख ८४ हजारलाई असुलउपर वा समायोजन गरेको छैन । यसबापत नोक्सानी व्यवस्था गरेको पनि छैन ।

१०१. **ब्याजदर –** कर्मचारी कर्जा अबीमित २०६८ को फरक ब्याज गणनाको निमित्त नेपाल राष्ट्र बैङ्कले अन्य बैङ्कहरुलाई प्रदान गर्ने पुनर्कर्जामा लाग्ने प्रचलित ब्याजदर ७ प्रतिशत रहेको छ । कर्मचारी कर्जासँग सम्बन्धित ब्याज बाहेक बैङ्कका कर्मचारीहरुलाई प्रदान भएका कर्जा तथा सापटमा कायम भएका ब्याजदर र प्रचलित ब्याजदरको अन्तरलाई यकिन गरी आयकर ऐन २०५८ को व्यवस्थाअनुसार कर्मचारीहरुको आयमा समावेश गरेको छैन ।

१०२. **निवृत्तिभरण –** शिक्षक निवृत्तिभरणबापतको क्रेडिट मौज्दात रु.२१ लाख १८ हजार समायोजन गरेको छैन । विभिन्न शाखाबाट वितरित शिक्षक निवृत्तिभरणबापतको रु.१ करोड ८८ लाख ८७ हजारलाई कौशी तोषाखानाबाट दुईपल्ट भुक्तानी भएको भनि दावी रकमलाई अस्वीकृत गरेको छ । बैङ्कले उक्त अस्वीकृत रकम सम्बन्धमा प्रमाण पुऱ्याई पुन:दावी गरेको छैन सोको नोक्सानीको व्यवस्था पनि गरेको छैन ।

१०३. **सिक्का मौज्दात –** बैङ्कको वित्तीय विवरणमा ६७ लाख ५० हजार थान रु.१ को सिक्का मौज्दात रु.६७ लाख ५० हजारले दोहोरो गणना गरेकोले बढी देखिएको छ । सिक्का सम्बन्धी सम्पूर्ण मौज्दात मुद्रा व्यवस्थापन विभागले मात्र लेखाङ्कन गर्ने प्रचलन रहेकोमा बिराटनगर शाखामा पनि उक्त रकमको सिक्का "स्मारिका सिक्का" अन्तर्गत लेखाङ्कन भई दोहोरो मौज्दात कायम हुन गएको छ । त्यस्तै स्टकमा रहेका सामानको मौज्दात संख्या ऋणात्मक भए तापनि जिन्सीबापतको सिक्का तथा अन्य मौज्दात रु.१९ लाख २७ हजारले बढी देखिएको छ ।

१०४. **मौज्दात समायोजन** – ढिला आपूर्ति भएको नोट छपाईको (सिक्का रु.२० र रु.५० को नोट तथा रु.२ को सिक्काबापत) जरिवाना कट्टा गरी नोट/सिक्काको मौज्दात रकममा समायोजन गरिनुपर्ने रु.१ करोड ४४ लाख ८३ हजार बराबरको जरिवानालाई लेखाङ्कन नगरेकोले सो बराबरको रकमले नोट/सिक्काको मौज्दात र दायित्व बढी लेखाङ्कन भएको छ ।

१०५. **सम्भावित दायित्व –** दाबी नपरेको रकमलाई २०५४/५५ देखि २०६७/६८ सम्म विविध आम्दानीमा सारी रु. ९ करोड ९९ लाख ७९ हजारलाई संभावित दायित्व अन्तर्गत देखाएको छ । २०६६/६७ र २०६७/६८ मा आम्दानी जनाएको रु.४३ लाख ९३ हजारको विस्तृत अभिलेख भए तापनि सोभन्दा अघिल्लो वर्षहरुको अभिलेख राखिएको छैन ।

१०६. **अन्तरशाखा हिसाब –** गोश्वारा खातामा रहेको रु.३४ करोड ८७ लाख १४ हजार क्रेडिट देखिएको अन्तर शाखा कारोबार हिसाबको भिडान विवरण प्राप्त हुनसकेको छैन । बैङ्कले अवलम्बन गरेको हिसाब भिडान प्रक्रियाअनुसार हिसाब भिडान भईसकेको रकमहरु अन्य खातामा सारिने हुँदा अन्य खातामा रहेको केन्द्रीय कार्यालय मौज्दात र शाखाहरुको जोड रकम शून्य हुनुपर्नेमा रु.१० करोड ६८ लाख ४० हजार बराबरको डेबिट रकमले फरक परेको छ ।

१०७. **मौज्दात भिडान –** वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीमा थप जानकारीको रुपमा दिएको २०६८।३।३२ को अन्तर्राष्ट्रिय मुद्रा कोषको सम्पत्ति र दायित्वको संक्षिप्त स्थितिमा मुद्रा धारण शीर्षकअन्तर्गतको लेखा नं. १ र लेखा नं.२ मा देखाएको रकम वित्तीय विवरणको टिप्पणी १६ निक्षेप र अन्य मौज्दातसँग भिडान भएको छैन ।

१०८. **कर्मचारी सुविधा –** कर्मचारीहरुलाई प्रदान गरिएको सञ्चित बिदाबापतको रकम, औषधि उपचार खर्च, सुरक्षण कोषबापतको भुक्तानी रकम आयमा समावेश गरी कर दायित्व गणना गरेको छैन ।

१०९. **कर कट्टी –** नोट छपाईमा गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा सम्झौता अनुरुप अग्रिम कर कट्टी गर्नुपर्ने नपर्ने सम्बन्धमा पूर्वादेश अनुरोध गरेकोमा आन्तरिक राजस्व विभागको २०६५।१२।१७ को पूर्वादेशबाट नोट छपाई भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने निर्देशन भए तापनि नेपाल राष्ट्र बैङ्क मुद्रा व्यवस्थापन विभागले त्यस्तो भुक्तानीमा रु.५ करोड ९७ लाख ६६ हजार अग्रिम कर कट्टी गरेको छैन ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड

बैङ्कको २०६७६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

११०. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सान रु.१५ अर्ब ११ करोड ७८ लाख रहेकोमा यो वर्षसम्मको नोक्सान रु.१३ अर्ब ७६ करोड रहेको छ । गत वर्ष बैङ्कले सञ्चालन नाफा रु.१ अर्ब १ करोड ३३ लाख ६ हजार गरेकोमा यो वर्ष रु.७१ करोड १५ लाख ३९ हजार सञ्चालन नाफा गरेको छ । गत वर्षको तुलनामा यो वर्ष सञ्चालन नाफामा २९.७७ प्रतिशतले न्यून भई खुद नाफामा १५.५७ प्रतिशतले कमी आएको छ ।

१११. **कर्जा** – गत वर्षसम्म कर्जा सापट र बिल्स खरिद रु.३५ अर्ब ६९ करोड २५ लाख रहेकोमा यो वर्ष ३.२९ प्रतिशत वृद्धि भई रु.३६ अर्ब ८६ करोड ६४ लाख पुगेको छ । गत वर्षको तुलनामा कर्जामा ३.२९ प्रतिशतले वृद्धि र निस्क्रिय सम्पत्तिमा कमी आउनु केही सन्तोषजनक देखिए तापनि निस्क्रिय सम्पत्तिको अनुपात अझै १०.९१ प्रतिशत रहिरहनु बैङ्कको हितमा देखिँदैन । यो वर्ष पनि खराब कर्जा रु.८ करोड २० लाख अपलेखन गरेको कारण सो कर्जामा कमी देखिएको छ । निस्क्रिय सम्पत्ति बैङ्किङ्ग क्षेत्रको सरदर अनुपातमा ल्याउनका लागि खराब कर्जाको प्रभावकारी असुली गर्नुपर्नेमा सो हुनसकेको छैन ।

११२. **कर्जाको जोखिम** – कर्जा तथा बिलमा लगानी गरेको रु.३६ अर्ब ८६ करोड ६४ लाखमध्ये उच्चजोखिम रहेको उपभोक्ता कर्जा ३१.०७ प्रतिशत, हाइपोथिकेसन कर्जा २८.११ प्रतिशत र अधिविकर्ष कर्जा १६.२२ प्रतिशत रहेको छ । कम जोखिम भएका सरकारी धितोपत्र र मुद्धति रसिदको धितोमा गएको कर्जाको अनुपात भने कम रहेको देखिन्छ । जोखिम न्यूनीकरण गरी कर्जा प्रवाह गर्नेतर्फ ध्यान पुगेको छैन ।

११३. **ब्याज बक्यौता –** गत वर्ष असुल गर्न बाँकी ब्याज रु.१५ अर्ब ७६ करोड ६७ लाख रहेकोमा यो वर्ष रु.१४ अर्ब ९९ करोड २६ लाख कुल कर्जाको ४०.१० प्रतिशत) रहेको छ । ट्रष्ट रिसिप्ट धितो कर्जा, एओसी कर्जा, प्याकिङ्ग कर्जा, प्राथमिकता प्राप्त कर्जा, सरकारी जमानत कर्जा, बैङ्क जमानत दावी कर्जा, अन्य कर्जा र भूकम्प रिलिफ कर्जामा असुल हुन बाँकी कर्जा रु.१ अर्ब ३८ करोड ९८ लाख रहेको र उक्त कर्जामा असुल हुन बाँकी ब्याज रु.५ अर्ब ८३ करोड ६० लाख रहेको छ । असुल हुनुपर्ने कर्जाभन्दा ब्याज बढी हुनुले ब्याज असुली कार्य प्रभावकारी हुन नसकेको दर्शाउँदछ ।

११४. **न्यूनतम पूँजीकोष** – नेपाल राष्ट्र बैङ्कले "क" वर्गको इजाजत प्राप्त संस्थाले न्यूनतम प्राथमिक पूँजीकोष ६ प्रतिशत र पूँजीकोष १० प्रतिशत कायम गर्नुपर्ने गरी पूँजीकोषको सीमा तोकेको छ । २०६८ आषाढ मसान्तमा बैङ्कको प्राथमिक पूँजी रु.१० अर्ब ५२ करोड ८५ लाख (अर्थात २२.५२ प्रतिशत) ले ऋणात्मक छ । यस्तो अवस्थाले बैङ्कको निरन्तर सञ्चालन अवधारणामा असर पर्ने देखिन्छ ।

११५. **कर्जा नोक्सानी –** नेपाल राष्ट्र बैङ्कको निर्देशिकाअनुसार बढीमा एक वर्षसम्म भुक्तानी अवधि भएको चालू पूँजी कर्जालाई मात्र नवीकरण गर्दा असल कर्जामा समावेश गर्न सकिने र चालू पूँजी प्रकृतिका कर्जाहरुमा

प्राप्त हुनुपर्ने ब्याज नियमित नभएको अवस्थामा त्यस्तो कर्जालाई ब्याज बक्यौता अवधिको आधारमा वर्गीकरण गर्नुपर्ने उल्लेख छ । बैङ्कले कर्जाको जोखिम नोक्सानी व्यवस्था गर्दा कर्जा असुलीको स्थिति तथा अन्तिम म्यादको आधारमा गर्ने गरेको छ । बैङ्कको ४९ शाखाले पुनर्तालिकीकरण/पुनरसंरचना गरेका कर्जाहरुको सहमति/पुनरसंरचनाका शर्तहरु पालना नगरेको, ब्याजको किस्ता नबुझाएको तथा परियोजना बन्द भए तापनि नेपाल राष्ट्र बैङ्कले तोकेको व्यवस्थाहरु विपरीत कर्जा वर्गीकरण गरी थप कर्जा जोखिम नोक्सानी व्यवस्था गरेको छैन । त्यस्ता कर्जाहरुमा यो वर्ष रु.७४ करोड ५ लाख २१ हजार थप नोक्सानी व्यवस्था गर्नुपर्ने स्थिति छ ।

११६. **लगानी वर्गीकरण –** नेपाल राष्ट्र बैङ्कको निर्देशानुसार व्यापारिक लगानी (हेल्ड फर ट्रेडिङ) र भुक्तानी मितिसम्म धारण गर्ने लगानी (हेल्ड टु म्याचुरिटी) अन्तर्गत पर्ने बाहेक अन्य सम्पूर्ण लगानीलाई बिक्रीका लागि उपलब्ध (अभाइलेवल फर सेल) लगानीमा वर्गीकरण गर्ने र यस्ता लगानीलाई बजार दर अनुरुप नियमित रुपमा मूल्याङ्कन गरी मूल्य भिन्नतालाई जगेडा मार्फत समायोजन गर्नुपर्ने उल्लेख छ । बैङ्कले सोअनुसार नगरेकोले २०६८ आषाढ मसान्तमा वासलातमा यस्तो लगानी रु.१ अर्ब ७७ करोड ६१ लाख २९ हजारले कम प्रस्तुत भएको छ ।

११७. **निक्षेपको स्रोत** – नेपाल राष्ट्र बैङ्कको निर्देशन नं.१९.५ मा जम्मा हुन आउने १० लाख रुपैयाँभन्दा माथिका रकमको कारोबार, खाता, बही, स्रेस्ता वा हिसाब सञ्चालन सम्बन्धी छुट्टै प्रक्रियागत संयन्त्र तयार गर्नुपर्ने र त्यस्तो कारोबारको स्रोत समेत सम्बन्धित ग्राहकबाट उल्लेख गर्न लगाई अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । बैङ्कको शाखाहरुले स्रोत नखुलाई रु.१० लाखभन्दा बढी निक्षेप स्वीकार गरेको देखिँदा सो व्यवस्थाको पालना भएको देखिएन ।

११८. **कर्जा अपलेखन –** नेपाल राष्ट्र बैङ्कको निर्देशन नं.२१.७.२ अनुसार ५ वर्षभन्दा बढीले भाखा नाघेका र शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था भएका कर्जाहरुलाई अनिवार्य अपलेखन गर्नुपर्नेमा सोअनुसार गरेको पाइएन । स्थलगत लेखापरीक्षण गरेका शाखाहरुमध्ये १८ शाखाको मात्र यस्तो अपलेखन गर्नुपर्ने खराब कर्जा रु.८० करोड ९० लाख ५७ हजार रहेको छ ।

११९. **लेखामान** – नेपाल लेखामानमा व्यवस्था पालना सम्बन्धमा उल्लेख्य व्यहोरा निम्न छन्:

११९.१. हाल बैङ्कमा प्रचलनमा रहेको पुमरी सफ्टवरलाई परिवर्तन गर्ने क्रममा पहिचान हुन नसकेका केही रकमको हिसाब यकिन हुन सकेका छैनन् । यस्ता रकमहरुलाई टिप्पणीमा खुलाएको छैन । स्थलगत परीक्षण गरिएका शाखाहरुमा यस्ता रकम दायित्वतर्फ रु.११ करोड १० लाख ४० हजार र सम्पत्तितर्फ रु. १९ लाख ८० हजार रहेको छ । यस स्थितिमा नेपाल लेखामानअनुसार वित्तीय विवरण पेश गरेको देखिएन ।

११९.२. प्रमुख लेखा नीतिमा विगत वर्षका रकमहरुको पूनर्समुहीकरण तथा पूनर्वर्गीकरण भएको उल्लेख गरे तापनि त्यसको प्रकृति, रकम र कारण खुलाएको छैन ।

११९.३. नेपाल लेखामान–२ को ४२ र ४९ अनुसार गत विगत वर्षहरुमा हुन गएको गल्ति वा गत विगत वर्षहरुसँग सम्बन्धित रकम कलमहरुलाई वर्षको सुरु र अन्तमा सम्बन्धित शीर्षकहरुमा समायोजन गरी समायोजित रकम र सोको प्रकृति समेत देखिने गरी टिप्पणीमा खुलाउने गरेको छैन । गत वर्षका आम्दानी/खर्च समायोजन गरेको रु.३३ लाख ८८ हजारलाई यस वर्षको नाफा नोक्सान हिसाबमा असर नपर्ने गरी नाफा नोक्सान बाँडफाँड खातामा खर्चको रुपमा देखाएको व्यहोरा उल्लेख गरेको छ । तर शीर्षकअनुसार विगत वर्षको रकममा पुन:लेखन गरेको छैन । यसका अतिरिक्त यस वर्षको ब्याज खर्चमा गत विगत वर्षको ब्याज खर्च रु.३ करोड ४७ लाख ७० हजार समावेश भएको नेपाल लेखामान–२ विपरीत छ ।

११९.४. नेपाल लेखामान–१२ मा प्रत्येक व्यवस्थाको लागि दायित्वको प्रकृति अनुरुप आर्थिक स्रोत, समय र अनिश्चितता बारे खुलाउनुपर्ने उल्लेख छ । पहिचान हुन नसकेका जोखिमहरुको लागि एकमुष्ट रु.२ करोड ६८ लाख ८७ हजार व्यवस्था गरेकोमा सोअनुसार विवरण खुलाएको छैन ।

१२०. **अवकाश कोष दायित्व –** प्रमुख लेखा नीतिमा कर्मचारी अवकाश सुविधाहरु अन्तर्गत बैङ्कको नीति नियमानुसार कर्मचारीको अवकाशसँग सम्बन्धित रकमलाई बैङ्कको अवकाश कोषमा ट्रान्सफर गर्ने गरेको उल्लेख गरे तापनि सोसँग सम्बन्धित दायित्व तथा सम्पत्ति वासलातमा उल्लेख गरेको छैन ।

आयकर ऐन, २०५८ को दफा ६३ र नियमावली, २०५९ को नियम २० को प्रयोजनका लागि बैङ्कको कर्मचारीहरुको अवकाश योगदान रकम स्वीकार गर्ने उद्देश्यले आन्तरिक राजस्व विभागको स्वीकृतिमा व्यवस्थापकीय कार्य गर्न स्थापित यो कोषको विधान, २०६० मा आफुसँग भएको सम्पत्तिबाट सम्पूर्ण अवकाश दायित्व आफैले व्यहोर्ने किटान गरेको छैन । यस सम्बन्धी दायित्व कर्मचारीहरुसँग भएको रोजगारी करार तथा बैङ्कको कर्मचारी सेवाशर्त विनियमावलीको व्यवस्थाअनुसार कर्मचारी अवकाश सुविधाहरु बैङ्कले नियमानुसार व्यहोर्ने उल्लेख छ । विधानको दफा ७ अनुसार सो कोषको व्यवस्थापन र सञ्चालन कार्यविधिमा बैङ्कको पूर्णनियन्त्रण रहेको तथा दफा १५.६ मा कोषको विघटन भएको अवस्थामा कोषको सम्पत्ति र दायित्व बैङ्कमा सर्ने भन्ने उल्लेख छ । यी व्यवस्था विद्यमान भएको अवस्थामा यो वर्ष कर्मचारी अवकाशबापत बिमाङ्की मूल्याङ्कन गराई दायित्व व्यवस्था गरेको छैन ।

१२१. **अग्रिम कर कट्टी** – आयकर ऐन, २०५८ (संसोधन सहित) बमोजिम ब्याज भुक्तानी गर्दा संस्थागत खातामा १५ प्रतिशतले र व्यक्तिगत खातामा ५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्नेमा बैङ्कका कतिपय शाखामा समदरमा ५ प्रतिशतले कर कट्टी गरेको छ भने कतिपयले १५ प्रतिशतले गरेको छ । ५ प्रतिशतले कट्टी गरेको रकम छुट्याई विवरण तयार गरेको छैन ।

१२२. **एजेन्सी नोक्सानी –** सन् २००८ सम्मको हिसाब मिलान हुन नसकेको एजेन्सी हिसाबको लागि रु.१ करोड ५८ लाख ६१ हजार थप नोक्सानी व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त सन् २००९ र २०१० जुलाई सम्मको हिसाब मिलान हुन नसकेको एजेन्सी हिसाबको विवरण तयार गरेको छैन । बैङ्कको एजेन्सी रिकन्सिलिएसन पोलिसी, २००५ अनुसार ३ वर्षभन्दा बढी समयदेखि पेश्की रहेको रकम अपलेखन गर्ने नीति भए तापनि सोअनुसार गरेको छैन ।

१२३. **अन्य नोक्सानी** – विगतमा दोहोरो भुक्तानी भई असुलउपर हुन नसकेको रकममात्र रु.८ करोड ७१ लाख ६७ हजार रहेकोले मार्गस्थ नगद, पुरानो स्टेशनरी सापटीमा रहेका रकमको लागि नोक्सानी व्यवस्था रु.१० करोड २ लाख गर्नुपर्ने देखिन्छ । त्यस्ता रकमहरुको प्रकृतिअनुसार वास्तविक रकम पहिचान गरी पर्याप्त व्यवस्था गरेको भन्न सक्ने अवस्था छैन । स्थलगत लेखापरीक्षण गरिएकामध्ये ७ शाखामा लामो समयदेखि फछ्यौंट नभएको कर्मचारी पेश्की रु.१३ लाख ८९ हजार रहेको छ । एक शाखा कार्यालयमा हिनामिना भएको रु.९१ लाख ४२ हजार सम्बन्धमा मुद्धा चलिरहेकोमा बैङ्कले वित्तीय विवरणमा यसबापत कुनै नोक्सानी व्यवस्था गरेको छैन । मुद्धा सम्बन्धमा खुलासा गरेको पनि छैन ।

१२४. **कृत्रिम कर्जा –** एक शाखा कार्यालयमा निस्क्रिय कर्जा कम देखाउन र कर्मचारीको प्रोत्साहन भत्ता वृद्धि गर्ने उद्देश्यले असल कर्जाको रुपमा रु.१ करोड ५१ लाख १४ हजार लेखाङ्कन गरी सोबापतको रकम विविध साहु शीर्षकमा देखाएको पाइयो । यस्तो कार्य हरेक त्रयमासमा प्रतिवेदन गर्दा गर्ने र अर्को त्रयमासको सुरुमा सोलाई उल्टाउने समेत गरेको छ ।

१२५. **लेखा तथा प्रस्तुति –** अन्य सम्पत्ति अन्तर्गत स्थगन खर्चमा रु.२ करोड ५३ लाख मौज्दात देखिएकोमा सोको व्यवस्था, लेखाङ्कन नीति, यो वर्ष लेखेको खर्च लेखासम्बन्धी टिप्पणीमा खुलाएको छैन । कर्जाबापत प्राप्त भएको तर कर्जा हिसाबमा समायोजन गर्न बाँकी रहेको रु.२६ करोड ८६ लाख सण्ड्री क्रेडिटर्स अन्तर्गत देखाएको छ । पूँजीगत निर्माण खर्च भनी विगत वर्षदेखि रु.३ लाख ७४ हजार स्थिर सम्पत्तिमा जिम्मेवारी मात्र सार्दै ल्याएको छ । बैङ्कका ५ शाखाहरुमा परिपक्व भईसकेको मुद्धति निक्षेप रु.२ करोड १० लाख १ हजारलाई निक्षेप हिसाब मै देखाइराखेको छ । यस्तो लेखा र प्रस्तुतिले यथार्थ स्थिति देखाउँदैन ।

१२६. **अन्तर शाखा हिसाब** – शाखा मिलान हिसाब शीर्षक अन्तर्गत देखाएको रु.१ अर्ब ७५ करोड ६७ लाखको आयू तथा प्रकृतिअनुसारको वर्गीकरण प्राप्त भएन । उपशीर्षकहरुको शाखागत विवरणअनुसार खुद डेबिट रु.

१२ अर्ब ६४ करोड ९६ लाख र खुद क्रेडिट रु.८ अर्ब ८३ करोड २३ लाख हिसाब भिडान बाँकी (पेण्डिङ) मुल्तबी देखिन्छ । यी रकमको समायोजन गर्दा समग्र रुपमा वित्तीय विवरणमा प्रस्तुत रकममा पर्नसक्ने असरको बारेमा राय व्यक्त गर्न सकिएन ।

१२७. **हिसाबमा फरक** – कर्जामा असुल गर्न बाँकी ब्याज र ब्याज मुल्तबी रकमबीच फरक नहुनु पर्नेमा रु.३ करोड २९ लाख २६ हजार फरक परेको देखिन्छ । अन्य सम्पत्ति अन्तर्गत मार्गस्थ हिसाबमा रु.९ करोड ५६ लाख ३ हजार रहेकोमा सोबाट रु.५ करोड ६९ लाख ६३ हजार व्यवस्था घटाई बाँकी रु.३ करोड ८६ लाख ४० हजार मात्र वित्तीय विवरणमा देखाएको छ ।

१२८. **मौज्दातभन्दा बढी भुक्तानी –** बैङ्कले २०६८ आषाढ मसान्तसम्म निक्षेपकर्ताको खातामा भएको मौज्दातभन्दा बढी भुक्तानी गरेको रु.४ करोड ३७ लाख २ हजार रहेको छ । यस्ता रकम प्राय:जसो पुरानो अवधिका रहेका छन् ।

१२९. **जग्गाको स्वामित्व** – विगतमा नेपाल खाद्य संस्थानबाट रु.७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनी १ आना ३ पैसा जग्गाको हालसम्म पनि जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन । उक्त जग्गामध्ये सार्वजनिक बाटोमा परेको ४ आना २ पैसा बराबरको जग्गा शोधभर्ना गर्न उक्त संस्थानसँग माग गरेको थियो । दुई संस्थाबीच उल्लेखित विषयमा पत्राचार भए गरेको देखिए तापनि यो वर्षपनि सो विषयमा कुनै निष्कर्षमा पुग्न सकेको देखिएन ।

१३०. **मार्गस्थ स्थिर सम्पत्ति** – सम्पत्ति हस्तान्तरण गर्दा आवश्यक कागजात सहित पठाउने र पाउने शाखा कार्यालयमा लेखाङ्कन हुनुपर्नेमा रु.१ करोड २० लाख ८७ हजारको मार्गस्थमा स्थिर सम्पत्ति रहेको छ । यसबाट ह्रास कट्टी खर्चमा समेत असर परेको देखिन्छ ।

१३१. **गैर बैंकिङ्ग सम्पत्ति** – व्यक्तिगत वा कम्पनीहरुले कर्जा असुल नभएको कारणबाट सकार गरेको घरजग्गा भोगचलन गरिरहेका साविकका व्यक्तिलाई हटाउन नसकेको कारण बैङ्कले हकभोग कायम गर्नसकेको छैन । केही घरजग्गाहरुको जग्गाधनी दर्ता प्रमाणपूर्जाहरु प्राप्त हुन बाँकी भए पनि त्यस्ता सम्पत्तिहरुको मूल्य गैह्र बैङ्किङ्ग सम्पत्तिमा दर्शाएको छ । बैङ्कले प्रवाह गरेको कर्जा असुल हुन नसकेपछि सोबापत जमानत/सुरक्षण वा धरौटी लिएको घर जग्गा बैङ्कले सकार गरेकोमा त्यस्तो रकम वर्षान्तमा रु.१४ करोड ५० लाख पुगेको छ । गैर बैङ्किङ्ग सम्पत्ति यथाशीघ्र बिक्री गरी कर्जा रकम असुल गर्नुपर्नेमा गरेको छैन ।

कर्मचारी सञ्चय कोष

१३२. **सञ्चालन नतिजा –** कोषले २०६७।६८ मा रु.१ अर्ब ५८ करोड ४९ लाख खुद नाफा देखाएको छ । कमसल सापटी तथा विभिन्न खर्चको लागि आवश्यक व्यवस्था नगरेको रु.२ अर्ब ६२ करोड १९ लाख कटाउँदा खुद नोक्सान रु.१ अर्ब ३ करोड ७० लाख हजार हुन आउने देखिन्छ ।

१३३. **सापटी नोक्सानी व्यवस्था –** यस वर्षको अन्त्यमा सञ्चयकर्तालाई शैक्षिक सापटी तथा घर सापटी अन्तर्गत क्रमश: रु.६४ करोड ८६ लाख र रु १० अर्ब २७ करोड ६० लाख प्रवाह भएको छ । उक्त सापटीहरुमध्ये कतिपय सापटीहरु कोषले तोकेको सीमाभन्दा बढी प्रवाह भएको, कोषको विद्यमान लेखानीतिअनुसार सापटीहरुमा गत वर्षसम्म ब्याज आम्दानी प्रोदभावी आधारमा लेखाङ्कन गरेका कारण उल्लेख्य ब्याज रकम साँवामा पूँजीकृत भएको, तर पाकेको अधिकांश ब्याज रकम लामो समयसम्म बक्यौता रहेको पाइयो । सञ्चयकर्ताहरुले कोषले तोकेको तालिकाबमोजिम सापटी रकम भुक्तानी समेत नगरेकोमा त्यस्ता रकमलाई नियमित गराउन प्रभावकारी प्रयास नगरेको तथा कतिपय सापटीको सुरक्षण समेत नरहेकोले सापटीलाई कम्तिमा कमसल सापटीमा वर्गीकरण गरी कोषले २५ प्रतिशतका दरले रु.२ अर्ब ७३ करोड ११ लाखको जोखिम व्यवस्था गर्नुपर्नेमा कोषले असल कर्जामा वर्गीकरण गरी १ प्रतिशतले रु.१० करोड ९२ लाखमात्र जोखिम व्यवस्था गरेकोले रु.२ अर्ब ६२ करोड १९ लाख न्यून जोखिम व्यवस्था भएको छ ।

१३४. **ऋणात्मक बैङ्क खाता –** कोषले बैङ्क तथा वित्तीय संस्थाहरुमा सञ्चयकर्ताबाट प्राप्त हुने रकमका निमित्त सञ्चालनमा रहेका बैङ्क खाताहरुमध्ये विभिन्न बैङ्क खाताहरुको रु.२३ करोड ७८ लाख बराबर रकम खाताबहीअनुसार ऋणात्मक रहेको छ । बैङ्क मौज्दातको हिसाब मिलान विवरणमा समेत उल्लेख्य रकम लामो समयदेखि मिलान नभई यथावत रहनु र सञ्चयकर्ताहरुले दाखिला गरेको कोषकट्टी रकमहरुको अद्यावधिक रुपमा लेखाङ्कन नहुनाले वित्तीय विवरणमा प्रस्तुत भएको बैङ्क मौज्दातको रकमका साथै सञ्चयकोष रकम समेत उल्लेख्य रुपमा फरक पर्न जाने देखिन्छ ।

१३५. **बैङ्क समायोजन –** कोषको ठमेल कार्यालयको बैङ्क समायोजन हिसाबमा वर्षौंदेखि हिसाब मिलान नभई रु.८१ लाख जिम्मेवारी सार्दै ल्याएको छ । बैङ्क खाताको विभिन्न बैङ्कबाट प्राप्त समर्थनपत्रबाट देखिएको मौज्दातभन्दा कोषको खातामा देखिने मौज्दात रु.३२ करोड ५२ लाखले कम देखिन्छ ।

१३६. **सहवित्तीयकरण –** एक फूड्स प्रोसेसिङ्ग (प्रा.) लिमिटेडसँग कोषले लिन बाँकी साँवा रु.५ करोड ५२ लाख र ब्याज रु.२ करोड ५० लाख यस वर्षमा सञ्चालक समितिको निर्णयानुसार पूर्णरुपमा अपलेखन गरेको पाइयो । उक्त कर्जा सहवित्तीयकरण अन्तर्गत प्रवाह भएको र सहवित्तीयकरणको बैठकको निर्णयबमोजिम रु.४ करोड ५८ लाखमा संयुक्तरुपमा गैह्रकोष सम्पत्तिमा सकारेको देखिन्छ । सो ऋणमा कोषको सहभागिता ५२.०९ प्रतिशत रहेको आधारमा सोअनुसार हुन आउने रु.२ करोड ३९ लाखलाई गैह्रकोष सम्पत्तिमा लेखाङ्कन गर्नुपर्नेमा नगरेकोले नेपाल लेखामान तथा लेखाका सर्वमान्य सिद्धान्तको विपरीत प्रस्तुति भएको कारण वित्तीय विवरणमा सम्पत्तिको वास्तविक अवस्थाको चित्रण भएको छैन ।

१३७. **बिमा प्रिमियम धरौटी –** कोषमा कार्यरत कर्मचारीले अवकाश वा राजिनामा दिए पश्चात सो कर्मचारीको घर सापटी कर्जाको सुरक्षणको लागि गरेको जीवन बिमाको प्रिमियमबापतको रकमको ब्याज बुझाउने गरी कोषले धरौटी खातामा लेखाङ्कन गर्ने गरेको छ । वर्षान्तमा यस शीर्षकमा विभिन्न ७७ कर्मचारीको रु.७२ लाख २६ हजार रहेको छ । शून्य ब्याज दरमा दिएको घर सापटी कर्मचारी कोषमा कार्यरत छाँदा दिइने विशेष सुविधा भएको हुँदा कर्मचारी बहाल छुटेपछि सम्बन्धित कर्मचारीसँग लिनुदिनु पर्ने सवै हिसाब फछ्यौंट गर्ने व्यवस्था गर्नुपर्दछ ।

१३८. **कल डिपोजिट –** कल डिपोजिटमा रहेका बैङ्क मौज्दातको छुट्टै विवरण तयार गरेको छैन । यो वर्ष कल डिपोजिटमा प्राप्त ब्याज रु.२ करोड ५३ लाख ६९ हजारलाई विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरेको छ । यो अभ्यास लेखाको सर्वमान्य सिद्धान्त अनुकुल छैन ।

१३९. **सापटी प्रवाह –** घरसापटी तथा शैक्षिक सापटी अन्तर्गत प्रवाह गरेको रकम सापटीकर्ताले समान किस्तामा भुक्तानी गर्नुपर्ने प्रावधान भए तापनि सोअनुसारको तालिका तयार गरी सापटीकर्ताबाट दस्तखत गराएको पाइएन । धितो सम्बन्धी सक्कल कागजातहरु छुट्टै फाइल खडा गरी फायरप्रुफ भल्टमा राख्नुपर्नेमा सापटी फाइल सुरक्षा बेगर यथास्थितिमा राखेको पाइयो । दोस्रो किस्ता रकम प्रवाह गर्दा पहिलो किस्ताको उपयोगिता विश्लेषण नगरेको कारण कतिपय सापटीकर्ताले घर निर्माणका लागि पहिलो किस्तानै पूर्णरुपमा प्रयोग नगरेको अवस्थामा दोस्रो किस्ता लिएको पाइयो । कतिपय मूल्याङ्कनकर्ताले उपलब्ध गराएको सम्पत्ति मूल्याङ्कन प्रतिवेदनहरुमा, डिस्ट्रेस मूल्य गणनाको अनुसूची र कभर लेटरको रकम फरक रहेको देखियो ।

१४०. **सञ्चयकर्ता खाता –** कोषले ४ लाख ६० हजार सञ्चयकर्ताको ९ लाख ५५ हजार खातामा ब्याज वितरण गरेको छ । सञ्चयकर्ताको एकभन्दा बढी खाताहरु रहेको कारण खाता सञ्चालनमा विगत वर्षदेखि विभिन्न समस्याहरु रहँदै आएको छ । एक निश्चित कार्यविधि बनाई सञ्चयकर्ताको खाता एकीकरण गर्नेतर्फ विशेष कार्य थालनी गर्न आवश्यक छ ।

सेवाबाट अवकाश भएका सञ्चयकर्ताले अवकाश मितिबाट ६ वर्षसम्म कोषमा जम्मा भएको रकम नझिकी राख्नसक्ने र सोमा कोषले ब्याज समेत दिने व्यवस्था रहेको छ । तर कोषले अवकाश मितिबाट ६ वर्ष पूरा भईसकेका सञ्चयकर्ताहरुको कोष खातामा पनि ब्याज दिँदै आएको छ । तोकिएको अवधि समाप्त भएपछि ब्याज भुक्तानीमा नियन्त्रण हुनेगरी सफ्टवयर परिमार्जन गर्नुपर्नेमा सो हुनसकेको छैन ।

१४१. **विशेष सापटी –** कोष कट्टी रकमभन्दा विशेष सापटी बढी दिने नीति नभएपनि १७३ सञ्चयकर्ताको कोष कट्टी रकमभन्दा विशेष सापटी रकम बढी छ । यो वर्षसम्ममा यस्तो कोष कट्टी रु.१ करोड ८२ लाख ९७ हजार रहेकोमा सोमा विशेष सापटी प्रवाह रु.२ करोड २५ लाख १२ हजार छ ।

नागरिक लगानी कोष

यो कोषको २०६६।६७ को अन्तिम लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन् :

१४२. **सञ्चालन नतिजा –** नागरिक लगानी कोषतर्फ कार्य सञ्चालनबाट गत वर्ष रु.३ करोड ८३ लाख ४५ हजार नाफा गरेकोमा यो वर्ष रु.८ करोड ७ लाख ७७ हजार तथा कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ गत वर्ष रु. ११ करोड ९१ लाख ३८ हजार नाफा गरेकोमा यो वर्ष रु.१८ करोड २७ लाख ९० हजार गरेको छ ।

१४३. **बैङ्क रिकन्सिलेशन –** कोषको बैङ्क रिकन्सिलेशन विवरणअनुसार केन्द्रीय हिसाबतर्फ कोषको हिसाबअनुसार खुद मौज्दात रु.१० करोड ९० लाख फरक पर्न गएको छ । बैङ्क खाता तीनमा ऋणात्मक (क्रेडिट) मौज्दात देखिएको छ । कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ कतिपय बैङ्क खाताहरुमा ऋणात्मक मौज्दात देखिएको छ । वित्तीय विवरणमा ऋणात्मक मौज्दातलाई न्यून गरी आएको बाँकी खुद रकमलाई मात्र बैङ्क मौज्दातमा देखाएको छ । उपलब्ध बैङ्क रिकन्सिलेशन विवरणअनुसार कर्मचारी बचत वृद्धि कार्यक्रम अवकाश कोषतर्फ खुद मौज्दात रु.५० करोड १४ लाख रुजू हुन बाँकी रहेकोले सो हिसाब यकिन हुनसकेको छैन ।

१४४. **लगानी –** कोषमा विभिन्न कार्यक्रम अन्तर्गत जम्मा हुन आएको रकम विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरुमा मुद्धती निक्षेपमा लगानी भएको देखिएको छ । उपलब्ध जानकारीअनुसार हाल समस्याग्रस्त देखिएका गोरखा विकास बैङ्क तथा नेपाल शेयर मार्केट्स तथा फाइनान्स कम्पनी लिमिटेडमा रु.४८ करोडको मुद्दती निक्षेपमा कोषको लगानी रहेको छ । व्यवस्थापनबाट उपरोक्त लगानी जोखिमबापत सम्भाव्य नोक्सानी व्यवस्था गरेको छैन । कोषबाट निक्षेपमा लगानी गर्दा बैङ्क तथा वित्तीय संस्थाको पूँजीको पर्याप्तता, तरलता तथा प्रतिफल जस्ता सूचकाङ्कको मूल्याङ्कन गरी मात्र लगानी गर्ने नीति प्रतिपादन गरिनु आवश्यक छ ।

१४५. **कोष व्यवस्था –** सञ्चालक समितिले तोकेबमोजिम जोखिम लगानी जगेडा कोष र प्रतिफल समीकरण कोषबापत रकम छुट्याएको पाईएन ।

१४६. **सफ्टवयर –** कोषको लेखा भरपर्दो र अध्यावधिक गर्न एवं आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्नको लागि उपयुक्त सफ्टवरको व्यवस्था हुनुपर्नेमा भएको छैन ।

आकस्मिक बीमा कोष (२०६६।६७)

१४७. **सञ्चालन नतिजा** – आर्थिक वर्ष २०६५।६६ सम्मको सञ्चित मुनाफा रु.४७ करोड ९० लाख १ हजार रहेकोमा प्रतिवेदन वर्ष रु.८० करोड ४६ लाख ३५ हजार रहेको छ ।

१४८. **बीउपूँजी** – कोषमा नेपाल सरकारको रु.५ करोड र १७ साझेदार बीमक कम्पनीको रु.६ करोड ७ लाख १४ हजारसमेत कुल रु.११ करोड ७ लाख १४ हजार बीउपूँजी (सिडमनी) को रुपमा रहेको छ ।

१४९. **अन्य दायित्व** – आयकर ऐन, २०५८अनुसार अग्रिम आयकर कट्टी गरेको रकम १५ दिनभित्र सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ । कोषले यो वर्ष अन्य दायित्वबापत देखाएको रु.११ लाख ५८ हजारमध्ये अग्रिम आयकर कट्टी गरेको रकम रु.७ लाख ८९ हजार आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको छैन । यसैगरी कोषले भुक्तानी गरेको घरभाडामा अग्रिम कर रु.४६ हजार कट्टी गरेको नदेखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको छ ।

१५०. **लगानी** – कोषबाट प्राप्त २०६७ असारसम्मको लगानी विवरणअनुसार विभिन्न ३६ बैङ्क तथा वित्तीय संस्थाको मुद्धति खातामा रु.६८ करोड ४० लाख र २७ बैङ्क तथा वित्तीय संस्थाको कल तथा चल्ती खातामा रु.३ करोड ४६ लाख ९४ हजार राखेको छ । कोषले रु.१० करोड २५ लाख बैङ्कमा लगानी नगरी १०

वित्तीय संस्थाको मुद्धति खातामा लगानी गरेको छ । लगानी गरिने संस्थाहरुको वित्तीय साख अध्ययन गरी लगानी नडुब्ने गरी सुरक्षित किसिमले लगानी गर्न ध्यान दिनुपर्दछ । कोषको लगानीमा उठ्न बाँकी देखिएको ब्याज रु.१ करोड १ लाख १४ हजार असुल गर्नुपर्दछ ।

१५१. **अग्रिम कर** – गत वर्षसम्म कट्टी भएको आयकर रु.४ करोड १७ लाख ६८ हजार भएकोमा यो वर्ष थप भएको रु.८४ लाख ९३ हजारसमेत कुल रु.५ करोड २ लाख ६२ हजार कोषको वासलातको सम्पत्तिमा देखाएको छ । उक्त रकम कोषले लगानी गरेबापत आर्जित गरेको ब्याज रकममा लाग्ने १५ प्रतिशत कर भएको र कर कट्टी भएको रकम खर्च देखाउनुपर्नेमा वासलातमा समावेश भएबाट कोषको वास्तविक खुद नाफा बढ्न गएको छ ।

१५२. **आयकर** – नेपाल सरकार र बिमा कम्पनीहरुको संयुक्त लगानीमा स्थापना भएको कोषले आन्तरिक राजस्व कार्यालयबाट कर छुट हुने संस्था भनी कर छुटको प्रमाणपत्र लिएको छैन । कोषले बिमा क्षेत्रको जोखिम बहन गरेबापत दायित्व भुक्तानी तथा व्यवस्थापन खर्चपछिको नाफा रु.३२ करोड ६० लाख ५९ हजार आर्जन गरेको छ । आयकर ऐन, २०५८ को अनुसूची २ को दफा २ को उपदफा २ मा भएको प्रावधानअनुसार कुनै आय वर्षमा कुनै बैङ्क, वित्तीय संस्था र सामान्य बिमा व्यवसाय गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरेको छ । उक्त प्रावधानअनुसार कोषको खुद नाफामा ३० प्रतिशतका दरले लाग्ने कर रु.९ करोड ७८ लाख १८ हजार आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन ।

आकस्मिक बीमा कोष (२०६५।६६)

१५३. **आयकर** – बीमा क्षेत्रको जोखिम बहन गरेबापत दायित्व भुक्तानी तथा व्यवस्थापन खर्चपछिको नाफा रु.१८ करोड १७ लाख ९५ हजार आर्जन भएको छ । आयकर ऐन, २०५८ को अनुसूची २ को दफा २ को उपदफा २ मा भएको प्रावधानअनुसार कुनै आय वर्षमा कुनै बैङ्क वित्तीय संस्था र सामान्य बिमा व्यवसाय गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरेको छ । नेपाल सरकार र बिमा कम्पनीहरुको संयुक्त लगानीमा स्थापना भएको यस कोषले आन्तरिक राजस्व कार्यालयबाट कर छुटको प्रमाणपत्र लिएको छैन । उक्त प्रावधानअनुसार कोषको खुद नाफामा ३० प्रतिशतका दरले रु.५ करोड ४५ लाख ३८ हजार कर दाखिला गर्नुपर्नेमा गरेको देखिएन ।

१५४. **पुनर्बीमा सम्झौता** – कोषको सदस्यता लिएका १७ बीमा कम्पनीले निर्जीवन पुनर्बिमाबापतको प्रिमियम आकस्मिक बीमा कोषमा यो वर्ष रु.८१ करोड ६९ लाख ८२ हजार प्राप्त हुनुपर्नेमध्ये कमिशन दाबी, नाफा, सेवा शुल्क कट्टा गरी कोषले पाउनुपर्ने रु.४७ करोड ३ लाख ७३ हजार प्राप्त हुन बाँकी देखिएको छ । बाँकी रकम सम्बन्धित बीमक कम्पनीहरुसँग असुल गर्नुपर्दछ ।

बीमा समिति

बीमा व्यवसायलाई विकसित, नियमित तथा नियन्त्रित गर्ने उद्देश्यले बीमा ऐन, २०४९ अनुसार यो समिति स्थापना भएको हो ।

१५५. **कर्मचारी कल्याण कोष**– बीमा समिति कर्मचारी शर्त विनियमाली, २०५४ को अनुसूची १५ को बुँदा नं १७ मा समितिका कर्मचारीलाई प्रत्येक वर्ष दुई महिनाको तलव बराबरको रकम कर्मचारी कल्याण कोषबाट सुविधा प्रदान गरिने उल्लेख छ । गत विगत वर्ष झैं यो वर्ष पनि समितिका ३९ कर्मचारीलाई दुई महिनाको तलव बराबर रु.१० लाख २४ हजार खर्च लेखेको छ । आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक आय गणना गर्ने प्रयोजनका लागि उक्त रकम समावेश गरी लाग्ने अग्रिम आय कर कट्टा गरेको छैन ।

१५६. **बक्यौता** – आकस्मिक बीमा कोष र युवा स्वरोजगार कोषले २०६७।६८ को वित्तीय विवरण लेखापरीक्षणका लागि पेश नगरेकोले लेखापरीक्षण हुनसकेको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१५७. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १७ कार्यालयबाट रु.९४ लाख ३५ हजार, प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २३ कार्यालयबाट रु.१ करोड २७ लाख ४८ हजार र सम्परीक्षणको क्रममा रु.१२ करोड ३१ लाख ६६ हजार समेत रु.१४ करोड ५३ लाख ४९ हजार असुल भएको छ ।

१५८. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा १४ कार्यालयको रु.२६ करोड ९ लाख ६५ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा पेश्की फछ्यौंट भएको छैन । बाँकी पेश्कीमध्ये रु.७४ लाख १९ हजार म्याद नाघेको छ । गा विगतको समेत कुल रु.३० करोड ९८ लाख ६० हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१५९. **सम्परीक्षण** – मन्त्रालय/निकाय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१५९.१. मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.२ अर्ब ७६ करोड ६५ लाख ३८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२८ करोड ३९ लाख २३ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ४८ करोड २६ लाख १५ हजार बाँकी रहेको छ ।

१५९.२. संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष बक्यौता लेखापरीक्षण समेत रु.१८ करोड ८६ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्यौंट हुनसकेको छैन ।

१५९.३. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.२ अर्ब १६ करोड २० लाख १४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१५९.४. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा सरकारी कार्यालयतर्फ रु.२० करोड ५३ लाख १६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष फछ्यौंट भएको कुल रु.२ अर्ब ३६ करोड ७३ लाख ३० हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

उद्योग मन्त्रालय

मन्त्रालय र मातहतसमेत ९७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.९२ करोड ८४ लाख ३० हजार, राजस्वतर्फ रु.४१ करोड ८० लाख ४२ हजार, धरौटीतर्फ रु.९ करोड ८६ लाख ५३ हजार समेतरु.१ अर्ब ४४ करोड ५१ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु.१ करोड २५ लाख ६६ हजार र शिक्षा मन्त्रालयको रु.६ करोड ५२ लाख १८ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका संगठित संस्था र अन्य संस्था १४ को रु.१० अर्ब १२ करोड ४८ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन** – महालेखापरीक्षकको गत वर्षको प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्षपनि सुधार गरेको पाइएन । यस सम्बन्धी केही व्यहोरा देहायअनुसार छ:

१.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार मन्त्रालयले आफु र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढङ्गबाट गर्न आफ्नो कामको प्रकृतिबमोजिम मन्त्रालयले हालसम्म पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन ।

१.२. उपत्यका भित्रका त्रिपुरेश्वर, कालिमाटी, टेकु लगायत विभिन्न १४ स्थानमा ग्याँसका लागि सम्भाव्य स्थानहरुको पहिचान गरी प्राकृतिक ग्याँस निकाल्न उपयुक्त वेलहरु निर्माण गरिएका थिए । अन्वेषण गरी निर्माण गरिएका ती ग्याँस वेलहरुको सुरक्षाका लागि पालोपहराबापत यो वर्षपनि रु.१० लाख १५ हजार खर्च गरेको छ । वेलहरु समयमै ग्याँस उत्पादन गरी प्रयोगमा नल्याउँदा निर्माण खर्चको सदुपयोग हुनसकेको छैन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **केन्द्रीय हिसाब –** मन्त्रालयले पेश गरेको विनियोजनतर्फको केन्द्रीय आर्थिक विवरणमा लेखापरीक्षणबाट देखिएकोभन्दा रु.८ करोड १५ लाख ९९ हजार निकासा घटी देखाएको छ । यसैगरी लेखापरीक्षणमा देखाएको इकाईगत आर्थिक विवरणभन्दा राजस्वतर्फ रु.१ करोड ८ लाख ४६ हजार घटी र धरौटीतर्फ रु.८१ हजार बढी देखाएको छ । मन्त्रालयबाट विनियोजन, राजस्व तथा धरौटीको इकाईगत आर्थिक विवरण पेश नभएबाट कार्यालयगत हिसाब भिडान गर्न सकिएन ।

३. **लेखापरीक्षण** – संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गत लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न २०६४।११।१३ मा भएको सम्झौतामा अमेरिकी डलर २६ लाख ८८ हजार खर्च हुने उल्लेख छ । सम्झौताको दफा ७.४ अनुसार उक्त कार्यक्रमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था रहेकोमा गराएको छैन । सोभै भुक्तानीको उक्त रकम मन्त्रालयको केन्द्रीय आर्थिक विवरणमा देखाएको छैन । खर्चको विवरण उपलब्ध गराई दिन २०६८।११।२९ मा अनुरोध गरेकोमा प्राप्त भएको छैन ।

४. **प्राविधिक सहायता –** अर्थमन्त्रीले आय–व्ययको सार्वजनिक जानकारी वक्तव्यसाथ सार्वजनिक गरेको प्राविधिक सहायता सम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा मन्त्रालय र मातहत कार्यालयका विभिन्न १० कार्यक्रमको लागि ९ दातृराष्ट्र एवं संस्थाबाट २०६८ आषाढ मसान्तको विनिमय दर अनुसार रु.१ अर्ब २९ करोड ५७ लाख ९९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ ।

सहायतामध्ये २ कार्यक्रमको लागि प्राप्त हुने रकम खुलेको छैन । उक्त प्राविधिक सहायताको लेखा पेश गरी लेखापरीक्षण गराएको छैन ।

५. **सवारीसाधन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा जिन्सी सामानको हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने र चालू हालतमा राख्नुपर्ने व्यवस्था छ । उद्योग मन्त्रालयको र स्वामित्वमा रहेका सवारीसाधनमध्ये ३ चालू अवस्थामा रहेका छैनन् । चालू हालतमा रहेका अन्य सवारीसाधनमध्ये २ गुणस्तर तथा नाप तौल विभागले प्रयोग गरेको छ । त्यसैगरी उद्योग विभागको स्वामित्वमा रहेको मोटरसाइकल १ सहित २ र पेट्रोलियम अन्वेषण आयोजनाको मोटरसाइकल ७ सहित ११ सवारी साधन बिग्री काम नलाग्ने अवस्थामा रहेको छ । नियमावलीको नियम ५१ अनुसार ती सवारीसाधनहरुको सम्बन्धमा कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

उद्योग विभाग

६. **भन्सार महसुल फिर्ता –** यो वर्ष विभिन्न १५ उद्योगलाई निकासी गरेबापत रु.६ करोड ४० लाख ३७ हजार भन्सार महसुल फिर्ता खर्च लेखेको छ । औद्योगिक व्यवसाय ऐन, २०४९ र औद्योगिक नीति, २०४९ ले उद्योगले निकासी गरेको सामानको लागि खपत भएको कच्चापदार्थमा लागेको महसुल माग भएको ६० दिनभित्र फिर्ता दिनुपर्ने व्यवस्था गरेको छ । महसुल फिर्ताका लागि २०५७।१२।२९ देखि २०६५।८।२० सम्म निवेदन गरे तापनि २०६७।३।७ र २०६७।८।२१ मा मात्र फिर्ताको लागि एकद्वार समितिबाट सिफारिस भएको देखिन्छ । महसुल फिर्ता गर्ने निर्णय गर्न १० वर्षसम्म पनि लगाएको देखिएको छ ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ अनुसार एकद्वार समितिको सिफारिस अनुसार भन्सार महसुल फिर्ता गर्दा भन्सार कार्यालयबाट जारी भएको सक्कल प्रज्ञापनपत्र पेश गरी माग गर्नुपर्ने व्यवस्था छ । ४ उद्योगलाई २४ सक्कल प्रज्ञापनपत्र बेगर भन्सार महसुल रु.५१ लाख २७ हजार फिर्ता गरेको छ ।

खानी तथा भूगर्भ विभाग

७. **अनुगमन –** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१ मा उत्खनन कार्यको लागि अनुमति प्राप्त संस्था वा व्यक्तिले खानीद्वारबाट प्रत्येक पटक खनिजपदार्थ बाहिर निकाल्दा निकालिएको खनिजपदार्थको आधारमा रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ । खानी विभागबाट वर्षेनी विभिन्न खनिज तत्वको अध्ययन अनुसन्धान तथा सर्वेक्षण हुने गरेपनि चुनढुङ्गा, खरी ढुङ्गा, कोइला आदिबाट मात्र यो वर्ष रु.२ करोड ३७ लाख ५८ हजार राजस्व प्राप्त गरेको देखिन्छ । नवीकरण गरिएका ७८ उद्योगमध्ये २६ ले आंशिक र ६ ले पूर्णरुपमा खानी बन्दगरेको उल्लेख गरी रोयल्टी बुझाएका छैनन् ।

विशेष आर्थिक क्षेत्र आयोजना

८. **मूल्य समायोजन**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १० प्रतिशतभन्दा घटी बढी भएमा मूल्य समायोजन गर्नसकिने व्यवस्था छ । आयोजनाले सिमराको गार्मेन्ट प्रशोधन क्षेत्रको पहूँच सडक तथा पर्खाल निर्माण गर्ने एक निर्माण व्यवसायीसँग २०६४।११।१३ मा रु.२ करोड ९९ लाख २० हजारमा गरेको ठेक्का सम्झौता अनुसार २०६५।५।१२ मा कार्यसम्पन्न गर्नुपर्नेमा ८ पटक म्याद थप गरी २०६८।८।३० सम्म कायम गरेको छ । यो वर्षसम्म मूल्य समायोजन समेत रु.२ करोड ८० लाख ८८ हजार खर्च भएकोमा निर्माण सामग्रीको रु.३५ लाख ५४ हजार र ज्यालाको रु.२३ लाख ३३ हजार समेत रु.५८ लाख ८७ हजार (मूल्य अभिवृद्धि कर बाहेक) मूल्य समायोजन भुक्तानी गरेको देखियो । सम्झौतामा मूल्य समायोजनको व्यवस्था गरेको छैन । सार्वजनिक खरिद अनुगमन कार्यालयले २०६५।३।५ मा जारी गरेको प्राविधिक मार्गदर्शन अनुसार निर्माण सामग्रीको मात्र मूल्य समायोजन गर्न मिल्नेमा ज्यालाको पनि मूल्य समायोजन गरी भुक्तानी गरेको रु.२३ लाख ३३ हजार र मूल्य अभिवृद्धि कर रु.३ लाख ३ हजार समेत रु.२६ लाख ३६ हजारको भुक्तानी गर्न मिल्ने देखिएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष विशेष आर्थिक क्षेत्र आयोजनाको कार्यमूलक लेखापरीक्षण गरिएको छ । कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

विशेष आर्थिक क्षेत्रहरुको स्थापना गरी स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्ने, निर्यात बढाउने, रोजगारी सिर्जना गर्ने र समग्र आर्थिक वृद्धि हासिल गर्न कानून तर्जुमा, सम्भाव्यता अध्ययन तथा पूर्वाधार विकास गर्ने उद्देश्यले २०६०।६१ मा यस आयोजनाको स्थापना भएको हो । आयोजनाले भैरहवामा निर्यात प्रशोधन क्षेत्र र सिमरामा गार्मेण्ट प्रशोधन क्षेत्रको पूर्वाधार निर्माण गर्दै आएको छ भने काभ्रेपलाञ्चोकको पाँचखाल, नुवाकोटको रातमाटे, झापा, धनगढी र धनुषामा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि विस्तृत अध्ययन सम्पन्न गरेको र जुम्ला, कपिलवस्तु र बिराटनगरमा प्रारम्भिक अध्ययन कार्य भैरहेको छ ।

९. **कानून निर्माण** – नेपाल सरकारले २०६०।६१ पश्चात प्रत्येक वर्ष बजेट वक्तव्यमा विशेष आर्थिक क्षेत्र सम्बन्धी कानून सोही वर्ष जारी गर्ने उल्लेख हुँदै आएको छ । आयोजनाले विशेष आर्थिक क्षेत्रको स्थापनाको कानूनी व्यवस्था गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विशेष आर्थिक क्षेत्र ऐन, २०६५ तयार गरी गरी २०६५।१२।१४ मा व्यवस्थापिका संसदमा पेश गरेकोमा हालसम्म पारित भएको छैन ।

विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन गर्न आवश्यक कानूनको व्यवस्था नहुँदा विशेष आर्थिक क्षेत्र स्थापना भई तयार भएका पूर्वाधारको उपयोग हुनसकेको छैन । यसमा राजनीतिक सहमतिको अभाव, सरकारको कम प्राथमिकतामा पर्नु जस्ता कारणहरु जिम्मेवार रहेका छन् । तसर्थ समुचित प्राथमिकता दिएर कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. **लागत अनुमान** – नेपाल सरकारबाट स्वीकृत निर्माण सम्बन्धी नर्म्स अनुसार भवन निर्माण गर्दा फलामे छडको दर विश्लेषण गर्दा प्रति किलोग्राम तयारी फलामे डण्डी १.०५ किलोग्राम लाग्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण विभागले हालसम्म सोही नर्म्स प्रयोग गरी भवन निर्माण गर्दै आएको छ । तर आयोजनाले भैरहवाको प्रशासनिक र सेवा केन्द्र भवन निर्माणको लागि १.१५ किलोग्राम फलामे डण्डी लाग्ने गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेको पाइयो । यस अनुसार फलामे छडको परिमाणमा ३२ हजार २०३ किलोग्राम बढ्न गई रु.२७ लाख ४४ हजार लागत बढ्न गएको छ ।

नर्म्स प्रयोग सम्बन्धमा आयोजनाले गत विगत वर्षदेखि सडक विभागको नर्म्स प्रयोग गर्दै आएको तर २०६८।६९ देखि भवन निर्माणको लागत अनुमान तयार गर्दा भवन निर्माण सम्बन्धी नर्म्स प्रयोग गर्ने जनाएको छ । कामको प्रकृति अनुसार यथार्थमा प्रयोग हुने निर्माण सामग्रीलाई मध्यनजर राख्दै उपयुक्त नर्म्स प्रयोग नगरेका कारण उपरोक्तबमोजिम नेपाल सरकारलाई बढी दायित्व परेको छ । अत: निर्माण कार्यको लागत अनुमान तयार गर्दा कामको प्रकृति र प्रयोग हुने सामग्रीलाई ध्यान दिएर उपर्युक्त नर्म्स प्रयोग गर्नुपर्दछ ।

११. **निर्माण कार्यको प्रगति –** आयोजना अन्तर्गत भएका निर्माण कार्यको प्रगति स्थिति देहाय अनुसार देखिएको छ:

११.१. सिमरामा गार्मेन्ट प्रशोधन क्षेत्रमा सडक सुधार र कम्पाउण्डवाल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड ६४ लाख ७८ हजारमा ६ महिनाभित्र सम्पन्न गर्ने गरी २०६४।११।१३ मा ठेक्का सम्झौता भएको थियो । सो क्षेत्रमा स्थानीय बासिन्दाको अवरोधका कारण २०६६ जेष्ठ १० देखिमात्र निर्माणस्थल उपलब्ध गराएको र पटक पटक गरी २०६८ मार्ग मसान्त (४० महिना) सम्म म्याद थप गरेको छ । यसरी म्याद थप गर्दा हर्जाना लिएको छैन । सो अवधिसम्म निर्माण व्यवसायीले ७९ प्रतिशतमात्र काम सम्पन्न गरेको देखिन्छ । सीमा पर्खालको एलाइनमेन्टमा तीन ठाउँमा गरी करिब ३५ घर धुरीको बसोबास रहेकोले उक्त ठाउँमा वस्ती व्यवस्थापन नगरी सीमा पर्खालको निर्माण कार्यसम्पन्न हुन नसकेको आयोजनाको भनाई छ ।

११.२. भैरहवा निर्यात प्रशोधन क्षेत्रमा सेवा केन्द्र भवन एवं फोहोर पानी प्रशोधन केन्द्र निर्माण रु.५ करोड ६ लाख ६५ हजार र प्रशासनिक भवन निर्माण रु.६ करोड ९९ लाख ३० हजारमा ९/९ महिनाभित्र सम्पन्न गर्ने गरी क्रमश: २०६५।१२।३० र २०६६।१।४ मा एउटै निर्माण व्यवसायीसँग २ सम्झौता गरेको थियो । ती ठेक्काको म्याद क्षतिपूर्ति नलिने गरी २०६८।८।३० सम्म (२३ महिना) थप गरेको छ । निमार्णाधीन भवन तथा फोहोर पानी प्रशोधन केन्द्रमा निर्माण व्यवसायीले लागत अनुमानभन्दा बढी दर कबोल गरेका कार्यसम्पन्न गरेको र लागत अनुमानको तुलनामा कम दर कबुल गरेका कामहरु सम्पन्न गरेको छैन ।

भैरहवामा निर्माणाधीन सेवा केन्द्र भवन

भैरहवाको निर्माणाधीन प्रशासकीय भवन

उक्त ३ निर्माण कार्यमा २५६ देखि ६६७ प्रतिशत अवधि थप गर्दा समेत ५० देखि ७९ प्रतिशतसम्म मात्र कार्यसम्पन्न गरेका छन् । भैरहवा निर्यात प्रशोधन क्षेत्रमा निर्माणधिन भवन र फोहोर पानी प्रशोधन केन्द्रका निर्माण व्यवसायीले नेपाल बन्द, अत्यधिक वर्षा, लोडसेडिङ्ग, इन्धन समस्याको कारण आयोजनाले म्याद थप गर्नुपरेको उल्लेख गरेपनि २३ महिनासम्म म्याद थप गर्न माग गरिएका आधार समेत पर्याप्त छैनन् । तसर्थ सम्झौता अनुसार हर्जाना लिई म्याद थप गर्नुपर्दछ । आयोजनाक्षेत्रका कामहरु विवाद अवरोध तथा प्रगतिमा सुस्तताका कारण ढिलाई भई मूल्य वृद्धि हुँदा म्याद थपको अवधिभित्र सम्पन्न हुने अवस्था छैन । अत: आयोजनाले औचित्य बेगर म्याद थप गरी ठेक्का लम्ब्याउनुभन्दा कडाइका साथ कारबाही अगाडि बढाई कार्यसम्पन्न गराउनेतर्फ विशेष पहल गर्नुपर्दछ ।

१२. **जग्गाको संरक्षण र उपयोग** – आर्थिक कार्यविधि ऐन तथा नियमावलीमा सरकारी स्वमित्वमा रहेको जग्गा तथा भौतिक सम्पतिको संरक्षण गर्नुपर्ने र नेपाल सरकारको निर्णय बेगर सरकारी जग्गा तथा सम्पतिको कसैलाई पनि भोगचलन गर्न दिन नहुने व्यवस्था छ । विशेष आर्थिक क्षेत्र स्थापनाको लागि वीरगन्ज चिनी कारखानाको ८३३ बिगाह जग्गा हस्तान्तरण गरेको थियो । उक्त जग्गा विगत वर्षदेखि स्थानीय जनता र साबिक उखु फार्मको कामदारहरुले प्रयोग गरिरहेका छन् । आयोजनाले जग्गा संरक्षण समेत गर्न नसकेकोले कतिपय स्थानमा जग्गा अतिक्रमण गरी घर निर्माण गरेका छन् । आयोजनाको स्वामित्वमा रहेको उक्त ८३३ बिगाहामा व्यक्तिगत तवरले प्रयोग गरिरहेको स्थलगत अवलोकनको क्रममा देखियो । यसरी प्रयोग गरेबापत जग्गाको आम्दानी समेत प्राप्त भएको छैन । तसर्थ जग्गाको संरक्षण र उपयोगका लागि आयोजनाले विशेष ध्यान पुऱ्याउनुपर्ने देखिएको छ ।

संगठित संस्था तथा अन्य संस्थातर्फ

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

प्रतिष्ठानको २०६६।६७ र २०६७।६८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

१३. **सञ्चालन नतिजा** – प्रतिष्ठानको २०६६।६७ मा रु.२६ लाख नोक्सानी रहेकोमा यो वर्ष रु.२ करोड ४८ लाख ३७ हजार आय र रु.२ करोड ४१ लाख ३८ हजार व्यय गरी रु.६ लाख ९९ हजार नाफा आर्जन गरेको छ । यो वर्षको नाफामा बिक्री हुन नसकेको सामानको व्यवस्था, कर्मचारीको उपदान, बिदा रकमको व्यवस्था आदि अनिवार्य दायित्वको व्यवस्था जस्ता दायित्व हिसाब गरी थप गर्दा प्रतिष्ठान नोक्सानीमा जाने देखिन्छ ।

१४. **कार्यक्रम पेश्की –** प्रतिष्ठानले यो वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्न विभिन्न संस्थाबाट लिएको पेश्कीबाट आफ्ना कर्मचारीलाई पेश्की दिई कार्यक्रम सञ्चालन गरेको पाइयो । सो कार्यक्रम यसै आर्थिक वर्षभित्र सम्पन्न गरे तापनि बिल भरपाई पेश नगरेकोले पेश्की फर्छ्यौटने दायित्व बाँकी नै राखेको छ । यसले गर्दा प्रतिष्ठानको आम्दानी रु.११ लाख १८ हजारले कमी हुन आउने देखिएको छ ।

१५. **स्थिर सम्पत्ति** – प्रतिष्ठानको आर्थिक विनियमावली अनुसार कार्यालयमा प्राप्त हुन आएका खर्च नहुने जिन्सी सामानहरु तथा सम्पत्तिको स्रेस्ता तयार गरे तापनि लेखामान–६ अनुरुप सम्पत्ति तथा जिन्सीको लागत मूल्य, खरिद मिति, ह्रास कट्टी, सम्पत्ति रहेको स्थान आदि खुलाई लगत अद्यावधिक राखेको पाइएन । स्थिर सम्पत्तिहरुको भौतिकपरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु हिसाबमा समायोजन गरेको छैन । कतिपय काम नलाग्ने बिग्रिएका अवस्थामा रहेका स्थिर सम्पत्तिहरु अपलेखन नगरी खातामा यथावत् राखेको छ । प्रतिष्ठानको विनियमावली अनुसार भौतिकपरीक्षण प्रतिवेदनको आधारमा जिन्सी सामानको संरक्षण मर्मत र संभार गर्ने गराउने व्यवस्था भए पनि सोको पूर्णरुपले पालना भएको छैन ।

१६. **विदेशी विनिमय –** नेपाल लेखामान– ११ अनुसार विदेशी मुद्राको कारोबार प्रविष्टि कारोबार दिनलाई आधार मानी सो दिनको विनिमय दरमा लेखाङ्कन गर्ने र अन्तिम विवरण तयार गर्दा वासलात मितिलाई आधार मानी सो दिनको विनिमय दरमा लेखाङ्कन गरी विनिमयमा हुने फरकलाई आय व्यय विवरणमा समावेश गर्नुपर्ने उल्लेख भएकोमा प्रतिष्ठानले आर्थिक वर्षभरी एउटै दरबाट लेखाङ्कन गरेबाट विनिमय घाटाले यथार्थ स्थिति देखाएको छैन ।

हेटौंडा सिमेन्ट उद्योग लिमिटेड

उद्योगको २०६६।६७ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१७. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सानी रु.७३ करोड ७० लाख ५० हजार भएकोमा यो वर्ष रु.११ करोड ७० लाख १७ हजार नाफा भई यो वर्षसम्मको सञ्चित नोक्सानी रु.६१ करोड ९९ लाख ३३ हजार रहेको छ ।

१८. **स्थिर सम्पत्ति** – गत वर्षसम्म निर्माणाधीन समेत स्थिर सम्पत्ति रु.२४ करोड ३९ लाख १० हजार रहेकोमा यो वर्षसम्म रु.२३ करोड ९५ लाख ३९ हजार कायम भएको छ । उद्योगले यो वर्ष पनि स्थिर सम्पत्तिको भौतिकपरीक्षण नगरेको, स्थिर सम्पत्ति रजिष्टरमा सम्पत्तिको यथार्थ विवरण खुल्ने अभिलेख नराखेको र स्थिर सम्पत्ति जडान भएको स्थान, अवस्था, जिम्मा लिई प्रयोग गर्ने व्यक्ति आदिको विवरण राखेको देखिएन ।

१९. **जिन्सी मौज्दात** – आर्थिक वर्षको अन्त्यमा भण्डारमा मौज्दात रहेको जिन्सी रु.३४ करोड ३४ लाख १ हजारमध्ये कच्चापदार्थ बाहेक जनरल स्पेयर पार्टस एवं इन्धन भण्डारको भौतिकपरीक्षण गरेको छैन ।

२०. **कोइला आपूर्ति –** कोइला आपूर्ति सम्बन्धी सम्झौताको शर्तमा उद्योगमा लिइने नापतौल अन्तिम हुने र उद्योगको प्रयोगशालाको परीक्षण प्रतिवेदनको आधारमा गुणस्तर यकिन गरी भुक्तानी दिने उल्लेख छ । शर्तमा कोइलाको औषत क्यालोरिफिक परिमाण (भ्यालू) न्यूनतम ६ हजार क्यालोरी प्रतिकिलोग्राम हुनुपर्ने तथा ५ हजार ८०० क्यालोरी प्रतिकलोग्रामसम्मको लागि मूल्य समायोजन गरी स्वीकार गर्न सकिने व्यवस्था भएको देखियो । यो वर्ष ५६ लट कोइला आपूर्ति भएको प्रयोगशालाको परीक्षण प्रतिवेदन अनुसार न्यूनतम ६ हजार क्यालेरी प्रतिकिलोग्राम औषत क्यालोरिफिक परिमाणको कोइला ५ लट र ५ हजार ८०० क्यालोरी प्रतिकिलोग्रामसम्मको ५१ लट आपूर्ति भएको पाइयो । कम औषत क्यालेरीफिक परिमाणमा कोइला आपूर्तिले गुणस्तरमा पर्ने असरको सम्बन्धमा अध्ययन गरेको पाइएन ।

कोइला खरिद सम्झौता अनुसार हरेक ३५० मेट्रिकटन कोइलाको लटवाइज नमुना लिएर निश्चित परिमाणमा प्रयोगशाला परीक्षण गर्नुपर्नेमा ५०० मेट्रिकटन भन्दा बढी परिमाणमा परीक्षण गर्ने गरेको पाइयो । तोकिएको परिमाणमा प्रयोगशाला परीक्षण नहुँदा अस्वीकृत गर्नुपर्ने कोइला पनि स्वीकार भएको देखियो । एक

दिनमा प्राप्त हुने परिमाण ३५० मेट्रिकटन नपुग हुने र दुई दिनको परिमाण लिँदा ५०० मेट्रिक टन नाघ्ने भएकोले ५०० मेट्रिकटनभन्दा बढी परिमाणको परीक्षण गर्ने गरिएको जवाफ प्राप्त भएको छ ।

२१. **कच्चा पदार्थ खपत** – उद्योगले सिमेन्ट उत्पादन गर्दा प्रति मेट्रिकटन कच्चापदार्थ खपत परिमाण विगत ४ वर्षमा फरक फरक परिमाणमा गरेको पाइयो । उद्योगबाट कच्चापदार्थ खपतको नर्म्स उपलब्ध नभएको कारण कच्चापदार्थको वास्तविक खपतको आधारमा उत्पादन भए नभएको तुलना गर्न सकिएन ।

२२. **उद्योग सञ्चालन –** यो वर्ष उद्योग सञ्चालन समय वार्षिक ८ हजार ७६० घण्टा भए तापनि क्लिन ४.४४ घण्टा, र–मिल २ हजार ७३२ घण्टा, सिमेन्ट मिल २ हजार ९०४ घण्टा र सेकेन्डरी क्रसर सेक्सन ८५२ घण्टामात्र सञ्चालन भई क्रमश: ४ हजार ७२४ घण्टा, ५ हजार ९२८ घण्टा, ५ हजार ८५६ घण्टा र ७ हजार ९०८ घण्टा बन्द रहेको पाइयो । उद्योगको अधिकतम समय उत्पादन नभई निष्क्रिय रहेको छ ।

२३. **लेखापरीक्षण समिति** – कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम रु.३ करोडभन्दा बढी चुक्ता पूँजी भएको कम्पनीले लेखापरीक्षण समितिको गठन गर्नुपर्नेमा गरेको छैन ।

२४. **स्थगन कर –** नेपाल लेखामान–९ ले गरेको व्यवस्था अनुसारको स्थगन कर (डेफर्ड कर) गणना गरेको देखिएन ।

हेटौंडा कपडा उद्योग लिमिटेड (इन–लिक्विडेसन)

सुती कपडा उत्पादन गरी बिक्री गर्ने उद्देश्यले २०३१ मा स्थापित यो उद्योग मन्त्रिपरिषद्को २०५९।९।८ को निर्णयले खारेज गरी लिक्विडेटर नियुक्ति गरेको छ । उद्योगको २०६७६८ को अन्तिम लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

२५. **लिक्विडेटर** – लिक्विडेसन प्रक्रियामा रहेको यो उद्योगलाई मन्त्रिपरिषद्को २०६५।८।१८ को निर्णय अनुसार २०६५।१०।१ देखि पुन:सञ्चालनमा ल्याएको भए तापनि मन्त्रिपरिषद्ले २०६६।७।१० मा पुन:लिक्विडेसन कार्यलाई निरन्तरता दिने निर्णय गरेको छ । २०६६।११।२३ मा कार्यारम्भ गरेको लिक्विडेटरको कार्य अवधि २०६७।५।२० मा समाप्त भएकोमा अर्थमन्त्रीको २०६७।८।२२ को निर्णयबाट म्याद समाप्त भएको मितिदेखि ६ महिनाको म्याद थप भएको छ । यो वर्ष उद्योगमा रु.२२ लाख ५२ हजार प्रशासनिक खर्च भएको छ । चल अचल सम्पत्तिको लिलामी तथा बिक्री गर्न अर्थ मन्त्रालयको पूर्व स्वीकृति बेगर लिक्वीडेटरले सो बिक्री कार्य अघि बढाउन नसक्ने अवस्था छ । लिक्विडेटरले लिक्विडेसन सम्बन्धी कार्य नगरेकोले व्ययभार बढ्दै जाने देखिन्छ ।

२६. **सम्पत्ति –** उद्योगको गत वर्ष स्थिर सम्पत्ति रु.४ करोड ९१ लाख ६६ हजार रहेकोमा यो वर्ष कुनै थपघट भएको देखिएन । नेपाल लेखामान अनुसार लिक्विडेशनमा गएको यस कम्पनीको सम्पत्तिमा परिवर्तन भएको मूल्यलाई वित्तीय विवरणमा प्रस्तुत गरेको छैन ।

नेपाल औषधि लिमिटेड

जडिबुटीहरु सङ्कलन तथा औषधि उत्पादन गरी सुपथ मूल्यमा उपलब्ध गराई औषधिको क्षेत्रमा राष्ट्रलाई आत्मनिर्भर बनाउने उद्देश्यले २०२९ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित छ । यस कम्पनीको २०६७६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

२७. **सञ्चालन नतिजा –** गत विगत वर्षदेखि निरन्तर रुपमा औषधि उत्पादनको परिमाण घट्दै गएको कारण लिमिटेडको आर्थिक स्थिति सङ्कुचन हुँदै गईरहेको छ । कम्पनीको मुख्य व्यवसाय औषधि उत्पादन र बिक्रीमा निरन्तर ह्रास भइरहेको कारणले गत वर्षको सञ्चित घाटा रु.४८ करोड ५९ लाखमा यो वर्षको घाटा रु.७ करोड ४० लाख थप भई खुद सञ्चित घाटा रु.५५ करोड ९९ लाख पुगेको छ ।

गत वर्षको वासलात अनुसार खुद सम्पत्ति रु.३७ करोड ९४ लाख ऋणात्मक रहेकोमा यो वर्ष थप भएको रु.७ करोड ४१ लाखले गर्दा वर्षान्तमा रु.४५ करोड ३५ लाख ऋणात्मक हुन पुगेको देखिन्छ ।

२८. **उत्पादन लक्ष्य तथा बिक्री –** यो वर्षको औषधि उत्पादन १ करोड ५४ लाख युनिटको लक्ष्य रहेकोमा ६ लाख ३२ हजार अर्थात लक्ष्यको तुलनामा ४.१० प्रतिशतमात्र उत्पादन गरेको छ । गत वर्ष उत्पादन लक्ष्यको १२.७२ प्रतिशत र बिक्री लक्ष्यको ६.९९ प्रतिशत प्रगति गरेको थियो । यो वर्षको कुल बिक्री लक्ष्य रु.१० करोड ८७ लाख ३५ हजार रहेकोमा रु.४२ लाख ८९ हजार अर्थात लक्ष्यको तुलनामा ३.९४ प्रतिशतमात्र बिक्री देखिन्छ । विगत तीन वर्षदेखि लक्ष्यको तुलनामा प्रगति नगण्य हुँदै गएको छ ।

२९. **आर्थिक स्थिति –** कम्पनीले विगत वर्षमा विभिन्न औषधि उत्पादन गरी बिक्री वितरण गर्दै आएकोमा हालका वर्षमा आधुनिक प्रविधि अनुशरण गर्न नसकेको तथा कच्चापदार्थ खरिद अनुमति नपाएको कारण उत्पादन कार्य प्राय: ठप्प भएको छ । कम्पनीको नेटवर्थ रु.४५ करोड ३५ लाखले ऋणात्मक भैसकेको कारणले निरन्तरतामा शंकास्पद स्थिति पैदा भएको छ ।

३०. **व्यापारिक तथा अन्य दायित्व –** कम्पनीले बाह्य पक्षलाई भुक्तानी गर्नुपर्ने दायित्व यो वर्षको अन्तमा रु.२१ करोड ८ लाख ३५ हजार रहेको छ । सो दायित्वभित्र विगत लामो समयदेखिको धरौटी रु.२७ लाख ६४ हजार भुक्तानी दिनुपर्ने बिल रु.२० करोड ५२ लाख ३० हजार तथा ग्राहक तथा अन्य अग्रिम प्राप्त रु.२५ लाख ३२ हजार समेत समावेश रहेको छ ।

३१. **व्यवस्था –** कम्पनीले उपदान, औषधि उपचार, सञ्चित घर तथा बिरामी बिदा, कर्मचारी बोनस लगायत ६ शीर्षकमा रु.१३ करोड ९८ लाख ३३ हजार बराबरको व्यवस्था गरे तापनि सोको लागि कोष खडा गरेको छैन । यो वर्ष व्यवस्था गर्दा हालसम्मको व्यवस्थाको अद्यावधिक स्थिति खुलाएको छैन । उपदान व्यवस्थाको रकम हालसम्म स्वीकृत अवकास कोषमा दाखिला गरेको छैन ।

३२. **ऋण अवस्था** – नेपाल क्रेडिट कमर्श बैङ्कलाई रु.६ करोड ९५ लाख ४५ हजार र नेपाल सरकारको ऋण र ब्याज रु.२६ करोड ५३ लाख १७ हजार समेत तिर्न बाँकी ऋण रु.३३ करोड ४८ लाख ६२ हजार रहेको छ । सो ऋणमध्ये भाखा पुगेको ऋण र ब्याज रु.१५ करोड ५२ लाख ८५ हजार र व्यापारिक तथा अन्य भुक्तानी दिनुपर्ने भाखा ननाघेको ऋण रु.१७ करोड ९५ लाख ७८ हजारलाई असुरक्षित मध्यम तथा दीर्घकालीन ऋण अन्तर्गत वर्गीकरण गरेको छ । बैङ्कसँग लिएको ऋण र सोको ब्याज चुक्ता गर्नसक्ने अवस्थामा कम्पनी देखिँदैन । यद्यपि बैङ्कको ऋण र ब्याज चुक्ता गर्न नेपाल सरकार अर्थ मन्त्रालयसँग २०६८।८।२५ मा रु.७ करोडको ऋण सम्झौता गरेको पाइयो ।

३३. **अग्रिम कर फिर्ता** – आर्थिक विवरणमा यो वर्षको अन्त्यसम्म आन्तरिक राजस्व कार्यालयमा अग्रिम दाखिला कर रु.५५ लाख ४७ हजार र अग्रिम कर कट्टी रु.९३ हजार समेत रु.५६ लाख ४० हजार फिर्ता लिन बाँकी देखाएको छ । तर आन्तरिक राजस्व कार्यालयबाट सो रकमको फिर्ता हुने आधार प्रमाण प्राप्त गरेको छैन ।

३४. **जिन्सी व्यवस्थापन** – सम्बन्धित शाखाले काम नलाग्ने भनी यकिन गरेका कच्चापदार्थ, प्याकिङ्ग मेटेरियल्स तथा अन्तिम तयारी औषधिहरुलाई समयमानै मिनाहा गरी स्टोर व्यवस्थापन सरल एवं सहज बनाउन प्रयास गरेको देखिएन । काम नलाग्ने अवस्थामा रहेको कच्चापदार्थमा रु.६९ लाख १० हजार र तयारी सामानमा रु.४८ लाख ४५ हजार समेत रु.१ करोड १७ लाख ५५ हजारको लागि नोक्सानीको व्यवस्था गरेको छैन ।

३५. **पूँजीगत अनुदान** – यूनिसेफबाट प्राप्त मेशिन, स्पेयर पार्ट्स तथा सवारीसाधन रु.१ करोड ८९ लाख १५ हजार र यूनिडोबाट प्राप्त मेशिन तथा स्पेयर पार्ट्स रु.६० लाख ८ हजारको पूँजीगत अनुदानलाई आर्थिक विवरणमा देखाएको छ । तर त्यसको ह्रास कट्टी बराबरको रकम आम्दानी देखाएको छैन ।

३६. **बक्यौता असुली** – आर्थिक विवरणमा व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने रु.१ करोड १८ लाख ७९ हजारमा विगत धेरै वर्षदेखि उठ्न बाँकी रकम समेत समावेश छ । लामो समयदेखि बाँकी देखाएको आसामीहरु हाल उठ्ने स्थितिमा रहे नरहेको यकिन गरी असुरक्षित आसामीमा देखाएको उठ्न नसक्ने जतिको लागि सम्भावित नोक्सानीबापत व्यवस्था गरेको छैन ।

३७. **अग्रिम तथा धरौटी** – आपूर्तिकर्ता र अन्यलाई दिएको पुरानो धरौटी तथा अग्रिम भुक्तानी रु.९४ लाख ४३ हजार उठ्न सक्ने अवस्थामा छैन । उठ्न नसक्नेको हकमा मिनाहा गर्ने अथवा शंकास्पदको हकमा सम्भावित नोक्सानीबापत रकम व्यवस्था गर्नुपर्नेमा गरेको देखिएन ।

३८. **शेयरमा लगानी** – जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा रु.१३ लाख २ हजारको शेयर लगानी गरेकोमा शेयरको प्रमाणपत्र प्राप्त गरेको पाइएन ।

३९. **घरभाडा** – कम्पनी र नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबीच २०६७।११।२८ मा भएको सम्झौता अनुसार १० प्रतिशत भाडावृद्धि समेतको रु.३ लाख ६३ हजार भाडा कायम गर्नुपर्नेमा रु.१ लाख ३२ हजार कम आम्दानी बाँधेको छ । कम्पनी र एक होर्डिङ्ग बोर्ड राख्ने संस्थाबीच भएको सम्झौताअनुसार यो वर्ष कर सहितको वार्षिक रु.५ लाख १३ हजारमा आम्दानी बाँध्नुपर्नेमा रु.४ लाख ६२ हजारमात्र आम्दानी गरी अग्रिम कर कट्टीबापतको रु.५१ हजार कम आम्दानी गरेको छ ।

सुर्ती विकास कम्पनी लिमिटेड (इन–लिक्विडेशन)

सुर्ती खेतीको विकास गरी चुरोट उद्योगको लागि आवश्यक कच्चापदार्थ उपलब्ध गराउने र निर्माण समेत गर्ने उद्देश्यले २०२८ मा कम्पनी ऐन अन्तर्गत स्थापित यो कम्पनीको विघटन गर्ने नेपाल सरकारको निर्णय अनुसार २०५१।२।२४ मा लिक्विडेटरको नियुक्ति भई लिक्विडेशनको कार्य जारी छ । कम्पनीको २०६७।६८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

४०. **सञ्चालन नतिजा** – कम्पनीको गत वर्षसम्मको जम्मा सम्पत्ति रु.७२ लाख २२ हजार भएकोमा यो वर्ष रु.७१ लाख ४४ हजार भएको छ । गत वर्षसम्म खुद सम्पत्ति रु.३ करोड ५२ लाख २३ हजार ऋणात्मक भएकोमा यस वर्ष वृद्धि भई रु.३ करोड ५२ लाख ९३ हजार पुगेको छ ।

४१. **सञ्चित नोक्सानी** – कम्पनीले ऐतिहासिक लागत अवधारणाबमोजिम तयार गरेको वित्तीय विवरण अनुसार गत वर्षसम्मको सञ्चित नोक्सानी रु.५ करोड ५२ लाख २२ हजारमा यस वर्षको खुद नोक्सान रु.७० हजार थप भई सञ्चित नोक्सानी रु.५ करोड ५२ लाख ९२ हजार पुगेको छ । विभिन्न आसामीबाट असुल गर्नुपर्ने रकमको ब्याज प्राप्तीमा शंकास्पद स्थिति देखिँदा सञ्चित नोक्सानी अझै बढ्ने देखिन्छ ।

४२. **वित्तीय विवरण** – वित्तीय विवरण तयार गर्नुपर्ने उत्तरदायित्व लिक्विडेटरमा रहेको र लिक्विडेटरले विभिन्न व्यवस्थापकीय सूचनाका आधारमा तयार गर्नुपर्नेमा गरेको छैन ।

४३. **ऋण** – कृषि विकास बैङ्कबाट प्राप्त रु.१ करोड ५० लाख २७ हजार र विश्व बैङ्कबाट प्राप्त रु.२१ लाख ५२ हजार समेत रु.१ करोड ७१ लाख ७९ हजार ऋण बाँकी देखाएको छ । उक्त रकम सम्बन्धित निकायहरुबाट समर्थन लिएको छैन । महालेखा नियन्त्रक कार्यालयको २०६५।२।१ को पत्रानुसार विश्व बैङ्कबाट प्राप्त ऋणको २०६३।६४ सम्मको ब्याज दायित्व रु.४६ लाख ७३ हजार रहेकोमा सोबापत रु.२५ लाख ३६ हजार मात्र व्यवस्था गरेको छ । ब्याजको लागि २०६४।६५ देखि २०६७।६८ सम्मको व्यवस्था नगरेकोले दायित्व अझै बढ्ने देखिन्छ ।

४४. **चालू दायित्व** – चालू दायित्वमध्ये कृषकलाई तिर्नुपर्ने देखाएको रु.१० लाख १४ हजार को तिर्न बाँकी अभिलेख स्पष्ट खुलाएको छैन । पार्टी र कर्मचारी क्रेडिटर्स देखाएकोमध्ये पुरानो र तिर्नुपर्ने हिसाब यकिन गरेको पाइएन । स्रोतमा कट्टी गरेको कर रु.५९ हजार आयकर ऐन, २०५८ को दफा ९० अनुसार महिना सकिएको १५ दिनभित्र दाखिला गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

४५. **स्थिर सम्पत्ति** – अन्तर्राष्ट्रिय विकास संस्थाको ऋण अन्तर्गत प्राप्त सामानको रु.२३ लाख ७६ हजार परल मोलमध्ये रु.८ लाख ४२ हजार ह्रास कट्टी गरी रु.१५ लाख ३४ हजार खुद सम्पत्ति देखाएको छ । उक्त सम्पत्तिको अभिलेख तथा मौजुदा स्थिति बारे कोष आफै स्पष्ट छैन ।

४६. **पेश्की, सापटी तथा आसामी** – गत वर्षसम्म बक्यौता रहेको पेश्की सापटी रु.२५ लाख ८९ हजार यो वर्ष पनि असुल फछ्यौंट गरेको देखिएन । वित्तीय विवरणमा पेश्की, सापटी तथा धरौटीबापत व्यवस्था गरेको

पनि पाइएन । साथै जनकपुर चुरोट कारखानाबाट पाउनुपर्ने साविकदेखि देखाएको रु.३० लाख प्राप्त नभएकोले सो रकमको असुली शंकास्पद रहेको छ । यसबापत शंकास्पद आसामीको व्यवस्था गरेको छैन ।

४७. **लिक्वीडेटर** – सूर्ती विकास कम्पनीको लिक्वीडेशनको लागि १६ वर्ष अघि शुरु गरिएको कार्य समयमा सम्पन्न गर्न नसक्दा सरकारलाई व्ययभार पर्न गएको छ ।

उदयपुर सिमेण्ट उद्योग लिमिटेड

उद्योगको २०६७।६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

४८. **लेखापरीक्षणको स्थिति** – उद्योगको २०६२।६३ देखि २०६७।६८ सम्मको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन क्रमशः २०६४।९।१३, २०६५।५।३०, २०६६।५।१२, २०६७।३।१, २०६७।११।१७ र २०६८।११।४ मा उपलब्ध गराई सञ्चालक समितिको जवाफको लागि अनुरोध गरिए तापनि हालसम्म प्रतिक्रिया सहित सञ्चालक समितिबाट प्रमाणित वित्तीय विवरण उपलब्ध नभएको कारण ती वर्षहरुको अन्तिम लेखापरीक्षण कार्य टुङ्गिन सकेको छैन ।

४९. **सञ्चालन नतिजा** – गत वर्षको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसाबले रु.१ अर्ब ७७ करोड ३० लाख ५० हजार सञ्चित नोक्सानी देखाएकोमा यो वर्षको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसाबमा गत वर्षसम्मको सञ्चित नोक्सानी रु.१ अर्ब ७३ करोड २४ लाख ४ हजारमा यो वर्षको नोक्सान रु.२८ करोड २७ लाख ९ हजार थप भई यो वर्षसम्म रु.२ अर्ब १ करोड ५१ लाख १३ हजार नोक्सान देखाएको छ । मन्त्रिपरिषद्को २०५७।५।१५ को निर्णय अनुसार कार्यसम्पन्न भइसकेको रु.३ अर्ब २० करोड ४३ लाखको सम्पत्ति पूँजीकरण नगरेकोले सोमा शुरुदेखि यो वर्षसम्मको ह्रास कट्टी नगरेको साथै सोबापतको खर्च लेखाङ्कन पनि गरेको छैन । विगत वर्षहरुदेखिको लेख्नुपर्ने ह्रास खर्च, खपत भएको कच्चापदार्थ, जगेडा पार्ट्स, लुब्रिकेन्टस् तथा भण्डारण सामान लगायत खरिद भई खपत भएको सामानको लागत ढुवानी तथा भन्सार महशुल समेतको खर्च लेखाङ्कन गर्ने हो भने नोक्सानी अझै बढ्ने देखिन्छ ।

५०. **जिम्मेवारी फरक –** वासलातमा २०६६।६७ को सञ्चित नोक्सान रु.१ अर्ब ६८ करोड ५० लाख ६५ हजार, जिन्सी मौज्दात रु.६२ करोड ५५ लाख ९० हजार, नगद तथा बैङ्क रु.१ करोड ५४ लाख २९ हजार, अग्रिम भुक्तानी, पेश्की सापटी, धरौटी रु.१५ करोड ९४ लाख ८६ हजार र व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रु.९९ अर्ब ८२ लाख ५० हजार देखाएकोमा यो वर्षको वासलातमा ती शीर्षकहरुमा क्रमशः रु.१ अर्ब ७३ करोड २४ लाख ४ हजार, रु.८१ करोड २० लाख ६ हजार, रु.१ करोड १६ लाख ७७ हजार, रु.१९ करोड १२ लाख ९८ हजार र रु.९४ करोड ८० लाख ८९ हजार जिम्मेवारी सारेको छ । त्यस्तै तुलनात्मक नाफा नोक्सान हिसाबमा पनि बिक्री लागत, प्रशासकीय खर्च र अन्य आम्दानी शीर्षकमा गत वर्षभन्दा फरक रकम उल्लेख गरेको देखियो । जिम्मेवारी फरक पर्नुको कारण पेश भएन । विगत वर्षको वित्तीय विवरणमा पनि अघिल्लो वर्षमा उल्लेख भए अनुसारको भन्दा जिम्मेवारी घटीबढी अङ्क देखाएको छ ।

५१. **शेयर पूँजी** – अधिकृत पूँजी रु.४ अर्ब र जारी पूँजी रु.३० करोड रहेकोमा साधारण शेयर रु.४४ करोड ३७ लाख ५१ हजार र अग्राधिकार शेयर रु.३ अर्ब २० करोड ४३ लाख समेत रु.३ अर्ब ६४ करोड ८० लाख ५१ हजारको शेयर जारी गरेको छ । जारी पूँजीभन्दा बढी शेयर निष्काशन गरेकोमा कम्पनी ऐन, २०६३ बमोजिम स्वीकृति नलिएको व्यहोरा विगत वर्षदेखिनै उल्लेख गरेको भए तापनि कुनै कारबाही भएको छैन ।

५२. **ऋण –** गत वर्षसम्म मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ७४ करोड रहेकोमा यो वर्ष रु.१ करोड ५० लाख भुक्तानी गरी वर्षको अन्त्यमा रु.१ अर्ब ७२ करोड ५० लाख रहेको छ । महालेखा नियन्त्रक कार्यालयले उद्योगसँग लिन बाँकी ऋण देखाएको र उद्योगको लेखा अनुसार तिर्न बाँकी देखिएको हिसाबमा रु.४८ करोड ५० लाख फरक परेको छ । यस्तो फरक हिसाब यकिन गर्नेतर्फ कार्य नभएको व्यहोरा विगत देखिको प्रतिवेदनमा उल्लेख गरिए तापनि स्थिति यथावत् छ । फरक ऋणको सम्भावित दायित्वको व्यवस्था पनि गरेको छैन । नेपाल सरकारको २०५७।५।१५ को निर्णयानुसार कायम भएको ऋण रु.२ अर्ब ५५ करोड ६२ लाख भुक्तानी तालिकाको अभावमा उद्योगले आफ्नो सुविधा अनुसार भुक्तानी गर्दै आएको छ । उक्त

निर्णयमा ५ प्रतिशत ब्याजको ऋण १२ वर्षभित्र वार्षिक रुपमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । २०५२ आषाढमा ऋण कायम गरेको आधारमा सो वर्षबाट १२ वर्ष गणना गर्दा २०६४ आषाढ मसान्तसम्ममा सबै ऋण चुक्ता गरिसक्नुपर्नेमा चुक्ता नगरी यो वर्षसम्म रु.१ अर्ब ७२ करोड ५० लाख बाँकी राखेको छ ।

५३. **अल्पकालीन ऋण** – एक जुटको सामाग्री उत्पादन गर्ने मिललाई जुट बोरा आपूर्ति गर्ने शर्तमा २०५१।६।२४ मा रु.२४ लाख अल्पकालीन ऋण उपलब्ध गराएको छ । सो बाहेक रु.११ लाख १३ हजारको पेश्की पनि बाँकी छ । दुई महिनाभित्र जुट बोरा सप्लाई गर्न धितो जमानी राखे तापनि हालसम्म साँवा, ब्याज तथा पेश्की समेत असुलीको निमित्त कानूनी प्रक्रिया थालनी गरेको छैन । उद्योग मन्त्रालयको पत्रानुसार पछि सोधभर्ना लिने गरी २०५२।६।३१ मा सोही मिललाई करारर सम्झौता बेगर ऋण उपलब्ध गराएको रु.१० लाखपनि असुल गरेको छैन । यस सम्बन्धमा विगत वर्षको प्रतिवेदनबाट समेत ध्यानाकर्षण गराइएकोमा सुधार भएको छैन ।

५४. **स्थिर सम्पत्ति** – वर्षान्तमा रु.५ अर्ब ३४ करोड ६ लाख ९० हजारको स्थिर सम्पत्ति रहेको देखाएको छ । भौतिकपरीक्षण नगरेकोले सम्पत्तिको यथार्थ स्थिति यकिन गर्न सकिएन । मन्त्रिपरिषदले् २०५७।५।१५ को निर्णय अनुसार रु.३ अर्ब २० करोड ४३ लाख निर्माणाधीन सम्पत्तिलाई सम्पत्तिमा देखाएको छैन । यो व्यहोरा विगतदेखि उल्लेख गरेकोमा यो वर्ष पनि लेखा अद्यावधिक गरेको छैन ।

५५. **पेश्की** – यो वर्षसम्म पेश्की रु.२० करोड ५१ लाख ३० हजार रहेको छ । उक्त लिन बाँकी रकमको व्यक्तिगत विवरण र आयु वर्गीकरण गरी विवरण तयार नगरेकोले सोको यकिन गर्ने आधार देखिएन । उद्योगले समयमा पेश्की फछ्यौंट नगर्ने कर्मचारीसँग आर्थिक प्रशासन विनियमावलीबमोजिम ब्याज असुल गरेको छैन । साथै पहिलाको पेश्की फछ्यौंट नहुँदै पुन: पेश्की दिएको छ । सेवाबाट अलग भैसकेका व्यक्तिसँग पनि पेश्की बाँकी राखेको छ । फिर्ता असुलीको आवश्यक कारबाही गरेको देखिएन ।

५६. **धरौटी –** सामान सप्लाई, दस्तुर, टेलिफोन जडान आदिबापत विभिन्न संघ संस्था तथा सप्लायर्सको नाममा रु.२४ लाख ३९ हजार धरौटी राखेको छ । यसमध्ये २०५४।५५ र २०५५।५६ मा ९ संस्थाको नाममा राखेको धरौटी रु.१७ लाख हिसाब अद्यावधिक गर्न बाँकी रहेकोले सो फरफारक गर्न विगत प्रतिवेदन देखिनै उल्लेख गरेको भए तापनि धरौटी फरफारक गरेको देखिएन ।

५७. **लक्ष्य प्रगति –** यो वर्ष क्षमताको ५० प्रतिशत उत्पादन गरी बिक्री वितरण गर्ने वार्षिक लक्ष्य राखेकोमा लक्ष्यको तुलनामा क्लिङ्कर ५५.१९ प्रतिशत तथा सिमेन्ट उत्पादन ५३.५४ प्रतिशत मात्र प्रगति गरेको छ । उत्पादन क्षमताको हिसाबले क्लिङ्कर र सिमेन्टको उत्पादन क्रमश: २७.६० र २६.७७ प्रतिशत रहेको देखिन्छ । विगत वर्षहरु झैं यो वर्ष समेत क्षमताको सरदर एक चौथाईमात्र उद्योग सञ्चालनमा रहेको छ । पूर्णक्षमतामा सञ्चालन गरी अधिकतम लाभ लिन ध्यान दिनुपर्ने देखिन्छ ।

५८. **प्रतितपत्र** – कुल रु.३ करोड ३७ लाख ७७ हजार प्रतितपत्र पेश्कीमध्ये २०६१।६२ अगाडि खोलेको रु.१ करोड ४२ लाख २४ हजारको प्रतितपत्र हिसाब यो वर्ष पनि बन्द गरेको पाइएन । प्रतितपत्रको विवरण तयार नगरेकोले वासलातमा देखाएको रकम यकिन गर्ने अवस्था भएन । यसप्रकारको व्यहोरा विगत वर्ष पनि समावेश भएकोमा सुधार भएको देखिएन ।

५९. **बिक्री कर** – मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि कच्चापदार्थ आयात गर्दा भन्सारमा तिरेको बिक्री कर रु.१३ लाख ७३ हजार मूल्य अभिवृद्धि करबापत तिर्नुपर्ने रकममा हिसाब मिलान गर्न बाँकी रहेको देखिन्छ । सोको प्रज्ञापनपत्र तथा विवरण उद्योगमा नरहेकोले सोधभर्ना पाउने वा समायोजन गर्ने अवस्था नदेखिएकोले अपलेखन गर्नुपर्ने देखिन्छ ।

६०. **सरकारी ऋणमा व्याज** – नेपाल सरकारको २०५७।५।१५ को निर्णयले कायम गरेको ऋणमा गत वर्षसम्मको तिर्न बाँकी व्याज रु.८० करोड २९ लाख ३१ हजारमा यो वर्षको थप रु.८ करोड ६७ लाख ३९ हजार र यस वर्ष नेपाल सरकारलाई भुक्तानी गरेको ५० लाख कट्टा गरी वर्षान्तमा रु.८८ करोड ४६ लाख ७० हजार बाँकी देखाएको छ । बाँकी रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग भिडान गरी हिसाब

अद्यावधिक गरेको देखिएन । उद्योगले प्रभावकारी योजना सहित ब्याज भुक्तानी नगरी सुविधा अनुसार न्यून रकममात्र भुक्तानी गर्ने गरेको पाइयो ।

६१. **ऋणात्मक मौज्दात** – भुक्तानी दिनुपर्ने अङ्क वर्षान्तमा रु.३ करोड ३४ लाख २२ हजार ऋणात्मक देखाएको छ । सामान खरिदबापत अग्रिम भुक्तानी गरेको, खरिद पेश्की रकमलाई यो शीर्षकमा लेखाङ्कन गरेको छ । लेखा सिद्धान्त विपरीत भुक्तानी दिनुपर्ने रकममा लिनुपर्ने रकम समेत समावेश गरेकोले मौज्दात ऋणात्मक देखिएको छ । सम्बन्धित व्यक्ति, संघ संस्थाहरुबाट समर्थनपत्र नलिएकोले उक्त रकम यकिन हुने अवस्था छैन । सो रकममा धेरै पुराना असुल गर्न बाँकी रकम समेत रहेको देखिन्छ ।

६२. **जिन्सी मौज्दात** – यो वर्षको अन्तमा जिन्सी मौज्दात रु.७७ करोड ३८ लाख १ हजार रहेको छ । उद्योगको जिन्सी किताब अद्यावधिक नराखेको, जिन्सी सामानको भौतिकपरीक्षण नगरेकोले वासलातमा देखाएको रकम यकिन हुनसक्ने अवस्था रहेन ।

६३. **कोइला खपत –** गुणस्तर परीक्षण प्रयोगशालाका अनुसार कोइलाको गुणस्तर ५ हजार ७०० किलोग्राम प्रतिमेट्रिकटन हुनुपर्ने र १ घण्टामा उक्त गुणस्तरको ५ मेट्रिकटन कोइला खपत हुनुपर्नेमा ६.७८ मेट्रिकटन खपत भएकोले कमसल खालको कोइला प्रयोग भएको हुनसक्ने देखियो । लेखापरीक्षणको सिलसिलामा भौतिक निरीक्षण गर्दा कोइलामा चिस्यानको मात्रा बढी, ढुङ्गा माटो मिसिएको र फिक्का कालो तथा खरानी रङ्गको देखियो ।

६४. **नगद तथा बैङ्क मौज्दात –** वर्षान्तमा विभिन्न बैङ्कहरुमा रु.१ करोड ४८ लाख २६ हजार मौज्दात देखाएको छ । उद्योगको बैङ्क खाताले ३ वाणिज्य बैङ्कको ४ खाताको मौज्दात रु.४२ लाख ७७ हजार ऋणात्मक देखाएको छ । सो हिसाब मिलान नगरेको व्यहोरा विगत वर्षदेखिनै उल्लेख गरेकोमा उद्योगले यो वर्षको कारोबारको मात्र बैङ्क भिडान गरेको तर पुरानो नगरेको पाइयो ।

६५. **कम्पनी ऐनको पालना –** कम्पनी ऐन, २०६३ को दफा ७६ अनुसार गर्नुपर्ने वार्षिक साधारण सभा उद्योगले आफ्नो स्थापनाकाल देखिनै गरेको देखिएन । ऐनको दफा १६४(१) अनुसार लेखापरीक्षण समिति गठन गरेको छैन । ऐनको दफा १०८(२) र नेपाल लेखामान–९ अनुसार डेफर्ड कर गणना तथा लेखाङ्कन गरेको छैन ।

घरेलु तथा साना उद्योग विकास कोष

विश्व व्यापार संगठनमा नेपालको प्रवेशसँगै घरेलु तथा साना उद्योग व्यवसायीहरुलाई प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच र अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुऱ्याउन लघु घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२ अनुसार यस कोषको स्थापना भएको छ ।

६६. **अनुगमन** – गत वर्षको जिम्मेवारी रु.२ करोड ४५ लाख ९१ हजारमा यो वर्ष नेपाल सरकारबाट प्राप्त सःशर्त अनुदान रु.९८ लाख समेत जम्मा रु.३ करोड ४३ लाख ९१ हजार आम्दानी भएको छ । उक्त रकमबाट नेपाल घरेलु तथा साना उद्योग महासंघ मार्फत विभिन्न संघ संस्था १६ लाई रु.४३ लाख ५० हजार नेपाल उद्योग वाणिज्य महासंघ मार्फत क्षेत्रीयस्तरको औद्योगिक प्रदर्शनी सिन्धुली, बहुजिल्लास्तरीय औद्योगिक प्रदर्शनी, काभ्रेपलाञ्चोक समेत १८ संस्थालाई रु.३० लाख २५ हजार समेत रु.७३ लाख ५० हजार उपलब्ध गराएको छ । सो रकमको नियमित अनुगमन गरे गराएको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहाय अनुसार छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

६७. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ६ कार्यालयबाट रु.२४ हजार असुल भएको छ ।

६८. **पेश्की –** मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ९ कार्यालयको रु.५ करोड ३४ लाख २० हजार पेश्की फछ्यौंट नभै बाँकी देखिएको छ । गत वर्ष समेतको कुल रु.८ करोड ९२ लाख ६९ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

६९. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छः

६९.१. मन्त्रालय र मातहत सरकारी कार्यालयमा यो वर्ष रु.१६ करोड ६२ लाख १५ हजार बेरुजू देखिएको छ ।

६९.२. अन्य संस्थातर्फ यो वर्ष रु.२३ लाख १६ हजार बेरुजू देखिएको छ ।

६९.३. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.३ करोड २८ लाख ४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

६९.४. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१२ लाख ९२ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.३ करोड ४० लाख ९६ हजारमध्ये रु.३ करोड ३६ लाख ७५ हजार सरकारी कार्यालयतर्फ र रु.४ लाख २१ हजार अन्यतर्फ रहेको छ ।

ऊर्जा मन्त्रालय

मन्त्रालय र मातहतसमेत ५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.४३ करोड ९० लाख १५ हजार, राजस्वतर्फ रु.५९ करोड ३ लाख २४ हजार र धरौटीतर्फ रु.४६ करोड १५ हजार गरी रु.१ अर्ब ४८ करोड ९३ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था तथा अन्य संस्था २ को रु.१ खर्ब ३२ अर्ब ८१ करोड ९५ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **ऊर्जा नीति** – मन्त्रालयले ऊर्जा नीति तयार गरी लागू गरेको छैन । हालको कुल विद्युत उत्पादन ७७२ मेगावाट भएको तथ्याङ्क भए तापनि हिउँदमा करिब ४०० मेगावाटमात्र उत्पादन हुने तर माग करिब १ हजार मेगावाट रहेको हुँदा मागको दाँजोमा आपूर्ति कम भएको स्थितिमा माग र आपूर्तिबीचमा असन्तुलनको कारणले नेपाल सरकारले २०६७ चैत्रमा ऊर्जा सङ्कटको घोषणा गरेको छ । उक्त घोषणामा लोडसेडिङको विकराल समस्या रहेकोले १ वर्षभित्र दैनिक ४ घण्टाले लोडसेडिङ कम गर्ने, ५९ मेगावाट डिजेल र कोइलाबाट आपूर्ति गर्ने, हाल २६ प्रतिशतमा रहेको विद्युत चुहावटलाई २० प्रतिशतमा झार्ने, १ वर्षभित्र थप ५० मेगावाट विद्युत उत्पादन गर्ने, १ वर्षभित्र विद्युतगृहको मर्मत, क्षमता वृद्धि, चुहावट नियन्त्रण, मितव्ययी उपयोग (सि.एफ.एल.चीमको प्रयोग समेत) गर्ने र नयाँ उत्पादन ५० मेगावाट समेत १५० देखि २०० मेगावाट विद्युत शक्ति थप गरिने उल्लेख छ । यसका साथै २०६८ फागुनमा २०६६ फागुनको तुलनामा ४ घण्टा लोडसेडिङ घटाउने, २०७२ को शुरु अर्थात ४ वर्षसम्ममा २ हजार ५०० मेगावाट विद्युत उत्पादन हुने समेत घोषणामा उल्लेख गरेको पाइयो । उक्त घोषित कार्यहरु कार्यान्वयनसम्बन्धी सूचना तथा तथ्याङ्कीय अभिलेख नराखेकोले राख्नुपर्ने देखिन्छ ।

२. **सवारीसाधन** – मन्त्रालयले यो वर्ष रु.१ करोड २० हजारमा खरिद गरेका ४ सवारीसाधनमध्ये रु.४३ लाख २० हजार मूल्यको एक स्कोरपियो जिप प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रु.१९ लाख मूल्यको कार विद्युत विकास कम्पनी र रु.१९ लाख मूल्यको कार विद्युत विकास विभागमा पठाएको पाइयो । मन्त्रालयको लागि खरिद गरी अन्य निकाय तथा कार्यालयलाई दिएबाट आवश्यकताको पहिचान नगरी सवारीसाधन खरिद गरेको देखियो ।

गत वर्ष ३ पूर्व प्रधानमन्त्री, एक पूर्वगृहमन्त्री र प्रधानमन्त्रीज्यूको निजी सचिवालयले प्रयोग गरेको समेत ५ सवारीसाधनको मूल्य रु.२ करोड १० लाख ८१ हजार नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको थियो । ती सवारीसाधनको स्वामित्व सम्बन्धित निकायमा हस्तान्तरण हुने प्रक्रियामा रहेको जवाफ गत वर्ष नै दिएकोमा यो वर्षसम्म पनि हस्तान्तरण गरेको पाइएन ।

३. **लेखापरीक्षण बक्यौता** – मन्त्रालय र अन्तर्गतका २५ इकाईको २०३८।३९ देखि २०५८।५९ सम्मको विनियोजन, राजस्व र धरौटीतर्फको रु.३ करोड ४१ लाख १५ हजार लेखापरीक्षण बक्यौता रहेको गत वर्षको प्रतिवेदनमा औँल्याएकोमा यो वर्ष पनि लेखापरीक्षण गराएको छैन ।

विद्युत विकास विभाग

४. **भवन निर्माण** – विभागको भवन निर्माणका लागि २०६७।१२।११ मा रु.३१ करोड १७ लाख ७६ हजारको संशोधित लागत अनुमान स्वीकृत गरी एक संयुक्त उपक्रमका निर्माण व्यवसायीको कबोल अङ्क रु.२१ करोड ८६ लाख ८१ हजारको बोलपत्र २०६८।२।३१ मा स्वीकृत गरी २०६८।३।१६ मा २४ महिनाभित्र कार्यसम्पन्न

गर्ने गरी सम्झौता भई २०६८।४।११ मा कार्यादेश दिएको छ । कार्यालयलाई आवश्यक पर्ने सामानको लागि छुट्टै बजेट निकासा माग गरी खरिद गर्नुपर्नेमा भवन निर्माण कार्यको बिल अफ क्वान्टिटीमा समावेश गरी २५ महिनाको सञ्चार शुल्क रु.६ लाख २५ हजार, फर्निचर रु.१ लाख ५० हजार, १ ल्यापटपको रु.७५ हजार, अफिसको लागि २४ महिनाको भाडाबापत रु.६ लाख, २४ महिनाको लागि सवारीसाधन भाडामा लिन रु.१६ लाख ८० हजार र ३ मोटरसाइकल २४ महिना भाडामा लिनबापत रु.६ लाख ४८ हजार समेत रु.३७ लाख ७८ हजार दिने गरी सोही निर्माण व्यवसायीसँग सम्झौता भएको देखिन्छ । कार्यालयलाई आवश्यक पर्ने सामान बिल अफ क्वान्टिटीमा समावेश गर्ने गरी लागत बढाउन मिल्ने देखिँदैन ।

५. **आयोजना अध्ययन** – यो वर्ष कावेली ३, इखुवा खोला र बुढीगङ्गा खोला जलविद्युत आयोजनाको अध्ययन कार्यको ठेक्का सम्झौता गरी इन्सेप्सन फिल्ड रिपोर्ट प्राप्त गर्ने लक्ष्य रहेकोमा कावेली ३ र इखुवा खोला साना जलविद्युत आयोजनाको अध्ययन कार्यको लागि सर्टलिष्ट गरिएका परामर्शदाता संस्थाबाट रिक्वेष्ट फर प्रपोजल सूचना प्रकाशन गर्दा प्रस्तावहरु प्राप्त भएको र बुढीगङ्गा खोला जलविद्युत आयोजनाको अध्ययन कार्य गर्न एक्सप्रेशन अफ इन्टरेष्टको लागि सूचना प्रकाशन गर्ने कार्य भएको जनाए तापनि विनियोजित रु.२ लाख १० हजार खर्च भएको देखिएन ।

यसैगरी नर्वेजियन सरकारको अनुदान सहयोगमा प्याकेज २ अन्तर्गत सिवा, मैवा र धुन्सा जलविद्युत आयोजनको अध्ययन सम्पन्न गर्ने लक्ष्य रहेकोमा सिवा र मैवा जलविद्युत आयोजनाको मात्र अन्तिम प्रतिवेदन प्राप्त भएको छ । साथै ४० जिल्लामा जनताको जल विद्युत आयोजनाहरुको सामाजिक आर्थिक अध्ययन गरी प्रतिवेदन तयार गर्ने लक्ष्य रहेकोमा १५ जिल्लाको मात्र अध्ययन गर्ने कार्य सम्पन्न भएको उल्लेख गरे पनि प्रतिवेदन तयार भएको देखिएन ।

६. **रोयल्टी असुली** – विभिन्न विद्युत कम्पनहीरुसँगको साविक लगत बाँकी जिम्मेवारी सारेको रु.१ अर्ब १५ करोड १८ लाख ५६ हजार र यो वर्षको रु.२८ करोड ५१ लाख ७ हजार समेत रु.१ अर्ब ४३ करोड ६९ लाख ६३ हजार लगत कायम भएको छ । सोमध्ये यो वर्ष रु.४२ करोड ५१ लाख ३१ हजार असुल भई रु.१ अर्ब १ करोड १८ लाख ३२ हजार लगत बाँकी रहेको देखिएको छ । कायमी लगतको तुलनामा असुली २९.५८ प्रतिशत भएको र असुल गर्न बाँकी ७०.४२ प्रतिशत रहेको पाइयो । सो रकम असुल गर्नेतर्फ सक्रियता देखाउनुपर्ने देखिन्छ ।

७. **स:शर्त अनुदान** – स्थानीय निकाय स:शर्त अनुदान स्वरुप विनियोजित रकम रु.२९ करोड ४० लाख ६६ जिल्ला विकास समितिलाई अख्तियारी दिएकोमा रु.२९ करोड २० लाख ५७ हजार निकासा लिएको विभागको केन्द्रीय आर्थिक विवरणबाट देखिन्छ । निकासा भएको उक्त रकम विद्युत क्षेत्रको विकास र विस्तारमा खर्च गरे नगरेको सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको साथै कार्यक्रमको उपलब्धी सम्बन्धमा प्रगति विवरण समेत प्राप्त गरेको छैन । विद्युत रोयल्टीबाट प्राप्त उक्त रकम विद्युत उत्पादन, वितरण र विस्तारमा खर्च गरिनुपर्दछ । यस सम्बन्धी व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार भएको देखिएन ।

८. **अनुमति** – विद्युत ऐन, २०४९ ले निजी क्षेत्रलाई नेपालमा विद्युत उत्पादन प्रशारण र वितरण प्रयोजनको लागि आवश्यक पर्ने सर्वेक्षण, उत्पादन तथा वितरणको अनुमतिपत्र ऊर्जा मन्त्रालयको स्वीकृतिमा विद्युत विकास विभागले दिने व्यवस्था गरेको छ । यसैगरी अनुमतिपत्र प्राप्त कम्पनीले अनुमतिपत्रमा उल्लेखित कार्य शर्तबमोजिम समयमा नै सम्पन्न गरे नगरेको सम्बन्धमा नियमन, अनुमगन गर्ने तथा अनुमतिपत्र नवीकरण गर्ने जिम्मेवारी विद्युत विकास विभागको देखिन्छ ।

विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार विभागले २०६७।६८ सम्ममा अनुमतिपत्र प्रदान गरेको विवरण अनुसार विद्युत उत्पादन सर्वेक्षणको लागि ३०४, विद्युत उत्पादनको लागि ५९, विद्युत प्रशारण सर्वेक्षणको लागि ८९, प्रशारणको लागि ३५, वितरण सर्वेक्षणको लागि ५ र वितरणको लागि ४ आयोजनाको लागि अनुमति दिएको देखिन्छ । विभागबाट अनुमतिपत्र प्रदान गरिएको आयोजनाहरुको अभिलेख राखे तापनि त्यस्ता आयोजनाहरुको अनुगमन र निरीक्षण गरेको पुष्टि हुने अभिलेख राखेको पाइएन । जलविद्युत आयोजनाहरुको निरीक्षण तथा अनुमगन स्थिति र निरीक्षण अनुगमनबाट दिएका निर्देशन तथा

सुझाव सम्बन्धी विवरण माग गरिएकोमा उत्पादन अनुमति पाएका र निर्माणाधीन आयोजना २५ को निरीक्षण अनुगमन गरेको विवरण पेश भएको छ । त्यस्तै निरीक्षण अनुगमन गर्दा आयोजनाहरुमा स्थानीय समुदायबाट विभिन्न असान्दर्भिक माग तथा अवरोध हुने, इन्धन आपूर्तिमा समस्या हुने, विष्फोटक पदार्थको उपलब्धता तथा आपूर्तिमा समस्या हुने, प्रशारण लाइन समयमा निर्माण हुन नसक्ने जस्ता समस्या रहेको जानकारी विभागले दिएको छ ।

९. **उत्पादन क्षमता** – नेपालका नदीनालाहरुको कुल जलविद्युत उत्पादन क्षमता सम्बन्धमा हालसम्म अध्ययन, सर्वेक्षण गरेको पाइएन । विद्युत विकास विभागबाट प्राप्त विवरण अनुसार २०६८ आषाढसम्ममा निर्माण सम्पन्न ३२ आयोजनाको जल–विद्युत उत्पादन क्षमता (जडित क्षमता) ६५२ मेगावाट रहेको देखिएको छ । सो विवरणमा वर्षा याममा र सुख्खा अर्थात हिउँद याममा उत्पादन हुने विद्युत परिमाणको तथ्याङ्क उल्लेख छैन । हाल विद्युतको माग करिब १००० मेगावाट रहेकोमा ६५२ मेगावाट जलविद्युत र ५३ मेगावाट तापीय विद्युत समेत ७०५ मेगावाटमात्र उत्पादन क्षमता रहेको देखिन्छ । हाल निर्माणाधीन २७ आयोजनाबाट ७७२ मेगावाट उत्पादन (जडित क्षमता) हुने कुरा विभागले जनाएको छ । विभागले २०६८।६९ मा १० आयोजनालाई १९४ मेगावाटको उत्पादन अनुमतिपत्र जारी गरेको देखिन्छ । निर्माणाधीन आयोजना र उत्पादन अनुमतिपत्र जारी गरेका आयोजनाबाट अनुमतिपत्रको शर्त अनुसारको प्रगति अनुगमन र मूल्याङ्कन गर्नेतर्फ ध्यान जानुपर्ने देखिएको छ ।

१०. **धरौटी** – विभागको स्रेस्ता अनुसार आषाढ मसान्तमा रु.३५ करोड ७६ लाख ६८ हजार धरौटी बाँकी रहेको छ भने बैङ्क विवरण अनुसार रु.३६ करोड १४ लाख ११ हजार बाँकी मौज्दात रहेको देखिएको छ । स्रेस्ता तथा बैङ्क बाँकी विवरणमा फरक परेको रु.३७ लाख ४३ हजारको सम्बन्धमा हिसाव मिलान गरेको देखिएन ।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजना

११. **आयोजना स्थिति** – वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको अन्तिम प्रतिवेदन प्राप्त गर्न, वातारणीय व्यवस्थापनको विस्तृत योजना तयार गर्ने, विस्तृत पुनर्स्थापन योजना तयार गर्ने, ब्रम्हदेव पञ्चेश्वर सडक संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन, रोप–वे निर्माण सम्बन्धी सम्भाव्यता अध्ययनको ड्राफ्ट रिपोर्ट तयार गर्न रु.६ करोड ४ लाख, २५ हजार बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरुमा संशोधन गरी रु.२ करोड २४ लाख २५ हजार बजेट कायम गरेको देखिन्छ । कार्यक्रम अनुसार ब्रम्हदेव पञ्चेश्वर सडकको सर्भेक्षण, सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन कार्यको एक परामर्शदातावाट एक वर्षभित्र अन्तिम प्रतिवेदन पेश गर्ने गरी रु.९७ लाख ७५ हजारमा सम्झौता भएकोमा ६ महिना म्याद थप भई २०६७।६८ मा अन्तिम प्रतिवेदनसम्म प्राप्त भएको र रु.५३ लाख ७६ हजार भुक्तानी भएको छ । विस्तृत परियोजना प्रतिवेदन नै तयार नभएको अवस्थामा यसप्रकारको कन्सल्टेन्सी सेवा लिने गरी गरेको कामको उपादेयता स्पष्ट हुन सकेन ।

१२. **लेखापरीक्षण** – सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजनाको अध्ययन, अनुसन्धान र विस्तृत आयोजना प्रतिवेदन तयार गर्न नेपाल तथा भारतबीच २०६१ मा भएको आदान प्रदान पत्रानुसार भारत सरकारबाट खर्च गरेको रकमको लेखापरीक्षण भारत सरकारले गराई लेखापरीक्षण प्रतिवेदन नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । भारत सरकारको सोझै अनुदानबाट यो वर्ष रु.७ करोड ६९ लाख ९४ हजार खर्च गरेको विवरण पेश भएकोमा लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको छैन ।

कार्यमूलक लेखापरीक्षण

चमेलिया जलविद्युत आयोजना

यो वर्ष आयोजनाको कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र आयोजनामा पठाइएको छ । सो प्रतिवेदनमा समावेश भएका मुख्य व्यहोरा देहायअनुसार छन्:

नेपाल विद्युत प्राधिकरणबाट सन् १९९१ देखि २००१ सम्ममा विस्तृत इन्जिनियरिङ्ग अध्ययन समेतका आधारमा सञ्चालित यस आयोजनाको जडित क्षमता ३० मेगावाट (पिकिङ्ग रन अफ रिभर) तथा वार्षिक सरदर उत्पादन १८४ गिगावाट प्रतिघण्टा रहेको छ ।

१३. **लागत –** आयोजनाबाट प्रस्तावित गरिएको संशोधित लागत अनुमान तथा सोअनुसार हुने लागतको स्थिति देहाय अनुसार छ :

(रु.हजारमा)

क्र.सं.	विवरण	शुरुको लागत	संशोधित लागत	वृद्धि प्रतिशत
१	निर्माण कार्य (सिभिल वर्क्स)	२,८८,१३,४३	४,६८,६२,००	६२.२४
२	इलेक्ट्रो-मेकानिकल, हाइड्रो-मेकानिकल तथा प्रसारण लाइन निर्माण कार्य	३,४४,२५,००	४,५५,९०,७७	१२.५५
३	सिभिल निर्माण कार्यको परामर्श सेवा	१४,३९,५५	१६,२०,२८	३२.४४
४	इलेक्ट्रो-मेकानिकल परामर्श सेवा	१२,००,२९	३५,५४,०६	१९६.१०
	जम्मा	६,५८,७८,२७	९,७६,२७,११	४८.१९

संशोधित लागतअनुसार आयोजनाको कुल लागत पूर्वपरामर्श सेवा तथा अध्ययन/सर्भे खर्च, जग्गा अधिग्रहण, आयोजनास्थल पूर्वाधार, प्रशासनिक खर्च आदि बाहेक रु.६ अर्ब ५८ करोडबाट रु.९ अर्ब ७६ करोड पुगेको छ । यसअनुसार उत्पादन लागत प्रतिमेगावाट रु.३२ करोड ५४ लाख २४ हजार तथा प्रतिकिलोवाट रु.३ लाख २५ हजार पर्ने देखिन्छ । त्यस्तै सम्झौता गर्दाको विनिमय दर (अमेरिकी डलर १=रु.७२.२४) लाई आधार मान्दा प्रतिकिलोवाट अमेरिकी डलर ४ हजार ५०५ तथा हाल (२०६८।१२।२३) को विनिमय दर (अमेरिकी डलर १=रु.८२.१०) लाई आधार मान्दा प्रतिकिलोवाट अमेरिकी डलर ३ हजार ९६४ पर्ने देखिन्छ । उक्त संशोधित लागतमा पूर्वपरामर्श सेवा तथा अध्ययन/सर्भे खर्च, जग्गा अधिग्रहण, आयोजनास्थल पूर्वाधार, प्रशासनिक खर्च आदि समावेश गर्दा प्रतिएकाई लागत अझ बढ्ने देखिन्छ । विस्तृत अध्ययनको समयमा प्रतिकिलोवाट लागत अमेरिकी डलर २ हजार ४९७ तथा रु.२ लाख ७ हजार लाग्ने अनुमान गरिएकोमा झण्डै दोव्बर लागत पर्नजाने देखिएको छ ।

लागत बढ्नुमा आयोजना कार्यान्वयनमा ल्याउनु पूर्वगरिएका विभिन्न सर्वेक्षण तथा अध्ययनहरुमा आयोजनास्थलको भौगर्भिक एवं अन्य प्राविधिक पक्षहरुबारे पर्याप्त अध्ययन, विश्लेषण तथा पहिचान हुन नसक्नु, स्रोत/साधन व्यवस्थापन प्रभावकारी हुन नसक्दा ठेक्का कार्यको भुक्तानी समयमा हुन नसक्नु, आयोजनाका परामर्शदाता आयोजनाप्रति प्रत्यक्ष जवाफदेही रहने व्यवस्था नहुनु, प्रसारण लाइन निर्माणका क्रममा जग्गा अधिग्रहण, रुख कटानी लगायतका कार्यमा अवरोध हुनु लगायतका कारणले पटक पटक भेरिएशन गर्नुपर्ने स्थिति आउनु, इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनतर्फको निर्माण कार्यमा सीमित प्रतिस्पर्धा हुनु, सिभिल तथा प्रसारण लाइन दुवैतर्फका निर्माण व्यवसायी उपर आयोजनाको नियन्त्रण कायम हुन नसक्नु आदि कारणले लागत अस्वाभाविक वृद्धि हुन जाने स्थिति देखिएको छ ।

१४. **सिभिल वर्क्स तथा इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनको लागत अनुपात –** सिभिलवर्क्स तथा इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनको लागत अनुपात अन्तर्राष्ट्रिय मापदण्ड तथा यस अघि सम्पन्न आयोजनाको अनुपातसँग सामञ्जस्य हुनुपर्दछ । सामान्यतया त्यस्तो अनुपात ७०/३० रहेको पाइन्छ । यस आयोजनाको संशोधित लागत अनुमान सिभिलतर्फ रु.४ अर्ब ८४ करोड ८२ लाख २८ हजार तथा इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनतर्फ रु.४ अर्ब ९१ करोड ४४ लाख ८३ हजार रहेको आधारमा त्यस्तो अनुपात ४९.६६/५०.३४ हुने देखिएको छ ।

इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनको लागत अनुपात अस्वाभाविक रहनुमा प्रसारण लाइनको लम्बाई सामान्यभन्दा बढी (१३१ कि.मी.) हुनु, इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनतर्फको निर्माण कार्यमा सीमित प्रतिस्पर्धा हुनु जस्ता कारण रहेका देखिन्छन् । यसको कारणबाट आयोजनाको सो अनुपात अन्तर्राष्ट्रिय मापदण्ड तथा यस अघि सम्पन्न आयोजनाको अनुपातसँग सामञ्जस्य नभई अस्वाभाविक हुन पुग्ने स्थिति रहेको छ । तसर्थ सिभिलवर्क्स तथा इलेक्ट्रो/हाइड्रो मेकानिकल र प्रसारण लाइनको लागत अनुपातमा सामञ्जस्यता कायम गर्नेतर्फ सम्बन्धित निकायले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

१५. **सिभिल वर्क्स** – आयोजनाको शुरुको विस्तृत अध्ययन प्रतिवेदनमा प्रस्ताव गरिएको स्थानमा भौगर्भिक कारणबाट विद्युतगृह निर्माण गर्न उपयुक्त नरहेको कारणबाट ६० मिटर पहाडतिर सार्नुपरेकोले माटो तथा चट्टान खन्ने परिमाण बढ्न गएको, आर्क वृज तथा बाँध एक्सिसको स्थान तय नभइसकेको अवस्थामा डिजाइन प्रतिवेदन तयार भएकाले हेडवर्क्स जाने प्रवेश मार्गमा थप स्लोप कटिङ्ग गर्नुपरेको, विद्युतगृह रहने स्थल सार्दा प्रवेश मार्गको लम्बाई करिब ७० मिटर बढ्न गएको लगायतका कारणले भेरिएशन आदेश जारी गर्नुपर्ने भनी आयोजनाबाट २०६४।८।२५ मा कार्यकारी निर्देशक समक्ष प्रस्ताव पेश भएकोमा १ वर्ष १८ दिनपछि अर्थात् २०६५।९।१३ मा महाप्रबन्धकबाट रु.३२ करोड ३३ लाख (११.२२ प्रतिशत) को भेरिएशन आदेश जारी भएको देखिन्छ ।

कामको परिमाण बढ्न गई लागत वृद्धि हुनु स्वाभाविक भए तापनि विद्युतगृहको जग खन्ने तथा स्लोप कटिङ्गको कार्य गर्दा माटो र चट्टान खन्ने तथा फाल्ने कार्यका लागि दर विश्लेषणबाट पहिले नै दर तय भएको तथा निर्माण व्यवसायीले कबोल गरेको दर (पहुँच मार्ग, इण्टेकको कार्यमा तय भइसकेको हुँदा सोही दर) अनुसार नै भेरिएशन हुनुपर्नेमा निर्माण व्यवसायीले पुरानो दरलाई स्वीकार नगरेको उल्लेख गरी पेनस्टक स्टीलका लागि माटो तथा चट्टान खन्नका लागि विश्लेषण गरिएको दर प्रयोग गरी भेरिएशन आदेश जारी गरेको मनासिब देखिएन । यस सम्बन्धमा आयोजना इञ्जिनियरले सम्झौताको शर्तअनुसार आफ्नो अधिकार प्रयोग गरेको पनि देखिएन । जसको कारणबाट माटो र चट्टान खन्ने तथा फाल्ने कार्यसँग सम्बन्धित ३ आइटममा सम्झौताको यस्तै काममा प्रयोग भएको दरभन्दा फरक दरले भेरिएशन आदेश गर्दा आयोजनालाई रु.२४ करोड १२ लाख ९२ हजार थप व्ययभार पर्न गएको देखिएको छ ।

यसरी अप्ठ्यारो, जोखिमयुक्त पेनस्टक पाइपको कामका लागि तय गरिएको दर तुलनात्मक रुपमा सजिलो, सस्तो विद्युत गृह निर्माण कार्यका लागि प्रयोग गरेबाट स्रोत साधनको अपव्यय भएको छ । यसमा आयोजनाले उचित प्रतिरक्षा गर्न नसक्नु, आयोजना इञ्जिनियर (परामर्शदाता) आयोजनाप्रति प्रत्यक्ष रुपमा जवाफदेही नभई प्राधिकरण अन्तर्गतको अन्य एक विभागप्रति जवाफदेही हुने स्थिति रहनु लगायतका कारण देखिन्छन् । यस सम्बन्धमा आयोजनाले उक्त दर पेनस्टकको ओपन एक्साभेशनबाट लिइएको र दुवै एक्साभेशनको स्थान सँगसँगै रहेकाले सो दर प्रयोग गरेको जनाउको छ । तर विद्युत गृहको काम खुला स्थानमा गरिने र पेनस्टकको काम जमिनभित्र टनेलको रुपमा निर्माण गर्नुपर्ने भएकाले एउटै प्रकृति मान्न मिल्ने देखिदैन । तसर्थ यस सम्बन्धमा पुनरावलोकन हुनु आवश्यक देखिएको छ ।

१६. **मूल्यवृद्धि भुक्तानी** – आयोजनाबाट ५१ औँ रनिङ्ग बिलसम्म रु.५६ करोड ३ लाख (सम्झौता रकमको १९.४५ प्रतिशत) मूल्य वृद्धिबापत ठेकेदारलाई भुक्तानी भएको छ ।

१६.१ निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं.७०.१ मा मूल्य समायोजन रकमको गणना गर्दा स्थानीय तथा वैदेशिक मुद्रा हरेकको स्वतन्त्र रुपमा गणना गरी निर्धारण गरिने उल्लेख छ । त्यस्तै सम्झौताको शर्त नं.७०.३ बमोजिम आयोजनाले निर्माण व्यवसायीलाई मूल्य वृद्धि भुक्तानीका लागि सिमेण्ट, रिबार र विष्फोटक पदार्थको मूल्यवृद्धि निर्धारण गर्न भारतीय बजारको थोक मूल्यसूचीलाई आधार लिएको पाइयो । मूल्यसूची भारतीय मुद्रामा रहेको तर निर्माण व्यवसायीलाई भुक्तानी दिने कुल रकमको ६० प्रतिशत अंश अमेरिकी डलरमा रहेको र मूल्यवृद्धि समेत वैदेशिक मुद्रामा स्वतन्त्र रुपले गणना गर्नुपर्ने व्यवस्था रहेको हुँदा भारतीय सरकारबाट प्रकाशित सूचकाङ्कलाई भारतीय मुद्रा र अमेरिकी डलरको विनिमय दरले गणना गर्दा हुने परिणत सूचकाङ्कको आधारमा सिमेन्ट, रिबार तथा विष्फोटक पदार्थको मूल्यवृद्धि निर्धारण गर्नुपर्नेमा

भारतीय स्रोतको मूल्यसूची प्रयोग गरेको कारणबाट ३४ औँ देखि ४८ औँ रनिङ्ग बिलसम्मको भुक्तानीमा मात्र रु.३९ लाख २४ हजार बढी मूल्यवृद्धि भुक्तानी भएको छ । शुरु देखिका रनिङ्ग बिलको मूल्यवृद्धि समेत सोही आधारमा निर्धारण गर्दा उक्त रकम अझै बढ्ने देखिन्छ ।

१६.२ स्थानीय मुद्रातर्फको मूल्यवृद्धि गणनाको लागि खाद्य तथा पेयपदार्थ समेत समावेश भएको समग्र मूल्यसूची लिएको पाइयो । निर्माण कार्यमा प्रत्यक्ष सम्बन्धित हुने आइटमहरु मात्र समावेश भएको सूचकलाई मूल्यवृद्धि भुक्तानीको आधार नलिँदा ३४ औँदेखि ४८ औँ रनिङ्ग बिलसम्मको भुक्तानीमा मात्र रु.३ करोड ५ लाख ६७ हजार थप व्ययभार पर्न गएको छ ।

१६.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)(ग) को प्रावधान अनुसार ठेक्का सम्झौतामा मूल्य समायोजनको अधिकतम सीमा खुलाएको पाइएन ।

उपयुक्त मूल्य सूची प्रयोग नगर्दा अनावश्यक तवरले आयोजना लागतमा बढोत्तरी हुने स्थिति रहेकाले यस सम्बन्धमा पुनारावलोकन हुनुपर्ने देखिएको छ ।

१७. **म्याद थप** – डिसेम्बर २१, २००६ मा भएको निर्माण कार्यको ठेक्का सम्झौताअनुसार ठेक्काको म्याद ९ मे २०११ (बैशाख २६, २०६८) मा समाप्त भइसकेको छ । वार्षिक प्रगति प्रतिवेदनअनुसार २०६८ आषाढ मसान्तसम्म आयोजनाको समग्र भौतिक प्रगति ७३.५ प्रतिशत रहेको छ भने सिभिल वर्क्सतर्फ २०६८।१०।२० सम्मको भौतिक प्रगति ६८ प्रतिशत मात्र रहेको छ ।

निर्माण व्यवसायीबाट ३० जून, २००९ सम्मका प्रगति/गतिविधि/घटनाक्रमका आधारमा रकम दाबी सहित २७ फ्रेब्रुअरी २०१५ सम्म म्याद थपको दाबी गरेकोमा उक्त दाबीहरुका सम्बन्धमा परामर्शदाताबाट मूल्याङ्कन गरी जम्मा ७९ दिन (२७ जुलाई, २०११ सम्म) म्याद थप गर्न उपयुक्त हुने सिफारिस गरेको पाइयो । परामर्शदाताको उक्त सिफारिसलाई ठेकेदारले स्वीकार नगरेको हुनाले ठेक्का सम्झौताबमोजिम गठन भएको विवाद पुनरावलोकन बोर्डले ३१ अगष्ट २०१३ सम्म ठेक्काको म्याद थप गर्न सिफारिस गरेको देखिन्छ ।

निर्माण व्यवसायीबाट ३० जून, २००९ पछिका अवधिमा पनि दाबीका आशयका सूचना र दाबी प्राप्त भएका, आयोजनाको बाँकी काम र लाग्ने समय, हाइड्रोमेकानिकल/इलेक्ट्रोमेकानिकल ठेकेदारसँग गर्नुपर्ने कार्य समन्वय, ठेकेदारका कामदारहरुको भिसाको म्याद थप लगायतका कुराहरुलाई दृष्टिगत गर्दा परामर्शदाताले सिफारिस गरेको २७९ दिन (२७ जुलाई, २०११) पछि ३१ डिसेम्बर, २०११ (इलेक्ट्रो/हाइड्रो मेकानिकल ठेक्काको म्यादलाई आधार मान्दा) सम्म म्याद थप गर्न उपयुक्त हुने भनी आयोजनाले २०६८।१।१६ मा सिफारिस गरेकोमा उक्त प्रस्ताव प्राधिकरण सञ्चालक समितिमा पेश गर्ने भनी २०६८।२।१२ मा कार्यकारी निर्देशकबाट निर्णय भएको देखिन्छ । कार्यकारी निर्देशकबाट पेश भएको उक्त प्रस्ताव सम्बन्धमा सञ्चालक समितिको २०६८।३।१९ को बैठकबाट "विस्तृत रुपमा अध्ययन, छलफल गर्नुपर्ने भएकाले यो विषय पुन: पेश गर्ने" भनी निर्णय भएको देखिन्छ । तत्पश्चात म्याद थप सम्बन्धमा कुनै कारबाही भएको पाइएन ।

१८. **प्रोभिजनल दरको आधारमा भुक्तानी** – आयोजनाको सिभिल वर्क्सतर्फ रु.३२ करोड ३४ लाख १ हजारको भेरिएशन जारी भइसकेको तथा रु.१ अर्ब ४८ करोड १५ लाख ५६ हजारको दोस्रो भेरिएशन जारी गर्नका लागि परामर्शदाताबाट सिफारिस भइसकेको अवस्था छ । यसरी एउटा भेरिएशन आदेश जारी भइसकेको र अर्को भेरिएशन आदेश जारी गर्ने प्रक्रियामा रहेको अवस्थामा ठेकेदारले मूल्य परिमाण सूचीको नयाँ दर राखी रनिङ्ग बिलहरु पेश गर्ने गरेको तथा उक्त नयाँ आइटम तथा सोको दर सम्बन्धमा ठेकेदार तथा आयोजनाको परामर्शमा पछि तय गर्नेगरी परामर्शदाताबाट ठेकेदारले पेश गरेकै दर राखी रनिङ्ग बिलहरु प्रमाणित गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेको पाइयो । आयोजनाबाट पनि त्यस्तो दरका सम्बन्धमा मूल्याङ्कन, परीक्षण तथा विश्लेषण गरी त्यसको उपयुक्तता निर्धारण समेत नगरी परामर्शदाताको सिफारिशको आधारमा ५१ औँ रनिङ्ग बिलसम्म नयाँ दरबाट कायम हुन आउने रु.७६ करोड ९७ लाख ४२ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा छानबिन गरी रकम यकिन हुनुपर्ने देखिन्छ ।

१९. **प्रोभिजनल दरमा मूल्य वृद्धि भुक्तानी** – आयोजनाले निर्माण कार्यको ५१ औँ रनिङ्ग बिलसम्म रु.७६ करोड ९७ लाख ४२ हजार प्रोभिजनल दरको रुपमा नयाँ दर कायम गरी भुक्तानी दिएकोमा उक्त रकम समेतलाई मूल्यवृद्धि गणनामा समावेश गरेको पाइयो । भुक्तानी भएको मूल्यवृद्धिबापतको रकम रु.५६ करोड ३ लाख उक्त रनिङ्ग बिलसम्मको मूल्याङ्कित कार्य रु.३ अर्ब ८१ करोड ६७ लाख ४३ हजारको १४.६८ प्रतिशत रहेको आधारमा मूल्यवृद्धि भुक्तानीको उक्त अंशलाई आधारमान्दा प्रोभिजनल दरको कामको मूल्य रु.७६ करोड ९७ लाख ४२ हजारमध्ये रु.११ करोड २९ लाख ९८ हजार मूल्यवृद्धिबापत नपाउने रकम भुक्तानी भएको देखिन्छ । यसरी नयाँ दरको टुङ्गो नलागेको अवस्थामा स्वीकृति नै नभएको दरमा समेत मूल्यवृद्धि दिएको सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

२०. **इलेक्ट्रो मेकानिकल/हाइड्रो मेकानिकल तथा १३२ के.भी. प्रसारण लाईन** – चमेलिया जल विद्युत आयोजनाको इलेक्ट्रो मेकानिकल/हाइड्रो मेकानिकल तथा १३२ के.भी. प्रसारण लाइनसमेतको कार्यका लागि वैदेशिक मुद्रातर्फ ४ करोड ३५ लाख अमेरिकी डलर तथा स्थानीय मुद्रातर्फ रु.६० करोड ३६ लाख २३ हजार स्वीकृत भएकोमा बोलपत्रद्वारा वैदेशिक मुद्रातर्फ ३ करोड ९८ लाख ३६ हजार अमेरिकी डलर तथा स्थानीय मुद्रातर्फ रु.६५ करोड २६ लाख ५३ हजार कबोल गर्ने एक फर्मसँग १७ डिसेम्बर, २०११ सम्म सम्पन्न गर्नेगरी ३० अप्रिल, २००९ मा सम्झौता भएको देखिन्छ । सम्झौताअनुसार वैदेशिक मुद्रातर्फको रकम ०.५ प्रतिशत ब्याज तथा ०.१ प्रतिशत सेवा शुल्कमा कोरियन आयात निर्यात बैङ्कबाट सीधै भुक्तानी गर्ने गरी नेपाल सरकार र कोरियन आयात निर्यात बैङ्कबीच २३ अक्टोबर, २००८ मा ४५ करोड अमेरिकी डलरको सम्झौता भएको देखिन्छ । ५७ औँ रनिङ्ग बिलसम्म वैदेशिक मुद्रातर्फ रु.१ अर्ब ९४ करोड ३२ लाख ४ हजार (२४ करोड ३ लाख ५ हजार २४७ अमेरिकी डलर) तथा स्थानीय मुद्रातर्फ रु.२१ करोड १६ लाख ९७ हजार खर्च भएको विवरण प्राप्त भएको छ ।

२०.१ तेस्रो रनिङ्ग बिलबापत २०६८।३।३२ मा वैदेशिक मुद्रातर्फ रु.९४ करोड भुक्तानी दिएकोमा संलग्न बिलहरुको जोड जम्मा रु.७० करोड ३१ लाख २० हजारमात्र रहेको पाइयो । फरक रकम रु.२३ करोड ६८ लाख ८० हजारको बिल संलग्न देखिँदैन । जसबाट खर्च रकम यकिन तथा भिडान हुँदैन । उक्त बिलहरु परामर्शदाताको सिफारिस सहित पेश गर्नुपर्ने अन्यथा बिल बेगरको खर्च लेखेको रकम निज निर्माण व्यवसायीले पाउने भुक्तानीबाट कट्टा गरी हिसाब मिलान हुनुपर्छ ।

२०.२ सम्झौताअनुसार विभिन्न उपकरण तथा सामग्रीको परीक्षण गर्न आयोजना तथा परामर्शदाबाट कारखाना निरीक्षणका लागि विदेश जाँदा लाग्ने सबै खर्च सामानको मूल्यमा नै समावेश भएको उल्लेख भए पनि बिल नं.३२ बाट सोबापत ४ जनाको लागि थप रु.२३ लाख ४३ हजार छुट्टै भुक्तानी भएको छ । त्यस्तो खर्च बिल अफ क्वान्टिटीमा उल्लेख भएका इक्वीप्मेन्टको मूल्यमा नै समावेश भइसकेको हुँदा निर्माण व्यवसायीले इक्वीपमेन्ट सप्लाईको आइटमबाट छुट्टै भुक्तानी नलिई सो कार्य गर्नुपर्नेमा सोबापत छुट्टै भुक्तानी दिन मिल्ने देखिँदैन । सम्झौतामा उल्लेखित प्रावधानहरुप्रति सजग नहुनाले यस्तो स्थिति आएको देखिन्छ ।

पहिले नै इक्विपमेन्टमा समावेश भइसेको रकम पुन: भुक्तानी गर्नाले सो कार्यको दोहारो भुक्तानी हुन गएको हुँदा दोहोरो भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिन्छ ।

२०.३ कार्यसम्पन्न गर्नुपर्ने अवधि १६ डिसेम्बर, २०११ सम्म सिभिल कार्य, जग्गा अधिग्रहण तथा राइट अफ वे मा पर्ने रुख कटान कार्य हुन नसकेकोले कार्यसम्पन्न गर्न बाधा परेको उल्लेख गरी १४ नोभेम्बर, २०११ मा म्याद थपका लागि निवेदन दिएकोमा म्याद थपको प्रक्रियामा नै रहेको देखियो । म्याद समाप्त भए पनि लेखापरीक्षणको अवधि फ्रेब्रुअरी २०१२ सम्म म्याद थपको कारबाही टुङ्गिएको देखिँदैन ।

२०.४ सिभिलतर्फको कार्यसम्पन्न हुन नसक्दा हाइड्रो मेकानिकल/इलेक्ट्रो मेकानिकल तथा ट्रान्समिशन लाइन निर्माण कार्य समेत प्रभावित भई समयमै कार्यसम्पन्न हुनसकेको छैन । निर्माण कम्पनीले म्याद थपका लागि प्रस्तावित अवधि २० महिना (अगष्ट २०१३) सम्मका लागि वैदेशिक मुद्रातर्फ अमेरिकी डलर ९३ लाख १ हजार तथा स्थानीय मुद्रातर्फ रु.१४ करोड ७४ लाख ३८ हजार थप लागतका लागि १७ डिसेम्बर २०११ मा निवेदन दिएको छ ।

यसरी समयमा कार्य सम्पन्न नहुँदा जम्मा रु.८९ करोड १० लाख ९२ हजार थप व्ययभार पर्ने देखिन्छ । उक्त प्रस्ताव स्वीकृतिको प्रक्रियामै रहेको आयोजनाले जनाएको छ ।

२१. **३३ के.भी. सवस्टेशन निर्माण** – आयोजना अन्तर्गत ३३ के.भी. सव–स्टेशन निर्माण कार्यको लागत अनुमान रु.३ करोड ३० लाख ९३ हजार स्वीकृत भई बोलपत्रद्वारा एक निर्माण व्यवसायीसँग रु.३ करोड १२ लाख ५७ हजारमा ४५० दिनमा सम्पन्न गर्नेगरी २६ जून, २००८ मा सम्झौता भएको देखिन्छ । समयमा नै कार्यसम्पन्न गर्न नसकेकोले लागत नबढ्ने गरी २०६८।३।३१ को निर्णयले ३० जून, २०११ सम्म म्याद थप भएको छ । सवस्टेशन निर्माण कार्यको ८२.७३ प्रतिशत कार्यसम्पन्न भई रु.२ करोड ५८ लाख ५९ हजार भुक्तानी भइसकेको देखिन्छ । कार्यसम्पन्न गर्नुपर्ने म्याद ३० जून, २०११ समाप्त भए पनि प्राप्त प्रगति विवरणअनुसार १७.२७ प्रतिशत कार्य अझै बाँकी रहेको छ । निर्माण व्यवसायीले समयमा नै कार्यसम्पन्न गर्न नसकेको तथा म्याद थप समेत नभएकोले नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६२ को विनियम ६१(५) तथा सम्झौताको शर्तबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई बाँकी कार्यसम्पन्न गराउनुपर्ने देखिन्छ ।

संगठित संस्था, समिति तथा अन्य संस्थातर्फ

नेपाल विद्युत प्राधिकरण

विद्युत उत्पादन, प्रशारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्न नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अन्तर्गत २०४२ मा स्थापना भई सञ्चालन भएको छ । प्राधिकरणको २०६७।६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन्:

२२. **सञ्चालन नतिजा –** गत वर्ष रु.१९ अर्ब ३९ करोड १० लाख जगेडा तथा सञ्चित नोक्सानी र यो वर्ष रु.६ अर्ब ३८ करोड १२ लाख नोक्सानी भएकोमा प्राधिकरणले शेयर पूँजी र सस्पेन्स हिसाबबाट रु.२७ अर्ब ४७ करोड ५४ लाख समायोजन गरी वर्षान्तमा सञ्चित नाफा रु.१ अर्ब ६७ करोड ५२ लाख देखाएको छ । सञ्चित नोक्सानीलाई शेयर पूँजी र सस्पेन्स हिसाबबाट मिलान गरी सञ्चित नाफामा प्रस्तुत गरे तापनि यसबाट प्राधिकरणको दीर्घकालीन वित्तीय स्थिरता देखाउँदैन । नेपाल सरकारको निर्णयबमोजिम नोक्सानी समायोजन गरे तापनि सो नोक्सानी सिर्जना गरेका सम्पतिको क्षय तथा सोबापतका व्यवस्थाहरु समायोजन गरेको देखिएन । यसले गर्दा वित्तीय विवरणमा असर गरेका हिसाबहरु जस्ताको तस्तै प्रस्तुत भएका छन् ।

गत वर्षको तुलनामा यो वर्ष विक्री आम्दानीमा ४.९० प्रतिशत वृद्धि भई रु.१७ अर्ब ९४ करोड पुगेको छ । उत्पादन, प्रशारण र विद्युत खरिदमा गत वर्षभन्दा १.८७ प्रतिशत वृद्धि भई यो वर्ष रु.१२ अर्ब ७० करोड खर्च भएको छ । गत वर्षभन्दा यो वर्ष वितरण खर्चमा २.६७ प्रतिशतले कमी र प्रशासनिक खर्चमा १०.५० प्रतिशतले वृद्धि भई सञ्चालन आयमा ३३.३३ प्रतिशतले वृद्धि भएको छ ।

२३. **सञ्चित नोक्सान –** यो वर्ष शेयर समायोजन गरी सञ्चित नाफा देखाए तापनि शंकास्पद असामीबापतको व्यवस्था, कर्मचारी अवकाश खर्चमा गर्नुपर्ने व्यवस्था जस्ता विषयमा खर्च व्यवस्था गर्दा सञ्चित नोक्सानीमा जाने देखिन्छ । प्राधिकरणको वर्षेनी नोक्सानीमा सञ्चालन हुँदै आएको छ । आयातित विद्युत खरिद र कुल विक्रीको अनुपातका आधारमा भएको नोक्सानीलाई मात्र शेयर खातामा समायोजन गर्न उपयुक्त हुनेमा सो नगरेकोले प्राधिकरण भित्रका कमी कमजोरीमा सुधार आउनेसक्ने देखिँदैन ।

प्राधिकरण नोक्सान हुदै जानुको प्रमुख कारणमा विक्री रकममा वृद्धि नहुनु, निजी क्षेत्र एवं आयातित विद्युत खरिद अनुपात बढनु, चुहावटमा नियन्त्रण हुन नसक्नु, स्थायी तवरका खर्चमा वृद्धि हुनु, व्यावसायिक दक्षताको कमी, विद्युत महशुलको दरमा समायोजन हुन नसक्नु आदि रहेको देखिन्छ । विद्युत खरिद उत्पादन तथा वितरणका खर्च, वैदेशिक तथा आन्तरिक ऋणको व्ययभार, प्रशासनिक तथा कर्मचारी खर्चमा वर्षेनी लागत वृद्धि हुँदै जानु तर सो अनुपातमा विक्रीबाट प्राप्त आय वृद्धि नहुनाले प्राधिकरणको आर्थिक अवस्था तत्काल सुधार गर्न रणनीति योजना, कार्यक्रम तथा व्यवस्थापकीय सुधार लागु गरिनु जरुरी देखिन्छ ।

२४. **शेयर हिसाब –** प्राधिकरणको गत वर्षको शेयर पूँजी रु.३० अर्ब र शेयर सस्पेन्स रु.८ अर्ब ६५ करोड १७ लाख समेत रु.३८ अर्ब ६५ करोड १७ प्रस्तुत गरेकोमा यो वर्ष शेयर सस्पेन्स रु.४ अर्ब र दायित्वमा रहेको रु.१० अर्ब ३० करोड ३३ लाख शेयर पूँजीमा लेखाङ्कन गरी सोबाट रु.२७ अर्ब ४७ करोड ५४ लाख सञ्चित नोक्सानीमा समायोजन गरी यो वर्ष शेयर पूँजीमा रु.२५ अर्ब ४७ करोड ९७ लाख प्रस्तुत गरेको छ । शेयर पूँजीको नेपाल सरकारबाट समर्थन लिएको प्रमाण प्राप्त भएको छैन । महालेखा नियन्त्रकको कार्यालयसँग हिसाब मिलान नभई सस्पेन्समा रहेको रकम शेयर पूँजी हुन नसक्ने कारण सो रकम सञ्चित नोक्सानीमा समायोजन गर्न मिल्दैन ।

२५. **अन्तर कार्यालय हिसाब –** यो वर्षको वित्तीय विवरणमा अन्तर कार्यालय हिसाबमा फरक परेको खुद रु.७० करोड १३ लाख ८७ हजारलाई वित्तीय विवरणमा दायित्वमा देखाएको छ । अन्तर कार्यालय हिसाबमा मिलान हुन नसकेको सबै हिसाब भिडान बाँकी हिसाबमा समावेश गर्ने गरेको छ । अनियमित कारोबारको छानबिन एवं विश्लेषण बेगर सहज रुपमा त्रुटी पत्ता लगाउन नसकिने हुँदा नियमित भिडान गरी हिसाब मिलान गर्नुपर्नेमा सो गरेको छैन । यसैगरी प्राधिकरण भित्रै रहेको इन्जिनियरिङ्ग सेवा विभागले आन्तरिक रुपमा जनाएको आम्दानी तथा अन्य विभागको खर्च र सोबापतको फरक रकमलाई अन्तिम हिसाबमा पूर्णरुपमा मिलान गर्नुपर्नेमा सो पनि गरेको छैन ।

२६. **स्थिर सम्पत्ति –** स्थिर सम्पत्तिको लागत रु.१ खर्ब १३ अर्ब २८ करोडमा सञ्चित ह्रास रु.२८ अर्ब ७४ करोड तथा नोक्सानी व्यवस्था रु.४८ करोड समायोजन गर्दा वर्षान्तमा स्थिर सम्पत्ति खुद रु.८४ अर्ब ६ करोड रहेको छ । स्थिर सम्पत्तिको अभिलेख स्थायी रजिष्टर अथवा कम्प्युटर सफ्टवयरमा नराखी कम्प्युटरको एक्सेल सिटमा राखेकोले अभिलेखको कुल रकम वित्तीय विवरणसँग भिडान गर्नसम्म सकिने तर गत विगतको अभिलेखमा भएको एक शीर्षक वा एक सम्पत्तिको रकम अर्को शीर्षक वा अर्को सम्पत्तिमा परे नपरेको, परेको भए सम्पत्तिगत रकम वा सम्पत्ति मौजुदा रहे नरहेको यकिन गर्न सकिने अवस्था छैन । स्थिर सम्पत्तिको अभिलेखमा सम्पत्तिको नाम नराखी आयोजनाको नाम वा विभिन्न सम्पत्ति जस्ता नाम राखेकाले यस्ता सम्पत्तिको अवस्था यकिन गर्न सकिने अवस्था छैन । यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

२६.१ प्राधिकरण अन्तर्गतका एक कार्यालयको सम्पत्ति अर्को कार्यालयमा हस्तान्तरण गर्दा हस्तान्तरित सम्पत्तिको परल मूल्य तथा सञ्चित ह्रास एक कार्यालयमा घट्न जादा अर्को कार्यालयमा सोही बराबरको रकम बढ्न गई खुद रकम शून्य हुनुपर्नेमा यो वर्ष यस्तो रकममा परल मूल्यतर्फ मूल्यमा रु.७९ करोड १४ लाख तथा ह्रासमा रु.४ करोड १० लाख फरक अङ्कलाई समायोजन गरी हिसाब पेश गरेको छ । अन्तर शाखा हिसाबमा परेको यस्तो फरकको हिसाब राफसाफ गर्नसकेको छैन ।

२६.२ कार्यालयगतरुपमा कार्यालय सामान तथा मेसिनरीको भौतिकपरीक्षण गरे तापनि स्वामित्वमा रहेका सबै सम्पत्तिको विवरण यो वर्ष पनि अद्यावधिक गर्नसकेको छैन । वित्तीय विवरणमा उल्लेख भएका सबै सम्पत्ति मौजुदा रहे नरहेको यकिन गर्न सकिने अवस्था छैन । विभिन्न कार्यालयमा रहेको स्टोर अभिलेख र लेखामा रु.९८ लाख ६२ हजारको सम्पत्ति नै फरक छ । स्टोर तथा लेखामा फरक फरक अभिलेख भएकाले सम्पत्ति किटान गर्न भौतिकपरीक्षणबाट सहयोग पुग्नेमा सो परीक्षण गराएको छैन ।

२६.३ प्राधिकरणको जग्गाको लागत कुल रु.१ अर्ब ४० करोड देखाएको छ । २० इकाई कार्यालयले जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेका छैनन् । जग्गाको संरक्षण गर्ने कार्य पनि भएको छैन । वित्तीय विवरणमा उल्लेख भएको जग्गा र त्यसका अन्य अभिलेख एक आपसमा भिडान गर्न सकिने अवस्थामा छैन ।

२६.४ निर्माण गरिएको कार्यको कार्यसम्पन्न प्रतिवेदन बेगर यो वर्ष रु.१ करोड १६ लाख १२ हजार पूँजीकरण गरिएको छ । कार्य प्रगतिमा रहेको निर्माण कार्यलाई सम्पत्तिमा देखाएको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

२६.५ ट्रान्सफरमर तथा स्विचगेयरमा यो वर्ष पूँजीकरण गरेको रु.७० करोड २५ लाख समेत हालसम्म रु.१ अर्ब ६० करोड २६ लाखको खुद सम्पत्ति देखाएको छ । ती सामानको पहिचान गर्न सकिने गरी सम्पत्ति अभिलेखमा ट्रान्सफरमरको सेरिज नम्बर, जडान मिति, जडित स्थान, मोडेल प्रकार, उत्पादक, लागत वा

क्षमता जस्ता आधारभूत विवरण खुलाएको छैन । ती सामानहरु अन्तर कार्यालय एवं स्थानमा स्थानान्तरण गरेको विवरण राखेको पनि छैन ।

२६.६ स्थिर सम्पत्तिको अभिलेखबाट प्राधिकरणको स्वामित्वमा रहेको सवारीसाधनको किसिम, त्यसको नम्बर प्लेट तथा संख्या यकिन गर्नसक्ने अवस्था छैन । इन्जिनियरिङ्ग विभागमा रहेका ३ सवारीसाधनको अभिलेख नै राखेको छैन । एक कार्यालयबाट अर्को कार्यालयमा हस्तान्तरण भएका सवारीसाधनको अभिलेख सम्पत्ति अभिलेखसँग भिडान गर्न मिल्ने गरी व्यवस्थित गरी राखेको पनि छैन ।

२६.७ उत्पादन महाप्रबन्धकको कार्यालयमा रहेका १२ सवारीसाधनको बाँकी मूल्य वित्तीय विवरणमा समावेश भएको पाइएन । सवारीसाधनको मूल्य तथा ह्रासको सम्बन्धमा आवश्यक सूचना प्राप्त नभएकोले रकम निर्धारण गर्नसक्ने स्थिति छैन ।

२७. **लगानी –** लगानीमा यो वर्ष रु.४ अर्ब ९८ करोड १४ लाख देखाएको छ । दुई सहायक कम्पनीको शेयरमा रु.३ करोड १५ लाख ५ हजार लगानी गरेकोमा रु.१ करोड ३९ लाख ४ हजार मात्र प्रस्तुत गरी रु.१ करोड ७६ लाख १ हजार घटी लगानी देखाएको छ । संस्थाले लगानी गरेका सहायक तथा सम्बद्ध संस्थामा खटिई जाने कर्मचारी तथा व्यवस्थापनको दीर्घकालीन खर्चहरुको अनुमानित लागत तथा दायित्वको गणना गरी सम्बन्धित संस्थाबाट व्यवस्थापन खर्च दावी गर्ने व्यवस्था गर्नुपर्नेमा सो नगरी संस्थाले दीर्घकालीन खर्च, कर्मचारीको भविष्यमा सिर्जना हुने अनुमानित लागत तथा दायित्वबापतको खर्च तथा कर्मचारी कल्याण खर्च आदिको भार प्राधिकरण आफैंले व्यहोर्ने गरेको छ ।

२८. **निर्माणाधीन कार्य –** निर्माणाधीन सम्पत्तिमा यो वर्ष रु.२३ अर्ब ३७ करोड ९३ लाख देखाएको छ । तर निर्माणाधीन कामको विवरण र अब लाग्ने समयावधि खुलाई वर्गीकरण गरेको छैन । यस सम्बन्धमा उल्लेख्य व्यहोरा निम्न छन्:

२८.१ यो वर्ष पूँजीगत खर्च भएको रु.७१ लाख ७० हजार आयगत खर्चमा लेखाङ्कन गरेको छ । निर्माण गरिएको कार्यको कार्यसम्पन्न प्रतिवेदन बेगर यो वर्ष रु.१ करोड १६ लाख १२ हजार पूँजीकरण गरिएको छ । काम नै नगरी सम्पत्ति निर्माण खर्च देखाएको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

२८.२ व्यवसायिक उपयोग शुरु गरिए तापनि रु.९ करोड ५५ लाख ५५ हजारको निर्माणाधीन सम्पत्तिमा देखाएको छ । उक्त सम्पत्तिमध्ये रु.५८ लाख ७३ हजारको सम्पत्ति २०६६।६७ मा नै पूँजीकरण गर्न पत्राचार भएको देखिन्छ । यसबाट सम्पत्तिको प्रस्तुतिकरण तथा ह्रास खर्चमा फरक पर्ने देखियो ।

२८.३ निर्माणाधीन सम्पत्तिको नोक्सानको लागि विस्तृत विवरण बेगर यो वर्ष रु.२८ करोड ७९ लाख एकमुष्ठ व्यवस्था गरेको छ ।

२८.४ दमौली शाखाले विगत वर्षदेखि निर्माणाधीन सम्पत्तिमा देखाएको रु.३७ लाख सम्बन्धमा यो वर्ष पनि काम सम्पन्न नगरी आगामी वर्षका लागि जिम्मेवारी सारेको छ ।

२८.५ जलेश्वर शाखाले विगत वर्षदेखि ऋणात्मकमा देखाएको रु.३ करोड ३१ लाखको सम्बन्धमा यो वर्ष पनि छानबिन गरी हिसाब यकिन गरेको छैन ।

२८.६ विगतमा सञ्चालनमा आईसकेको जिरी खिम्ती सब–स्टेशनको हिसाबमा रु.३ करोड २१ लाख अझै निर्माणाधीन कार्य अन्तर्गत हिसाब बाँकी देखाएको छ ।

२९. **जिन्सी व्यवस्थापन –** यो वर्षको जिन्सी मौज्दात रु.२ अर्ब ५९ करोड १२ लाख रहेको छ । जिन्सी मौज्दात सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

२९.१ जिन्सीमा हुने सम्भावित नोक्सानीबापत विगत वर्षमा गरेको व्यवस्थाबापतको रु.२९ करोड ६० लाखलाई यो वर्ष पनि साविकबमोजिम जिम्मेवारी सारेको छ । विभिन्न इकाई कार्यालयमा रहेका सामानको अवस्था यकिन गरी गणना नगरेकोले सो व्यवस्था पर्याप्त भए नभएको यकिन हुन सकेन ।

२९.२ भण्डारबाट निष्कासन भएका रु.२ करोड ४६ लाख मूल्यको जिन्सी सामान निर्माणाधीन सम्पत्तिमा लेखाङ्कन गर्नुपर्नेमा सो नगरी जिन्सी मौज्दातमा नै प्रस्तुत गरिएबाट जिन्सी मौज्दात बढी र निर्माणाधीन सम्पत्ति कम लेखाङ्कन हुन गएको छ ।

३०. **महसुल बक्यौता –** गत वर्षको दाजोमा वर्षान्तमा विद्युत महसुल बक्यौता १३.५७ प्रतिशत वृद्धि भई रु.७ अर्ब २८ करोड पुगेको छ । बक्यौता रकमका सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

३०.१ लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५६ करोडमा यो वर्ष परिवर्तन भएको देखिएन । बक्यौता रकमको अवधि वर्गीकरण गरी असुली संभाव्यताको आधारमा शंकास्पद व्यवस्थाको गणना पनि गरेको छैन । विगतमा शंकास्पद व्यवस्था गरेको रकमको विस्तृत विवरण पेश नभएकोले सोको यथार्थता यकिन हुनसकेको छैन । कालोसूचीमा परेका ग्राहकसँग लिन बाँकी र गाउँ विकास समिति, जिल्ला विकास समिति, सडक बत्ती लगायतका बक्यौता समावेश गर्ने हो भने शंकास्पद व्यवस्थाको रकम अपर्याप्त हुने देखिन्छ ।

३०.२ कालोसूचीमा परेका ग्राहकको समेत २ वर्ष भन्दा बढी अवधिदेखि असुल हुन नसकेको बक्यौता रु.३१ करोड ४९ लाख रहेको छ । बिलिङ्ग गरेको ६० दिनमा पनि महशुल नतिर्ने ग्राहकलाई कालोसूची (डिफल्टर) मा समावेश गर्नुपर्ने नियमको व्यवस्था लागू गर्नुपर्नेसम्बन्धमा गत विगत वर्ष पनि दिएको सुझाव यो वर्ष कार्यान्वयन गरेको छैन । साथै प्राधिकरणका वितरण केन्द्र तथा शाखाहरुले ग्राहक खाता अद्यावधिक गर्नुपर्नेमा अधिकांशले गरेको छैनन् ।

३०.३ आय शाखाको हिसाबले देखाएको बक्यौता र लेखा शाखामा देखाएको बक्यौतामा यो वर्ष पनि हिसाब मिलान हुनसकेको छैन । यस्तो हिसाबमा आय शाखाको भन्दा लेखा शाखाले रु.२ अर्ब ५३ करोड २७ लाखले बढी देखाएको छ ।

३०.४ निजी क्षेत्र तथा स्थानीय समुदायसँग साना जलविद्युत व्यबस्थापन, बितरण तथा महशुल संकलन, असुलीका लागि भएका सम्झौता, नीतिको कार्यान्वयन एवं अनुगमन भएको पाइएन । यसले गर्दा विद्युत महशुल बक्यौतामा उल्लेखनीय बृद्धि भएको छ ।

३१. **सम्पन्न कार्य हस्तान्तरण** – इन्जिनियरिङ्ग विभागको रिचार्जेवल वर्क्समा विगत वर्षदेखि सम्पन्न भईसकेका रु.२ करोड ६८ लाख समेत रहेको छ । सम्पन्न भईसकेको कामहरु सम्बन्धित इकाईमा हस्तान्तरण गरी हिसाब राफसाफ राख्नुपर्नेमा उक्त रकममा धेरै पुराना हिसाब समेत बाँकी रहेका छन् ।

३२. **बैङ्क तथा नगद मौज्दात –** बैङ्क तथा नगदमा रु.२ अर्ब १ करोड मौज्दात बाँकी देखाएको छ । यससम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

३२.१ बैङ्क तथा नगद मौज्दात कम भएको रु.३ करोड ५३ लाखलाई कुल मौज्दातबाट घटाई खुद मौज्दात कायम गरेको छ । कम भएको बैङ्क तथा नगद मौज्दात यकिन गरी मात्र समायोजन गर्नुपर्दछ । वर्षौं अगाडि चेक काटिएका तर भुक्तानी नलगेको रु.९ लाख १ हजार प्राधिकरणको आर्थिक विनियमावली अनुसार आम्दानीमा समावेश गर्नुपर्नेमा गरेको छैन ।

३२.२ नगद मौज्दातको प्रमाण तथा अस्तित्वमा नै नभएको नगद रु.१३ लाख २ हजारलाई मौज्दातमा देखाएको छ । शाखा कार्यालय ओखलढुङ्गा, राजविराज र इटहरीको नगद कारोबारको परीक्षण गर्दा लेखामा देखिएको भन्दा रु.१० लाख ६१ हजार कम मौज्दात रहेको छ ।

३२.३ बैङ्क हिसाबको मासिक रुपमा हिसाब मिलान विवरण तयार गर्ने गरेको छैन । धेरैजसो इकाईले वर्षमा एकै पटक बैङ्क र लेखाको हिसाब मिलान गर्ने गरेको छ । बैङ्क हिसाब वितरण तथा ग्राहक सेवा तेह्रथुम, अछाम, डोटी, प्यूठान, तौलिहवा लगायतले यो वर्ष बैङ्क हिसाब मिलान गरेका छैनन् । केही कार्यालयमा बैङ्क हिसाब मिलान गर्दा थपघट गरी समावेश रकमको आधार पेश भएन ।

३२.४ कुलेखानी जलविद्युत आयोजनाको ३ बैङ्क खातामा बैङ्कले देखाएको भन्दा खातामा बढी देखाएको छ । उक्त आयोजनाले २०६८ आषाढको बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन ।

३३. **पेश्की तथा लिन बाँकी –** वर्षान्तमा पेश्की तथा लिन बाँकी रु.३ अर्ब ३६ लाख देखाएको छ । विगत वर्षको लिन बाँकीको लागि यो वर्ष रु.८ करोड ८६ लाख ५२ हजार व्यवस्था गरेको छ । लिन बाँकी रकमको सम्बन्धित असामीबाट समर्थनपत्र लिएको छैन ।

३३.१ समुदायलाई हस्तान्तरण गरेको कैलाली र कन्चनपुर जिल्लाका ग्रामीण विद्युतीकरणको उठाउनुपर्ने रु.१७ करोड १५ लाख विगत ४ वर्षदेखि उठाउन सकेको छैन । उक्त लगानीमा वार्षिक २ प्रतिशतका दरले ब्याज हिसाब गर्नुपर्नेमा गरेको छैन ।

३३.२ रकम प्राप्त भए पछिमात्र जडान कार्य गर्ने शीर्षक (रिचार्जेवल वर्क्स) मा विगत लामो अवधिदेखि रु.२ करोड ८३ लाख ८३ हजार उठाउन बाँकी छ । पहिला लाग्ने खर्च तथा प्राधिकरणको मुनाफा प्राप्त गरेपछि मात्र काम गर्नुपर्नेमा पहिला काम गरी दिएकाले बाँकी रहेको यो रकम वर्षौंसम्म उठाउन सकेको देखिएन । रकम उठाउन यो वर्ष कुनै कारबाही गरेको छैन ।

३४. **आयकर –** अग्रिम आयकरबापत यो वर्षसम्म दाखिला गरेको रु.१ अर्ब २० करोड ४९ लाखको हिसाब फछ्यौंट गर्न बाँकी रहेको छ । आय विवरण समयमा दाखिला नगरेबापतको जरिवाना तिरेको रु.९० करोड ५७ लाख भुक्तानी प्राप्त गर्नुपर्नेमा देखाएको छ । उक्त रकम खर्चमा लेखाङ्कन गरेको छैन ।

३५. **तिर्न बाँकी –** तिर्न बाँकी रकममा रु.२८ अर्ब ५७ करोड ८९ लाख रहेको छ । यससम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

३५.१ तिर्न बाँकी रकमको आयु वर्गीकरण सहित विस्तृत विवरण नराखेकोले सोको यथार्थता बारे यकिन हुन सकेन ।

३५.२ दुई कार्यालयले ३ वर्ष भन्दा अगाडि देखि भुक्तानी गर्नुपर्ने पार्टीको नाम नखुलाई रु.८३ लाख ९३ हजार जिम्मेवारी सार्दै आएको छ ।

३५.३ विगत ३ वर्षभन्दा अगाडिदेखि यकिन हुन नसकेको कर्मचारीलाई भुक्तानी गर्नुपर्ने रु.३ लाख ८५ हजार यो वर्ष पनि हिसाब मिलान नगरी दायित्वमा देखाई जिम्मेवारी सार्दै आएको छ ।

३६. **आय व्यय लेखाङ्कन –** आय व्यय लेखाङ्कन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३६.१ ग्रामीण विद्युतिकरणमा जनसहभागिताको रकमलाई पूँजीगत जगेडामा लेखाङ्कन गरेको छ । उक्त जनसहभागिताबाट निर्मित सम्पतिको ह्रासको अनुपातमा जगेडा हिसाबबाट आय लेखाङ्कन गर्नुपर्नेमा कुनै पनि रकम आयमा समावेश गरेको छैन ।

३६.२ विद्युत विक्रीको युनिटगत विवरण भिडान गर्नसक्ने अवस्थामा छैन । सडक बत्तीमध्ये अधिकांशको मिटर जडान गरेको छैन । उदाहरणका लागि हेटौडा, बिराटनगर र जनकपुर नगरमा रहेका २४७ सडक बत्ती मिटरमध्ये २०६ मा मिटर जडान गरेको छैन ।

३६.३ पर्याप्त कागजात पेश नभएकोले साना जलविद्युत केन्द्रबाट प्राधिकरणले लिनुपर्ने लिजभाडाको रकम यकिन गर्न सक्ने अवस्था छैन ।

३६.४ इन्जिनियरिङ्ग विभाग, कंक्रिट पोल प्लान्ट शाखा, केन्द्रीय स्टोरजस्ता विद्युतीय सामग्री विक्री गर्ने इकाईले गरेको विक्री गरेको सामग्रीको विक्री परिमाण घटाई मौज्दात यकिन गर्ने र सो व्यहोरा विक्री (आम्दानी) तथा निकासी (खर्च) दुवैतर्फ समावेश गरी हिसाब यकिन गर्नुपर्नेमा सो गरेको देखिएन ।

३६.५ वितरण तथा ग्राहक सेवा महेन्द्रनगर तथा धादिङको मिटर तथा अन्य सामान विक्रीको नाफा शीर्षकमा रु.२० लाख ११ हजार नोक्सान देखिन्छ । लागत मूल्यभन्दा बढीमा सामान विक्री गर्दा पनि खुद नोक्सान देखिनु यथार्थ अवस्था होइन । चुहावटको कारणबाट यस्तो देखिँदा यसमा छानबिन हुनुपर्दछ ।

३६.६ विगत लामो अवधिदेखि स्टोरमा नभएका रु.४ करोड २७ लाख ८४ हजार विद्युतीय सामग्री, औजार, उपकरण तथा फिटिङ्गको खोजविन गरेको छैन । सो नभएको सम्पत्तिबापत व्यवस्था गरेको पनि छैन ।

३७. विद्युत खरिदमा लेखा शाखामा देखाएको खर्च विद्युत खरिद अभिलेखमा भएकोभन्दा रु.४ करोड ३४ लाख ८८ हजारले बढी छ । बढी खर्च लेखाङ्कन हुनुको कारण पेश भएको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

३८. **असुली** – यो वर्ष प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.१७ हजार र सम्परीक्षणको क्रममा रु.१ लाख ९४ हजार समेत रु.२ लाख ११ हजार असुल भएको छ ।

३९. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा २ कार्यालयको रु.२ करोड ४० लाख ६९ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.२ लाख ४९ हजार फछ्यौंट गरी २ कार्यालयको रु.२ करोड ३८ लाख २० हजार पेश्की देखिएको छ । गत विगतको समेत कुल रु.२ करोड ४१ लाख ४० हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

४०. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको सम्परीक्षण स्थिति देहायअनुसार छः

४०.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फको यो वर्षको रु.३ करोड २२ लाख २७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१० लाख ५९ हजार फछ्यौंट गरेकोले रु.३ करोड ११ लाख ६८ हजार बाँकी रहेको छ ।

४०.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.२ करोड ६३ लाख १५ हजार बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराएको छ ।

४०.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.७९ लाख १८ हजार बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराएको छ ।

४०.४ यो वर्ष कुल रु.३ करोड ४३ लाख ३३ हजार बेरुजू फछ्यौंट भएको छ ।

कानून तथा न्याय मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.५ करोड ४३ लाख २३ हजार, राजस्वतर्फ रु.३४ हजार र धरौटीतर्फ रु.८ लाख ४९ हजार गरी रु.५ करोड ५२ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहत संस्था/समिति ३ को रु.१४ करोड २३ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** मन्त्रालयले यो वर्ष चालू खर्चतर्फ रु.४३ लाख ५० हजार र पूँजीगततर्फ रु.४ लाख विभिन्न निकायलाई नि:शर्त अनुदान दिएको छ ।

अनुदान प्राप्त गर्ने संस्थामध्ये केन्दीय कानूनी सहायता समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने कानूनी व्यवस्था रहेको छ । यो वर्ष उक्त समितिलाई रु.४० लाख अनुदान उपलब्ध गराएको छ । समितिले २०६६।६७ र २०६७।६८ को लेखापरीक्षण गराएको छैन ।

समितितर्फ

कानून किताब व्यवस्था समिति

समितिको २०६७।६८ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

२. **सञ्चालन नतिजा –** गत वर्ष रु.८४ लाख ६६ हजार नोक्सान भएकोमा यो वर्षको आय रु.२ करोड ४३ लाख ८८ हजारमध्ये रु.१ करोड ६८ लाख ४५ हजार खर्च भई रु.७५ लाख ४३ हजार बचत भएको छ ।

३. **पेस्की तथा असामी** – गत वर्षसम्म रु.७ लाख ९१ हजार असामी रहेकोमा यो वर्ष वृद्धि भई रु.२५ लाख ७७ हजार पुगेको छ । अग्रिम कर रकम गत वर्ष रु.६ लाख ९८ हजार देखिएकोमा यस वर्षको अन्तमा रु.२४ लाख ९१ हजार देखिएको छ । कर दायित्व सम्बन्धमा आवश्यक कार्यबाही गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ । असामीमध्ये कानून तथा न्याय मन्त्रालयसँग लिन बाँकी रु.६२ हजार रहेको छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

४. **असुली –** यो वर्ष सम्परीक्षणको क्रममा रु.२ हजार असुल भएको छ ।

५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छ:

५.१. मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१ लाख ९६ हजार बेरुजू देखिएको छ ।

५.२. अन्य संस्था/समितितर्फ यो वर्ष रु.३ लाख २४ हजार बेरुजू देखिएको छ ।

५.३. मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये रु २१ हजार फछ्यौंट गरिआएकोले सम्परीक्षण गरिएको छ ।

५.४. वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.८० हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.१ लाख १ हजार बेरुजू फछ्यौंट भएको छ ।

कृषि तथा सहकारी मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३८१ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.९ अर्ब.३६ करोड ४९ लाख ७ हजार, राजस्वतर्फ रु.४० करोड १३ लाख ९२ हजार, धरौटीतर्फ रु.१० करोड ७५ लाख ५८ हजार र अन्य कारोबारतर्फ रु.६ करोड १ लाख ५ हजार गरी रु.९ अर्ब ९३ करोड ३९ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था, अन्य संस्था, समिति २० को रु ६ अर्ब ८७ करोड ४३ लाख ४४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **आय–व्ययको सार्वजनिक जानकारी –** नेपाल सरकारको २०६७६८ को आय व्ययको सार्वजनिक जानकारी वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नबमोजिम छन्:

१.१ सार्वजनिक गोदाम विधेयक २०६७६८ मा तर्जुमा गरिने उल्लेख भएकोमा तर्जुमा भएको छैन ।

१.२ कृषि तथा पशु बीमा गर्दा लाग्ने प्रिमियमको ५० प्रतिशत रकम अनुदानको रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने र यस्तो कार्य साना किसान विकास बैङ्कमार्फत सम्पन्न हुने व्यवस्था भएकोमा मन्त्रालयमा त्यसको प्रगति प्राप्त नभएकोले प्रिमियम अनुदानको अवस्था यकिन गर्न नसकिएको मन्त्रालबाट जवाफ प्राप्त छ ।

१.३ अर्थमन्त्रीले सार्वजनिक बजेट वक्तव्यमा उल्लेख भएअनुसार ठूला कृषि र पशु फार्महरुको स्थापना र सञ्चालन गर्न सहकारी क्षेत्रलाई उत्प्रेरित गरिने र सहकारी खेती सम्बन्धी कानून तर्जुमा गरिने, सहकारी खेतीका लागि सरकारले सडक, सिचाई तथा विद्युत जस्ता पूर्वाधारको व्यवस्था गर्दै जाने प्रतिबद्धता व्यक्त गरेकोमा सहकारी खेतीसम्बन्धी कानूनको मस्यौदा तयार भएको छलफलको क्रममा जानकारी हुन आयो । साथै कृषि क्षेत्रलाई लक्षित गरी देशको कुन कुन स्थान र क्षेत्रमा सडक, सिचाई, विद्युत जस्ता पूर्वाधारको विकास गरियो मन्त्रालयले स्पष्ट गर्न सकेको छैन ।

२. **मल खरिदमा अनुदान –**कृषकहरुलाई रसायानिक मलमा दिइने अनुदानमा रु.२ अर्ब ५० करोड रकम विनियोजन गरेकोमा थप रु.१८ करोडसमेत कृषि सामग्री कम्पनीलाई २ अर्ब ६८ करोड निकासा दिई २ लाख मेट्रिकटन रासायनिक मल आयात गर्न व्यवस्था मिलाएको देखिन्छ ।

२.१ रासायनिक मल हिसाब फरफारक कार्य टोली २०६८ को प्रतिवेदनअनुसार यस वर्ष कृषि सामग्री कम्पनीले १ लाख ३१ हजार ४८० मेट्रिकटन रासायनिक मल आयात गरी १ लाख १० हजार मेट्रिकटन बिक्री वितरण गरेको प्रतिवेदन प्राप्त भएको छ । २ लाख मेट्रिकटन रासायनिक मलको माग प्रक्षेपण गरी अनुदानको व्यवस्था मिलाए तापनि १ लाख १० हजार मेट्रिकटन (५५ प्रतिशत) मात्र खरिद गरेको देखिन्छ । कृषि सामग्री कम्पनीलाई मल आपूर्तिको लागि अनुदान रकम समयमै निकासा भएपनि कम्पनीले समयमै पर्याप्त आपूर्तिसम्बन्धी व्यवस्था गर्न सकेको छैन ।

२.२ अनुदान फरफारक गर्न गठित टोलीको प्रतिवेदनअनुसार १ लाख ३१ हजार ४८० मेट्रिकटन रासायनिक मलमध्ये १ लाख १० हजार मेट्रिकटन बिक्री वितरण गरेकोले र फरक मौज्दातको विवरण पेश नभएकोले घटी वितरण गरेको २१ हजार ४८० मेट्रिकटनको रु.४० करोड २७ लाख १ हजार फिर्ता गर्नुपर्दछ ।

२.३ कार्यटोलीको प्रतिवेदनअनुसार २०६५।६६ र २०६६।६७ मा रु.२७ करोड ३ लाख वास्तविक मूल्यभन्दा बढी अनुदान गएको रकम असुल गर्नुपर्ने भनी प्रतिवेदन पेश भए तापनि हालसम्म हिसाब मिलान नगरेको र प्रतिक्रियामा चालू वर्ष २०६८।६९ को अनुदानबाट कट्टा गरी समायोजन गरिने जानकारी गराएको छ ।

३. **प्राविधिक सहायता –** यो वर्षको प्राविधिक सहायताको विवरण पुस्तिकामा मन्त्रालयअन्तर्गतका २ कार्यक्रमको लागि २ अन्तर्राष्ट्रिय संस्थाबाट गुणस्तरीय रेशम कोया उत्पादन तथा प्रशोधन आयोजना र खाद्यान्नको उच्च मूल्यबाट प्रभावित नेपालका पूर्वी, मध्य, मध्यपश्चिम र सुदूरपश्चिमका १० जिल्लामा खाद्यान्न सहयोगसम्बन्धी कार्य गर्न सल्लाहकार सेवा, सरसामान, उपकरण, तालिम, गोष्ठी तथा अन्यको लागि जापानी येन १२ करोड र युरो ८९ लाख (२०६८।३।३२ को विनिमय दरले हुने रु.१ अर्ब ९८ करोड ४१ लाख ९१ हजारको प्राविधिक सहयोग प्राप्त हुने अनुमान रहेको छ । ती सहायतासम्बन्धी सम्झौता तथा खर्चको विवरण लेखापरीक्षणमा पेश गर्न २०६८।१०।९ मा अनुरोध गरेकोमा प्राप्त नभएकोले लेखापरीक्षण गरिएको छैन ।

४. **खर्च अख्तियारी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष सुरु भएको पन्ध्र दिनभित्र वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । अर्थमन्त्रीबाट २०६७।६८ को बजेटको २०६७।८।४ मा सार्वजनिक जानकारी भएको र सोबमोजिमको अख्तियारी मन्त्रालयमा २०६७।८।५ मा लेखाउत्तरदायी अधिकृतलाई प्राप्त भएको छ । मन्त्रालयले अन्तर्गतका विभिन्न महाशाखा विभागलगायतका निकायलाई २०६७ पौषमा रु.२२ करोड ७९ लाख ७२ हजार, फागुनमा रु.१ करोड ७७ लाख, चैत्रमा रु.१ कोड ५० लाख, जेष्ठमा रु.८ करोड १४ लाख ९० हजार र आषाढ महिनामा रु.११ करोड ३२ लाख ६२ हजारसमेत रु.४५ करोड ५४ लाख २४ हजार निकासा दिएको छ । अख्तियारी ढिलो प्रदान गर्दा सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐनलगायतका कानूनको परिपालना गर्न समयाभाव हुने, हतारमा खर्च गर्नुपर्ने आदि स्थितिले कार्यक्रमको गुणात्मक पक्षमासमेत असर परेको अवस्था छ ।

५. **अनुदान –** यो वर्ष मन्त्रालयले कार्यक्रम सञ्चालन गर्न विभिन्न समिति, बोर्ड तथा संघसंस्था १२ लाई रु.१ अर्ब ९ करोड ३१ लाख ८० हजारमध्ये रु.९८ करोड निःशर्तमा र रु.११ करोड ३१ लाख ८० हजार सःशर्तमा अनुदान दिएको पाइयो ।

दुग्ध विकास संस्थानलाई पूंजीगत कार्यक्रम सञ्चालन गर्न रु.१ करोड ८० लाख उपलब्ध गराएकोमा रु.१ करोड ६० लाख ९७ हजार खर्च भएकोमा बाँकी रु.१९ लाख ३ हजार फिर्ता गरेको छैन । साथै पूँजीगत कार्यको प्रगति र खर्चको विवरण लेखापरीक्षणमा पेश भएन । उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्ने जवाफ प्राप्त भएको छ ।

६. **घरजग्गाको स्थिति –** विघटित जुट विकास संस्थानबाट क्षेत्रीय कृषि निर्देशनालय विराटनगरको नाममा हस्तान्तरण भई आएको विराटनगर उपमहानगरपालिका वडा नं. १३ कि.नं. १३११ को ३ बिघा ७ कठ्ठा १० धुर जग्गामा क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले १ बिघामा आफ्नो भवन निर्माण गरिरहेको छ । करिब १ विघामा सुकम्बासीहरु बासोबास गरेको र बाँकी जग्गामा बाली संरक्षण कार्यालय र अन्य सरकारी कार्यालयले समेत भवन निर्माणको लागि माग गरेको पाइयो । सरकारी स्वामित्वमा रही प्रयोगमा नभएको र सुकम्बासी बसी उपयोग गरिरहको जग्गाको उचित संरक्षण तथा प्रयोग हुनुपर्ने देखिन्छ । जिल्ला पशु सेवा कार्यालय, डडेल्धुराको विवरणअनुसार पशु सेवा केन्द्र जोगबुढा, गणेशपुरको आवास तथा कार्यालय भवन २०४१।४२ मा र पशु सेवा केन्द्र चिपुर, पशु सेवा उपकेन्द्र उग्रताराको कार्यालय र आवास भवन २०४२।४३ मा महाकाली एकीकृत ग्रामीण विकास परियोजनाबाट निर्माण भई हस्तान्तरण भएको घरजग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको देखिएन ।

७. **खर्च अनुमोदन –** सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने काममा समुदायले हरेक कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र

खर्च प्रमाणित गर्ने कागजात समुदाय वा बैठकबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । धादिङको साना सिंचाई कार्यक्रममा रु.२५ लाख ८८ हजार, कृषि विकास कार्यालय मोरङ, कृषि व्यवसाय प्रवर्द्धन तथा विकास कार्यक्रममा रु.२० लाख ६० हजार, कृषि विकास कार्यालय धनकुटाको सहकारी क्षेत्र सुदृढीकरण आयोजनाको रु.१ लाख ८५ हजार र व्यावसायिक कृषि विकास आयोजना विराटनगरको रु.२ करोड ८९ लाख ५१ हजार र अन्य ४ कार्यालयको रु.९६ लाख १० हजारसमेतका ८ कार्यालयको अनुदानमा सामुदायिक उपभोक्ता समितिबाट बगैंचा तयारी, बोका, बंगुर वितरण, साना सिंचाई मर्मत र निर्माणलगायतका कार्यक्रममा रु.४ करोड ३३ लाख ९४ हजार खर्च भएको छ । उपभोक्ता समितिले त्यसरी प्राप्त रकमको खर्चको अनुमोदन गरी प्रतिवेदन पेश गरेको पाइएन । यस्तै सहकारी खेती तथा साना सिचाई कार्यक्रमको समेत निर्देशिकाअनुसार खर्च अनुमोदन गराएको देखिएन ।

८. **खर्चको प्रमाण –** जिल्लास्थित कार्यालयहरुले स्थलगत लेखापरीक्षणको समयमा खर्चसम्बन्धी प्रमाणहरु उपलब्ध नगराउने तर सम्परीक्षणको क्रममा पेश गर्ने प्रवृत्ति देखिएको छ । यो वर्ष कृषि विभागअन्तर्गतका ३९.कार्यालयले रु.५ करोड ७० लाख ५५ हजार र पशु विभागअन्तर्गतका ४३ कार्यालयले रु.१ करोड ५५ लाख २८ हजार र सहकारीतर्फ ७ कार्यालयको रु.७६ लाख ९२ हजारसमेत कुल रु.८ करोड २ लाख ७५ हजारको भुक्तानी पूर्वकै प्रमाण कागजात सम्परीक्षणको लागि पेश गरेका छन् । यसले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको एवं लेखापरीक्षणको समयमा गम्भीर नभएको स्थिति देखिन्छ । :

उदाहरणको लागि जिल्ला कृषि विकास कार्यालय, सर्लाहीले अमानतमा कार्यालय परिसर मर्मत गर्न रु.१ लाखको लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन प्रस्तुत गरेको, परामर्श सेवातर्फ रु.९५ हजार, ढुवानीबापत रु.९० हजार खर्च लेखेकोमा खरिद गरेको ठाउँ, परिमाण र खरिद मिति उल्लेख नभएको, एक बीज भण्डारलाई मकै बीउबापत रु.१ लाख ४० हजारसमेत जम्मा रु.४ लाख २५ हजार खर्च लेखेको छ ।

उपर्युक्त सम्बन्धमा केही कार्यालयहरुले भूलवश बिल भरपाई राख्न छुटेको जवाफ दिएका छन् ।

९. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८(१) मा भाडा भुक्तानी गर्दा १५ प्रतिशत र दफा ८९(१) मा बासिन्दा व्यक्तिलाई करारबापत रु. ५० हजारभन्दा बढी रकम भुक्तानी दिंदा भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १८४ कार्यालयले रु.२५ लाख १६ हजार अग्रिम कर कट्टा गरेको छैन । लेखापरीक्षणको क्रममा र प्रतिक्रियासाथ १०४ कार्यालयबाट रु.१३ लाख ६३ हजार कर असुल गरी दाखिला गरेको छ ।

कृषि विभाग

१०. **अभियानमुखी मकै कार्यक्रम** – देश खाद्यान्नमा आत्मनिर्भर हुन खासगरी पूर्वी तथा मध्यतराईका केही जिल्लाहरुमा अभियानमुखी मकै कार्यक्रम सञ्चालन गर्न हाइब्रिड जातका विभिन्न किसिमका बीउ वितरण गरेको छ । उदाहरणको लागि बारा, रौतहट, सर्लाही जिल्लामा यस वर्ष निजी कम्पनीसमेतबाट रु.५१ लाख ४८ हजारको ७८ मेट्रिकटन मकै बीउ खरिद गरी ३ हजार ९०० हेक्टर खेतीको लागि कृषकहरुलाई वितरण गरेको छ । बीउको उमार शक्ति, फल दिन सक्ने क्षमता आदि गुणस्तरसम्बन्धी प्रमाण पेश हुन आएन ।

११. **भवन निर्माण –** क्षेत्रीय बाली संरक्षण प्रयोगाला, विराटनगरको अधुरो भवन र कञ्चनपुरको कल्याणपुर गुलरिया सेवा केन्द्रको तीन तले भवन निर्माणको स्थिति निम्नानुसार छः

विवरण	क्षेत्रीय बाली संरक्षण प्रयोगशाला, विराटनगर	जिल्ला कृषि विकास कार्यालय, कञ्चनपुर
१. लागत अनुमान (रु. हजारमा)	१७,३२	२१,०७
२. स्वीकृत ठेक्का रकम (रु. हजारमा)	११,०६	१२,२५
३. ठेक्का सम्झौता मिति	२०६७।११।२६	२०६८।१।४
४. कार्यसम्पन्न गर्नुपर्ने मिति	२०६८।२।३२	२०६८।३।१५

उपर्युक्त भवन निर्माणसम्बन्धी फाइल र खर्चको स्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखिएको छ ।

११.१ विराटनगरको भवन निर्माण २०६८।३।२३ सम्म मूल्य अभिवृद्धि करबाहेक रु.४ लाख ४८ हजारकोमात्र काम सम्पन्न गरेको देखिन्छ । बाँकी कार्य शीघ्र पूरा गर्न २०६८।३।६ मा स्पष्टीकरण मागेकोमा जवाफ दिएको छैन । ठेक्का सम्झौताअनुसार काम नगरेको र म्यादभित्र निवेदन नपरेको व्यहोरा जनाई म्याद थप नगरी कारबाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा जानकारी गराई ठेक्का तोडेको छ । निजले राखेको जमानत धरौटी जफत गरी अधुरो काम पूरा गर्न जति बढी खर्च पर्दछ निजबाट असुल गरिनुपर्नेमा हालसम्म गरेको छैन ।

११.२ कञ्चनपुरको गुलरिया सेवा केन्द्र भवनको ठेक्का अवधिसम्म सबैभन्दा घटी रु.१२ लाख २५ हजार कबोल गर्ने निर्माण व्यवसायीले पिल्लर र छत ढलान सम्पन्न गरी सो बराबर कार्यको रु.५ लाख ६५ हजार भुक्तानी गरेको छ । छत ढलान पश्चात २१ दिनपछि मात्र फर्मा खोल्न मिल्ने र आषाढ १५ मा उक्त योजना समाप्त हुने कारण उल्लेख गरी म्याद थप नगरी क्षेत्रीय निर्देशकको स्वीकृतिमा ठेक्का अन्तिम गरेको छ । तोकिएको समयमा कार्यसम्पन्न नगर्ने व्यवसायीलाई सम्झौता अनुसार हर्जाना असुल गर्नेतर्फ कारबाही नगरी सम्झौता रकमको ४६.१२ प्रतिशतमात्र कार्यसम्पन्न गरेको अवस्थामा व्यवसायीसँग कार्य फरफारक गरेकोले अधुरो काम सम्पन्न गर्न सरकारलाई बढी व्ययभार पर्ने अवस्था सिर्जना गरेको छ ।

११.३ जिल्ला कृषि विकास कार्यालय, इलामले २०६६।६७ मा कार्यालय भवनको रु.३८ लाख ४४ हजारमा (मूल्य अभिवृद्धि कर र कन्टिजेन्सीबाहेक) को लागत इष्टिमेट तयार गरी २०६७।६८ मा भवन निर्माणका लागि रु.१० लाख बजेट विनियोजन भई रु.९ लाख ९ हजार खर्च भएको छ ।

भवनको २०६६।६७ मा तयार गरेको लागत अनुमान रु.३८ लाख ४४ हजारको आधारमा २०६७।६८ मा आंशिक बजेट विनियोजन भई २०६७।११।१३ को क्षेत्रीय कृषि निर्देशनालय, विराटनगरको स्वीकृतिबाट रु.७ लाख ६७ हजार (मूल्य अभिवृद्धि करबाहेक) संशोधित लागत अनुमान तयार गरी निर्माण कार्य गराउँदा खर्च बढ्न गएको केही उदाहरण निम्न अनुसार रहेको छ:

क्र.सं.	विवरण	२०६६।६७ को दर रु.	२०६७।०६८ को दर रु.	व्यय भार वृद्धि रु.	प्रतिशत
१	कडा माटोमा जग खन्ने कार्य	१२०।८२	१५९।९०	३९।०८	३२.३४
२	जगमा ढुङ्गा विछ्याउने र सतह मिलाउने	१४०९।९०	१८१४।१३	४०४।२३	२८.६७

उपर्युक्त ठेक्काबाट भवन निर्माणको आंशिक कार्य डी.पी.सी. र पिलरको रडहरुमात्र खडा गरिएको पाइयो । सम्पूर्ण निर्माण कार्यको लागत अनुमान तयार गरेको अवस्थामा भवन निर्माणको लागि आवश्यक बजेट एकमुष्ट व्यवस्था गरी एकै निर्माण व्यवसायीबाट काम सम्पन्न गराउनुपर्नेमा आंशिक बजेट विनियोजन गरेकोले पटक पटक लागत संशोधन गरी टुक्राटुक्रा पारी विभिन्न व्यवसायीबाट निर्माण कार्य गर्दै जाँदा समयमा काम सम्पन्न नहुने तथा लागत बढ्न जाने देखिन्छ ।

१२. **बाढीजन्य राहत –** कञ्चनपुर जिल्लामा विगत वर्षमा आएको बाढीका कारण क्षति पुगेका चाँदनी, दोधारा, श्रीपुर, शंकरपुर, कृष्णपुर, देखतभुली, रैकवार विचवाका कृषकहरुलाई राहत एवं पुनर्स्थापनाका लागि यो वर्ष स्वीकृत वार्षिक कार्यक्रमअनुसार रु.२ करोड ७५ लाख ७ हजार खर्च भएको छ ।

बाढीबाट प्रभावित गाउँ विकास समिति घरधुरी, परिवार तथा परिवारका सदस्य, क्षति जग्गाको परिमाण, प्रभावित पक्षहरुबाट माग गरिएका राहत, राहत कार्यक्रमको सूचना तथा जानकारी, राहत वितरण समितिको निर्णय लेखापरीक्षणमा पेश हुन नआएकोले राहत प्याकेज छनौटको आधार स्पष्ट हुन सकेन ।

राहत कार्यक्रमअन्तर्गत विभिन्न खाद्यान्न तथा नगदेवालीको बीउ, रासायनिक तथा अर्गानिक मल, सिचाई सामाग्रीहरु वितरण आदि कार्यक्रमहरु सञ्चालन भएको छ । खरिद कार्य गर्न सम्बन्धित

बिक्रेताहरुबाट प्राप्त बजार मूल्यको आधारमा लागत अनुमान तयार गरी खाद्यान्नको बीउको हकमा सिलबन्दी दरभाउपत्र लिई रु.१७ लाख ६ हजार खरिद गरेको देखिन्छ ।

१३. **राजस्व असुली –** उष्ण प्रदेशीय बागवानी केन्द्र, सर्लाहीले यो वर्ष उत्पादित लिची बिक्रीको लागि बोलपत्र आव्हान गरेकोमा सबैभन्दा बढी रु.१३ लाख ११ हजार कबोल गर्ने एक स्थानीय बोलपत्रदातासँग सम्झौता भएको छ । निजले २०६८ जेष्ठ मसान्तभित्र कार्य सम्पन्न गरी राजस्व रकम चुक्ता गरी सक्नुपर्नेमा सो अवधिमा सबै उत्पादन उठाइसकेको अवस्थामा रु.४ लाख ४१ हजार निजबाट रकम असुल हुन बाँकी रहेको छ ।

१४. **लेखापरीक्षण –** बाली संरक्षण निर्देशनालय, ललितपुरले विश्व खाद्य संगठनको सहायतामा राष्ट्रिय एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रमको लागि २०६५।९।१२ (२७ डिसेम्वर २००८) मा भएको सम्झौताअनुसार प्राप्त रकम सीधै उक्त संगठनको खातामा ट्रान्सफर गरी दिने र लेखापरीक्षण सोही संगठनको नीति निर्देशनअनुसार हुने उल्लेख छ । यो वर्ष रु.६ करोड ११ लाख ६५ हजार उक्त कोषमा ट्रान्सफर गरेको छ । उक्त रकमको लेखापरीक्षण प्रतिवेदन पेश हुन आएन ।

१५. **घटी दरमा बिक्री –** पशु प्रजनन् केन्द्र, पोखराले २०६७।६८ मा उच्च जातका पशु नश्ल सुधारको लागि आवश्यक पर्ने तरल नाइट्रोजन ५ हजार ९५१ लिटरको रु.२९।३८ का दरले रु.१ लाख ७५ हजारमा, रु.४६।३३ का दरले ६१ हजार ९७० लिटरको रु.२८ लाख ७१ हजार मा र रु.६२।१५ का दरले ९ हजार ५०३ लिटरको रु.५ लाख ९१ हजारसमेत ७८ हजार ७४ लिटर नाइट्रोजन रु.३६ लाख ३७ हजारमा खरिद गरेको छ । तर बिक्री गर्दा ४१ हजार २१६ लिटरको रु.३०।– प्रतिलिटरका दरले बिक्री गरी रु.१२ लाख ३६ हजारमात्र आम्दानी गरेको छ । खरिद दरभन्दा घटीमा बिक्री गर्नुको कारण उल्लेख नभएको साथै यस सम्बन्धमा तालुक निकायबाट स्वीकृत लिएको पनि पाइएन ।

केन्द्रले ७८ हजार ७४ लिटर तरल नाइट्रोजन खरिद गरी आन्तरिक खपत बिक्री वितरण तथा वाष्पीकरण ह्राससमेत ५३ हजार २६७ लिटर खर्च गरेको विवरण पेश गरेको छ । बाँकी नाइट्रोजन २४ हजार ८०७ लिटरको अन्तिम खरिद मूल्य रु.६२।१५ का दरले रु.१५ लाख ४२ हजार मौज्दात हुने देखिन्छ । सोअनुसार गत वर्षको मौज्दात र यस वर्षको खरिद आम्दानीमध्ये खर्च कटाई बाँकी आगामी वर्षका लागि जिम्मेवारीसारी लगत अद्यावधिक गरेको छैन ।

उच्चमूल्य कृषिवस्तु विकास आयोजना

१६. **सोझै खरिद –** उच्चमूल्य कृषिवस्तु विकास आयोजनाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (संशोधित) अनुसार रु.३ लाखभन्दा बढीको सामान सिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा पूँजीगततर्फ जेनेरेटर, गाडीको पार्टपुर्जा, फर्निचर, साइकल, मल्टिमेडिया आदिमा रु.१६ लाख ९३ हजार र चालूतर्फ कार्यालय सामानमा रु.१३ लाख ४ हजार गरी २९ लाख ९७ हजार सोझै खरिद गरेको छ । २०६८।२।९ मा ढिलो अख्तियारी प्राप्त भएका कारण अन्तिम अवस्थामा कार्यालय स्थापना गर्न खरिद गरिएको र हानि नोक्सानी नभएको प्रतिक्रिया कार्यालयबाट प्राप्त भएको छ ।

व्यावसायिक कृषि विकास आयोजना

१७. **इन्धन खर्च** – इन्धनको लागि सुरु बजेट रु.१७ लाख ५० हजार भएकोमा परामर्श सेवाबाट रकमान्तर गरी रु.२१ लाख ८८ हजार खर्च गरेको छ । आयोजनाले जारी गरेको इन्धनको कुपनअनुसार खर्च लेखिए तापनि इन्धन खर्च प्रमाणित गर्ने सवारी लगबुक स्रेस्तासाथ संलग्न नगरेबाट खर्च पुष्ट्याई गर्ने आधार देखिएन ।

१८. **हस्तान्तरण** – आयोजनाको लागि खरिद भएका सवारीसाधनको अभिलेख र प्रयोग अवस्था अध्ययन गर्दा विभिन्न समयमा खरिद भएका १० वटा विभिन्न गाडीहरु र ४६ थान मोटरसाइकल तथा स्कुटरमध्ये

आयोजनाको प्रयोजनमा आउनुपर्नेमा मन्त्रालयलाई दुईवटा जिप उपलब्ध गराएको छ । त्यसमध्ये मन्त्रालयले प्रयोग गरेको सवारीसाधनको इन्धन र मर्मत खर्च आयोजनाले व्यहोरेको छ । मन्त्रालयमा पठाएको सवारीसाधन विशिष्ट व्यक्तिहरुको सवारी र आयोजनाको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यमा प्रयोग हुने व्यहोरा जानकारी दिइएको छ । एलायन्सलाई हस्तान्तरण गर्नुपर्ने मोबाइल भ्यान निष्प्रयोजन आयोजना कार्यालयको ग्यारेजमा नै रहेको देखियो । यो वर्षदेखि अनिर्वाय रुपमा सवारीसाधन मर्मत र इन्धन खर्चको लगबुक राख्ने अब आइन्दा बिनालगबुक खर्च नलेखिने प्रतिबद्धता जनाइएको छ ।

१९. **दोहोरो खर्च** – प्याकेज २ अन्तर्गत कामकोलागि २०६५ साल कार्तिक २३ गते (८ डिसेम्बर २००८) मा एक स्थानीय परामर्शदाता उपक्रमसँग परामर्श सेवाको लागि रु.९ करोड ५ लाख २३ हजारको सम्झौता भएको थियो । सम्झौता अनुसार परामर्शदातालाई सवारीसाधन लगायतका सुविधाहरु आयोजनाले २०६६ देखि २०६९ (सन् २००९ देखि २०१२) उपलब्ध गराउने सम्झौता रहेको छ । परामर्शदाताले सवारीसाधन सञ्चालनबापत यो वर्षसम्म रु.६ लाख ७७ हजार भुक्तानी लिइसकेकोमा पुनः आउट अफ पकेट एक्सपेन्सेसमा गाडी मर्मत तथा इन्धन खर्चबापत रु.२ लाख ५३ हजार बिल बीजकबेगर भुक्तानी दिएको पाइयो । आइन्दा बिल बीजक पेश गराई भुक्तानी गर्ने जवाफ प्राप्त भएको छ ।

२०. **सम्झौताअनुसार काम नभएको** – पूर्वाधार कार्यक्रमहरु बाटो, कूलो, कृषि बजार सेड, पानीपोखरी आदि कार्य सम्पन्न गर्न आयोजना र देहायका गैरसरकारी संस्थाहरुबीच सम्झौता भई निम्नानुसारको रु.३ करोड ६० लाख ३७ हजार अनुदान रकम प्राप्त गरेका छन् ।

(रु. हजारमा)

जिल्ला	सहकारी संस्था	सम्झौता अङ्क	आषाढसम्मको खर्च	प्रगति प्रतिशत
झापा	स्वान	९१,२९	३४०८	३७.३३
सुनसरी	जे.डब्लू.ए.एस. जे.भि. राजऋषि जनक सेफ	१३४५४	६४३४	४७.७४
मोरंग	जे.डब्लू.ए.एस. जे.भि. राजऋषि जनक सार्डन	१३४५४	७३४८	५४.६१
	जम्मा	**३,६०,३७**	**१,७१,९०**	

उपर्युक्त संस्थाहरुको सम्झौता अवधि सम्पन्न हुँदासम्म कार्य सम्पन्न नगर्ने र अन्तिम बिल पनि संलग्न नगर्ने संस्थाहरु प्रति आयोजनाले नियमानुसार आवश्यक कारबाही गर्नुपर्दछ ।

२१. **जापानी कोष सहयोग कार्यक्रम** – व्यावसायिक कृषि विकास योजनाकै सहकारीको रुपमा गरिबी न्यूनीकरणको लागि सहयोग गर्दै आएको यस कोषले विगत ४ वर्षदेखि धनकुटा, मोरङ, सप्तरी र सुनसरी जिल्लाका ४९ गाउँ विकास समितिमा १२ हजार १५९ घर परिवारको जीविकोपार्जनको लागि कृषि र आयमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यो वर्ष लक्षित कार्यको लागि रु.१ करोड ८९ लाख ५५ हजार खर्च भएको छ ।

कोषअन्तर्गत काम गर्ने ३ जिल्लाका कार्यक्रमको लागि काम गर्न छनौट भएको एक गैरसरकरी संस्थाको सिफारिसको आधारमा ४६ कृषक समूहको लागि रु.६ लाख अनुदान खर्च भएको छ । कृषक समूहले पेश गरेका विभिन्न कृषि सामग्रीको बिल बीजकहरु गैरसरकारी संस्थाबाट प्रमाणित गरेको छैन । साथै कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित समूहको प्रतिनिधिबाट सोको अनुमोदन भएको प्रमाण पनि पेश भएन ।

कमर्सियल एग्रिकल्चर एलायन्स

२२. **बजेट लक्ष्य प्रगति** – सञ्चालक समितिको मिति २०६७।४।१० मा बसेको ४८ सौं बैठकले आर्थिक वर्ष २०६७।६८ को वार्षिक कार्यक्रम सञ्चालनको लागि बजेट रु.२४ करोड ६१ लाख ९० हजार बजेट विनियोजन भई खर्च रु.९ करोड ५३ लाख ९२ हजार भएकोले बजेटको तुलनामा ३८.७४ प्रतिशत मात्र खर्च भई लक्ष्य अनुसार कार्यक्रम सञ्चालन हुन सकेको पाइएन ।

आयोजनाको सम्झौता अवधि २०६८।६९ मा समाप्त हुने सन्दर्भमा पूर्वाधार र गैरपूर्वाधार कार्यक्रममा लक्ष्यअनुसार प्रगति हुन नसक्दा वैदेशिक सहयोगको पूर्ण परिचालन हुन सकेको छैन ।

२३. **कन्टिन्जेन्सी –** एलायन्सले आयोजनालाई अनुदान उपलब्ध गराउँदा सुरुदेखि २०६८ आषाढ मसान्तसम्ममा पूर्वाधारतर्फ लागत अनुमानको ५ प्रतिशत र गैरपूर्वाधारतर्फ २ देखि ३ प्रतिशतसम्म कन्टिन्जेन्सीबापत रकम सञ्चालक समितिको निर्णयअनुसार घटाई निकासा दिंदा पूर्वाधारको रु.५९ लाख ५७ हजार र गैरपूर्वाधारको अनुदानमा रु.४१ लाख ३२ हजार घटाई भुक्तानी गरेको छ । यस्तो रकम खर्च गर्ने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था भएको पाइएन ।

२४. **नर्म्स तयार नगरेको –** एलायन्सले यो वर्ष तालिम/सेमिनारमा रु.२ लाख ४५ हजार तथा प्रवर्द्धनतर्फ रु.१२ लाखसमेत रु.१४ लाख ४५ हजार खर्च लेखेको छ । उक्त कार्यको निर्देशिका एवं नर्म्स तयार नगरी खर्च गरेको छ । गत वर्षको प्रतिवेदनसमेतमा उक्त व्यहोरा समावेश भएकोमा यो वर्ष पनि स्थिति यथावत नै रहेको पाइयो ।

एकीकृत जलस्रोत व्यवस्थापन आयोजना

बीउ ढुवानी – आयोजनाले सञ्चालन गरेको मल बीउ ढुवानीको स्वतन्त्र अनुगमनको लागि पाँच संस्था र दुई विशेषज्ञलाई परामर्शसेवाबापत रु.५९ लाख ४१ हजार भुक्तानी गरेको पाइयो । सोमध्ये तीन संस्थालाई रु.२५ लाख ६० हजार भुक्तानीमा मूल्य अभिवृद्धि कर बीजक पेश नगरेकोले १५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतमात्र कर कटाएकोले बाँकी रु.३ लाख ४६ हजार असुल गर्नुपर्दछ ।

कृषि विकास योजना

२५. **अमानती कार्य –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) अनुसार अमानतबाट काम गर्न एक तहमाथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । तर स्वीकृतबेगर आयोजनाले धनुषा तथा रौतहट जिल्लाका ४ गाउँ विकास समितिमा ४ डीप ट्युबवेल जडान गर्नको लागि पानी तान्ने पम्प, पाइप, इन्धन, ज्याला आदि कार्य अमानतबाट गराई रु.८१ लाख ८० हजार खर्च गरेको छ ।

व्यावसायिक कृषि तथा व्यापार आयोजना

२६. **लक्ष्य तथा प्रगति –** मध्यमाञ्चलका ११ जिल्ला, पश्चिमाञ्चलका ८ जिल्ला, मध्यपश्चिमाञ्चलका ४ जिल्ला र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका २ जिल्लासमेत कुल २५ जिल्ला कार्यक्षेत्र तोकिएको आयोजना २०६६।६७ बाट सुरु भई २०६७।६८ सम्ममा विश्व बैङ्क र नेपाल सरकारको स्रोतसमेत रु.१६ करोड ८३ लाख ३८ हजार खर्च भएको छ ।

सञ्चालन भएको २ वर्षको अवधिमा वित्तीय ३० तथा भौतिक प्रगति २४ प्रतिशतमात्र हासिल गरेको प्रतिवेदन पेश भएको छ ।

२७. **फ्यूमिगेशन चेम्बर निर्माण –** यो वर्ष आयोजनाले वीरगन्ज सुख्खा बन्दरगाह तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा फ्यूमिगेशन च्याम्बर निर्माण गर्ने कार्यक्रम रहेकोमा सोको सट्टा स्थान परिवर्तन भई खुमलटार र पुनः स्थान परिवर्तन भई कीर्तिपुरमा स्थापना गर्ने गरी ड्राइङ डिजाइनिङ तथा स्पेसिफिकेशन तयार गर्नका लागि परामर्शदाता नियुक्ति गरेकोमा हाल कीर्तिपुरमा समेत निर्माण हुन नसक्ने अवस्था रहेको जानकारी प्राप्त भएको छ । पटकपटक स्थान परिवर्तन गर्नाको पर्याप्त कारण जनाएको छैन । यथार्थ अध्ययन अनुसन्धानबेगर स्थान उल्लेख गर्ने तथा सोका लागि परामर्शदाता नियुक्त गरिसकेपछि समय समयमा स्थान परिवर्तन गर्ने गरेकोले ग्रीन हाउससम्बन्धी परामर्श सेवामा भएको खर्च रु.१४ लाखमध्ये लागत अनुमान तयारी, ड्राइङ डिजाइन आदि कामको लागि भएको खर्च रु.७ लाख व्यर्थ हुने देखिएको छ ।

२८. **अनुदान वितरण –** आयोजनाले कृषि तथा ग्रामीण विकाससम्बन्धी क्रियाकलापका लागि तोकिएका शर्तहरुभित्र रही दि राइजिङ्ग नेपालमा प्रकाशित सूचनाबमोजिम प्राप्त भएका प्रस्तावको आधारमा छनौट भएका मध्ये आफ्नो हिस्सा बैङ्कमा जम्मा गरेका ४५ संस्था, सहकारी, समूह तथा निकायलाई अनुदान वितरण गरेको सम्बन्धमा निम्नबमोजिम देखिएको छ:

२८.१ विभिन्न अनुदानग्राहीहरुले रु.११ करोड ९८ लाख ६२ हजार आफैंले लगानी गर्ने शर्तमा कुल रु.११ करोड १३ लाख ९६ हजार आयोजनाको तर्फबाट अनुदान उपलब्ध गराउने सम्झौता गरेको छ । अनुदानग्राहीको प्रस्तावबमोजिम गर्नुपर्ने लगानी २० प्रतिशतले रु.२ करोड ३९ लाख २८ हजार बैङ्क खातामा जम्मा भएकोलाई मात्र आधारमानी अनुदान किस्ता दिएको छ । सम्झौतामध्ये आफ्नो शेयर हिस्सा जम्मा गरेकाहरुलाई २०६८ असार मसान्तसम्म आयोजनाबाट रु.२ करोड ३६ लाख ५० हजार अनुदान वितरण गरेको छ ।

सम्झौताबमोजिम प्रथम किस्ताको रुपमा निकासा भएको खर्चको उपलब्धि प्रतिवेदनको आधारमा बाँकी रु.८ करोड ७७ लाख ४७ हजार आगामी किस्तामा अनुदान उपलब्ध गराउनुपर्नेमा केही उपआयोजनाले मात्र निर्धारित कार्यक्रमअनुसार कार्य गरेकोले रु.३ लाख ९४ हजारमात्र थप अनुदान प्राप्त गर्न सकेको छ । २०६८ आषाढ मसान्तसम्म आयोजनाको तर्फबाट वितरण भएको अनुदान र अनुदानग्राहीको योगदानबाट सञ्चालित कामको सुनिश्चित गर्न आयोजना तथा नियुक्त परामर्शदाताहरुबाट अनुगमन कार्यलाई प्रभाबकारी बनाउनुपर्दछ ।

सप्तकोशी बाढी पीडित पुनर्स्थापना कार्यालय

२९. **वार्षिक कार्यक्रम** – सुनसरी जिल्लाको बाढी पीडित ४ गाउँ विकास समितिका कृषकहरुको पुनर्स्थापना कार्यमा तीन वर्षको लागि रु.७३ करोड २१ लाख ६० हजारको कार्यक्रम स्वीकृत भएको छ । पुनर्स्थापनासम्बन्धी कार्यको करिब ३ वर्ष व्यतीत भइसकेको अवस्थामा कार्यक्रम सञ्चालनमा १४ करोड ३ लाख ९ हजारमात्र (१९.१६ प्रतिशत) खर्च भएको छ ।

जग्गा सुधार कार्यक्रमतर्फ ३५० हेक्टर जग्गा सुधार गर्ने लक्ष्य रहेकोमा ३६४ हेक्टर जग्गा सुधार गरेको कार्यालयले उल्लेख गरेको छ । सुधार भएको जग्गाको विवरण र फिल्ड निरीक्षणमा प्रभावित क्षेत्रको स्तरअनुसार कम प्रभावित, मध्यम प्रभावित, अतिप्रभावित क्षेत्रको जग्गाहरु क्रमवद्ध रुपमा छनौट नगरी बीचबीचमा प्लट नम्बर छुट्याई सुधार गरेको पाइयो । यसरी कुनै एक क्षेत्रबाट क्रमवद्ध रुपमा सुधार कार्यक्रम सञ्चालन नहुँदा प्रभावित किसानले समान रुपले सेवा प्राप्त गर्ने स्थिति छैन ।

३०. **वार्षिक खरिद योजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार कार्यालयले वार्षिक खरिद योजना बनाउनुपर्दछ । यस वर्ष कार्यालयले बाढी प्रभावित क्षेत्रका जग्गा सुधार तथा कृषि, पशुजन्य उत्पादन कार्यक्रमको लागि रु.९ करोड ५२ लाख ८३ हजार खर्च भएकोमा वार्षिक खरिद योजना बनाएको पाइएन । छलफलको क्रममा कार्यक्रम स्वीकृत र बजेट निकासामा ढिलाई भएको कारण गुरुयोजनाअनुसार मिलान गरी वार्षिक खरिद योजना तयार गर्न नसकेको जानकारी गराएको छ ।

पशु सेवा विभाग

३१. **पूँजीगत अनुदान –** भेटेनरी जनस्वास्थ्य कार्यालयले मासु व्यवसायी सहकारी संस्थाको २० प्रतिशत, स्थानीय निकायको १० प्रतिशत र नेपाल सरकारको ७० प्रतिशत योगदानमा काठमाडौंमा १३ पशुवधशाला निर्माण गर्न पूँजीगत अनुदानमा रु.५ करोड ९ लाख ६० हजार बजेट व्यवस्था गरेको छ । उक्त कार्य गराउन प्रस्ताव माग गर्दा पेश गर्नेमध्येका काठमाडौंस्थित दुई सहकारी संस्थासँग रु.५ करोड ७ लाख ६२ हजारमा काम गर्ने गरी उक्त रकम काठमाडौं महानगरपालिका पशुवधस्थल निर्माण समितिको नाममा बैङ्कमा रकम जम्मा गरेको छ । पशुवधशाला निर्माण कार्यविधि २०६६ मा उल्लेख भएअनुसार कामको प्रगतिको आधारमा रकम

दिनुपर्नेमा ती संस्थाको भौतिक प्रगतिबेगर नै समितिको नाममा रकम जम्मा गरी शतप्रतिशत प्रगति देखाएको छ ।

३२. **सहकारी अनुदान –** जिल्ला पशुसेवा कार्यालय, धनुषाले सहकारी खेती साना सिचाई कार्यक्रमबाट बंगुरपालनमा कार्यक्रममा यो वर्ष दुई संस्थालाई रु.७ लाख ६० हजारका दरले रु.१५ लाख २० हजार अनुदान दिएको छ । ती कार्यको स्थलगत वस्तुस्थितिको अनुगमन मूल्याङ्कन र प्रतिफल मूल्याङ्कन गरेको छैन । दुईमध्ये अनुदान पाउने एक संस्था वित्तीय कारोबार मात्र गर्नेसंस्था रहेको छ । जिल्ला पशुसेवा कार्यालय, सप्तरीले सोही कार्यक्रमअन्तर्गत ५ सहकारीलाई रु.२ लाख ७० हजार अनुदान दिएकोमा बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन र उपलब्धि मूल्याङ्कन गरेको प्रमाण पेश भएन ।

जिल्ला पशुसेवा कार्यालय, ललितपुरले पाडापाडी हुर्काउने कार्यक्रमका लागि एक सहकारी संस्थालाई रु.२ लाख ६७ हजार अनुदान उपलब्ध गराएकोमा पाडापाडी खरिद र वितरण गरेको भरपाई अभिलेख पेश गरेको छैन । यस्तै एक गाईपालक कृषक समूहलाई युरियामोलासिस मिनरल ब्लक तयारी गरी वितरण गर्ने कार्यका लागि रु.४ लाख ९५ हजार तथा बृहत्तर पकेट कार्यक्रम (भैसी) सञ्चालनको लागि अर्को एक संस्थालाई रु.३ लाख ६४ हजार उपलब्ध गराएकोमा खर्चको बिल भरपाई पेश भएको छैन ।

सहकारी विभाग

सहकारी क्षेत्र सुदृढीकरण आयोजना

३३. **ऐन, नियम, मापदण्ड –** सहकारी ऐन, २०४८ ले प्रत्येक सहकारी संस्था वा संघले प्रत्येक वर्ष कारोबारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको अतिरिक्त बचत वितरण नीति तथा योजना, सञ्चालकहरुको कार्यावधि र समयसमयमा रजिष्ट्रारले तोकिदिएको अन्य विवरण रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनले विवरण दाखिला नगर्ने एवं निरीक्षण गर्दा कारोबार नगरी निष्क्रिय रहेको वा उद्देश्यविपरीत कार्य गरेको पाइएमा गरिने कारबाहीको व्यवस्था गरेको छ ।

यो वर्ष २४ डिभिजन सहकारी कार्यालयको लेखापरीक्षण क्रममा सहकारी संस्था दर्ता, खारेजी एवं विवरण पेश गर्ने सम्बन्धमा अध्ययन गर्दा १६ हजार १४२ सहकारी संस्था दर्ता भएका मध्ये ३६९ को दर्ता खारेज गरिएको छ । दर्ता कायम रहेका संस्थाहरुमध्ये ७ हजार ७०७ ले मात्र लेखापरीक्षण प्रतिवेदन पेश गरेका छन् ।

यो वर्ष लेखापरीक्षणलगायतका प्रतिवेदन पेश नगर्ने २२ जिल्लाका ४ हजार ७७२ मध्ये ३ हजार ५८५ संस्थालाई मात्र कारबाही गरी १ हजार १८७ संस्थालाई जरिबाना गरेको छैन । त्यस्तै विभिन्न १ हजार १६५ वटा निष्क्रिय संस्थालाई दर्ता खारेजसम्मको कारबाही गर्नुपर्नेमा कारबाही गरेको छैन । ऐनको दफा ४१ अनुसार दर्ता खारेजीमा परेको संघ, संस्थाको लिक्विडेसनसम्बन्धी कार्यको लागि लिक्विडेटरको नियुक्ति गर्ने व्यवस्थाअनुसार यस वर्ष ११७ संस्थाको लागि लिक्विडेटरको नियुक्ति गरे पनि सोको प्रतिवेदन प्राप्त भएको छैन ।

३४. **अनुदान वितरण –** अनुदान वितरण सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

३४.१ डिभिजन सहकारी कार्यालय, धादिङले सुपथ मूल्य पसल राख्न २०६५।६६ मा ५२ सहकारी संस्थालाई रु.१ लाखका दरले अनुदान दिएको मध्ये ९ संस्थाले पसल सञ्चालन नगरेकोले अनुदान दिएको रकम ब्याजसहित असुल गर्नुपर्दछ ।

३४.२ राष्ट्रिय सहकारी संघ लिमिटेडको भवन निर्माणको कुल लागतमध्ये रु.१ करोड ९५ लाख ७० हजार नेपाल सरकारको तर्फबाट व्यहोर्ने गरी भएको सो भवन निर्माण कार्यमा यो वर्ष रु.९७ लाख ८५ हजार सःशर्त अनुदान उपलब्ध गराएको पाइयो । सामाजिक सेवा अनुदान वितरण गर्दा अनुदान वितरणको शर्तहरु निर्धारण

गरी भुक्तानी गरेको अनुदानमा अनुदानग्राहीको योगदानसमेत खुल्ने शर्तहरुसहित अनुदानग्राहीसँगै सम्झौता गर्नुपर्नेमा सो सम्झौता नगर्री पहिलो किस्ता भुक्तानी गरेकोमा सो कामको प्रगति विवरण एवं लेखापरीक्षण प्रतिवेदनसमेत लिएको छैन ।

३४.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) बमोजिम मन्त्रालयबाट निकासा प्राप्त गर्ने संघ संस्थाले प्राप्त रकमको आय–व्ययको प्रगति विवरण, तोकिएको काममा भएको खर्च र त्यसको लक्ष्य प्रगति, अनुगमनसम्बन्धी व्यवस्थासहितको विवरण सम्बन्धित मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । सहकारी सुदृढीकरण कार्यक्रमअन्तर्गत साझा प्रकाशन सहकारी संस्थाको केन्द्रीय कार्यालय भवन निर्माणका लागि रु.३ करोड ५० लाख अनुदान दिएको छ । कार्य सम्पन्न भएको प्रगतिका आधारमा थप अनुदान भुक्तानी गर्नुपर्नेमा पेश्कीसमेत नजनाई पहिलो किस्तामा रु.२ करोड ४५ लाख र दोस्रो तथा अन्तिम किस्ता रु.१ करोड ५ लाख अनुदान दिएको छ । सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रमअन्तर्गत प्राप्त अख्तियारीबमोजिम सहकारी विभागले पटके निर्णय गरी कृषि उद्योग सञ्चालन गर्ने सहकारी संस्थाहरुलाई रु.१ करोड १४ लाख २६ हजार स:शर्त अनुदान वितरण गरेको छ ।

त्यसैगरी केन्द्रीय सहकारी संघहरु तथा अन्य सहकारी संस्थाहरुलाई सामाजिक सेवा स:शर्त अनुदान (३.०५) अर्न्तगत विभिन्न सहकारी संघ तथा संस्थाहरुलाई रु.४४ लाख १० हजार यस्तै निर्णयबाट अनुदान वितरण गरेको छ । सामाजिक सेवा स:शर्त अनुदान वितरणको शर्त तथा वन्देजहरु निधारर्ण गरी अनुदान वितरणको कार्यविधि वा निर्देशिका तयार गरी अनुदान वितरण गर्नुपर्ने व्यहोरा गत विगत वर्षको लेखापरीक्षणबाट समेत औंल्याइएकोमा यसतर्फ सुधार भएको पाइएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष मन्त्रालयमातहत देहायका निकायको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

- **एभिएन इन्फ्लुन्जा नियन्त्रण आयोजना**
- **राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष**
- **पशु स्वास्थ्य निर्देशनालय**

कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

एभिएन इन्फ्लुन्जा नियन्त्रण आयोजना

सन् २००६ को प्रारम्भतिर विश्वव्यापि महामारीको रुपमा देखापरेको पछीमा लाग्ने रोग एभिएन इन्फ्लुन्जाको र्सक्रमण नेपालमा आउन नदिन तथा आइहालेमा यसबाट पर्न सक्ने असर कम गर्न र रोगलाई केन्द्रबिन्दुमा नै निर्मूल पार्न नेपाल सरकारले स्वास्थ्य तथा कृषितर्फ र्सयुक्त रुपमा तयार गरिएको एभिएन इन्फ्लुन्जा प्रकोप नियन्त्रण तथा व्यवस्थापन कार्य योजना तयार गरिएको छ ।

३५. **अनुदान उपयोग** – पशुपंछी तथा मानवमा लाग्ने एभियन इन्फ्लुन्जा रोक्न तथा यसबाट पर्न सक्ने असर कम गर्न यस क्षेत्रमा लागू गरिएका क्रियाकलापहरुमा लक्ष्य सहजीकरण गर्ने रहेको छ । योजना कार्यान्वयन गर्न नेपाल सरकारबाट २०६३/६४ मा एभिएन इन्फ्लुन्जा नियन्त्रण आयोजना स्थापना गरिएकोमा सन् २००७ देखि राष्ट्रिय एभिएन इन्फ्लुएन्जा रोग नियन्त्रण तथा रोकथाम योजना सञ्चालन गर्न विश्व बैङ्कको अन्तर्राष्ट्रिय विकास संघले नेपाल सरकारलाई रु.१ करोड २१ लाख एस.डी.आर. उपलब्ध गराउने सम्झौता भएको छ । सम्झौताअनुसार मानव स्वास्थ्यतर्फ रु.७० करोड १६ लाख ९९ हजार र पशु स्वास्थ्यतर्फ रु.५८ करोड १३ लाख ८२ हजार र अन्य रु.४ करोड ५८ लाख २५ हजार खर्च गर्ने गरी कार्यसञ्चालन योजना तयार गरिएको छ । विश्व बैङ्कको

अनुदानबाहेक नेपाल सरकारबाट समेत उक्त योजनालाई रकम विनियोजन गरी निकासा दिने गरेको छ । पशु स्वास्थ्य कार्यक्रमअन्तर्गत योजना अवधि २०६५।६६ देखि २०६७।६८ सम्म वैदेशिक स्रोततर्फ रु.६६ करोड ९६ लाख २१ हजार खर्च भएको छ ।

सञ्चालन योजना तयार गर्दा वैदेशिक अनुदान पशु स्वास्थ्य सेवातर्फको रु.५८ करोड १३ लाख ८२ हजार छुट्याइएको थियो । ल्याव सञ्चालन गर्न आवश्यक तालिम, ल्यावको लागि आवश्यक भौतिक सुविधा, मोटर आदिको छुट्टै गणना नगरी समग्रमा राखिएको र यस्तो रकम नखुल्ने भएकोले कुल रकम यकिन गर्न सक्ने अवस्था छैन । बी.एस.एल. ल्याव निर्माण गर्ने कार्य रद्द भएकोले यसको लागि राखिएको रु.१० करोड घटाउँदा रु.४८ करोडभन्दा कम खर्च हुनुपर्नेमा २०६७।६८ को आयोजना लेखाअनुसार रु.६६ करोड ९६ लाख २१ हजार खर्च भएको उल्लेख भएकोले तोकिएकोभन्दा ३९ प्रतिशत बढी खर्च भएको छ ।

३६. **क्षतिपूर्ति कोष** – विश्व बैङ्कसँग भएको सम्झौताको खण्ड (४)२ अनुसार वर्ड फ्लू रोग संक्रमण भएको समयमा रोग लागेका चरा चुरुङ्गी मार्न आदेश जारी गरेको अवस्थामा पंछीपालक कृषकलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा पुनर्स्थापना गर्न क्षतिपूर्ति कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । कार्यसञ्चालन योजनाको बुँदा नं. ३.६ मा भएको व्यवस्थाअनुसार व्यवसायिक कुखुरा पालकको हकमा वास्तविक संख्याको आधारमा प्रतिकुखुरा रु.१००।– का दरले क्षतिपूर्ति दिने उल्लेख छ । प्रतिवर्ष ३० पटक रोग संक्रमण हुने र ५० हजार कुखुरा मार्न आदेश दिनुपर्ने अवस्था आउन सक्ने र यसको लागि ३ वर्षमा कुखुराको अण्डा, दानासमेत रु.७३ लाख लाग्ने अनुमान गरी बजेट व्यवस्था गरेको छ ।

३६.१ कार्यसञ्चालन योजनाको ३.६(आई) मा फर्म दर्ता तथा परीक्षणको अर्को उद्देश्य दर्ता शुल्कमा क्षतिपूर्ति शुल्क समेत समावेश गरी स्थायी क्षतिपूर्ति कोष खडा गर्ने उल्लेख भएकोमा हालसम्म यस्तो कोष स्थापना गर्ने प्रक्रिया अवलम्बन गरेको पाइएन । कृषकलाई हालसम्म विश्व बैङ्कले उपलब्ध गराएको मध्येबाट क्षतिपूर्तिको लागि १ लाख अमेरिकी डलर (रु.७३ लाख) छुट्याई वार्षिक रुपमा बजेट विनियोजन गरी क्षतिपूर्ति उपलब्ध गराइएको छ । अनिवार्य रुपमा मार्न आदेश दिएका पंछीको क्षतिपूर्ति रकम प्रदान गर्न ३.६(एम) को (आई) मा सरकारबाट क्षतिपूर्ति नीति बनाइने उल्लेख भएकोमा क्षतिपूर्ति नीति तर्जुमा गरेको पाइएन ।

३६.२ आयोजनाबाट प्राप्त विवरणअनुसार २०६५।६६ देखि २०६७।६८ सम्म क्षतिपूर्तिका लागि व्यवस्था भएको रु.७३ लाखमध्ये रु.१५ लाख ३९ हजार २०६७।६८ मा र २०६५।६६ मा रु.५७ लाख ६१ हजार खर्च भएको देखिन्छ । तर आयोजनाले तयार गरेको प्रतिवेदनअनुसार रु.५ करोड १ लाख ८१ हजार स्ट्याम्पीङ्ग आउट भएको र सो बापत कृषकहरुलाई रु.६६ लाख ३२ हजार क्षतिपूर्ति उपलब्ध गराइएको उल्लेख छ । उक्त प्रतिवेदन २०६६।६७ सम्म भएको क्षतिको आधारमा अध्ययन गरिएको र उक्त अवधिमा रु.१२ लाख ६ हजार मात्र क्षतिपूर्ति दिएको छ । आयोजना लेखामा देखाइएको तथा बर्डफ्लु रोग संक्रमण क्षतिपूर्ति अध्ययन प्रतिवेदनमा दर्शाइएका रकम फरक परेको देखियो । कुखुरा मार्न आदेश दिएको रकमको तुलनामा क्षतिपूर्तिबापत दिएको रकम १३.२१ प्रतिशतमात्र रहेको छ । बर्डफ्लु रोगबाट भएको नोक्सानीको तुलनामा अत्यन्त न्यून क्षतिपूर्ति दिएमा कृषकहरु कुखुरा व्यवसाय गर्न हतोत्साही हुने र यसले गर्दा राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पर्ने हुँदा कार्यालयको भौतिक पूर्वाधारभन्दा कृषकलाई क्षतिपूर्ति रकम व्यवस्था गरी क्षतिपूर्ति उपलब्ध गराउनुपर्दछ ।

३७. **प्रयोगशाला क्षमता विस्तार –** राष्ट्रिय एभिएन इन्फ्लुएञ्जा नियन्त्रण तयारी तथा रोकथाम कार्यसञ्चालन योजनाको बुँदा नं.३.३ मा प्रयोगशालाको क्षमता विस्तार तथा स्तरोन्नती गर्ने लक्ष्य लिइएको छ । यस अन्तर्गत नेपालमा रहेका १ केन्द्रीय पशु प्रयोगशाला, ५ क्षेत्रीय पशु अन्वेषण प्रयोगशाला, १ राष्ट्रिय सीमापार पशु रोग अन्वेषण प्रयोगशालाको क्षमता विस्तार गर्ने लक्ष्य रहेको छ । यस अन्तर्गत १ प्रयोगशालालाई वी.एस.एल.–३ स्तरमा पुऱ्याउने तथा अन्य सात ल्यावलाई वी.एस.एल.–२ स्तरमा पुऱ्याउने लक्ष्य योजनाले लिएको छ । प्रयोगशालाको क्षमता विस्तार तथा स्तरोन्नती सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३७.१ पशु रोग अन्वेषण प्रयोगशाला ७ मध्ये १ प्रयोगशालालाई वेसलाइन ३ (BSL-3) स्तरमा स्तरोन्नति गर्ने योजनाको लक्ष्य रहेको छ । प्रयोगशाला विस्तार तथा स्तरोन्नति गर्न आवश्यक परामर्शदाता विश्व खाद्य तथा कृषि संगठनले उपलब्ध गराउने गरी सो संगठन तथा पशु सेवा विभागबीच २५ फेब्रुअरी २००८ मा सम्झौता भएको छ । परामर्शदाताले १८ महिनाभित्र प्रयोगशालाको डिजाइन तयार गर्ने र प्रयोगशाला निर्माण अवधिभर त्यसको निरीक्षण गर्ने कार्य तोकिएको थियो । यसको लागि परामर्शदाताले सन् २००८ को नोभेम्बर २ देखि ११ सम्म काठमाडौं र सन् २००७ को नोभेम्बर १३ देखि २००८ को डिसेम्बर १२ सम्म बैङ्ककमा रही काम गरेको विवरण पेश भएको छ । विश्व खाद्य तथा कृषि संगठनले परामर्शदाता नियुक्ति गरी काम भइरहेको अवस्थामा विश्व बैङ्कले ल्याव सञ्चालन क्षमता नभएको, लोडसेडिङ्ग बढी हुने गरेको, परियोजना अवधिभित्र उक्त काम सम्पन्न हुन नसकी लागत बढ्न गएको आदि कारण देखाई सो प्रयोगशाला निर्माण कार्य रद्द गरेको छ । ल्याव निर्माण गर्न डिजाइन तयारीको लागि परामर्शदाता नियुक्ति गरी काम गराई रकम भुक्तानी गरिसकेको अवस्थामा ल्याव निर्माण गर्न नसकिने जनाई परार्मशदाताको अन्तिम प्रतिवेदन प्राप्त हुनु अगावै प्रयोगशाला निर्माणको कार्य रद्द गर्दा सोबापत भुक्तानी भएको रकमले अनुदानको प्रतिफलबाट वञ्चित भएको अवस्था देखियो ।

३७.२ प्रयोगशालाको क्षमता विस्तार अन्तर्गत वी.एस.एल.–३ प्रयोगशाला, क्षेत्रीय निर्देशनालय, केन्द्रीय प्रयोगशाला राष्ट्रिय खोरेतरोग प्रयोगशाला, जिल्लास्तरका प्रयोगशाला लगायतका सम्पूर्ण प्रयोगशालाको सञ्जाल निर्माण गर्ने उल्लेख छ । यस कार्यको लागि रु.२९ लाख ६३ हजार खर्च गर्ने र सञ्जाल निर्माण कार्य सन् २००९ को सेप्टेम्बर महिनाभित्र सक्ने कार्यसञ्चालन योजनामा उल्लेख गरिएको छ । आयोजनाले संजाल निर्माणको लागि रु.२२ लाख २० हजारको कम्प्युटर तथा रु.१२ लाख ७९ हजारको सर्भर लगायतका सामान खरिद गरी विभिन्न निकायलाई वितरणसमेत गरेकोमा २०६८।१२।१ मा केन्द्रीय प्रयोगशाला, क्षेत्रीय निर्देशनालय, विभाग लगायतका कार्यालयको निरीक्षण गर्दा प्रयोगशाला सञ्जाल निर्माण भएको पाइएन । यस सम्बन्धमा प्रयोगशाला व्यवस्थापनसँग छलफल गर्दा आयोजनाबाट कम्प्युटर सर्भर लगायतका केही उपकरण प्राप्त भएको तर उक्त उपकरण प्रयोग गरी सञ्जाल निर्माणको कार्य नभएको भनाइ रहेको छ । आयोजनाले उपलब्ध गराएको विवरणमा पशु सेवा विभाग, पशु स्वास्थ्य निर्देशनालय, ५ क्षेत्रीय पशु सेवा निर्देशनालय, केन्द्रीय भेटनरीमा सर्भर उपलब्ध गराएको पाइयो । अन्य क्षेत्रीय ल्यावलाई सर्भरसमेत उपलब्ध गराएको पाइएन । हाल योजनाको अवधि समाप्त भईसकेको छ । योजना अवधिभित्र गर्नुपर्ने कार्य सम्पन्न नभएको, संजाल निर्माण गर्ने कार्य बाँकी रहेको र कतिपय कार्यालयलाई सर्भर उपलब्ध गराउने काम समेत बाँकी रहेको देखिएकोले उक्त काम नेपाल सरकारको बजेटबाट व्यहोर्नुपर्ने अवस्थासमेत देखियो । सञ्जाल निर्माणका लागि आवश्यक सामग्री खरिद गर्ने तर सामग्री प्रयोग गरी संजाल निर्माण नभएमा लगानी खेर जाने तथा योजनाको उद्देश्य हासिल हुन नसक्ने अवस्थालाई ध्यान दिई सञ्जाल निर्माण गर्नेतर्फ योजनाको ध्यान जानु जरुरी छ ।

३८. **निर्माण कार्यको गुणस्तर नियन्त्रण** – प्रयोगशाला सुदृढीकरण तथा पशु स्वास्थ्य सेवा सुदृढीकरणअन्तर्गत योजना अवधिमा भवन निर्माणमा रु.२ करोड ३९ लाख ५३ हजार खर्च गरेको छ । केन्द्रीय प्रयोगशालाको भवन निर्माणको ठेक्का सम्झौतामा निर्माण व्यवसायीले निर्माण कार्य गर्नु अगाडि निर्माण कार्यमा प्रयोग हुने सामग्रीको नमूना उपलब्ध गराउनुपर्ने, उपलब्ध गराइएको नमूनाले प्रतिनिधित्व गर्ने परिमाण समाप्त भएपछि पुनः अर्को नमूना पारित गराउनुपर्ने उल्लेख छ । प्रत्येक खण्डको निर्माण कार्य सम्पन्न भएपछि र हस्तान्तरण गर्नु अगावै निर्माण व्यवसायीले स्पेसिफिकेशनमा उल्लेख भएबमोजिम स्थलगत रुपमा प्रयोगशाला परीक्षण गर्नुपर्ने उल्लेख छ । यसका अतिरिक्त कुनै सामान निश्चित गुणस्तरयुक्त भएको भनी सम्बन्धित निर्माताबाट प्रमाण पत्र उपलब्ध गराउनुपर्ने अवस्था भएमा निर्माण व्यवसायीले सो उपलब्ध गराउनुपर्ने उल्लेख छ । सम्झौताको ४.८.८ मा निर्माण काममा प्रयोग हुने निर्माण सामग्रीको डेन्सिटी, फिल्ड डेन्सिटी कम्पेक्सनको प्रतिशत तोकिएको छ भने बुँदा नं.२.२८.६ मा परीक्षण तथा निरीक्षणको अभिलेख राख्नुपर्ने

व्यवस्था छ । त्यस्तै बुँदा नं.५ मा सिमेन्ट कंक्रिटमा हुनेपर्ने आवश्यक तत्व, दण्डीको क्षमता आदि तोकिएको छ ।

आयोजनाले सञ्चालन योजनामा व्यवस्था भएअनुसार प्रयोगशाला सुदृढीकरणअन्तर्गत विभिन्न प्रयोगशालाको भवन निर्माण तथा मर्मत सम्भार, भेटनरी तथा पशु स्वास्थ्य सेवा सुदृढीकरण अन्तर्गत विभिन्न भेटनरी कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयको भवन निर्माण मर्मत तथा कोठा थप गरेको छ । जसको सम्झौताबमोजिम निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेको पाइएन । सम्झौतामा तोकिएबमोजिम निर्माण सामग्री तथा कंक्रिटको क्यूव टेष्ट नगरिएको र निर्माण सामग्रीबाहेकका अन्य सामानको गुणस्तर प्रमाण, उत्पति प्रमाण आदि पेश नभएकोले निर्माण गरिएका प्रयोगशाला भवन तथा जडान भएका सामग्री गुणस्तरयुक्त छन् भन्न सक्ने अवस्था छैन । क्षेत्रीय जैविक तथा पशु रोग अन्वेषण प्रयोगशाला पोखराको स्थलगत भ्रमण गर्दा ढलान गरिएको भवनको छाना चर्केको देखियो । यस सम्बन्धमा प्रयोगशालाको व्यवस्थापनसँग छलफल गर्दा ढलान कमसल भएकोले पानी चुहिने गरेको र पटक पटक ताकेता गरी सो बनाइएको भन्ने भनाई रहेको छ । त्यस्तै केन्द्रीय प्रयोगशाला त्रिपुरेश्वरमा छलफल गर्दा प्लाष्टर गरिएका भित्ताको प्लाष्टर सन्तोषजनक नरहेको भन्ने भनाई रहेको छ । त्यस्तै सो प्रयोगशालाको कम्पाउण्डवाल निर्माण गरेकोमा टिप्कर गर्ने कार्य नगरी कार्यसम्पन्न गरेको देखियो ।

३९. **उपकरण तथा सवारीसाधन** – आयोजनाले पशु सेवा, क्वारेन्टाइन तथा प्रयोगशाला सुदृढीकरणअन्तर्गत पशु सेवा विभागअन्तर्गत कार्यालयको सुदृढीकरण गर्न सवारीसाधन, मेशिनरी औजार, फर्निचर लगायतका साधन खरिद गरी देहायबमोजिम वितरण गरेको छ ।

३९.१ आयोजनाले मोटर खरिद गरेकोमा कार्यसञ्चालन योजनामा सवारीसाधन उपलब्ध गराउनुपर्ने सुपरिवेक्षण टोलीमध्ये पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रीय सुपरिवेक्षण टोलीलाई मोटर उपलब्ध गराएको पाइएन । सञ्चालन योजनामा मोटर उपलब्ध गराउने व्यवस्था नभएका पशु सेवा विभाग, पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय सप्तरी, रौतहट, पर्सा र काठमाडौंमा पीकअप भ्यान उपलब्ध गराएको छ । पशु सेवा विभागलाई उपलब्ध गराएको सवारीसाधन महानिर्देशकले प्रयोग गरेको पाइयो । पशु सेवा विभागका महानिर्देशकलाई सरकारबाटै सुविधामा सवारीसाधन उपलब्ध गराउने व्यवस्था छ । सुविधामा उपलब्ध भएको मोटर हस्तान्तरणबेगर कृषि तथा सहकारी मन्त्रालयमा लगिएको र विभागमा महानिर्देशकलाई वर्ड फ्लु रोग नियन्त्रण गर्न खरिद गरिएको सवारीसाधन उपलब्ध गराएको पाइयो । नेपाल सरकारले पदीय हैसियतले उपलब्ध गराउनुपर्ने सवारीसाधन आयोजनाको कामको लागि खरिद गरिएको सवारीसाधन प्रतिस्थापन गरेको देखियो ।

३९.२ उच्च जोखिमको वर्गीकरणमा परेका जिल्लामध्ये पशु सेवा कार्यालय बर्दिया, कैलाली, कञ्चनपुर, बाँके, कपिलवस्तु, दाङ्गमा कुनै पनि सवारीसाधन उपलब्ध गराइएको छैन भने जिल्ला पशु सेवा कार्यालय रौतहटमा पिकअप १ र मोटरसाइकल २ थान, पर्सामा पिकअप र मोटरसाइकल, इलाम, सुनसरी, सप्तरीमा २।२ थान मोटरसाइकल उपलब्ध गराएको छ । त्यस्तै पशु सेवा कार्यालय चितवनलाई २ मोटरसाइकल र १ पिकअप उपलब्ध गराएको छ ।

३९.३ खरिद गरिएका मोटरसाइकल र पिकअपमध्ये ६ थान कृषि तथा सहकारी मन्त्रालय, ४ थान पशु सेवा विभाग, ४ थान पशु स्वास्थ्य निर्देशनालयले प्रयोग गरेको देखियो । सञ्चालन योजनामा उल्लिखित कार्यालयलाई सवारीसाधन उपलब्ध गराउने व्यवस्था छैन ।

४०. **पशु सेवा सुदृढीकरण** – सञ्चालन योजनाको ३.४.१ मा पशु सेवा सुदृढीकरणअन्तर्गत क्षेत्रीय निर्देशनालयको सुदृढीकरण गर्ने उल्लेख छ । जस अन्तर्गत पाँचै क्षेत्रमा राजपत्रांकित द्वितीयस्तरका कर्मचारीको संयोजकत्वमा एभिएन इन्फ्लुएन्जा सुपरिवेक्षण टोली गठन गर्ने र उक्त इकाईमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृत पाराभेट्स, कम्प्युटर अपरेटर, सवारीचालक र कार्यालय सहयोगी रहने व्यवस्था गरिएको छ । टोलीमा रहने राजपत्रअनङ्कित कर्मचारीहरुका लागि आयोजनाले पिकअप उपलब्ध गराउने व्यवस्था गरेको छ ।

मध्यमाञ्चल क्षेत्रीय विकास निर्देशनालयमा स्थलगत भ्रमण गर्दा सञ्चालन योजनामा व्यवस्था भएबमोजिम सुपरिवेक्षण टोली गठन भएको पाइएन । सुपरिवेक्षण समिति गठन नभएको भए तापनि टोलीको लागि सञ्चालन योजनामा व्यवस्था भएको सवारीसाधन खरिद गरिएको र उक्त सवारीसाधन अन्य कार्यालयलाई उपलब्ध गराएको र सवारीसाधनबेगर सवारीचालक नियुक्ति गरी तलब भुक्तानी गरेको देखियो । सुपरिवेक्षण टोली गठन गर्न आवश्यक नभए सोको लागि व्यवस्था भएको सवारीसाधन खरिद गर्न नहुने र खरिद गरिएको सवारीसाधन उद्देश्यमूलक रुपमा उपयोग गर्नुपर्दछ ।

राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष

प्रतिस्पर्धात्मक अनुदान प्रणालीको माध्यमबाट सरकार, निजी तथा गैरसरकारी क्षेत्र, शैक्षिक संस्था एवं नागरिक समाजको सहभागिता वृद्धि गरी कृषि क्षेत्रको विकास गर्ने उद्देश्यले २०५८ सालमा स्थापना भएको यो कोषले अनुसन्धान तथा विकाससम्बन्धी कार्य गर्दै आएको छ ।

४१. **प्रतिस्पर्धात्मक अनुदान** – कोषको सञ्चालन कार्यविधि, २०५८ को कार्यविधि २ अनुसार "प्रतिस्पर्धात्मक अनुदान प्रणाली" भन्नाले कोषमा अनुदान रकमको उपलब्धताको आधारमा एक वा एकभन्दा बढी प्राप्त प्रस्तावहरुलाई तोकिएबमोजिमको प्रतिस्पर्धाको आधारमा अनुसन्धान तथा विकासका लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गर्ने प्रणाली सम्झनुपर्दछ भनी परिभाषित गरिएको छ । अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक उपसमितिले आर्थिक प्रस्तावको अधिकतम सीमा पहिल्यै तोक्ने र प्राप्त प्रस्ताव प्राविधिक एवं कार्यान्वयनका दृष्टिले उपयुक्तताको आधारमा मूल्याङ्कन गरी अनुदान प्रदान गर्ने गरेको पाइयो । सोही आधारमा हालसम्म रु.३६ करोड ९४ लाख ३५ हजार अनुदान प्रदान गरेको देखिन्छ । तर प्राविधिक समितिले कार्य क्षेत्रगत शर्त पूरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने व्यवस्था अवलम्बन गरेको देखिएन । कामको लागत अनुमानसमेत तयार गर्ने नगरेकोले प्रतिस्पर्धात्मक प्रणाली प्रवर्द्धन हुन सकेको छैन । प्रतिस्पर्धाको माध्यमबाट आर्थिक एवं प्राविधिक प्रस्ताव माग गरी न्यूनतम कबोल गर्नेसँग सम्झौता गरी मितव्ययिता ल्याउने प्रयास गर्नुपर्दछ ।

४२. **नतिजाको उपयोग** – कृषि अनुसन्धान तथा विकास कोषको कार्यविधि, २०५८ ले कृषि विकास तथा अनुसन्धान दुबैमा जोड दिएको छ । कृषि अनुसन्धानको सार्थकताको लागि अनुसन्धानबाट प्राप्त नतिजाहरुको सम्बन्धित क्षेत्र, समुदाय, सरोकारवालाबाट उपयोग गरिएको हुनुपर्दछ । यस प्रयोजनको लागि कोषले गरेका अनुसन्धान नतिजाको व्यवस्थित अभिलेख राख्नुपर्दछ । कोषको अनुदान उपयोग गरी सम्पन्न अनुसन्धानबाट प्राप्त नतिजा र सोको उपयोग सम्बन्धी अभिलेख नराखिएकोले सो प्रयोजनको लागि हालसम्म भएको खर्च रु.५ करोड ५४ लाख ३४ हजारको उपादेयता यकिन गर्न सकिने आधार भएन । अत: अनुसन्धान नतिजाको व्यवस्थित अभिलेख राखी प्राप्त उपलब्धिलाई सम्बद्ध निकायबीच समन्वय गरी उपयोग गर्ने थप प्रयास हुनुपर्दछ ।

४३. **अनुसन्धान तथा विकास** – कृषि अनुसन्धान तथा विकास कोषको कार्यविधि, २०५८ ले अनुसन्धान तथा विकास दुबैलाई महत्वपूर्ण रुपमा लिएको छ । कोषको वार्षिक प्रगति पुस्तिकामा उल्लिखित विवरणको आधारमा अनुसन्धान, विकास र अनुसन्धान तथा विकासमा हालसम्म भएको लगानीको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

(रु. हजारमा)

कार्यक्रम	विकास क्षेत्र					
	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्य पश्चिमाञ्चल	सुदूर पश्चिमाञ्चल	जम्मा
अनुसन्धान	३२,१५	१,१५,१०	२,४०,८९	५१,११	१,१५,०९	५,५४,३४
विकास	१,५९,१०	५,४३,५९	३,१५,६८	९८,००	७७,७१	११,९४,०८
अनुसन्धान तथा विकास	२,१६,४८	५,९३,३८	५,१२,५२	४,२६,६५	१,९६,९६	१९,४५,९९
जम्मा	**४,०७,७३**	**१२,५२,०७**	**१०,६९,०९**	**५,७५,७६**	**३,८९,७६**	**३६,९४,४१**

उपर्युक्त आधारमा अनुसन्धानभन्दा विकासतर्फ गरिएको लगानी बढी देखिन्छ । कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नका लागि छुट्टै बजेट व्यवस्था गरी प्रत्येक जिल्लामा कार्यालय खडा गरिएकोमा कोषले समेत विकासतर्फ नै बढी खर्च गरेको पाइयो । अनुसन्धान र विकास खर्च सम्बन्धी हद निर्धारण नगरेका कारण उपर्युक्त स्थिति देखिएको छ । तसर्थ कोषले अनुसन्धान र विकास दुबैलाई महत्त्व दिई खर्चको सीमा निर्धारण गरी कार्यक्रम/परियोजना सञ्चालन गर्नुपर्दछ ।

४४. **साझेदारी** – कोषको उद्देश्य हासिल गर्नका लागि कृषि अनुसन्धान तथा विकास कोष कार्यविधि, २०५८ बमोजिम कृषि अनुसन्धान तथा विकासको क्षेत्रमा विविधता ल्याउन सरकारी, निजी एवं गैरसरकारी क्षेत्र तथा नागरिक समाजको सहभागिता एवं साझेदारीमा हुने कार्यक्रमलाई प्राथमिकता दिने उल्लेख छ । तर कोषले अनुदान प्रदान गर्ने क्रममा सरकारी निजी एवं गैरसरकारी क्षेत्रको साझेदारीमा हुने कार्यक्रमलाई प्राथमिकता दिएको पाइएन । सरकारी क्षेत्रका नेपाल कृषि अनुसन्धान परिषद्, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु कार्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानहरुले पनि प्रस्ताव पेश गरी अनुदान प्राप्त गरेको देखिन्छ । विगत वर्षमा कार्यान्वयन भएका १७१ आयोजनामध्ये ७६ सरकारी निकायहरुले अनुदान प्राप्त गरी आयोजना कार्यान्वयन गरेको पाइयो । सरकारी निकायको आफ्नै कार्यक्रम र बजेट व्यवस्था हुने भएकाले ती निकायहरुलाई नै अनुदान प्रदान गरी कार्यक्रम सञ्चालन गरिनु कार्यविधिमा उल्लिखित सरकारी निजी एवं गैर सरकारी निकायबीच साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीतिअनुकूल देखिदैन । यसबाट निजी क्षेत्र तथा गैर सरकारी निकायको क्षमता अभिवृद्धि हुन सक्ने भएकोले कार्यविधिको व्यवस्थाअनुरुप सरकारी, गैर सरकारी, निजी क्षेत्रबीच साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्दछ । सरकारी निकायले प्रस्ताव पेश गरी आयोजना कार्यान्वयन गर्ने परिपाटीलाई न्यून गर्नुपर्दछ ।

४५. **अनुगमन मूल्याङ्कन** – कोषले अनुदान प्रदान गरी सञ्चालित कार्यक्रमको अनुगमन मूल्याङ्कन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

४५.१ राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष सञ्चालन कार्यविधि, २०५८ को दफा २६ बमोजिम कोषले प्रदान गर्ने अनुदानको सदुपयोगको लागि सञ्चालित कार्यक्रमको कार्यान्वयन स्थिति सम्बन्धमा सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । कोषको कार्यक्षेत्र नेपाल राज्यभर रहेको र कोषका शाखा कार्यालयहरु नरहेको सन्दर्भमा सबै सञ्चालित कार्यक्रमको पर्याप्त अनुगमन गर्न कठिनाई रहेको पाइयो । यस सन्दर्भमा कोषबाट कार्यक्रमले तयार गर्ने डी.भी.डी., पुस्तिका तथा समीक्षा बैठकबाट छलफल, प्रश्नोत्तरबाट अनुगमन मूल्याङ्कन गरिने जानकारी प्राप्त भएको छ । साथै पर्याप्त जनशक्तिको अभाव, सवारीसाधनको न्यूनता, बजेटको अपर्याप्तता जस्ता समस्याले चाहेजति अनुगमन हुन नसकेको जनाएको छ । कोषले सञ्चालन गर्ने कार्यक्रमहरु देशभर छरिएर रहेका रु.१० लाखदेखि रु.३० लाखसम्म लागत भएका हुने हुँदा सबै कार्यक्रमहरुलाई समेट्ने गरी अनुगमन गर्न मितव्ययी पनि नहुने स्थिति छ । तसर्थ सम्बन्धित जिल्ला स्थित कृषि तथा पशु कार्यालयहरुसँग समन्वय गरी कार्यक्रम अनुगमन प्रतिवेदन गर्ने जिम्मेवारी दिएमा खर्चमा मितव्ययीता एवं प्रभावकारिता आउने देखिन्छ ।

४५.२ अनुसन्धान र विकास निरन्तर चलिरहने प्रक्रिया हो । कृषि तथा पशु पालनमा वीऊ, हावापानी र वातावरणबाट बढी प्रभावित हुने हुँदा यसको विकासको लागि अनुसन्धान अपरिहार्य हुन्छ । कोषबाट प्रवाहित अनुदान बाट सञ्चालित कार्यक्रमको फलस्वरुप कृषि तथा पशुपालन व्यवसाय क्षेत्रमा देखा परेका प्रतिकूल वातावरणीय प्रभावबाट मुक्त राख्न एवं अनुसन्धानबाट प्राप्त नतिजाहरु वास्तविक कृषकको थलोसम्म समयमै शीघ्र रुपान्तरित भई भविष्य पर्यन्त दिगो रुपमा स्थापित हुनुपर्दछ ।

उपर्युक्त स्थितिबारे जानकारी हासिल गर्न सञ्चालित कार्यक्रमको कोषले प्रभाव मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । तर कोषले हालसम्म रु.३६ करोड ९४ लाख ३५ हजार अनुदान प्रवाह गरी सञ्चालित कार्यक्रमले पारेको प्रभाव मूल्याङ्कन गरेको देखिएन । जसले गर्दा सञ्चालित कार्यक्रमहरु कोषको उद्देश्य हासिल गर्नेतर्फ उन्मुख भए नभएको जानकारी हुने अवस्था छैन । त्यसैले आवधिक रुपमा प्रभाव मूल्याङ्कन

गर्नुपर्दछ । साथै सञ्चालित कार्यक्रमहरुको उपलब्धि कृषक समुदायबीच दिगो रुपमा स्थापित हुने वातावरण तयार गर्नुपर्दछ ।

पशु स्वास्थ्य निर्देशनालयको कार्यसम्पादन स्थिति अध्ययन

पशुजन्य उत्पादन, पशु स्वास्थ्यको विकास तथा पशुजन्य पदार्थहरुको स्वस्थकर एवं सुरक्षित वितरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस निर्देशनालयको स्थापना भएको हो ।

४६. **घुम्ती कोष** – नेपाल सरकार र युरोपेली समुदायबीच भएको संझौताअनुसार पशु स्वास्थय सेवा सुदृढीकरणका लागी रु.३ करोड ५० लाखको घुम्ती कोष व्यवस्था गरेको देखिन्छ । उक्त रकमबाट ७५ जिल्ला पशु सेवा कार्यालयहरुलाई घुम्ती कोष सञ्चालनका लागि रु.३ करोड २१ लाख वितरण गरी बाँकी रु.२९ लाख पशु स्वास्थ्य निर्देशनालयको खातामा मौज्दात रहेको र बैक ब्याज थपसमेत रु.३८ लाख २१ हजार मौज्दात रहेको छ । निर्देशनालयले ७५ जिल्ला पशु सेवा कार्यालयलाई घुम्ती कोष सञ्चालनका लागि वितरण गरेको रकमको परिचालन स्थितिसमेतको अनुगमन निरीक्षण गरी अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा राखेको देखिएन । जिल्ला पशु सेवा कार्यालय ७५ को आय–व्यय विवरण समावेश गरी केन्द्रीय आय–व्यय विवरण तयार नगरेकोले लेखापरीक्षण भएको छैन । पशु सेवा घुम्ती कोष प्रतिवेदन २०६७६८ अनुसार ५ विकास क्षेत्रमा प्रवाहित ऋण लगानी रु.४ करोड ५८ लाख ९२ हजारमा असुल हुन बांकी रु.२ करोड २६ लाख ३९ हजारमध्ये रु.१ करोड ३२ लाख ३१ हजार भाखा नाघेको छ । उक्त भाखा नाघेको ऋण असुल गर्नुपर्दछ ।

४७. **तालिम –** पशु स्वास्थ्यसम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन, रोग निदान तथा उपचार आदिमा दक्षता र प्रभावकारीता अभिवृद्धि गर्न नियमित तालिमको आवश्यकता पर्दछ । लेखापरीक्षणको क्रममा अल्पकालीन र बृत्ति विकाससंग सम्बन्धित तालिमको व्यबस्था भए तापनि योजना तर्जुमा, लजिष्टिक व्यवस्थापन, इपिडेमोलोजी तथा पशु कल्याणसम्बन्धी तालिमको अपर्याप्तता रहेको जानकारी प्राप्त भएको छ । संगठनात्मक बिकास, योजना तर्जुमा, स्रोत साधनको व्यवस्थापन, रोग निदान नियन्त्रण, उन्मूलन एवं पशु कल्याण जस्ता बिषयमा नवीन प्रविधि, ज्ञान एवं सीपको अभावमा पशु रोग नियन्त्रण कार्यक्रम प्रभावकारी नहुने भएकोले तालिमको आबश्यकता निर्धारण गरी सञ्चालन गर्ने व्यबस्था मिलाउनुपर्ने देखिन्छ ।

४८. **रोग नियन्त्रण** – निर्देशनालयबाट प्राप्त जानकारीअनुसार भेडा, बाख्रालाई पी.पी.आर., गाई भैंसीलाई जुका तथा नाम्ले, खोरेत, भ्यागुते, चर्चरे, थुनेलो, बाँझोपना, साल अड्कने, भण्डार फर्कने, गर्भ तुहने तथा प्रसव समस्या जस्ता रोगहरु लाग्ने गरेको देखिन्छ । कुखुरालाई रानी खेत, कक्सिडियोसिस, गम्बोरो कोलिवेसिलोसिस आदि रोग लाग्ने गरेको जानकारी प्राप्त भएको छ । पशुपंक्षीबाट मानिसमा रेविज, बर्डफ्लु, स्वाइनफ्लु आदि रोग सर्ने गर्दछन् । उपर्युक्त रोग नियन्त्रणका लागि आवश्यक पर्ने पशु स्वास्थ्यसँग सम्बन्धित रोग नियन्त्रण तथा उन्मूलन गर्ने कार्यका लागि पशु तथ्याङ्क, प्रकोप नियन्त्रण गर्नुपर्ने सम्भावित जोखिम क्षेत्र र सोका लागि आवश्यक औषधि तथा जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

खोरेत रोगको औषधि नेपालमा उत्पादन नहुने, पी.पी.आर., रेविज, रानीखेत, स्वाईन फिभर आदि रोगको नियन्त्रणका लागि आवश्यक पर्ने औषधि उत्पादनका लागि स्रोत साधनको कमी भएको जानकारी प्राप्त भएको छ । उपर्युक्त रोगको नियन्त्रणका लागि पर्याप्त औषधि तथा जनशक्ति व्यवस्थापन र यथार्थ तथ्याङ्कको अभावमा रोग नियन्त्रण प्रभावकारी हुने देखिएन । यसबाट रोग प्रकोपमा वृद्धि हुने, पशु तथा मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने, किसानलाई आर्थिक क्षति हुने देखिन्छ । पशुजन्य रोग नियन्त्रणका लागि औषधि व्यवस्थापन, पूर्व रोकथामका उपाय अवलम्बन, जनचेतना, प्रचार प्रसार तथा आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४९. **विश्व व्यापार संगठनमा आबद्धता** – नेपाल सरकार विश्व व्यापार संगठनको सदस्य भइसकेकोले पशु स्वास्थ्य सम्बन्धी प्रावधानहरुको मापदण्ड पूरा गर्नका लागि आवश्यक तयारी गर्नुपर्दछ । पशु स्वास्थय सम्बन्धी

मापदण्ड तयारी र प्रतिवेदन गर्ने कार्यको जानकारी माग गरिएकोमा आंशिक मात्र प्रगति भएको जवाफ प्राप्त भएको छ । विश्व स्वास्थ्य संगठनसंग भएको प्रतिबद्धताअनुरुप राष्ट्रिय भेटनरी सेवाको प्रष्ट व्यवस्था हुन नसकेको, कानूनी व्यवस्थामा सुधार हुन नसकेको, अव्यवस्थित पशु पालन, जनचेतनाको अभाव आदि जस्ता कारणबाट पशुजन्य रोग र न्यून गुणस्तरीय पशुजन्य पदार्थको आवत जावत हुन सक्ने, रोगको संक्रमण बढ्न सक्ने जस्ता जोखिमहरु विद्यमान रहेको देखिन्छ । अत: प्रतिबद्धता अनुरुप विद्यमान कानूनी व्यवस्थामा सुधार, संशोधन र तर्जुमा, मापदण्ड तयारी तथा संगठनात्मक सुधार गर्नुपर्ने देखिन्छ ।

संगठित संस्था तथा समितितर्फ

कृषि सामग्री कम्पनी लिमिटेड

कम्पनी ऐन, २०६३ अनुसार स्थापित यस कम्पनीको २०६७।६८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

५०. **सञ्चालन नतिजा** – गत वर्षसम्म सञ्चित नोक्सान रु.२३ करोड २७ लाख ५२ हजार रहेकोमा यो वर्ष नाफा भएको रु.१६ करोड ७२ लाख ४४ हजार समायोजन गर्दा यो वर्षसम्म सञ्चित नोक्सान रु.६ करोड ५५ लाख ८ हजार रहेको छ ।

५१. **असामी तथा अन्य प्राप्य रकम –** असामी तथा अन्य प्राप्य रकम रु.२० करोड ६४ लाख ९ हजारको आयुगत विवरण तथा मौज्दातको समर्थनपत्र नलिएकोले सोको स्थिति यकिन गर्न सकिएन । विभिन्न संघ संस्थाको रु.४ करोड ५२ लाख ९९ हजारमध्ये विघटनमा रहेको नेपाल यातायात संस्थानको रु.८३ लाख ९८ हजार, कृषि औजार कारखाना रु.२१ लाख ६० हजार तथा नेपाल चिया विकास निगमको रु.४० लाखसमेत रु.१ करोड ४५ लाख ५८ हजार, कारोबारमा नरहेका ११ ग्राहकको रु.३० लाख ६ हजार तथा कृषि विकास बैङ्कको रु.२ करोड ३८ लाख १० हजार गरी जम्मा रु.४ करोड १३ लाख ७४ हजार असुल हुन नसक्ने देखिएकोमा अपलेखन नगरी असुल हुने असामीमा देखाएको छ ।

५२. **पेश्की सापटी तथा धरौटी –** पेश्की सापटी तथा धरौटी दिएको रु.१५ करोड ७१ लाख ४२ हजारको आयुगत विवरण तथा मौज्दात समर्थनपत्र नलिएकोले सोको स्थिति यकिन गर्न सकिएन । बहालमा नरहेका २१ कर्मचारीबाट रु.४ लाख ४० हजार, १० वर्ष पहिले कर्मचारीहरुलाई दिएको भत्ता पेश्की रु.१७ लाख १३ हजार तथा ४२ कर्मचारीबाट हिनामिना भएको रु.५० लाख २३ हजार गरी जम्मा रु.७१ लाख ७६ हजार असुल गर्न सकेको छैन । यस्तो असुल हुन नसक्ने रकमलाई अपलेखन नगरी सम्पत्तिमा देखाएको उचित भएन ।

५३. **चालू दायित्व –** चालू दायित्व रु.१ अर्ब २९ करोड ५ लाख २१ हजारको आयुगत विवरण तथा समर्थनपत्र नलिएकोले सो दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन । कर्मचारीहरुको रु.२० लाख ४३ हजार, काउण्टरपार्ट फण्डको रु.१ लाख ८८ हजार, संस्थानतर्फको रु.१ लाख २५ हजार, एक ट्रान्सपोर्टको रु.१६ लाख ७५ हजार, अन्य संस्थाको रु.६ लाख ८९ हजार तथा धरौटीतर्फको रु.१ लाख २६ हजार गरी जम्मा रु.४८ लाख ४६ हजार उपर विगत वर्षदेखि दाबी प्राप्त भएको देखिएन ।

५४. **व्यवस्था** – व्यवस्थाहरुमध्ये विभिन्न १० शीर्षकमा रु.१९ करोड १८ लाख ८८ हजार विगत धेरै वर्षदेखि व्यवस्था देखाउँदै आएकोमा हालसम्म सो रकम मौज्दात रहेको छ ।

५५. **शाखा हिसाब –** विगत ५-७ वर्षभन्दा पुरानो अवधिदेखि शाखा हिसाबअन्तर्गत डेबिट रु.१ अर्ब ५ करोड १६ लाख ८० हजार तथा क्रेडिट रु.१ अर्ब ३ करोड २ लाख ४० हजारको शाखा हिसाब मिलान हुन नसकेबाट कम्पनीको वित्तीय विवरणमा प्रतिकूल असर परेको छ । सो हदसम्म कम्पनीको आर्थिक अवस्था र कारोबारको नतिजा नियमसम्मत छैन ।

५६. **मोटरकार खरिद** – कम्पनीको आर्थिक विनियमावली २०५९ को प्रावधानबमोजिम सवारीसाधन खरिद गर्दा न्यूनतम तीन बोलपत्र प्राप्त हुनुपर्नेमा सो प्रतिकूल दुई मात्र बोलपत्र प्राप्त भएकोमा सोहीमध्येबाट घटी मोल कबोल गर्ने बोलपत्रदाताबाट रु.२० लाख ५० हजारको एक मोटरकार खरिद गरेकोमा पूर्वस्वीकृति प्राप्त गरेको छैन । कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ लागू भइसकेको अवस्थामा सो अनुकूल आफ्नो आर्थिक विनियमावली संशोधन गरेको पनि छैन ।

५७. **मलखाद** – कम्पनीले घटी प्राप्त भएको मलखादको लागि सर्भे रिपोर्ट लिने नगरेको तथा सर्भे फीबापत भुक्तानी गरिएको रु.२ लाख ९८ हजार बिक्रेता वा बीमा कम्पनीबाट असुल गर्नुपर्नेमा सो नगरी खरिद खर्च लेखेकोले सम्बन्धितबाट असुल हुनुपर्दछ । घटी प्राप्त मलखादको क्षतिपूर्तिबापत प्राप्त रकम रु.५ करोड ३५ लाख ६९ हजार खरिद लागत रकममा नघटाई विविध आम्दानी देखाएको छ ।

५८. **क्लियरिङ्ग फरवार्डिङ्ग** – क्लियरिङ्ग फरवार्डिङ्ग कार्यको लागि आह्वान गरेका बोलपत्रमा आवश्यक संख्यामा बोलपत्र प्राप्त नभएको जनाई पुन: बोलपत्र आह्वान गरिएकोमा सो प्राप्त बोलपत्र सम्बन्धमा निर्णय गरेको छैन । प्राप्त बोलपत्रमध्ये वार्ता गरी सिलबन्दी पत्रद्वारा दररेट घटाघट गराई कम बोलकबोल गर्ने बोलपत्र स्वीकृत गरेबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा कम्पनीको विनियमावलीको प्रावधान विपरीत खरिद हुन गएको देखिन्छ । क्लियरिङ्ग फरवार्डिङ्ग एजेन्ट तथा ढुवानीकर्तालाई बिलबेगर मूल्य अभिवृद्धि करसहित क्रमश रु.१४ करोड ४० लाख ७६ हजार र रु.१० करोड २५ लाख ८८ हजार भुक्तानी गरेको छ । भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टी गरेको पनि छैन ।

दुग्ध विकास संस्थान

दूधको समुचित बजार व्यवस्थापन, उपभोक्ताका लागि स्वच्छ तथा प्रशोधित दूध तथा दुग्ध पदार्थहरुको आपूर्ति गरी दुग्ध व्यवसायलाई संगठित र विकास गर्दै दूध सङ्कलन, प्रशोधन र बिक्री वितरणमा व्यापक प्रभावकारिता ल्याउने उदेश्यले संस्थान ऐन, २०२१ अन्तर्गत २०२६ श्रावण १ गते यस संस्थान स्थापना भएको हो । संस्थानको २०६६।६७ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

५९. **सञ्चालन नतिजा** – संस्थानको गत वर्षसम्मको सञ्चित नोक्सानी रु.३४ करोड ४४ लाख ८९ हजार रहेकोमा यो वर्ष रु.२ करोड ५८ लाख ११ हजार मुनाफा आर्जन गरेको र आर्थिक वर्ष २०६२।६३ र २०६३।६४ को आयकर दाखिला रु.६४ लाख ३ हजार समायोजन गर्दा यो वर्षको अन्त्यमा सञ्चित नोक्सानी रु.३२ करोड ५० लाख ८१ हजार रहेको छ ।

६०. **नगद तथा अन्य मौज्दात** – गत वर्ष नगद तथा अन्य मौज्दात रु.१८ करोड ७९ लाख २८ हजार रहेकोमा यस बर्ष ३९ प्रतिशतले वृद्धि भई रु.२६ करोड ९ लाख ६५ हजार पुगेको छ । एकातर्फ नगद मौज्दात ८ करोडले वृद्धि भएको छ भने अर्कोतर्फ ऋण लिई ब्याजसमेत बढी भुक्तानी भएको पाइन्छ । संस्थानले नगद व्यवस्थापन प्रभावकारी रुपमा नगरेको कारणले खर्च बढ्न गएको छ ।

६१. **ब्याज खर्च** – गत वर्ष ब्याज खर्च रु.९ लाख १६ हजार भएकोमा यस वर्ष बढेर रु.१५ लाख २ हजार (६४ प्रतिशतले वृद्धि) भएको छ । दुग्धपदार्थको मूल्य समायोजनपछि ४३ करोडको नगद बिक्री भएको र गैरनगदी खर्चबापत व्यवस्था भएको उपदान व्यवस्था र ह्रास खर्च व्यवस्था भएको अवस्थामा समेत ब्याज खर्च बढ्न गएको कारण प्रष्ट भएन । पर्याप्त मात्रमा दूध सङ्कलन हुन नसकेको कारण स्किम मिल्क पाउडर खरिद गर्न एकै पटक भुक्तानी गर्न ऋण लिएको कारण ब्याज खर्चमा वृद्धि भएको जवाफ संस्थानले दिएको छ ।

६२. **निर्माणाधीन सम्पति** – यस शीर्षकअन्तर्गत गत वर्षसम्म रु.४३ लाख १७ हजार रहेकोमा यस वर्ष बढेर रु.१ करोड ७२ लाख ५७ हजार रहेको देखिन्छ । संस्थानले पश्चिम क्षेत्रका किसानबाट दूध सङ्कलन गर्ने उदेश्यले धनगढीमा निर्माणाधीन भवन र मेसिनरी सामान थप भएको कारण उक्त रकम बढेको देखिन्छ । धनगढी

आयोजनाकै निर्माण कार्यको लागि भएको फुटकर खर्चलाई निर्माणाधीन सम्पत्ति शीर्षकमा देखाउनुपर्नेमा वित्तीय विवरणमा फुटकर खर्चका रुपमा देखाइएको छ जुन नेपाल लेखामानको सिद्धान्त विपरीत छ ।

६३. **जिन्सी मौज्दात –** संस्थानको यस वर्षको जिन्सी मौज्दात रु.२८ करोड ९ लाख ३ हजार रहेको छ । गत वर्ष यो रकम रु.२७ करोड ३२ लाख ९ हजार थियो । गत वर्षको तुलनामा जिन्सी मौज्दात करिब ३ प्रतिशतले बढेको देखिन्छ । संस्थानले जिन्सी मौज्दातको भौतिक परीक्षण यस वर्ष गरेको पाइएन ।

६४. **संस्थान कोष –** संस्थानको कोषका सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

६४.१ संस्थानले विभिन्न मित्रराष्ट्रहरुबाट प्राप्त जिन्सी अनुदान रु ३३ करोड १३ लाख ७१ हजार सुरुको वर्षदेखि नै संस्थान कोषमा देखाउँदै आएको र उक्त सम्पत्तिको नाफा नोक्सान हिसाबमा ह्रासकट्टी खर्च लेखिएको छ । महालेखा नियन्त्रक कार्यालय र कृषि मन्त्रालयको निर्देशनबमोजिम उक्त लेखाङ्कन गरेको जवाफ दिएको छ ।

६४.२ राष्ट्रिय दुग्ध विकास बोर्डबाट विभिन्न सामान खरिदका लागि प्राप्त रु.१ करोडलाई कोषमा अन्य दायित्वतर्फ देखाइएको छ । उक्त रकमबाट तोकिएको सामान खरिद गरी फछ्यौंटका लागि संस्थानले १२ वर्ष अघि नै बोर्डलाई पत्र लेखिसकेको भए तापनि यस वर्षसम्म फछ्यौंट गरेको छैन ।

६४.३ जाईकाबाट २०५७।५८ मा प्राप्त भएको अनुदान रु.५ लाख ४० हजार मूल्य बराबरको सम्पत्ति उपयोग नभई कोषमै रहेको देखिन्छ ।

६५. **लगानीबाट आर्जित ब्याज –** नेपाल लेखामान–७ अनुसार लगानीबाट आर्जित ब्याजको लेखाङ्कन प्रोद्भावी आधारमा गर्नुपर्ने उल्लेख भएकोमा संस्थानले नगद आधारमा गरेको पाइयो ।

६६. **चिलिङ्ग भ्याट –** संस्थानले १ हजार लिटर र २ हजार लिटरको ४/४ थान चिलिङ्ग भ्याट उपकरण खरिद गर्न एक आपूर्तिकर्ताको रु.३० लाख १४ हजारको बोलपत्र स्वीकृत गरेको छ । बोलपत्र प्रस्तावमा भारतीय अन्त:शुल्क दर ८.२४ प्रतिशत हुने उल्लेख गरेकोमा बोलपत्र स्वीकृत गरिएपछि सो अन्त:शुल्क दर १०.३० प्रतिशत हुने भनी पत्राचार गरेको छ । एकहजार लिटरको उपकरणको क्षमता ८ हजार प्रतिघण्टाको हुने भनिएकोमा ६ हजार प्रतिघण्टाको तथा दुईहजार लिटरको उपकरणको क्षमता १५ हजार प्रतिघण्टाको हुने भनिएकोमा १२ हजार प्रतिघण्टाको भएको देखिन्छ । स्पेसिफिकेशनअनुसार उपकरणमा दुईटा कम्प्रेसर हुने जसमध्ये एकले कार्य गर्दा अर्को तयारी अवस्थामा बस्ने भनिएकोमा एउटा मात्र कम्प्रेसरको उपकरण प्राप्त भएको देखिन्छ । यस अतिरिक्त उपकरण संस्थानमा १५ जुन २०१० भित्र आपूर्ति गर्ने र सोपछि गरेमा ०.५ प्रतिशत जरिबाना लाग्ने प्रावधानसमेत रहेकोमा २५ जून २०१० मा मात्र जरिबाना नलिई सामान खरिद भएको देखिन्छ । बोलपत्रदाताले कम क्षमता तथा गुणस्तरको सामान समय पश्चात आपूर्ति गरेको अवस्थामा संस्थानले बोलपत्र रकममा प्रतियुनिट रु.१५ हजारको दरले रु.१ लाख २० हजारमात्र कट्टा गरी बाँकी रकम भुक्तान गरेको छ ।

यस सम्बन्धमा सञ्चालक समितिले भारतीय अन्त:शुल्कको दर आपूर्ति गर्ने समयमा १०.३ प्रतिशत पुगेको, चिलिङ्ग भ्याटको क्षमताको सम्बन्धमा कम्प्रेसर मेसिनमा नै फिट गरेर दिने वा छुट्टै दिने भन्ने सम्बन्धमा स्फेशिफिकेशनमा स्पष्ट नदेखिएकोले संस्थानको चाहानाअनुसार मेसिनमा नै फिट गर्दा फिटिङ चार्ज रु.१५ हजारका दरले कट्टा गरी छुट्टै स्टान्डवाई कम्प्रेसर लिएको जवाफ दिएको छ ।

६७. **रेफ्रिजरेटर भ्यान –** संस्थानले ४ हजार ११० के.जी. क्षमताको रेफ्रिजेरेटर भ्यान खरिद गर्न एक मोटर्सको रु.२८ लाखको दरभाउपत्र स्वीकृत गरी सम्झौता गरेको छ । सम्झौता अनुरुप प्रतितपत्र खोलिएकोमा तोकिएको समयमा सामान आयात हुन नसक्ने भएपछि प्रतितपत्रको म्याद बढाएको र त्यस क्रममा रु.३५ हजार अतिरिक्त भुक्तानीसमेत गरेको छ । साथै उक्त मोटर्सले ३ हजार ८६१ के.जी. मात्र क्षमता भएको रेफ्रिजेरेटर भ्यान आपूर्ति गरेको छ । सम्झौता विपरीत कम क्षमता भएको भ्यान आपूर्ति गरेको तथा प्रतितपत्रको म्याद थप गर्दा अत्तिरिक्त शुल्कसमेत भुक्तानी भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० लाखभन्दा बढीको वस्तु खरिद गर्दा सिलबन्दी बोलपत्र लिनुपर्नेमा दरभाउपत्रबाट गरेको नियम अनुरुप

भएको पाइएन । यस सम्बन्धमा संस्थानको प्रतिक्रिया माग भएकोमा रेफ्रिजेरेटर भ्यानको क्षमता ४ टन उल्लेख गरे तापनि ठीक ४ टन क्षमताको भ्यान उत्पादन नै नहुने हुँदा उक्त कम्पनीको अनुरोधमा करिब २०० के.जी. कम क्षमताको खरिद गरेकोले क्षमताले खासै फरक नपर्ने साथै प्रतितपत्रको म्याद पटकपटक बढाउँदा बैङ्क कमिसन खर्च भएको जवाफ प्राप्त भएको छ ।

६८. **आयोजनाको निर्माण कार्य –** संस्थानले ढल्केबर आयोजनाको निर्माण कार्य गर्न एक निर्माण सेवासँग रु.२२ लाख १७ हजार सम्झौता गरेकोमा सो निर्माण सेवाले काम गर्न नसकेकोले निजको धरौटी जफत गरी बोलपत्र प्रक्रियालाई खारेज गरेको देखिन्छ । तत्पश्चात संस्थानले उक्त कार्य गराउनको लागि रु.३७ लाख ९९ हजारमा नेशनल कन्ष्ट्रक्सन कम्पनी लिमिटेडसँग सोझै सम्झौता गरेको देखियो । दोस्रो कम मूल्य कबोल गर्ने कम्पनीको बोलपत्रमा संलग्न हुनुपर्ने कागजात संलग्न नभएको र आर्थिक विनियमावली विपरीत भएको हुँदा सो कम्पनीसँग सम्झौता नगरी नेपाल सरकारको पूर्ण स्वामित्व भएको उक्त कन्ष्ट्रक्सन कम्पनीलाई संस्थानको आर्थिक विनियमावलीअनुसार सीधै नियुक्त गरेको जवाफ दिएको छ ।

६९. **दूध आपूर्ति –** संस्थानले २०६६।७।१६ मा पोखरास्थित एक डेरीसँग फ्लस सिजनमा १५ हजारदेखि २५ हजार लिटरसम्म दूध आपूर्ति गर्ने सम्झौता गरेको छ । सम्झौताअनुसार संस्थानले उक्त डेरीलाई मंसिरको पूरै महिना र पुसका केही दिन दूध आपूर्ति गरेको छ । २०६६ पुस ५, ६ र ७ गते भएको एक राजनैतिक पार्टीको आन्दोलनका कारण संस्थानले दूध आपूर्ति गर्न नसकेको र त्यसपछि दूधको उपलब्धता घट्दै गएको हुँदा नियमित आपूर्ति गर्न नसकेको उल्लेख गरे तापनि संस्थानले २०६६ माघ महिनासम्म रु.१ करोड ४८ लाख ४६ हजार बराबरको ५ लाख १२ हजार ५ सय लिटर दूध उक्त डेरीलाई उपलब्ध गराएको देखिन्छ । उक्त बेचेको दूधमध्ये संस्थानले डेरीबाट रु.९२ लाख ९४ हजार प्राप्त गर्न बाँकी छ । संस्थानले सम्झौता अनुसार नियमित दूध आपूर्ति नगरेकाले कारखाना सञ्चालन हुन नसकेको र टैंकर किनेको बैङ्क ब्याज र कर्मचारीको अतिरिक्त पारिश्रमिकको कारण आफूलाई रु.६० लाख ७६ हजार घाटा भएको भनी उक्त डेरीले क्षतिपूर्ति माग गर्दै अदालतमा मुद्दा दायर गरेको छ । संस्थानले पनि रकम असुलीका लागि जिल्ला अदालत काठमाडौमा उक्त डेरी विरुद्ध मुद्दा दायर गरेको पाइयो । यस सम्बन्धमा सञ्चालक समितिको प्रतिक्रियामा काठमाडौं जिल्ला अदालतबाट संस्थानको पक्षमा फैसला भइसकेको व्यहोरा उल्लेख छ ।

७०. **इन्धन नर्म्स –** विराटनगर दुग्ध विकास आयोजनाले सवारी र जेनेरेटरहरुको लागि यस वर्ष इन्धनमा स्वीकृत भएको बजेटभन्दा बढी खर्च गरेकोमा केन्द्रीय कार्यालयबाट स्वीकृति लिएको छैन । आयोजनाले गाडी तथा जेनेरेटरको इन्धनका लागि नर्म्स निर्धारण स्वयम् गर्ने गरेको र सोही नर्म्सका आधारमा खर्चलाई स्वीकृत गर्ने गरेको छ । यस्तो नर्म्स निर्धारणको जानकारी केन्द्रमा पठाएको छैन । नर्म्स निर्धारण प्रक्रिया वैज्ञानिक, प्रभावकारी र पारदर्शी नभएको भनी गत विगत वर्षमा अन्तिम लेखापरीक्षक र आन्तरिक लेखापरीक्षकले विभिन्न वर्षको प्रतिवेदनमा उल्लेख गरे तापनि नर्म्समा सुधार गरेको पाइएन । आन्तरिक लेखापरीक्षकले २०६७।३।३१ मा इन्धनको मौज्दात परीक्षण गर्दा नर्म्सअनुसार खपत भई बाँकी रहनुपर्ने इन्धन मौज्दातभन्दा वास्तविक मौज्दात १ हजार २०५ लिटर बढी भेटिएपछि नर्म्सको पुनरावलोकन हुनुपर्ने सुझाव दिएकोमा समेत कारबाही भएको छैन । सवारीसाधन इन्धन नर्म्स आयोजनाले र ब्वाइलर जेनेरेटरको इन्धन नर्म्स केन्द्रीय कार्यालयले निर्धारण गर्ने गरेको जवाफ प्राप्त भएको छ ।

नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा परिषद ऐन, २०५५ अनुसार स्थापित यो परिषद्को २०६७।६८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन् :

७१. **सञ्चालन नतिजा** – यस वर्ष परिषद्लाई सरकारबाट प्राप्त अनुदान रु.१९ लाख ६० हजार, एभिएन इन्फ्लुएन्जा नियन्त्रण आयोजनाबाट रु.३ लाख र आन्तरिक स्रोत रु.६ लाख १७ हजारसमेत रु.२८ लाख ७७

हजार आम्दानी भएकोमा रु.२४ लाख ८१ हजार खर्च भई रु.३ लाख ९६ हजार बचत भएको छ । उक्त रकममा गत वर्षसम्मको वचतमा समायोजन गर्दा हालसम्मको बचत रु.३७ लाख ८४ हजार रहेको छ ।

७२. **ह्रासकट्टी –** परिषद्को विगतले स्थायी सम्पत्तिको पूँजीगत जगेडा कोषमा रु.४८ हजार र अनुदानतर्फ रु.१ लाख ४७ हजार गरी जम्मा रु.१ लाख ९५ हजार यस वर्ष ह्रास कट्टी गरेको देखिन्छ । चालू वर्षमा खरिद भएको तथा अनुदानबाट प्राप्त भएको सम्पत्तिसमेतको रु.३ लाख २७ हजारमा ह्रास कट्टी गरेको छैन ।

७३. **वित्तीय विवरण –** परिषद्को आम्दानी खर्चको विवरणमा मिनाहा खर्च रु.७८ हजार समावेश गरेको छैन । आम्दानी खर्चको विवरणमा बाँकी देखाएको रु.४ लाख ७४ हजार वासलातमा यथार्थ रुपमा प्रदर्शन गरेको छैन ।

पशु आहार उत्पादन विकास समिति

समितिको २०६७६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

७४. **सञ्चालन नतिजा** – नेपाल सरकारबाट प्राप्त अनुदान रु.५० लाख र स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त आम्दानी रु.११ लाख ७९ हजार, सञ्चालन नाफा रु.७ लाख ७६ हजार, विविध आम्दानी रु.५९ हजारसमेत जम्मा आय रु.७० लाख १४ हजार भएकोमा व्यावसायिक तथा अन्य खर्च रु.६३ लाख ३९ हजार कट्टा गर्दा यस वर्षको खुद नाफा रु.६ लाख ७४ हजार भएको छ । गत वर्षसम्मको सञ्चित नोक्सानी रु.७३ लाख ४७ हजार समायोजन गर्दा यो वर्षसम्मको नोक्सानी रु.६६ लाख ७३ हजार पुगेको छ ।

७५. **स्थिर सम्पत्ति –** विकास समिति विघटनतर्फ अघि बढेकाले यस वर्ष किताबी मूल्य रु.३ लाख ८२ हजार बराबरका सवारीसाधन, मेसिनरी तथा यन्त्र उपकरणलगायतका अन्य स्थिर सम्पत्तिहरु रु.१५ लाख ६० हजारमा लिलाम प्रक्रियाबाट बिक्री गरेको छ । समिति विघटनको लागि सम्पत्ति मूल्याङ्कन समिति गठन भई सम्पूर्ण जायजेथाको मूल्याङ्कनसहितको प्रतिवेदन दिएकोमा कार्यान्वय भएको छैन ।

७६. **कच्चा पदार्थको क्षति –** जिन्सी खाताले देखाएको मौज्दात र भौतिक परीक्षण गर्दाको मौज्दात फरक रहेको छ । कच्चा सामग्री मौज्दातमा जर्तीको कुनै मापदण्ड नतोकिएको र निश्चित परिमाणमा जर्ती कटाउने व्यवस्था नभएकोले सम्पूर्ण फरकलाई नै जिन्सी मौज्दातमा नपुग जनाउने गरेको छ । विगतका वर्षदेखि नै यसप्रकारको क्षतिमा निरन्तर वृद्धि हुदै आएको देखिन्छ । यस वर्ष गोदाम व्यवस्थामा मकैतर्फ ५ प्रतिशतभन्दा बढी हानि भएको छ, जुन गत वर्ष औसत २ प्रतिशत हाराहारीमा थियो । खुदोतर्फको हानि ३ प्रतिशतभन्दा बढी छ जुन गत वर्ष औसत २.५ प्रतिशतको हाराहारीमा थियो । यस्तो क्षति जायज भए नभएको निर्क्यौल गरी प्रशोधनमा जर्ती नियन्त्रण गर्न आवश्यक छ ।

७७. **असामी –** विकास समितिको असामीको अवधि विश्लेषणअनुसार १ वर्ष पुरानो रु.२ लाख ६१ हजार (८ प्रतिशत), २ वर्ष पुरानो रु.७ लाख ४७ हजार (२३ प्रतिशत) र ३ वर्ष र सोभन्दा पुरानो आसामी रु.२२ लाख २५ हजार (६९ प्रतिशत) रहेको छ । असामी असुली प्रभावकारी हुन नसकेकोले सो रकम असुलउपर गर्नेतर्फ ठोस कारबाही हुनुपर्ने देखिन्छ ।

७८. **अन्तिम मौज्दात** – यस आर्थिक वर्षको भौतिक परीक्षणअनुसार कच्चा पदार्थतर्फ रु ८ लाख ८९ हजार र तयारी वस्तुतर्फ रु.८ लाख ८५ हजार रहेको छ । तयारी दानाको प्रति किलोग्राम मूल्य निर्धारणको आधार पेश हुन सकेन । उत्पादित तयारी सामानको छुट्टाछुट्टै अभिलेख तयार गरी प्रत्येक उत्पादित तयारी दानाको लागि उत्पादनमा प्रयोग भएको प्रत्येक कच्चा पदार्थ खपतको छुट्टाछुट्टै अभिलेख तयार गर्नुपर्ने साथै अन्य प्रत्यक्ष खर्चहरुको समेत स्रेस्ता राखी उत्पादन लागत तयार गर्नुपर्नेमा गरेको छैन ।

७९. **पेश्की** – गत वर्षदेखि बाँकी रही उठ्न नसकेका व्यक्तिगत पेश्की र संस्थागत पेश्कीसमेत रु.९४ हजार रहेकोमा यस वर्ष कर्मचारी पेश्की र संस्थागत पेश्की रु.६५ हजार थप भई रु.१ लाख ५९ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

राष्ट्रिय सहकारी विकास बोर्ड

सहकारी संस्था र संघहरुको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुसार स्थापित छ । बोर्डको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

८०. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु. ३ करोड ५२ लाख २६ हजार सञ्चित नाफा रहेकोमा यो वर्ष रु.६ लाख ६९ हजार थप भई सञ्चित नाफा रु.३ करोड ५८ लाख ९५ हजार पुगेको छ । सहकारी प्रवर्द्धन कार्यक्रमअनुसार लगानी गरी असुली नभएको पुरानो कर्जाको अपलेखन, कर्जा नोक्सानीबापत व्यवस्था र उपदान खर्चबापत व्यवस्था गरी समायोजन गर्दा खुद नाफा अंक घट्ने देखिन्छ ।

८१. **भवन भाडा –** बोर्ड र साझा भण्डारबीच २०५९।६।४ मा भोटाहिटीस्थित ४ तले व्यापारिक भवन २५ वर्षको लागि भाडामा दिने सम्झौताअनुसार सम्झौता अवधिको ५ वर्ष पश्चात सुरु सम्झौता रु.२६ लाखमा वार्षिक २.५ प्रतिशतका दरले वृद्धि गर्ने व्यवस्था रहेको छ । सो क्षेत्रको प्रचलित भाडादर अध्ययन गर्दा भवनको भाडा रु.२६ लाख र वृद्धि प्रतिशत अत्यन्त न्यून रहेको छ । भाडामा रहेको भवनको पसल तथा तलाको क्षेत्रफल (वर्गफिट) सम्बन्धमा आधिकारिक विवरण बोर्ड कार्यालयसँग रहेको छैन । बोर्डले प्रचलित कानूनका आधारमा भाडा निर्देशिकासमेत तयार गरी भाडा सम्झौता पुनरावलोकन गर्नुपर्दछ ।

८२. **कर्जा** – बोर्डले विभिन्न मितिमा सहकारी प्रवर्द्धन कार्यक्रमअनुसार रु.६ लाख ७९ हजार कर्जा लगानी गरेकोमा कर्जा लगानी मितिदेखि लेखापरीक्षण अवधिसम्म साँवा र ब्याजबापत कुनै पनि रकम असुली गरेको पाइएन । साथै त्यस्ता सहकारी संस्थाको कर्जा सुरक्षण गरेको छैन । कर्जा रु.६ लाख ७९ हजारमा ब्याज तथा हर्जाना रु.१० लाख ४१ हजार समावेश गर्दा हुने रकम रु.१७ लाख २० हजार असुली गर्नेतर्फ कानूनी प्रक्रिया अघि बढाएको छैन । असुली नभएमा कर्जा अपलेखन गर्नुपर्नेमा सोतर्फ कारबाही गरेको पनि छैन ।

८३. **कर्जा नोक्सानी व्यवस्था –** बोर्डले प्रवाह गरेको कर्जामा सुरक्षणबापत भरपर्दो व्यवस्था नगरी आयोजना मात्र सुरक्षण लिने गरेको र सम्पत्तिको धितो लिएकोमा दृष्टिबन्धक नगरी ठाडो रोक्का मात्र गर्ने गरेको पाइयो । बोर्डले सहकारी संघ संस्थालाई उपलब्ध गराएको भाखा नाघेको कर्जाको नोक्सानी व्यवस्थासमेत गरेको पाइएन । सहकारी मापदण्डअनुसार कर्जालाई भाखा ननाघेको, एक वर्षसम्म भाखा नाघेको, र एक वर्षभन्दा बढी भाखा नाघेकोमा वर्गीकरण गरी क्रमश: १, ३५, १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्दा यस वर्ष रु.२८ लाख ९२ हजार कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने भई नाफामा समेत असर पर्ने देखिएको छ ।

८४. **जग्गा –** बोर्डको नाममा ललितपुर उपमहानगरपालिकामा १५ रोपनी, पोखरा उपमहानगरपालिकामा १ रोपनी, भरतपुर नगरपालिकामा २ बिगाहा, बाँकेमा २ कठ्ठा १७ धुर र सुर्खेतमा रहेको १ कठ्ठा १७ धुर जग्गा प्रयोगविहीन अवस्थामा रहेको पाइयो ।

८५. **इन्धन खर्च –** कृषि तथा सहकारी मन्त्रालयको २०५०।४।७ को निर्णयअनुसार सहअध्यक्ष तथा सदस्य सचिवको कार्यालय प्रयोजनको लागि मासिक १२० तथा ८० लिटरको सवारी इन्धनको सीमा तोकेकोमा सहअध्यक्षले १६० देखि ३३० लिटरसम्म र सदस्य–सचिवले ९० देखि १८० लिटरसम्म मासिक लिई सीमाभन्दा बढी इन्धन सुविधा उपयोग गरेको पाइयो ।

चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध विकास समिति

८६. **वित्तीय विवरण –** समितिको नियमावली, २०५४ नियम ४ मा समितिले आम्दानी खर्चको हिसाब व्यावसायिक लेखा प्रणालीबमोजिम राख्नुपर्ने व्यवस्था गरे तापनि यो वर्षसम्म पनि वासलात तयार गरेको छैन ।

८७. **अनुदान** – यो वर्ष नेपाल सरकारले रु.२१ लाख ५३ हजार अनुदान निकासा दिएको मध्ये बाली विकास कार्यक्रमअन्तर्गत उत्पादन सामग्रीको लागि रु.१४ लाख ८७ हजार निकासा प्राप्त गरेको छ । उक्त निकासा रकमको कार्यक्रम पेश नहुनाको अतिरिक्त सम्पूर्ण रकम ज्यामी ज्यालामा मात्र खर्च गरेको पाइयो । कार्यक्रम र सोको प्रगति समेत पेश नभएबाट खर्चको उपयोगबारेमा जानकारी हुन आएन । सो रकम आय–व्यय हिसाबमा समावेश गरेको देखिएन ।

कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति

८८. **बीमा** – समितिको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५९ को नियम ६३ अनुसार चल तथा अचल सम्पत्तिको बीमा गराउनुपर्ने व्यवस्था रहेकोमा हालसम्म चल अचल सम्पत्तिको बीमा गरेको पाइएन ।

नेपाल कृषि अनुसन्धान परिषद्

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत गठन भएको यस परिषद्को यस वर्षको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्:

८९. **सञ्चालन नतिजा** – गत वर्ष रु.३ करोड ८१ लाख ४० हजार बचत भएकोमा यो वर्ष रु.५ करोड ३० लाख ७० हजार बचत रहेको छ ।

९०. **सम्पत्ति** – परिषद्को वासलातमा देखाएको स्थिर सम्पत्तितर्फ रु.६२ करोड ६० लाख ४६ हजारमा नेपाल सरकार र दातृ संस्थाबाट हस्तान्तरण भई प्राप्त सम्पत्तिको मूल्य नखुलेको कारण लागतको टोकन मूल्यमात्र समावेश गरेको छ । परिषद्को वास्तविक सम्पत्तिको मूल्याङ्कन गरी सम्पत्ति देखाउनुपर्दछ । साथै परिषद् र अन्तर्गतका निकायहरुको कार्यालय तथा अन्य भवनहरुको सम्पत्ति व्यवस्थापनसम्बन्धी निर्देशिकाबमोजिम ह्रास कट्टी गरी जगेडा कोष र ह्रास कट्टी व्यवस्थापन गरेको छैन ।

९१. **दायित्व** – वासलातको दायित्वमा देखाएको जगेडा कोष तथा व्यवस्थाका सम्बन्धमा निम्न व्यहोरा देखिएको छः

९१.१ नेपाल कृषि अनुसन्धान परिषद् (आर्थिक प्रशासन), विनियम (संशोधनसहित), २०४९ को विनियम ६०(३) अनुसार निवृत्तिभरण, उपदान, औषधि उपचार र कल्याण कोषको लागि एउटा कोष स्थापना गर्ने व्यवस्था छ । कोषको रकम वृद्धिको लागि अन्यत्र लगानी गर्न सकिने व्यवस्था छ । यो वर्षसम्म बचत रकममध्येबाट उक्त कोषमा क्रमशः रु.१ करोड ९३ लाख १२ हजार र रु.७८ लाख ६४ हजार लगानी गरेको छ । उपर्युक्त शीर्षकलाई दायित्वमा देखाए पनि नियमानुसार बेग्लै कल्याणकारी कोष खडा गर्नुपर्नेमा कर्मचारी कल्याण कोषतर्फको मात्र छुट्टै बैक खाता खोलिएको छ ।

९१.२ कर्मचारी सञ्चय कोषबापत रु.४ लाख ५८ हजार, अग्रिम पारिश्रमिक कर कट्टी रु.२ लाख ९७ हजार र ठेक्का कर, आयकर रु.३ लाख ३५ हजार सम्बन्धित निकायहरुमा दाखिला नगरी दायित्व हिसाबमा देखाएको छ ।

९२. **सहायता स्वीकृति** – नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११(३) मा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान सहायता लिंदा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ । तर परिषद्ले यस वर्ष गत विगत वर्षमा भएका सम्झौताबमोजिम विशेष कार्यक्रम सञ्चालनमा हालसम्म रु.१० करोड २० लाख ५२ हजार खर्च गरेकोमा प्रचलित कानूनबमोजिम नेपालसरकारबाट स्वीकृत लिएको छैन ।

९३. **फिडर लाइन** – परिषद्ले खुमलटारस्थित जिन बैङ्क सञ्चालनको लागि डेडिकेटेड फिडर लाइन जडान गर्न २०६८।३।२४ मा नेपाल विद्युत प्राधिकरण लगनखेललाई रु.९६ लाख भुक्तानी खर्च लेखेको छ । सो कार्यको कार्यसम्पन्न प्रतिवेदनसमेत प्राप्त भएको छैन ।

९४. **नन्–अपरेटिङ खाता –** नेपाल सरकारबाट प्राप्त अनुदानबाहेक परिषद् र अन्तर्गत कार्यालयबाट अनुसन्धान, उत्पादन तथा प्रविधि र सेवा प्रदान गरेबापत प्राप्त रकम नन्–अपरेटिङ खातामा जम्मा गर्ने गरेको र यस वर्षको अन्तसम्ममा विभिन्न बैङ्कको मुद्दती तथा बचत खातामा रु.५७ करोड ५८ लाख ४४ हजार मौज्दात बाँकी छ । परिषद्को विनियमावली, २०४९ अनुसार निवृत्तिभरण, उपदान तथा औषधि उपचार कोष खडा गरिने उल्लेख भए तापनि कोष खडा भएको छैन ।

राष्ट्रिय दुग्ध विकास बोर्ड

राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत सञ्चालन बोर्डको २०६६।६७ को लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

९५. **सञ्चालन नतिजा –** कार्य सञ्चालन कोषतर्फ वित्तीय विवरणअनुसार यो वर्षको बचत रु.८१ लाख ५८ हजार र गत वर्षसम्मको बचत न्यून रु.१ करोड ६३ लाख ३१ हजारसमेत कुल रु.८१ लाख ७३ हजार बचत न्यून देखिन्छ । दुग्ध विकास कोषको यो वर्षको बचत रु.३२ लाख ८४ हजार र वासलातको गत वर्षसम्मको बचत रु २५ लाख ८ हजारसमेत कुल रु.५७ लाख ९२ हजार रहेको छ ।

९६. **असुल हुन बाँकी –** दुग्ध विकास कोषबाट २०५६।५७ देखि २०६३।६४ सम्म विभिन्न ५२ दुग्ध उत्पादक संघ र सहकारी संस्थामा ऋण लगानी गरेकोमा ती सबैबाट सांवा रु.२ करोड २६ लाख २९ हजार र सोमा लाग्ने ब्याज, शुल्क र विलम्ब शुल्क गरी कुल रु.४ करोड ७९ लाख ३६ हजार असुल हुन बाँकी छ । यो वर्ष साँवा, ब्याज, शुल्कसहित रु.१ लाख २१ हजार असुल भएको छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

देशमा भएका चिया तथा कफी उद्योगको योजनाबद्धरुपमा विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अनुसार गठन भएको बोर्डको यस वर्षको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्:

९७. **सञ्चालन नतिजा –** आयतर्फ नेपाल सरकारको अनुदान रु.३ करोड ९४ लाख नदेखाई रु.३ करोड १८ लाख २७ हजारमात्र देखाएकोले रु.७५ लाख ७३ हजार घटी आय देखिएको छ ।

९८. **नन्–अपरेटिभ खाता –** बोर्डको विनियमावली १३(१) अनुसार प्रत्येक शाखा कार्यालयहरुले गरेको आम्दानी केन्द्रीय कार्यालयको नन्–अपरेटिभ खातामा रकम ट्रान्सफर गर्नुपर्नेमा विभिन्न ९ कार्यालयको यस वर्षसम्मको रु.१ करोड ८६ लाख ६२ हजार केन्द्रीय नन्–अपरेटिभ खातामा ट्रान्सफर गरेको छैन ।

९९. **बगान व्यवस्थापन** – इलामको जस्विरे, मंगलबारे र फिक्कलमा रहेको क्रमश: १२१, १९२ र ४० रोपनी जग्गामा चिया विस्तार योजना सञ्चालन तथा व्यवस्थापनको लागि कार्यक्रम तयार गरेको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१००. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ७२ कार्यालयबाट रु.६ लाख ६ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३३ कार्यालयबाट रु.५ लाख १५ हजार, सम्परीक्षणको क्रममा रु.३ करोड १३ लाख ५६ हजार र अन्य निकायतर्फ रु.१ करोड २१ लाख ३१ हजारसमेत रु.४ करोड ४६ लाख ८ हजार असुल भएको छ ।

१०१. **पेश्की –** मन्त्रालयअन्तर्गतका २३ सरकारी कार्यालयमा २०६८ आषाढ मसान्तमा रु.७ करोड २१ लाख ८७ हजार पेश्की बाँकी रहेकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३ कार्यालयबाट रु.४१ हजारमात्र फछ्यौंट भएले रु.७ करोड २१ लाख ३७ हजार पेश्की बाँकी छ । गत विगतको समेत कुल रु.१२ करोड ३४ लाख ४७ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

संगठित संस्थातर्फ २०६८ आषाढ मसान्तमा ६ कार्यालयको रु.१२ लाख ७२ हजार पेश्की देखिएको छ ।

१०२. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१०२.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.९३ करोड ८३ लाख ६७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६० लाख ५८ हजार फछ्यौंट गरेकोले रु.९३ करोड २३ लाख ९ हजार बाँकी रहेको छ ।

१०२.२ संगठित संस्था र समितितर्फ यो वर्ष रु.९ करोड ६७ लाख ४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन गराएपछि रु.१ करोड ८३ लाख ३२ हजार फछ्यौंट गराएकोले रु.७ करोड ८३ लाख ७२ हजार बेरुजू बाँकी रहेको छ ।

१०२.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.३८ करोड २५ लाख ५२ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१०२.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.७ करोड १३ लाख १३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

१०२.५ यो वर्ष कुल फछ्यौंट भएको रु.४५ करोड ३८ लाख ६५ हजारमध्ये रु.२७ करोड ८० लाख ८२ हजार सरकारी कार्यालयतर्फ र रु.१७ करोड ५७ लाख ८३ हजार अन्यतर्फ रहेको छ ।

गृह मन्त्रालय

मन्त्रालय र मातहतसमेत ८१४ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२३ अर्ब २३ करोड ९६ लाख ७ हजार, राजस्वतर्फ रु.१ अर्ब ३६ करोड ३३ लाख १२ हजार, धरौटीतर्फ रु.१ अर्ब ३४ करोड ९२ लाख ४९ हजार र अन्य कारोवारतर्फ रु.१ अर्ब ४२ करोड ९६ लाख ७३ हजारसमेत रु.२७ अर्ब ३८ करोड १८ लाख ४१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा शान्ति मन्त्रालयको रु.१ अर्ब ४ करोड ३५ लाख ३९ हजार र वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु.८ लाख ७० हजारसमेत समावेश छ ।

मन्त्रालय मातहतका अन्य संस्था, समिति ८३ को रु ५ अर्ब ४७ करोड ३६ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ मन्त्रालय र अन्तर्गत निकायबाट पूँजीगत खर्च शीर्षकबाट भएको खर्चको आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २१(१) को अनुसूची १ को ढाँचामा स्वीकृत वार्षिक कार्यक्रम र नियम २५ बमोजिम कार्यालयले सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाउनुपर्ने प्रगति विवरण तयार गरेको देखिएन ।

१.२ निजामती सेवा ऐन, २०४९ दफा ७(ख)(२) को व्यवस्थाअनुसार सम्पूर्ण कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नहुने उल्लेख छ । यो वर्ष जिल्ला प्रशासन, कारागार लगायतका १६ कार्यालयले तलबी प्रतिवेदन पास नगराई रु.४ करोड २७ लाख ७० हजार तलब खर्च लेखेका छन् ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **प्राविधिक सहायता –** अर्थमन्त्रीले व्यवस्थापिका संसदमा २०६७।६८ को आय व्ययको जानकारी वक्तव्यसाथ पेश गरेको प्राविधिक सहायतासम्बन्धी विबरणअनुसार भुटानी शरणार्थीका लागि खाद्य सहयोग कार्यक्रममा सेप्टेम्बर २००७ देखि डिसेम्बर २०१० सम्मका लागि रु.२ करोड ३५ लाख ९८ हजार ३२१ अमेरिकी डलर र शरणार्थीका लागि सहयोग कार्यक्रम (२०१०) अन्तर्गत रु.५० लाख ३१ हजार प्राप्त हुने उल्लेख छ ।

नेपाल प्रहरी सञ्जाल आयोजना (२००९–२०१२) का लागि रु.१ लाख ५० हजार एवं पूर्वाञ्चल क्षेत्रमा पूर्वाधार निर्माण (२००९) अन्तर्गत १७ लाख ३८ हजार ७३ अमेरिकी डलर र सन् २०१० देखि २०१४ सम्ममा महिला तथा बालबालिका सेवा केन्द्र स्थापनाकालागि एसियाली विकास वैंक मार्फत गरिबी निवारणका लागि जापानी कोषबाट अमेरिकी डलर ७ लाख ५० हजार प्राप्त हुने उल्लेख छ । प्राविधिक सहायता सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२.१ भुटानी शरणार्थीका लागि खाद्य सहयोग, नेपाल प्रहरी सञ्जाल आयोजना र शरणार्थीका लागि सहयोग कार्यक्रमको सम्झौता, खर्च तथा उपलब्धिको विवरण मन्त्रालयसंग २०६८।९।१९मा माग गरेकोमा जानकारी प्राप्त भएन ।

२.२ केन्द्र र ५ जिल्लामा सन् २०१० देखि २०१४ सम्ममा महिला सेवा केन्द्र स्थापनाका लागि गरिबी निवारणका लागि जापानी कोषले उपलब्ध गराउने सहयोगसम्बन्धी सम्झौता २०६८।११।९ मा प्राप्त भएको छ । सम्झौताअनुसार निर्माणमा २ लाख ४० हजार ५००, इक्विपमेण्टमा ५४ हजार, तालिम, वर्कसप एवं

सेमिनारमा २ लाख ३० हजार ६००, परामर्श सेवामा १ लाख २९ हजार ५००, व्यवस्थापनमा ४१ हजार, अन्यमा १३ हजार ५०० कन्टिन्जेन्सीमा ४१ हजार अमेरिकी डलर सहायता उपलब्ध हुने उल्लेख छ । सम्झौता अनुसार नेपाल सरकारले ५८ हजार ५०० र स्थानीय सहभागिताबाट १२ हजार अमेरिकी डलर बराबर व्यहोर्ने उल्लेख छ ।

२.३ यो वर्ष नेपाल सरकारको स्रोतबाट फर्निचर, मेसिनरी औजार आदिमा खर्च लेखेको रु.२० लाख ५५ हजारमध्ये रु.५ लाख ७३ हजार पेश्की खर्च लेखेको छ । खर्च मध्ये रु.९ लाख ६० हजार छुट्टै खाता खोली चल्ती हिसावमा राखेको छ । खर्च रकम आर्थिक विवरणमा समावेश गरे तापनि लेखापरीक्षण गराएको छैन । सहयोगअन्तर्गत प्राप्त रकम, खर्च र उपलब्धिको विवरण एवं स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

३. **शान्ति सुरक्षा खर्च** – शान्ति सुरक्षा कायम राख्ने प्रयोजनको निमित्त एक पटकमा प्रमुख जिल्ला अधिकारीले रु. २ हजार, क्षेत्रीय प्रशासकले रु.१० हजार, गृह सचिवले रु.२० हजार, गृह मन्त्रीले रु.५० हजारसम्म र सोभन्दा बढी खर्च गर्नु परेमा प्रधानमन्त्रीको स्वीकृतिमा गर्न सक्ने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०५८।३।५ मा निर्णय भएको छ । प्रहरीतर्फ विभिन्न तहका कार्यालय प्रमुखले तहअनुसार एक पटकमा रु.५०० देखि अधिकतम रु.१५ हजारसम्म खर्च गर्न सक्ने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०५३।१०।३ मा निर्णय भएको छ ।

मन्त्रालय र मातहत कार्यालयबाट यो वर्ष शान्ति सुरक्षा सम्बन्धी कार्य सञ्चालन गर्न देहायअनुसार रु.१ करोड ९८ लाख ७० हजार खर्च भएको देखिन्छ । लेखापरीक्षणमा प्राप्त विवरणअनुसार विगत ३ वर्षको शान्ति सुरक्षा (गोप्य काममा भएको समेत) खर्चको स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

खर्चको आदेश दिने अधिकारी	२०६७/६८	२०६६/६७	२०६५/६६
प्रधानमन्त्री	३,००	१०,००	१०,००
गृह मन्त्री	१४,३०	२४,४१	२८,३६
गृह सचिव	१९,३३	२२,२४	२३,९७
प्रहरी महानिरीक्षक	४५,५५	४८,६०	३९,९५
सशस्त्र प्रहरी महानिरीक्षक	३६,६३	३२,०१	२४,१३
राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक	६७,९२	७९,३८	६१,०५
राष्ट्रिय अनुसन्धान क्षेत्रीय र जिल्ला कार्यालय प्रमुखहरु	११,९७	४०,३७	१५,००
जम्मा	**१,९८,७०**	**२,५७,०१**	**२,०२,४६**

शान्ति सुरक्षा (गोप्य खर्च)मा गरेको खर्चको लेखापरीक्षण अभिलेख तथा भरपाईको आधारमा सम्पन्न गरिएको छ । राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका निकायहरुले विशेष सेवा नियमावली, २०४४ अनुसार खर्च गरेको उल्लेख गरे तापनि नियमावलीले खर्च गर्ने सीमा निर्धारण गरेको देखिदैन । यस अतिरिक्त प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान महाशाखाले रु.२ लाख ४८ हजार खर्च लेखेको छ ।

४. **विशिष्ट व्यक्तिहरुको सुरक्षा –** नेपाल सरकार (मन्त्रिपरिषद्) को २०५९।१।६ को निर्णय अनुसार तत्कालीन परिस्थितिमा केन्द्रीय सुरक्षा समितिबाट खतराको मूल्याङ्कन गरी दिएका सुविधा तथा सुरक्षा व्यवस्थालाई मन्त्रीस्तरीय २०६३।५।२८ को निर्णयले निरन्तरता दिएको छ । तत्काल २०५९।१।६ मा निर्णय हुँदाका बखतको सुरक्षा स्थिति हालसम्म कायम रहे नरहेको मूल्याङ्कन नगरी सोही स्थिति रहेको मान्यतामा यो वर्ष पनि पूर्व प्रधानमन्त्रीहरु, पूर्वउपप्रधानमन्त्रीहरु, पूर्वगृहमन्त्रीहरुलाई सवारी इन्धन तथा सवारी मर्मतमा समेत यो वर्ष रु.२९ लाख ५ हजार खर्च लेखेको देखियो । उक्त निर्णयअनुसार सुरक्षाकर्मी र तिनीहरुको लागि सवारीसाधन एवं इन्धन खर्चसमेत उपलब्ध गराउदै आएको पाइयो ।

५. **सुविधा –** मन्त्रालयले पूर्वप्रधानमन्त्री, पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्रीलगायतका विशिष्ट व्यक्तिहरुलाई नेपाल सरकार मन्त्रिपरिषद्को २०६१।८।१०, २०६१।८।२१ एवं २०६७।१२।९ लगायत विभिन्न मितिमा पटकपटक निर्णय भएअनुसार सवारीसाधन, आवास, सुरक्षाजस्ता सुविधा उपलब्ध गराउँदै आएको छ । उक्त निर्णयअनुसार उपलब्ध गराइएका सुविधाअन्तर्गतका सवारीसाधन १५ मध्ये १४ फिर्ता भएको र सोको लागि इन्धन तथा सोसम्बन्धी खर्च प्रदान नगरिएको जानकारी प्राप्त भएको छ । यस अतिरिक्त अगुवा पछुवा सुरक्षाकर्मी र सोका लागि सवारी एवं इन्धन प्रदान गरेको स्थिति देखिएको छ ।

६. **वार्षिक कार्यसम्पादन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१(१) मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहायका विषयहरु राखी वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्ने र सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ मा प्रत्येक वर्ष केन्द्रीय निकायहरुले आफ्नो कामको प्रमुख गतिविधि समेटी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय, केन्द्रीयस्तरका विभाग र अन्तर्गतका कार्यालयले समेत तदअनुसारको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।

७. **आर्थिक सहायता –** मन्त्रिपरिषद्, गृहमन्त्री र सचिवस्तरको निर्णयबाट पूर्वप्रधानमन्त्री, पूर्वराज्यमन्त्री, सभासद र सर्वसाधारण समेतलाई यो वर्ष रु.१ करोड ५५ लाख ६ हजार आर्थिक सहायता वितरण गरेको छ । सचिवस्तरीय निर्णयको आधारमा वितरित आर्थिक सहायता (औषधि उपचार) मा आर्थिक सहायता प्राप्त गर्नेको बिल भरपाई संलग्न गरेको भए तापनि मन्त्रिपरिषद्को निर्णयबमोजिम दिएको आर्थिक सहायता, औषधि उपचार आदिको बिल भरपाई संलग्न गरेको छैन । यस अतिरिक्त विभिन्न संघ संस्थाका प्रतिनिधि राजनीतिक पार्टीका व्यक्तिहरुलाई उपलब्ध गराएको रु.४० लाख आर्थिक सहायताको बिल भरपाई पेश गरेको छैन । औषधि उपचारबापत आर्थिक सहायता दिन मन्त्रिपरिषद्बाट निर्णय हुँदा सम्बन्धित व्यक्तिको निवेदनलाई दृष्टिगत गरी भनी निवेदनकै आधारमा उपलब्ध गराउने गरेको देखिएकोले औषधि उपचार बापत दिएको आर्थिक सहायता उपयोगको स्थिति यकिन गर्ने आधार भएन ।

८. **बजेट खर्च –** मन्त्रालयलाई २०६७।६८ मा रु.१४ करोड ३९ लाख ७० हजार बजेटको अख्तियारी प्राप्त भएकोमा रु.६ करोड ६० लाख ५७ हजार निकासा (स्वीकृत बजेटको ४५.८८ प्रतिशत) भएको मध्ये रु.५ करोड १० लाख ५७ हजार २०६८।३।२० मा निकासा भएको छ । निकासामध्ये रु.४ करोड ३७ लाख ३५ हजार खर्च भई बाँकी रु.२ करोड २३ लाख २२ हजार (निकासाको ३३.७९ प्रतिशत) कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गरेको छ । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न निकासा भएको रकम खर्च गर्न नसक्नाको कारण उल्लेख भएको छैन । स्वीकृत बजेट खर्च नगरी निष्क्रिय राख्ने र आर्थिक वर्षको अन्तमा निकासा दिने परिपाटी नियन्त्रण हुन जरुरी देखिन्छ ।

राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र

९. **ऐन नियम तर्जुमा –** संविधानसभा व्यवस्थापिका–संसदको बैठकमा माननीय अर्थमन्त्रीले पेश गरेको २०६६।६७ को बजेट वक्तव्यको बुँदा नं ५० मा सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटोसहितको बायोमेट्रिक स्मार्ट कार्ड वितरण गरिने उल्लेख भएको थियो । बृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ता वितरण एवं व्यक्तिगत घटना, दर्ता, केन्द्रीय अभिलेख र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि उक्त कार्ड उपयोग गर्ने उल्लेख भएको देखिन्छ । यस कार्यक्रममा यो वर्ष रु.१ करोड ४९ लाख ८७ हजार खर्च गरेको छ । घोषित नीति कार्यान्वयन गर्न आवश्यक ऐन, नियम तथा कार्यविधि बनाई लागू गरेको देखिएन ।

१०. **सुरक्षा चिन्ह (होलोग्राम) छपाई –** नेपाली नागरीकता प्रमाणपत्रमा प्रयोग हुने सुरक्षा चिन्ह (होलोग्राम) स्टीकर ३६ देखि ४० माइक्रोनको मोटाइ भएको डबल भ्यू १०×१० एम्.एम्.को साइजमा छपाई गर्न एक अफसेट प्रेशको दरभाउपत्र २०६७।९।२० मा स्वीकृत गरी २०६७।९।२२ मा सम्झौता गरेको छ । उक्त सुरक्षा चिन्ह (होलोग्राम) २० लाख प्रति छपाईबापत रु.१ लाख ५८ हजार भुक्तानी गरेको छ ।

मन्त्रालयले नेपाल गुणस्तर नाप तौल विभागलाई सुरक्षा चिन्ह तोकिएको स्पेसिफिकेशनबमोजिम भए नभएको परीक्षण गर्न पठाएकोमा परीक्षण नतिजाअनुसार एभरेज थिकनेश, ग्लु कम्तीमा ५२.०७ र बढीमा ५७ रहेको उल्लेख भएको देखियो । पुन: मन्त्रालयले २०६७।११।२५ मा स्टीकरको मोटाई बढी देखिएको र डबल भ्यूको सम्बन्धमा कुनै कुरा उल्लेख नभएको र यसले सुरक्षा चिन्हको परफरमेन्समा पार्ने असर स्पष्ट नभएको हुँदा पछिसम्म फरक नपर्ने गरी खुलाई पठाई दिन गुणस्तर विभागलाई अनुरोध गरेकोमा २०६७।१२।२७ को पत्रबाट प्राप्त स्टीकर ग्लु हटाई परीक्षण गर्न नसकिने भएकोले ग्लुसहितको नतिजा पठाइएको साथै डबल भ्यूको परीक्षण सम्बन्धमा यस विभागमा उपकरण नभएकोले परीक्षण गर्न नसकिने व्यहोरा जानकारी गराएको देखियो । उक्त होलोग्राम प्रयोगमा ल्याउन २०६८।२।५ मा निर्णय भएको देखियो । तोकिएको स्पेसिफिकेशनअनुसार नभएको उक्त होलो ग्राम उद्देश्यअनुसार सुरक्षित भए नभएको यकिन गर्ने आधार भएन ।

११. **दाखिला** – यो वर्ष ७५ जिल्ला प्रशासन कार्यालयका लागि आवश्यक पर्ने नागरिकता प्रमाणपत्र कार्ड ८ लाख २४ हजार, लेटर हेड ८३ हजार प्रति र अङ्गीकृत नागरिकता १७ हजार थान छपाई गरी रु.१४ लाख ५९ हजार खर्च लेखेको छ । उक्त सामान मन्त्रालयले जिन्सी दाखिला गरी आम्दानी, खर्च जनाउने गरेको देखिएन ।

अध्यागमन विभाग

१२. **जग्गा स्वामित्व–** अध्यागमन विभागले कालिका स्थानमा रु. ७ करोड २१ लाख ७९ हजारको लागतमा भवन निर्माण गरी उपयोग गर्दै आएको छ । उक्त भवन निर्माण भएको जग्गा विभागको नाममा नरहेको व्यहोरा विभागले २०६८।५।२८ मा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंलाई लेखेको पत्रमा उल्लेख गरेको पाईयो । उक्त जग्गाको स्वामित्व विभागको नाममा कायम गर्नु पर्दछ ।

कारागार व्यवस्थापन विभाग

१३. **बन्दीगृहको क्षमता** – कारागार व्यवस्थापन विभागले उपलब्ध गराएको विवरणअनुसार विद्यमान ७४ कारागारको कुल बन्दी क्षमता ६ हजार ४१६ रहेकोमा २०६८ असार मसान्तमा १३ हजार २७३ बन्दी रहेको पाइयो । क्षमताभन्दा बढी बन्दीहरु रहेका केही कारागारहरुको विवरण देहायअनुसार छ:

क्र.सं.	कारागारको नाम	बन्दी राख्न सकिने क्षमता	रहेका बन्दी संख्या	बढी प्रतिशत
१	झापा	२००	५६२	१८१.००
२	मोरङ्ग	२५०	६०७	२४२.८०
३	महोत्तरी	१३५	३७४	२७७.००
४	सुर्खेत	२५	११८	४७२.००
५	धादिङ्ग	२५	११४	४५६.००
६	काठमाडौं र जगन्नाथ देवल	१२००	२०००	१६६.६६
७	मकवानपुर	३५	३९१	१११७.००
८	तनहुं	२५	१२९	५१६.००
९	कैलाली	७०	२४६	३५१.४१

कारागार ऐन, २०१९ को दफा ६ मा रोगी, देवानी र फौजदारी मुद्दा लागेका, पागल, अर्धपागल एवं महिला र अन्य बन्दीहरुलाई सम्भव भएसम्म छुट्टाछुट्टै कोठामा राख्नुपर्ने यसप्रकार क्षमताभन्दा बढी बन्दीहरु राख्दा मानवोचित सुविधाबाट बन्दीहरु वञ्चित रहेको स्थिति देखिन्छ । कारागारको क्षमता वृद्धि गरी सुधार गर्नुपर्ने देखिन्छ ।

१४. **औषधि खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १० लाखभन्दा बढीको मालसामान खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । कारागार अस्पताल जगन्नाथ देवल, काठमाडौंले यो वर्ष खरिद योजनाबेगर रु.२ करोड ५० हजारको औषधि खरिद गरेको छ ।

साथै उपत्यकास्थित पाँच कारागारलाई आवश्यक पर्ने औषधितर्फ ४१७ आइटम, ल्यावतर्फ ४४ आइटम, एक्स–रेतर्फ २२ आइटम, सर्जिकलतर्फ १३० आइटमसमेत ६९३ आइटम बोलपत्रद्वारा खरिद गरेको छ । सोबाहेक बोलपत्रमा नपरेका १ हजार ३०७ आइटम सीधै खरिद गरेको पाइयो । बोलपत्रबाट खरिद गरिएभन्दा बढी आइटम औषधि सीधै खरिद गरेको देखियो । आवश्यक पर्ने औषधिको माग पहिचान गरी बोलपत्रद्वारा खरिद गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

१५. **जग्गा अतिक्रमण** – कारागार कार्यालय सप्तरीको नाममा रहेको राजविराज नगरपालिका वडा नं ७ को कित्ता नम्बर ४१५ को २ बिगाहा १३ कठ्ठा १९ धुर जग्गामध्ये १ बिगाहा ६ कठ्ठा १२ धुर जग्गा अनधिकृत व्यक्तिहरुले अतिक्रमण गरी उपयोग गरेका छन् । पुनरावेदन अदालत राजविराजबाट उक्त अतिक्रमित जग्गामा बनेका घर टहरा खाली गर्ने आदेश भएको र कारागार व्यवस्थापन विभागले २०६६।१२।१२ मा जिल्ला प्रशासन कार्यालय सप्तरीलाई अतिक्रमण गरेको जग्गामा बनेका घर टहरा हटाई खाली गराई दिन अनुरोध गरेको देखियो । लेखापरीक्षण अवधि २०६८ माघसम्म अतिक्रमित जग्गामा बनेका घर टहराहरु हटाई जग्गा खाली गराएको छैन ।

सशस्त्र प्रहरीबल प्रधान कार्यालय

१६. **बजेट तर्जुमा र कार्यान्वयन –** प्रधान कार्यालयको स्वीकृत वार्षिक बजेट चालू खर्चतर्फ रु.१३ करोड ५ लाख ५८ हजारमा पटकपटक रु.४० करोड १० लाख ८१ हजार (सुरु अख्तियारीको ३०७.२० प्रतिशत) थप गरी रु.५३ करोड १६ लाख ३९ हजार बजेट कायम भएको देखियो । पूँजीगत खर्चतर्फ रु.४ करोड ९१ लाख ४ हजार खर्च गर्ने सुरु अख्तियारी दिएकोमा पटकपटक रु.१३ करोड ६४ लाख ८० हजार (सुरु अख्तियारीको २७७.९३ प्रतिशत) थप गरी अन्तिम बजेट रु.१८ करोड ५५ लाख ८४ हजार कायम गरेको देखियो । बजेट थप गर्दा कार्यक्रम संशोधन गरेको पाइएन । कार्यक्रम स्वीकृत हुँदाकै अवस्थामा आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेमा कार्यक्रमबेगर पटकपटक बजेट थप गर्ने एवं बजेट संशोधन गर्ने परिपाटीमा नियन्त्रण हुन जरुरी देखिन्छ ।

१७. **प्रगति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम सञ्चालन गर्ने प्रत्येक कार्यालयले अनुसूची–२ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस कार्यालयले यो वर्ष पूँजीगत शीर्षकमा रु.१८ करोड ५५ लाख ८४ हजार खर्च गरेकोछ । सो खर्चको वार्षिक कार्यक्रम तथा प्रगति विवरण तयार गरेको छैन ।

१८. **खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले दशलाख रुपैयाँभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माणसम्बन्धी कार्य खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले रु.४ करोड ५५ लाख ५६ हजारका औषधि, मसलन्दलगायतका सामानहरु पटकपटक विभिन्न फर्मसंग सोझै खरिद गरेको छ । बजेट ढिला स्वीकृत भएको, आर्थिक वर्षको अन्तमा बजेट निकासा हुने, बोलपत्रको माध्यमबाट खरिद गर्दा समय लाग्ने र बजेट फ्रिज हुने कारणले सोझै खरिद गरेको कार्यालयले जानकारी गराएको छ ।

सार्वजनिक खरीद ऐन तथा नियमावलीको व्यवस्था परिपालना नगरी खरिद कार्य गर्नु नियमसम्मत देखिएन ।

१९. **ढुवानी** – जिल्लामा रहेका बाहिनी, गण, गुल्म र तालिम महाविद्यालयमा सशस्त्र प्रहरी कर्मचारीका लागि आवश्यक लत्ता कपडा, बन्दोबस्तीका सामान, सुरक्षा एवं भिड नियन्त्रणका सामानहरु पटकपटक सोझै ढुवानी गराई सशस्त्र प्रहरी प्रधान कार्यालयले रु.४ करोड १९ लाख ३८ हजार र मुद्दती तथा सेवा निर्देशनालयले रु.१ करोड १४ लाख ६७ हजार गरी रुं ५ करोड ३४ लाख ५ हजार भाडा खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१९.१ मालसामान ढुवानी गराउँदा परिमाण र सामानको विवरण खुलाउने गरेको देखिएन । सो सामान ढुवानीमा फुलट्रिप उल्लेख गरे तापनि परिमाण तथा साइज उल्लेख नगर्नाले भाडा यकिन गर्ने आधार देखिएन । यस अतिरिक्त ढुवानीकर्ताले सम्बन्धित ठाउँमा सामान बुझाएको भरपाईसमेत सेस्तासाथ राख्ने गरेको छैन ।

१९.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढीको खरिदमा बोलपत्र प्रक्रियाबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ठाउँमा बोलपत्रबेगर ११ ढुवानी सेवाबाट सोझै सामान ढुवानी गर्ने कार्य गराई यो वर्ष रु.३ करोड ५३ लाख ६८ हजार खर्च लेखेको छ ।

२०. **आर्थिक सहायता** – यो वर्ष अनुदान शीर्षकबाट विभिन्न व्यक्तिहरुलाई स्वास्थ्य उपचारबापत रु.३१ लाख ५ हजार र मुद्दती तथा सेवा निर्देशनालयबाट रु.३ लाखसमेत जम्मा रु.३४ लाख ५ हजार आर्थिक सहायता वितरण गरेको देखियो । आर्थिक सहायता उपलब्ध गराउँदा निवेदन साथ सम्बन्धित व्यक्तिको परिचय खुल्ने प्रमाण राख्ने गरेको छैन । यसप्रकारको आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था ऐन नियममा नभएकोले आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा कानूनी तथा नितीगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२१. **विशेष परिस्थितिमा निर्माण कार्य** – सशस्त्र प्रहरीबल प्रधान कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली, २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिको कारण जनाई ४ व्यवसायीबाट भवनमा आन्तरिक सजावट, एम.टी.ब्लक तथा अन्य सिभिल निर्माण कार्य हाइप्वाइन्ट डिउटी पोष्ट, कन्सरटिना वायर खरिद कार्य गराई रु.३ करोड ३५ लाख ३४ हजार खर्च लेखेको छ । सम्बन्धित व्यवसायीबाट दर माग गरी सोझै कार्य गराएकोमा विशेष परिस्थितिको पुष्टयाईसहित एक तह माथिको स्वीकृत लिएको छैन । उक्त कार्यमा भएको खर्च सार्वजनिक गरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिएको पनि छैन ।

२२. **वुट आपूर्ति** – कार्यालयमा कार्यरत सशस्त्र प्रहरी अधिकृत तथा जवानहरुलाई वितरण गर्न ३० हजार जोर डी.एम.एस.बुट खरिद गर्न स्थानीय एक आपूर्तकंसँग २०६७।१२।२८ मा रु.३ करोड १२ लाखको सम्झौता भएको छ । आपूर्तिकर्ताले कार्यालयमा दाखिला गर्न ल्याएको ३० हजार जोर वुटमध्ये २ हजार ५३८ जोर बुट सम्झौतामा तोकिएको स्पेसिफिकेशनबमोजिम नभएकोले पुनः आपूर्ति गर्न कार्यालयले २०६८।६।२ मा जानकारी दिएकोमा लेखापरीक्षण अवधि २०६८ माघसम्म आपूर्ति भएको छैन ।

प्रहरी प्रधान कार्यालय

२३. **लत्ता कपडा खरिद –** नेपाल प्रहरीलाई (२०६७।६८ मा) आवश्यक पर्ने लत्ता कपडा तथा क्लोदिङतर्फका सामान ५ आपूर्तकबाट खरिद गर्न रु.१३ करोड ७३ लाख २८ हजारको सम्झौता गरेकोमा रु.१७ करोड २८ लाख ८१ हजार खर्च लेखेको छ । यसप्रकार खरिद गर्दा सुरु सम्झौताभन्दा १० प्रतिशतदेखि १५ प्रतिशतसम्म परिमाण थप गरी खरिद गरेको पाइयो । परिमाण थप गरी खरिद गर्दा थप गर्नु पर्नाको पुष्ट्याई गरी भेरियसन जारी गरेको छैन । सम्झौताबमोजिम गुणस्तर समितिबाट गुणस्तर परीक्षण गराएको छैन ।

२४. **ज्याकेट खरिद**– यो वर्ष ४२ हजार थान ज्याकेट खरिद गर्न नेपालस्थित एजेन्टले पेश गरेको प्रतिथान अमेरिकी डलर १६ ले ४२ हजार थानको अमेरिकी डलर ६ लाख ७२ हजारको २०६८ आषाढ मसान्तको सटही दर ७२।२० ले हुने रु.४ करोड ८५ लाख १८ हजारको बोलपत्र स्वीकृत गरी २०६८।३।१० मा सम्झौता गरेको छ । सम्झौतामा नेपाल राष्ट्र बैङ्कमा प्रतितपत्र खोलेको मितिले १२० दिनभित्र सामान दाखिला गर्नुपर्ने उल्लेख छ । उक्त सामान भिकाउन १२ जुलाई, २०११ मा प्रतितपत्र खोलेको छ ।

प्रिन्सिपल कम्पनीबाट ३/३ प्रोडक्सन स्याम्पल २ पटक पठाएको मा नमूना स्वीकृतिमा ढिलाई गरेकोले ६ महिना म्याद थप गर्न ३० अक्टोबर २०११ मा आपूर्तकले म्याद थप माग गरेको छ । कार्यालयले १० जनवरी २०१२ मा उत्पादन नमूना स्वीकृत गरेको पत्र प्रिन्सिपल कम्पनीलाई दिएको देखिन्छ । सामान प्राप्त गरी प्रतितपत्र पेश्की फछ्यौंट गरेको छैन ।

२५. **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) बमोजिम सार्वजनिक निकायले दश लाख रुपैयाँभन्दा बढीको मालसामान, सेवा वा निर्माण कार्य बोलपत्रको माध्यमद्वारा गराउनुपर्ने उल्लेख छ । कार्यालयले बुट, ट्युनिक सफारी, सुट, कपडा, रेनसुट लगायतका सामान विभिन्न आपूर्तकबाट सोझै खरिद गरी यो वर्ष रु.१ करोड ३३ लाख ६३ हजार खर्च लेखेको छ ।

२६. **पोशाक खरिद** – नेपाल प्रहरीको लागि ५० हजार थान अण्डर ट्राउजर भेष्ट खरिद गर्न प्रति थान रु.८७३।– को लागत अनुमान २०६७।१०।१२ मा स्वीकृत भएको छ । उक्त खरिदको लागि दोस्रो घटीवाला एक इन्टरप्राइजेजको रु.४ करोड ४२ लाख ५५ हजारको बोलपत्र स्वीकृत गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२६.१ प्रथम घटीवाला एक स्थानीय एजेन्टको बोल अङ्क रु.३ करोड ८२ लाख ८० हजार भएकोमा निजलाई २०६८।३।४ मा सम्झौता गर्न पत्राचार गर्दा बोलपत्र दाखिला गरेको समयमा भन्दा हाल सामानको मूल्य वृद्धि भएकोले सम्झौता नगरेपछि निजको जमानत रु.९ लाख ५२ हजार जफत गरेको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम खरिद संम्झौता गर्न नआएमा आपूर्तिकर्ताको विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजातसहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्ने र उपनियम (३) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्झौता गर्न नआएका प्रथम घटीवालालाई कालो सूचीमा राख्न कारबाही गरेको देखिएन ।

२६.२ प्रतितपत्रद्वारा सामान आपूर्ति गर्न २०६८।३।२१ मा नेपाल राष्ट्र बैङ्कमा प्रतितपत्र खोलेको छ । कारखानामा कामदारको बन्दको कारणले प्रिन्सिपल कम्पनीले ३ महिना म्याद थप माग गरेकोमा १५ फेब्रुअरी २०१२ सम्म प्रतितपत्र को म्याद थप गरेको छ ।

२६.३ सम्झौताको दफा ११.१ (एफ)मा नेपाल प्रहरीले सिपमेण्ट निरीक्षण टिम पठाउनुपर्ने र सो टिमले निरीक्षण प्रतिवेदन दिनुपर्ने एवं आपूर्तकले कारखाना निरीक्षण प्रतिवेदन दिनुपर्ने उल्लेख छ । सम्झौताअनुसार प्रि–सिपमेण्ट निरीक्षण प्रतिवेदन र कारखाना निरीक्षण प्रतिवेदन दिएको देखिदैन । भण्डार शाखाले २०६८।९।२४ मा १५ हजार ५४० जोर सामान आम्दानी गरेको छ । बाँकी सामान प्राप्त गरी प्रतितपत्र यथासमयमै बन्द गरिनुपर्दछ ।

२७. **लागत अनुमान –** कार्यालयले विभिन्न पार्टीबाट मालसामानहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गरी भुक्तानी गरेको देखिन्छ । यो वर्ष सिलबन्दी दरभाउपत्रबाट रु.१ करोड १२ लाख ११ हजारको फर्निचर, इक्विपमेण्ट, साउण्ड सिष्टमलगायतका सामान खरिद गरेको देखियो । सामान खरिद गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) र (२) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेशनलगायतका अन्य विवरणहरु खुलाई र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(१) (२) बमोजिम लागत अनुमानसमेत तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आपूर्तकहरुबाट पेश गरेको स्पेसिफिकेशनलाई नै आधार लिने गरेको र नियमावलीमा तोकिएको प्रक्रियाबमोजिम लागत अनुमान तयार गरेको देखिएन । स्पेसिफिकेशन र लागत अनुमानको अभावमा प्राप्त मालसामानको गुणस्तर एवं मूल्य सम्बन्धमा यकिन गर्ने आधार भएन ।

२८. **भवन निर्माण –** महानगरीय दंगा नियन्त्रण प्रहरी गण, कपन, काठमाडौं भवन निर्माणका लागि रु.२ करोड १० लाख ४१ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.२ करोड ३७ लाख ४ हजारको सम्झौता गरेको छ । उक्त कार्य सम्पन्न गरी यो वर्षसम्म रु.२ करोड ३७ लाख ४ हजार खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२८.१ कार्यालयले ठेक्का बिल भुक्तानी गर्दा तेस्रो चालू बिलसम्ममा भएको कार्य परिमाणभन्दा चौथो चालू बिलमा कम परिमाण देखाई खर्च लेखेको पाइयो । उदाहरणको लागि तेस्रो बिलसम्म माटोको काम ६१४.८५ घनमिटर, स्टील रेनफोर्समेन्टको काम ४७ हजार ८३० के.जि. र फर्माको काम (बिमतर्फ) ९५९ वर्गमिटर भएकोमा चौथो बिलमा क्रमश: ५८६.९० घनमिटर, ४७ हजार ५४८ के.जी. र ९३८ वर्गमिटर कार्य

भएको दर्शाई नापी किताबमा प्रविष्ट गरेको देखिन्छ । ती कार्यबापत तेस्रो बिलसम्म रु.४६ लाख ७३ हजार खर्च लेखेकोमा चौथो बिलबाट रु.४६ लाख २९ हजार खर्च लेखेको पाइयो । यसप्रकार पहिले कार्य भएकोमा नाप जाँच गरी भुक्तानी भएपश्चात परिमाण घटाएकोमा कारण स्पष्ट गरेको पाइएन ।

कार्यालयले स्वीकृत ढाँचामा कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब तयार गरेको पाइएन । स्वीकृत ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब राख्ने र सम्पन्न कार्यको वास्तविक परिमाण यकिन गरी खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

२८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (१) मा खरिद सम्झौताबमोजिम कार्य सुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थपघट गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । सोही नियमावलीको नियम र ११८(५) मा भेरिएसन आदेश जारी गर्दा भेरिएसनको प्रकृति ठूला आइटम, साना आइटम, म्याद थप एवं सुरु सम्झौता मूल्य एवं थप हुने मूल्यलगायतका व्यहोरा खुलाउनुपर्ने व्यवस्था छ । कार्यालयको भवन निर्माण कार्यको अन्तिम बिल अनुसार रु.२ करोड ५३ लाख ५८ हजार खर्च लेखी सम्झौता अङ्क रु.२ करोड ३७ लाख ४ हजारभन्दा रु.१६ लाख ५३ हजार बढीको कार्य गराई भुक्तानी गरेको देखियो । स्वीकृत परिमाणभन्दा थपघट गरी बढी परिमाण कार्य गराउंदा भेरिएसन जारी गरेको पाइएन ।

२९. **शान्ति कोष प्रथम चरण –** द्वन्दकालमा आंशिक र पूर्णरुपमा ध्वस्त भएको नेपाल प्रहरीअन्तर्गतका विभिन्न तहका कार्यालय एवं ब्यारेक गरी ७६८ संरचना पुन: निर्माण गर्न शान्ति कोष सचिवालयसंग प्रथम चरणको लागि २०६६।८।१० मा र दोस्रो चरणको २०६८।३।२३ मा सम्झौता भएको छ ।

प्रथम चरणमा १०० संरचनाको पुन: निर्माण गरिने र सोको कुल लागत रु.१ अर्ब २ करोड ६५ लाख ९८ हजार लाग्ने उल्लेख छ । कुल लागतमध्ये शान्ति कोष सचिवालयले रु.८० करोड १३ लाख ७८ हजार, प्रहरी कार्यालयले रु.११ करोड ५२ लाख २० हजार रकम व्यहोर्ने र रु.११ करोड जनसहभागिता जुटाई कार्य गर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२९.१ प्रथम चरणमा ७० जिल्लास्थित १०० आयोजनाको लागि २०६६।६७ मा चालूतर्फ रु.१ करोड ५५ लाख र पूंजीगततर्फ रु.७८ करोड ५८ लाख ७८ हजार निकासा भएकोमा क्रमश: रु १ करोड ३० लाख ९४ हजार र रु.५५ करोड ९३ लाख ९४ हजार खर्च भएको विवरण प्राप्त भएको छ । बाँकी रु.२२ करोड ८८ लाख ९० हजार निकायको ख–६ फ्रिज नहुने खातामा मौज्दात रहेको देखिन्छ । प्रहरी कार्यालयले रु.८१ करोड ५२ लाख २० हजार र सहभागिताबाट रु.११ करोड व्यहोर्ने उल्लेख भएकोमा प्रहरी प्रधान कार्यालय प्राविधिक निर्देशनालयका २१७ कर्मचारीको तलब, भत्ता, रासन र स्थलगत निरीक्षण एवं प्राविधिक जनशक्तिलाई तालिम खर्च व्यहोरेको र स्थानीय सहभागिताबापत २१ जिल्लामा रु.७ करोड ७२ लाख ३१ हजार प्राप्त गरेको उल्लेख छ ।

प्रहरी कार्यालयको खर्च र सहभागिताबाट भएका कार्य र खर्च रकम नापी किताबमा लेखाङ्कन गरेको पाइएन । योजनागत रुपमा व्यहोर्नु पर्ने गरी सम्झौता भए तापनि ४९ जिल्लाका योजनामा जनसहभागिता जुटाएको विवरणमा उल्लेख छैन । यसबाट सम्झौताअनुसार प्रहरीतर्फका प्राविधिक जनशक्तिलाई तालिम दिने र जनसहभागिताबाट हुने कार्यको पुष्टि गर्ने आधार देखिएन ।

२९.२ प्रथम चरणका आयोजनाहरुको प्राविधिक लेखापरीक्षण गर्न रु.४० लाख बजेट व्यवस्था गरेकोमा सो कार्य राष्ट्रिय सतर्कता केन्द्रबाट गराई रु.३८ लाख ६ हजार खर्च गरेको छ ।

राष्ट्रिय सतर्कता केन्द्रको वार्षिक प्रतिवेदन, २०६८ अनुसार विभिन्न जिल्लाका २५ योजनाको प्राविधिक लेखापरीक्षण भएको देखिन्छ । उक्त प्रतिवेदनमा काठको काममा गुणस्तरीयता कायम गर्नुपर्ने, भऱ्याङ्गका खुटकिला एउटै स्टायण्डर्ड साइजमा हुनुपर्ने, प्लाष्टरको काम भत्काएर पुन: गर्नुपर्ने (अछाम), निर्माण सामाग्रीको स्पेसिफिकेशन स्पष्ट हुनुपर्ने, शौचालयको आकार सानो भएकोले डिजाइनअनुसार निर्माण

गर्नुपर्ने (बैतडी), एज बिल्ट ड्रइङ्ग समयमै तयार गर्नुपर्ने, फिल्डमा प्राविधिक (सवओभरसियर) को व्यवस्था गर्ने एवं प्रगति सम्बन्धमा ठेकेदारसँग नियमित छलफलको व्यवस्था गर्नुपर्ने आदि व्यहोरा उल्लेख गरेको छ ।

२९.३ प्रथम चरणअन्तर्गतका आयोजनाहरु २०६६।८।१० बाट १५ (पन्ध्र) महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सो अवधिभित्र १४ आयोजना सम्पन्न भएको छ । लेखापरीक्षण अवधि २०६८ माघमा प्राप्त विवरण अनुसार २०६८ मार्गसम्म ५८ जिल्लाका ७७ योजनाको शतप्रतिशत प्रगति देखाएको छ । बाँकी १२ जिल्लाका २३ आयोजनामा ४५ देखि ९८ प्रतिशत प्रगति देखाएको छ । पुन: निर्माण आयोजनाले २०६८।९।१ मा शान्ति कोष सचिवालयलाई सो अवधिसम्म ९० आयोजनाको कार्य सम्पन्न भएको र बाँकी १० को लागि पुन: म्याद थप माग गरेकोमा २०६९ आषाढसम्म म्याद थप भएको देखिन्छ ।

२९.४ शान्ति कोष दोस्रो चरणको २०६८।३।२३ मा भएको सम्झौतामा ७० जिल्लास्थित विभिन्न तहका ८१ प्रहरी इकाईको पुन: निर्माण कार्यको कुल लागत रु.१ अर्ब १६ करोड १९ लाख ९ हजार रहेको छ । सोमध्ये शान्ति कोषले रु.१ अर्ब ११ करोड १२ लाख ५४ हजार सहभागिताबाट रु.५ करोड ८० लाख, नेपाल प्रहरीले प्राविधिक जनशक्ति र तालिमको लागि रु.५ करोड ८० लाख व्यहोर्ने उल्लेख छ । यसबाहेक औजार उपकरणमा रु.७२ लाख, मूल्याङ्कनमा रु.४० लाख र प्रशासनिकतर्फ रु.३ करोड ९४ लाख ५५ हजार खर्च हुने उल्लेख गरिए तापनि स्रोत खुलाएको छैन ।

दोस्रो चरण अन्तर्गतका ७० जिल्लास्थित आयोजना र केन्द्रीय आयोजना कार्यालयका लागि २०६८।३।२३ पश्चात निकासा भएको रु १ अर्ब १० करोड ६६ लाख ८८ हजार ख–६ समूहको फ्रिज नहुने खातामा जम्मा गरेको छ ।

२९.५ सम्झौतामा दोस्रो चरणको कुल कार्य १८ महिनामा सम्पन्न गर्ने उल्लेख छ । सम्झौतासाथ संलग्न कार्यतालिकामा विस्तृत सर्भेक्षण, डिजाइन र लागत अनुमानसम्बन्धी कार्य पहिलो ५ महिनाभित्र, बोलपत्र सम्बन्धी कार्य ३ देखि ७ महिना, पुन: निर्माण कार्य पाँचौ महिनाबाट सुरु गरी १५ महिनाभित्र सम्पन्न गर्ने उल्लेख छ ।

प्राप्त विवरणअनुसार लेखापरीक्षण अवधि २०६८ माघसम्म बोलपत्र गर्ने र ठेक्का सम्झौता गर्ने कार्य पनि भएको पाइएन । यसले गर्दा तोकिएको समयमा आयोजनाको कार्य सम्पन्न हुने आधार देखिदैन ।

जिल्ला प्रशासन कार्यालय

३०. **घटी मौज्दात –** जिल्ला प्रशासन कार्यालय सप्तरीको स्रेस्ताअनुसार धरौटी बाँकी रु.१६ लाख ५७ हजार र बैङ्कअनुसार रु.१५ लाख २६ हजार मौज्दात देखिन्छ । स्रेस्तामा भन्दा बैङ्कमा रु.१ लाख ३१ हजार घटी देखिएको छ । मौज्दात फरक पर्नाको कारणमा गत विगतदेखि फरक भएको व्यहोरा आर्थिक विवरणमा उल्लेख गरेको छ । धरौटी हिसाब फरक परेकोमा हिसाब यकिन गरेको छैन । बैङ्क मौज्दात घटी देखिएकोमा छानाबिन गरी असुल गर्नुपर्दछ ।

३१. **फ्रिज–** जिल्ला प्रशासन कार्यालय झापाले विगत द्वन्दकालमा मृत्यू भएका मृतकका हकदारलाई आर्थिक सहायता उपलब्ध गराउन निकासा भएको रु.२० लाख आर्थिक सहायता पाउनेहरुको कानूनी प्रक्रिया पूरा नभएको कारण देखाई उक्त रकम खर्च देखाई ख–६ समूह खातामा जम्मा गरेको पाइयो । उक्त रकम सञ्चित कोष दाखिला गरिनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष मन्त्रालयमातहत देहायका कार्यालय एवं निकायको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

- **नेपाल प्रहरीका सप्तरी, धनुषा र महोत्तरी जिल्लास्थित कार्यालयहरु**
- **सशस्त्र प्रहरीबल कल्याणकारी सेवा केन्द्र**

निकायहरुको कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोराको विस्तृत विवरण मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

नेपाल प्रहरी सप्तरी, धनुषा र महोत्तरीको कार्यसम्पादन स्थिति मूल्याङ्कन

३२. **जनशक्ति व्यवस्थापन** – अञ्चल प्रहरी कार्यालय जनकपुरमा २०६६।६७ मा कार्यालय प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी नायव उपरीक्षकको दरबन्दी रिक्त रही अन्यत्रबाट काजमा राखिएको देखियो । दरबन्दी अनुसार पदपूर्ति नभई रिक्त रहनुमा समयमा भर्ना छनौट नहुनु तथा नियमित सरुवा बढुवा हुन नसक्नु मुख्य कारण रहेको देखियो । दरबन्दी रिक्त रहेकोले जनतालाई सुरक्षाको प्रत्याभूति दिन, अपराध पहिचान तथा नियन्त्रण गर्न, प्रकोप व्यवस्थापन कार्यमा खटाउन, थप जनशक्ति परिचालन गर्न, कार्यालयको दैनिक काम कारबाही सञ्चालन गर्न तथा प्रहरी इकाईहरुको पुन: स्थापना गर्न कठिनाइ पुग्ने देखिन्छ । अत: भर्ना छनौट तथा सरुवा बढुवाको कार्यहरु नियमित रुपमा सम्पन्न गराउने व्यवस्था हुनुपर्दछ ।

३२.१ प्रहरी नियमावलीको नियम ३१(५) मा विशेष परिस्थितिमा बाहेक प्रहरी कर्मचारीलाई काजमा राखिने छैन भन्ने व्यवस्था छ । प्रहरी कर्मचारीहरुलाई काजमा खटाउँदा औचित्य, आवश्यकता र परिस्थिति खुलाइने गरेको छैन ।

अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याकनमा समस्या आउनुका साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजहरुको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने समस्या छ । त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ । विगत ३ वर्षको काजमा आउने र जानेको संख्या विश्लेषण गर्दा सप्तरी,धनुषा र महोत्तरी जिल्लाहरुमा काजमा जाने र आउनेको औसत अनुपात क्रमश: १:५, १:४ र १:५ देखिएको छ । दीर्घकालका लागि दरबन्दी संशोधन गरेर कर्मचारी काजमा राखी काममा लगाउने कार्य नियन्त्रण गरिनु आवश्यक देखिन्छ ।

३२.२ सप्तरी, धनुषा र महोत्तरी जिल्लास्थित प्रहरी निकायहरुमा कानून कार्यान्वयन, बल प्रयोग, हातहतियारको प्रयोग, भीड नियन्त्रण तथा जनसम्पर्क र सामुदायिक प्रहरी सेवासम्बन्धी विषयका तालिमहरु सञ्चालन भएको देखियो ।

अञ्चल प्रहरी कार्यालय सगरमाथा, जिल्ला प्रहरी कार्यालय, धनुषा, महोत्तरी र सप्तरी जिल्लास्थित निकायका २ हजार ५७८ दरबन्दीका प्रहरी कर्मचारीमध्ये विगत ३ वर्षमा ३५६ जना अर्थात १३.८१ प्रतिशत अर्थात वार्षिक ४.६ प्रतिशत प्रहरी जनशक्तिलाई तालिम प्रदान गरेकोले तराइका बढ्दो जनसंख्या चाप र अपराधी गतिविधि नियन्त्रण गर्न दक्ष जनशक्तिको मागलाई आवश्यकताअनुसार पूर्ति गर्न कठिनाइ देखिएकोले तालिमका प्रशिक्षार्थी संख्या वृद्धि गराइनुपर्दछ ।

३३. **आवास व्यवस्था** – दिनरात शान्ति सुरक्षामा खटिनु पर्ने प्रहरी कर्मचारीहरुको उचित आवास व्यवस्थापन गरिनुपर्दछ ।

३३.१ सप्तरी जिल्लामा अञ्चल, जिल्ला र इलाका स्तरमा कार्यरत सिनियर प्रहरी अधिकृतहरुलाई आवश्यक ३८ कोठामध्ये २६, जुनियर प्रहरी अधिकृतलाई आवश्यक ९७ मध्ये ८८ कोठा, प्रहरी हवल्दार/प्रहरी जवानलाई आवश्यक १३ मध्ये ८ हल तथा परिचरलाई आवश्यक ४ मध्ये सबै अभाव रहेको देखिएको छ । जिल्ला प्रहरी कार्यालयले जवान/हवल्दार व्यारेकको रुपमा प्रयोग गरेको टहरा उचाई नपुग्ने तथा जीर्ण अवस्थामा रहेको छ । उक्त टहरा व्यारेकको रुपमा प्रयोग गर्न जोखिमपूर्ण रहेको छ । सिनियर प्रहरी अधिकृतहरुको आवास नभएकोले २०५८ देखि भाडामा लिएर प्रयोग गरेको र जुनियर प्रहरी अधिकृत तथा प्रहरी हवल्दार, प्रहरी जवानहरुले मातहतको चौकीको कार्यालय, गाउँ विकास समिति तथा वन कार्यालयको भवनलाई प्रयोग गर्दै आएका छन् ।

३३.२ धनुषा जिल्लाअन्तर्गतका अञ्चल, जिल्ला, गुल्म तथा इलाका स्तरका प्रहरी निकायका प्रहरी कर्मचारीमा सिनियर प्रहरी अधिकृतलाई ८ कोठा, जुनियर प्रहरी अधिकृतहरुलाई ३५ कोठा, प्रहरी हवल्दार र प्रहरी जवानहरुलाई १३ हल (ब्यारेक) प्रहरी परिचरहरुलाई ८ कोठा अपुग रहेको देखियो । धनुषा जिल्लामा महिला

प्रहरीका लागि महिला व्यारेकको व्यवस्था नरहेकोले जिल्ला प्रहरी कार्यालय मातहतका २० महिला प्रहरी अन्यत्र व्यक्तिगत रुपमा कोठा भाडामा लिएर बस्ने गरेका र गुल्ममा २ जना कार्यरत रहेकामा १ अन्यत्र काज र एक अन्यत्र भाडामा बसेको जानकारी प्राप्त भएको छ । जसका कारण २४ सै घण्टा खटिनु पर्ने महिला प्रहरीहरुलाई आवश्यकता अनुसार जुनसुकै समयमा उपस्थित गराउन कठिनाइ परेको छ ।

३३.३ जिल्ला प्रहरी कार्यालय महोत्तरीमातहतका इलाका प्रहरी कार्यालयहरुसमेतका लागि सिनियर प्रहरी अधिकृत ८ का लागि ६ कोठा, जुनियर प्रहरी अधिकृत ८० का लागि २० आवश्यक पर्नेमा १६ कोठा अभाव, प्रहरी हवल्दार र जवानका लागि ८ हल चाहिनेमा ७ अभाव तथा प्रहरी परिचरलाई ३ कोठा अभाव रहेको देखिएको छ । जुनियर प्रहरी अधिकृतहरु गाउँ विकास समिति भवन, कृषि विकास कार्यालय तथा उप–स्वास्थय चौकीहरुका भवनहरु प्रयोग गरेर बसोबास गर्दै आएको जनाएको छ । इलाका प्रहरी कार्यालय बर्दिवासमा सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृतका लागि आवास नभएकोले प्रहरी हवल्दार तथा प्रहरी जवानकै व्यारेकमा निजहरुसंग नै बस्ने गरेका छन् ।

३४. **उपकरण –** प्रहरी ऐन, २०१२ को दफा १५ मा प्रहरी कर्मचारीको कर्तव्यमा अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु, अपराधीहरु पत्ता लगाउनु र अपराधीलाई कानूनबमोजिम सजाय गराउनु, कानूनबमोजिम पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिहरुलाई पक्रनु, पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल र विरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारबाही तुरुन्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्यत्र लैजाँदा निजको स्वास्थ्यको उचित ख्याल राख्ने, पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सीदा र बासको व्यवस्था गर्ने, आगोबाट हानि नोक्सानीको बचाउ गर्न कोशिश गर्ने आदि उल्लेख छ । त्यस्तै स्थानीय प्रशासन ऐन, २०२८ अनुसार प्रमुख जिल्ला अधिकारीको आदेशले हुलदंगा नियन्त्रण, निषेधित क्षेत्रको आदेशको कार्यान्वयन लगायत बाढी पहिरो जस्ता दैवी प्रकोपमा उद्धारका लागि समेत प्रहरी कर्मचारीहरु खटिनुपर्ने हुन आउँछ ।

यसरी खटिने प्रहरी कर्मचारीहरुलाई कार्यालय सञ्चालन तथा आफ्नो कर्तव्य पालनको सिलसिलामा खाँचो महसुस हुने उपकरण तथा औजारको पर्याप्त व्यवस्था हुन नसकेमा कर्तव्यपालन गर्न कठिन हुन सक्छ । जिल्लास्थित प्रहरी निकायहरुमा देहाय अनुसार उपकरण तथा औजारहरुको अभावका सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

३४.१ धनुषा, महोत्तरी र सप्तरीमा भीड नियन्त्रणका लागि अति आवश्यक पर्ने सेप्टीगेयर तथा पानीको फोहोरा छैन । भीड नियन्त्रण सम्बन्धी वान टन तथा डु रणका दंगा नियन्त्रण सवारीसाधन १७ वटा आवश्यक पर्नेमा अञ्चल प्रहरी कार्यालयहरु सगरमाथा मातहतमा २, जनकपुरमा १ र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा १ मात्र रहेको देखियो । हाल दंगा नियन्त्रणका लागि प्रहरीले लाठी, टियर ग्यांस तथा हवाइ फायर प्रयोग गर्दै आएको छ । जुन जोखिमपूर्ण छ । सेप्टीगेयर तथा पानीको फोहोरा, दंगा नियन्त्रण सवारीसाधन तथा शरीर रक्षक पर्याप्त मात्रामा हुनुपर्दछ । जसको अपर्याप्ततामे दंगा नियन्त्रण गर्न कठिन पर्दछ ।

३४.२ आगलागी, बाढी जस्ता प्राकृतिक प्रकोप नियन्त्रणका लागि आवश्यक पर्ने उद्धारका उपकरणहरु चेन स, मेटल कटर, क्रेन, अल्नुनियम ल्याडर, फायर फाइटर, लाइफ ज्याकेट आदि धनुषा, महोत्तरी र सप्तरी जिल्लास्थित प्रहरी निकायहरुमा उपलब्ध छैन । त्यस्ता उपकरणको अभावमा प्राकृतिक प्रकोपको समयमा प्रहरीले प्रभावकारी रुपमा उद्धार गर्न सक्ने अवस्था देखिदैन । प्रहरी निकायले प्राकृतिक प्रकोपको उद्धारमा व्यक्तिगत जोखिम बहन गर्नुपर्ने र प्रकोपको पुष्ट्याई एवं नोक्सानी मूल्याकन गर्नुपर्ने अवस्था मात्र हुन आएको छ ।

३४.३ अपराध अनुसन्धानका लागि मोबाइल भेन, कीट बक्स, भिडियो क्यामरा तथा जी.आई.एस. प्रविधिको आवश्यक पर्दछ । धनुषा, महोत्तरी र सप्तरी जिल्लाहरुमा मोवाइल भेन तथा जी.आई.एस. प्रविधिको अभाव छ । जिल्ला प्रहरी कार्यालय धनुषामा मात्र एक कीट बक्स र एक क्यामरा छ र अन्य जिल्लामा छैन ।

अपराध अनुसन्धानका लागि आवश्यक उपकरणको अभावमा अपराध अनुसन्धान प्रक्रिया एवं अनुसन्धानको नतिजा प्रभावकारी हुन सक्दैन ।

३५. **थुनुवा कोठा –** थुनामा राखिएका व्यक्तिहरुका लागि बस्ने ठाउँको व्यवस्था हुनुपर्दछ । खासगरी महिला र पुरुषको लागि छुट्टाछुट्टै बृद्ध तथा अपाङ्गको लागि विशेष प्रकारको थुनुवा कोठाको व्यवस्था हुनुपर्दछ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा कर्तव्य ज्यान, सरकारी दस्तखत कीर्ते, लागू औषध, ठगी लगायतका मुद्दामा रहेका १९१ जना थुनुवामध्ये महिला थुनुवालाई ९×१२ फिटको एक र पुरुष थुनुवालाई १३×१३ फिटको एक थुनुवा कोठा रहेको देखियो । महिला तथा पुरुष थुनुवाको लागि अलगै शौचालय नभएकोले प्रहरी कर्मचारीहरुकै शौचालय प्रयोग गर्दछन् । मातहतको इलाका प्रहरी कार्यालय कल्याणपुर र कञ्चनपुरमा महिला थुनुवा कोठा (हिरासत) नभएकोले पुरुष थुनुवा नभएको समयमा महिलाहरुलाई पुरुष थुनुवा कोठामा नै राखिने, पुरुष थुनुवा भएका समयमा महिला थुनुवा थोरै भए महिला प्रहरी कर्मचारीहरुसँगै बस्ने र धेरै भए कार्यालयको कार्यकक्ष र भण्डार कोठामा राख्ने गरेको पाइयो ।

जिल्ला प्रहरी कार्यालय धनुषामा ४ थुनुवा कोठा रहेकोमध्ये ६×८ फिटको १ कोठामा महिला थुनुवा र १२×१६, १०×१२ र ४×७ फिटको ३ कोठामा पुरुष थुनुवा राख्ने गरेको देखियो । मातहतका इलाका प्रहरी कार्यालय यदुकुवा, सबैला र खजुरीयामा एक मात्र हिरासत (थुनुवा कोठा) भएकोले महिला थुनुवाहरु महिला प्रहरीसँगै तथा कार्यालयको कार्यकक्षमा राख्ने गरेको देखियो । जिल्ला प्रहरी कार्यालयमा महिला तथा पुरुष थुनुवाको लागि अलगअलग हिरासत तथा शौचालय भएको तथा घाममा बस्नका लागि खुल्ला स्थानसमेत रहेकोले सुविधाजनक देखिए तापनि मातहतका इलाका प्रहरी कार्यालयहरुमा समस्या देखियो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीमा सबै प्रकारका थुनुवाहरुलाई एउटै हिरासत कक्षमा राख्ने गरिएको र ४५ पुरुष र ५ महिला थुनुवा रहेकोमा १०×८ फिटका २ वटा कोठामा महिला र पुरुष थुनुवाहरुलाई राख्ने गरेको देखियो । जिल्लास्तरमा महिला र पुरुषहरुको लागि अलगअलग हिरासत कक्ष रहेको भए तापनि मातहतका कार्यालय भवनहरु ज्यादै पुराना एवं जीर्ण भएकाले महिला बन्दीका लागि हिरासत कक्ष, शौचालय तथा वृद्ध र अपागहरुका लागि यथेष्ट सुविधा पुग्न सकेको छैन । मातहतको इलाका प्रहरी कार्यालय बर्दिवास र गौशालामा महिला थुनुवा कोठा नरहेकोले कार्यालयको कार्यकक्ष वा महिला प्रहरीहरुसंग बस्नुपर्ने अवस्था रहेको छ । महिला थुनुवा तथा महिला प्रहरी कर्मचारीहरुको लागि छुट्टै शौचालयको व्यवस्था नभएकोले एउटै शौचालय प्रयोग गर्ने गरेका छन् ।

महिला थुनुवाका लागि अलगै हिरासत कक्ष तथा निजहरु एवं महिला प्रहरीका लागि अलगै शौचालयको व्यवस्था गरिनु जरुरी छ ।

३६. **कार्यसम्पादन स्थिति** – समाजमा हुने गरेका विभिन्न प्रकृतिका अपराधिक घटनाहरुको अभिलेख राखी प्रहरी ऐन तथा नियमावलीअनुसार अनुसन्धान तहकिकातका साथै कारबाही गरी अपराधिक क्रियाकलापहरु नियन्त्रण गर्ने, प्राकृतिक प्रकोप व्यवस्थापन, थुनुवा व्यवस्थापन एवं ट्राफिक व्यवस्थापन गरी समाजमा शान्ति सुरक्षा, अमनचयन कायम राख्नु प्रहरी संगठनको मुख्य दायित्व हो । सप्तरी, धनुषा र महोत्तरी जिल्ला स्थित प्रहरी निकायहरुको कार्यसम्पादनसम्बन्धी मुख्य व्यहोराहरु देहाय अनुसार छन्:

३६.१ जिल्लाभित्र अपराध अनुसन्धान तथा तहकिकात गरी समाजमा शान्ति सुरक्षाको प्रत्याभूति दिनका लागि प्रहरी कर्मचारीहरुको सक्रिय सहभागिता रहनुपर्दछ । आफ्नो कार्यक्षेत्रभित्र हुनसक्ने चोरी/डकैती, कर्तव्य ज्यान, अपहरण, जबरजस्ती करणी आदि अपराधिक गतिविधिहरुको अभिलेख राखी त्यसउपर अनुसन्धान तहकिकात गरी फछ्यौंट गर्नुपर्दछ ।

आर्थिक वर्ष २०६७६८ मा जिल्ला प्रहरी कार्यालय सप्तरी, धनुषा र महोत्तरी मा चोरी/डांका, कर्तव्य ज्यान, अपहरण, जबरजस्ती करणी समेत ८६७ उजुरी दर्ता भएकोमा ५५३ (६३.७८ प्रतिशत) फछ्यौंट गरी ३१४ वटा बाँकी, २०६६।६७ मा जिल्ला प्रहरी कार्यालय सप्तरी, धनुषा र महोत्तरी मा चोरी/डांका, कर्तव्य ज्यान, अपहरण, जबरजस्ती करणीसमेत ८५५ उजुरी दर्ता भएकोमा ६२५ (७३.०९

प्रतिशत) फछ्र्यौट गरी २३० बांकी र २०६५।६६ मा जिल्ला प्रहरी कार्यालय सप्तरी, धनुषा र महोत्तरी मा चोरी/डांका, कर्तव्य ज्यान, अपहरण, जबरजस्ती करणीसमेत ७४५ उजुरी दर्ता भएकोमा ६९८ (९३.६९ प्रतिशत) फछ्र्यौट गरी ५७ मात्र बांकी रहेको देखियो । उजुरी फछ्र्यौटको प्रतिशत २०६५।६६ को तुलनामा २०६७।६८ मा घटेको छ ।

३६.२ अपराधमा संलग्न आरोपीहरुलाई उम्कन नदिई सकेसम्म चांडो पक्राउ गरी अभियोगसंग सम्बन्धित प्रमाणहरु सकलन गरी अनुसन्धान तहकिकातको काम यथाशीघ्र छिटो सम्पन्न गर्नुपर्दछ । यस प्रयोजनका लागि सप्तरी, धनुषा र महोत्तरी जिल्ला स्थित प्रहरी निकायहरुले अनुसन्धान कार्यविधि निर्धारण गरी अनुसन्धानको समयावधि निश्चित गर्ने गरेको देखिएन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले चोरी/डांका १२, कर्तव्य ज्यान ६, अपहरणका ७ मध्ये ६ अन्य गम्भीर प्रकृतिका २८ मध्ये २६ मुद्दाको अनुसन्धान कार्य एक महिनाभित्रै टुंग्याएको छ भने अपहरणको १ मुद्दा ६ महिनाभित्र अनुसन्धान कार्य पूरा गरेको छ । कर्तव्य ज्यानका ५ र अन्य गम्भीर प्रकृतिका २ मुद्दाको अनुसन्धान कार्य टुंग्याएको छैन ।

जिल्ला प्रहरी कार्यालय धनुषाले चोरी डांकाका ६७ मध्ये ५९ मुद्दा १ वर्षभित्र र ५ मुद्दा एक वर्षभन्दा बढी लगाई अनुसन्धान गरी तहकिकातको कार्य टुंग्याएको देखियो । कर्तव्य ज्यान सम्बन्धी २, अपहरणको १ र अन्य ३ मुद्दा एक वर्षभन्दा बढी लगाएको देखियो । चोरी/डांकासम्बन्धी ३ र अन्य ७ मुद्दाको अनुसन्धान टुंग्याउन सकेको देखिएन । त्यस्तै जिल्ला प्रहरी कार्यालय महोत्तरीले चोरी/डांका ४७, कर्तव्य ज्यान १६०, अपहरण २४, जबरजस्ती करणीसम्बन्धी २९ र अन्य २१६ मध्ये कर्तव्य ज्यान र अन्यको एक/एक मुद्दा एक वर्षभन्दा बढी अवधिमा अनुसन्धान टुंग्याएको देखियो र कर्तव्य ज्यान ९२ र अन्य १९ मुद्दा विचाराधीन रहेको देखियो ।

अनुसन्धान तहकिकातको कार्य समयमै टुंग्याउन नसक्दा सबुद प्रमाण नष्ट हुने एवं अपराधी उम्कन सक्ने हुंदा यथाशीघ्र कारबाही टुङ्गो लगाइनुपर्दछ । साथै उजुरी दर्ता र फछ्र्यौट एवं मुद्दा दायर र सफलतालाई सूचकाङ्कको रुपमा लिएर कार्यालयहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३७. **अनुगमन, निरीक्षण तथा मूल्याङ्कन** – प्रहरी नियमावली, २०४९ को नियम ३३ अनुसार क्षेत्रीय प्रहरी प्रमुखले वर्षको एक पटक जिल्ला प्रहरी कार्यालयको निरीक्षण गर्नुपर्ने, नियम ३५ अनुसार जिल्ला प्रहरी प्रमुखले हरेक इलाका प्रहरी र प्रहरी चौकीको वर्षमा कम्तीमा ३ पटक निरीक्षण गर्नुपर्ने, वर्षमा कम्तीमा ३ महिनामा जिल्लाको भित्रीभागको भ्रमण गर्नुपर्ने, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र आफ्नै कार्यालयको समेत प्रमुख जिल्ला अधिकारीबाट सालको एक पटक निरीक्षण गराउने व्यवस्था मिलाउनुपर्ने, नियम ४४ अनुसार प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालयहरुको वर्षको कम्तीमा एक पटक निरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ ।

सप्तरी, धनुषा र महोत्तरी जिल्ला स्थित प्रहरी निकायहरुको अनुगमन, निरीक्षण अभिलेख परीक्षण गर्दा प्रहरी महानिरीक्षकबाट २०६७।१।३१ मा, प्रहरी अतिरिक्त महानिरीक्षकबाट २०६७।१०।९ मा र क्षेत्रीय प्रहरी प्रमुखबाट २०६७।९।१६ मा जिल्ला प्रहरी कार्यालय सप्तरीको निरीक्षण गर्दा ब्यारेक, कार्यालय, शौचालय तथा कार्यालयका विभिन्न शाखा, उपशाखाहरु, थुनुवा घर, अभिलेख प्रणाली, गुनासो व्यवस्थापन आदि सन्तोषजनक भएको उल्लेख छ । त्यस्तै प्रहरी अतिरिक्त महानिरीक्षकले अनुशासित भई काम गर्न, कार्यालय प्रमुखले आफूले गरेका काममा पारदर्शिता ल्याउन, प्रत्येक प्रहरी कर्मचारीलाई कार्य विभाजन गरी जिम्मेवारी तोकेर कार्यसम्पादन गराउने, अनुशासित एवं इमान्दारीपूर्वक काम गर्ने र भूमीगत सशस्त्र समूहहरुको गतिविधिलाई निरुत्साहित गरी प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिएको देखियो ।

प्रहरी अतिरिक्त महानिरीक्षकबाट २०६७।१०।१९ मा अञ्चल प्रहरी कार्यालय सगरमाथाको निरीक्षण गरी निरीक्षण पुस्तिकामा इमान्दारीतापूर्वक र अनुशासित भई काम गर्ने जनाएको र प्रशंसा गरेको देखियो ।

प्रहरी नियमावली, २०४९ को नियम ३३ को खण्ड (ङ) अनुसार आफ्नो क्षेत्रभित्रका सम्बन्धित प्रहरी कार्यालयको वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्ने र निरीक्षण गरिएको प्रतिवेदन तयार गरी निरीक्षणमा

देखिएका त्रुटिहरुतर्फ ध्यान आकर्षित गरी एकप्रति प्रहरी प्रधान कार्यालयमा र एकप्रति सम्बन्धित प्रहरी कार्यालयमा पठाउनुपर्नेमा अञ्चल तथा जिल्ला प्रहरी कार्यालयमा रहेको निरीक्षण पुस्तिकामा निर्देशन दिने गरेको देखिए तापनि निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन ।

३७.१ प्रहरी ऐन, २०१२ को दफा ६ ले प्रत्येक अञ्चलमा आवश्यकताअनुसार अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक रहने र आफ्नो अञ्चलको प्रहरी प्रशासनको जिम्मेवारी अञ्चल प्रहरी उपरीक्षकको हुने व्यवस्था गरेको छ । प्रहरी नियमावली, २०४९ ले परिच्छेद–५ काम, कर्तव्यमा अञ्चल प्रहरी कार्यालयका प्रमुखको स्पष्ट काम, कर्तव्य उल्लेख गरेको नदेखिएकोले नियमावलीमा व्यवस्था गरिनु आवश्यक देखिन्छ ।

३७.२ प्रहरी नियमावली, २०४९ को नियम ४४ अनुसार प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयको वर्षको कम्तीमा एक पटक निरीक्षण गर्नु गराउनुपर्ने र जिल्ला प्रहरी कार्यालयका प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरुको निरीक्षण गरे नगरेको तथा प्रत्येक इलाका प्रहरी कार्यालय र प्रहरी चौकीमा रहेको डायरी र प्रहरीसम्बन्धी गोप्य प्रतिवेदनसहित अन्य अपराधसम्बन्धी सारांश प्रतिवेदन हेरी प्रमुख जिल्ला अधिकारीले आफ्नो प्रतिक्रियासहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालयको प्रमुखलाई दिनुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमवालीको नियम ३५ मा समेत जिल्ला प्रहरी कार्यालय प्रमुखले इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र आफ्नै कार्यालयको समेत प्रमुख जिल्ला अधिकारीबाट सालको एक पटक जांच गराउने व्यवस्था मिलाउने उल्लेख छ ।

तर सप्तरी, धनुषा र महोत्तरी जिल्लाका जिल्ला प्रहरी कार्यालयहरुमा प्रमुख जिल्ला अधिकारीबाट प्रहरी नियमावलीअनुसार निरीक्षण भए गरेको अभिलेख देखिएन ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी बलका बहालवाला सशस्त्र प्रहरी कर्मचारी, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी र कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारी तथा निजका आश्रित परिवारहरुको स्वास्थ्य, शिक्षा, आर्थिक एवं सामाजिक पक्ष समेतलाई टेवा पुऱ्याउने अभिप्रायले विभिन्न स्रोतबाट विविध कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरी सशस्त्र प्रहरी कर्मचारीहरुलाई कल्याणकारी सेवा प्रदान गर्ने उद्देश्यले २०५९।१।२४ मा स्थापना भएको हो ।

३८. **कल्याणकारी सेवा केन्द्र** –सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि २०६६ अनुसार सेवा केन्द्र सञ्चालन हुँदै आएकोमा वार्षिक नीति तथा कार्यक्रम, बजेट तर्जुमा व्यवस्था, दीर्घकालीन उद्देश्य आदि सम्बन्धमा देखिएका व्यहोराहरु देहायनुसार छन्:

३८.१ सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०६६ को दफा १०(५) मा संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापनार्थ खटि जाने सशस्त्र प्रहरी बलका बहालवाला कर्मचारीहरुको वृहत्तर हित तथा भलाईका लागि केन्द्रको तर्फबाट आवश्यक लगानी गरी भौतिक तथा आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्य सशस्त्र प्रहरी नियमावली, २०६० मा समावेश भएको देखिएन । नियमावलीले व्यवस्था नै नगरेको उद्देश्य कार्यविधिमा समावेश भएको छ ।

३८.२ कल्याणकारी सेवा केन्द्र सञ्चालन कार्यविधि, २०६६ को दफा ११ अनुसार साधारण सदस्य, सञ्चालक समिति सदस्य, मानार्थ सदस्य र सल्लाहकार सदस्य समेत रहने व्यवस्था छ । सदस्य शुल्क तिरी बन्ने साधारण सदस्यहरुको अधिकार सम्बन्धमा कार्यविधिमा व्यवस्था गरेको छैन । साधारण सदस्य हुने तर कुनै अधिकार नहुने व्यवस्थाबाट साधारण सदस्यको कोष सञ्चालनमा भूमिका नरहने देखियो । सञ्चालक समितिले नै वार्षिक नीति तथा कार्यक्रम बनाउने, वार्षिक बजेट तर्जुमा गर्ने व्यवस्थाको कारण साधारण सदस्यको अधिकार सीमित भएको छ ।

कल्याणकारी सेवा केन्द्रको प्रभावकारी सञ्चालन तथा वैधानिकताका लागि ऐनद्वारा व्यवस्थित गर्नुपर्ने तथा ऐन नियमावलीको व्यवस्था अनुसार आय आर्जन तथा कोषको उपयोग गर्नुपर्ने, आय क्षेत्र

विस्तारका लागि ऐन तथा नियममा समसामयिक संशोधन गर्नुपर्ने, सञ्चालक समितिको भूमिका स्पष्ट गरी साधारण सभाबाट वार्षिक नीति तथा कार्यक्रम, बजेट तर्जुमा तथा स्वीकृति गरी केन्द्रको सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

३९. **आय व्यवस्था** – कल्याणकारी सेवा केन्द्र सञ्चालन कार्यविधि, २०६६ को दफा १९ मा सदस्य शुल्क बापत प्राप्त आय, राष्ट्र संघीय मिशनमा कार्यरत प्रहरी कर्मचारीबाट कट्टा गरिएको रकम, आयमूलक कार्यक्रमबाट प्राप्त आय, कल्याणकारी योजना अन्तर्गत सुविधा तथा सहुलियत प्रदान गरेकोमा सो बापतको शुल्क, व्यक्ति, संघ संस्था (स्वदेशी र विदेशी) ले प्रदान गरेको चल अचल सम्पत्ति तथा अनुदान, केन्द्र सञ्चालन हुनुपूर्व कल्याण कोषमा रहेको मूल धन, चल अचल सम्पत्ति तथा कल्याणकारी रकम, कल्याणकारी कार्यको निमित्त सशस्त्र प्रहरी बलले प्रयोग गर्ने चल अचल सम्पत्ति एवं रकमहरुबाट सञ्चालित भएका कार्यहरुमा आर्जन भएको रकम, नेपाल सरकारबाट प्रदान गरेको चल अचल सम्पत्ति, राष्ट्र संघीय मिशनमा खटिंदा कल्याणकारी सेवा केन्द्रको तर्फबाट आवश्यक भौतिक तथा लगानी सहयोग उपलब्ध गराएकोमा सो बापत प्राप्त सोधभर्ना रकम कल्याणकारी सेवा केन्द्रको आय मानिने उल्लेख छ ।

३९.१ सेवा केन्द्रमा खटाइने कर्मचारीको कार्य विवरणसहित प्रस्ताव तयार गरी नेपाल सरकारको निर्णय गराई खटाउनु पर्दछ । पेट्रोल पम्प सञ्चालन गर्न प्रहरी निरीक्षकदेखि जवानसम्मका १४४ प्रहरी कर्मचारी कार्यरत रहेका र सोबापत यो वर्ष केन्द्रले रु.१ करोड २० लाख, बैण्ड शाखाबाट यो वर्ष रु.३ लाख ६१ हजार आय गरेको छ । यस बापत नेपाल सरकारले खर्च गरेकोमा राज्यलाई कुनै राजस्व प्राप्त हने व्यवस्था नगरेकाले यसमा स्पष्ट नीति बनाउन आवश्यक देखिन्छ ।

३९.२ आयकर ऐन, २०५८ (संशोधन सहित) ले तोकेको कार्यक्षेत्रभित्र कार्यरत कुनै पनि व्यक्ति, निकायको आयमा आयकर लाग्ने व्यवस्था छ । केन्द्रले तयार गरेको वित्तीय विवरणमा यो वर्ष रु.१ करोड ५५ लाख ४९ हजार समेत विगत ३ वर्षको खुद आय रु.४ करोड ९२ लाख ८८ हजारमा लाग्ने कर सम्बन्धमा व्यवस्था गरेको छैन । कल्याणकारी सेवा केन्द्रले आयकर छुट लिने प्रक्रियामा रहेको जवाफ दिएको छ ।

केन्द्रको सम्पत्ति तथा दायित्व र आय–व्ययलाई यथार्थ बनाउन प्राप्त सम्पत्तिको अभिलेखाङ्कन गर्नुपर्ने, केन्द्रको स्रोत साधन उपयोगको आधारमा आयको क्षेत्र विस्तार गर्नुपर्ने, लेखानीति स्पष्ट गरी खुलासा गर्नुपर्ने तथा आयमा कर दाखिला गर्नुपर्ने देखिन्छ ।

४०. **खर्च व्यवस्थापन** – कल्याणकारी सेवा केन्द्रबाट खर्च गर्दा पनि कानूनले तोकेको प्रक्रिया पूरा गरी खर्च गर्नुपर्ने हुन्छ । केन्द्रको कार्यविधि, २०६६ को दफा २० मा अध्यक्षले एक पटकमा रु.५ लाख र काबु बाहिरको परिस्थितिमा संरक्षकको सहमतिमा रु.२५ लाखसम्म खर्च गर्न सक्ने र सो खर्च सञ्चालक समितिबाट अनुमोदन गराउनुपर्ने व्यवस्था छ । मिशन व्यवस्थापनको सामग्री निरीक्षण तथा मेडल परेडमा सहभागी हुनका लागि जापान, चीन, भारत, लाइवेरिया तथा हाइटी भ्रमणमा जाने ११ प्रहरी कर्मचारीलाई भ्रमण खर्च तथा दैनिक भत्ता नियमावली बमोजिम भ्रमणमा लागेको यथार्थ खर्च र दैनिक भत्ताको बिल तथा हवाई टिकट बमोजिमको खर्च उपलब्ध गराउनु पर्नेमा सञ्चालक समितिको निर्णयानुसार बिल भरपाई बेगर दर्जा अनुसार एकमुष्ट अमेरिकी डलर ७ हजारसम्मका दरले उपलब्ध गराई रु.२५ लाख ८० हजार भुक्तानी गरेको छ । भ्रमणमा खटिने प्रहरी कर्मचारीको वास्तविक भ्रमण गरेको दिन र भ्रमणमा लागेको वास्तविक बिलअनुसारको खर्च मात्र भुक्तानी गरी भ्रमण खर्चमा मितव्ययीता कायम गरिनुपर्दछ ।

४१. **मिशन व्यवस्थापन –** सशस्त्र प्रहरी नियमावली, २०६० मा कल्याणकारी सेवा केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गरेकोमा संयुक्त राष्ट्रसंघीय मिशन व्यवस्थापन सम्बन्धमा उल्लेख भएको देखिदैन । गृह मन्त्रालयको निर्णयबाट लाइबेरिया र हाइटीमा शान्ति मिशन स्थापना गरी कार्य गरेको देखिन्छ ।

४१.१ कल्याणकारी सेवा केन्द्रको वित्तीय विवरणबाट आर्थिक कारोबार संयुक्त राष्ट्र संघीय शान्ति मिशनको लागि भएको देखियो । शसस्त्र प्रहरी बलको २०५८ मा गठन भएपश्चात लाइवेरियामा वि.सं.२०६१ देखि २४० नफ्री शान्ति मिशनमा तैनाथ छन् । मिशनको व्यवस्थापन कल्याणकारी सेवा केन्द्रले नै गरेको छ । मिशन व्यवस्थापनका लागि राष्ट्रिय र दीर्घकालीन सोच, नीति र योजना हालसम्म तयार भएको देखिदैन । संयुक्त

राष्ट्रसंघीय शान्ति मिशन व्यवस्थापनका लागि राष्ट्रिय नीति तथा कार्ययोजना तयार गरी व्यवस्थापन गर्न पहल गरिनुपर्दछ ।

४१.२ मिशन व्यवस्थापनमा प्रहरी कर्मचारी लगायत सवारीसाधन, इक्वीप्मेन्ट, ए.पी.सी. र हात हतियार आवश्यक पर्दछ । हात हतियार लगायत सरकारी सवारीसाधन समेत मिशनमा प्रयोग गरेको पाइन्छ । लाइवेरिया मिशनमा सरकारी सवारीसाधनहरु प्रयोग भएको छ । सरकारी सवारीसाधनलगायत हात हतियार समेत नेपाल सरकारको स्वामित्वमा रहेको, सरकारले खरिद गरेका हात हतियार र मित्र राष्ट्रले सहयोग गरेका सवारीसाधनको उपयोग गर्दा प्राप्त हुने आयको राज्य कोषमा योगदान गर्ने सम्बन्धमा स्पष्ट नीति तयार गर्नुपर्दछ ।

४१.३ नेपाल सरकार र संयुक्त राष्ट्रसंघबीच १ जुलाई २००४ को सम्झौताअनुसार लाइबेरिया मिशनमा प्रहरी कर्मचारी लगायत मुख्य उपकरण र बन्दोबस्तीका सामान उपयोगबापत ३० सेप्टेम्बर २०११ सम्म अमेरिकी डलर ३ करोड ६६ लाख ६४ हजार ६२९.२६ प्राप्त हुनुपर्नेमा सोही अवधिमा अमेरिकी डलर ३ करोड ६१ लाख ९७ हजार ४९५.७५ मात्र प्राप्त भएकोले अमेरिकी डलर ४ लाख ६७ हजार १३३.५१ फरक पर्न गएको व्यहोरा सेवा केन्द्रले गठन गरेको कार्यदलले २०६८।९।८ मा पेश गरेको प्रतिवेदनमा उल्लेख छ । फरक पर्नाको कारणमा बैङ्क कमिशन प्रतिपटक १०–२५ अमेरिकी डलर लाग्ने, केही कर्मचारीको मिशन अवधिमा नै मृत्यु भएको, संयुक्त राष्ट्र संघबाट निरीक्षण टोली मिशन क्षेत्रमा आउँदा मुख्य उपकरण र बन्दोवस्तीका सामानहरु उपयोगयोग्य नभएको उल्लेख छ । यसबाट सामानको अभिलेख एवं अवस्था सम्बन्धमा सूचना कल्याणकारी सेवा केन्द्रमा दिने गरेको देखिएन । सूचना र अभिलेख अद्यावधिक गरी प्राप्त हुनुपर्ने अमेरिकी डलर ४ लाख ६७ हजार १३९.५१ का सम्बन्धमा यकिन गरिनुपर्दछ ।

४१.४ हाइटीमा शान्ति स्थापनार्थ सशस्त्र प्रहरी बलका १६० नफ्री खटाउन नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच मे २०१० मा भएको सम्झौताअनुसार मिशन स्थापना गर्न रु.२६ करोड ५८ लाख १० हजार खर्च गरी जनशक्तिलाई तालिम दिई तयारी हालतमा राखिसकेको, इक्विप्मेन्ट र लजिष्टिक सपोर्टमध्ये ३ एपीसी, १६ सपोर्ट सवारीसाधन र प्रिफेव सामानसमेत हाइटी मिशन क्षेत्रमा पुगेको र अन्य सामान विभिन्न बन्दरगाहबाट चलान भई १६ डिसेम्बर २०११ देखि मिशन सुरु हुने अवस्थामा २६ अक्टुबर २०१० मा स्थगनको जानकारी गराए पश्चात रोकिएको र मिशन रद्द भएको कारण पठाइएका सम्पूर्ण सामान फिर्ता ल्याउने व्यवस्था गर्नुपर्ने भएको छ । यस अवधिमा सामान ढुवानी बापतको रु.२ करोड ८ लाख ४१ हजार संयुक्त राष्ट्रसंघबाट सोधभर्ना प्राप्त भएको छ भने अन्य खर्च शोधभर्ना लिन बाँकी रहेको देखियो ।

खरिद गरी पठाइएका सामानहरुको मूल्याङ्कन गरी राष्ट्रसंघबाट प्राप्त गर्नुपर्ने र मिशन क्षेत्रमा सामान पुगेको मितिदेखि हल्चोकसम्म सामान ल्याउँदा लागेको समयको लिज रकम, ती सामान व्यवस्थापन गर्न लागेको खर्च, टुकुडी तयारी लगायतका खर्च समावेश गरी सोधभर्ना माग गर्नुपर्ने देखिन्छ ।

४२. **लगानी प्रतिफल व्यवस्थापन** – केन्द्रको रकम लगानी गर्दा त्यसबाट उचित प्रतिफल प्राप्त हुनुपर्दछ ।

४२.१ केन्द्रले कर्जामा रु.३ करोड ५४ लाख ८७ हजार, हायर पर्चेजमा रु.२ करोड ७२ लाख १६ हजार टेलिभिजन कर्जामा रु.२७ लाख २३ हजार समेत रु.६ करोड ५४ लाख २५ हजार लगानी गरेको छ । लगानी प्रतिफल उचित व्यवस्थापन नगरे संस्थाको दीगो सञ्चालन हुन सक्दैन ।

४२.२ कल्याणकारी सेवा केन्द्रको लगानीमा सञ्चालित ३ पेट्रोल पम्प व्यक्तिका नाममा दर्ता गरेको छ । कल्याणकारी सेवा केन्द्रको लगानीमा सञ्चालित पेट्रोल पम्प व्यक्तिका नाममा दर्ता गर्नु उचित नहुने र पछि स्वामित्वको प्रश्न उठ्ने सम्बन्धमा छलफल गर्दा निजी फर्मलाई मात्र सञ्चालन गर्न नेपाल आयल निगमले अनुमति दिने भएकोले व्यक्तिका नाममा दर्ता गरेको जानकारी प्राप्त भएको छ । केन्द्रको लगानीमा सञ्चालित पेट्रोल पम्पहरु केन्द्रको नाममा दर्ता गर्ने व्यवस्था हुनुपर्दछ ।

समिति र अन्य संस्थातर्फ

केन्द्रीय दैवी प्रकोप उद्धार समिति

दैवी प्रकोपबाट पीडित जनताको जीउधन तथा सार्वजनिक सम्पति को सुरक्षार्थ उद्धार कार्यको व्यवस्था गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ बमोजिम गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको गठन भई सञ्चालनमा रहेको छ ।

४३. **आय–व्यय –** गत वर्षको जिम्मेवारी रु.४३ करोड ६ लाख ४७ हजार र नेपाल सरकारबाट अनुदान प्राप्त रु.५ करोड समेत यो वर्ष रु.४८ करोड ६ लाख ४७ हजार कोषमा आम्दानी भएको छ । सोमध्ये रु.२५ लाख क्षेत्रीय दैवी प्रकोप उद्धार समिति र रु.२७ करोड ४६ लाख ५० हजार जिल्ला दैवी प्रकोप उद्धार समितिलाई अनुदान उपलब्ध गराएको छ । यस अतिरिक्त हेलिकप्टर भाडाबापत रु.१३ लाख ३६ हजार र प्रशारणलगायतमा रु.१४ लाख २४ हजार खर्च भई रु.२० करोड ७ लाख ३७ हजार आगामी वर्षको लागि जिम्मेवारी सारेको छ ।

४४. **केन्दीय आर्थिक विवरण** – आर्थिक कार्यविधि ऐन २०५५ को दफा १४(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय–व्ययको केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ ।

यो वर्ष विनियोजन, राजस्व र धरौटीको आर्थिक विवरण पेश भए तापनि केन्द्रीय दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय, जिल्ला दैवी प्रकोप उद्धार समिति एवं अन्य समिति तथा कोषतर्फको केन्द्रीय आर्थिक विवरण पेश भएन ।

जिल्ला दैवी प्रकोप उद्धार समिति

४५. **लेखापरीक्षण –** जिल्ला प्रशासन कार्यालय गोरखाले प्रधानमन्त्री राहत कोषबाट दर्वुङ्गको पहिरो नियन्त्रण गर्न निकासा भएको रु ५ लाखको स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

४६. **मौज्दात–** जिल्ला प्रशासन कार्यालय रसुवाले गत वर्षको जिम्मेवारी रु.७६ हजार घटी सारेको छ । जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाको स्रेस्तामा भन्दा बैङ्क मौज्दात रु.२ लाख ८५ हजार, रसुवाको रु.१९ हजार बैङ्क मौज्दात घटी देखाएका छन् । उदयपुरले रु.५ लाख ४८ हजार स्रेस्ताभन्दा बैङ्क मौज्दात बढी देखाएको छ । बैङ्क मौज्दात सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

दैवी प्रकोप उद्धार कार्यको लागि प्राप्त भएको रकम कर्मचारीको सुविधा, कार्यालय सामान मर्मत खर्च लेख्न मिल्ने देखिदैन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्ने एवं सापटी रकम शोधभर्ना लिनुपर्दछ ।

प्रहरी कल्याण कोष

नेपाल प्रहरीका वहालवाला, अवकास प्राप्त, वीरगती प्राप्त कर्मचारी र तिनीहरुको परिवारको स्वास्थ्य, शिक्षा क्षेत्रमा विविध कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले संघ, संस्था दर्ता ऐन, २०३४ अन्तर्गत २०४० मा स्थापना भई सञ्चालन हुदै आएकोमा सोही ऐनअनुसार २०५२ ।४।१८ मा प्रहरी कल्याण कोष नामले प्रहरी कल्याण कोष विधान, २०५२ बमोजिम सञ्चालित छ ।

४७. **कोषको अवस्था** – कोषको २०६८।३।३१को पूंजी कोष रुं १ अर्ब ४ करोड ३२ लाख ७८ हजार, छात्रवृत्ति कोष रु.६३ लाख ५९ हजार र चालू दायित्व र व्यवस्था रु.३७ लाख २२ हजार समेत जम्मा पूंजी तथा दायित्व रु.१ अर्ब ५ करोड ३३ लाख ५९ हजार छ ।

४८. **आन्तरिक लेखापरीक्षण –** कोषको विधानको दफा १७ मा लेखापरीक्षण गर्ने व्यवस्था भए तापनि आन्तरिक लेखापरीक्षण सम्बन्धमा उल्लेख गरेको छैन । व्यवस्थापन पक्ष तथा अन्तिम लेखापरीक्षणलाई सहयोग

पुऱ्याउन आन्तरिक लेखापरीक्षणको व्यवस्था विधानमा हुनुपर्ने सम्बन्धमा विगत वर्षमा उल्लेख गरे तापनि स्थिति यथावत् छ ।

४९. **शोधभर्ना –** नेपाल प्रहरीको सुडान र हाइटीमा पठाएको मूख्य उपकरण र अन्य सामानहरु सम्झदारी पत्र बमोजिम सामान प्रयोग गरेबापत शोधभर्ना प्राप्त हुने गरेको छ । यो वर्ष हाइटि मिसनतर्फ रु.२७ करोड ७५ लाख शोधभर्ना हुने गरी खर्च भएकोमा रु.४२ करोड ३४ लाख २८ हजार प्राप्त भई रु.१४ करोड ५८ लाख ४५ हजार बढी शोधभर्ना प्राप्त भएको देखिन्छ । सुडान मिसनतर्फ रु. ४७ करोड २५ लाख ५५ हजार खर्च भएकोमा रु.३० करोड ८० लाख ६७ हजार प्राप्त भई रु.१६ करोड ४४ लाख ८८ हजार शोधभर्ना प्राप्त हुन वांकी देखिन्छ । बाँकी रकम शोधभर्ना लिन पहल गर्नुपर्दछ ।

५०. **शंकास्पद पेश्की –** वित्तीय विवरणमा रु.१ करोड ५४ हजार शंकास्पद पेश्की देखाएको छ । उक्त पेश्की गत वर्षदेखि नै शंकास्पद पेश्कीमा देखाउदै आएकोमा सोसम्बन्धी हिसाव यकिन गरेको छैन ।

विभिन्न प्रहरी इकाईहरुमा कोषले व्यापारिक भवन बनाउने प्रयोजनको लागि रु.५ करोड ८१ लाख १८ हजार पेश्की दिएको देखिन्छ । उक्त पेश्कीको कच्चावारी वासलात साथ संलग्न नरहेको साथै लेखापरीक्षणमा समेत पेश भएन । पेश्कीको कच्चावारीसहित आवश्यक प्रमाण कागजात संलग्न गरी पेश्की फछ्यौंट गरिनुपर्दछ ।

५१. **अभिलेख –** कोषबाट प्राप्त २०६८ आषाढको वासलातअनुसार केन्द्र एवं जिल्लास्थित कोषको स्वामित्वमा रहेका घर जग्गा, पसल कवल लगायतबाट रु.१ करोड ३६ लाख १६ हजार आम्दानी देखाएको छ । सो सम्बन्धी सम्झौता लेखापरीक्षणमा पेश नभएकोले असुली देखाएको रकमको यथार्थता यकिन गर्न सकिएन । कोषको स्वामित्वमा रहेका घर जग्गा समेतको अभिलेख कोषले राखेको देखिएन । कोषअन्तर्गत सञ्चालित विभिन्न सपिङ कम्प्लेक्स जग्गा आदिको लगत राख्नुपर्ने देखिन्छ । व्यापारिक प्रयोजनको लागि भाडामा लगाउँदा स्थानीय क्षेत्रमा प्रचलित भाडा दरको अध्ययन विश्लेषण गरी प्रतिस्पर्धात्मक आधारमा बढाबढ गराई भाडामा लगाउनुपर्ने देखिन्छ ।

५२. **लगानी फिर्ता** – किस्ताबन्दी लगानीमा रहेको रु.९७ लाख ७९ हजारमध्ये प्राप्त विवरणअनुसार घरायसी अन्तर्गत सामान लिएका र नेपाल सरकारको नीतिबमोजिम नेपाल प्रहरीको संगठन छाडी सशस्त्र प्रहरी बलको संगठनमा आवद्ध भएका तत्कालीन नेपाल प्रहरीका विभिन्न ७१ प्रहरी कर्मचारीसंग २०६७ मंसिर सम्म रु.२८ लाख ७३ हजार असुल गर्नुपर्ने देखिन्छ । उक्त रकम असुल गर्न संस्थागत पहल गरिनुपर्ने देखिन्छ । यस अतिरिक्त रु.६९ लाख ६ हजार नेपाल प्रहरीतर्फकै विभिन्न कर्मचारीको नाममा रहेकोले पुरानो बक्यौता साँवा ब्याज असुलीमा ध्यान दिनुपर्दछ ।

५३. **बैङ्क खाता –** कोषले विभिन्न वाणिज्य बैङ्कमा १३ डलर खाता खोली सञ्चालन गरेको र २०६८ आषाढको अन्त्यमा रु.३३ करोड ४८ लाख १० हजार बराबर ३६ लाख ४३ हजार ७५७ अमेरिकी डलर मौज्दात रहेको एवं १५ बैङ्कमा नेपाली रुपैयाँमा खाता खोलेकोमा रु.४ करोड ७१ लाख ७ हजार मौज्दात रहेको छ । कोषको विधानमा खोलिने खाता र खाता सञ्चालकको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छैन । कोषले विदेशी मुद्रामा खरिद कार्य गरी खर्च लेख्ने गर्दै आएको पाइयो । विदेशी मुद्राको कारोबार गर्न र खाता सञ्चालन सम्बन्धमा विधानमा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५४. **आर्म्ड पर्सनल क्यारियर खरिद –** सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ बमोजिम ४ थान एपिसी खरिद गर्न प्रति आर्म्ड पर्सनल क्यारिएर ४ लाख ९१ हजार अमेरिकी डलरको लागत अनुमान २०६७।१०।५मा स्वीकृत गरेको देखिन्छ । बोलपत्र मूल्यांकन समितिको २०६७।११।३० को सिफारिसअनुसार सारभूत रुपमा प्रभावग्राही न्यूनतम कबोल भएको प्रति आर्म्ड पर्सनल क्यारिएर ३ लाख ९७ हजार ८०० अमेरिकी डलरले ४ थानको १५ लाख ९१ हजार २०० अमेरिकी डलरको एक विदेशी कम्पनीको स्थानीय एजेन्टको बोलपत्र २०६७।१२।१३ मा स्वीकृत गरी ४ अप्रिल २०११ मा सम्झौता भएको छ । कार्यालयले नेपाल राष्ट्र बैङ्कमा २०६८।१।८ मा प्रतितपत्र खोलेको छ । सम्झौताको बुँदा नं ६ बमोजिम प्रतितपत्र खोलेको मितिले ९० दिनभित्र सामान सुडानको डार्फर पुग्नुपर्ने उल्लेख छ ।

सम्झौताबमोजिम सामान आपूर्ति नभएकोमा २०११ डिसेम्बर १० सम्म म्याद थप गर्ने २०६८।७।२५ मा निर्णय गरेको छ । प्रतितपत्र बन्द गरी रु.११ करोड ३७ लाख ३० हजार पेश्की फछ्र्यौट गरेको छैन ।

५५. **ऋण तथा पेश्की –** पेश भएको वासलातको अनुसूची "डी" चालू सम्पति ऋण तथा पेश्की गत वर्ष रु.१२ करोड १ लाख ४८ हजार देखाएकोमा यो वर्ष रु.२४ करोड ७ लाख देखाएबाट पेश्की बाँकी तथा अन्य प्राप्त हुनु पर्ने रकममा वृद्धि भएको छ । लिनु दिनुपर्ने हिसाव फरफारक गरिनुपर्दछ ।

५६. **पेट्रोल पम्प –** प्रहरी कल्याण कोषअन्तर्गत सञ्चालनमा रहेका २ पेट्रोल पम्पमा रु.५० लाख लगानी भएको र ती पम्पबाट यो वर्ष रु.४५ लाख ५३ हजार प्राप्त भएको वासलात साथ संलग्न अनुसूचीबाट देखिन्छ । पथलैयास्थित पम्पको स्थापना काल देखि र नक्सालस्थित पम्पको २०६५।६६ देखि यो वर्षसम्मको आय–व्यय वासलातमा समावेश गरी लेखापरीक्षण गराएको छैन ।

५७. **कोष स्थापना –** प्रहरी कल्याण कोष विधान, २०५२ को दफा ५(६) मा कल्याण कोषको स्थापना केन्द्रीय, क्षेत्रीय, महानगरिय, अञ्चल र जिल्लासम्म एवं यसबाहेक प्रशिक्षण केन्द्र, सशस्त्र प्रहरीगण, गुल्म, ट्राफिक प्रहरी युनिटमा आवश्यकताअनुसार स्थापना गर्न सकिने व्यवस्था रहेको देखिन्छ । मातहतमा कोष स्थापना गरिएको विवरण उपलब्ध गराउन २०६८।११।१७ मा केन्द्रीय कल्याण कोषलाई अनुरोध गरिएकोमा क्षेत्रीयस्तरमा मूल धन मास्न नपाउने गरी ५ क्षेत्रमा रु.१ करोडका दरले रकम उपलब्ध गराइएको र अन्यको हकमा कार्यक्रम एवं निर्देशिका तयार गरी आगामी वर्षहरुमा खोलिने जानकारी २०६८।११।२३ मा प्राप्त भएको छ । उल्लिखित निकायमा स्थापना भएको कोषको आय–व्यय केन्द्रीय हिसाब एवं वासलातमा समावेश गरी लेखापरीक्षण गराएको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

५८. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ११ कार्यालयबाट रु.४ लाख ६ हजार, प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३ कार्यालयबाट रु.१ लाख ५५ हजार र सम्परीक्षणको क्रममा ३० कार्यालयबाट रु.३७ लाख ४४ हजार असुल भएको छ ।

५९. **पेश्की –** मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६८ आषाढ मसान्तमा रु.५९ करोड २६ लाख ४१ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.१ करोड १७ लाख ६ हजार फछ्र्यौट गरेकोले रु.५८ करोड ९ लाख ३५ हजार पेश्की बाँकी देखिएको छ । गत विगतको समेत कुल रु.१ अर्ब ४९ करोड ९८ लाख पेश्की फछ्र्यौट हुन बाँकी छ ।

६०. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

६०.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फ यो वर्ष रु.७० करोड २० लाख ९७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४९ लाख ५ हजार फछ्र्यौट गरेकाले रु.६९ करोड ७१ लाख ९२ हजार बाँकी रहेको छ ।

अन्य संस्था, समितितर्फ यो वर्ष रु.१ करोड १७ लाख ४९ हजार बेरुजू देखिएको छ ।

६०.२ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखि बेरुजूमध्ये सरकारी कार्यालयतर्फ रु.७८ करोड ६३ लाख २४ हजार र अन्य संस्था समितितर्फ रु. ६२ लाख २४ हजार फछ्र्यौट गरेकाले सम्परीक्षण गरिएको छ ।

६०.३ वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्र्यौट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१९ करोड ३२ लाख ९२ हजार फछ्र्योट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्र्यौट रु.९८ करोड ५८ लाख ४० हजारमध्ये सरकारी कार्यालयतर्फ रु.९७ करोड ९६ लाख १६ हजार र अन्य संस्था समितितर्फ रु.६२ लाख २४ हजार रहेको छ ।

परराष्ट्र मन्त्रालय

मन्त्रालय र मातहतका समेत ३८ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब ७ करोड ८१ लाख ७६ हजार, राजस्वतर्फ रु.२ अर्ब ३९ करोड ३७ लाख १८ हजार, धरौटीतर्फ रु.२२ करोड १ लाख १२ हजार र अन्य कारोबारतर्फ रु.२६ करोड ९५ लाख ५६ हजार समेत रु.४ अर्ब ९६ करोड १५ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ व्यवस्थापिका–संसद, सार्वजनिक लेखा समितिले २०६३।९।२६ समेत विभिन्न मितिमा २०५४।५५ भन्दा अघिको ६ वर्षको राजस्वतर्फ रु.२५ करोड १७ लाख ८७ हजार र विनियोजनतर्फको रु.२८ लाख ७५ हजारको बक्यौता लेखापरीक्षण गराउन मन्त्रालयलाई निर्देशन दिएकोमा लेखापरीक्षण गराएको छैन ।

१.२ अध्यागमन विभागबाट मन्त्रालयमा प्राप्त भिसा स्टीकरको प्राप्ति, खर्च एवं नियोगहरुमा पठाएको अभिलेख मन्त्रालयले राखेको छैन । यो वर्ष स्थलगत निरीक्षण गरिएका ८ नियोगले भिसा स्टीकर एवं पासपोर्टको आम्दानी खर्चको अभिलेख तोकिएको ढाँचामा राखेको पाइएन । सार्वजनिक लेखा समितिको २०६३।९।२१ को बैठकले भिसा स्टीकरको अभिलेख राखी सो रकमको हिसाब पेश गरी २०६३ चैत्रभित्र सम्परीक्षण गराउने निर्देशन दिएकोमा निर्देशन कार्यान्वयन गरेको छैन ।

१.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा आन्तरिक लेखापरीक्षणसम्बन्धी व्यवस्था छ । आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० मा विदेशस्थित नियोगहरुको आन्तरिक लेखापरीक्षणसम्बन्धी व्यवस्था गरेको छैन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **राजस्व –** आर्थिक कार्यविधि नियमावली, २०६४ ले तोकिएको ढाँचामा राजस्व लेखा अद्यावधिक राखी प्रतिवेदन एवं विवरण पेश गर्नुपर्ने र लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । नियोगहरुले असुल गरेको राजस्व मन्त्रालयमार्फत सञ्चितकोष दाखिला गरी एकमुष्टरुपमा आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउँदै आएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२.१ मन्त्रालय मातहतका ३२ नियोगले राजस्वको गोश्वारा भौचर उठाउने एवं तोकिएका अन्य फारामहरु प्रयोग गरी लेखा राख्ने र आर्थिक विवरण तयार गरेका छैनन् ।

२.२ साउदी अरबस्थित दूतावासले मन्त्रालयमा पठाउन बाँकी २०६५।६६ को रियाल ३ लाख ३० हजार, २०६७।६८ को असुलीमध्ये रियाल ३ लाख ४९ हजारसमेत रियाल ६ लाख ७९ हजार मौज्दात हुनुपर्नेमा राजस्व खातामा रियाल ५ लाख ९५ हजार बाँकी देखिन्छ । यस सम्बन्धमा बैङ्क हिसाब विवरण तयार गरी बैङ्क स्टेटमेन्ट भिडान गरी मौज्दात घटी वा बढी यकिन गर्ने गरेको देखिएन । मन्त्रालयमा पठाउन बाँकी देखिएको राजस्व रियाल ६ लाख ७९ हजारको २०६८ आषाढ मसान्तको विनिमय दरले हुने रु.१ करोड २९ लाख ४७ हजार सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२.३ यो वर्ष विदेशस्थित नियोगहरुबाट प्राप्त फाँटवारीअनुसार २०६७।६८ को असुली रु.५२ करोड ३ लाख १२ हजारमध्ये रु.२२ करोड ७७ लाख ४ हजार सञ्चित कोष दाखिला भएको र रु.२९ करोड २६ लाख ८ हजार दाखिला गर्न बाँकी देखिन्छ । नेपाली दूतावास, बर्लिनको वैशाखदेखि आषाढ महिनासम्मको र रियाद र

क्यानबेराको पूरै वर्षको राजस्वको फाँटवारी नै प्राप्त भएको छैन । मन्त्रालयले राजस्वको आर्थिक विवरणमा नियोगहरुले गरेको राजस्व असुली, मन्त्रालयमा ट्रान्सफर र बाँकीसमेत देखिने नियोगगत हिसाब नदेखाई प्राप्त रकममात्र असुलीमा देखाउने गरेकोले राजस्व हिसाबले यथार्थ स्थिति देखाउँदैन । यस सम्बन्धमा रु.१५ करोडभन्दा बढी दाखिला भइसकेको र अन्य रकम दाखिला हुने क्रममा रहेको जवाफ प्राप्त भएको छ ।

३. **बढी खर्च –** यो वर्ष रकमान्तर स्वीकृतबेगर २३ नियोगले निकासाभन्दा रु.२ करोड ३८ लाख १९ हजार बढी खर्च गरेको छ । सोमध्ये नेपाली दूतावास बेलायतले राजस्वबाट स्टर्लिङ पौण्ड ६० हजारको २०६८ आषाढ मसान्तको विनिमय दर रु.११५।४७ ले हुने रु.६६ लाख ६७ हजार विनियोजनतर्फ ल्याई खर्च गरेको छ । विगत ३ वर्षमा रकमान्तर स्वीकृत नगराई बढी खर्च गरेको स्थिति देहायअनुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	उप–शीर्षक संख्या	निकासाभन्दा बढी खर्च गर्ने नियोग संख्या	बढी खर्च
२०६५।६६	१ देखि ७	२३	२,४४,३४
२०६६।६७	१ देखि ९	२४	२,४८,९९
२०६७।६८	१ देखि ७	२३	२,३८,१९

गत विगत वर्षमा निकासाभन्दा बढी खर्च गरेको रु.२ करोड ५७ लाख ८९ हजार बेरुजू सचिवस्तरबाट नियमित गरी सम्परीक्षणको लागि अनुरोध भएअनुरुप सम्परीक्षण गरिएको छ । यसरी रकमान्तर स्वीकृतिबेगर बजेट एवं निकासाभन्दा बढी खर्च गर्नेउपर कारबाही नगरी नियमित गरी बेरुजू फछ्यौंट गर्दै जाने गरेकोले पनि बजेटको सीमा नाघि अनियमित खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुन सकेको छैन ।

नियोगहरुले बजेट नघाई मौज्दात रकम खर्च गर्ने, शीर्षक फरक पारी खर्च गर्ने, तोकिएको बजेट सीमा नाघी खर्च गर्ने एवं राजस्वबाट खर्च गर्ने परिपाटीले आर्थिक अनुशासन परिपालना भएको देखिएन ।

४. **लेखा फाराम –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) मा कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । विदेशस्थित नियोगहरुले राखेको लेखाको स्थिति देहायअनुसार छ:

४.१ कतिपय नेपाली राजदूतावासहरुले विनियोजनतर्फको लेखा राख्न प्रयोग गरेको बैङ्क नगदी किताबमा निर्दिष्ट महलहरुमा प्रविष्ट गरी यथार्थ हिसाब राखेको पाइएन । स्वीकृत ढाँचामा बैङ्क नगदी किताब नराख्नाले प्राप्त निकासा, खर्च, पेश्कीको अवस्था र बाँकी रहेको मौज्दात भिडान गरी यकिन गर्ने आधार भएन । नेपाली राजदूतावास रियादले बैङ्क नगदी किताब र पेश्की खाता राख्ने नगरेकोले स्रेस्ताअनुसार बैङ्क मौज्दात, पेश्की बाँकीसमेत यकिन गर्ने अवस्था छैन ।

४.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८५(३) बमोजिम दूतावासहरुले आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र वार्षिक आर्थिक विवरण तयार गर्नुपर्नेमा तदनुरुप पेश गर्ने गरेको देखिएन । दूतावासहरुले पठाएको खर्चको फाँटवारीको आधारमा मन्त्रालयले वार्षिक आर्थिक विवरण तयार गर्ने गरेको छ ।

५. **आन्तरिक नियन्त्रण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा मन्त्रालयअन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र कार्यान्वयन स्थितिको अनुगमन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । कर्मचारीहरुको कार्य विवरण लागू नगरेको, आन्तरिक लेखापरीक्षण हुने नगरेको, कर्मचारीको तलब भत्तालगायतमा नियमानुसार कट्टा गर्नुपर्ने कर कट्टा गर्ने नगरेकोले दूतावासहरुको आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी देखिएन ।

६. **सीधै खरिद –** विदेशस्थित कूटनीतिक नियोगहरुको लागि आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० को दफा ४ मा खरिद वा अन्य कार्य गर्न आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को प्रक्रिया पूरा गर्नुपर्ने र

स्थानीय प्रचलनअनुसार प्रक्रिया पूरा गर्न नसकेको अवस्थामा सोको कारण खुलाई नियोग प्रमुखले प्रमाणित गरी राख्नुपर्ने उल्लेख छ । हाल सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ लागू भएकोमा दूतावासहरुले खरिद कार्य गर्दा ती ऐन, नियमको पालना गरेको देखिएन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढीको काम बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक विधि अपनाई गराउनुपर्ने व्यवस्था छ । फ्रान्सस्थित दूतावासले राजदूत निवास मर्मतको लागि प्रतिस्पर्धाबेगर मर्मत गर्ने कम्पनीबाटै युरो १ लाख ४६ हजार ५५२ को मर्मतको लागत अनुमान र कोटेशन लिई युरो १ लाख ५६ हजार ९३६ खर्च गरी मर्मत कार्य गराएको छ । बेलायतस्थित दूतावासले कोटेशन लिई सम्झौता नै नगरी दूतावास भवन मर्मत गराई गत वर्ष रु.१ करोड ८९ लाख ६५ हजार र यो वर्ष रु.२३ लाख ५७ हजारको कार्य गराएको छ । उक्त दुवै दूतावासले गरेको कार्यको जाँचपास एवं कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरेको देखिएन ।

विदेशमा कुनै पनि खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमले तोकेको सीमाभित्र रही सिलबन्दी कोटेशन वा बोलपत्रको प्रक्रिया अपनाउन व्यावहारिक कठिनाइ हुने राजदूतहरुको भनाइ रहेको छ । दूतावासहरुको लागि सार्वजनिक खरिदसम्बन्धी छुट्टै नियम तयार गरी लागू नगरेको वर्तमान अवस्थामा मौजुदा कानूनको पालना गर्नुपर्दछ ।

७. **नियोग पदाधिकारीको सुविधा –** मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले नियोगहरुमा राजदूत तथा कर्मचारीहरु कार्यभार सम्हाल्न जाँदा र सरुवा भई जाँदा नियोग प्रमुखलगायत अन्य कर्मचारीका परिवारका आश्रित सदस्यहरु साथै वा पछि लगेमा ५ जनासम्मको र सरकारी खर्चमा निजी कामदार लान पाउने राजपत्राङ्कित कर्मचारीको निजी कामदारसमेतको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने, नियोग प्रमुखलगायत नियोगका अन्य कर्मचारीलाई नियोगमा बसुञ्जेल निजका परिवारका आश्रित सदस्यलाई पारिवारिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । उक्त निर्णयमा "परिवारको आश्रित सदस्य भन्नाले नियोग प्रमुखलगायत अन्य कर्मचारीको पति वा पत्नी, एक्काईस वर्ष ननाघेको अविवाहित छोरा, छोरी, धर्मपुत्र वा धर्मपुत्री र आफैंले पाल्नुपर्ने बाबु अथवा आमामध्ये एक सम्झनुर्छ" भन्ने उल्लेख छ । नियोग प्रमुखलगायत नियोगको पदाधिकारी र आश्रित परिवार तथा निजी कामदारको स्वास्थ्य बीमासम्बन्धी सम्पूर्ण रकम र बीमा हुन नसक्ने अवस्थामा मन्त्रालयको पूर्वस्वीकृत लिई स्वास्थ्योपचार गराएको भए लागेको खर्च रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ ।

मन्त्रिपरिषद्को निर्णयमा नियोग प्रमुखलगायत पारिवारिक भत्ता पाउने अन्य कर्मचारीका आश्रित ५ वर्षभन्दा बढी र १८ वर्षमुनिका अधिकतम २ छोराछोरीलाई बढीमा १२ कक्षासम्मका लागि नियोग रहेको देश हेरी नेपाल सरकारले तोकेबमोजिम शैक्षिक भत्ता दिइने उल्लेख भएकोमा मन्त्रिपरिषद्को २०५४।१।६ र २०५४।५।२३ को निर्णयले नियोगहरुमा कार्यरत कर्मचारीलाई प्रतिछोराछोरी कर्मचारीले प्राप्त गर्ने वैदेशिक भत्ताको १५ प्रतिशतका दरले वैदेशिक भत्ताको ३० प्रतिशतसम्म वा शैक्षिक शुल्क तिरेको बिलको ७५ प्रतिशतमध्ये जुन घटी हुन्छ सो रकम शैक्षिक भत्ताबापत उपलब्ध गराउने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

७.१ कर्मचारीको आश्रित परिवारको परिभाषाअनुसार सरुवा भएको स्थानमा बाबुआमा दुवैको भ्रमण भत्ताबापत खर्च दिन नमिल्नेमा ३ कर्मचारीलाई बाबुआमा दुवैको रु.३ लाख ३ हजार र २१ वर्ष नाघिसकेको छोराछोरी लगेबापत ३ कर्मचारीलाई रु.२ लाख ३१ हजारसमेत रु.५ लाख ३४ हजार हवाई भाडा भुक्तानी दिएकोले सो रकम असुल हुनुपर्दछ । यस सम्बन्धमा असुलउपर गरिने जवाफ प्राप्त भएको छ ।

७.२ दूतावासमा कार्यरत कतिपय कर्मचारीका छोराछोरी साथमा रहेको, स्कूल भर्ना भएको र स्कूलमा शुल्क तिरेको र उमेर खुलेको प्रमाणबेगर मासिक तलबी प्रतिवेदनमा शैक्षिक भत्ता समावेश गरी यो वर्ष १ दूतावासबाट रु.६ लाख १७ हजार र स्कूलमा शुल्क तिरेको प्रमाणबेगर २ दूतावासबाट रु.७ लाख ४६ हजार खर्च लेखेको छ । तोकिएको प्रमाणबेगर खर्च लेखेको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

७.३ मन्त्रिपरिषद्को निर्णयअनुसार कर्मचारीका परिवार लगेबापत दैनिक भ्रमण भत्ता, पारिवारिक भत्ता र शैक्षिक भत्ता खर्च लेखेको यकिन गर्न उमेर खुलेको पारिवारिक अभिलेख राख्नुपर्नेमा मन्त्रालय एवं नियोगहरुले उमेर खुलेको अद्यावधिक अभिलेख राख्ने गरेका छैनन् । अभिलेखको अभावमा कर्मचारीले छोराछोरीको भत्ता पाउन योग्य भए नभएको पुष्टि गर्ने आधार भएन । यस सम्बन्धमा मन्त्रालयले अभिलेख राख्ने व्यवस्थाको लागि कारबाही नगरी "व्यहोरा अवगत भयो" भन्ने जवाफ दिएको छ ।

७.४ आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० को दफा १८ मा नियोगमा कार्यरत कर्मचारीहरुको साथमा रहेका परिवारका सदस्यहरु नियोगमा आएको र नियोगबाट फर्केको अभिलेख नियोग प्रमुखबाट प्रमाणित गराई सोको विवरण असार महिनाको स्रेस्तासाथ अनिवार्य रुपमा मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । नियोगहरुले कर्मचारीको तलब भत्ता मासिक रुपमा भुक्तानी गर्दा परिवार साथमा रहेको व्यहोरा पुष्ट्याई गर्ने प्रमाणबेगर यो वर्ष ३२ नियोगले रु.६ करोड ८३ लाख ५३ हजार पारिवारिक भत्ता खर्च लेखेको लेखापरीक्षणबाट देखिएको छ ।

मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा राजदूतावास तथा नियोगमा खटिएका पदाधिकारीले साथमा परिवार लगेमा तोकिएअनुसार पारिवारिक भत्ता, शैक्षिक भत्ता, स्वास्थ्य बीमा र औषधि उपचार खर्च पाउने व्यवस्था गरेको देखिन्छ । विगत केही वर्षदेखि ल्हासा, रियाद, कतार, यांगुन र तेलअभिभस्थित नियोगमा कार्यरत कर्मचारीका आश्रित परिवार साथमा नरहे पनि कर्मचारीलाई उपर्युक्त पारिवारिक भत्तालगायतका सुविधा प्रदान गर्दै आएकोमा सो पाउने आधार पेश भएन । यसैगरी मन्त्रीस्तरबाट २०६४।२।२ मा बेइजिङ्ग तथा मस्को र २०६४।११।१७ मा सिओल, सचिवस्तरबाट २०६५।१२।१२ र २०६६।३।२ मा क्रमश: पेरिस र थाइल्याण्डस्थित नियोगमा कार्यरत कर्मचारीका परिवार साथमा नरहे पनि पारिवारिक भत्तालगायतका सुविधा दिने निर्णय भई ती नियोगका कर्मचारीहरुले साथमा परिवार नलगे पनि उक्त सुविधा दिने गरेको देखिएको छ । मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णय प्रतिकूल हुने गरी मन्त्री र सचिवस्तरको पटक पटकको निर्णयबाट परिवार साथमा नरहेको अवस्थामा पनि पारिवारिक भत्तालगायतका सुविधा प्रदान गर्नु औचित्यपूर्ण देखिएन । यस सम्बन्धमा २०६८।१०।९ मा सचिवलाई ध्यानाकर्षण गराइएकोमा परिवारसाथमा भएको प्रमाण संलग्न गरी भुक्तानी गर्न सम्बन्धित नियोगहरुलाई निर्देशन दिइएको जवाफ प्राप्त भएको छ । अत: पारिवारिक भत्ता खर्च सम्बन्धमा आवश्यक छानबिन गरी नियोगमा कार्यरत कर्मचारीहरुसाथ परिवार नरहेको अवधिको खर्च रकम यकिन गरी असुल गर्नुपर्दछ ।

७.५ पदाधिकारी तथा कर्मचारीको स्वास्थ्य बीमा बापत खर्च लेख्दा मन्त्रालयको लिखित आदेश लिनुपर्ने व्यवस्था भए तापनि यो वर्ष २० दूतावासले खर्च लेखेको रु.८ करोड ५४ हजारको लिखित आदेश लिएको पाइएन । मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णय नं.२ मा बीमा हुन नसक्ने खण्डमा मन्त्रालयको पूर्व स्वीकृति लिई स्वास्थ्योपचार गराइएको अवस्थामा नेपाल सरकारले खर्च व्यहोर्ने उल्लेख भएकोमा मन्त्रालयको २०६१।७।१८ को निर्णयले भनी नियोगमा कार्यरत कर्मचारी र निजका आश्रित परिवारलाई स्वास्थ्योपचार सुविधा अन्तर्गत बिल भरपाई पेश गरी मन्त्रालयबाट समर्थन गरी खर्च लेख्ने र अब उप्रान्त एक पटकमा नेपाली रुपैयाँ २० हजारसम्म वा सो बराबरको विदेशी मुद्राको स्वास्थ्योपचारको बिल नियोग प्रमुखले छानबिन गरी स्वीकृत गर्नसक्ने व्यवस्था गरेको देखिन्छ । सोही निर्णयबमोजिम यो वर्ष ३२ नियोगले स्वास्थ्योपचार खर्च र बीमाबापत रु.१० करोड ४६ लाख ९८ हजार खर्च गरेका छन् । यस्तो खर्चमध्ये रु.९ करोड ९४ लाख १८ हजारको समर्थन गराएका छैनन् । मन्त्रालयको २०६१।७।१८ को निर्णय पेश भएन । मन्त्रिपरिषद्बाट एक पटक निर्णय भइसकेकोमा सो विपरीत हुने गरी मन्त्रालयबाट पुन: परिपत्र गरी खर्च लेख्न मिल्ने आधार देखिएन । यस सम्बन्धमा मन्त्रालयको पूर्व स्वीकृति लिएर खर्च गर्न अनुरोध भइसकेको जवाफ प्राप्त भएको छ ।

८. **आवास सुविधा –** विदेशस्थित नियोगहरुमा काम गर्ने सबै कर्मचारीको आवासको लागि ओहदा र ठाउँ सुहाउँदो साधारण रुपमा सुसज्जित निवासको घरभाडा र अन्य आवश्यक खर्च दिइने मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले व्यवस्था गरेको छ । नियोग तथा दूतावासमा कार्यरत कर्मचारीहरुको घर भाडा खर्च नेपाल सरकारले व्यहोर्दै आएको छ । निर्णयमा नियोग प्रमुखको लागि साधारण रुपमा सुसज्जितको

परिभाषा गरिए तापनि अन्य कर्मचारीको आवासको सम्बन्धमा परिभाषित गरिएको छैन । एउटै श्रेणीका कर्मचारी आवासको लागि भाडामा लिइएको घरहरुमा उपलब्ध सुविधामा विविधता देखिएकोले दूतावास रहेको मुलुक पदाधिकारी र कर्मचारी ((श्रेणीगत र तहअनुसार) लाई उपलब्ध गराउने आवासको भाडा रकमसहितको मापदण्ड तय गर्नुपर्दछ ।

९. **तलब खर्च –** विदेशस्थित नेपाली राजदूतावास तथा नियोगमा कार्यरत राजदूतहरुमध्ये निजामती सेवामा रही राजदूत नियुक्ति भएका पदाधिकारीलाई आफ्नो पदअनुरुप पाउने तलब, ग्रेड र सञ्चय कोषसहितको रकम र निजामती सेवामा कार्यरत नरहेका अन्य व्यक्ति नियुक्ति हुँदा सचिव र मुख्य सचिवले पाउने सरह तलब खर्च लेखेबाट तलबमा विविधता देखिएको छ । राजदूतको तलब र अन्य सुविधा सम्बन्धमा भएको निर्णयको प्रतिलिपि उपलब्ध गराउन मन्त्रालयमा २०६८।१०।९ मा पत्राचार गरिएकोमा निर्णय पेश भएन । क्यानडा र रुसस्थित नेपाली दूतावासका राजदूतको तलब मुख्य सचिवको तलब बराबर हुने गरी खर्च लेखेकोले रु.४० हजार बढी भुक्तानी दिएको छ । बढी भुक्तानी लिएको तलब असुल गरिने जवाफ प्राप्त भएको छ ।

१०. **कर –** आयकर ऐन, २०५८ को दफा २ (क.ङ)(१)(ग) मा नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको व्यक्तिलाई वासिन्दा व्यक्ति भनी परिभाषित गरेको छ । ऐनको दफा ८(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने र ऐनको अनुसूची १ दफा १(६) मा विदेशस्थित नेपालका कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा करको गणना गरिने उल्लेख छ ।

उपर्युक्तबमोजिम कर लाग्ने व्यहोरा यस कार्यालयले गत विगत वर्षहरुदेखि औंल्याउँदै आएकोमा तदनुरुप सम्बन्धित व्यक्तिहरुबाट कर रकम असुल नगरी मन्त्रिपरिषद्ले २०६३।४।१ मा देहायअनुसार निर्णय गरेको छ ।

(१) "आयकर ऐन, २०५८ बाट विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरुमा कार्यरत कूटनीतिक कर्मचारीहरुलाई **जीवन निर्वाहका लागि** उपलब्ध गराइएको वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता तथा सबै प्रकारका वैदेशिक भत्ताहरु तथा औषधोपचार रकम समेतमा आर्थिक वर्ष २०५८।५९ देखि लागी आएको पारिश्रमिक कर छुट दिने" ।

(२) "अब उपरान्त वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता तथा औषधोपचार लगायतका सुविधामा लाग्ने पारिश्रमिक कर बराबरको रकम वैदेशिक भत्ता लगायतका सुविधाहरुमा थप गरी भुक्तानी दिने । यसबापत लाग्ने थप रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयका नाममा निकासा दिने र अर्थ मन्त्रालयले प्रत्येक वर्षको आर्थिक अध्यादेशमा यस सम्बन्धी व्यवस्था समावेश गर्ने" ।

मन्त्रिपरिषद्बाट भएको उक्त निर्णय आयकर ऐन, २०५८ विपरीत देखिएको छ । मन्त्रिपरिषद्ले कर छुट दिने गरेको निर्णय पछिका आर्थिक ऐनहरुमा साविक व्यवस्थामा कुनै परिवर्तन छैन । संसदको सार्वजनिक लेखा समितिले २०६८।५।२६ मा निर्णय गरी मन्त्रिपरिषद्को सो निर्णयअनुसार गर्न गराउन परराष्ट्र र अर्थ मन्त्रालयका सचिवलाई निर्देशन दिएको छ ।

ऐनमा व्यवस्था नभएको वा ऐनमा व्यवस्था भएको भन्दा बढी सुविधा दिई वासिन्दा प्राकृतिक व्यक्तिको कर दायित्व सरकारी कोषबाट व्यहोरी व्यक्तिलाई कर दायित्वबाट उन्मुक्ति दिने काम कारबाही रोक्नुपर्दछ । अर्थ मन्त्रालयमा निकासा माग गरेकोमा हालसम्म निकासा नभएको प्रतिक्रिया प्राप्त भएको छ ।

११. **बढी भुक्तानी –** संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन गएका पदाधिकारीलाई काठमाडौं–अबुधाबी–न्यूयोर्क–अबुधाबी–काठमाडौं सेक्टरको टिकट उपलब्ध गराएबापत एक ट्राभल्स एजेन्सीलाई रु.१७ लाख ५ हजार खर्च लेखेको छ । उक्त सेक्टरको लागि हवाई टिकट उपलब्ध गराउन निजसँग सम्झौता भएको दरभन्दा बढीको दर स्वीकृत गराई खर्च लेखेको रु.४ लाख ८९ हजार बढी भुक्तानी भएकोले उक्त रकम

असुल हुनुपर्दछ । यस सम्बन्धमा हवाई भाडा वृद्धि भएकोले सम्झौता अनुसार भुक्तानी गरेको जवाफ प्राप्त भएको छ तापनि सो खर्च लेख्दा सम्झौतामा उल्लिखित काठमाडौं–अबुधाबी, न्यूयोर्क–अबुधाबी–काठमाडौं सेक्टरलाई सम्झौता बाहिरको सेक्टर उल्लेख गरी छुट्टै दरभाउपत्र लिई बढी खर्च लेखेको हुँदा सो रकम असुल हुनुपर्दछ ।

१२. **जर्मनीको वोनस्थित घरको अवस्था –** बोनस्थित नेपाली राजदूतावास सन् २००० मा बर्लिनमा सरे पश्चात वोनस्थित नेपाल सरकारको स्वामित्वमा रहेका चान्सरी र राजदूतको निवास भवन प्रयोगविहीन अवस्थामा रहेको देखियो । सरकारी सम्पत्तिको उचित संरक्षण नहुँदा त्यत्तिकै अलपत्र अवस्थामा रहेबाट दुवै भवन क्षतविक्षत अवस्थामा रहेको स्थलगत निरीक्षणको क्रममा देखिएको छ । स्थलगत निरीक्षणको क्रममा लिइएको केही तस्विर देहायअनुसार छन्:

चान्सरी भवन

चान्सरी भवनको कोठाको अवस्था

उक्त घरहरुको पालोपहरा, मर्मत, पानी, बिजुली, टेलिफोन महसुललगायतमा २०६७६८ मा युरो ११ हजारको २०६८ आषाढ मसान्तको विनिमय दरअनुसार हुने रु.१२ लाख ९ हजार खर्च भएको देखिन्छ ।

१३. **कोषको लेखापरीक्षण –** नेपाली राजदूतावास कतारले कल्याणकारी कोष तथा मृतक क्षतिपूर्तिको लागि र नेपाली राजदूतावास रियादले मृतक क्षतिपूर्तिको लागि छुट्टाछुट्टै कोष खोली कारोबार गर्दै आएको छ । ती कोषको आय–व्यय विवरण पेश गरी आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) अनुसार यस कार्यालयबाट लेखापरीक्षण गराएको छैन ।

१४. **क्षतिपूर्ति व्यवस्था –** वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकहरु विभिन्न घटनामा परी शारीरिक रुपमा क्षति पुगेमा एवं मृत्यु भएमा निज कार्यरत रहेको कम्पनीबाट निजका हकदारले पाउने गरी दूतावास मार्फत क्षतिपूर्ति पठाउने गरेको छ । यो वर्ष विभिन्न दूतावासले रु.२६ करोड ९५ लाख ५६ हजार क्षतिपूर्ति रकम भुक्तानी गर्न मन्त्रालयमा पठाएको मध्ये रु.१८ करोड ७७ लाख ३२ हजार सम्बन्धित कानूनी हकदारलाई क्षतिपूर्ति बुझाइएको भरपाई पठाउने गरी जिल्ला प्रशासन कार्यालयमा पठाएको र रु.८ करोड १८. लाख २४ हजार मन्त्रालयमै मौज्दात रहेको छ । मन्त्रालयले मौज्दात रकमको व्यक्तिगत अभिलेख राखेको छैन ।

१५. **बैङ्क मौज्दात –** आर्थिक विवरणमा देखिएको मौज्दातभन्दा ९ दूतावास तथा नियोगमा रु.९८ लाख ३७ हजार घटी र १८ दूतावास तथा नियोगमा रु.१ करोड ५२ लाख ९४ हजार बढी मौज्दात रहेकोमा ९ दूतावासले बैङ्क मौज्दात प्रमाण लेखापरीक्षणमा पेश गरेका छैनन् । आर्थिक विवरणअनुसार घटी भएका मध्ये एक दूतावासमा रु.८२ हजार घटी र १८ मध्ये ३ दूतावासमा रु.११ लाख ९२ हजार बढी मौज्दात देखाएकोमा बैङ्क हिसाब विवरण पेश गरेका छैनन् । नियोगहरुले गत वर्षको रकम जिम्मेवारी नसारी खर्च गर्ने, राजस्वबाट सापटी नदेखाई खर्च गर्ने, विदेशी मुद्राको सटही परिवर्तनको कारण बचत र न्यूनको हिसाब देखिने अभिलेख नराख्ने, बैङ्क हिसाब मिलान नगर्ने गरेकोले आर्थिक विवरणले देखाएको बैङ्क मौज्दातको स्थिति यकिन हुने अवस्था छैन ।

१६. **क्षमता उपयोग –** मेसिन रिडेबल पासपोर्ट (एम.आर.पीं.) आपूर्ति गर्ने एक विदेशी कम्पनीसँग ५ वर्षभित्र ४० लाख पासपोर्ट आपूर्ति गरी दैनिक ४ हजार प्रतिका दरले पासपोर्ट आवेदकहरुको व्यक्तिगत विवरण सो पासपोर्टमा छपाई गरी वितरणको लागि तयार गर्नसक्ने गरी कम्प्युटर, प्रिन्टरलगायतका उपकरण जडान गर्नुपर्ने र जनशक्तिको समेत व्यवस्था गर्ने गरी २०६७।५।११ मा प्रति मेसिन रिडेबल पासपार्टको अमेरिकी डलर ३.५९ मा खरिद गर्ने सम्झौता भएको छ । सम्झौतामा एकमुष्ट सम्झौता रकम उल्लेख गरेको छैन । राहदानी विभागले २०६७।९।११ देखि मेसिन रिडेबल पासपार्टमा आवेदकहरुको व्यक्तिगत विवरण छपाई गर्ने कार्य सुरु गरेकोमा सो दिनदेखि २०६८ आषाढ मसान्तसम्म १६३ कार्यदिनमा १ लाख ७३ हजार मेसिन रिडेबल पासपार्टमा आवेदकहरुको व्यक्तिगत विवरण छपाई गरेको देखिँदा जडित क्षमताको २६.६५ प्रतिशतमात्र उपयोग गरेको देखियो । यो वर्ष उक्त कार्यबापत आपूर्तकलाई रु.७ करोड ९९ लाख ३० हजार भुक्तानी भएको देखिन्छ । मेसिन रिडेबल पासपार्टको लागि आवेदन प्राप्त गर्ने र छानबिन गरी व्यक्तिगत विवरण छपाईको लागि आपूर्तकलाई उपलब्ध गराउनु पूर्वका प्रक्रिया छिटो छरितोसँग पूरा गर्न हाल मेसिन रिडेबल पासपार्ट जारी गर्न लागिरहेको समयावधि र राहदानी विभागको वर्तमान जनशक्तिसहितको क्षमताको पुनरावलोकन गरी अधिकतम उपयोग गर्न आवश्यक कार्ययोजना बनाई लागू गर्नुपर्दछ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१७. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ४ कार्यालयबाट रु.७३ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि १ कार्यालयबाट रु.४१ हजार र सम्परीक्षणको क्रममा रु.१ करोड ६८ लाख ७८ हजारसमेत रु.१ करोड ६९ लाख ९२ हजार असुल भएको छ ।

१८. **पेश्की –** मन्त्रालय मातहतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ५ कार्यालयको रु.१९ करोड ८० लाख ३७ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१ करोड ५३ लाख १० हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.३४ करोड ४१ लाख ४९ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१९. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

१९.१ मन्त्रालय र मातहत कार्यालयहरुमा यो वर्ष रु.६४ करोड ९५ लाख ९८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख १८ हजार फछ्यौंट गरेकोले रु.६४ करोड ९४ लाख ८० हजार बाँकी रहेको छ ।

१९.२ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.११ करोड ३२ लाख ८० हजार बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराएको छ ।

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मन्त्रालय र मातहत समेत ८ कार्यालयको विनियोजनतर्फ रु.७८ करोड ८१ लाख ४५ हजार, राजस्वतर्फ रु.२३ करोड ५२ लाख ११ हजार धरौटीतर्फ रु.५ करोड ३० लाख २४ हजार र अन्य कारोबारतर्फ रु.२३ लाख ९२ हजार गरी रु.१ अर्ब ७ करोड ८७ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका सार्वजनिक संस्थान, समिति र अन्य संस्थातर्फ ९ कार्यालयको रु.४६ अर्ब ८७ करोड ६९ लाख ५४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्षपनि सुधार भएको पाइएन । यस सम्बन्धी केही उदाहरण देहायबमोजिम छन्:

१.१. **बक्यौताको लेखापरीक्षण** – मन्त्रालयले मातहत कार्यालयका ३२ इकाईको रु.४६ लाख २ हजार कारोबारको लेखापरीक्षण यो वर्ष पनि गराएको छैन ।

१.२. **ताल संरक्षण नीति** – ताल संरक्षण विकास समितिले ताल संरक्षण तथा विकास सम्बन्धी नीति बनाई कार्यान्वयन गर्नुपर्ने, ताल क्षेत्रको सिमाङ्कन गरी लगत राख्नुपर्ने, ताल क्षेत्रमा हुने प्रदुषण नियन्त्रणको ठोस पहल गरी संरक्षण गर्नुपर्ने जस्ता कुरा समितिको गठन आदेश, २०६३ को दफा ४ मा उल्लेख छ । तर समितिले उल्लेखित कार्य आगामी वर्षमा अगाडि बढाइने प्रतिवद्धता गत वर्ष नै व्यक्त गरेको भए तापनि यो वर्ष पनि सुधार गरेको छैन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यबस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **बजेट बक्तव्यको कार्यान्वयन** – जनकपुरको वैवाहिक आदर्श, पोखराको प्राकृतिक रोमाञ्चकता र लुम्बिनीमा रहेको भगवान गौतमबुद्धको जन्मस्थलको पवित्रताको अनुपम आकर्षणलाई पर्यटकीय यात्राको अन्योन्याश्रित र परिपूरक त्रिकोणीय गन्तव्यको रुपमा विकास गर्न यसै वर्ष रणनीतिक गुरुयोजना तयार गरिने, गौतमबुद्धको जन्मस्थल लुम्बिनी, क्रिडास्थल कपिलबस्तु, देवदह र रामग्राम समेतको एकीकृत विकास गरी अन्तर्राष्ट्रिय शहर निर्माण गर्न अन्तर्राष्ट्रिय सहयोग समेत परिचालन गरिने, स्वर्गद्वारी सम्पत्ति संरक्षण गुरुयोजना तयार गरिने जस्ता विषयहरु यो वर्षको बजेट बक्तव्यमा उल्लेख गरेको भएपनि तद्नुरुपको कार्यक्रम स्वीकृत तथा बजेट व्यवस्था भएको देखिएन । आगामी वर्षमा समायोजन गरी प्रगति हासिलतर्फ प्रयास जारी रहने जवाफ प्राप्त भएको छ ।

३. **निरीक्षण/परीक्षण** – पर्यटन ऐन, २०३५ को दफा ५ ले इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफ्नो सेवाबापत लिइने शुल्कको दरको सूचना नेपाल सरकारलाई दिनुपर्ने, दफा १२ ले पर्यटकस्तर होटलको रुपमा दर्ता भएका होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बारको निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरुको परीक्षण गराउनसक्ने र दफा १२(५) ले निरीक्षणबाट ऐनको व्यवस्था विपरीत कार्य भएको देखिएमा त्यस्ता होटलको सञ्चालन दर्ता खारेज समेत गर्नसक्ने व्यवस्था गरेको देखिन्छ ।

मन्त्रालयले त्यस्ता होटल तथा रिसोर्ट र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीहरुको लगत राखी नियमित निरीक्षण तथा परीक्षण गरेको छैन । यसबाट गुणस्तरीय सेवा प्रवाह प्रभावित हुनको साथै राजस्व आर्जनमा समेत प्रतिकूल प्रभाव पर्नसक्ने देखिएकोले लगत अद्यावधिक गराई नियमित निरीक्षण तथा परीक्षणको व्यवस्था हुनुपर्ने देखियो । आगामी दिनमा यसलाई व्यवस्थित गर्न पहलकदमी रहने जवाफ प्राप्त भएको छ ।

४. **अनुदान** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) ले विशेष प्रकारको पटके कार्यक्रम सञ्चालनको लागि रकम निकासा दिएपछि सोको प्रगति विवरण लिई लक्ष्य अनुसार काम भए नभएको, लेखापरीक्षण भए नभएको अध्ययन अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष विभिन्न ३३ संस्थालाई रु.३३ करोड ८३ लाख ११ हजार अनुदान उपलब्ध गराएकोमा उपर्युक्त बमोजिमको विवरण तयार गरेको छैन । त्यसमध्ये १२ संस्थालाई गएको रु.२७ करोड ३६ लाख १२ हजारको उपयोग स्थिति स्पष्ट छैन । रकमको सदुपयोग सम्बन्धमा निर्देशिका बनाइने, अनुगमन गर्ने र आवधिक प्रतिवेदन लिने काम भईरहेको जवाफ प्राप्त भएको छ ।

५. **कार्यसञ्चालन कोष –** नेपाल सरकारको २०६५।४।३० को निर्णयमा सरकारी कार्यालयहरुले कुनैप्रकारको कोष खडा गरी सञ्चालन गर्न नपाइने तथा अर्थ मन्त्रालयको २०६५।५।३ को परिपत्रानुसार त्यस्ता कोषहरुमा जम्मा भएका रकम राजस्व खातामा दाखिला गरी विनियोजन ऐन अनुसार मात्र खर्च गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले पर्वतारोहण रोयल्टीबापत प्राप्त भएको रकमको १ प्रतिशत रकम रु.२३ लाख ९२ हजारको कार्यसञ्चालन कोष खडा गरी आरोहण अनुगमन, अन्तरक्रिया कार्यक्रम तथा निजामती सेवा दिवस आदि कार्यक्रममा यो वर्ष रु.७ लाख ७८ हजार खर्च गरेको छ । कार्यसञ्चालन कोषमा रहेको रकम सञ्चितकोष दाखिला हुनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइए तापनि स्थिति यथावत् छ ।

६. **बिदा पर्यटन** – आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले यो वर्ष निजामती कर्मचारीहरुका लागि १७ स्थानमा बिदा पर्यटन कार्यक्रम सञ्चालन गरेको छ । यो वर्ष १०० कर्मचारीलाई बिदा पर्यटनमा पठाउँदा र सम्बद्ध अन्य कार्य गर्दा रु.२० लाख २१ हजार खर्च गरेको छ । कार्यक्रम सञ्चालन गर्दा मापदण्ड सहितको कार्यविधि बनाई तद्नुरुप कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेको भए तापनि यो वर्षपनि सुधार गरेको देखिएन । कार्यविधि स्वीकृत भई लागू गरेको र मोडालीटी परीक्षण गर्ने कार्य भईरहेको जवाफ प्राप्त भएको छ ।

७. **ग्रामीण पर्यटन –** ग्रामीण पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्धेश्यले ग्रामीण पर्यटनको नमुना देश भारत र मलेशियाको भ्रमणमा मन्त्रालयको कर्मचारीको २ टोलीलाई अध्ययन भ्रमणमा पठाई यो वर्ष रु.१५ लाख ७ हजार खर्च गरेको छ । उक्त टोलीबाट पेश भएको प्रतिवेदनमा नेपालको ग्रामीण पर्यटन विकासको लागि सुरक्षा वातावरणलाई सुदृढ बनाउनुपर्ने, पूर्वाधार विकास, विषेशज्ञ टोलीद्धारा ग्रामीण पर्यटन विकास योजना पहिचान, हवाई सेवाको विस्तार, पशुपतिनगरमा अध्यागमन कार्यालयको स्थापना गर्नुपर्ने जस्ता सुझाउ उल्लेख छ । उक्त सुझाव कार्यान्वयनतर्फ आवश्यक पहल हुनुपर्ने देखियो । सरोकार निकायसँग समन्वय गरी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जाने जवाफ प्राप्त भएको छ ।

पर्यटन पूर्वाधार विकास आयोजना

८. **सम्भाव्यता अध्ययन –** मन्त्रालय अन्तर्गतको पर्यटन पूर्वाधार विकास आयोजनाको स्वीकृत कार्यक्रमबमोजिम यो वर्ष पर्यटन पूर्वाधारको गुरुयोजना निर्माण, केबुलकार, ट्रेकिङ्ग ट्रेल संभाव्यता अध्ययनमा रु.३१ लाख ४० हजार खर्च गरेको छ । यसैगरी २०६५।६६ मा ५ स्थानमा केबुलकार संभाव्यता अध्ययनमा रु.१४ लाख १० हजार र २०६६।६७ मा अर्घाखाँचीको घेरालेकमा प्याराग्लाइडिङ्ग, मुक्तिनाथ क्षेत्रमा केबुलकारको साथै, विभिन्न स्थानको गुरुयोजना तयारी समेत रु.१३ लाख ७५ हजार खर्च गरी यो वर्षसम्ममा संभाव्यता अध्ययन प्रतिवेदन तयारीमा रु.५९ लाख २५ हजार खर्च भएको पाइयो । अत: सम्भाव्यता अध्ययन एवं आयोजना कार्यान्वयन सम्बन्धमा तयार भएका प्रतिवेदनमध्ये कार्यान्वयनयोग्य आयोजना सञ्चालन गर्न उपयुक्त रणनीति तर्जुमा गरी क्रमश: कार्यान्वयनमा लैजानु पर्दछ ।

संगठित संस्था, अन्य संस्था र समितितर्फ

वायुयान सञ्चालन कोष

वायुयान सञ्चालन कोषको २०६७।६८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

९. **सञ्चालन नतिजा** – यो वर्ष आयकर व्यवस्था अघिको नोक्सान रु.१ करोड ७२ लाख ६७ हजार देखाएको छ । गत वर्षको सञ्चित नाफा रु.१७ करोड ६३ लाख ९४ हजारमा यस वर्षको नोक्सान समायोजन गर्दा वर्षान्तको सञ्चित नाफा रु.१५ करोड ९१ लाख २७ हजार रहेको छ ।

१०. **नीति तर्जुमा –** कोषको सञ्चालन सम्बन्धी व्यवस्थापनको जिम्मा नागरिक उड्डयन प्राधिकरणलाई दिए पनि व्यवस्थापनको ठोस नीति र कार्यक्रम तयार गरेको छैन । विभिन्न १० बैङ्कमा रहेको मौज्दात रु.३३ करोड २० लाख १५ हजार निष्क्रिय पूँजीको रुपमा रहेको छ । बैङ्कमा गरिएको उक्त लगानी अल्पकालीन प्रकृतिको छ । कोषको रकममध्ये ब्याज नआउने चल्ती खातामा रु.२ करोड ९२ लाख ८१ हजार रहेको छ । बचत खातामा राख्दा सामान्य ब्याज दरले गणना गर्दापनि लाखौँ रुपैयाँ वार्षिक ब्याज आम्दानी हुनसक्नेतर्फ ध्यान पुगेको देखिएन ।

११. **राजस्व दाखिला –** कोषको वित्तीय विवरणमा गत विगत वर्षदेखिको नेपाल सरकारलाई तिर्न बाँकी राजस्व रु.२१ लाख ६० हजार देखाएको छ । विगत वर्षदेखिनै भुक्तानी गर्न बाँकी देखाउँदै आएको मूल्य अभिवृद्धि कर रु.५ लाख २० हजार सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने व्यहोरा गत वर्ष औँल्याइएको भए पनि राजस्व दाखिला गरेको छैन । उक्त दुबै रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१२. **हिसाब मिलान –** हवाई उड्डयन सुरक्षा विभाग तथा नेपाल नागरिक उड्डयन प्राधिकरणसँग लिनुपर्ने भनी क्रमश: रु.१३ लाख ७१ हजार र रु.१३ लाख ८८ हजार वासलातमा देखाएको छ । तर उक्त सुरक्षा विभाग तथा प्राधिकरणको दिनुपर्ने हिसाबमा उक्त रकम समावेश भएको नदेखिएकोले यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

१३. **असामी –** गत वर्ष असामी हिसाबमा विभिन्न २८ व्यक्ति तथा संस्थाबाट रु.१ करोड १५ लाख ४६ हजार लिनु पर्ने देखाएकोमध्ये यो वर्ष पनि असुल हुनसकेको देखिएन । यो वर्ष रु.२६ लाख ४ हजार असामी थप भएको छ । पुरानो असामीबाट रकम असुल हुनसक्ने नसक्ने छानबिन गरी हिसाब यकिन गरिनुपर्दछ ।

कोषको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बाट देखिएका व्यहोरा निम्न छन् :

१४. **सञ्चालन नतिजा** – यो वर्ष आयकर व्यवस्था अघिको नाफा रु.५८ लाख २३ हजार देखाएको छ । गत वर्षको सञ्चित नाफा रु.१७ करोड ५ लाख ७२ हजारमा यस वर्षको नाफा समावेश गर्दा कुल सञ्चित नाफा रु.१७ करोड ६३ लाख ९४ हजार रहेको छ ।

१५. **बिनिमय हिसाब –** कोषको आय–व्यय हिसाबबमोजिम विनिमय नोक्सान रु.१ करोड ३० लाख २८ हजार देखाएको छ । तर सो विनिमय दर सहितको गणना हिसाब तयार नगरेकोले यकिन गर्न सकिएन ।

१६. **प्रतिस्थापन कोष –** वासलातबमोजिम गत वर्ष प्रतिस्थापन कोषमा जम्मा रकम रु.२ करोड ३९ लाख १९ हजार भएकोमा यो वर्ष रु.२ करोड ४९ लाख ५७ हजार देखाएको छ । यो वर्ष थप भएको रु.१० लाख ३८ हजार सम्बन्धमा विवरण खुलाएको छैन ।

१७. **जिन्सी मौज्दात –** कोषको वासलातबमोजिम जिन्सी मौज्दात रु.२ करोड ९४ लाख ९१ हजार रहेको छ । करोडौ रुपैयाको मौज्दात मूल्य एकमुष्ठ देखाएको छ, तर सोको विस्तृत विवरण तयार गरेको छैन ।

नेपाल पर्यटन बोर्ड

यस बोर्डको २०६६।६७ र २०६७।६८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

१८. **सञ्चालन नतिजा** – गत वर्षसम्म सञ्चित नोक्सान रु.२ करोड ८२ लाख ८ हजार रहेकोमा यो वर्षको आय रु.३६ करोड १३ लाख ९५ हजारमध्ये खर्च रु.३४ करोड ६२ लाख ४५ हजार खर्च भई नाफा रु.१ करोड ५१ लाख ५० हजारमा गत वर्षको सञ्चित नोक्सानी समायोजन पछि रु.१ करोड ३० लाख ५८ हजार सञ्चित नोक्सानी भएको छ ।

१९. **बजेट खर्च –** नेपाल पर्यटन बोर्ड आर्थिक विनियम तथा कार्यविधिहरु, २०५५ को विनियम ३.४ अनुसार बजेटको सीमाभित्र कार्यकारी प्रमुखले १० प्रतिशत र समितिको अध्यक्षले १५ प्रतिशतमा नबढाई रकमान्तर गर्नसक्ने व्यवस्था छ । यो वर्ष स्वीकृत वार्षिक बजेटभन्दा केही मुख्य शीर्षकमा २५ प्रतिशतसम्म र उप–शीर्षकहरुमा २९४ प्रतिशतसम्म बढी खर्च लेखेको छ ।

२०. **सूचना प्रणाली –** पदयात्री पर्यटक सूचना व्यवस्थापन प्रणाली लागू गर्ने सम्बन्धमा नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्सी एसोसिएसन अफ नेपाल (टान) बीच पदयात्री पर्यटक सूचना व्यवस्थापन प्रणाली कार्ड बिक्रीबाट उठेको रकममध्ये एक तिहाई टानले प्राप्त गर्ने र उक्त रकम जिम्मेवार पर्यटनको अवधारणा अनुसार तोकिएको क्षेत्रमा खर्च गर्ने गरी सम्झौता भएको पाइयो । बोर्डले सम्झौताबमोजिम रु.२ करोड ९७ लाख ३१ हजार अक्टोबर १५, २०११ मा टानलाई निकासा दिएको पाइयो । समझदारीपत्रको दफा ७ अनुसारको सेवा शुल्क र खर्च विवरणको तथ्याङ्क सहितको अद्यावधिक त्रैमासिक प्रगति प्रतिवेदन पेश नगरेकोले समझदारीको व्यवस्था पालना भएको नदेखिनुको साथै सेवा शुल्क प्राप्ति र खर्चको उपयोग सम्बन्धमा यकिन हुनसक्ने स्थिति छैन ।

२१. **लेखापरीक्षण वक्यौता –** नेपाल पर्यटन वर्ष, २०११ का लागि यो वर्ष स्वीकृत कार्यक्रम सञ्चालन गर्न विनियोजित रकममध्ये रु.१३ करोड पर्यटन बोर्डलाई उपलब्ध गराउने गरी २०६८।३।२४ को सचिवस्तरीय निर्णय अनुसार प्राप्त हुन आएको रकम २०६८।३।२८ मा पर्यटन वर्षको सचिवालयलाई निकासा गरेको पाइयो । उक्त खर्चको लेखापरीक्षण सोही सचिवालयलेनै छुट्टै गराउने जानकारी दिए तापनि लेखापरीक्षण गराएको छैन ।

२२. **मौज्दात रहित बैङ्कबाट भुक्तानी –** बोर्डले विभिन्न पार्टीहरुबाट वस्तु वा सेवा खरिद गरेबापत भुक्तानी दिँदा विभिन्न बैङ्क मार्फत भुक्तानी गर्ने गरेको छ । नेपाल इन्भेष्टमेण्ट बैङ्क मार्फत भुक्तानी गर्दा शुरु मौज्दात नै नभएको लेखा पेश गरेकोमा सो बैङ्क खाताबाट रु ९ लाख १० हजार भुक्तानी गरेको देखाई हिसाब लेखाङ्कन गरेको पाइयो । आर्थिक वर्षको अन्तसम्म पनि सो बैङ्क हिसाब मिलान गरेको पाइएन ।

२३. **पेश्की –** नेपाल पर्यटन बोर्ड आर्थिक विनियम तथा कार्यविधिहरु, २०५५ को विनियम ५ मा जुन कार्यका लागि पेश्की लिएको हो सो कार्यसम्पन्न भएपछि पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था भए तापनि ३० व्यक्तिको नाममा रहेको पेश्की रु.३७ लाख ५९ हजार आर्थिक वर्ष भित्र फछ्यौंट गरेको छैन । दुई बेनामीको पेश्की बाँकी रु.१० लाख १७ हजार देखाएकोमा पेश्की लिने व्यक्ति/पार्टी यकिन हुनसकेको छैन ।

पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति

२४. **गुरुयोजना –** पर्वतीय प्रशिक्षण केन्द्र, सोलुखुम्बुको स्वीकृत गुरुयोजनाको २ चरणको प्रारम्भिक लागत अनुमान रु.२१ करोड २२ लाख रहेको छ । गुरुयोजना कार्यान्वयनको लागि मन्त्रालयले पूर्वाधार निर्माणको कार्यमा प्रारम्भिक सहयोग गर्ने र समितिले बाह्य तथा दातृसंस्थाको समेत सहयोग जुटाई पूर्वाधार विकासमा खर्च गर्नुपर्ने शर्त स्वीकृत गुरुयोजनामा उल्लेख छ । पहिलोचरण ५ वर्षमा रु.१३ करोड ६० लाख खर्च हुने गुरुयोजनाको उल्लेखित लागत अनुमानको आधारमा औसत दरले यो वर्षसम्ममा पूर्वाधार निर्माण कार्यमा रु.५ करोड ४४ लाखको लागत बराबरको कार्य सम्पन्न गरिसक्नुपर्नेमा रु.४१ लाख ४९ हजार (७.६२ प्रतिशत) को मात्र कार्य भएको देखियो । गुरुयोजनामा उल्लेख भएबमोजिमको उपलब्धी समयमा नै

हासिल हुनसक्ने अवस्था देखिएन । गुरुयोजनाले प्रक्षेपण गरेबमोजिमको साधन स्रोतको व्यवस्था गरी कार्य सञ्चालन गर्न आवश्यक देखिन्छ ।

तारागाउँ विकास समिति

समितिको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

२५. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चालन नोक्सानी रु.५० लाख ७१ हजार रहेकोमा यो वर्ष रु.७४ लाख ६८ हजार नोक्सानी थप र समायोजनबाट रु.२ लाख ७२ हजार नोक्सानी घटाइएबाट यस वर्षसम्मको सञ्चित नोक्सानी रु.१ करोड २२ लाख ६७ हजार पुगेको छ । बिक्री हुन नसकेका सामान, कर्मचारीको उपदान, विदा र लगानी नोक्सानी आदिको लागि थप व्यवस्था गर्ने हो भने समितिको नोक्सानी अझै बढ्ने देखिन्छ ।

२६. **स्थिर सम्पत्ति –** समितिको स्वामित्व तथा मातहतमा रहेका स्थिर सम्पत्तिहरुको अभिलेख राख्ने प्रयोजनको लागि समितिको केन्द्रमा तथा शाखाहरुमा स्टक रजिष्टरको प्रयोग गरे तापनि उक्त रजिष्टरमा सम्पत्तिको ऐतिहासिक लागत मुल्य, खरिद मिति, ह्रास कट्टी रकम, सम्पत्ति रहेको स्थान र सङ्केतनम्बर आदि खुल्ने गरी अभिलेख राखेको पाइएन । समितिको स्वामित्वमा रहेका बौद्धस्थित केही जग्गा अदालतमा मुद्दा रहेकोमा संभावित दायित्वबापत व्यवस्था गरेको छैन । बाँकी अन्य जग्गाको सम्बन्धमा विगतमा सार्वजनिक लेखा समितिबाट पुन: मूल्याङ्कन गराई समितिको हितमा उपयोग गर्न निर्देशन दिएकोमा जग्गाको पुन: मूल्याङ्कन गरेको पाइएन ।

२७. **लगानी –** समितिले तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको साधारण शेयरमा रु.१७ करोड लगानी गरेको छ । उक्त होटलबाट समितिलाई हालसम्म प्रतिफल प्राप्त भएको छैन । होटलको शेयर २०६७।२।२५ मा प्रति कित्ता रु.७८ मा कारोबार भएकोले सो दरमा शेयरको लेखाङ्कन गर्दा शेयरको मूल्य रु.१३ करोड २६ लाखमात्र हुने देखिएको छ ।

२८. **जग्गा भाडा –** समिति र तारागाउँ रिजेन्सी होटल लिमिटेडबीच बौद्ध स्थित १४८ रोपनी जग्गाको लीज सम्झौता अनुसार होटलले प्रत्येक वर्षको लीजबापतको रकम समितिलाई अग्रिम रुपमा बुझाउनुपर्नेमा बुझाएको छैन । उक्त होटलसँग २०६६।६७ मा भाडाबापत रु.१० लाख ४८ हजार बाँकी राखेको छ ।

२९. **भाडा –** नयाँ सडकस्थित रमागृहको पहिलो र दोस्रो तलाको अन्दाजी १ हजार २२४ वर्ग फिटमा रेष्टुरेन्ट सञ्चालन गर्ने भाडा सम्झौताबमोजिम भाडामा लिनेले तीन महिनाको सुरक्षणबापत रु.१ लाख ८१ हजार धरौटी राख्नुपर्नेमा राखेको पाइएन । त्यस्तै अर्को भाडा सम्झौता अनुसार आर्थिक वर्षभित्र प्राप्त गर्नुपर्ने रु.१० लाख ५४ हजार प्राप्त गरेको छैन । सम्झौता अनुसार हरेक महिनाको घरभाडा अग्रिम बुझाउनुपर्ने र नबुझाएमा बक्यौता रकमको १० प्रतिशतका दरले ब्याज लिने शर्त रहेकोमा ब्याज असुली गरेको पनि छैन । यस्तै सोही गृहमा भित्ते पसल सञ्चालन गर्ने दुई व्यक्तिबाट भाडाबापत असुल गर्नुपर्ने रु.४ लाख २ हजार पनि असुल गरेको छैन ।

नेपाल नागरिक उड्डयन प्राधिकरण

प्राधिकरणको २०६७।६८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

३०. **सञ्चालन नतिजा** – यो वर्ष रु ८५ करोड ५१ लाख ३४ हजार नाफा देखाएकोमा आयकर व्यवस्थाबापतको रकम घटाई रु ७४ करोड २५ लाख ८२ हजार खुद मुनाफा देखिएको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.१ अर्ब २६ करोड २८ लाख ९२ हजार भएकोमा यस वर्षको नाफा तथा गत वर्षको आम्दानी समायोजन गर्दा वर्षान्तमा सञ्चित नोक्सानी ४० करोड ७१ लाख २७ हजार पुगेको छ । उक्त नोक्सानीमा आय विवरण समयमा नबुझाए वापतको शुल्क, कर्मचारी अवकाश व्यवस्था समायोजन गर्दा उक्त नोक्सानी अझै बढ्ने देखिन्छ ।

३१. **वित्तीय विवरण प्रस्तुति –** नेपाल लेखामान र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुरुप प्राधिकरणको वित्तीय विवरण तयारी एवं समूचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी प्राधिकरण व्यवस्थापनको रहे

तापनि प्राधिकरण स्थापना भएदेखि यो वर्षसम्मको वित्तीय विवरण तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई लेखापरीक्षणमा पेश नगरेकाले प्राधिकरणको २०५५।९।१६ देखिको लेखापरीक्षण अन्तिम गर्न सकिएको छैन । वित्तीय विवरण प्राधिकरणको बोर्डबाट स्वीकृत गराई लेखापरीक्षणमा पेश गर्न प्राधिकरणका महानिर्देशक लगायतका पदाधिकारीहरुबाट पटक पटक प्रतिवद्धता व्यक्त भए तापनि कार्यान्वयन हुनसकेको छैन । विगतका आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी वित्तीय प्रतिवेदनउपर विपरीत राय हुने अवस्था सहितको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन वर्षैपिच्छे उपलब्ध गराएकोमा सञ्चालक समितिले कुनै प्रतिक्रिया उपलब्ध गराएको छैन । सञ्चालक समितिबाट ती आर्थिक वर्षको वित्तीय विवरणउपर लेखापरीक्षणबाट औँलिएका कैफियत सुधार गरी अन्तिम गर्न नसकेको र प्रतिक्रिया समेत प्राप्त नभएकाले यो वर्ष पेश गरेको वित्तीय विवरणको तुलनात्मक अङ्क तथा कारोबार अङ्कमा कैफियत रहेकोले प्राधिकरणको वित्तीय अवस्था तथा कारोबारको सही र यथार्थ अवस्था चित्रण गरेको भनी यकिन गर्न सकिने अवस्था छैन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

३१.१. प्राधिकरणको वित्तीय विवरण तयारी र प्रस्तुतिकरण प्रोदभावी लेखा सिद्धान्त अनुसार गर्ने नीति तय भएकोमा सोको लागि प्रचलित नेपाल लेखामान अधिकांशत: पालना भएको छैन । नेपाल लेखामानले तोकेको मानदण्ड न्यूनतम स्तरसम्म पालना नगरेकोले वित्तीय विवरण तयारी सही र यथार्थ देखिँदैन ।

३१.२. प्राधिकरण अन्तर्गतका कार्यालयहरुले स्थिर सम्पत्ति खाता नराखी जिन्सी अभिलेख खातामात्र राखेका छन् । वित्तीय विवरणमा संलग्न अनुसूचीमा स्थिर सम्पतिको शुरु मौज्दातमा यस वर्षको इकाई कार्यालयहरुले खरिद गरेको थप गरी विवरण तयार गरिएको छ । स्थिर सम्पत्तिको नाम नामेसीको परिमाण सहितको विवरण र गत वर्षसम्मको बाँकी यो वर्ष थप, ह्रास कट्टी र वर्षान्तको बाँकी सम्पत्तिको मूल्य, सम्पत्ति रहेको स्थान, खरिद तथा प्राप्ती मिति खुल्ने गरी स्थिर सम्पत्तिको खाता नराखेको र सम्पत्तिको भौतिक परीक्षण गरी आवधिक मूल्याङ्कन गर्ने व्यवस्था नभएबाट सम्पत्तिको यथार्थ अवस्था यकिन हुनसकेको छैन ।

३१.३. प्रत्येक आर्थिक वर्षमा भुक्तानी गरी राफसाफ हुने हिसाबहरु चालू सम्पति र चालू दायित्वमा वर्गीकरण गर्नुपर्नेमा प्राधिकरणले प्रस्तुत गरेका चालू सम्पत्ति र चालू दायित्वको व्यक्तिगत रकम देखिने गरी विवरण संलग्न नगरी एकमुष्ट देखाएकोले चालू सम्पत्ति वा दायित्वमा दर्शाएका रकम सही भएको भन्न सकिने अवस्था छैन । चालू सम्पत्ति हिसाबमा प्राधिकरणले इकाईगत खाता अनुसारभन्दा यथार्थ बैङ्क मौज्दात रु.१२ करोड ६० लाख ८० हजार बढी प्रस्तुत गरेको छ ।

३२. **असामी –** गत वर्षसम्मको असामी रु.१ अर्ब ४७ करोड ८२ लाख ५८ हजार भएकोमा यस वर्षको थप रु.२५ करोड ६६ लाख ३५ हजार समावेश गर्दा रु.१ अर्ब ७३ करोड ४८ लाख ९३ हजार पुगेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भंसार कार्यालयसँग रु.५२ करोड ९४ लाख ९६ हजार र स्वदेशी एयरलाइन्ससँग रु.३४ करोड ७७ लाख ९१ हजार र ५ विदिशी एयरलाइन्ससँग रु.४२ करोड ३९ हजार असुल गर्न बाँकी देखाएको छ ।

गत वर्षसम्मको असामी बाँकीमध्ये शंकास्पद व्यवस्थाको लागि रु.८५ करोड ४ लाख ६६ हजार व्यवस्था गरेकोमा यो वर्ष रु.१६ करोड १६ लाख ९७ हजार थप व्यवस्था गरी रु.१ अर्ब १ करोड २१ लाख ६३ हजार (असामीको ५८.३३ प्रतिशत) व्यवस्था गरेको छ । उठ्न बाँकी रकमकोसम्बन्धमा प्रमाणित अभिलेख तथा सम्बन्धित पक्षको स्वीकारोक्तिपत्र लिएको छैन । सबै रकमको आयु वर्गीकरण गरेको छैन ।

३२.१. यो वर्ष अपरिस्कृत वित्तीय विवरण तयार गर्दा सन्तुलन परीक्षणको फरक, बजेट निकासाको फरक, सापटी रकम, शुरु मौज्दातको फरक रकमलाई अन्तर कार्यालय हिसाबमा समावेश गरी चालू दायित्वमा रु.८ करोड १ लाख ६७ हजार प्रस्तुत गरेकोले वासलातले यथार्थ प्रस्तुत गरेको छैन ।

३२.२. वित्तीय विवरणमा मूल्य अभिवृद्धि कर लिनुपर्ने रु.१ करोड ८१ लाख ६२ हजार देखाएको छ । २०६८ आषाढको मूल्य अभिवृद्धि कर विवरण अनुसार २०६८ श्रावणमा रु.३ करोड २१ लाख १९ हजार भुक्तानी

गरेको छ । दुई खाताबीच रु.५ करोड २ लाख ८१ हजार फरक देखिएबाट मूल्य अभिवृद्धि कर हिसाब यथार्थ देखिएन । यसको प्रत्यक्ष असर सम्पत्ति, आम्दानी र खर्चमा समेत परेको छ ।

३२.३. कर्पोरेट कर व्यवस्थामा देखाएको रकम नेपाल लेखामान– ९ बमोजिम वर्तमान कर गणना गरी दायित्वमा देखाउनुपर्नेमा विगतदेखिको आय व्यय हिसाबको मुनाफाको २५ प्रतिशत व्यवस्थामा देखाएको छ । नेपाल लेखामानबमोजिम कर रकम गणना गरी दायित्व तथा डेफर्ड आयकर यकिन गरेको छैन । आन्तरिक राजस्व कार्यालयसँग २०६१।६२ देखिको आयकर हिसाब टुँग्याएको पनि देखिएन । कर दायित्वको रकम यकिन नगरेकोले वासलातमा प्रदर्शित व्यवस्था तथा दायित्वले यथार्थ स्थिति देखाएको छैन ।

३३. **सञ्चालक समिति** – प्राधिकरणको सञ्चालक समितिले वित्तीय विवरणकासम्बन्धमा लेखापरीक्षणबाट औँलिएका कैफियतहरुलाई कम गर्ने गरी कुनै कार्य योजना बनाएको देखिएन । सञ्चालक समितिले वित्तीय विवरण उपरको लेखापरीक्षकको रायलाई संस्थाको आर्थिक सुधारका हिसाबले लिएको देखिँदैन । वर्षौपछि लेखा पेश गर्ने कार्यमा केही सुधार भए तापनि लेखापरीक्षणको प्रतिवेदनउपर प्रतिक्रिया उपलब्ध गराउन प्रयास भएको छैन । प्राधिकरणको वित्तीय कारोबारमा पारदर्शीता र व्यवस्थापकीय दक्षता कायम गरी वित्तीय विवरण सही र यथार्थपरक बनाई पेश गर्ने जिम्मेवारी सञ्चालक समितिमा रहेकोतर्फ ध्यान पुग्न सकेको देखिएन । लेखापरीक्षणबाट देखिएका व्यहोराउपर जवाफ दिने र लेखापरीक्षणका सुझाउ कार्यान्वयन गर्नेतर्फ सञ्चालक समितिबाट गम्भिरताका साथ थप ध्यान दिनुपर्ने देखिएको छ ।

३४. **शेयर पूँजी –** प्राधिकरणको वित्तीय विवरणमा अधिकृत पूँजी खुलाएको छैन । शेयर लगानीका रुपमा नेपाल सरकारबाट प्राप्त सम्पत्तिको मूल्याङ्कन अनुसार रु.९ अर्ब ३ करोड १२ लाख ४६ हजार, विभिन्न ६ विमानस्थल निर्माणको लागि रु.१४ करोड १० लाख १६ हजार र विभिन्न अन्य विमानस्थल निर्माणको लागि रु.२ अर्ब ५६ करोड ३१ लाख ५० हजारलाई शेयरमा प्रस्तुत गरेकाले शेयर पूँजीमा रु.११ अर्ब ७३ करोड ५४ लाख १३ हजार देखाएको छ । प्राधिकरणले कायम गरेको शेयरको प्रमाणपत्र जारी गरेको छैन ।

३५. **ऋण हिसाब** – प्राधिकरणले वित्तीय विवरणमा देखाएको मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ६२ करोड ८८ लाख ३८ हजारमा आगामी वर्ष भुक्तानी गर्न पर्ने अल्पकालीन ऋण रु.६४ करोड ८६ लाख १८ हजार र दीर्घकालीन ऋणमा रु.९८ करोड २ लाख २० हजार समावेश गरी देखाएको छ । नेपाल सरकारले प्रदान गरेको ऋण रकममा महालेखा नियन्त्रक कार्यालय र प्राधिकरणबीच रु.५५ करोड २५ लाख ११ खुद फरक परेको छ । प्राधिकरणले आगामी वर्ष भुक्तानी गर्नुपर्ने अल्पकालीन ऋण रु.६४ करोड ८६ लाख १८ हजार देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले भाका नाघेको ऋणको रुपमा रु.३६ करोड ६४ लाख १३ हजार देखाएको छ । तिर्न बाँकी ऋण रकमको सम्बन्धितबाट समर्थनपत्र लिएको नदेखिएकोले प्राधिकरणको ऋण रकमको यथार्थता यकिन गर्न सकिएन ।

३६. **स्थिर सम्पत्ति –** स्थिर सम्पत्ति अन्तर्गत यस वर्षसम्मको खुद बाँकी रु.९ अर्ब ८० करोड ५९ लाख ९४ हजार देखाएको सम्बन्धमा प्रमुख व्यहोरा निम्नानुसार छ :

३६.१. प्राधिकरण स्थापनाका बखत सम्पत्ति मूल्याङ्कनका लागि नेपाल सरकारले प्राधिकरणलाई हस्तान्तरण गरेको सम्पत्तिको मूल्य रु.१३ अर्ब १२ करोड ८६ लाख ५३ हजार कायम गरेको थियो । सो मूल्याङ्कनमा गणितीय त्रुटि भएको उल्लेख गरी रु.२ अर्ब १ करोड ९८ लाख ७८ हजार घटाई प्राधिकरणले रु.११ अर्ब १० करोड ८७ लाख ७५ हजारको सम्पत्तिमात्र देखाएको छ । सरकारको निर्णयमा गणितीय त्रुटी उल्लेख भएकोमा सरकारबाट सो निर्णय पुनरावलोकन नभएको, सम्पत्तिको मूल्याङ्कन यथार्थमा आधारित नभएको, कतिपय अस्तित्वमा नै नभएका सम्पत्तिको समेत मुल्य कायम भएको, कतिपय सम्पत्तिको दोहोरो मूल्य कायम भएको आदि कारणले उपर्युक्त पुन: मूल्याङ्कन विश्वसनीय भएको पाईएन । सशस्त्र द्वन्द्वको समयमा क्षति भएका कतिपय स्थिर सम्पत्तिहरु सम्पत्ति हिसाबमा समायोजन गर्नुपर्नेमा गरेको छैन । सम्पत्तिको मूल्याङ्कन निश्चित आधारमा गर्न सुझाउ दिएकोमा स्थिति यथावत रहेको पाइयो ।

३६.२. प्राधिकरणको हकभोगमा रहेका कतिपय जग्गा जमिन र सवारीसाधनहरुको स्वामित्व दर्ता भएको छैन, सरकारले जग्गाको भोगाधिकारमात्र दिने निर्णय गरेको छ । प्राधिकरण अन्तर्गतको जग्गाको विवरण पेश भएन । भोगाधिकारमात्र प्राप्त भएका जग्गा र प्राधिकरणको नाममा आई नसकेका सवारीसाधनहरुलाई सम्पत्तिमा लेखाङ्कन गरी सोबापतको रकम सरकारको शेयर एवं ऋण लगानी हिसाबमा देखाउनु उपयुक्त छैन । सम्पत्तिको जोखिम न्यूनीकरण गर्न बिमा गरेको पनि छैन ।

३६.३. प्रधान कार्यालय र अन्तर्गत इकाइले यो वर्ष स्थिर सम्पत्ति लिलाम बिक्री गरेको समेत देखिएको छ । त्यसरी बिक्री भएका सम्पत्तिको किताबी मूल्य वासलातबाट घटाउनुपर्नेमा घटाएको देखिएन । विगत वर्षदेखिकै आयोजना सम्पन्न भै प्रयोगमा आइसकेका कतिपय विमानस्थल निर्माणका खर्च कार्यसम्पन्न प्रतिवेदन वा जाँचपास प्रतिवेदनको अभावमा सम्पत्तिमा पूँजीकरण नगरी निर्माणाधीन अवस्थाको कार्य प्रगतिमै देखाएको छ । यसरी कार्य प्रगतिमा समावेश सम्पत्ति क्षति भैसकेको वा उपयोगको क्रममा हुने ह्रास खर्च समेत लेखाङ्कन हुन सकेको छैन ।

३७. **निर्माणाधीन विमानस्थल** – निर्माणाधीन अवस्थामा रहेका विमानस्थल तथा अन्य निर्माणाधीन सम्पत्तिहरुलाई कार्य प्रगति अन्तर्गत देखाएको रकम गत वर्ष रु.१ अर्ब ४ करोड ३५ लाख ६३ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब ६० करोड ३९ लाख ३९ हजार पुगेको छ । सम्बन्धित कार्यालयले लेखाङ्कन गर्दा खर्च लेखाङ्कन गरेको हिसाबलाई वित्तीय विवरण तयार गर्दा विस्तृत विवरण तयार नगरी निर्माणाधीन सम्पत्तिमा रुपान्तर गरेकोले निर्माणाधीन समावेश गरेको आयोजना बारे स्पष्ट हुनसकेन । खर्च भएका तर पूर्णरुपले कार्यसम्पन्न भई नसकेका पूँजीगत निर्माण कार्यलाई कार्य प्रगतिमा देखाउनुपर्नेमा सम्पत्तिमा पूँजीकृत गरी लेखाङ्कन गरेको पाइयो । उदाहरणका लागि ५ विमानस्थल आयोजना अन्तर्गत रन–वे, एप्रोन, टावर सम्बन्धी निर्माण कार्यको लागि रनिङ्ग बिलबापत भुक्तानी भएको रु.३ करोड ५९ लाख ६१ हजारलाई कार्य प्रगतिमा नदेखाई पूँजीकृत गरेको छ । कार्य प्रगति देखाउनुपर्ने सम्पत्ति समेत पूँजीकृत गरेकोले प्राधिकरणको वित्तीय विवरणले सम्पत्तिको यथार्थ अवस्था दर्शाउँदैन । पूँजीगत कार्यमा खर्च गर्ने इकाइले सो कार्यसम्पन्न नभए तापनि सम्बन्धित सम्पत्ति शीर्षकमा खर्च लेखाङ्कन गरी सन्तुलन परीक्षण तयार गर्ने र सोही सन्तुलन परीक्षणको आधारमा प्रधान कार्यालयले एकीकृत विवरण तयार गर्ने गरेको उपयुक्त भएन ।

३८. **मार्गस्थ मौज्दात** – वासलातमा मार्गस्थ मौज्दात रु.१ करोड ५ लाख ८२ हजार देखाएको र कतिपय मौज्दात ऋणात्मक देखाएको समेत पाइयो । विगत धेरै वर्षदेखि कतिपय रकम मार्गस्थ मौज्दात रुपमा यथावत देखाउँदै आएको छ । मार्गस्थमा रहनुपर्नाको कारण, सोको आधार र प्रमाणित अभिलेख बेगर लेखापरीक्षणमा ट्रान्सफरमा फरक परेको करोडौँ रकम मार्गस्थमा रहेको देखाई तयार गरेको वित्तीय विवरण प्रस्तुति भएको सम्बन्धमा छानबिन हुनुपर्ने देखिएको छ ।

३९. **बैङ्क तथा नगद मौज्दात** – वासलात अनुसार वर्षान्तमा रु.२ अर्ब ९३ करोड ५० लाख ९५ हजार बैङ्क मौज्दात देखाएकोमा सम्बन्धित बैङ्कबाट मौज्दात प्रमाणपत्र लिएको छैन । इकाईहरुको खाता अनुसार वर्षान्तमा रु.२ करोड ८० लाख ९० हजार १५ हजार बैङ्क मौज्दात भएको भनी लेखापरीक्षणमा पेश भएकोमा फरक देखाएको रु.१२ करोड ६० लाख ८० हजार कुन कार्यालय र बैङ्क खातासँग सम्बन्धित छ स्पष्ट छैन । वासलात अनुसार वर्षान्तमा रु.२० लाख ९८ हजार नगद मौज्दात देखाएकोमा इकाईगत कार्यालयहरुले देखाएको नगद मौज्दात कुल रु.१८ लाख ७७ हजारमात्र भएको र इकाईगत कार्यालयहरुको सन्तुलन परीक्षणबाट नगद रकम रु.२ लाख २१ हजार फरक परेको छ । विभिन्न कार्यालयको कैफियत सहित प्राधिकरणको एकीकृत वित्तीय विवरणमा करोडौँ रकम फरक देखाएकोले बैङ्क तथा नगद मौज्दातको सही अवस्था यकिन हुनसक्ने अवस्था छैन ।

४०. **पेश्की सापटी** – अग्रिम भुक्तानी, पेश्की, सापटी, धरौटीबापत रु.१ अर्ब २० करोड ७८ लाख १३ हजार देखाएकोमध्ये पेश्की रु.६६ करोड १७ लाख २५ हजार म्याद नाघेको पेश्की रहेको छ । उक्त पेश्की प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी नियमावलीबमोजिमको कारबाही गरी म्याद नाघेको अवधिबाट वार्षिक १०.५ का दरले ब्याज समेत गणना गरी लिन बाँकी रकममा लेखाङ्कन गरेको छैन ।

४०.१. **सुरक्षा खर्च –** सुरक्षा खर्चबापत नेपाल सरकारबाट सोधभर्ना प्राप्त गर्नेगरी प्राधिकरणले रु.१४ करोड ४५ लाख ४२ हजार खर्च गरी विगत वर्षदेखि जिम्मेवारी सारेको छ । नेपाल सरकारको अभिलेखसँग भिडान गरी सो रकम सोधभर्ना प्राप्त गर्ने सम्बन्धमा कुनै कारबाही गरेको पाइएन ।

४१. **चालू दायित्व –** चालू दायित्वमा यो वर्ष रु.४ अर्ब २० करोड ९३ लाख ५८ हजार व्यापारी तथा अन्यलाई तिर्न बाँकी देखाएको छ । लेखापरीक्षणको लागि पेश भएको वासलातमा विस्तृत विवरण, प्रमाण तथा लेखामान १ बमोजिम गर्नुपर्ने खुलासा बेगर धरौटी रु.५९ लाख ७० हजार, विविध साहूहरु रु.४३ लाख ३२ हजार, भुक्तानी दिनुपर्ने बिलहरु रु.८४ हजार र अग्रिम भुक्तानी प्राप्त रु.१३ लाख २५ हजार देखाएको छ । हवाई विभागतर्फको असुली रु.१ करोड १८ लाख ९९ हजार दायित्वमा देखाएको र लेखा टिप्पणीमा उक्त रकम पुरानो बेरुजूमध्ये राजस्व खातामा जम्मा गरी बाँकी हुन आएको रकम भनी उल्लेख गरे तापनि सम्बन्धित राजस्व खातामा जम्मा गरेको छैन । नेपाल सरकार मार्फत प्राप्त भएका विभिन्न ऋणहरुको भुक्तानी गर्न बाँकी ब्याज रु.३ अर्ब ४१ करोड ६ लाख ६० हजार देखाएकोमा महालेखा नियन्त्रकको कार्यालयसँग हिसाब भिडान गरेको छैन । यो वर्ष महालेखा नियन्त्रकको कार्यालयले देखाएको भाका नाघेको ब्याज र प्राधिकरणले भुक्तानी बाँकी देखाएको रकममा रु.१ अर्ब ५ करोड ४ लाख ९८ हजार फरक देखिएको छ । तिर्नुपर्ने ब्याज रकमको दायित्व यथार्थ छैन ।

४२. **अन्तरशाखा हिसाब –** अन्तरकार्यालय, शाखा तथा लेखा शीर्षकमा फरक रु.८ करोड १ लाख ६८ हजार दायित्वमा देखाएको छ । उक्त रकम अन्तर्गतको हिसाबलाई वित्तीय विवरणमा समावेश गर्दा नमिलेको रकमको सम्पत्तितर्फ रु.२५ करोड २ लाख ५७ हजार र दायित्वतर्फ रु.३३ करोड ४ लाख २५ हजारको फरक रहेको देखियो । यसरी रु.५८ करोड ६ लाख ८२ हजारको फरक रकमलाई हिसाब मिलान हुन बाँकी देखाएको छ । यस प्रस्तुतिले अन्तरशाखाको वित्तीय विवरणको यथार्थ स्थिति चित्रण गर्दैन ।

४३. **अधिकार प्रत्यायोजन –** सार्वजनिक खरिद ऐन, २०६३ मा खरिद सम्बन्धी विभिन्न अधिकारहरु नियमावलीमा तोकिए अनुसार हुने व्यवस्था गरे अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ मा सो अधिकार विभिन्न तहका निकाय प्रमुखलाई अधिकार तोकिदिएको छ । प्राधिकरण स्वायत्त निकाय रहेकाले नियमावलीमा भएका पदहरु प्राधिकरणमा दुरुस्तै लागू नहुने अवस्था छ । खरिद सम्बन्धी कामहरुका लागि प्राधिकरणका महानिर्देशकलाई नेपाल सरकारको महानिर्देशक सरह मानी सोहीबमोजिम अधिकार प्रयोग गरी खरिद सम्बन्धी कार्य गरेको र महानिर्देशकले एकतह माथि पेश गर्नुपर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिले प्रयोग गर्ने गरेको छ । खरिद कानुनको अवधारणा विपरीत रकमको आधारमा अधिकार प्रत्यायोजन भएका अधिकांश अधिकारलाई सञ्चालक समितिले प्रयोग गर्दा सञ्चालक समिति नै खरिद कार्यको मुख्य कार्यकारीको रुपमा रहेको स्थिति देखिएको छ ।

४४. **उपभोक्ता समिति –** उपभोक्ता समितिमार्फत खरिद गरी भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम समेत कट्टा गरी भुक्तानी गर्नुपर्ने सार्वजनिक खरिद नियमावलीको नियम ९७(४) मा व्यवस्था छ । डोल्पा मसिनेचौर विमानस्थल आयोजनाको ग्याबियनवाल लगाउने कार्यको रु.२४ लाख ९३ हजार तथा डोल्पा (जुफाल) विमानस्थल आयोजनाको रिटेनिङ्गवाल निर्माणको रु.३४ लाख ६२ हजारको निर्माण कार्य उपभोक्ता समितिलाई दिँदा मूल्य अभिवृद्धि करयोग्य खरिद कार्य समेत उपभोक्ता समितिले नै गर्ने गरी दिएको देखियो । खरिद कार्यको बिल बीजक पेश नभएबाट मूल्य अभिवृद्धि कर र ती फर्मको आयकर समेत छुट भएको देखियो । उपभोक्ता समितिसँग सम्झौता गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको पार्टीबाट खरिद गर्नुपर्ने, अग्रिम आयकर कट्टा गर्नुपर्ने सम्बन्धमा स्पष्ट उल्लेख गर्ने गरेको समेत देखिएन । यसबाट छुट भएको मूल्य अभिवृद्धि कर र आयकर सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

४५. **लागत अनुमान –** सार्वजनिक खरिद ऐन को दफा ५(१) अनुसार सार्वजनिक निकायले रु.२५ हजारभन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख भएकोमा हवाई सुरक्षा विभागले फायर भेहिकलहरुको मर्मत सम्भारको लागी एक ट्रेडिङ्ग कम्पनीलाई फायर भेहिकल स्पेयर पार्ट्स तथा टायरट्यूब खरिदबापत लागत अनुमान बेगर रु.२८ लाख ६५ हजार भुक्तानी गरेको पाइयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले सप्लाई, डेलिभरी, इन्सटलेसन एण्ड कमिसनिङ्ग अफ सेन्सिङ्ग कार्ड रिडर एण्ड गेटका लागि २०६७।९।२१ मा मूल्य अभिवृद्धि कर बाहेक रु.२६ लाख ५० हजारको लागत अनुमान स्वीकृत गरेकोमा सोही मितिमा सोही कामको रु.१९ लाख ८९ हजारको अर्को लागत अनुमान समेत स्वीकृत गरेको पाइयो । एउटै कामका लागि दुई किसिमका दर राखी दुई किसिमको लागत अनुमान तयार गरेको छ । कार्यालयले प्रयोग गर्ने दररेट सम्बन्धमा कुनै आधार प्रयोग गरेको देखिएन ।

४६. **सेवा प्रदायकको खर्च –** मातहतका विभिन्न विभागमा जनशक्ति, सेक्युरिटी र सरसफाई कार्य लिई सेवा प्रदायक मार्फत कार्य गराएकोमा गत विगत देखिनै बारम्बार म्याद थप गरी मासिक तलव रकम प्राधिकरणको स्थाई कर्मचारीको शुरु स्केल बराबर तोकी ओभरहेड खर्चमा मात्र प्रतिस्पर्धा गराई सेवा लिने गरेको पाइयो । प्रतिस्पर्धा मासिक स्केलमा गर्ने र नागरिक उड्डयन प्राधिकरणका कर्मचारीको तलव वृद्धि सँगसँगै सम्झौता अवधिको बीचैमा सेवा प्रदायकको मासिक तलव वृद्धि गरी भुक्तानी दिने परिपाटीले सेवा प्रदायकको शर्त सुविधा प्रचलित मूल्य मान्यता अनुरुप देखिएन । प्रतिस्पर्धा गराउँदा कर्मचारीको एउटा संख्या तोक्ने र सम्झौता पश्चात प्राधिकरणलाई थप संख्या आवश्यक परेको भनी सेवा प्रदायकबाट सोही सुविधामा जनशक्ति माग गर्ने गरको कारण प्रचलित खरिदको कानुनबमोजिम प्रतिस्पर्धात्मक वातावरण कायम गरी सेवा लिएको देखिएन । उपरोक्त अनुसारको भुक्तानीको सक्कल बोलपत्र सम्बन्धी फायल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएकोले लेखापरीक्षणार्थ पेश भएन ।

४७. **वित्तीय परामर्शदाता** – वित्तीय विवरण तयार गर्न, सो अनुसारको नियमित तालिम उपलब्ध गराउन, बजेट तथा कार्यक्रम तर्जुमा आदि कामको लागि सल्लाह सहयोग पुऱ्याउन २०६७।६८ का लागि मूल्य अभिवृद्धि कर समेत जम्मा रु.९ लाख ४५ हजार मा एक चार्टर्ड एकाउन्टेन्ट फर्मसँग वित्तीय परामर्शदाताको रुपमा सम्झौता गरेको पाइयो । नागरिक उड्डयन प्राधिकरणको स्थापनाको १३ वर्ष वितिसक्दा पनि लेखा तथा प्रतिवेदन गर्ने सम्बन्धी पनि दक्ष जनशक्ति तयार पार्न नसक्नु, प्राधिकरण अन्तर्गत रहेका लेखाका कर्मचारीलाई पूर्ण परिचालन गर्न नसक्नु र लेखाका साधारण समस्या समाधान र अभिलेखका लागि समेत चार्टर्ड एकाउन्टेन्सी फर्मको सेवा लिनुको औचित्यता पुष्टी हुनसकेन । परामर्शदाताको सेवा प्राप्त गरे पनि स्थापना कालदेखिको प्राधिकरणको वित्तीय विवरण हालसम्म तयार भएको छैन । यस विषयमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख गरेकोमा त्यसमा सुधार भएको छैन ।

४८. **कार्यसम्पन्न प्रतिवेदन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएपछि सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायीलाई कार्यसम्पन्न प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । प्राधिकरण अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागबाट १४ योजना अन्तर्गत विमानस्थल निर्माण सुधारको कार्य रु.६ करोड ८० लाख १५ हजारको निर्माण कार्यको सम्झौता अनुसारको कार्यसम्पन्न गरेको भनिएकोमा नियमावलीको उपरोक्त प्रावधान अनुरुप कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएको र सम्बन्धित निर्माण व्यवसायीलाई कार्यसम्पन्न प्रमाणपत्र जारी गरेको देखिएन ।

४९. **कर कट्टी –** यस कोषबाट अवकाश हुँदा दिइने एकमुष्ट भुक्तानीमध्ये उपदान खर्चमा रु.२ करोड ६६ लाख ९८ हजार, सञ्चित बिदामा रु.७६ लाख ९१ हजार, जीवन सुरक्षणमा रु.१ करोड ८ लाख १७ हजार, उपचार खर्चमा रु.१ करोड २३ लाख ४७ हजार समेत जम्मा रु.५ करोड ७५ लाख ५३ हजार रहेको छ । उक्त रकम भुक्तानी गर्दा २०५८ श्रावण पश्चातको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा ५ लाखभन्दा बढी भुक्तानीमा ५ प्रतिशतका दरले मात्र कर कट्टी गरेको छ । यस्तो रकम यकिन गरी छुट कर असुल गर्नुपर्दछ ।

५०. **राजस्व असुली** – यस सम्बन्धी प्रमुख व्यहोरा निम्न छन्:

५०.१. प्राधिकरणको केन्द्रीय कार्यालयले वायुयान सञ्चालन अनुमति तथा प्रमाणपत्र नवीकरण, वायुयान दर्ता, नामसारी, दर्ता खारेजी लगायतका कार्य हुने गरेकोमा सोबापत प्राप्त हुने राजस्वको लेखाङ्कन गर्दा प्राप्त विवरण, दर, पार्टी, अवधि र विदेशी मुद्रा भए विनिमय दर खुलाई प्रमाण संलग्न गर्नुपर्नेमा कुनै पनि कागजात संलग्न नराखी बैङ्क दाखिला भौचर मात्र संलग्न रहेकोले राजस्व असुली यकिन गर्न सकिने अवस्था छैन ।

५०.२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले विभिन्न फर्म तथा संघ संस्थासँग बहाल, रोयल्टी, सेवा दस्तुर, विद्युत महसुल, सञ्चार महसूल प्राप्त गर्ने गरी सम्झौता गर्ने गरेकोमा यस्तो सम्झौताको फर्म, संघ, संस्थाको नाम, सम्झौता किसिम, सम्झौता रकम, सम्झौता मिति र सम्झौता लागू हुने मिति समेत खुलाई अभिलेख राखी सोही अनुसार दस्तुर प्राप्त गर्नुपर्नेमा कार्यालयले सो अभिलेख नराखेकोले सम्झौता अनुसार समयमा रकम प्राप्त भएको, समयमा नवीकरण भएको र असुल भएको सम्बन्धमा स्पष्ट हुन सकेन । कर्पोरेट शाखाबाट प्राप्त सम्झौताको विवरणमध्ये कतिपयमा सम्झौता अवधि नखुलेको, नवीकरण नभएको, सम्झौता रकम उल्लेख भएको पनि देखिएन । यस सम्बन्धमा भाडाका शर्तहरु अनुसन्धान गर्न सम्झौताका फाइलहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गएकोले पेश गर्न नसकेको प्रतिक्रिया प्राप्त भएको छ ।

५०.३. यो वर्ष जग्गा तथा टर्मिनल बहालबापत क्रमश:रु.१ करोड ७८ लाख ६० हजार र रु.६ करोड १२ लाख ७५ हजार आय लेखाङ्कन गरेको छ । गत वर्ष यो रकम क्रमश:रु.१ करोड २१ लाख ४३ हजार र रु.९ करोड ५५ लाख ६८ हजार आम्दानी लेखाङ्कन गरेको थियो । बहालमा दिएको जग्गा यथावत रहेको तथा नियमावली अनुसार मूल्य सूचकाङ्क अनुसार स्वत: वृद्धि हुने अवस्थामा जग्गा बहाल वृद्धि हुनुपर्नेमा जग्गामा रु.५७ लाख १७ हजार गत वर्षभन्दा न्यून आय लेखाङ्कन भएको पाइयो । गत वर्षमा टर्मिनल बहालमा ३ पार्टीको रु.१ करोड ९६ लाख ७६ हजार असुलीका लागि बिलिङ्ग नै नगरेको लेजर परीक्षण क्रममा देखिन आएको छ । समयमा बिल नकाट्ने तथा रकम नउठाउने, पर्याप्त विवरण तथा हिसाब नराख्ने, बैङ्कको विस्तृत विवरण सहित लेखापरीक्षणमा जानकारी उपलब्ध नगराउनु उचित भएन ।

५०.४. विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६(६) बमोजिम विमानस्थल क्षेत्रमा रहेको भवनको कोठा पसल सञ्चालनको लागि बहालमा दिने सम्बन्धमा भएको सम्झौतामा तोकिएको भाडा रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वत: वृद्धि हुने उल्लेख भए तापनि यो वर्ष सम्झौता नवीकरण भएकाको हकमा बाहेक सो आधारमा बहाल रकम वृद्धि गरी बीजक जारी गरेको तथा असुल गरेको देखिएन ।

५०.५. विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम २७(३) अनुसार कोठा, जग्गा बहाल र वायुयान आश्रय गृह तथा विज्ञापन शुल्क आदि प्रत्येक वर्षको अग्रिम भुक्तानी दिनुपर्ने प्रावधान छ । त्यस्तै कर्पोरेट निर्देशनालयले सम्झौता गर्दा कोठा, जग्गा तथा टर्मिनल बहाल सम्झौता भएको अवधिदेखि अग्रिमरुपमा बुझाउँदै जानुपर्ने उल्लेख छ । कार्यालयले सोही अनुसार अग्रिमरुपमा बिलिङ्ग गरी बीजक जारी गर्नुपर्नेमा सो नगरी फर्म वा संघ संस्थाबाट रकम बुझाउन ल्याएपछिमात्र बीजक जारी गर्ने गरेको र बिलमा पनि अवधि खुलाउने नगरेबाट असुली व्यवस्था भरपर्दो एवं प्रभावकारी देखिएन । सम्झौता अनुसार रकम ढिला प्राप्त हुँदा ब्याज असुल गर्नुपर्नेमा अधिकांशवाट सोबमोजिम ब्याज असुली गरेको पनि देखिएन ।

प्राधिकरणको २०६६।६७ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

५१. **सञ्चालन नतीजा** – प्राधिकरणले गत वर्ष रु.१ अर्ब ४२ करोड ५० लाख ६५ हजार नोक्सान देखाएकोमा यो वर्ष रु.३१ करोड ५३ लाख ५५ हजार नाफा भएको देखाएको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.१ अर्ब ५७ करोड ८२ लाख ४७ हजार भएकोमा यस वर्षको नाफा समायोजन गर्दा यस वर्षको अन्त्यसम्ममा कुल सञ्चित नोक्सान १ अर्ब २६ करोड २८ लाख ९२ हजार भएको उल्लेख छ । विगत वर्षदेखि पुरानो उठ्न बाँकी असामी रु.१ अर्ब ४० करोड ९३ लाख ३१ हजार भएकोमा यो वर्ष उठ्न बाँकी असामीमा रु.१४ करोड ३ लाख ५० हजार वृद्धि भई रु.१ अर्ब ५४ करोड ४३ लाख २६ हजार बाँकी छ । उक्त नोक्सानीमा आय विवरण समयमा नबुझाएबापतको शुल्क, कर्मचारी अवकाश व्यवस्था समायोजन गर्दा उक्त नोक्सानी अझै बढ्ने देखिन्छ ।

५२. **स्थिर सम्पत्ति** – यो वर्ष पूँजीकृत गरेका सम्पत्तिहरुमध्ये कतिपय निर्माण सम्पन्न नभएका, कतिपय उपकरणहरु खरिद भए तापनि जडान भै सञ्चालनमा नआएको समेत देखिएको छ । कार्य प्रगतिमा देखाउनुपर्ने सम्पत्ति समेत पूँजीकृत गरेको देखिन्छ । पूँजीगत कार्यमा खर्च गर्ने इकाइले सो कार्यसम्पन्न नभए तापनि सम्बन्धित

सम्पत्ति शीर्षकमा खर्च लेखाङ्कन गरी सन्तुलन परीक्षण तयार गर्ने र सोही सन्तुलन परीक्षणको आधारमा प्रधान कार्यालयले एकीकृत विवरण तयार गर्ने गरेको छ । प्राधिकरण अन्तर्गत सञ्चार तथा उड्डयन विभाग, सिभिल इन्जिनियरिङ्ग विभाग र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय अन्तर्गतको ८ निर्माण कार्यको लागि यो वर्ष खर्च लेखेको रु.८५ करोड ५७ लाख २० हजारलाई यो वर्ष पूँजीकरण गरिएको छ ।

गत विगत वर्षदेखि निर्माणाधीन अवस्थामा रहेका कुनै पनि निर्माण कार्यसम्पन्न नभएको भनी यो वर्ष पूँजीकृत गरेको देखिएन । यस वर्षको लेखापरीक्षणको क्रममा परीक्षण गर्दा ५ योजना अन्तर्गतको रु.२१ करोड ३१ लाख १३ हजारको कार्यको निर्माण सम्पन्न भई अन्तिम बिल समेत भुक्तानी भैसेककामा सो सम्पत्ति पूँजीकृत गरेको छैन । यसले गर्दा कार्य प्रगतिमा देखाएको सम्पत्तिको मूल्य यथार्थ देखिएन ।

५३. **खाजा खर्चमा अग्रिम कर** – प्राधिकरण अन्तर्गतका विभिन्न कार्यालयहरुले आयकर ऐन, २०५८ को दफा ८७ अनुसार नगदै भुक्तानी भएको खाजा खर्चलाई सम्बन्धित कर्मचारीको पारिश्रमिकमा समावेश गरी अग्रिम आयकर कट्टी गरेको देखिएन । यो वर्ष खाजा खर्चमा रु.१ करोड ५५ लाख ९५ हजार लेखाङ्कन गरेको छ । न्यूनतम करको दर १५ प्रतिशतले गणना गर्दा समेत रु.२३ लाख ३९ हजार कर कट्टी गर्न छुट भएको देखिन्छ ।

५४. **खरिद** – विभिन्न विमानस्थल कार्यालयहरुको मर्मत सम्भार सम्बन्धी सामान्य कार्यहरु समेत केन्द्रको सिभिल इन्जिनियरिङ्ग विभागबाट गरेको पाइयो । काठमाडौं बाहिरका लागि ७ विमानस्थलको विभिन्न मर्मत संभार कार्यबापत यो वर्ष रु.२९ लाख ३२ हजार खर्च लेखेको छ । सामान्य मर्मत सम्भारका कार्य केन्द्रबाट गर्ने प्रचलनलाई उपयुक्त र औचित्यपूर्ण मान्न सकिएन ।

५५. **मोविलाइजेशन पेश्की** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) मा निर्माण व्यवसायीलाई खरिद सम्झौतामा व्यवस्था भएबमोजिम पेश्की दिन सकिने व्यवस्था छ । सिभिल इन्जिनियरिङ्ग विभागका १० आयोजनाका विभिन्न निर्माण तथा मर्मत संभार सम्बन्धी खरिद सम्झौतामा भएको प्रावधान विपरीत पाउने भन्दा बढी पेश्की दिएको, बिना कार्य पेश्की दिएको कारण आयोजनामा ती कार्यालयहरुले दिएको मोविलाइजेशन पेश्कीमध्ये रु.२९ करोड १६ लाख ७७ हजार पाउनेभन्दा बढी दिएको देखिन्छ ।

५६. **निर्माण व्यवसायी छनौट –** पोखरा विमानस्थल आयोजनाको फेन्सिङ्ग कार्यको लागि बोलपत्र आह्वान भए अनुसार ७ बोलपत्र दर्ता भएकोमध्ये ५ ले फिर्ता लिएको र बाँकी २ मध्येको एक निर्माण सेवा एण्ड सप्लायर्सले कार्य अनुभव पेश नगरेको भनी अयोग्य ठहर गरेको देखियो । निज निर्माण सेवाले सोही आयोजनामा २०६४।६५, २०६५।६६ मा करोडौँको फेन्सिङ्ग कार्य गरिसकेको निर्माण व्यवसायी नै अयोग्य भनी अस्वीकार गरेको देखियो । बाँकी रहेको एकमात्र निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गरेको देखिन्छ । उक्त दुवै निर्माण कम्पनीका सञ्चालक एकै व्यक्ति रहेको समेत देखिएको छ । यसमा छानबिन गर्नुपर्ने देखिएको छ ।

नेपाल वायुसेवा निगम

नेपालभित्र र बाहिर सुरक्षित हवाई यातायात सेवाको व्यवस्था गर्न २०१४ मा स्थापित भई हाल नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत यो निगम सञ्चालन भई आएको छ । निगमको २०६७।६८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

५७. **सञ्चालन नतिजा** – गत वर्ष निगमको सञ्चित नोक्सान रु.१ अर्ब ५८ करोड १४ लाख २१ हजार रहेकोमा यो वर्ष निगमको सञ्चित नोक्सान रु.१ अर्ब ६२ करोड १२ लाख १८ हजार पुगेको छ । लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षैपिच्छे सो नोक्सानी सम्बन्धमा कैफियत सहितको राय उपलब्ध गराए तापनि वित्तीय विवरण सो प्रतिवेदन अनुसार समायोजन भई आएको छैन । उक्त नोक्सानमा पछिल्ला वर्षको आयकर खर्च र आय विवरण समयमा नबुझाएबापतको शुल्क तथा तिर्न बाँकी आयकरको खर्च समावेश गरी समायोजन गर्दा सञ्चित नोक्सान अझै बढ्ने देखिन्छ ।

५८. **वित्तीय विवरण उपर राय –** निगमले विगत ३ वर्षदेखिको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपर प्रतिक्रिया उपलब्ध गराउन सकेको छैन । अघिल्ला आर्थिक वर्षको वित्तीय विवरणमा लेखापरीक्षण कैफियत सुधार गर्न नसकेको र सोउपर सञ्चालक समितिको प्रतिक्रिया पनि प्राप्त हुन आएको छैन । विगतको वर्ष विपरीत राय दिने गरी जारी भएको प्रारम्भिक प्रतिवेदनउपर सुधार भएको नदेखिँदा यो वर्षको वित्तीय विवरणको तुलनात्मक अङ्कमा सोहीबमोजिमको समान असर रहेको छ । सो वर्षका कारोबारहरु लेखापरीक्षण पछाडि पनि फरक परेको रु.६ करोड ४ लाख ७९ हजार यो वर्ष सञ्चित नोक्सानमा समायोजन गरी लेखा पेश गरेको छ । विगत वर्षका लेखापरीक्षण कैफियत समायोजन गर्दा यो वर्ष पेश भएको वित्तीय विवरणका तुलनात्मक अङ्क सहित समग्र वित्तीय विवरणले निगमको यथार्थ र सही आर्थिक अवस्था चित्रण गरेको छैन ।

५९. **नेपाल लेखामान पालना –** निगमको वित्तीय विवरणमा देहायका न्यूनतम विषयहरु खुलासा गरी नेपाल लेखामानबमोजिम तयार गर्नुपर्नेमा सो अनुसार गरेको छैन । नेपाल लेखामान–१ बमोजिम वित्तीय विवरणमा निगमको समग्र वित्तीय अवस्था सही र दुरुस्त देखिने गरी प्रस्तुत गर्नुपर्नेमा अवकाश कोषको नाममा एकमुष्ट पठाएको रकमलाई कर्मचारी दायित्वबाट घटाएको र सो कोषमा पठाएको रकममा आर्जित आयलाई वित्तीय विवरणमा समावेश गरेको छैन । नेपाल लेखामान–२ अनुसार विगत वर्षका कारोबारलाई सम्बन्धित वर्षमा नै समावेश गर्नुपर्नेमा सो नगरी यो वर्षको कारोबार सरह प्रस्तुत गरेको छ । नेपाल लेखामान–३ ले तोकेको कार्यविधि अनुसार नगद प्रवाह विवरणको प्रस्तुति मिलेको छैन । खरिद गरेको सम्पत्तिभन्दा नगद प्रवाहमा देखाएको खरिद सम्पत्ति फरक परेको छ । ब्याज र कर तिरेको रकम खुलासा गरेको छैन । नेपाल लेखामान–४ अनुसार स्टोरको मूल्याङ्कन भौतिक परीक्षण गरिएको परिमाणमा बजार मूल्य र लागतमध्ये घटी रकममा गर्नुपर्नेमा गरेको छैन । स्टोरको कतिपय सामानको संख्या वा रकम ऋणात्मक छ । एअरक्राफ्ट स्टोरबाट खर्च भईसकेको स्पेयर पार्टसलाई जिन्सी मालसामान अन्तर्गतको सम्पत्तिमा देखाएको छ ।

नेपाल लेखामान–७ अनुसार आय लेखाङ्कन, खासगरी अनार्जित आयबाट बिक्री लेखाङ्कनलाई उडानसँग मिल्ने गरी राख्नसकेको छैन । अनार्जित आयमा बाँकी देखाएको रकमको विवरण उपलब्ध नहुनाले उड्न बाँकी रहेका यात्रुको टिकटको रकम नै बाँकी देखाएको हो भनी यकिन गर्न सकिने अवस्था छैन । नेपाल लेखामान–९ अनुसार आयकर खर्चमध्ये आयकर ऐन, २०५८ बमोजिम गणना गरेको कर रकम यकिन गर्नसकेको छैन । वासलातमा रहेका सम्पत्ति र दायित्वको रकम तथा ती सम्पत्ति र दायित्वको डेफर्ड आयकर गणना गरेको छैन । नेपाल लेखामान–१० अनुसार काठमाडौंको नयाँसडक गेटमा रहेको जग्गा समेतको मूल्याङ्कन गरी वित्तीय विवरणमा प्रस्तुत गर्न सकेको देखिएन ।

नेपाल लेखामान–११ अनुसार स्वदेश तथा विदेशमा गरी विभिन्न विदेशी मुद्रामा बैङ्क खाताहरु रहेको, विभिन्न विदेशी स्टेशनमा नगद एवं पेश्की बाँकी रहेको, विभिन्न विदेशी एजेन्ट तथा पार्टीहरुसँग लिन बाँकी रकम रहेको तथा विभिन्न विदेशी पार्टीहरुलाई तिर्न बाँकी रहेका रकमहरु विदेशी मुद्रामा रहे तापनि विदेशी विनिमय आय तथा नोक्सानी गणना गरेको छैन । नेपाल लेखामान १२ तथा १४ अनुसार खर्च तथा अवकाश सम्बन्धी व्यवस्थाहरु लेखामानले तोकेको तरिकाबमोजिम यथार्थ देखिने गरी व्यवस्था गरेको छैन । नेपाल लेखामान–१६ अनुसारका सम्बद्ध व्यक्ति वा निकायहरुसँगको कारोबारको अवस्था वित्तीय विवरणमा दर्शाएको छैन । लेखापरीक्षणबाट सरकारी स्वामित्वका अन्य निकायहरुसँग आर्मलेन्थ बाहिर मूल्याङ्कन हुने साटफेर (बार्टर) को कारोबार भएको भेटिएको छ ।

६०. **सञ्चालक समिति –** निगमको सञ्चालक समितिले वित्तीय विवरणउपर लेखापरीक्षकको रायलाई संस्थाको आर्थिक सुधारका हिसाबले उपयोग गरेको छैन । वर्षौंपछि लेखा पेश गर्ने कार्यमा केही सुधार भए तापनि लेखापरीक्षकको प्रतिवेदनउपर प्रतिक्रिया उपलब्ध गराउन र लेखापरीक्षणको सुझाव कार्यान्वयन गर्न सञ्चालक समितिले कार्य योजना तयार गरेको देखिएन । निगमको आर्थिक कारोबारको जवाफदेही, पारदर्शीता अभिवृद्धि गरी वित्तीय विवरण सही र यथार्थ बनाई पेश गर्न सञ्चालक समितिले ध्यान दिएको देखिएन । थोरै समयका लागि कठिनतापूर्वक प्रवेशाज्ञा प्राप्त गरी निगमको इन्जिनियरिङ्ग विभागको स्थलगत

लेखापरीक्षण गर्दा दुई वर्षदेखि मर्मत भएजति कारोबारको स्रेस्ता पेश भएको छैन । निगममा लेखा समितिको व्यवस्था भएको छैन ।

६१. **शेयर पूँजी –** निगमको वित्तीय विवरण अनुसार अधिकृत पूँजी रु.३० करोड चुक्ता पूँजी रु.१६ करोड २२ लाख ८४ हजार छ । शेयर लगानीका रुपमा नेपाल सरकारबाट प्राप्त भएको रु.२१ करोड ६९ लाख ८२ हजारलाई पनि शेयरमा प्रस्तुत गरेकाले शेयर पूँजी रु.३७ करोड ९२ लाख ६६ हजार देखाएको छ । चुक्ता पूँजीभन्दा बढी रकमको शेयर पूँजी देखिएको कानुन प्रतिकूल छ ।

६२. **ऋण हिसाब –** निगमको वित्तीय विवरण अनुसार मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ६ करोड ९३ लाख २७ हजार र अल्पकालीन ऋण रु.५५ करोड ३५ लाख ८० हजार छ । अल्पकालीन ऋणमा रु.४ करोड २५ लाख ५० हजार बैङ्क मौज्दातलाई समायोजन गरेको देखि एतापनि बैङ्कसँग उक्त हिसाब नै मौजुद नरहेकोले २०५९ सालदेखिको हिसाब त्रुटिपूर्ण हुँदै गएको देखिन्छ । नेपाल सरकारको ऋण रु.३६ करोड ९३ लाख २७ हजार देखाएकोमा महालेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गरेको छैन । अल्पकालीन कर्जातर्फ राष्ट्रिय वाणिज्य बैङ्कमा २०५९ देखि रहेको दुई खाताको कर्जा रु.३ करोड ९० लाख हाल खाता सञ्चालनमा नरहे तापनि हिसाब दुरुस्त गरेको छैन ।

६३. **तिर्न बाँकी हिसाब** – निगमको अभिलेख अनुसार तिर्न बाँकी ८८३ पार्टीका रु.१ अर्ब ७ करोड १२ लाख ४९ हजार भुक्तानी बाँकी छ । तीमध्ये यो वर्ष कुनै कारोबार नभएको ६१५ पार्टी र सन् २००५ वा सोभन्दा अगाबैदेखि कारोबार नभएका ३०२ पार्टी छन् । रु.१० हजारभन्दा कम कारोबार भएका ४१५ पार्टी रहेका छन् । यी पार्टीको कारोबार रु.११ लाख १० हजार छ । पार्टीको नाम नै समावेश गरेपछि सो पार्टीका सबै हिसाबहरु एकै स्थानमा एकत्रित गर्नुपर्नेमा सो गरेको छैन । विगत ६ वर्ष वा सोभन्दा अगाडिदेखि दिनुपर्ने हिसाबमा देखाएको भए तापनि हाल कारोबार नभएकोले तिर्न बाँकी रकमको समर्थन लिएको पनि छैन । यी पार्टीहरुलाई तिर्न बाँकी रहनाको कारण खुल्ने विवरण निगमसँग रहेको पनि छैन । निगमको हिसाबको अवस्था हेर्दा सामान वा सेवा प्राप्त भएका बखत तिरिसकेको भए तापनि यी हिसाबहरु राफसाफ नभएको अवस्थामा देखिन्छ । तिर्न बाँकी देखाएको रकमको यथार्थता यकिन गर्न छानबिन गर्नुपर्दछ ।

६४. **लिनबाँकी हिसाब –** वित्तीय विवरणमा १ हजार २२२ पार्टीसँग रु.१ अर्ब ५५ करोड २० लाख ६८ हजार असुल गर्नपर्ने देखाएको छ । तीमध्ये यो वर्ष कुनै कारोबार नभएको ९६० पार्टी र २००५ वा सोभन्दा अगाबैदेखि कारोबार नभएका ४८६ पार्टी हुन । रु.१० हजारभन्दा कम कारोबार भएका ५१७ पार्टीका रु.१५ लाख २१ हजार रहेका छन् । विगत ६ वर्ष वा सोभन्दा अगाडिदेखि लिनपर्ने हिसाबमा देखाएको पार्टीको हिसाब लिन बाँकी हो भन्न सकिने अवस्था छैन । सम्बन्धित पार्टीसँग असुलीको कारबाही भएको पनि देखिएन । लिन बाँकी हिसाबको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

६५. **पुराना स्टकिस्ट हिसाब –** यस सम्बन्धी प्रमुख व्यहोरा निम्न छन्:

६५.१. हरेक १५ दिनमा टिकट बिक्रीको विवरण र रकम पठाउनुपर्ने शर्तमा टिकट बिक्री गरेका स्टकिस्टहरु तथा एजेन्टबाट करोडौँ रुपैयाँभन्दा बढी लिन बाँकी देखिएको छ । पार्टीहरुसँग २०६१ वा सो अगाबैदेखि कारोबार समेत भएको छैन । विदेशी मुद्रामा रहेका हिसाबहरुमा नेपाल लेखामानबमोजिम विदेशी विनिमय रुपान्तर नगरेकाले लिन बाँकी रकम यथार्थ देखिएको छैन । लिन बाँकी रहेका पार्टीहरुले निगमसँग अर्के नाममा पुन: कारोबार गरेको सम्बन्धमा नियन्त्रण गर्ने सूचना प्रणाली रहेको समेत देखिएन ।

६५.२. परराष्ट्र मन्त्रालयसँग १५ जुलाई, २००६ मा जारी गरेको बीजकको रु.६ करोड ३३ लाख ३९ हजार लिन बाँकी रहेको रकममा पटक पटकको समायोजन गरी बाँकी रहेको रु.४ करोड ९० लाख ५३ हजार उठाउन बाँकी देखिएको छ । यो वर्ष कुनै उठ्तिको काम भएको देखिएन । एक हवाइजहाज समूहसँग २०६०।६१ देखि वर्षैपिच्छे लिन बाँकी रहेको रु.५ करोड जिम्मेवारी सार्दै आए तापनि असुलीको कारबाही गरेको छैन ।

६५.३. सञ्चालक सदस्यहरु निगमबाट अवकाश भई जादा आफुले लिएको पेश्की फछ्यौंट गर्न बाँकी राखेको पुरानो पेश्की रु.७ लाख ९३ हजार रहेको छ । निगमको आर्थिक विनियमावली, २०६५ को नियम ४४ मा यस्तो

पेश्कीमा वार्षिक १८ प्रतिशत ब्याज लाग्ने व्यवस्था छ । ब्याजबापतको रु.१२ लाख १९ हजार सम्बन्धित सदस्यको पेश्की बाँकीमा समावेश गरेको छैन । निगमको कानुनी सल्लाह दिने तथा नियमन गर्ने निकायमा बस्ने व्यक्तिहरुको पुरानो पेश्की रु.९ लाख २४ हजार रहेको छ । निगमको संस्थागत सुशासनका लागि जिम्मेवार रहनुपर्ने र पेश्की फछ्यौंट गराउन सक्रिय रहनुपर्ने सञ्चालक र कानुनी सल्लाहकारको नाममा दशौँ वर्षदेखिको पुराना पेश्की फछ्यौंट नभई बाँकी रहनु उचित होइन ।

६५.४. **लिनुदिनुपर्ने विवरण** – लिनुपर्ने र दिनुपर्ने देखाएको रकमको कसलाई दिनुपर्ने वा कसबाट लिनुपर्ने हो यकिन गरी व्यक्तिगत विवरण उपलब्ध गराएको छैन । तिर्न बाँकी वा लिन बाँकी भनी लेखाङ्कन भएको यस्तो हिसाबमा सम्पत्तितर्फ रु.४ अर्ब ६१ करोड ५८ लाख ७ हजार र दायित्वतर्फ रु.५ अर्ब ७० करोड ४८ लाख २५ हजारको यथार्थताका यकिन गर्न सकिने अवस्था छैन । पार्टीहरुसँग लिनुपर्ने रकम असुल गर्न निगमले कुनै प्रभावकारी असुलीको प्रक्रिया अपनाएको छैन । सम्बन्धित पार्टीले बुझाउन ल्याए बुझिदिने अन्यथा कुनै प्रशासनिक वा कानुनी कारबाही नगरेको उक्त रकमको असुली शंकास्पद रहेको छ । यस्ता असुली शंकास्पद रहेका पार्टीको लिन बाँकी रकम बराबर खर्च व्यवस्था गरेको छैन ।

६६. **कर व्यवस्था** – कर व्यवस्था हिसाबमा यो वर्ष रु.१ अर्ब ३५ करोड ७ लाख ४३ हजार बाँकी देखाएको छ । कर्पोरेट करमा रु.२ करोड १४ लाख ८९ हजार व्यवस्था देखाएकोमा यो वर्षको कारोबारको वर्तमान कर तथा नेपाल लेखामान–९ बमोजिम डेफर्ड आयकर गणना गरी समावेश गरेको र दायित्व वा सम्पत्तिको रुपमा लेखाङ्कन गरेको पाइएन । सम्पत्तितर्फ अग्रिम कर शीर्षकमा रु.३७ करोड २६ लाख १५ हजार लिन बाँकी देखाएको छ । तर उक्त रकम निगमले तिरेको करमात्र नभई भुक्तानीमा कट्टा गरेको कर रु.११ करोड ६६ लाख ५८ हजार पनि समावेश गरेकोले अग्रिम करको रकम यथार्थ देखिँदैन ।

ठूला करदाता कार्यालयमा रु.७ करोड ५३ लाख ७० हजार लिन बाँकी देखाएको छ । यस्तो कर रकममा आय वर्ष २०६०।६१ को ब्याज र शुल्कबापत तिरेको रु.२ करोड ८७ लाख ४९ हजार, २०६७।३।१४ मा तिरेको रु.२ करोड ५० लाख, यो आर्थिक वर्षमा तिरेको रु.८५ लाख ५४ हजार, आय वर्ष २०६३।६४ को जरिवाना रु.२ करोड र गत वर्ष एक स्थानीय एजेन्टको कमिशनमा लागेको भुक्तानीमा कर रु.१ करोड १३ लाख ९१ हजार छ । पार्टीलाई भुक्तानी गर्दा स्रोतमा कर कट्टा नगरी त्यस्ता पार्टीको नाममा लाग्ने कर रकम निगमबाट तिरी यो शीर्षकमा ठूला करदाता कार्यालयसँग लिन बाँकी देखाएको मनासिव छैन ।

६७. **कर्मचारी अवकाश व्यवस्था** – कर्मचारी अवकाश खर्च तथा व्यवस्थाको रकम कुनै व्यवसायिक आधारमा गणना गरी लेखाङ्कन गरेको नभई अनुमानित आधारमा व्यवस्था गरिएकोले अवकाशबापतको दायित्व रकम यकिन गर्न सकिने अवस्था छैन । उपदान व्यवस्थामा खर्च लेखी अवकाश कोषमा हालसम्म रु.७७ करोड ७९ लाख ३३ हजार रकम स्थानान्तरण गरेकोमा कर्मचारीको व्यक्तिगत नाममा जम्मा नगरी एकमुष्ठ स्थानान्तरण गरेको छ । कर्मचारीको व्यक्तिगत नाममा समावेश नगरी स्थानान्तरण गरेकाले यो अवकाश कोष सम्बन्धित कर्मचारी अवकाश हुँदा ननकन्ट्रिव्युटरी अवकाश कोष सरहमात्र देखिन्छ । कर्मचारी अवकाश दायित्व निगममा रहने अवस्था भए तापनि दायित्वको रुपमा नदेखाएको तथा दायित्वबापत जम्मा गरेको रकम र सोबाट आर्जित रकमलाई सम्पत्ति तथा आयमा नदेखाएकोले नेपाल लेखामानबमोजिम वित्तीय विवरणले यथार्थ अवस्था दर्शाएको छैन ।

कर्मचारी औषधोपचार र उपदानको सो खर्च लेखाङ्कन गरेको छैन । कर्मचारी अवकाश हुँदा आवश्यक पर्ने रकम व्यवस्था नगरेकोले कर्मचारी अवकाश दायित्व थप व्यवस्था गर्नुपर्ने देखिएको छ ।

६८. **खर्च व्यवस्था –** यो वर्ष भण्डारबाट निष्कासन भई खर्च भएका जिन्सी मालसामान, स्पेयर पार्ट्स आदि खर्चको रकम यकिन गरी खर्च लेखाङ्कन गरी स्टोर मौज्दातबाट घटाउनुपर्नेमा रु.४३ करोड ३२ लाख ४१ हजार सम्बन्धित शीर्षकमा हिसाब मिलान नगरी अनुमानित आधारमा व्यवस्था गरेको छ । सम्बन्धित कारोबारको खर्च लेखाङ्कन गरी स्टोरमा घटाउनुपर्ने खर्चलाई अनुमानित आधारमा खर्च लेखाङ्कन गरेको तर

सो खर्चलाई व्यवस्थामा लेखाङ्कन भएकाले व्यवस्थाको रकम तथा सम्पत्ति दुबैतर्फ यथार्थ रकमको प्रस्तुतिकरण भएको छैन ।

६९. **अनार्जित आय –** यात्रु वा माल वस्तु ढुवानीको टिकट तर उडान भैनसकेका हिसाबहरु अनार्जित आयमा देखाउने गरेको हिसाब यो वर्ष रु.६८ करोड ९ लाख ७८ हजार बाँकी देखाएको छ । यो वर्ष बिक्री गरेका टिकट रु.३ अर्ब ११ करोड १८ लाखमध्ये रु.२ अर्ब ७० करोड १७ लाख २१ हजार बराबरको टिकट खरिद गरेका व्यक्तिहरु विमान यात्रा गरेको लेखाबाट देखिन्छ । गत वर्ष टिकट लिएका तर नउडेका वा उड्न बाँकी देखाएको शीर्षकमा रु.४ अर्ब १० करोड ३१ लाख १४ हजार ऋणात्मक छ । यसबाट टिकट लिएकाभन्दा बढी यात्रु उडाएको देखिन्छ ।

टिकट बिक्री तथा उडान अभिलेख गर्न निगमले सफ्टवयर प्रयोग गरेको देखिए तापनि सफ्टवयरले उड्न बाँकी रहेका टिकटको विस्तृत विवरण उपलब्ध गराउन सकेको छैन । यो वर्ष निगमले रु.३ अर्ब ११ करोड १८ लाखको टिकट बिक्री गरी लेखाङ्कन गरेकोमा सफ्टवयरको अभिलेखका आधारमा आन्तरिक उडान बाहेक रु.१ अर्ब ४५ करोड ३१ लाख ५ हजारको मात्र विवरण उपलब्ध भएको छ । सफ्टवयरमा सबै बिक्री र सोबमोजिमको अनार्जित आय लेखाङ्कन भएको यकिन गर्न सकिएन । उड्नु पर्नेभन्दा बढी यात्रु उडाएको देखिने अभिलेख रहेको, टिकट बिक्री अद्यावधिक लेखाङ्कन हुने नगरेको, उड्न बाँकी रहेका टिकटको विवरण उपलब्ध हुन नसक्ने कारणले अनार्जित आयको हिसाब यथार्थपरक देखिएन ।

७०. **भन्सार धरौटी** – गत वर्षसम्म भन्सारसँग लिन बाँकी रु.५ करोड ९९ लाख ४५ हजार भएकोमा यो वर्ष थप भएको रु.५ लाख ३६ हजार समेत रु.६ करोड ४ लाख ८१ हजार पुगेको छ । भन्सारसँग लिन बाँकीको हिसाबमा विस्तृत विवरण खुलाएको छैन । भन्सार नियमावली, २०६४ को नियम ७ मा हवाइजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत रकम भन्सार कार्यालयमा धरौटी राखी मर्मतका लागि पठाउन सकिने र यसरी पठाएको सामान तीन महिनाभित्र फर्काउनुपर्ने सो अवधिमा ल्याउन नसकिने भए निवेदन दिई म्याद थप गर्नुपर्ने व्यवस्था छ । निगमले उक्त व्यवस्था अनुसार तीन महिनाभित्र मर्मत गरी फिर्ता ल्याउने शर्त राखी २०६६।६७ सम्ममा रु.६ करोड ४ दाख ८१ हजार धरौटी राखी विभिन्न पार्टपूर्जा मर्मतका लागि पठाएको छ । सामान पठाएको तीन महिनाको अवधि नाघेकोमा म्याद थपका लागि कुनै प्रयास गरेको देखिएन । धरौटी रकम वर्षौंदेखि मिलान भएको पनि छैन । भन्सारमा धरौटी राखेको रकम फिर्ता पाउने अवधि नाघिसकेको र मर्मत गरी ल्याउँदा भुक्तान गर्नुपर्ने भन्सार महशुलमा मिलान गर्न पाउने समय पनि गुजारी सकेको देखियो ।

७१. **भण्डार मौज्दात** – यो वर्ष रु.१ अर्ब ३४ करोड ४६ लाख १२ हजारको जिन्सी मौज्दात रहेको देखाएको छ । जिन्सी मौज्दातको भौतिक परीक्षण नगरेको तथा यो वर्षको खर्च लेखाङ्कन नै नगरेकाले बाँकी मौज्दात यति नै हो भनि यकिन गर्न सकिने अवस्था छैन ।

७१.१. जिन्सीको भौतिक मौज्दात र भण्डार अभिलेखले देखाएको जिन्सी मौज्दात गत वर्षको वित्तीय विवरणमा फरक परेकोमा यो वर्ष खर्च लेखाङ्कन नै नगरेकाले सो फरक यकिन गर्न सकिने अवस्था छैन । आर्थिक वर्ष समाप्त भएको ९ महिनासम्म पनि स्टोरको हिसाब लेखामा एकीकरण गर्न नसक्नु उचित होइन । जिन्सी हिसाबमा यो वर्ष रु.२ करोड ६५ लाख ४१ हजार सम्पत्ति ऋणात्मक मौज्दात प्रस्तुत गरेको र सो प्रस्तुति लेखामानबमोजिम मेल नखाएकोले यस सम्बन्धमा छानबिन हुनुपर्दछ । जिन्सी लेखाअनुसारको रकम र वित्तीय लेखा अनुसारको रकम फरक परेको, स्टोर हिसाब लेखामा समायोजन नै नगरेको तथा लेखामा रहेको ऋणात्मक मौज्दात पहिचान नगरी प्रस्तुत भएकोले जिन्सी लेखा सुधार गर्नुपर्दछ ।

७१.२. निगमको जिन्सी मौज्दात हिसाबमा ऋणात्मक रकम रहेको १४ आइटम एयरक्राफ्ट मौज्दातको रु.५१ लाख २३ हजार ऋणात्मक रहनाको कारण पत्ता लगाउन छानबिन गरेको छैन ।

७१.३. यो वर्ष इन्जिनियरिङ्ग सेवाका खर्च भएर जानेमध्ये ५८ किसिमका ३६१ सामान र इन्जिनिएरिङ्ग सेवा, ग्राउन्ड सपोर्ट सेवाका खर्च भएर जानेमध्ये १ हजार १२ प्रकारका सामान मूल्य बेगर जिन्सी लेखामा देखाएको छ ।

मूल्य देखाएका आइटमको औषत दरमा मूल्याङ्कन गर्दा वर्षान्तमा रु.७० लाख ९० हजारको मूल्य अन्तिम मौज्दातमा समावेश गरेको देखिएन ।

७१.४. भण्डार मौज्दात नभएका २०१ शीर्षकमा १ हजार ३८० सामान अत्यावश्यक देखाई खरिद गरी रु.१ करोड ३ लाख ४३ हजार भुक्तानी गरेको छ । यो वर्ष यी सामान एक आइटम पनि खपत गरेको छैन ।

७२. **बैङ्क तथा नगद** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

७२.१. निगमको वित्तीय विवरणमा प्रस्तुत भएका ३० बैङ्कको खाता यो वर्ष कारोबार भएका छैनन् । यीमध्ये अधिकांश बैङ्क खाताहरु २०६१ वा सोभन्दा अगावैदेखि सञ्चालनमा रहेका छैनन् । ५ बैङ्क खातामा रु.२ करोड ८५ लाख १८ हजार ऋणात्मक मौज्दात रहेका छन् । २५ खातामा रु.५ करोड २३ लाख १९ हजार मौज्दात बाँकी देखिन्छ । ३० बैङ्क खाताको बैङ्क स्टेटमेन्ट र यसका खाता सञ्चालकको नाम समेत लेखापरीक्षणमा निगमबाट उपलब्ध भएन । बैङ्क रिकन्साइल नभएको तथा बैङ्क स्टेटमेन्ट तथा बैङ्क कन्फरमेशन पनि पेश गर्न नसकेकाले बैङ्क मौज्दात बारे यकिन हुनसकेन । लेखामानबमोजिम हिसाब तयार नगरेको तथा ऋणात्मक रकम बैङ्क मौज्दातमा जोडी वित्तीय विवरणमा प्रस्तुत गरेको छ । जसले गर्दा बैङ्क हिसाबले यथार्थ अवस्था दर्शाएको छैन ।

७२.२. नगद मौज्दात अन्तर्गत सिंगापुर, ओशाका, याङ्गुन, मुम्बई, फ्र्याङ्कफर्ट जस्ता विगत धेरै वर्ष अगावै बन्द भएका स्टेशनहरुको १४ खातामा नगद मौज्दातमा रु.१ करोड २६ लाख ९४ हजार देखाएको छ । नगद राख्ने जिम्मेवारी निर्धारण हुनुपर्नेमा अझै पनि सो जिम्मा बारेमा खुल्न आएन ।

७२.३. नगद तथा बैङ्क खाता धनात्मक हुनुपर्नेमा निगमका विभिन्न स्टेशनमा भएका नगद हिसाब ऋणात्मक देखिएका छन् । १७ बैङ्क हिसाबमा रु.१ अर्ब १८ करोड ९ लाख ८७ हजार ऋणात्मक मौज्दात छ । सोमध्ये मलेसियामा रहेको एउटै बैङ्कमा रु.६० करोड २६ लाख २२ हजार ऋणात्मक छ । विभिन्न ९ सानो नगदी कोष हिसाब रु.२३ लाख ६२ हजारले वर्षौसम्म पनि ऋणात्मक देखिएको छ । लेखामानबमोजिम विदेशी मुद्राको विनिमय फरकको हिसाब तयार नगरेको तथा ऋणात्मक रकम बैङ्क मौज्दातमा जोडी वित्तीय विवरणमा प्रस्तुत गरेकोले बैङ्क हिसाबले यथार्थ अवस्था दर्शाएको छैन ।

७२.४. नेपाल लेखामानबमोजिम विदेशी मुद्रामा रहेका बैङ्कको हिसाब वित्तीय विवरण तयार गर्दा प्रतिवेदन तयार गरेको मुद्रामा रुपान्तर गर्नुपर्ने व्यवस्था छ । तर निगमले सोबमोजिम गरेको छैन । विदेशी मुद्रामा निगमका नाममा भएका ६७ बैङ्कमध्ये १८ बैङ्क हिसाबको रिकन्सिलिएशन तयार गरेको छ । यो वर्ष ४९ बैङ्कको रिकन्सिलिएशन गरेको छैन । लेखापरीक्षणमा बैङ्क मौज्दात विवरण पनि उपलब्ध गराएको छैन । रिकन्सिलिएशन गरिएका बैङ्कहरुको पनि शुरु मौज्दात लिएको आधार पनि स्पष्ट छैन । बैङ्क रिकन्सिलिएशन नभएको, भएकाको पनि हिसाब समायोजन नभएकाले त्यसबाट खर्च, आम्दानी, सम्पत्ति तथा दायित्वमा सोझै असर पर्ने हुँदा पेश भएको वित्तीय विवरणमा देखाएको नगद तथा बैङ्क मौज्दात हिसाबले सही अवस्था दर्शाएको छैन ।

७३. **स्थिर सम्पत्ति** – स्थिर सम्पत्तिमा यो वर्ष रु.५४ करोड ८९ लाख ६४ हजार किताबी मूल्य भएका सम्पत्ति भएको विवरण दिएको छ । निगमको स्थिर सम्पतिको ६५ प्रतिशत ग्राउन्ड इक्विप्मेन्टमा रहेको र यो वर्षको पूँजीकरण गरेको सम्पत्तिको ८८ प्रतिशत यस शीर्षकका लागि भएको देखाएको छ ।

७३.१. निगमको केन्द्रीय कार्यालय रहेको १४ रोपनी ७ आना १ पैसा १ दाम जग्गाको मूल्य वासलातको स्थिर सम्पत्तिमा समावेश गरेको छैन । सो बाहेक बाँके, सोनपुरमा रहेको ३ विगाहा ७ कठ्ठा ३ धुर तथा मार्फा जोमसोममा रहेको १ रोपनी १२ आना ३ पैसा २ दामको जग्गाको पनि मूल्य समावेश छैन । जग्गामध्ये बैतडी पाटनमा रहेको २ रोपनी ७ आना २ पैसा २ दाम क्षेत्रफल जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेको देखिएन । भवनमा यो वर्ष रु.८१ लाख ७३ हजार पूँजीकरण गरेको देखाए तापनि निगमको कुनै भवन तयार भई प्रयोगमा आएको देखिएन ।

७३.२. यो वर्ष रु.२ करोड २८ लाख ३१ हजारको विमान तथा इन्जिन खरिद गरेको छ । तर सो सम्बन्धी लेखा, स्रेस्ता लेखापरीक्षणमा पेश भएको छैन । निगमको विमान वि–७५७ लेखामा शून्य मूल्य देखाएको छ तर सो विमान अन्तर्राष्ट्रिय उडान सेवा सञ्चालनमा रहेको छ ।

७३.३. निगमले वित्तीय विवरणमा स्थिर सम्पत्तिमा देखाएको सम्पत्तिहरुको विस्तृत विवरण खुल्ने अभिलेख राखेको छैन । सम्पत्तिको भौतिक परीक्षण गरेको पनि छैन । कुनै सम्पत्ति लिलाम हुँदा सो सम्पत्ति तथा त्यसमा निहित ह्रास रकम समायोजन गरी हटाउनुपर्नेमा सो गरेको छैन । लिलामबाट प्राप्त रकम पुरै आयमा देखाएको छ । बिक्री गरेको सम्पत्ति सूचीबाट नहटाएको तथा बाँकी सम्पत्तिको पनि भौतिक परीक्षण नै नभएकोले वित्तीय विवरणमा दर्शाएको सम्पत्तिबीच फरक पर्ने सम्पत्ति यकिन गरी नोक्सानीको व्यवस्था गरेको छैन ।

७४. **खरिद कानुन –** सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था भएकै विषयहरु निगमको आर्थिक विनियमावली, २०६५ मा उतार गरेको देखि एतापनि कतिपय व्यवस्थाहरु सो ऐनसँग बाझिएको पाइएको छ । ऐनमा वस्तु खरिदका लागि वार्ता गर्नसकिने व्यवस्था नै नभए तापनि विनियमावलीमा दरभाउपत्र पेश गरेको आपूर्तकसँग निजले पेश गरेको दररेटमा नबढ्ने गरी घटाघट गर्नसकिने व्यवस्था गरेको छ । ऐनबमोजिम नमुना बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको कार्यक्षेत्रको कार्यमा रहे तापनि निगमको विनियममा नमुना बोलपत्र कार्यकारी प्रमुखले तयार गर्ने व्यवस्था गरेको छ, तर तयार नगरेको अवस्था छ ।

ऐनमा इ–विडिङ्गको प्रक्रियामा इमेल वा फ्याक्सबाट कोटेशन वा बोलपत्र माग गर्नसक्ने व्यवस्था नै नभए तापनि विनियम बमोजिम विदेशबाट आयात गर्नुपर्ने विशेष प्रकृतिका सामानहरु जस्तै यात्रु टिकट, एअर–वे बिल, एमसिओ, थर्मल ब्यागेज, ट्याग, क्याटरिङ्गर, युनिफर्मका सामानहरु आपूर्ति गर्नका लागि फ्याक्स/इमेल/कुरिएरमार्फत न्यूनतम ३ पार्टीसँग दरभाउपत्र वा बोलपत्र माग गरी खरिद गर्नसक्ने व्यवस्था छ । ऐनमा पुनरावलोकन समितिको गठन नेपाल सरकारले नै गर्ने व्यवस्था भए तापनि विनियमबमोजिम पुनरावलोकन समितिको अध्यक्ष र सदस्यको व्यक्तिगत विवरण नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । निगमले ऐनमा भएको व्यवस्था प्रतिकूल हुने गरी हवाइजहाज खरिद सम्बन्धी व्यवस्था विनियमावलीमा गरेको र विनियमावलीको सोही व्यवस्था अन्तर्गत भएको व्याख्या गरेर विमान खरिद गर्न प्रस्ताव माग गरी गत वर्ष पेश्की समेत पठाएकोमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सो खरिदसँग मेल नखाएकोले विवाद सिर्जना भएको समेत देखियो । ऐनमा भएको व्यवस्थाबमोजिम मात्र खरिद गर्ने तथा ऐनमा भएका व्यवस्थाले कुनै खरिद प्रक्रियामा अपुग भएमा सो व्यवस्था कानुनमा प्रतिबिम्बित गराएरमात्र खरिद कार्य अगाडि बढाउनुपर्ने देखिन्छ ।

७५. **लागत अनुमान बेगर खरिद –** सार्वजनिक खरिद ऐनबमोजिम एक पटकमा रु.२५ हजारभन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने नगरे वदर वा अमान्य हुने व्यवस्था छ । निगमको आर्थिक विनियमावलीमा लागत अनुमान स्वीकृत गरेरमात्र खरिद गर्नुपर्ने व्यवस्था गरेकोमा निगमले यो वर्ष कुनै खरिदमा ऐन तथा विनियममा भएको व्यवस्थाअनुसार लागत अनुमान तयार गरेको छैन । लागत अनुमान नै तयार नगरेकाले कुनै दरभाउपत्र वा बोलपत्र लागत अनुमानभन्दा सारभूत रुपमा कमी बढी के छ भन्न सकिने अवस्था देखिएन । लागत अनुमान नै तयार नगरी खरिद गर्ने गरेकोले लागत अनुमान अद्यावधिक गर्ने अवस्था पर्न आउने देखिएन । निर्माण कार्यतर्फ सोझै कार्य गराइएका अधिकांश कार्यहरु लागत अनुमान बेगरनै गर्ने गरेको पाइयो । कतिपयको परिमाण अनुमान गरिएको भए पनि दर एवं रकम नै उल्लेख नगरी लागत अनुमान तयार गरेको छ । लागत अनुमान नगरिएको कार्यमा पनि दररेट बेगर सम्झौता नै नगरी सोझै कार्यादेश दिने गरेको छ ।

७६. **वस्तुगत स्पेसिफिकेशन** – ऐनको दफा ४ मा खरिदको समग्र विवरण तयार गर्दा खरिद गरिने मालवस्तुको वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विशेषता स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने व्यवस्था छ । निगमले तयार गरेको बोलपत्र कागजात तथा दरभाउपत्रमा सामानको स्पेसिफिकेशन स्पष्ट नगरी सामान माग गर्ने गरेको देखिन्छ । क्याटरिङ्गतर्फ डिस्पोजेबल प्लास्टिक कटलरी ८ सेट प्रति प्याकेज सेट–सोट–इन वनको लागि

२०६७।८।२६ मा प्रकाशित बोलपत्र अनुसार प्राप्त तीन बोलपत्र २०६७।१०।३ मा खोलेकोमा खरिद मूल्याङ्कन उप–समितिको २०६७।११।८ को निर्णय मा प्राप्त नमुनामध्ये फोर्क र नाइफ कमजोर भई भाँचिने गरेको कारण बोलपत्रबाट उपरोक्त सामानहरुको खरिद प्रक्रिया अगाडि नबढाउने निर्णय गरेको पाइयो । निगमले आफुलाई आवश्यक डिस्पोजल कटलरी सेटको अस्पष्ट स्पेसिफिकेशन तोकेको र सो अनुरुप प्राप्त भएपछि बोलपत्र मूल्याङ्कन गर्दा पुन:स्पेशिफिकेशनको कुरा उठाई बोलपत्र मूल्याङ्कनमा हटाएको कानुनसंगत देखिएन ।

रोष्टेड साल्टेड पिनट्सको खरिदमा प्राप्त बोलपत्रमध्ये कम कबोल गर्ने एक इन्डस्ट्रिजको नमुना परीक्षणको लागि पठाउने निर्णय बोलपत्र मूल्याङ्कन उप–समितिको २०६८।२।१० को बैठकले गरेको र नमुना अनुकुल भई आए सम्झौता गर्ने निर्णय गरेको देखिन्छ । वस्तुको गुणस्तर र स्पेसिफिकेशन बोलपत्र प्रकाशन गर्नुपूर्व निर्धारण नगरी मूल्याङ्कनको चरणमा आएर गरेको औचित्यपूर्ण देखिएन ।

७७. **बोलपत्र रद्ध** – बोलपत्रको सूचना पत्रिकामा प्रकाशित गरी सके पश्चात प्राप्त बोलपत्रहरुमध्येबाट न्यूनतम मूल्याङ्कित बोलपत्र स्वीकृति गर्नुपर्ने प्रावधान सार्वजनिक खरिद ऐनको दफा २५ मा व्यवस्था छ । सार्वजनिक निकायले दफा २६ मा उल्लेखित अवस्थामा मात्र सम्पूर्ण बोलपत्र रद्ध गर्नसक्ने व्यवस्था छ । क्याटरिङ्ग सम्बन्धी एमेनिटिज र लाइन आइटमको सम्बन्धमा खरिद मूल्याङ्कन उप–समितिको २०६७।११।८ को बैठकमा केही बोलपत्र दाखिला हुँदा आपूर्ति गर्ने सामानको नमुना संलग्न नभएको, नमुना संलग्न गरी प्राप्त बोलपत्रहरुमा पनि सबै आइटमकोलागि रेट उल्लेख नभएको कारण प्राप्त दररेटमा प्रतिस्पर्धा नदेखिएकाले पुन:बोलपत्र आह्वान गर्ने निर्णय गरेको छ । बोलपत्रमा समावेश सामानको सूचीमध्ये फ्लाइट सर्भिस विभागमा प्रयोग हुने प्लास्टिक सिल शून्य मौज्दात भएको एवं अत्यन्त जरुरी भई माग आएको यस आइटमलाई बोलपत्रको सूचीबाट हटाई सोझै खरिद गर्ने निर्णय गरेको देखिन्छ । आइटमगत बोलपत्र सम्झौता गर्ने प्रचलन रहेको सन्दर्भमा प्राप्त ४ बोलपत्रलाई प्रतिस्पर्धा नदेखिएको भनी अत्यन्त जरुरी देखाई सोझै खरिद गर्ने कार्य गरेको छ । सोझै खरिद वा अन्य तरिकाले खरिद गर्ने कामको सिफारिस गर्ने बोलपत्र मूल्याङ्कन समितिको कार्यक्षेत्र भित्र पर्दैन । पहिलो पटक प्राप्त बोलपत्र खोली मुचुल्का गरिसकेपछि पर्याप्त प्रतिस्पर्धा नभएको भनी दोस्रोपटक बोलपत्र आह्वान गर्ने कार्यलाई नियम अनुकुल छैन ।

क्याटरिङ तर्फ ड्राइ सामानहरुको आपूर्ति सन्दर्भमा खरिद मूल्याङ्कन उप–समितिको २०६७।११।८ मा २ आपूर्तिकर्ताको बोलपत्र प्राप्त भएकोमा बोलपत्र खोल्नका लागि आवश्यक संख्यामा बोलपत्र नपरेको भनी मूल्याङ्कन समितिको कार्यक्षेत्र बाहिर गई पुन:सिलवन्दी बोलपत्र आह्वान गर्ने निर्णय गरेको देखिन्छ । दोस्रो पटक पुन:आह्वान गर्दा थप एक आपूर्तकको बोलपत्र परी जम्मा ३ बोलपत्र पेश भएको छ । बोलपत्र छनौट हुँदा पछि बोलपत्र पेश गर्ने पार्टीसँग रु.२५ लाख ३ हजारको सम्झौता भएको छ ।

७८. **पेश्कीमार्फत खरिद** – इन्जिनियरिङ्ग विभागले यो वर्ष २३ खरीद आदेश मार्फत ग्राउण्ड सपोर्ट स्पेयर पार्ट्स खरिद भएको छ । उक्तमध्ये १७ खरिद अग्रिम भुक्तानी मार्फत भएको छ । निगमको आर्थिक विनियमावलीको विनियम १८४ मा आपूर्तिकर्तालाई सम्झौतामा भएबमोजिम पेश्की दिन सकिने र यसरी पेश्की दिँदा सम्झौता रकमको २० प्रतिशतभन्दा बढी दिन नहुने, पेश्की खाम्ने गरी बैङ्क जमानत लिनुपर्ने लगायतका प्रावधान छ । तर निगमले खरिद गर्दा विनियम २२९ बमोजिम गरेको छ । यस विनियम २२९ मा विमान मर्मत संभार, ओभरहल कार्यको सिलसिलामा विदेशी वा स्वदेशी प्राविधिक वा विज्ञहरुको सेवा खरिद गर्दा वा विमान र ग्राउण्ड इक्विपमेन्टका पार्टपूर्जा वा मर्मत र्सभार, ओभरहल गराउँदा विदेशी व्यक्ति वा कम्पनीलाई अमेरिकी डलर ५ हजारसम्म र स्वदेशी व्यक्ति वा कम्पनीलाई रु.२० हजारसम्म विभागीय प्रमुखले र सोभन्दा बढी कार्यकारी प्रमुखले स्वीकृत गर्नुपर्ने र यसरी दिएको पेश्की २ महिनाभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । तर यी खरिदमा पेश्की फछ्यौंट गर्ने कार्य समयमा गरेको देखिएन ।

७९. **इमेल मार्फत बोलपत्र** – इन्जिनियरिङ्ग विभागको यो वर्ष भएका सम्पूर्ण खरिद आर्थिक विनियमावलीबमोजिम खरिद योजना र लागत अनुमान बनाई प्रतिस्पर्धात्मक रुपमा गर्नुपर्नेमा सबैजसो खरिदहरु एउटामात्र पार्टीलाई इमेल मार्फत कोटेशन पेश गर्न अनुरोध गर्ने र निजबाट प्राप्त कोटेशनको आधारमा खरिद गरेको छ ।

निगमको आर्थिक विनियमावली अनुसार निश्चित स्तर र मापदण्डका पार्टपूर्जा वा कम्पोनेन्ट उत्पादन गर्ने कम्पनीबाट त्यस्ता कम्पनीको बिक्री मूल्यमा सिधै खरिद गर्नसकिने उल्लेख छ । ईमेल गरिएको आपूर्तक उक्त व्यवस्थाअनुसार भएको व्यहोरा, प्रमाण, कागजात सम्बन्धित खरिद पूर्वफाईलमा खुलाएको छैन । सार्वजनिक खरिद ऐनमा व्यवस्था नै नभएको इमेलबाट कोटेशन माग गरी प्रतिस्पर्धा बेगर यो वर्ष रु.७ करोड ७५ लाख ४० हजारको खरिद गरेको छ ।

८०. **एउटै पार्टीबाट खरिद** – सार्वजनिक खरिद ऐनको दफा ४१ र निगमको आर्थिक विनियमावली, २०६५ को नियम १३६क(१) मा एक पटकमा रु.१ लाख ५० हजारसम्मको खरिद सोझै खरिद प्रक्रियामा गर्नसक्ने व्यवस्था छ । विनियमको प्रतिवन्धात्मक व्यवस्थाबमोजिम निर्माण कार्य सोझै खरिद प्रक्रियाबाट गराउँदा एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक आर्थिक वर्षमा एक पटक भन्दा बढी गराउन नपाइने व्यवस्था छ । सो व्यवस्था पालना गरेको छैन । नमुना छनौटमा परेका १४ पार्टीबाट गत वर्ष १३३ पटकमा रु.७५ लाख ४१ हजार खरिद गरेकोमा सोही १४ पार्टीबाट यो वर्ष ११ पटकमा रु.९२ लाख १९ हजार खरिद गरेको छ । ऐन विपरीतको खरिद भएको छ । खरिद मितव्ययी भएको पनि पुष्ट्याईं हुनसकेको छैन ।

८१. **कर बीजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको कर बीजक दिनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१क) बमोजिम कर बीजक जारी गर्नुपर्ने छ भन्ने व्यवस्था भएकोमा निगमले १७ पार्टीलाई रु.५९ लाख ७० हजारको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी गरेका पार्टीको बीजक कानुनबमोजिम जारी भएको देखिएन । अर्को एक पार्टीलाई रु.११ लाख ६४ हजारको बिलसम्म पनि पेश नभएकोमा पनि भुक्तानी गरेको छ ।

८२. **मर्मत ओभरहल खर्च** – यो वर्ष जहाज मर्मत तथा ओभरहल, एअर क्राफ्ट चेकको लागि रु.१५ करोड ८९ लाख ३५ हजार खर्च भएको सम्बन्धित स्रेस्ता कागजात लेखापरीक्षणका लागि २०६८।११।१६, २०६८।११।२१, २०६८।११।२९ र २०६८।१२।५ मा लिखित पत्र मार्फत र कैयौं पटक मौखिक रुपमा माग भएकोमा उपलब्ध भएन । गत वर्ष पनि यसैगरी उक्त खर्चसँग सम्बन्धित लेखा, स्रेस्ता कागजात लेखापरीक्षणका लागि पेश भएन । पटक पटकको लिखित तथा मौखिक माग एवं ततसम्बन्धी व्यहोरा केन्द्रीय कार्यालयमा लिखित जानकारी गराउँदा पनि इन्जिनियरिङ्ग विभागबाट कानुनबमोजिम लेखापरीक्षणमा कागजात पेश गर्नुपर्ने दायित्व पुरा नगरी आलटाल गरी आएको छ । यस सम्बन्धमा निगमको केन्द्रीय कार्यालय तथा सञ्चालक समितिले पनि लेखापरीक्षण कार्यमा सहयोग गरेको छैन ।

कागजात पेश नगरेको सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको कुनै प्रतिक्रिया उपलब्ध भएको छैन । यसका अतिरिक्त निगमको ईन्जिनियरिङ्ग विभाग तथा अन्तर्गतका इकाईहरुको यस वर्षको कम्पोनेन्ट तथा ईन्जिन विनिमय, भाडामा लिए दिएको, सट्टा पट्टा बिक्री, लिलाम तथा लागत कट्टा, रोटेवल कम्पोनेन्टको विवरण, वार्षिक मौज्दात उपभोग विवरण सम्बन्धमा भएका कार्यको विवरण खुल्ने नियन्त्रण किताब र सो कार्य गर्दा भएका खरिद र अन्य प्रक्रियाको सक्कल फाइल समेत लेखापरीक्षणमा पेश भएन । कानुनले तोकेबमोजिम फाइल तथा कागजात पेश नगर्नेउपर कारबाही हुनुपर्दछ ।

८३. **कार्यतालिका** – निगमको आर्थिक विनियमावलीको विनियम २१६ को (१) अनुसार निगमको इन्जिनियरिङ्ग विभाग प्रमुखले समय र मितव्ययिताको आधारमा विमानका इन्जिन वा मुख्य मुख्य पार्टपूर्जाको खरिद, ओभरहल, मर्मत, मोडिफिकेशन वा मालसामान वा सेवा प्राप्त गर्नुका लागि हवाईजहाज मर्मत तालिका इन्जिन मर्मत तालिकामा निश्चित गरे अनुसार त्यस्ता विमानका इन्जिन वा पार्टपूर्जा आदिको औसत आयु र फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने वा समयावधि सममेतको आधारमा तिनको कार्यतालिका सूची तयार गरिराख्नुपर्ने व्यहोरा उल्लेख गरेको छ । तर लेखापरीक्षणको क्रममा उक्तबमोजिमको विवरण र कार्य तालिका सूची पेश हुनसकेन ।

८४. **मर्मत एजेन्सीको सूची –** निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २१६(३) अनुसार विमानको ईन्जिन तथा पार्टपूर्जा खरीद, ओभरहल र मर्मत कार्यको लागि सेवा सामग्री प्रदायक, उत्पादक तथा

ओभरहल वा मर्मत संभार कार्य गर्ने निकाय वा एजेन्सीहरुको सूची इन्जिनियरिङ्ग विभाग प्रमुखले तयार पारी कार्यकारी समितिबाट स्वीकृत गराई राख्नुपर्ने र विनियम ९४ (८) बमोजिम मौजुदा सूचीलाई प्रत्येक आर्थिक वर्षमा अद्यावधिक र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । निगमले उक्त व्यवस्था अनुसार मर्मत संभार गर्ने निकाय वा एजेन्सीको सूची अद्यावधिक र २०६६।१०।२८ मा भएको सार्वजनिक भएको देखिएन । कार्यकारी समितिको बैठकबाट २ पार्टी र त्यसपछि २०६८।६।२७ मा भएको कार्यकारी समितिको बैठकबाट १ पार्टीलाई स्वीकृत निकाय वा एजेन्सीको रुपमा राख्ने निर्णय भएको छ । तर पार्टीको नाम, ठेगाना, सूचीमा राखेको मिति, निरन्तर कारोबारमा रहे नरहेको, कारोबारको आवधिक विश्लेषण, विश्वसनीयताको स्तर आदि आवश्यक सूचना सहितको पूर्णविवरण तयार गरी सार्वजनिक गरेको छैन ।

८५. **व्यवस्थापकीय खुलासा –** यो वर्ष इन्जिनियरिङ्ग विभागसँग सम्बन्धित हिनामिना, जालसाजी वा यस्तै प्रकृतिका कार्यसँग सम्बन्धित अनुसन्धान तथा कारबाहीको विवरण माग भएकोमा प्राप्त भएन । विमान परीक्षण गर्दा विमानमा रहनुपर्ने रु.४ करोड ५९ लाख ४० हजार मूल्याङ्कन भएको फ्लाई–अवे किट बाकस र नोज ल्याण्डिङ्ग गियर तथा मेन ल्याण्डिङ्ग गियर व्हिल हब २ हराएको जानकारी हुन आएकोले तत्सम्बन्धमा सोधनी गर्दा पछिल्लो सामान ईन्दिरागान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा फेला परेको र हाल निगमले प्राप्त गरिसकेको जानकारी गराएको छ । फ्लाई–अवे किटबक्स फेला परेका छैन ।

प्राविधिक कर्मचारीको अनियमित भर्ना सम्बन्धमा निगमका २६ कर्मचारी निलम्बन भएको जानकारी भएको छ ।

लेखापरीक्षणमा विभाग प्रमुखले समय उपलब्ध गराउन नसकेको तथा ठूला कारोबारको स्रेस्ता नै पेश नगरेकाले यी घटनाको यथार्थता प्रस्तुत गर्न सकिएन । यस्ता घटना छानबिन गरी आवश्यक कारबाहीका गर्नुका साथै वित्तीय विवरणमा असर पर्ने किसिमका कुनै खर्च, हानी नोक्सानी भएको छ छैन छानबिन गरी सोबापत आवश्यक व्यवस्था गर्नुपर्दछ ।

८६. **लेखाङ्कन नगरेको** – निगमको विमानले विदेशी आकाश प्रयोग गरेबापत सम्बन्धित मुलुकसँगको सम्झौता अनुसार ओभर फ्लाईङ्ग चार्ज खर्च सम्बन्धित आर्थिक वर्षमा खर्च लेखाङ्कन गर्नुपर्नेमा गत वर्ष जस्तै यो वर्ष पनि खर्च लेखाङ्कन गरेको देखिएन । ओभर फ्लाइङ्ग चार्ज लेखाङ्कन नभएको यस वर्षको आयव्यय विवरणले सही र यथार्थ अवस्था देखाएको छैन ।

निगमको २०६६।६७ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

८७. **अनार्जित आय** – यात्रु वा माल वस्तु ढुवानीको टिकट जारी भइसकेको तर उडानको दायित्व पुरा भई नसकेको हिसाब अनार्जित आयबापत यो वर्ष रु.५३ करोड ४९ लाख ६४ हजार बाँकी देखाएको छ । यो वर्ष बिक्री गरेका टिकटलाई लेखाङ्कन गर्ने खातामा रु.३ अर्ब २२ करोड ४४ लाख १२ हजारको टिकट बिक्री गरी रु.१ अर्ब ७५ करोड १ लाख ७३ हजार बराबरको टिकट लिएका व्यक्तिहरु विमान यात्रा गरेको लेखाबाट देखिन्छ । यो वर्षमात्र बिक्री गरेको टिकट लेखाङ्कन हुने शीर्षकमा वर्षको शुरु मौज्दात नै रु.२ अर्ब ७६ करोड ३६ लाख ३७ हजार देखाएको छ ।

गत वर्ष टिकट लिएका तर यात्रा नगरेका टिकटहरु लेखाङ्कन गर्ने खातामा गत वर्ष टिकट जारी भएका तर नउडेका टिकटको मूल्य रहने हिसाबमा यो वर्षको टिकट बिक्री रु.१ करोड ५७ लाख ५२ हजार समावेश गरेको छ । गत वर्ष टिकट काटेका तर नउडेका जनाई यो शीर्षकमा रु.२ अर्ब २८ करोड २ लाख ७४ हजार टिकट काटेकाभन्दा बढी यात्रु उडाएको (डेविट व्यालेन्स) देखाएको छ । गत २ वर्ष वा सोभन्दा अगाडि यस्तै शीर्षक अन्तर्गत रु.९ करोड ५३ लाख २४ हजार बढी यात्रु उडेको देखाएको छ । उड्नुपर्नेभन्दा बढी यात्रु उडाएको, यस वर्षका टिकट बिक्री गरेको, उड्न बाँकी रहेका टिकटको विवरण सहितको अभिलेख उपलब्ध हुन नसकेकोले अनार्जित आयको हिसाब उचित रुपमा प्रस्तुति भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।

८८. **लिन बाँकी रकम** – ट्राभल एजेन्सी तथा अन्य व्यक्तिबाट लिन बाँकी रकममा यो वर्ष रु.५६ करोड ७९ लाख ९ हजार लिन बाँकी देखाएकोमध्ये शंकास्पद व्यवस्था रु.२० करोड ८१ लाख ३८ हजार रहेको विवरण दिएको छ । लिन बाँकी रकम शंकास्पद रहेकोको विस्तृत विवरण उपलब्ध भएन । निगमले लिन बाँकी रकममध्ये २०६१ आषाढमा बाँकी रहेको ४६४ पार्टीको रु.२४ करोड ८५ लाख ६६ हजार हालसम्म उठाउन सकेको देखिएन । शंकास्पद आसामीमा व्यवस्था गरेको रकम नै घटी देखिएकोमा सो पछाडिका असामी समेत समावेश गर्दा असामी व्यवस्था अपर्याप्त देखियो ।

८९. **विस्तृत विवरण बेगरका हिसाब –** खातामा दिनुपर्ने देखाएको रकम कसलाई दिनुपर्ने हो सो दायित्व रहेका व्यक्ति वा पार्टीको व्यक्तिगत विवरण समेत खुलाउनुपर्नेमा १७ खातामा लिन बाँकी देखाएको रु.९ करोड ५५ लाख ६३ हजार र ३८ खातामा दिन बाँकी देखाएको रु.३८ करोड १६ लाख ७२ हजारको सम्बन्धमा व्यक्तिगत विवरण, आयु वर्गीकरणको विवरण उपलब्ध गराएको छैन । यसबाट प्रस्तुत हिसाबको यथार्थता यकिन हुन सकेन ।

९०. **स्टोर** – वित्तीय विवरणमा २०६७ आषाढ मसान्तमा रु.१ अर्ब १६ करोड ५४ लाख २ हजारको जिन्सी मौज्दात देखाएको छ । जिन्सी मौज्दातको भौतिक परीक्षण नगरेकोले बाँकी मौज्दातको मौजुदा अवस्था बारे यकिन गर्न सकिएन । वित्तीय विवरणले देखाएको जिन्सी मौज्दात र भण्डार अभिलेखले देखाएको जिन्सी मौज्दात समान हुनुपर्नेमा लेखा अनुसार खरिद रु.१७ करोड ६० लाख ६५ हजार र भण्डार अभिलेख अनुसार रु.१० करोड १६ लाख ३७ हजारमात्र देखाएको छ । लेखा अनुसार यो वर्ष रु.११ करोड ४३ लाख ७७ हजार स्टोर खर्च देखाएकोमा भण्डार अभिलेखमा रु.११ करोड ९२ लाख ४० हजार खर्च अभिलेखाङ्कन गरेको छ । वर्षान्तमा लेखा अनुसार रु.१ अर्ब १६ करोड ५४ लाख २ हजार मौज्दात बाँकी लेखाङ्कन गरेकोमा स्टोर अभिलेखमा रु.१ अर्ब ३० करोड ५६ लाख ५८ हजार बाँकी देखाएको छ । उपरोक्तानुसार रकम फरक परेकोले निगमको सम्पत्ति तथा खर्चको अभिलेख यकिन गर्न सकिने अवस्था छैन ।

यो वर्ष खरिद भएका सामानहरुमध्ये इन्जिनियरिङ्ग सेवाका खर्च भएर जाने सामानमध्ये ३५ प्रकारका १ हजार २१२ थान/इकाई सामान खरिद गरी स्टोरमा दाखिला गरे तापनि मूल्य समावेश नगरी स्टोर लेखाङ्कन गरेको छ । ती आइटमको औषत दरमा मूल्याङ्कन गर्दा रु.६ लाख ४३ हजारको मूल्य लेखामा समावेश गरेको छैन । इन्जिनियरिङ्ग सेवाका खर्च भएर जाने सामानमध्ये ८५५ प्रकारका १४ हजार ४३२ थान/इकाई सामान मूल्य बेगर स्टोर लेखामा देखाएको छ । मूल्य देखाएका आइटमको औषत दरमा मूल्याङ्कन गर्दा वर्षान्तमा रु.५६ लाख ८२ हजारको मूल्य अन्तिम मौज्दातमा समावेश गरेको छैन । मूल्य समावेश नगरेको स्टोरको मौज्दातको यथार्थ छैन ।

९१. **बैङ्क तथा नगद मौज्दात** – निगमको ६७ बैङ्क खाता मौजुद रहेको देखिन्छ । निगमको वित्तीय विवरणमा बैङ्क मौज्दात प्रस्तुत भएका ३८ बैङ्कको खाता तथा नगद हिसाब रु.६ करोड ४३ लाख २९ हजार तथा बैङ्कबाट बढी झिकेको ६ हिसाबको रु.२ करोड ८५ लाख १९ हजार गणनामा आएको देखिएन । विभिन्न २९ बैङ्कमा रहेको खाताको बैङ्क स्टेटमेन्ट पेश भएको छैन । बैङ्कका खाताका हकमा सञ्चालन गर्ने व्यक्ति तथा नगदका हकमा जिम्मेवारी तोकिएको व्यक्तिको अभिलेख पनि पेश भएन ।

विभिन्न ६ बैङ्कको नाममा रहेको मौज्दात रु.९५ लाख २७ हजारले ऋणात्मक देखाएको छ । उक्त बैङ्कमा रहेको रकमको बैङ्क भिडान नोट र बैङ्क स्टेटमेन्ट पनि उपलब्ध भएन । बैङ्क हिसाब भिडान नभएको तथा बैङ्क स्टेटमेन्ट तथा बैङ्क समर्थनपत्र सेमत पेश गर्न नसकेकाले यी बैङ्क नै अस्तित्वमा रहे नरहेको यकिन हुनसक्ने अवस्था रहेन । विदेशी मुद्रामा रहेका बैङ्कको मौज्दात रकम नेपाल लेखामानअनुसार विनिमय समायोजन पनि गरेको छैन । लेखामानबमोजिम हिसाब तयार नगरेको तथा ऋणात्मक रकम बैङ्क मौज्दातमा जोडी खुद रकममात्र वित्तीय विवरणमा प्रस्तुत गरेकाले बैङ्क हिसाबले यथार्थ अवस्था दर्शाएको छैन ।

नगद खाता धनात्मक हुनुपर्नेमा निगमका विभिन्न १० स्टेशनमा भएका नगद मौज्दात हिसाबहरु रु.२ लाख ७० हजारले ऋणात्मक देखिएकोले सो रहनुको यथार्थ कारण छानबिन गरेको छैन ।

९२. **स्टेशन खर्च** – लेखापरीक्षणमा नमुना परीक्षण अन्तर्गत श्रावण महिनाको भौचर परीक्षण गर्दा सञ्चालनमा नरहेका मुम्बई र कलकत्ता स्टेशनहरुको खर्च लेखाङ्कन नयाँदिल्ली स्टेशनबाट गर्ने गरेको पाइयो । सञ्चालन नै नभएको मुम्बई एयरपोर्टमा २०६६ श्रावणमा तीन कर्मचारीलाई मासिक रु.३१ हजारका दरले तलव भत्ता, भा.रु.४० हजार घरबहाल र भा.रु.३५ हजार बहालमा लिएको घरको मर्मत संभारबापत भुक्तानी गरेको पाइयो । वायुसेवा नै सञ्चालन नभएको उक्त स्थानमा वार्षिक भा.रु.१२ लाख ७२ हजार खर्च गरेको देखिएकोले सोबाट निगमलाई अनावश्यक आर्थिक व्ययभार पर्न गएको छ ।

९३. **बीजकभन्दा बढी भुक्तानी** – सामान आयात गर्दाको सामानको बीजक अनुसार अमेरिकी डलर ५ हजार २१० भएकोमा प्रज्ञापनपत्रमा अमेरिकी डलर ५१ हजार २१० उल्लेख गरी सोको भन्सार मूल्य अभिवृद्धि कर समेत रु.५ लाख ६९ हजार भुक्तानी गरेकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

९४. **स्थिर सम्पत्ति** – यो वर्ष कुनै विमान तथा इन्जिन खरिद नगरे तापनि निगमले रु.४३ लाख ८० हजार विमान सम्पत्तिमा पूँजीकरण देखाएको छ । उक्त सामानको ढुवानी खर्च रु.२३ लाख ९१ हजार भने पूँजीकरण गरेको छैन ।

९५. **वस्तुगत स्पेसिफिकेशन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिदको समग्र विवरण तयार गर्दा खरिद गरिने मालवस्तुको प्राविधिक तथा गुणस्तरजन्य विशेषता स्पष्टरुपमा बुझिने गरी उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा निगमले तयार गरेको बोलपत्र कागजात तथा दरभाउपत्रमा सामानको स्पेसिफिकेशन स्पष्ट नगरी सामान माग गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

९६. यो वर्ष बोलपत्र आह्वान गर्दा १ लिटरको बोटलमा मिनरलवाटरको स्पेसिफिकेशनमा लोगो सहितको ञ्यापिङ्ग पेपर भई नेपाल मापदण्डको हुनुपर्ने लेखिएको छ । उक्त स्पेसिफिकेशन स्पष्ट नभएकोले एक मिनरलवाटर कम्पनीले तीन प्रकारको रु.७।७५, रु.८।७५ र रु.१७।७० प्रति बोटलको दर पेश गरेको देखियो । धरौटी रकम छुट्टै पेश नगरी गत वर्षको बाँकी धरौटी नै कायम गर्न माग गरेको कारण देखाई सो बोलपत्र मूल्याङ्कनमा समावेश गरिएन । अन्य दुई बोलपत्रदाताले पेश गरेको बोलपत्रको मूल्याङ्कन गर्दा २०६६।९।३ मा मूल्याङ्कन समितिले सबैभन्दा कम कबोल गर्ने एक ड्रिङ्कस उत्पादन कम्पनीको बोतल नरम खालको भएको र समाल्न कठिन हुने भनी अर्को बोलपत्रदातासँग वार्ता गर्न पत्र पठाएको देखियो । निगमले अप्पस्ट स्पेसिफिकेशन तोकी बोलपत्र आह्वान गर्ने र बोलपत्र मूल्याङ्कन गर्दा मूल्याङ्कनमा ठीक नभएको भनी घटिवालालाई हटाई अर्को बोलपत्रदातासँग वार्ता गरी दररेट तय गर्ने कार्य प्रचलित खरिद कानुन विपरीत छ ।

९७. बदाम आपूर्ति गर्न २०६६।६।२८ मा बोलपत्र प्रकाशित नगरेकोमा प्राप्त ५ बोलपत्रमध्ये सबभन्दा न्यून कबोल गर्ने बोलपत्रदाताको गुणस्तर परीक्षण गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा २०६६।८।२४ मा पठाएको देखिन्छ । २०६६।११।२४ को मूल्याङ्कन उप–समितिको निर्णयमा कम कबोल गर्नेसँग हाल परीक्षणको रुपमा बदाम खरिद गरेर आपूर्ति गर्ने तथा त्यसको गुणस्तर बारेको प्रतिक्रिया अर्को बैठकमा पेश गर्ने निर्णय भएको देखिन्छ । पुन: २०६६।१२।२६ मा भएको उक्त समितिको निर्णयमा सो पार्टीलाई परीक्षण (ट्रायल) को आधारमा आपूर्ति गर्न दिएकोमा बदाम निगमको आवश्यकता अनुसारको नभएको भनी रु.८३ हजारको खरिद गरिसकेपछि फ्लाइट सर्भिसेसबाट लेखी आएको भनी सोको आपूर्ति बन्द गर्ने र अर्को व्यवस्था नभएसम्म तत्कालको लागि विगतमा वर्षभर आपूर्ति गर्दै आएको पहिलेको पार्टीबाट लिने भनी निर्णय भएको देखिन्छ ।

बोलपत्रको प्रक्रिया शुरु गरिएकोमा सबै बोलपत्रको मूल्याङ्कन नै नगरी न्यून कबोल गर्नेबाट परीक्षणमा लिने भनी निर्णय गर्नु र पर्याप्त कारण बेगर १ महिनाभित्र सो पार्टीबाट नलिने निर्णय गरी बोलपत्र रद्ध गरी विगतको सप्लायर भनी यो वर्षको बोलपत्रको तेस्रो क्रममा रहेको बोलपत्रदाताबाट सोझै लिने कार्य गर्नु प्रचलित ऐन विपरीत देखिन्छ ।

९८. **दुई खाम पद्धति** – सार्वजनिक खरिद ऐन, २०६३ मा सामान खरिद गर्दा खरिद गर्ने सार्वजनिक निकायले मालसामान खरिद गर्दा अवस्था अनुसार प्रिक्वालिफिकेशनबाट छनौट भएका बोलपत्रदाताहरुबाट मूल्य सहितको बोलपत्र माग गर्ने वा मूल्य सहितको बोलपत्रमा नै योग्यताको परीक्षण गर्ने गरी एउटै बोलपत्र

माग गर्ने र सोहीबमोजिम बोलपत्र खोल्ने तथा मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ । ऐनअनुसार मालसामान खरिद गर्दा योग्यता, स्पेशिफिकेशन जस्ता विषय र मूल्य छुट्टाछुट्टै माग गर्न दोहोरो खामप्रणाली प्रयोग गर्न मिल्दैन । निगमले सञ्चार उपकरण खरिद गर्दा ऐन र विनियमावलीमा नभएको प्राविधिक पक्षलाई पनि परामर्शको जस्तै गरी मूल्याङ्कन भार समावेश गरी बोलपत्र मूल्याङ्कन गरी खरिद गरेको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ प्रतिकूल छ ।

९९. **मुचुल्का र मूल्याङ्कन –** निगममा खरिदको लागि प्राप्त भएका बोलपत्र तथा दरभाउपत्रहरु खोल्दाको मुचुल्कामा उल्लेख नभएका कैफियतहरु बोलपत्र स्वीकृतिमा देखिएका छन् । प्रधान कार्यालय र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित निगमको कार्यालयहरुमा रहेको विभिन्न मोडलको कम्प्युटर र प्रिन्टर र नेटवर्कका साथै सोसँग सम्बन्धित उपकरणहरु मर्मत गर्न सिलवन्दी दरभाउपत्र २०६६।२।१४ मा आह्वान गरिएकोमा प्राप्त सात दरभाउपत्रमध्ये एक कम्प्युटर प्रा.लिमिटेडको मूल्य अभिवृद्धि कर सहित रु.३ लाख ३९ हजारको दरभाउपत्र स्वीकृत गरेको पाइयो । लेखापरीक्षणमा पेश भएको उक्त कम्प्युटर कम्पनीले पेश गरेको दरभाउपत्र कार्यालयबाट बिक्री भएको दस्तावेजमा पेश नगरी प्रतिलिपी पेश गरेको छ । तर उक्त व्यहोरा मुचुल्कामा खुलाएको छैन ।

नेपालगन्ज स्टेशनमा वाउन्ड्रीवाल, रेनोभेसन र रेष्टोरेसन कार्यको लागि प्राप्त तीन सिलवन्दी दरभाउपत्र २०६७ वैशाख १४ मा खोल्दा मुचुल्कामा उक्त दरभाउपत्रमा केरमेट गरेको व्यहोरा उल्लेख गरेको छैन । तर लेखापरीक्षणमा पेश भएको सबैभन्दा कम कबोल गरेको दरभाउपत्रको दरमा केरमेट गरी घटाई मूल्य अभिवृद्धि कर समेत रु.९ लाख ६३ हजार बनाई स्वीकृत गरेको देखिन्छ । सिलवन्दी दरभाउपत्र खोल्दा गरिने मुचुल्कामा सारभूत फरक कैफियत नजनिएको तर मूल्याङ्कनमा सो कागजात वा कैफियत जनाई मूल्याङ्कन गरेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

१००. **ई–कोटेशन –** सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था नै नभएको इमेलबाट कोटेशन मागी गर्ने यो वर्ष रु.३१ करोड २७ लाख १ हजारको खरिद गरेको छ । ऐनमा नभएको तरिकाबाट प्रतिस्पर्धा बेगर ठूलो रकमको खरिद गरेको छ । यसमा छानबिन हुनुपर्दछ ।

१०१. **सम्झौताभन्दा बढी खरिद –** विनियम १८८(१)(ख) मा मालसामान खरिद गर्दा सम्झौता मूल्यको ५ प्रतिशतसम्म प्राविधिक पुष्ट्याई गरी महाशाखा प्रमुखले, दश प्रतिशतसम्म विभागीय प्रमूखले, पन्ध्र प्रतिशतसम्म कार्यकारी प्रमुखले र सोभन्दा बढी सञ्चालक समितिले भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ । बोलपत्रबाट खरिद गरिएका सामानमा विनियमावलीको यो व्यवस्था पालना नगरी ३ प्रतिशतदेखि १ हजार २३१ प्रतिशतसम्म बढी सामान खरिद भएको छ ।

१०२. **अनियमित छनौट प्रक्रिया –** निगमले बोलपत्र पेश गरिसकेका बोलपत्रदाताहरुलाई मूल्याङ्कन कै क्रममा मूल्य घटाघटका लागि पत्राचार गरेको तथा बोलपत्र मूल्याङ्कन कै क्रममा तत्कालै आफुखुसी परिमाण आपूर्ति गर्न कार्यादेश दिई ऐन विपरीत खरिद गरेका केही उदाहरण निम्न छन्:

१०२.१. डिस्पोजल प्लास्टिक कटलरी खरिद गर्नका लागि बोलपत्र आह्वान गरिएकोमा एकै व्यक्ति प्रोप्राइटर रहेको २ फर्म सहित प्राप्त सात बोलपत्रमध्ये सबभन्दा न्यून कबोल गर्ने २ सप्लायर्सलाई बोलपत्र मूल्याङ्कन र छनौट सम्बन्धी कार्य शुरु गर्नुपूर्व नै तत्काल १ लाख सेट आवश्यक पर्ने हुँदा बोलपत्रमा उल्लेखित दरमा १० दिनभित्र कति सेट उपलब्ध गराउन सकिने हो जानकारी दिने गरी पत्र पठाएको र दुवै पार्टीले १ महिनाभित्र उपलब्ध गराउन सक्ने भनी २०६६।९।१ मा जवाफ पठाएको पाइयो । मूल्याङ्कन समितिले २०६६।१०।११ मा दोस्रो र तेस्रो दररेट उल्लेख गर्ने आपूर्तिकर्तालाई उल्लेखित दररेटमा के कति घटाउन सकिन्छ भनी पत्र पठाउने निर्णय गरेको देखिन्छ । सो अनुरुप दुई बोलपत्र पेश गरेको तेस्रो पार्टीसँग २०६६।११।६ मा रु.२० लाख ३४ हजारमा सम्झौता भएको छ । बोलपत्रमा समावेश नभएको शर्त थपी खरिद ऐनले नतोकेको प्रक्रिया अपनाई सम्झौता गरी खरिद गरेको देखियो ।

१०२.२. डिस्क्लोज प्लास्टिक ग्लास आपूर्तिका लागि बोलपत्र आह्वान गरेकोमा प्राप्त ५ बोलपत्र मूल्याङ्कन नै नगरी सबभन्दा कम कबोल गर्ने न्यूनतम कबोल गर्ने २ सप्लायर्सलाई १ लाख ५० हजार पिस १० दिनभित्र तत्काल उपलब्ध गराउन पत्र पठाएकोमा दुवैले २०६६।९।१ मा माग अनुसारको परिमाण उपलब्ध गराउन सकिने जवाफ पठाएको देखिन्छ । पत्र आदान प्रदान पश्चातमात्र २०६६।९।३ मा मूल्याङ्कन उप–समितिको बैठक बसी १५ दिनभित्र उक्त परिमाणको ग्लास आपूर्ति गर्न पहिलो सप्लायर्सलाई समयावधि दिने र उपलब्ध नगराएमा बोलपत्र रद्ध गर्ने निर्णय गरेको छ । पहिलो न्यूनतम कबोल गर्ने सप्लायर्सले २०६६।९।१४ मा तत्काल सामान उपलब्ध गराउन नसकिने पत्र पठाएको र सो पत्र पठाएको डेढ महिनापछि २०६६।१०।११ को मूल्याङ्कन उप–समितिको प्रतिवेदन अनुसार दोस्रो सप्लायरबाट उक्त प्लास्टिक ग्लास लिने निर्णय गरेको छ । बोलपत्र प्रकाशित गर्दासम्म सीमा उल्लेख नै नभएको र बोलपत्र मूल्याङ्कन गर्नुपूर्व नै सामान उपलब्ध गराउन सकिने नसकिने पत्र पठाई रु.११ लाख ५२ हजार (२४.८३ प्रतिशत) बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गरेको तथा बोलपत्र छनौटको निर्णय नै नगरी एवं सम्झौता गर्नुपूर्व नै २०६६।९।६ मा सामान उपलब्ध गराउन दिन तोकी २०६६।९।६ मा पत्र पठाउनु खरिद कानुनबमोजिम अनियमित देखिएको छ ।

१०३. **कर बीजक –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको कर बीजक दिनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१क) बमोजिम कर बीजक जारी गर्नुपर्ने छ भन्ने व्यवस्था भएकोमा निगमले कर बीजक बेगर रु.२३ लाख ४ हजारको कारोबारमा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ ।

१०४. **मूल्य अभिवृद्धि कर छुट –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची २ को दफा १ (ग) मा नेपाल बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको वस्तुमा शून्य दरको मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । निगमले सोल्टी होटेल लिमिटेड र राष्ट्रिय व्यापार निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरेको खाना तथा मदिरामा सो कर शून्य दरमा नै तिरेको छ । अन्तर्राष्ट्रिय उडानका लागि १२ पार्टीबाट खाद्य तथा पेयपदार्थ खरिद गर्दा सो छुट सुविधा नलिएकोले मूल्य अभिवृद्धि करबापतको रु.२७ लाख ३२ हजार बढी खर्च लेखेको छ ।

१०५. **कागजात बेगर भुक्तानी –** निगमको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित विभाग तथा इकाईहरुको २०६६।६७ को लेखापरीक्षण गर्न इन्जिनियरिङ्ग विभाग र अन्तर्गतका इकाईबाट जहाजको सिचेक, इन्जिन, मोड्यूलस, सहायक पावर यूनिट तथा अन्य कम्पोनेन्टको ओभरअल, मर्मत संभार, रिकन्डिसन, विनिमय, भाडामा लिए दिएको, सट्टा पट्टा बिक्री, लिलाम तथा लागत कट्टा सम्बन्धमा भएका कार्यको विवरण खुल्ने नियन्त्रण किताब र सो कार्य गर्दा भएका खरिद र अन्य प्रक्रियाको सक्कल फाइल तथा सिष्टम म्यानुयल भोलुम २, इन्भेन्ट्री मेनेजमेन्ट एण्ड कन्ट्रोल १९८४ को फारामहरु समेत लेखापरीक्षणको लागि पेश गर्न पटक पटक अनुरोध गरेकोमा पेश हुन आएन । केन्द्रीय कार्यालय मार्फत भएको भुक्तानी आदेशबमोजिम रु.५३ करोड ७९ लाख ८ हजार खर्च रहेको छ ।

१०६. **ब्याज आय –** मुद्दति निक्षेप रु.१२ करोड ९७ लाखमा २०६६ पुसमा ब्याज अमेरिकी डलर १७ हजार ८९९ को रु.१३ लाख ६९ हजार प्राप्त भएको देखिन्छ । तर उक्त निक्षेपको आषाढको ब्याज आम्दानी बाँधेको देखिएन ।

१०७. **नोक्सान भएका सम्पत्ति –** निगमले वित्तीय विवरणमा स्थिर सम्पत्तिमा देखाएको सम्पत्तिहरुको विस्तृत विवरण खुल्ने अभिलेख राखेको छैन । सम्पत्तिको अभिलेखबमोजिम पनि भौतिक परीक्षण गरेको छैन । कुनै सम्पत्ति लिलाम हुँदा सो सम्पत्ति तथा त्यसको ह्रास रकम अभिलेखमा समायोजन गरी हटाउनुपर्नेमा हटाएको छैन । लिलामबाट प्राप्त रकम पुरै आयमा देखाएको छ । बिक्री गरेको सम्पत्तिलाई सूचीबाट हटाएको छैन । सम्पत्तिमध्ये भौतिक अवस्थिति नै नभएको सम्पत्ति र वित्तीय विवरणमा समावेश सम्पत्तिबीचको फरक यकिन गरी नोक्सानी व्यवस्था गरेको छैन ।

१०८. **उडान आय –** विमानको टिकट बिक्री गर्दा प्राप्त भएको रकम अनार्जित आयमा लेखाङ्कन गर्ने र सो टिकटको व्यक्तिले उडान गरेपछि सो टिकटको आयलाई आम्दानीमा लेखाङ्कन गर्ने गरेको जानकारी दिएको छ । टिकट बिक्रीसँगै इन्धन सरचार्ज र बिमा सरचार्ज पनि उठाउने गरेको देखिन्छ । उडान नभई टिकटको प्राप्ति रकम आयमा समावेश नगर्ने तर सोही उडानबापतको इन्धन सरचार्ज तथा बिमा सरचार्ज भने प्राप्तिकै आधारमा आय लेखाङ्कन गरेकाले उही टिकटको केही रकम उडानपछि आयमा समावेश हुने र केही रकम उडान अगाबै आयमा समावेश हुदा आयमा बढी लेखाङ्कन भएको छ । औषतमा गणना गर्दा बढी लेखाङ्कन भएको आय रु.५ करोड ८५ लाख ६७ हजार रहेको छ । एउटै उडानसँग सम्बन्धित आयमध्ये आंशिकको उडान अगाबै आय लेखाङ्कन भएकोमा निगमले टिकटगत उड्न बाँकी यात्रु तथा कार्गोको विवरण उपलब्ध नगराएकाले इन्धन तथा बिमाको बढी लेखाङ्कन भएको रकम यकिन गर्न सकिएन ।

१०९. **असान्दर्भिक कारोबार –** प्रमाण कागजात तथा मनासिव कारण बेगर निगमले आम्दानी खाताबाट सिधै लेखाङ्कन गरेको देखिन्छ । मलेशियाको एक पार्टीको रु.१ करोड ३५ लाख ८४ हजार इन्धनको बिल संलग्न गरी खर्च लेखेमा उक्त रकम सो पार्टीले यो वर्ष भुक्तानी पाएको देखिँदैन । रकमान्तर गरी खर्च गरेको प्रमाण समेत संलग्न छैन । यस्तै मार्च १, २००९ देखि १५ जनवरी २०१० सम्मको कम रकम सङ्कलन भएको भनी एक ट्राभल्स एण्ड टुर्सबाट रु.५८ लाख ९९ हजार २११ अनार्जित आयमा लेखाङ्कन गरी पार्टीबाट लिन बाँकी देखाएको छ । कम सङ्कलन भएको विमान टिकटका साथसाथै कर तथा बिमा र इन्धन समायोजनमा पनि कम सङ्कलन भएको आधारमा हिसाब गर्नुपर्नेमा सो गरेको देखिएन ।

११०. **नगद खर्च –** यो वर्ष एडभान्स एण्ड एक्स्पेन्सेस शाखाले पेटी क्यासबाट रु.३ करोड ३३ लाख ८९ हजार खर्च लेखेको छ । केन्द्रिय कार्यालयको सानो नगदी कोषको सीमा रु.२५ हजार भए तापनि हरेक विभागमा सानो नगदी कोष रहेको र कतिपय विभागमा ४ कर्मचारीसम्मले पेटी क्यास सञ्चालन गर्ने गरेको छ । यसको नियन्त्रण हुनसकेको छैन ।

१११. **स्टेशनगत लेखापरीक्षण –** निगमका ६ बाह्य स्टेशनको निरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

१११.१. **वित्तीय विवरण तथा लेखा –** निगमका ६ बाह्य स्टेशनहरुले आफ्नो मासिक आय–व्यय कारोबारको लेखाङ्कन गरी सोको प्रतिवेदन केन्द्रीय कार्यालयमा पठाउने गरेको छ । कतिपय स्टेशनको खर्च सम्बन्धित एजेन्ट/पार्टीबाट केन्द्रीय कार्यालय मार्फत सोझै भुक्तानी समेत हुने गरेको छ । स्टेशनहरुले आफ्नो वार्षिक कारोबारको समग्र आयव्यय सम्पत्ति दायित्वको लेखा राखी वासलात, नाफा–नोक्सान, नगद प्रवाह जस्ता वित्तीय विवरणहरु तयार गर्ने नगरेकोले स्टेशनगत वित्तीय कारोबार स्थिति प्रस्तुत हुनसकेको छैन । केन्द्रीय कार्यालयबाट स्टेशनहरुबाट प्राप्त मासिक एवं आवधिक प्रतिवेदनको आधारमा हिसाब एकीकृत गरी वार्षिक प्रतिवेदन तयार गर्ने गरेको छ । स्टेशनहरुको वित्तीय विवरण छुट्टै तयार नभएको र केन्द्रीय कार्यालयको एकीकृत विवरण तथा प्रतिवेदनबाट स्टेशन सम्बन्धी आम्दानी खर्चको अद्यावधिक स्थिति प्रतिवेदन गर्नसक्ने अवस्था समेत रहेको छैन ।

१११.२. **आय कर दर्ता –** निगमको स्टेशन कार्यालयहरु विभिन्न शहरमा कार्यरत रहेकोमा हङकङ, भारत, थाइल्याण्डमा सम्बन्धित देशमा आयकरमा दर्ता भई कर कारोबार गरिरहेको देखिन्छ । तर कतार तथा युनाइटेड अरब इमिरेट्समा रहेका स्टेशनहरु सम्बन्धित देशमा करदर्ता भई कारोबार गरेको देखिँदैन ।

१११.३. **आयव्यय विवरण –** स्टेशनहरुले आफ्नो आम्दानी, खर्च, सम्पत्ति, दायित्व खुलाई छुट्टै वित्तीय विवरण तयार गर्ने नगरेबाट निगमको स्टेशनहरुको आम्दानी खर्च पारदर्शी नहुनुको साथै क्षेत्रगत उडानको सञ्चालन नाफा र नोक्सानीको स्थिति बारे विश्लेषण गर्नसक्ने अवस्था छैन । यससम्बन्धमा विगतमा व्यहोरा औँल्याउँदै आए तापनि सुधार भएको छैन ।

१११.४. **सेवा र बजारीकरण –** निगमको सेवा उडान हुने दिन र समय भरपर्दो र व्यवस्थित नभएको कारण काठमाडौं–पोखरा, पोखरा–काठमाडौं उडान सामान्यत खाली नै रहने गरेको पाइयो । निजी विमानसेवासँग

प्रतिस्पर्धा गर्ने खालको नीति नहुनु, जहाजको अभाव हुनु, उडान समय र दिन भरपर्दो नहुनु जस्ता कारणले यसले आफ्नो सेवा निरन्तर गर्नसकेको पाइएन ।

१११.५. **बजारीकरण –** निगमले सीमित जहाजबाट न्यून क्षेत्रमा सेवा प्रदान गरिरहेको हालको अवस्थामा स्तरीय सेवालाई उच्चप्राथमिकता दिई बजारीकरणमा थप ध्यान दिनुपर्ने देखिन्छ । तर निगमसँग आवश्यक मात्रामा जहाज नभएकोले यस कार्यमा शिथिलता आएको देखिएकोले संस्थागत निरन्तरता दिन नयाँ जहाज खरिद गर्नु जरुरी देखिएको छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहाय अनुसार छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

११२. **असुली** – यो वर्ष प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ कार्यालयबाट रु.१८ हजार र सम्परीक्षणको क्रममा रु.१ लाख १२ हजार असुल भएको छ ।

११३. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६८ आषाढ मसान्तमा ६ कार्यालयको रु.१ करोड ६ लाख ५४ हजार पेश्की देखिएकोमध्ये प्रारम्भिक प्रतिवेदनको प्रतिक्रयाको क्रममा रु.२५ लाख ९४ हजार फछ्यौंट गरेकोले रु.८० लाख ६० हजार म्याद ननाघेको पेश्की बाँकी रहेको छ । गत विगतको समेत कुल रु.८ करोड ६० लाख १४ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

मन्त्रालय अन्तर्गतका संगठित संस्था र समिति (पेश्की कायम गरिने निकायको मात्र) को २०६८ आषाढ मसान्तमा २ कार्यालयको रु.३९ लाख ७२ हजार पेश्की देखिएको छ ।

११४. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहाय अनुसार छ:

११४.१. मन्त्रालय र मातहतका सरकारी कार्यालयहरुमा यो वर्ष रु.१ करोड ५४ लाख ५७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२७ लाख ६२ हजार फछ्यौंट गरेकोले रु.१ करोड २६ लाख ९५ हजार बाँकी रहेको छ ।

११४.२. संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.५६ लाख ६९ हजार बेरुजू देखिएको छ ।

११४.३. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये सरकारी कार्यालयतर्फ रु.१ करोड ४१ लाख २९ हजार फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

११४.४. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.३ करोड ५७ लाख २९ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

मन्त्रालय र मातहतसमेत २२७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ५८ करोड ४५ लाख ५२ हजार, राजस्वतर्फ रु.४ अर्ब २२ करोड ४५ लाख ९८ हजार, धरौटीतर्फ रु.४४ करोड ८१ लाख ४४ हजार र अन्य करोबारतर्फ रु.४ अर्ब ३१ करोड ९८ लाख ४३ हजार समेत रु.१० अर्ब ५७ करोड ७१ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका सार्वजनिक संस्थान एक को रु.३४ करोड ८८ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि मन्त्रालयले सुधार गरेको छैन । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार छन्:

१.१ मालपोत कार्यालयहरुले असुल गरेको घर जग्गा रजिष्ट्रेशन दस्तुर फ्रिज नहुने ख–६ खातामा जम्मा गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम बाँडफाँड गरी सम्बन्धित जिल्ला विकास समितिलाई पठाउनुपर्ने र बाँकी रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । विभागले ख–६ खाताको जिल्लागत आर्थिक विवरण लिई सो आधारमा केन्द्रीय आर्थिक विवरण तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेमा समष्टिगत केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन । पेश भएसम्मका सूचनाका आधारमा मात्र आर्थिक विवरण तयार गर्ने गरेकोले यथार्थ हिसाव प्रस्तुत नहुने स्थिति यथावतै रहेको पाइयो ।

१.२ भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६ ले जग्गा बाँडफाँड सम्बन्धमा परेका निवेदनहरुको समयमै फछ्यौंट गरी टुङ्गो लगाउने व्यवस्था गरेको छ । यस सम्बन्धमा परेका कुल १३ हजार १०० निवेदनमध्ये यो वर्ष ७४ (०.५६ प्रतिशत) मात्र फछ्यौंट गरेको देखियो । गत वर्षको फछ्यौंट हुन बाँकी रहेको ९ हजार ७४५ को तुलनामा यो वर्ष फर्छिन बाँकी निवेदनको संख्या ३ हजार २८१ (३३.६७ प्रतिशत) ले बढेको पाइयो ।

१.३ भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१ मा प्राप्त भएको वा जफत भएको जग्गा प्राथमिकताको आधारमा साविक जग्गावाल, मोही वा अन्य कुनै व्यक्तिलाई कुनै शर्तमा कमाउन दिनसक्ने व्यवस्था छ । भूमिसुधार तथा व्यवस्थापन विभागले हदवन्दीबाट प्राप्त भएको जग्गाको वितरण र बाँकीको लगत अद्यावधिक गरेको छैन ।

सरकारी कार्यालयतर्फ

२. **पुनर्स्थापन** – मुक्त हलिया पुनर्स्थापना गर्ने कार्यक्रम १२ जिल्लामा सञ्चालन गर्न यो वर्ष रु.१७ करोड ९५ हजार बजेट व्यवस्था भएकोमा रु.१५ करोड (८८.१९ प्रतिशत) को कार्यक्रम सञ्चालन नभई बजेट निष्क्रिय भएको छ । मन्त्रालयले पुनर्स्थापनको लागि आवश्यक तथ्याङ्क सङ्कलन, रेखदेख र नियन्त्रण गर्ने कार्य गर्न नसक्दा कार्यक्रम कार्यान्वयन हुनसकेको देखिएन ।

भूमिसुधार तथा व्यवस्थापन विभाग

३. **सार्वजनिक जग्गाको लगत –** जग्गा प्रशासन निर्देशिका, २०५८ को निर्देशन नं.४१४ मा दर्ता हुन बाँकी रहेका आफ्नो क्षेत्रभित्रको सरकारी र सार्वजनिक जग्गाको कार्यालयले दर्ता गरी अभिलेख अद्यावधिक राख्ने र संरक्षण गर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको हुने उल्लेख छ । विभागले यो वर्षसम्म ५० मालपोत कार्यालयको मात्र सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने कार्य गरेको देखिन्छ । निर्देशिका

जारी भएको ९ वर्ष वितिसक्दा पनि ३३ मालपोत कार्यालयले अभिलेख तयार गरेको देखिएन । अभिलेख अद्यावधिक गर्न ढिलाई हुँदा सरकारी जग्गाको अतिक्रमण बढ्दै जाने हुँदा सो जोखिमलाई न्यूनिकरण गर्न निर्देशिकाको व्यवस्था कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

४. **रजिष्ट्रेशन दस्तुर असुली** – विभागबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार विभाग मातहत ८३ मालपोत कार्यालयको विगत तीन वर्षको रजिष्ट्रेशन दस्तुर असुलीको स्थिति देहाय अनुसार छ:

(रु.हजारमा)

विवरण	२०६५।६६	२०६६।६७	२०६७।६८
लक्ष्य	४,८०,००,००	६,००,००,००	६,३०,११,१८
असुली	६,३०,६४,३५	६,०५,६६,२१	४,१८,२६,७१
असुली प्रतिशत	१३१.३८	१००.९४	६६.३८

उपर्युक्तानुसार लक्ष्य, प्रगति स्थितिलाई दृष्टिगत गर्दा विभागले यो वर्ष निर्धारित लक्ष्यभन्दा ३३ प्रतिशत रजिष्ट्रेशन दस्तुर घटी असुली गरेको देखिन्छ ।

५. **अभिलेखको संरक्षण** – विभाग बबरमहल क्षेत्रमा अवस्थित भवनमा रहँदै आए तापनि यसको अभिलेख शाखा, डिल्लीबजारमा रहेको छ । सो शाखामा धेरै वर्ष पुराना सनद सवाल पञ्जापत्र लगायतका ऐतिहासिक तथा प्रशासकीय महत्वका लिखतहरु रहेका छन् । उक्त भवन जीर्ण भएकोले वर्षाद्को समयमा पानी चुहिने गरेको, मुसा तथा किराले क्षति पुऱ्याएको स्थलगत अवलोकनबाट देखियो । पुराना मिसिल, लिखतहरु व्यवस्थित तरिकाले राख्ने कार्य हुँदै आएको भनिए तापनि अझै केही जिल्लाको ५० बोरामा रहेका मिसिल, लिखतहरु व्यवस्थित गर्न बाँकी देखिन्छ । गत विगत वर्षदेखि महत्वपूर्ण कागजातहरुको उचित संरक्षणको लागि आवश्यक पहल हुन ध्यानाकर्षण गराइएकोमा आंशिक कार्य भए तापनि सन्तोषजनक रुपमा सुधार भएको छैन ।

६. **भूमि व्यबस्थापन सुदृढीकरण कार्यक्रम –** भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०६७ को ३(१) मा मालपोत कार्यालयले असुल गरेको रजिष्ट्रेशन दस्तुरबापत जिल्ला विकास समितिमा पठाउने कुल रकमको ५ प्रतिशतमध्ये एक आर्थिक वर्षमा ६ लाख रुपैयाँभन्दा बढी सङ्कलन भएमा बढी रकम मालपोत कार्यालयहरुले विभागमा रहेको संस्थागत सुदृढीकरण कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.६ लाखभन्दा बढी सङ्कलन गर्ने ३४ मालपोत कार्यालयले बढी रकम कोषमा पठाउनुपर्नेमा ८ मालपोत कार्यालयले मात्र रु.७३ लाख २२ हजार कोषमा दाखिला गरेको छ । निर्देशिका अनुसार विभागले केन्द्रीय आय व्ययको विवरण तयार गरेको छैन । विभागले यो वर्ष कोषबाट रु.४७ लाख ३५ हजार खर्च गरेको छ । विभागले मालपोत कार्यालयहरुको कार्यालयगत अद्यावधिक अभिलेख राखी सीमाभन्दा बढी प्राप्त गरेको रकम कोषमा दाखिला गर्न लगाउने तथा निकासा खर्चको सूचकाङ्क सहितको आधार तोकी कोषबाट भएको खर्च पारदर्शी गराउने गरेको छैन ।

मालपोत कार्यालयहरु

७. **जिन्सी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि मर्मत सम्भार गर्नुपर्ने भए ३ महिना र लिलाम बिक्री गर्नुपर्ने भएमा ६ महिनाभित्र गरिसक्नुपर्ने उल्लेख छ । मालपोत कार्यालय ३८ ले यो वर्ष जिन्सी निरीक्षण गरे गराएका छैनन् । जिन्सी निरीक्षण गर्ने २३ कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा फ्याक्स, कम्प्युटर, मोटरसाइकल आदि १९२ थान मालसामान पुरानो भई काम नलाग्ने र २६७ थान सामान मर्मत गर्नुपर्ने उल्लेख गरेको छ । तर प्रतिवेदन अनुसारको जिन्सी सामानको लिलामी एवं मर्मत संभार गरी अद्यावधिक गरेको छैन ।

८. **रजिष्ट्रेशन दस्तुर –** रजिष्ट्रेशन प्रयोजनको लागि न्यूनतम मूल्य निर्धारण निर्देशिका, २०५९ को दफा ३.१ अनुसार घर जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण प्रक्रियालाई तथ्यगत आधारमा वस्तुपरक एवं व्यावहारिक

नबनाएको कारण रजिष्ट्रेशन दस्तुर असुलीमा घट्ने क्रम रहेको छ । केही मालपोत कार्यालयको उदाहरण देहाय बमोजिम छन्:

(रु.हजारमा)

मालपोत कार्यालयको नाम	यथार्थ असुली		२०६७।६८		
	२०६५।६६	२०६६।६७	लक्ष्य	असुली	प्रतिशत
चावहिल	८२,८३,२८	७६,७३,१९	८५,५९,०७	३४,१८,०२	३९.९३
डिल्लीबजार	१,२९,६४,४६	६६,९९,६४	१,२१,७८,७४	५६,४५,०६	४६.३५
भक्तपुर	३९,९६,३३	३५,६०,७१	४०,९१,३६	१३,५९,४३	३३.२३
रुपन्देही	२२,४९,२६	२५,१७,६७	२४,८९,३७	१४,९४,५३	६०.०३
ललितपुर	०	५३,५७,९९	६७,६२,१३	२५,४८,०४	३७.६८
कलङ्की	०	६०,५५,३८	६४,००,२१	३०,५४,३९	४७.७२
दाङ्ग	७,७१,६१	८,२१,१५	१०,९९,३०	८,६३,८३	७८.५८

उपर्युक्त तालिका अनुसार प्रमुख मालपोत कार्यालयहरुको असुली प्रत्येक वर्ष घट्दै गएको छ ।

९. **घर जग्गा मूल्याङ्कन –** रजिष्ट्रेशन लिखत पास गर्दा घर जग्गाको मूल्याङ्कन गर्न जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण निर्देशिका, २०५९ को दफा ३.१ अनुसार प्रत्येक मालपोत कार्यालयले शहरी र ग्रामीण क्षेत्रको नगरोन्मुख क्षेत्रहरु, मुख्य बजार विस्तार भएका स्थानहरुमा उपलब्ध सडक, बिजुली, खानेपानी, ढल, टेलिफोन जस्ता पूर्वाधारहरुको आधारमा मूल्य निर्धारण प्रक्रियालाई वस्तुपरक एवं व्यावहारिक बनाउनुपर्ने र निर्देशिकाबमोजिम प्रक्रिया पुऱ्याई सोमा परिमार्जन गर्नुपर्ने व्यवस्था छ । घर जग्गाको मूल्य निर्धारणको लागि आवश्यकतानुसार प्राविधिक कर्मचारी खटाउनुपर्ने, फिल्डबाट सङ्कलित सूचनाका आधारमा घडेरीको निमित्त प्रयोग हुने, शहरी क्षेत्र तथा बजार विस्तार भएका ग्रामीण क्षेत्रको जग्गाहरुको कित्ता विवरण तयार गरी बैङ्क तथा वित्तीय संस्थाहरुले धितोबापत गरेको मूल्याङ्कन आदिको तुलनात्मक विवरण तयार गर्नु गराउनुपर्ने गरी तोकेको छ । जिल्लास्थित विकास निर्माणका कार्यसञ्चालन गर्ने सरकारी तथा गैर सरकारी निकायसँग सम्पर्क राखी जग्गामा भएको भौतिक परिवर्तनको बारेमा पनि जानकारी लिनुपर्ने उल्लेख छ ।

लेखापरीक्षणको क्रममा घर जग्गा मूल्याङ्कनको परीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन्:

९.१ मालपोत कार्यालय ४० ले उपर्युक्त विवरणहरु नखुलाई हालको सडकको अवस्था मात्र खुलाई गत विगत वर्षको अनुभवका आधारमा चालू वर्षको न्यूनतम मूल्य तोकेको पाइयो । ग्रामीण क्षेत्रमा पर्ने गाउँ विकास समिति अन्तर्गतका जग्गाहरुको वडानम्बर, कित्तानम्बर, प्लटनम्बर, सडक पहुँच, घडेरी तथा कृषि प्रयोजन र अन्य सुविधा पुगेको आधारमा जग्गाको वर्गीकरण नगरी खेतीयोग्य जग्गा दर्शाई सोको न्यूनतम मूल्य निर्धारण गरेको छ ।

९.२ कार्यालयहरुले सूचना सङ्कलकन गर्न कर्मचारीहरु फिल्डमा खटाउने नगरेको, फिल्डबाट सङ्कलित मूल्य, बैङ्क तथा वित्तीय संस्थाहरुले धितोबापत राखेको जग्गाको मूल्याङ्कन र कार्यालयमा पारित हुनआउने लिखतमा उल्लेख भएको मूल्यको तुलनात्मक विश्लेषणको आधारमा जग्गाको न्यूनतम मूल्याङ्कन कायम गरेको नदेखिँदा यस्तो मूल्य निर्धारणबाट आश्वस्त हुनसक्ने स्थिति छैन ।

१०. **सेवा शुल्क –** आर्थिक ऐन, २०६७ को अनुसूची ४ख को २ मा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धकमा लिखतमा समदरबाट रु.५००।– देखि रु.३० हजारसम्म सेवा शुल्क लाग्ने व्यवस्था छ । मालपोत कार्यालय, भक्तपुर बाहेक अन्य कार्यालयहरुले सहकारी संस्थाको दृष्टिबन्धक लिखत पारित गर्दा सेवा शुल्क लिने गरेको पाइएन । डिल्लीबजार र चाबहिल मालपोत कार्यालयबाट पारित गरेको ७६ लिखतको थैली अङ्कमा रु.३ लाख १ हजार सेवा शुल्क असुल गरेको छैन ।

११. **पूँजीगत लाभकर –** आयकर ऐन, २०५८ को दफा २ को देहायको खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सोभन्दा बढी मूल्यको घर जग्गाको कारोबार गर्दा भएको पूँजीगत लाभमा ऐनको दफा ९५(क)३ अनुसार निसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्तिको स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भएको छ भने ५ प्रतिशत र कम भएको छ भने १० प्रतिशतका दरले रजिष्ट्रेशन पारित गर्दा कै बखतमा पूँजीगत कर असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत लाभकरबापत असुल गरेको रकम मालपोत कार्यालयहरुले आन्तरिक राजस्व कार्यालयमा पठाउने गरेको भए तापनि विभागले सोको एकीकृत हिसाब तयार गरेको छैन । पूँजीगत लाभकरको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

११.१ मालपोत कार्यालयहरुको पूँजीगत लाभकर असुलीको लिखत परीक्षण गर्दा मालपोत कार्यालय २९ ले ५१ लिखतका निसर्गकर्ताहरुबाट निसर्ग मूल्य रु.५६ करोड ८६ लाख ४२ हजारको ५ प्रतिशत र १० प्रतिशतका दरले असुल गर्नुपर्ने पूँजीगत लाभकर रु.१ करोड ६५ लाख ६७ हजार असुल गरेको छैन ।

११.२ मालपोत कार्यालय ७ ले १३ निसर्गकर्ताबाट निसर्ग मूल्य रु.७ करोड ७८ लाख ११ हजारमा रु.१ करोड ३१ लाख ७३ हजार खर्च कटाई बाँकी रु.६ करोड ४६ लाख ३८ हजारमा पूँजीगत लाभकर रु.४८ लाख ५५ हजार असुल गर्नुपर्नेमा रु.१३ लाख ५४ हजारमात्र असुल गरेकोले बाँकी रु.३५ लाख १ हजार असुल गर्नुपर्दछ ।

११.३ मालपोत कार्यालय, बिराटनगरबाट एक निसर्गकर्ताले रजिष्ट्रेशन लिखत नं ९३५८क बाट २०६७।१२।१८ मा एक बैङ्कले लिलाम गरेको जग्गा रु.१ करोड ६१ लाख ३३ हजारमा सकार गरी खरिद गरेको र पछि सोही जग्गा टुक्रा पारी पटक पटक रु.२ करोड ७६ लाख ३६ हजारमा निसर्ग गरी रु.१ करोड १५ लाख ३ हजार पूँजीगत लाभ आर्जन गरेको छ । निजले पुँजीगत लाभकर फारममा रु.२ करोड २० लाख ८ हजार आम्दानी र रु.२ करोड २८ लाख ८८ हजार खर्च देखाई लाभकर तिरेको छैन । निजबाट पूँजीगत लाभ रु.१ करोड १५ लाख ३ हजारको १० प्रतिशतले हुने रु.११ लाख ५० हजार पूँजीगत लाभकर असुल गर्नुपर्दछ ।

११.४ मालपोत कार्यालय, रुपन्देहीले एक निसर्गकर्ताले धितो राखेको २ बिगाहा १० कठ्ठा ५ धुर जग्गा बैङ्कबाट लिलाम बढाबढ भै जग्गा तथा सोमा रहेको लिकपात समेतको रु.२ करोड ३२ लाखमा सकारी दाखिला खारेज गर्दा दाखिला खारेज दस्तुर रु.४ लाख ६४ हजार खर्च भएको देखिन्छ । उक्त जग्गा २०५८ अगाडि खरिद भै आएको देखिँदा निज निसर्गकर्ताबाट खर्च कटाई बाँकी भएको पूँजीगत लाभ रु.२ करोड २७ लाख ३६ हजारमा ५ प्रतिशतले हुने रु.११ लाख ३७ हजार पूँजीगत लाभकर असुल गर्नुपर्दछ ।

११.५ मालपोत कार्यालय, ललितपुरले र.नं.२२८३ बाट २०६७।९।२ मा एक व्यक्तिको नाउँको जग्गा २ जनाको नाउँमा सगोालमा पारित गरी सोही दिन ती दुवैको नाउँबाट र.नं.२३०३ बाट रु.६५ लाख ६३ हजारमा निसर्ग गरी सगोलको बिक्री गरेको जनाई पूँजीगत लाभकर असुल गरेको छैन ।

११.६ मालपोत कार्यालय, चावहिलले रजिष्ट्रेशन लिखत नं.४३५१(ख) बाट २०६७।१२।१० मा एक निसर्गकर्ताको नाउँको जग्गा रु.१ करोड ३७ लाख मूल्य कायम गरी परिवारका २ सदस्यका नाउँमा हालैको बकसपत्र लिखत पास गरेको देखियो । तीनै जनाले उक्त जग्गा एउटै व्यक्तिलाई २०६७।१२।१४ मा बकसपत्र बराबरको मोल राखी रजिष्ट्रेशन पारित गरेकोमा लाभकरको लागि तोकिएको न्यूनतम सीमा नपुगेको जनाई पूँजीगत लाभकर असुल गरेको छैन । तीनपुस्ता भित्रको हालैको बकस पारित गर्दा देखाएको लिखत अङ्क लिखत पारित गर्ने प्रयोजनको मात्र रहेको र वास्तविक लेनदेनको मोल नभएकाले यस्तो खर्चलाई पूँजीगत लाभ गणनार्थ प्रयोग गर्न मिल्ने देखिँदैन ।

११.७ मालपोत कार्यालय, इलामले २०६७।१२।१६ मा एक निसर्गकर्ताको नाउँको एक कित्ता जग्गा ४ कित्ता गराई २ कित्ता आफुमा राखी २ कित्ताबाट कायम भएको ९ रोपनी १० आना जग्गा श्रीमतीको नाममा रु.४८ लाख २५ हजार मूल्य राखी अंशबण्डा लिखत पारित गरिदिएको पाईयो । तीन दिनपछि श्रीमतीको नाउँको र आफ्नो नाउँको जग्गा रु.५७ लाख ७५ हजारमा एउटै व्यक्तिलाइ बिक्री गरेको छ । ३ दिन अगाडि श्रीमतीको नाउँमा अंशभरपाई गरी सोही अंशभरपाईको लिखत थैलीलाई खर्च मानी निसर्ग मूल्यमा कट्टी गरी आम्दानी

खर्च बराबर उल्लेख गरेको देखियो । यसरी निसर्गकर्ताले नियमानुसार रु.५७ लाख ७५ हजार मूल्यको जग्गाको हक हस्तान्तरण गर्दा तिर्नुपर्ने पूँजीगत लाभकर रु.२ लाख ८९ हजार असुल नगरी छुट दिएको छ ।

मालपोत कार्यालय, चाबहिलबाट एक निसर्गकर्ताले २०६७।११।५ मा अंशबण्डाबाट प्राप्त गरेको रु.२ करोडको जग्गा २०६७।११।१५ मा रु.१ करोड ९५ लाखमा अंशबण्डा थैलीभन्दा घटीमा बिक्री गरी पूँजीगत घाटा देखाई पूँजीगत लाभकर असुल हुनसकेको छैन ।

यस्तै मालपोत कार्यालय, चाबहिलले ४ निसर्गकर्ताबाट पूँजीगत लाभ गणना गर्दा रु.८ करोड ५७ लाख ५२ हजार थैली अङ्कमा निजहरुले अंशबण्डा लिँदा राखेको थैली अङ्क रु.१ करोड ४१ लाख १० हजार खर्च कटाई बाँकी मोलमा मात्र पूँजीगत लाभकर असुल गरेको छ । अंशबण्डा गर्दा कायम गरेको थैली वास्तविक खर्च नभएकोले खर्चमा गणना गर्न मिल्ने देखिँदैन ।

१२. **निर्देशन पालना** – घर जग्गाको खरिद बिक्री पारित गर्ने सम्बन्धमा विभागबाट २०६७।९।२० मा रजिष्ट्रेशन वा अन्य तरिकाबाट जग्गाको हक हस्तान्तरण गर्दाकै दिन उक्त जग्गाको कारोबार नगर्ने निर्देशन दिएको देखिन्छ । मालपोत कार्यालय, भक्तपुरले २०६८।३।१२ मा रजिष्ट्रेशन लिखत नं.२४९८(ग) बाट दुवाकोट ३(ग) कित्ता नं.२८० को ७ आना जग्गा रु.३ लाख ५० हजारमा हालैको बकस पारित गरेकोमा खरिदकर्ताले उक्त जग्गा सोही दिन एक बाणिज्य बैङ्कमा रु.२५ लाखमा दृष्टिबन्धकमा राखेको देखियो । यस्तै २०६७।५।१७ मा नखेल ९क, कित्ता नं.५२५ को १ रोपनी, १५ आना १ पैसा २ दाम जग्गा रु.२ करोड ७५ लाखमा खरिद गरेकोमा उक्त जग्गापनि सोही दिन जनता बैङ्कमा रु.२ करोड २५ लाखमा दृष्टिबन्धकमा राखेको देखियो ।

१३. **घटीमा बिक्री** – मालपोत कार्यालय, मोरङ्गका एक निसर्गकर्ताले २०६७।११।२ मा एक बैङ्कबाट रु.२ करोड ४८ लाख ६५ हजारमा खरिद गरेको जग्गा भोलिपल्ट रु.५४ लाख ८३ हजारमा बिक्री गरेको पाइयो । खरिद गरेको भोलिपल्ट नै सो जग्गा खरिद मूल्यभन्दा रु.१ करोड ९३ लाख ८२ हजार घटीमा बिक्री गरेको मूल्य वास्तविक हो भन्न सकिँदैन । खरिद मूल्यभन्दा बिक्री घाटा देखाएको कारण ३ प्रतिशतले हुने रजिष्ट्रेशन दस्तर रु.५ लाख ८१ हजार नोक्सान भएको देखिन्छ ।

१४. **बिर्ता जग्गा दर्ता** – बिर्ता उन्मुलन ऐन, २०१६ को दफा ७(क) अनुसार नेपाल राजपत्रमा प्रकाशित सूचनामा 'ख' बर्गका बिर्ता जग्गाहरु दर्ता गर्न २०६६ चैत्र मसान्तभित्र परेका निवेदनहरुको कारबाही २०६८ आषाढ भित्र टुङ्गयाउनुपर्ने गरी तोकेको थियो । यो वर्ष उपत्यकाका ४ मालपोत कार्यालयले 'ख' बर्गका २ हजार ५०० कित्ता बिर्ता जग्गा दर्ता गरेबापत रु.१५ करोड ५ लाख २४ हजार जग्गाको मूल्य असुल गरेको छ । यी कार्यालयहरुबाट २०६६ चैत्र मसान्तसम्मको अवधिमा परेका निवेदन तथा कारबाही टुङ्गयाएको फाईलको विवरण उपलब्ध भएन । कार्यालयहरुले निवेदन दर्ता तथा कारबाही किनारा लगाएको अभिलेख पनि राखेको पाइएन । यसले गर्दा असुली यकिन गर्न सकिएन ।

१५. **भुक्तानी** – नेपाल सरकारको २०६५।३।३१ को निर्णय कार्यान्वयनका क्रममा नेपाल सरकारले विगतमा सरकारको स्वामित्वमा रहेका पर्ति जग्गा उकास विकासका लागि तत्कालीन पुनर्वास कार्यक्रम अन्तर्गत बस्ती विकास कम्पनी कैलाली र कञ्चनपुरलाई उपलब्ध गराएको जग्गा ग्रामीण आवास कम्पनीले ७९ मुक्त कमैया परिवारलाई प्रति परिवार ५ कठ्ठाका दरले प्रति कठ्ठा रु.२५ हजार लिई १३ बिगाह १० कठ्ठा जग्गा विगतमा उपलब्ध गराएको देखिन्छ । नेपाल सरकारको स्वामित्वमा रहेको उक्त जग्गामा ग्रामीण आवास कम्पनीले कुनै संरचना नबनाई सरकारले उपलब्ध गराएको स्थितिमा मुक्त कमैयालाई उपलब्ध गराएको देखिन्छ । यो वर्ष बर्दियाको ३ बिगाह ९ कठ्ठा १६ धुर र कञ्चनपुरको १० बिगाह ७ कठ्ठा ७ धुर जग्गा मुक्त कमैयालाई वितरण गरेको देखाई रु.२ करोड भुक्तानी गरेको छ । सरकारको स्वामित्वमा रहेको जग्गा सरकारी कार्यक्रममा साबिककै स्थितिमा उपलब्ध गराएको अवस्थामा कम्पनीलाई मुआब्जाका लागि ठूलो रकम भुक्तानी दिनु उचित होइन ।

१६. **वागमती सभ्यता कोष –** आर्थिक अध्यादेश, २०६७।६८ को अनुसूची–४ को खण्ड ग विविध (१) मा काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, उप–महानगरपालिका, नगरपालिका र यी क्षेत्रसँग जोडिएको गाउँ विकास समितिको घर जग्गा रजिष्ट्रेशन पारित गर्दा थैली अङ्कको ०.५ प्रतिशतका दरले वागमती सभ्यता कोष दस्तुर असुल गर्नुपर्ने उल्लेख छ । उपत्यकास्थित ५ मालपोत कार्यालयले रजिष्ट्रेशन पारित गर्दा यो वर्ष असुल गरेको रु.२२ करोड २५ लाख ६ हजार कोषमा दाखिला नगरी २०६७।६८ मा रु.२१ करोड ८० लाख ६६ हजार र २०६८।६९ मा रु.४४ लाख ४० हजार राजस्व खातामा जम्मा गरेकोले ऐनको पालना भएको पाइएन ।

१७. **सञ्चितकोष दाखिला –** मालपोत कार्यालय इलाम, दमक, भद्रपुर, बिराटनगर, धनकुटा, सिरहा, सर्लाही, संखुवासभा, दाङ्ग, रुकुम, धनगढी, कलङ्की, डिल्लीबजार र भक्तपुरले रजिष्ट्रेशन दस्तुरबापत असुल गरेको रकम स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार सम्बन्धित जिल्ला विकास समितिमा पठाउनुपर्ने भन्दा बढी पठाएको रु.६ करोड ८६ लाख ८८ हजार फिर्ता लिई सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

मालपोत कार्यालय बारा, चितवन, उदयपुर, खोटाङ, सिराह, ओखलढुङ्गा, दाङ्ग र दोलखाले रजिष्ट्रेशन दस्तुरबापत असुल गरेको रकम स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार रु.८ करोड ३२ लाख ७८ हजार सञ्चितकोषमा पठाउनुपर्नेमा ख–६ तथा अन्य खातामा मौज्दात राखेकोले उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१८. **भवन निर्माण** – मालपोत कार्यालय, भक्तपुरले कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६९।३।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी रु.६ करोड १७ लाख ९२ हजारमा २०६७।३।२१ मा सम्झौता गरेको छ । यो वर्षसम्म चौथो रनिङ्ग बिल सम्मको रु.२ करोड ७७ लाख ५७ हजार खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१८.१ भवन निर्माणको कार्य पाएका निर्माण व्यवसायीले भवन निर्माणको कार्य प्रारम्भ भैसकेपछि भौगोलिक समस्या देखाई उक्त स्थलको माटो परीक्षण गरे पश्चात थप कामको पुन: लागत अनुमान स्वीकृत गरी रु.५४ लाख ७६ हजार भुक्तानी गरेको देखियो । माटो परीक्षण प्रतिवेदनमा थप काम गर्नुपर्ने बारेमा उल्लेख नभएको हुँदा थप कार्य जनाई भुक्तानी गरेको सम्बन्धमा स्पष्ट गर्नुपर्दछ ।

१८.२ कार्यालयको कम्पाउण्डवाल निर्माणका लागि एक निर्माण व्यावसायीलाई प्रथम र दोस्रो रनिङ्ग बिलबाट रु.१३ लाख ८८ हजार भुक्तानी गरेको पाइयो । स्थलगत निरीक्षणका क्रममा उक्त पर्खालको कुनै अवशेष समेत रहेको देखिएन । निर्माणाधीन अवस्थामा पर्खाल पूर्णरुपमा भत्किएको कार्यालयको भनाई रहेको छ । यस सम्बन्धमा छानबिन गरी कारबाही हुनुपर्दछ ।

राष्ट्रिय भू–उपयोग आयोजना

१९. **कार्यप्रगति –** नापी विभागले भू–उपयोग आयोजना मार्फत २०६८ मा ७५ जिल्ला ४ नगरपालिका र २७ गाउँ विकास समितिको भू–उपयोग नक्सा तथ्याङ्कका आधारमा पार्श्वचित्र तयार गर्ने उल्लेख गरेको छ । सो अनुसार विगत १० वर्षको प्रगतिलाई विश्लेषण गर्दा यस आयोजनाले यो वर्षसम्ममा ७५ जिल्ला ४ नगरपालिका र २७ गाउँ विकास समितिको भू–उपयोग नक्सा तथ्याङ्कका आधारमा पार्श्वचित्र तयार गरेको छ । यो प्रगति स्थितिलाई दृष्टिगत गर्दा बाँकी गाउँ विकास समिति तथा नगरपालिकाहरुको नक्सा तथ्याङ्क तयार गर्न आयोजनालाई लामो समय लाग्ने देखिन्छ । विगत २ वर्षमा २७ गाउँ विकास समितिको नक्सा तयार गर्ने कार्यको लागिमात्र आयोजनाले रु.११ करोडभन्दा बढी खर्च गरेको छ ।

२०. **लागत अनुमान र खर्च –** यो वर्ष भू–उपयोग नक्सा बनाउनका लागि तयार भएको लागत अनुमान अनुसार प्रति गाँउ विकास समितिलाई एक इकाई मानी रु.२० लाखका दरले रु.४ करोड २० लाखको लागत

अनुमान तयार गरी ४ प्याकेजमा विभिन्न ४ परामर्शदाताबाट कार्य गराई रु.४ करोड ९ लाख २० हजार खर्च लेखेको पाइयो ।

भू–उपयोग नक्साङ्कन कार्य बहुपक्षीय र विभिन्न क्षेत्रका विविध विधामा अनुभवी, दक्ष एवं ज्ञान भएका विशिष्ट व्यक्तिहरुबाट तयार गरिने गरेको छ । विज्ञबाट सम्पादित कार्यको तोकिएको शर्तहरु अनुरुप भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

गुठी संस्थान

संस्थानको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

२१. **लेखापरीक्षण स्थिति** – संस्थानबाट २०५१।५२ देखि २०६६।६७ सम्मको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपरको जवाफ प्राप्त नभएकोले ती वर्षहरुको अन्तिम लेखापरीक्षण सम्पन्न गर्न सकेको छैन । सञ्चालक समितिको बैठक पटक पटक बस्ने गरे तापनि लेखापरीक्षणको जवाफ तयार गर्ने र वित्तीय विवरण प्रमाणित गर्ने सम्बन्धमा ध्यान दिने गरेको छैन । संस्थानले लेखापरीक्षणले औँल्याएका व्यहोराको लगत पनि राखेको छैन ।

२२. **सञ्चालन नतिजा –** यो वर्षको आय रु.१९ करोड ४२ लाख २२ हजार भएकोमा व्यय रु.१५ करोड ४६ लाख ५२ हजार भई रु.३ करोड ९५ लाख ७१ हजार बचत भएको देखाएको छ । संस्थानले यथार्थ आम्दानी खर्चको आधारमा लेखा तयार नगरी निकासा रकमलाई खर्च मानेर लेखा तयार गरेको, आय शीर्षक नछुट्याई अभिलेख राखेको, वास्तविक आम्दानी खर्चको विश्लेषण नगरी प्रविष्टी गरेको देखिँदा यो बचतलाई यथार्थ मान्न सकिने स्थिति छैन ।

२३. **लिनु दिनुपर्ने हिसाब –** नेपाल सरकार तथा अन्य संघ संस्थासँग लिनुपर्ने हिसाबमा एकमुष्ट रु.१ अर्ब १७ करोड ८० लाख ५२ हजार देखाएको छ । लिनुपर्ने रकमको भरपर्दो अभिलेख छैन । सरकारलाई तिर्नुपर्ने बाँकीको विवरण पनि तयार गरेको छैन । लिनुपर्ने रकमको प्रमाण सङ्कलन गरी असुलउपर गर्नुपर्ने र दिनुपर्ने हिसाब यकिन गरी भुक्तानी गरी लेखा व्यवस्थित गर्न सुझाव दिँदै आए तापनि यो वर्ष पनि सुधार भएको छैन ।

२४. **लगानी –** गत वर्षसम्म रु.१ अर्ब ४९ करोड १२ लाख ५५ हजार लगानी गरेकोमा यो वर्षसम्म रु.१ अर्ब ७६ करोड ४३ लाख ७ हजार पुगेको छ । संस्थान स्थापना हुँदा नेपाल सरकारले जिम्मा लगाएको विभिन्न ३८ व्यक्तिसँग लिन बाँकी विर्ता जग्गा धितोबापतको रु.११ लाख ७६ हजार र कन्भर्सन ऋणबापतको रु.१३ लाख ७३ हजार समेत रु.२५ लाख ४९ हजार असुल गर्न कारबाही नगरी अक्षयकोष लगानीमा देखाउँदै आएको छ । संस्थानको अधिनस्थ जग्गा रैतानीमा परिणत, बढ जग्गा मुआब्जा, व्याज आयको २५ प्रतिशत समेत रु.३ करोड ७३ लाख ४९ हजार लगानी गर्नुपर्नेमा लगानी विवरण अनुसार रु.२ करोड ४६ लाख ५१ हजार लगानी गरेको देखिएकोले रु.१ करोड २७ लाख ७ हजार घटी लगानी देखिएको छ । सोमध्ये रु.५२ लाख घर जग्गा सापटीमा लगानी गरेकोले रु.७५ लाख ७ हजार थप लगानी गर्न बाँकी देखियो ।

२५. **रैतानीमा परिणत –** गुठी संस्थान ऐन, २०३३ को दफा १८(१) मा सरकारको स्वीकृति बेगर गुठी जग्गाको स्वामित्व छाडी दिन नहुने र दफा ३६ मा तोकिएको रकम दर्तावाला मोहीले संस्थानमा बुझाएमा निजको नाममा रैतान नम्बरी दर्ता गरी दिनुपर्ने व्यवस्था छ । गुठी संस्थान कार्य व्यवस्था विनियम, २०४९ को विनियम १६(१) मा गुठी अधिनस्थ जग्गा रैतान नम्बरीमा दर्ता गर्न समयावधि तोकी निवेदन दिन गुठी कार्यालयले सूचना प्रकाशित गर्नुपर्ने र विनियम ७ मा रैतान नम्बरीबाट प्राप्त रकम अक्षय कोषमा राख्नुपर्ने व्यवस्था छ । गुठी अधिनस्त जग्गा रैतानमा परिणत गर्दा सरकारको स्वीकृति लिएको, रैतानमा परिणत गर्न निवेदन दिन समयावधि तोकी सूचना प्रकाशित गरेको तथा अक्षय कोषमा गरेको लगानीको स्पष्ट अभिलेख राखेको छैन । संस्थानले यो वर्ष रु.१ करोड २२ लाख २४ हजार रैतानी आय प्राप्त गरेको छ । रैतानमा परिणत जग्गाको विवरण अद्यावधिक नगरेको कारण रैतानमा परिणत जग्गाको क्षेत्रफल र रकम यकिन गर्न सक्ने स्थिति रहेन ।

२६. **पेश्की हिसाब –** केन्द्रीय कार्यालय र शाखा कार्यालय ९ मा २०६७ आषाढ मसान्तसम्म रु.२ करोड ६३ लाख २५ हजार पेश्की बाँकी रहेको छ । पुराना पेश्की फछ्यौंट नभई नयाँ पेश्की दिने गरेको, समयमा पेश्की फछ्यौंट गर्ने गराउनेतर्फ लिनेदिने दुबै सक्रिय नरहेको, आवश्यकभन्दा बढी पेश्की दिने गरेको आदि कारणबाट पेश्की बक्यौताको स्थिति यथावत् छ । समयमै पेश्की फछ्यौंट गर्न गराउन ध्यान दिनु जरुरी छ ।

२७. **ब्याज कर –** गुठीको आयमा कर नलाग्ने व्यवस्था छ । गत वर्षसम्मको रु.४५ लाख ९७ हजार र यस वर्षको रु.८२ लाख ८२ हजार समेत ब्याज कर रु.१ करोड २८ लाख ७९ हजार फिर्ता प्राप्त हुन बाँकी रहेको छ । तर संस्थानले कर छुट फिर्ता पाउन आन्तरिक राजस्व कार्यालयमा प्रक्रिया अघि बढाएको छैन ।

२८. **बैङ्क खाता –** संस्थान अक्षयकोष अन्तर्गत ११ बैङ्क खाताको अद्यावधिक बैङ्क हिसाब विवरण तयार गरेको छैन । बैङ्क हिसाव भिडान गर्ने क्रममा फरक रु.८८ लाख २ हजारलाई अस्पष्ट आम्दानी उल्लेख गरेकोमा यद्यपि यकिन गरेको छैन । यो रकम यथाशिघ्र कारबाही गरी हिसाब यकिन गरिनुपर्दछ ।

२९. **भू–बहाल –** केन्द्रीय कार्यालयले लिज (भाडा) मा दिएका जग्गा तथा भवनहरु र त्यसबाट भाडा प्राप्त हुन बाँकी बक्यौताको व्यवस्थित अभिलेख नराखेकोले बहालबापतको चालू तथा बक्यौता रकम उल्लेख गर्न सकिएन । यो वर्ष ९ पार्टीबाट रु.७७ लाख २६ हजार असुल गर्नुपर्नेमा रु.६९ लाख ७३ हजार मात्र असुल भई रु.७ लाख ५३ हजार बाँकी रहेको छ । संस्थानले भू–बहालमा बस्ने पार्टीहरुको व्यक्तिगत खाता तयार नगरेकोले बहाल आयमध्ये चालू वर्ष र साविक वर्षको यकिन हुनसक्ने स्थिति छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहाय अनुसार छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

३०. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा १४ कार्यालयबाट रु.९५ हजार, प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ९ कार्यालयबाट रु.१० लाख ५५ हजार र सम्परीक्षणको क्रममा १० कार्यालयबाट रु.१५ लाख ६४ हजार समेत रु.२७ लाख १४ हजार असुल भएको छ ।

३१. **पेश्की –** मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा २० कार्यालयको रु.२ करोड ४० लाख ७६ हजार पेश्की देखिएको छ । बाँकी पेश्की सबैको म्याद नाघेको छ । गत विगतको समेत रु.७ करोड ९३ लाख ३२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

३२. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

३२.१ मन्त्रालय र मातहत सरकारी कार्यालयमा यो वर्ष रु.६३ करोड ९६ लाख ६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४७ लाख ८८ हजार फछ्यौंट गरेकोले रु.६३ करोड ४८ लाख १८ हजार बाँकी रहेको छ ।

३२.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.८ करोड ४१ लाख ५२ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

३२.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१ करोड १० लाख १३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

३२.४ यो वर्ष फछ्यौंट भएको कुल रु.९ करोड ५१ लाख ६५ हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

भौतिक योजना तथा निर्माण मन्त्रालय

मन्त्रालय र मातहत समेत २४७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२९ अर्ब ७४ करोड ८८ लाख १५ हजार, राजस्वतर्फ रु.२५ करोड ८२ लाख ६९ हजार, धरौटीतर्फ रु.२ अर्ब २ करोड २१ लाख ५१ हजार र अन्य कारोबारतर्फ रु.१२ करोड १० लाख ८७ हजार गरी रु.३२ अर्ब १५ करोड ३ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा अन्य ८ मन्त्रालयको रु.३ अर्ब २१ करोड २८ लाख १९ हजारसमेत समावेश छ ।

मन्त्रालयमातहतका सार्वजनिक संस्थान, अन्य संस्था, समिति ४३ को रु.४ अर्ब ५८ करोड ५ लाख ७९ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **प्राविधिक सहायता –** आय–व्ययको सार्वजनिक जानकारी वक्तव्यकासाथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरणमा मन्त्रालय र मातहत कार्यालयका लागि निम्नानुसार सहायता प्राप्त हुने उल्लेख छ । यी आयोजनाहरुसम्बन्धी दातृ निकायसँग भएको सम्झौता, खर्चको आर्थिक विवरणलगायतका कागजात लेखापरीक्षणको लागि उपलब्ध गराई दिन २०६८।७।२२ मा मन्त्रालयलाई अनुरोध गरिएकोमा सो सम्बन्धी खर्चको विवरण पेश भएन ।

आयोजना । कार्यक्रम	दातृ संस्था	अवधि		सहायता		२०६८ आषाढ मसान्तको विनिमय दरले हुने (रु हजारमा)
		देखि	सम्म	मुद्रा	रकम	
सडक योजना तथा मर्मत कार्यक्रम	जापान	सेप्टेम्बर २००७	अगष्ट २०१२	नखुल्ने	नखुल्ने	नखुल्ने
तराई क्षेत्रका सडक तथा पुलहरुको सुदृढीकरण	भारत	नखुलेको	नखुलेको	नखुल्ने	नखुल्ने	नखुल्ने
काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापन गुरुयोजना	जापान	जुन २०१०	मार्च २०११	नखुल्ने	नखुल्ने	नखुल्ने
रोड कनेक्टिभिटी आयोजना	एडीबी	अप्रिल २०१०	अक्टोबर २०१०	अमेरिकी डलर	६०००००	४,२९,३०
भूकम्पीय जोखिम न्यूनीकरण तथा पुर्नस्थापन कार्यक्रम	यूएनडीपी	नोवेम्बर २००७	डिसेम्बर २०१०	अमेरिकी डलर	८,९३,३६७	६,३९,२०
सौर्य विद्युतीय उत्पादन प्रणालीद्वारा स्वच्छ ऊर्जा प्रयोग	जाईका	अगष्ट २०१०	मे २०११	जापानी येन	६६००००००	५९,५९,८०

२. **निकासा खर्च –** लेखापरीक्षणको लागि साँफेवगर–मंगलसेन–मार्तडी सडक योजनाबाट रु.२८ करोड, सुर्खेत–रानीमत्ता–दैलेख सडक योजनाबाट रु.७ करोड ६६ लाख ९१ हजार र भालुवाङ्ग–प्युठान–चकचके–लिवाङ्ग योजनाबाट रु.१६ करोड ७५ लाख ५० हजार गरी रु.५२ करोड ४२ लाख ४१ हजार सोझै भुक्तानी तर्फ निकासा खर्च विवरण पेश भएकोमा मन्त्रालयले क्रमश: रु १० करोड ५८ लाख ६८ हजार, रु.७ करोड २३ लाख ४७ हजार र रु.१८ करोड ८ लाख ७० हजार गरी रु.३५ करोड ९० लाख ८५ हजार मात्र खर्च देखाई रु.१६ करोड ५१ लाख ५६ हजार घटी खर्च देखाएको छ ।

डिभिजन सडक कार्यालय धनकुटाले वैदेशिक स्रोत सोझै भुक्तानीतर्फ खर्च गरेको रु.१० करोड १८ लाख ३१ हजार आर्थिक विवरणमा समावेश गरेको छैन । मन्त्रालयले रु.७ करोड ७४ लाख २२ हजार केन्द्रीय आर्थिक विवरणमा निकासा खर्च जनाएको छ ।

मन्त्रालयले निम्नानुसार सडक कार्यालय एवम् योजनामा रु.३४ करोड २१ लाख १३ हजार सोझै भुक्तानीतर्फ निकासा खर्च जनाएको छ । सो खर्चको लेखापरीक्षण भएको छैन ।

(रु हजारमा)

क्र.सं.	योजना	रकम
१	ओखलढुङ्गा हिलेपानी दिक्तेल सडक योजना	१४,५३,३९
२	चन्द्रनिगाहपुर गौर सडक योजना	७,४५,५३
३	राप्ती राजमार्ग,अमेलिया तुलसीपुर सल्यान सडक योजना	१२,२२,२१
	जम्मा	**३४,२१,१३**

३. **बजेट खर्च** – दिगो शहरी यातायात आयोजनाको लागि यो वर्ष जग्गा खरिद, फर्निचर तथा सवारीसाधन, मेसिनरी औजार, अध्ययन तथा परामर्श सेवामा रु.१२ करोड ३५ लाख बजेट व्यवस्था भएकोमा रु.१ करोड ३४ लाख १४ हजार (१०.८६ प्रतिशत) खर्च भएको पाइयो । जग्गा खरिद गर्न रु.२ करोड ६५ लाख ३३ हजार प्राविधिक परामर्शमा रु.७ करोड ६२ लाख ६३ हजार बजेट व्यवस्था भए तापनि खर्च गरेको पाइएन ।

सडक विभाग

४. **अख्तियारी** – विभाग र अन्तर्गत कार्यालयहरुको लागि रु.२२ अर्ब ४६ करोड ८ लाख ६८ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ । प्राप्त अख्तियारीमध्ये मातहत कार्यालयलाई दोस्रो चौमासिकमा रु.२० अर्ब २९ करोड ३१ लाख ५५ हजार र तेस्रो चौमासिकमा रु.२ अर्ब ६ करोड १९ लाख ३७ हजारसमेत रु.२२ अर्ब ३५ करोड ५० लाख ९२ हजारको अख्तियारी दिएको र रु.१० करोड ५७ लाख ७६ हजारको अख्तियारी नदिई बाँकी रहेको देखिन्छ । तेस्रो चौमासिकमध्ये पनि आषाढ महिनाको अन्त्यतिरसमेत अख्तियारी दिएको देखिन्छ । उदाहरणको लागि १५ डिभिजन सडक कार्यालयलाई विभिन्न बजेट उपशीर्षकबाट २०६८।३।२६ देखि २०६८।३।३० सम्ममा रु.३१ करोड ३७ लाख ६३ हजारको र ८ आयोजनालाई २०६८।३।२७ देखि २०६८।३।३१ मा रु.२४ करोड ९९ लाख को बजेट खर्चको अख्तियारी दिइएको पाइयो । स्वीकृत वार्षिक कार्यक्रम र खर्चको अख्तियारी समयमा सम्बन्धित कार्यालयमा प्राप्त हुन नसकेबाट कार्यालयबाट आर्थिक कार्याविधि ऐन, २०५५ र आर्थिक कार्याविधि नियमावली, २०६४ बमोजिमको प्रक्रिया पुऱ्याई टेण्डर/कोटेशन लिई ठेक्का व्यवस्था गर्न नसकी, ठेक्का व्यवस्था गरे तापनि समयमा काम सम्पन्न नहुने अवस्था छ ।

५. **ठेक्का व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, ठेक्का व्यवस्थापन गर्ने, स्थानीय निकायको सहयोग जुटाउने सम्बन्धी कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । कार्यालयहरुलाई विकास निर्माण कार्यको लागि समयमै अख्तियारी प्राप्त नभएको कारण त्यस्ता कार्य निर्धारित कार्यक्रम अनुरुप सञ्चालन हुन सकेको छैन । उदाहरणको लागि डिभिजन सडक कार्यालय १३ मा यो वर्ष २ हजार २११ ठेक्का व्यवस्थापन भएको मध्ये प्रथम र दोस्रो चौमासिक मा क्रमश: ५.२५ र ८.५५ प्रतिशत मात्र ठेक्का व्यवस्थापन भएको देखिन्छ । जसमध्ये ४ कार्यालयमा प्रथम चौमासिक अवधिमा ठेक्का व्यवस्थापन नै हुन सकेको पाइएन ।

उपर्युक्त १३ डिभिजन सडक कार्यालयमा गत वर्षको जिम्मेवारी सर्न आएको ३०२ र यो वर्षको २ हजार २११ समेत कुल २ हजार ५१३ ठेक्का मध्ये १ हजार ८९५ सम्पन्न भई ६१८ बाँकी रहेको देखियो । ठेक्का व्यवस्थापन समयमा नगरेबाट कार्य सम्पन्न हुन बाँकी संख्यामा वृद्ध भइरहेको प्रष्ट हुन्छ ।

६. **खर्च स्थिति –** सडक डिभिजन कार्यालय २५ मध्ये २० कार्यालयको कुल बजेट खर्च, अन्तिम चौमासिकको खर्च र आषाढ महिनाको खर्चको तुलनात्मक विश्लेषण गर्दा कुल खर्चमध्ये अन्तिम चौमासिकको खर्च ७७.०७ प्रतिशत (५९.६८ प्रतिशत देखि ९४.२१ प्रतिशतसम्म) र आषाढ महिनाको खर्च ५०.४९ प्रतिशत (२५.९८ प्रतिशत देखि ७२.५५ सम्म) भएको देखिन्छ । डिभिजन कार्यालयहरुको कुल बजेट खर्चमध्ये अधिकांश बजेट खर्च अन्तिम चौमासिक र आषाढ महिनामा भएको देखिन्छ । फलस्वरुप समय अभावको कारणले गुणस्तरयुक्त निर्माण कार्य हुन नसक्ने, खरिद सम्झौताको अवधि थप गर्नुपर्ने र मूल्य समायोजन भुक्तानी दिनुपर्ने अवस्था सिर्जना हुने भएकाले वर्षान्तमा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

७. **वार्षिक कार्यक्रम र अख्तियारी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेटको अधिनमा रही मन्त्रालय र मातहत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नुपर्ने र सोही नियमावलीको नियम (३२)२ अनुसार स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी अर्थ मन्त्रालयबाट प्राप्त भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा सम्बन्धित मन्त्रालयले पठाउनुपर्ने उल्लेख छ । डिभिजन सडक कार्यालय धनकुटाबाट वसन्तपुर–गुफापोखरी–ताप्लेजुङ सडकको वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारीबेगर यो वर्ष खरिद सम्झौता गरी रु.१७ लाख ४५ हजार खर्च लेखेको देखियो ।

आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २४ मा स्वीकृत कार्यक्रम संशोधन गर्न आवश्यक देखिएमा स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृत लिई लागतमा नबढ्ने गरी आवश्यक संशोधन गर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय धनकुटाबाट क्षेत्रीयस्तरका सडकअन्तर्गत सञ्चालित ४ सडकको अख्तियारी र स्वीकृत वार्षिक कार्यक्रमअनुसार पहिलो चरणमा खरिद सम्झौता गरी निर्माण कार्य सम्पन्न गर्दा बचत भएको रकमबाट कार्यक्रम संशोधन नगरी रु.५६ लाख ८४ हजार खर्च लेखेको नियमसम्मत देखिएन ।

८. **गुणस्तर आश्वस्तता –** सडक तथा पुलहरुको निर्माण तथा सञ्चालनलाई दिगो एवम् विश्वसनीय बनाउने उद्देश्यले सडक विभागले २०५८ आषाढदेखि सडक र पुल निर्माणको लागि स्टाण्डर्ड स्पेसिफिकेशन तथा २०६६ फाल्गुणदेखि गुणस्तर आश्वस्तता योजना तयार गरी अनिवार्य रुपमा लागू गरेको छ । सोअनुसार बोलपत्र गर्दा बिड डकुमेन्टकासाथ गुणस्तर परीक्षणको किसिम र पटक, संख्यासमेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीलाई उपलब्ध गराउनुपर्ने र निर्माण व्यवसायीले बोलपत्र पेश गर्दा सो योजनासमेत पेश गरी गुणस्तर नियन्त्रण प्रक्रिया सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यससम्बन्धी व्यहोरा देहायअनुसार छन्:

८.१ यो वर्ष निम्न ५ कार्यालयले सडक पुल र सडक निर्माण कार्यका ४४ खरिद सम्झौता गर्दा निर्माण व्यवसायीलाई बिड डकुमेन्टका साथ गुणस्तर योजना उपलब्ध नगराएको र निर्माण व्यवसायीले पनि बोलपत्रसाथ पेश गरेको पाइएन ।

क्र.सं.	कार्यालयको नाम	खरिद सम्झौता संख्या	खरिद सम्झौता (रु. हजारमा)
१	डिभिजन सडक कार्यालय, इलाम	६	९,५९,७३
२	डिभिजन सडक कार्यालय, झापा	१०	२३,२३,७१
३	डिभिजन सडक कार्यालय, मोरङ्ग	१२	२,६५,९२
४	डिभिजन सडक कार्यालय,धनकुटा	१०	१९,६९,३९
५	गाईघाट दिक्तेल सडक योजना, उदयपुर	६	२,५६,८६
	जम्मा	**४४**	**५७,७५,६१**

८.२ गुणस्तर योजनामा निर्माण कार्य सञ्चालन गर्दा डण्डी, स्टील फेब्रिकेशन एवम् ग्याबिन स्पेसिफिकेशन अनुसार, बिटुमिन ५० मेट्रिकटन, सवग्रेड ३ हजार वर्गमिटर, सवबेस ५०० वर्गमिटर तथा सिमेन्ट २०० मेट्रिकटनसम्म एकएक पटक परीक्षण गर्नुपर्ने उल्लेख छ । कार्यालयले निर्माण व्यवसायीबाट बोलपत्रसाथ अनिवार्य रुपमा गुणस्तर आश्वस्तता योजना लिई गुणस्तर नियन्त्रण प्रक्रिया सञ्चालन गर्नुपर्नेमा योजना नै लिने गरेको देखिएन । उदाहरणको रुपमा निम्न ४ डिभिजन सडक कार्यालयबाट सञ्चालित ६६ सडक पुल निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीको स्टाण्डर्ड स्पेशिफिकेसन तथा गुणस्तर योजनाअनुसार एक पटक पनि परीक्षण गरेको देखिएन ।

डिभिजन सडक कार्यलय	योजना संख्या	निर्माण सामग्रीको परिमाण						
		डण्डी	स्टिल	बिटुमिन	सव ग्रेड	सववेस	सिमेन्ट	ग्याबिन
इलाम	२२	-	२७९ मे.ट	८५७५ लि.	३९४५० व.मि.	३१७४६ व.मि.	-	४१०घ.मि-
झापा	१९	८७.९३ मे.ट	-	-	३१५० व.मि.	१६८४० व.मि.	८७७ मे.ट.	८६२ घ.मि.
मोरङ्ग	१७	४२.१२ मे.ट	-	-	२६९८ व.मि.	२५७६ व.मि.	६१९ मे.ट.	८६४ घ.मि.
धनकुटा	८	-	-	-	३७५ व.मि.	४७९ व.मि.	५५ मे.ट	८९३ घ.मि.
जम्मा	**६६**	**१३०.०५ मे.ट**	**२७९ मे.ट**	**८५७५ लि.**	**४५६७३ व.मि.**	**५१६५९ व.मि.**	**१५५१ मे.ट.**	**३०२९ घ.मि.**

८.३ डिभिजन सडक कार्यालय दाङ्ग, शिवपुर, पाल्पा, बुटवल, हेटौंडा, जनकपुर र लाहानकासाथै हुलाकी राजमार्ग आयोजना बर्दिबास र हेटौंडाले निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना उपलब्ध गराएको देखिएन । सिमेन्ट, डण्डी र बिटुमिनको परीक्षण तोकिएको संख्यामा गर्नुपर्नेमा एक पटकमात्र गर्ने गरेको, क्यूवटेष्ट, फिल्ड डेन्सिटी टेष्ट, ग्रेडिएसन टेष्ट पनि पर्याप्त संख्यामा नगरेको एवम् काम भइरहेको समयमा पनि ल्यावहरुको निरीक्षण गर्दा गिट्टी, बालुवा र सिमेन्टका २/४ नमूनामात्र पाइएकोले गुणस्तर आश्वस्तता योजनालाई प्राथमिकतामा राखेको देखिदैन ।

ल्याव टेष्टबाट प्राप्त असफल नतिजा पनि रिपोर्टिङ गर्नुपर्नेमा सफल नतिजामात्र रिपोर्टिङ गर्ने गरेको, सम्झौताअनुसार डिभिजन प्रमुखले गुणस्तर परीक्षण गर्न निर्देशन दिनुपर्नेमा दिएको देखिएन । गुणस्तर परीक्षण नगराएबाट जिल्लास्तरीय सडकअन्तर्गतका मर्मत सम्भार कार्य, दरभाउपत्र र उपभोक्ता समितिबाट गराएको कामको गुणस्तर न्यून रहेको हुँदा सोउपर ध्यान पुऱ्याउनुपर्दछ ।

८.४ डिभिजन सडक कार्यालय शिवपुरले दर विश्लेषण गर्दा कंक्रिट, ग्याबियन तार आदिको गुणस्तर परीक्षण गर्न १.५ देखि २.५ प्रतिशत रकम (सम्बन्धित आइटमको) समावेश गरी सोहीअनुसार भुक्तानीसमेत भई सकेकै अवस्थामा पुन: बिल अफ क्वान्टिटी मा एकमुष्ट रकम राखी ५ पुल निर्माण कार्यमा रु.३ लाख ६० हजार भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

९. **निर्माणाधीन पुल** – डिभिजन सडक कार्यालयहरुअन्तर्गत कार्यान्वयन स्थितिमा रहेका निर्माणाधीन केही पुलहरुको निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार कार्यान्वयन गर्न निर्धारण गरिएको समय र भौतिक प्रगतिबीच समन्वय भएको पाइएन । निर्माणधीन पुलहरुको स्थिति निम्नानुसार छ:

९.१ डोटी जिल्लाअन्तर्गत ठूलीगाड पुल निर्माण कार्य सुरुको डिजाइन इष्टिमेटमा स्टोन मेसनरी विङवाल राख्न छुट भएको र ग्याबियन वालको साइज कम भएको कारण जनाई विङवाल काम थप र ग्याबियन वालको साइजमा वृद्धि गरी रु.५३ लाख ८४ हजारको थप कामको भेरिएसन दिएको छ । सुरुको डिजाइन लागत अनुमानमा पुलको विङवाल छुटाएको कारणबाट पुलको लागत सुरुको रु.६ करोड ४ लाखमा ८.९१ प्रतिशत वृद्धि भई रु.६ करोड ५७ लाख ८४ हजार पुगेको छ । यसले गर्दा पुलको लागतमा वृद्धि हुनुको साथै तोकिएको समयमा पुल निर्माण कार्य सम्पन्न हुने देखिदैन ।

९.२ लमजुङ भोटेओडारस्थित मर्स्याङदीमा ६० मिटर लम्वाईको एकल स्पानको स्टील ट्रस पुल निर्माणमा गत वर्षसम्म रु.३ करोड ३६ लाख ४१ हजार खर्च भएको पाइयो । यो वर्ष रु.४० लाख बजेट व्यवस्था भएकोमा निर्माण कार्य हुन नसकेको कारण कार्यक्रम शंसोधन भई बजेट कटौती भएको छ ।

निर्माणाधीन सो पुल २०६८।३।१ मा क्षतिग्रस्त भएको सम्बन्धमा सडक विभागले २०६८।३।६ मा सम्झौताको शर्तअनुसार हर्जाना लिने निर्णयसम्म गरेको पाइयो । पुल निर्माण काम अधुरो रहेको छ ।

९.३ बाँकेस्थित बुढीकुलो पुल निर्माण कार्यको सम्झौतामा मोबिलाइजेशन पेश्की र एकमुष्ट रकम छुटयाईएका आइटमको रकम कट्टा गरेर मात्र मूल्य समायोजन गर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई प्रथमदेखि आठौं रनिङ बिलसम्मको मूल्य समायोजन गणना गरी भुक्तानी गर्दा मोबिलाइजेशन पेश्की र लमसम तथा फिक्स

बजेट आइटमको रकम कट्टा नगरी सम्झौता विपरीत मूल्य अभिवृद्धिकर समेत रु.२२ लाख ३३ हजार बढी मूल्य समायोजन भुक्तानी दिएको देखिएकाले सो रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

९.४ बाँकेस्थित किरननाला र बवही नदी पुल निर्माण कार्यको लागि २ निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी बैङ्क जमानतको आधारमा रु.१ करोड ४३ लाख ५० हजार मोबिलाइजेशन पेश्की दिएको देखिन्छ । किरननाला पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई खरिद सम्झौता अनुसार कार्य आदेश दिएको देखिएन । बबही नदि पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई २०६८ भाद्रदेखि कार्य सुरु गर्ने गरी कार्यादेश दिएको छ । उक्त पुलहरुको निर्माण स्थलको २०६८।६।५ मा स्थलगत निरिक्षण गर्दा दुवै पुलका निर्माण व्यवसायीले निर्माण कार्य प्रारम्भ गरेको छैन ।

९.५ हुलाकी राजमार्गअन्तर्गत कञ्चनपुरस्थित सञ्चालित घुराहा नदी र खुटिया नदी पुल निर्माण कार्यको निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि करसमेत क्रमश: रु.४ करोड ३२ लाख ९५ हजार र रु.५ करोड ८६ लाख ७ हजार मा २०६७।५।२६ भित्र सम्पन्न गर्ने गरी २०६४।११।२६ मा खरिद सम्झौता भएको छ । निर्माण व्यवसायीले बन्द, हडताल, स्थानीय जनताको विरोध आदि कारण खोली दिएको निवेदनको आधारमा २०६८।३।१५ सम्म सम्झौताको अवधि थप गरेको देखिन्छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौताबमोजिमको काम तोकिएको अवधिभित्र सम्पन्न नभई बढी समय लागेमा मूल्य समायोजन गर्न नहुने व्यवस्था छ । खरिद सम्झौता गर्दा निर्माण व्यवसायीले कार्यतालिका पेश गरेको देखिएन । म्याद थप गर्दा पेश गरेको संशोधित कार्यतालिकाअनुसार घुराहा नदीको २०६८ आषाढसम्म र खुटिया नदीको २०६८ जेष्ठसम्म कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा सो समयमा पनि निर्माण कार्य सम्पन्न भएको देखिएन । यसरी सम्झौता गर्दा कार्यतालिका पेश नगर्ने, सम्झौतामा उल्लेख भएको समयमा कार्य सम्पन्न नगर्ने र म्याद थपपछिको कार्यतालिकाअनुसार पनि निर्माण कार्य सम्पन्न नभएको अवस्थामा यो वर्ष निर्माण व्यवसायीलाई मूल्य समायोजनबापत क्रमश: रु ८ लाख ४१ हजार र रु३५ लाख ७८ हजार भुक्तानी दिएको नियमसम्मत देखिएन ।

९.६ छिन्चु जाजरकोट सडक खण्डमा पर्ने भेरी नदी पुल निर्माण कार्यको बन्द, हडताल, वर्षात, इन्धनको अभाव आदि कारण देखाई २०६८ असोज मसान्तसम्म म्याद थप गरेको छ ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ (२) मा सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईबाट सम्झौता अवधि भित्र सम्पन्न नभई बढी समय लागेमा मूल्य समायोजन गर्न नहुने व्यवस्था छ । खरिद सम्झौता गर्दा निर्माण व्यवसायीले कार्यतालिका पेश गरेको देखिएन । खरिद सम्झौतामा राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको आधारमा मोबिलाईजेशन पेश्की कट्टा गरी मूल्य समायोजन गर्ने उल्लेख छ । म्याद थप गर्दा आर्थिक दायित्व नपर्ने भने तापनि निर्माण व्यवसायीलाई तेस्रो रनिङ्ग बिलदेखि दशौं रनिङ्ग बिलसम्मको मोबिलाइजेशन कटाई हुन आउने बिल रकमको मूल्य अभिवृद्धि करसमेत रु.३७ लाख ९५ हजार मूल्य समायोजनबापत बढी भुक्तानी दिएको छ । यसरी सम्झौता गर्दा कार्यतालिका पेश नगर्ने, सम्झौतामा उल्लेख भएको समयभन्दा डेढगुणा बढी म्याद थप गर्दा पनि कार्य सम्पन्न नगर्ने र विभागीय प्रमुखबाट थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप भएकोमा निर्माण व्यवसायीलाई मूल्य समायोजनबापत भुक्तानी दिएको रकम नियमसम्मत देखिएन ।

९.७ त्रिशुली नदी दासढुङगामा पुल निर्माण गर्न डिजाइन तथा विल्ड कन्ट्र्याक्टअन्तर्गत एक निर्माण व्यवसायीसँग २०६७।३।२४ मा रु.१३ करोड ९९ लाख ८० हजारको सम्झौता गरेको छ । ठेक्का म्याद ३ वर्ष तोकिएकोमा एक वर्ष व्यतीत भइसक्दासमेत पुलको डिजाइन हालसम्म स्वीकृत भएको पाइएन । गत वर्षको पेश्की रु.६९ लाख ४९ हजार फछ्र्यौट भएको छैन । यो वर्ष सुपरभिजनमा भेइकल खर्च रु.२१ लाख १ हजार भुक्तानी भएको पाइयो । हालसम्म पुलको डिजाइन स्वीकृत नहुँदा उल्लिखित खर्चको उपयोगमा प्रभावकारीता आउने देखिएन ।

९.८ डिभिजन सडक कार्यालय हेटौडाबाट सञ्चालित औरिया पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड ५३ लाख ५२ हजारको लागतमा २०६१।१।२४ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । सो पुलमा २०६१।६२ सम्म रु. ९५ लाख ७५ हजार खर्च भएको देखिन्छ । पुलको जग सरेको र ढल्केको कारण देखाई पुन: डिजाइन गरेर मात्र काम अघि बढाउने प्रक्रिया सुरु भएकोमा हालसम्म पुन: डिजाइनको तयारी तथा स्वीकृत भएको छैन । निर्माण व्यवसायीलाई दिएको र फछ्यौंट भएको पेश्कीको हिसाब डिभिजनले राखेको छैन । ठेक्का फाइलमा रहेको कार्यालयले बैङ्कलाई लेखेको पत्रानुसार पेश्कीको बैङ्क जमानी रु.३८ लाख ३ हजार राखेको मध्ये नापी किताबबाट रु.२० लाख फछ्यौंट भएको देखिएको छ । बाँकी रु.१८ लाख ३ हजार पेश्की निर्माण व्यवसायीबाट असुल गर्नेतर्फ कारबाही भएको देखिएन ।

१०. **कारबाही –** डिभिजन सडक कार्यालय, लाहानले २०६५।६६ मा रु.७ करोड २१ लाख ९० हजारमा ठेक्का पट्टा गरेको तावाखोला पुल निर्माण कार्यमा रु.३ करोड ३६ लाख ८९ हजारको काम गरेपछि गलत डिजाइनको कारण एउटा पियर टिल्ट भई पुन: डिजाइन गरेर भेरिएसनको माध्यमबाट रु.८ करोड २५ लाख ६ हजारमा साविककै निर्माण व्यवसायीलाई काम लगाइएको छ । डिजाइन गर्दा पुराना पियर भत्काई पुन: नयाँ पियर बनाउने व्यवस्था गरिएको छ । भेरिएसनबाट थप भएको समेत रु.४ करोड ४० लाखबाट दुई एबुटमेन्टको रकम कटाउँदा बाँकी रकम नोक्सानी भएको र गत वर्ष यो व्यहोरा औल्याइएको अवस्थामा व्यवसायिक दायित्वसम्बन्धी कुनै कारबाही भएको छैन ।

११. **अधुरो ठेक्का –** डिभिजन सडक कार्यालय जनकपुरले रातु पुल निर्माण कार्य २०६०।४।२५ मा सम्पन्न गर्ने गरी रु.१ करोड ४८ लाख ३२ हजारमा निर्माण व्यवसायीसँग २०५८।४।२५ मा सम्झौता गरेको देखिन्छ । कार्य सम्पन्न गर्ने अवधि पटकपटक गरी २०६४ आषाढसम्म थप भए तापनि ठेकेदारले रु.४१ लाख ९३ हजार (२८ प्रतिशत) को मात्र काम गरी बाँकी काम छाडेको देखियो । कार्यालयले सूचना प्रकाशन र पत्राचारसमेत गरी कालो सूचीमा राख्न आवश्यक कारबाहीको लागि सिफारिस गरेकोमा सडक विभागबाट फाइल फिर्ता आएको देखिन्छ । कार्यसम्पादन र पेश्की जमानीको म्याद थप नगरेको कारण असुल हुन बाँकी रु.२८ लाख पेश्की जोखिममा परेको छ । आवश्यक कारबाही गरी सो पेश्की रकम असुल गर्नुपर्दछ ।

१२. **त्रुटिपूर्ण डिजाइन –** सडक विभागको पुल आयोजनाले परामर्शदातामार्फत निर्माण गरिने पुलहरुको ड्रइङ्ग, डिजाइन र लागत अनुमानको तयारी गराउने गरेको छ । डिभिजन सडक कार्यालय, पाल्पाले परामर्शदाताले तयार गरेको रु.१७ करोड र रु.२० करोड लागत अनुमानका २ पुलको पुन: लागत अनुमान तयार गर्दा ८ देखि १० प्रतिशत घट्न गएको र गुल्मी जिल्लाको एक प्लेट गर्डर पुल निर्माण गर्न सुरुमा परार्शदाताले तीन टुक्रा लामो प्लेट गर्डर डिजाइन गरेकोमा बाटो साँघुरो भएकोले ती गर्डर ढुवानी हुन नसकी पछि पाँच टुक्रा बनाई डिजाइन परिवर्तन गरेको छ ।

डिभिजन सडक कार्यालय कपिलवस्तुले दुई पुलको केरिज वे एकतर्फी मात्र भएको कारण देखाई पुल निर्माण कार्य सुरु भएपछि रु.२ लाख ८२ हजारको लागतमा डिजाइन परिवर्तन गरी दुईतर्फी गरेको छ । तराईका ठूला सडकमा एकतर्फी मात्र गाडी चल्ने गरी डिजाइन गरिएको अवस्था छ ।

यस प्रकारका त्रुटिपूर्ण डिजाइन र लागत अनुमानको कारण समयमा काम सम्पन्न नभई कार्य सम्पन्न गर्ने समय लम्बिने, लागत बढ्ने, पुन: डिजाइन र लागत अनुमान गर्न थप खर्च लाग्ने गरेको देखियो । यस्ता परामर्शदातालाई सडक विभागले कालो सूचीमा राख्ने वा अन्य कारबाही गर्नुको सट्टा पटकपटक काम दिने गरेको छ । प्रत्येक वर्ष ठुलो लगानीमा पुल र सडक निर्माण गर्ने विभागले आफै डिजाइन नगरी परामर्शदातामार्फत डिजाइन गराउनुको कारण उल्लेख गरेको छैन । डिजाइन तथा लागत अनुमान तयार गर्दा आगामी दिनमा गल्ती हुन नदिने प्रतिबद्धता व्यक्त भएको छ ।

१३. **फिजिकल कन्टिन्जेन्सी –** डिभिजन सडक कार्यालय, लाहानको भलुवाही पुल निर्माण गर्न परामर्शदाता र डिभिजनबाट दुई तहमा रु.१ करोड ६६ लाख १९ हजारको लागत अनुमान तयार गरी २०६५।६६ मा निर्माण

सुरु गर्दा वीङवाल, ग्याबिनवक्स, तटवन्ध आदी कामको परिमाण कम राखिँदा २०६७ श्रावणमा ठेक्का र १५ प्रतिशत भेरिएसनको कामसमेत पूरा भई कार्य सम्पन्न भए लगत्तै २०६७ भाद्रमा सोझै रु.७ लाख ६५ हजार र एक ठेक्काबाट रु.९ लाख ३१ हजारसमेत रु.१६ लाख ९६ हजारको काम फिजिकल कन्टिन्जेन्सीबाट गराएको छ । भेरिएसनको रुपमा सो कन्टिजेन्सीबाट एक पटक खर्च भइसकेपछि कार्यक्रमबेगर पुन: खर्च गरेको देखियो ।

१४. **नर्म्सभन्दा बढी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी स्वीकृत नर्म्सअनुसार गर्नुपर्ने तथा सडक विभागको २०६६।११।२३ को स्वीकृत नर्म्सअनुसार सबै प्रकारको माटो र चट्टान खन्ने काममा ८० प्रतिशत मेसिन र २० प्रतिशत मानिसबाट गर्ने गरी दर विश्लेषण गरेर लागत अनुमान तयार गरी निर्माण कार्य गराउनुपर्ने उल्लेख छ ।

डिभिजन सडक कार्यालय, इलामले उर्लाबारी–मधुमल्ला–दारेगौडा सडकको १ लाख २० हजार ७०६ घ.मि. काम उपभोक्ता समितिद्वारा गराएकोमा स्वीकृत नर्म्सअनुसार प्रति घ.मि. रु.१९१।२२ का दरले गर्नुपर्नेमा ७० प्रतिशत मेसिनबाट र ३० प्रतिशत मानिसबाट गर्ने दर विश्लेषणको आधारमा लागत अनुमान तयार गरी प्रति घ.मि. रु.२३१।९१ का दरले कार्य गरेको देखिन्छ । स्वीकृत नर्म्सभन्दा बढी दरले लागत अनुमान तयार गरी उपभोक्ता समितिको अँश कटाउँदा नेपाल सरकारलाई थप रु.३ लाख ९३ हजार आर्थिक व्ययभार परेको छ ।

यसैगरी डिभिजन सडक कार्यालय लाहान, जनकपुर र शिवपुरले रु.८८ लाख १० हजार नर्म्स भन्दा बढी खर्च गरेका छन् । डिभिजन सडक कार्यालय धनकुटाले जिल्ला स्तरीय १९ सडक योजनाको लागत अनुमान तयार गर्दा इटहरी–योजनास्थल–इटहरीसम्म (स्काभेटर, ग्रेडर) हेभी मेसिनहरुको ढुवानी खर्च समेत कामको प्रति घनमिटरमा समावेश गरी लागत अनुमान तयार गरी सोहीअनुसार निर्माण कार्य गराएको देखिन्छ । यसरी स्वीकृत नर्म्स विपरीत हेभी मेसिनहरुको ढुवानी खर्च समेत दर विश्लेषणमा समावेश गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिद्वारा गराएको कामको वास्तविक परिमाण (२ लाख ७४ हजार ३६० घ.मि.) को आधारमा उपभोक्ता समितिको अंश कटाउँदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने गरी रु.२० लाख ३९ हजार खर्च लेखेको छ ।

१५. **सम्झौता अन्त्य –** मोरङ्गस्थित दुहवी हात्तीमोढा पुल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड ४३ लाख ५७ हजारमा २०६०।६।१५भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको छ । निर्माण व्यवसायीलाई २०६०।८।२९ मा प्रथम रनिङ बिलबापत रु.६४ लाख ७८ हजार भुक्तानी दिएको देखिन्छ । निर्माण व्यवसायीका विभिन्न मागदाबी सम्बन्धमा कार्यालय र निर्माण व्यवसायीबीच विवाद भएकोमा सर्वोच्च अदालतबाट २०६४।४।२४ मा मुद्दाको फैसला भएकोमा फैसला प्राप्त गरी खरिद सम्झौताको टुङ्गो लगाएको देखिएन । निर्माण व्यवसायीको नाममा रु.१३ लाख मोबिलाइजेशन पेश्कीसमेत बाँकी रहेकोले नेपाल बैङ्क लिमिटेड बिराटनगरलाई बैंङ्क जमानत रकम रु.१६ लाख कार्यालयको नाममा ड्राफ्ट बनाई पठाइदिन र परफरमेन्स बण्ड रु.७ लाख २० हजार कार्यालयको सिफारिसबेगर फुकुवा नगरिदिन पत्रचार गरेकोसम्म देखिन्छ । बैङ्कले जमानत रकम कार्यालयको नाममा पठाएको देखिएन ।

उक्त निर्माण कार्यको २०६८।९।७ मा स्थलगत निरीक्षण गर्दा २१ पाइप पिलर निर्माण गरेकोमा ती पिलरहरु पुरानो भई जीर्ण अवस्थामा रहेको देखियो । साथै सो निर्माण स्थलको करिब २० मिटरको दूरीमा सुनसरी मोरङ्ग पुल आयोजनाले पुल निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा आएको समेत देखिएकोले उक्त पुल निर्माण कार्यको औचित्यसमेत समाप्त भएको देखिन्छ ।

जीर्ण अवस्थामा रहेका पिलरहरु

सुनसरी मोरङ पुल आयोजनाअन्तर्गत सञ्चालित पूल

१६. **बढी भुक्तानी –** विभिन्न निर्माण व्यवसायीहरुको नाममा खर्च लेखेको सम्बन्धमा निम्नानुसार बढी भुक्तानी दिएको देखिएको छ:

१६.१ पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय दमक झापाबाट सञ्चालित फिक्कल–पशुपतिनगर फिक्कल माइपोखरी, चारआली जमुनावारी सडकको रिसिलिङ्ग कार्यका एक निर्माण व्यवसायी लाई चौथो रनिङ्ग बिलको भुक्तानी दिंदा नापी किताबमा उल्लेख भएभन्दा सेमी ग्राउटी, एसफाल्ट कंक्रीट र बिटुमिन कट्ब्याकको लागि मट्टीतेल आपूर्ति गर्ने काममा बढी परिमाण कायम गरी मूल्य अभिवृद्धि करसमेत रु.६ लाख २ हजार बढी भुक्तानी दिएको असुल गर्नुपर्दछ ।

१६.२ डिभिजन सडक कार्यालय काठमाडौंबाट सञ्चालित कोटेश्वर महादेवस्थान पुल निर्माण कार्यका एक निर्माण व्यवसायी लाई सातौं रनिङ्ग बिलको भुक्तानी दिंदा डण्डीको विस्तृत नापी विवरण अनुसार १०.३६ मेट्रिक टनको भुक्तानी दिनुपर्नेमा २३.५९ मेट्रिकटनको भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको १३.२३ मेट्रिकटनको प्रति मेट्रिकटन रु.१ लाख ६ हजार का दरले मूल्य अभिवृद्धि करसमेत रु.१५ लाख ८५ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ । यसैगरी धोविखोला र बुद्धनगर दोभान पुल र चुच्चेपाटी–जोरपाटी दक्षिणढोका सडक निर्माण तथा सुधार कार्यमा नापी किताब र रनिङ्ग बिलभन्दा रु.८ लाख ५८ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१७. **ठेक्का स्वीकृति –** डिभिजन सडक कार्यालय लाहान,जनकपुर, हेटौंडा र दाङ्गले निर्माण व्यवसायीको कार्य व्यस्तता, बिरामी परेको आदि कारण देखाइ प्रथम घटिवाला निर्माण व्यवसायीले रु.१ करोड ८४ लाख ७२ हजारमा ठेक्का लिन मनासिव कारणबेगर इन्कार गरी दोस्रो देखि चौथो घटिवाला सम्म लाई रु. १ करोड ३२ लाख ३७ हजारमा ठेक्का दिंदा १० ठेक्काको निर्माण कार्यमा रु.५२ लाख ३५ हजार थप व्ययभार पर्न गएको छ । डिभिजन सडक कार्यालय जनकपुरले यसरी ठेक्का दिंदा राखेको विडवन्ड जफत गरी राजस्व दाखिला गर्नुपर्नेमा धरौटीमा राखेको छ ।

१८. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३ मा कर प्रयोजनको लागि दर्ता भएको व्यक्ति वा फर्मले सिलसिलेवार नम्बर भएको रीतपूर्वकको कर बीजक जारी गर्नुपर्ने उल्लेख छ । मूल्य अभिवृद्धि कर सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

१८.१ विभिन्न २१ कार्यालयले पुल तथा सडक निर्माण कार्य गर्ने निर्माण व्यवसायीहरुलाई कर बीजक नम्बर टिपेक्स लगाएको, हातले लेखेको, बीजक नम्बर नभएको, मिति उल्लेख नभएको, बीजक नम्बर केरमेट गरी सच्याएको आदि कैफियत भएका कर बीजकको आधारमा रु.४ करोड २८ लाख ३९ हजार मूल्य अभिवृद्धि

कर (१६७ फर्मलाई) भुक्तानी दिएको देखियो । जसमध्ये डिभिजन सडक कार्यालय हेटौंडाले एक निर्माण व्यवसायीलाई नम्बर हातले लेखेको कर बीजकको आधारमा रु २८ लाख ३६ हजार भुक्तानी गरेको छ ।

उक्त बिल बमोजिमको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयबाट समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

१८.२ डिभिजन सडक कार्यालय महेन्द्रनगरले खक्रौला नदिको पुल निर्माण कार्यका एक निर्माण व्यवसायी लाई यस वर्ष पाँचौ, छैठौं र सातौ रनिङ्ग बिलको भुक्तानी दिंदा मूल्य अभिवृद्धि कर रु.१० लाख ९६ हजार भुक्तानी दिएकोमा उक्त फर्मले छैठौं र सातौं रनिङ्ग बिलको क्रमश: ०१।२०६८।२।९ र ०२।२०६८।३।२० को कर बीजक जारी गरेको तर पाँचौं रनिङ्ग बिलको कर बीजक जारी गरेको देखिएन । उक्त फर्मले भुक्तानी लिएको मूल्य अभिवृध्दि कर कारोबार अङ्कसमेत खुल्ने गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार असुल हुनुपर्दछ ।

१९. **लागत वृद्धि** – कार्यालयलाई आवश्यक पर्ने सामानको लागि छुट्टै बजेट निकासा माग गरी खरिद गर्नुपर्नेमा १८ डिभिजन सडक कार्यालयले ५८ निर्माण व्यवसायीलाई रु ७ करोड २२ लाख २५ हजार र ९ आयोजना कार्यालयले १८ निर्माण व्यवसायीलाई रु.२ करोड वरावरको गाडी भाडा, मोटरसाइकल, फोटोकपी मेसिन, भिडियो क्यामरा, डिजिटल क्यामरा, थेडोलाइट मेसिन, ल्यापटप, डेस्कटप कम्प्युटर, सर्भे उपकरण आदि सामान निर्माण कार्यको बिल अफ क्वान्टिटीमा समावेश गरी खरिद सम्झौता गर्दा शिरोभार खर्चसमेतले लागत बढ्न गएको छ । यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

२०. **बढी व्ययभार –** डिभिजन सडक कार्यालय, शिवपुरले लागत अनुमान तयार गर्दा जिल्ला दररेट भन्दा बाहिरको बालुवा र गिट्टीमा लाग्ने स्थानीय करसमेत समावेश गरी काम गराउँदा दुइ सडक खण्ड र दुई पुलमा रु.२५ लाख ५१ हजार स्थानीय कर भुक्तानी दिई बढी व्ययभार पारेको छ । स्वीकृत नर्म्स र साइटको निर्माण कार्यको परिमाणको आधारमा कामको परिमाण निर्धारण गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (४) अनुसार जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको निर्माण सामग्रीको दरको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्नेमा त्यस बाहेकको स्थानीय कर समावेश गर्न मिल्दैन । यस सम्बन्धमा स्थानीय स्वायत्त सासन ऐन, २०५५ तथा सोको नियमावलीअनुसार जिल्ला विकास समितिले निर्णय गरी लगाएको स्थानीय करको आधारमा लागत अनुमान तयार गरेको जवाफ प्राप्त भएको छ । तर नियमावलीको उक्त व्यवस्थाको पालना नभएको पक्षलाई प्रतिक्रियाले सम्वोधन गरेको छैन ।

२१. **पेश्की –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नहुने उल्लेख छ । बैतडी दार्चुला सडक योजनाले जग्गाको मुआव्जा वितरण गर्न २०६८।३।२० मा रु.२ करोड ४२ लाख ४ हजार र २०६८।३।२४ मा रु.४१ लाख ३७ हजार समेत रु.२ करोड ८३ लाख ४१ हजार जिल्ला प्रशासन कार्यालय दार्चुलालाई पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म फछ्यौंट भएको छैन । हुलाकी राजमार्ग आयोजना, योजना कार्यालय नेपालगञ्जले मुआव्जा वितरणको लागि स्वीकृत भएको बजेटबाट मुआव्जा वितरण समितिको २०६८।३।१६ को निर्णय अनुसार रु.५ करोड आर्थिक वर्षको अन्त्यमा बजेट खर्च लेखी जिल्ला प्रशासन कार्यालय बाँकेको धरौटी खातामा जम्मा गरेको छ । यस्तो रकम समयमै कार्यक्रम सञ्चालन हुन नसके राजस्व खातामा जम्मा गरिनुपर्दछ ।

डिभिजन सडक कार्यालय दाङ्गले पुल निर्माण गर्न दुई निर्माण व्यवसायीलाई २०६८।३।२८ मा कार्यादेशबेगर कार्य तालिका र गुणस्तर योजना समेत नलिई रु.२६ लाख २८ हजार मोबिलाईजेशन पेश्की दिएको छ । यो पेश्की काम सुरु गर्न दिएको भएपनि निर्माण व्यवसायीहरुले २०६८ भाद्रसम्म काम सुरु गरेका छैनन् । सोहीअनुसार डिभिजन सडक कार्यालय पाल्पाले ३ निर्माण व्यवसायीलाई रु.१ करोड १० लाख पेश्की दिएकोमा २०६८ भाद्रसम्म काम सुरुवात भएको छैन । उक्त पुलहरुमध्ये कतिपय पुलहरुको डिजाइन स्वीकृती र लागत अनुमान तयारीबेगर सम्बन्धित डिभिजनहरुले माग समेत नगरेकै अवस्थामा कार्यक्रम र

बजेट ट्रेस्रो चौमासिकमा पठाइएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९, २०, २२ र २३ विपरीत कार्यक्रम र बजेट तर्जुमा गर्दा सम्बन्धित आर्थिक वर्षमा काम सुरु नगरी पेश्कीमात्र दिएको नियमसम्मत देखिएन ।

२२. **कारबाही नगरेको–** हुलाकी राजमार्ग आयोजना हेटौंडाअन्तर्गत ५ पुल निर्माण गर्न ५ निर्माण व्यवसायीलाई २०६६।६७ मा रु.३ करोड ९६ लाख ८७ हजार मोबिलाईजेशन पेश्की दिएकोमा सम्झौता भएको १३ महिनासम्म निर्माण व्यवसायीहरुले काम सुरु गरेका छैनन् । यसबाट निर्माण कार्यमा ढिलाई हुने अवस्था सिर्जना भएकोले कारबाही गरिनुपर्दछ ।

२३. **सोझै काम –** डिभिजन सडक कार्यालय जनकपुरले ७ उपशीर्षकअन्तर्गतका कार्यलाई २९९ टुक्रामा काम छुट्याइ सोझै वार्ताबाट गराइ रु.३ करोड ४७ लाख ४२ हजार भुक्तानी दिएको छ । निर्माण कार्य वर्षान्तमा प्रतिस्पर्धाबेगर लागत अनुमानको हाराहारीमा, गुणस्तर नियन्त्रण प्रक्रियाबेगर काम गराएको र त्यसको सुपरभिजन पनि पर्याप्त हुन नसकेको अवस्था छ । खरिद योजनामा बोलपत्रबाट गराउने भनिएको काम पनि सोझै गराएको छ ।

२४. **कन्टिन्जेन्सी खर्च –** डिभिजन सडक कार्यालय, जनकपुरले पुल निर्माण कार्यमा खर्च गरेको रकमको मोबिलाइजेशन पेश्की र कन्टिन्जेन्सी खर्च कटाइ बाँकी रहने रकमको ५ प्रतिशतले हुने रु.८५ लाख कन्टीन्जेन्सी खर्च गर्न पाउनेमा रु.१ करोड ७ लाख १० हजार खर्च गर्दा रु.२२ लाख १० हजार बढी खर्च गरेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची १ को ढाँचामा तयार गर्नुपर्ने र अनुसूची १ मा वर्कचार्ज (स्टाफ खर्च) २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशतसम्म लागत अनुमानमा समावेश गर्न मिल्ने उल्लेख छ । डिभिजन सडक कार्यालय काठमाडौं, भक्तपुर र ललितपुरले कन्टिन्जेन्सीबापत क्रमशः रु.१ करोड ३३ लाख २६ हजार, रु.५५ लाख ४६ हजार र रु.९३ लाख २९ हजार खर्च गरेकोमा वर्कचार्ज (स्टाफ खर्च) र सानातिना अन्य खर्चको छुट्टाछुट्टै देखिने गरी अभिलेख राखेको देखिएन ।

(रु. हजारमा)

डिभिजन सडक कार्यालय	निर्माण खर्च	वर्क चार्ज	अन्य खर्च	कन्टिन्जेन्सी खर्च	प्रतिशत
काठमाडौं	४६,७२,६१	८३,८६	४९,४०	१,३३,२६	२.८५
भक्तपुर	१५,६४,६०	३०,४४	२५,०२	५५,४६	३.५४
ललितपुर	१८,७१,५१			९३,२९	४.९५

२५. **जिन्सी आम्दानी –** चार डिभिजन सडक कार्यालयहरुले बिल अफ क्वान्टिटीमा उल्लेख भएका रु.१८ लाख ६३ हजार मूल्यका ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, थेडोलाईट मेसिन, लेवल मेसिन र मोटरसाइकल निर्माण व्यवसायीबाट खरिद गरी भुक्तानी दिएकोमा सोको जिन्सी खातामा अभिलेखसम्म पनि राखेको छैन ।

२६. **मूल्य समायोजन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौताबमोजिमको काम निर्धारित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसक्ने व्यवस्था छ ।

२६.१ बैतडी दार्चुला सडक योजनाका निर्माण व्यवसायीसँगको सम्झौताको म्याद थप गर्दा कुनै पनि आर्थिक दायित्व दावी नगर्ने लिखित पत्र लिई थप दायित्व नपर्ने गरी विभागीय प्रमुखबाट म्याद थप भएको पाइयो । सो विपरीत थपिएको म्यादको समेत २ ठेक्काको २ निर्माण व्यवसायीलाई रु.१४ लाख ३४ हजार मूल्य समायोजन भुक्तानी गरेको पाइयो । सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई म्याद थप अवधिको समेत आर्थिक दायित्व पर्ने गरी मूल्यवृद्धि समायोजन गर्न मिल्ने देखिएन ।

२६.२ डिभिजन सडक कार्यालय, दाङ्गले निर्माणाधीन राप्ती पुल (देउखुरी) र पातुखोला पुलका निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य समायोजन रु.५० लाख १६ हजारमध्ये दोस्रो पटक महानिर्देशकको स्तरबाट थप आर्थिक व्ययभार दाबी नगर्ने र नदिने गरी थपिएको अवधिको मूल्य वृद्धि रु.३३ लाख १२ हजार भुक्तानी दिएको छ । सम्झौतामा समय र लागत वृद्धिको पूर्व सूचना नदिने र तोकिएको समयमा काम सम्पन्न नगरी पटक पटक म्याद थप गर्ने निर्माण व्यवसायीलाई मूल्य समायोजन नदिने व्यवस्था गरेको छ । यसरी विभागीय प्रमुखको निर्णय र सम्झौता विपरीत भुक्तानी भएको मूल्य समायोजन असुल गर्नुपर्दछ ।

२६.३ चन्द्रनिगाहपुर–गौर सडक योजनाको निर्माण व्यवसायीलाई २०६७।७।२६ पछि थपिएको म्यादको मूल्य समायोजन बिल नं. १२ देखि १६ सम्म बाट रु.५८ लाख ७३ हजार भुक्तानी दिएको छ । मूल्य वृद्धि दिन रिजर्भ बैङ्क अफ इण्डियाको सूचकाङ्क प्रयोग गरेको छ । मूल्य समायोजन ज्याला, सामग्री आदिमा दिइने र ती सबै नेपालमै खरिद गरिनुका (भारतबाट आयात गर्न इजाजत नदिएको) साथै कामको लागत अनुमान रौतहट जिल्लाको दररेट अनुसार नै तयार गरिएकोले नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार मूल्य वृद्धि दिने व्यवस्था सम्झौतामा गरेको देखिएन । निर्माण व्यवसायीको कारणले म्याद थप भएमा मूल्य समायोजन नदिने भन्ने सम्झौताको व्यवस्थाअनुसार थपिएको म्यादमा भुक्तानी भएको रु. ५८ लाख ७३ हजार मूल्य समायोजन दुवै निर्माण व्यवसायीबाट सोही अनुपातमा असुल गर्नुपर्दछ ।

२६.४ डिभिजन सडक कार्यालय शिवपुरले ५ पुल र दुइ सडक समेत ७ निर्माण व्यवसायीलाई रु.१ करोड ६५ लाख २० हजार मूल्य समायोजन भुक्तानी दिएको छ । ठेक्का सम्झौतानुसार मूल्य समायोजन प्राप्त गर्न निर्माण व्यवसायीले निर्धारित समयमा काम सम्पन्न गर्नुपर्ने, भेरिएसन वा क्षतिपूर्तिको घटनाबाट मात्र कार्य सम्पन्न गर्ने अवधि बढन सक्ने, निर्माण व्यवसायीले अद्यावधिक कार्यतालिका पेश गर्नुपर्ने, काममा ढिलाई र लागतमा बुद्धि हुने भएमा पूर्व सूचना दिनु पर्ने, आधार मूल्य सम्झौतामा उल्लेख गर्नुपर्ने आदि व्यवस्थाहरुको कार्यान्वयन गरिनुपर्दछ ।

निर्माण व्यवसायीहरुले २/३ पटक म्याद थप गर्दा पनि समयमा कार्य सम्पन्न नगरेको, गरेको कामको गुणस्तर परीक्षण गर्ने जिम्मेवारी निर्माण व्यवसायीकै भए पनि परीक्षण नै नगरेको वा निकै कम परीक्षण गरेको अवस्था छ । कार्यालयमा संशोधित कार्य तालिका पेश नगरेको, पूर्वसूचना नदिएको, सम्झौतामा आधार मूल्य उल्लेख नगरेको, कतिपय सम्झौतामा कस्तो सूचकाङ्कबाट मूल्य समायोजन दिने उल्लेख नभएको, उल्लेख भए भन्दा फरक सूचकाङ्क प्रयोग गरेको, मागबेगर २/३ वर्ष अघिको मूल्य समायोजन भुक्तानी दिएको, ठेक्का अवधिको ८४ प्रतिशत समयमा २४ प्रतिशतमात्र काम गर्ने एक निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षतिपूर्ति नलगाई मूल्य समायोजन दिएको एवम् सम्झौता र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ तथा नियमावली, २०६४ को नियम ११९ का व्यवस्थाहरु विपरीत हुने गरी मूल्य समायोजन भुक्तानी दिएकोमा आवश्यक कारबाही गरिनुपर्दछ ।

२६.५ राप्ती राजमार्ग सडक योजना दाङ्गले एक भारतीय बैंकको ऋण सहयोगमा निर्माणाधीन दुई सडकमा हाल सम्म रु ३३ करोड ४४ लाख ३८ हजार खर्च गरेको छ । निर्माण व्यवसायीसँग सम्झौता गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ अनुसार अनिवार्य रुपले सो ऐन पालना गरी मूल्य समायोजन सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यस अनुरुप ४९ प्रतिशत नेपाली सामग्रीहरु प्रयोग गर्ने सम्झौताको व्यवस्थाअनुसार ४९ प्रतिशत मूल्य समायोजन नेपाली सूचकाङ्कको आधारमा दिने व्यवस्था गर्नुपर्नेमा सबै मूल्य समायोजन भारतीय सूचकाङ्कको आधारमा दिने गरी सम्झौता गरेको छ । तर निर्माण व्यवसायीले भारतबाट सामान ल्याउन सरकारबाट इजाजत लिएको छैन । यस आधारमा सबै मूल्य समायोजन नेपाली सूचकाङ्कबाटै दिनुपर्ने देखिन्छ । योजनाबाट प्राप्त जवाफमा निर्माण सामग्री विदेशबाट आयात नगरेको विषयमा उल्लेख गरेको छैन ।

सोही योजनाको तुल्सीपुर–सल्यान सडक खण्डको निर्माणमा संलग्न संयुक्त उपक्रमको निर्माण व्यवसायीलाई दोस्रो माइलस्टोन पछि थपिएको २५६ दिन अवधि (३५ प्रतिशत) मा भुक्तानी भएको दशौं, एघारौं र बाह्रौं रनिङ बिलबाट रु.१ करोड ३४ लाख ६७ हजार मूल्य समायोजन भुक्तानी दिएको छ ।

सम्झौताको दफा ४६.५ अनुसार यस्तो ढिलाईको मूल्य समायोजन दिने व्यवस्था नभएकोले उक्त मूल्य समायोजन रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

२६.६ डिभिजन सडक कार्यालय, बुटवलले यो वर्ष १० निर्माण व्यवसायीलाई रु.१ करोड ७३ लाख ७६ हजार मूल्य समायोजन भुक्तानी दिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र सम्झौतानुसार निर्माण व्यवसायीले सम्झौता गरेपछि संशोधित र बीचबीचमा अद्यावधिक कार्यतालिका पेश गर्नुपर्ने, व्यवसायीको कारणले म्याद थप भएमा मूल्य समायोजन दिन नमिल्ने, म्याद थप एकमुष्ट रुपमा नभई तोके अनुसार हुनुपर्ने, समय र लागत बढ्ने घटनाको पूर्व जानकारी दिनु पर्ने, गरेको काम गुणस्तरीय हुनुपर्ने आदी शर्तहरु पूरा गर्नुपर्नेमा पूर्ण वा आंशिक रुपमा शर्त पूरा नगर्ने ती निर्माण व्यवसायीहरुलाई मूल्य समायोजन दिएको नियमसम्मत मान्न सकिएन ।

२७. **कार्यारम्भ** – डिभिजन सडक कार्यालय काठमाडौंले सञ्चालित चावहिल–वाइपास सडक तिलगंगा–ताम्रागंगामा टनेल निर्माण कार्यको लागि संयुक्त उपक्रमका एक निर्माण व्यवसायीसंग रु.१६ करोड ८३ लाख ६५ हजार मा २०६९।९।२९ भित्र कार्य सम्पन्न गर्ने गरी २०६७।३।२९ मा खरिद सम्झौता गरेको छ । गत वर्ष निर्माण व्यवसायीलाई निर्माण कार्य सञ्चालनको लागि रु.६५ लाख मोबिलाइजेशन पेश्की दिएकोमा निर्माण कार्य प्रारम्भ गरेको देखिएन । सम्झौता अवधिको ४० प्रतिशत समय व्यतीत भइसक्दा पनि निर्माण कार्य प्रारम्भ नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ र खरिद सम्झौतामा उल्लिखित व्यवस्थाअनुसार कारबाही गरी उक्त निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था गरिनुपर्दछ ।

२८. **जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने भए तापनि डिभिजन सडक कार्यालय इलाम, झापा, मोरङ्ग, धनकुटा, सुर्खेत, बैतडी र कन्चनपुरले सडक निर्माण कार्यको २२ खरिद सम्झौता गर्दा त्रुटि सच्याउने अवधिसम्मको परफरमेन्स वैंक ग्यारेन्टी नलिई सम्झौता गरेको र २५ खरिद सम्झौताको अवधि थप गर्दा परफरमेन्स बैङ्क ग्यारेन्टीको म्याद थप गरेको छैन ।

२९. **बढी खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्न वा खर्च गर्न निकासा दिंदा सो नियममा भएका व्यवस्थाअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । डिभिजन सडक कार्यालय चितवनले बोटेघाट, महेशखोला, कयरखोला र आंखुखोला पुल निर्माण कार्यक्रमको लागि रु.१ करोड बजेट व्यवस्था भएकोमा रु.१ करोड ६४ लाख ३७ हजार खर्च गरेको छ भने डिभिजन सडक कार्यालय तनहूंले व्यासमार्गको लागि रु.४ करोड बजेट व्यवस्था भएकोमा कार्यक्रम संशोधन नगरी बजेटभन्दा रु.९ लाख ६६ हजार हुने गरी रु.४ करोड ९ लाख ६६ हजार बढी खर्च गरेको छ । यस्तो अनियमित खर्चमा नियन्त्रण हुनुपर्दछ ।

३०. **कारबाही –** डिभिजन सडक कार्यालय, हेटौंडामा २०५७।५८ देखि सुरु भएका रु.५ करोड २५ लाखका सडक तथा पुल निर्माण र सडकको मर्मत सम्भार गर्ने १८ ठेक्काको काम अधुरो छाडिएको छ । त्यसमध्ये ५ निर्माण व्यवसायीले कार्य सुरु नगरेको अवस्था छ भने बाँकी १३ निर्माण व्यवसायीले आंशिक रुपमा मात्र काम गरी बीचैमा काम छोडेका छन् । ठेक्का सम्झौता र खरिद ऐन, नियम अनुसार त्यस्ता निर्माण व्यवसायीलाई ताकेता गर्ने, कालो सूचीमा राख्ने, ठेक्का तोड्ने, कार्य सम्पादन र मोबिलाइजेसन पेश्की जमानी रोक्का राख्ने, धरौटी जफत गर्ने आदी कारबाही गरेको छैन ।

डिभिजन सडक कार्यालय, जनकपुरमा पुल, शहरी सडक, क्षेत्रीय सडक र सडक बोर्ड अन्तर्गत मर्मत संभारका २०५७।५८ देखिका १९ ठेक्काको काम अधुरो रहेको छ । कार्यालयले पत्रिकामा सूचना प्रकाशन गर्नेबाहेक कुनै पनि कारबाही गरेको छैन । त्यसमध्ये ७ ठेक्कामा काम सुरु नै नगरेको अवस्था छ भने १२ ठेक्कामा आंशिक मात्र काम भएको छ ।

३१. **पूर्व निर्धारित क्षतिपूर्ति** – खरिद सम्झौतामा उल्लेख भएको समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई सार्वजनिक खरिद नियमावली, २०६४ र खरिद सम्झौतामा उल्लिखित व्यवस्थाअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्न लगाउनुपर्नेमा देहायअनुसार देखिएको छ ।

३१.१ जोरपाटी–सांखु–मेलम्ची–टोखा छहरे सडक आयोजनाले ४ निर्माण व्यवसायीसँग खरिद सम्झौतामा कुल सम्झौता अंकको ३० प्रतिशत कार्य ९ महिना माईलस्टोन –१ भित्र र बाँकी निर्माण कार्य १८ महिना भित्र माईलस्टोन –२ पूरा गर्नुपर्न उल्लेख भएकोमा निम्नानुसार कार्यप्रगति भएको देखिन्छ ।

(रु.हजारमा)

सि.नं.	ठेक्का नं.	खरिद सम्झौता मिति	खरिद सम्झौता अवधि	खरिद सम्झौता अंक	हाल सम्मको भुक्तानी	प्रगति प्रतिशत	खपत भएको समय प्रतिशत
१	RIP/JSM-12	१४ जुलाई २०१०	१३ जनवरी २०१२	१६,५५,४४	३,८०,३३	२२.९७	६६
१	RIP/JSM-12	१४ जुलाई २०१०	१३ जनवरी २०१२	१६,५५,४४	३,८०,३३	२२.९७	६६
२	RIP/JSM-13	२४ सेप्टेम्बर २०१०	२३ मार्च २०१२	१९,१७,८९	६,१४,६७	३२.०४	५५
३	RIP/TGC-14	९ जुलाई २०१०	८ जनवरी २०१२	११,६८,७८	२,९१,४६	२४.९३	६६
४	RIP/TGC-15	११ जुलाई २०१०	१० जनवरी २०१२	१०,२४,५६	१,९६,४७	१९.१७	६६

खरिद सम्झौतामा उल्लेख भएअनुसार कार्य प्रगति नगरेको कारणले सि.नं..१ र ३ मा उल्लिखित खरिद सम्झौताका निर्माण व्यवसायीलाई भुक्तानी दिंदा यो वर्ष क्रमश:रु.१४ लाख ४८ हजार र रु.१ लाख ४३ हजार गरी जम्मा रु.१५ लाख ९२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको छ । तर सिं.नं.२ र ४ मा उल्लिखित खरिद सम्झौताको निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन । सि.नं. १,३ र ४ मा उल्लिखित खरिद सम्झौताको अवधि लेखापरीक्षण अवधि २०६८।१०।१७ सम्ममा समाप्त भएकोमा थप कारबाही भएको समेत देखिएन । योजनाले २ निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्तिबापत रु.१५ लाख ९१ हजार कट्टा गरेको रकम राजस्व खातामा दाखिला नगरी धरौटी खातामा आम्दानी गरेको छ ।

३१.२ चन्द्रनिगाहपुर–गौर सडक योजनाको एक निर्माण व्यवसायीसँग २६ अक्टोवर २०१० सम्ममा सम्पन्न गर्ने गरी २८ सेप्टेम्बर २००८ मा रु. ३० करोड ६१ लाख ५८ हजारमा ठेक्का सम्झौता भएको थियो । योजनामा ३३.७३ प्रतिशत भेरिएसन भएको र अन्य कारणबाट समेत ठेक अङ्क रु. ४० करोड ९४ लाख २२ हजार र काम सम्पन्न गर्ने अवधि २५ नोभेम्बर २०११ कायम गरेको छ । तत्पश्चात ठेक्काको म्याद थप भएको छैन । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा गौरमा नाली बनाउने कार्यमा निर्माण व्यवसायीको सामान्य उपस्थिती मात्र देखिन्छ । ७ कि.मी. सडक कालोपत्रे गर्न बाँकी छ भने करिब ११ कि. मी. सडकको किनारा निर्माण अधुरो छ । बायो इन्जिनियरिङ्ग र सडक सुरक्षाको काम पनि नभएकोले सम्झौतानुसार रु.६५ लाख ८२ हजार हर्जना लगाई असुल उपर गर्नुपर्दछ । म्याद थप गर्दै जाने तर थपिएको म्यादमा पनि काम नगर्ने ठेकेदारलाई कारबाही नगर्दा काम सम्पन्न गर्ने कार्यमा ढिलाई भइरहेको छ ।

३१.३ काठमाडौ उपत्यका सडक विस्तार आयोजनामा रु ७ करोड ५५ लाख ८० हजार ठेक्काका हालसम्म रु.४ करोड २३ लाख ४५ हजार भुक्तानी प्राप्त गर्ने चार निर्माण व्यवसायीको थपिएको म्याद समेत २०६७ चैत्र देखि २०६८ आषाढ सम्ममा समाप्त भएको छ । एक निर्माण व्यवसायीले यस आर्थिक वर्षमा काम गरेको छैन । सडक विभागबाट दुइ निर्माण व्यवसायीको अन्तिम पटक म्याद थप भएको छ । जग्गा अधिग्रहणको कारण काम नभएको बताइए पनि अधिग्रहण भइ सकेको क्षेत्रको काम र अधिग्रहणबेगर गर्न सकिने काम समेत निर्माण व्यवसायीले गरेका छैनन् । सम्झौतानुसार संशोधित कार्य तालिका पेश नगर्ने, पूर्व सूचना नदिने, म्याद थपको निवेदन नदिने ती निर्माण व्यवसायीबाट सम्झौतानुसार रु.७५ लाख ५८ हजार पूर्व निर्धारित क्षति असुल गर्नुपर्ने देखियो ।

३२. **वैदेशिक स्रोत –** हुलाकी राजमार्ग आयोजनामा दातृ राष्ट्रबाट भइरहेको काम र खर्चको अद्यावधिक प्रगति विवरण लिई अनुदान खर्चको आर्थिक विवरण समेत पेश गरेको छैन । यसले गर्दा भारत सरकारबाट भई रहेको सडक निर्माण सम्बन्धी कार्यको अद्यावधिक भौतिक प्रगति र अनुदान खर्च यकिन गर्न सकिएन ।

३३. **असुल गर्नुपर्ने –** विभिन्न निर्माण व्यवसायीहरुसँग सम्झौताका शर्त एवम् सार्वजनिक खरिद ऐनबमोजिम असुल गर्नुपर्ने सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

३३.१ डिभिजन सडक कार्यालय जनकपुरले प्रोभिजनल आइटममा व्यवस्था गरेको भन्दा बढी भुक्तानी दिएको, ठेक्काबाट प्राप्त गर्नुपर्ने सामान प्राप्त नगरी भुक्तानी दिएको, बीमाबापत भुक्तानी दिएको, कामको भुक्तानी दिएको, मोबिलाइजसन पेश्की कट्टा नगरी मूल्य समायोजन भुक्तानी दिएको, बिलभन्दा बढी भुक्तानी दिएको लगायतका रु.६१ लाख ८५ हजार असुल गर्नुपर्ने देखिएको छ ।

३३.२ डिभिजन सडक कार्यालय हेटौंडाले मोबिलाईजेसन पेश्की कट्टा नगरी मूल्य वृद्धि भुक्तानी दिएको ठेक्का लागतमा असर नगर्ने गरी म्याद थप भएकोमा मूल्यवृद्धि भुक्तानी दिएको, मूल्य अभिवृद्धि कर दोहोरो भुक्तानी दिएको र नापी किताबमा जोडजम्मा फरक पारी बढी भुक्तानी दिएको रु.८३ लाख ३२ हजार असुल गर्नुपर्दछ ।

सडक क्षेत्र विकास आयोजना

३४. **घटी खर्च** – विश्व बैङ्कसँगको सम्झौता अनुसार आयोजनाको क्याटेगोरी–४ आयोजना तयारीको लागि पुनर्लगानी को लागि एस.डी.आर ६ लाख ५२ हजार छुट्टयाइएकोमा एस.डी.आर ३ लाख २० हजार ९०१ खर्च भएको छ ।

३५. **आयकर** – आयकर ऐन, २०५८ को दफा ८८(४) अनुसार विदेशी नागरिकलाई भुक्तानी गरेको परामर्श सेवा शुल्कमा मूल्य अभिवृद्धि करमा दर्ता भएको अवस्थामा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । आयोजनाले दुई विदेशी परामर्शदातासँगको सम्झौतामा परामर्शदाता र उसका कर्मचारीहरुलाई कुनै प्रकारको कर नलगाउने व्यवस्था गरेको कारण जनाई १.५ प्रतिशत करबापत हुने रु.२ लाख ५० हजार रकम थप गरी रु.१ करोड ६६ लाख ६४ हजारको डलरमा भुक्तानी दिई परामर्शदातालाई कर मुक्त बनाएको छ । यसरी करदातालाई कर मुक्त हुने गरि सम्झौता गर्ने र कर रकम थप गरेर भुक्तानी गर्न मिल्ने देखिदैन ।

३६. **अधुरो निर्माण कार्य** – पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, दमकले फिक्कल माइखोला र चारआली जमुनाबारी सडकको रिसिलिङ्ग गर्ने कार्यको एक निर्माण व्यवसायसँग मूल्य अभिवृद्धि करसमेत रु.४ करोड ६४ लाख ५० हजार (भेरिएसनपछिको सम्झौता अङ्क रु.५ करोड ३ लाख ८९ हजार) को लागतमा ३० अगस्त २०१० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ५ मार्च २०११ सम्म म्याद थप भएको छ । थपिएको अवधिसम्म रु ३ करोड ८० लाख ८६ हजार (चौथौ रनिङ बिलसम्म)मात्र भुक्तानी भएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) र खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । खरिद सम्झौतामा उल्लेख भएको समयमा शतप्रतिशत अवधि थप गर्दा पनि कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली,२०६४ र सम्झौता अनुसार कारबाही गरी उक्त निर्माण कार्य सम्पन्न गर्न लगाउनुपर्ने देखिन्छ ।

सडक सुधार आयोजना

३७. **लेखापरीक्षण–** भारत सरकारको ऋण सहायतामा अमेरिकी डलर १ करोडको लागतमा २०६३।६४ देखि २०६७।६८ सम्ममा बरिव ५०० किलोमिटर सडक कालोपत्रेमा स्तरोन्नति गर्न सञ्चालित यस आयोजनामा पूँजीगत खर्चतर्फ नेपाल सरकारको स्रोतबाट रु ५३ करोड ३९ लाख १९ हजार र भारत सरकारको सोझै भुक्तानी ऋणतर्फ रु ८० करोड ४४ लाख ८१ हजार गरी रु १ अर्ब ३३ करोड ८४ लाख खर्च भएको विवरण पेश हुन आएकोमा रु १ अर्ब ८ करोड ४० लाख २१ हजार मात्रको लेखापरीक्षण भएको छ ।

३८. **कर** – डिभिजन सडक कार्यालय धनकुटाले वसन्तपुर–म्याङ्लुङ सडक सुधार आयोजनाका संयुक्त उपक्रमका एक निर्माण व्यवसायीलाई नवौ रनिङ बिलसम्म रु.११ करोड ४० लाख ९८ हजार भुक्तानी दिँदा आयकर ऐन, २०५८ अनुसार अग्रिम आयकर १.५ प्रतिशतबापत रु.१७ लाख ११ हजार कट्टा गरेको देखिएन । उक्त कर रकम असुल गर्नुपर्दछ ।

सुर्खेत–जुम्ला सडक योजना

३९. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न नभई बढी समय लागेमा मूल्य समायोजन गर्न नहुने व्यवस्था छ । सुर्खेत–जुम्ला सडक योजना योजनाबाट निर्माण व्यवसायीसँग भएका खरिद सम्झौताअनुसार निर्माण सामग्रीको लागि १० प्रतिशत भन्दा बढीले फरक पर्न गएमा मूल्य समायोजन गर्ने व्यवस्था छ । तर म्याद थपपछिको अवधिमा भएको निर्माण कार्यको मूल्य समायोजन दिने वा नदिने केही उल्लेखे छैन । खरिद सम्झौताहरुको म्याद थप गर्दा विभागीय प्रमुखबाट थप आर्थिक दायित्व सिर्जना नहुने गरी निर्णय भएको छ । योजनाले ७ खरिद सम्झौताको अवधि थप पछि भएको निर्माण कार्यको नियमविपरीत यो वर्ष रु.२५ लाख ४७ हजार मूल्य समायोजन भुक्तानी दिएको छ ।

सुर्खेत–रानिमत्ता दैलेख सडक योजना सुर्खेत

४०. **म्याद थप** – सुर्खेत–रानीमत्ता दैलेख सडक सुधार निर्माण कार्यको लागि संयुक्त उपक्रमका एक निर्माण व्यवसायीसँग बाहेक रु.२४ करोड ९३ लाख ३१ हजारमा २०१० अक्टुवर २७ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २००८ सेप्टेम्वर ८ मा खरिद सम्झौता भएको थियो । थप आर्थिक दायित्व नपर्ने गरी विभागीय प्रमुखको निर्णयबाट ३ पटक सम्म खरिद सम्झौताको थवधि थप गरेको देखिन्छ । विभागीय प्रमुखको २०६७।१२।१० को निर्णयबाट खरिद सम्झौताको अवधि ६ जुलाई २०११ सम्म थप भएकोमा उक्त अवधिमा पनि निर्माण कार्य सम्पन्न भएको देखिएन ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौताबमोजिमको काम सम्पन्न नभई बढी समय लागेमा मूल्य समायोजन गर्न नहुने व्यवस्था छ । त्यसै गरी विभागीय प्रमुखबाट पटकपटक उक्त खरिद सम्झौताको म्याद थप गर्दा थप आर्थिक दायित्व नपर्ने गरी निर्णय भएको देखिन्छ । खरिद सम्झौताअनुसार म्याद थपपछि गरेका निर्माण कार्यहरुको ४ रनिङबिलबाट मूल्य समायोजनबापत रु.१ करोड ५४ लाख ९५ हजारसमेत भुक्तानी दिएको देखिन्छ ।

काठमाडौ उपत्यका सडक विस्तार आयोजना

४१. **कार्य क्षेत्र परिवर्तन–** योजनाको कार्य क्षेत्रमा नपर्ने कलंकी चोक देखि सितापाइलातर्फ ७०० मिटर सडक विस्तार गर्ने कार्य पहिले नै गराई रु. ३ करोड २४ लाख खर्च गरिएकोमा पुन: त्यसभन्दा अघि ३०० मिटर सडक विस्तार गर्न २०६७ आषाढमा सचिवस्तरबाट रु.१३ करोड १८ लाख २१ हजारको लागत अनुमान स्वीकृत गरी रु.५ करोड ४१ लाख १७ हजारका तीन ठेक्काबाट रु.२ करोड ३५ लाख २२ हजारको काम गराएको देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार सो योजनाको कार्यक्षेत्र राष्ट्रिय योजना आयोगबाट कार्यक्षेत्र संशोधन नगराई सुरु को कार्य क्षेत्रभन्दा बाहिर गई सचिवले मूल लागत अनुमान अन्तर्गत नै छुट्टै लागत अनुमान स्वीकृत गर्न मिल्दैन ।

४२. **निर्माणस्थल संशोधन** – कलंकी–नागढुङ्गा सडक खण्डको ढुङ्गे अड्डा नजिक रु.१ करोड ६३ लाख ४५ हजारको सडक विस्तार गर्न एक ठेक्काको काम सो सडक खण्डमा नगराई कलंकी–वल्खु खण्डको खसी बजार पुल नजिक पर्खाल लगाई रु.१ करोड ७९ लाख ६५ हजार खर्च गरेको देखियो । अन्य ४ ठेक्काको काम पनि साविकको ड्रइङ्ग, डिजाइन र लागत अनुमानअनुसार कै स्थानमा गर्नुपर्नेमा जग्गा अधिग्रहण हुन

नसकेको कारण देखाई सडकको साइज घटाएको हुँदा काम गर्ने स्थान र क्षेत्रमा परिवर्तन र वृद्धि भएको अवस्थामा प्राविधिक पुष्ट्याई सहितको संशोधित लागत अनुमान तयार नगरी काम गराएको छ ।

सालझण्डी–सन्धिखर्क–ढोरपाटन सडक योजना

४३. **लागत अनुमानबेगर काम –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ र २३ अनुसार प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन, आर्थिक, प्राविधिक र वातावरणीय पक्षलाई समेत बिचार गरी सर्वे, ड्रइङ्ग डिजाइन र लागत अनुमान तयार गरी त्यसकै आधारमा वार्षिक कार्यक्रम स्वीकृत गरेर योजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । यो सडक योजना उल्लिखित पक्षको विश्लेषणबेगर प्रत्येक वर्ष टुक्राटुक्रा रुपले सर्वे डिजाइन र लागत अनुमान तयार गरी सञ्चालन भईरहेको छ । योजनाको लागि २०६६।६७ मा रु.५ करोड ८१ लाख र २०६७।६८ मा रु.४ करोड ८६ लाखसमेत रु.१० करोड ६७ लाख खर्च गरी हालसम्म १८० किलो मिटर मध्ये ११७ किलोमिटर ट्रयाक खोल्ने, ५/६ किलो मिटर ग्राभेल गर्ने र तीन किलोमिटर कालोपत्रे गर्ने मात्र काम गरेको छ । परिमाणस्वरुप योजनाको लागत र समय बढ्ने तर खर्च रकमको प्रतिफल समयमा प्राप्त नहुने स्थिति छ ।

आयोजना निर्देशनालय

४४. **भेरिएसन –** राष्ट्रिय स्तरमा प्रतिस्पर्धा भएका ठेक्काहरुको सम्झौताको दफा ३७ तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा भएका ठेक्काहरुको सम्झौताको दफा १३ अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ ले तोकेको १५ प्रतिशतको सीमाभित्र रही भेरिएसन गर्न सकिने व्यवस्था छ ।

४४.१ सुरुमा लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न नसकिने कामको लागि मात्र भेरिएसन गर्नुपर्नेमा सबैजसो ठेक्कामा त्यसरी पूर्वानुमान गर्न सकिने प्रकृतिका कार्यहरु जस्तै: पर्खालको चौडाइ थप गर्ने, ड्रेन, कंक्रिट, पेभमेन्ट, ह्यूम पाइप, वातावरण संरक्षण, माटो काट्ने आदि कामकै लागि अधिकांश भेरिएसन भएको छ ।

४४.२ भेरिएसनको काम त्रुटि सच्याउने अवधिभन्दा अघि नै गर्नु पर्नेमा सो अवधिमा समेत काम गर्ने गरी भेरिएसन गरेको छ । उदाहरणको लागि तामाकोशी–मन्थली–खुकोर्ट सडक योजनाका ३ ठेक्कामा त्रुटि सच्याउने अवधिमा काम गर्ने गरी रु.८८ लाख ३१ हजारको भेरिएसन गरेको छ । सम्झौतानुसार ठेक्काको म्याद थप नगरी त्रुटि सच्याउने अवधिमा भेरिएसनको काम गराउन सक्ने आधार देखिएन । यस्तो प्रकृतिको कामलाई एक वर्ष अवधिको त्रुटि सच्याउने अवधि प्राप्त पनि हुदैन ।

४४.३ भेरिएसन हुने कामको लागत अनुमान तयार गरी एकै पटक गर्नुपर्नेमा तामाकोशी–मन्थली– खुर्कोट सडक योजनाको एक ठेक्कामा ढुंगाको गारो लगाउने कामको २ पटक भेरिएसन गरेको देखियो । त्यसै गरी ढल्के–जनकपुर योजनाको एक ठेक्कामा पहिलो पटक १४.९७ प्रतिशतले रु.३ करोड ४४ लाख ३२ हजार भेरिएसन गरेकोमा दोस्रो पटक सो रकमलाई ७.४५ प्रतिशत रु.१ करोड ७१ लाख ३८ हजारमा सीमित गरेको पाइयो । तामाकोशी–मन्थली–खुर्कोट सडक योजनाको एक ठेक्कामा ५ पटक सम्म भेरिएसन गरेको छ ।

४४.४ भेरिएसनको उद्देश्य नयां काम गर्ने नभई योजनाको कार्यक्षेत्र भित्रको काममा सामान्य थपघट गर्ने भए तापनि केही ठेक्काहरुमा साविकको ठेक्कामा नराखिएका काम समेत भेरिएसनबाट गराएको छ । उदाहरणको लागि फिदिम–ताप्लेजुङ्ग सडक योजनाको एक ठेक्कामा फिदिम बजारदेखि पाँचथर बहुमुखी क्याम्पससम्म ७०० मिटर सडक कालोपत्रे गर्न, तामाकोशी–मन्थली–खुर्कोट सडक योजनाको एक ठेक्कामा सदरमुकामको एक क्याम्पससम्म १०० मिटर कालोपत्रे गर्न, भैरहवा–तौलिहवा सडक योजनाको ठेक्कामा भैरहवादेखि पर्सा बजारसम्म ७ मिटरको सट्टा ८.५ मिटर सडक कालोपत्रे गर्न (जसबाट लेन संख्या विस्तार नहुने र सवारीसाधनको चापको आधारमा पनि साविककै दूरी पर्याप्त हुने) ढल्के–जनकपुर योजनाका दुई ठेक्कामा

साविकको डिजाइनमा नभएका मेडिएन बनाई मेडिएन भएको स्थानमा महेन्द्रराजमार्गभन्दा ठूलो चार लेनको सडक बनाउनसमेत रु.९ करोड ४७ लाख ४३ हजार भेरिएसनबाट खर्च गरेको छ ।

४५. **मूल्य समायोजन –** विभिन्न सडक योजनाको १५ ठेक्काको म्याद थप गर्दा थप लागत नपर्ने वा थप आर्थिक दायित्व नपर्ने गरी निर्माण व्यवसायीको माग तथा सहमति र परामर्शदाताको सिफारिसमा विभागीय प्रमुखबाट निर्णय भएकोमा सो निर्णयविपरीत २०६७६८ मा ती ठेक्काको पछिल्लो रनिङ बिलबाट मात्र रु.२ करोड ३७ लाख १८ हजार मूल्यवृद्धि भुक्तानी दिएको छ । एउटै निकायबाट गरेको निर्णय र त्यसको कार्यान्वयनमा भिन्नता देखिएको छ । मूल्य समायोजन रकमले ठेक्का लागत पनि वृद्धि गर्ने हुनाले म्याद थपको शर्तबमोजिम उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

४६. **दोहोरो खर्च –** यस निर्देशनालयअन्तर्गतका ५ सडक योजनाको लागि आवश्यक कार्यालय भवन, योजना प्रमुख निवास र सोको मर्मत सम्भार खर्च, सवारीसाधन र सवारीसाधनको इन्धनलगायत कार्यालय सञ्चालनसँग सम्बन्धित अन्य प्रकारका सम्पूर्ण खर्चहरु सम्बन्धित सडक योजनाको ठेक्काको बिल अफ क्वान्टिटीमा नै समावेश गरी योजना कार्यालयहरुलाई उपलब्ध गराउने सम्झौतामा व्यवस्था गरेअनुसार भुक्तानी दिएको छ । यसको अतिरिक्त योजना कार्यालहरुका चालू खर्च शीर्षकमा त्यस्तै प्रकृतिका कार्यालय सञ्चालनसम्बन्धी खर्च, मर्मत सम्भार, इन्धन, भाडा आदिमा समेत बजेट विनियोजन गरी रु.९ लाख ६३ हजार खर्च गरेको पाइयो । पूँजीगत खर्च शीर्षकबाट खर्च गर्न नमिल्ने काममा समेत ठेक्काबाट खर्च गरेको छ ।

४७. **पूर्व निर्धारित क्षतिपूर्ति –** फिदिम–ताप्लेजुङ्ग योजनाको एक निर्माण व्यवसायीसँग सडक निर्माण गर्न रु.१३ करोड ३२ लाख ७४ हजारमा ठेक्का सम्झौता भएकोमा २०६७६८ सम्म रु.११ करोड ७९ लाख ३२ हजार भुक्तानी भएको छ । प्रथम पटक १२८ दिन र दोस्रो पटक ९२ दिन म्याद थप गरेको समेत जनवरी २०११ सम्म काम सम्पन्न गर्नुपर्नेमा सम्पन्न गरेको छैन । निर्माण व्यवसायीकै कारणबाट समयमा काम सम्पन्न नभएकोले सम्झौताको दफा ४६.१ अनुसार रु.१ करोड १७ लाख ९४ हजार हर्जाना असुल गर्नुपर्ने देखिन्छ ।

४८. **परामर्शदाताको भेरिएसन –** चौथो भेरिएसन आदेशसम्म परामर्शदातासँगको ठेक्कामा ३०.६२ प्रतिशतले वृद्धि भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (२) अनुसार १५ प्रतिशत भन्दा माथीको भेरिएसन नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्नुपर्नेमा सो नगराई सहमतिको आधारमा ७ लाख अमेरिकी डलरको रु.४ करोड ९७ लाख खर्च गरेको छ ।

४९. **गाडी अन्यत्र पठाएको –** निर्देशनालयबाट प्राप्त सवारीसाधनको विवरणअनुसार रातो प्लेटका चार पजेरो तथा प्राडो गाडीहरु मौखिक आदेशको आधारमा २ मन्त्री र २ कार्यालयमा पठाएको छ । २०६३ देखि २०६८ सम्ममा पठाएको उक्त सवारीसाधन फिर्ता गरिएका छैनन् । सडक योजनाहरु कार्यान्वयन गर्न ठेक्काको बिल अफ क्वान्टिटीमा राखी ठेकेदारमार्फत मासिक १ लाखभन्दा बढी भाडा तिर्ने गरी गाडी भाडामा लिई निर्माण व्यवसायीहरुलाई योजना अवधिमा रु.८ करोड ३८ लाख भुक्तानी दिइएको छ ।

५०. **भन्सार सुविधामा गाडी र उपकरण आयात –** गल्छी–त्रिशुली–स्याफ्रुवेशी सडक योजनाका ३ निर्माण व्यवसायीहरुलाई परामर्शदाताको सिफारिसमा भन्सार सुविधामा २१ गाडी र २६ टिपर आयात गर्न योजनाबाट इजाजत दिइएको छ । इजाजत दिंदा साइटको लम्बाई र कार्यको परिमाणको आधारमा इक्विपमेन्ट योजनाबिना इजाजत दिइएको छ । एक ठेक्काको करिब २० किलोमिटर लम्बाईको सडक निर्माण गर्न एकै पटक एउटै ठेकेदारलाई ९ गाडी र २० टिपर आवश्यक पर्ने बारेमा कुनै प्राविधिक पुष्ट्याई गरेको देखिदैन ।

५१. **मूल्य अभिवृद्धि कर –** एक ज्वाइन्ट भेन्चरले एउटै कर दर्ता नम्बरबाट ढल्केवर–जनकपुर र गल्छी–त्रिशुली–स्याफ्रुवेशी सडक योजनामा दुई ठेक्का लिएकोमा भुक्तानी लिंदा एउटै नम्बरका चार करबीजक दुवै ठेक्कामा जारी गरेको छ । केही कर बीजकहरु केरमेट गरी सच्याएको पनि छ । साथै एउटै

रनिङ बिलको दुइ कर बीजकसमेत जारी गरेको छ । यसरी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.३ करोड ९६ लाख ५४ हजारको सम्बन्धमा छानबिन हुनुपर्ने देखियो ।

खानेपानी तथा ढल निकास विभाग

५२. **खरिद व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृति गर्ने लगायतका कार्यहरु प्रथम चौमासिक अवधिमा समाप्त गनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कन्चनपुर, नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, स्याङजा, काठमाडौं, चितवन, मोरङ्ग, झापा र इलामले १२५ खरिद सम्झौता गरेको मध्ये १.६ प्रतिशतले प्रथम चौमासिक अवधिमा, ३०.४ प्रतिशतले दोस्रोमा र ६८ प्रतिशतले तेस्रो चौमासिक अवधिमा ठेक्का सम्झौता गरेको देखियो । नियमले तोकेबमोजिमको अवधिमा खरिद व्यवस्थापन हुनुपर्दछ ।

५३. **पूँजीगत खर्च स्थिति –** विनियोजन अध्यादेश, २०६७ बमोजिम अर्थ मन्त्रालयले २०६७।८।५ मा दिएको खर्च गर्ने अख्तियारीको बुँदा नं .ग.को बजेट खर्च र रकमान्तर तथा प्रतिवेदन खण्डको ५ मा चालू आर्थिक वर्षबाट बैशाख देखि असार सम्म वार्षिक विनियोजनको ४० प्रतिशत र असारमा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ । खानेपानी तथा ढल निकास विभागअर्न्तगतका अधिकांश कार्यालयहरुले उक्त अवधिमा तोकिएको अनुपातभन्दा बढी रकम खर्च गरेको देखियो । वार्षिक खर्चको तुलनामा असार महिनामा खर्च गरेको अनुपात न्यूनतम २९ प्रतिशतदेखि अधिकतम ६० प्रतिशतसम्म रहेको देखियो । यससम्बन्धी केही उदाहरण देहायअनुसार छ ।

(रु.हजारमा)

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	बजेट उपशिर्षक संख्या	वार्षिक बजेट	असार महिनाको खर्च	असारको खर्च प्रतिशत
गोरखा	६	५,३४,५०	१,५६,०९	२९.२०
नवलपरासी	५	४,७९,२३	२,६३,१९	५४.९१
रुपन्देही	५	५,६७,६७	२,६३,२३	४६.३७
कपिलवस्तु	५	२,९६,००	१,२०,७७	४०.८०
बारा	४	३,८३,००	२,३०,६१	६०.२१
धनकुटा	५	२,४४,३०	१,२०,७४	४९.४२
स्याङजा	५	३,९९,२०	१,१५,७६	३५.१६

तेस्रो चौमासिकमा ठेक्का वन्दोवस्त गरेको कारण आषाढमा बढी खर्च भएको देखिन्छ । बर्षान्तमा बढी खर्च गर्नाले हतारमा काम हुने र कामको गुणस्तरमा समेत असर पर्नेतर्फ ध्यान जानु जरुरी छ ।

५४. **लागत अनुमान –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा पच्चीस हजार रुपैयाँभन्दा माथिको कुनै पनि खरिदको लागि लागत अनुमान तयार गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम स्वीकृत हुनुपर्ने तथा नियम १५ बमोजिम स्वीकृत भएको लागत अनुमान बमोजिम खरिद नभएमा प्रत्येक वर्ष यस्तो लागत अनुमान अद्यावधिक गर्नुपर्ने प्रावधान छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय वारा र रौतहटले रु.२९ करोड ३७ लाखको लागत अनुमान भएका ८ आयोजना स्वीकृति हुनु अगावै वार्षिक कार्यक्रममा बजेट समावेश गरी यो वर्ष आयोजना सञ्चालनमा रु.१ करोड ८५ लाख ९८ हजार खर्च गरेको पाइयो । ती कार्यालयले अद्यावधिक गरेको लागत अनुमान स्वीकृत नगरी कार्य सञ्चालन गरेका छन् । नियमको पालना गरी आयोजना सञ्चालन गर्नुपर्ने देखिन्छ ।

५५. **उपभोक्ता समिति –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा ६० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसँग सम्बन्धित सेवा उपभोक्ता समितिबाट प्राप्त गर्न सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखाले रु.६९ लाख ३६ हजार लागत अनुमानको मनकामना

ढल आयोजनाको काम उपभोक्ता समितिबाट गराउन सम्झौता गरेको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले बालकोट ढल आयोजनाको काम उपभोक्ता समितिबाट गराई रु.६९ लाख ६० हजार भुक्तानी गरेको छ । नियममा तोकिएको सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउनु नियम सम्मत देखिदैन ।

५६. **बजेटभन्दा बढी खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)(ख) मा कुनै योजना स्वीकृत भइसकेको र रकम स्वीकृत बजेटभित्र सम्बन्धित खर्च शीर्षकमा र खर्च गर्न बाँकी भएमा खर्च गर्ने वा खर्चको निकासा दिन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कञ्चनपुर, कैलालीसमेत ९ कार्यालयले स्वीकृत कार्यक्रमभित्रका १४ आयोजनाका लागि स्वीकृत बजेट रु.१ करोड ५२ लाख १२ हजार भएकोमा रु.२ करोड ८६ लाख २४ हजार खर्च गरी बजेट भन्दा रु.१ करोड ३४ लाख ११ हजार बढी खर्च गरेको देखियो ।

खानेपानी तथा सरसफाई सब–डिभिजन कार्यालय, दार्चुलाले खानेपानीसम्बन्धी समस्या समाधान गर्ने उल्लेख गरी विभिन्न ८ राजनीतिक दलको पत्रानुसार कार्यक्रम स्वीकृत नभएको अवस्थामा विभिन्न साइजका ७२२० मिटर पाइप वितरण गरेको छ । स्वीकृत कार्यक्रम बजेटभन्दा बढी खर्च गर्नु एवं कार्यक्रमबेगर खर्च लेख्न मिल्ने देखिदैन ।

५७. **भेरिएसन आदेश** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौताबमोजिम कार्य सुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कामको परिमाणमा थपघट गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा प्राविधिक पुष्ट्याईसहित भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङले सम्झौता रु ५९ लाख २३ हजार भएकोमा रु.६२ लाख ५५ हजारको र सामुदायिक खानेपानी तथा सरसफाई आयोजना अछामले ४ आयोजनाको सम्झौता रकम रु.१ करोड ३ लाख ३१ हजार भएकोमा रु.१ करोड २० लाख ७ हजारको कार्य गराइ भुक्तानी दिएको पाइयो । सम्झौताको परिमाणभन्दा बढी कार्य गराउनु पर्नाको पुस्ट्याई भेरिएसन आदेशमा खुलाएको छैन ।

५८. **शोधभर्ना भुक्तानी** – बाढीजन्य क्षति पुन: निर्माण आयोजना, आयोजना कार्यान्वयन इकाई काठमाडौंअर्न्तगत महेन्द्रनगर, धनगढी र इनरुवामा बाढीजन्य क्षतिको पुन: निर्माण कार्यको लागि प्राविधिक परामर्श सेवा प्रदान गर्न एक परामर्शदातासँग दुई वर्षभित्र कार्य सम्पन्न गर्ने गरी २०६६ श्रावणमा रु.३ करोड ४१ लाख ९६ हजारको सम्झौता गरिएको छ । सम्झौताको सामान्य शर्तको ६.२ (सी) मा वास्तविक र कारणसहित गरेको खर्चको आयोजनाले परामर्शदातालाई शोधभर्ना गर्नुपर्ने व्यवस्थाअनुसार यो वर्ष रु.१ करोड २३ लाख ६७ हजारमा कार्यालय खर्च, भ्रमण, भाडा, फर्निसिङ आदि जस्ता शोधभर्ना हुने खर्च रु.५२ लाख ३२ हजार भुक्तानी दिएको देखियो । सोमध्ये खर्चको बिल भरपाई एवम् फाँटवारीबेगर रु.५१ लाख १७ हजार परामर्शदातालाई भुक्तानी गरेको छ । कार्यालयबाट बिल भरपाईको आधारमा शोधभर्ना हुने नभई मासिक रुपमा भुक्तानी गर्ने पद्धति, अन्य निकायमा समेत रहेको भन्ने जवाफ सम्झौता प्रतिकुल देखिन्छ । खर्च बिल भरपाईको आधारमा शोधभर्ना दिनुपर्नेमा गत वर्ष पनि यस्तो खर्च रु.६५ लाख ६२ हजार रहेकामा यो वर्ष कुनै सुधार नगरी सोहीबमोजिम भुक्तानी दिएको देखियो ।

५९. **मर्मत खर्च –** प्रथम साना शहरी खानेपानी आयोजनाबाट निर्माण सम्पन्न भई सम्बन्धित खानेपानी उपभोक्ता समितिले नै महसुल लिने र ऋण तिर्नुपर्ने गरी हस्तान्तरण भएका इटहरी, खैरेनीटार, बन्दीपुर र कोहलपुरको मर्मत कार्यको लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी, तनहुँ र बाँकेले यो वर्ष रु.७६ लाख ३९ हजार खर्च गरेको छ । यी आयोजनाहरु २०६५/६६ भित्र निर्माण सम्पन्न भएकोमा मर्मत संभारको लागि कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन भएको छ । निर्माण पश्चातको सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिलाई तोकि हस्तान्तरीत भएकोले यस्ता आयोजनाको सञ्चालन, रेखदेख र नियन्त्रण पनि समितिबाट हुने हुँदा ती आयोजनाको मर्मतमा बजेट विनियोजन वा खर्च गर्नु उपयुक्त होइन ।

६०. **अधुरो आयोजना –** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयअर्न्तगत सञ्चालित खानेपानी आयोजनाहरु स्वीकृत हुँदा आयोजना सुरु हुने र सम्पन्न हुने अवधि खुलाउने गरेको छ । तोकिएको अवधिभित्र आयोजना सम्पन्न नहुँदा प्रत्येक वर्ष योजनाको लागत अनुमान अद्यावधिक गर्न थप रकम व्यवस्था गरी खर्च गर्ने गरेको देखियो । आयोजनामा बजेट स्वीकृत गर्दा न्यून विनियोजन गर्नाले आयोजनाहरु लामो अवधि व्यतीत भई सक्दापनि सम्पन्न हुन सकेका छैनन् । यससम्बन्धी केही उदाहरण देहायअनुसार छः.

(रु.हजारमा)

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	खानेपानी आयोजनाको नाम	लागत अनुमान	सुरु वर्ष	सम्पन्न हुने वर्ष	यो वर्ष सम्मको खर्च	प्रगति स्थिति प्रतिशत
दार्चुला	धाप	२,६६,२५	२०५१/५२	२०६८/६९	१,१३,७८	५५.००
धादिङ	गंगा जमूना	३,५२,७२	२०५६/५७	२०६८/६९	१,१४,९१	४३.१६
धादिङ	सल्यानटार	५,९०,२७	२०४९/५०	२०६८/६९	१,३२,१५	५१.७१
धादिङ	कल्लेरी	८४,४७	२०५८/५९	२०६८/६९	३०,५२	५७.७५
पर्सा	सोनवर्षा	२,०९,३३	२०५६/५७	२०६७/६८	१,८५,८२	८७.१४
पर्सा	मधुवन	१,६७,२१	२०५७/५८	२०६८/६९	४१,३२	३२.६३
पर्सा	अलौ	१,९८,९५	२०५७/५८	२०६८/६९	१,३८,४८	७४.९६
बारा	फेटा	२,६९,०३	२०५६/५७	२०६८/६९	१,५४,४७	७४.१९
बारा	कोल्हबी	३,२९,७१	२०५६/५७	२०६८/६९	१,५४,०९	५४.९१
बारा	डुमरवाना	३,७०,२०	२०५७/५८	२०६८/६९	१,६५,२०	४७.७२
सर्लाही	ढुंग्रे खोला	३,५४,७१	२०५४/५५	नखुलेको	१,९७,२१	५०१५
सर्लाही	हरिऔन	३,५७,४२	२०५४/५५	नखुलेको	१,४१,७३	३७.१६
सर्लाही	इश्वरपुर	३,६०,५९	२०५५/५६	नखुलेको	२,०५,५०	५२.२२
सर्लाही	नेत्रगंज	३,७१,०१	२०५५/५६	नखुलेको	१,२८,३६	३३.६१

यो स्थितिले आयोजना सम्पन्न हुन नसक्दा पहिले निर्मित संरचनाको मर्मत गर्न थप रकम समेत व्यवस्था गर्नुपर्ने स्थिति देखियो ।

६१. **गैरसरकारी संस्था –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार गैरसरकारी संस्थाबाट कार्य गराउँदा मौजुदा सूचीमा समावेश भएका मध्येबाट गर्नुपर्ने र नियम १९ अनुसार एकलाख रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा लिनुपर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने व्यवस्था छ । दोस्रो साना शहरी खानेपानी आयोजना लमही, शिवनगर, सन्धीखर्क, इन्द्रपुर तथा दमकले उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई विषयमा जानकारी गराउने, जनचेतना अभिवृद्धि गर्ने, खानेपानी योजना निर्माणमा अभिप्रेरित गर्ने कार्यको लागि ५ गैरसरकारी संस्थालाई नियुक्त गरेको पाइयो । यो वर्ष ती संस्थालाई रु.३ करोड ३० लाख को सम्झौता गरी रु.२० लाख पेश्कीसहित रु.३७ लाख ४५ हजार भुक्तानी गरेका छन् । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बारा र महोत्तरीले सोही कार्यको लागि ७ गैरसरकारी सँस्थालाई रु.३५ लाख १९ हजार भुक्तानी गरेका छन् । नियममा भएको उल्लिखित प्रावधान अनुसार नियुक्त गैर सरकारी संस्था मौजुदा सूचीमा नरहेको र मूल्य अभिवृद्धि करमा दर्ता भएको समेत देखिएन ।

६२. **मूल्य अभिवृद्धि कर भुक्तानी**: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ तथा नियमावली, २०५३ को नियम १७ मा तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली, सल्यानलगायत १० कार्यालयले तोकिएको ढाँचाको कर बीजकबेगर मूल्य अभिवृद्धि कर रु.११ लाख ४१ हजारसमेत रु.८७ लाख ७३ हजार भुक्तानी गरेको देखियो । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय झापाले कर बीजकबेगर मूल्य अभिवृद्धि कर रु.५७ हजारसमेत रु.४ लाख ४२ हजार भुक्तानी

गरेको छ । जारी भएका कर बीजकमा नम्बर प्रिन्ट नभएको, बीजक नम्बर नै नभएको तथा हस्ताक्षर नभई रीतपूर्वक जारी नभएको समेत देखिएकोले मूल्य अभिवृद्धि कर समायोजन वा राजस्व दाखिला भएको यकिन गरी प्रमाण पेश गर्नुपर्दछ ।

६३. **पाइप मौज्दात –** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुले पाइप खरिद गरी मौज्दात राखेको देखिन्छ । यस सम्बन्धी केही व्यहोरा देहायअनुसार छन्:

६३.१ यो वर्ष देहायका खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले एच.डी.पी. तथा जी.आई पाइप खरिद गरी मौज्दात राखेको देखियो । कार्यालयले गत वर्षकै पर्याप्त मौज्दात हुँदाहुँदै यो वर्ष थप खरिद गरेको र पाइप खपत नगरेको समेत देखियो ।

(परिमाण मिटरमा)

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	गत वर्षको मौज्दात	यो वर्ष खरिद	यो वर्ष खर्च	बाँकी परिमाण
रुपन्देही	४३८१४	४२५७५	३०२७६	५६११३
पाल्पा	-	७२४४८	-	७२४४८
काभ्रेपलाञ्चोक	३१११६	६४०५३	६८३९८	२६७७१
सिन्धुपाल्चोक	१५२५७	८३११०	६३०४४	३५३२३
दोलखा	३५९५४	१४६४९२	१५२४७१	२९९७५.
चितवन	२७१६२	५९४८१	५३३५४.	३३२८९
पर्सा	१८३६०	१२०१५	१६२७	२८७४८
सिन्धुली	१३४४३	६५१४०	५९४२१	१९१६२
जम्मा	**१८५१०६**	**५४५३१४**	**४२८५९१**	**३०१८२९**

कार्यालयहरुले गतवर्ष १ लाख ८५ हजार १०६ मिटर पाइप मौज्दात रहेकोमा यो वर्ष ५ लाख ४५ हजार ३१४ मिटर खरिद गरी ४ लाख २८ हजार ५९१ मिटर (५८.६७ प्रतिशत) आयोजनामा खर्च गरेका छन् । बाँकी ३ लाख १ हजार ८२९ मिटर (मौज्दातको ४१.३२ प्रतिशत) कार्यालयमा मौज्दात रहेको देखियो । आयोजना कार्यान्वयन तालिका बनाइ पाइप खरिदको बजेट प्रबन्ध गर्नुपर्नेमा सोअनुसार नहुँदा पाइप मौज्दातमा रहने गरी बजेट खर्च गर्नु परेको देखियो । ठूलो परिमाणमा मौज्दात राख्ने गरी पाइप खरिदको कार्यक्रम स्वीकृत हुनुले बजेटको प्रभावकारीता हुने देखिदैन ।

६३.२ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सल्यान र झापाले २२ आयोजनाको लागि मौज्दात रहेका पाइपहरु जिन्सी किताबबाट खर्च जनाई जडानको लागि ७३ हजार ३३८ मिटर आयोजना स्थलमा लगिएको मध्ये ३१ हजार ३६५ मिटर (४२.७६ प्रतिशत) पाइप जडान भई बाँकी ४१ हजार ९७३ मिटर (५७.२३ प्रतिशत) आयोजना स्थलमा रहेको छ । आयोजना स्थलमा बाँकी रहेको पाइपहरुको अभिलेख (साइट रजिष्टर) व्यवस्था नहुंदा हराउने वा नोक्सान हुन सक्ने जोखिम देखिएको छ । ती पाइपहरु उपभोक्ता समितिको जिम्मा रहेको जवाफ कार्यालयबाट प्राप्त भएको छ ।

६३.३ सामुदायिक खानेपानी तथा सरसफाई इकाई कार्यालय डडेलधुराअन्तर्गतको सादनी खानेपानी आयोजनामा ४ हजार ९१३ मिटर एच.डी.पी. तथा ५०० मिटर जी.आई. पाइप प्रयोग गर्ने गरी एक परामर्शदाताले गरेको डिजाइनअनुसार पाइपहरु साइटमा लगेपछि पुन: जी.आई पाइप प्रयोग गर्ने गरी डिजाइनमा संशोधन गरी थप रु.५ लाख ९२ हजारको पाइप खरिद गरेको छ । पहिले साइटमा लगिएको रु.४ लाख ५९ हजारको पाइप कार्यालयमा फिर्ता गरेको पाइएन । आवश्यक पर्ने पाइपको स्तरको आधारमा डिजाइन गरी लागत अनुमान तयार नगरेकोले बढी परिमाणको पाइप साइटमा ढुवानी गर्दा उपभोक्ता समितिले पहिले गरेको

योगदानबापतको रु.१ लाख २ हजार समितिलाई फिर्तासमेत गरी रु.५ लाख ६१ हजार थप आर्थिक व्ययभार पारेको देखियो ।

६३.४ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापाले मर्मत सुधार तथा पुनस्थापना कार्यक्रमअर्न्तगत ४ आयोजनाको लागि २ हजार ६४५ मिटर एच.डी.पी. पाइप खरिद गरी रु.३ लाख ५९ हजार खर्च लेखेको छ । उक्त पाइप जडान भइसकेको भनी जिन्सी किताबबाट खर्च लेखेकोमा प्राप्त नापी किताबअनुसार ४२५ मिटर मात्रै जडान भएको देखिएकोले २ हजार २२० मिटर पाइपको अवस्था स्पष्ट छैन ।

६४. **प्रतिस्पर्धा सीमित –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद कार्यको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी ऐनको दफा ८(१) अनुसारको खरिद विधिको छनौट गरी खरिद गर्नुपर्ने तथा दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अछाम, सल्यान, रोल्पा, रुपन्देही, म्याग्दी र ओखलढुङ्गाले पाइप तथा फिटिङस बोलपत्रको माध्यमबाट खरिद नगरी टुक्राटुक्रा गरी सोझै रु.९५ लाख ३९ हजार र शिलवन्दी दरभाउपत्रबाट रु.७३ लाख ५० हजारको सामान खरिद गरेको देखियो ।

६५. **बढी पेश्की –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समितिसँग खरिद सम्झौता भएपछि सम्झौता रकमको बढीमा एकतिहाई पेश्की दिन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली अर्न्तगत अत्तरिया खानेपानी आयोजनामा जेनेरेटर खरिद र डीप ट्यूबवेल वोरिङ तथा निर्माणको लागि एक ड्रिलिङ कम्पनीसँग सम्झौता भएबमोजिम रु.९ लाख ७ हजार मोबिलाइजेशन पेश्की दिइसकेको अवस्थामा पुन: सोही आयोजनाका खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई २०६८।३।२४ को सम्झौताअनुसार उक्त निर्माण व्यवसायीले गरेको कामको आधारमा माग गरेबमोजिमको रकम भुक्तानी गर्ने शर्तमा रु.३७ लाख ९८ हजार थप पेश्की उपलब्ध गराइएको छ । निर्माण व्यवसायीसँग खरिद सम्झौता भएपछि सोही कामको रकम भुक्तानी गर्ने शर्तमा उपभोक्ता समितिलाई पेश्की दिएको आधार नभएकोले असुल गर्नुपर्दछ ।

६६. **सोझै भुक्तानी** – भौतिक योजना तथा निर्माण मन्त्रालयले यो वर्ष ग्रामीण खानेपानी आयोजना (पश्चिमाञ्चल) अर्न्तगत सहायता प्राप्त हुने सोझै भुक्तानी अनुदानबाट रु.२ करोड १३ लाख ७५ हजारको खानेपानी तथा ढल निकास विभागलाई अख्तियारी दिएको छ । विभागले सो शीर्षकबाट प्राप्त सहायताको आर्थिक विवरण उपलब्ध गराइएको छैन । उक्त शीर्षकबाट स्वीजरल्याण्ड सहायता/हेल्भीटास नेपालमार्फत सञ्चालन गरिने खानेपानी तथा सरसफाई कार्यक्रमहरु सञ्चालन गरेकोमा खर्चको लेखा पेश गरी लेखापरीक्षण गराएको छैन ।

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति

६७. **मुआव्जा** – वागमती नदीको एकीकृत विकास तथा संरक्षण र ढल व्यवस्थापन एवम् नदी नियन्त्रणसमेतको कार्यहरु गर्ने प्रयोजनका लागि जग्गा अधिग्रहणको कार्य गर्दै आएको छ । यो वर्षसम्म मुआव्जा रु.३१ करोड ३९ लाख ९० हजार खर्च गरेको छ । यस अतिरिक्त बाली तथा संरचना क्षतिपूर्तिबापत गत वर्षसम्म रु.१९ लाख ३ हजार र यो वर्ष रु.१० लाख ४ हजारसमेत रु.२९ लाख ७ हजार खर्च भइसकेको छ । वागमती नदीको संरक्षण तथा अन्य कार्य गर्न तयार गरिएको कार्ययोजनामा सुन्दरीजलदेखि चोभारसम्मको क्षेत्रलाई लिएको र आयोजना अवधिभर अधिग्रहण गर्नुपर्ने क्षेत्रफल बराबरको जग्गाको यकिन तथ्याङ्कबेगर जग्गा अधिग्रहण गर्दै रकम भुक्तानी हुने गरेको छ । आयोजनाको राष्ट्रिय योजना आयोगबाट स्वीकृत कुल लागतमध्ये जग्गा प्राप्तितर्फको लागत अनुमान रु.२९ करोड ९० लाख रहेको छ । लागत अनुमान संशोधनबेगर यस वर्षसम्म रु.१ करोड ४६ लाख ९० हजार बढी खर्च गरेको छ । आयोजनाले २०५२/५३ देखि हालसम्म तोकिएको क्षेत्रको जग्गा अधिग्रहण कार्य पूरा गरेको पाइएन ।

६८. **जग्गा खरिद र क्षतिपूर्ति** – समितिले सुन्दरीजल–गोकर्ण खण्डमा वागमती नदीको बहाव क्षेत्र साविक २०२१/२२ को नापी नक्साअनुसार विस्तार एवम् नदी नियन्त्रण कार्यको लागि २०६६/१०/२५ मा आवश्यक

जग्गा अधिग्रहण गर्ने निर्णय गरेको छ । सुन्दरीजलदेखि गोकर्ण सम्मको मुआव्जा वितरण गर्दा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम सम्पूर्ण जग्गा पर्ने र केहीमात्र पर्ने व्यक्तिको हकमा बेग्लाबेग्लै दर कायम गरी मुआव्जा निर्धारण गर्न सकिने व्यवस्था रहेको छ । आयोजनाले सबै क्षेत्रमा पर्ने जग्गाको मुआव्जा प्रति आना रु.३ लाख ५० हजार कायम गरी मुआव्जा र जग्गाभित्र रहेको बाली तथा संरचनाको क्षतिपूर्ति रकम वितरण गर्दै आएको छ । जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्थाबमोजिम अधिग्रहण गरिने जग्गाको सूचना २०६७।९।३ मा प्रकाशित भएकोमा सोमा नपरेका थप जग्गासमेत लिने गरी संशोधन गरी जग्गाको मुआव्जा वितरण गरे पनि थप जग्गा प्राप्त गर्नुपर्ने कारण र आधार खुलाई पुनः समितिको निर्णयबेगर थप १ रोपनी ११ आना जग्गाको रु.९४ लाख ५० हजार भुक्तानी दिएको पाइयो । क्षतिपूर्ति वितरण गर्न यो वर्ष रु.१० लाख ४ हजार खर्च भएकोमा सरकारी र पर्ति जग्गामा लगाएको खेती समेतको क्षतिपूर्ति दिई खर्च गरेको पाइयो । जग्गाको मुआव्जा दर सबै क्षेत्रमा एकै दर तोकेको र साविकको निर्णयभन्दा बढी क्षेत्रफल लिनुपर्ने आधार खुलाई निर्णय नभएको एवं समितिबाट जग्गा प्राप्ति ऐनबमोजिम क्षतिपूर्तिसम्बन्धी निर्णय नगरी क्षतिपूर्ति भुक्तानी गर्दा पर्ती जग्गासमेतको बालीको क्षतिपूर्ति दिने दुवै कार्य कानूनसम्मत देखिएन ।

६९. **कार्यक्रमबेगरको खर्च** – यो वर्षको स्वीकृत वार्षिक कार्यक्रममा हरित क्षेत्र तटबन्द तथा चेक ड्याम निर्माण गर्न रु.४ करोड ७ लाख कार्यक्रम बजेट रहेकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ बमोजिम कार्यक्रम संशोधन नगरी रु.१० करोड ७ लाख २३ हजार खर्च गरेको छ । कार्यक्रम सशोधनको लागि २०६८/२/३१ मा समितिबाट निर्णय गराई मन्त्रालयमा पठाएको जवाफ दिएको छ । स्वीकृत कार्यक्रम संशोधन नगराई रु.५ करोड २० लाख २३ हजार (१०६.७१ प्रतिशत) बढी खर्च गरेको कानूनसम्मत देखिएन ।

७०. **बढी भुक्तानी** – समितिले सुन्दरीजल–गोकर्ण खण्डको नदी बहाव साविकबमोजिम सञ्चालन तथा नियन्त्रण समेतको कार्यगर्न नेपाली सेनासँग गरेको सम्झौताको आधारमा तोकिएका कामको विवरणसमेतको बिल खडा गरी भुक्तानी गर्ने गरेको छ । यो वर्षसम्म ५ सम्झौताअर्न्तगत रु.२६ करोड ३७ लाख २२ हजारको कार्य गराएको मध्ये दोस्रो सम्झौताको तेस्रो बिलको रकम भुक्तानी गर्दा खडा गरिएको ठेक्का बिलको आइटम नं बी १ सिभिल वर्क्स कार्य ३९ हजार ६९३ वर्गमिटरको सम्झौता दर रु.३८।५० ले हुने रु.१५ लाख २८ हजारमात्र भुक्तानी दिनुपर्नेमा रु.५२ लाख २८ हजार भुक्तानी गरेको हुँदा बढी भुक्तानी रु.३७ लाख असुल हुनुपर्ने देखियो ।

दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना:

७१. **लगानी** – आयोजनाअन्तर्गत सञ्चालन हुने खानेपानी आयोजनाहरुको कार्य प्रारम्भ गर्नु पूर्व नेपाल सरकार, नगर विकास कोष, स्थानीय निकाय र उपभोक्ता समितिबीच लगानी सम्झौता हुनुपर्नेमा यो वर्षसम्म छनौट भएका ४ योजनामा सम्झौता भएको पाइएन । यी योजनाहरुको ड्राइङ्ग डिजाइन र निर्माण कार्यको सुपरभिजन गर्न नियुक्त परामर्शदातालाई यो वर्ष रु.९९ लाख ६० हजार तथा गैरसरकारी संस्थालाई गरेको भुक्तानी र कार्यालय सञ्चालनमा भएको खर्च रु.६८ लाख ४६ हजारसमेत रु.१ करोड ६८ लाख ६ हजार उपयोग हुनसक्ने स्थिति देखिएन ।

७२. **दोहोरो खरिद व्यवस्था** – आयोजनाले परामर्शदाता फर्महरुसँग सम्झौता गर्दा एउटै खरिद सम्झौताको भुक्तानी प्रक्रिया २ प्रकारबाट गर्ने व्यवस्था गरेको छ । परामर्शदाता फर्मसँग विस्तृत इन्जिनियरिङ डिजाइनतर्फको रकमहरु एकमुष्ट भुक्तानी गर्ने र निर्माणतर्फको सुपरिवेक्षणलगायतका कार्य समयबद्ध तालिकाका आधारमा भुक्तानी गर्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २३ ले परामर्शसेवाको खरिद गर्दा अनूसूची ५ मा भएको व्यवस्थामध्ये कुनै एक प्रकारको परामर्श सेवा खरिद सम्झौता गर्न सक्ने व्यवस्था गरेकोमा आयोजनाले एउटै खरिद सम्झौतामा एकै परामर्शदातासँग एकमुष्ट भुक्तानी र समयबद्ध तालिकाको आधारमा भुक्तानी गर्ने गरी सम्झौता गरेको नियमसम्मत देखिएन । एकमुष्टतर्फ देखाइएको म्यानमन्थ र समयबद्ध भुक्तानी समेतलाई कुल म्यानमन्थ र भुक्तानीसमेतमा जोडेको पाइयो । एकमुष्ट भुक्तानीतर्फको कार्य अवधि सम्पन्न भइसके तापनि अन्तिम बिलसमेत तयार गरेको छैन ।

कुल सम्झौताअर्न्तगतको पेश्की रु.८० लाख १२ हजार बाँकी नै रहेको र हालसम्म भएको भुक्तानी र बाँकीको स्थिति अन्यौलपूर्ण रहेको छ ।

७३. **पेश्की** – प्रथम चरण साना शहरी खानेपानी आयोजनाअर्न्तगत निजगढ खानेपानी योजनाको निर्माणसम्बन्धी कार्य गर्ने २०६२/६३ मा एक निर्माण व्यवसायीलाई मोबिलाइजेशन पेश्कीबापत रु. ५० लाख रकम उपलब्ध गराएको देखिन्छ । स्थानिय उपभोक्ताबीच विवाद उत्पन्न भई सो आयोजनाको सम्पूर्ण कार्य रद्द गर्ने र निर्माण व्यवसायीलाई दिइएको पेश्की रकम फिर्ता गराउने निर्णय भएको थियो । तर निर्माण व्यवसायीले पेश्की फिर्ता नगरेकोले बैङ्कलाई जमानतको रकम उपलब्ध गराउन आयोजनाले ताकेता गरेकोमा निर्माण व्यवसायीले अदालतमा मुद्दा दायर गरेको र अदालतबाट बैङ्क जमानतलाई यथास्थितिमा राख्ने आदेश भएको हुँदा रकम भुक्तानी गर्न नसक्ने जवाफ बैङ्कले दिएको देखियो । अदालतको थप कारबाही सम्बन्धमा जानकारी हुन आएन । यस सम्बन्धमा सेप्टेम्वर २००९ मा पुन: मध्यस्तता सम्बन्धी विशेषज्ञ ट्रिव्यूनलमा गएकोमा ट्रिव्यूनलले २०६७/५/१४ मा निर्माण व्यवसायीले रु.१ लाखसम्म खर्च कट्टी पाउने र बाँकी रकम रु.४९ लाख फिर्ता गर्ने निर्णय गरेको पाइयो । उक्त निर्णय दुवै पक्षले ४५ दिन भित्र कार्यान्वयन गर्न आदेश भएकोमा बैङ्कसँग पेश्की बाँकी रकम फिर्ता माग गरी राजस्व दाखिला भएको पाइएन । पेश्कीबापत उपलब्ध गराएको रकम थप ताकेता गरी असुल गर्नुपर्ने देखियो ।

मेलम्ची खानेपानी विकास समिति

७४. **आयोजनाको अवस्था** – तीन चरणमा आयोजना सम्पन्न गर्ने उद्देश्य राखी २०५५।५६ मा सुरु भएको यो आयोजनाको पहिलो चरणमा मेलम्ची खोलाको रिबर्मा भन्ने ठाउँमा मुहान (हेडवर्क्स) निर्माण गरी सुन्दरीजलसम्म २७.४७ किलोमिटर सुरुङ निर्माण गरी दैनिक १७ करोड लिटर र दोस्रो तथा तेस्रो चरणमा याङग्री र लार्के खोलामा मुहान निर्माण गरी १७।१७ करोड लिटरसमेत दैनिक ५१ करोड लिटर पानी सुन्दरीजलमा जम्मा गर्ने कार्यक्रम रहेको छ । आयोजनाले मेलम्ची डाइभर्सन स्कीम, पानी प्रशोधन केन्द्र, थोक वितरण प्रणाली, खानेपानी वितरण प्रणाली पुन: निर्माण र ढल निकास प्रणाली तथा ढल प्रशोधन केन्द्रहरुको पुन: निर्माण तथा विस्तार गर्ने कार्यमा ३१७.३ मिलियन अमेरिकी डलर अर्थात् रु.१७ अर्ब ४३ करोड ७३ लाख लागत अनुमान रहेको छ । परामर्शदाता खर्च, निर्माण, जग्गा मुआव्जा, भवन निर्माण कार्यक्रम सञ्चालन खर्च लगायतमा हालसम्म रु.७ अर्ब ८० करोड ६० लाख खर्च भएको छ । आयोजनाको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार छन्:

७५. **स्रोत एवं लागत** – आयोजनाको लागत अमेरिकी डलर ४६ करोड ४० लाख लाग्ने अनुमान गरिएकोमा समितिले २०६४ मा लागत संशोधन गरी अमेरिकी डलर ३१ करोड ७३ लाख कायम गरेको छ । आयोजनाको लागतमध्ये नेपाल सरकारले अमेरिकी डलर ९ करोड ६ लाख, एसियाली विकास बैङ्कको ऋण अमेरिकी डलर १३ करोड ७० लाख, जापान वैंक फर इन्टरनेसनल कोअपरेसनको ऋण अमेरिकी डलर ४ करोड ७५ लाख, जापान सरकारो अनुदान अमेरिकी डलर १ करोड ८० लाख, नर्डिक विकास कोष ऋण अमेरिकी डलर १ करोड ५ लाख र ओपेक कोषको ऋण अमेरिकी डलर १ करोड ३७ लाख व्यहोर्ने उल्लेख छ । आयोजनाको कुल लागतमध्ये मेलम्ची उपत्यका उपआयोजना १ को लागि अमेरिकी डलर २४ करोड ९४ लाख र काठमाडौ उपत्यका उपआयोजना २ को लागि अमेरिकी डलर ६ करोड ७९ लाख छुट्याइएको छ । मेलम्ची उपत्यका उपआयोजना १ ले सुरुङ तथा हेडवर्क्स, प्रवेश मार्ग, पानी प्रशोधन केन्द्र, आयोजना व्यवस्थापन सहयोग लगायतमा निम्नानुसार रु.७ अर्ब, ८० करोड ६० लाख १३ हजार खर्च गरेको छ ।

(रु.हजारमा)

स्रोत र खर्च		खर्चको उपयोग			खर्चको प्रतिशत
स्रोत	रकम	खर्चको विवरण	यो वर्षको खर्च	यस वर्षसम्मको खर्च	
नेपाल सरकार	२,८९,९०,०८	परामर्श सेवा	३२,२५,७१	२,५९,९९,०३	३३.३०
ए.डी.वी. ऋण	२,५२,२८,०९	सार्वजनिक निर्माण	४८,०१,०८	३,७६,५६,९७	४८.२४
ए.डी.वी अनुदान	८,८७,५८	जग्गाको मुआव्जा	१,३३,००	८९,१३,१६	११.४२
ओपेक ऋण	९८,६८,७१	सुरक्षा	-	१२,३८,३७	१.५९
जेविक ऋण	१५,१०,३०	कार्य सञ्चालन	४,२१,६४	३२,४०,०६	४.१५
नोराड अनुदान	७२,२३,७०	सवारीसाधन र उपकरण	५,११	३,३५,०७	.४३
एन.डी.एफ ऋण	३६,०९,९८	भवन निर्माण	२,८९,९१	६,७७,४७	.८७
सिडा अनुदान	७,४१,६९		-	-	-
जम्मा	**७,८०,६०,१३**	**जम्मा**	**८८,३५,४५**	**७,८०,६०,१३**	**१००**

यो वर्ष चालू तथा पूँजीगत खर्चमा समेत रु.२ अर्ब ५ करोड ४१ लाख ६२ हजार संशोधित बजेट व्यवस्था भएकोमा रु.८८ करोड ३५ लाख ४५ हजार (४३.०१ प्रतिशत) खर्च भएको छ ।

७६. **कार्यप्रगति** – आयोजनाको मूख्य कार्यमध्ये सुरुङ निर्माणमा २०६८ फागुन १७ गतेसम्म ३.८ कि.मि निर्माण भएको जानकारी प्राप्त भएको छ । आयोजनाको कुल लागत मध्ये अधिक खर्च हुने सुरुङ निर्माणमा उल्लेखनीय खर्च हुन नसकेको र अन्य सहायक कार्य (मुआव्जा, सवारीसाधन एवम् उपकरण, भवन निर्माण) मा बढी खर्च भएको छ । आयोजनाको निर्माणमा ढिलाई हुँदा सुरुङ निर्माण तथा सोको सुपरिवेक्षण गर्न नियुक्त परामर्शदाताको खर्च एवं अन्य प्रशासनिक खर्च समेत बढ्ने अवस्था रहेको छ ।

७६.१ आयोजनाले तयार गरेको भौतिक लक्ष्य तथा प्रगति विवरणमा इकाइगत परिमाण नदेखाई प्रतिशतमा मात्र देखाउनाले आयोजना अन्तर्गत गर्नुपर्ने कुल कार्यमध्ये हालसम्म सम्पन्न र बाँकी कार्यको स्थिति स्पष्ट नभएको व्यहोरा विगत वर्षको प्रतिवेदनहरुमा औंल्याउदै आए तापनि यो वर्ष पनि सुधार भएको छैन ।

७६.२ यो वर्ष सुन्दरीजलमा निर्माण हुने पानी प्रशोधन केन्द्र निर्माणको ठेक्का व्यवस्था र निर्माण कार्य १९ प्रतिशत सम्पन्न गर्न रु.६५ करोड २० लाख बजेट व्यवस्था गरी लक्ष्य तोकिए तापनि बोलपत्र मूल्याङ्कन प्रक्रिया पश्चात २०६८।६।१५ मा बोलपत्र रद्द गरिएको छ ।

७६.३ वार्षिक लक्ष्यमध्ये बायो इन्जिनियरिङ, जग्गा विकास तथा सिमांकन र याङग्री तथा लार्के मुहान क्षेत्र विकास सहयोग कार्य भएको छैन ।

७७. **आयोजनाहरुबीच समन्वय नभएको –** सुरुङ तथा हेडवर्क्स निर्माणको लागि एक विदेशी निर्माण व्यवसायीसँग २०६५।११।२ मा रु.४ अर्ब २८ करोड ८८ लाखको सम्झौता भएको छ । सम्झौता अनुसार काम सुरु गरेको दिनबाट १ हजार ५९६ दिनमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था अनुसार निर्माण व्यवसायीले २१ अप्रिल २००९ बाट काम सुरु गरेकोले निर्माण कार्य सम्पन्न गर्ने अवधि २ सेप्टेम्बर, २०१३ सम्म रहेको छ । आयोजनाबाट प्राप्त विवरण अनुसार सुरङ निर्माण कार्य २०६८ फागुनसम्म कुल २७.४७ किलोमिटर मध्ये ३.८ किलोमिटर (१३.८४ प्रतिशत) मात्र सम्पन्न भएको देखिन्छ । ठेक्का अवधि ४.३७ वर्ष मध्ये ६७.४२ प्रतिशत बिती सकेको छ । निर्माण व्यवसायीलाई २०६७।६८ सम्ममा मोबिलाइजेशन पेश्की रु. ५६ करोड ९३ लाख १३ हजारसमेत रु.८२ करोड ४५ लाख २८ हजार भुक्तानी भएको छ । निर्माण कार्य ढिलो भएकोमा सम्झौताको म्यादभित्र नै कार्य सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन गरेको पनि छैन । आयोजनाले पानी प्रशोधन केन्द्र निर्माण गर्न बोलपत्र आव्हान गरी मूल्यांकन पश्चात रद्द गरेकोमा पूर्व योग्यता निर्धारण गरी काम गर्न २०६८।६।१५ मा निर्णय गरेको छ । सुरुङ निर्माण कार्यमा ढिलाई र पानी प्रशोधन केन्द्र निर्माणको बोलपत्र प्रक्रिया नै रद्द गरेबाट तोकिएको अवधिमा मेलम्ची उप आयोजना–१ सम्पन्न हुने स्थिति देखिदैन ।

मेलम्ची उप आयोजना –१ को कार्यलाई निरन्तरता दिदै मेलम्ची उपआयोजना–२ सञ्चालन गर्न नेपाल सरकार र एसियाली विकास बैङ्कबीच ६ अप्रिल २००८ मा ऋण सम्झौता भएको हो । ऋण सम्झौताअनुसार उपआयोजना–२ को कुल लागत अमेरिकी डलर ४ करोड ८१ लाख अर्थात् रु.३ अर्ब २९ करोड ३९ लाख हुने र सम्पन्न गर्नुपर्ने अवधि जुन २०१३ सम्म हुने उल्लेख छ । यसैक्रममा आयोजना अन्तर्गत सुन्दरीजलमा निर्माण हुने पानी प्रशोधन केन्द्रबाट काठमाडौं, भक्तपुर र ललितपुरमा पानीको वितरण प्रणाली निर्माण गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गत २०६५।६६ मा आयोजना कार्यान्वयन निर्देशनालयको स्थापना भएको छ । मेलम्ची उपआयोजना–२ अन्तर्गत उपत्यकामा ट्युबवेल प्रणालीमा सुधार, रिजर्भभ्वायर, इन्टेक, बानेश्वर तथा कुसुन्तीमा नमुना आयोजना, कालोपुल पाइलट (परीक्षण) आयोजना, सुन्दरीजल-महाङ्काल चौर वितरण प्रणाली लगायतका कार्यक्रमहरु निर्माणाधीन रहेका छन् । यो आयोजनाले हालसम्म रु. ७९ करोड ८० लाख खर्च गरी ३० प्रतिशत भौतिक प्रगति गरेको छ ।

सुन्दरीजलमा निर्माण हुने पानी प्रशोधन केन्द्रबाट वितरण गरिने खानेपानीको प्रणालीमा सुधार एवम् थोक वितरण प्रणाली निर्माण कार्य सम्पन्न हुने अवस्था भए पनि मेलम्ची उपआयोजना–१ अन्तर्गत सुरुङ निर्माणकोको काम सम्झौतामा निर्धारित समयमा सम्पन्न नहुँदा मेलम्ची उपआयोजना–२ उपयोग हुने अवस्था छैन । यसरी एउटा आयोजनामा कार्यतालिका अनुरुपको कार्य नभई ढिलाईले अर्को आयोजनाको कार्यमा समेत प्रत्यक्ष असर पर्ने भएको छ । यसबाट उपआयोजना–२ को निर्माणबाट सिर्जना हुने खानेपानी वितरणसम्बन्धी पूर्वाधारको उपयोग समयमा नहुने र ठूलो लगानी गरी निर्मित पूर्वाधारबाट प्रतिफल विहिन हुने उच्च जोखिम रहेको अवस्था छ । सुरुदेखि राष्ट्रिय प्राथमिकतामा परेको यो आयोजनाको निर्माणमा भएको ढिलाइले गर्दा अर्को आयोजनाको कार्यमा पर्न गएको प्रत्यक्ष असर प्रति सम्बन्धित मन्त्रालयको समेत गम्भीर ध्यानाकर्षण हुनुपर्ने देखियो । यी दुई आयोजनाहरुको समन्वय, रेखदेख र अनुगमन हुने गरेको पनि देखिएन ।

७८. **काउन्टर ग्यारेन्टी** – सुरुङ निर्माणको लागि छनौट भएको विदेशी निर्माण व्यवसायीलाई कार्य सम्पादन जमानत नेपालको बाणिज्य बैङ्कबाट काउन्टर ग्यारेन्टी गराएबापत बैङ्क चार्ज रु.३ करोड २४ लाख २३ हजार र सोबापत ब्याज रु. ३७ लाख ४७ हजारसमेत रु.३ करोड ६१ लाख ७० हजार भुक्तानी गरेको छ । उक्त रकम विवाद समाधान बोर्डको निर्णयको आधारमा अन्तरिम रुपमा भुक्तानी दिने गरी मेलम्ची खानेपानी विकास समितिको २०६७।११।२९ को निर्णयबमोजिम भुक्तानी गरेको छ । निर्माण व्यवसायीसँग भएको सम्झौतामा काउन्टर ग्यारेन्टीबापतको खर्च भुक्तानी दिनुपर्ने व्यवस्था नभएको र कानूनी आधारबेगर रकम भुक्तानी गरेकोमा सो रकम असुल गर्न नपर्ने भन्ने जवाफ प्राप्त भएको छ ।

७९. **मूल्य समायोजन** – सुरुङ निर्माणको लागि छनौट भएको एक विदेशी निर्माण व्यवसायीले दाबी गरेको दर अनुसार नै मूल्य समायोजनबापत यो वर्ष रु.२९ लाख ३६ हजार भुक्तानी भएको देखिन्छ । सम्झौता अनुसार नेपाली कामदारको हकमा सिन्धुपाल्चोक जिल्लाको जिल्ला दररेट, विदेशी कामदारको हकमा निर्माण व्यवसायीको देशको दररेट, इन्धनको हकमा नेपाल आयल निगमले तोकेको (मूल्य अभिवृद्धि कर बाहेक) दर, सिमेन्टको हकमा नेशनल ट्रेडिङले तोकेको (मूल्य अभिवृद्धि कर बाहेक) दर र विष्फोटक पदार्थ र स्टील बारको हकमा भारतीय आर्थिक सल्लाहकारको कार्यालयले तोकेको दरलाई आधार मानी मूल्य समायोजनको दर हिसाव गरिने उल्लेख छ । तर सिन्धुपाल्चोक जिल्लाको जिल्ला दररेटबाहेक अन्य निर्माण सामग्रीको आधिकारिक दररेटसम्बन्धी आधार प्रमाणबेगर नै मूल्य समायोजन भुक्तानी गरिएको छ ।

८०. **साधन स्रोत प्रयोग** – निर्माण व्यवसायीले सुरुङ निर्माणको लागि आवश्यक पर्ने स्वदेशी तथा विदेशी कामदार पर्याप्त मात्रामा काममा लगाउनु पर्ने र त्यसका लागि निर्माण उपकरणहरु प्रयोगमा ल्याउने गरी सम्झौतामा सूची निर्धारण गरिएको छ । उक्त सूचीमा रहेको निर्माण उपकरणहरुमध्ये सुरुङ खन्न प्रयोग हुने ड्रिल जम्वो अन व्हील, जेनेरेटर (५००/के.डव्लु), रक बोल्ट मेसिन, स्प्रेड कंक्रिट जम्बो, लोडर (जेड एल.सि.५०), वुल्डोजर (टी.वाइ.२२०), हाईड्रोलिक ड्रिल जम्वो अन रेल, हाईप्रेशर पम्प, ग्राउण्टीङ पम्पलगायतका उपकरण निर्माण स्थलमा ल्याएको छैन । त्यसैगरी कंक्रिट व्याचिङ प्लाण्ट, डम्प ट्रक (१५४ के.डव्लु.,

भ्याण्टीलेटर (टि-३५.११), सटल टाइप ट्राम कार आदि उपकरण निर्माण स्थलमा सम्झौताअनुसार ल्याउनुपर्ने भन्दा घटी संख्यामा ल्याएको विवरणबाट देखिन्छ ।

एसियाली विकास बैङ्क मिसनले सेप्टेम्वर २०११ मा दिएको प्रतिवेदनमा समेत निर्माण व्यवसायीले तुरुन्त आवश्यक पर्ने उपकरण र जनशक्ति परिचालन गर्नुपर्ने, प्रतिदिन ३ स्थानबाट व्लाष्टिङ गर्नुपर्नेमा नगरेको र सो हुनुमा उचित स्रोतको अभाव, सुरक्षाका उपायको अभाव र कमजोर भौगोलिक अवस्था देखिएको उल्लेख गरेको छ । निर्माण कार्यको अवधि २०१२ को फेब्रुअरीसम्ममा ६७.४२ प्रतिशत समाप्त भै सक्दा सुरुङ निर्माण कार्यमा १३.८४ प्रतिशतमात्र प्रगति भएको छ । निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएबमोजिमको साधन एवं उपकरण प्रयोग नगर्दा काम प्रभावित भएको देखिन्छ ।

८१. **मेटेरियल एडभान्स** – सम्झौताबमोजिम यो वर्ष निर्माण व्यवसायीले खरिद गरी निर्माण स्थलमा भण्डारण गरेको सिमेन्ट, स्टीलबार लगायत निर्माण सामग्रीको मूल्यको ८० प्रतिशतले रु.३ करोड ७८ लाख ७३ हजार मेटेरियल एडभान्स निर्माण व्यवसायीलाई उपलब्ध गराएको मध्ये रु.१ करोड ७६ लाख ४६ हजार पेश्की खातामा चढाएको देखिएन । सुपरभिजन परामर्शदाताले निर्माण व्यवसायीले निर्माण सामग्रीको उचित अभिलेख नराखेको र मौज्दातको अनुमानित मूल्य मात्र भुक्तानीको लागि प्रमाणित गरिएको व्यहोरा उल्लेख गरे तापनि यस सम्बन्धमा छानबिन नगरी भुक्तानी दिइएको छ । त्यसैगरी आई.पी.सी. ८ को भुक्तानीको सिफारिस गर्दा व्यवस्थापन परामर्शदाताले इन्जिनियरले सिफारिस गरेको थप निर्माण सामग्रीको मूल्य गणनाको आधार र भण्डारण गरेको स्थान समेत नखुलाएको व्यहोरा उल्लेख गरे तापनि तत्सम्बन्धमा कुनै छानबिनबेगर भुक्तानी दिएको छ । मेटेरियल एडभान्स उपलब्ध गराए पनि मूल्य समायोजन दिएकोले निर्माण व्यवसायीलाई दोहोरो सुविधा पुगेको छ ।

८२. **रकम फिर्ता** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । निकासामध्ये आर्थिक वर्षको अन्तसम्म खर्च भई बाँकी रहेको रु.१५ करोड २५ लाख ४७ हजार लेखापरीक्षणको अवधिसम्म सञ्चित कोष दाखिला नगरी मौज्दात नै राखेको छ । यस्तो रकम यथाशिघ्र दाखिला गरिनुपर्दछ ।

८३. **कोष पूर्ति** – एसियाली विकास बैङ्कसँगको ऋण सम्झौता नं १८२० (नेप) इम्प्रेष्ट खाताबाट भएको खर्चको फाँटवारीको आधारमा बैङ्कबाट कोष पूर्ति हुने गरेको छ । समितिले इम्प्रेष्ट खाताबाट विभिन्न पार्टीलाई भुक्तानी दिएको रकममध्ये गत विगत र यो वर्षको रु.५ करोड ९२ लाख ३० हजार कोष पूर्ति भएको छैन ।

८४. **स्वीकृत बजेटभन्दा बढी खर्च** – आयोजनाको सुरुङ निर्माणको डिजाइन तथा सुपरिवेक्षण, आयोजना व्यवस्थापन, लामिडाँडा पुलबजार सडक स्तरोन्नति, पानी प्रशोधन केन्द्रको लागत अनुमान, बोलपत्र प्रक्रिया र निर्माण सुपरिवेक्षण कार्यका परामर्शदाता र सामाजिक उत्थान कार्यक्रमको परामर्शदाताको लागि नेपाल सरकारको स्रोततर्फ रु.६ करोड ९ लाख र सुरुङ निर्माणको डिजाइन तथा सुपरिवेक्षण परामर्शदाताको लागि नर्डिक डेभलपमेन्ट फण्डतर्फ रु.९ करोड ८० लाखसमेत रु.१५ करोड ८९ लाख बजेट व्यवस्था भएकोमा क्रमश: रु.९ करोड १६ लाख ४३ हजार र रु.१६ करोड ९९ लाख ६१ हजारसमेत रु.२६ करोड १६ लाख ४ हजार खर्च भएको छ । स्वीकृत बजेटभन्दा रु.१० करोड २७ लाख ४ हजार बढी खर्च भएको छ ।

८५. **पारिश्रमिक** – सुरुङ तथा हेडवर्क्स निर्माणको डिजाइन तथा सुपरिवेक्षण परामर्शदाताको रेसिडेण्ट प्रोजेक्ट म्यानेजरको पारिश्रमिक प्रतिव्यक्ति प्रतिमहिना युरो २४ हजार ४ सयको दरले भुक्तानी गर्ने गरी सम्झौता भएको छ । परामर्शदाताले पेश गरेको २१ नम्बरको इन्भ्वाइसमा २०१० को नोभेम्वरमा एक जनालाई एक म्यानमन्थको पूरै र अर्को एकजनालाई ०.८०० म्यानमन्थको युरो १९ हजार ५२० को रु.१९ लाख ३६ हजार भुक्तानी भएको पाइयो । नेपालमा कार्यरत रहँदा एकजना रेसिडेण्ट प्रोजेक्ट म्यानेजरको मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा एउटै महिनामा १.८०० म्यानमन्थको पारिश्रमिक भुक्तानी गर्दा रु.१९ लाख ३६ हजार थप व्ययभार परेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

८६. **भेरिएसन आदेश** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२) मा उपनियम (१) बमोजिम सम्झौता मूल्यको प्रन्ध्र प्रतिशतभन्दा बढीको भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा सम्बन्धित सचिवको अध्यक्षतामा आर्थिक प्रशासन शाखाका प्रमुख, सम्बन्धित विभागीय प्रमुख र सचिवले तोकेको एक जना यस विषयसँग सम्बन्धित अधिकृत वा विशेषज्ञ रहेको समितिले सिफारिस गरी ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार मन्त्रीपरिषद् र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायमा प्रस्ताव पेश गर्नुपर्ने प्रावधान छ । लामिडाँडा–मेलम्ची पूल बजार सडक स्तरोन्तीको परामर्शदातालाई दोस्रो पटक भेरिएसन आदेश जारी गर्दा सुरु सम्झौताको ३९.४५ प्रतिशत थप हुने भएकोले नेपाल सरकार मन्त्रिपरिषद्बाट भेरिएसन स्वीकृत गराउनु पर्ने हुँदा समितिको बैठक सँख्या २०३ मिति २०६७/४/७ मा निर्णय भएतापनि बैठक सँख्या २२२ मिति २०६८/१/१५ बाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२) बमोजिम सचिवको अध्यक्षतामा गठित समितिको सिफारिसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) को उपखण्ड (२) अनुसार रु.३६ लाख ४४ हजारको भेरिएसन आदेश स्वीकृत भएको देखिन्छ । नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृति लिने निर्णय भइसकेपछि समितिको बैठकले स्वीकृत गर्ने आधार देखिएन । यस सम्बन्धमा कार्यकारी परिषद्बाट स्वीकृत भएकोले मन्त्रिपरिषद्बाट प्रस्ताव स्वीकृत गराउनु नपर्ने जवाफ प्राप्त भएको छ ।

८७. **सवारीसाधन** – समितिबाट प्राप्त सवारीसाधनको विवरणअनुसार आयोजनाको लागि खरिद भएका सवारीसाधनमध्ये उप प्रधानमन्त्रीले ३, तत्कालीन राज्यमन्त्रीले २, पूर्व प्रधानमन्त्रीले १, प्रधानमन्त्री कार्यालयले २, भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव तथा सहसचिवले ५ समेत आयोजनाका १८ सवारीसाधन अनाधिकृत व्यक्ति एवम् सँस्थाले उपयोग गरी ती साधनका लागि यो वर्ष इन्धनमा रु.५ लाख ५७ हजार र मर्मतमा रु.२५ लाख ३३ हजारसमेत रु.३० लाख ९० हजार खर्च भएको छ । त्यसैगरी अन्यत्र कार्यालय एवम् सँस्थाको ४४ सवारीसाधनको इन्धन र मर्मतमा रु.३ लाख ७४ हजार खर्च भएको देखिन्छ । यसरी अनाधिकृत रुपमा प्रयोग भएको सवारीसाधन र अन्य कार्यालयको सवारीसाधनको लागि गरेको खर्चले आयोजनाको सञ्चालन खर्चमा वृद्धि भएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय

८८. **भौतिक प्रगति** – नेपाल सरकार तथा एसियाली विकास बैङ्कबीचको ६ अप्रिल २००८ मा भएको संशोधित ऋण सम्झौताअनुसार मेलम्ची खानेपानी आयोजनालाई सब प्रोजेक्ट–१ र २ मा विभाजन गरी सब प्रोजेक्ट–२ को रुपमा २०६५।६६ मा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड अन्तर्गत आयोजना व्यवस्थापन इकाई र पछि आयोजना कार्यान्वयन निर्देशनालयको स्थापना गरी मेलम्ची खानेपानी आयोजना–२ अन्तर्गत आकस्मिक सुधारका कार्यहरु, ट्युबवेल प्रणालीमा सुधार, रिजर्भ्वायर, इन्टेकहरु, बानेश्वर तथा कुसुन्तीमा नमूना आयोजना, कालोपुल पाइलट (परीक्षण) आयोजना, सुन्दरीजल–महाङकाल चौर थोक वितरण प्रणाली निर्माण गर्ने आदि निर्माण कार्यहरु सम्पन्न गर्नुपर्ने तथा सो कामको डिजाइन, सुपरभिजन गर्ने परामर्श सेवा आदि छन् । आयोजनाको अवधि जून २०१३ सम्म रहेको र ४८.०८ मिलियन अमेरिकी डलर कुल लागत (ए.डी.बी.ऋण २९.३८ मिलियन र बाँकी नेपाल सरकार) रहेको यस आयोजनाको ६१ प्रतिशत समयावधि समाप्त हुँदासम्म पनि भौतिक प्रगति ३०.१२ प्रतिशत र वित्तीय प्रगति २३.१२ प्रतिशतमात्र भएकोले आयोजना समयमा पूर्ण हुने अवस्था देखिदैन ।

८९. **निर्माणाधीन कार्य** – काठमाडौं उपत्यकाभित्र खानेपानी सम्बन्धी विभिन्न ६ कार्यहरुको लागि एक परामर्शदातासँग ९ महिनाभित्र २०१० नोभेम्बरसम्म सम्पन्न गर्नुपर्ने गरी रु.१ करोड ४७ लाख ३८ हजारमा २०१० जनवरीमा सम्झौता भएको थियो । यो वर्ष सम्म रु.१ करोड ७६ लाख ५० हजार खर्च भएको छ । परामर्शदातालाई कोड्कू र सल्लाघारी ढल प्रशोधन केन्द्रसम्बन्धी कामसमेत थप गरी २०११ जुलाईसम्म म्याद थपसहित भेरिएसन जारी गरेको छ । एसियाली विकास बैङ्कले निर्माण कार्यमा ढिलाई भएको कारणले भेरिएसन भएको जनाई भविष्यमा छिट्टै कार्य सम्पन्न गर्न ध्यान दिनुपर्ने उल्लेख गरेको छ । दुई पटक

भेरिएसन जारी भए तापनि सम्झौताअनुसारका निर्माण तथा मर्मत कार्यहरु सम्पन्न हुन नसकेबाट परामर्शदाताको कार्यसमेत सम्पन्न हुन सकेको छैन ।

काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास आयोजना (काठमाडौं उपत्यका खानेपानी लिमिटेड)

९०. **परामर्शदाता –** काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई संस्थानबाट कम्पनीमा परिणत हुँदाका सुरुका वर्षहरुमा क्षमता अभिवृद्धि, सामुदायिक–निजी साझेदारी सपोर्ट टिमको रुपमा उपत्यकाको खानेपानी आपूर्ति र ढल निकास सेवाको व्यवस्थापन गर्न ४ वर्षको लागि युरो २६ लाख ३७ हजार, अमेरिकी डलर १२ लाख २८ हजार र रु.७ करोड ३४ लाख ४५ हजार भुक्तानी दिने गरी २०६७।७।२६ मा एक परामर्शदातासँग सम्झौता भएको छ । यो वर्ष सम्म युरो २ लाख ८५ हजार, अमेरिकी डलर २ हजार र रु.१ करोड ४ लाख ९२ हजार भुक्तानी भएको छ । परामर्शसेवा खरिदसम्बन्धी प्रारम्भिक निर्णय तथा लागत अनुमानसम्बन्धी फाइल लेखापरीक्षणार्थ प्रस्तुत भएको छैन ।

परामर्शदाताको टिममा विदेशी विज्ञहरु ७ जना र स्वदेशी ५ जना रहने गरी सम्झौता भएकोमा विदेशी टिमका २ र स्वदेशी २ जना विज्ञहरु सुरुदेखि नै काममा संलग्न रहेका छैनन् । विभिन्न क्षेत्रका स्वदेशी तथा विदेशी विज्ञहरुबाट सम्पादन गरिने गरी तय भएको उक्त कार्यमा विषयगत सबै प्राविधिज्ञ परिचालन नगरेको अवस्था देखियो ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

९१. **सहयोगी संस्था तथा आयोजनाहरुको लेखापरीक्षण स्थिति** – कोषले प्राप्त गरेको बजेट तथा ऋण एवम् अनुदान प्राप्त हिसाव र कोषको खर्चको लेखापरीक्षण यस कार्यालयबाट हुने गरेको छ । सहयोगी सँस्था र उपभोक्ता समितिमार्फत सँचालित आयोजनाको खर्चको लेखापरीक्षण व्यावसायिक लेखापरीक्षकबाट हुँदै आएको छ । दोस्रो गाम्रीण खानेपानी तथा सरसफाई आयोजना अर्न्तगत २०६१/६२ देखि २०६६/६७ सम्म ४९१ सहयोगी सँस्था तथा ८०९ खानेपानी आयोजनामा खर्च भएको रु.१ अर्ब ४६ करोड ३७ लाख ३९ हजारको लेखापरीक्षण हालसम्म भएको पाइएन ।

शहरी विकास तथा भवन निर्माण विभाग

९२. **परामर्श सेवा खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँग भएको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा मात्र सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

९२.१ विभागले परम्परागत भवनहरुको विपद् जोखिमसम्बन्धी स्ट्रक्चरल डिजाइन अध्ययन, नगरपालिका र नगर विकास समितिहरुको विस्तृत योजना तथा भौतिक विकास योजनाको तयारी, नेपालका साना शहरहरुको प्रोफाइल तथा सूची तयार, नगरपालिकाहरुको शहरी नक्साङ्कन तथा गुरुयोजना तयार गर्ने लगायतका क्षेत्रमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्यको लागि यो वर्ष ८५ परामर्शदाताबाट सेवा खरिद गरी रु.४ करोड १३ लाख २१ हजार खर्च लेखेको देखियो । विभाग र अन्तर्गतका कार्यालयहरुमा ३२२ प्राविधिक कर्मचारीहरु कार्यरत रहेको अवस्थामा ती जनशक्तिबाट काम हुन सक्ने नसक्ने सम्बन्धमा यकिन नगरी परामर्श सेवा खरिद गरेको पाइयो ।

९२.२ विभागले गत वर्षमात्र १०८ विषय र क्षेत्रमा अध्ययन कार्य गराई रु.२ करोड ३० लाख ५७ हजार खर्च लेखेको थियो । अध्ययन गराएको वर्ष, क्षेत्र र परामर्शदातागत अभिलेख राख्नुपर्ने व्यहोरा गत वर्षको लेखापरीक्षणबाट औंल्याइएकोमा स्थिति यथावत् छ । वर्षेनी ठूलो रकम खर्च गरी तयार गरिएका ती प्रतिवेदनको अद्यावधिक अभिलेख नराखेको कारणबाट तयारी प्रतिवेदनको सोही विषयमा पुन: दोहोरो

अध्ययन गरिने जोखिम रहने र लामो समयपछि अध्ययन प्रतिवेदनको आधारमा आयोजना, परियोजना सञ्चालन गर्दाको अवस्थामा प्रतिवेदनको प्राविधिक तथा वित्तीय पक्षहरुको परिमार्जन गर्नुपर्ने संभावना रहने हुदा ती प्रतिवेदनहरुको कार्यान्वयन तथा उपादेयताउपर ध्यान जानु आवश्यक छ ।

९२.३ परामर्शदातालाई भएको भुक्तानीको करिब ८० प्रतिशत रकम परामर्शदाताको कर्मचारीको पारिश्रमिक भुक्तानी रहेको छ । परामर्शदाताले आर्थिक प्रस्ताव तयार गर्दा परामर्शदाताका कर्मचारीको वैयक्तिक विवरण र काम गर्ने समयावधिसहितको विवरण पेश गर्नुपर्ने र भ्रमण खर्च सम्बन्धमा परामर्शदाताले हवाई वा बसको टिकट पेश गरेपछि मात्र शोधभर्ना भुक्तानी दिनुपर्नेमा आर्थिक प्रस्तावमा कर्मचारीको पारिश्रमिक, शोधभर्ना हुने खर्च र विविध खर्चको एकमुष्ट रकम कबोल गरेको आधारमा प्रस्ताव स्वीकृत गर्ने र आर्थिक प्रस्तावअनुसार कुनै बिल पेश नगरी किस्तावन्दीको रुपमा भुक्तानी दिने गरेको देखियो । साथै प्राविधिक प्रस्तावको मूल्यांकनमा एकै परामर्शदाताको कुनै विषयमा अध्ययन गर्ने कार्यको लागि बढी अङ्क र त्यस्तै प्रकारको अर्को विषयको अध्ययनको लागि कम अङ्क प्रदान गरेको आधार स्पष्ट गरेको छैन । नियम ८१(४) अनुसार प्राविधिक प्रस्तावमा उत्तीर्ण भइ आर्थिक प्रस्तावमा कम कबोल गर्ने परामर्शदाताको प्रस्ताव स्वीकृत गर्ने न्युन लागत विधि छनौट नगरी बढी कबोल गर्ने प्रस्ताव स्वीकृत गर्दा रु.३९ लाख ९८ हजार बढी भुक्तानी दिएको देखियो ।

९३. **कन्टिन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान गर्न तोकिएको अनुसूची १ ले निर्माण कार्यको लागत अनुमान गर्दा वर्कचार्ज स्टाफ खर्च २.५ र सानातिना अन्य खर्च २.५ प्रतिसत समावेश गर्न सक्ने व्यवस्था गरेको छ । विभागले यो वर्ष एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमको बजेट रकम नं.६.०४ भवन निर्माणको कन्टिन्जेन्सीबाट १० गाडी र १५ मोटरसाइकल खरिद गरी रु.३ करोड ६८ लाख १८ हजार र मेसिनरी औजार खरिद, गुरुयोजना तयारी र सुपरभाइजर पारिश्रमिकमा रु ५३ लाख ९४ हजार समेत रु.४ करोड २२ लाख १२ हजार खर्च गरेको छ । कन्टिन्जेन्सी रकमबाट सामान खरिद र कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयका सचिवबाट कार्यक्रम स्वीकृत गराएको र कन्टिन्जेन्सी रकमबाट गाडी खरिद गर्न अर्थ मन्त्रालयबाट २०६८।२।२ मा सहमति प्राप्त गरेको देखिन्छ । मातहत कार्यालयले बजेट खर्च गरिसकेको अवस्थामा विभाग र अन्तर्गत कार्यालयबाट खर्च हुने कन्टिन्जेन्सी रकमबाट सामान खरिद र कार्यक्रम सञ्चालन गर्न २०६८ जेठमा मात्र निर्णय भएको छ । कन्टिन्जेन्सीबापत खर्च गर्न पाउने, खर्च भएको र खर्च गर्न बाँकी रकमको विवरण तयार नगरी मात कार्यालयले भवन निर्माण कार्यमा प्रत्यक्ष खर्च गरेको रु.५ करोड ४१ लाख ६७ हजार उल्लेख गरी रु.३ करोड ९५ लाख ४ हजार बढी खर्च गरेको देखियो । नियम विपरीत कन्टिन्जेन्सीमा बढी खर्च गर्ने प्रवृत्तिमा तत्काल नियन्त्रण हुनु जरुरी छ ।

डिभिजन कार्यालयहरु

९४. **बढी भुक्तानी–** ठेक्काबाट कार्य गराउँदा सम्झौतामा उल्लेख भएअनुसारको कामको परिमाण र सोअनुसार गरेको कामको नापी गरी नापी किताबमा अभिलेख गरी सोहीअनुसार बिल तयार गरी भुक्तानी गर्नुपर्दछ । डिभिजन कार्यालय धनकुटाले नापी किताबको परीमाणभन्दा बढी परिमाण देखाइ, सम्झौताअनुसारको छुट नघटाई र नापी किताबको जोडजम्मा फरक पारी बढी भुक्तानी दिएको रु.३० लाख ६३ हजार, इलाम र बागलुङ्गले सम्झौताको शर्तअनुसारको डिस्काउण्ट नघटाउनुका साथै दोहोरो भुक्तानी दिएको क्रमशः रु.१२ लाख ८८ हजार र १२ लाख ८ हजार, धनुषाले दर फरक पारी रु.६ लाख ३४ हजार, कैलालीले नापी किताब भन्दा बढी परीमाणको भुक्तानी दिएको रु.५ लाख ४ हजार, रुपन्देहीले बढी परिमाण देखाइ रु.२ लाख २६ हजार र दाङ्गले बढी कार्य मूल्याङ्कन गरेको देखाई रु.२ लाख २१ हजारसमेत रु.७१ लाख ४४ हजार बढी भुक्तानी गरेको पाइयो ।

उक्त रकममध्ये डिभिजन कार्यालय, धनकुटाले रु.४ लाख ६६ हजार असुल गरी राजस्व दाखिला गरेको छ । त्यसैगरी धनकुटाले रु.२३ लाख ८९ हजार, कैलालीले रु.५ लाख ४ हजार, दाङले रु.२ लाख २१

हजार र बाग्लुङ्गले रु.१२ लाख ८ हजार ठेकेदारले पेश गरेको बिलबाट कट्टा गरी भुक्तानी दिएको प्रमाण पेश गरी सम्परीक्षण गराएको छ । अन्य निकायले असुल गरेको छैन । यसरी बढी भुक्तानी दिने पदाधिकारीलाई कारबाही गरी रकम असुल हुनुपर्दछ ।

९५. **कर बीजक –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकेबमोजिमको ढाँचामा बीजक दिनुपर्ने व्यवस्था छ । यो वर्ष कर बीजकबेगर डिभिजन कार्यालय जुम्लाले रु.१७ लाख ३६ हजार, चितवनले रु.७ लाख १८ हजार, सप्तरीले रु.१२ लाख ४५ हजार, बाँकेले रु.३ लाख २८ हजार, कास्कीले रु.२ लाख ६७ हजार, कोहलपुर नगर विकास समितिले रु.१४ लाख ९६ हजार सेवा प्रदायकले कर बीजक नै जारी नगरेको, हातले बीजक नम्बर लेखी पेश गरेको आधारमा कास्कीले रु.२४ लाख ८३ हजार, सप्तरीले रु.३ लाख ६७ हजार, कर बीजक नम्बर केरमेट गरी बैतडीले रु.१० लाख ४१ हजार, जुम्लाले रु.१२ लाख ४७ हजार तोकिएको ढाँचाको बीजक जारी नगरी र जुम्लाले रु.३ लाख ४५ हजार मिति नभएको बिल संलग्न गरी कुल रु.१ करोड १२ लाख ७३ हजार मूल्य अभिवृद्धि भुक्तानी दिएको पाइयो । उक्त मूल्यअभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको वा कर समायोजन गरेको प्रमाण पेश भएन ।

९६. **बढी भुक्तानी** – डिभिजन कार्यालय, सप्तरीले जनता आवास कार्यक्रमअन्तर्गत मितव्ययी लागतमा आधुनिक घर निर्माण गर्ने कार्यको लागि प्रतिघर रु.१ लाख ५७ हजारको लागत अनुमान स्वीकृत गरेको छ । लागत अुनमान तयार गर्दा १:७ सिमेन्ट बालुवाको जोडाइमा प्रतिघनमिटर गारो निर्माण गर्न ५६० इँटा लाग्ने दर विश्लेषण गरी प्रतिघर निर्माण गर्न १५.८९ घनमिटर कार्य गर्नुपर्ने र ८ हजार ९०० इँटा लाग्ने गरी सिरहा र सप्तरी जिल्लामा निर्माण हुने ८९२ घर निर्माण गर्न लागत अनुमान तयार गरेको र सोहीअनुसारको इँटा वितरण गरेको देखाई बढी रकम निर्माण समितिलाई भुक्तानी दिएको छ ।

सप्तरी जिल्लाको बरही वीरपुर गाउँ विकास समितिमा निर्मित भवनहरुको लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा प्रयोग भएका इँटाको नापजाँच गर्दा लम्बाई २५० मि.मि., चौडाई १५० मि.मि. र उचाई ६५ मि.मि. रहेको पाइयो । उक्त इँटा प्रयोग गरी घर निर्माण गर्दा प्रतिघनमिटर ४४८ इँटा लाग्ने र कुल १५.८९ घनमिटरको लागि ७ हजार ११९ इँटा लाग्ने देखिन्छ । सो आधारमा सप्तरी जिल्लामा निर्मित ३४८ घरमा प्रतिघर १ हजार ७८१ का दरले ६ लाख १९ हजार ७८८ इँटा बढी लागेको देखिन्छ । सिरहा जिल्लाको सारस्वर गाउँ विकास समितिमा निर्मित घरहरुको स्थलगत अवलोकनको क्रममा प्रयोग भएका इँटाको नापजाँच गर्दा लम्बाई २४० मि.मि., चौडाई ११४ मि.मि. र उचाई ६३ मि.मि. रहेको पाइयो । उक्त इँटा प्रयोग गरी गारो लगाउन प्रतिघनमिटर ४६३ इँटा लाग्ने र घर निर्माण गर्न कुल १५.८९ घनमिटरको लागि प्रतिघर निर्माण गर्न ७ हजार ३५७ इँटा लाग्ने देखियो । यस स्थितिमा प्रतिघर १ हजार ५४३ ले सिरहा जिल्लामा निर्माण भएका ४४४ घरको लागि ६ लाख ८५ हजार ९२ इँटा बढी लागेको देखाई कुल १३ लाख ४ हजार ८८० इटाको प्रतिइँटा रु.७– ले रु.९१ लाख ३४ हजार बढी खर्च गरेको देखियो । स्वीकृत नर्म्स (दर विश्लेषणको सि.नं.३२) मा इँटाको संख्या राख्दा इँटाको साइजअनुसार इन्जिनियरले अडकल गर्नसक्ने उल्लेख भएअनुसार स्थानीयस्तरमा उत्पादन हुने विभिन्न ब्राण्डका इँटाहरुको नमूना सङ्कलन गरी सोको नाप लिई औसत नापको आधारमा दर विश्लेषण गरी लागतअनुमान तयार गर्नुपर्नेमा सोतर्फ ध्यान दिन नसकेबाट बढी व्ययभार परेकोले आवश्यक छानबिन गरी कारबाही गरिनुपर्दछ ।

९७. **लागत अनुमान प्रतिकूलको कार्य** – जनता आवास कार्यक्रमअन्तर्गत चितवन जिल्लामा ३०० र मकवानपुर जिल्लामा २०० चेपाङ समुदायको लागि ढुङ्गा सोलिङ गर्ने, ४५० एम.एम.को ढुङ्गा माटोको गारो लगाउने र बाहिर सिमेन्ट टिप्कार गर्ने, भ्यालढोका र लिन्टल काठको लगाउने, ४५ इन्च प्लीन्थलेवलको उचाई बनाउने काठको डांडाभाटामा कर्कटपाताको छाना छाउने र दुई कोठाको आधुनिक घर निर्माण गर्ने कार्यको लागि प्रतिघर रु.१ लाख ६३ हजारको दरले ती दुई जिल्लामा ५०० घर निर्माणको लागि रु.८ करोड १५ लाख लागत अनुमान स्वीकृत भएको देखिन्छ । चितवन जिल्लाको शक्तिखोर र पिप्ले गाउँ विकास समिति

तथा मकवानपुर जिल्लाको मनहरी गाउँ विकास समितिमा निर्मित केही घरहरुको लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन निरीक्षण गर्दा ढुङ्गा, माटोको गारो नलगाई कंक्रिट ब्लकको गारो लगाएको देखियो । ढुङ्गा माटोको दर विश्लेषण भई लागत अनुमान तयार भएकोमा कंक्रिट ब्लकको गारो लगाउँदा लागत घटी बढी हुने अवस्थाको विश्लेषण नगरी जिल्ला निर्माण समितिको निर्णयले कंक्रिट ब्लकको गारो लगाएको देखियो ।

९८. **नापीबेगरको खर्च** – जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ को दफा ६(३) सँग सम्बन्धित अनुसूची २ को प्रकरण ९(ग) र (घ) मा निर्माण समितिले हरेक किस्ताको कामको मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई डिभिजन कार्यालयमा भुक्तानीको लागि पेश गर्नुपर्ने र प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी एकप्रति पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तैगरी प्रकरण १० मा जग खन्ने कार्यसम्पन्न भएपछि २०, प्लीन्थ तयार भएपछि ३०, गाह्रो तयार भएपछि २५ र छाना लगाउने (पर्लिन) कार्य सम्पन्न भएपछि बाँकी २५ प्रतिशत रकम निर्माण समितिको नाममा जम्मा गरी दिनुपर्ने उल्लेख छ । प्रकरण १० बमोजिम कार्य भएको जनाई निकासा माग गरेको आधारमा डिभिजन कार्यालय, चितवनले २९९ घरको लागि रु.४ करोड ३४ लाख ५० हजार, सप्तरीले ७९२ घरको लागि रु.४ करोड ४६ लाख ३२ हजार र भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडाले २०० घरको लागि रु.७५ लाख ६७ हजारको निर्माण कामको नापी, मूल्याङ्कन नगरी र बिल भरपाईबेगर समितिको खातामा रकम जम्मा गरी खर्च लेखेको देखियो ।

९९. **वर्षान्तमा बढी खर्च** – कार्यक्रम स्वीकृत गर्दा चौमासिक रुपले गर्नुपर्ने कार्यक्रम सोहीअनुसार सञ्चालन गरी खर्च गरेको हुनु पर्ने तथा प्रथम चौमासिकमा ठेक्काको प्रक्रिया सम्पन्न गरी दोस्रो चौमासिकमा निर्माण कार्य गर्ने र तेश्रो चौमासिकमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । केही भवन निर्माण डिभिजन कार्यालयले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा गर्नुपर्ने कार्य नगरी आर्थिक वर्षको अन्त्यमा मात्र अत्याधिक खर्च गरेको उदाहरण तल प्रस्तुत गरिएको छ ।

(रु हजारमा)

डिभिजन कार्यालय	कुल खर्च	तेश्रो चौमासिकको खर्च	असारको खर्च	कुल खर्चमा आषाढको खर्च प्रतिसत
कास्की	२४,४१,३६	१८,७८,९८	९,६६,२९	३९.५८
वागलुंग	१३,५२,४२	८,५२,५९	५,४४,८१	४०.२८
शहरी विकास तथा भवन निर्माण विभाग	१७,६४,७७	१६,८५,००	१५,३१,६८	८६.७९
काठमाडौ नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौ	१०,४६,६७	९,४३,४९	५,४२,८७	५१.८६
डोटी	९,७३,९८	६,७८,९५	३,८३,६७	३९.३९
सप्तरी	२४,५९,५१	१६,५६,४०	९,२९,२४	३७.७८
मोरङ	९,२२,४५	८,१४,२६	३,२८,९३	३५.६६
बैतडी	९,०२,८५	८,४०,८४	६,०५,९७	६७.१२
बाँके	७,३९,३५	४,६४,५७	३,२३,२७	४३.७२

यसप्रकार खर्च गर्ने प्रवृत्तिले ऐन नियमको पालना गर्न समयाभाव हुने, हतारमा खर्च गर्नुपर्ने, खर्चमा मितव्ययिता नहुने, कामको गुणस्तर कायम राख्न समस्या पर्ने आदि अवस्था रहने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनु जरुरी छ ।

१००. **डिजाइनबेगर निर्माण** – कैलाली डिभिजन कार्यालय, टिकापुरले अस्पताल भवन पुनः निर्माण तथा नयाँ निर्माण कार्यको एउटै लागत अनुमान तयार गरी एकै प्याकेज बनाई प्रतिस्पर्धा गरी रु.४ करोड ४४ लाख २ हजारमा ठेक्का सम्झौता भएको छ । म्याद थपसमेत २०६८।८।१३ सम्ममा कार्य सम्पन्न गर्नुपर्ने सो निर्माण कार्यको २०६८।८।५ मा लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा रङ्गरोगन, सेनिटेशन, ढोका निर्माण र सरसफाइको काम बाँकी रहेकोले म्याद थप अवधिमा समेत काम सम्पन्न हुने देखिएन ।

ड्रइङ्ग डिजाइन तथा सम्झौतामा नभएको एक स्टोर निर्माण गर्न रु.१९ लाख ४३ हजारको लागत अनुमान तयार गरी अस्पताल हातामा सोही निर्माण व्यवसायीबाट निर्माण गराइ रु.१५ लाख ५३ हजार भुक्तानी दिएको पाइयो । सुरु सम्झौतामा नभएको काम प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा निर्माण व्यवसायीले पेश गरेको दररेटमानै भेरिएसन आदेश समेत नगराइ यथेष्ट प्राविधिक पुष्टाइबेगर थप काममा खर्च लेख्न मिल्ने देखिएन । यस सम्बन्धमा जिल्ला अस्पताल टिकापुरले २०६७।४।२० मा पत्रानुसार तत्काल औषधि व्यवस्थापन गर्न स्टोर भवन निर्माणको माग भएकोले निर्माण व्यवसायीको सुरुको कबोल अंकमा नबढ्ने गरी काम गराएको प्रतिक्रिया दिएको छ ।

१०१. **अधुरो निर्माण** – शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सप्तरीले उदयपुर, सिरहा र सप्तरी जिल्लामा २३ स्वास्थ्य भवन पुन:निर्माण र डिभिजन कार्यालयको भवन निर्माण गर्न निर्माण व्यवसायीसँग रु.३६ करोड २१ लाख ४१ हजारको सम्झौता गरी यो वर्ष रु.१२ करोड ८१ लाख १६ हजार भुक्तानी दिएको पाइयो । डिभिजन कार्यालय मोरङ्गले मोरङ्ग र सुनसरी जिल्लामा ८ भवन निर्माण कार्यको लागि रु.१३ करोड ३७ लाख २५ हजारको सम्झौता गरी रु.३ करोड ९८ लाख ४६ हजार भुक्तानी दिएको र डिभिजन कार्यालय, चितवनले चितवन र नवलपरासी जिल्लामा १२ भवन निर्माणको लागि रु.१३ करोड ८० लाख ५० हजारको सम्झौता गरी यो वर्ष रु.७ करोड ४२ लाख ३१ हजार भुक्तानी दिएको छ । गत विगत वर्षहरुमा भवन निर्माणको लागि सम्झौता भई निर्माणाधीन ती भवनहरुको सम्झौता र म्याद थपको अबधिसमेत बितिसकेको र निर्माण कार्य अधुरो नै रहेको देखियो । सप्तरी र सिरहा जिल्लास्थित भवन निर्माण स्थलको २०६८/५/१७ मा स्थलगत अवलोकन गर्दा स्वास्थ्य चौकी, फत्तेपुरको दुईतलाको डिजाइन भए तापनि प्रथम तलाको ढलानसम्म गरी अन्य सम्पूर्ण कार्य गर्न बाँकी रहेको र विगत लामो समयदेखि निर्माण कार्य सञ्चालनमा नरहेको, निर्माण स्थलमा निर्माण सामग्री समेत नभएको अवस्था र सर्वसाधारणले बाख्राहरु बाँध्ने तथा फोहर गरी दुर्गन्धित बनाएको पाइयो । त्यसै गरि स्वास्थ्य चौकी, कल्याणपुरको एकतला ढलान गरी गाह्रो लगाउने कार्यसम्म भएको, अन्य सम्पूर्ण कार्य गर्न बाँकी रहेको र गत विगत वर्षदेखि निर्माण कार्य स्थगित गरेको अवस्था देखियो ।

यस सम्बन्धमा डिभिजन कार्यालयलाई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइसकेपछि लेखापरीक्षणबाट औल्याएका व्यहोरा बमोजिमको अवस्था दर्शाई २०६८।८।४ मा गोरखापत्रमा सम्झौता म्यादभित्र कार्य सुरु नगर्ने, बिनाजानकारी र कारण लामो समयसम्म काममा ढिलासुस्ती गर्ने, पटक पटक मौखिक र लिखित सूचना गर्दासमेत कार्य प्रगति सन्तोषजनक नरहेकोले ७ दिनभित्र जनशक्ति र उपकरण परिचालन गरी १० दिनभित्र संशोधित कार्यतालिका पेश गर्न ११ भवन निर्माणका निर्माण व्यवसायीका नाममा सूचना जारी गरेको देखिन्छ ।

१०२. **निर्माण कार्यको गुणस्तर** – डिभिजन कार्यालय, मोरङले इनरुवामा २५ सैयाको अस्पताल भवन निर्माण गर्न एक निर्माण व्यवसायीको रु.३ करोड ४ लाख ५२ हजारको ठेक्का स्वीकृत गरी २०६४ असारसम्म कार्यसम्पन्न गर्नुपर्ने गरी २०६२।२।२७ मा सम्झौता गरेको छ । पुरानो घर भत्काउन समय लागेको एवम् बन्द हडताल आदिको कारणले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको जनाई ३ पटक गरी २०६७ चैत्र मसान्तसम्म म्याद थप भएको र सो अवधिमा रु.२ करोड ८१ लाख ३८ हजारको लागतमा कार्यसम्पन्न भएको प्रतिवेदन पेश भएको छ । उक्त भवनको २०६८।५।२९ गते स्थलगत अवलोकन गर्दा केही आल्मुनियमका भ्याल ढोकाहरु फुटाई चौकोश समेत निकालेर बाहिर फ्याकेको, शौचालय ब्लकमा पानी चुहिएर लेउ लागेकोले डक्ट मर्मत, सेनिटरी मर्मत र केही फिटिङसहरु पुन: जडान गर्नुपर्ने, भऱ्याङको रेलिङ्ग भत्किई पुन: जडान एवं मर्मत गर्नुपर्ने देखिएको साथै भवनको गारो चर्किएकोले मर्मत गर्नुपर्ने अवस्था देखियो ।

१०३. **म्याद थप** – निर्माण व्यवसायीले पेश गरेको कार्य तालिकाअनुसार भए गरेको कामको मूल्याङ्कन गरी पुन: थपिएको म्यादभित्र गर्नुपर्ने कामहरुको कार्य तालिका र थप अवधिको कार्यसंपादन जमानत व्यवसायीसँग लिएर मात्र ठेक्काको म्याद थप गर्नुपर्दछ । सोबेगर कैलालीका २, सुर्खेतका २, वांकेका ५, दाङ्गका २ र

काठमाडौंका १ गरी १२ ठेक्काको कवुल अङ्क रु.२७ करोड ७० लाख ८८ हजारको म्याद थप गर्दा निर्माण व्यवसायीबाट सँशोधित कार्यतालिका र त्रुटि सच्चाउने अवधि समेतलाई खाम्ने गरी कार्य सम्पादन जमानतको अवधि नवढाई म्याद थप गरेको देखियो । सोमध्ये बाँकेको एक ठेक्काको पेश्की रु.५२ लाख फछ्यौंट हुन बाँकी रहेको अवस्थामा पेश्की जमानतको समेत म्याद थप गरेको पाइएन ।

१०४. **जिन्सी दाखिला** – आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १३ मा खरिद वा अन्य कुनै प्रकारबाट कार्यालयमा प्राप्त सामान ७ दिनभित्र जिम्मेवार पदाधिकारीले जिन्सी आम्दानी बाँधी राख्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, इलामले एक भवन निर्माणको ठेक्काको बिल अफ क्वान्टिटीमा मोटरसाइकल आपूर्ति गर्ने गरी सम्झौता गरेअनुसार रु.२ लाख २६ हजार मूल्य पर्ने १ थान मोटरसाइकल र शहरी वातावरण सुधार आयोजनाको परामर्शदाताले पेश गरेको बिलबमोजिम रु.८२ लाख ९७ हजार मूल्यका मोटर २, मोटरसाइकल ४, स्कुटर २ र कम्प्युटर ८ आयोजना सम्पन्न भएपछि परामर्शदाताले फिर्ता गर्नुपर्ने भएकोले आयोजनाको जिन्सीमा आम्दानी बाँध्नुपर्नेमा बाँधेको देखिएन । अत: परामर्शदाताको काम सम्पन्न भएपछि ती सामान फिर्ता हुने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

१०५. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौतामा मूल्य समायोजन गर्ने अवस्था, सूत्र, र मूल्य समायोजन हुने अधिकतम रकम, सम्बद्ध मूल्य सूची, आधार मिति, समयको अन्तराल तथा न्यूनतम मूल्य वृद्धि र मूल्य समायोजनसम्बन्धी प्रावधान गर्नुपर्ने व्यवस्था गरेको छ । सिंहदरवार सचिवालय पुन:निर्माण समितिले बोलपत्र सम्बन्धी कागजात तयार गर्दा मूल्य समायोजन गर्न प्रयोग गरिने इन्डीसेज समावेश गरेको छैन । समितिबाट निर्माणाधीन शिक्षा मन्त्रालय भवनको कबोल रकम रु १६ करोड ४१ लाख १८ हजार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको ७ करोड ७२ लाख ९२ हजार, स्थानीय विकास मन्त्रालयको रु १२ करोड ७७ लाख ३ हजार र सिंहदरवार केन्द्रीय सर्भिस सेन्टर भवन निर्माणको रु.१० करोड २४ लाख ६६ हजारमा भवन निर्माण गर्न निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । मूल्य समायोजनको सूत्रमा प्रयोग गरिने मूल्य संरचना अनुसार छुट्टाछुट्टै मूल्य तयार नगरी सम्पन्न निर्माण कार्यको एउटै संरचना मानी सूत्र तयार गरेको कारणबाट श्रम, सामग्री, उपकरण आदिमा मूल्य घटीबढी भएको पुष्ट्याई गर्ने आधार स्पष्ट छैन । यो वर्ष उपर्युक्त निकायहरुको भवन निर्माण कार्यको मूल्यवृद्धि भुक्तानीबापत रु.१ करोड ८९ लाख ९४ हजार खर्च लेखेको छ ।

भवन निर्माण कार्यमा ६५ प्रतिशत अँश रहने निर्माण सामग्रीको इन्डीसेज नराखी नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित राष्ट्रिय थोक मूल्य सूचीको आधारमा खर्च लेख्नु उचित देखिएन ।

१०६. **बाहिरी चक्रपथ** – व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयां व्यवस्थित शहरी विकास गरी ७२ कि.मि. बाहिरी चक्रपथ निर्माण गर्ने कार्य २०६१।६२ मा सुरु गरिएको थियो ।

यो वर्षसम्म आयोजनाले ४२ कि.मि सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको, १० कि.मि. को प्रतिवेदन तयार हुँदै गरेको प्रगति विवरणमा उल्लेख छ ।

सतुंगलदेखि पैयाँटारसम्म १० कि.मि. विस्तृत आयोजना प्रतिवेदन तयार गर्न नियुक्त परामर्शदाताको कार्य सन्तोषजनक नभएकोले सम्झौता रद्द गर्न कारबाही भइरहेको, सतुंगल चोभारखण्डको सडक संजाल सिमाङ्कन गरी १४.५ मिटर सर्भिस ट्याक निर्माण कार्य हुन नसकेको, सतुंगल चोभार खण्डको जग्गा एकीकरण सञ्चालन एवं सुपरिवेक्षण कार्यमा जग्गाधनी र मोहीहरुको सहमति प्राप्त गर्ने कार्य हुन नसकेको हुँदा उक्त कार्य गर्ने परामर्शदातासँग सम्झौता रद्द गर्ने प्रक्रियामा रहेको व्यहोरा प्रतिवेदनमा समावेश छ ।

यो वर्षसम्म रु.४ करोड १८ लाख ४४ हजार खर्च भै सकेको यस अवधिमा पुरै सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन सम्म पनि तयार नहुनु, जग्गा एकीकरण आयोजना स्वीकृत नहुनु, वातावरणीय

प्रभाव मूल्याङ्कन तयार नहुनु आदि कारणले आयोजनाले गती लिन सकेको छैन । सडक निर्माणमा ५१ प्रतिशत जनसमर्थन हुनुपर्ने नीतिगत व्यवस्था रहेको यस आयोजनामा सहमति न्यून रहेकोले प्रत्येक वर्ष भौतिक पूर्वाधार र मुआव्जामा विनियोजित बजेट फ्रिज हुने गरेको छ ।

नगर विकास समितिहरु

नगर विकास समिति ऐन,२०४५ अनुसार २०६८ असार मसान्तसम्म गठित १८५ समितिमध्ये यो वर्ष ३४ समितिले लेखापरीक्षण गराएको र ११५ समितिले आर्थिक कारोबार नभएको पत्र पेश गरेका छन् ।

काठमाडौ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति

१०७. **मापदण्ड कार्यान्वयन** – नगर विकास ऐन, २०४५ को दफा ९ मा समितिले जग्गा उपयोग सम्बन्धमा स्वीकृति दिंदा आवश्यक निर्देशन वा शर्त वा मापदण्ड तोकी सार्वजनिक सूचना प्रकाशित गरी नगर योजना क्षेत्रभित्र आवश्यकता अनुसार नियमित, नियन्त्रण वा निषेध गर्नसक्ने व्यवस्था छ । सोही ऐनको दफा १०.१ मा समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु कसैले समितिको पूर्व स्वकृति बिना गरेमा वा समितिले स्वीकृति दिंदा कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड विपरीत हुने गरी गरेमा समितिले तत्काल रोक्न आदेश दिनसक्ने उल्लेख छ । उल्लिखित व्यवस्था विपरीत कुनै निर्माण कार्य गरेको भेटिएमा शर्त वा मापदण्ड विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिनसक्ने र दफा १८.१ मा शर्त वा मापदण्ड विपरीत हुने गरी गरेमा त्यस्तो व्यक्तिलाई समितिले अपराधको गाम्भिर्यता हेरी जरिवाना एवम् कैदसम्म गर्नसक्ने प्रावधान रहेको छ ।

नेपाल सरकारले २०६४।२।१ देखि लागू हुने गरी काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गाउँ विकास समितिहरुमा गरिने निर्माण मापदण्ड, २०६४ कार्यान्वयनमा ल्याएको छ । उक्त मापदण्डको परिच्छेद २ को दफा २(क)१ मा व्यापारिक कम्प्लेक्स, सुपरमार्केट आदि निर्माण गर्दा अधिकतम ग्राउण्ड कभरेज ५० प्रतिशत र अधिकतम फ्लोर एरिया रेसियो २.५ हुनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको सिलसिलामा नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौको कार्यक्षेत्रभित्र पर्ने काठमाडौं महानगरपालिकाको प्रवेशद्वारको दक्षिण, केन्द्रीय कारागारको उत्तरतर्फ निर्माण भइरहेको एक सपिङ कम्प्लेक्सको स्थलगत अवलोकन गर्दा समितिले निर्धारण गरेको मापदण्डअनुसार निर्माण कार्य भएको पाइएन । त्यसैगरी नारायणगोपाल चोक चक्रपथस्थित बसुन्धारातर्फ ट्याकरोडभित्र पर्ने गरी ठूलो भवन निर्माण भइरहेको स्थलगत अवलोकनबाट देखियो । ती भवनहरु निर्माण गर्ने सम्बन्धमा नगर विकास ऐनमा भएको प्रावधान अनुसार समितिको स्वीकृति लिए नलिएको, स्वीकृति लिएको भए स्वीकृत डिजाइन र मापदण्डअनुसार निर्माण कार्य गरे नगरेको र मापदण्डअनुसार निर्माण कार्य नगरेको भए ऐन अनुसार कारबाही गरे नगरेको सम्बन्धमा स्पष्ट गर्न र स्वीकृति लिएको भए स्वीकृत नक्सा उपलब्ध गराउन अनुरोध गरेकोमा सुन्धाराको भवन निर्माण सम्बन्धमा भवनको स्वीकृत नक्सा काठमाडौं महानगरपालिकासँग माग गरिएको र बसुन्धारा ट्याकरोडभित्र निर्माण भएका भवनहरुको स्वीकृत नक्सासहित उपस्थित हुन पूर्जी बुझाइएको जानकारी प्राप्त भएको छ ।

काठमाडौं उपत्यकाभित्र निर्माण हुने भवनहरुको लागि ऐनअनुसार स्वीकृति दिने, मापदण्ड तोक्ने र तोकिएको मापदण्डअनुरुप कार्य भए नभएको सम्बन्धमा अनुगमन गरी विभिन्न कारबाही गर्ने अधिकार प्राप्त समितिले लेखापरीक्षणबाट सोधनी भएका दुई भवनको लागिमात्र सोधनी गर्दा मागअनुसारको कागजात र स्पष्ट जानकारीसम्म प्राप्त भएन ।

१०८. **उपभोक्ता समिति** – ऐन नियममा भएको व्यवस्था विपरीत काठमाडौ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति काठमाडौले धोवीखोला कोरीडोर आयोजनोमा रु.४ करोड ८३ लाख ६२ हजार, वागमति जग्गा एकीकरण आयोजनामा रु ३ करोड ४७ लाख ११ हजार र सिनामंगल जग्गा एकीकरण आयोजनामा रु.६० लाख ३० हजारको कामको लागत अनुमान टुक्रा पारी उपभोक्ता समिति मार्फत गराएको, उपभोक्ता

समितिबाट रकम नव्यहोर्ने गरी सम्झौता गरेको, खर्चका बिल भरपाइ पेश नगरी र खर्चको सूचना सार्वजनिक नगराई भुक्तानी दिएको, भारी उपकरण प्रयोग गरी कार्य गराएको र लाभग्राही समुदाय स्वयंले कार्य नगरी अन्यत्र जिल्लाका श्रमिक लगाई कार्य गराएको पाइयो । त्यसैगरी डिभिजन कार्यालय, बाग्लुङले ९० लाख ९२ हजार, बाँकेले रु २ लाख ८५ हजार, डोटीले रु ९१ लाख ९८ हजार र बैतडीले रु ८६ लाख २७ हजारको बिल भरपाइ, नापी किताब जस्ता आधारभुत अभिलेख नराखेको तथा खर्च सार्वजनिक नगरेको कारणबाट खर्चको उपलब्धि र सम्पन्न कार्यको गुणस्तर सुनिश्चित गर्ने आधार भएन ।

१०९. **मौज्दात** – काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौंले २०६३ देखि २०६६ सम्म जग्गा बिक्रीको लागि बोलपत्रको माध्यमबाट बढाबढ गराई ६६ व्यक्तिले ठेक्का सकार गरेको रकम रु.१९ करोड २९ लाख ९२ हजारमध्ये यो वर्ष रु.४ करोड ८५ लाख ५६ हजार आम्दानी जनाएको छ । बाँकी रु.१४ करोड ४४ लाख ३६ हजारमध्ये गत विगत वर्षमा असुली भएको र उठ्न बाँकीको व्यक्तिगत अभिलेख राखेको छैन । त्यसै गरी समितिले साविक जग्गाधनीको घडेरीयोग्य जग्गा बाँकी नरहेको कारण ती जग्गाधनीलाई निर्धारित मूल्य लिई जग्गा थप गरेबापत यो वर्ष रु.८३ लाख ९९ हजार आम्दानी गरेको छ । जग्गाधनीको नामनामेसीसहित थप जग्गाको क्षेत्रफल तथा रकम असुली र बाँकीको स्थिति खुल्ने अद्यावधिक अभिलेख राखेको पाइएन । ब्लक २, ५ र ६ को ११३ प्लटबाट प्राप्त हुने कुल रकम रु.३ करोड ५५ लाख ९० हजार रहेको प्लटगत विवरण प्राप्त भए तापनि आयोजना अवधिभर कुल प्राप्त हुनुपर्ने र प्राप्त हुन बाँकी खुलेको छैन । घडेरी बिक्री र थप जग्गा वितरणको अद्यावधिक अभिलेख नराख्दा प्राप्त हुनुपर्ने रकम प्राप्त नै नगरी वा रकम प्राप्त गरे तापनि समितिमा आम्दानी नजनाई जग्गाको स्वामित्व हस्तान्तरण हुने जोखिमलाई दृष्टिगत गरी लिन बाँकी रकमको प्लटगत, व्यक्तिको नाम, जग्गाको क्षेत्रफल र रकम खुल्ने गरी तत्काल अद्यावधिक अभिलेख राख्नु जरुरी छ ।

११०. **अमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिस्पर्धा गराएर सार्वजनिक निर्माण कार्य गराउनु पर्ने र नियम ९८ मा अमानतबाट काम गराउँदा एक तह माथिको स्वीकृत लिनपर्ने उल्लेख छ । नगर विकास समिति लमहीले बसपार्कमा ग्राभेल, नाला निर्माण, शौचालय निर्माण र व्यापारिक स्टल निर्माण समेतमा रु.८० लाख २९ हजारको काम प्रतिस्पर्धाबेगर अमानतबाट गराएको छ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष मन्त्रालयमातहतका देहायका योजना तथा निकायको कार्यमूलक लेखापरीक्षण गरिएको छ:

- **११ किलो–छेपेटार–भालुस्वाँरा–वारपाक सडक योजना**
- **पुष्पलाल (मध्य पहाडी लोकमार्ग) सडक आयोजना**
- **डिभिजन सडक कार्यालय, पोखरा**
- **सुनसरी, मोरङ्ग पुल निर्माण आयोजना**
- **शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काभ्रेपलाञ्चोक र नुवाकोट**

उल्लिखित आयोजनाहरुको कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोरा मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त व्यहोरामा समावेश भएका केही मूख्य व्यहोरा देहाय अनुसार छन्:

११ किलो–छेपेटार–भालुस्वाँरा–वारपाक सडक योजना

गोरखा जिल्लाको उत्तरी क्षेत्रका ११ किलो–छेपेटार–भालुस्वाँरा–वारपाक, बेनिघाट–आरुघाट–लार्के भञ्ज्याङ्ग, छेपेटार–पालङ्गटार, द्रव्यशाह मार्ग (अबुवा–सातदोबाटो–लुइटेल–हर्मी–भच्चेक–सिरानडाँडा) र यसमा पर्ने १८ पुलहरु निर्माण सुधार गरी पर्यटकिय क्षेत्रको विकासमा टेवा पुऱ्याउने, कृषि जन्य उत्पादनलाई बजार सम्म पुऱ्याउने र त्यस

क्षेत्रमा बासीन्दाहरुको सामाजिक आर्थिक स्तरमा सुधार ल्याउने उद्देश्यको साथ २०६४ भाद्रमा आयोजना स्थापना भएको हो ।

१११. **समय तालिका एवं प्रगति –** योजनाले कार्य परिमाण बजेट सहितको समयबद्ध कार्ययोजना तयार गरेको पाइएन । योजनाअन्तर्गत ४८ किलोमिटर ट्याक खोल्ने काम पूरा भएको छ भने बालुवासम्म अर्थात् ११ किलो स्थानबाट ३२ किलोमिटरसम्म नियमित बस सेवा सञ्चालनमा रहेको छ । स्थलगत निरीक्षणको क्रममा कतिपय स्थानमा अझै रक कटिङ्ग बाँकी रहेको, सडक मापदण्डअनुसार चौडा नभएको, ग्याबिन, मेसनरी वालको काम पूरा भएको छैन । कल्भर्ट, ह्यूम पाईप पूर्णरुपमा नराखेको साथै ग्राभेलको कार्य सुरुवातसम्म पनि हुन सकेको छैन । सम्पूर्ण काम २०७५।७६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकोमा २०६७।६८ सम्म ३४.३५ प्रतिशत भौतिक तथा ३८.८२ प्रतिशत वित्तीय प्रगति भएको विवरण प्राप्त भएको छ । बजेट पर्याप्त भएमा र निर्माण व्यवसायीबाट काम समयमै गर्ने वातावरण भएमा तोकिएको अवधिभित्रै लक्ष्य पूरा हुन सक्ने आयोजनाले जनाएको छ ।

११२. **ठेक्का व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार स्वीकृत बजेट अनुरुपको कार्यक्रम सुचारु रुपले सञ्चालन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुसार तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ । ११ किलो–छेपेटार–भालुस्वाँरा–वारपाक खण्डमा सडक, पुल निर्माण गर्नका लागि २०६७।६८ मा क्रमशः ३०, ठेक्का बन्दोबस्त भएकोमा ३० वटै ठेक्का तेस्रो चौमासिकमा भएको पाइयो । सोमध्ये पनि १६ वटा ठेक्का आषाढ मसान्तमा मात्र बन्दोबस्त गरेको देखियो ।

यसरी बर्षान्तमा एकै चोटि कामको चाप बढ्न गएको देखिन्छ । बर्षान्तमा कार्य बोझ बढ्नाले सीमित जनशक्तिबाट तोकिएको कार्य समयमा सम्पन्न गर्न तथा तोकिएको गुणस्तर कायम गर्न समेत मुस्किल पर्न जाने हुन्छ । खरिद कार्यलाई नियमावलीमा तोकिएको समय सीमाभित्र व्यवस्थापन गर्नुपर्दछ ।

११३. **सम्भाव्यता अध्ययन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ अनुसार योजना सञ्चालन हुनुपूर्व आवश्यकताको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, योजनाभित्र विभिन्न कामको विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन, स्पेशिफिकेसन तयार हुनुपर्दछ । सोही आधारमा यथार्थपरक लागत अनुमान तयार गरी वित्तीय स्रोतको समेत व्यवस्था हुनु जरुरी छ ।

११३.१ योजनाले सम्पन्न गर्नुपर्ने राजमार्ग र पुलको सन्दर्भमा लिखित जानकारी माग गर्दा गोरखा जिल्ला सडक सञ्जालबाट बाहिर परेको, जिल्लामा यातायातको सुविधा न्यून रहेको कारणले तत्कालीन अर्थ मन्त्रीको पहलमा योजनाको पूर्व सम्भाव्यताबेगर नै २०६४ सालमा ११ किलो–छेपेटार–भालुस्वारा वारपाक सडक योजना सञ्चालन गरिएको जानकारी प्राप्त भएको छ । योजनाकै जनशक्तिबाट एलाइनमेन्ट तय गरी ट्याक खोल्ने कार्य प्रारम्भ भई सम्पूर्ण सर्भे गरी जोमेट्रिकल डिजाइन मिलाई कार्य अगाडि बढाएको पाइयो । सुरुमा ट्याक खोल्ने कार्यको योजना तर्जुमा हुँदा दिइएका Obligation Point जोडिने हिसाबले रुट निर्धारण भएको तथा योजना तर्जुमा हुनुभन्दा अघि स्थानीय जनताले खोलेका ट्याक, सडक विभागबाट विस्तृत सर्वेक्षण गरी खोलिएका केही खण्ड (सातदोबाटो–चारकोट–भालुस्वारा खण्ड) लाई जोड्दै उक्त सडक अगाडि बढाएको उल्लेख छ । तसर्थ योजना सुरु गर्नु अघि विधिवत सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन स्पेशिफिकेसन आदि तयार गर्ने नियमावलीको प्रावधानको कार्यान्वयन गरेको पाइएन ।

११३.२ हाल निर्माणाधीन ७ पुल रहेका छन् भने १ पुल निर्माण भइसकेको छ । सडक एलाइनमेन्टभित्र कतिवटा मुख्य पुल र साना पुलहरु निर्माण गर्नुपर्ने हो भन्ने जानकारी माग गर्दा योजनाले जवाफ दिएको छैन । ८ वटै पुलको ड्रइङ्ग डिजाइनको कार्य सडक विभाग पुल आयोजनाबाटै सम्पन्न भएको जानकारी प्राप्त भएको छ ।

११३.३ सरकारले योजना तयार गर्दा प्राथमिकता र लागत लाभ अनुपात र आन्तरिक प्रतिफल दरलाई ध्यान दिनुपर्दछ । सीमित स्रोत र साधनलाई अधिकतम फाइदा लिनको लागि उपर्युक्त कुराहरुको विश्लेषण हुनु जरुरी छ । यस सम्बन्धमा योजनासँग जानकारी माग गर्दा योजना सुरु गर्नु अघि लागत लाभ विश्लेषण र आन्तरिक प्रतिफल दरको विश्लेषण नगरिएको तथा आर्थिक, सामाजिक उपलब्धिबारे प्रक्षेपण गर्न नसकिने जानकारी दिएको छ । यस्ता आयोजना सुरु गर्नु अघि लागत लाभ विश्लेषण र आन्तरिक प्रतिफल दर विश्लेषण हुनु जरुरी छ ।

११३.४ सडकको चौडापना मापदण्ड जस्ता कुराको निर्धारण सडकमा गुड्ने सवारीसाधनको चापमा निर्भर रहने हुँदा यसबारे पूर्व अनुमान हुनु जरुरी छ । योजनाले सवारीको चापको कुनै अध्ययन नगरिएको जानकारी दिएको छ । सडक निर्माण गर्दा यस्ता विषयको अध्ययन नहुँदा लगानी प्रतिफल सुनिश्चित गर्न एवम् सडक गुणस्तर मापदण्ड निर्धारण गर्न कठिनाइ हुने देखिन्छ ।

११३.५ सडक लगायतको काम सुरु गर्नु अगावै वातावरणीय संरक्षणको अधिकतम प्रयास हुनुपर्दछ । यसको लागि वातावरणीय प्रभाव मूल्याङ्कन हुनु जरुरी छ । योजनाले हाल निर्माणाधीन सडक सामान्य सहायक सडक अन्तर्गत पर्ने र वातावरण संरक्षण नियमावली, २०३४ को नियम ३ र अनुसूची–२ मा उल्लेख भए अनुसार गर्नुपर्ने भएपनि उक्त परीक्षण हालसम्म नभएको जानकारी दिएको छ । यसप्रकारको योजना सुरु गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

योजना सुरु हुनुपूर्व लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर मूल्याङ्कन, वातावरणीय प्रभाव मूल्याङ्कन विश्लेषण पश्चात सवारीसाधनको चापलाई मध्यनजर राख्दै सडकको लागत अनुमान, ड्रइङ्ग, डिजाइन गरी कार्यान्वयन गरिनुपर्दछ ।

११४. **गुणस्तर** – निर्माण गरिएका सडक, पुलको दिगोपनाको लागि निर्माण व्यवसायीले निर्माण सामग्री काम गर्नु अगावै प्रयोगशाला परीक्षण गराउनु पर्दछ ।

११४.१ योजनामा रहेको प्रयोगशालामा हाल १० थरीको मात्र परीक्षण हुन्छ भने बाँकी परीक्षण केन्द्रीय प्रयोगशाला काठमाडौं र त्रि.वि.वि.इन्जिनियरिग अध्ययन संस्थान पुल्चोकमा हुदै आएको छ । योजनाले छड विटुमीन, गिट्टी, ग्राभेलको गुणस्तर परीक्षण गर्नुपर्ने भएपनि परीक्षण गर्न नसकिएको जानकारी दिएको छ । योजनाको कामको जटिलता र जिम्मेवारीअनुसार उपयुक्त साधनसहितको प्रयोगशालाको सुविधा स्थापना गर्नुपर्दछ ।

११४.२ ११ किलो–छेपेटार–वारपाक खण्डको भालुस्वाँरामा एक निर्माण व्यवसायीबाट गराएको कामको योजनाको इन्जिनियर सहित स्थलगत निरीक्षण, अवलोकन गर्दा केही स्थानमा मेसनरी वाल भत्किएको पाइएको छ । राम्रो फाउण्डेशन नहुनु, निर्माण स्थलमा निर्माण व्यवसायीको कामको प्राविधिक कर्मचारीबाट निरीक्षण, सुपरिवेक्षणमा कमी रहेको कारण कामको गुणस्तर सन्तोषजनक देखिएको छैन ।

११४.३ सम्झौता अनुसार ११ किलो–वारपाक खण्डमा पर्ने विभिन्न स्थानमा राखिएका ह्यूम पाइपको जडानमा पी. सी.सी. गर्ने उल्लेख भए पनि पी.सी.सी.नगरी ह्यूम पाइप राखेको कारण ह्यूम पाइपको जोडाई तलमाथी भएका कारण पानी बीचबाटै चुहिएको अवलोकनमा पाइयो । त्यस्तै बाटामुनी राखिएका ह्यूम पाईप बाटोको डिजाइनअनुसार ग्राइभेलको वेसभन्दा तल हुनुपर्नेमा ह्यूम पाइपलाई मोटरको चक्काले टेकेर हिड्ने गरेको पाइयो । आयोजनासँग बाटोको डिजाइन माग गर्दा पेश हुन आएन । तसर्थ यसबाट बाटोको ग्राभेलको वेसभन्दा कति मुनी हुनुपर्ने भनी यकिन गर्न सकिएन । यसले बाटो स्तरीय मापदण्डभित्र रहन कठिनाइ देखियो ।

११४.४ ११ किलो–छेपेटार खण्डमा ३.२ किलोमिटर सडकमा गत वर्ष सम्पन्न गरेको कालोपत्रे सडकको स्थलगत अवलोकन गर्दा एक वर्षभित्रै बाटोमा ठूलाठूला खाल्डा परेको, रिटेन्सन वाल भत्किएको र पीचको अवस्था बिग्रिएको देखियो । कालोपत्रे बाटोमा प्रयोग हुने विटुमीन केन्द्रीय प्रयोगशालाबाट परीक्षण गराएको देखिए पनि कालोपत्रे गर्ने कार्य उपयुक्त ढङ्गबाट नहुँदा सडक बिग्रेको अवस्था देखियो । कालोपत्रे सडकको

दायाँबायाँ अनधिकृत ढुङ्गा, रोडा राख्ने कार्यले सडकलाई कमजोर बनाएको छ । कालोपत्रे भइसकेको सडक मर्मत सम्भारको व्यवस्था नहुनु र सडकको हस्तान्तरण नभएको कारण गुणस्तर न्यून हुँदै गएको छ ।

सडक निर्माणमा प्रयोग हुने बिटुमिन, ग्राभेल, ग्याबिन, कंक्रिट आदि तोकिएको मापदण्डअनुरुप भए नभएको प्रयोगशाला परीक्षण गरिनुपर्ने भए पनि प्रयोगशालाको न्यूनतम सुविधा र उपकरणको अभावमा योजनाबाट सम्पादित कामको गुणस्तरबारे आश्वस्त हुन कठिनाइ भएको पाइएको छ । तसर्थ सम्झौता अनुसार निर्माण सुधार कामका सम्बन्धमा प्राविधिकबाट समय समयमा निरीक्षण गर्ने, गुणस्तर आश्वस्तताका लागि न्यूनतम सुविधासहितको प्रयोगशाला र निर्माण कार्यको नियमित गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

११५. **अनुगमन/सुपरिवेक्षण** – निर्माण कार्यको कार्यतालिका बनाई निरन्तर रुपमा गरिने अनुगमनबाट मात्र निर्माण कार्यको गुणस्तर सन्तोषजनक हुने, कार्य प्रगतिमा तिब्रता आई समयमा नै कार्यसम्पन्न हुने, स्थानीय विवादको स्थानीय स्तरमै निरुपण हुने स्थिति रहन्छ । अनुगमन सम्बन्धमा योजनासँग जानकारी माग गर्दा आवश्यकता अनुसार अचानक साइटमा छड्के, सुपरभिजन गर्ने गरेको दैनिक सुपरिवेक्षणको लागि साइडमा सुपरभाइजर राख्ने गरेको भन्ने जवाफ प्राप्त भएको छ । योजनाको स्थलगत अवलोकन निरीक्षण गर्दा, निर्माणाधीन कार्यमा प्रयोग भएको सिमेन्ट र बालुवा गुणस्तरयुक्त नभएकोले संरचना १ वर्ष नपुग्दै भत्किएको, ग्याबिन कार्य पनि सन्तोषजनक नभएको, सडकको चौडाई एकनास नभएको, ब्याक कटिङ्ग गर्दा सडकको भित्तापट्टिको स्लोप मापदण्डभन्दा ठाडो रहेको, ठाउँ ठाउँमा माटो खसी सडक अवरुद्ध हुने गरेको जस्ता अवस्थाले कतिपय चेनेजको कार्य सन्तोषजनक नभएको प्रति योजनाको ध्यान पुगेको देखिएन ।

तसर्थ योजनाले कार्यतालिका बनाई प्राविधिक कर्मचारीमार्फत नियमित सुपरिवेक्षण/अनुगमन गर्नुपर्ने र सुपरभाइजरको संख्या, योग्यता र कार्य मापदण्डसम्बन्धी नर्म्स निर्धारण गरी सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्दछ ।

पुष्पलाल (मध्यपहाडी लोकमार्ग) सडक आयोजना, आयोजना कार्यान्वयन स्थिति

नेपाल सरकारको सडक विकासको दीर्घकालीन अवधारणा अनुरुप पूर्वी जिल्ला पाँचथरको चियो भञ्ज्याङ्गदेखि १२ अञ्चल र २४ जिल्लाहरु हुँदै सुदूरपश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म करिब १ हजार ७७६ किलोमिटर लामो पुष्पलाल (मध्यपहाडी) लोकमार्ग निर्माणको लागि रु.५२ अर्ब २७ करोड २ लाख ८५ हजार लागत लाग्ने अनुमान रहेको छ । नेपाल सरकारले यस लोकमार्गको निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाउन २०६४।६५ देखि आफ्नै स्रोतबाट बजेट व्यवस्था गरी निर्माण कार्यलाई निरन्तरता दिइरहेको छ । यस सडकको निर्माण पश्चात मध्यपहाडी क्षेत्रमा विकासका पूर्वाधारहरुको लागि भइरहेका विभिन्न संरचनाहरुमा थप पहुँचको माध्यमबाट क्षेत्रगत विकासमा सहयोग पुग्ने उद्देश्य रहेको छ ।

११६. **एलाइनमेन्ट** – पुष्पलाल (मध्यपहाडी) लोकमार्ग अन्तर्गत पर्ने पूर्वी खण्डतर्फको जोरसाल–तमोर–संक्रान्ति–म्याङ्गलुङ्ग खण्डलाई जोरसाल–म्याङ्गलुङ्ग खण्ड कायम गर्दा ६९ कि.मी., हिले नपुग्याई म्याङ्गलुङ्ग–भोजपुर जोड्दा १९ कि.मी. र पश्चिम खण्डको चौरजहारी–दुल्लु–लैनचौर खण्डबाट दैलेखलाई हटाउँदा ७ कि.मी. सडक छोटो हुने, बाँझकोट–वयलपाटे, साँफे–दिपायलसमेत दूरी घट्न सक्ने व्यहोरा विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भएको छ । यस सन्दर्भमा आयोजनाले वैकल्पिक एलाइन्मेन्ट कायम गर्ने सम्बन्धमा कुनै नीतिगत निर्णय गरेको छैन । वैकल्पिक मार्ग सम्बन्धमा जानकारी माग गर्दा घुर्मी–चतरा–मूलघाट–लेगुवा र मूलघाट– माझीटारमा वैकल्पिक मार्ग बनाउन सकिने व्यहोरा पूर्व खण्डले जनाएको छ । पश्चिम खण्डले हालको अवस्थामा वैकल्पिक मार्ग मन्त्रिपरिषद्को अर्को निर्णयबाट मात्र कार्यान्वयन गर्न सकिने जनाएको छ ।

आयोजना सञ्चालन गर्नुपूर्व सम्भाव्यता अध्ययन गरी सडकका विभिन्न विन्दुहरु जोड्नको लागि सम्भाव्य वैकल्पिक एलाइन्मेन्ट सम्बन्धमा विस्तृत आयोजना प्रतिवेदनले सुझाएबमोजिम सहमति जुटाई लागत घटाउने प्रयास हुनु जरुरी देखिएको छ ।

११७. **निर्माणको समयावधि** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ तथा १०(१) मा खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समय सम्बन्धमा विचार गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम १०(३) मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने उल्लेख छ । तर योजनाले २०६५।६६ देखि बन्दोबस्त गरेका ठेक्काहरुमा कार्य प्रकृति, परिमाण एवं रकमको आधारमा कार्यसम्पन्न गर्न दिएको समयावधि निर्धारणको कुनै आधार देखिँदैन ।

लागत अनुमानमा समयावधि किटान नगरेको तथा कार्यालयले ठेक्का बन्दोबस्त गर्ने क्रममा म्याद निर्धारण गर्ने मापदण्ड नतोकेको कारण समान प्रकृति र रकम भएका कामको लागि ३ महिनादेखि १२ महिनासम्मको म्याद दिएको पाइएको छ । लामो र छोटो अवधि दिइएका प्राय: सबै ठेक्कामा म्याद समेत थप गरिएको छ । यसबाट निर्माण व्यवसायीलाई आवश्यक पर्नेभन्दा कम म्याद भएकाले समयमा नै गुणस्तरीय ढङ्गले काम सम्पन्न गर्न कठिनाइ पर्ने देखिन्छ । त्यसैले ठेक्काको कार्यपरिमाण समेतलाई मध्यनजर राख्दै ठेक्काको समयावधि निर्धारण गर्ने मापदण्ड निर्धारण गरी लागत अनुमान गर्दा समयावधि किटान गर्नुपर्दछ ।

११८. **क्षति पुनर्स्थापना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार त्रुटि सच्याउने अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले त्रुटि नसच्याएमा सार्वजनिक निकायले रिटेन्सन मनी वा जमानतबापतको रकम प्रयोग गरी त्रुटि सच्याउन सकिने व्यवस्था छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार र उपकरण लगायत सम्पूर्ण निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मितिसम्म भएका र निर्माण व्यवसायीले त्रुटि सच्याउने दायित्वको अवधिमा भएको हानि नोक्सानीको लागि बीमाबाट आएको रकमबाट दायित्व बहन गर्नुपर्ने व्यवस्था छ । सडकको पश्चिम खण्डका ८ ठेक्कामा निर्मित संरचनाहरु क्षति भएकोमा ठेक्का सम्झौताको शर्तअनुसार २ ठेक्कामा क्षतिग्रस्त संरचनाहरुको पुन:स्थापना गरी दिन योजनाले निर्माण व्यवसायीहरुलाई पत्राचारसम्म गरेको देखियो । तर क्षति भएको पाइप कल्भर्ट, ह्यूम पाइप, ग्याबियन टेवा पर्खाल, कज–वे, मेसनरी टेवा पर्खाल, ग्याबियन तथा स्टोन सोलिङ्ग, ग्याबियन र मेसनरी वालको पुनस्थापना गरेको देखिएन । नियमावलीमा व्यवस्था भएबमोजिम क्षति भएको संरचनाको मूल्याङ्कन गरी पुन:स्थापना गरिनुपर्दछ ।

वर्षादले क्षति पुऱ्याएको ग्याबियन टेवा पर्खाल

११९. **भेरिएसन आदेश** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा कारण खुलाई भेरिएसन गर्न सकिने व्यवस्था छ ।

११९.१ सिन्धुली जिल्लाको घुर्मी–खुर्कोट खण्डमा सडक निर्माण गर्दा स्वीकृत लागत अनुमान रु.२ करोड ५४ लाख १ हजार भएको निर्माण कार्यको कबोल अङ्क रु.१ करोड ३८ लाख ८४ हजार (४५.३४ प्रतिशत घटी) मा ७ प्रतिशत छुट सहित ठेक्का स्वीकृत भएको पाइयो । ९.८ प्रतिशत भेरिएसन गरेको देखियो । भेरिएसन पश्चात लागत अनुमान रु.२ करोड ७४ लाख ३६ हजार र सम्झौता रकम रु.१ करोड ४९ लाख २९ हजार (भेरिएसनसमेत) कायम भएको छ । बिल अफ क्वान्टिटीको आइटम नं.२.१ मा माटोको कामको सुरु लागत अनुमानमा २,००० घनमिटर गर्ने व्यवस्था रहेकोमा भेरिएसनबाट ६८,९२६.८५ घनमिटर कायम गरी

३३४६.२५ प्रतिशत भेरिएसन भएको देखियो । यसरी ठूलो परिमाणमा आइटम वाइज भेरिएसन गरेबाट सुरुमा तयार गरिएको निर्माण कार्यको लागत अनुमान यथार्थपरक देखिएन ।

१२०. **इन्जिनियरिङ्ग सुविधा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने उल्लेख छ । निर्माण कार्यको ठेक्का अन्तर्गतका आइटमहरु निर्धारण गर्दा सो कामसँग प्रत्यक्ष सम्बन्धित हुनुपर्दछ । इन्जिनियरिङ्ग सुविधा अन्तर्गतका सामानहरु ठेक्कामा समावेश गर्नु नहुनेमा आयोजनाले सडक र पुलको निर्माण कार्यको लागि ठेक्का बन्दोबस्त गर्दा मूल्य परिमाण सूचीमा सवारीसाधन, ल्यापटप, फोटोकपी मेसिन जस्ता इन्जिनियरिङ्ग सुविधास्वरुप रु.७३ लाख ४३ हजार खर्च हुने गरी ठेक्का बन्दोबस्त गरेको देखियो ।

योजनालाई चाहिने यस्ता सवारीसाधनहरु खरिद गर्नुपर्ने भएमा छुट्टै बजेट व्यवस्था गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा निर्माण कार्य प्रयोजनको लागि छुट्याइएको बजेटबाट सवारीसाधन भाडामा लिएको वा खरिद गरेको बजेट सिद्धान्त विपरीत देखिन्छ । यसबाट आयोजना लागत बढ्ने तथा उपयुक्त अभिलेख व्यवस्थाको अभावका कारण दुरुपयोग हुने सम्भावना रहने हुँदा ठेक्काको आइटममा समावेश गरी सामान खरिद गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१२१. **म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको अवस्थामा ठेक्का अवधि थप गर्न सकिने व्यवस्था छ । सोही नियमवालीको नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाइका कारण तोकिएको म्यादमा काम सम्पन्न गर्न नसके हर्जाना लिनुपर्ने व्यवस्था छ । तोकिएको समयमा कार्यसम्पन्न गर्न निर्माण व्यवसायीले कार्यतालिका पेश गर्नुपर्दछ । तर आयोजनाबाट ठेक्का बन्दोबस्त भएका २४ ठेक्कामा रु.७ करोड ३७ लाख ३२ हजार कार्यसञ्चालन पेश्की दिए पनि सम्झौताको शर्तबमोजिम निर्माण कार्य सञ्चालन नगरेको विभिन्न कारण देखाई सोको पर्याप्त पुष्ट्याईबेगर म्याद थप गर्दै रहेको पाइयो ।

सडक एलाइन्मेन्टको सुरु चेनेजमा पर्ने निर्माण व्यवसायीले कार्य नगरी दिंदा पछिल्लो चेनेजमा पर्ने निर्माण व्यवसायीले कार्य गर्न नसकेकोले योजनाको प्रगतिमा बाधा परेको कार्यालयको भनाई रहेको छ । पश्चिम खण्डले ४ निर्माण व्यवसायीलाई राष्ट्रिय पत्रिकामा विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी सचेत गराएको र ६ निर्माण व्यवसायीलाई मौखिक तथा लिखित रुपमा पटक पटक कार्य सम्पन्न गर्न ताकेता गरेको, भविष्यमा पनि यस्तो अवस्था रहेमा ठेक्का तोड्नेसम्मको कारबाही हुनसक्ने जानकारी निर्माण व्यवसायीलाई दिएको छ । आयोजनाले हाल सबै ठेक्काहरुमा कार्य प्रारम्भ भएको जानकारी गराएको छ भने पश्चिम खण्डले एक ठेक्कामा वैकल्पिक ट्र्याक नभएको हुँदा कार्य हुन नसकेकोमा छिट्टै कार्य सुरु गर्न सकिने अवस्था छ भनी जवाफ दिएको छ ।

१२२. **सम्भाव्यता अध्ययन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ बमोजिम बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी योजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । आयोजनाको तदनुरुप सम्भाव्यता अध्ययन भई कार्यान्वयनमा आएको देखिदैन । यसले गर्दा योजनामा हुने कुल लगानीबाट सो क्षेत्रको आर्थिक, सामाजिक पक्षमा पुग्न सक्ने योगदान एवं वातावरणमा पर्नसक्ने असर यकिन गर्न सक्ने स्थिति छैन । योजनाको प्रारम्भिक लागत रु.३३ अर्ब ६३ करोड २९ लाख ५ हजार रहेकोमा हाल रु.४३ अर्ब ३८ करोड ४६ लाख २९ हजार पुगेको छ । सम्भाव्यता अध्ययन नभएका कारण आयोजना लगानी योग्य छ भन्न सक्ने अवस्था नभएकोले आयोजनाको लागत लाभ विश्लेषण एवं आन्तरिक प्रतिफल दरको मूल्याङ्कन गरी सोही आधारमा लागत कटौती वा संशोधनका उपायहरु अवलम्बन गरिनुपर्दछ ।

१२३. **सडक सीमा** – सार्वजनिक सडक ऐन, २०३१ (संशोधन सहित) को दफा ३ मा सार्वजनिक सडकहरुको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्तीको प्रावधान रहेको छ । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना

प्रकाशित गरी सार्वजनिक सडकलाई राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्गमा वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुबैतिर एकतीस मिटरसम्म नबढाई सडक सीमा तोक्ने व्यवस्था छ । एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र वस्तीको कारण त्यस्तो सडक सीमा कम बढी गर्न वा पुल तथा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०६४।६५ देखि निर्माण सुरु भएको यस लोकमार्गको सीमा तोकी नेपाल राजपत्रमा प्रकाशित गरेको देखिएन । राष्ट्रिय गौरवको सूचीमा परेको यो लोकमार्गको सडक सीमा तोकिनु पर्दछ । समयमै सडक सीमा निर्धारण तथा सडकको कित्ता काट गरी योजनाको नाममा नल्याए भविष्यमा सडक विस्तार गर्न कठिनाइ उत्पन्न हुन जान्छ । तसर्थ सडक सीमाको निर्धारण एवं अतिक्रमणबाट सुरक्षाको लागि योजनाले उपर्युक्त व्यवस्था मिलाउनु पर्दछ ।

१२४. **ठेक्काको स्थिति** – सम्झौता अनुसारको म्यादभित्रै निर्माण कार्य सम्पन्न गरिनुपर्दछ । यस आयोजनाअन्तर्गत मध्यपहाडी लोकमार्गको पूर्वी खण्डमा गत वर्षदेखि जिम्मेवारी सरी आएका ठेक्कामध्ये पश्चिम खण्डलाई जिम्मेवारी सरी गएका ४८ वटा ठेक्का घटाउँदा बाँकी ठेक्का संख्या १४७ रहेको छ । ती मध्ये यो वर्ष ६२ ठेक्का (४२.१७ प्रतिशत) सम्पन्न भई ८५ ठेक्का आगामी वर्षलाई जिम्मेवारी सर्न गएको देखियो ।

यसै गरी पश्चिम खण्डतर्फ पूर्व खण्डबाट जिम्मेवारी सरी आएका ठेक्का संख्या ४८ र यस वर्ष योजनाबाट सम्झौता भएका ४६ समेत ९४ ठेक्का बन्दोबस्त भएकोमा पूर्वी खण्डबाट जिम्मेवारी सरी आएकामध्ये १० र यस योजनाबाट बन्दोबस्त भएकामध्ये ५ समेत १५ वटा ठेक्का सम्पन्न भएका छन् । यसरी कुल ठेक्काको क्रमश: २०.८३ र १०.८७ प्रतिशत मात्र सम्पन्न भई अन्य ठेक्का सम्पन्न हुन बाँकी रहेकोले ठेक्का व्यवस्थापन कमजोर देखिएको छ ।

१२५. **नर्म्स** – सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी, पुरातात्विक उत्खनन् सम्बन्धी, सुरुङ्ग खन्ने, डीप ट्युबवेल, पेट्रोलियम अनुसन्धान आदि जस्ता जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सबमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० ले गरेको छ ।

१२५.१ आयोजनाअन्तर्गत सडक निर्माणको क्रममा विभिन्न प्रकारको कटिङ्ग गर्ने कार्यको सम्बन्धमा मन्त्रिपरिषद्ले विगतमा स्वीकृत गरेको नर्म्स म्यानुअल प्रविधिमा आधारित रहेको तर हाल मेकानिकल प्रविधिका आधारमा निर्माण कार्य हुने भएकाले मेकानिकल प्रविधिको नर्म्स तयार गरी विभागीय प्रमुखबाट स्वीकृत गराई निर्माण कार्य गराएको पाइयो । नर्म्स तयार गर्दा यसबाट पर्नसक्ने प्रभावको सम्बन्धमा अध्ययन गर्न कार्य टोली गठन गरेको पाइएन । पर्याप्त अध्ययनबेगर नियमावलीको परिपालना नगरी विभागीय प्रमुखबाट स्वीकृत नर्म्सबाट गराइएको ठूलो परिमाणको कटिङ्गको कार्य मितव्ययी रहेको बारेमा आश्वस्तता प्राप्त गर्न सकिएन । अत: अध्ययन विश्लेषण पश्चात नर्म्स तयार गरी सार्वजनिक खरिद नियमवालीको प्रावधान बमोजिम मन्त्रिपरिषद्बाट स्वीकृत गराउनुपर्ने देखिन्छ ।

१२५.२ योजनाले स्वीकृत नर्म्सको अधिनमा रही काम गर्ने प्रविधि समेतलाई मध्यनजर राख्दै दर विश्लेषण एवं लागत अनुमान तयार गर्नुपर्दछ । मेकानिकल तवरले माटो काट्ने कामको नर्म्स मन्त्रिपरिषद्बाट नभई विभागीय प्रमुखले मात्र स्वीकृत गरेको नियमसंगत छैन । साथै आयोजनाले साइटको अवस्था हेरी मेकानिकल प्रविधिबाट ८० प्रतिशत र म्यानुअल प्रविधिबाट २० प्रतिशत हुने आधार लिएर दरविश्लेषण एवं लागत अनुमान तयार गरेको पाइयो । मेकानिकल प्रविधिबाट भएका कार्यको अवस्था निरीक्षण गर्दा पनि ढुङ्गा वा रुखका जराहरुलाई व्यवस्थापन गर्न दैनिक रुपमा सम्पन्न हुने कटिङ्ग कामको तुलनामा न्यूनतम केही संख्यामा ज्यामीहरु आवश्यक पर्ने भए पनि कुल कामको २० प्रतिशत म्यानुअल प्रविधिमा काम हुन्छ भन्ने मान्यताको पुष्टी हुन आएन । सडक विभाग अन्तर्गतकै ११ किलो–छेपेटार–वारपाक आयोजनामा औषत ५ प्रतिशत मात्र म्यानुअल प्रविधिबाट काम गर्ने गरेको छ । यसरी मेकानिकल प्रविधिबाट हुने काममा समेत

२० प्रतिशत म्यानुअल प्रविधिबाट गर्ने दर प्रयोग गर्दा हालसम्मको कटिङ्गको काम रु.१ अर्ब ५ करोड ६५ लाख ६८ हजारमा म्यानुअल दर प्रयोग गरेका कारण आइटम दरमा ३४.७६ प्रतिशत वृद्धि भएको आधारमा रु.३६ करोड ७२ लाख बढी व्ययभार परेको स्थिति छ । कुल कटिङ्ग कामको लागत रु.३ अर्ब १० करोड ३८ लाखको आधारमा निर्धारण गर्दा उक्त बढी व्ययभार रु.१ अर्ब ७ करोड ८८ लाख हुने देखिन्छ । तसर्थ अध्ययन समूह गठन गरी यथार्थपरक ढङ्गले काम गर्ने प्रविधिसँग तालमेल हुने गरी दरविश्लेषण एवं लागत अनुमान हुनुपर्दछ ।

डिभिजन सडक कार्यालय पोखरा

राष्ट्रिय सडक प्रणालीको विकास गरी क्षेत्रीय तथा सामाजिक असमानतालाई न्यून गराई उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्ने र गरिबी निवारणमा सहयोग पुऱ्याउन नेपाल सरकारले सडक क्षेत्रलाई उच्च प्राथमिकता दिदै आएको सन्दर्भमा कार्यालयको कार्यक्षेत्र कास्की, पर्वत, बाग्लङ्ग, स्याङ्जा, म्याग्दी र मुस्ताङ जिल्लामा सडक तथा पुल निर्माण एवं तिनीहरुको संरक्षण, सम्वर्द्धन र मर्मत सम्भार गरी सुचारुरुपमा यातायात सेवा सञ्चालन गर्ने रहेको छ ।

१२६. **लागत अनुमान–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र नियम १० मा समयावधि किटान गर्नुपर्ने सम्बन्धी व्यवस्था छ ।

१२६.१ लागत अनुमान तयार गर्दा निर्माण कार्य गर्न लाग्ने समयावधि नतोकेको, सम्झौता कार्यान्वयन गर्न दिइएको समयको आधार स्पष्ट नगरेको, कम रकम भएको कामलाई बढी समय र बढी लागत भएको कामलाई कम समय दिएको, आर्थिक वर्षको प्रारम्भमा सुरु भएको वा सम्झौता भएको कामलाई बढी र आर्थिक वर्षको अन्त्यमा सम्झौता भएको कामलाई कम समय दिएको छ । उदाहरणको लागि नाली तथा ग्राभेल गर्न रु.४ लाख २१ हजारको कामलाई ९६ दिन, रु.४ लाख २१ हजारको ग्याबियन पर्खाल बनाउने कामलाई १०३ दिन र रु.८ लाखको नाली तथा कालोपत्रे गर्ने कार्यको लागि १५३ दिन दिएको छ भने रु.३३ लाखको सडक खन्ने काम रु.११ लाख १ हजारको सडक तथा ग्याबियन, रु.१० लाख ८९ हजारको सडक तथा ग्याबियनको लागि प्रत्येकलाई ६३ दिन, रु.६२ लाख ४७ हजारको सडक खन्ने कामका लगि १०९ दिन दिएको छ । यसरी समान प्रकृतिका कामका लागि समेत फरक फरक समयावधी दिएकोमा सोको कारण र औचित्य पुष्ट्याई हुने आधार स्पष्ट गरेको छैन ।

लागत अनुमान तयार गर्दा सम्झौताबमोजिम सम्पन्न गर्नुपर्ने निर्माण कार्यको साईटको अवस्था, निर्माण सामग्रीको उपलब्धता, निर्माण कार्यमा प्रयोग गरिने मेसिन उपकरणको व्यवस्था र मूल्य निर्धारणका आधार स्पष्ट गरी सम्पन्न गर्न लाग्ने समय यकिन गरिनुपर्दछ ।

१२६.२ लागत अनुमान तयार गर्दा बीमाबापत निर्माण लागतको निश्चित प्रतिशत समावेश गरेको छ । निश्चित प्रतिशतको आधारमा लागत अनुमानमा समावेश गरिएको यस्तो रकमको तुलनामा व्यवसायीले वास्तविक रुपमा खर्च गरेको रकम धेरै कम रहेको पाइयो ।

पुलतर्फ १९ ठेक्कामध्ये ९ ठेक्काको रु.४७ करोड ८४ लाख २७ हजारको लागत अनुमानमा बीमाको लागि मू.अ.कर बाहेक रु.४३ लाख १६ हजारको लागतमा रु.२१ लाख ५ हजार मूल्य अङ्कित गरेको छ भने निर्माण व्यवसायीले वास्तविक रुपमा भुक्तानी गरेको रु.१३ लाख २८ हजारमात्र रहेको छ । निर्माण व्यवसायीले खुद भुक्तानी गरेको रकमभन्दा कार्यालयले लागत अनुमानमा समावेश गरेको रकम ३ गुणा बढी रहेको देखियो । उल्लिखित रकममध्ये एक ठेक्कामा लागत अनुमान मू.अ.करसमेत रु.५ लाख ६५ हजार राखिएकोमा निर्माण व्यवसायीले रु.४७ हजार मात्र बीमा कम्पनीलाई भुक्तानी गरेकोले सरकारलाई रु.५ लाख १८ हजार बढी व्ययभार परेको छ । त्यस्तै अर्को एक ठेक्कामा रु.६ लाख १९ हजार नोक्सान भएको छ । कार्यालयले बीमाबापत भुक्तानी गरेको रकमको छुट्टै अभिलेख नराखेकोले सम्पूर्ण बीमाको लागत र वास्तविक बीमा खर्च यकिन गर्न सक्ने अवस्था छैन । लागत अनुमान यकिन हुन नसक्ने आइटमहरु वास्तविक मूल्यको आधारमा (प्रोभिजनल सम) भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

१२७. **ठेक्का प्रतिस्पर्धाको स्थिति –** यो वर्ष बन्दोबस्त गरिएका ८७ ठेक्कामध्ये ५८ ठेक्काको ठेक्का अक लागतको एक प्रतिशतभन्दा कम रहेको, ११ ठेक्का लागत अनुमानभन्दा ३० प्रतिशतदेखि ४७ प्रतिशतसम्म घटी र ७ ठेक्कामा १० देखि २० प्रतिशत घटिमा प्रस्ताव स्वीकृत भएको छ । कुनैमा अत्यधिक र कुनैमा शुन्य प्रतिष्पर्धा भएको देखिएको र औषत प्रतिष्पर्धा भएका ठेक्काको प्रतिशत अत्यन्त कम भएकोले मिलेमतोमा प्रस्ताव पेश भएको हुन सक्ने तथा अत्यधिक घटीमा प्रस्ताव पेश भएकोमा कामको गुणस्तरमा कमी आउन सक्नेतर्फ कार्यालयले ध्यान दिई स्वच्छ प्रतिष्पर्धा गराउनेतर्फ आवश्यक व्यवस्था गर्नुपर्ने देखियो ।

१२८. **धरौटी** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) मा छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्तबमोजिम सम्झौता नगरेमा बोलपत्र जमानत जफत हुने, दफा ६३(१) (ख) मा बोलपत्रदाताले सम्झौता नगरेमा एकदेखि ३ वर्षसम्म कालोसूचीमा राख्ने सक्ने व्यवस्था छ । डिभिजनले यस वर्ष व्यवस्थापन गरेका ठेक्कामध्ये १८ ठेक्कामा बोलपत्र स्वीकृत भएको पहिलो बोलपत्रदाता सम्झौता गर्न नआएकोले दोस्रो घटीवाला र कुनै ठेक्कामा दोस्रो घटीवालासमेत सम्झौता गर्न नआएकोले तेस्रोसँग सम्झौता गरी काम गराएको छ । ऐनमा भएको व्यवस्थाबमोजिम सम्झौता गर्न नआउने बोलपत्रदाताको जमानत जफत गर्न सम्बन्धित बैङ्कलाई अनुरोध गरी जमानत जफत गरेको भए तापनि कालोसूचीमा राख्नेतर्फ कारबाही गरेको छैन । धरौटी मात्र जफत गरी दोस्रो र तेस्रो बोलपत्रदातासँग सम्झौता गर्दा पहिलो वा दोस्रो घटीवालाले सम्झौता नगर्दा सरकारलाई प्राप्त धरौटी जफत रु.१७ लाख ६२ हजार कट्टी गर्दा रु.८३ लाख ४७ हजार थप व्ययभार परेको छ ।

बोलपत्र प्रस्ताव पेश गरी स्वीकृत भई सकेपछि पहिलो, दोस्रो र तेस्रोबीचको फरक बढी भएमा काम गर्न अस्वीकार गरी धरौटी जफत गराउने र लागत अनुमानकै हाराहारी भएपछि मात्र प्रस्ताव स्वीकार गर्ने प्रवृतिले सरकारी हानि नोक्सानी हुने, स्वस्थ्य प्रतिष्पर्धा नहुने र व्यवसायिक आचरणसमेत उल्लङ्घन हुने भएकोले यस्तो कार्यलाई निरुत्साहित गर्न बोलपत्र प्रस्ताव स्वीकृत भइसकेपछि सम्झौता गर्न नआउने निर्माण व्यवसायीलाई नियमानुसार कारबाही हुनुपर्ने देखिन्छ ।

१२९. **विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन, लागत अनुमान–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाहरुको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक तथा प्रशासकीय उपयुक्तताको आधारमा गर्नुपर्ने र स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही अनुसार वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । विभिन्न ७ कार्यक्रमका ३०२ सडकमध्ये ३६ सडकको मात्र विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन, लागत अनुमान र वार्षिक कार्यक्रम तयार गरी कार्यक्रम सञ्चालन गरेको छ भने अन्य सडकको हकमा विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन र कुल लागत अनुमानबेगर बार्षिक रुपमा प्राप्त बजेटको आधारमा लागत अनुमान तयार गरी निर्माण कार्य गराएको छ । योजनाको संख्या अत्याधिक रहेको, मौजुदा जनशक्ति, योजनामा न्यून बजेट विनियोजन हुने आदि कारणले ऐन नियममा व्यवस्था भएबमोजिम विस्तृत सर्भे, ड्रइङ्ग, डिजाइन तयार गरी सोको आधारमा लागत अनुमान तयार नगरी मोटामोटी सर्वेक्षणको आधारमा लागत अनुमान तयार गरेको भन्ने कार्यालयको भनाई रहेको छ ।

सडक निर्माण गर्न विस्तृत सर्वेक्षणसमेत नभएको अवस्थामा निर्धारित लागत तथा समयमा कार्यसम्पन्न हुने अवस्था देखिएन भने सम्पन्न कार्यको गुणस्तर र प्रतिफल समेत यकिन गर्न सकिने अवस्था रहेन । विस्तृत सर्वेक्षण ड्रइङ्ग, डिजाइन गरी लागत अनुमान तयार गरेर मात्र बजेट विनियोजन एवं कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३०. **पुल निर्माण** – निर्माणधीन पुलहरु सम्झौतामा उल्लिखित समयमा सम्पन्न गरिनुपर्दछ । डिभिजन अन्तर्गत निर्माणाधीन पुल सम्बन्धमा देहायबमोजिम देखियो:

१३०.१ कास्कीको विरेठांटीको मोदी खोलामा पुल निर्माण गर्न एक निर्माण कम्पनीसँग ४ जुलाई २००८ मा सम्झौता भएको छ । पुलको ठेक्का अक रु.३ करोड ८२ लाख ३० हजार र काम सम्पन्न गर्नुपर्ने अवधि २०६७ आषाढ १९ रहेकोमा बन्द हड्तालको कारण जनाई प्रथम पटक २०६७ पौष १९ सम्म, दोस्रो पटक २०६८ आषाढ मसान्तसम्म म्याद थप गरेको छ । पुलको पहुँच मार्गमा निजी घर रहेको र उक्त घर अधिग्रहण नगरी निर्माण कार्य सुरु गरिएको र पछि जग्गा धनीबाट घरको मुआव्जामा विवाद भएको कारण जनाई (पहुंच सडक बाहेक) पुलको सबै काम सकिएको अवस्थामा समेत पुल सञ्चालन हुन सकेको छैन ।

निर्माण सम्पन्न भइसकेपछि पनि घरको मुआव्जा विवादले सञ्चालन हुन नसकेको मोदीखोला पुल, वीरेठाँटी

१३०.२ कास्कीको फुस्रे खोलामा आर.सी.सी.पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६७।३।२४ मा सम्झौता भएको छ । उक्त पुलको ठेक्का अङ्क रु.३ करोड ८९ लाख ५५ हजार र काम सम्पन्न गर्नुपर्ने अवधि २०६९।९।२३ रहेकोमा यस आर्थिक वर्षको अन्त्यसम्म सम्झौता अवधि ३३ प्रतिशत व्यतित भएकोमा रु.४४ लाख ८८ हजार अर्थात् ठेक्का रकमको ११.५२ प्रतिशत मात्र खर्च भएको छ । व्यतित भएको समयको अनुपातमा अत्यन्त न्यून प्रगति भएकोले समयमा ठेक्का सम्पन्न हुने अवस्था देखिदैन । निर्माण व्यवसायीले समय तालिका पेश नगरेकोले कुन समयमा के कति काम गर्नुपर्ने हो यकिन गर्न सक्ने अवस्था छैन । कार्यप्रगतिको अनुगमन गरी समयमै कार्यसम्पन्न गराउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनुपर्दछ ।

१३०.३ भोर्लेटारको मादीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६६।३।१० मा सम्झौता भएको छ । यस पुलको ठेक्का अङ्क रु.४ करोड ७७ लाख ४४ हजार र काम सम्पन्न गर्नुपर्ने मिति २०६८।३।९ सम्म रहेकोमा २०६८।९।९ सम्म थप गरेको छ । यस आर्थिक वर्षको अन्त्यसम्ममा ५९ प्रतिशत मात्र काम भएको छ । लेखापरीक्षणको अवधि २०६८।६।१० सम्म थपिएको समयको ५० प्रतिशत समय व्यतित भएको अवस्थामा थप काम भएको छैन ।

१३०.४ कास्कीको ह्याङ्जा लामाचौरको सेती नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६६।२।१२ मा सम्झौता भएको छ । उक्त पुलको ठेक्का अङ्क रु.५ करोड ३५ लाख ८० हजार र काम सम्पन्न गर्ने अवधि २०६८।८।१० रहेकोमा गत वर्ष दोस्रो रनिग बिलसम्म रु.१ करोड ४५ लाख ४४ हजार भुक्तानी भएकोमा यस वर्ष तेस्रो रनिग बिलबाट रु.५० लाख ८६ हजार भुक्तानी भएको छ । निर्माण व्यवसायीले निर्माण कार्य प्रारम्भ गर्नु अघि निर्माण कार्यतालिका पेश गरी सोही अनुसार निर्माण कार्य गर्नुपर्नेमा कार्यतालिका पेश गरेको पाइएन ।

८५ प्रतिशत समय व्यतित भएको ह्याङ्जा लामाचौरको सेती नदी पुल

१३०.५ आर्थिक वर्ष २०६५।६६ मा सम्पन्न भएको विजयपुर खोला पुलको निर्माण व्यवसायीले मूल्य वृद्धि भुक्तानी पाउन निवेदन दिई मध्यस्थ ट्रिव्युनल गठन भएको र मध्यस्थ ट्रिव्युनलले २०६५।६।१३ मा निर्णयको मितिदेखि ऐनले तोकेको कार्यान्वयन गर्नुपर्ने समयावधिसम्मको हकमा कुनै व्याज नलाग्ने तर सो अवधि पछि अवार्ड

रकमको भुक्तानी नहुन्जेलसम्मको लागि १० प्रतिशतका दरले व्याज भराई लिन पाउने निर्णय गरेकोमा कार्यालयले सोमा चित्त नबुझी पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालतबाट २०६६।९।९ मा मध्यस्थ ट्रिव्युनलले मूल्य वृद्धिबापत ठेकेदार प्रत्यर्थीलाई मूल्य अभिवृद्धि करबाहेक रु.४६ लाख ७३ हजार भुक्तानी गर्नुपर्ने ठहऱ्याएको मिति २०६५।६।१३ को निर्णय मिल्ने देखिंदा बदर हुन नसक्ने ठहर्छ भन्ने फैसला गरेको छ । अदालतले २०६६।९।९ मा रकम भुक्तानी दिने निर्णय गरेकोमा कार्यालयले २०६७।६।१३ मा मात्र रकम भुक्तानी गरेकोले व्याज भुक्तानी दिनुपर्ने अवस्था सिर्जना भएको देखियो । अदालतको फैसलामा मूल्यवृद्धिबापत पाउने रकम मात्र उल्लेख भएको र व्याज सम्बन्धमा कुनै व्यहोरा उल्लेख नभएकोले व्याज दिनुपर्ने वा नपर्ने यकिन नगरी भुक्तानी दिएको र ढिलो भुक्तानी गरेको कारण व्याज रु.९ लाख १४ हजार थप व्यय भार पारेको देखियो ।

१३१. **निर्माण ठेक्काबाट सामान खरिद** – कार्यालयले निर्माण कार्यको ठेक्कामार्फत निर्माण कार्य बाहेकका सामानहरु जस्तै मोटरसाइकल, कम्प्युटर, ल्यापटप, विभिन्न मेसिनरी औजार, ल्यावका सामान, मोटर भाडा, साइट क्याम्प मर्मत, क्बाटर मर्मत आदि खरिद गर्न रु.१ करोड ९२ लाख ८८ हजारको लागत अनुमान तयार गरेकोमा रु.२ करोड ४४ लाख ५९ हजार खर्च गर्ने गरी सम्झौता गरेको देखियो ।

१३१.१ यस वर्ष चालू १२ ठेक्कामा समावेश सवारीसाधन भाडा, थेडोलाइट, साइट क्याम्प लगायतका १२ आइटमको विभागीय लागत अनुमान रु.७१ लाख १४ हजार भएकोमा ठेक्का बन्दोबस्त गर्दा रु.१ करोड ४१ लाख ८७ हजारमा खरिद गर्ने गरी बोलपत्र स्वीकृत भएकोले ठेक्कामा निमार्णतर्फको क्रमश: रु.७० लाख ७३ हजार रकम निर्माण बाहेकका सामानमा लोड भएको छ । निर्माणतर्फका विभिन्न आइटममा तोकिएको परिमाण अनुसारको काम नभएको अवस्थामा समेत सोबापत समावेश भएको रकम भुक्तानी हुने अवस्था देखिएको छ ।

१३१.२ पुलको निर्माण कार्यको सुपरभिजनबापत सम्बन्धित ठेक्कामा राखिएको सवारीसाधन समेत सोही पुलको सुपरभिजनको लागि प्रयोग नगरी कार्यालयको समग्र कार्यको लागि प्रयोग भएको देखियो । वयरघारी पुलको अनुगमनको लागि भाडामा लिएको सवारीसाधनको २५ प्रतिशत भाडा भुक्तानी हुंदा ९ प्रतिशत, ४४ प्रतिशत भाडा भुक्तानी हुंदा २८ प्रतिशत र ८४ प्रतिशत भाडा भुक्तानी हुंदा ५७ प्रतिशत मात्र निर्माण कार्य भएको छ । त्यस्तै पोल्याङटार पुलमा अनुगमनका लागि लिएको सवारीसाधनको ७० प्रतिशत भाडा भुक्तानी भएकोमा निर्माण कार्य १५ प्रतिशत मात्र भएको छ । सुपरिवेक्षणको आवश्यकता समेत विचार नगरी सवारीसाधन भाडामा लिने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

निर्माण व्यवसायी मार्फत निर्माण बाहेकका सामग्री खरिद गर्दा निर्माण व्यवसायीलाई १५ प्रतिशत ओभरहेड, १३ प्रतिशत मूल्य अभिवृद्धि कर दिनुपर्ने हुँदा थप दायित्व पर्ने, योजनाको लागत अनावश्यक रुपमा बढ्ने, कार्यालयको वास्तविक प्रशासनिक खर्चसमेत पारदर्शी नहुने, बजेट खर्चका रकमहरुको वर्गीकरण र व्याख्या विपरीतसमेत हुने देखिन्छ । यसका अतिरिक्त निर्माण बाहेकका अन्य सामान निर्माण कार्यको ठेक्कामा समावेश गर्दा निर्माण व्यवसायीले यस्ता सामानको मूल्य निर्माणका विभिन्न आइटममा समावेश गरी यस्ता आईटमा न्यून मूल्य अङ्कित गर्ने, न्यून मूल्य अङ्कित गरेका आईटम कार्यालयलाई आवश्यक नभई सप्लाई लिन नपर्ने भएमा कार्यालयलाई हानि नोक्सानी हुने देखिन्छ ।

सुनसरी, मोरङ्ग पुल निर्माण आयोजना, इटहरी,

डिभिजन सडक कार्यालय विराटनगरले गर्दै आएको सुनसरी र मोरङ्ग जिल्लाका पुलहरुको निर्माणका लागि नेपाल सरकारको २०६५।९।१७ को निर्णयले आर्थिक वर्ष २०६५।६६ देखि सुनसरीको इटहरीमा आयोजना स्थापना र सञ्चालन भएको छ ।

१३२. **विस्तृत आयोजना प्रतिवेदन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको

आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट आयोजना स्वीकृत हुनुपर्ने, स्वीकृत आयोजना कार्यान्वयन गर्नका लागि विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ ।

१३२.१ सतेरझोडा, औरवनी–५ थलाहा खोलामा पर्ने पुल २०६७।६८ मा सम्पन्न भइसकेकोमा सोही स्थानमा पुल निर्माणका लागि २०६८।६९ मा रु.४० लाख विनियोजन भएको देखियो । २०६८।६९ मा इटहरी, स्थित टेंग्राखोलामा एक पुल निर्माणका लागि दुई कार्यक्रममा क्रमश: रु.२० लाख र रु.४० लाख गरी एकै पुलका लागि दोहोरो योजना स्वीकृत गरेको छ ।

१३२.२ मोरङ्गको भलुवा खोलामा पुल निर्माणका लागि २०६९।७० सम्ममा सम्पन्न गर्ने गरी यस वर्ष वार्षिक कार्यक्रम स्वीकृत भई रु.३० लाख विनियोजन गरी लागत अनुमान तथा ठेक्का आव्हान गरेकोमा उक्त स्थानमा अन्य निकायबाट पुल निर्माण भइरहेकोले उक्त ठेक्का रद्द गरेको छ ।

तसर्थ प्राथमिकता निश्चित गरी लागत लाभ विश्लेषणका आधारमा विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन र लागत अनुमान तयार भएपछि मात्र बजेट व्यवस्था गरिनुपर्दछ ।

१३३. **उपकरण तथा सवारीसाधन** – निर्माण कार्यको सुपरभिजनका लागि निर्माण व्यवसायीबाट मोटरसाइकल आपूर्ति तथा सवारीसाधन भाडामा लिने गरी ठेक्कामा समावेश गरेकोले रु.१ करोड ८० लाख १७ हजार लागत वृद्धि भएको छ ।

पुल निर्माणको लागत अनुमान तथा ठेक्का सम्झौता गर्दा सर्वेक्षण कार्यका लागि उपकरणहरु समेत समावेश गरी रु.२६ लाख २९ हजार खर्च लेखेको देखियो । उक्त उपकरणहरु मेसिनरी औजार शीर्षकमा विनियोजन गरी खरिद गर्नुपर्नेमा निर्माण कार्यको लागत अनुमानमा समावेश गरी ठेक्का सम्झौता गर्ने व्यवस्थालाई नियन्त्रण गर्नु आवश्यक देखिन्छ ।

१३४. **सडक सञ्जालका पुल** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार आयोजना अन्तर्गत पुल योजनाको छनौट स्थानीय जनताको मागलाई अध्ययन गरी सम्भाव्य देखिए रणनैतिक सडक सञ्जालमा परेका पुलहरुको सडक विभागले सर्भे डिजाइन गराई वार्षिक कार्यक्रम स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३४.१ आयोजना अन्तर्गत निर्माणाधीन ४७ पुलहरुमध्ये हुलाकी सडकमा पर्ने ५ पुल बाहेक अन्य ४२ पुलहरु रणनैतिक सडक सञ्जालमा पर्दैनन् । आयोजनाले ४२ पुल स्थानीय आवश्यकता अनुसार राजनैतिक नेतृत्वको सिफारिसमा स्वीकृत भएको जनाए तापनि स्थानीय आवश्यकता सम्बन्धी लिखित अभिलेख छैन । रणनैतिक सडक सञ्जालमा नपरेका पुल निर्माण कार्यको लागत अनुमान रु.९८ करोड ११ लाख ७६ हजार अर्थात् ८१ प्रतिशत रहेको छ ।

आयोजना छनौट गर्दा राजनैतिक नेतृत्वभन्दा स्थानीय जनताको मागको आधारमा सम्बन्धित पुल आयोजना तथा सडक डिभिजनहरुले प्रारम्भिक अध्ययन गरी सम्भाव्य देखिएका पुलहरु निर्माण गर्ने सिफारिस गरेपछि मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३४.२ पुल निर्माण गर्दा सवारीसाधनहरु चल्ने सडकका पुलहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ । आयोजनाले यस सम्बन्धी कुनै नीति तय गरेको छैन । हुलाकी सडक अन्तर्गत निर्माणाधीन सडकमा पर्ने ४ पुल रहेका क्षेत्रमा दैनिक १५० देखि २०० सम्म सवारीसाधन सञ्चालन हुने अनुमान आयोजनाले गरे तापनि स्थलगत निरीक्षणको समयमा सवारी सञ्चालनमा रहेको देखिएन ।

१३४.३ कयरमोरिया खोलाको पुलमा गाडी तथा मोटरसाइकल समेत चल्न सक्ने अवस्थाको सडक नरहेको अवस्था देखियो । पुल योजनाको छनौट तथा प्राथमिकता निर्धारण गर्ने कार्य माथिल्लो निकायबाट भई स्वीकृत कार्यक्रम अनुसारको निर्माण गर्ने कार्य मात्र आयोजनाले गर्ने भएकोले पुलको स्थानका सम्बन्धमा कुनै

प्रतिक्रिया दिन उपयुक्त नहुने आयोजनाले जानकारी दिएको छ । उक्त पुलको सम्भाव्यता अध्ययन विराटनगर सडक डिभिजनबाट सन् २००७ मा गराइएको भए तापनि आवश्यकता पहिचान गर्न सकेको देखिएन ।

यस्तै रतुवा पुलमा टिल्ट समस्या, विराटनगर रंगेली थलाहा सडकको थलाहा पुलमा डिजाइन त्रुटि, टिल्ट तथा ह्याङ्ग समस्या, थलाहा पुल औरावनीमा डिजाइन त्रुटि, सिंगीयाही पुल तेतरीयामा स्ट्रक्चरल त्रुटि, मारीया पुल हरिनगरामा डिजाइन त्रुटि देखिएको छ । प्राविधिक समस्याग्रस्त ५ वटै पुलहरुको ड्रइङ्ग डिजाइनको कार्य सडक विभागद्वारा गराई परामर्शदातालाई डिजाइन खर्च भुक्तानी दिएकोमा त्रुटिपूर्ण कार्य गर्ने त्यस्ता परामर्शदातालाई कुनै कारबाही गरेको छैन ।

अत: त्रुटिपूर्ण ड्रइङ्ग डिजाइन गर्ने परामर्शदातालाई कारबाही गरिनुपर्दछ । आयोजनामा पुल निर्माण क्रममा विशेषज्ञता प्राप्त स्ट्रक्चरल इन्जिनियर तथा जीयोलोजिकल इन्जिनियरको दरबन्दीको व्यवस्था हुनुपर्दछ ।

१३४.४ निर्माण कार्यको ठेक्का व्यवस्थापन सम्बन्धी कार्य समयबद्ध र प्रभावकारी हुन सकेको छैन । पुल निर्माणको लागि सम्झौतामा तोकिएको समयभन्दा पछाडी पहिलो पटक कार्यालयबाट ६ महिना र त्यसपछि सडक विभागबाट निर्माण व्यवसायीको माग बमोजिम पटक पटक म्याद थप गरेको देखियो । निर्माण कार्य समयबद्ध र प्रभावकारी हुन नसक्नुमा समयमा वार्षिक कार्यक्रम स्वीकृत नगर्नु, आवश्यकता अनुसार बजेट विनियोजन नगर्नु, डिजाईन परिवर्तन गर्नु, निश्चित समयमा ठेकेदारलाई भुक्तानी दिन नसक्नु, बन्द हड्तालका कारण काममा बाधा पुग्नु, सीमा क्षेत्रमा शान्ति सुरक्षामा चुनौती रहनु, वर्षाका कारण सडक क्षतिग्रस्त हुंदा निर्माणस्थलमा पुग्न नसक्नु र निर्माण कार्यको सिलसिलामा स्थानीय अवरोध आउनु जस्ता कारणहरु रहेका छन् ।

ठेक्का व्यवस्थापन प्रभावकारी बनाउन आर्थिक कार्यविधि नियमावली, २०६४ ले तोकेको समयमा वार्षिक कार्यक्रम स्वीकृत गराई आवश्यकतानुसार विनियोजन गरिनु पर्ने, डिजाईन रिभ्यू गरिंदा स्थलगत निरीक्षण नै गर्नुपर्ने, निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेमा नियमानुसार हर्जाना, क्षतिपूर्ति तथा ठेक्का तोड्नेसम्मको कारबाही हुनुपर्ने, स्थानीय अवरोध सिथिल बनाउन स्थानीय राजनैतिक प्रतिबद्धता र छनौटमा जनसहभागिता गराउने व्यवस्था हुनु जरुरी छ ।

१३५. **निर्माण कार्य व्यवस्थापन** – स्वीकृत वार्षिक कार्यक्रम, लक्ष्य र पुल निर्माणको ड्रइङ्ग, डिजाइन, स्पेशिफिकेसन लागत अनुमान तथा ठेक्का सम्झौता अनुसार निर्माण कार्य व्यवस्थापन गरिनुपर्दछ । पुल निर्माण कार्य व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

१३५.१ डिभिजन सडक कार्यालय, बिराटनगरबाट ठेक्का बन्दोबस्त भइ यस आयोजनामा जिम्मेवारी सरी आएको सिङ्गिया खोला पुल निर्माण गर्न एक निर्माण सेवाको मूल्य अभिबृद्धि कर बाहेकको कबोल अङ्क रु.१ करोड ३३ लाख ८८ हजारमा ठेक्का वन्दोवस्त गरेकोमा २०६०।३।३१ भित्रमा कार्यसम्पन्न गर्ने गरी २०५८।३।२५ मा ठेक्का सम्झौता भएकोमा सो ठेक्काको म्याद पटक पटक गरी २०६४।९।२६ सम्म ४ वर्ष ६ महिना थप गरे तापनि काम सम्पन्न हुन नसकेको तथा म्याद थप भएको देखिएन । पुल निर्माण कार्यको रु.७६ लाख ७२ हजार भुक्तानी गरिसकेको छ । लेखापरीक्षणको क्रममा २०६८।८।१३ मा स्थलगत निरीक्षण गर्दा एवुटमेन्ट तथा पियरको क्याप लेभलसम्मको कार्य गरेको र एप्रोच सडकको केही काम गरेको देखियो । क्याप लेभलमाथि रहनुपर्ने डण्डीहरु काटिएको अवस्थामा देखियो । डण्डी काटिएको अवस्थामा रहेकोले थप भएको समयमा समेत कार्य सम्पन्न नहुने देखिएको छ । प्राविधिक प्रतिवेदनअनुसार कंक्रिट वर्कको गुणस्तर राम्रो नभएको र सुपर स्ट्रक्चरको लागि

सिङ्गिया खोला पुल

एबुटमेन्ट तथा पियरको क्याप लेभलहरु सबै हटाउनु पर्ने देखिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार आवश्यक कारबाही गरी पुल निर्माण कार्य सम्पन्न गराउनु पर्ने देखियो ।

१३५.२ रतुवा नदी पुल निर्माणका लागि कबोल अङ्क रु.८ करोड ८७ लाख ९५ हजारको ठेक्का २०६५।३।१६ मा स्वीकृत भई २०६७।३।२८ सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसंग सम्झौता भएकोमा उक्त म्यादभित्र पुलको जगको समेत काम सम्पन्न हुन सकेन । लेखापरीक्षणको क्रममा २०६८।८।८ मा स्थलगत निरीक्षण गर्दा ९ वटा वेल फाउण्डेशनको ढलान कार्य मात्र समाप्त भएको, पुलको फाउण्डेशन गर्ने समयमा खोलाको पुर्वी किनारा नियन्त्रण गर्ने कार्य नगरिएकोले पूर्वतर्फको एवुटमेन्टभन्दा झण्डै १०० मिटर पूर्वतर्फ नदी बगेको देखियो । उक्त पुल निर्माणको क्रममा सिगल लेनलाई डबल लेन बनाएको कारण लागत बढ्न गई रु.१० करोड ५३ लाख २ हजार पुगेको र सो निर्णयका लागि १ वर्ष ढिलाई भएको पाइयो ।

रतुवा नदी पुल

समग्रमा पुल निर्माण आयोजनाबाट निर्माणाधीन पुलहरुको काममा ढिलाई भएको, कतिपय स्थानमा एप्रोच सडक नभएको, कतिपय निर्माण भइसकेका संरचनाहरु भत्केको, पुल उपयुक्त स्थानमा नभएको, पुल निर्माणको क्रममा टिल्ट भएको, पुलको निर्माण स्थगित भएको तर निर्माण सम्पन्न कामको संरक्षण हुन नसकेको, पुलको डिजाइन परिवर्तन गर्नु परेको अवस्था देखिएको छ । पुलको सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, डिजाइन गर्ने क्रममा पर्याप्त ध्यान नदिएको, निर्माण स्थल छनौट गर्दा समुचित सजगता नअपनाएको कारणले उपर्युक्त समस्याहरु देखिएका छन् । त्यसैले सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन, सर्वेक्षण पश्चात पुलको लागत अनुमान तयार गर्दा निर्माण कार्य सुरुवात गरिनु पर्ने, पुल निर्माणको प्रगति कडाईकासाथ अनुगमन गरी समयमा कार्यसम्पन्न नगर्ने, निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार कारबाही गरिनुपर्दछ ।

१३६. **गुणस्तर नियन्त्रण तथा परीक्षण –** आयोजनाले पुल निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा परीक्षणका लागि निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु क्षेत्रीय प्रयोगशाला इटहरी, इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकको प्रयोगशाला, सम्बन्धित उत्पादन उद्योगको प्रमाण पत्रको आधारमा गुणस्तर कायम गराउने गरेको जनाएको छ । पुल निर्माणको क्रममा कार्यालयकै सिभिल इन्जिनियरद्वारा सुपरिवेक्षण तथा अनुगमन गर्ने गरेको देखियो । कार्यालयले डिजाइनको अवधिमा मात्र स्ट्रक्चरल इन्जिनियर तथा मेटेरियल इन्जिनियरको आवश्यकता पर्ने भएकोले निर्माण अवधिमा त्यस्तो जनशक्ति आवश्यकता नपर्ने र निर्माण सामग्रीको आवश्यकता अनुसार गुणस्तर परीक्षण कार्य प्रयोगशालाबाट गराइने जनाएको छ ।

कार्यालयले बालुवा, रोडा, कंक्रिट मिक्स सडक विभागको क्षेत्रीय प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउने जनाएको छ । क्षेत्रीय सडक प्रयोगशालामा मेटेरियल इन्जिनियरको दरबन्दी नरहेकोले विशेषज्ञता प्राप्त नगरेको कर्मचारीबाट निर्माण सामग्रीको गुणस्तर परीक्षण गराउने गरेको देखियो । त्यस्तै कटिङ्ग एज तथा एङ्गलहरु उत्पादन गर्ने उद्योगको प्रमाण पत्रको आधारमा विश्वस्त रही त्यसको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन ।

दीर्घकालीन रुपमा रहने र उपभोक्ताको प्रत्यक्ष सुरक्षा सरोकार भएको पुल निर्माण कार्यका लागि सडक विभाग अन्तर्गत सम्बन्धित विषयका विशेषज्ञको सेवा लिई निर्माण कार्यको गुणस्तर कायम गराउनु पर्दछ ।

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काभ्रेपलाञ्चोक र नुवाकोट

नेपाल सरकारको स्वामित्वमा रहेका कार्यालय भवनहरुको नक्सा डिजाइन, लागत अनुमान तयार गर्नुका साथै निर्माण कार्यको सुपरिवेक्षणसमेत गर्ने गरी भौतिक योजना तथा निर्माण मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत स्थापना गरिएको डिभिजन कार्यालय काभ्रेपलाञ्चोक र नुवाकोटले ७ जिल्लामा कार्यसञ्चालन गर्दै आएका छन् ।

१३७. **खरिद व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम कार्यक्रम सुचारुरुपले निर्धारित समयभित्र कार्यसम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ ।

१३७.१ डिभिजन कार्यालय काभ्रेपलाञ्चोक र नुवाकोटबाट ठेक्का बन्दोबस्त भएका फाइलहरु परीक्षण गर्दा माघमा १, वैशाखमा ११, जेष्ठमा १ र आषाढमा ९ ठेक्का बन्दोबस्त भएको देखियो ।

१३७.२ नमूना एकीकृत वस्ती विकास कार्यक्रम (तराई, मधेश, पहाड, हिमाल) अन्तर्गत धादिङबेशीमा सडक कालोपत्रे गर्ने कार्यक्रम अनुसार २०६६।६७ मा रु.५० लाख खर्च गर्नुपर्नेमा कार्यक्रम तथा अख्तियारी ढिला प्राप्त भई समयमा ठेक्का बन्दोबस्त हुन नसकेको र वर्षायाम सुरु भइसकेकोले सो कार्य सम्पन्न हुन नसकेको स्थिति छ ।

निर्धारित समयमा कार्यक्रम र अख्तियारी प्राप्त नहुँदा खरिद प्रक्रिया सुरु गर्न नसकिने, कार्यालयको भौतिक तथा वित्तीय प्रगति न्यून हुने, एक आर्थिक वर्षको चक्रमा पूरा गर्नुपर्ने काम सीमित समयमा गर्नुपर्ने भएकोले क्षमताभन्दा बढी काम गर्नुपर्ने, धेरै कार्यक्रमको एकै समयमा अनुगमन, नापी, मूल्याङ्कन गर्नुपर्ने, आषाढ महिनामा मात्र धेरै कार्यक्रमको एकैचोटी अन्तिम बिल भुक्तानी गर्नुपर्ने जस्ता कारणबाट त्रुटि तथा जोखिम बढाउने सम्भावना रहेको जानकारी डिभिजन कार्यालय काभ्रेपलाञ्चोकबाट प्राप्त भएको छ ।

१३८. **निर्माण जोखिम –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको थप पन्ध्र प्रतिशतका साथै नियमावलीमा भएका अन्य कुराहरु तथा खरिद सम्झौतामा उल्लेख गरिएका कुराहरुको जोखिम बहन हुने गरी र त्रुटि सच्याउने दायित्वको अवधिसम्ममा भएका हानि नोक्सानी समेतको अवधि तोकी बीमा गर्नुपर्ने, अन्यथा कार्यालयले निर्माण व्यवसायीको पाउनु पर्ने रकमबाट कट्टा हुने गरी बीमा गराई दिनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय काभ्रेपलाञ्चोक र नुवाकोटमा सञ्चालित १४ निर्माण ठेक्काको रु.१५ करोड ९१ लाख ९६ हजार सम्झौता अकमध्ये ३ ठेक्कामा रु.३ करोड ४९ लाख २६ हजारको जोखिम बिरुद्ध बीमा अवधि कम भएको र रु.१२ करोड ४२ लाख ७० हजारको ११ ठेक्कामा जोखिम बिरुद्ध बीमा गरेको देखिएन ।

१३९. **गुणस्तर परीक्षण –** भवन निर्माणको निमित्त उपलब्ध भएका निर्माण सामग्री एवं निर्माण प्रक्रियाको गुणस्तर परीक्षण गर्नुपर्दछ । साथै कार्यालयको प्रत्यक्ष निगरानीमा गुणस्तर नियन्त्रणका लागि नियमित अनुगमन गरी गुणस्तर आश्वस्त हुने आधार तय हुनुपर्दछ । डिभिजन कार्यालय काभ्रेपलाञ्चोक र नुवाकोटले लागत अनुमानमा गुणस्तर परीक्षणको रकमको व्यवस्था गर्ने र निर्माण व्यवसायीले कबोल गरेबमोजिमको रकम प्रयोगशाला परीक्षण पश्चात भुक्तानी गर्ने व्यवस्था गरेको देखिन्छ । निर्माण चरणमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्दा क्यूब टेष्ट, इँटा र डण्डीको स्ट्रेन्थ टेष्ट तथा अन्य ल्याव टेष्ट गर्ने व्यवस्था रहेको जानकारी प्राप्त भए पनि सो अभिलेख

स्वास्थ्य चौकी भवन, पाँचखाल, काभ्रेपलाञ्चोक

अद्यावधिक गरेको देखिएन । तर डिभिजन कार्यालय काभ्रेपलाञ्चोकले पांचखाल गा.वि.स.मा प्राथमिक स्वास्थ्य चौकी निर्माण गर्न रु.३ करोड ८४ लाख ३६ हजारको लागत अनुमान तयार गरी २०६८।९।७ सम्ममा कार्यसम्पन्न गर्ने गरी २०६७।३।२५ मा सम्झौता गरेको देखिन्छ । सम्झौता अक रु.३ करोड ८१ लाख ६५ हजार रहेको उक्त निर्माणको क्रममा रहेको भवनको च्यामको दक्षिण पश्चिम खण्डको केही भाग चर्केको देखिएकोले गुणस्तर परीक्षण प्रक्रिया सन्तोषजनक रहेको अवस्था देखिदैन । त्यसो हुनुमा गुणस्तर परीक्षण प्रक्रियामा कार्यालयको प्रत्यक्ष निगरानी नहुनु, गुणस्तर मापनमा अनुगमन हुन नसक्नु, निर्माण कार्यको बाक्लो सुपरिवेक्षणको अभाव जस्ता कारकतत्वहरु रहेका छन् । तोकिएको गुणस्तर परीक्षण प्रक्रियाबाट गुणस्तर आश्वस्त हुने अवस्था नहुंदा निर्मित भवनको सम्भावित आयु यकिन गर्न नसकिने, भवन भत्कन सक्ने जोखिमको मात्रामा वृद्धि हुने भएकोले राज्यलाई बढी व्ययभार पर्न जाने स्थिति रहन्छ । तसर्थ निर्माणाधीन एवं निर्मित भवनहरुको उचित तवरले गुणस्तर परीक्षण गर्ने एवं प्रयोगशाला प्रतिवेदन अनिवार्य रुपमा लिई अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउनुपर्दछ ।

१४०. **भवन ऐनको परिपालना –** शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरुले भवन ऐनको प्रावधानको पालना नगरेको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१४०.१ भवन ऐन, २०५५ को दफा ११ बमोजिम नगरपालिका क्षेत्रभित्र दफा ८ मा उल्लिखित (क), (ख) र (ग) वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून बमोजिम स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ डिजाइन पेश गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय काभ्रेपलाञ्चोकले दुइवटा भवन निर्माणको स्वीकृतिको लागि नगरपालिका समक्ष पेश गरेको र नुवाकोटले हालसम्म सो व्यवस्थाको कार्यान्वयन गरेको पाइएन । ऐनमा रहेको उक्त व्यवस्थाको पूर्ण कार्यान्वयन हुन नसक्नुमा तालुक कार्यालयबाट कार्यान्वयन गराउन कुनै चासो नदेखाउनु, नक्सा पासको प्रक्रिया झन्झटिलो भएकोले कम प्राथमिकतामा पर्नु जस्ता कारणहरु रहेका छन् । नगर क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास नगराउंदा नगरपालिकालाई नगर क्षेत्रभित्रका भवनहरुको लगत अद्यावधिक गर्न कठिनाइ पर्नु, नक्सा पासबापतको आन्तरिक आयमा कमी आउनुका साथै नगर क्षेत्रभित्र खानेपानी, ढल लगायतका अन्य विकास कार्यक्रमहरु कार्यान्वयन गर्न तथ्याङ्कीय समस्या आइपर्ने देखिन्छ । अत: नगर क्षेत्रभित्र निर्माण हुने सरकारी भवनहरुको हकमा कार्यालयले आवश्यक ड्रइङ्ग, डिजाइन तयार गरी नगरपालिकाबाट स्वीकृति लिने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

१४०.२ भवन ऐन, २०५५ को दफा १२(२) बमोजिम नगरपालिकाले भवन संहिता बमोजिम नक्सा स्वीकृत गरे नगरेको सम्बन्धमा शहरी विकास कार्यालयले आवश्यक जाँचबुझ गर्न सक्ने र सोको प्रतिवेदन भवन निर्माण व्यवस्था सुदृढीकरण समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय काभ्रेपलाञ्चोकले नगरपालिकाहरुमा नक्सा स्वीकृतिको लागि आफ्नै किसिमको मापदण्ड रहेको र हालसम्म सोही मापदण्डमा आधारित रही नक्सा स्वीकृत गर्ने गरेको जवाफ दिएको छ । जसबाट भवन संहिता बमोजिमको भवन रहे नरहेको यकिन गरी प्रतिवेदन दिएको अवस्था खुल्न सकेको छैन । त्यसैगरी डिभिजन कार्यालय नुवाकोटले सो सम्बन्धमा जाँचबुझ नभएको जानकारी दिएको छ । यसरी जांचबुझ नगरेमा मापदण्ड एवं गुणस्तरबमोजिम भए नभएको सुनिश्चित हुने आधार देखिदैन । तसर्थ कार्यालयले ऐनमा उल्लिखित व्यवस्थाको कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना तयार गरी जाँचबुझ गर्नुपर्दछ ।

१४०.३ भवन ऐन, २०५५ को दफा १३ बमोजिम कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्रभित्रको हकमा नगरपालिकाले र गाउं विकास समितिको हकमा शहरी विकास कार्यालयले सुपरिवेक्षण गर्न सक्ने व्यवस्था छ । डिभिजन कार्यालय काभ्रेपलाञ्चोकले काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, रामेछाप तथा नुवाकोटले रसुवा, नुवाकोट, धादिङका विभिन्न गाउँ विकास समितिहरुमा निर्मित भवनहरुको सुपरिवेक्षण गरेको देखिदैन । जिल्लाका गाउं विकास समितिहरु अति दुर्गम स्थानमा रहनु, सुपरिवेक्षणबाट औंल्याइएका कमी कमजोरीहरुलाई सुधार गर्न सक्ने अवस्था सिर्जना हुन नसक्ने सोचाइ रहनु, सुपरिवेक्षण गर्ने जनशक्ति अपर्याप्त भएको कारणले गर्दा

उक्त कार्यसम्पादन हुन नसकेको कार्यालयबाट जानकारी प्राप्त भएको छ । जसले गर्दा नगर उन्मुख क्षेत्रमा निर्माण भएका भवनहरुको वस्तुस्थिति मूल्याङ्कन गर्न सकिने अवस्था देखिदैन । तसर्थ कार्यालयले समय समयमा आवश्यक कार्ययोजना तयार गरी सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४१. **अनुगमन तथा मूल्याङ्कन** – डिभिजन कार्यालयहरुबाट सम्पादन हुने क्रियाकलापहरुको समय–समयमा अनुगमन मूल्याकन गरी आवश्यक सुधार गर्नुपर्ने हुन्छ । डिभिजन कार्यालयद्वारा सम्पादित क्रियाकलापको स्थलगत निरीक्षण गर्ने क्रममा सम्बन्धित प्राविधिकहरुको उपस्थिति न्यून रहेको गुनासो सरोकारवालाबाट प्राप्त भएको छ । सम्बन्धित निर्माण स्थलमा अनुगमन पुस्तिका नरहेको कारण के कति समयमा अनुगमन भएको छ भनी आश्वस्त हुने आधार देखिएन । सम्बन्धित प्राविधिकहरुसँग छलफल गर्दा भवन निर्माण गर्ने क्रममा छत ढलानको निमित्त रड बांध्ने कार्यको निगरानीका लागि विशेष अनुगमन गरिने व्यहोरा जानकारी प्राप्त भएको छ । यसरी निर्माण कार्यको पर्याप्त अनुगमन हुन नसक्नुमा जनशक्तिको अभाव हुनु, अति दुर्गम स्थानमा कार्यक्षेत्र रहनु आदि कारणहरु रहेका छन् । पर्याप्त मात्रामा अनुगमन नहुनाले तोकिएको गुणस्तरमा कार्यासम्पादन हुन सक्ने सम्भावना न्यून रहन सक्दछ । तसर्थ आवश्यक स्रोत साधनको व्यवस्था मिलाई स्पष्ट कार्ययोजना बनाई अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

संगठित संस्था समिति र अन्य संस्थातर्फ

नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड

सार्वजनिक निर्माणसम्बन्धी कार्य गर्न २०१८ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित छ । कम्पनीको २०६७६८ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

१४२. **सञ्चालन नतिजा** – यो वर्षको गैरव्यावसायिक आम्दानी रु.७१ लाख ३ हजार भएकोमा प्रशासनिक खर्च, ह्रास खर्च र उपदान व्यवस्थासमेत गरी रु.३ करोड ३९ लाख ५४ हजार व्यय भई रु.२ करोड ६८ लाख ५१ हजार खुद नोक्सान भएको छ ।

१४३. **स्थिर सम्पत्ति –** स्थिर सम्पत्ति रु.४३ लाख ६४ हजार देखाएकोमा स्थिर सम्पत्तिको वास्तविक अवस्था देखिने अभिलेख प्रस्तुत नभएकोले सम्पत्तिको वास्तविक मूल्य पहिचान हुने अवस्था देखिएन । स्थिर सम्पत्तिको भौतिक परीक्षण समेत गरेको छैन ।

१४४. **निर्माण सामग्री –** विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै ल्याएको रु.९ लाख ७२ हजारको निर्माण सामग्रीको भौतिक परीक्षण गरी लिलाम गर्ने वा नाफा नोक्सान खातामा खर्च लेखी समायोजन गर्नुपर्नेमा गरेको छैन ।

१४५. **लिन बाँकी आसामी –** विगतदेखि लिन बाँकी असामी रु.१३ करोड ७५ लाख ५४ हजारको समर्थन पत्र लिएको छैन । सोमध्ये बाहिरी परियोजनाबाट उठ्न बाँकी आसामी रु.४० हजार र उपत्यका निर्माण परियोजनाबाट उठ्न बाँकी रु.२१ लाख ६० हजार रहेको छ ।

१४६. **नगद तथा बैङ्क मौज्दात –** नगद तथा बैंङ्क मौज्दात रु.२ लाख ३७ हजार रहेकोमा बैङ्क मौज्दातको समर्थन पत्र प्राप्त गरेको छैन ।

सडक बोर्ड नेपाल

सडक बोर्ड ऐन, २०५८ अनुसार गठित यस बोर्डको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन:

१४७. **कानूनको पालना**– नेपाल आयल निगमबाट प्राप्त विवरणअनुसार यो वर्षमा सवारी इन्धन दस्तुरबापत रु.१ अर्ब ७५ करोड ८८ लाख २१ हजार र यातायात व्यवस्था विभागबाट प्राप्त विवरण अनुसार सवारीसाधन दस्तुरबापत रु.१ अर्ब ५९ करोड ७६ लाख २३ हजारसमेत रु.३ अर्ब ३५ करोड ६४ लाख ४४ हजार असुल

भएको देखिएकोमा यो वर्ष बोर्डलाई रु.२ अर्ब ६६ करोड १६ लाख अनुदान उपलब्ध गराइएकोले दस्तुर उठाउने काममा उक्त ऐन विपरीत सरकारको प्रत्यक्ष संलग्नता देखिनुका साथै असुल भएको सबै रकम सडक बोर्डले प्राप्त गरी तोकिएको काममा खर्च गर्ने गराउने सो ऐनको उद्देश्य र मनसाय पनि पूरा हुन सकेको छैन ।

१४८. **पूर्व निर्धारित क्षतिपूर्ति –** सडक बोर्डअन्तर्गत सडक उपभोग दस्तुर सङ्कलन गर्ने ठेकेदारसँगको ठेक्का सम्झौताको शर्त २६ अनुसार प्रत्येक महिनाको किस्ता सोही महिनाको ७ गतेभित्र बुझाउनुपर्ने, सो अवधिमा नबुझाएमा सम्झौताको शर्त २७.१ अनुसार बुझाउन बाँकी रकममा प्रतिदिन ०.५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लगाई असुल गर्नुपर्ने व्यवस्था छ । नौविसे मुग्लिङ खण्डको एक ठेकेदारबाट ढिलो बुझाएको १८७ दिनको हर्जना रु.२६ लाख ४४ हजार र नारायणगढ हेटौंडा खण्डको एक ठेकेदारबाट ढिलो बुझाएको २०७ दिनको रु.२० लाख ६२ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको पाइएन ।

१४९. **मूल्य अभिवृद्धि कर –** ठेकेदारसँग भएको सम्झौताको दफा २८.२ र मूल्य अभिवृद्धि कर ऐनको दफा १९ (६) अनुसार ठेकेदारहरुले प्रत्येक महिना मूल्य अभिवृद्धि कर तिर्नुपर्नेमा दुई ठेकेदारको ठेक्का अवधिकोल पूरै बाँकी रु.९४ लाख ८६ हजार मूल्य अभिवृद्धि कर असुल हुन बाँकी रहेको छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१५०. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा २४ कार्यालयबाट रु.२८ लाख २६ हजार, प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३२ कार्यालयबाट रु.७८ लाख ५२ हजार र सम्परीक्षणको क्रममा ४५ कार्यालयबाट रु.४ करोड ३५ लाख २ हजार असुल भएको छ ।

१५१. **पेश्की –** मन्त्रालय र अन्तर्गतका सरकारी कार्यालयमा २०६८ आषाढ मसान्तमा रु.२ अर्ब ६६ करोड ९५ लाख १ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.१८ लाख ५२ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ६६ करोड ७६ लाख ४९ हजार पेश्की बाँकी देखिएको छ । गत विगतको समेत रु.७ अर्ब ९ करोड ७८ लाख ५ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१५२. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१५२.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फ यो वर्ष रु.४ अर्ब ३१ करोड ७४ लाख ८१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ४७ लाख ३ हजार फछ्यौंट गरेकाले रु.४ अर्ब २९ करोड २७ लाख ७८ हजार बाँकी रहेको छ ।

अन्य संस्था, समितितर्फ यो वर्ष रु.५५ करोड ९१ लाख ३६ हजार बेरुजू देखिएको छ ।

१५२.२ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखिको बाँकी बेरुजू मध्ये सरकारी कार्यालयतर्फ रु.१ अर्ब ६७ करोड २२ लाख १३ हजार र अन्य संस्था समितितर्फ रु.२ करोड ८९ लाख २७ हजार फछ्यौंट गरेकाले सम्परीक्षण गरिएको छ ।

१५२.३ वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१३ करोड ६५ लाख ८६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.१ अर्ब ८३ करोड ७७ लाख २६ हजारमध्ये सरकारी कार्यालयतर्फ रु.१ अर्ब ८० करोड ३ लाख १८ हजार र संस्था समितितर्फ रु.३ करोड ७४ लाख ८ हजार रहेको छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

मन्त्रालय र मातहतसमेत ८६ कार्यालयको यो वर्ष बिनियोजनतर्फ रु.१ अर्ब ३ करोड ५० लाख ३४ हजार, राजस्वतर्फ रु.३ करोड ३० लाख ८ हजार र धरौटीतर्फ रु.७२ लाख ४४ हजार र अन्य कारोबारतर्फ रु. ५१ लाख ३३ हजार गरी रु. १ अर्ब ८ करोड ४ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका समिति तथा अन्य संस्था ५ को रु.२५ करोड ९ लाख ६१ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **प्राविधिक सहायता –** अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोत पुस्तिकामा नपरेको) मा यस मन्त्रालयसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धीसँग सम्बद्ध प्रतिवेदन तयारीका लागि युनिसेफबाट रु.२२ लाख २१ हजार र बालअधिकार संवर्द्धन तथा संरक्षणका लागि संस्थागत तथा कानूनी संरचना सुदृढीकरण कार्यक्रमका लागि प्लान नेपालबाट रु.२ करोड प्राप्त हुने उल्लेख छ । उक्त प्राविधिक सहायतासम्बन्धी सम्झौता, खर्च र प्राप्त उपलब्धिको विवरण उपलब्ध गराउन मन्त्रालयलाई अनुरोध गरिएकोमा प्राप्त भएन ।

युनिसेफबाट प्राप्त रकम खर्च नभई सम्बन्धित संस्थामा फिर्ता पठाएको, प्लान नेपालबाट प्राप्त रु.२१ लाख ९७ हजार मन्त्रालयबाट खर्च भएको र अन्य रकम खर्च नभएको जवाफ मन्त्रालयबाट प्राप्त भएको छ । प्लान नेपालबाट प्राप्त रकमको लेखापरीक्षण गराएको छैन ।

२. **धर्मपुत्र –** विकास समिति ऐन, २०१३ बमोजिम २०६७।१०।६ देखि अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ लागू भएपछि ८१ धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिएबापत प्राप्त रकम रु.१ करोड ५६ लाख ८९ हजार आम्दानी गरी रु.७ लाख ६१ हजार खर्च गरेको छ । गठन आदेश पूर्व १४६ धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिएबापतको रकम राजस्वमा जम्मा गरेको छ । गठन आदेशबमोजिम धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रियामा तोकिएबमोजिमका बालकल्याण गृह, अनाथालय वा बालमन्दिर सूचीकरण तथा विदेशी संस्था वा एजेन्सीको सूचीकरण जस्ता कार्यमा खर्च गर्न प्राथमिकता दिनुपर्ने उल्लेख छ । यो वर्ष इटालीको रोममा आयोजना भएको दुई दिने धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी अन्तरक्रिया र नेपालबाट पठाइएका धर्मपुत्र, धर्मपुत्रीको अनुगमन गर्न विकास समितिका अध्यक्ष र मन्त्रालयका उच्चस्तरीय चारजनाको टोली सहभागी भएकोमा अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।

३. **आयोजना कार्यान्वयन –** एसियाली विकास बैङ्कको ऋण सहयोगमा सञ्चालित महिला समानता तथा महिला सशक्तीकरण कार्यक्रम २०६३ देखि सुरु भई २०६८ पौषमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०७०।३।१६ सम्म अवधि बढाइएको छ । कार्यक्रमको लागत रु.१ अर्ब १० करोड ९० लाख २५ हजार (अमेरिकी डलर १ करोड ५५ लाख) रहेकोमा रु.६१ करोड ४५ लाख ३१ हजार खर्च (५५.४१ प्रतिशत) भएको छ । आयोजना सम्पन्न हुन २ वर्षभन्दा कम अवधि बाँकी रहेको र २०६८।६९ का लागि रु.२० करोड ३० लाख ६९ हजार बजेट व्यवस्था भएको छ । आयोजना यथासमयभित्रै सम्पन्न गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ ।

४. **अनुगमन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालबसाली प्रकृतिको बाहेक विशेष प्रकारको पटके कार्यक्रम सञ्चालनार्थ निकासा दिएको रकमबाट भएका कार्यको आय–व्ययको प्रगति विवरण लिई लक्ष्यअनुसार खर्च गरे वा नगरेको, लेखापरीक्षण भए नभएको अध्ययन, अनुगमन मूल्याङ्कन गरी मन्त्रालयले वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले एक जातीय मुक्तिसमाजलाई

छुवाछुत प्रथा उन्मूलन अभियान सञ्चालन गर्न रु.२० लाख अनुदान दिएको समेत मातहतका २९ कार्यालय मार्फत विभिन्न संघ संस्थालाई समाज कल्याण कार्यक्रमबाट मन्त्रीस्तरीय निर्णयअनुसार संस्था छनौट गरी रु.१ करोड ३२ लाख २५ हजार अनुदान निकासा दिएको छ । मन्त्रालयबाट राष्ट्रिय अपाँङ्ग महासंघ समेत १२ गैरसरकारी संस्थालाई रु.१ करोड २९ लाख, बाल कार्यक्रमबाट २ संस्थालाई रु.१५ लाख र महिला तथा बालबालिका कार्यालय कपिलवस्तुबाट १ संस्थालाई रु.१५ लाखसमेत रु.३० लाख, मन्त्रालयको पूँजीगत बजेटबाट तनहूँको एक स्मृति कोषलाई रु.२३ लाख अनुदान निकासा दिएको छ । सम्झौताअनुसार कार्यक्रम सञ्चालन भई प्रगति भए नभएको सम्बन्धमा मन्त्रालयबाट प्रगति विवरण लिई लेखापरीक्षण गराए नगराएको सम्बन्धमा अनुगमन मूल्यांङ्कन गर्ने गरेको पाइएन ।

५. **छाउपडी कार्यक्रम** – छाउपडी प्रथामा हुने गरेको विभेद एवं हिंसाका घटना नियन्त्रण गर्न नेपाल सरकार र सेभ द चिल्ड्रेनबीच २०६४।१।२१ मा समझदारीपत्रमा हस्ताक्षर भएको छ । कार्यक्रम लागू भएका अछाम, डोटी, बाजुरा जिल्ला र विभागमा समेत गरी यो वर्ष रु.७२ लाख ७९ हजार प्राप्त भएकोमा रु. ६७ लाख ३९ हजार खर्च भएको छ ।

वैदेशिक सहायता प्राप्त गर्दा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहमति लिनुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७(१) मा भए तापनि स्वीकृति लिएको छैन । साथै सहयोग रकम कार्यक्रम तथा बजेटमा समावेश गरेको छैन । यस सम्बन्धमा सुझावअनुरुप नेपाल सरकारको नियमित कार्यक्रमबाट गर्न दातृ संस्थालाई अनुरोध गर्ने जवाफ प्राप्त भएको छ ।

६. **चालू कोष (बीउ पूँजी)** – महिला सशक्तिकरणका निम्ति महिला तथा बालबालिका कार्यालयमार्फत प्रवर्द्धन गरिएका महिला सामुदायिक संस्था समितिहरुमा संगठित महिलाहरुको आय आर्जन क्रियाकलापका निम्ति आधार स्रोतका रुपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा पुऱ्याउने उद्देश्यले चालू कोष स्थापना गर्ने चालू कोष स्थापना तथा बीउ पूँजी परिचालन निर्देशिका, २०६० ले गरेको छ । उक्त निर्देशिमा तोकिएको ढाँचामा बीउ पूँजीसम्बन्धी अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ ।

विभागबाट प्राप्त चालू कोषसम्बन्धी केन्द्रीय आर्थिक विवरणअनुसार यो वर्षसम्म ७५ कार्यालयलाई रु.११ करोड १७ लाख ८० हजार पठाएको देखिन्छ । केन्द्रीय आर्थिक विवरणमा ७५ जिल्लाकै कोषको हिसाब नदेखाई ३८ कार्यालयको चालू कोष रकममात्र समावेश गरेको छ । कार्यालयहरुले निर्देशिकाले तोकेको ढाँचामा अभिलेख नराखेबाट ब्याज र असुली रकमको स्थिति यथार्थपरक भएन । केन्द्रीय आर्थिक विवरण र ६ कार्यालयबाट प्राप्त आर्थिक विवरण भिडान गर्दा विभागले देखाएको भन्दा धनुषा, चितवन, काठमाडौं, सिन्धुपाल्चोक र रसुवासमेतले रु.२९ लाख ९३ हजार घटी र काभ्रेपलान्चोकले रु.९ लाख ३७ हजार बढी मौज्दात देखाएको छ । विभाग र मातहत सबै कार्यालयको हिसाब तोकिएको ढाँचामा राखिनुपर्दछ ।

७. **सामान खरिद** – खरिद योजनाअनुसार यो वर्ष ९७ आइटम सामान आवश्यक पर्ने उल्लेख गरी रु.३० लाख ७७ हजारको लगत इष्टिमेट स्वीकृत गरेको पाइयो । सामान खरिद गर्न बोलपत्र आव्हान गरेकोमा प्राप्त बोलपत्रमध्ये सबैभन्दा कम दररेट पेश गर्ने एक आपूर्तकको रु.२ लाख ५५ हजारको बोलपत्र स्वीकृत गरी २०६७।११।२९ मा सम्झौता गरेको छ ।

सम्झौता गर्दा ९७ आइटम सामान आपूर्ति गर्ने गरी गरिएकोमा ३ बीजकबाट ७७ आइटम सामान खरिद गरी रु.२ लाख ८८ हजार खर्च गरेको छ । आपूर्तकले न्यून मूल्य कबोल गरेका सामान खरिद गरेको देखिएन । यस अतिरिक्त सम्झौतामा नभएका ३७ आइटम सामान प्रतिस्पर्धाबेगर सोही आपूर्तकबाट खरिद गरी रु.२ लाख ६३ हजार खर्च लेखेको छ ।

अन्य संस्थातर्फ

समाज कल्याण परिषद्

समाज कल्याण ऐन,२०४९ अन्तर्गत सञ्चालित यस परिषदको यो वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

८. **वासलात** – समाज कल्याण परिषदको आर्थिक प्रशासन नियमावली, २०५० को नियम २५(२) अनुसार परिषद्ले तोकिएबमोजिम सम्पत्तिको विवरण तयार गरी वासलात तयार गर्नुपर्नेमा तयार नगरेकोले परिषद्को वास्तविक सम्पत्ति र दायित्व यकिन हुन सकेन ।

९. **स्वामित्व** – अचल सम्पत्ति विवरणअनुसार समाज कल्याण परिषद् लैनचौरको २८ रोपनी १४ आना, भृकुटीमण्डपको २१४ रोपनी १४ आना २ पैसा, दुवाकोट भक्तपुरको ४१३ रोपनी २ आना, बुढानीलकण्ठ, नयाँबानेश्वर र बाल्मीकी क्याम्पसको पूर्वपट्टि रहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको देखिएन । भक्तपुर दुवाकोटको जग्गा दँगा प्रहरी र परोपकार बाल ग्रामलाई केही वर्षको लागि भोगचलनमा दिएकोमा सोसम्बन्धी सम्झौता पेश नभएको व्यहोरा औल्याउदै आएकोमा स्थिति यथावत छ ।

१०. **घर तथा जग्गा भाडा** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०.१ तात्कालीन काठमाडौं नगरपालिकाको अनुरोधमा २०४९ मा ३ महिनाको लागि खुलामञ्चबाट सारिएका व्यापारीलाई भृकुटीमण्डप भित्रको जग्गा प्रयोग गर्न उपलब्ध गराएकोमा हालसम्म अन्यत्र सार्ने व्यवस्था भएको छैन । सो जग्गा समयानुकूल दरमा भाडा लगाइनुपर्दछ ।

१०.२ साठी रोपनी क्षेत्रमा फैलिएको भृकुटीमण्डप मेला क्षेत्रको मासिक रु.२ लाख ६ हजार भाडा बुझाउने गरी ५ वर्षको लागि एक व्यक्तिसँग २०६१।१२।१७ मा संझौता भएको थियो । सम्झौता अवधि २०६६।१२।१६ मा सकिए पनि सोही व्यक्तिलाई पुरानै भाडा दरमा उपभोग गर्न दिएको छ ।

१०.३ क्षेत्रफल नखुल्ने भृकुटीमण्डप इच्छुमति तरकारी बजार (टुकुचा) क्षेत्र टेण्डर प्रक्रियाबाट एक व्यक्तिलाई मासिक रु.५ लाख ५० हजार भाडा बुझाउने गरी २०६०।५।८ मा भाडामा दिएको देखिन्छ । ठेक्का सम्झौताको म्याद २०६३।९।१६ मा समाप्त भइसकेपछि पनि पुरानै भाडा दरमा नघट्ने गरी सोही व्यक्तिलाई उपभोग गर्न दिनु मनासिब देखिएन ।

१०.४ समाज कल्याण परिषद्को कार्यसञ्चालन समितिको २०६६।१२।१६ को निर्णय नं ५ अनुसार उक्त मिति पूर्वका निर्णयबाट नि:शुल्क र छुटमा उपलब्ध गराइएका स्टल, पक्की भवन, घर, टहरा, जग्गा आदि उक्त मितिबाट नि:शुल्क वा छुटमा नदिने निर्णय भएको देखिन्छ । परिषद्बाट उपलब्ध विवरणअनुसार भृकुटीमण्डपस्थित घरजग्गा एक खोजतलास समन्वय केन्द्रलाई नि:शुल्क र ६ संस्थालाई परिषदले तोकेको भाडामा ७५ प्रतिशत छुट गरी भाडामा दिएको देखिन्छ । यसरी भाडा छुटमा उपलब्ध गराउँदा परिषद्को आम्दानीमा असर पर्ने हुँदा छुटमा उपलब्ध गराउने व्यवस्था अन्त्य गरी प्रतिस्पर्धाको माध्यमबाट भाडामा दिने व्यवस्था गर्नुपर्दछ ।

११. **एकद्वार प्रणाली** – यो वर्ष दर्ता भएका ९३७ गैरसरकारी संघ संस्थाको १ हजार ३० कार्यक्रमको लागि रु.६ अर्ब २ करोड १६ लाख ९९ हजार बराबरको कार्यक्रम स्वीकृत भएको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ४४ सँग रु.२ अर्ब २८ करोड १७ लाख ८१ हजारको कार्यक्रम सम्झौता र ३५ संस्थासँग वार्षिक रु.८७ करोड ५७ लाख साधारण सम्झौता भएको विवरण प्राप्त भएको छ । वैदेशिक सहायता नीति, २०५९ को कार्यान्वयनसँगै एकद्वार प्रणालीअन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको छाता संगठनको रुपमा परिषद् रहने र सम्झौता पनि परिषद्सँग हुने प्रावधान रहेको छ । सुरु सम्झौता समाज कल्याण परिषद्सँग हुने प्रावधान रहे तापनि अर्थ मन्त्रालय, पररा्ष्ट्र मन्त्रालय, गृह मन्त्रालय तथा सम्बन्धित मन्त्रालयमार्फत कार्यान्वयनस्तरमा सम्झौता गरी सहयोग प्राप्त हुने व्यवस्थाले वास्तविक सहयोगको स्थिति यकिन हुन

नसकेको अवस्था रहेको छ । ऐन नियममा स्पष्ट व्यवस्था गरी एकद्वार प्रणालीअन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी सहायता प्राप्त हुनुपर्दछ ।

१२. **अनुगमन, मूल्याङ्कन** – समाज कल्याण ऐन, २०४९ को दफा ९(क) अनुसार परिषद्ले समाज कल्याण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, सामाजिक संघ संस्थालाई सहयोग गर्ने, तिनीहरुका बीच समन्वय गर्ने र तिनीहरुको कामको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने गराउने व्यवस्था छ । उक्त कार्य गर्न निश्चित मापदण्ड र निर्देशिका तयार नगरी परिषद्ले यो वर्ष अनुगमन मूल्याङ्कनमा रु.१ करोड ७१ लाख ४३ हजार खर्च गरेको छ ।

समाज कल्याण ऐन, २०४९ को दफा २०(१) अनुसार परिषद्सँग आवद्ध भएका वा परिषद्मार्फत आर्थिक सहयोग प्राप्त गरेका कुनै सामाजिक संघ संस्थाको कार्य समितिले आफ्नो विधान विपरीत काम गरेमा त्यस्तो कार्य समितिलाई परिषद्को सिफारिसमा नेपाल सरकारले तोकिएको अवधिसम्म निलम्वन गर्न वा विघटन गर्न सक्ने व्यवस्था भए पनि अनुगमन सुपरिवेक्षण र मूल्याङ्कन टोलीबाट प्रतिवेदन लिई अभिलेख राख्ने र कार्यान्वयन गर्ने गरेको देखिएन । सोही ऐनको दफा २३(२) अनुसार परिषद्सँग आवद्ध सामाजिक संघ संस्थासंग लेखापरीक्षणको प्रतिवेदनसहित आफूले गरेको कामको विवरण देखिने वार्षिक प्रतिवेदन लिई अभिलेख राखी अनुगमन मूल्याङ्कन गरेको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१३. **असुली –** यो वर्ष लेखापरक्षिणको क्रममा २० कार्यालयबाट रु.४ लाख १२ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ७ कार्यालयबाट रु.२ लाख १६ हजार र सम्परीक्षणको क्रममा रु.२ लाख ५५ हजार समेत रु.८ लाख ८३ हजार असुल भएको छ ।

१४. **पेश्की–** मन्त्रालयअन्तर्गतका २५ सरकारी कार्यालयमा २०६८ अषाढ मसान्तमा रु.३ करोड ४२ लाख १२ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.५ लाख ७ हजार फछ्यौंट गरी २३ कार्यालयको रु.३ करोड ३७ लाख ५ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१८ लाख ७४ हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.१० करोड ५८ लाख १९ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१५.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.९ करोड ४५ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२८ लाख ७८ हजार फछ्यौंट गरेकोले रु.९ करोड १६ लाख ६१ हजार बाँकी रहेको छ ।

१५.२ समिति र अन्य संस्थातर्फ यो वर्ष रु.२ करोड ८४ लाख ५० हजार बेरुजू देखिएको छ ।

१५.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.२ करोड २३ लाख २७ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१५.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.६ करोड २० लाख ८३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.८ करोड ४४ लाख १० हजारमध्ये रु.३ करोड ७१ लाख १६ हजार सरकारी कार्यालयतर्फ र रु.४ करोड ७२ लाख ९४ हजार अन्य संस्था, समितितर्फ रहेको छ ।

युवा तथा खेलकूद मन्त्रालय

मन्त्रालयको यो वर्ष विनियोजनतर्फ रु.४७ करोड २१ लाख ९९ हजार, राजस्वतर्फ रु.२ लाख ५४ हजार, धरौटीतर्फ रु.९ लाख २१ हजार गरी रु.४७ करोड ३३ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका अन्य संस्था एकको गत वर्षको रु.२७ करोड ६६ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुदान –** सामाजिक सेवा सशर्त अनुदान शीर्षकबाट राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न ४१ जिल्ला खेलकूद विकास समितिलाई रु.५५ लाख ५० हजार, खेलकूद शिक्षक तालिम केन्द्रलाई रु.१७ लाख ६६ हजार र ६५ जिल्ला खेलकूद विकास समितिलाई खेलकूद मैदान निर्माण गर्न रु.१९ लाख १० हजारसमेत रु.९२ लाख २६ हजार निकासा गरेको छ । अनुदानबाट भएको कामको कार्य प्रगति तथा खर्च सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरेको छैन । सम्बन्धित समितिको लेखापरीक्षण प्रतिवेदन लिई अनुगमन गरी सम्बन्धित कार्यक्रममा खर्च हुन वाँकी रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

अन्य संस्था

राष्ट्रिय खेलकूद परिषद्

खेलकूदसम्बन्धी तालिम सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न खेलकूद विकास ऐन, २०४८ अन्तर्गत परिषद्को स्थापना भएको हो । परिषद्ले २०६७६८ को स्रेस्ता पेश नगरेकोले लेखापरीक्षण हुन सकेन । यो वर्ष २०६६।६७ को लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

२. **आय–व्यय –** यो वर्ष आय रु.३७ करोड ४७ लाख १८ हजार र व्यय रु.३४ करोड ५१ लाख ८८ हजार भई रु २ करोड ९५ लाख ३० हजार बचत देखाएको छ । करारबमोजिम एक व्यवसायीबाट प्राप्त हुनुपर्ने पौडी पोखरीको रु १८ लाख ३७ हजार आम्दानीमा लेखाङ्कन गरेको छैन ।

३. **सम्पत्ति –** फर्निचर रु.३२ लाख ५९ हजार, सवारीसाधन रु.१ करोड ३० लाख ६९ हजार र उपकरण रु.४५ लाखसमेत रु.२ करोड ८ लाख २८ हजारको स्थिर सम्पत्ति देखाएको छ । स्थिर सम्पत्तिको विवरण खुलाई अभिलेख अद्यावधिक नराखेको तथा भौतिक परीक्षणसमेत नगराएकोले स्थिर सम्पत्तिको स्थिति यकिन गर्ने आधार भएन । स्थिर सम्पत्तिको ह्रास खर्च लेखाङ्कन गर्ने गरेको छैन ।

४. **दायित्व –** गत वर्षसम्मको दायित्व रु.२ करोड ६३ लाख ७ हजार रहेकोमा यो वर्ष रु.२ लाख १७ हजार थप भई रु.२ करोड ६५ लाख २४ हजार पुगेको देखाएकोमा सोको विस्तृत विवरण उपलब्ध भएन ।

५. **पेश्की –** गत वर्षको पेश्की बाँकी रु १७ करोड ९ लाख ६० हजार समेत यस वर्षसम्म कर्मचारी तथा अन्य पेश्की रु.२१ करोड ७५ लाख ३० हजार पुगेको छ । विगत २०५२।५३ देखि २०६०।६१ सम्मको पेश्की वाँकी रु.८ करोड २५ लाख ९६ हजारको नाम नामेसी सहितको पेश्की विवरणको अभिलेख राख्नुपर्दछ ।

६. **ठेक्का व्यवस्था –** सातदोबाटोस्थित पौडी पोखरी तथा चमेनागृह २०६५।६६ देखि २०६७६८ सम्म सञ्चालन गर्न वार्षिक रु.२२ लाखका दरले रु ६६ लाख भाडा बुझाउने गरी २०६५।३।२० मा एक व्यवसायीसँग सम्झौता गरेको छ । सम्झौतामा प्रत्येक महिनाको भाडा रु.१ लाख ८३ हजार पहिलो हप्ताभित्र र सो

म्यादभित्र नबुझाएमा सो महिनाको मसान्तभित्र १० प्रतिशत जरिबानासहित भाडा असुल गर्ने व्यवस्था छ । महिना नघाई अर्को महिनाको पहिलो हप्ताभित्र पनि जरिबानासहित बुझाउनुपर्ने भाडा नबुझाएमा धरौटी जफत गरी करार भङ्ग गर्न सकिने उल्लेख छ । विगत २ र चालू वर्षसमेत ३ वर्षको रु.६६ लाख प्राप्त गर्नुपर्नेमध्ये रु.१४ लाख ६७ हजार असुल गरी रु.५१ लाख ३३ हजार असुल गर्न बाँकी छ ।

७. **अनुदान** – राष्ट्रिय खेलकूद नियमावली, २०४९ को नियम ३८ मा प्रत्येक वर्षको श्रावण मसान्तभित्र परिषद्मा दर्ता भएको संघ, संस्था र क्लबले नवीकरण गर्नुपर्ने व्यवस्था छ । त्यस्ता संघ, संस्था वा क्लबले तीन वर्ष वा सोभन्दा वढी अवधिसम्म नवीकरण नगराएमा परिषद्को तर्फबाट दिनुपर्ने सिफारिस वा अन्य सहयोग उपलब्ध नगराउने व्यवस्था छ । परिषद्मा विगतमा दर्ता भएका १०४ राष्ट्रिय संघले नवीकरण नगराएकोमा सोमध्ये २६ राष्ट्रिय संघलाई रु.४८ लाख ३० हजार अनुदान पेश्कीको रुपमा दिएको छ । संघहरुले गरेको कार्य प्रगति, पेश्की फछ्यौंट तथा सोबाट गरेको खर्चको अनुगमन गरेको देखिएन ।

८. **हवाई टिकट** – वंगलादेशको ढाकामा आयोजना भएको ११ औं साफ खेलकूदमा नेपालको तर्फबाट सहभागी खेलाडी, प्रशिक्षक तथा पदाधिकारीका लागि काठमाडौं–ढाका–काठमाडौंसम्मको ४३४ हवाई टिकट एक ट्राभल्स एजेन्सीबाट खरिद गरी प्रति टिकट रु.२८ हजार ५०० ले रु.१ करोड २३ लाख ६९ हजार भुक्तानी गरेको छ । उक्त खेलकूदमा खेलाडी, प्रशिक्षक र पदाधिकारीसमेत ४०६ सहभागी रहेको देखिएकोले २८ थान टिकटको बढी भुक्तानी गरेको छ । टिकट जारी भएका यात्रुको नामावली संलग्न नगरेको र पुष्ट्याईंबेगर बढी खरिद देखाएको २८ थान हवाई टिकटको रु.७ लाख ९८ हजारका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

९. **बढी खर्च** – परिषद्अन्तर्गत कार्यरत ज्यालादारी र करार कर्मचारीको पारिश्रमिकका लागि रु.२ करोड ८० लाख ७ हजार बजेट विनियोजन गरेकोमा रु.२ करोड ९९ लाख ५९ हजार खर्च गरेको छ । स्वीकृतिबेगर विनियोजन गरेको रकमभन्दा रु.१९ लाख ५२ हजार बढी खर्च गरेको छ ।

१०. **लेखापरीक्षण** – खेलकूद विकास ऐन,२०४८ को दफा २१ (२) मा परिषद्को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । खेलकूद विकास नियम, २०४९ को नियम १३ र २० को (ठ) र (छ) मा मातहतका क्षेत्रीय तथा जिल्ला खेलकूद विकास समितिको लेखापरीक्षण परिषद्बाट तोकिएको लेखापरीक्षकबाट गराउने उल्लेख छ । ऐन र नियममा फरक व्यवस्था भएको व्यहोरा विगत वर्षको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरी सुधार गर्न औल्याइएकोमा अद्यापि सुधार भएको छैन ।

११. **बक्यौता** – मन्त्रालयतर्फ गत विगत वर्षदेखि ४ इकाइको रु.१ करोड २४ लाख १८ हजार र मातहत राष्ट्रिय खेलकूद परिषद्को रु.४० करोड ४ लाख २५ हजारको लेखापरीक्षण नगराएकोले बक्यौता रहन गएको छ ।

- **मन्त्रालयको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१२. **असुली** – यो वर्ष प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा रु.१० हजार असुल भएको छ ।

१३. **पेश्की** – गत विगतसम्मको पेश्की रु.१ करोड ७ लाख १३ हजार फछ्यौंट हुन बाँकी छ ।

१४. **सम्परीक्षण** – मन्त्रालय/मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ :

१४.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.३० करोड ७२ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२९ करोड ७७ लाख ४९ हजार फछ्यौंट गरेकोले रु.९५ लाख ४ हजार बाँकी रहेको छ ।

१४.२ अन्य संस्थातर्फ यो वर्ष रु.५ करोड ३० लाख १३ हजार बेरुजू देखिएको छ ।

१४.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.९६ लाख ९३ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

रक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत २६६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२० अर्ब ८५ करोड २८ लाख ११ हजार, राजस्वतर्फ रु.१३ करोड ८० लाख ११ हजार, धरौटीतर्फ रु.४९ करोड ४० लाख ३० हजार र अन्य कारोबारतर्फ रु.३४ लाख १४ हजार गरी रु.२१ अर्ब ४८ करोड ८२ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा वन तथा भू–संरक्षण मन्त्रालयको रु.१ अर्ब १० करोड ७ लाख ९४ हजार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु.२५ करोड ३३ लाख २४ हजार, भौतिक योजना तथा निर्माण मन्त्रालयको रु.४० करोड ३३ लाख ७१ हजार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयको रु.७१ लाख ९० हजारसमेत समावेश छ ।

मन्त्रालय र मातहत अन्य संस्था, समिति ७ को रु.११ अर्ब ८६ करोड २ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ बहु व्यवसाय उद्योग, सुनाचुरी इमल्सन प्लाण्ट, वीरेन्द्र अस्पताल (मेन्टिनेन्स फण्ड) सञ्चालनमा रहे तापनि प्रचलित नेपाल कानून अनुसार दर्ता भएका छैनन् ।

१.२ स्वयम्भू बारुदखाना, बहु व्यवसाय उद्योग र वीरेन्द्र अस्पताल (मेन्टिनेन्स फण्ड) ले कार्य सञ्चालन तथा लेखा पद्धति सम्बन्धमा आवश्यक विनियम तयार गरेको छैन ।

१.३ मन्त्रालयअन्तर्गत सैनिक कल्याणकारी कोष, स्वयम्भू बारुदखाना, बसुन्धरा क्यान्टिन र सुनाचुरी इमल्सन प्लाण्टले आर्थिक कारोबारको सम्पत्ति तथा दायित्व देखिने गरी लेखा तयार गर्नुपर्नेमा तदनुरुप लेखा तयार गरेको पाइएन ।

१.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैँयाँभन्दा बढी रकमको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रु.१० लाखभन्दा बढी खरिद गर्नु पर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । सम्भाररथी विभागले प्रत्येक वर्ष रु १० करोडभन्दा बढीको सामान खरिद गर्दै आए तापनि खरिद गुरुयोजना तयार गरेको देखिदैन । यो वर्ष नेपाली सेनाअन्तर्गत १८ कार्यालयले वार्षिक खरिद योजनाबेगर रु.२८ करोड १३ लाख २५ हजारको मालसामान खरिद गरेको पाइयो ।

१.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा खरिद कारबाही सुरु गर्नु अघि माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । सम्भाररथी विभागले सामान खरिद गर्दा आवश्यक संख्या, उपलब्ध गराउनुपर्ने सामान, गत वर्षसम्म उपलब्ध गराएको सामान, उपलब्ध गराउने अवधि, सामानको मौज्दात र यो वर्ष खरिद गर्नुपर्ने परिमाण स्पष्ट हुने गरी तयार गरेको तथ्याङ्कको आधारमा खरिद गर्नुपर्नेमा सो नगरी यो वर्ष पोशाकतर्फ रु.३४ करोड ८३ लाख ५१ हजारको सामान खरिद गरेको छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ:

सरकारी कार्यालयतर्फ

२. **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रही चालू वा अघिल्लो वर्षहरुमा अन्य

निकायले सोही प्रकृतिको सामग्री खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

२.१ सम्भाररथी विभागले लागत अनुमान तयार गर्दा विभिन्न ३ कम्पनी वा फर्मको दरभाउ लिई घटी दरलाई नै लागत अनुमान कायम गरी स्वीकृत गरेको पाइयो । लागत अनुमान गर्दा अन्तर्राष्ट्रिय रुपमा सामानको मूल्य वृद्धि भएको उल्लेख गरे तापनि विभागले स्वीकृत गरेको लागत अनुमानभन्दा फेब्रिक फर टाई र टेरिकटन फेब्रिक जस्ता सामान खरिद गर्दा ९२.१२ प्रतिशतसम्म घटी भएको देखिन्छ ।

सम्भाररथी विभागले स्वदेशबाट नै विभिन्न सवारीसाधनको पार्टस खरिद गर्दा नेपालस्थित अधिकृत बिक्रेताबाट दररेट नलिई अन्य पार्टीबाट दररेट लिई घटी दरलाई लागत अनुमान मानी स्वीकृत गरेको देखिन्छ ।

२.२ सैनिक सामग्री उत्पादन निर्देशनालयले लागत अनुमान गर्दा विभिन्न व्यवसायी फर्महरुबाट सामग्रीको नाम लिई औषत मूल्यसूचीको आधारमा लागत अनुमान तयार गरेको छ । त्यसरी तयार गरेको लागत अनुमान र खरिदबीचमा ५७ प्रतिशतसम्म फरक परेको देखियो ।

सम्भाररथी विभाग (प्राप्ति)

३. **प्रतितपत्र पेश्की** – विभागले नेपाली सेनाको लागि आवश्यक पर्ने विभिन्न मालसामान सार्वजनिक खरिद ऐन, नियमावली र सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ अनुसार खरिद गर्दै आएको छ । खरिद सामानको अधिकांश भुक्तानी प्रतितपत्रको माध्यमबाट हुने गरेको छ । खरिद गर्ने सामान सम्झौताबमोजिम समयमै प्राप्त हुन नसक्नाले पटक पटक म्याद थप्ने अवस्था देखिएको छ । चालू आर्थिक वर्षमा खरिद गर्ने गरी वार्षिक खरिद योजनामा उल्लेख भएका सामानहरुमध्ये स्वदेशमा खरिद गरेका सामान मात्र सोही आर्थिक वर्षमा आपूर्ति भएको देखिन्छ । प्रतितपत्रमार्फत भुक्तानी हुने गरी यो वर्ष रु.५४ करोड ८९ लाख ८९ हजारको खरिद सम्झौता भएकोमा सामान प्राप्त भएको छैन ।

४. **दरभाउपत्रबाट खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ले सार्वजनिक निकायले दशलाख रुपैँयाँभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । विभागले यो वर्ष रु.१ करोड ३९ लाख ६८ हजार मूल्यका नेपाली सेनाका दर्ज्यानी चिन्ह विभिन्न पार्टीबाट दरभाउपत्रको माध्यमबाट खरिद गरेको देखियो ।

५. **भन्सार तथा मूल्य अभिवृद्धि कर** – आर्थिक ऐन, २०६७ ले नेपाली सेना, सशस्त्र प्रहरीवल र नेपाल प्रहरीको नाममा पैठारी हुने विभिन्न उपकरण र अभ्यास तथा तालिममा प्रयोग हुने सामानमा सम्बन्धित मन्त्रालयको सिफारिसमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था गरेको छ । भन्सार महसुल पूर्ण छुट हुनेमा रक्षा मन्त्रालयको सिफारिसमा विभिन्न उपकरण तथा पार्टपुर्जा उल्लेख गरेको देखिन्छ । यस विभागले जुत्ता, कपडा लगाएतका सामान विदेशबाट पैठारी गर्दा बोलपत्रका शर्तहरुमा भन्सार तथा मूल्य अभिवृद्धि करबाहेकको अङ्क कबोल गर्नुपर्ने उल्लेख गरी सम्झौता गरेको देखिन्छ । कपडा तथा जुत्ताजस्ता सामानमा छुट दिने व्यवस्था आर्थिक ऐनमा नभएकोले छुट दिंदा ऐनमा व्यवस्था गरेर मात्र दिनुपर्ने देखिन्छ । नेपाली सेनाको लागि आवश्यक लत्ता कपडा तथा अन्य सामानहरु तालिम तथा अभ्यासमानै प्रयोग हुने भएकोले यस सम्बन्धमा नेपाल सरकारबाट आर्थिक ऐनमा स्पष्टता भएमा सोहीअनुसार गर्ने जवाफ प्राप्त भएको छ ।

६. **खरिद** – नेपाली सेनालाई आवश्यक पर्ने मण्डी, उलन भेष्ट ट्राउजर तथा झुललगायतका सामग्री उत्पादन गर्न नेपाली सेनाअन्तर्गत रहने गरी बहु व्यवसाय उद्योग २०३६ मा स्थापना भई सञ्चालन हुँदै आएको छ । उक्त उद्योगले उपलब्ध गराएको विवरणमा वार्षिक उत्पादन क्षमता अन्य उत्पादनको अलावा झुल ५० हजार गोटा र उलन भेष्ट ट्राउजर ३० हजार जोर उत्पादन गर्न सक्ने र नेपाली सेनालाई थप सामानहरु

आवश्यक भएमा अतिरिक्त समय काममा लगाई थप उत्पादन गर्न सक्ने उल्लेख गरेको छ । विभागले यो वर्ष अन्य आपूर्तकबाट झुल २० हजार २५३ थान खरिद गर्न रु.८९ लाख र उलन भेष्ट ट्राउजर २५ हजार जोर खरिद गर्न रु.२ करोड १८ लाख २० हजारको प्रतितपत्र खोलेको देखियो । उद्योगबाट उत्पादन हुन सक्ने सामान उत्पादन गर्न दिएमा नेपाली सेनाद्वारा सञ्चालित उक्त उद्योगको सञ्चालन नतिजामा सकरात्मक सघाउ पुग्ने र वैदेशिक मुद्रासमेत बचत हुने देखिन्छ । आगामी वर्षहरुमा उद्योगको उत्पादन स्तरमा वृद्धि गराई झुल तथा उलन भेष्ट ट्राउजर समेत बनाउन लगाउने योजना रहेको जवाफ प्राप्त भएको छ ।

७. **सामानको नमूना –** विभागले सामान खरिद गर्दा बोलपत्रसम्बन्धी शर्तहरुमा बोलपत्र फारामसाथ संलग्न स्पेसिफिकेशनअनुसार नमूनासमेत संलग्न गरी रीतपूर्वकको आर्थिक तथा प्राविधिक प्रस्तावसहितको बोलपत्र पेश गर्नुपर्ने उल्लेख गरेको देखिन्छ । त्यसैगरी अन्य शर्तमा सामानको प्रकृतिअनुसार आइ.एस.ओ प्रमाणपत्र, गुणस्तर निर्धारण प्रमाणपत्र र स्पेसिफिकेशन खुलेको कागजातसमेत अनिवार्य रुपमा संलग्न गर्नुपर्ने उल्लेख गरेको छ । सम्झौताका शर्तमा सिपमेण्ट गर्नु अगावै प्रि–डेलिभरी इन्सपेक्सन गराउनुपर्ने, उत्पादन नमूना पेश गर्नुपर्ने र स्वीकृत पश्चात सिपमेण्ट गर्ने तथा ती सामग्रीको जाँचपास गर्दा स्पेसिफिकेशनसँग मेल नखाएमा फिर्ता लगी सम्झौताअनुसार आपूर्ति गर्नुपर्ने उल्लेख गरेको छ ।

बोलपत्रको मूल्याङ्कन गर्दा विभागको नमूनाबमोजिमको नमूना पेश नभएमा प्राविधिक पक्ष अस्वीकार गरेको उल्लेख गरी आर्थिक पक्षको मूल्याङ्कनमा समावेश गरेको देखिएन । बोलपत्रदाताबाट नमूना माग गरी विभागको नमूनासँग नमिलेको कारणले आर्थिक पक्षको मूल्याङ्कन गर्दा समावेश नगर्ने स्थितिले आर्थिक प्रतिस्पर्धा सीमित हुने स्थिति रहेको छ । विभागबाट तयार गरिएको स्पेसिफिकेशनबमोजिम बोलपत्रदाताबाट पेश भएको स्पेसिफिकेशन भिडान गरी प्राविधिक पक्षको मूल्याङ्कन पश्चात आर्थिक प्रतिस्पर्धा गराउनुपर्दछ ।

८. **बोलपत्र मूल्याङ्कन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ ले बोलपत्र मूल्याङ्कन गर्नु अघि बोलपत्रदाताको योग्यता, बोलपत्रको पूर्णता, जमानत, स्पेसिफिकेशन सम्झौताका शर्तलगायतका विषयमा बोलपत्रको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा २५ मा बोलपत्र अस्वीकार गर्नु नपर्ने गरी स्पेसिफिकेशन, विवरण, विशेषता आदि कुराहरुमा सानातिना फरक पाइएमा सम्भव भएसम्म सोको मूल्य निकाली त्यस्तो मूल्यसमेत बोलपत्र मूल्याङ्कन गर्दा समावेश गर्नुपर्ने उल्लेख छ । बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिकाअनुसार गर्नुपर्ने र त्यसरी मूल्याङ्कन गर्दा प्रत्येक बोलपत्रको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम बोल अङ्क कबुल गर्ने बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही मान्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को ६१ (६) ले बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने भएमा सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएका बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही बोलपत्र मान्नुपर्ने समेत व्यवस्था गरेको छ ।

खरिदसम्बन्धी सम्झौता गरेका केही बोलपत्रको परीक्षण गर्दा स्थायी लेखा नम्बरको प्रमाणपत्र तथा वाणिज्य विभागमा दर्ता भएको प्रमाणपत्र संलग्न रहेको अवस्थामा व्यवसाय दर्ताको प्रमाण नभएको, ध्वजापतका/सिलिङ्ग/पन्जाजस्ता सामानको लिखित रुपमा ग्यारेन्टी वारेन्टी पेश नभएको जस्ता कारण देखाई घटी कबोल गर्ने बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही मानेको पाइएन । यस सम्बन्धमा सार्वजनिक खरिद नियमावली र लेखापरीक्षणको प्रतिवेदनको सुझाउअनुसार कार्यान्वयन गर्दै लैजाने जवाफ प्राप्त भएको छ ।

९. **सामान प्राप्त नभएको** – रक्षा मन्त्रालय र सम्भाररथी विभागले उपलब्ध गराएको विवरणअनुसार विगतमा भएका सम्झौताबमोजिमका सामान ६ वर्षसम्म पनि प्राप्त भएको देखिदैन । यसका केही उदाहरण निम्नानुसार छन्:

९.१ रक्षा मन्त्रालयले २०६२।६३ मा हवाईजहाज खरिद गर्न एक विदेशी कम्पनीलाई दिएको पेश्की रु.३९ करोड ५३ लाख ३७ हजार हालसम्म फछ्यौंट भएको छैन ।

विभागले ४० एम.एम.एच.ई. ग्रेनेड ६ हजार थान खरिद गर्न एक अमेरिकी कम्पनीसंग ६ महिना भित्र सामान प्राप्त हुने गरी २००६ अप्रिल ३ मा अमेरिकी डलर २ लाख ३६ हजार ८२० को सम्झौता गरी २००६ जुन २७ मा टि.टी.मार्फत रु.१ करोड ७६ लाख ५३ हजार भुक्तानी गरेकोमा हालसम्म सामान प्राप्त गर्न वा रकम फिर्ता गर्नेतर्फ कारबाही गरेको देखिएन ।

९.२ विभागले स्पेसियल इक्युपमेण्ट खरिद गर्न विदेशस्थित एक कम्पनीसँग १२० दिनभित्र सामान प्राप्त हुने गरी अप्रिल २००८ मा अमेरिकी डलर २९ हजार २४० को सम्झौता गरेको देखिन्छ । रक्षा मन्त्रालयको २०६६।२।१३ को पत्रानुसार सम्झौतामध्ये आंशिक सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा प्राप्त भई रु.११ लाख ४६ हजार भुक्तानी गरे तापनि उक्त सामान कार्यालयले प्राप्त गरेको छैन । एक वाणिज्य बैङ्कमा रहेको अमेरिकी डलर २ हजार ९२४ को बैङ्क जमानतको म्याद २ अप्रिल २००९ मा समाप्त भइसकेको छ । सम्झौताबमोजिमका सामान प्राप्त नभएकोले सम्झौताको शर्तबमोजिम कारबाही गरी प्रतितपत्र बन्द गर्नुपर्ने देखिन्छ ।

सैनिक हवाई महानिर्देशनालय तथा भी.भी.आई.पी.उडान सेवा

१०. **भाडा खर्च** – कार्यालयले उपलब्ध गराएको विवरणबाट यो वर्ष भी.भी.आई.पी., रेस्क्यू, सैनिक टेण्ट र ट्रेनिङ्ग फ्लाइट गरी २२३ घण्टा उडान भएकोमा (चार्टर उडानबाहेक) अति विशिष्ट व्यक्ति तथा मन्त्रीहरुबाट विभिन्न जिल्लामा ३ हेलिकोप्टर १०२ घण्टा उडान गरी अनुमानित ड्राई भाडा र हवाई इन्धनबापत रु.२ करोड ३६ लाख १९ हजार बराबर खर्च भएको देखिएको छ ।

उपलब्ध विवरणबाट १०२ घण्टाको अधिकांश उडान महोत्सव, विद्यालय समुदघाटन, निरीक्षण भ्रमण, राजनैतिक पार्टीको सम्मेलन उद्घाटन आदिको लागि उपयोग भएको देखियो । उडानसम्बन्धी निश्चित मापदण्ड तयार गरी हवाई साधनको प्रयोग हुन सकेमा दिगो रुपमा सञ्चालन हुन सक्ने देखिँदा नि:शुल्क रुपमा हवाई उडान नगरी सम्बन्धित आयोजना, कार्यक्रमबाटै खर्च व्यहोर्ने व्यवस्था मिलाउनुपर्दछ । त्यसैगरी अति विशिष्ट व्यक्तिको लागि राष्ट्रिय महत्त्वको विषयमा उपयोग गरिने हवाई साधन नि:शुल्क गर्ने सम्बन्धमा समेत निश्चित मापदण्ड तयार तथा स्वीकृत गरी लागू गर्नुपर्दछ ।

११. **हेलिकप्टर भूमिस्थ** – भी.भी.आई.पी. उडान सेवा कार्यालयले प्रयोग गर्दै आएको 9N-RAG सुपरपुमा हेलिकप्टर २०६६ जेष्ठ महिनादेखि मर्मत सम्भार हुन नसकी भूमिस्थ रहेको छ । उक्त हेलिकप्टरको ओभरहल कार्य गर्न निर्माता कम्पनीसँग सन् २८ अप्रिल २०१० मा कम्पनीको कोटेशनबमोजिम युरो ३ लाख ७५ हजार ४६२ मा सम्झौता गरेको देखिन्छ । सो कार्य सम्पन्न गर्नुपर्ने अवधि कोटेशनमा ४ महिना उल्लेख गरे तापनि सम्झौतामा उल्लेख गरेको देखिदैन । कम्पनीले पुन: १८ अक्टोवर २०१० मा थप कार्य गर्नुपर्ने उल्लेख गरी यूरो ६ लाख १५ हजार लाग्ने कोटेशन पठाएको आधारमा नेपाल राष्ट्र बैङ्कमा यो वर्ष रु.४ करोड ४५ लाख २० हजारको प्रतितपत्र खोलेको र कार्यालयले २५ फेब्रुअरी २०११ मा कार्यादेश दिएको छ । उक्त हेलिकप्टर मर्मत तथा ओभरहल गर्न निर्माता कम्पनीलाई गत वर्ष र यो वर्ष गरी रु.६ करोड ३५ लाख २० हजार भुक्तानी गरेकोमा लेखापरीक्षण अवधि २०६८।७।१४ सम्म कार्य सम्पन्न भएको छैन ।

१२. **ड्राई भाडा छुट** – नेपाली सैनिक विमान सेवा व्यापारिक उडान समितिको २०६७।१।६ को निर्णयले सरकारी कार्यालय र नेपाल राष्ट्र बैङ्कलाई १० प्रतिशत र दर्तावाला संघ संस्थालाई ७ प्रतिशत ड्राइ भाडा छुट दिने निर्णय गरेको छ । व्यापारिक उडान विकास समितिको गठन आदेशमा विकास निर्माणसंग सम्बन्धित उडानलाई व्यापारिक उडान मानिएकोमा ड्राई भाडामध्ये भी.भी.आई.पी. उडान सेवाले विकास निर्माण निरीक्षण गर्दा लागेको ८.०५ घण्टा उडानको ड्राई भाडा रु.४ लाख २२ हजार पूर्ण छुट दिएको छ । नेपाली सैनिक विमान सेवा व्यापारिक उडान समितिले पेश गरेको विवरणअनुसार फर्म, कार्यालय र व्यक्तिलाई

प्रबन्धरथीको कार्यालयको पत्रानुसार ड्राई भाडा रु.१ करोड ८६ लाख ७९ हजार छुट दिएको छ । पूर्ण रुपमा ड्राई भाडा छुट दिने कार्य व्यापारिक उडान समितिको निर्णयविपरीत देखिएको छ ।

१३. **बक्यौता असुली** – भी.भी.आई.पी. उडान सेवातर्फ हेलिकप्टर चार्टर भाडाबापत विभिन्न निकायबाट २०४२।४३ देखि २०६६।६७ सम्मको रु.१ करोड २ लाख ११ हजार उठन बाँकी रहेकोमा यो वर्ष रु.२० हजार थप भई रु.१ करोड २ लाख ३१ हजार बाँकी देखिन्छ । बक्यौतामध्ये प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, खेलकुद मन्त्रालय, र भूकम्प पीडित उद्धार समितिबाट मात्र १६ आर्थिक वर्षको रु.७० लाख ४४ हजार उठ्न बाँकी रहेको देखियो । एयरवेश कार्यालयतर्फ २०३४।३५ देखि २०६६।६७ सम्म ६० निकायबाट रु.४ करोड ७० लाख ७६ हजार बक्यौता रहेकोमा यो वर्ष रु.८ लाख ९३ हजार थप भई रु.४ करोड ७९ लाख ६९ हजार उठ्न बाँकी रहेको छ । यस्तो रकम यथाशीघ्र कारबाही गरी उठाउनुपर्दछ ।

यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६३।९।२१ मा २०६३ चैत्रभित्र बक्यौता भाडा असुल फछ्यौंट गरी सम्परीक्षण गराउने निर्णय गरे तापनि स्थिति यथावत छ ।

१४. **लागत अनुमान** – सैनिक हवाई महानिर्देशनालय मध्य एयरवेश गौचरले प्राविधिक समितिको सिफारिसमा एक जहाज मर्मत गर्न निर्माता कम्पनीले पेश गरेको अमेरिकी डलर ७२ हजार ८०४ को कोटेशनलाई नै लागत अनुमान मानी २७ अक्टोबर २०१० मा नेपाल राष्ट्र बैङ्कमा प्रतितपत्र खोली उक्त जहाज मर्मतका लागि पठाएको देखिन्छ । तत्पश्चात निर्माता कम्पनीले १ जनवरी २०११ मा थप मर्मत गर्नुपर्ने उल्लेख गरी अमेरिकी डलर २ लाख ७८ हजारको थप सूची पठाएको आधारमा २०६८।२।९ मा प्रतितपत्रको रकम थप गरी मर्मत गराएको पाइयो । थप मर्मत गर्नुपर्ने निर्माता कम्पनीको कोटेशन र पहिलो कोटेशनबीचमा रु.१ करोड ९९ लाख ५३ हजारको अन्तर देखिन्छ ।

विकास निर्माण तथा स्थपति महानिर्देशनालय

१५. निर्माण कार्यमा नेपाली सेनालाई संलग्न गराई अति दुर्गम, अविकसित तथा विकट क्षेत्रहरुमा सडक निर्माण हुदै आएको छ । यो वर्ष ८ सडक निर्माण आयोजना र वेलिवृज जडान कार्यमा निम्नानुसार रु.३४ करोड ६४ लाख खर्चको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु. हजारमा)

सडक आयोजनाको नाम	आयोजना सुरु मिति	सम्पन्न गर्नुपर्ने मिति	लम्बाई कि.मि.	सम्पन्न कि.मि.	लागत अनुमान	गत वर्ष सम्मको खर्च	यो वर्षको खर्च	जम्मा खर्च
१. मूसिकोट बुर्तिवाङ	२०५७/५८	नखुलेको	१४५	३५	नखुलेको	२१८९७५	३८५००	२५७४७५
२. डोल्पा दुनै	२०६४/६५	नखुलेको	११२	३७	१४८५३५६	१३००००	१२५५००	२५५५००
३. नार्म्मा गमगढी	२०६४/६५	नखुलेको	८८.५१४	८०	१५८२५६२	३१५०००	८७४००	४०२४००
४. छिन्चु जाजरकोट	२०४८/४९	नखुलेको	१०७	४५	४६९७३३	२७२३३१	११०००	२८३३३१
५. देवस्थल कैनडाडा	२०५४/५५	नखुलेको	४२	४२	१९५४६६	२३०२९४	१५०००	२४५२९४
६. पुल निर्माण	२०४८/४९	नखुलेको	-	-	९६४२५	९०५००	३००००	१२०५००
७. वेशीशहर चामे	२०५१/५२	२०६५/६६	६५	-	१०५१७३७	६४८८६२	११०००	६५९८६२
८. बेनी जोमसोम सडक	२०५१/५२	२०६५/६६	९१	-	५६४४४७	५८६८४७	२८०००	६१४८४७
		जम्मा				**२४९२८०९**	**३४६४००**	**२८३९२०९**

१५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा गत विगत वर्षहरुमा खरिद भएको सोही सामान वा सोही प्रकृतिको सामानको यथार्थ लागत र स्थानीय बजारमा प्रचलित दरभाउ र ढुवानी खर्चसमेतलाई विचार गरी लागत अनुमान गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम र बजेटलाई नै लागत अनुमान मानी यो वर्ष ८ सडक आयोजना र भवन निर्माणको लागि रु.२२ करोड ८१ लाख ३६ हजारको निर्माण सामग्री बोलपत्र माध्यमबाट खरिद गरी अमानतबाट निर्माण कार्य गराएको छ । कार्यालयले ड्रइङ डिजाइनअनुरुपको

लागत अनुमान तयार गरी दर विश्लेषणका आधारमा मात्र निर्माण कार्य गराउनुपर्नेमा सोअनुरुप भए गरेको पाइएन ।

यस सम्बन्धमा नेपाली सेनालाई सडक निर्माण गर्न तय गरेको मार्गदर्शन तथा मन्त्रिपरिषद्को निर्णयानुसार देशको भौगोलिक विकटता, मौसम प्रतिकूल, सुरक्षाको प्रत्याभूति र जिल्ला सदरमुकाम सडक सञ्जालले नछोएको र राष्ट्रिय प्रागमिकता प्राप्त सडक आयोजनाहरुको निर्माण कार्य छिटो छरितो र मितव्ययी ढङ्गले तोकिएको समय सम्पन्न गर्दै आएको जवाफ प्राप्त भएको छ ।

१५.२ मुसिकोट बुर्तिवाङ्ग सडक आयोजना २०५७।५८ देखि सुरु भई हालसम्म ३५ किलोमिटर पाइलट सडक खुलेको देखिन्छ । कुल लम्बाई १४५ किलोमिटर सडक खुलाउने लक्ष्य भए तापनि सोको लागत अनुमान तथा कार्य सम्पन्न गर्ने अवधि उल्लेख गरेको देखिएन ।

१६. **भवन निर्माण** – महानिर्देशनालयले नेपाली सेनाको विभिन्न युनिटहरुको लागि भवन निर्माण तथा मर्मत सुधारको लागि केन्द्रीयस्तरमा रु.२९ करोड २ लाख ७ हजार र मातहतका निकायमा रु.४७ करोड २२ लाख ९३ हजार खर्च गरेको छ । सो खर्चमध्ये केन्द्रतर्फ रु.१ करोड ५० लाख र मातहतका निकायतर्फ रु.४६ करोड ७० लाख ९३ हजारको निर्माण कार्य अमानतबाट गराएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्नु पर्दा आवश्यक पर्ने निर्माण सामग्री नियमावलीको प्रक्रियाबमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने व्यवस्था भए तापनि निर्माण कार्यको लागि आवश्यक निर्माण सामग्री स्थानीय बजारबाट सोझै खरिद गरी अमानतबाट कार्य गराएकोलाई नियमसंगत मान्न सकिएन ।

१७. **जग्गाको भोगाधिकार –** ललितपुर जिल्लाको लेले गाउँ विकास समिति वार्ड नं.८ मा रहेको दम्सीडोल सामुदायिक वनको ४०० रोपनी र निजी स्वामित्वमा रहेको २२ रोपनी जग्गा राजधानीको सुरक्षाको दृष्टिकोणले स्थायी ब्यारेक राख्न २०६०।७।२६ देखि नेपाली सेनाले उपयोग गर्दै आएकोमा आर्टिलरी निर्देशनालयबाट २०६७।८।२५ मा भोगाधिकार कायम गर्न कारबाही गरे तापनि उक्त जग्गाको भोगाधिकार नेपाली सेनाको नाममा कायम भएको छैन ।

नेपाली सेनाले सुरक्षाको कारण देखाई २०५८ देखि विभिन्न बाहिनी, गण, गुल्म एरियामा पर्ने विभिन्न व्यक्तिहरुको जग्गा उपयोग गरेबापत क्षतिपूर्ति रकम भुक्तानी गर्दै आएको छ । यो वर्ष सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले मूल्याङ्कन गरिदिएको आधारमा विभिन्न ४७ इकाईमार्फत रु.१ करोड ५३ लाख ४१ हजार बालीनाली क्षतिपूर्ति भुक्तानी गरेको छ । परिस्थिति परिवर्तन भएकोले आवश्यक नपर्ने जग्गा फुकुवा गर्नुपर्ने देखिन्छ ।

अन्य संस्थातर्फ

नेपाली सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा विभिन्न देशको शान्ति मिसनमा नेपाली सेनाले भाग लिएबापत प्राप्त भत्ता रकममध्ये बढीमा २२ प्रतिशतसम्म कल्याणकारी कोषमा जम्मा हुने र सो रकम लगानी गरी आर्जित ब्याजबाट सैनिक कल्याणकारी कार्यहरु सञ्चालन गर्ने उद्देश्यले सैनिक कल्याणकारी कोष, २०३२ अन्तर्गत कोष स्थापना भएको हो । हाल यो कोष सैनिक ऐन, २०६३ एवं सैनिक कल्याणकारी कोष नियमावली, २०६५ अनुरुप सञ्चालन हुदै आएको छ । कोषअन्तर्गत १ मेडिकल कलेज, ७ विद्यालय, १ छात्रावास र ६ अन्य कार्यालय सञ्चालनमा छन् । कोषको यो वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१८. **अनुगमन –** सैनिक ऐन, २०६३ को दफा ३१(क) मा समितिले कल्याणकारी एवं आयमूलक कार्यको अनुगमन गर्ने र नियमावली, २०६५ को नियम ५(ख) मा उक्त कार्यको समीक्षा गर्ने व्यवस्था छ । कोषअन्तर्गत इकाईबाट भएको सैनिक मेडिकल कलेज एवं विद्यालय भवनलगायतको निर्माण कार्य, शान्ति मिसनको लागि

खरिद भएका सवारीसाधन तथा यन्त्र उपकरण, कल्याणकारी कार्यक्रमअन्तर्गत वितरण हुने निवृत्तिभरण, छात्रवृत्ति एवं अनुदान र बैङ्कहरुमा भएको लगानीसमेतको अनुगमन सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्ने र सोको समीक्षा हुने गरेको देखिएन । अनुगमन तथा सुपरिवेक्षण नभएकोले कोषबाट भएको निर्माण कार्यको गुणस्तर, खरिद भएका सामानहरुको स्थिति, कल्याणकारी कार्यको उपलब्धि एवं लगानीबाट प्राप्त प्रतिफल सम्बन्धमा यकिन गर्न सकिएन । यस सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था लागू गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

१९. **शोधभर्ना –** सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १९ मा शान्ति सेना सञ्चालन निर्देशनालयले संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना कार्यमा खटिई जाने टोलीले लैजाने इक्वुपमेण्ट, दैनिक भत्ता एवं अन्य मालसामानको हिसाब र संयुक्त राष्ट्रसंघबाट शोधभर्ना प्राप्त रकमको अभिलेख राख्नुपर्ने व्यवस्था छ । यो वर्ष बैङ्क दाखिला भौचरका आधारमा कोषले रु.५ अर्ब ७३ करोड ७९ लाख ९२ हजार (अमेरिकी डलर ७ करोड ८९ लाख ३८ हजार) शोधभर्ना प्राप्त गरी आम्दानी देखाएको छ । मिसनगत खर्च र त्यसबापत प्राप्त भएको र प्राप्त हुन बाँकीको अभिलेख अद्यावधिक नगरेको एवं संयुक्त राष्ट्रसंघले पठाएको विस्तृत विवरण आम्दानी भौचरसाथ संलग्न नभएकाले शोधभर्ना प्राप्त रकम भिडान गर्ने आधार भएन । यस सम्बन्धमा शान्ति सेना सञ्चालन निर्देशनालय र कल्याणकारी योजना निर्देशनालयस्थित शोधभर्ना शाखाबीच समन्वय गरी लेखालाई अध्यावधिक गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

२०. **लगानी एवं व्याज असुली –** कोषले आफ्नो रकम विभिन्न बैङ्कहरुमा मुद्दती एवं बचत खातामा लगानी गरी ब्याज आर्जन गर्ने गरेको छ । कोषले एक बैङ्क र एक वित्तीय संस्थाको मुद्दती खातामा लगानी गरी परिपक्व भएको क्रमशः रु.६ करोड ५९ लाख र रु.१ करोड ६९ लाख रकम फिर्ता लिएको छैन । ती संस्थाबाट २०६८ आषाढ मसान्तभित्र प्राप्त हुनुपर्ने ब्याज रु.३५ लाख ६ हजार २०६८।१०।३० सम्म प्राप्त गरेको देखिएन । समयमा ब्याजसम्म दाखिला नगर्ने ती संस्थामा गरेको लगानी एवं ब्याज रकम असुल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा सम्पत्ति रोक्का राखी लगानी एवं ब्याज असुल गर्नेतर्फ कारबाही भइरहेको कोषको प्रतिक्रिया छ ।

२१. **निक्षेप नीति** – कल्याणकारी कोष नियमावली, २०६५ को नियम ९(१) मा कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थामा खाता खोली जम्मा गर्दा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कबाट समय समयमा जारी गरिएका निक्षेपसम्बन्धी नीति, निर्देशन र त्यस्ता बैङ्क तथा वित्तीय संस्थाहरुको आर्थिक सबलतासमेतलाई ध्यानमा राखी लगानी गर्नुपर्ने उल्लेख छ । कोषले ३९ बैङ्क तथा ११ वित्तीय संस्थामा नेपाली रुपैयाँ रु.१० अर्ब ३२ करोड ४३ लाख र विदेशी मुद्रा १८ बैङ्कमा अमेरिकी डलर ८ करोड ४५ लाख ७५ हजारको २०६८ आषाढ मसान्तको विनिमय दरले हुने रु.७ अर्ब ३ करोड ७२ लाख समेत जम्मा रु.१७ अर्ब ३६ करोड १५ लाख निक्षेप राखेको छ ।

उक्त बैङ्क तथा वित्तीय संस्थामध्ये केही बैङ्क तथा वित्तीय संस्थाहरुको आर्थिक अवस्था दिन प्रतिदिन नाजुक हुदै गएको कारण निक्षेप रकम असुल गर्नुपर्ने भनी गत वर्ष औल्याइएकोमा असुल गर्ने कार्य भइरहेको जानकारी प्राप्त भएको छ । आर्थिक अवस्था सबल रहेका बैङ्क तथा वित्तीय संस्थामा सुरक्षित बचत गरी अधिकतम प्रतिफल प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको आर्थिक अवस्थाको विश्लेषण गरी लगानी गर्ने नीति लिएको कोषबाट प्रतिक्रिया प्राप्त भएको छ ।

२२. **खरिद योजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक रु.१० लाखभन्दा बढी रकमको सामान वा सेवा खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कल्याणकारी कोषअन्तर्गत तीन इकाईबाट यो वर्ष पेश्कीसमेत निर्माण कार्यमा रु.६१ करोड, औषधि खरिदमा रु.२७ करोड र मेसिनरी सामान खरिदमा रु.३० करोड खर्च गरे तापनि नियमावलीको व्यवस्थाअनुसार खरिद योजना तयार गरेको देखिएन । यस सम्बन्धमा खरिद योजना तयार गरी खरिद गर्ने व्यवस्था मिलाउन सम्बन्धित इकाईलाई अनुरोध गरेको कोषको प्रतिक्रिया छ ।

२३. **पेश्की फछ्र्यौटमा ढिलाई** – कोषबाट प्राप्त विवरणअनुसार आर्थिक वर्षको अन्तसम्म कोषअन्तर्गतका ४ इकाईमा रु.१ अर्ब ७९ करोड १९ लाख १३ हजार र एक इकाईको अमेरिकी डलर २ करोड ८ लाख ७९ हजार पेश्की फछ्र्यौट गर्न बाँकी रहेको छ । फछ्र्यौट गर्न बाँकी पेश्कीमध्ये शान्ति सैनिक मिसन र सैनिक अस्पताललाई आवश्यक मेसिनरी इक्विपमेण्ट खरिद गर्न सम्भाररथी विभाग (प्राप्ति) लाई २०६४।६५ देखि २०६६।६७ सम्म दिएको रु.२६ करोड ३० लाख ९७ हजार र अमेरिकी डलर १ करोड ५३ लाख ११ हजार पेश्की बाँकी रहेको देखिन्छ । सामान प्राप्त भए नभएको छानबिन गरी उक्त पेश्की फछ्र्यौट गरिनुपर्दछ । आवश्यक कारबाही गरी पेश्की फछ्र्यौट गर्ने गराइने कोषको प्रतिक्रिया प्राप्त भएको छ ।

२४. **बक्यौता –** यो वर्ष विकास निर्माण तथा स्थपति महानिर्देशनालयले रु.३२ करोड ४४ लाख १० हजारको आर्थिक विवरण पेश गरे तापनि स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

२५. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ४ कार्यालयबाट रु.१ लाख ३७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.६ लाख २३ हजार, सम्परीक्षणको क्रममा रु.२४ लाख २२ हजार र अन्य निकायतर्फ रु.६१ लाख ७७ हजार समेत रु.९३ लाख ५९ हजार असुल भएको छ ।

२६. **पेश्की** – मन्त्रालयअन्तर्गत सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ११ कार्यालयको रु.१ अर्ब २३ करोड ३ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.३३ लाख ७४ हजार आंशिक फछ्र्यौट गरी ११ कार्यालयको रु.१ अर्ब २२ करोड ६६ लाख २९ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.३० लाख ६ हजार.म्याद नाघेको रहेको छ । गत विगतको समेत कुल रु.२ अर्ब ६६ करोड ८२ लाख ७२ हजार पेश्की फछ्र्यौट हुन बाँकी छ ।

२७. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहाय अनुसार छ:

२७.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयतर्फ यो वर्ष रु.१ अर्ब २५ करोड १४ लाख ९३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड १ लाख ३८ हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब २३. करोड १३ लाख ५५ हजार बाँकी रहेको छ ।

२७.२ अन्य संस्था/समितितर्फ यो वर्ष रु.४८ लाख ७० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ लाख २७ हजार फछ्र्यौट गरेकोले रु.४१ लाख ४३ हजार बेरुजू बाँकी रहेको छ ।

२७.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.७१ करोड ५६ लाख १९ हजार फछ्र्यौट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

अन्य संस्था समितितर्फ रु.५१ करोड ८२ लाख १० हजार फछ्र्यौट गरेकोले सम्परीक्षण गरिएको छ ।

२७.४ वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्र्यौट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१० करोड ३५ लाख ३८ हजार फछ्र्यौट भएको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्र्यौट भएको रु.१ अर्ब ३३ करोड ७३.लाख ६७ हजारमध्ये रु.७९ करोड ९३ लाख ११ हजार सरकारी कार्यालयतर्फ र रु.५३ करोड ८० लाख ५६ हजार अन्यतर्फ रहेको छ ।

वन तथा भू–संरक्षण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १८७ कार्यालयको विनियोजनतर्फ रु.३ अर्ब १ करोड ४१ लाख ९० हजार, राजस्वतर्फ रु.३५ करोड ८६ लाख १४ हजार, धरौटीतर्फ रु.५७ करोड १७ लाख ७७ हजार, अन्य कारोबारतर्फ रु.२२ करोड १४ लाख ६१ हजार र बक्यौतातर्फ रु.११ करोड १८ लाख २० हजार गरी रु.४ अर्ब २७ करोड ७८ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा स्थानीय विकास मन्त्रालयको रु.४ करोड २८ लाख ८० हजारसमेत समावेश छ ।

मन्त्रालयमातहतका संगठित संस्था, अन्य संस्था र समिति ३१ को रु.२ अर्ब ६७ करोड २२ लाख ९७ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्:

१.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५(३) अनुसार नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गराई नियमानुसार खर्च गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । वन विभागबाट प्राप्त केन्द्रीय आर्थिक विवरण अनुसार २०६७६८ मा जीविकोपार्जनको लागि वन कार्यक्रम र दोलखा रामेछाप सामुदायिक वन विकास आयोजनामा रु.५ करोड ३२ लाख ५० हजार खर्च भएकोमा उक्त खर्चको लेखापरीक्षण गराएको छैन ।

१.२ अर्थ मन्त्रालयको २०६५।४।३० को नीतिगत निर्णयअनुसार कुनै पनि नाममा कोष स्थापना गर्न नपाइने र भएका कोष बन्द गरी ती कोषमा भएको रकम राजस्वमा दाखिला गर्नुपर्ने देखिन्छ । वन विभाग र अन्तर्गतका ६० कार्यालयले यो वर्षसम्म कोषमा जम्मा भएको रु.१८ करोड ४७ लाख ३७ हजार उल्लिखित व्यवस्था अनुसार राजस्वमा दाखिला गरेको छैन ।

१.३ मन्त्रिपरिषद्को २०५५।८।२ को निर्णयअनुसार फिल्डमा कार्यरत राजपत्र अनङ्कित वन प्राविधिकलाई राशन सुविधा उपलब्ध गराउने व्यवस्था भएको देखिन्छ । उक्त निर्णय अनुसार निजामती सेवा ऐन, २०४९ को दफा २४(घ) १ बमोजिम सहायक वन अधिकृतमा बढुवा भएका कर्मचारीलाई रासन सुविधा दिन नमिल्नेमा यो वर्ष पनि ३७ जिल्ला वन कार्यालयले गत वर्षको भुक्तानी बाँकी समेत रु.८६. लाख ४० हजार राशन खर्च लेखेका छन् । महालेखा नियन्त्रक कार्यालयले यसरी भुक्तानी भएको रकम असुल गर्न २०६७।९।२८ मा निर्णय गरे तापनि असुल गरेको छैन ।

जिल्ला वन कार्यालय, सिराहाले भुक्तानी दिन नमिल्ने यस्तो रकम कर्मचारीहरुको सुरु तलवबाट कट्टा गरेकोमा नेपाल रेन्जर संघ, जिल्ला कार्य समितिको निवेदनको आधारमा १६ कर्मचारीलाई रु.३ लाख १ हजार फिर्ता दिएको छ । कार्यालय प्रमुखले विभागीय नीति निर्देशनअनुरुप रकम फिर्ता दिन मिल्ने नदेखिए तापनि हालको परिस्थितिलाई मध्यनजर गर्दै भुक्तानी दिने निर्णय गरेको जानकारी गराएको छ ।

१.४ मन्त्रालयले अन्तर्गतका विभाग तथा कार्यालयको लगती राजस्व, असुली र बाँकी देखिने गरी केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्नेमा यो वर्ष समेत राजस्वतर्फको केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन ।

१.५ चितवन राष्ट्रिय निकुञ्जभित्र होटल, लज, रिसोर्ट सञ्चालन गरेबापत संरक्षण शुल्क स्वरुप राष्ट्रिय प्रकृति संरक्षण कोषमा जम्मा भएको रकमबाट यो वर्ष भौतिक पूर्वाधार निर्माण, वैदेशिक भ्रमण भत्ता, वर्कशप लगायतमा रु.२ करोड ३ लाख ८ हजार खर्च गरेको छ । कोषबाट खर्च गर्ने कार्यविधि नबनाई राष्ट्रिय निकुञ्ज विभागको सिफारिस तथा मागका आधारमा खर्च गर्न मिल्ने देखिएन । असुल भएको संरक्षण शुल्क सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१.६ कैलाली जिल्लाअन्तर्गतका वन क्षेत्रबाट खोटो सङ्कलन गर्न वन विभाग र एक कम्पनीबीच भएको सम्झौताको बुँदा नं.१६ अनुसार जिल्ला वन कार्यालयले तोकेको जङ्गलमा खोटो सल्लाको वृक्षारोपण कार्य योजना बनाई उल्लिखित क्षेत्रमा २२ हेक्टर वृक्षारोपण गर्ने र ५ वर्षसम्म सम्भार, हेरचाह आफ्नै खर्चबाट गर्नुपर्ने उल्लेख छ । सम्झौता भएको ४ वर्ष व्यतीत भइसक्दापनि सो कार्य भएको देखिएन । कम्पनीले नियमित रुपमा खोटो सङ्कलन गर्दै आएको र यो वर्ष रोयल्टी रु.१५ लाख १६ हजार बुझाएको छ । कार्यालयले वृक्षारोपण गर्न क्षेत्र तोकेको र कार्य गराउन पहल गरेको देखिएन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **आन्तरिक नियन्त्रण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक मन्त्रालय, सचिवालय, संबैधानिक अङ्गका विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नुपर्ने व्यवस्था छ । मन्त्रालय र अन्तर्गतका विभागले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन ।

३. **प्राविधिक सहायता** – आय व्ययको जानकारी वक्तव्यका साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा मन्त्रालयमातहतका पवित्र हिमालय भूपरिधि कार्यक्रम, वागमती परियोजना, तराई भूपरिधि कार्यक्रमसमेत ८ कार्यक्रमका लागि अमेरिकी डलर २ करोड ८३ लाख ५३ हजार २०६८ आषाढ मसान्तको विनिमय दरअनुसार रु.२ अर्ब २ करोड ९६ लाख ५५ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । मन्त्रालयलाई २०६८।११।१५ मा तत्सम्बन्धी सम्झौता र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउन अनुरोध गरिएकोमा लेखापरीक्षण गराएको छैन ।

४. **वन अतिक्रमण –** वन विभागबाट प्राप्त विवरणअनुसार ३३ जिल्लामा २०६६।६७ सम्ममा ८८ हजार ४३ हेक्टर वन अतिक्रमण भएको उल्लेख छ । विभागले २०६७।६८ मा अतिक्रमण सम्बन्धी तथ्याङ्क अद्यावधिक नगरी गत वर्षकै तथ्याङ्क उपलब्ध गराएको छ । यो वर्ष तथ्याङ्क अद्यावधिक नगरिनुको कारण उल्लेख गरेको छैन । यस सन्दर्भमा पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, पोखराले यो वर्ष नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लाको अतिक्रमणसम्बन्धी अनुगमन प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदनबमोजिम ती जिल्लाका ५९ गाउँ विकास समिति र नगरपालिका क्षेत्रमा अतिक्रमित क्षेत्रफल १० हजार २९२ हेक्टर रहेकोमा निर्देशनालयको स्थलगत अवलोकनबाट १९ हजार ९३८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको उल्लेख छ । विभागले अतिक्रमणको यथार्थ लगत तयार गरी त्यस्ता अतिक्रमित क्षेत्र खाली गर्न कार्ययोजना सहितको कार्यक्रम सुरु गर्नुपर्ने देखिन्छ ।

५. **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम –** नेपालको चुरे क्षेत्रको जैविक विविधता तथा भौगोलिक, सामाजिक र आर्थिक संवेदनशीलतालाई ध्यानमा राखी नेपाल सरकारद्वारा २०६७।६८ देखि राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा "राष्ट्रपति चुरे संरक्षण कार्यक्रम" २३ जिल्लामा सञ्चालन भएको छ । यो वर्ष उक्त कार्यक्रममा रु.१९ करोड ४८ लाख ३१ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१ कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८ मा माटो, पानी, वनजङ्गल, जैविक विविधता र परिस्थिति विज्ञान (इकोलोजी) प्रणाली व्यवस्थापनको एकीकृत योजना निर्माण गरी कार्यान्वयन गर्ने रणनीति तय गरेको छ । मन्त्रालय मातहत ३ विभागबाट सञ्चालन हुने कार्यक्रमलाई समन्वय गर्न मन्त्रालयमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम समन्वय इकाई गठन गरेको छ । वन विभाग अन्तर्गतका २३ जिल्ला वन कार्यालयलाई कार्ययोजना तयारीको लागि रु.१ करोड ५० हजार बजेट व्यवस्था भएकोमा जिल्ला वन कार्यालय सुनसरी र उदयपुरले

कार्ययोजना तयार गरेको देखिएन । बाँकी २१ जिल्ला वन कार्यालयले आ–आफ्नै प्रकारले कार्ययोजना तयार गरी बजेटको आधारमा रु.९१ लाख ७६ हजार खर्च गरेको देखियो । भू तथा जलाधार संरक्षण विभागले कार्यक्रम लागू भएका २३ जिल्लामा विभागबाट परामर्शदाता नियुक्ति गरी बेग्ला बेग्लै व्यवस्थापन योजना तयार गर्न रु.७९ लाख ८ हजार खर्च गरेको देखियो । वनस्पति विभाग अन्तर्गतका कार्यालयले कार्ययोजना तयार गरेको देखिएन । एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

५.२ सामुदायिक वनको कार्ययोजना पुनरावलोकन गरी सीमित उपयोगिताको अवधारणामा वार्षिक स्वीकृत कटान पूर्णरुपमा हटाई संरक्षणमुखी कार्ययोजना तयार गर्ने कार्यक्रम २३ जिल्ला वन कार्यालयले सञ्चालन गर्ने लक्ष्य रहेकोमा २२ कार्यालयबाट उक्त कार्य भई रु.३४ लाख ४० हजार खर्च भएको प्रगति विवरण प्राप्त भएको छ । वन विभाग र सम्बन्धित जिल्ला वन कार्यालयले कार्यक्रम लागू भएका जिल्लाको चुरे क्षेत्रमा हस्तान्तरण भएका सामुदायिक वनको संख्या, वार्षिक स्वीकृत कटान परिमाण तथा कटान परिमाणमध्ये हरित कटान परिमाणसम्बन्धी अभिलेख राखेको छैन । कार्ययोजना तयार गरेको २२ जिल्लाले सामुदायिक वनको हरित कटान परिमाण न्यून गरेको र कार्ययोजना परिमार्जन गरिएकामध्ये स्वीकृत भई कार्यान्वयनमा ल्याएको संख्या उल्लेख गरेको छैन । यसरी भएको खर्चबाट अपेक्षित उपलब्धि हासिल भएको सुनिश्चित गर्ने आधारको अभाव देखियो ।

५.३ वन विभागअन्तर्गत ३०५ हेक्टर अतिक्रमित वन क्षेत्र खाली गरी वृक्षारोपण गर्न रु.८६ लाख ५० हजार बजेट व्यवस्था भएकोमा लक्ष्यअनुसार कार्य भएको एकीकृत प्रगति विवरण प्राप्त भएको छ । जिल्ला वन कार्यालय, झापाले १५ हेक्टर, मोरङले १० हेक्टर र मकवानपुरले १५ हेक्टर वृक्षारोपण गरेको छ । वृक्षारोपण गरेको झापाको बाहुनडाँगी, मोरङको जाँते र बाह्रगोठ तथा मकवानपुरको कालीबेदघारी क्षेत्रको स्थलगत अवलोकन गर्दा अधिकांश बिरुवाहरु नष्ट भएको तथा बाक्लो र अग्लो झाडीले बिरुवा देख्न नसकिने अवस्थामा रहेको पाइयो । यस्तै अवलोकन भ्रमणको क्रममा मोरङको जाँते र बाह्रगोठमा वृक्षारोपण क्षेत्रमा खुला रुपमा चौपाया चरिरहेको देखियो । बिरुवाको संरक्षण कार्य हुन नसकेका कारण वृक्षारोपणबाट अपेक्षित उपलब्धि हासिल हुनसकेको छैन ।

वन विभाग

६. **बिरुवा उत्पादन –** बिरुवा उत्पादनको लागि वन, वनस्पति, वन्यजन्तु तथा भू–संरक्षणसम्बन्धी कार्यक्रमका लागि दर विश्लेषण नर्म्स, २०६० स्वीकृत भएको छ । सोही नर्म्सबमोजिम बिरुवा उत्पादन गर्ने वन विभाग र अन्तर्गतका कार्यालयले प्रजाति अनुसार प्रति बिरुवा रु.३।८५ देखि रु. ८।–का दरले खरिद तथा उत्पादन गर्ने कार्यक्रम स्वीकृत गरी सोही अनुसार यो वर्ष ८१ लाख ३५ हजार बिरुवा खरिद तथा उत्पादन गरी रु.४ करोड ४७ लाख ६० हजार खर्च गरेको छ । मन्त्रालयअन्तर्गतकै भू तथा जलाधार संरक्षण विभागले सोही नर्म्सको आधारमा प्रतिबिरुवा रु.४।– का दरले उत्पादन गर्ने गरी कार्यक्रम स्वीकृत गरी मातहतका कार्यालयमार्फत विभिन्न प्रजातिका २३ लाख ७० हजार बिरुवा उत्पादन गरी रु.९४ लाख ८० हजार खर्च गरेको छ । एउटै नर्म्स प्रयोग गर्ने यी दुई विभागमध्ये वन विभागले गरेको दर विश्लेषणअनुसार बिरुवा उत्पादन दर बढी कायम गरेको देखियो । भू तथा जलाधार संरक्षण विभागको तुलनामा वन विभाग तर्फका बिरुवा उत्पादनमा रु.१ करोड २२ लाख २० हजार बढी लागत पर्न गएकोले यस सम्बन्धमा ध्यानाकर्षण हुनुपर्ने देखियो ।

७. **काठको मौज्दात स्थिति –** वन विभागबाट प्राप्त विवरणअनुसार बढी कारोबार हुने तराई र भित्रीमधेशका २५ जिल्लामा भएको काठको कारोबार र मौज्दात सम्बन्धमा देखिएको स्थिति निम्नानुसार छ:

(क्यू.फिट हजारमा)

निकाय	जिम्मेवारी	यो वर्ष सङ्कलित	जम्मा	२०६७।६८ मा बिक्री	मौज्दात
जिल्ला वन कार्यालय	११,१०	१,२०	१२,३०	३५	११,९५
आपूर्ति समिति	४२	१२	५४	६	४८
टि.सि.एन.	१०,७८	१,४६	१२,२४	१४	१२,१०
जम्मा	**२२,३०**	**२,७८**	**२५,०८**	**५५**	**२४,५३**

७.१ विभागले गतवर्ष उपलब्ध गराएको विवरण अनुसार २०६६।६७ को अन्त्यमा २० लाख ३७ हजार घनफिट काठ मौज्दात रहेकोमा यो वर्षको विवरणमा २२ लाख ३० हजार घनफिट जिम्मेवारी सारेको देखिन्छ । सोमध्ये आपूर्ति समिति र टि.सि.एन.तर्फ जिम्मेवारी बढ्न गएको तथा जिल्ला वन कार्यालयतर्फ गत वर्षको मौज्दात घट्न गएको देखिन्छ । जिल्ला वन कार्यालयतर्फ गत वर्षको अन्त्यमा १२ लाख १६ हजार घनफिट काठ मौज्दात रहेकोमा यो वर्ष ११ लाख १० हजार घनफिट जिम्मेवारी सारेको कारण १ लाख ८ हजार घनफिट मौज्दात घटेको छ । जिम्मेवारी घट्न गएका कार्यालयहरुमा झापा ५३ हजार १९४.६६, बारा ४२ हजार ८६१.३२ र कैलाली १२ हजार २८५.९६ घनफिट छन् । यसरी मौज्दात घट्न गएको काठको मूल्य न्यूनतम रोयल्टी (प्रति घनफिट रु.३००।–) ले रु.३ करोड १८ लाख लोप हुन गएको देखिन्छ । यस सम्बन्धमा छानबिन गरी आवश्यक कारबाही हुनुपर्दछ ।

७.२ यो वर्षको अन्त्यमा मौज्दात रहेको २४ लाख ५३ हजार घनफिट काठमध्ये ४४ हजार ५५६ घनफिट काठको हैसियत बिग्रेको उल्लेख गरेको छ । समयमै काठको उचित व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

८. **घाटगद्दीमा काठ नभएको –** जिल्ला वन कार्यालय, झापाबाट प्राप्त काठ/दाउरा बिक्री वितरणको संक्षिप्त विवरणबमोजिम यो वर्षको अन्त्यमा ५५ हजार ५७२ घनफिट काठ र ५९.७५ चट्टा दाउरा मौज्दात रहेकोमध्ये साल ४१ हजार ७६४.८५ घनफिट र अन्य जात ९ हजार ५६१.३९ घनफिटसमेत ५१ हजार ३२६.२४ घनफिट काठ र ५८ चट्टा दाउरा हाल भौतिक रुपमा घाटगद्दीमा नभएको एवं ४८३.५९ घनफिट काठ कम हैसियतको रहेको व्यहोरा उल्लेख गरेको छ । हाल कायम न्यूनतम रोयल्टी प्रतिघनफिट रु.३००।– का दरले रु.१ करोड ५३ लाख ९७ हजार पर्ने देखिन्छ । उल्लिखित काठ दाउरा मौज्दातमा नरहनाको वास्तविक कारण छानबिन गरी लगत दुरुस्त राख्नुपर्ने देखिन्छ ।

९. **काठ दाउरा लिलाम –** जिल्ला वन कार्यालय, दाङले २०६७।२।१६ मा बोलपत्र आह्वान गरी दोस्रो बढी कबोल गर्ने दुई कबोलवालाको बोलपत्र स्वीकृत गरेको देखियो । सम्झौताअनुसार १० दिनभित्र राजस्व दाखिला गर्नुपर्नेमा राजस्व असुली गरेको छैन । काठ दाउराको बिक्री वितरण र ओसार–पसार पूर्णरुपले बन्द गर्ने नेपाल सरकारको २०६७।३।३ को निर्णय विपरीत बोलपत्र स्वीकृत गरेको देखियो । वन पैदावार लिलाम बिक्री रोकिएको अवस्थामा दोस्रो बढी सकार गर्ने फर्मलाई २०६७।५।१७ मा राजस्व दाखिला गर्न पत्राचार गरेको छ । कानूनी आधार बेगर राजस्व दाखिला गर्न लगाएको सम्बन्धमा छानबिन हुनुपर्दछ । काठ तथा दाउरा लिलाम सकार गर्ने २ उद्योगबाट रु.२९ लाख ३२ हजार राजस्व र वन विकास कोषमा रु.५० हजार दाखिला गरेको देखिन्छ । कार्यालयले राजस्व प्राप्त गरे तापनि उक्त फर्मलाई छोडपूर्जी दिएको देखिएन ।

१०. **सामुदायिक वन** – वन विभागबाट प्राप्त विवरण अनुसार २०६८ पौष मसान्तसम्म ७४ जिल्लामा १७ हजार ६८५ सामुदायिक वन उपभोक्ता समितिलाई १६ लाख ५२ हजार ६५४ हेक्टर वन क्षेत्र हस्तान्तरण भई २१ लाख ७७ हजार ८५८ घरपरिवार लाभान्वित भएको देखिन्छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१०.१ कुल सामुदायिक वनको संख्या र क्षेत्रफलमध्ये मध्यपहाडी जिल्ला ३९ मा क्रमशः ७२.४ र ६५.९८ प्रतिशत, हिमाली जिल्ला १५ मा क्रमशः १६ र १६.१ प्रतिशत र तराईका २० जिल्लामा क्रमशः १६.६ र १७.९२ प्रतिशत रहेकोले पहाडी जिल्लामा सामुदायिक वन केन्द्रित रहेको पाइयो । हस्तान्तरण भएको

सामुदायिक वनको क्षेत्रफल र संख्याको आधारमा हिमाल, पहाड र तराईको वन व्यवस्थापन र संरक्षणको लागि सामुदायिक वनको अवधारणा सम्बन्धमा अध्ययन विश्लेषण गरी भौगोलिक क्षेत्रअनुसारको उपयुक्त विधि अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१०.२ स्वीकृत कार्य योजनामा सामुदायिक वनले वर्षभरिमा सङ्कलन गर्न सक्ने काठ र दाउराको परिमाण उल्लेख गरेको हुन्छ । २०६८ पौषसम्म हस्तान्तरण भएका १७ हजार ६८५ सामुदायिक वनको वार्षिक स्वीकृत कटान परिमाण र वर्षभरिमा वास्तविक रुपमा कटान भएको काठ दाउराको परिमाणलाई उक्त डाटा बेसमा समावेश गरेको देखिएन । सामुदायिक वनको अनुगमन गर्ने महाशाखाले हस्तान्तरण भएका सामुदायिक वनले कार्ययोजना अनुसार सङ्कलन गर्ने काठ दाउराको परिमाणका सम्बन्धमा जानकारी राखेको देखिएन ।

१०.३ महाशाखाले राखेको डाटा बेसमा हालसम्म हस्तान्तरण भएका १७ हजार ६८५ सामुदायिक वनले आन्तरिक रुपमा खपत गरेको एकीकृत विवरण राखेको छैन । यसले गर्दा आन्तरिक खपतमा प्रयोग भएको काठको परिमाण जानकारी हुने अवस्था छैन । आन्तरिक खपतमा प्रयोग हुने काठ दाउराको मूल्य सम्बन्धमा स्थलगत लेखापरीक्षणको क्रममा मकवानपुर जिल्लाअन्तर्गतका सामुदायिक वन समूहका पदाधिकारीबाट प्राप्त जानकारी अनुसार दाउरा नि:शुल्क रुपमा उपलब्ध गराउने गरेको र सालको काठ प्रतिघनफिट रु.१०।– सम्ममा उपलब्ध गराउने गरेको पाइएको छ । सरकारी र बजार मूल्यभन्दा ज्यादै न्यून मूल्यमा वितरण गरेको काठको सदुपयोगसम्बन्धमा विश्वस्त हुने आधार नदेखिएकोले मूल्य निर्धारणको लागि निश्चित मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।

१०.४ जिल्ला वन कार्यालय, रौतहटको वन कार्ययोजनामा वनको वार्षिक वृद्धिदर १.१ घनमिटर/ हेक्टर रहेकोमा सामुदायिक वनतर्फको वृद्धिदर सोभन्दा निकै बढी देखिएको छ । उदाहरणको लागि २०६२।६३ देखि ०६६।६७ सम्म कार्यान्वयनमा रहेको दोभान सामुदायिक वन कार्ययोजनामा वनको वार्षिक वृद्धिदर १७.०८ घनमिटर/हेक्टर रहेको उल्लेख छ । यसैगरी २०६३।६४ देखि कार्यान्वयनमा रहेको हातेमालो सामुदायिक वनलाई ८ खण्डमा विभाजन गरी सर्वेक्षण गरेकोमा ती खण्डहरुमा ५.३२ घनमिटर/हेक्टर वार्षिक वृद्धिदर रहेको उल्लेख छ । सोही जिल्लाको २०६४।६५ देखि कार्यान्वयनमा रहेको खोरकट्टी सामुदायिक वनका विभिन्न खण्डहरुमा ६.०१ घनमिटर/हेक्टरसम्म वार्षिक वृद्धिदर उल्लेख गरेको छ । ज्यादै न्यून स्याम्पलिङ इन्टेन्सिटी र पहिचान गर्न नसकिने स्याम्पलिङ प्लटको आधारमा गरिएको वन स्रोत सर्वेक्षणबाट निर्धारित वृद्धिदर र काठ दाउराको वार्षिक कटान परिमाण भरपर्दो र विश्वसनीय नदेखिएकोले यस आधारमा गरिएको काठ दाउरा सङ्कलनले वनको दिगो व्यवस्थापनमा नकारात्मक असर पुग्न जाने सम्भावना रहेको व्यहोरा गत वर्षको कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएकोमा वन विभागले ५ क्षेत्रको १५ सामुदायिक वनको प्राविधिक परीक्षणको लागि कर्मचारीहरु खटाई प्रतिवेदन तयार गरे तापनि उक्त प्रतिवेदन अध्ययन गरी कार्यान्वयनमा ल्याएको छैन ।

११. **कबुलियती वन** – हैसियत बिग्रिएको वन ४० वर्षसम्मको लागि गरिबीका रेखामुनिका समुदायलाई कबुलियती वन समूह गठन गरी वन व्यवस्थापन र उपयोग गर्न दिने उद्देश्यले नेपाल सरकार र कृषि विकासको निम्ति अन्तर्राष्ट्रिय कोषबीच ७ जुन २००५ मा कबुलियती वन तथा पशु विकास कार्यक्रमको लागि एस.डि.आर. ७१ लाख ५० हजार ऋण र ८ लाख ४० हजार अनुदान समेत ७९ लाख ९० हजारको सम्झौता भएको छ । सम्झौता अनुसार कार्यक्रम अवधि ७ जून २००५ देखि ८ वर्षको हुने उल्लेख छ ।

आयोजनाबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म रु.७७ करोड ३० लाख ७५ हजार खर्च गरी ४ हजार ८० समूह गठन भएको, १९ हजार ९९० हेक्टर वन क्षेत्र हस्तान्तरण भई ३८ हजार ४३६ परिवार लाभान्वित भएको उल्लेख छ । लक्ष्यको तुलनामा समूह गठन, वन क्षेत्र हस्तान्तरण र लाभान्वित परिवारमा क्रमश: १२३.६, ६४.४ र ८६.७ प्रतिशत उपलब्धि भएको देखिन्छ । समूह गठन कार्य लक्ष्यभन्दा बढी भए तापनि वन क्षेत्र हस्तान्तरण कार्य लक्ष्यअनुसार हुनसकेको देखिएन । हालसम्म हस्तान्तरण भएका समूहहरुले आयोजनाको उद्देश्यअनुरुप कार्य गर्न सके नसकेको सम्बन्धमा मूल्याङ्कन हुनुपर्ने देखिन्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

१२. **होटल/लज –** लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको अभिलेखअनुसार निकुञ्ज क्षेत्रको सरकारी जग्गामा ५३ होटल तथा लज सञ्चालनमा रहेको देखिन्छ । ती होटल तथा लजहरुमध्ये "क" वर्गबाट रु.२० हजार, "ख" वर्गबाट रु.१५ हजार, "ग" वर्गबाट रु.१० हजार र "घ" वर्गबाट रु.१ हजार ५०० का दरले वार्षिक राजस्व प्राप्त भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको २०६३।१२।१४ को पत्रानुसार २०६०।४।१ देखि ५ वर्षको लागि ती होटल तथा लजहरु नवीकरण भएको देखिन्छ । तत्पश्चात् लेखापरीक्षण अवधि २०६८।५।१९ सम्म ती होटल तथा लजहरुको नवीकरण भएको देखिएन । अवधि सकिएको ३ वर्ष नाघी सक्दा समेत इजाजत नवीकरण नगरी अनियमित किसिमले होटल, लज सञ्चालन हुनु र वार्षिक रोयल्टीमा समेत समसामयिक परिमार्जन नगर्नु उचित देखिएन ।

१३. **प्रशासनिक खर्च –** मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ को बुँदा ५ मा कुल खर्चको १० प्रतिशतमात्र प्रशासनिक कार्यमा खर्च गर्नपाउने उल्लेख छ । चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मध्यवर्तीको संरक्षण कार्यक्रमतर्फ रु.७ लाख ५८ हजार, सामुदायिक विकास कार्यक्रमतर्फ रु.१५ लाख ३० हजार र आय आर्जन तथा सीप विकास कार्यक्रमतर्फ रु.८ लाख ६५ हजार समेत रु.३१ लाख ५३ हजार कर्मचारी व्यवस्थापन शीर्षकमा खर्च गरेको छ । यसबाहेक रु.१६ लाख १६ हजार प्रशासनिक खर्च गरेको छ । यसरी कुल खर्चको करिब २९ प्रतिशत प्रशासनिक खर्च गरी निर्देशिकाले तोकेभन्दा १९ प्रतिशत बढी खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

राष्ट्रिय वनको संरक्षण व्यवस्थापन (जिल्ला वन कार्यालय, झापा, मोरङ र मकवानपुर)

कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका मुख्य व्यहोरा देहायअनुसार छन्:

१४. **वन सिमाना –** वन ऐन, २०५९ को दफा ३ बमोजिम जिल्ला वन अधिकृतले सम्बन्धित जिल्लाको राष्ट्रिय वनको सिमाना छुट्याई वन सिमाना चिन्ह लगाउनसक्ने व्यवस्था छ । सोही ऐनको दफा २(ख) बमोजिम यस्तो चिन्हले प्रचलित कानूनबमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्हलाई समेत जनाउने र दफा ४९(ञ) अनुसार वन सिमाना चिन्ह उखेल्न, सार्न, फेर्न, मेट्न वा बिगार्न नपाइने उल्लेख छ । वन सिमाना लगाउने सम्बन्धमा सम्बन्धित जिल्ला वन कार्यालयको वन कार्ययोजनामा समेत कार्यक्रम समावेश भएको देखिन्छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन्:

१४.१ झापामा २०६१।६२ देखि २०६३।६४ सम्म वन सिमाना सम्बन्धी कार्यक्रम नभएकोले कार्य नभएको एवं २०५५।५६ भन्दा अगावै वन सिमाना लगाएको अभिलेखबाट देखिएकोमा हाल उक्त वन सिमानाका अस्थायी स्तम्भहरु केही हराएको, केही पुराना भै मक्किएर भाँच्चिएको र स्थायी स्तम्भहरु भत्किएर बिग्रिएको अवस्थामा रहेको व्यहोरा जिल्ला वन कार्ययोजनामा उल्लेख छ । सोही कार्ययोजनामा वन सिमाङ्कन गर्दा व्यवस्थित वन सीमाङ्कन ७६ किलोमिटर भएकोमा विगतको द्वन्द्वग्रस्त समयमा अधिकांश पिलर भत्काइएको र काँडेतार चोरी भएको उल्लेख भएकोमा कुन कुन वन क्षेत्रको कति सीमाङ्कनमा यस्तो अवस्था देखिएको भन्ने सम्बन्धमा यकिन तथ्य उल्लेख गरेको भने देखिएन । साथै सोही कार्य योजनामा २०६५।६६ देखि २०६७।६८ को अवधिमा प्रतिवर्ष १० किलोमिटरका दरले ३० किलोमिटर वन सिमाना निर्माण गर्ने कार्यक्रम रहेकोमा सोअनुसारको कार्य हुनसकेको देखिएन ।

१४.२ मोरङमा वन कार्ययोजनमा सुरुको अवस्थामा गरिएको वन सीमाङ्कन हाल फेला पर्नसक्ने अवस्था नरहेको र अभिलेख समेत उपलब्ध हुन नसकेकोले यकिन गर्न नसकिएको व्यहोरा उल्लेख छ । यस जिल्लाको ५५

हजार हेक्टर वन क्षेत्रमा पुनः वन सिमाना लगाउन आवश्यक रहेको जनाए तापनि चालू जिल्ला वन कार्ययोजनामा वन सीमाङ्कन सम्बन्धमा कुनै कार्यक्रम समावेश भएको देखिँदैन ।

१४.३ मकवानपुरको वन कार्ययोजना अनुसार २०४४।४५ सम्मको प्राप्त तथ्याङ्क अनुसार जिल्ला भित्रका वन क्षेत्रमा १०८.५ किलोमिटर वन सीमाङ्कन भएको र उक्त अवधि पश्चात वन सीमाङ्कन भएको रेकर्ड उपलब्ध रहेको पाईदैन । सोही जिल्लाको वन व्यवस्थापन कार्ययोजनामा २०६६।६७ र २०६७।६८ मा ३/३ किलोमिटर वन सीमाङ्कन गर्ने लक्ष्य रहेकोमा सोअनुसार कार्य हुनसकेको छैन ।

१४.४ लेखापरीक्षणमा समावेश तीनै जिल्लाले वन सिमानाको लागि आवश्यकताअनुसार काठको डिमार्केशन पिलर र प्रत्येक १ किलोमिटरमा कङक्रिटको रिफरेन्स् पिलर लगाइएको उल्लेख गरेका छन् । लेखापरीक्षणको सिलसिलामा झापाको जलथल र चारआली वन क्षेत्र, मोरङको सलकपुर, बेलटार र मंगलवारे एवं मकवानपुरको सुनाचुरी वन क्षेत्रको स्थलगत अवलोकन गर्दा धेरैजसो स्थानमा यस्ता सिमानाको अवशेष नै बाँकी नदेखिएको र बाँकी क्षेत्रमा यस्ता सिमाना चिन्हहरु बिग्रेभत्केका, काँडेतार चुडिएको, चोरी भएको स्थिति देखिएको छ । हरेक १/१ किलोमिटरमा लगाइएका रिफरेन्स् पिलहरुको अवशेषसम्म कँही भेटिएन । सरोकारवालाहरुसँगको छलफल कार्यक्रममा ती जिल्लाका इलाका वन कार्यालय एवं रेन्जपोष्टका कर्मचारीहरुसँग यस बारेमा जिज्ञासा राख्दा निजहरुले पनि आफ्नो क्षेत्रमा यसप्रकारको पिलर नदेखेको जनाएका छन् ।

१४.५ लेखापरीक्षण गरिएका उल्लिखित तीन जिल्ला वन कार्यालयले वन ऐन, २०४९ को दफा २(ख) बमोजिम राष्ट्रिय वनको जग्गाको नापजाँच गरी नक्सा लिने कार्य भएको छैन । स्रोत साधन, स्पष्ट नीति नियम र कार्यक्रमको अभावमा उक्त कार्य हुन नसकेको र यसबाट समग्र वन संरक्षणमा कठिनाइ पर्न गएको देखिन्छ ।

अध्ययन गरिएका जिल्लाका वन क्षेत्र चारैतिरबाट आवाद क्षेत्रले घेरिएको देखिन्छ । झापा र मोरङका वन क्षेत्रको बीचबाट पूर्व–पश्चिम राजमार्ग गएको र राजमार्गको छेउछाउ र चोकहरुको जग्गाको व्यापारिक महत्व बढ्दै गएकोले यस्ता क्षेत्रमा वन क्षेत्र र आवाद क्षेत्र छुट्याउने स्पष्ट सीमाङ्कनको अभावमा खुला चरिचरन, वन पैदावार चोरी निकासी, अतिक्रमण एवं सीमा विवाद वृद्धि हुन गई वन संरक्षणमा बाधा पुग्न गएको छ । तसर्थ जिल्लामा रहेको सरकार व्यवस्थित वनको कुल सिमाना, वन सिमाना चिन्ह लगाईएको एवं लगाउन बाँकी क्षेत्रको यकिन गरी वन सिमाना चिन्हलाई व्यवस्थित गर्ने गरी वार्षिक कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । मक्के भाँच्चिएका एवं बिग्रेभत्केका सीमा स्तम्भहरुको मर्मत गर्नुपर्ने एवं पुनः रेखाङ्कन गरी स्थायी पिलरको निर्माण गर्नुपर्ने देखिन्छ ।

१५. **वन अतिक्रमण –** वन ऐन, २०४९ को दफा ४९(क) अनुसार वन क्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो बनाउन नपाउने उल्लेख छ । सोही ऐनको दफा ५०(क) मा यस्तो कसुर गर्नेलाई हुने दण्ड सजायको व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१५.१ झापा, मोरङ र मकवानपुरमा विगतमा अतिक्रमण भएको ४ हजार ८५ हेक्टर वन क्षेत्रबाट अतिक्रमण हटाउन बाँकी रहेको सम्बन्धित जिल्लाको वन कार्ययोजनामा उल्लेख भएको देखिन्छ । झापाको बाहुनडाँगी, शान्तिनगर, मेची नगरपालिका, धाइजन, बुधबारे, शनिश्चरे, खुदनाबारी, अर्जुनधारा, सुरुङ्गा, सतासिधाम, लखनपुर, दमक नगरपालिका, पृथ्वीनगर एवं राजगढ लगायतको स्थानमा विगतदेखि वन अतिक्रमण गरी घर, टहरा निर्माण एवं खेतीपाती गर्ने कार्य हुँदै आएको देखिन्छ । यसैगरी मोरङको खैरेनी, याङ्गशिल, भोगटेनी, केराबारी, लेटाङ्ग, जाँते, टाँडी, मधुमल्ला, उर्लाबारी, पथरी, वयरवन, केरौन, डाँगीहाट, बेलबारी एवं सुन्दरपुर लगायतका क्षेत्रहरुमा विगतदेखि वन अतिक्रमण भएको देखिन्छ । मकवानपुरमा घियान, मनहरी, काकडा, मन्थली, हर्नामाडी, हटिया, शिखरपुर, चुरियामाई, गढी, वसामाडी, सरिखेत, राक्सिराङ्ग र दामन क्षेत्रमा अतिक्रमण केन्द्रित रहेको देखिन्छ । विगतमा अतिक्रमित यस्ता क्षेत्रमा धेरै पूर्वाधारहरु निर्माण

भईसकेको र बस्ती व्यवस्थित भईसकेकोले सामान्य प्रयासले बस्ती उठाउन सम्भव देखिँदैन । यस्ता पुरानो अतिक्रमण हटाउन विगत ३ वर्षमा जिल्ला वन कार्यालयको तर्फबाट उल्लेखनीय पहल भएको देखिएन ।

१५.२ झापाको वन कार्ययोजनामा हाल अतिक्रमणको समस्या नरहेको उल्लेख गरेको भए तापनि उक्त भनाईलाई पुष्टि गर्नेगरी पछिल्लो समयमा वन अतिक्रमण सम्बन्धी लगत अद्यावधिक गर्ने कार्य हुनसकेको छैन । वन क्षेत्र र आवाद क्षेत्रको स्पष्ट सीमा विभाजन हुन नसकेको कारण वन अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सकिएको छैन । लेखापरीक्षणको सिलसिलामा चारआली वन क्षेत्रको वन संरक्षण कार्यमा संलग्न रहेको प्रगति सामुदायिक वन समूहका पदाधिकारी, स्थानीय उपभोक्ता र वन कर्मचारी समेतसँग सामुदायिक भवन दुवागढीमा भएको छलफलको क्रममा उक्त समूहले रेखदेख गरिरहेको (सामुदायिक वनको रुपमा हस्तान्तरण नभएको) वन क्षेत्रको पूर्व, पश्चिम र उत्तरमा आवादी क्षेत्र रहेको, आवादी क्षेत्र र वन क्षेत्र छुट्याउने स्पष्ट वन सीमाङ्कन हुन नसकेको कारण तीनैतर्फबाट अतिक्रमणको चपेटामा परेको देखिएको छ । स्थानीय उपभोक्ताहरुले दिएको जानकारी अनुसार पूर्वतर्फको करिब ५२ बिगाह जमिनमा ४०–४२ घर परिवारले विगतदेखि खेती गरिरहेको (तस्बिर नं १), मेची राजमार्गको चारआलि चोकदेखि करिब ७००–८०० मिटरसम्मको एक कठ्ठे क्षेत्रमा हरेक वर्ष अतिक्रमण भइरहेको (तस्बिर नं.२ र ३) व्यहोरा जानकारी हुन आएको छ । चारआली चोकको एक कठ्ठे क्षेत्रमा वन सिमाना स्पष्टसँग नछुट्टिएको र सो क्षेत्रको जग्गा निकै महँगिएको कारण स्थानीय बासिन्दाहरु वन क्षेत्र अतिक्रमण भइरहेको देखिन्छ ।

तस्बिर नं.१

तस्बिर नं.२

तस्बिर नं.३

(धाइजन वडा नं. ४ चारआली वन क्षेत्रमा लगाइएको धानबाली र चारआली एक कठ्ठे क्षेत्रमा वन क्षेत्र अतिक्रमण गरी लगाइएका पर्खालहहरु)

१५.३ लेखापरीक्षणको सिलसिलामा मोरङका विभिन्न रेन्जपोष्ट र सोअन्तर्गतका वन क्षेत्रको स्थलगत अवलोकन गर्दा जिल्लाको वन कार्ययोजनामा उल्लेख भएको क्षेत्रभन्दा अन्य क्षेत्रमा समेत अतिक्रमण भएको देखिन्छ । उदाहरणको लागि सलकपुर रेन्जपोष्ट अन्तर्गत इन्द्रपुर ३ मा पूर्वाञ्चल विश्वविद्यालयलाई उपलब्ध गराएको क्षेत्रभन्दा पूर्व पट्टी करिब १६ बिघा वन क्षेत्र ४५० घरधुरीले अतिक्रमण गरी पक्की घर, विद्यालय, डीपट्यूवेल (तस्बिर नं.४) समेतका संरचनाको निर्माण गरिसकेको देखिन्छ । अतिक्रमित वन क्षेत्रमा विद्यालय स्थापना गर्दा सम्वद्ध पक्षले जिल्ला वन कार्यालयबाट स्वीकृति लिएको समेत पाइएन ।

१५.४ मोरङकै जाँते रेन्जपोष्ट इलाकामा बाह्रगोठे क्षेत्रमा करिब १५ हेक्टर वन क्षेत्र आवाद गरी खेती गरिएको र केही काठका घर निर्माण भएको (तस्बिर नं.५) देखिन्छ । कार्यालयले अतिक्रमणको तथ्याङ्कमा समावेश गरिनसकेको उक्त अतिक्रमित क्षेत्रमध्ये १० हेक्टर क्षेत्रबाट अतिक्रमण हटाई २०६७।६८ को राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत वृक्षारोपण गर्ने प्रयास गरेकोमा सफल हुन नसकेको व्यहोरा जानकारी हुन आएको छ ।

तस्बिर नं. ४

तस्बिर नं.५

(मोरङको इन्द्रपुर ३ स्थित अतिक्रमित क्षेत्रमा निर्माण भएको विद्यालय भवन र जाँते रेन्ज पोष्ट अन्तर्गत बाह्रगोठेमा वन अतिक्रमण गरी आवाद गरिएको क्षेत्र)

१५.५ लेखापरीक्षणको सिलसिलामा २०६८।८।१८ का दिन मकवानपुरको पालुङ इलाका वन कार्यालयमा त्यस क्षेत्रका रेन्जपोष्ट र सामुदायिक वनका पदाधिकारीहरुसँगको छलफलको क्रममा उक्त क्षेत्रबाट खानी उत्खनन् गर्ने दिई सिमेन्ट र एक चून उद्योगले वातावरण संरक्षण र क्षतिपूर्तिसम्बन्धी कुनै कार्य नगरेको र वातावरण प्रभाव मूल्याङ्कनमा उल्लेख भएबमोजिमका जोखिम न्यूनीकरणका उपायहरु समेत अवलम्बन नगरेको कारण उद्योग वरपरका क्षेत्र अतिक्रमित हुन गएको तथा वन र वातावरण संरक्षणमा समेत बाधा पुग्नगएको व्यहोरा जानकारी हुन आएको छ ।

१५.६ राजनीतिक सङ्क्रमण, प्राकृतिक प्रकोप (बाढी पीडित), वाह्य शरणार्थी, बसाई सराई, सुकुम्बासी समस्या लगायतका कारणले यी जिल्लाहरुमा वन अतिक्रमण हुने गरेको देखिन्छ । राजमार्ग र सडकको दाँयाबाँयाको अतिक्रमण हटाउने सम्बन्धमा जिम्मेवारीको स्पष्ट किटान नभएको एवं जिल्ला विकास समिति र गाउँ बिकास समितिहरुले अव्यवस्थित रुपमा डोजर लगाई बाटो निर्माण गर्ने गरेको कारणले समेत अतिक्रमण बढेको व्यहोरा सरोकारवालाहरुसँगको छलफलको क्रममा जानकारी हुन आएको छ । वन अतिक्रमणले वन क्षेत्रमा ह्रास, वन पैदावारको क्षय एवं वन सीमाङ्कनको लोपको अवस्था सिर्जना हुन पुगेको पाइन्छ । वन अतिक्रमण गर्नेहरुलाई वन ऐनको प्रावधानबमोजिम कारबाही गरी अतिक्रमण हटाउन नसकेको कारण अन्य व्यक्तिहरुलाई समेत वनक्षेत्रमा खनजोत गर्न एवं घरटहरा बनाउन आँट बढिरहेको देखिन्छ । साथै पर्याप्त नियमनको अभावमा वातावरण प्रभाव मूल्याङ्कनका प्रावधानहरु पूर्णरुपमा लागू गर्न कठिनाई परिरहेको छ ।

वन अतिक्रमणबाट जोगाउन अतिक्रमण नियन्त्रणसम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गरिनुपर्दछ ।

१६. **संरक्षण पूर्वाधार –** वन जङ्गलको संरक्षण र सुव्यवस्था गर्न वन ऐन र नियमावलीको व्यवस्था गरिएको छ । जिल्लामा सो कार्य गर्ने जिम्मेवारी जिल्ला वन कार्यालयले पाएको छ । वनको संरक्षण र सुव्यवस्था गर्न जिल्ला वन कार्यालयलाई उपलब्ध गराएको जनशक्ति, भौतिक सुविधा र बजेट लगायतका पूर्वाधारहरु पर्याप्त हुनुपर्दछ ।

१६.१ अध्ययनमा छानिएका तीन कार्यालयहरुमा स्वीकृत दरबन्दी ४९५ रहेकोमध्ये ४२७ पदपूर्ति भई ६८ रिक्त देखिन्छ । रिक्त पदमध्ये वन प्राविधिक पद १४, प्रशासनिक पद २६ र सशस्त्र वन रक्षक २८ रहेको छ । रिक्त पदमध्ये मोरङमा सबैभन्दा बढी अर्थात् विभिन्न पदका ३३ दरबन्दी रिक्त रहेको पाइयो । सबै कार्यालयहरुमा सशस्त्र वन रक्षकतर्फ सुवेदारको पद रिक्त रहेकोले सशस्त्र वन रक्षक परिचालनमा समस्या परिरहेको व्यहोरा जानकारी हुन आएको छ ।

१६.२ इलाका कार्यालय २, रेन्जपोष्ट १० रहेको जिल्ला वन कार्यालय, झापामा चालू हालतमा रहेको गाडी १ र मोटर साईकल ३ रहेका छन् । जिल्ला वन कार्यालय, मोरङ अन्तर्गत ३ इलाका कार्यालय, १५ रेन्जपोष्ट रहेका छन् । उक्त कार्यालयमा हाल चालू हालतको गाडी रहेको छैन । जिन्सीमा अभिलेख रहेको ३ थान गाडीमध्ये २ विग्रीएको र १ सुनसरीमा रहेको उल्लेख छ । मकवानपुरमा २ गाडी र ३ मोटरसाइकल रहेकोमा १ मोटरसाइकल लिलाम प्रक्रियामा रहेको बाहेक अन्य चालू हालतमा रहेको देखिन्छ ।

१६.३ पर्याप्त र चालू अवस्थाको सवारी साधनको अभावमा नियमित गस्ति तथा अनुगमन गर्न, चोरी निकासीकर्ताबाट बरामद भएका काठ दाउरा कार्यालय परिसरमा ल्याउन, चोरी निकासीका अभियुक्तहरुलाई मुद्दाको सिलसिलामा जिल्ला अदालतमा लैजाने कार्यमा समस्या परिरहेको देखिन्छ ।

१६.४ झापाको जलथल इलाकाको ५ वटै रेन्जपोष्ट कार्यालय भवनविहीन रहेको देखियो । ती सबै स्थानका रेन्जपोष्ट भवन द्वन्द्वकालमा ध्वस्त भएको जानकारी हुन आएको छ । यसैगरी सुरुङ्गा इलाकाअन्तर्गतको ५ रेन्जपोष्ट कार्यालयमध्ये पुहातीबारी रेन्जपोष्टको भवन विगतको द्वन्द्व अवस्थामा ध्वस्त भएको उल्लेख छ । अन्य चार रेन्जपोष्टको काठे भवनसमेत जीर्ण अवस्था रहेको देखिन्छ ।

१६.५ मोरङको २१ रेन्जपोष्टमध्ये ६ रेन्जपोष्ट कार्यालय भवनबिहिन छन् । विगतको द्वन्द्वकालीन अवस्थामा ध्वस्त भएका भवनहरुको पुन: निर्माण हुन बाँकी देखिन्छ । भवन भएका ९ रेन्जपोष्टमध्ये ७ रेन्जपोष्टमा रहेका काठे भवनहरु मर्मत गर्नुपर्ने अवस्थामा रहेको उल्लेख छ । लेखापरीक्षणको समयमा मंगलबारे इलाका वन कार्यालयमा आयोजित छलफल कार्यक्रमबाट मधुमल्लामा जिल्ला प्राविधिक कार्यालयले निर्माण गरेको पक्की रेन्जपोष्ट भवनमा पानी चुहिएको कारण उक्त भवन बुझी नलिएको र उक्त स्थानमा भाडामै रेन्जपोष्ट कार्यालय सञ्चालनमा रहेको जानकारी हुन आएको छ ।

मोरङकै सलकपुर इलाका वन कार्यालयमा लेखापरीक्षणको समयमा स्थलगत अवलोकन गर्दा उक्त इलाका परिसरमा चेकपोष्टसमेत ८ भवन रहेकोमा १ द्वन्द्व कालमा ध्वस्त भएको एवं बाँकी भवनमध्ये व्यारेकको रुपमा प्रयोग गरिएको भवनमा पानी चुहिने भएको कारण हतियार प्रहरी कार्यालयमा जिम्मा दिएको देखियो । उक्त इलाका परिसरमा तारबार र कम्पाउण्डवाल नभएको कारण बरामदी काठ दाउरा, सवारीसाधन र थुनुवाहरुको सुरक्षामा अप्ठेरो परिरहेको स्थितिसमेत देखिएको छ ।

१६.६ जिल्ला वन कार्यालय, मकवानपुर अन्तर्गतको ३ इलाका कार्यालयमध्ये पालुङ इलाका कार्यालयको र १५ रेन्जपोष्टमध्ये ११ को आफ्नो भवन नरहेको व्यहोरा जानकारी हुन आएको छ । भवन नभएको र कार्यालयले घरभाडा समेत उपलब्ध नगराएको रेन्जपोष्टहरु सम्बन्धित कर्मचारीहरुले नै भाडामा लिई सञ्चालन गरिरहेको व्यहोरा छलफलको क्रममा जानकारी हुन आएको छ ।

१६.७ यी तीन जिल्ला वन कार्यालयको स्वीकृत वन कार्ययोजनामा प्रस्तावित कार्यक्रम बजेट र वास्तविक बजेट विनियोजन स्थिति विश्लेषण गर्दा २०६५।६६ देखि २०६७।६८ सम्म ३ वर्षको कार्यक्रम कार्यान्वयन गर्न रु.१२ करोड २३ लाख ७८ हजार बजेट आवश्यक पर्नेमा सोको १९.४४ प्रतिशत अर्थात् रु.२ करोड ३७ लाख ९२ हजार मात्र बजेट प्राप्त भएको देखिन्छ ।

वन संरक्षण र व्यवस्थापनको लागि आवश्यक मानवीय र भौतिक स्रोत साधनको पर्याप्त व्यवस्था हुन नसकेको कारण अतिक्रमण एवं वन पैदावारको चोरी निकासी नियन्त्रण हुनसकेको देखिएन । जिल्लाको वनको क्षेत्रफल र अवस्थाको अध्ययन गरी दरबन्दीमा सामयिक पुनरावलोकन गरी कार्यस्थलमा दरबन्दीबमोजिमको पदपूर्ति गर्ने, आवश्यक भौतिक पूर्वाधारको समयोचित व्यवस्था गर्ने एवं स्वीकृत कार्ययोजना अनुसारको बजेटको समेत व्यवस्था गरी राष्ट्रिय वनको व्यवस्थापन गर्नुपर्दछ ।

१७. **वनजन्य उद्योग** – नेपाल सरकार (मन्त्रीस्तर) वन तथा भूसंरक्षण मन्त्रालयबाट २०५४।७।२६ मा भएको निर्णयमा वन संरक्षणका दृष्टिकोणबाट स:मिल तथा इँटाभट्टाहरु सञ्चालन गर्न गराउनका लागि तराईमा वन क्षेत्रभन्दा ५ किलोमिटर र सोभित्र नपर्ने गरी सञ्चालन गर्ने गरी व्यवस्था भइरहेकोमा २०६३।११।११ को

राज्यमन्त्रीस्तरको निर्णयले यो दूरी २ किलोमिटर कायम गरेकोमा मन्त्रीस्तरको २०६७।४।३१ को निर्णयले उक्त दूरी ५ किलोमिटर नै कायम गरेको देखिन्छ ।

जिल्ला वन कार्यालय मोरङबाट प्राप्त विवरणअनुसार त्यस जिल्लामा स:मिल २३, फर्निचर तथा काष्ठ उद्योग २१८, भेनियर उद्योग ७ र रेजिन उद्योग ३ समेत वन पैदावारमा आधारित उद्योगहरुको संख्या २५१ रहेको छ । यसैगरी जिल्ला वन कार्यालय मकवानपुरबाट प्राप्त विवरण अनुसार जिल्लामा काष्ठ उद्योग १५, क्रसर उद्योग २६, नेपाली हाते कागज उद्योग १, अल्लो कपडा उद्योग १ र अगरवत्ति उद्योग ३ समेत ४६ उद्योग वन पैदावारमा आधारित छन् । उक्त ४६ उद्योगमध्ये काष्ठ उद्योग ८ र क्रसर उद्योग ३ हेटौडा औद्योगिक क्षेत्रभित्र रहेको समेत जनाइएको छ । जिल्ला वन कार्यालय झापाले यससम्बन्धी कुनै जानकारी उपलब्ध गराएको छैन । मोरङ र मकवानपुरले वन पैदावारमा आधारित उद्योगहरुको विवरण उपलब्ध गराएकोमा २०६३।११।११ पश्चात स्थापना भएको यस्ता उद्योगको संख्या कति रहेको छ भन्ने सम्बन्धमा कार्यालयले वर्गीकरण गरी अभिलेख राखेको देखिएन ।

नीतिगत अस्थिरताको कारण यस्ता उद्योगहरु स्थापना गर्नेसम्बन्धी मापदण्डमा परिवर्तन भइरहेको देखिन्छ । जिल्लामा स्थापना भएका वन पैदावारमा आधारित उद्योगहरुको वास्तविक स्थिति देखिने गरी अभिलेख व्यवस्थित नगरिएको अवस्थामा कार्यालयले यस्ता उद्योगहरुको सम्बन्धमा पर्याप्त र प्रभावकारी अनुगमन र नियन्त्रणको कार्य गर्नमा कठिनाइ पर्ने देखिन्छ । त्यसैले यस्ता उद्योग स्थापनाको मापदण्ड निर्धारण कार्य स्थानीय भौगोलिक अवस्था, चोरी निकासीको स्थिति र उद्योग सञ्चालनमा सुविस्तासमेतको आधारमा गरिनुपर्दछ । साथै यसरी स्थापित उद्योगहरुको अभिलेख व्यवस्थित गरी नियमित अनुगमन समेत गर्नुपर्ने देखिन्छ ।

सार्वजनिक संस्था

दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड

वनको काठ, दाउरा चिरान गरी सुपथ मूल्यमा बिक्री वितरण गर्ने, काठ दाउराको माग र आपूर्ति सम्बन्धमा अनुसन्धान गर्ने तथा काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने उद्देश्यले २०१७ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित छ । कर्पोरेशनको २०६३।६४ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१८. **लेखापरीक्षण स्थिति** – कर्पोरेशनको २०६७।६८ सम्मको लेखापरीक्षण सम्पन्न गर्नको लागि लेखापरीक्षकहरु नियुक्त भए तापनि २०६३।६४ सम्मको मात्र लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्रेषित भएको छ । व्यवस्थापनले लेखापरीक्षण प्रतिक्रिया उपलब्ध नगराएकोले यो आर्थिक वर्षको अन्तिम प्रतिवेदन जारी हुनसकेको छैन । कर्पोरेशनले २०६४।६५ देखि २०६७।६८ सम्मको अवधिको लेखा हिसाब तथा वित्तीय विवरणहरु पेश गरी लेखापरीक्षण गराएको छैन ।

१९. **सञ्चालन नतिजा** – कर्पोरेशनले २०६३ आषाढ मसान्तसम्म रु.२८ करोड ७५ लाख ४९ हजार सञ्चित नोक्सानी रहेकोमा यो वर्ष रु.३८ लाख ८० हजार नोक्सानी थप भई वर्षान्तसम्मको सञ्चित नोक्सानी रु.२९ करोड १४ लाख २९ हजार पुगेको छ । यो सञ्चित नोक्सानी चुक्ता पूँजीको १ हजार ८१२ प्रतिशत रहेको हुनाले कर्पोरेशनको वित्तीय अवस्था नाजुक रहेको छ ।

२०. **अनुपात विश्लेषण –** कर्पोरेशनको चालू अनुपात ०.८९७ रही चालू सम्पत्तिबाट चालू दायित्व भुक्तान गर्न नसक्ने, जिन्सी मौज्दात टर्नओभर अनुपात ०.७९२ भई जिन्सी मौज्दात बिक्रीको तुलनामा अत्याधिक बढी रहेको, स्थिर सम्पत्ति र बिक्रीको अनुपात ०.५२ रही स्थिर सम्पत्तिको प्रभावकारी उपयोग नभएको स्थिति देखिएको छ । यस्तै मोटामोटी नाफा अनुपात ३० प्रतिशत र खुद नोक्सान अनुपात २.४० प्रतिशत रहनाले कर्पोरेशनको वित्तीय अवस्था अत्यन्त खराब रहेको छ ।

२१. **भवन –** तत्कालीन मन्त्रिपरिषद्को २०४५।१२।१ को निर्णय अनुसार विघटित इन्धन संस्थानको साविक भवनको मूल्य रु.५४ लाख ८ हजारलाई कर्पोरेशनमा गाभ्ने निर्णय भएअनुसार सो भवनको मूल्य कर्पोरेशनको भवन शीर्षकमा एकमुष्ट समावेश गरी देखाउनुपर्नेमा "भवन विघटित इन्धन संस्थान" शीर्षकमा छुट्टै लेखाङ्कन गरेको पाइयो । कर्पोरेशनको बबरमहलस्थित भवन र सो भवनमा रहेको जग्गा समेत २०६१।६२ मा नेपाल सरकारलाई बिक्री गरेको भएपनि सोही प्रयोजनका लागि नेपाल सरकारबाट पेश्की स्वरुप प्राप्त रु.६ करोड ४८ लाख ३३ हजार प्रतिवेदन वर्षको अन्तसम्ममा पनि फछ्यौंट गरेको छैन । बिक्री भइसकेको भवनको मूल्य कर्पोरेशनको वासलातको स्थिर सम्पत्तिमा अझै देखाई रहेको छ ।

२२. **ह्रास कट्टी –** आयकर ऐन, २०५८ अनुसार हरेक वर्षमा खरिद गरिएका वा प्राप्त गरिएका सम्पत्तिहरुको सोही वर्षदेखि नै ह्रास कट्टी गर्ने व्यवस्था कर्पोरेशनले पालना गरेको छैन । कर्पोरेशनले सम्पत्ति खरिद गरेको वर्षमा ह्रासकट्टी नगरी अर्को वर्षदेखि मात्र आयकर ऐनले तोकेको घट्दो ह्रास प्रणालीका आधारमा ह्रासकट्टी लेखाङ्कन गरेको देखिन्छ । विघटित इन्धन संस्थानलाई कर्पोरेशनमा गाभ्दा ग्रहण गरेको रु.५४ लाख ८ हजारका भवन २०४६।४७ देखि ह्रासकट्टी गरेको छैन । उक्त सम्पत्तिमा २०४६।४७ देखि २०६१।६२ सम्म ह्रासकट्टी नगरी वासलातमा परल मोल नै देखाएको हुँदा सो सम्पत्तिको ह्रासकट्टी रकम बराबरले नाफा नोक्सान हिसाबमा कम खर्च लेखाङ्कन भएको छ ।

२३. **पेश्की तथा सापटी –** गत वर्षको तुलनामा कर्मचारी पेश्की तथा सापटी ८.०६ प्रतिशतले वृद्धि भई यस वर्षको अन्तमा रु.६० लाख ३७ हजार पुगेको छ । यसरी वर्षेनी कर्मचारी पेश्की तथा सापटीमा वृद्धि हुनुमा आर्थिक विनियमबमोजिम कर्मचारी पेश्की प्रयोजन समाप्त भएको ७ दिनभित्र फछ्यौंट हुनुपर्ने, पुरानो पेश्की फछ्यौंट नभई अर्को पेश्की दिन नहुने र समयमा फछ्यौंट नभएमा बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याज लगाई असुलउपर गर्नुपर्ने प्रावधानहरु पालना नहुनु हो ।

यो वर्ष रु.२ करोड ५४ लाख १४ हजार पेश्की सापटी मौज्दात रहेको छ । यो रकममध्ये रु.६० लाख ३७ हजार कर्मचारी पेश्की तथा सापटी रहेको छ । विगतदेखिका पुराना रकमहरु जिम्मेवारी सार्दै ल्याउनुका साथै पृथक पृथक शीर्षक खडा गरी जिम्मेवारी सार्दै ल्याएका रकमको आवश्यक छानबिन गरी हिसाब राफसाफ गर्नुपर्नेमा गरेको छैन । पुराना नगद तथा बैङ्कहरुमा मौज्दात रकमहरु र आर्थिक हिनामिना सम्बन्धी कारोबारहरुलाई समेत यस शीर्षकमा लेखाङ्कन गरेको छ । यस्ता हिसाबहरुबाट नगद सङ्कलन हुने सम्भावना नदेखिए तापनि नोक्सानी व्यवस्था नगरी चालू सम्पत्ति अन्तर्गत राखेको छ ।

२४. **कर तथा भन्सार महसुल –** यस वर्षमा रु.२ करोड १४ लाख ९५ हजार कर तथा महसुलको बक्यौता रहेको देखिन्छ । विगत वर्षदेखिका व्यवस्था रकमहरु समेत यथावत् रहेको छ । कर दायित्व फछ्यौंट गर्ने एवं राफसाफ गर्नेतर्फ कर्पोरेशनले प्रभावकारी कदम चालेको देखिएन ।

विभिन्न कर कार्यालयमा दाखिला गर्नुपर्ने भनी विगत वर्षदेखि नै जिम्मेवारी सार्दै ल्याएको रु.१ लाख ६४ हजार यस वर्षको अन्तसम्ममा पनि दाखिला गरेको देखिएन । यसका अतिरिक्त घर बहाल कर रु.११ हजार, अग्रिम आयकर रु.३४ हजार, पारिश्रमिक कर रु.५५ हजार, ठेक्का कर रु.४ हजार गरी रु.१ लाख ४ हजार कर कार्यालयमा दाखिला नगरी बाँकी राखेको छ ।

२५. **हिसाब मिलान –** शाखा कार्यालय हिसाब मिलान खातामा गत वर्षको मौज्दात रु.६० लाख ३३ हजारमध्ये यस वर्ष रु.४५ लाख १५ हजारको हिसाब मिलान भई यस वर्षको अन्त्यमा रु.१५ लाख १८ हजार बाँकी देखाएको छ । यसरी बाँकी देखाए तापनि २०४६।४७ देखिको बक्यौता सार्दै ल्याएको रु.१९ लाख १७ हजारमध्ये कति रकम राफसाफ गरी मिलान भएको भन्ने यकिन विवरण पेश भएको छैन ।

२६. **धरौटी एवं पेश्की –** यस शीर्षकमा मौज्दात रहेको रु.१२ करोड ५४ लाख १० हजार कर्पोरेशनमा विभिन्न पार्टीहरुले कामको सिलसिलामा जम्मा गरेको धरौटी रकम रहेको देखिन्छ । सम्बन्धित कार्यको समाप्ति पश्चात धरौटी फिर्ताको लागि दावी नभएका रकमहरुको आयू वर्गीकरण गरी विवरण अद्यावधिक गरेको

पाइएन । यस शीर्षकमा मौज्दात रहेको कुल रकममध्ये रु.६ करोड ४८ लाख ६६ हजार विगत वर्षदेखिनै बक्यौता सार्दै आएको छ । विगतको बक्यौतामध्ये रु.६ करोड ४८ लाख ३३ हजार बबरमहलस्थित आफ्नो भवन नेपाल सरकारलाई बिक्री गर्ने प्रयोजनको लागि २०५३।५४ मा पेश्की प्राप्त गरेको र २०६१।६२ मा भवन बिक्रीसमेत गरी नेपाल सरकारबाट पेश्कीस्वरुप प्राप्त गरेको रकम समावेश छ ।

२७. **अग्राधिकार –** लेखा नीति तथा टिप्पणीहरुमा कर्पोरेशनका अचल सम्पत्तिहरुमा अर्थ मन्त्रालयको अग्राधिकार रहेको उल्लेख भए तापनि कर्पोरेशनले जग्गा जमिनबाहेकका सम्पत्तिहरु बिक्री गर्दा अर्थ मन्त्रालयको सहमति लिने गरेको छैन ।

२८. **उपदान तथा बीमा कोष –**स्थायी कर्मचारीको संख्या र सेवा अवधिको आधारमा उपदान रकम निर्धारण गरेको देखिएन । उपदान व्यवस्था रु.८० लाख ३६ हजार गर्नुपर्नेमा रु.८४ लाख ७४ हजार गरेको र बीमा व्यवस्था रु.३२ लाख १४ हजार गर्नुपर्नेमा व्यवस्था नै गरेको छैन । यी कारोबार समायोजन गर्दा व्यवस्था रकम रु.२७ लाख ७६ हजारले नपुग हुने देखिएको छ ।

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

औषधोपयोगी जडीबुटी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने उद्देश्यले २०३८ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित छ । यस कम्पनीको २०६७।६८ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्न छन्:

२९. **लेखापरीक्षण स्थिति** – कम्पनीको २०६४।६५, २०६५।६६, २०६६।६७ र २०६७।६८ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन क्रमश: २०६५।११।३०, २०६६।१०।२९, २०६७।८।२८ र २०६८।११।२१ मा उपलब्ध गराई सञ्चालक समितिको जवाफको लागि पटकपटक अनुरोध गरिए तापनि प्रतिक्रियासहित सञ्चालक समितिबाट प्रमाणित वित्तीय विवरण उपलब्ध नभएको कारण ती वर्षहरुको लेखापरीक्षण टुङ्गो लगाउन सकिएको छैन ।

३०. **सञ्चालन नतिजा –** गत वर्षसम्म रु.१३ करोड ५८ लाख २९ हजार नोक्सानी भएकोमा यो वर्ष रु.२३ लाख ५९ हजार थप भई रु.१३ करोड ८१ लाख ८८ हजार सञ्चित नोक्सानी पुगेको छ ।

३१. **निरन्तरता** – वित्तीय विवरण निरन्तरताको सिद्धान्तमा तयार गरेको छ । कम्पनीको वित्तीय अवस्था, सञ्चालन अवस्था तथा नगद प्रवाहको अवस्था अध्ययन गर्दा कम्पनीको आर्थिक अवस्था निम्नानुसार देखिन्छ:

३१.१ कर्मचारी अवकाश दायित्वमा यो वर्ष रु.१ लाख ७५ हजारले कमी भएको छ । नगद प्रवाहले कर्मचारीको यो वर्षको कर्मचारी अवकाश दायित्व वृद्धिलाई पुरा गर्नसक्ने अवस्था छैन । कर्मचारी अवकाश हुँदा व्यहोर्नुपर्ने रकम कोषमा राखेको छैन ।

३१.२ कम्पनीले लिएको कर्जा र ब्याज भुक्तानी गर्ने भाखा पुगी गत वर्षसम्म रु.९ करोड ९४ लाख २९ हजार बाँकी रहेकोमा यो वर्ष रु.१० करोड २४ लाख बाँकी रहेको छ । नेपाल सरकारसँग लिएको उक्त कर्जा तथा ब्याजको व्यवस्था गर्दै आए तापनि नगद अभावका कारण फिर्ता गर्नसकेको छैन ।

३२. **स्थिर सम्पत्ति** – वर्षान्तमा रु.२ करोड २८ लाखको स्थिर सम्पत्ति देखाएको छ । कम्पनीले आफ्नो स्थिर सम्पत्तिको भौतिक परीक्षण गरेको छैन । काम नलाग्ने सामानको कितावी मोल पनि समावेश भएकोले सम्पत्तिको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

३३. **जर्ती** – एक शाखाबाट अर्को शाखामा कच्चा पदार्थ स्थानान्तरण गर्दा हुने अधिकतम जर्तीको नर्म्स तयार गरी सोहीबमोजिम जर्ती मिनाहा दिने व्यवस्था गर्नुपर्नेमा नर्म्स तयार नगरी प्राप्त भएको परिमाण र शाखाले पठाएको परिमाणको फरकलाई जर्ति देखाउने गरेको छ । स्थानान्तरण गरेको वा उत्पादन गरेको पटक

(ब्याच) पिच्छे जर्तीको दर फरक गरेको छ । हरेक सामानको उत्पादन, स्थानान्तरण तथा भण्डार आदिको चुहावटको तहगत नर्म्स तयार गर्न ध्यानाकर्षण गराउँदै आए तापनि यो वर्ष पनि सुधार भएको पाइएन ।

३४. **ट्रेडमार्क** – आफूले विकास गरेका जडीबुटी तथा जडीबुटीजन्य औषधिहरुको सूत्र, बनावट, पेटेन्टलगायतका व्यवसायिक जानकारी जस्ता कुनैपनि सम्पत्तिको ट्रेडमार्क दर्ता गर्न सकेको छैन । सन्चोको ट्रेडमार्क दर्तासम्म गरेको छ । यस्ता सम्पत्तिको उपयोग गरी वा त्यस्ता अधिकार अन्यलाई दिई (आउट सोर्सिङ्ग) थप आय आर्जन गर्नसक्ने अवस्थामा कम्पनी रहेको देखिएन ।

३५. **साहु हिसाब** – यो वर्षसम्म भुक्तानी गर्न बाँकी साहु रु.२० लाख ३ हजार रहेको छ । यसमध्ये केन्द्रीय कार्यालयको १० वर्षभन्दा पुरानो साहु बाँकी रु.१ लाख ९१ हजार रहेको देखिन्छ ।

वन पैदावार विकास समिति

वन पैदावार उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०३३ सालमा स्थापना भएको हो । समितिको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

३६. **सञ्चालन नतिजा** – गत वर्ष वन पैदावार बिक्रीबाट रु.१३ करोड ४९ लाख ४२ हजार र विविधबाट रु.४४ लाख ३८ हजार समेत रु.१३ करोड ९३ लाख ८० हजारबाट रोयल्टी र मूल्य अभिवृद्धि करसमेतको दाखिला रु.४ करोड ६२ लाख ३ हजार कटाउँदा रु.९ करोड ३१ लाख ७७ हजार आम्दानी गरेको थियो । यो वर्ष वन पैदावार बिक्रीबाट रु.१३ करोड ४१ लाख २० हजार र विविधबाट रु.९२ लाख ९६ हजार समेत रु.१४ करोड ३४ लाख १६ हजारबाट रोयल्टी र मूल्य अभिवृद्धि कर समेतको दाखिला रु.४ करोड ९५ लाख २८ हजार कटाउँदा रु.९ करोड ३८ लाख ८८ हजार खुद बिक्री आम्दानी गरेको छ । वृक्षारोपण, संरक्षण, वन पैदावार सङ्कलन जस्ता कार्यक्रम सञ्चालन तथा प्रशासनिक काममा भएको खर्च रु.८ करोड ८३ लाख ३२ हजार कटाउँदा यो वर्ष रु.५५ लाख ५६ हजार बचत गरेको छ ।

३७. **धरौटी मौज्दात** – गत वर्षको धरौटी मौज्दात रु.१ करोड ३३ लाख ११ हजारमा यो वर्षको आम्दानी रु.१ करोड ५८ लाख २ हजार समेत रु.२ करोड ९१ लाख १३ हजारमा यो वर्षको फिर्ता खर्च रु.१ करोड ८० लाख ७४ हजार कटाउँदा रु.१ करोड १० लाख ३९ हजार अन्तिम मौज्दात रहनुपर्नेमा रु.८८ लाख ८६ हजार बाँकी देखाएको छ । घटी देखाएको रु.२१ लाख ५३ हजारको बैङ्क भिडान गरी असुलउपर एवं हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

३८. **अवकाश दायित्व** – समितिको सेवाबाट अवकाश लिने कर्मचारीलाई गतवर्ष रु.१ करोड १२ लाख २० हजार उपदान दिएकोमा यो वर्ष रु.३८ लाख ६० हजार खर्च गरेको छ । अवकाश लिने कर्मचारीको उपदानबापतको अनुमानित दायित्व रकम प्रत्येक वर्ष आम्दानीबाट कट्टा गरी छुट्टै कोषको व्यवस्था गर्नुपर्नेमा यस्तो व्यवस्था गरेको छैन । उपदान कोषको लागि दायित्व गणना गर्दा २०६६ आषाढसम्मको दायित्व रु.१३ करोड १० लाख ३० हजार रहने देखिएकोमा यो वर्ष रु.३८ लाख ६० हजार खर्च कटाउँदा हुने रु.१२ करोड ७१ लाख ७० हजारमा सञ्चालक समितिको २०६६।१०।२४ को निर्णय अनुसार कुल आयको १५ प्रतिशतले यस आर्थिक वर्षको दायित्व रु.३८ लाख ५ हजार थप गर्दा रु.१३ करोड ९ लाख ७५ हजार छुट्याउनुपर्ने हुन्छ । तर समितिले कर्मचारी अवकाशबापतको उपदान, औषधि उपचार जस्ता दायित्व यकिन गरी रकम छुट्याएको छैन ।

३९. **खराब काठ मौज्दात** – वन पैदावार मूल्य निर्धारण तथा बिक्री नियमावलीको नियम १४ मा खराब अवस्थाका काठ वा मौज्दातमा नरहेको काठ प्रक्रिया पुऱ्याई हटाउनु वा अपलेखन गर्नुपर्ने व्यवस्था छ ।

३९.१ रतुवामाई वृक्षारोपण आयोगमा विभिन्न आर्थिक वर्षमा उत्पादन भएका विभिन्न जातका १२ हजार ९५३ क्यूफिट खराब काठ मौज्दात रहेको छ । उक्त खराब काठ वन पैदावारको मूल्य निर्धारण तथा बिक्री नियमावलीको नियम १४ को प्रक्रिया पुऱ्याइ हटाउनुपर्नेमा सो कारबाही भएको छैन ।

३९.२ सागरनाथ वन विकास परियोजनाले केन्द्रीय कार्यालयलाई लेखेको २०६६।१।२ को पत्रअनुसार सिसौ गोलिया १ हजार ९२३ क्यूफिट दाउरा बनाई बिक्री गर्नुपरेको, मसला गोलिया ५ हजार ४७२ क्यूफिट आगलागी र चोरी भएको, मसला पोल २ हजार १९६ क्यूफिट दाउरा बनाई बिक्री गर्नुपरेको, मसला पोल १ हजार ६९२ क्यूफिट लुटी लगेकोले अन्तिम मौज्दातबाट हटाउने र पुराना गोलिया काठहरु र पोलहरु हैसियत खराब भै काठ र दाउरामा परिणत गरी बिक्री गर्नुपर्ने रायसहितको पत्र लेखी पठाएको देखिन्छ । तर सोउपर कारबाही भएको देखिएन ।

४०. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संसोधन सहित) अनुसार पहिलो करयोग्य बिक्री मूल्य गणना गरी सो मूल्यमा तोकिएको दरले मूल्य अभिवृद्धि कर र पछि कर छुट गणना गरी दुवै रकम छुट्टाछुट्टै लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ ।

४०.१ यो वर्ष मूल्य रतुवाभाई वृक्षारोष्ठा आयोजनाले अभिवृद्धि करसमेत बिक्री रु.३७ लाख ८२ हजारमध्ये कर छुट बिक्री र करयोग्य बिक्रीको रकम यकिन गर्न सकिएन । मूल्य अभिवृद्धि कर नलिएको काठको मूल्य घटाउँदा हुने बिक्री मूल्य रु.३० लाख ६८ हजारमा १३ प्रतिशतले हिसाब गर्दा मूल्य अभिवृद्धि कर रु.३ लाख ९९ हजार हुनुपर्नेमा रु.२ लाख २२ हजारमात्र असुल गरी रु.१ लाख ७७ हजार घटी मूल्य अभिवृद्धि कर असुल गरेको छ ।

४०.२ सागरनाथ वन विकास परियोजनाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधनसहित) अनुसार मूल्य अभिवृद्धि करयोग्य बिक्री रकम र मूल्य अभिवृद्धि कर छुट बिक्री रकमको छुट्टाछुट्टै लेखाङ्कन व्यवस्था गरेको छैन । बिक्री शाखाबाट प्राप्त विवरण अनुसार यो वर्ष दाउरा बिक्रीबाट कुल रु.४ करोड १७ लाख ९५ हजार प्राप्त भएकोमा रु.४४ लाख ५ हजारमात्र मूल्य अभिवृद्धि कर असुल गरेको छ । सो असुली रकममा बिक्री मूल्य निकाल्दा रु.३ करोड ३८ लाख ८७ हजारमात्र करयोग्य बिक्री हुने भएकोले कुल बिक्री रकममध्ये करयोग्य बिक्रीको मूल्य अभिवृद्धि कर असुली अङ्क यकिन गर्न सकिएन ।

४१. **चोरी कटानी –** सागरनाथ वन विकास परियोजनाले ओगटेको जङ्गलको सिमाना खुल्ला रहेको कारणले विभिन्न क्षेत्रबाट चोरी निकासी, चोरी कटान हुने गरेको छ । यो वर्षमात्र गस्तीको क्रममा गोलिया काठ २० हजार २१६ क्यूफिट, पोल ३५५, कोरा १२४, विभिन्न जातका दाउरा २० चट्टा र चोरीमा प्रयोग भएका ट्रेक्टर ३, टायर गाडा ३२, साइकल १३५ र गोरु/राँगा गाडा ४४ बरामद गरेको छ । यी बरामद वन पैदावार र बरामदी सरसामानहरुको समयमै कारबाही गरी टुङ्गो लगाउनुपर्नेमा गरेको छैन । परियोजनाले आफ्नो क्षेत्रभित्रको सुरक्षा निकायसँग समन्वय गरी चोरी नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

४२. **सञ्चालन नतिजा –** यो वर्ष कोषको आन्तरिक र वाह्य गरी रु.४० करोड ९३ लाख ४३ हजार आम्दानी भएकोमा रु.४१ करोड १२ लाख ६० हजार खर्च भई रु.१९ लाख १७ हजार न्यून भएको देखिन्छ । विगतको बचत रकमबाट न्यूनकोष पूर्ति गरेको र आम्दानीभन्दा बढी खर्च गर्नसक्ने भरपर्दो तथा दीगो स्रोत सीमित भएकोले खर्चमा मितव्ययिता अपनाउन सजग हुनुपर्ने देखिन्छ ।

४३. **बाघ संरक्षण विशेष कार्यक्रम –** बाघ संरक्षण विशेष कार्यक्रमको लागि विनियोजित रु.१२ करोडमध्ये मन्त्रालयमातहतका १४ कार्यालयको नाममा विनियोजित रु.६ करोड राष्ट्रिय प्रकृति संरक्षण कोषबाट खर्च गर्ने गरी अर्थ मन्त्रालय (सचिवस्तर) को निर्णयअनुसार कोषबाट यो वर्ष रु.९६ लाख ८५ हजार खर्च गरेको छ । कार्यक्रमको प्रगति विवरणमा रु.१ करोड ८७ लाख ८ हजार खर्च भई ३१.१८ प्रतिशत प्रगति भएको उल्लेख छ । आर्थिक विवरणले देखाएको भन्दा प्रगति विवरणमा रु.९० लाख २३ हजार बढी खर्च देखाएको पाइयो । वित्तीय विवरणअनुसार यो वर्ष भएको खर्चको आधारमा समग्र प्रगति १६ प्रतिशत हुने देखिन्छ । प्राप्त रकममध्ये वर्षको अन्त्यमा रु.५ करोड ३ लाख १५ हजार खर्च हुनसकेको देखिएन । बाँकी रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

४४. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा २० कार्यालयबाट रु.२ लाख ९६ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १७ कार्यालयबाट रु.१७ लाख ५८ हजार र सम्परीक्षणको क्रममा रु.१ करोड ७७ लाख १५ हजारसमेत रु.१ करोड ९७ लाख ६९ हजार असुल भएको छ ।

४५. **पेश्की** – मन्त्रालयअन्तर्गतका २९ सरकारी कार्यालयमा २०६८ असार मसान्तमा रु.१ करोड २४ लाख १९ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ५ कार्यालयबाट रु.५ लाख ४९ हजार आंशिक फछ्यौंट गरी २८ कार्यालयको रु.१ करोड १८ लाख ७० हजार म्याद नाघेको पेश्की बाँकी छ । गत विगतको समेत कुल रु.१५ करोड ६० लाख २८ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

४६. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहाय अनुसार छ:

४६.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयहरुमा यो वर्ष रु.२३ करोड ३५ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ९८ लाख ५ हजार फछ्यौंट गरेकोले रु.२० करोड ३७ लाख ८२ हजार बाँकी रहेको छ ।

४६.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.१ करोड ३४ लाख ८० हजार बेरुजू देखिएको छ ।

४६.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.१६ करोड ५३ लाख २२ हजार फछ्यौंट भएकोले सम्परीक्षण गरिएको छ ।

अन्य संस्था समितितर्फ रु.९५ लाख ३२ हजार फछ्यौंट भएकोले सम्परीक्षण गरिएको छ ।

४६.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.२ करोड ९३ लाख ६५ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२० करोड ४२ लाख १९ हजारमध्ये रु.१९ करोड ४६ लाख ८७ हजार सरकारी कार्यालयतर्फ र रु.९५ लाख ३२ हजार अन्यतर्फ रहेको छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय

मन्त्रालय र मातहतसमेत ७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब १७ करोड ४२ लाख २३ हजार, राजस्वतर्फ रु.६ करोड ५२ लाख, धरौटीतर्फ रु.१ करोड २२ लाख ३९ हजारसमेत रु.१ अर्ब २५ करोड १६ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका सार्वजनिक संस्थान, अन्य संस्था समिति ३ को रु.१ अर्ब ३५ करोड ९० लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा ढुवानीको लागत अनुमान तयार गर्दा केन्द्रीयस्तरको सार्वजनिक निकायले विभागीय दररेटको आधारमा र त्यस्तो दररेट नभएको अवस्थामा प्रचलित बजार दरको आधारमा ढुवानीको लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । नेपाल खाद्य संस्थानले गत वर्षको सतही मार्ग र हवाई मार्गको लागत अनुमानमा १० देखि ३० प्रतिशत थप गरी तयार गरेको लागत अनुमानको आधारमा मन्त्रालयले यो वर्ष खाद्यान्न ढुवानी अनुदानबापत उक्त संस्थानलाई रु.४९ करोड ५७ लाख उपलब्ध गराएको छ । यस सम्बन्धमा गत विगतको प्रतिवेदनमा उल्लेख गरिएकोमा सुधार भएको छैन । विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **अनुदान** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालवसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रममा निकासा दिएको अनुदान रकमबाट भएका कार्यको प्रगतिको विवरण लिई लक्ष्य अनुसार कार्य गरे नगरेको लेखापरीक्षण भए वा नभएको अध्ययन अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल खाद्य संस्थानलाई खाद्यान्न सङ्कट रहेका ३० दुर्गम तथा अति दुर्गम जिल्लामा १६ हजार ५०४ मेट्रिकटन खाद्यान्न ढुवानी गर्न चालू खर्चतर्फ रु.४९ करोड २७ लाख तथा २ हजार ७०० मेट्रिक टन क्षमताका नयाँ गोदाम निर्माण कार्यका लागि पूँजीगत खर्चतर्फ रु.७ करोड २२ लाख, १५ हजार मेट्रिकटन सार्क खाद्य सुरक्षा बफरस्टक राख्न ब्याज खर्चको लागि रु.३ करोड ९९ लाख र बफरस्टक सञ्चालन खर्चका लागि रु.९५ लाख समेत रु.६१ करोड ४३ लाख, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई कण्ठरोग नियन्त्रण कार्यक्रमको लागि रु.९ करोड र नेपाल पारवहन तथा गोदाम व्यवस्था लिमिटेडलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा रहेको शितगृह सञ्चालनमा ल्याउन आवश्यक उपकरण र रेफ्रिजेरेशन भ्यान खरिदको लागि रु.६५ लाख अनुदान दिएको छ ।

नेपाल खाद्य संस्थानलाई यो वर्ष गोदाम निर्माणको लागि उपलब्ध गराएको रु.७ करोड २२ लाख खर्च नभई संस्थानमा मौज्दात रहेको देखिन्छ । खाद्यान्न तथा नुन ढुवानी कार्यको ढुवानी, वितरण तथा मौज्दात परिमाण र स्थान खुलाई प्रगति तयार गरेको छैन । मन्त्रालयले यस सम्बन्धमा प्रगति विवरण समेत लिई अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन ।

३. **निर्यातमा प्रोत्साहन** – निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०६८ को दफा ३ मा निर्यात गरेको वस्तुको मूल्य ३० देखि ५० प्रतिशतसम्म अभिवृद्धि भएमा २ प्रतिशत, ५० देखि ८० प्रतिशतसम्म भएमा ३ प्रतिशत र ८० प्रतिशतभन्दा बढी भएमा ४ प्रतिशत बराबरको नेपाली रुपैयाँ नगद प्रोत्साहन उपलब्ध गराउने व्यवस्था अनुरुप यो वर्ष मन्त्रालय मार्फत रु.३० करोड नेपाल राष्ट्र बैङ्कमा जम्मा गरेको छ । उद्योगहरुलाई नगद उपलब्ध गराउनका लागि निर्यात भएको वस्तुको मूल्य अभिवृद्धि भएको प्रतिशत निर्धारण गर्ने कार्य उद्योग विभागलाई जिम्मा दिएको छ । उद्योगीहरुले यस्तो प्रोत्साहनबापत पाउने रकम नेपाल राष्ट्र

बैङ्क मार्फत पाउने र सो बैङ्कले निर्यातकर्तालाई उपलब्ध गराएको रकम सोझै अर्थ मन्त्रालयबाट सोधभर्ना लिने व्यवस्था छ । कार्यविधिमा खर्चको लेखा राख्ने र लेखापरीक्षण गराउने सम्बन्धमा उल्लेख गरेको छैन । यो वर्ष नेपाल राष्ट्र बैङ्कमा उपलब्ध गराएको रकममध्ये खर्च तथा बाँकीको विवरण लिई अनुगमन पनि गरेको छैन ।

४. **प्राविधिक सहायता** – व्यवस्थापिका संसदमा २०६७।६८ को बजेट वक्तव्यका साथ प्रस्तुत प्राविधिक सहायता सम्बन्धी विवरणअनुसार व्यापार तथा विकास क्षमता अभिवृद्धि कार्यक्रममा सन् २०१० देखि २०१३ सम्ममा ई.आई.एफ.बाट रु.६ करोड ४७ लाख ५३ हजार प्राप्त हुने देखिन्छ । मन्त्रालयबाट उक्त रकमको प्राप्ति तथा खर्च गरेको विवरण प्राप्त भएको छैन ।

संगठित संस्था, अन्य संस्था र समितितर्फ

नेशनल ट्रेडिङ्ग लिमिटेड

व्यापारको विकास गरी देशको अर्थतन्त्रलाई दरिलो बनाउने, सरकारले तोकिदिएको वस्तु निकासी वा पैठारी गर्ने र अन्तर्राष्ट्रिय व्यापारमा विविधिकरण गर्ने उद्देश्यले २०१४ सालमा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित छ । कम्पनीको २०६६।६७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

५. **सञ्चालन नतिजा** – आय विवरणले देखाएको सञ्चालन नतिजा अनुसार निगमले यो वर्ष रु. १५ करोड ८४ लाख ३३ हजार खुद नोक्सान गरेको देखिन्छ । यस वर्षको खुद नोक्सानबाट गैरसञ्चालन आयबापत प्राप्त घरजग्गा बहाल तथा लाभांशको रु.२ करोड १४ लाख ३३ हजार समावेश नगर्दा निगमलाई व्यापारिक कारोबारबाट यो वर्ष रु.१७ करोड ९८ लाख ६६ हजार खुद नोक्सान गरेको देखिन्छ ।

यस वर्षको आय विवरणले देखाएको खुद नोक्सानबाट शंकास्पद लगानीबापत रु.८४ लाख ९ हजार व्यवस्था तथा उपदान कोष र घर तथा बिरामी बिदाबापत नपुग रु.१४ करोड ६३ लाख ३४ हजार दायित्वको व्यवस्था गर्ने हो भने सञ्चालन नतिजा रु.३१ करोड ३१ लाख ७६ हजारले ऋणात्मक हुने देखिन्छ ।

६. **अनवरत सञ्चालन** – वर्षान्तसम्म निगमको चुक्ता पूँजी रु.१६ करोड ९३ लाख ३५ हजार सम्पूर्ण क्षय भैसकेको र नेटवर्थ रु.१७ करोड ९९ लाख ९४ हजारले ऋणात्मक भइसकेको छ । पूँजी वृद्धि वा अन्य वैकल्पिक उपायहरु अवलम्बन नगरेको अवस्थामा निगम अनवरत रुपमा सञ्चालन हुन सक्ने देखिदैन ।

७. **खराब लगानी** – हिमाल सिमेन्ट कम्पनीको कारोबार बन्द भएको तथा अन्य ४ कम्पनीको सम्पूर्ण चुक्ता पूँजी क्षय भई नेटवर्थ ऋणात्मक भइसकेको हुँदा निगमको उक्त कम्पनीहरुमा भएको शेयर लगानी रु.८९ लाख ९ हजार खराब लगानी भैसकेको छ । निगमले नोक्सानी व्यवस्था गरेको छैन ।

८. **लगानी हिसाब** – नागरिक लगानी कोषलाई दिनुपर्ने रु.३१ लाख ४१ हजार शेयर लगानी रकमबाट न्यून गरेकोले सो हदसम्म वासलातमा कुल लगानी रकम कम प्रदर्शन हुन गएको छ ।

९. **असामी** – असामी बाँकी रु.२ करोड ९७ लाख १२ हजारमा विभिन्न मन्त्रालय तथा सरकारी कार्यालयहरुसँग बाँकी रु.२४ लाख ४८ हजार र सार्वजनिक संस्थानहरुसँग बाँकी रु.१४ लाख ९ हजार समेत समावेश छ । बक्यौता रकम असुल गर्नेतर्फ प्रभावकारी कदम चालेको छैन ।

१०. **लिनुपर्ने हिसाब** – नेपाल यातायात संस्थान तथा रोपवेसँग रु.१० लाख ४९ हजार, हिमाल सिमेन्ट कम्पनीसँग रु.४९ लाख ६७ हजार, नेकोन एअरसँग रु.२ लाख ८५ हजार र साझा यातायातसँग रु.६ लाख ३० हजार लिनुपर्ने हिसाबको सोधन स्थिति खराब रहेको छ ।

११. **अपलेखन** – कोलकाता कार्यालयअन्तर्गत विभिन्न सात क्लियरिङ्ग एण्ड फर्वाडिङ्ग एजेन्टसँग बाँकी रु.२६ लाख ४५ हजार असुलउपर गर्न भारतीय कानून अनुरुपको प्रक्रिया पूरा गरी समयमै कारबाही नगरेबाट ती रकमहरु असोध्य भइसकेको व्यहोराको कानूनी राय प्राप्त भए तापनि अपलेखन गरेको छैन ।

१२. **शंकास्पद व्यवस्था** – वर्षान्तमा असामी तथा लिनुपर्ने हिसाबहरुको सोधन स्थिति पुनरावलोकन गरी शंकास्पद व्यवस्थाको लागि नपुग रकम थप गर्ने तथा शंकास्पद व्यवस्था हिसाबमा बढी रकम आम्दानी जनाउने गरेको छैन । शंकास्पद व्यवस्था हिसाबमा साविकदेखि बाँकी रु.२ करोड ६६ लाख १० हजार यथास्थितिमा रहेको छ । क्लियरिङ्ग एजेन्टहरुसँग असुल हुन बाँकी रकम शंकास्पद व्यवस्था हिसाबमा जम्मा भइराखेको रु.२६ लाख ४६ हजार अन्य दायित्व हिसाबमा देखाएको छ । उक्त हिसाब शंकास्पद असामी जम्मा गर्नुपर्ने देखियो ।

१३. **चालू दायित्व** – चालू दायित्वतर्फ ग्राहक तथा अन्यबाट प्राप्त रु.२ करोड ८८ लाख २ हजारमा उखु विकास कोषको रु.१९ लाख ८२ हजार समावेश छ । नेपाल सरकारको विभिन्न मन्त्रालय तथा कार्यालयहरुको बाँकी रु.५० लाख ८० हजार, सार्वजनिक संस्थानहरुको रु.१ लाख ३७ हजार तथा अन्यको रु.२८ लाख ३५ हजार विगत ६ वर्षभन्दा बढी समयदेखि फछ्यौंट गर्नेतर्फ सक्रियता देखिएन । उखु विकास कोषको दायित्वलाई चालू दायित्वतर्फ पृथक् शीर्षकमा नदेखाई ग्राहक तथा अन्यबाट प्राप्त शीर्षकमा समावेश गरेको उचित देखिएन ।

१४. **सण्ड्री क्रेडिटर्स** – सण्ड्री क्रेडिटर्सको अन्य हिसाबमा बाँकी रु.२६ लाख १४ हजारको पार्टीगत तथा आयूगत समेतको विस्तृत विवरण उपलब्ध नभएको कारण यस शीर्षकअन्तर्गतको यथार्थ दायित्व यकिन गर्न सकिएन ।

१५. **घटी बिक्री** – आर्थिक वर्ष २०६१।६२ मा लाहान कार्यालयबाट पठाएको परिमाणभन्दा उपत्यका बिक्री वितरण कार्यालयले घटी परिमाणमा सिमेण्ट प्राप्त भएको बारे छानबिन गर्न गठित समितिले १६ हजार बोरा सिमेन्ट कम प्राप्त गरेको ठहर गरेको छ । सम्बन्धित कर्मचारीसँग ब्याजसहित असुल गर्नुपर्ने जम्मा रु.५ लाख ७५ हजार नगद असुल नगरी यो वर्ष कर्मचारीको पेश्की खातामा लेखाङ्कन गरेको उचित देखिएन ।

१६. **दाबी रकम मौज्दात** – बण्डेडवेयर हाउस तथा ड्यूटी–फ्री सप अन्तर्गत बीमा दाबी असामीअन्तर्गत प्राप्त नेपाल राष्ट्र बैङ्कमा रु.८ हजार, हिमालयन बैङ्कमा अमेरिकी डलर १ हजार ५९२ र नबिल बैङ्कमा अमेरिकी डलर ६ हजार १८४ साविकदेखि मौज्दात देखाएको छ । सो रकम कुन दावी अन्तर्गत प्राप्त भएको हो भन्ने यकिन हुन नसकेको कारण असामी हिसाबबाट घटाउने कार्य हुनसकेको छैन ।

१७. **घरजग्गा कर** – घरजग्गा कर व्यवस्थाबापत २०५६।५७ देखि केन्द्रीय कार्यालय र वीरगञ्ज शाखासमेतको रु.२५ लाख ४२ हजार दाखिला नगरी दायित्वमा देखाउँदै ल्याएको छ ।

१८. **उपदान कोष** – उपदान कोष व्यवस्था हिसाबमा यो वर्ष रु.१५ करोड २४ लाख ९० हजार कोष व्यवस्था हुनुपर्नेमा रु.३ करोड २ लाख ९९ हजारमात्र व्यवस्था भएको हुनाले रु.१२ करोड २१ लाख ९१ हजार न्यून भएको छ । न्यून रकम नाफा–नोक्सान हिसाबबाट व्यवस्था गर्नुपर्नेमा गरेको छैन । उपदानबापतको रकम सम्भाव्य दायित्व शीर्षकअन्तर्गत देखाएको उचित भएन ।

१९. **बिदाको रकम व्यवस्था** – सञ्चित घर तथा बिरामी बिदाबापत यो वर्ष रु.३ करोड २३ लाख ८५ हजार दायित्व रहेको हुँदा तदनुसार घर तथा बिरामी बिदा व्यवस्था हिसाबमा सञ्चिति हुनुपर्नेमा रु.८२ लाख ४२ हजारमात्र सञ्चित भएको हुनाले रु.२ करोड ४१ लाख ४३ हजार न्यून भएको छ । न्यून रकम नाफा–नोक्सान हिसाबबाट व्यवस्था गर्नुपर्नेमा गरेको छैन ।

२०. **बिक्री हिसाब** – बण्डेडवेयर हाउस तथा करमुक्त पसलबाट विदेशी मुद्रामा भएको कारोबारको लेखा अमेरिकी डलरमा राखी आर्थिक वर्षभित्र विदेशी मुद्रामा भएको कुल बिक्री रकमलाई वर्षान्तका दिन प्रचलित विनियम दरले हिसाब गरी नेपाली रुपैयाँमा बिक्री रकम कायम गर्ने गरेको छ । समीक्षा वर्षमा प्रतिअमेरिकी डलरले विनियम दर रु.७१/७० देखि रु.७८/६५ बीच घटबढ भैराखेको अवस्थामा विदेशी मुद्रामा बिक्री भएको कुल रकमलाई वर्षान्तमा प्रचलित विनियम दर प्रतिअमेरिकी डलरको रु.७५/०५ का दरले नेपाली

रुपैयाँमा परिणत गरेबाट वार्षिक हिसाब विवरणमा कुल बिक्री रकम रु.२ लाख ७७ हजारले घटी प्रदर्शन हुन गएको छ । उक्त फरक रकम वार्षिक हिसाब तयार गर्दा बिक्री हिसाबमा समायोजन गरेको छ ।

२१. **लिलामी** – वर्षान्तको जिन्सी मौज्दातमा लिलाम गर्नुपर्ने तथा धुल्याउनुपर्ने मालसामानहरुको लागत मूल्य क्रमश: रु.२ करोड ५३ लाख १० हजार र रु.१ करोड ५० लाख ८९ हजार रहेको छ । विगत १० वर्ष वा बढी समयदेखि बिक्री अयोग्य मालसामानहरु लिलामीतर्फ निगमले ठोस कदम चालेको पाइएन ।

२२. **पेश्की तथा सापटी** – कर्मचारी पेश्की तथा सापटी हिसाबमा यो वर्ष रु.४ करोड ९ लाख ७१ हजार रहेको छ । उक्त हिसाबहरुको आयु वर्गीकृत विवरण उपलब्ध नभएको कारण सोको स्थिति यकिन गर्न सकिएन । सेवा निवृत्त कर्मचारीहरुको हिसाब तथा अन्य बक्यौता रकम असुल फछ्यौंट गर्नेतर्फ यथेष्ट प्रयास भएको छैन । निगमको आर्थिक नियमावली अनुरुप कार्यसम्पन्न भएको २१ दिनभित्र पेश्की हिसाब फछ्यौंट नगरेमा १० प्रतिशत ब्याज लगाउने व्यवस्था भए तापनि तदनुरुप असुली कार्य भएको छैन ।

२३. **बीमा दाबी** – बण्डेडवेयर हाउसअन्तर्गत बीमा दाबी असामी शीर्षकमा रु.२६ लाख ३३ हजार रहेको छ । सो रकममा ७ देखि १८ वर्ष आयु भएका दाबी रु.१९ लाख ४१ हजार समावेश छन् । उपरोक्त दाबी रकम असुल गर्नेतर्फ निगमबाट यदाकदा पत्राचार गरे तापनि दाबी रकम प्राप्त भएको छैन ।

२४. **दायित्व** – ई.बी.ए. चिनी व्यवस्थाबापत २०६०।६१ मा दायित्व देखाएको रु.७ लाख ८० हजार हिसाब मिलान नगरी जिम्मेवारीमात्र सार्दै आएको छ ।

२५. **कोष उपयोग** – उखु उत्पादन कार्यमा संलग्न कृषकहरुलाई लाभान्वित हुने कार्यमा खर्च गर्न विगतमा उखु विकास कोषमा जम्मा गरेको रु. १९ लाख ८२ हजारको कुनै उपयोग गरेको देखिएन ।

२६. **कर्मचारी व्यवस्था** – तह ३ को सहायक पदमा १०० कर्मचारीको दरबन्दी भएकोमा १७६ कर्मचारी राखी खर्च लेखेको नियमित देखिएन ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

निर्यात व्यापारको विस्तार एवं आयात प्रतिस्थापनबाट नेपालको वैदेशिक व्यापारमा विद्यमान असन्तुलन कम गरी देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने यस केन्द्रको उद्देश्य रहेको छ ।

२७. **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद कार्य गर्नुपर्ने भए लागत अनुमान स्वीकृत गरी वार्षिक खरिद योजना बनाउनुपर्ने र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । केन्द्रले खरिदको विवरण, वार्षिक खरिद योजना तथा लागत अनुमान नबनाई यो वर्ष रु.७० लाख ८६ हजारको मालसामान सोझै खरिद गरेको छ ।

२८. **बिल भरपाईबेगर खर्च** – विश्व प्रदर्शनी मेलामा भाग लिन साङ्घाई गएका व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशकले साङ्घाईमा ५०० अतिथिलाई खाना लगायत विविध कार्यमा खर्च भएको उल्लेख गरी इम्प्लीमेन्टिङ्ग एक्स्पर्ट ग्रुप नेपाल सेक्सनले दिएको विवरणको आधारमा बिल भरपाई बेगर रु.१० लाख खर्च देखाई पेश्की फछ्यौंट गरेको छ । उक्त रकम खर्च गर्न पूर्व स्वीकृति एवं बिल भरपाई तथा खर्च गरेको पुष्ट्याईं बेगर खर्च लेख्न मिल्ने देखिएन ।

नेपाल इन्टरमोडल यातायात विकास समिति

नेपालबाट निकासी तथा पैठारी गरिने व्यापारिक माल वा वस्तुको निकासी तथा पैठारीको व्यवस्थापन सरल, सुगम तथा प्रतिस्पर्धात्मकरुपमा सञ्चालन गर्न टर्मिनलको विकास गर्ने उद्देश्यले नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश, २०५४ अनुसार गठन भएको छ ।

२९. **सम्झौता –** समितिको गठन आदेश, २०५४ को दफा (७)५ मा नेपाल सरकारबाट लगानीको रुपमा प्राप्त रकम र त्यसको ब्याज समितिले नेपाल सरकारसँग भएका सम्झौताबमोजिम नेपाल सरकारलाई बुझाउनुपर्ने

उल्लेख छ । वीरगन्ज, भैरहवा, बिराटनगर र काकडभिट्टाका सुख्खा बन्दरगाहको गोदाम तथा भवनहरु समितिले लीजमा दिएको छ । नेपाल सरकारले ती भवन तथा गोदाम घरहरु बनाउन एशियाली विकास बैङ्कबाट ऋण लिएको र सरकारले यस्तो ऋण बुझाउँदै आएको छ । निर्माण भएका भवन एवं गोदाम समितिलाई हस्तान्तरण गरे तापनि समितिसँग सम्झौता गरी यस्तो लगानीको साँवा ब्याज असुल गरेको छैन ।

३०. **लीज** – बिराटनगर र भैरहवा सुख्खा बन्दरगाह सञ्चालन गर्ने एक कम्पनीसँग यो वर्षको लीज बापतको असुल गर्नुपर्ने साँवा रु.५६ लाख र ब्याज रु.११ लाख ७६ हजार असुल गरेको छैन । वीरगन्ज सुख्खा बन्दरगाह सञ्चालन गर्ने अर्का कम्पनीसँग गत आर्थिक वर्षको रु.२ करोड ५६ लाख ५५ हजार असुल गर्न बाँकी रहेको छ ।

३१. **आम्दानी** – समितिले पेश गरेको आय–व्यय विवरणमा यो वर्षको आय रु.९ करोड ८२ लाख ४३ हजार देखाएको छ । लेखापरीक्षणका लागि प्रस्तुत विवरण अनुसार यो वर्ष रु.१० करोड २८ लाख ७३ हजार आम्दानी हुनुपर्ने देखिएको छ । आय–व्यय विवरणमा घटी देखाएको रु.४६ लाख ३० हजार आम्दानी जनाई हिसाव मिलान गर्नुपर्दछ ।

३२. **खरिद योजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दशलाख रुपैँयाभन्दा बढी रकमको खरिद गर्नुपर्दा लागत अनुमान तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालय सामान, परामर्श सेवा, सवारी साधन, मेशिनरी औजार र सार्वजनिक निर्माणमा रु.१० करोड २६ लाख २७ हजारको बजेट स्वीकृत भएकोमा समितिले वार्षिक खरिद योजना नबनाई रु.१ करोड ५ लाख ८५ हजारको खरिद गरेको छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

३३. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा २ कार्यालयबाट रु.६६ लाख १८ हजार प्रतिक्रियाको क्रममा एक कार्यालयबाट रु.१० हजार र सम्परीक्षणको क्रममा २ कार्यालयबाट रु.४ हजारसमेत रु.६६ लाख ३२ हजार असुल भएको छ ।

३४. **पेश्की –** मन्त्रालय अन्तर्गतका अन्य समितितर्फ २०६८ असार मसान्तमा २ कार्यालयको रु.४४ लाख २२ हजार पेश्की देखिएको छ ।

३५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

३५.१. मन्त्रालय र मातहत सरकारी कार्यालयमा यो वर्ष रु.९८ करोड ६५ लाख ३४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९८ करोड ६५ लाख १८ हजार फछ्यौंट गरेकोले १६ हजार बाँकी रहेको छ ।

३५.२. संगठित संस्था, अन्य संस्था र समितितर्फ यो वर्ष रु.३ करोड १९ लाख ४६ हजार बेरुजू देखिएको छ ।

३५.३. मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.३ करोड ८२ लाख ४० हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

३५.४. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.४५ लाख ३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.४ करोड २७ लाख ४३ हजारमध्ये रु.३० लाख ९६ हजार सरकारी कार्यालयतर्फ र रु.३ करोड ९६ लाख ४७ हजार अन्यतर्फ रहेको छ ।

वातावरण मन्त्रालय

मन्त्रालय र मातहतका समेत ९ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब ३४ करोड ४३ लाख ८८ हजार, राजस्वतर्फ रु.४२ करोड ४३ लाख ५८ हजार र धरौटीतर्फ रु.१ करोड ४४ लाख ४६ हजार र अन्य कारोबारतर्फ रु.१ अर्ब ३१ करोड २५ लाख ३७ हजार गरी रु.४ अर्ब ९ करोड ५७ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतको अन्य संस्था, समिति २ को रु.४ करोड ६९ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – अर्थ मन्त्रालयबाट प्रकाशित बजेट खर्च गर्ने कार्य सञ्चालन निर्देशिका, २०६४ अनुसार स्वीकृत दरबन्दीभित्र नियुक्त भएका कर्मचारीहरुको मात्र तलब शीर्षकबाट खर्च लेख्नुपर्ने उल्लेख छ । जल तथा मौसम विज्ञान विभागले विभिन्न कार्यक्रम सञ्चालन गर्न नियुक्त गरेका आंशिक समयका अवलोकनकर्ताहरुको पारिश्रमिकबापत गत वर्ष रु.७० लाख ८७ हजार खर्च लेखेकोमा यो वर्ष पनि रु.६६ लाख ९१ हजार तलबबाट खर्च लेखेको छ । यस सम्बन्धमा विगतका प्रतिवेदनमा औल्याइएकोमा स्थिति यथावत रहेको छ ।

सरकारी कार्यालयतर्फ

२. **कार्यक्रम सञ्चालन** – काठमाडौं उपत्यकाको वायु गुणस्तर मापन तथा अनुगमन कार्यक्रमको लागि यो वर्ष रु.१ करोड ५३ लाख ९७ हजार बजेट विनियोजन भएकोमा रु.२६ लाख ६० हजार (१७.२८ प्रतिशत) खर्च भएको छ । काठमाडौं उपत्यकामा रहेका ७ वायु गुणस्तर मापन केन्द्र बिग्री सञ्चालनमा नआएकोले मर्मत सम्भार गरी सञ्चालन गर्न रु.३४ लाख ९० हजारको बोलपत्र स्वीकृत गरी २०६७।११।८ सम्ममा काम सम्पन्न गर्ने गरी २०६७।८।८ मा सम्झौता भएको देखिन्छ । उक्त कार्य २०६७।११।२१ मा सम्पन्न भएको जानकारी सेवा प्रदायकले दिएपछि अनुगमन टोली पठाएकोमा २०६७।१२।१६ मा टोलीले प्रतिवेदन दिएको देखियो । उक्त प्रतिवेदनमा मर्मत गरिएका वायु गुणस्तर मापन केन्द्र सञ्चालन नगरी खरिद गरिएका सामान कुपण्डोलस्थित कम्पनीको परिसरमा रहेको, फेरिएका पार्टसहरु पुनः परीक्षण तथा क्यालिब्रेसन गर्न भारत पठाएको, मर्मत गरिएका केन्द्रहरु सञ्चालन गरी परफरमेन्स टेष्ट गर्नुपर्ने, पार्टसहरु फेरिएपछि स्टेसनको काम चालू हुने व्यहोरा उल्लेख गरेको देखियो । उक्त कार्यका लागि कर बीजकबेगर रु.२ लाख ७२ हजार मूल्य अभिवृद्धि करसहित रु.२३ लाख ६९ हजार भुक्तानी दिएको छ । उक्त भुक्तानीमा लाग्ने रु.३१ हजार अग्रिम आयकरसमेत कट्टा गरेको छैन । साथै हालसम्म कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । यस सम्बन्धमा स्टेसनहरु सुचारु भइसकेको, २०६८।११।९ मा गठित अनुगमन टोलीले कार्य सम्पन्न गरी प्रतिवेदन दिएको र अन्तिम बिलको भुक्तानी गर्दा कर बीजक लिई अग्रिम कर कटाई फरफारक गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

३. **प्राविधिक सहायता** – अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोतपुस्तिकामा नपरेको) मा यस मन्त्रालयसंग ग्रामीण क्षेत्रमा ऊर्जाको पहुँचमा वृद्धिका लागि एसियाली विकसा बैङ्कबाट अमेरिकी डलर ९ लाख ३३ हजार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा मौसम तथा कार्वन इकाई स्थापनाका लागि एस.एन.भी.डी.एफ.आई.डी. बाट युरो १ लाख १९ हजार, अति उच्च स्थानको वैज्ञानिक तथा प्रविधिजन्य अनुसन्धान आयोजनाका लागि इटालीबाट अमेरिकी डलर २ लाख २० हजार र मौसम परिवर्तन र वातावरणको व्यवस्थापनसम्बन्धी क्षमता सुदृढीकरण कार्यक्रमका लागि एसियाली विकास

बैङ्कबाट अमेरिकी डलर ५ लाख प्राप्त हुने उल्लेख छ । उक्त प्राविधिक सहायतासम्बन्धी सम्झौता, खर्च र प्राप्त उपलब्धिको विवरण उपलब्ध गराउन मन्त्रालयलाई अनुरोध गरिएकोमा प्राप्त भएन ।

४. **लेखापरीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५(३) अनुसार नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गराई नियमानुसार खर्च गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यो वर्ष वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु.८ करोड ६५ लाख ८९ हजार, जैविक ग्यास उत्पादन कार्यक्रमको रु.१२ करोड १५ लाख ७० हजार, लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा कार्यक्रमको रु.६० करोड ५२ लाख ८१ हजार र नवीकरण ऊर्जा विकास कार्यक्रमको रु.९ करोड ३४ लाख ४० हजार वैदेशिक सामुदायिक लघु जलविद्युत ग्रामीण विकास कार्यक्रमको रु.६२ लाख ५० हजार, ग्रामीण ऊर्जा विकास कार्यक्रमको रु.३ करोड ७२ लाख ३४ हजार, खिम्ती छिमेकी विकास आयोजनाको रु.३ करोड ५९ हजार वैदेशिक सोझै भुक्तानी अनुदानको समेत रु.९८ करोड ४ लाख २३ हजार खर्चको लेखापरीक्षण गराएको छैन ।

त्यस्तै संयुक्त राष्ट्र विकास कार्यक्रम (यू.एन.डी.पी.) बाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयलाई नेशनल एडप्टेसन प्रोग्राम अफ एक्सन प्रोजेक्टका लागि उपलब्ध गराएको अमेरिकी डलर ९९ हजार ११० को हुने ने.रु.७० लाख ९१ हजारको कार्यालयगत र केन्द्रीय आर्थिक विवरणसमेत तयार गरी लेखापरीक्षण गराएको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

५. **असुली –** यो वर्ष सम्परीक्षणको क्रममा रु.२ लाख ३५ हजार असुल भएको छ ।

६. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयहरुमा २०६८ असार मसान्तसम्म ३ कार्यालयको रु.९ करोड ४२ लाख १८ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१९ लाख ६८ हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.९ करोड ८९ लाख ४१ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

७. **सम्परीक्षण –** मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष प्रतिवेदन अवधिसम्म बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

७.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयहरुमा यो वर्ष रु.१० करोड २० लाख २५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ लाख ७ हजार फछ्यौंट गरेकोले रु.१० करोड १२ लाख १८ हजार बाँकी रहेको छ ।

७.२ मन्त्रालय र मातहत कार्यालयहरुबाट वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.१ करोड ८६ लाख ७७ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

७.३ वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.२७ लाख ४ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ करोड १३ लाख ८१ हजार सरकारी कार्यालयतर्फको रहेको छ ।

विज्ञान तथा प्रविधि मन्त्रालय

मन्त्रालय र मातहतका समेत ५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३८ करोड ५१ लाख ४७ हजार, राजस्वतर्फ रु. १७ लाख ५५ हजार, धरौटीतर्फ रु.९० लाख ९० हजार र अन्य कारोबारतर्फ रु.२ लाख ३ हजार गरी रु.३९ करोड ६१ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.३० लाख ७७ हजार र खारेज भएको सूचना प्रविधि उच्चस्तरीय आयोगको २०६८।६९ मंसिरसम्मको विनियोजनतर्फ रु.८० लाख ९९ हजार र राजस्वतर्फको रु. ३५ हजार समेत समावेश छ ।

मन्त्रालयमातहतका समिति, अन्य संस्था २ को रु.१७ करोड ८ लाख ५२ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** नेपालको अन्तरिम संविधान, २०६३ र लेखापरीक्षण ऐन, २०४८ मा सवै सरकारी निकाय र नेपाल सरकारको पूर्ण स्वामित्वका संस्थाहरुको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ मा प्रतिष्ठानको लेखापरीक्षण प्राज्ञ सभाबाट नियुक्त लेखापरीक्षकबाट गरिने व्यवस्था छ । मन्त्रालयबाट निकासा भएको रकमको लेखापरीक्षण यस कार्यालयबाट नभएको व्यहोरा गत वर्षको प्रतिवेदनमा औल्याएकोमा यो वर्षको लेखापरीक्षण गर्न मन्त्रालय र सम्बन्धित प्रतिष्ठानले अनुरोध गरेअनुसार सोको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सरकारी कार्यालयतर्फ

२. **प्राविधिक सहायता –** अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोत पुस्तिकामा नपरेको) मा यस मन्त्रालय मातहत सूचना प्रविधि विकास आयोजनाका लागि रु. ३१ करोड ६३ लाख ६० हजार र सूचना प्रविधि विकास परियोजनाअन्तर्गत सरकारी स्थापत्यकला उद्यम सञ्चालनका लागि रु.१७ करोड २५ लाख ६० हजारसमेत जम्मा रु.४८ करोड ८९ लाख २० हजार एसियाली विकास बैङ्कबाट प्राप्त हुने उल्लेख छ । प्राविधिक सहायतासम्बन्धी सम्झौता, खर्च र उपलब्धिको विवरण उपलब्ध गराउन मन्त्रालयलाई अनुरोध गरेकोमा प्राप्त भएन ।

३. **जिन्सी** – नेपाल सरकार मन्त्रिपरिषद्को २०६८।८।२६ को निर्णयले साविक सूचना प्रविधि उच्चस्तरीय आयोग खारेज गरी सोको सम्पत्ति र दायित्व मन्त्रालयमा सर्ने उल्लेख गरेकोमा लेखापरीक्षण अवधि २०६८।११।३ सम्म उक्त सम्पत्ति मन्त्रालयको जिन्सी खातामा अद्यावधिक गरेको छैन ।

४. **करार–** मन्त्रालयले यो वर्ष करारमा राखेका ११ जनालाई तलव भत्ता भुक्तानी गर्दा परामर्श सेवाबाट खर्च लेख्नु पर्नेमा तलव र भत्ताबाट रु. ११ लाख १४ हजार भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ अनुसार सेवा करारमा लिने सम्बन्धी कार्यविधिको प्रकृया पुरा गरेर मात्र सेवा करारमा लिनुपर्नेमा व्यक्तिगत रुपमा छुट्टाछुट्टै सम्झौता गरी नियुक्त गरेको छ ।

५. **सामग्री वितरण** – मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार विभिन्न विद्यालय र संस्थालाई कम्प्युटर तथा विज्ञान सामग्रीहरु उपलब्ध गराएको मध्ये ३१ विद्यालय र एक संस्थालाई रु.२८ लाख ८० हजारका सामग्री खरिद गरी उपलब्ध गराएको उल्लेख छ । सामान वितरणका लागि विद्यालयहरु छनौट गर्दा निश्चित आधार तोकेको देखिएन । उक्त सामग्रीहरु विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश भएको छैन ।

सूचना प्रविधि उच्चस्तरीय आयोग

६. **आयोग खारेजी –** नेपालमा सूचना र प्रविधिको क्षेत्रमा विकास गर्न आवश्यक आधार सिर्जना गर्ने र सूचना प्रविधि पार्क सञ्चालन गर्ने उद्देश्यअनुरुप २०६० भाद्रमा नेपाल सरकारले आयोगको गठन गरेको हो । सूचना प्रविधि पार्क निर्माण रु.२४ करोड १२ लाख १२ हजारको लागतमा २०५७ मा सम्पन्न गरेको देखिन्छ । आयोग र आई.टी.पार्क सञ्चालनमा हालसम्म रु. २७ करोड ७६ लाख ३० हजार खर्च भएको देखियो । सूचना प्रविधिको क्षेत्रमा विकास गर्न आवश्यक आधार सिर्जना गर्ने मुख्य उद्देश्यबाट आयोगको गठन २०६० मा भएकोमा आयोग नीतिगत तहमा भन्दा कार्यान्वयन तहमा रुपान्तरण हुदै गएको, आई.टी.पार्क सञ्चालनमा ल्याउन नसकेको र आयोग पूर्ण रुपमा गठन हुन नसकेको जस्ता कारणहरु उल्लेख गरी नेपाल सरकार मन्त्रिपरिषद्को २०६८।८।२६ को निर्णयले आयोग खारेज गरेको छ ।

आयोग खारेज पश्चात आयोगले गर्दै आएका काम कारबाही मन्त्रालयको सूचना प्रविधि महाशाखा, सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्रले गर्ने उल्लेख गरेको भए तापनि लेखापरीक्षण अवधि २०६८।११।३ सम्म सूचना प्रविधि महाशाखा र सूचना प्रविधि विभाग गठन भएको छैन । आयोगको गठन गर्दा विस्तृत अध्ययन र विश्लेषण नगरी गठन गरिनु र ठूलो रकम खर्च भइसकेको अवस्थामा आयोगलाई थप प्रभावकारी रुपमा सञ्चालन नगरी खारेज गरेबाट हालसम्म भएको खर्च रु.५१ करोड ८८ लाख ४२ हजारको प्रभावकारी उपयोग भएको देखिएन ।

प्रमाणिकरण नियन्त्रकको कार्यालय

७. **पब्लिक की इन्फ्रास्टक्चर डाटा केन्द्र स्थापना** – कार्यालयले यो वर्ष पब्लिक की इन्फास्ट्रक्चर डाटा सेन्टर स्थापनार्थ प्रतितपत्रमार्फत उपकरण खरिद गर्न रु.५ करोड ५० लाख ५० हजार खर्च लेखेको छ । गत वर्ष कार्यालयले रु.१२ करोड ४८ लाख ७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गर्दा बोलपत्र प्राप्त भई दर्ता भइसकेकोमा ठेक्का प्रक्रिया रद्द गरेको थियो । यो वर्ष उक्त कार्यको लागि पुन: लागत अनुमान तर्जुमा गर्दा डाटा सेन्टरको लागि चाहिने महत्त्वपूर्ण उपकरणमध्ये टाइम स्टापिङ डी.आर. (डिजआस्टर रिकभरी) लगायतका आइटमहरु हटाई वांकी आइटमको कूल रु. ७ करोड ५० लाख ८१ हजार लागत अनुमान स्वीकृत गरी ३ छुट्टाछुट्टै बोलपत्र आह्वान गरेकोमा एकै आपूर्तकका बोलपत्र छनौट भई कुल रु.७ करोड ८ लाख ६५ हजारमा सम्झौता गरेको देखियो । सम्झौतामध्ये २ प्याकेजको क्रमश: ४० र ७७ दिनमा काम सम्पन गर्ने गरी २०६७।१२।२ मा र अर्को एक प्याकेजको ७७ दिनमा काम सम्पन्न गर्ने गरी २०६७।१२।२४ मा सम्झौता भएको छ । सम्झौता साथ संलग्न कार्यतालिकाअनुसार एवं सम्झौतामा तोकिएको अवधिमा उक्त उपकरणहरु आपूर्ति हुन नसकी प्रतितपत्रको म्याद थप गरेको छ । लेखापरीक्षण अवधि २०६८।११।५ सम्ममा उक्त केन्द्र स्थापना कार्य सम्पन्न भइ साँचो हस्तान्तरण भइसकेको व्यहोरा जनाए तापनि नियमानुसार म्याद थप गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन भने जिन्सी दाखिलासमेत भएको देखिएन ।

विद्युतीय हस्ताक्षर ऐन, २०६३ अनुसार स्थापित यो कार्यालयले विद्युतीय हस्ताक्षरको लागि आवश्यक पर्ने भनिएको महत्त्वपूर्ण उक्त उपकरण कटौती गर्दा ऐनको उद्देश्य पूरा हुन सक्ने देखिएन ।

अन्य संस्था, समितितर्फ

बी.पी.कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति

८. **कोषको सञ्चालन –** समितिको (गठन) आदेश, २०४८ को दफा ६ मा समितिको एउटा कोष रहने व्यवस्था भएकोमा कोष स्थापना गरेको छैन ।

९. **विज्ञान संग्रहालयको निर्माण –** किर्तिपुरस्थिती १५० रोपनी जग्गामा विज्ञान संग्रहालयको दोश्रो चरणको निर्माण काम गर्न २०६६।७।१३ मा रु.६४करोड ८३ लाख ६६हजारको संशोधित लागत अनुमान स्वीकृत

गरेको छ । बोलपत्र आह्वान गर्दा घटी कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०६९।३।१७ सम्ममा काम सम्पन्न गर्ने गरी २०६७।३।१८ मा रु.६४ करोड ५२ लाख ८० हजारको सम्झौता भएको छ । यो वर्ष रु.१३ करोड ९७ लाख २० हजारको काम सम्पन्न गरी रु.११ करोड ४३ लाख ३३ हजार भुक्तानी गरेको छ । सम्झौताको दफा ५ अनुसार निर्माण व्यवसायीले काम सुरु गर्नु अगावै कार्य तालिका पेश गरी कार्यतालिकाबमोजिम काम गर्नुपर्नेमा कार्य तालिका पेश गरेको छैन । सम्झौता मितिबाट २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको उक्त ठेक्कामा हालसम्म २१ प्रतिशत काम सम्पन्न भएको देखिन्छ ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

१०. **कोष सञ्चालन –** राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिले यो वर्ष चालूतर्फ रु.१ करोड ११ लाख २१ हजार र पूँजीगततर्फ रु.३७ लाख ६३ हजारसमेत रु.१ करोड ४८ लाख ८४ हजार खर्च गरेको छ । आन्तरिक कोष ३ तर्फ रु.३८ लाख ६९ हजार आम्दानी र रु.२६ लाख ३२ हजार खर्च भएको छ । समितिको (गठन) आदेश, २०५२ को दफा १० मा सबै प्रकारको आम्दानी समितिको कोषमा जम्मा हुने र समितिले गर्ने सबै खर्चहरु सो कोषबाट गर्ने व्यवस्था छ । समितिमा आन्तरिक विविध कोष, कर्मचारी कल्याण कोष र मेसिनरी रिप्लेसमेण्ट कोष गरी ३ कोष सञ्चालनमा रहे तापनि यी कोषबाट भएको कारोबारको आन्तरिक लेखापरीक्षण गराउने गरेको छैन । यस सम्बन्धमा विगतका प्रतिवेदनहरुमा समेत औल्याउँदै आएकोमा स्थिति यथावत् रहेको छ ।

११. **खरिद –** कार्यालयले यो वर्ष रु.५७ लाख ८८ हजारको वस्तु र निर्माणसम्बन्धी कार्य सोझै खरिद गरेको देखिन्छ । सोबाहेक सेवा खरिदमा समेत खर्च भएको पाइन्छ । कार्यालयले वार्षिक रु.१० लाखभन्दा बढीको खरिदमा वार्षिक खरिद योजना बनाउँदा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८ को उपनियम (२) र (३) बमोजिमको व्यहोराहरु खुलाई वार्षिक खरिद योजना बनाएको छैन ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्द्धन गर्न २०३९ मा स्थापना भई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ बमोजिम सञ्चालित छ । यस प्रतिष्ठानको २०६७।६८ को लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१२. **वासलात** – प्रतिष्ठानले वासलात तयार नगरेकोले सम्पति तथा दायित्वको अवस्था यकिन हुन सकेन । वासलात तयार गरी सम्पत्ति र दायित्व यकिन गर्नुपर्ने देखिन्छ ।

१३. **आय व्यय विवरण** – प्रतिष्ठानले समष्टिगत आय–व्यय विवरण तयार नगरी बैङ्कमा रहेका खाताहरुको आधारमा छुट्टाछुट्टै आय–व्यय विवरण तयार गरेको पाइयो । कर्मचारीहरुलाई दिइने घर सापटी सुविधाको रकमलाई पाउनुपर्ने संम्पत्तिको रुपमा चित्रण नगरी खर्चको रुपमा देखाइएको छ । यो वर्ष खर्च हुन नसकेको कार्यक्रम बजेट रु.४ करोड ३२ लाख २२ हजार खर्च जनाई धरौटीमा राखेको छ । धरौटीमा राखेको रकमलाई अर्को वर्ष धरौटीबाट खर्च लेख्दासमेत बजेट खर्च जनाउने गरेको छ । यसले गर्दा प्रतिष्ठानको वास्तविक खर्चभन्दा आय–व्यय विवरणमा देखिएको खर्च बढी रहने गरेको छ । उपर्युक्त स्थितिमा पेश भएको आय व्यय विवरणले आर्थिक कारोबारको यथार्थ स्थिति प्रस्तुत गरेको देखिदैन ।

१४. **आर्थिक दायित्व –** प्रतिष्ठानले गर्ने सबै किसिमको खर्चको अधिकांश अंश नेपाल सरकारको अनुदानमा निर्भर रहेको देखिन्छ । आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को नियम १२३ बमोजिम नेपाल सरकारको स्रोतबाट व्यहोर्ने गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा गराउँदा वा कुनै कार्य गर्नुपर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने प्रावधान रहेको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ३१ (१) ले दिएको अधिकार प्रयोग गरी प्राज्ञ सभाले प्रतिष्ठानको कर्मचारी प्रशासन नियमावली, २०६४, आर्थिक प्रशासन नियमावली, २०६६, पदाधिकारीको सेवा सुविधासम्बन्धी नियमावली, २०६६, लगायतका नियमावलीहरु बनाएको छ । उक्त नियमावलीहरुले नेपाल सरकारका कानूनहरुले गरेको व्यवस्था

अनुसारका नियमित सेवा सुविधा र खर्चका साथै थप सुविधाको पनि व्यवस्था गरेको छ । यसरी थप आर्थिक दायित्व सिर्जना गर्ने गरी कानूनको तर्जुमा गर्दा अर्थ मन्त्रालयको पूर्वसहमति लिने गरेको देखिएन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१५. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा एक कार्यालयबाट रु.१७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा एक कार्यालयबाट रु.८२ हजार र सम्परीक्षणको क्रममा रु.१८ लाख २० हजारसमेत रु.१९ लाख १९ हजार असुल भएको छ ।

१६. **पेश्की –** मन्त्रालयअन्तर्गतका ४ सरकारी कार्यालयसमेतको रु.८ करोड २५ लाख ८३ हजार पेश्की देखिएको छ । गत विगतको समेत कुल रु.१३ करोड ७० लाख ७९ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१७. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१७.१ मत्रालय र मातहतका सरकारी कार्यालयतर्फ यो वर्ष रु.११ करोड ३६ लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ लाख १७ हजार फछ्यौंट गरेकाले रु.११ करोड २४ लाख ६७ हजार बाँकी रहेको छ ।

१७.२ प्रतिष्ठानतर्फ यो वर्ष रु.१ करोड २९ लाख ७६ हजार बेरुजू देखिएको छ ।

१७.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रुं ८ करोड ४६ लाख १८ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१७.४ बार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु. ५ लाख ७५ हजार फछ्यौंट भएको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.८ करोड ९१ लाख ९३ हजारमध्ये रु.८ करोड ५१ लाख ५७ हजार सरकारी कार्यालयतर्फ र रु.३६ हजार अन्यतर्फ रहेको छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब ३४ करोड ५८ लाख १४ हजार, राजस्वतर्फ रु.१३ करोड १० लाख ४३ हजार, धरौटीतर्फ रु.३७ लाख ८३ हजार र अन्य कारोबारतर्फ रु.३७ करोड २८ लाख ६१ हजार गरी कुल रु.२ अर्ब ८५ करोड ३५ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ आयकर ऐन, २०५८ ले २०६७।६८ मा रोजगारीबाट प्राप्त पारिश्रमिक आयमा १ प्रतिशतले कर लाग्ने व्यवस्था गरेको छ । स्थानीय शिविर र केन्द्रमा रहेका माओवादी लडाकुलाई यो वर्ष भुक्तानी भएको पारिश्रमिक रु.१ अर्ब ७ करोड ८२ लाख ३८ हजारमा लाग्ने सामाजिक सुरक्षा कर रु.१ करोड ७ लाख ८२ हजार कट्टी गरेको छैन ।

१.२ शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई प्राप्त बजेट अख्तियारीमध्ये मातहतका कार्यालयले समेत अन्य मन्त्रालय मातहतका कार्यालयलाई बजेट खर्च गर्ने अख्तियारी दिने गरेको पाइयो । गत वर्ष ६ निकायलाई रु.३ अर्ब ९१ करोड ८३ लाख ८९ हजार निकासा भएकोमा यो वर्ष पनि गृह, स्थानीय विकास, भौतिक योजना तथा निर्माण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका कार्यालयलाई रु.३ अर्ब ६७ करोड ७१ लाख ४ हजार अख्तियारी र निकासा भएको देखियो । मन्त्रालयको नाममा विनियोजन भएको बजेट मातहतबाटै अख्तियारी दिई अन्य मन्त्रालयमा खर्च हुँदा आन्तरिक नियन्त्रण, उत्तरदायित्व, जवाफदेहिता र अनुगमन समेत प्रभावकारी हुने अवस्था रहेन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **शान्ति व्यवस्थापन खर्च** – मुलुकमा दिगो शान्ति कायम गराउन विस्तृत शान्ति सम्झौता २०६३ पश्चात राज्य शान्ति निर्माण प्रक्रियामा अगाडि बढेको छ । शान्ति प्रवर्द्धन, पुनर्निर्माण, राहत, पुन:स्थापना, सङ्क्रमणकालीन न्याय, लडाकुको रेखदेख तथा समायोजन जस्ता विषयको व्यवस्थापन कार्य शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट हुँदै आएको छ । शान्ति सम्झौता भएपछि मन्त्रालयलाई विनियोजन भएको बजेटबाट २०६३।६४ देखि २०६६।६७ सम्म रु.१६ अर्ब ८४ करोड १३ लाख ९ हजार खर्च भएकोमा यो वर्ष रु.६ अर्ब २ करोड २९ लाख १८ हजार समेत रु.२२ अर्ब ८६ करोड ४२ लाख २७ हजार खर्च भएको छ । यो खर्चमा नेपाल सरकारको अन्य निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरुले गरेको खर्च समावेश छैन । सबै क्षेत्रको खर्चलाई एकीकृत गर्ने हो भने शान्ति व्यवस्थापनमा मुलुकले ठुलो रकम व्यहोर्नु परेको र शान्ति बहालीको कार्य जारी नै रहेकोले खर्च बढ्ने अवस्था विद्यमान छ ।

३. **सम्पर्क सूत्र खर्च** – मुलुकका विभिन्न भागमा रहेका द्वन्द्वरत पक्षहरुसँग वार्ताको लागि सम्पर्क कायम गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६५।७।९ को निर्णयबमोजिम सम्पर्क सूत्रमा गत वर्ष रु.१० लाख ८९ हजार र २०६६।६।२१ को निर्णयबमोजिम विशेष सम्पर्क सूत्रबापत रु.१५ लाख खर्च भएको थियो । यो वर्ष पनि समुचित निर्देशिका र कार्यविधि बेगर द्वन्द्वरत समूहसँग सम्पर्क कायम गर्न प्रयोग गरेको सम्पर्क सूत्रलाई सीधै रु.५ लाख ४२ हजार र होटल तथा व्यवस्थापन खर्चबापत रु.२ लाख ५० हजार समेत रु.७ लाख ९२ हजार खर्च लेखेको छ ।

४. **लगत सङ्कलन कार्यदल** – द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन, वर्गीकरण एवं विश्लेषण र संरचना पुनर्निर्माणको प्राथमिकता निर्धारण गरी ६ महिनाभित्र प्रतिवेदन पेश गर्न नेपाल सरकारको २०६४।२।१२ को निर्णयले कार्यदल गठन गरेको थियो । कार्यदल गठन भएको ४ वर्ष ४ महिना

व्यतीत हुँदापनि सो कार्य सम्पन्न गरेको देखिँदैन । यो वर्ष कार्यदलको लागि रु.६३ लाख ७७ हजार समेत हालसम्म रु.२ करोड ४६ लाख ३५ हजार खर्च भएको छ । तोकिएको कार्य समयमा सम्पन्न नहुँदा समयमै द्वन्द्वबाट प्रभावित पक्ष सम्बोधित नहुने र आर्थिक व्ययभार बढ्दै जाने स्थिति देखिएको छ । निश्चित समय तोकी लगत तयार गर्ने र पुनर्स्थापना भएको सुनिश्चित गर्ने, द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवारलाई तथा संरचना पुनर्निर्माणमा प्राथमिकता दिने कार्यको लागि लगत सङ्कलनको टुङ्गो लगाई कार्ययोजना बनाउने समय सीमा सहितको स्पष्ट नीति तथा कार्यतालिका तय गर्नु जरुरी छ ।

५. **कार्यसञ्चालन नतिजा** – बारुदी सुरुङ नियन्त्रणका लागि शान्ति कोषबाट गत वर्ष प्राप्त रकम खर्च नभई कार्यसञ्चालन कोषमा राखेकोमा यो वर्ष रु.१ करोड ३५ लाख १९ हजार खर्च भएको छ । जसमध्ये बारुदेसुरुङ जोखिम शिक्षा सञ्चालन गर्न भनी ४३ जिल्ला प्रशासन कार्यालयको नाममा रु.१ लाख ५० हजारको दरले रु.६४ लाख ५० हजार पेश्की दिएको छ । जिल्ला प्रशासन कार्यालयमा पनि यस्तो कार्यसञ्चालन गर्ने प्राविधिक नभएको अवस्थामा पेश्की उपलब्ध गराएको आधारमा कार्य प्रगति जनाएको छ । जिल्लागत रुपमा यसप्रकार बारुदीसुरुङ जोखिम शिक्षा कार्यक्रम सञ्चालन र लक्षित वर्गको सहभागिता सम्बन्धी सूचना तथा अभिलेख मन्त्रालयले तयार गरेको छैन ।

६. **प्राविधिक सहायता** – अर्थ मन्त्रालयबाट प्रकाशित २०६७।६८ को प्राविधिक सहायताको विवरणमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनको लागि यूनिफेमबाट डिसेम्बर २००८ देखि जूलाई २०१० को लागि रु.७२ लाख १९ हजार प्राप्त हुने उल्लेख भएकोमा सोको प्राप्ति स्थिति तथा खर्चको विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

शान्ति प्रक्रिया सहयोग आयोजना

७. **प्रगति न्यून** – द्वन्द्व प्रभावितलाई क्षमता वृद्धि गरी रोजगारीको सिर्जना, द्वन्द्वको क्रममा मृत्यु भएकाका हकदारलाई एकपटक रु.१ लाख आर्थिक सहयोग, द्वन्द्वको क्रममा मृत्यु भएका बिधवालाई जनही रु.२५ हजार आर्थिक सहायोग र शान्ति प्रक्रियामा सहयोगी निकायहरुको क्षमता अभिवृद्धि गर्न विश्व बैङ्क समूहको रु.३ अर्ब ६० करोड अनुदान सहायतामा आयोजना सञ्चालनमा रहेको छ । तीन वर्षका लागि सञ्चालित यो आयोजनाले यो वर्षसम्म रु.१ अर्ब ५५ करोड २५ लाख खर्च गरी ४३ प्रतिशत वित्तीय प्रगति देखाएको छ । आयोजना अवधि जून २०१२ सम्म अर्थात् १ वर्षमात्र बाँकी रहेको र विश्व बैङ्कसँग जून २०१० मा भएको सम्झौता संशोधनबाट थप भएको १८ हजार द्वन्द्व पिडित व्यक्तिको क्षमता वृद्धि गरी रोजगारीको सिर्जना गर्ने कार्य सुरुवात् नै भएको छैन । अनुदान रकमको समयमा उपयोग गर्न पहल गर्नुपर्दछ ।

शिविर व्यवस्थापन कार्यालय

८. **असुली** – शिविर व्यवस्थापन कार्यालय, नवलपरासीले लडाकुहरुको भत्ता वितरण गर्न बजेट खर्च लेखेपछि बचत भएको रकम छुट्टै बैङ्क खाता खोली शिविर व्यवस्थापन प्रमुख, उक्त कार्यालयका लेखापाल र सम्बन्धित शिविरको मुख्य कमाण्डरको नाउँमा छुट्टै खाता खोली राख्ने गरेको देखियो । यो वर्ष राष्ट्रिय वाणिज्य बैङ्क, परासी, कावासोती र बुटवलमा मौज्दात देखिएको रु.७ लाख १६ हजार फिर्ता गरी राजस्व दाखिला हुनुपर्ने व्यहोरा औँल्याएपछि २०६८।११।५ मा दाखिला भएको छ । अन्य कार्यालयहरुमा रहेको यस्तो मौज्दात यकिन गरी राजस्व दाखिला गर्न पत्राचार गरिएकोमा जानकारी प्राप्त भएको छैन ।

९. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भत्ता भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा शिविरमा खटिएका अधिकृतस्तरका सुरक्षाकर्मीलाई भत्ता भुक्तानी गर्दा झापाले रु.१ लाख २१ हजार र सुर्खेतले रु.८९ हजार समेत रु.२ लाख १० हजार कर कट्टी गरेको छैन ।

शान्ति कोष

१०. **राजस्व दाखिला** – शान्ति कोष सचिवालयले २०६६।६७ मा नेपाल सरकारको स्रोततर्फ बाँकी देखाएको रु.६ करोड ७३ लाख ३२ हजार र मन्त्रालयको कार्यसञ्चालन कोषमा सम्झौताबमोजिम कार्यक्रम सञ्चालन गर्न प्राप्त रकममध्ये बाँकी रु.८० लाख ८९ हजार समेत रु.७ करोड ५४ लाख २१ हजार र २०६७।६८ को रु. ११ करोड ६१ लाख ७४ हजार समेत सर्वसञ्चित कोष दाखिला गर्न मन्त्रालयलाई जानकारी गराए पश्चात दाखिला भएको छ ।

११. **फ्रिज** – आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ ले प्रत्येक सरकारी निकायले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम स्वीकृत गर्ने, बजेट निकासा दिने र निकासा दिएको बजेट रकम सालतमाममा बाँकी भए फिर्ता दाखिला गर्ने स्पष्ट व्यवस्था गरेको छ । यो वर्ष शान्ति कोष सचिवालयले दातृ निकाय र नेपाल सरकारबाट प्राप्त गरेको रकम विभिन्न निकायसँग सम्झौता गरी उपलब्ध गराउँदै आएको छ । सालतमाम भएपछि खर्च नभई बाँकी रहेको निम्नानुसार रु.२ अर्ब ४३ करोड १३ लाख ९९ हजार फ्रिज नहुने खातामा ट्रान्सफर गरेको पाइयो ।

(रु.हजारमा)

सि.नं.	मन्त्रालय/निकाय	साबिक जिम्मेवारी	निकासा	फ्रिज नहुने खातामा रहेको रकम
१	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	२,२०,६०	१३,१५,६०	१४,०१,००
२	शान्ति कोष सचिवालय	२,४४,९४	-	१,४३,२०
३	शिबिर व्यवस्थापन समन्वयको कार्यालय	०	५६,१९,९७	२,५२
४	लडाकू समायोजन बिशेष समिति	०	१४,३४,७७	१२,४४,५९
५	नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गत	७४,८८,०६	१,१०,६६,८८	१,३३,४४,२६
६	निर्वाचन आयोग	३७,९१,५०	३९,७५,००	३९,७५,००
७	सडक विभागअन्तर्गत	४३,६५,०६	२,७१,७१	१९,०१,६१
८	स्वास्थ्य मन्त्रालयअन्तर्गत	३०,५८	१०,२४,९५	१,७६,८१
९	खानेपानी तथा ढल निकास विभाग अन्तर्गत	२,७६,३६	-	३९,४२
१०	संसद सचिवालय	१८,४६,४९	-	१८,४६,४९
११	आदिवासी जनजाती प्रतिष्ठान	-	२,४५,५७	२,३८,१८
१२	वैकल्पिक उर्जा केन्द्र	-	-	९१
	जम्मा	**१,८२,६३,५९**	**२,४९,५४,४५**	**२,४३,१३,९९**

सचिवालयले विभिन्न मन्त्रालय तथा निकायबाट प्राप्त प्रस्ताब स्वीकार गरी सम्झौता गरेपछि एकमुष्ट अख्तियारी दिएको छ । अख्तियारी दिएपछि स्वीकृत कार्यक्रम अनुरुप निकासा दिने, सञ्चालित कार्यक्रमको अनुगमन, तोकिएको लक्ष अनुसार प्रगति समीक्षा गरेर कार्यसम्पादनको आधारमा बजेट व्यवस्थापन नगरी सम्झौता भएको रकम नै एकमुष्ट निकासा दिएको छ । उक्त रकममध्ये कतिपय निकायमा आषाढको अन्तमा मात्र निकासा भएको देखिन्छ । कार्यक्रम सञ्चालन गरी खर्च नभएको अवस्थामा निकासा लिई फ्रिज नहुने खातामा जम्मा गरेको देखियो । यसप्रकारको कारोबारको आधारमा तयार गरिएको आर्थिक विवरणले खर्चको यथार्थ स्थिति चित्रण गर्दैन । खर्च नभएको रकम फिर्ता लिई एकीकृत हिसाब तयार गर्नुपर्ने र वास्तविक खर्चको आधारमा मात्र खर्च लेखाङ्कन गर्ने व्यवस्था गरी बजेट अनुशासन कायम गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

राहत तथा पुन:स्थापन इकाई

१२. **क्षतिपूर्ति** – द्वन्द्व पीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४ को दफा ३.२.२ (ज) ले व्यक्तिगत घर तथा सम्पत्ति क्षतिबापत कुनै एक पटकको घटनाबापत यस अघि आर्थिक सहायता

उपलब्ध गराइसकेको भएमा पुन:सोही घटनाबापत कुनै आर्थिक सहायता उपलब्ध नगराइने र सोही मापदण्डको अनुसूची १५(ख) ले वृद्धि हुन गएको रकमको फरक रकम उपलब्ध गराउन बाधा नपर्ने व्यवस्था गरेको छ । प्राप्त विवरण अनुसार साविकमा सम्पत्ति क्षतिबापत गृह मन्त्रालयबाट निर्णय भई आर्थिक सहायता भुक्तानी भैसकेपछि गत वर्ष ४०३ व्यक्तिलाई फरक रकम भनी रु.१ करोड ६५ लाख ५९ हजार खर्च लेखेकोमा यो वर्ष ७० व्यक्तिलाई रु.३० लाख ६७ हजार समेत रु.१ करोड ९६ लाख २६ हजार खर्च लेखेको छ । गृह मन्त्रालयले तत्कालीन नीति अनुरुप क्षति यकिन गरेको आधारमा क्षतिपूर्ति भुक्तानी गरेकोमा पुन: मापदण्ड, २०६४ बमोजिम चल अचल सम्पत्तिको क्षति यकिन एवं प्राविधिक मूल्याङ्कन आदिको गणना र निर्धारण प्रक्रिया पूरा नगरी वस्तुगत सम्पत्ति मूल्याङ्कन सम्बन्धी मापदण्ड अनुरुप निर्धारित अधिकतम रकमलाई मात्र आधार लिई फरक रकम भुक्तानी दिएको छ ।

पटक पटक फरक मापदण्ड तय गरी फरक रकम भुक्तानी गर्ने कार्यले सम्पत्ति क्षतिको भुक्तानी प्रक्रिया निश्चित समयमा नटुङ्गिने र वास्तविक क्षति रकममात्र भुक्तानी भएको विश्वस्त हुने स्थिति देखिँदैन ।

१३. **आर्थिक सहायता** – विभिन्न किसिमका आर्थिक सहायता वितरण गर्न ७० जिल्ला प्रशासन कार्यालयको नाममा रु.७ करोड ४१ लाख ८५ हजार पेश्की उपलब्ध गराएको आधारमा कार्यालयको वार्षिक प्रगति विवरण तयार गरेको छ । तर उक्त रकम सम्बन्धित व्यक्तिले प्राप्त गरेको अभिलेख तयार गरेको छैन । लेखापरीक्षण क्रममा ३० जिल्ला प्रशासन कार्यालयबाट आंशिक विवरण पेश भै रु.२ करोड ९३ लाख ७५ हजारमात्र पेश्की फछ्यौंट गरे तापनि बाँकी जिल्ला प्रशासन कार्यालयलाई गएको पेश्की रु.४ करोड ४८ लाख १० हजार लक्षित वर्गले प्राप्त गरे नगरेको सम्बन्धमा यकिन हुने आधार प्रस्तुत भएन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१४. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ४ कार्यालयबाट रु.२२ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ४ कार्यालयबाट रु.११ करोड ६८ लाख ९७ हजार र सम्परीक्षणको क्रममा रु.८४ लाख ८७ हजार समेत रु.१२ करोड ५४ लाख ६ हजार असुल भएको छ ।

१५. **पेश्की** – मन्त्रालय अन्तर्गत ६ कार्यालयको पेश्की रु.५ करोड ५० लाख ८७ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.४ हजार फछ्यौंट गरेकोले रु.५ करोड ५० लाख ८३ हजार पेश्की देखिएको छ । गत विगतको समेत कुल रु.८३ करोड ९७ लाख २२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१६. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

१६.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१८ करोड २० लाख ३८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१० करोड ५९ लाख १५ हजार फछ्यौंट गरेकोले रु.७ करोड ६१ लाख २३ हजार बाँकी रहेको छ ।

१६.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.८ करोड ५९ लाख १ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

शिक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत १३९ कार्यालयको विनियोजनतर्फ रु.५५ अर्ब ९ करोड ६८ लाख २२ हजार, राजस्वतर्फ रु.६३ करोड ८ लाख ६२ हजार, धरौटीतर्फ रु.५ करोड ८६ लाख ९२ हजार गरी कुल रु.५५ अर्ब ७८ करोड ६३ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था, समिति, अन्य संस्था १४ को रु.३१ अर्ब ४९ करोड ७१ लाख ५९ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणवाट देखिएका उलेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि स्थिति यथावत छ । यस सम्वन्धी केही उदाहरण देहाय अनुसार छन्:

१.१ शिक्षा ऐन, २०२८ को दफा १२(ख) मा केन्द्रीयस्तरमा एक ग्रामीण शिक्षा विकास कोष रहने उल्लेख भए पनि यो वर्ष पनि कोषको स्थापना गरेको छैन ।

१.२ शिक्षा ऐन, २०२८ को दफा २(ख) र नियमावली, २०५९ को नियम १८० मा संस्थागत विद्यालयहरुले प्रत्येक शैक्षिक वर्ष समाप्त भएको १ महिनाभित्र अघिल्लो शैक्षिक सत्रमा विद्यालयले गरेको वार्षिक कुल आम्दानीको १.५ प्रतिशतले हुने रकम समुदायद्वारा विद्यालयहरुको प्रवर्द्धनको निमित्त ग्रामीण शिक्षा विकास कोषमा जम्मा गर्न प्रत्येक जिल्लाको सदरमुकामस्थित कुनै बैङ्कमा खाता खोल्नुपर्ने र जिल्ला शिक्षा कार्यालयले सो रकम ग्रामीण शिक्षा विकास कोषमा पठाउनुपर्ने व्यवस्था भएकोमा यो वर्ष पनि कोष स्थापना भएको छैन ।

१.३ शिक्षा नियमावली,२०५९ को नियम १६(भ) मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्यमा शिक्षकको तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । नियम १२६(ङ) मा विद्यालय शिक्षक किताबखानाले शिक्षकको तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ । विद्यालयहरुका शिक्षकको तलबी प्रतिवेदन यो वर्ष पनि पारित गरेको देखिएन । यो वर्ष इलाम, उदयपुर, डडेलधुरा, मकवानपुर, बर्दिया र गुल्मी जिल्लाको शिक्षकको लगत कम्प्युटर प्रविधिबाट व्यवस्थित गर्न सुरु भएको व्यहोरा शिक्षक किताबखानाले जनाएको छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **स:शर्त अनुदान** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालवसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम, आयोजनाको कुनै सरकारी वा गैरसरकारी कार्यालय, संस्थालाई बजेटमा समावेश भएको रकम निकासा दिएकोमा सम्बन्धित मन्त्रालयले सो रकमबाट भएको कामको प्रगति विवरण लिई लक्ष्य अनुसार कार्य गरे नगरेको, लेखापरीक्षण भए नभएको अध्ययन अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले एक महाविद्यालय र ६ विद्यालयलाई रु.३ करोड ९५ लाख ४३ हजार स:शर्त अनुदान उपलब्ध गराएको छ । स:शर्त अनुदान दिएको रकम सोही वर्ष खर्च नभई बाँकी रहेको रकम फ्रिज गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अनुदान रकमबाट भएका कार्यको खर्चको विवरण लिइ लेखापरीक्षण भए नभएको अध्ययन अनुगमन गरी विश्लेषण गरेको पाइएन । निर्माण कार्य गराएकोमा कार्यसम्पन्न प्रतिवेदन लिने गरेको पनि देखिएन । स:शर्त अनुदान दिएको रकममध्ये खर्च नभइ बाँकी रकम यकिन गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

३. **अनुदान निकासा –** यो वर्ष मन्त्रालयले द्वन्द पीडित परिवार शिक्षा कार्यक्रम सञ्चालन गर्न शहीद प्रतिष्ठान, नेपाललाई रु.२ करोड ५० लाख र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयलाई रु.१९ लाख ८० हजार अनुदान निकासा दिएको छ । डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति (गठन) आदेश, २०६० को नं.११(१) बमोजिम समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिकाबमोजिम राखिने र नं. ११(२) बमोजिम समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालय वा सो कार्यालयले तोकेको लेखापरीक्षकबाट हुने व्यवस्था छ । पुस्तकालय स्थापना भएपछि हालसम्म आर्थिक विवरण तथा स्रेस्ता पेश गरी यस कार्यालयबाट लेखापरीक्षण गराएको छैन । उक्त निकासा र यस अघि शिक्षा मन्त्रालयबाट हालसम्म निकासा भएको रकम समेतको समितिको कोषको आर्थिक वर्षगत आर्थिक विवरण र स्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन ।

४. **हिसाब मिलान –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा राजस्व हिसाब अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयले २०६७६८ मा रु.९ करोड ४२ लाख २१ हजार आम्दानी गरी सञ्चितकोष दाखिला गरेको छ । राजस्व बैङ्क स्टेटमेन्टमा सो बाहेक रु.३३ लाख ३८ हजार दाखिला भएको देखिन्छ । मन्त्रालयले सो रकम राजस्व आम्दानी बाँधी आर्थिक विवरणमा समावेश गरेको छैन ।

जिल्ला शिक्षा कार्यालयमा रजिष्ट्रेशन दस्तुर, प्रवेशिका परीक्षा दस्तुर लगायत शिक्षा क्षेत्रको अन्य दस्तुर समेत प्राप्त हुनेगर्दछ । जिल्ला शिक्षा कार्यालय, सप्तरीले यो वर्ष रु.२ करोड ९१ लाख आम्दानी भएको आर्थिक विवरण पेश गरेको छ । बैङ्क स्टेटमेन्ट अनुसार कार्यालयको खातामा रु.३ करोड १५ लाख दाखिला देखिएकोले रु.२४ लाख फरक परेको छ । फरक सम्बन्धमा हिसाब भिडान गरी यकिन गर्नुपर्दछ ।

५. **कार्यसम्पादन प्रतिवेदन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त प्रतिवेदन तयार गरेको छैन । साथै लेखापरीक्षणको सिलसिलामा शिक्षा ऐन, २०६७६८ को बजेट वक्तव्य तथा त्रिवर्षीय योजनाले शिक्षा मन्त्रालय र मातहत निकायले गर्नुपर्ने भनी तोकेको विषयका प्रगति विवरण उपलब्ध गराउन २०६८।९।२८ मा अनुरोध गरेकोमा जवाफ पेश भएन । सम्पादित कार्यको प्रगति विवरण लिइ समीक्षा गर्नुपर्नेमा प्रगति विवरण नै तयार नगर्नु उचित भएन ।

६. **परामर्श खर्च –** विद्यालय क्षेत्र सुधार तथा पुन:संरचनाका लागि केन्द्र, क्षेत्र र जिल्लास्तरमा सेवाग्राहीहरुको क्षमता विकास गर्ने उद्देश्यले २०६२।९।१० मा नेपाल सरकार र एसियाली विकास बैङ्कबीच भएको सम्झौता अनुसार एसियाली विकास बैङ्कले यो आर्थिक वर्षको अन्त्यसम्ममा रु.११ करोड ५४ लाख २३ हजार उपलब्ध गराएको छ । सो आयोजना २०६८ आषाढमा सम्पन्न भएको छ । सम्झौताअनुसार परामर्शदाताले दिएको शिक्षा नीति विश्लेषण, सामाजिक शिक्षण मिलान, थेमेटिक अध्ययन जस्ता कार्य विदेशी परामर्शदातृ संस्थाबाट अध्ययन गराएकोमा सोको कार्यान्वयन स्थिति पेश नभएको कारण परामर्श खर्चको मूल्याङ्कन एवं विश्लेषण हुन सकेन । शिक्षा मन्त्रालयले सो कार्यकालागि ४ परामर्शदाता नियुक्ति गरेकोमा नियुक्तिका लागि अवलम्बन गरिएको प्रक्रिया एवं प्रस्ताव मूल्याङ्कनका आधारहरु लेखापरीक्षणमा पेश नभएको व्यहोरा गत वर्षमा औँल्याइएकोमा यो वर्ष पनि पेश भएको छैन ।

७. **मौज्दात –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ । दोस्रो उच्चशिक्षा परियोजनाको कम्पोनेन्ट नं.१, २, ४ सञ्चालन गर्न विश्वविद्यालय अनुदान आयोगले खर्च शोधभर्नाका आधारमा गत वर्षसम्म शिक्षा मन्त्रालयबाट निकासा लिएको रकममध्ये खर्च नभई बाँकी रहेको रु.३४ करोड ७० लाख ६ हजार फिर्ता नगरी आफ्नै खातामा राखेको व्यहोरा औँल्याइएको थियो । सो रकम यो वर्ष पनि सञ्चितकोष दाखिला गरेको छैन ।

८. **अन्य निकायको खर्च –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा अन्य निकायको खर्च लेख्न नमिल्ने र खर्च लेखेमा खर्च लेख्ने पदाधिकारीबाट असुल गर्नुपर्ने उल्लेख छ । शिक्षा मन्त्रालय मातहतका विभाग,

कार्यालय, परिषद्बाट यो वर्ष अन्य निकायका पदाधिकारीका लागि खर्च भएका केही उदाहरण देहाय अनुसार छन्:

८.१ शिक्षा विभागले यो वर्ष शिक्षा मन्त्रालय, शिक्षामन्त्री र राज्यमन्त्रीको निजी सचिवालय समेतका कर्मचारीलाई दैनिक भत्ता तथा भ्रमण खर्चबापत रु.१ लाख ८ हजार भुक्तानी गरेको छ ।

८.२ अनौपचारिक शिक्षा केन्द्रले शिक्षा मन्त्रालयका कर्मचारी, अवकाश भइसकेका कर्मचारी र अन्य व्यक्ति समेतलाई दैनिक भत्ता तथा भ्रमण खर्चबापत रु.१ लाख ४५ हजार भुक्तानी गरेको छ ।

८.३ शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षा मन्त्रालयका कर्मचारी, शिक्षा मन्त्रीका स्वकीय सचिव समेतलाई दैनिक भत्ता तथा भ्रमण खर्चबापत रु.१ लाख ३ हजार भुक्तानी गरेको छ ।

उच्चमाध्यमिक शिक्षा परिषद्ले शिक्षा मन्त्री तथा शिक्षा राज्यमन्त्रीका निजी सचिवालयका ७ कर्मचारीलाई दैनिक भत्ता तथा भ्रमण खर्च वापत रु २ लाख ४ हजार भुक्तानी गरेको छ ।

९. **पुरस्कार रकम –** राष्ट्रिय साक्षरता अभियानमा राम्रो नतिजा प्राप्त गरेको आधारमा अमेरिकी डलर २० हजारको २०६७।९।१७ को विनिमय दर अनुसार हुने रु.१४ लाख १२ हजार नेपालले अन्तर्राष्ट्रिय साक्षरता पुरस्कार प्राप्त गरेको छ । उक्त पुरस्कार अनौपचारिक शिक्षा केन्द्रको अनुरोधमा युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगले आफ्नो खातामा राखेको छ । यसप्रकार प्राप्त रकम व्यवस्थित गर्न कानूनमा व्यवस्था भएको नदेखिएकोले आवश्यक कानूनी व्यवस्था गर्नुपर्दछ ।

शिक्षा विभाग

१०. **कार्यक्रम सञ्चालन** – विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरु कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७।६८ मा उल्लेख छ । यो वर्ष सो पुस्तिकामा उल्लेख नभएका गुरुकुल आश्रम, गुम्बा आदि संस्थासँग अन्तरक्रिया गर्ने, तथ्याङ्क अभिलेख प्रतिवेदन गर्ने जस्ता ५ कार्य सञ्चालन गरी रु.४३ लाख ५० हजार खर्च गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको विद्यालय स्तरीयकरण कार्यक्रम कार्यान्वयन गरेको पाइएन । त्यस्तै कार्यक्रमको विस्तृत विवरण उल्लेख नगरी कक्षा ५ को ब्रेललिपिको पुस्तक छपाई तथा वितरण कार्य, कक्षा १० को सिकाई उपलब्ध मापन, विद्यालय नक्साङ्कन जस्ता कार्यक्रम सञ्चालन गरी रु.४३ लाख २० हजार खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम सञ्चालन नगर्नु र कार्यक्रममा नभएको कार्यहरु कार्यक्रम संशोधनबेगर सञ्चालन गर्नु उचित भएन ।

११. **आन्तरिक नियन्त्रण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा विभागीय प्रमुखले आफु र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यहरु मितव्ययी, दक्षपूर्ण र प्रभावकारी ढङ्गबट सम्पादन गर्न, आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी निकायगत नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटी आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नुपर्ने उल्लेख छ । विभागले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन ।

शिक्षा सेवा आयोग

१२. **परीक्षा सञ्चालन –** आयोगले यो वर्ष खुलातर्फ तथा शिक्षा ऐन, नियमावलीको व्यवस्थाअनुसार समावेशी आधारमा २५ हजार स्थायी शिक्षकको पदपूर्ति गर्न परीक्षा सञ्चालन, उत्तरपुस्तिका तथा प्रश्नपत्र बैङ्क व्यवस्था गरी विज्ञापन गर्ने वार्षिक लक्ष्य राखेको थियो । उत्तरपुस्तिका तथा प्रश्नपत्र बैङ्क तयार गरे तापनि परीक्षा सञ्चालन गरेको छैन । सामुदायिक विद्यालयमा रहेका रिक्त शिक्षक पदको विषय स्पष्ट नभएकोले विज्ञापन हुन नसकेको जानकारी आयोगले दिएको छ ।

परीक्षा नियन्त्रण कार्यालय

१३. **उत्तर पुस्तिका –** परीक्षा नियन्त्रण कार्यालयले २०६७।६८ मा सञ्चालित प्रवेशिका परीक्षा दिने नियमित तथा एक्जेम्टेड गरी कुल ४ लाख २ हजार परीक्षार्थीलाई ९ विषयको लागि मूल उत्तरपुस्तिका ३९ लाख ८७ हजार आवश्यक पर्नेमा ४६ लाख ५१ हजार थान छपाई गरेको छ । विद्यार्थी संख्याभन्दा ६ लाख ६४ हजार बढी छपाई गरी प्रतिउत्तरपुस्तिका औसत दर रु.३।७५ का दरले रु.२४ लाख ९० हजार भुक्तानी गरेको उत्तरपुस्तिका जिन्सी किताबमा मौज्दात रहेको पाइएन । बाँकी उत्तरपुस्तिकाको प्रयोगको स्थिति जानकारी माग गरिएकोमा जानकारी प्राप्त भएन ।

१४. **रोयल्टी –** प्रवेशिका परीक्षाको नतिजा विभिन्न ८ सञ्चार संस्थामार्फत लघु सूचनाप्रणाली (एस.एम.एस) प्रयोगगरी पठाउने व्यवस्था गरेको पाइयो । ती संस्थाहरुले यो वर्ष सो कार्य सञ्चालनबापत रु.३ लाख ३७ हजार रोयल्टी परीक्षा नियन्त्रण कार्यालयमा बुझाएका छन् । रोयल्टीको निश्चित मापदण्ड बनाई रोयल्टी प्राप्त गर्ने आधार तयार पारी राजस्व असुली गरेको पाइएन । परीक्षा नियन्त्रण कार्यालयसँग रोयल्टीको दररेट तथा आधार पेश गर्न अनुरोध भएकोमा जवाफ प्राप्त भएन ।

१५. **शोधभर्ना –** शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना, राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमको सहयोगमा विभिन्न १४ जिल्लामा कार्यान्वयन भइरहेको छ । यो परियोजना ती जिल्लामा तोकिएका प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पौष्टिक आहार (तेल र पीठो) वितरण गरी पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने, विद्यार्थी भर्ना दर वृद्धि गर्ने, दैनिक हाजिरीको प्रतिशतमा सुधार ल्याउने, विद्यालय छोड्ने दरलाई कम गर्ने जस्ता लक्ष्य राखी सञ्चालित छ । कार्यक्रमअन्तर्गत यो वर्ष १ लाख ९४ हजार विद्यार्थीलाई पौष्टिक आहार वितरण गर्ने लक्ष्य रहेकोमा १ लाख ३९ हजार (७१.६४ प्रतिशत) र खाद्यान्न ८ हजार ३८८ मेट्रिकटन वितरण गर्ने लक्ष्य रहेकोमा ४ हजार २६६ मेट्रिकटन (५०.८६ प्रतिशत) वितरण गरेको छ । पौष्टिक आहार वितरण गरेको रु.७२ लाख ९१ हजार विश्व खाद्य कार्यक्रमबाट शोधभर्ना माग गरेको छैन । प्राप्त गर्नुपर्ने रकम शोधभर्ना माग गर्नुपर्दछ ।

जिल्ला शिक्षा कार्यालयहरु

१६. **बढी निकासा –** शिक्षा विभागबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७।६८ अनुसार सम्बन्धित विद्यालयहरुले तहसमेत खुलेको स्वीकृत दरबन्दी र हाजिरीका आधारमा चौमासिक रुपमा शिक्षकको तलव भत्ता माग गर्नुपर्ने र जिल्ला शिक्षा कार्यालयले जाँची निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष ३९ जिल्ला शिक्षा कार्यालयले अन्तर्गतका विद्यालयहरुलाई रु.३ करोड २९ लाख ५५ हजार स्वीकृत दरबन्दीभन्दा बढी र अवकाश भएका शिक्षकको तलव कट्टा नगरी बढी निकासा दिएको छ । सो रकम असुल हुनुपर्दछ ।

१७. **मौज्दात –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, सिन्धुलीले यो वर्ष निकासा लिई खर्च नभएको रकम रु.२ करोड ६९ लाख ४२ हजार जिल्ला शिक्षा कोषको खातामा जम्मा गरेको देखियो । सो रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१८. **कन्टिन्जेन्सी खर्च –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७।६८ अनुसार भवन निर्माण लगायत भौतिक सुविधा विस्तारको बजेट विद्यालयलाई सोझै निकासा दिई विद्यालयबाटै काम गराउनुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय धादिङ्ग, हुम्ला, जुम्ला र बाजुराले यो बजेटबाट विद्यालयलाई निकासा दिँदा कन्टिन्जेन्सीबापतको रकम कटाई निकासा दिएको छ । पुष्ट्याईबेगर कट्टा गरेको रकमबाट रु.३९ लाख १८ हजार खर्च लेखेको छ । विद्यालयलाई दिनुपर्ने रकम निकासाबाट कटाई जिल्ला शिक्षा कार्यालयले लेखेको कन्टिन्जेन्सी खर्च निर्देशिका विपरीत छ ।

१९. **भौतिक सुधार** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७।६८ को २.३.१ बमोजिम जिल्ला शिक्षा कार्यालयले भौतिक सुधारमा समावेश हुने विद्यालयहरुको प्राथमिकताक्रम निर्धारण गरी सम्पूर्ण विद्यालय पहुँच (होल स्कूल एप्रोच) को अवधारणा अनुसार कार्यक्रम स्वीकृत गर्ने, सञ्चालन गर्ने, कार्यालयले व्यहोर्ने र विद्यालयको

लागि समुदायबाट प्राप्त श्रमदान र कार्यसमेत खुलाई लागत अनुमान तयार गरी व्यवस्थापन समितिसँग सम्झौता गरी कार्य गर्ने गराउने व्यवस्था छ । पहिलो प्राथमिकतामा छनौट भएका विद्यालयले सम्झौता भएको १५ दिनमा कार्य सुरु नगरे दोस्रो प्राथमिकतामा रहेका विद्यालयलाई रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सम्झौताअनुसार सम्पूर्ण रकम विद्यालयलाई निकासा दिनुपर्ने, कार्य प्रगतिका आधारमा खर्च गर्ने र नापी किताबअनुसार जन श्रमदानबापतको रकम कट्टा गरी प्राविधिकको सिफारिशमा ४ किस्ताभन्दा बढी नहुने गरी किस्ताबन्दीमा रकम निकाल्न अनुमति दिनुपर्ने उल्लेख छ । जिल्ला शिक्षा कार्यालयले निर्माण कार्यको लागत अनुमान, सम्झौता, नापी, मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन २।२ प्रति प्राविधिकबाट तयार गर्न लगाई १ प्रति जिल्ला शिक्षा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ ।

यो वर्ष जिल्ला शिक्षा कार्यालय ७२ ले विद्यालय भौतिक निर्माण/मर्मत संभार कार्यको लागि विद्यालयमा निकासा दिएको रु.३ अर्ब ३५ करोड ९ लाखको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षणमा पेश गरेका छैनन् । कार्यक्रम अनुसार विद्यालय भवन निर्माण/मर्मत कार्य समयमा सम्पन्न भए नभएको अनुमगन गरी निर्माण कार्य नगर्ने विद्यालयको रकम फिर्ता गरी अन्य विद्यालयलाई उपलब्ध गराउनेतर्फ कारबाही भएको देखिएन ।

२०. **गत वर्षको भुक्तानी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उप–नियम (८) बमोजिम स्वीकृत दरबन्दी अनुसारको तलव भत्ता चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट समेत प्रमाणित गराई आर्थिक विवरणका साथ संलग्न गर्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय सप्तरी, धनुषालगायतका ८ ले कानूनले तोकेको प्रक्रिया र प्रमाणबेगर विद्यालयका शिक्षकहरुलाई गत वर्ष तलव भत्ता निकासा नदिएको प्रमाणित अभिलेख तथा विवरणबेगर यो वर्ष रु.५ करोड ७६ लाख ८१ हजार निकासा दिएको छ । यो रकमको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

२१. **सःशर्त अनुदान** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७ मा उच्चमाध्यमिक विद्यालयलाई भवन निर्माण, विज्ञान प्रयोगशाला स्थापना, सामग्री व्यवस्था र जोडकोषको रकम निकासा दिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय २६ ले आफ्ना मातहतका उच्चमाध्यमिक विद्यालयलाई उपर्युक्त कार्यका लागि रु.७ करोड ९७ लाख ५७ हजार सःशर्त अनुदान निकासा दिएको छ । निकासा दिँदाको रकमको शर्त अनुरुप कार्य भए नभएको सम्बन्धमा अनुगमन गरी सम्पन्न भएका कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको छैन । ती विद्यालयको लेखापरीक्षण प्रतिवेदन लिई तोकिएको काममा खर्च नभइ बाँकी रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

२२. **कार्यक्रम सञ्चालन** – अनौपचारिक शिक्षा केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५ को दफा २५ मा साक्षरता कक्षाका पाठ्यपुस्तक, मसलन्द खरिदको रकम कार्यक्रम एवं प्रगतिको आधारमा एकमुष्ट रकम गाउँ विकास समिति, नगरपालिका मार्फत कक्षा सञ्चालन गर्ने निकायलाई निकासा दिन जिल्ला शिक्षा कार्यालयमा पठाउने उल्लेख छ । जिल्ला शिक्षा कार्यालय, धनुषाले यो वर्ष अनौपचारीक शिक्षा कार्यक्रमतर्फ स्थानीय निकायहरुलाई कार्यक्रम सञ्चालन गर्न दिइने मसलन्द र कार्यालयले सञ्चालन गर्ने सरसामान समेतको रु.२२ लाख ८३ हजार मूल्यका मालसामान प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखियो ।

जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरले ३ कर्मचारीलाई तालिम, बचत तथा ऋण पूँजी सञ्चालन गर्न रु.६ लाख ३५ हजार पेश्की उपलब्ध गराएको छ । निर्देशिकाअनुसार सामुदायिक अध्ययन केन्द्रमार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कर्मचारीलाई पेश्की दिएको उचित भएन । त्यस्तै जिल्ला शिक्षा कार्यालय, कैलालीले बचत तथा ऋण कार्यक्रम सामुदायिक संस्थामार्फत सञ्चालन गराउनुपर्नेमा विद्यालय निरीक्षकलाई रु.७ लाख ३५ हजार पेश्की दिएको कार्यक्रम विपरीत देखिन्छ । यसप्रकार निर्देशिका विपरीत कार्य गराउन मिल्ने देखिँदैन ।

२३. **शैक्षिक तथ्याङ्क –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७६८ को बुँदा नं.४.१.१०,११ र १२ अनुसार विद्यालयको तथ्याङ्क तयार गरी विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति, पाठ्यपुस्तक, प्रतिविद्यार्थी कोष (पी.सी. एफ.) अनुदान, तलबलगायतका सुविधा वितरण गर्नुपर्ने व्यवस्था छ ।

जिल्ला शिक्षा कार्यालय सल्यान, झापा लगायत ८ ले छात्रवृत्ति, पाठ्यपुस्तक तथा प्रतिविद्यार्थी कोषको आधारमा रु.९२ लाख ६० हजार फ्लास रिपोर्टले देखाएको तथ्याङ्कभन्दा बढी तलवमा निकासा दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

जिल्ला शिक्षा कार्यालय, सर्लाहीले प्राथमिक तह कक्षा १ देखि ५ सम्म प्रति विद्यार्थी गैरतलवीय कोष तर्फ शैक्षिक सत्र २०६७ मा विद्यालयले भरेको तथ्याङ्कको आधारमा १ लाख २४ हजार ९७ विद्यार्थीलाई प्रतिविद्यार्थी रु.२४५।– को दरले दिएको छ । तथ्याङ्क प्रमाणिकरण प्रतिवेदन, २०६८ अनुसार ९८ हजार ९५० विद्यार्थी मात्र देखिएकोले प्रतिविद्यार्थी रु.२४५।– ले रु ६१ लाख ६१ हजार विद्यालयलाई बढी निकासा दिएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

२४. **छात्रवृत्ति वितरण –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७६८ मा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका जेहेन्दार, अपाङ्ग, दलित, महिला द्वन्दपीडित र लोपोन्मुख जातिका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने सम्बन्धमा उल्लेख छ । यसरी कार्यक्रम अनुसार वितरण भएको छात्रवृत्ति रकमको अधिकांश जिल्ला शिक्षा कार्यालयहरुले विद्यालयको अनुगमन र मूल्याङ्कन गरी सोको अभिलेख राखेको देखिदैन । दलित, छात्रा, अपाङ्गता भएका विद्यार्थी र माध्यामिक विद्यालयको लागि छात्रवृत्ति वितरण गर्न विभिन्न विद्यालयको खातामा जिल्ला शिक्षा कार्यालय, बाँकेले रु.२ करोड ५ लाख ६१ हजार र हुम्लाले रु.७५ लाख ४४ हजार निकासा दिएको छ । वितरणको अनुगमन व्यवस्थित गरी मुल्याङ्कन गर्ने गरेको छैन ।

२५. **दिवा खाजा –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७६८ र वार्षिक कार्यक्रम अनुसार प्राथमिक तहका विद्यार्थीकोलागी दिवा खाजाबापत प्रतिविद्यार्थी दैनिक रु.१२।– का दरले विद्यालय खुल्ने दिन गणना गरी २०० दिनसम्मको खाजाको व्यवस्था गर्न विद्यालयलाई रकम निकासा दिने व्यवस्था छ । नमूना परीक्षणमा परेका जिल्ला शिक्षा कार्यालय बर्दियाले १९ हजार ३४४ विद्यार्थीको लागि कार्यालयको अभिलेखअनुसार विद्यालय खुलेको दिन १६८ को रु.३ करोड ८९ लाख ९७ हजार निकासा दिनुपर्नेमा रु.४ करोड ६४ लाख २६ हजार निकासा दिई रु.७४ लाख २८ हजार बढी निकासा दिएको छ । त्यस्तै रसुवाले रु.१० लाख ४ हजार बढी निकासा दिएको छ । बढी निकासा दिएकोमा आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

२६. **पारिश्रमिक –** कार्यक्रम कार्यान्वयन पुस्तिकामा बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक प्रतिमहिना रु.१ हजार ८०० का दरले हुने रकम विद्यालयसँग आवद्ध भएकाको हकमा विद्यालयको र समुदायबाट सञ्चालित बाल विकास केन्द्रको हकमा व्यवस्थापन समितिको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला शिक्षा कार्यालय सुनसरीले ५० गाउँ विकास समिति र एक नगरपालिकाको खातामा रु.५८ लाख ७७ हजार निकासा दिएको छ ।

कार्यक्रम कार्यान्वयन पुस्तिकामा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमअन्तर्गत सहयोगी कार्यकर्ताहरुलाई मातृविद्यालयको सिफारिसमा मासिक रु.२ हजारका दरले पारिश्रमिक भुक्तानी दिनुपर्ने व्यवस्था छ । गैरसरकारी संस्थाबाट सञ्चालित केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई निर्देशिका विपरीत जिल्ला शिक्षा कार्यालय कञ्चनपुरले एक गैरसरकारी संस्थासँग सम्झौता गरी रु.२३ लाख ३९ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।

२७. **पाठ्यपुस्तक –** कार्यक्रम कार्यान्वयन पुस्तिकामा नि:शुल्क पाठ्यपुस्तकका लागि विद्यालयलाई अनुदान दिँदा प्रतिविद्यार्थी कोषका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीको तथ्याङ्क विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति समेतको संयुक्त बैठकमा विश्लेषण गरी विद्यार्थी संख्या टुङ्गो लगाई दोस्रो चौमासिकमा विद्यालयलाई कक्षागत रुपमा तोकिएको दररेटमा निकासा दिनुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय सुनसरी, उदयपुर लगायत ११ ले तोकेको दररेटभन्दा बढी दरमा भुक्तानी दिइ रु.८३ लाख ६९ हजार बढी निकासा दिएको छ । सो रकम असुल गर्नुपर्दछ ।

२८. **मूल्याङ्कन** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६७६८ मा उल्लेख भएअनुसार प्राथमिक विद्यालय तहका निरन्तर विद्यार्थी मूल्याङ्कन तथा सुदृढीकरणका लागि विद्यालयहरुलाई रकम उपलब्ध गराउने र आवश्यकता अनुसार विद्यार्थीका सिर्जनात्मक कार्य परियोजना, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरी अभिलेख जस्ता विवरण तयार गरी सोही आधारमा विद्यार्थी मूल्याङ्कन परिपाटी बसाउने कार्यका लागि प्रतिविद्यार्थी रु.५० का दरले रकम उपलब्ध गराउने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, सर्लाहीले औसतमा प्रतिविद्यार्थी रु.२।६८ देखि रु.१६।१६ सम्म पर्ने गरी रु.१० लाख १२ हजार निकासा दिएको छ । यो कार्यक्रमबाट रु.१३ लाख ५२ हजार ११ जना स्रोतव्यक्तिलाई पेश्की दिएको छ । बाँकी रु.११ लाख ७७ हजारको मसलन्द, खरिद गरी विद्यालयमा पठाएको छ । त्यस्तै जिल्ला शिक्षा कार्यालय, सप्तरीले फाराम छपाई, फाइल खरिद, ल्यापटप खरिद गरेको तथा शिक्षकलाई तालिमसमेत दिई रु.२६ लाख खर्च लेखेको छ । खरिद देखाएको सामान विद्यालयलाई बुझाएको प्रमाण पेश भएको छैन । कार्यक्रम विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२९. **माग परीक्षण तथा निकासा** – जिल्ला शिक्षा कार्यालयहरुले सरकारी सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलब भत्ता निकासा दिँदा मौजुदा शिक्षकको विवरण, स्वीकृत दरबन्दी संख्या, माग फाराम लगायत तोकिएका कागजात लिई ती विवरण परीक्षण गरी यथार्थ रकम निकासा दिनुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, पर्साले विद्यालयबाट माग फाराम नै नलिई रु.४८ लाख ४ हजार विद्यालयहरुलाई निकासा दिएको छ । यसरी बिना आधार निकासा दिएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

३०. **बिलबेगर भुक्तानी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, रौतहटले साक्षरता अभियान, आधारभूत प्रौढ शिक्षा, साक्षरता शिक्षा, महिला शिक्षा आय आर्जन र सामुदायिक अध्ययन केन्द्र सम्बन्धी व्यवस्थापन तालिम सञ्चालन गर्न एक संस्थासँग २०६७।१।२८ मा सम्झौता गरी रु.४७ लाख ३६ हजार खर्च लेखेको छ । कार्यक्रम सञ्चालन गरेको स्रेस्ता खर्चको बिल भरपाई लेखापरीक्षणका लागि पेश भएन ।

जिल्ला शिक्षा कार्यालय, भोजपुरले प्रयोगशाला र पुस्तकालय स्थापना आदि कार्यमा खर्चको विल भरपाई एवं फाँटवारी वेगर रु.५ लाख सोझै खर्च लेखेको देखियो । विल भरपाई तथा खर्चको पुष्ट्याई वेगर खर्च लेखेको उक्त रु.५ लाख असूल गर्नु पर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

रोजगारीका लागि सीप परियोजना (तालिमको प्रभावकारिता विशेष कार्यमूलक लेखापरीक्षण)

परियोजनाको कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त प्रतिवेदनमा समावेश केही मुख्य व्यहोरा निम्नानुसार छन्:

परियोजना अन्तर्गत उच्चशिक्षाको अवसरबाट बञ्चित ६१ हजार बेरोजगार युवा युवतीहरुलाई बजारमुखी छोटो अवधिको सीपमूलक तालिम दिई रोजगार उन्मुख बनाउने, निजी एवं सार्वजनिक तालिम प्रदायक संस्थाहरुको सान्दर्भिकता र गुणस्तरमा सुधार गरी तिनीहरुद्वारा प्रदान गरिने व्यावसायिक तालिमको क्षेत्रमा दक्षता अभिवृद्धि गर्ने, सीपमूलक तालिममा पिछडिएको क्षेत्र महिला, दलित तथा सुविधाबिहिन बर्गको पहुँच बढाउने उद्देश्यका साथ परियोजना सञ्चालित छ ।

३१. **समय तालिका** – परियोजनाको प्रमुख कार्य छोटो अवधिको तालिम दिने, दक्षता अभिवृद्धि गर्ने र नीति निर्माण गरी कार्यान्वयन गर्ने हो । सम्झौता भएको मितिले १५ महिना ढिला गरी ऋण प्रभावकारी भएको कारण छोटो अवधिको तालिम दिने संख्यामा पुनरावलोकन गरी ८० हजारबाट ६१ हजार अर्थात केन्द्रीयस्तरबाट ५५ हजार र समुदायस्तरबाट २५ हजारलाई तालिम उपलब्ध गराउने सम्झौता भएकोमा क्रमशः ५२ हजार र ९ हजार कायम गरिएको छ । सबै तालिम २०६८ चैत्र १७ सम्म सम्पन्न गर्ने लक्ष्य तोकिए पनि लेखापरीक्षण अवधि २०६८ कार्तिकसम्म केन्द्रीयस्तरबाट ३८ हजार २०७ (८८.४५ प्रतिशत) र

समुदायस्तरबाट ४ हजार ९९१ (११.५५ प्रतिशत) गरी कुल ४३ हजार १९८ (७०.८२ प्रतिशत) तालिम दिएको छ । यसबाट निर्धारित समयमा लक्ष्य अनुसार प्रगति हासिल नहुने देखिएको छ ।

३२. **ऋणको उपयोग** – नेपाल सरकार र एसियाली विकास बैङ्कसँग भएको सम्झौतामा २० मिलियन अमेरिकी डलर अर्थात रु.१ अर्ब ४३ करोड १० लाख ऋण सहयोग प्राप्त हुने उल्लेख भएकोमा नेपाल सरकारको स्रोत समेतबाट रु.८४ करोड २० लाख ६४ हजार खर्च भएको छ । सम्झौतामा उल्लेख भएअनुसार विभिन्न शीर्षकगत खर्चको २७ नोभेम्बर २०११ सम्म ऋण उपयोग स्थिति विश्लेषण गर्दा निर्माण कार्यमा १५.९२ प्रतिशत, उपकरण फर्निचरमा १७.२६ प्रतिशत, शिक्षण सामग्रीमा १७.७९ प्रतिशत, जनशक्ति विकासमा ४०.७६ प्रतिशत, परामर्श सेवामा २८.१६ प्रतिशत र तालिममा ८३.०५ प्रतिशत खर्च भएको देखिन्छ ।

समग्रमा कुल सम्झौता अवधिको ४ महिनामात्र बाँकी रहँदा कुल ऋण रकमको ५३.११ प्रतिशतमात्र उपयोग देखिएकोले परियोजना अवधिसम्म शतप्रतिशत ऋण रकम उपयोग हुने अवस्था देखिएन ।

३३. **भौतिक पूर्वाधार** – तालिम प्रदायक संस्थाहरुले बजारमुखी छोटो अवधिको सीपमूलक तालिम सञ्चालन निर्देशिका, २०६७ को नियम १० मा तालिमका लागि न्यूनतम पूर्वाधारअन्तर्गत प्रशस्त उज्यालो, दोहोरो हावा खेल्ने तालिम कक्षा, २० व्यक्तिको लागि आरामपूर्वक बस्ने बेञ्च, डेक्स, सेतोपाटी, फर्निचर हुनुपर्ने, विषय र पाठ्यक्रमले निर्धारण गरेअनुसार प्रशिक्षण स्थलमा आवश्यक औजार उपकरण व्यवस्था हुनुपर्ने, प्रशिक्षकहरुको लागि बस्ने र तयारी गर्ने कोठाहरु हुनुपर्ने, पुस्तकालय तथा पुस्तकहरुको राम्रो व्यवस्था हुनुपर्ने, तालिम स्थलमा पर्याप्त मात्रामा प्रयोगात्मक अभ्यास गर्न मिल्ने प्रयोगशाला हुनुपर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ । लेखापरीक्षणको क्रममा ९ जिल्लाका १९ संस्थाले तालिम सञ्चालन गरिरहेको तथा तालिम सम्पन्न भएका स्थलमा भौतिक अवलोकन गर्दा देखिएका कमजोरीहरु देहायअनुसार छन्:

३३.१ एक तालिम प्रदायकले धादिङबेशीमा सञ्चालन गरेको सामुदायिक पशुस्वास्थ्य तथा कृषि सहायक तालिमको लागि प्रयोग भएको तालिम हल १० फिट चौँडाई २० फिट लम्बाईको कोठा, टेबुलरहित मेचमात्र भएको, औजार उपकरण पर्याप्त नभएको, प्रयोगशालाको सुविधा पर्याप्त नभएको पाइयो । उक्त तालिममा जिल्ला पशुसेवा कार्यालयसँग समन्वय नगरेको कारण पर्याप्त चौपाया सहित प्रयोगात्मक परीक्षण गर्न नसकिएको जानकारी प्रशिक्षार्थीले दिएका छन् । निर्देशिकामा उल्लेख भएबमोजिम प्रशिक्षकको लागि बस्ने र तयारी गर्ने छुट्टै कोठा नभएको, विषय अनुसार पुस्तकालय सुविधा नभएको, सुरक्षाका नियम एवं सावधानी उपायहरु अलवम्बन गरेको देखिएन ।

गोरखाको मनकामना गाउँ विकास समितिमा सञ्चालन गरेको वेटर/वेट्रेस तथा इण्डियन कुजिन कुक तालिमको लागि पनि उपयुक्त कोठा नभएको, फर्निचर, आवश्यक औजार उपकरण पर्याप्त नभएको, पुस्तकालय, प्रयोगशाला लगायतका पूर्वाधारको कमी रहेको पाइयो । केन्द्रीयस्तर, आयोजना कार्यान्वयन इकाई अर्न्तगत सञ्चालित काठमाडौं र चितवनमा सञ्चालन भएको सोलार पी.भी. टेक्निसियन, इण्डष्ट्रियल इलेक्ट्रिसियन, टिगमिग वेल्डीङ्ग तालिमको लागि भने अन्य क्षेत्रको तुलनामा पूर्वाधारमा केही सहज देखिए पनि पुस्तकालय, सुरक्षा एवं सावधानी अपनाउन नसकेको र पर्याप्त औजारको कमी नै देखिएको छ ।

३३.२ जिल्ला घरेलु तथा साना उद्योग विकास समिति, गोरखा मार्फत एक संस्थाले गोरखा जिल्लाको १० किलो स्थानमा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम सञ्चालन गरेको थियो । उक्त संस्थासँग एउटा कोठामात्र भएको घर भाडामा लिई तालिम सञ्चालन गरेको, तालिम हलको लम्बाई १३ फिट चौँडाई १३ फिट भएको तथा त्यसमा एउटा सानो भ्याल रहेको (तस्वीर–१) देखियो । सहभागीहरुले उक्त कोठामा फर्निचरको अभावले अप्ठ्यारोसँग तालिम लिनु परेको बताए । प्रशिक्षकलाई बस्ने र तयारी गर्ने कोठासमेत देखिएन ।

तस्बिर–१

तालिम सञ्चालन भएको घर

तस्बिर–२

तालिम हल

३३.३ एक तालिम प्रदायक संस्थाले चितवन जिल्लाको माधवपुर गाउँ विकास समितिमा सञ्चालन गरिरहेको पोल्ट्री फार्म वर्कर तालिमको प्रत्यक्ष अवलोकन गर्दा एक व्यक्तिको टहरा भाडामा लिई तालिम सञ्चालन गरेको पाइयो । तालिम सञ्चालन भइरहँदा ७ फिट चौडाई एवं २० फिट लम्बाई र सानो भ्याल भएको कोठामा (तस्वीर–२) सुकुल, गुन्द्री राखेर तालिम दिएको देखियो । व्यवस्थापनले सहभागीलाई प्रयोगात्मक कक्षाको लागि एक कुखुरा फाराम देखाए पनि त्यहाँ कुखुरा थिएनन् ।

तालिम सञ्चालन निर्देशिकाले तोकेअनुसार पूर्वाधार पर्याप्त मात्रामा व्यवस्थापन नभएको कारण सञ्चालन गराएको तालिमको गुणस्तरमा कमी हुनाको साथै प्रभावकारी नहुने सम्भावना देखियो । परियोजनालाई तालिम सञ्चालन हुनु अगावै स्थान निरीक्षण गर्दा नै पूर्वाधारको कडाईसाथ अनुगमन गरी स्वीकृत दिनुपर्ने र न्यूनतम पूर्वाधार सम्बन्धमा समय समयमा अनुगमन गरी स्तर कायम गर्नुपर्ने देखिन्छ ।

यससम्बन्धमा परियोजनाबाग ग्रामीण क्षेत्रमा सञ्चालन हुने तालिमलाई चाहिने मापदण्डभन्दा पनि प्रयोगात्मक सिकाईलाई महत्वपूर्ण पाटोको रुपमा लिएको प्रतिक्रिया प्राप्त भएको छ ।

३४. **साझेदारीमा तालिम** – तालिम प्रदायक संस्थाको आफ्नै पूर्वाधारयुक्त वा तालिमको लागि उपयुक्त वातावरण भएको स्थान हुनु आवश्यक छ । संस्थाले तोकिएको सबै स्थानमा तालिमको व्यवस्थापन आफै गर्ने नभई अन्य स्थानीय संस्थाहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने हो भने तोकिएको ढाँचामा समझदारीपत्र गरी सम्झौता गर्नु पूर्व परियोजनामा पेश गर्नुपर्दछ । यसरी सम्झौता गर्दा स्वीकृत आर्थिक प्रस्ताव वा सम्झौतामा उल्लेख गरिएको रकम शीर्षकहरुमध्ये पारिश्रमिक र प्रशिक्षण सामग्रीको रकम शतप्रतिशत साझेदार निकायलाई दिनुपर्ने व्यवस्था तालिम सञ्चालन निर्देशिका, २०६७ को नियम ९ मा उल्लेख छ । सो आधारमा परीक्षण गर्दा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

३४.१ एक संस्थाले परियोजनासँग भएको सम्झौताअनुसार चितवनमा सञ्चालन गरेको स्लटर हाउस टेक्निसियन तालिम स्थल अवलोकन गर्दा उक्त तालिम अर्कै एक संस्थाको हाताभित्र सञ्चालन भएको देखियो । यस सम्बन्धमा जानकारी माग गर्दा विज्ञापन, प्रशिक्षार्थीको छनौट, तालिम लगायतमा सम्पूर्ण व्यवस्थापनको काम आफुले गरेको जानकारी दिए पनि निर्देशिकाले तोके अनुसार दुई संस्थाबीच सम्झौता भएको देखिएन ।

३४.२ हाउस किपिङ्ग सम्बन्धी तालिम सञ्चालन गर्न परियोजनासँग एक संस्थाले सम्झौता गरी चितवन जिल्लामा चलाउनुपर्ने तालिम अर्कै संस्थाले चलाएको पाइयो । यससम्बन्धमा सो संस्थासँग सोधपुछ गर्दा उक्त तालिम आफैले सञ्चालन गरेको जानकारी दिए पनि प्रशिक्षार्थीले अर्कै संस्थाको नाममा फाराम भरेको र सोही संस्थाले तालिम दिएको जानकारी दिएका छन् ।

३४.३ पाँच तालिम प्रदायक संस्थासँग हाउस किपिङ्ग, बिल्डिङ्ग इलेक्ट्रिसियन, सेक्यूरिटी गार्ड, बेकरी, पोल्ट्री फार्म वर्कर आदि तालिम चलाउन परियोजनासँग सम्झौता गर्दा केही तालिम काभ्रेको बनेपामा सञ्चालन गर्न तोकेकोमा पाँचै संस्थाले पाँच विषयको तालिमको सम्पूर्ण जिम्मा एक व्यक्तिलाई दिएको पाइयो । एउटै घरमा पाँच संस्थाको बोर्ड राखिएको पाइयो । सम्झौताबेगर यसरी एकै व्यक्तिलाई निर्देशिका विपरीत कार्यसञ्चालन गर्न दिइएको छ । यस सम्बन्धमा परियोजनाका अनुगमन अधिकृतले यस बारेमा आफु अनभिज्ञ रहेको जानकारी दिएका छन् ।

सबै तालिम प्रदायक संस्थाको सबै जिल्लाहरुमा कार्यालय नरहेकोले अन्य स्थानीय संस्था वा व्यक्तिसँग सम्झौता नगरी केही तालिम प्रदायक संस्थाहरुले तालिम सञ्चालन गरेको तालिम प्रदायक संस्थाले पेश गरेको आर्थिक प्राविधिक प्रस्ताव र परियोजनासँग गरेको सम्झौतामा तोकेको शर्त पूर्णरुपमा पालना नगरेको कारण तालिमको गुणस्तरमा समेत प्रभाव पर्न जाने सम्भावना देखियो । सम्झौता गर्ने संस्थाले तालिम सञ्चालन नगरी अन्य स्थानीय संस्थाबाट तालिम सञ्चालन गराउँदा लक्षित वर्गको पहुँचका लागि सचेतना कार्यक्रम सञ्चालन, प्रशिक्षार्थी छनौटमा पारदर्शीता नहुने हुन्छ । तालिम सञ्चालन निर्देशिका र सम्झौता अनुसार तालिम सञ्चालन नगर्ने तालिम प्रदायक संस्थाको परियोजनाबाटै प्रभावकारी अनुगमन गर्न लगाई गुणस्तरीय तालिम प्रदान गर्न निर्देशन गर्नुपर्ने देखिन्छ ।

३५. **तालिमको गुणस्तर** – निर्देशिकामा दैनिक ५ घण्टाका दरले तीन महिनामा सैद्धान्तिक र व्यवहारिक विषय समावेश गरेर ३९० घण्टाको तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था निर्देशिकामा रहेको छ ।

३५.१ जिरी प्राविधिक शिक्षालयले जिरी र दोलखामा सञ्चालन गरेको बिल्डिङ्ग इलेक्ट्रिसियन तालिममा प्रशिक्षार्थी एवं प्रशिक्षकलाई तालिम सञ्चालन भइरहँदा परियोजनाका अनुगमन अधिकृत समेतको रोहवरमा दैनिक कति समय कक्षा सञ्चालन हुन्छ भनी जानकारी माग गर्दा दैनिक ३ घण्टामात्र हुने जानकारी दिए । सरकारी शिक्षालयले समेत तालिमको समयावधिलाई बेवास्ता गरेको अवस्था र पर्याप्त अनुगमनको अभावमा निजी तालिम प्रदायक संस्थामा पूरा समय तालिम भएको यकिन गर्न सक्ने अवस्था रहेन ।

३५.२ सीप नसिकेका तथा अन्य प्रकारबाट सीप सिकेका र तालिम प्राप्त गरेका कामदारहरु रोजगार संस्थामा कार्यरत रहेकोमा उनीहरुबीच कार्यसम्पादन गुणस्तर कसको राम्रो पाउनु भयो भनी २३ रोजगारदातालाई प्रश्न सोधिएकोमा १६ ले सीप सिकेकाबाट, ६ ले सीप नसिकेका तर कामको अनुभव भएकाबाट, ३ ले अन्यत्रबाट सीप सिकेकाबाट र १ ले बराबरै/समान हो भन्ने उत्तर दिएका छन् ।

३५.३ सीप तालिम लिएका व्यक्तिहरुबाट सम्पादन हुने कामको गुणस्तर सम्बन्धमा २३ रोजगारदातालाई प्रश्न सोधिएकोमा ७ ले राम्रो छ, १८ ले सन्तोषजनक छ भनी उत्तर दिएका छन् । यस सम्बन्धमा १ ले प्रतिक्रिया दिएको छैन ।

३५.४ संस्थाले तालिम दिएर पनि प्रशिक्षार्थी बेरोजगार रहनुपर्नाको कारण सम्बन्धमा १९ तालिम प्रदायक संस्थालाई प्रश्न सोधिएकोमा ३ ले प्रशिक्षार्थी अर्कै व्यवसायमा लागेका, ७ ले प्रशिक्षण लिएपछि सम्पर्कमा नआएको, ४ ले रोजगारको अवसर नै कम भएको, २ ले बजारको माग अनुसार तालिम गुणस्तरीय नभएको र अन्य २ ले घरायसी कारण कम तलव, घरबाट टाढा जस्ता कारण भन्ने जवाफ दिएका छन् ।

रोजगारदाताबाट तालिमको गुणस्तर बारे सकारात्मक धारणा नआउनु, अध्ययनबाट ४६ प्रतिशत मात्र रोजगार हुनु, बजारमा रोजगारीको अवसरहरु पर्याप्त मात्रामा नहुनु, रोजगारदातालाई आवश्यक पर्ने आधुनिक प्रविधिको सीप उपयुक्त हुन नसक्नु जस्ता कारणले तालिम अझै रोजगारमूलक हुनसकेको छैन । तसर्थ परिषद्ले तयार गरेको मापदण्ड अनुसार तालिमको पूरा समय सञ्चालनमा ल्याई तालिममा गुणस्तर कायम गरिनु पर्दछ ।

३६. **रोजगारी** – प्रत्येक तालिम प्रदायक संस्थाले तालिम सुरु भएपश्चात रोजगारी परामर्श इकाई स्थापना गर्नुपर्दछ । उक्त इकाईमा रहने कर्मचारीले प्रशिक्षार्थीहरु तालिममा रहँदा रोजगार सम्बन्धी परामर्श उपलब्ध गराउने र तालिम पछि रोजगारीको लागि सम्भाव्य रोजगारदातासँग सम्पर्क गरी रोजगारीको बारेमा सूचना

दिने कार्यमा सहयोग गर्नुपर्ने व्यवस्था निर्देशिका एवं तालिम प्रदायक संस्था र परियोजना बीचको सम्झौतामा उल्लेख छ ।

३६.१ लेखापरीक्षणको क्रममा केही तालिम प्रदायक संस्थाले रोजगारी एवं परामर्श इकाईको बोर्ड राखे पनि जिम्मेवारी तोकेर कर्मचारी राखेका छैनन् । कतिपयलाई रोजगारी एवं परामर्श इकाईको बारेमा पूर्ण जानकारी नरहेको पाइयो ।

३६.२ रोजगारको लागि कामदारको कसरी छनौट गर्नुभयो भनी २३ रोजगारदातासँग प्रश्न सोधेकोमा ५ संस्थाले तालिम सञ्चालन गर्ने संस्थासँग अनुरोध गरेर, १० संस्थाले सीप सिकेका व्यक्ति आफै काम खोज्दै आएको, ६ संस्थाले आफैले सीप तालिम दिने संस्थामा माग गरेर, १ संस्थाले पत्र पत्रिकामा विज्ञापन गरेर र १ संस्थाले साथी भाईको सहयोगबाट कामदार छनौट गरेको जानकारी दिएका छन् ।

तालिम प्राप्त गरेका प्रशिक्षार्थीले रोजगारदातालाई विश्वासमा लिई काम गर्न नसक्ने, रोजगारी एवं परामर्शले प्रभावकारी काम नगरेका कारण तालिम प्राप्त गरेका तर बेरोजगार व्यक्तिहरुको संख्या ठूलै रहेको छ । तालिम प्रदायक संस्थाले रोजगारीको लागि कम ध्यान दिने र परियोजनाबाट त्यस कार्यलाई महत्व कम दिने कारण रोजगारी र परामर्श इकाईबाट प्रशिक्षार्थीले अपेक्षित लाभ लिन सकेको अवस्था देखिएन । तसर्थ उक्त इकाईलाई प्रभावकारी बनाउन प्रत्येक तालिम प्रदायक संस्थाले जिम्मेवारी सहित कर्मचारी नियुक्ति गरी परियोजनाबाट कडाईका साथ अनुगमन गरिनुपर्दछ ।

३६.३ लेखापरीक्षणको अवधिसम्म परियोजनाले नियुक्त गरेका १५ व्यक्तिले गरेको रोजगारी भिडानको आधारमा दिएको जानकारी अनुसार ३२ विषयमा तालिम लिएका ४८० प्रशिक्षार्थीसँग तपाईले रोजगारी पाउनु भयो भनी प्रश्न सोधिएकोमा २२० (४५.८३ प्रतिशत) ले रोजगारी पाएको, २३१ (४८.१३ प्रतिशत) ले रोजगारी नपाएको, २२ (४.५८ प्रतिशत) ले पहिला नै रोजगारी पाएको र ७ (१.४६ प्रतिशत) ले सो सम्बन्धमा कुनै प्रतिक्रिया दिएनन् ।



३६.४ रोजगारी पाएका २२० प्रशिक्षार्थीमध्ये विषयगत रुपमा वेल्डिङ्ग विषयमा २६ (७२ प्रतिशत), हाउस वाइरिङ्ग विषयमा २१ (५८ प्रतिशत), फर्निचर मेकर विषयमा १९ (९०.४७ प्रतिशत), टायल मार्वल फिटर विषयमा १८ (९० प्रतिशत), सुरक्षा गार्ड विषयमा ६ (१२ प्रतिशत), व्यूटिसियन विषयमा ११ (२६ प्रतिशत) र हाउस किपिङ्ग विषयमा ५ प्रशिक्षार्थी (१२.८२ प्रतिशत) ले बेकरीमा शून्य प्रतिशत रोजगार भएको (स्तम्भ चित्र) देखिन्छ ।

तथ्याङ्क एवं अन्तरवार्ताबाट रोजगारी प्राप्त ४६ प्रतिशतभन्दा कम देखिएको छ भने विषयगत रोजगारीलाई अध्ययन गर्दा वेल्डिङ्ग, हाउस वाइरिङ्ग, फर्निचर मेकर जस्ता विषयमा रोजगारी तुलनात्मक रुपमा बढी देखिएका छन् भने सेक्यूरिटी गार्ड, व्यूटिसियन, हाउस किपिङ्ग, बेकरी जस्ता विषयमा रोजगारीको अवस्था न्यून रहेको देखियो । तालिम सञ्चालन गर्नुपूर्व श्रमबजारमा तालिमको माग अध्ययन एवं माग सङ्कलन गरी तालिम दिने व्यवस्था अवलम्बन गरी तालिम प्रदायक संस्थालाई स्वरोजगारको सृजना वा रोजगारदातासँग समन्वय गरी रोजगारीको वातावरण मिलाउने व्यवस्था मिलाउनुपर्दछ ।

सीप सिकेका व्यक्तिहरुले तत्काल रोजगार पाउन एवं अपेक्षित आय प्राप्त गर्न देशमा रहेका उद्योगहरु बन्द हुनु, लोड सेडिङ्गले गर्दा कर्मचारी कटौती गर्नु र वैदेशिक रोजगारमा जान समेत परियोजनाको लक्षित समूह आर्थिक रुपले सम्पन्न नहुनु जस्ता कारणले अपेक्षित उपलब्धी तत्काल हुन नसके

पनि स्वरोजगार र ज्यालादारी रोजगारीको अवस्था हेर्दा उपलब्धी सन्तोषजनक पाइएको परियोजनाले प्रतिक्रिया दिएको छ ।

संगठित तथा अन्य संस्थातर्फ

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

शैक्षिक सामग्रीको उत्पादन, बिक्री र वितरण गर्ने उद्देश्यले २०३० मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित छ । केन्द्रको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

३७. **सञ्चालन नतिजा** – गत वर्ष सञ्चित नोक्सानी रु.२४ करोड ५३ लाख ८८ हजार रहेकोमा यस वर्षको नोक्सानी रु.६ करोड ३१ लाख २१ हजार थप भई यस वर्षसम्म सञ्चित नोक्सानी रु.३० करोड ८५ लाख ९ हजार पुगेको छ । उपदानबापत व्यवस्था, स्थगन कर व्यवस्था, शंकास्पद आसामी र शंकास्पद पेश्कीको व्यवस्था गरेमा उक्त नोक्सानी अझै वृद्धि हुने देखिन्छ । केन्द्र निरन्तर घाटामा जानुको कारण अनावश्यक कर्मचारी भर्ना गर्नु, उपलब्ध मानवीय तथा भौतिक स्रोत साधनको कुशल व्यवस्थापन नहुनु, प्रतिस्पर्धात्मक रुपमा गुणस्तरयुक्त कागज उचित मूल्य र समयमा आपूर्ति नहुनु, आन्तरिक क्षमताको विश्लेषण नगरी अनावश्यक रुपमा बाह्य प्रेसलाई कार्यादेश दिनु आदि रहेका छन् । केन्द्रको प्रमुख जिम्मेवारीमा रहेको पाठ्यपुस्तक छपाईको मूख्य काम बाह्य प्रेसबाट गराउने र सोबाट प्राप्त आयको १५ प्रतिशत व्यवस्थापन लगायतले बोनस सरहको कर्मचारी राहत भनी वितरण गर्नु पनि घाटामा जानुको प्रमुख कारण रहेको देखिन्छ ।

३८. **कर्मचारी व्यवस्थापन** – केन्द्रको कार्य क्षेत्र सङ्कुचित हुँदै गएको, बिक्रीको तुलनामा लागत र प्रशासनिक खर्चमा निरन्तर वृद्धि हुदै गएको तथा सञ्चित नोक्सानी वर्षेनी वृद्धि भइरहेकोले स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राख्नु उपयुक्त देखिएन । केन्द्रको स्थायी दरबन्दी ६३१ रहेकोमा ५२५ कार्यरत रहेका छन् । स्वीकृत दरबन्दी बाहेकका करारमा ७९, दैनिक ज्यालादारीमा १७१ थप कर्मचारी रहेको छन् । दीर्घकालीन दृष्टिकोण, योजना र रणनीति सहितको कार्यबोझको विश्लेषणका आधारमा कर्मचारी दरबन्दी समेत पूनर्मूल्याङ्कन गर्नुपर्दछ ।

३९. **पेश्की** – यस शीर्षकमा डेबिट मौज्दात अर्थात लिनुपर्ने हिसाबमात्र हुनुपर्नेमा रु.२ करोड ९० लाख ६७ हजार क्रेडिट मौज्दात (दिनुपर्ने) हिसाब समेत समावेश छ । क्रेडिट मौज्दातलाई तिर्न बाँकी हिसाबमा समावेश गर्ने कार्य हुनुपर्दछ । साथै यस शीर्षकको रकममध्ये रु.२ करोड १४ लाख ६१ हजार पुरानो पेश्की रकम प्रत्येक वर्ष जिम्मेवारी सार्दै आएको छ । पुराना पेश्कीको विस्तृत विवरण प्राप्त हुन नसकेका कारण कहिले कुन प्रयोजनका लागि पेश्की प्रदान गरिएको र के कति कारणले सो पेश्की फछ्यौंट हुन बाँकी रहेको हो यकिन गर्नसक्ने अवस्था छैन । लामो समयसम्म फछ्यौंट हुन नसकेका त्यस्ता पेश्की शंकास्पद देखिएकोमा सोबापत व्यवस्था गरेको छैन । पेश्की फछ्यौंट नहुनुको कारण पत्ता लगाई यथाशीघ्र असुल फछ्यौंट गर्नुपर्दछ ।

४०. **प्रेस खर्च** – केन्द्रको प्रशासनिक खर्चलाई प्रेस खर्चमा जोड्ने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था एवं मापदण्ड निर्धारण गरेको छैन । प्रशासनिक खर्च शीर्षकअन्तर्गत विभिन्न शीर्षकमा यस वर्षमा भएको खर्च रकम मध्ये कर्मचारी, इन्धन, भवन तथा मेसिनको बीमा, कर्मचारी सहुलियतको ६० प्रतिशत र बिजुली पानीको ८० प्रतिशत प्रेस खर्चमा जोड्ने गरेको पाइयो । यससम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था एवं मापदण्ड निर्धारण गर्नुपर्ने देखिन्छ ।

४१. **बाह्य पाठ्यपुस्तक छपाई** – केन्द्रबाट प्रकाशित हुने पाठ्यपुस्तकको नियमित आपूर्ति सुनिश्चित गर्न तथा बजारमा पाठ्यपुस्तकको अभाव हुन नदिन केन्द्रको आन्तरिक क्षमताबाट मात्र पाठ्यपुस्तक छपाई गरी बिक्री वितरणलाई नियमित गर्नु चुनौतीपूर्ण रहेको कारण देखाई केन्द्रको सञ्चालक समितिको २०६४।१०।१० को

बैठकको निर्णयबाट आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याङ्कनको आधारमा बाहिरी प्रेसहरुको पूर्वयोग्यता निर्धारण र छपाई तथा बाइण्डिङ्गको दररेट निर्धारण गरी छपाई कार्य गराउने गरेको छ । केन्द्रको तर्फबाट काममा लगाउँदा कुनै लागत अनुमान तयार नगरेको, भुक्तानीको प्रक्रिया र पेश्की प्रदान गर्ने सम्बन्धी मापदण्ड निर्धारण नै नगरी प्रवन्धक सञ्चालकको निर्णयबमोजिम प्रेसवालालाई कार्यादेशको परिमाणको आधारमा पेश्की प्रदान गरेको र कबुलियतनामामा अवधि थप गर्ने व्यवस्था नभएकोमा २०६४।६५ मा गरेको कवुलियतनामालाई नै थप कार्यादेश दिई यस वर्षसम्म निरन्तरता दिएको समेत पाइयो । केन्द्रको उत्पादन क्षमता विश्लेषण गरी क्षमताले नभ्याएको अवस्थामा मात्र बाहिरी छापाखानाबाट छपाई गराउनुपर्नेमा सो बारे विश्लेषण नगरी बाहिरबाट छपाई गराएको छ । केन्द्रको प्रिन्टिङ्ग मेशीनको वार्षिक खुद उत्पादन क्षमता १ करोड ८८ लाख २१ हजार थानमध्ये १ करोड १६ लाख १२ हजार थान मात्र छपाई कार्यमा उपयोग भएको छ । केन्द्रमा रहेको मेशीन र जनशक्तिको अधिकतम उपयोग नै नगरी बाह्य छापाखानाबाट छपाई गराउनु औचित्यपूर्ण भएन ।

४२. **कोष दाखिला –** कर्मचारीको मासिक तलवबाट कट्टी गरिएको सञ्चयकोषको रकम र सोमा कार्यालयको तर्फबाट गरिएको थप रकम समेतको नाम नामेसी फाँटवारी तयार गरी अर्को महिनाको १५ दिनभित्रमा कर्मचारी सञ्चयकोषमा दाखिला गर्नुपर्नेमा केन्द्रले कट्टी गरेको रु.५२ लाख ५५ हजार दाखिला गरेको छैन ।

४३. **खरिद** – सार्वजनिक खरिद ऐन २०६३।९।३० देखि लागू भए तापनि केन्द्रले उक्त ऐनको अनुशरण २०६६।११।२९ बाट मात्र प्रारम्भ गरेको पाइयो । सार्वजनिक खरिद ऐन प्रारम्भ भए पश्चात केन्द्रले आर्थिक प्रशासन नियमावली परिमार्जन गरी लागू गर्नुपर्नेमा गरेको छैन । केन्द्रले खरिद ऐनको प्रावधान अनुरुप लागत अनुमान तयार नगरेको, खरिद इकाईले योजना तयार नगरेको, अधिकारी प्राप्त अधिकारीबाट खरिद माग स्वीकृत गराई खरिद गर्नुपर्ने प्रावधान पालना नगरेको अवस्था छ । खरिद नियमावलीबमोजिम रु.१० लाखभन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट मात्र गर्नुपर्नेमा रु.२८ करोड ७ लाख १५ हजारभन्दा बढीको कागज सोझै खरिद गरेको पाइयो । खरिदको भुक्तानी अन्तिम टुङ्गो लागेपछि मात्र कागजहरु दाखिला गर्ने गरेको पाइयो । खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकको छुट्टाछुट्टै मौजुदा सूची तयार गर्नुपर्नेमा सो नगरी सोझै बजारबाट खरिद गरी नियम प्रतिकूल कार्य गरेको छ ।

विश्वविद्यालय अनुदान आयोग

४४. **अनुदान व्यवस्था –** यो वर्ष आयोगबाट ६ विश्वविद्यालयलाई चालू खर्चतर्फ रु.३ अर्ब ३६ करोड ७६ लाख पूँजीगत खर्चतर्फ रु.३८ करोड २५ लाख, सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसलाई रु.१५ करोड ४७ लाख र नेपाल प्राध्यापक संघलाई रु.१ करोड समेत रु.३ अर्ब ९१ करोड ४८ लाख अनुदान निकासा दिएको छ । त्यस्तै नेपाल सरकार र विश्व बैङ्कबीच भएको अनुदान सहयोग सम्झौता अनुसार दोस्रो उच्चशिक्षा परियोजनाको कम्पोनेन्ट १, २ र ४ मा उल्लेखित बजेट आयोगले सञ्चालन गर्ने गरेको छ । उच्चशिक्षामा समग्र गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम परिमार्जन, पुनर्ताजगीकरण, अध्ययन/अध्यापनमा संलग्न शिक्षकहरुको सीप, दक्षता अभिवृद्धि, अनुसन्धान संस्कृतिको विकास एवं विस्तार जस्ता कार्य गर्दै गुणस्तर सुधार कार्यक्रमको कार्यविधि, २०६६ बमोजिम कार्यान्वयनमा आएको छ । यो कार्यक्रमबाट पी.एच.डी तथा एमफिलको लागी यो वर्ष रु.२४ लाख २१ हजार खर्च लेखेको छ ।

स्नातक तहमा अध्ययन गर्ने छात्राहरुमध्ये जेहन्दार तथा गरिब (दलित, अपाङ्ग, पिछडिएका, जनजाती र आर्थिक रुपमा विपन्न वर्ग) छात्राहरुलाई छात्रवृति दिने कार्यक्रम अन्तर्गत छनौट समितिबाट छनौट भई आएका छात्राहरुलाई प्रतिवर्ष रु.१० हजारका दरले छात्रवृत्ति प्रदान गर्दै आएको छ । विगतदेखि जिम्मेवारी सरी आएको रु.१ करोड २९ लाख ६० हजारमध्ये चालू वर्ष रु.५९ लाख ४० हजार खर्च भई रु.७० लाख २० हजार बाँकी रहेको छ । विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्न प्रथम किस्ताबापतको रकम विद्यार्थी छनौटको कार्यसम्पन्न भएपछि र दोस्रो किस्ता आर्थिक वर्षभित्र नै सम्बन्धित विद्यार्थीले प्राप्त गर्ने गरी विद्यालय वा क्याम्पसमा निकासा दिने व्यवस्था छ । तर आयोगले जिल्ला शिक्षा कार्यालयको सिफारिशको आधारमा क्याम्पसको नाउँमा सिधै खर्च लेखेको छ । उपर्युक्त अनुसार उच्चशिक्षामा गुणस्तर अभिवृद्धि गर्न

एवं पी.एच.डी., एमफिल र स्नातक तहमा अध्ययन गर्ने छात्राहरुलाई उपलब्ध गराएको छात्रवृत्ति समेतको अनुगमन मूल्याङ्कन गराएको छैन ।

उच्च माध्यमिक शिक्षा परिषद्

४५. **पदपूर्ति** – परिषद्को कर्मचारी सेवा शर्त सम्बन्धी विनियमहरु, २०५३ को विनियम ७ मा परिषद्ले कर्मचारी दरबन्दी सृजना, स्वीकृति र पूर्ति गर्नसक्ने व्यवस्था छ । परिषद्मा अधिकृतस्तरका ८६ र सहायकस्तरका २३४ समेत ३२० दरबन्दी भएकोमा स्थायी ६३, अस्थायी १२८ र ज्यालादारी १२९ गरी ३२० पदपूर्ति भएको छ । परिषद्ले रु.१२ करोडभन्दा बढीको कारोबार सञ्चालन गर्ने र सो कार्यमा समेत मासिक ज्यालादारीमा रहेका कर्मचारीबाट कार्य गराएको छ । दरबन्दीबेगर ८ कर्मचारीलाई करार सेवामा राखी तलब भत्ताबापत रु.२२ लाख ४७ हजार खर्च लेखेको नियमसम्मत मान्न सकिएन ।

४६. **थप तलब** – परिषद्मा कानूनी आधारबिना तल्लो पदका ११ कर्मचारीलाई शाखा अधिकृतमा ८ र उप सचिवमा ३ लाई निमित्त भई कार्य गरेबापत रु.२ लाख १८ हजार थप तलव भुक्तानी गरेको छ । यसरी कानूनी आधार बेगर निमित्तको थप तलव खर्च लेख्ने परिपाटीको अन्त्य गरिनुपर्ने व्यहोरा गत विगत वर्षमा औँल्याएकोमा स्थिति यथावत् छ ।

४७. **उत्तर पुस्तिका** – परिषद्ले यो वर्ष रु.२ करोड ८ लाख १५ हजार मूल्यको ६२ लाख ९ हजार उत्तरपुस्तिका छपाई गरेको देखियो । परिषद् र अन्तर्गतका क्षेत्रीय कार्यालयमा गत वर्षको समेत ६९ लाख २७ हजार १५० उत्तरपुस्तिका मौज्दात रहेको देखिन्छ । परिषद्ले दिएको विवरणअनुसार कक्षा ११ र १२ मा परीक्षा आवेदन फर्म भर्ने विद्यार्थी संख्या ८ लाख ८७ हजार ३५० देखिएको र ५ विषयका लागि सरदर ६ उत्तरपुस्तिकाका दरले ५३ लाख २४ हजार प्रयोग हुने अवस्था देखिन्छ । बाँकी १६ लाख ३ हजार मूल उत्तरपुस्तिका र थप उत्तरपुस्तिका ३२ लाख ५ हजार ५५० को जिन्सी अभिलेख राखेको छैन । बाँकी उत्तरपुस्तिका अभिलेख राखी प्रयोगमा ल्याउने व्यवस्था गर्नु जरुरी देखिन्छ ।

४८. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढी मूल्यका सामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । परिषद्ले आफ्ना २ कर्मचारी भारत पठाई रु.३ लाख ४५ हजार मूल्यका ट्रान्सक्रिप्ट, माइग्रेशन र प्रोभिजनल सर्टिफिकेट सोझै छपाई गरी खर्च लेखेको छ । प्रतिस्पर्धा गराई स्वदेशमै छपाई गर्न नसकिने कारणबेगर विदेशमा छपाई गर्नु कानूनसम्मत देखिएन । यस अतिरिक्त स्वदेशभित्र छपाई, मर्मत एवं कार्यालय सामानसमेत सोझै खरिद गरी रु.१ करोड ७ लाख १३ हजार खर्च लेखेको छ ।

४९. **पेश्की** – परिषद्को क्षेत्रीय कार्यालय, विराटनगरले यो वर्ष कर्मचारी तथा अन्य उच्चमाध्यमिक विद्यालयलाई परीक्षा सञ्चालन तथा अन्य कार्यका लागि रु.८० लाख ७५ हजार पेश्की उपलब्ध गराएको छ । लेखापरीक्षण अवधि २०६८।६।९ सम्म उक्त पेश्की फछ्यौंट गरेको छैन ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्

५०. **बजेट कार्यक्रम** – प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (संशोधन सहित) ऐन, २०४५ को दफा ५क ४ र ६.२ अनुसार कर्मचारी सुविधा तोकेबमोजिम हुने र परिषद् तथा सभा दुवैबाट वार्षिक बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सो व्यहोरा विगत वर्षदेखि औँल्याउँदै आएकोमा परिषद्ले यो वर्षको बजेट तथा कार्यक्रम परिषद्को सभाबाट पारित गरेको छैन ।

कर्मचारी अवकास पश्चात सुविधा प्रदान गर्ने प्रयोजनका लागि सुविधा खाताको व्यवस्था गरी गत वर्ष परिषद्ले केन्द्रीय कोषबाट रु.५ करोड ४० लाख सुविधा खातामा रकम ट्रान्सफर गरेको देखियो ।

५१. **अनुगमन** – तराईका ८ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्रालाई प्राविधिक शिक्षा दिन वार्षिक कार्यक्रम स्वीकृत भएको छ । बोलपत्र माध्यमबाट यो वर्ष १५ संस्थालाई रु.३ करोड ३९ लाख १८ हजार खर्च लेखेको छ । छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिका, २०६६ अनुसार वर्षमा कम्तीमा २ पटक

सुपरिवेक्षण, अनुगमन गर्ने अनुगमनबाट आएको पृष्ठपोषणको आधारमा सुधारात्मक कदम चालिने उल्लेख छ । परिषद्बाट यो कार्यक्रमको प्रगति विवरण तयार गर्ने र सुपरिवेक्षण तथा अनुगमन गर्ने कार्य भएको छैन ।

५२. **उपदान खर्च –** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् कर्मचारी सेवा शर्त विनियमावली, २०४५ मा अस्थायी सेवा गरेबापत उपदान पाउने अवस्था देखिँदैन । परिषद्ले उपदान प्रयोजनका लागि नजोडिएको अस्थायी सेवा अवधिको ३ कर्मचारीलाई प्रतिवर्ष खाईपाई आएको ४ महिनाको दरले उपदानबापत रु.७८ लाख ५० हजार उपदान पेश्की उपलब्ध गराएको छ ।

५३. **अनुदान –** परिषद्ले विभिन्न एनेक्स विद्यालयलाई आवश्यक पर्ने रु.२६ लाख ९६ हजार बराबरको सामग्री खरिद गरी उपलब्ध गराएको देखिन्छ । यस अतिरिक्त प्राविधिक शिक्षा सञ्चालन भएका १३ एनेक्स विद्यालयलाई रु.५ लाखका दरले पूँजीगत खर्चबापत रु.६५ लाख निकासा दिएको छ । उक्त खर्चबाट गर्ने पूँजीगत कार्य विवरण खुलाएको छैन । पूँजीगत निकासाबाट भएका कार्यको प्रगति विवरण पनि लिएको छैन ।

जिल्ला शिक्षा कोष

५४. **बढी निकासा –** जिल्ला शिक्षा कार्यालय, सप्तरी तयार गरेको फ्लास प्रतिवेदनको तथ्याङ्क अनुसार प्राथमिक तहतर्फ ८१ हजार ७७४ विद्यार्थी रहेको देखिन्छ । कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६७ अनुसार प्रतिविद्यार्थी रु.३८५।– का दरले रु.३ करोड १४ लाख ८३ हजार भुक्तानी दिनुपर्नेमध्ये विगत वर्षमा बढी भुक्तानी भएको रु.१८ लाख १३ हजार कट्टा गरी रु.२ करोड ९६ लाख ७० हजार भुक्तानी गर्नुपर्नेमा रु.३ करोड ३९ लाख ७१ हजार भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.४३ लाख १ हजार असुल गरेको छैन ।

विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति

५५. **विद्यार्थी सहायता –** परियोजनाबाट २०६५ पौषदेखि २०७१ सम्म सञ्चालन हुने पहिलो वर्ष सुदूर तथा मध्यपश्चिमाञ्चलका ६०० एवं दोस्रो वर्षदेखि नेपाल भरका शैक्षिक रुपमा क्षमतावान र आर्थिक रुपमा विपन्न उच्चमाध्यमिक विद्यालयतर्फ रु.१ हजार र स्नातक तहमा रु.८०० का दरले थप विद्यार्थीलाई छात्रवृत्ति दिँदै उच्चमाध्यमिक तहका ४ हजार ३०० र स्नातक तहमा ३ हजार ५०० गरी ७ हजार ८०० विद्यार्थीलाई सहयोग गर्ने लक्ष्य रहेको छ । गत वर्ष उच्चमाध्यमिकतर्फ ८६८ र स्नातकतर्फ ९९६ विद्यार्थीले मात्र सहायता प्राप्त गरेको देखियो । आयोजनाको तेस्रो वर्षसम्म उच्चमाध्यामिकतर्फ २०.१८ प्रतिशत र स्नातक तहतर्फ २८.४५ प्रतिशत प्रगति भएको छ ।

५६. **कोष व्यवस्थापन –** देशका विभिन्न उच्चमाध्यमिक तथा उच्चशिक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई सहायता उपलब्ध गराउने कार्य गर्न कोष व्यवस्थापकको रुपमा राष्ट्रिय वाणिज्य बैङ्कलाई चयन गरिएको छ । उक्त बैङ्क मार्फत २ वर्षको छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाई सम्बन्धित विद्यार्थीको खातामा रु.१ करोड १२ लाख ५८ हजार ट्रान्सफर गरेको छ । बैङ्कले कोष प्रशासकको रुपमा रु.१ करोड १ लाख १ हजार निक्षेप राखेको सम्झौतामा ब्याज दिने प्रावधान राखेको छैन ।

५७. **बैङ्क जमानत –** डेभटेक नेपाल (प्रा.) लिमिटेडलाई विद्यार्थीको मूल्याङ्कन गर्न सम्झौताबमोजिम रु.८ लाख १३ हजार पेश्की उपलब्ध गराएको छ । उक्त प्रा.लि.ले पेश्की लिँदा पेश गरेको वाणिज्य बैङ्कको ग्यारेन्टीको म्याद २०६७।८।४ सम्मको रहेको छ । उक्त बैङ्क ग्यारेन्टीको म्याद लेखापरीक्षण अवधि २०६८।९।२६ सम्म पनि थप गरेको छैन ।

त्रिभुवन विश्वविद्यालय

यो विश्वविद्यालयअन्तर्गत एक केन्द्रीय कार्यालय, ३८ केन्द्रीय विभाग र ६० आङ्गिक क्याम्पस समेत ९९ कार्यालय सञ्चालनमा रहेका छन् ।

५८. **एकीकृत वित्तीय विवरण** – त्रिभुवन विश्वविद्यालयले केन्द्रीय कार्यालय र मातहतका आङ्गिक क्याम्पस तथा निकाय समेतको एकीकृत वासलात यो वर्ष पनि तयार नगरेकोले विश्वविद्यालयको समग्र सम्पत्ति तथा दायित्वको यकिन गर्न सकिने अवस्था छैन ।

५८.१ केन्द्र, विभिन्न कार्यालय, केन्द्रीय विभाग तथा क्याम्पसहरुले स्थापना गरेका विभिन्न कोष, वैदेशिक सहयोगबाट सञ्चालित परियोजना, आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरुको वित्तीय विवरण तयार गरी यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन् ।

५८.२ सम्पत्ति, पेश्की तथा धरौटीलगायतका केन्द्रीय कोषका खाताहरु गत विगत वर्ष झैं यो वर्ष पनि अद्यावधिक गरी नराखेकोले सोको यथार्थ अवस्था देखिँदैन ।

५९. **आर्थिक विवरण –** त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २५(२) बमोजिम अन्तिम लेखापरीक्षणको लागि प्रमाणित आर्थिक विवरण लेखापरीक्षणको वार्षिक कार्यतालिकामा तोकेको समयमा उपलब्ध नभएबाट चालू वर्ष ८० निकाय वा इकाईको र बक्यौतातर्फ ४७ निकाय वा इकाईको मात्र लेखापरीक्षण हुनसकेको छ । लेखापरीक्षणको लागि आर्थिक विवरण उपलब्ध नगराएको कारण कुल लेखापरीक्षण गर्नुपर्ने इकाई संख्या यकिन हुनसकेको छैन । यस कार्यालयबाट अनुरोध गर्दा पनि ४१ इकाई वा निकायबाट आर्थिक विवरण तथा सोको लेखा उपलब्ध हुन नसकी लेखापरीक्षण हुनसकेको छैन । त्रिभुवन विश्वविद्यालयले २०६७।९।२० मा आन्तरिक लेखापरीक्षण प्रतिवेदन सहितको प्रमाणित आर्थिक विवरणहरु २०६८ भाद्र मसान्तभित्र र एकीकृत वासलात तथा आयव्यय विवरण २०६८ मार्ग मसान्तभित्र उपलब्ध गराउने जनाएको भए पनि सो उपलब्ध भएन ।

६०. **जिन्सी –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ८२ मा वर्षको कम्तिमा एकपटक निकाय प्रमुख स्वयं वा अन्य कर्मचारी वा प्राविधिकद्वारा जिन्सी सामानको निरीक्षण गरी वा गर्न लगाई लिखित प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । शिक्षा विकास तथा अनुसन्धान केन्द्र बाहेक विश्वविद्यालय र अन्तर्गत अन्य निकाय वा इकाईको जिन्सी सामानको निरीक्षण भएको छैन ।

६१. **हिसाब भिडान –** अर्थिक वर्षको अन्त्यमा प्राप्तिबाट भुक्तानी घटाई बाँकी देखिने स्रेस्ता अनुसारको मौज्दातसँग बैङ्क स्टेटमेन्ट लिई भिडान गरी मौज्दात यकिन गर्नुपर्दछ । लेखापरीक्षण सम्पन्न भएका १२७ मध्ये ३८ इकाईले बैङ्क हिसाब समायोजन विवरण तयार गरेको छैन । बैङ्क हिसाब समायोजन विवरण तयार नगर्ने ३८ इकाईमध्ये २२ इकाईले बैङ्क मौज्दातको प्रमाणपत्र बैङ्कबाट लिएको छैन र बाँकी १६ इकाईमध्ये लेखामाभन्दा बैङ्क मौज्दात २ इकाईको रु.२५ लाख ३३ हजार घटी र १४ इकाईको रु.४ करोड ६८ लाख ७९ हजार बढी देखिदा बैङ्क मौज्दातको यकिन गर्नसक्ने स्थिति छैन ।

६२. **केन्द्रीय कोष** – यो वर्ष विश्वविद्यालय अनुदान आयोगबाट अनुदान प्राप्त चालूतर्फ रु.३ अर्ब ८ करोड १० लाख ४४ हजार र पूँजीगततर्फ रु.२६ करोड ५० लाख समेत रु.३ अर्ब ३४ करोड ६० लाख ४४ हजार र अन्य निकायबाट प्राप्त भएको आम्दानीको लेखापरीक्षण नगराएकोले कोषको आम्दानी खर्चको यथार्थ स्थिति यकिन हुनसकेको छैन ।

६३. **केन्द्रीय कोष दाखिला –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा त्रिभुवन विश्वविद्यालयको नियमित शीर्षक बाहेक अन्य आम्दानीको ९० प्रतिशतसम्म खर्च गरी बाँकी रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण नियम, २०५५ मा अनुसन्धान वा परामर्श वा तालिम वा अन्य सेवा सम्बन्धी परियोजनाका सन्दर्भमा ओभरहेड शीर्षक अन्तर्गत प्राप्त रकमको ३० प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्षको र बक्यौता समेत लेखापरीक्षण गरिएका निकायमध्ये ४५ निकायले रु.१ करोड ९७ लाख २२ हजार विश्वविद्यालय कोषमा जम्मा नगरी धरौटी खातामा राखेको छ । यससम्बन्धी व्यहोरा गत विगत वर्ष औँल्याइए तापनि स्थिति यथावत् छ ।

६४. **बढी खर्च** – यो वर्ष बक्यौता समेत लेखापरीक्षण गरिएका ३४ इकाईले स्वआर्जनको रु.४१ करोड ३२ लाख ७० हजार र अनुदान निकासा रु.८५ करोड १३ लाख ६५ हजार समेत रु.१ अर्ब २६ करोड ४६ लाख ३५ हजार आय देखाएकोमा रु.२ अर्ब ३ करोड ३८ लाख ४५ हजार खर्च गरी आम्दानीभन्दा रु.७६ करोड ९२ लाख १० हजार बढी खर्च गरेको देखियो । सो रकम धरौटी तथा अन्य कार्यको बजेट मौज्दातबाट खर्च गरेको देखियो । फिर्ता दिनुपर्ने धरौटी तथा विशेष कार्यका लागि व्यवस्था गरेको कोष समेतबाट केन्द्रको स्वीकृति बेगर खर्च गर्नु विधिसम्मत देखिँदैन । यस्तो खर्च गर्ने परिपाटीउपर नियन्त्रण गर्न गत विगत वर्षदेखि औँल्याउँदै आए तापनि नियन्त्रण हुनसकेको छैन ।

६५. **कोष स्थापना** – चिकित्साशास्त्र अध्ययन संस्थान तथा क्याम्पस विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०५१ मा कोष स्थापनाको लागि सङ्कलित रकमको ५० प्रतिशत रकमको अक्षय कोष स्थापना गर्नु पर्ने र बाँकी रकम खर्चको लागि आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ८ अनुरुप कार्यकारी परिषद्को पूर्व स्वीकृति लिई खर्च गर्ने कार्यविधि तयार गर्नुपर्ने व्यवस्था छ । चिकित्साशास्त्र अध्ययन संस्थान नर्सिङ्ग क्याम्पस र वी.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्रले आन्तरिक स्रोतबाट सङ्कलित रकमकमध्येबाट ५० प्रतिशत रकम रु.३ करोड ९१ लाख १३ हजारको यस्ता कोष स्थापना गरेको छैन ।

६६. **भेरिएशन** – विश्वविद्यालयले भेरिएशन आदेश जारी गर्दा नेपाल सरकारको प्रचलित कानूनलाई अवलम्बन गरी यो वर्ष पृथ्वीनारायण बहुमुखी क्याम्पसले स्वर्ण जयन्ती स्मृति भवन र भलिबल खेल मैदान निर्माण गराउँदा निर्माण ठेक अङ्क क्रमश: रु.२ करोड ४८ लाख १ हजार र रु.१९ लाख ७३ हजार भएकोमा क्रमश: रु.८० लाख ६१ हजार (३२.५ प्रतिशत) र रु.४ लाख ३२ हजार (२१.९ प्रतिशत) बढीको काम गराएको छ । निर्माण कार्य सुरु गरेपछि स्वीकृति बेगर बिल अफ क्वान्टिटीमा उल्लेख नभएको कार्य गराएकोमा परामर्शदाताले क्रमागत बिलको रकमको भुक्तानीको सिफारिस गरेको छ । कार्यालयले भेरिएशन अनुसार कामको लागत अनुमान संशोधन नगरी निर्माण कार्य गराउँदै जाँदा स्वर्ण जयन्ती स्मृति भवन निर्माणमा ३२.५ प्रतिशतले लागत अनुमानभन्दा बढी भएको कार्यको कार्यालयले समयमा बिलको भुक्तानी नदिएको कारण निर्माण व्यवसायीले ब्याज समेत दावी गरेको छ ।

निर्माण कार्यमा नियुक्त परामर्शदाताले समयमा परामर्श नदिएको कारण क्याम्पसलाई थप व्ययभार पर्ने अवस्था देखिएको छ । त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा भेरियशन रकम दिन मिल्ने व्यवस्था नभएको अवस्थामा आयुर्वेद क्याम्पस कीर्तिपुर शिक्षण अस्पताल भवनका निर्माण व्यवसायीलाई रु.१ करोड ६ लाख ६७ हजार मा २०६५।७।१५ मा कार्यसम्पन्न गर्ने गरी कार्यादेश दिए तापनि रु.१ करोड ६४लाख २६ हजारको कार्य गरेकोमा बजेट अभाव दर्शाई बाँकी रहेको रकम रु.२४ लाख ८० हजार यो वर्ष भुक्तानी गरेको छ । सोमध्ये रु.१० लाख ९८ हजारको कार्य लागत अनुमान आइटमभन्दा परिमाण बढ्न गएको भनी भेरिएशन भुक्तानी दिएकोमा सो आइटम बढ्नुको प्राविधिक पुष्ट्याई एवं कार्यकारी परीषद्को निर्णय बेगर भुक्तानी दिएको छ ।

परीक्षा नियन्त्रण कार्यालय

६७. **पेश्की** – यो वर्षसम्मको जम्मा फछ्यौंट हुन बाँकी पेश्की रु.५३ करोड ९३ लाख ७१ हजारमध्ये रु.४९ करोड ७५ लाख (९२ प्रतिशत) केन्द्रीय कार्यालयको नाममा रहेको देखिन्छ । सोमध्ये गत वर्षसम्मको यस्तो पेश्की रु.३२ करोड रहेको छ । त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा केन्द्रीय कार्यालयलाई पेश्की दिने व्यवस्था छैन । सो पेश्की फछ्यौंट गराई हिसाब अद्यावधिक गराउन कार्यालयबाट कुनै प्रयास भएको देखिएन ।

६८. **प्रोत्साहन** – परीक्षा नियन्त्रण कार्यालयले यो वर्ष ६,५८,२१६ विद्यार्थी परीक्षामा सामेल भएको उल्लेख गरी कर्मचारीहरुलाई परीक्षा सञ्चालन सेवा सुविधाबापत रु.१ करोड ५ लाख ३१ हजार प्रोत्साहन भुक्तानी गरेको छ । यो वर्ष आवेदन फर्मशाखाबाट ६ लाख ४८ हजार ६५६ तथा परीक्षा शाखाबाट ६ लाख ५१ हजार ९१५ विद्यार्थी परीक्षामा सामेल भएको विवरण प्राप्त भएको छ । लेखाशाखाले कायम गरेको परीक्षामा सामेल

भएको विद्यार्थी संख्या र अन्य दुई शाखाले देखाएको विद्यार्थी संख्यामा फरक परेको सम्बन्धमा छानबिन गरी खर्च यकिन गर्नुपर्दछ ।

६९. **खाजा भत्ता –** त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०५७।११।२३ को निर्णयमा कार्यालय समयभन्दा अघिपछि र सार्वजनिक विदाहरुमा समेत कर्मचारीहरुलाई काममा लगाउँदा उपलब्ध गराउँदै आएको खाजा खर्चलाई व्यवस्थित गर्ने क्रममा खाजा खर्चको सट्टा परीक्षा सञ्चालन सेवा सुविधा प्रतिविद्यार्थी रु.१६।– का दरले दिने उल्लेख छ । सो अनुरुप यो वर्ष ६ लाख ५८ हजार २१६ विद्यार्थी परीक्षामा सामेल भएबापतको रु.१ करोड ५ लाख ३१ हजार सेवा सुविधाबापत भुक्तानी गरेको छ । त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०६६।८।१९ को निर्णयले पूर्वनिर्णयलाई यथावत् राखेको अवस्थामा कार्यालयले सो निर्णय विपरीत खाजा खर्च रु.७५।– देखि १५०।– सम्मको दरले रु.२६ लाख ७० हजार खर्च लेखेको छ । यससम्बन्धमा कार्यालयको ध्यानाकर्षण गराउँदा २०६८ श्रावणदेखि यस्तो भुक्तानी पूर्णरुपमा बन्द गरिएको २०६८।१०।२० मा जवाफ प्राप्त भएको छ । खाजा खर्चबापत भुक्तानी गरेको रकम असुल गरेको छैन ।

शिक्षण अस्पताल

यो वर्ष अस्पतालको २०६६।६७ को बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न छन्:

७०. **अभिलेख** – मेडिकल स्टोर्सको लागि रु.८८ लाख ३ हजार र अपरेशन थियटरको लागि रु.८६ लाख ६६ हजारको रिएजेन्ट तथा रसायन खरीद गरी एकमुष्ट ल्यावशाखाको नाममा खर्च गरेको देखिन्छ । ल्याव शाखाले उक्त रिएजेन्ट तथा रसायन प्रयोग गरी परीक्षण गरेको विवरण र असुल गरेको रकमको रेकर्ड राखेको छैन । अपरेशन थियटर शाखाले पनि उक्त रिएजेन्ट रसायन खर्च गरी प्राप्त गरेको रकमको रेकर्ड राखेको पाइएन । ती शाखाहरुले उक्त सामानको प्राप्त परीमाण, खर्च र मौज्दातको रेकर्ड पनि राखेको देखिएन ।

अस्पतालको आफ्नै अक्सिजन प्लान्टबाट भएको उत्पादनले नपुगेको उल्लेख गरी एक कम्पनीबाट पटक पटक गरी रु.६ लाख ६६ हजारको ३ किसिमका ६ हजार ९३० सिलिण्डर अक्सिजन खरिद गरेको पाइयो । अस्पतालको अक्सिजन प्लान्टको उत्पादन क्षमता, वर्षभरीको उत्पादन र नपुग सिलिण्डर समेतको अभिलेख राखेको देखिएन ।

७१. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गरेको रकम प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र दाखिला गर्नुपर्ने र सो समयमा दाखिला नगरेमा सोही ऐनको दफा ११९ अनुसार सामान्य ब्याज दरले ब्याज लाग्ने व्यवस्था छ । शिक्षण अस्पतालले २०६७ आषाढ मसान्तसम्म कट्टी गरेको अग्रिम कर रु.१ करोड २१ लाख ८५ हजार र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले रु.३ लाख १ हजार समेत रु.१ करोड २४ लाख ८६ हजार सञ्चितकोष दाखिला गरेको छैन ।

७२. **मूल्य अभिवृद्धि कर –** अस्पतालको सर्जिकल र बहिरङ्ग सेवाको भवन तथा सार्वजनिक ट्वाइलेट निर्माण गर्ने निर्माण व्यवसायीलाई दोस्रो क्रमागत बिलको रु.८ लाख २१ हजार र एनेक्स तेस्रो भवनको लिफ्ट जडानको कार्य गर्ने निर्माण व्यवसायीलाई प्रथम तथा अन्तिम बिलको रु.२६ लाख २५ हजार कर बीजक बेगर भुक्तानी गरेको छ । दुवै ठेक्कामा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम रु.३ लाख ९६ हजार असुल गर्नुपर्दछ ।

७३. **लागत अनुमान –** आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ४७ अनुसार कार्यालयलाई आवश्यक पर्ने एकै प्रकृतिका सामानको आवश्यकताको पहिचान गरी वार्षिक चाहिने सामान र विनियोजित बजेटको परिधिमा रही बोलपत्रको प्रक्रियाबाट सामान खरिद गर्नुपर्नेमा यस अस्पतालको किचेन स्टोर्सले खाद्य पदार्थ लगायत सामान एवं वस्तुको ४ प्याकेज तयार गरी बोलपत्रद्वारा सामान खरिद गरेको छ । अस्पतालले आवश्यक सामानको प्रतिइकाई दर निर्धारण गर्न जिल्ला दररेट, उद्योग वाणिज्य संघ तथा स्थानीय बजारबाट समेत दररेट लिई तयार गर्नुपर्नेमा सोअनुरुप गरेको पाइएन । किचेनमा खाना खाने व्यक्तिको लागत दिँदा अस्पतालको शैयाको आधारमा भर्ना हुने बिरामी र सो मा आवश्यक पर्ने डाक्टर नर्स

र अन्य कर्मचारीको आधारमा तिनीहरुलाई आवश्यक पर्ने खानाको परिमाण यकिन गरी स्वीकृत नर्म्सको आधारमा क्यालोरी निर्धारण गरी खाद्य पदार्थको आधारमा प्रत्येक दिन चाहिने परिमाणको पहिचान गरी लागत अनुमान तयार गर्नुपर्नेमा एकमुष्ट रुपमा सामान आवश्यक देखाई ती सामानको प्रतियूनिट दररेट लिई बोलपत्र आह्वान गरी यो वर्ष रु.७० लाख ७३ हजार खर्च गरेको छ । विस्तृत विवरण एंव तोकिएको आधारमा लागत अनुमान नगरी सामान खरिद गरेको देखिन्छ ।

७४. **फार्मेसी सञ्चालन –** अस्पतालले आन्तरिक स्रोत वृद्धिको लागि तथा बिरामीलाई सर्व सुलभ औषधि उपलब्ध गराउने उद्देश्यले अस्पतालको हातामा एक फार्मेसी सञ्चालन गरी औषधी उपलब्ध गराउँदै आएको छ । यो वर्ष फार्मेसीले औषधि बिक्रीबाट रु.३५ लाख ५१ हजारमात्र आम्दानी गरेको छ भने फार्मेसी सञ्चालनमा रु.१ करोड २२ लाख १३ हजार खर्च भएको छ । फार्मेसी शाखा यो वर्ष रु.९७ लाख ९५ हजार घाटामा रहेको छ ।

७५. **म्याद थप –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्था तथा कर्मचारी सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ६०(२) बमोजिम ३ महिनाभन्दा बढी म्याद थप गर्न नमिल्ने व्यवस्था छ । सर्जिकल ओ.पी.डी.को शौचालय निर्माण गर्न एक निर्माण व्यवसायीसँग १ वर्ष ८ महिनाभित्र निर्माण कार्यसम्पन्न गर्ने गरी रु.३ करोड २० लाख ८६ हजार मूल्य अभिवृद्धि कर सहित २०६४।११।८ मा कार्यादेश दिएको देखिन्छ । सो अवधिमा निर्माण कार्यसम्पन्न गर्न नसकेको भनी पटक पटक म्याद थप गरेकोमा पछि २०६७।१।२४ मा अन्तिम पटक २०६६।७।८ सम्म म्याद थप गरेको छ । सम्झौता अनुसार दफा ७ बमोजिम प्रतिदिन रु.५,०००।– का दरले १८० दिनको हर्जाना रु.९ लाख असुल नगरी पुनःम्याद थप गर्नु उचित देखिएन ।

नेपाल संस्कृत विश्वविद्यालय

यो विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, सम्पर्क कार्यालय, अनुसन्धान केन्द्र, विद्यापीठ १४, संस्कृत माध्यमिक विद्यालय २ र अन्य कार्यालय २ गरी २२ कार्यालय रहेका छन् ।

७६. **जग्गाको स्वामित्व र उपयोग –** दाङ र देउखुरी स्थित विश्वविद्यालयको १ हजार ३३६ बिगाहा ६ कट्ठा ७.५ धुर जग्गामध्ये मोही कायम भएको ४०३ बिगाहा १२ कट्ठा जग्गालाई आफ्नो स्वमित्वमा ल्याउनुपर्ने देखिएको छ ।

७७. **मुद्दति लगानी –** अक्षयकोष लगायत निवृत्तिभरण, उपदान, बीमा, सामान्य जगेडा, आयुर्वेद विकास आदि १४ कोषमा यो वर्षसम्मको बैङ्क मौज्दातमध्ये रु.२४ करोड ८३ लाख ९० हजार मुद्धति खातामा लगानी गरेको र रु.१२ करोड ९१ लाख ५७ हजार चल्ति खातामा बैङ्क मौज्दात देखिएको छ । विश्वविद्यालयले अधिकांश कोषहरुको सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तयार गरेको छैन ।

पोखरा विश्वविद्यालय

यो विश्वविद्यालय अन्तर्गत एक केन्द्रीय कार्यालय, ३ सङ्काय र १ कार्यालय गरी ५ कार्यालय रहेका छन् ।

७८. **वित्तीय विवरण –** विश्वविद्यालयको २०६७।६८ को वित्तीय विवरणको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन्:

७८.१ विश्वविद्यालयले ४ इकाईको कार्यसञ्चालनस्तरको वासलात तथा आय–व्यय विवरण प्रस्तुत गरी लेखापरीक्षण गराएको छ । केन्द्रीय कार्यालयले एकीकृत वासलात तथा आय–व्यय विवरण तयार गरी लेखापरीक्षण गराएको छैन ।

७८.२ विश्वविद्यालय केन्द्रीय कार्यालय बाहेक ४ कार्यालयले यो वर्ष गरेको खर्च रु.१४ करोड ५८ लाख ७९ हजारमध्ये पेश्की खर्च रु.२ करोड ९५ लाख ४३ हजार (खर्चको तुलनामा २०.२५ प्रतिशत) रहेको छ । पेश्की खर्चमा नियन्त्रण रहेको देखिएन ।

७९. **खरिद –** पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम १३(१) (ख) अनुसार एकै प्रकृतिका सामान सकेसम्म ४ महिनाको लागि पुग्ने गरी एकै पटक खरिद गर्नु गराउनु पर्ने र खरिद गर्दा मौज्दात र सम्बन्धित आर्थिक वर्षमा हुने खपतलाई ध्यान दिनुपर्ने, नियम १३(१) को खण्ड (ग) मा एक पटकमा रु.१ लाखसम्म रजिष्ट्रार र रु.५० हजारसम्म निकाय वा संगठन प्रमुखले सोझै बजारबाट खरिद गर्नसक्ने, रु.१ लाखदेखि रु.१० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने र रु.१० लाखभन्दा बढी जतिसुकै रकमको भए पनि बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने उल्लेख छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

७९.१ डीनको कार्यालय, विज्ञान तथा प्रविधि सङ्कायले समयमै सामान खरिद नगरे विद्यार्थीले हडताल गर्ने कारण उल्लेख गरी रु.२ करोड ९१ लाख १ हजारको प्रयोगशाला सामान विभिन्न आपूर्तकसँग सोझै खरिद गर्ने निर्णय गरी सम्झौता र जमानत बेगर प्रतितपत्र खोलेको छ । प्रतितपत्र खोलेको रकमलाई पेश्की कायम गरेको छैन । विद्यार्थीहरुले सामान तुरुन्त नपाए हडताल गर्ने कारण जनाई सोझै खरिद गर्न प्रतितपत्र खोलेकोमा २०६८ मार्ग महिनासम्म कार्यालयमा सामान प्राप्त भएको छैन ।

७९.२ विश्वविद्यालयको आर्थिक नियमावली, २०५५ को नियम २७ मा ठेकेदारले पट्टा कबुलियतबमोजिम काम नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोड्नसक्ने, तोकिएको समयभित्र काम नगर्ने आपूर्तकको जमानत रकम जफत हुने र उक्त कार्य पूरा गर्न ठेक अङ्कभन्दा जे जति बढी व्ययभार वा नोक्सानी पर्दछ सो रकम प्रचलित कानूनबमोजिम साविक आपूर्तकबाट असुलउपर गरिने उल्लेख छ ।

विश्वविद्यालय र एक आपूर्तकबीच रु.१० लाख ३७ हजारको प्रयोगशाला सामान २०६६।३।२४ भित्र बुझाउने गरी २०६६।३।४ मा ठेक्का सम्झौता भएको देखियो । सम्झौता अनुसार आपूर्तकले पेश गरेको नेपाल बङ्गलादेश बैङ्कको रु.५० हजारको बैङ्क जमानीपत्रको म्याद २०६७।५।१० सम्म रहेको छ । तोकिएको समयभित्र सामान नबुझाएकोमा कार्यालयले सम्झौता अनुसार कारबाही नचलाएको र बैङ्क जमानतको म्याद समेत थप गराएको छैन । सामान बुझाउने म्याद सकिएको १९ महिनापछि २०६७।९।१४ मा कार्यालयले धरौटी जफत गर्न बैङ्कलाई र २०६७।१०।५ मा निर्माण व्यवसायीलाई सम्पर्कको लागि पत्र लेखे तापनि जमानी पत्रको समय थप भएको छैन । कार्यकारिणी परिषद्को २०६७।१०।७ को निर्णयले उक्त सामान सोझै खरिद गर्ने निर्णय गरि अर्कै आपूर्तकसँग रु.१२ लाख २७ हजारमा खरिद गरेको छ । जिम्मेवारी तोकिएको पदाधिकारीले समयमै नियमानुसार कार्य नगरेको कारण ठेक्का सम्झौताभन्दा बढी मूल्यमा खरिद गरेको रु.१ लाख ९१ हजार र धरौटी जफत नगरेको रु.५० हजार समेत रु.२ लाख ४१ हजार विश्वविद्यालयलाई नोक्सान पुग्न गएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालय

लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ अनुसार स्थापित यो विश्वविद्यालयमा सम्पर्क कार्यालय १ समेत २ कार्यालय छन् ।

८०. **शैक्षिक गतिविधि –** विश्वविद्यालयको केन्द्रीय कार्यालय, रुपन्देही लुम्बिनीमा स्थापना हुनुपर्नेमा स्थापनाको ६ वर्ष व्यतीत भै जग्गाको भोगाधिकार प्राप्त गरेको अवस्थामा समेत सम्पर्क कार्यालय, काठमाडौंबाटै विश्वविद्यालयको कार्य हुने गरेको देखियो । स्नातक एवं स्नातकोत्तर तहका पाठ्यक्रम निर्धारणको कार्य विगत वर्षमा सुरु भए तापनि हालसम्म पूरा नभएकोले ऐनले निर्दिष्ट गरेको स्थानमा केन्द्रीय क्याम्पस तथा कार्यालय स्थापना गरी अध्ययन अध्यापनको सुरुवात हुनसकेको छैन ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

८१. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ३५ कार्यालयबाट रु.१ करोड १३ लाख २७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २२ कार्यालयबाट रु.१ करोड ६ लाख ३१ हजार सम्परीक्षणको क्रममा रु.५ करोड १ लाख १२ हजार असुल भएको छ ।

८२. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ४७ कार्यालयको रु.८ करोड ३५ लाख २० हजार पेश्की देखिएको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ४ कार्यालयबाट रु.३७ लाख ९० हजार फछ्यौंट गरी ४५ कार्यालयको रु.७ करोड ९७ लाख ३० हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.७ करोड ९७ लाख ३० हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.१ अर्ब ७ करोड ३४ लाख ४४ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

मन्त्रालयअन्तर्गतका अन्य संस्था, समितिको २०६८ असार मसान्तमा १० कार्यालयको रु.३८ करोड ३० लाख २३ हजार म्याद नाघेको पेश्की देखिएको छ ।

८३. **सम्परीक्षण** – मन्त्रालय/मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

८३.१ मन्त्रालय/मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.४ अर्ब ३० करोड ७७ लाख २७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३८ करोड २० लाख ९ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब ९२ करोड ५७ लाख १८ हजार बाँकी रहेको छ ।

८३.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.१ अर्ब ६४ करोड ३४ लाख ९६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५० लाख ४७ हजार फछ्यौंट गराएकोले रु.१ अर्ब ६३ करोड ८४ लाख ४९ हजार बेरुजू बाँकी रहेको छ ।

८३.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.१ अर्ब ५७ करोड २९ लाख १७ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

८३.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१ अर्ब ४८ करोड ३७ लाख १० हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.३ अर्ब ५ करोड ६६ लाख २७ हजारमध्ये रु.२ अर्ब ६७ करोड ६३ हजार सरकारी कार्यालयतर्फ र रु.३८ करोड ६५ लाख ६४ हजार अन्यतर्फ रहेको छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

मन्त्रालय र मातहतसमेत ५३ कार्यालयको विनियोजनतर्फ यो वर्ष रु ६५ करोड ७२ लाख २ हजार, राजस्वतर्फ रु.५ अर्ब १५ करोड ४३ लाख २५ हजार, धरौटीतर्फ रु.७० करोड ८९ लाख ४९ हजार, अन्य कारोबारतर्फ रु.३ अर्ब ४५ करोड ७४ लाख १८ हजार गरी रु.९ अर्ब ९७ करोड ७८ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतको प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्:

१.१. विघटित यातायात संस्थानको टेकूस्थित १९ रोपनी ७ आना ३ पैसा जग्गा कर्मचारी सञ्चयकोषलाई विक्री गर्दा सो जग्गामा रहेको घर टहरा लिलाम बिक्रीबाट प्राप्त रकम सञ्चितकोष दाखिला गर्ने मन्त्रिपरिषद्को २०६१।५।१५ को निर्णय र सार्वजनिक लेखा समितिको २०६४।९।९ को तत्काल टुङ्गो लगाई जानकारी दिने निर्देशन कार्यान्वयन भएको छैन ।

१.२. बोनस ऐन, २०३० को दफा १३ अनुसार प्रतिष्ठानको कर्मचारी हकहितको व्यवस्था गर्न २०५६ मा स्थापित राष्ट्रियस्तरको कल्याणकारी कोषमा यो वर्षसम्म रु.२ अर्ब २९ करोड ४७ लाख ६ हजार बैङ्क मौज्दात रहेको छ । ऐनको दफा ४(१) अनुसार प्रत्येक प्रतिष्ठानले वासलात तथा नाफा–नोक्सानीको विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र श्रम कार्यालयमा पठाउनुपर्ने, ऐनको दफा १४ अनुसार बोनस वितरण गर्ने काम समाप्त भएको सात दिनभित्र बोनस वितरणको विवरण पठाउनुपर्ने, बोनस नियमावली, २०३९ बमोजिम बोनस वितरण गरी बाँकीमध्ये ७० प्रतिशत प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा र बाँकी ३० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानहरुले यी कार्य गरे नगरेको सम्बन्धमा श्रम कार्यालयहरुले यो वर्ष पनि अनुगमन गरेको छैन ।

१.३. वैदेशिक रोजगार ऐन, २०६४ तथा नियम विपरीत कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा जानकारी हुन आएमा सरकारले अनुसन्धान तथा तहकिकात गराउनसक्ने व्यवस्था छ । विगत ३ वर्षको तथ्याङ्क अनुसार उजुरी संख्या, क्षतिपूर्ति दावी र भुक्तानीको स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	उजुरी संख्या	क्षतिपूर्ति दावी रकम	क्षतिपूर्ति दिलाएको रकम	प्रतिशत
२०६५।६६	८६५	५२,५१,७९	१५,४२,५७	२९.३७
२०६६।६७	६५५	३४,८२,०८	११,३१,१७	३२.४८
२०६७।६८	१,२०४	६४,१३,९३	२१,९६,८७	३४.२५

उजुरीहरु माथि कानूनबमोजिम कारबाही गर्न आगामी वर्षदेखि थप जनशक्तिको व्यवस्था गरी पीडित पक्षलाई न्याय दिलाउन तदारुकताका साथ लाग्ने गत विगत वर्षमा मन्त्रालयबाट जानकारी प्राप्त भएकोमा यो वर्ष पनि क्षतिपूर्ति दावी रु.६४ करोड १३ लाख ९३ हजारमध्ये रु.२१ करोड ९६ लाख ८७ हजार (३४.२५ प्रतिशत) मात्र क्षतिपूर्ति दिलाएको देखिँदा अपेक्षित सुधार हुनसकेको देखिएन ।

१.४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६(४) मा सवारी दर्ताको प्रमाणपत्रको म्याद एक वर्षसम्म बहाल रहने र म्याद समाप्त भएपछि तोकिएको दस्तुर लिई पुन: नवीकरण गर्नुपर्ने तथा निर्धारित अवधिसम्म नवीकरण नगराएमा स्वत: रद्द हुने व्यवस्था छ ।

सवारीसाधन कर ऐन, २०३१ मा करदाताले कर तथा जरिबाना नतिरेमा कर अधिकृतले सवारीसाधन रोक्का गरेर उक्त सवारीसाधन लिलाम बिक्री गरी सो रकम असुलउपर गरिने उल्लेख छ । सवारीसाधन कर, दस्तुर र जरिबाना असुलीको अभिलेख यो वर्ष पनि अद्यावधिक गरेको देखिएन ।

१.५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ७७ बमोजिम बाटो इजाजतको लागि दरखास्त परेमा दफा ७८ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई बाटो प्रयोग गर्न इजाजतपत्र दिनुपर्ने र यसरी दिइएको बाटो इजाजतपत्र ४ महिनासम्म बहाल रहने उल्लेख छ । सो अवधिपछि बाटो इजाजतपत्र नवीकरणको लागि दरखास्त परेमा दफा ८३(३) बमोजिम अर्को ४ महिनाको लागि नवीकरण गर्नुपर्ने उल्लेख छ ।

उपर्युक्त व्यवस्थाअनुसार सार्वजनिक यातायात सञ्चालन गर्न प्रत्येक ४/४ महिनामा बाटो इजाजतपत्र नवीकरण गर्नुपर्ने देखिन्छ । एकैपटक उल्लिखित अवधिभन्दा बढी अवधिको बाटो इजाजतपत्र उपलब्ध गराउँदा राजश्व असुल गर्न प्रशासनिक कार्यबोझ घट्ने र यसबाट कुनै नकारात्मक असर पर्ने अवस्था रहेको नदेखिए तापनि ऐनमा भएको उपर्युक्त व्यवस्थामा पुनरावलोकन गरेको पाइएन ।

१.६. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ३९(२) मा सवारीको जाँचपासको लागि दरखास्त पर्न आएमा कार्यालयले सम्बन्धित प्राविधिक मार्फत अनुसूची–४१ को ढाँचामा सम्बन्धित सवारीको आवश्यक जाँचबुझ गर्न लगाई जाँचपास विवरण ठीक देखिएमा जाँचपास प्रमाणपत्र दिनुपर्ने उल्लेख छ ।

सो फाराममा सवारीसाधनको भ्याल, बत्ती, इन्जिन, स्टेयरिङ्ग, ब्रेक आदिको स्थिति खुलाउनुपर्ने व्यवस्था छ । निरीक्षकहरुले सुरक्षित यात्रा, यात्रीको सुविधा र गाडीको अवस्थासँग सम्बन्धित उक्त व्यहोरा जाँचपास फाराममा आँशिक व्यहोरामात्र खुलाई जाँचपास प्रमाणपत्र दिने गरेको पाइयो ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **प्राविधिक सहायता** – अर्थमन्त्रीले आय–व्ययको सार्वजनिक जनाकारी वक्तव्यसाथ सार्वजनिक गरेको प्राविधिक सहायता सम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा मन्त्रालय र मातहत कार्यालयका ४ कार्यक्रमका लागि ३ दातृराष्ट्र एवं संस्थाबाट २०६८ आषाढ मसान्तको विनिमय दर अनुसार हुने रु.९ करोड ५६ लाख ९३ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । उक्त प्राविधिक सहायताको लेखा पेश गरी लेखापरीक्षण गराएको छैन ।

वैदेशिक रोजगार विभाग

३. **दामासाही धरौटी भुक्तानी** – वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने संस्थाले रु.३० लाखमध्ये रु.७ लाख नगद र रु.२३ लाखको बैङ्क ग्यारेन्टी राख्नुपर्ने उल्लेख छ । सोही दफाको उपदफा ४ मा संस्थाको कारोबारको अनुपातमा सो धरौटी अपर्याप्त देखिन आएमा विभागले आवश्यकताअनुसार थप धरौटी दाखिला गर्न आदेश दिनेसक्ने व्यवस्था छ । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने संस्थाहरुले विदेशमा गई काम गर्न चाहने व्यक्तिहरुबाट रकम असुली गरी विदेश नपठाएको उल्लेख गरी विभागमा उजुरी गर्ने गरेको छ । विभागले उजुरीउपर छानबिन गरी पीडित व्यक्तिहरुलाई सम्बन्धित संस्थाको धरौटीबाट दामासाहीले भुक्तानी दिने गरेको देखिन्छ । यसरी दामासाहीले भुक्तानी गर्दा पीडितहरुले न्यून रकममात्र भुक्तानी पाउने गरेका छन् । उदाहरणको लागि यो वर्ष १४७ व्यक्तिलाई ४ व्यवसायीबाट रोजगारीको लागि विदेशमा पठाई दिने भनी रु.३ करोड ७२ लाख ४० हजार ठगी गरेकोमा पीडितहरुले धरौटी रकमबाट रु.६७ लाख ८६ हजार (१८.२२ प्रतिशत) मात्र भुक्तानी पाएका छन् । वैदेशिक रोजगार व्यवसायीबाट ठगी नहुने व्यवस्था गर्न जरुरी देखिएको छ ।

यातायात व्यवस्था विभाग

४. **सडक मर्मत तथा सम्भार दस्तुर** – आर्थिक ऐन, २०६७ को अनुसूची–३ को खण्ड (क) अनुसार कार, जिप, भ्यान, माइक्रोबस, बस तथा ट्रक दर्ता गर्दा मूल्यको ५ प्रतिशतले सडक निर्माण तथा सुधार दस्तुर असुल गर्नुपर्ने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय, झापा र बुटवलले २० सवारीसाधन दर्ता गर्दा यो वर्ष रु.४३ लाख ४१ हजार दस्तुर असुल गरेको छैन ।

सोही ऐनको अनुसूची–३ को खण्ड (क) मा उल्लेखित स्पष्टीकरण अनुसार सो दस्तुर असुल गर्ने प्रयोजनको लागि मूल्य भन्नाले "पैठारीको हकमा भन्सार महसुल, अन्त:शुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सारबिन्दुमा लाग्ने, सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनुपर्छ" भन्ने व्यवस्था छ । बागमती यातायात व्यवस्था कार्यालयले भारतबाट पैठारी भएको साना तथा ठूला १ हजार ४०२ सवारीसाधन दर्ता गर्दा पैठारी मूल्यमा भारतमा तिरेको अन्त:शुल्क रकम मूल्यमा समावेश नगरी रु.५५ लाख ६० हजार सडक निर्माण तथा सुधार दस्तुर असुल गर्न छुट गरेको पाइयो । उक्त दस्तुर असुल गर्नुपर्दछ ।

५. **नम्बर प्लेट** – नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।९।९ को निर्णयानुसार नेपालमा रहेका सबै प्रकारका सवारीसाधनको नम्बर प्लेटलाई एम्बोस्ड र इलेक्ट्रोनिक माध्यमबाट अनुगमन गर्ने कार्यको लागि ६ महिनाको कार्यावधि तोकी अधिकार सम्पन्न यातायात क्षेत्र व्यवस्थापन तथा कार्यान्वयन विशेष समिति गठन गरेको थियो । यस कार्यको लागि प्रशासनिक कार्यमा गत वर्ष रु.१३ लाख २४ हजार र यो वर्ष रु.६ लाख ८५ हजार समेत रु.२० लाख ९ हजार खर्च भएको छ । यो कार्य गर्न गत वर्ष बोलपत्र आह्वान गरे बाहेक २०६८ फाल्गुणसम्म त्यसतर्फ कुनै थप प्रगति भएको छैन ।

६. **दाखिला** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए १० प्रतिशत, पन्ध्र दिनसम्म ढिलो गरेको भए १५ प्रतिशत जरिबाना र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए २५ प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्राअनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न गराउनसक्ने उल्लेख छ । यातायात व्यवस्था कार्यालय, वागमतीले साना/ठूला सवारीबाट २०६८।२।२७ देखि २०६८।२।३१ सम्म असुल गरेको रु.१ लाख ८९ हजार र सोमा लाग्ने २५ प्रतिशत जरिबाना रु.४७ हजार समेत रु.२ लाख ३६ हजार दाखिला गरेको पाइएन ।

७. **बाटो इजाजत दस्तुर** – सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ३०, ३१, ३२ र ३४ मा निश्चित दरमा दूरी तथा सवारीसाधनको वर्गीकरणको आधारमा बाटो इजाजत दस्तुर असुल गर्नुपर्ने उल्लेख छ । अञ्चल यातायात व्यवस्था कार्यालय, कञ्चनपुर र कैलालीले तोकिएको दरमा ४० प्रतिशतले हुने रु.५ लाख ५७ हजार छुट दिई बाँकी दस्तुर असुल गरेको छ । बाटो इजाजत दस्तुर असुल गर्दा यस्तो छुट दिन मिल्ने व्यवस्था नियमले गरेको देखिएन । छुट दिएको दस्तुर असुल गर्नुपर्दछ ।

अञ्चल यातायात व्यवस्था कार्यालय, बाँकेले समेत बाटो इजाजत दस्तुरमा ४० प्रतिशत छुट दिएको छ । बाटो इजाजततर्फको छुट्टै लेखा नराखेकोले छुट रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

८. **बालश्रम निवारण कोष** – सबै प्रकारका बालश्रम निवारण गर्ने उद्देश्यले स्थापित यस कोषमा गत वर्षको बचत रु.१५ लाख, यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.५ लाख र बैङ्क ब्याज रु.२ लाख ३४ हजार समेत रु.२२ लाख ३४ हजार आम्दानी भएको देखिन्छ । कोषमा वर्षैपिच्छे रु.५ लाख जम्मा गर्ने बाहेक कार्यक्रम सञ्चालन नगरेकोले खर्च हुन नसकी आम्दानी रकम मौज्दात रहेको देखिन्छ । कोष परिचालनको लागि उचित व्यवस्था गरी कोषमा रहेको रकमको उपयोग गर्नुपर्दछ ।

९. **सामाजिक सुरक्षा कोष** – सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने अभिप्रायले पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिबाट २०६६।६७ देखि एक प्रतिशत सामाजिक सुरक्षा कर सङ्कलन गर्दै आएको छ । कोषको नाममा

नेपाल राष्ट्र बैङ्कमा २०६८।३।२३ मा ख–६ स.अ. १६३५४७ नं. खाता खोली २०६७६८ मा रु.१० करोड जम्मा गरेको छ । कोषले कुल असुल भएको करको अभिलेख राखेको देखिएन । महालेखा नियन्त्रक कार्यालयले २०६८।७।२५ मा उपलब्ध गराएको ७५ जिल्लाको जिल्लागत विवरण अनुसार २०६७६८ मा रु.७४ करोड २४ लाख ६६ हजार असुल भएको देखिएको छ ।

यो वर्षको बजेट वक्तव्यमा गत वर्षदेखि प्रारम्भ गरिएको सामाजिक सुरक्षा करको रकम अलग्गै कोषमा विनियोजन गर्ने, रकम योगदानकर्ता कर्मचारी तथा मजदूरको सामाजिक हितमा उपयोग गर्ने, कामदार, रोजगारदाता र सरकारका प्रतिनिधि सम्मिलित एउटा त्रिपक्षीय प्रतिनिधित्वको सञ्चालक समिति रहने स्थायी संयन्त्र स्थापना गर्ने उल्लेख छ । संयन्त्र स्थापना गरी निर्देशिका बनाई कोष स्थापनाको उद्देश्यबमोजिम कोषको परिचालन भएको पाइएन । यस सम्बन्धमा अस्थायी संगठन संरचना स्वीकृत गर्ने कार्य भइरहेको जानकारी मन्त्रालयबाट प्राप्त भएको छ ।

१०. **युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कोष** – वैदेशिक रोजगारीका अवसरहरु निम्न, मध्यम र विपन्न वर्गसम्म पहुँच बढाउने उद्देश्यले स्थापित यस कोषमा गत वर्षको मौज्दात रु.३ करोड ९९ लाख ६२ हजार र यो वर्षको आय रु.९ लाख २३ हजार समेत रु.४ करोड ८ लाख ८५ हजार आम्दानी भएको देखिन्छ । रोजगार ऋण कार्यान्वयन निर्देशिका, २०६१ को दफा ७ बमोजिम कोषले २०६०।६१ र २०६१।६२ मा ७३४ व्यक्तिलाई ऋण लगानी गरेको रु.४ करोड ६२ लाख ६९ हजारमध्ये २०६७६८ सम्म रु.४४ लाख ३९ हजार असुल गरी बाँकी रहेको रु.४ करोड १८ लाख ३० हजारमध्ये निर्ब्याजी ऋण लगानी गरेको रु.१३ लाख ३८ हजार कटाई हुने रु.४ करोड ४ लाख ९२ हजारको वार्षिक ८.५ प्रतिशतले हुने २०६१।६२ देखि २०६७६८ सम्मको ब्याज रु.२ करोड ६ लाख ५१ हजार निर्ब्याजी ऋणसमेत रु.६ करोड २४ लाख ८१ हजार उक्त निर्देशिकाको दफा १३(३) बमोजिम कारबाही गरी असुल गर्नुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

यातायात व्यवस्था विभागले २०६६ भाद्रदेखि सवारीसाधनको दर्ता, नवीकरण, बिमा, सवारीसाधन कर, नामसारी जस्ता अभिलेख व्यवस्थापनमा विद्युतीय अभिलेख प्रणालीअन्तर्गत साना ठूला सवारीसाधन दर्ता अभिलेख सफ्टवयर सञ्चालनमा ल्याएको छ । यो सफ्टवयर काठमाडौं उपत्यकामा चार केन्द्र र उपत्यका बाहिर गण्डकी र लुम्बिनी यातायात व्यवस्था कार्यालयमा सञ्चालनमा रहेको छ । प्रयोगमा ल्याएको उक्त सफ्टवयर माइएसक्यूल प्रणालीमा रहेको छ । सफ्टवयरको पर्याप्तता, नियन्त्रण पद्धति, उपलब्ध हुने सूचनाको विश्वसनियता, सुरक्षा तथा क्षमता जस्ता पक्षको मूल्याङ्कन गर्ने सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको छ । सफ्टवयरको सञ्चालन, व्यवस्थापन, सुरक्षा तथा उपयोगका विषयलाई लेखापरीक्षणमा समावेश गरिएको छ ।

११. **सफ्टवेयर** – परामर्शदाताबाट तयार गरिएको सफ्टवयरको उपयुक्तता परीक्षण गरी स्वामित्व सहित कार्यालयमा हस्तान्तरण तथा जिन्सी दाखिला गरी प्रयोगमा ल्याउनुपदर्छ । एक परामर्शदाताबाट निर्माण भएको सवारी दर्ता अभिलेख प्रणाली, सफ्टवयर परीक्षण, लागुगर्ने स्वीकृति एवं कार्यालयमा स्वामित्व हस्तान्तरण नगरेकै अवस्थामा सञ्चालनमा ल्याएको छ । सफ्टवयरबाट प्राप्त हुने सूचनाको उपयुक्तता, विश्वसनियता र प्रयोगकर्ताबीच सामञ्जस्यता कायम हुने नहुने प्राविधिक परीक्षण गरी उपयोगमा ल्याउने निर्णय हुनुपर्दछ । त्यसै गरी उक्त सफ्टवयरको अधिकार तथा स्वामित्व कार्यालयको नाममा राखी जिन्सी दाखिला गर्नुपर्दछ ।

१२. **सवारी कर लगत** – सफ्टवयरमा सवारीसाधनहरुले वार्षिक रुपमा बुझाउनुपर्ने करसम्बन्धी पूर्णविवरण देखिनुपर्दछ । सफ्टवयरमा नयाँ सवारी साधन दर्ता, नवीकरण तथा सवारीसाधनमा लाग्ने कर गणना गरेर असुल गर्ने गरेको छ । नवीकरण तथा सवारीसाधन कर तिर्ने म्याद गुज्रेका सवारीसाधनको अभिलेखाङ्कन नहुँदा समयमा नवीकरण नगराउने तथा सवारीसाधन कर नतिर्ने सवारीसाधन धनीबाट असुल गर्न बाँकी

रकम यकिन हुने अवस्था छैन । त्यस्तै पटके तथा स्थायी सडक इजाजत प्रदान गर्ने, अभिलेख राख्ने कार्य र सोबाट भएको राजश्व असुली नगदी रसिदबाट सङ्कलन हुने गरेकोले सफ्टवयरमा उक्त कारोबार प्रविष्टि नहुने हुँदा सञ्चालन नतिजाको यथार्थ अवस्था चित्रण हुने अवस्था छैन । सफ्टवयरमा उपलब्ध सबै मोड्यूलहरु प्रयोगमा ल्याई सवारी दर्ता, नवीकरण तथा कर विवरणहरु अद्यावधिक गरिनुपर्दछ ।

१३. **सूचना प्रविधि नीति तथा रणनीति** – सवारीसाधनको सबै किसिमका विवरणहरु एकीकृत रुपमा देखिने गरी अभिलेख राख्न, असुल हुनुपर्ने विभिन्न कर, महसुल, शुल्क तथा जरिवानालाई सूचना प्रविधिमा आधारित बनाउन तत्सम्बन्धी सूचना प्रविधिको उपयोग नीति, रणनीति र व्यवसायिक योजना तयार गरी कार्यान्वयनमा ल्याउन सकिएमात्र यसलाई छिटोछरितो, विश्वसनीय र दिगो बनाउन सकिने हुन्छ । कार्यालयले सवारीसाधन दर्ताप्रणालीको लागि आवश्यक पर्ने सूचना प्रविधिप्रणाली, यसबाट प्राप्त हुने उपलब्धि, अवलम्बन गरिने प्रक्रिया, सूचनाप्रणाली सञ्चालनको लागि आवश्यक जनशक्ति, पूर्वाधार आदि विषयहरुको मूल्याङ्कन, विश्लेषण गरी सूचना प्रविधिलाई अवलम्बन गर्ने नीति तय गरी सोही आधारमा सफ्टवयरको विकास, उपयोग, अनधिकृत पहुँच नियन्त्रणको पर्याप्त व्यवस्था गरी कार्यान्वयन गरेको देखिँदैन । तसर्थ कार्यालयले सवारीसाधन दर्ता तथा अभिलेखलाई उद्देश्यमूलक, विश्वसनिय, सूचनाहरुको बीचमा सामन्जस्यता कायम गर्न सूचना प्रविधि अवलम्बन सम्बन्धी स्पष्ट नीति तथा कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

१४. **सुरक्षा नियन्त्रण व्यवस्था** – सफ्टवयरको अनधिकृत प्रयोग, तोडमोड वा हेरफेर गर्नसक्ने अवस्था आउन नदिन पर्याप्त सुरक्षा व्यवस्था गरिनुपदर्छ । सफ्टवेयर विकासमा संलग्न परामर्शदाताको नियन्त्रणमा रहेको यो सफ्टवयरको सूचना तथ्याङ्कको व्याकअप तथा स्थानान्तरण सम्बन्धी प्रक्रिया र सञ्चालन निर्देशिका विभागले आफ्नो स्वमित्वमा लिई व्यवस्थित नगरेकोले अनधिकृत पहुँच, डाटा ह्याकिङ्ग, चोरी, जस्ता सूचना प्रविधिका वातावरणीय पक्षमा नियन्त्रण जोखिम रहेकोले सावधानी अपनाउन आवश्यक हुन्छ । सफ्टवयरको सञ्जाल परीक्षणको क्रममा बिलिङ्ग गलत भएमा सच्याउने तथा सवारीसाधन गलत भएमा सच्याउन सक्ने व्यवस्था छ । सो व्यवस्थाको लागि जिम्मेवारी तथा अधिकारका साथै सूचना सच्याउने प्रक्रिया तथा पहुँच हुने अधिकारीको जिम्मेवारी तोकिएको देखिएन । डाटावेशप्रणालीमा तयार हुने राजश्व बिलहरुमा अटोनम्बर नदिई छापिएको बिलको नम्बरलाई प्रयोगगरी राजश्व असुलीको रसिद तयार गर्ने गरिएको छ । जसको कारण रसिद नियन्त्रण खाता राखी नियन्त्रण गर्न कठिन हुने हुँदा अटोनम्बर राख्ने व्यवस्था गर्न जरुरी देखिन्छ । सवारीसाधनको विवरण र सवारीसाधन धनीको विवरण प्रयोगकर्ताले प्रविष्ट गर्ने, अधिकृतले जाँच गर्ने र अधिकार प्राप्त कर्मचारीले स्वीकृत गर्नुपर्ने व्यवस्था सफ्टवयरमा रहेको छ । उक्त कागजात स्वीकृत नभएमा फाईल सूचनाप्रणालीमा नरहने व्यवस्था छ । सवारीसाधन दर्ता तथा नवीकरणका केही फाईलहरुको परीक्षण गर्दा विवरण भर्ने र स्वीकृत गर्ने एकै व्यक्ति रहेको देखिएकोले सफ्टवयरको नियन्त्रण व्यवस्था कमजोर र अपर्याप्त भएको पाइयो । अत: सफ्टवयरका व्यवस्थाहरुको पूर्णकार्यान्वयन गर्न पर्याप्त नियन्त्रण व्यवस्था अपनाई सफ्टवयर सञ्चालन निर्देशिका तयार गरी कार्यान्वयन गर्नेतर्फ कार्यालयको ध्यान पुग्नु आवश्यक देखिन्छ ।

१५. **सफ्टवयर उपयोग** – यातायात व्यवस्था कार्यालयमा हुने सवारीसाधनको दर्ता, नवीकरण, स्वामित्व हस्तान्तरण, अञ्चलीकरण जस्ता कार्यबाट प्राप्त हुने सबै किसिमको राजश्व तथा आर्थिक कारोबारलाई सफ्टवयरले समेटि एकीकृत रुपमा सूचना प्राप्त हुने व्यवस्था हुनुपर्दछ । अञ्चल यातायात व्यवस्था कार्यालय १३ रहेकोमा अञ्चल व्यवस्था कार्यालय बागमती, गण्डकी र लुम्बिनीमा मात्र विद्युतीय सूचनाप्रणाली लागु भएको छ । सफ्टवयर सञ्चालनमा ल्याएका कार्यालयहरुको कार्यालयगत आम्दानी सम्बन्धी सूचना प्राप्त हुने गरेको छैन । शीर्षक अनुसार एकमुष्ट आय देखाउँदछ । सफ्टवयरले कार्यालयगत, दैनिक, मासिक र वार्षिक एकमुष्ठ आय नदेखाउने हुँदा प्रयोगकर्ता अनुसार आय सम्बन्धी सूचना लिई छुट्टै एकीकृत गर्नुपर्ने स्थिति रहेको छ । जसको कारण आर्थिक कारोबारसँग आर्थिक विवरण भिडान गर्न सकिने स्थिति रहेन ।

सफ्टवयरले प्रतिवेदन तयार गरी उपलब्ध गराउने प्रणाली विकास नभएकोले वित्तीय तथा अन्य प्रतिवेदन प्राप्त हुने स्थिति देखिएन । फाईल परीक्षणका क्रममा नामसारी, नवीकरण, बाटो इजजात, प्रदुषण जाँच, जाँचपास र बाटो इजजात नवीकरण जस्ता कारोबारको व्यवस्था सफ्वयरमा भए पनि विद्युतीय माध्यमबाट कारोबारमा समावेश गरेको देखिएन । कारोबारको हिसाबले पटके अनुमतिपत्र प्रदान गर्ने र ट्राफिक जरिवानाको कारोबार हालसम्म हाते बिलमा रहेको देखिएकोले उक्त कारोबारलाई समेत सफ्टवयरमा ल्याउनुपर्ने देखियो । सबै कारोबार समेट्ने गरी सफ्टवेयरको उपयुक्तता र विश्वसनीयतासमेतको परीक्षण गरी सबै यातायात कार्यालयहरुमा प्रयोग गर्ने व्यवस्था अवलम्बन गरी एकीकृत रुपमा सूचना व्यवस्थापन गर्ने प्रणाली कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१६. **सोर्सकोड** – सफ्टवयरको आधिकारीक स्वामित्व कार्यालयमा हस्तान्तरणका साथै सफ्टवयर विकास गर्दा प्रयोग गरिएको भाषा, विधि सहितको सोर्सकोड समेत प्राप्त गर्नुपर्दछ । सवारीसाधनको अभिलेख विद्युतीय माध्यममा राख्न २०६६।११।१ देखि परीक्षणको रुपमा प्रयोगमा ल्याइएको सफ्टवयर निर्माणाधीन अवस्थामानै रहेको र सोर्सकोड हालसम्म सफ्टवयर निर्मातासँग रहेको देखिएको छ । सफ्टवयरलाई परीक्षण गरी आवश्यक सुधारसहित पूर्णता दिई भविष्यमा आवश्यक परिमार्जन गर्न परामर्शदाता माथिको निर्भरतालाई समेत कम गर्न कार्यालयले सोर्सकोड र आधिकारीक स्वामित्व प्राप्त गरी जिन्सी दाखिला गर्नुपर्दछ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१७. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ३ कार्यालयबाट रु.३५ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.३ हजार र सम्परीक्षणको क्रममा रु.३२ लाख ७९ हजार समेत रु.३३ लाख १७ हजार असुल भएको छ ।

१८. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६८ आषाढ मसान्तमा ६ कार्यालयको रु.४९ लाख ५४ हजार पेश्की बाँकी देखिएको छ । गत विगतको समेत कुल रु.३ करोड १६ लाख ९० हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१९. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहाय अनुसार छ:

१९.१. मन्त्रालय र मातहतका सरकारी कार्यालयहरुमा यो वर्ष रु.१६ करोड ८० लाख २४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ करोड २४ लाख ८२ हजार फछ्यौंट गरेकोले रु.१० करोड ५५ लाख ४२ हजार बाँकी रहेको छ ।

१९.२. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये सरकारी कार्यालयतर्फ रु.३४ लाख २७ हजार फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

१९.३. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा सरकारी कार्यालयतर्फ रु.२६ लाख ९४ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष फछ्यौंट भएको सबै रकम सरकारी कार्यालयतर्फको रहेको छ ।

संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय

मन्त्रालय र मातहतसमेत २१ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.७१ करोड ८७ लाख १ हजार, राजस्वतर्फ रु.३ करोड ४० लाख १० हजार, धरौटीतर्फ रु.१ करोड १९ लाख २८ हजार र अन्य कारोबारतर्फ रु.१९ लाख ४० हजार गरी रु.७६ करोड ६५ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था एवं समिति १९ को रु.२ अर्ब ४८ करोड ३० लाख ६० हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्षपनि सुधार भएको पाइएन । यस सम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१. यो वर्ष संस्कृति प्रवर्द्धन कार्यक्रमअन्तर्गत विभिन्न मठ, मन्दिर, विहार, चैत्य, गुम्बा, गुरुद्वार, मस्जिद आदि संरक्षण गर्न रु.३ करोड ९९ लाख ८१ हजार बजेट व्यवस्था भएको छ । जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका १५७ संस्थामध्ये काठमाडौं उपत्यका बाहिरका संस्थालाई सम्बन्धित जिल्ला विकास समिति मार्फत र अन्यलाई सोझै रु.३ करोड ९२ लाख ११ हजार अनुदान दिई खर्च लेखेको छ । अनुदान प्राप्त गर्ने संस्थाको कार्यको प्रगति लिई मन्त्रालयले समष्टिगत रुपमा समीक्षा गरी प्रतिवेदन तयार गरेको देखिएन ।

१.२. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार रु.१० लाखभन्दा बढीको सामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नुपर्ने भएमा सार्वजनिक निकायले वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्नुपर्ने व्यवस्था छ ।

मन्त्रालयले रु.७३ लाख ५ हजार र मातहतका निकाय प्रतिष्ठान २ ले रु.१ करोड २८ लाख ४७ हजार, एक कोषले रु.१ करोड ७१ लाख ३७ हजार, एक परिषद्ले रु.१ करोड ५४ लाख र २ समितिले रु.१ करोड ५ लाख ६६ हजारको खरिद गरेकोमा खरिद योजना तयार गरेका छैनन् । खरिद योजना तयार नगरी खरिद कारोबार गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **बहाल** – हनुमानढोका दरबार हेरचाह अड्डाको स्वामित्वमा रहेको ४० घर पसल कवल बहालमा दिएकोमध्ये एकै व्यक्तिसँग रु.२ लाख ६ हजारसमेत विभिन्न १४ व्यक्तिसँग रु.१९ लाख १७ हजार २०६४।६५ देखिको बहाल असुल हुन बाँकी छ । सम्झौता अनुसार अग्रिमरुपमा असुल गर्नुपर्नेमा राजधानीको प्रमुख व्यापारिक स्थलमा रहेका पसल कवलको भाडासमेत असुल गर्न नसकेको अवस्था छ । सो रकम असुल उपर गर्नुपर्दछ ।

३. **कार्यसञ्चालन कोष** – नेपाल सरकारलाई प्राप्त हुने जुनसुकै रकम सञ्चितकोषमा दाखिला गर्नुपर्ने संवैधानिक व्यवस्था छ । अर्थ मन्त्रालयको २०६५।४।३० को निर्णयमा सरकारी कार्यालयहरुले कुनै प्रकारको कोष खडा गरी सञ्चालन गर्न नपाउने तथा सरकारी रकम खर्च गर्दा विनियोजन ऐनमा समावेश गरी सोको आधारमा मात्र खर्च गर्न पाउने प्रावधान रहेको छ । राष्ट्रिय अभिलेखालयले उल्लेखित प्रावधान विपरीत रु.३० लाख ५५ हजार कार्यसञ्चालन कोषमा राखेकोले सो रकम राजस्वको सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

संगठित संस्था, अन्य संस्था, समितितर्फ

सांस्कृतिक संस्थान

संस्थानको २०६७६८ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

४. **सञ्चालन नतिजा** – सरकारबाट प्राप्त अनुदान रु.१ करोड ४७ लाख ९६ हजार र संस्थानको आन्तरिक आय घरबहाल, हल भाडा, ब्याज आय, चलचित्र महोत्सव, विविध आम्दानी रु.१ करोड ६८ लाख ३७ हजार समेत रु.३ करोड १६ लाख ३३ हजार भएकोमा रु.४ करोड ३६ लाख ७१ हजार खर्च गरेकोले यो वर्ष रु.१ करोड २० लाख ३८ हजार नोक्सान भएको छ । गत वर्षसम्मको नोक्सानी रु.२ करोड ५४ लाख २३ हजारसमेत यो वर्ष सम्मको सञ्चित नोक्सानी रु.३ करोड ७४ लाख ६१ हजार पुगेको छ ।

५. **अग्रिम कर फिर्ता** – संस्थान विगत वर्षहरुदेखि नै निरन्तर घाटामा गइरहेको छ । घाटाको कारण आयकर तिर्नु नपरेको अवस्था छ । संस्थानको मिलान हुन बाँकी अग्रिम कर २०६५।६६ मा रु.२२ लाख ८५ हजार रहेकोमा यस वर्षको अन्तसम्म रु.४१ लाख ७४ हजार पुगेको छ । कर मिलान गर्नु नपर्ने रकम आन्तरिक राजस्व कार्यालयबाट फिर्ता लिनुपर्ने देखिन्छ ।

६. **घरबहाल विवाद** – संस्थानले घरबहालबापत २०६६।६७ को अन्तिम किस्ता र २०६७६८ को कुनैपनि किस्ता प्राप्त गरेको छैन । संस्थानले प्रयोग गरेको ठाउँको भाडा रकम घटाउने सम्बन्धमा घरबहाल लिने एक इन्टरप्राइजसँग विवाद नटुङ्गिएकाले उक्त भाडा रकम प्राप्त हुन नसकेको देखिन्छ । सम्झौताबमोजिमको भाडा रकम र ढिला बुझाएबापत लाग्ने १० प्रतिशत ब्याज रकम समेत जोडी रु.१ करोड १ लाख ७५ हजार वित्तीय विवरणमा घरबहाल आम्दानी प्राप्त हुन बाँकी देखाएको छ तापनि असुली यकिन गर्न सकिने अवस्था छैन । संस्थानले प्रयोग गरेको घरबहाल घटाउनुपर्ने भएमा घरबहालबापतको आम्दानी घट्नुको साथै नोक्सानी अझ बढ्ने देखिन्छ ।

७. **स्थिर सम्पत्ति** – स्थिर सम्पत्तिको जोखिम न्यूनीकरणका लागि बिमा गराउनुपर्नेमा सो गराएको पाइएन ।

८. **कर्मचारी** – कुल स्वीकृत दरबन्दी ५६ रहेकोमा यो वर्ष कार्यरत कर्मचारी ७७ भएकाले दरबन्दीभन्दा २१ कर्मचारी बढी कार्यरत रहेको देखिन्छ । संस्थानका कार्यक्रमहरु अत्यन्त न्यून हुने तर कर्मचारीहरु दरबन्दीभन्दा बढी थप गरेको औचित्यपूर्ण भएन । संस्थानमा कर्मचारीहरु कटौती गरी आवश्यक कर्मचारीमात्र राख्न तत्काल पहल गर्नुपर्ने देखिन्छ ।

लुम्बिनी विकास कोष

९. **वित्तीय विवरण** – लुम्बिनी विकास कोष आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०५८ को विनियम १६(१) मा आम्दानी खर्चको विवरण र वासलात तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नेपाल सरकारबाट अनुदान प्राप्त रु.४ करोड ७१ लाख ७३ हजारसमेत रु.१० करोड ४५ लाख ३४ हजार आम्दानी भएकोमा गत वर्षको मौजदातबाट रु.३ करोड ७२ लाख २२ हजारसमेत रु.१४ करोड १७ लाख ५६ हजार खर्च गरेको छ । यो वर्ष पनि कोषले वासलात तयार नगरेकोले सम्पत्ति र दायित्व यकिन हुने अवस्था रहेको छैन । वासलात बनाउन कार्यदलले सम्पत्तिको मूल्याङ्कन गरिरहेको जवाफ गत वर्ष दिए तापनि स्थिति यथावत् छ ।

१०. **भू–शुल्क एवं बहाल** – लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ९.२ मा कोषलाई बुझाउनुपर्ने भू–शुल्क प्रत्येक आर्थिक वर्षको लागि सोही आर्थिक वर्षको अन्त्यसम्ममा बुझाई सक्नुपर्ने र विनियम ९.३ बमोजिम म्यादभित्र भू–शुल्क नबुझाएमा ५० प्रतिशतसम्म जरिवाना गरी सम्झौता समेत रद्द गरिने व्यवस्था छ । कोषले उपलब्ध गराएको विवरणअनुसार १८ विहार एवं मन्दिरबाट रु.१७ लाख ४ हजार र ६ पसल भाडाबापत रु.३४ लाख १६ हजारसमेत रु.५१ लाख २० हजार असुल गर्न बाँकी छ । उक्त रकम असुल गर्नुपर्दछ ।

पशुपति क्षेत्र विकास कोष

११. **गुरुयोजना** – श्री पशुपतिनाथ क्षेत्रलाई सनातन तीर्थस्थलको रुपमा कायम गर्ने, प्राचीन ऐतिहासिक, धार्मिक संस्कृतिको महत्व एवं परम्परागत धार्मिक पूजाआजाको व्यवस्थापन गर्ने उद्देश्यले पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत यो कोष सञ्चालनमा रहेको छ । पशुपति क्षेत्र विकासको गुरुयोजना २०५७।५८ देखि लागू गरी १० वर्षभित्र रु.२ अर्ब २ करोड ९५ लाख खर्च गर्ने अनुमान रहेको देखिन्छ । गुरुयोजनाको आधारमा वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गराउनुपर्नेमा सोअनुसार कार्य भएको देखिँदैन । यो वर्ष रु.१७ करोड ५९ लाख २८ हजार खर्च गरेको छ । हालसम्म अधिग्रहण, बस्ती स्थानान्तर, स्मारक संरक्षण तथा कोर क्षेत्रमा नयाँ निर्माण कार्य गरी रु.१ अर्ब ३६ करोड ७६ लाख खर्च गरेको देखिन्छ ।

१२. **बालुवा खानी** – गोठाटार गाउँ विकास समिति वडा नं.३ र ४ मा रहेको ५३४ रोपनी जग्गामा बालुवा खानी सञ्चालन गर्न पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद्ले २०६८।३।१ देखि लागू हुने गरी प्रतिस्पर्धा नगराई एक खानी सञ्चालकसँग सम्झौता मितिले ५ वर्षको लागि प्रथम वर्ष प्रति घनफुट रु.६।२० का दरले र त्यसपछि प्रत्येक वर्ष ५ प्रतिशतका दरले वृद्धि गरी रकम बुझाउनुपर्ने शर्तमा सम्झौता गरेको छ । निज खानी सञ्चालकले आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखानम्बर लिएको पनि देखिएन ।

खानी सञ्चालन भएको दिनको गणना दुवै पक्षले अभिलेख राख्नुपर्ने, माइनिङ स्कीममा उल्लेखित गहिराईभन्दा तल गई बालुवा झिक्न नपाइने, सो क्षेत्रमा पर्नसक्ने वातावरणीय प्रभावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई पेश गर्नुपर्ने व्यवस्था भएकोमा बालुवा उत्पादन एवं बिक्रीको दैनिक एवं मासिक अभिलेख नराखेको, माइनिङ स्कीममा उल्लेखित गहिराईभन्दा तल गई बालुवा नझिकेकोमा आश्वस्त हुने निरीक्षण प्रतिवेदन लिने व्यवस्था नभएको र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई पेश गरेको छैन ।

१३. **लगत** – पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १० मा पशुपति क्षेत्रभित्रको निर्मित वा प्राकृतिक सम्पदाको र पशुपति क्षेत्रभित्र रहेका सबै देवदेवीसँग सम्बन्धित सबै किसिमका गुठीअन्तर्गत र पशुपति क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ती जग्गा क्षेत्रसमेत खुलाई अद्यावधिक लगत तयार गर्ने कर्तव्य कोष सञ्चालक परिषद्लाई तोकेको छ । कोषले सोबमोजिमको अद्यावधिक लगत तयार नगरेको कारणबाट कोषको सम्पत्ति एवं असुल हुनुपर्ने आम्दानी रकम यकिन हुनसक्ने अवस्था छैन । यो वर्ष लिखत पारितबाट रु.५८ लाख ३१ हजार, धितो स्वीकृति रु.२ लाख ७३ हजार, एकशाला कुत रु.२९ लाख २३ हजार र बक्यौता रु.११ लाख ७९ हजारसमेत रु.१ करोड २ लाख ६ हजार आम्दानी गरेको छ । कोषले घरजग्गाको लगत व्यवस्थित गरी प्राप्त हुने आम्दानी यकिन गर्नु जरुरी देखियो ।

१४. **बहाल** – कोषबाट प्राप्त विवरणअनुसार विभिन्न पसल कवल, सत्तल, पार्किङ स्थल आदि बहालमा लगाएबापत गत वर्षसम्मको रु.८२ लाख ८६ हजार समेत यो वर्षसम्म रु.८८ लाख ४७ हजार असुल हुन बाँकी रहेको छ । सम्झौतामा पसल कवल सञ्चालकले मासिक भाडा प्रत्येक महिनाको ७ गतेभित्र बुझाउनुपर्ने, सो म्यादभित्र नबुझाए सोही महिनाभर ५ प्रतिशत थप र त्यसपछि अर्को महिनामा १० प्रतिशत थप शुल्क लाग्ने र सो महिनाको म्यादभित्र पनि नबुझाएमा सम्झौता रद्द गरी नियमानुसार असुलउपर गरिने व्यवस्था छ । उठ्न बाँकी बहाल रकम असुल गर्नेतर्फ कोषले सक्रियता देखाउनुपर्दछ ।

१५. **पारिश्रमिक** – मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने ३ प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्य तथा सचिव समेतले क्रमशः राज्यमन्त्री, सहायक मन्त्री र नेपाल सरकारको मुख्य सचिव सरहको तलव भत्ता पारिश्रमिक खर्च लेख्ने गरेको छ । ती पदाधिकारीहरुको सेवा शर्त एवं पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था भएको देखिँदैन । साथै २ प्रतिष्ठानले विनियमावली पनि बनाएको छैन । एक प्रतिष्ठानले विनियम बनाए तापनि नेपाल सरकारको स्वीकृति लिएको छैन ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरु र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुनैपनि पदाधिकारीको हाजिर अभिलेख राखेको छैन । मन्त्रालयको स्वीकृत निर्देशिका अनुसार तोकिएको समयमा कार्यालयमा हाजिर हुनुपर्नेमा हाजिर भएको अभिलेख बेगर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा

प्रतिष्ठानले रु.४० लाख ७ हजार र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले रु.२४ लाख ७४ हजार तलव भत्ता भुक्तानी गरेको छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

१६. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा २ कार्यालयबाट रु.१ लाख २८ हजार असुल भएको छ ।

१७. **पेश्की** – मन्त्रालय अन्तर्गत सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ३ कार्यालयको रु.२० लाख ६ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.१७ लाख २० हजार फछ्यौंट गरेकोले २ कार्यालयको रु.२ लाख ८६ हजार म्याद नाघेको पेश्की बाँकी देखिएको छ । गत विगतको समेत कुल रु.३१ लाख ८२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

मन्त्रालय अन्तर्गतका ७ संगठित संस्थाको २०६८ असार मसान्तमा रु.६३ लाख ८१ हजार पेश्की देखिएको छ ।

१८. **सम्परीक्षण** – मन्त्रालय र मातहतका कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१८.१. मन्त्रालय र मातहत कार्यालयहरुसमेतमा यो वर्ष रु.८८ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१९ लाख ६५ हजार फछ्यौंट गरेकाले रु.६८ लाख ८६ हजार बाँकी रहेको छ ।

१८.२. संगठित संस्था, अन्य संस्थातर्फ यो वर्ष रु.४ करोड ८४ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिक्रियाबाट फछ्यौंट भएको छैन ।

१८.३. मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.६ करोड ४८ लाख ९३ हजार बेरुजू फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

१८.४. वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.१ करोड ९९ लाख ७१ हजार बेरुजू फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.८ करोड ४८ लाख ६३ हजार बेरुजू फछ्यौंट भएको छ ।

सामान्य प्रशासन मन्त्रालय

मन्त्रालय र मातहतसमेत २ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३४ करोड ९२ लाख ९६ हजार, राजस्वतर्फ रु.४५ लाख ४० हजार, धरौटीतर्फ रु.११ लाख ८३ हजार र अन्य कारोबारतर्फ रु.९ करोड ९७ लाख ६६ हजारसमेत रु.४५ करोड ४७ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका समिति तथा अन्य संस्था ३ को रु.६२ करोड ३९ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायबमोजिम छन्:

१.१ गत विगत वर्षदेखि खरिद योजना तयार नगरेको व्यहोरा औल्याउदै आए तापनि मन्त्रालय र निजामती कर्मचारी अस्पतालले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीबमोजिम यो वर्ष पनि वार्षिक खरिद योजनाबिना रु.१ करोड ८० लाख ३१ हजारको विभिन्न सरसामान खरिद गरेको पाइयो ।

१.२ निजामती सेवा ऐन, २०४९ को दफा १८ मा कुनै पनि कर्मचारलिाई २ महिनाभन्दा बढी अतिरिक्त समूहमा राख्न नहुने व्यवस्था छ । विगत वर्षको तलब भत्ता खर्च लेख्नु पर्नाको कारण एवं भुक्तानी दिन बाँकीको अभिलेखबेगर २०६० माघदेखि २०६७ आषाढ सम्म ९ कर्मचारीको तलब भत्ता छुट उल्लेख गरी रु.२६ लाख ४९ हजार खर्च लेखेको छ । अतिरिक्त समूहमा रहेका कर्मचारीको तलबबापत रु.८ करोड २ लाख ४६ हजार खर्च लेखेकोमा ती कर्मचारीको मितिसमेत खुलाई विवरण अद्यावधिक नगरेको, हाजिरीबेगर तलब भत्ता खर्च लेखेको, सम्पादित कामको विवरण नराखेको, रमानामा न्यूनतमरुपमा खुलाउनुपर्ने व्यहोरा खुलाएको पाइएन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **अनुदान फिर्ता** – मन्त्रालयले विभिन्न संस्थालाई दिएको अनुदान सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा चालू वर्ष खर्च गर्न स्वीकृत भएको रकम खर्च हुन नसकी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई निश्चित क्रियाकलाप सञ्चालनार्थ रु.७ करोड ३ लाख अनुदान उपलब्ध गराएकोमा रु.३३ लाख ८५ हजार लागतको विभिन्न १३ तालिम कार्यक्रम सञ्चालन गरेको छैन । खर्च नभई बाँकी रहेको रकम सञ्चित कोष फिर्ता हुनुपर्ने देखिन्छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार सम्बन्धित संस्थालाई दिएको अनुदानको प्रगति विवरण लिई अनुगमन मूल्याङ्कन गरेको पनि पाइएन ।

२.२ निजामती कर्मचारी अस्पताललाई यो वर्ष रु.१३ कराड १९ लाख ४० हजार अनुदान उपलब्ध गराएको छ । अस्पतालले नेपाल सरकारले उपलब्ध गराएको अनुदानबाट भएको खर्चको अलगै अभिलेख नराखी अस्पतालको आन्तरिक आयबाट भएको खर्च समेत समावेश गरी एकमुष्ट खर्च विवरण पेश गरेकोले अनुदानमध्ये खर्च भई बाँकी रहेको रकम स्पष्ट हुने अवस्था छैन । अस्पताल विकास समितिले २०६७।६८ मा नेपाल सरकार र आन्तरिक स्रोतसमेत गरी रु.१० करोड ३० लाख ६१ हजार खर्च गरेको छ । वार्षिक बजेटमा तय भएको नेपाल सरकारको स्रोत र आन्तरिक स्रोतको अनुपातअनुसार नेपाल सरकारको स्रोततर्फ

रु.७ करोड ९२ लाख ४५ हजार खर्च नभई मौज्दात रहेको देखिन्छ । यस अतिरिक्त नेपाल सरकारको स्रोततर्फको निकासाभन्दा घटी खर्च भएको अवस्थामा बचत रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

३. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १ कार्यालयबाट रु.६७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.१ लाख ८९ हजारसमेत रु.२ लाख ५६ हजार असुल भएको छ ।

४. **पेश्की –** मन्त्रालयमा २०६८ अषाढ मसान्तमा रु.१४ हजार पेश्की बाँकी रहेको छ ।

५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

५.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१२ करोड ९ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ९ हजार फछ्यौंट गरेकोले रु.१२ करोड ७ लाख ८२ हजार बाँकी रहेको छ ।

५.२ अन्य संस्था/समितितर्फ यो वर्ष रु.२ करोड ७१ लाख २९ हजार बेरुजू देखिएको छ ।

५.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू रु.२ लाख फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

५.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.६५ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ लाख ६५ हजारमध्ये रु.२ लाख सरकारी कार्यालयतर्फ र रु.६५ हजार अन्यतर्फ रहेको छ ।

सिंचाई मन्त्रालय

मन्त्रालय र मातहतका ११२ कार्यालयको विनियोजनतर्फ रु.८ अर्ब २० करोड ९५ लाख ६० हजार, राजस्वतर्फ रु.४ करोड १६ लाख ६५ हजार र धरौटीतर्फ रु.६७ करोड ८१ लाख ४८ हजार समेत रु.८ अर्ब ९२ करोड ९३ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा मन्त्रालय अन्तर्गतका ३ कार्यालयको गत वर्षको निकासामध्ये बाँकी रु.७ करोड ९८ लाख ५० हजार र भौतिक योजना तथा निर्माण मन्त्रालयको रु.१९ करोड ३७ लाख ३५ हजार समेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **लेखापरीक्षण बक्यौता** – मन्त्रालय र अन्तर्गतका १३४ इकाईको २०३८।३९ देखि २०६१।६२ सम्म विनियोजन, राजस्व र धरौटीतर्फको रु.१० करोड १० लाख ७३ हजार लेखापरीक्षण बक्यौता रहेको छ । सोको यो वर्ष पनि स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

२. **केन्दीय आर्थिक विवरण** – मन्त्रालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणमा लेखापरीक्षणमा पेश भएको इकाईगत आर्थिक विवरणमा भन्दा राजस्वतर्फ रु.३ लाख २९ हजार तथा धरौटीतर्फ रु.१६ लाख ४ हजार घटी देखाएको छ ।

३. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८९(१) मा बासिन्दा व्यक्तिलाई करारबापत रु.५० हजारभन्दा बढी रकम भुक्तानी गर्दा भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिमकर र सामाजिक सेवा शुल्कबापत पारीश्रमिकको १ प्रतिशतले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २३ कार्यालयले रु.२७ लाख ८१ हजार अग्रिमकर र सेवा शुल्क कट्टा गरेको छैन ।

४. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) ले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने र बीजक लिनु प्रापकको कर्तव्य हुने व्यवस्था छ । मन्त्रालय अन्तर्गतका ७ कार्यालयले तोकिएको ढाँचाको कर बीजक बेगर यो वर्ष रु.२२ लाख ५४ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको पाइयो ।

मन्त्रालय मातहत १३ कार्यालयबाट प्रिन्टेड बिल नभएको, हातले बीजक नम्बर लेखेको, नम्बर केरमेट गरेको, बीजक नम्बर नभएको, मिति उल्लेख नभएको बीजकको आधारमा मूल्य अभिवृद्धि कर रु.२ करोड ७१ लाख ५२ हजार भुक्तानी गरेकोले उक्त कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला वा कर समायोजनको प्रमाण पेश हुनुपर्ने देखियो ।

सिंचाई विभाग

५. **भौतिक प्रगति** – त्रिवर्षीय योजना (२०६७६८–६९।७०) को आधार पत्रमा कृषियोग्य भूमिलाई बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने गरी दक्ष, दीगो, प्रभावकारी तथा भरपर्दो सिंचाइ प्रणालिका माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्य रहेको छ । सिंचाई सुविधा उपलब्ध हुन बाँकी ५ लाख ३९ हजार हेक्टरमध्ये सतह सिंचाई आयोजना कार्यक्रम अन्तर्गत हाल निर्माणाधीन आयोजनाहरु तीन वर्षमा सम्पन्न गरी ३६ हजार ६५० हेक्टर सिंचाइ सुविधा विस्तार हुने र भूमिगत जल सिंचाइ आयोजना मार्फत १ लाख ६२ हजार ७५ हेक्टर सिंचाई सुविधा विस्तार हुने अपेक्षा तीन वर्षीय योजनाले राखेको छ ।

त्रि–वर्षीय योजनामा क्षेत्रगत रुपमा सतह सिचाई आयोजनाहरुबाट ३४ हजार ३०० सय, भूमिगत सिंचाइ योजनाहरुबाट १ लाख ६२ हजार ७२ हेक्टर क्षेत्रफल विकास, नयाँ प्रविधि सिंचाई कार्यक्रमबाट २ हजार ३५० र कृषक कुलो सुधारबाट ४० हजार ३०० हेक्टरमा थप सिंचाई विस्तार गर्ने लक्ष राखेको छ ।

निर्धारित लक्ष्य अनुसार यो वर्ष रु.५ अर्ब २ करोड खर्च गरी सतह सिंचाईतर्फ, भूमिगततर्फ र नयाँ प्रविधितर्फ क्रमशः ६ हजार २२१, २० हजार १२०, ५ सय ७८ र कृषक कुलो सुधारतर्फ ८ हजार ८२९ हेक्टर गरी ३५ हजार ७४८ हेक्टर (लक्ष्यको ७१.०७ प्रतिशतले) सिंचित क्षेत्रको विस्तार भएको देखिन्छ ।

६. **सिंचाई सेवा शुल्क –** सिंचाई नियमावली, २०५६ को नियम २९(१) ले सेवा उपभोग गर्ने उपभोक्ताले सेवा शुल्क उपभोक्ता संस्थालाई बुझाउने व्यवस्था गरेको छ । सिंचाई सेवा शुल्क सङ्कलनको तीन वर्षको स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आर्थिक वर्ष	शुल्क सङ्कलन हुने प्रणाली संख्या	सङ्कलित सेवा शुल्क रकम
२०६५/६६	२२	१,१९,६२
२०६६/६७	२१	१,४३,६१
२०६७/६८	२१	१,४६,९२

संयुक्त व्यवस्थापनमा सञ्चालित ३२ सिंचाइ प्रणालिका ३ लाख २८ हजार हेक्टर कमाण्ड क्षेत्रबाट सिंचाई सेवा शुल्क उठनुपर्नेमा ११ सिंचाइ प्रणालीबाट सिंचाई सेवा शुल्क उठाएको देखिएन । कोशी पम्प, बबई, राजापुर, बागमती सिंचाई प्रणालीको ८५ हजार हेक्टर कमाण्ड क्षेत्रबाट हालसम्म सेवा शुल्क उठाएको छैन । सिंचाई सेवा शुल्क उठेका, नउठेका दुवै प्रणालीमा मर्मत सम्भार लगायतका कार्यमा डिभिजन कार्यालयबाट थप लगानी भइरहेको पाइएको छ ।

नियमावलीको नियम ६(१) ले उपभोक्ता संस्थाले उपलब्ध गराएको सेवा उपभोग गरेबापत उपभोक्ताले तिर्न बुझाउनपर्ने सेवा शुल्क लगायत मर्मत संभारमा भएको खर्च समेत देखिने गरी अभिलेख अद्यावधिक राख्नुपर्नेमा राखेको पाइएन ।

७. **उपभोक्ता समितिबाट कार्य –** सार्वजनिक खरिद ऐन, २०६३को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ ।

त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.६० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ ।

सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरेको कार्यविधिमा खर्चको बिल भरपाई, खर्च प्रमाणित गर्ने कागजात, निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्च रकम प्रमाणित गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने, सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी स्वामित्व हस्तान्तरण र प्राप्त भएको विवरणको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उपर्युक्त प्रक्रिया पुरा नगरी यो वर्ष ६९ कार्यालयबाट १ हजार ८०२ उपभोक्ता समिति मार्फत रु.१ अर्ब २५ करोड ३० लाख १२ हजारको काम गराई खर्च लेखेको देखियो ।

८. **बजेट फुकुवा –** चालू वर्षको खर्च गर्ने अख्तियारीको बुँदा नं.२(ग) को प्रकरण ४ मा बैशाखदेखि असारसम्म वार्षिक विनियोजनको ४० प्रतिशत र असार महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने प्रावधान रहेको छ । काम सम्पन्न भई भुक्तानी दिन बाँकीको हकमा र स्वीकृत कार्यक्रमबमोजिम जेठ मसान्तभित्र सम्झौता भइसकेको ठेक्काको मोबिलाइजेशन पेश्की दिन एवं रकम पूर्ण सदुपयोग हुने प्रत्याभूतिका आधारमा सम्बन्धित मन्त्रालयको सचिवले औचित्य र आवश्यकता विचार गरी निकासा फुकुवा सम्बन्धी निर्णय गर्नसक्ने गरी २०६८।२।२८ मा मन्त्रीस्तरीय निर्णय भएको देखियो ।

आयोजनाहरुको काम सम्पन्न भइसकेको र केहीको काम सुचारु रुपले सञ्चालन भइरहेको कारण जनाई सचिवबाट २०६८।३।१२ मा खर्च गर्ने स्वीकृति प्रदान गरेको देखियो । यससम्बन्धमा लेखापरीक्षणको क्रममा देखिएका व्यहोरा निम्नानुसार छन्:

८.१ सिंचाई डिभिजन कार्यालय २ ले २०६८।३।३० मा ३ बजेट उप–शीर्षकमा रु.६ करोड २८ लाख ४ हजार निकाशा प्राप्त गरी खर्च लेखेको र अन्य १२ कार्यालयले २०६८।३।२१ देखि २०६८।३।२७ सम्ममा रु.२२ करोड ६५ लाख ९१ हजार निकाशा प्राप्त गरी खर्च गरेको देखियो ।

८.२ समग्रमा आषाढ महिनामा र अन्य ११ महिनाको खर्चको स्थिति देहाय अनुसार देखिन्छ:

(रु.हजारमा)

कार्यालय संख्या	बजेट उप शर्षिक संख्या	कुल खर्च	असारको खर्च	असारमा खर्च प्रतिशत
७	१४	३८,२२,९०	२०,४८,०६	५० देखि ६०
८	११	४३,९४,७४	२८,४६,७४	६० देखि७०
३	१०	११,३९,४७	८,४१,६९	७० देखि ८०
३	११	२,४८,१०	२,०४,२३	८० देखि ९०
३	४	३,५०,१९	३,५०,१९	शतप्रतिशत

यसप्रकार असार महिनामा अन्य ११ महिनाको तुलनामा बढी खर्च गर्ने परिपाटीले गर्दा निर्माण कार्यको गुणस्तर र खर्च सदुपयोगमा आश्वस्त हुनसक्ने अवस्था देखिएन ।

सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना

९. **आयोजना सञ्चालन** – पश्चिम क्षेत्रका ४० जिल्लामा कृषि व्यवस्थित सिंचाई प्रणालिहरु पुन:स्थापना तथा संयुक्त व्यवस्थापनमा रहेका सिंचाई प्रणालीको क्रमिकरुपमा उपभोक्तामा व्यवस्थापन एवं हस्तान्तरण गर्ने कार्यका लागि विश्व बैङ्कसँग भएको सम्झौता अनुसार ५ करोड अमेरिकी डलर अनुदान प्राप्त हुने र ३० जून, २०१३ मा कार्यसम्पन्न गर्ने गरी ३० अप्रिल, २००८ देखि यो आयोजना सञ्चालनमा रहेको छ ।

१०. **अनुदान खर्च** – विश्व बैङ्कसँग भएको सम्झौता अनुसार बैङ्कको अनुदान, नेपाल सरकार र सम्बन्धित उपभोक्ता समूहको योगदानसमेत कुल रु.४ अर्ब २७ करोड ९६ लाख ३२ हजार (अमेरिकी डलर ६ करोड २ लाख ७५ हजार) अनुमानित लागत लाग्ने उल्लेख छ । यो वर्षसम्म रु.१ अर्ब ३५ करोड १५ लाख ४० हजार (३१ प्रतिशत) खर्च भएको विवरण प्राप्त भएको छ । आयोजनाको अवधि ५ वर्षमध्ये ४ वर्ष व्यतीत भइसकेकोमा अनुमानित लागतको ३१ प्रतिशतमात्र खर्च गरेकोले बाँकी अवधिमा लक्षित कार्यसम्पन्न गर्न पहल गर्नुपर्दछ ।

११. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा २ अनुसार कुनै व्यक्तिले रोजगारी, पेशा, व्यवसायबाट प्राप्त गरेको आयको कुल रकममा कर लाग्ने व्यवस्था गरेको छ । आयोजनाले एक परामर्शदातासँग सम्झौता गरी अग्रिम आयकरबापत १.५ प्रतिशत र पारिश्रमिकमा विदेशीलाई १० प्रतिशत थपी यो वर्ष रु.२५ लाख ९६ हजार आयकर भुक्तानी दिएको देखियो । आय आर्जन गर्नेले तिर्नुपर्ने आयकर रकम आयोजनाले खर्च लेखी भुक्तानी दिन मिल्ने देखिँदैन ।

१२. **मर्मत खर्च** – आयोजनाको स्वीकृत कार्यक्रमको बजेटबाट ६ सिंचाई डिभिजन कार्यालय र १ क्षेत्रीय सिंचाई निर्देशनालयको मोटर मर्मत गरी यो वर्ष रु.१६ लाख ९४ हजार खर्च लेखेको छ । अलगै बजेट व्यवस्था भएको कार्यालयको गाडी मर्मत गरी खर्च लेख्नु उचित देखिएन ।

१३. **मूल्य समायोजन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ । मध्यपश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं.२ नेपालगञ्जले परियोजनाको कार्यको मूल्य समायोजन गर्दा नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित मूल्यसूचीको आधारमा सूत्र निर्धारण गरी मूल्य समायोजन दिएको पाइयो । यस अतिरिक्त ओभरहेडबापतको रकम रु.३३ लाख ८१ हजार र मोबिलाइजेशन पेश्कीको रु.३९ लाख समेत नघटाइ रनिङ्ग बिलको पुरै रकममा मूल्य समायोजन गरी रु.२१ लाख २२ हजार यो वर्ष भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने देखिन्छ ।

सिक्टा सिंचाई आयोजना

१४. **लागत** – राप्ती नदीमा ३१७ मिटर ब्यारेज, ५० किलोमिटर मूलनहर, २३३ किलोमिटर शाखा नहर निर्माण गरी ४२ हजार ७६६ हेक्टरमा २०७०।७१ सम्ममा सिंचाई सेवा उपलब्ध गराउन ३ चरणमा कार्यसम्पन्न गर्ने गरी सञ्चालित यो आयोजनाको सुरु लागत रु.७ अर्ब ४४ करोड ७५ लाख ५५ हजार रहेकोमा संशोधित लागत रु.१२ अर्ब ८० करोड छ । आयोजनामा २०६७।६८ सम्ममा रु ५ अर्ब ३५ करोड ५३ लाख १५ हजार (लागतको तुलनामा ४१.८३ प्रतिशत) खर्च भएको छ ।

आयोजनाको डि–सिल्टिङ्ग बेसिन

१५. **बढी खर्च** – आयोजनाको मूलनहर चेनेज ०.६१४ किलोमिटर देखि चेनेज १२.०३७ किलोमिटरसम्मको नहर निर्माणको लागि लागत अनुमान रु.१ अर्ब ७१ करोड ३५ लाख ४१ हजार भएकोमा अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट संयुक्त उपक्रमको एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर सहित रु.१ अर्ब ६७ करोड ४ लाख ९७ हजारमा २०६८।९।२७ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी २०६५।९।२७ मा सम्झौता भएको देखिन्छ । शुरुको लागत अनुमान संशोधन गरी रु.१ अर्ब ७८ करोड ७४ लाख ३० हजार कायम गरेको छ । उक्त चेनेजको कामको लागि ठेकेदारले पेश गरेको १४औँ रनिङ बिलसम्ममा मूल्य अभिवृद्धि कर सहित रु.२ अर्ब १३ करोड ९६ लाख १८ हजार खर्च भई संशोधित लागत अनुमानभन्दा रु.३५ करोड २१ लाख ८८ हजार बढी खर्च भैसकेको छ । यसरी बढी खर्च भए तापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(२) अनुसार लागत अनुमान अद्यावधिक गरेको पाइएन । लागत अनुमानभन्दा बढी भुक्तानी हुँदा समेत लागत अनुमानमा संशोधन नगर्नु उचित देखिएन ।

१६. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)(ख) मा मूल्य समायोजन सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोही नियमावलीको (ङ) मा प्रत्येक मूल्य संरचनाको मूल्य समायोजन गर्न प्रयोग गरिने सम्बद्ध मूल्यसूची (इण्डिसेज) राख्नुपर्ने उल्लेख छ । मूल्यवृद्धिको भार निर्धारण गर्दा कसलाई कति भार दिने उल्लेख भएको छैन । मूलनहरको निर्माण व्यवसायीले बोलपत्र पेश गर्दा मूल्यसूची (इन्डिसेज) मा समायोजन नहुनेमा ०.१०, सामग्रीमा ०.१०, इन्धनमा ०.८० र श्रममा ०.० उल्लेख गरी पेश गरेको देखियो । आयोजनाले इन्धनमा अस्वभाविक रुपमा मूल्यवृद्धि भएको जनाई १० नोभेम्बरदेखि २६ नोभेम्बरसम्म पटक–पटक विभागीय टोली र ठेकेदारको बीचमा वार्ता गरी समायोजन नहुनेमा ०.१०, सामग्रीमा ०.१५, इन्धनमा ०.४५ र श्रममा ०.३० गरी मूल्यसूचीमा हेरफेर गरी मूल्य समायोजन गरेको देखिन्छ । निर्माण व्यवसायीले पेश गरेको मूल्यसूचीमा हेरफेर गरी मूल्य समायोजन दिँदा रु.२३ करोड ८३ लाख २८ हजारले आयोजनामा आर्थिक भार थपिएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११९(३) मा मूल्य समायोजनको हद सामान्यतया: शुरु सम्झौता मूल्यको २५ प्रतिशतभन्दा बढी हुने छैन र बढी दिनुपर्ने अवस्थामा निर्माण व्यवसायीसँग वार्ता वा खर्च घटाउने अन्य उपाय अवलम्बन गर्नसकिने व्यवस्था छ । मूलनहरको १२ किलोमिटरसम्मको निर्माण कार्यको एक संयुक्त उपक्रमको निर्माण व्यवसायीसँग रु.१ अर्ब ६७ करोड ४ लाख ९७ हजारमा शुरु सम्झौता भएकोमा १४औँ रनिङ्ग बिलसम्ममा मूल्य समायोजनबापत रु.४४ करोड ९८ लाख २५ हजार अर्थात् सुरु सम्झौताको २६.९३ प्रतिशतले भुक्तानी गरेको छ ।

१७. **उपभोक्ता समितिबाट कार्य** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा खर्चको बिल भरपाई, खर्च प्रमाणित गर्ने कागजात, निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्च रकम प्रमाणित गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने तथा सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार

गर्ने जिम्मेवारी समेत तोकी स्वामित्व हस्तान्तरण गर्ने र प्राप्त विवरणको अभिलेख राख्नुपर्ने व्यवस्था छ । आयोजनाले उल्लिखित कार्यविधि पूरा नगरी वातावरणीय प्रभाव अध्ययन तथा बचाउ कार्यक्रम अन्तर्गत हतकुण्डि खोलाले गाउँ बस्तीलाई क्षति पुऱ्याउने सम्भावना, सिक्टा, टिकुलि गाउँ र डुण्डुवा खोला बचाउ, हेडवर्क्स दायाँ–बायाँ र राजकुलो बचाउ कार्य ५ उपभोक्ता समितिमार्फत गराई यो वर्ष रु.१ करोड २७ लाख ५० हजार खर्च लेखेको छ ।

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ (१) मा रु.६० लाख लागत अनुमानसम्मको काममात्र उपभोक्ता समितिमार्फत गराउन सकिनेमा हतकुण्डी खोला बचाउ कार्यको लागि रु.७८ लाख ४ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिमार्फत रु.५८ लाख ७५ हजारमा कार्य गराउने गरी सम्झौता भएको पाइयो ।

वागमती सिंचाई आयोजना

१८. **त्रुटि नसच्याएको** – लक्ष्मीपुर गाउँ नजिकै कमाण्ड क्षेत्र संरक्षणको कार्य गर्न एक निर्माण व्यवसायीबाट रु.५ करोड ३४ लाख ५८ हजारको ठेक्का बन्दोबस्त भएको देखिन्छ । यो वर्ष तेस्रो तथा अन्तिम रनिङ्ग बिलसम्म रु.६ करोड ५३ लाख २५ हजार भुक्तानी भइसकेको छ । उक्त ठेक्काको २०६६।२।२६ को कार्यसम्पन्न प्रतिवेदन अनुसार ग्याबियन बक्स फाटेको, इम्बैङ्कमेन्टको माथिल्लो भागको स्लोपमा केही लेभल बढाई कम्प्याक्ट गर्नुपर्ने, अन्तिम स्परको अघिल्लो भाग मर्मत गर्नु पर्ने, इम्बैङ्कमेण्टको बाहिरी र भित्री भागमा विभिन्न ठाउँमा प्वाल तथा खाल्टा खुल्टी परेकोमा डिजाइन अनुसार मिलाउनुपर्ने तथा ग्रास टर्फिङ्गको काम बिग्रेकोले सो समेत बनाउनुपर्ने गरी कैफियत उल्लेख छ । लेखापरीक्षणको क्रममा २०६८।९।२४ मा स्थलगत निरीक्षण गर्दा उक्त त्रुटिहरु सच्चाउने काम भएको देखिएन । त्रुटिहरु सच्चाउनको लागि आयोजनाले ११ मे, २०११ मा निर्माण व्यवसायीलाई पत्र लेखे तापनि कार्य गरेको देखिएन ।

१९. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौतामा उल्लिखित अवधिभित्र कार्यसम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्नसकिने छैन भन्ने व्यवस्था रहेको छ । आयोजनाले विभिन्न ३ निर्माण व्यवसायीलाई मूल्य समायोजनबापत रु.५४ लाख ३४ हजार भुक्तानी गरिसकेको छ । नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप भएकोमा थपिएको अवधिभित्र पनि निर्माण व्यवसायीले सम्झौता हुँदा पेश गरेको कार्यतालिका अनुरुप कार्य सम्पन्न गरेको देखिएन । निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुरुप कार्य सम्पन्न नगरेको अवस्थामा म्याद थप दिई मूल्य समायोजनबापत भुक्तानी दिनु नियमसम्मत देखिएन ।

२०. **अधुरो काम** – लालबकैया नदीबाट बगही शाखा नहरको कमाण्ड क्षेत्रलाइ कटहरिया गाउँ नजिक संरक्षण गर्न एक निर्माण व्यबसायीसँग २६ अगस्ट, २००९ मा रु.५ करोड ३८ लाख ६६ हजारको ठेक्का सम्झौता भई रु.३ करोड १६ लाख १९ हजारको काम सम्पन्न गरेकोमा २०६८।९।२४ मा स्थलगत निरीक्षण गर्दा काम गर्दै गरेको देखियो । उक्त काम २५ अक्टोबर, २०११ मा सम्पन्न गर्नुपर्नेमा हालसम्म गरेको छैन ।

लौकही प्रशाखाको करिब ७/८ किलोमिटर खण्डमा नहरभित्र सिल्ट र झारपातले पुरिएर राम्ररी पानी प्रवाह हुन नसक्ने अवस्थामा रहेको, पानी प्रवाहको कारणले उक्त स्थानमा नहर फुटी कृषकको बालीनालीमा क्षति पुऱ्याएको पाइयो । नहरको मर्मत सम्भारमा प्राथमिकता तोकी कार्यक्रम निर्धारण गरी काम गर्नुपर्ने देखिन्छ ।

२१. **भुक्तानी दिन बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ अनुसार, काम नगरी नहुने अवस्थामा कार्यक्रम संशोधन गरी लागत नबढ्ने गरी आवश्यक बजेट व्यवस्था गरी कार्यसम्पन्न गर्नुपने उल्लेख छ । आयोजनाले भुक्तानी दिन बाँकीको कच्चावारी अनुसार आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समिति, आपूर्तिकर्ता, निर्माण व्यवसायी समेत १३२ लाई रु.४ करोड ६२ लाख ९३ हजार भुक्तानी दिन बाँकी देखाएको पाइयो । सार्वजनिक निर्माण तथा पूँजीगत सुधारमा बजेट व्यवस्था भएको भन्दा बढीको दायित्व सृजना गरी भुक्तानी दिन बाँकी राख्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

बबई सिंचाई आयोजना

२२. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२०(२) मा खरिद सम्झौताको अवधि थपगर्नु अघि खरिद सम्झौताबमोजिमको काम समयमै सम्पन्न गर्न गरेको प्रयास, सार्वजनिक निकायले सम्झौताबमोजिम उपलब्ध गराए नगराएको, काबुबाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको आदि कारणको आधारमा म्याद थप गर्न सकिने प्रावधान रहेको छ । यो वर्ष कार्यतालिकाबमोजिम कार्य नभई ढिलाइ भएको अवस्थामा रु.४२ लाख ८६ हजार मूल्य समायोजन रकम एक निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने व्यहोरा उल्लेख गरेकोमा पनि मूल्य समायोजनको रकम भुक्तानी दिन मिल्ने देखिएन ।

रानीजमरा कुलरिया सिंचाई आयोजना

२३. **गुरुयोजना** – कैलाली जिल्लाको २० हजार ३०० हेक्टरमा व्यवस्थित सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले रु.१२ अर्ब ७८ करोड १५ हजार लागतको गुरुयोजना मन्त्रालयबाट स्वीकृत भई प्रथम चरण अन्तर्गत अनुदान सहायता एस.डी.आर.१ करोड २३ लाख र ऋण सहायता एस.डी.आर.१ करोड ४९ लाख समेत कुल एस.डि.आर.२ करोड ७२ लाख प्राप्त हुने गरी नेपाल सरकार र विश्व बैङ्कबीच २०६८।७१ मा सम्झौता भएको छ ।

२४. **ठेक्का व्यवस्थापन** – नेपाल सरकारको स्रोतबाट यो वर्षसम्म रु.२० करोड २५ लाख ९९ हजार खर्च भइसकेको छ । कर्णाली नदीको पुलबाट १२० मिटर तल १०० क्युमेक्स क्षमताको इन्टेक निर्माण र बचावटको कार्य बोलपत्रको माध्यमबाट रु.१ अर्ब ४ करोड ९० लाख ३० हजारमा गर्ने गरी एक संयुक्त उपक्रमको निर्माण व्यवसायीसँग २०६७।१०।२० मा सम्झौता गरी कार्य सञ्चालनबापत रु.१५ करोड ६४ लाख पेश्की भुक्तानी गरेको छ ।

यो वर्ष जग्गा खरिद गर्न रु.५० लाख बजेट विनियोजन भएकोमा खर्च गरेको छैन ।

महाकाली सिंचाई आयोजना, तेस्रो चरण

२५. **लागत** – महाकाली नदीको तेस्रो चरणको कार्य अन्तर्गत ३३ हजार ५२० हेक्टरमा सिंचाई सुविधा पुऱ्याउन रु.१६ अर्ब १२ करोड ८ लाखको लागत अनुमान स्वीकृत गरेको देखिन्छ । तेस्रो चरणको कार्य २०६३।६४ देखि शुरु भएकोमा यो वर्षसम्म कुल रु.२० करोड ६ लाख ४२ हजार खर्च भएको छ । भौतिक प्रगतितर्फ हालसम्म कैलाली र कञ्चनपुर जिल्लामा ३२ हजार ५०० हेक्टर थप क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराउन शुरु गरिएको नहर निर्माणको कार्य ३ किलोमिटरसम्म माटोको काम सम्पन्न भएको र ९.७ किलोमिटरको खन्ने काम शुरु गरेको देखिएन ।

महाकाली सिंचाई (तेस्रो चरण)को पुरिँदै गरेको नहर

खनेको नहरको संरचना पक्की नभएकोले खनेको नहरमा माटो पुरिँदै गएको अवस्था देखिएको छ । टनकपुर बाँध (नेपाल भारत सीमा) बाट नहर ल्याउन १ हजार २०० मिटर भारतले निर्माण गरिदिएपछिमात्र नेपाली भू–भागमा नहर प्रवेश गर्नेमा भारतबाट हालसम्म निर्माण शुरु नगरेको अवस्थाले आयोजनाले गरेका संरचनागत कार्य बिग्रँदै जाने र उपलब्धीविहिन हुने जोखिम देखिएकोले मन्त्रालयले विशेष ध्यान दिनुपर्ने देखियो ।

२६. **कार्य सम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उप–नियम (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक डिफेक्ट लायविलिटिजको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । आयोजनाको ब्रम्हदेव

क्षेत्रको ३ किलोमिटरसम्मको मूलनहर निर्माण कार्यको ठेक्कामा एक संयुक्त उपक्रमको निर्माण व्यवसायीको रु.५ करोड ७२ लाख ५३ हजारको सम्झौतामा रु.२८ लाख ६३ हजारको जमानतको म्याद २०६७ आषाढसम्म रहेको देखियो । सम्झौताबमोजिम सो कार्य २०६८ जेष्ठसम्ममा पुरा गर्नुपर्ने र डिफेक्ट लायविलिटिजको अवधि २०६९ असारसम्मको जमानत पेश गर्नुपर्नेमा २०६७ असारसम्मको मात्र पेश गरेको छ ।

२७. **कन्टिन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसुची १ बमोजिम लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । यो वर्ष पूँजीगत निर्माण कार्यमा रु.३ करोड ५१ लाख ७१ हजारको ५ प्रतिशतले रु.१७ लाख ५९ हजारसम्म मात्र खर्च गर्न मिल्नेमा विज्ञापन, भ्रमण खर्च, मर्मत, इन्धन ज्याला तथा अन्य कार्यमा गरी कुल रु.६९ लाख ६८ हजार खर्च गरी रु.५२ लाख ९ हजार बढी खर्च गरेको पाइयो । आयोजनाले शुरुदेखि हालसम्मको कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखेको छैन ।

२८. **पारिश्रमिक** – आयोजनाको विनियोजित रकमबाट नहर सञ्चालन हुने अवस्थाको लागि चाहिने राजपत्र अनङ्कित तथा श्रेणीविहिन ४४ अस्थायी कर्मचारीको निम्ति रु.५४ लाख ९७ हजार, सिंचाई विभागको सम्पर्क कार्यालयमा १६ र सुदूर पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयको निम्ति २ सुपरभाइजर करारमा राखी रु.१६ लाख २० हजार समेत रु.७१ लाख १७ हजार पारिश्रमिक खर्च लेखेको छ । कर्मचारीको आवश्यकता पहिचान गरी आवश्यकमात्र राख्ने र अन्यत्र कार्यालयमा कार्यरत कर्मचारीको पारिश्रमिक खर्च लेख्ने कार्यमा नियन्त्रण तथा सुधारतर्फ ध्यान दिनुपर्ने देखियो ।

सिंचाई विकास डिभिजन/सव–डिभिजन

२९. **कन्टिन्जेन्सी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ अनुसार वर्कचार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशत गरी ५ प्रतिशत लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । सिंचाई डिभिजन र सव–डिभिजन समेत ४ कार्यालयले यो वर्ष रु.४३ लाख १४ हजार खर्च लेखेका छन् । कन्टिन्जेन्सी खर्च सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

२९.१ मध्यमाञ्चल सिंचाई विकास डिभिजन नं.२ मकवानपुरले एक कार्यक्रममा रु.२ लाख ६ हजार कन्टिन्जेन्सीबाट खर्च गर्न सकिनेमा रु.४ लाख २७ हजार खर्च गरी रु.२ लाख २१ हजार र अर्को ३ आयोजनाको निर्माण कार्यको कन्टिन्जेन्सी रकमबाट प्रशासनिक कार्यमा रु.८ लाख १८ हजार खर्च लेखेको छ । सव-डिभिजन नं ४, उदयपुरले होक्से सिंचाई योजनाको कन्टिन्जेन्सी रकमबाट अन्यत्र कार्यालयमा बसी कार्य गर्ने एक सुपरभाइजरलाई १२ महिनाको र अर्को एकलाई ५ महिनाको पारिश्रमिकबापत यो वर्ष रु.१ लाख २१ हजार निजहरुको बैङ्क खातामा जम्मा गरी खर्च लेखेको देखियो ।

२९.२ भूमिगत जलस्रोत विकास समिति, पर्साले स्यालो ट्यूबवेल निर्माण कार्यको लागत अनुमान रु.३ करोड ६८ लाख ७५ हजारको ५ प्रतिशतले कन्टिन्जेन्सी रु.१८ लाख ४४ हजार खर्च गर्नसक्नेमा रु.२० लाख ३३ हजार खर्च गरेको छ ।

२९.३ मध्यपश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं.५, जुम्लाले बगर सिंचाई आयोजनाको कन्टिन्जेन्सी रकमबाट इकाई कार्यालयको उद्घाटनकार्यमा आएका मन्त्री, सचिव लगायतको दैनिक भ्रमण खर्च र सुर्खेत सिमिकोटको हेलिकप्टर भाडाबापत रु.५ लाख ७६ हजार खर्च लेखेको छ । यस अतिरिक्त ९ योजनाको लागत अनुमानको ५ प्रतिशतभन्दा बढी हुने गरी रु.३ लाख ३९ हजार खर्च गरेको पाइयो ।

कन्टिन्जेन्सी खर्च गर्दा निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्ध हुने कार्य एवं खरिदमा खर्च गर्नुपर्नेमा असम्बन्धित र तोकिएको सीमाभन्दा बढी खर्च भएको देखियो ।

३०. **कार्यक्रम संशोधन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने

गरी कार्यक्रममा संशोधन गर्नसक्ने र सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई जानकारी दिनुपर्ने व्यवस्था छ ।

मध्यमाञ्चल सिंचाई विकास डिभिजन, पर्साले मझौला सिंचाई आयोजनाको कार्यक्रमको स्वीकृत बजेटभन्दा थप रु.४० लाख निकासा लिई कार्यक्रम संशोधन नगरी खर्च गरेको, त्यस्तै मध्यपश्चिमाञ्चल सिंचाई डिभिजन नं. २ नेपालगञ्जले २०६८।३।२३ को अख्तियारीबाट थप निकासा प्राप्त भएको रु.१ करोड ६५ लाख ९१ हजार कार्यक्रम संशोधन बेगर खर्च गरेको, सिंचाई विकास सब-डिभिजन नं. ४ उदयपुरको नहरको स्ट्रक्चर र लाइनिङ्ग कामको लागि रु.१ करोड ९ लाख ५० हजार र हेडवर्क्स निर्माण कामको रु.१ करोड ७० लाखको कार्यक्रम स्वीकृत तथा संशोधन नै नगरी २०६८।३।२१ मा रु.२ करोड १० लाख थप बजेट प्राप्त गरी खर्च गरेको छ । सिंचाई विकास डिभिजन नं. २ रौतहटले साना तथा मझौला २ सिंचाई योजनाको लागि २०६८।३।२३ मा रु.१ करोड ३१ लाख ४५ हजार र २०६८।३।२६ मा रु.३५ लाखको थप निकासा समेत रु.१ करोड ६६ लाख ४५ हजार कार्यक्रम संशोधन तथा स्वीकृति बेगर खर्च गरेको देखियो ।

३१. **टुक्रा पारी कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालय तथा आयोजनाले एकै प्रकृतिको कार्यलाइ समेत टुक्र्याइ रु.१ लाख ५० हजारभन्दा घटीको लागत अनुमान तयार गरी खर्च गर्ने गरेको पाइयो । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार छन्:

३१.१ राजापुर-बबई सिंचाई व्यवस्थापन डिभिजन बर्दियाले विभिन्न २३ निर्माण व्यवसायीबाट काम गराई रु.३० लाख ७० हजार खर्च लेखेको छ । उक्त खर्चमध्ये पन्टुन ब्रिज मर्मत तथा संभार कार्य अन्तर्गत ९ निर्माण व्यवसायी र दुई ट्रेडर्स मार्फत गराई रु.१३ लाख १६ हजार खर्च लेखेको छ ।

३१.२ जिल्ला विकास समिति, बर्दियाबाट उक्त ब्रिज सञ्चालन ठेक्कामार्फत गराई प्राप्त राजस्व रकमको अलग्गै कोष राखी सोही कोषबाट मर्मत संभारको कार्य गर्नेगरेको छ । यो वर्ष उक्त कार्यमा जिल्ला विकास समितिको अतिरिक्त डिभिजनले रु.१८ लाख खर्च गरेको छ । सञ्चालन तथा मर्मत संभारको कार्य अलग्गै कार्यालयबाट हुने व्यवस्था गरेको अवस्थामा यस डिभिजनबाट समेत खर्च गरी एउटै कार्यमा दुईतिरबाट खर्च गर्दा दोहोरो परे नपरेको यकिन गर्ने अवस्था भएन ।

३२. **जिन्सी व्यवस्थापन -** जिन्सी संरक्षण सम्बन्धमा कानुनले विभिन्न प्रावधान गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम बिक्री गर्नुपर्ने मालसामान ६ महिनाभित्र, मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र गरिसक्नुपर्ने, साथै उपनियम (४) अनुसार कार्यालयको प्रयोगमा नआएका वा नआउने तर अर्को कार्यालयको लागि उपयोगी हुने मालसामानहरु समितिको सिफारिसमा हस्तान्तरण गर्नुपर्ने उल्लेख भएका मालसामानहरुको हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।

पश्चिमाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालय, पोखराको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार २०५५।५६ देखि विभिन्न साइजको फलामे छड १ लाख १७ हजार ८१७ किलोग्राम र ग्याबियन तार विभिन्न गेजको २० हजार १६१ किलोग्राम (मूल्य नखुलेको) प्रत्येक वर्ष जिम्मेवारी सार्दै उपयोगविहिन अवस्थामा राखेकामा सदुपयोग गर्नेतर्फ पहल गर्नुपर्दछ ।

३३. **विनियोजन –** राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रममा परेका योजनाहरु निर्धारित समयावधिमा सम्पन्न गर्ने गरी लक्ष्य राखे तापनि न्यून बजेट व्यवस्थाको कारण योजना सम्पन्न गर्नमा लामो अवधि लाग्ने देखिएका छन् ।

मध्यमाञ्चल सिंचाइ विकास डिभिजन नं.८, नुवाकोटले क्रमागतरुपमा सञ्चालित योजनाहरुको अद्यावधिक खर्च, प्रगति, संशोधित लागत, सम्पन्न हुने वर्ष आदि उल्लेख गरी अभिलेख राखेको पाइएन । उपलब्ध विवरण अनुसार समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना र मझौला सिंचाई आयोजना अन्तर्गत निर्माणाधीन केही योजनाहरु र सिंचाई डिभिजन नं.४, सप्तरीको बजेटको आधारमा गरेको विश्लेषण निम्नानुसार छ:

(रु.हजारमा)

क्र.सं.	सिंचाई योजनाको नाम	योजनाको कुल लागत अनुमान	योजना शुरु भएको वर्ष	योजना सम्पन्न हुने वर्ष	२०६७।६८ सम्मको खर्च	खर्चको आधारमा योजना पुरा हुन लाग्ने अवधि
	माझीटार बुडबुडे वेलजगार, नुवाकोट	२,४३,८९	२०६६।६७	२०६८।६९	५४,७५	८.९० वर्ष
	बोहोरे वन्चरे, नुवाकोट	२,९०,५२	२०६६।६७	२०६८।६९	८६,७१	६.७० वर्ष
	वेतेगौडा, नुवाकोट	१,२५,०८	२०६७।६८	२०६८।६९	३,९९	३१.३८ वर्ष
	कर्टनिया धार, सप्तरी	७,१४,४८	२०६६।६७	२०६८।६९	१६८५८	८.४७ वर्ष

उल्लिखित तालिका अनुसार न्यून बजेट विनियोजन भएको कारण योजनाहरु तोकिएको समयमा पुरा हुन नसकी प्रतिफल प्राप्त गर्न ६.७० देखि ३१.३८ वर्षसम्म लाग्ने देखियो ।

३४. **ठेक्का व्यवस्थापन** – सिंचाई आयोजनाहरुले २०६७।६८ को वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा ई–बिडिङ्ग प्रणालीको समेत उपयोग गर्ने उल्लेख छ । राजापुर सिंचाई व्यवस्थापन डिभिजन नं.७, बर्दियाले यो वर्ष ५ निर्माण कार्यको ई–बिडिङ्ग प्रणाली अनुसार ठेक्कापट्टा गर्दा बोलपत्रमा आधिकारिक प्रतिनिधि नतोकिएको, अन्य बोलपत्रमा गरेको दस्तखतसँग फरक परेको, टर्न–ओभर नपुगेको साझेदारहरुको अनुपातको फोटोकपी प्रति पेश गरेको, सफ्टकपी र हार्डकपीमा दररेटमा फरक परेको आदि कारण देखाई लागत अनुमानको तुलनामा घटी रकमको बोलपत्र प्रस्ताव गर्नेलाई ठेक्का नदिई बढी कबोल गर्नेलाई दिएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा ई–बिडिङ्गको प्रक्रिया उल्लेख भएको देखिएन । कानुनमा प्रक्रिया उल्लेख नभएको कारण ई–बिडिङ्ग माध्यमबाट बोलपत्र आह्वान गर्दा सानातिना गल्तिका कारण (जस्तो– बोलपत्रमा आधिकारिक प्रतिनिधि नतोकिएकाले घटी कबोल गर्नेलाई नदिँदा) ठेक्का नं.२ मा स्वीकृत ठेक्कापट्टाको तुलनामा १४.६६ प्रतिशतले रु.४१ लाख ३८ हजार, ठेक्का नं.३ मा ६.७७ प्रतिशतले रु.१६ लाख ७१ हजार र ठेक्का नं.५ मा २४.७१ प्रतिशतले रु.६९ लाख १४ हजार गरी रु.१ करोड २७ लाख २३ हजार बढी व्ययभार परेको छ । त्यस्तै दस्तखतमा एकरुपता नभएको कारण जनाई घटी कबोल गर्ने ठेक्का नं.१ को ४.८३ प्रतिशतले रु.१६ लाख ४७ हजार र ठेक्का नं.४ को १७.६० प्रतिशतले रु.५० लाख ८६ हजार समेत ५ ठेक्कामा कुल रु.१ करोड ९४ लाख ५६ हजारले बढी आर्थिक व्ययभार परेको देखियो । ई–बिडिङ्ग प्रणालीको प्रभाव मूल्याङ्कन गरी भविष्यमा ई–बिडिङ्ग प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी सुधार गरिनुपर्दछ ।

३५. **अधुरो निर्माण** – कमला सिंचाई आयोजनाको पश्चिमी हेडवर्क्स अण्डरस्लुस बचावट कार्य गर्न रु.६१ लाख ८९ हजारको लागतमा एक निर्माण सेवासँग २०६६।६७ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०६५।६६ मा सम्झौता गरेको देखिन्छ । उक्त निर्माण व्यवसायीलाई कार्य प्रगतिको आधारमा २०६५।६६ मा दुई प्याकेजमा गरी रु.२९ लाख २० हजार भुक्तानी गरेपनि पछिल्ला दुई वर्षमा निर्माण कार्य नगरी बचावट कार्य अधुरो रहन गएको छ । सम्झौताको कार्यतालिका अनुसार निर्माण कार्य सम्पन्न नगरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार खरिद सम्झौताको अन्त्य गरी नियमानुसार अधुरो निर्माण कार्य सम्पन्न गराउन कार्यालयले ध्यान दिएको छैन ।

३६. **कार्यसम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उप–नियम (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक डिफेक्ट लायविलिटिजको अवधिभन्दा कम्तिमा एकमहिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । सिंचाई डिभिजन कार्यालय, रौतहटले यो वर्ष सम्झौता गरेका ३ ठेक्कामा २५ देखि ३१ महिना अवधिको कार्यसम्पादन जमानत लिनुपर्नेमा १० देखि १८ महिना, उदयपुरले एक ठेक्कामा २८ महिना अवधिको कार्यसम्पादन जमानत लिनुपर्नेमा १५ महिना र सिन्धुलीले २८ महिना अवधिको कार्यसम्पादन जमानत लिनुपर्नेमा १३ महिना अवधि भएको कार्यसम्पादन जमानत लिई सम्झौता गरेकोले कार्यसम्पादन जमानत लिँदा नियमको पालना भएको देखिएन ।

३७. **सिधै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुनेगरी खरिद गर्न नमिल्ने व्यवस्था छ । भूमिगत जलस्रोत विकास समिति, पर्साले उपभोक्ता समितिसँग भएको सम्झौतामा श्रमसँग

सम्बन्धित कामको भुक्तानी रकम उपभोक्ता समितिको खातामा जम्मा गरिदिने र उपभोक्ता समितिले लागत अनुमान अनुसार प्रयोग गरेको निर्माण सामग्रीको रकम आपूर्तिकर्तालाई सोझै भुक्तानी गर्ने गरी सम्झौता गरेको देखियो । यो वर्ष विभिन्न आपूर्तिकर्तालाई निर्माण सामग्रीबापत रु.२ करोड ४४ लाख ८२ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन ।

जलउत्पन्न प्रकोप नियन्त्रण विभाग

३८. **कानुनी व्यवस्था –** जलस्रोत ऐन, २०४९ को दफा २४(२)(ख) मा जलस्रोतको संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धी कुराहरु र उक्त उपदफाको (झ) मा उपभोक्ता संस्था र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरुमा नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था छ । जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ पारित भएपनि जलउत्पन्न प्रकोप व्यवस्थापन नियमावली बनेको छैन । नियमावली तर्जुमा भएमा विभाग र अन्तर्गतका डिभिजन/सव–डिभिजन कार्यालयबाट गरिने कार्यको स्पष्टता र पारदर्शीतामा वृद्धि हुने देखिन्छ । नियमावलीको तर्जुमा नभएको अवस्थामा विभागको कार्यविधि, २०६४ तथा जनताको तटबन्ध कार्यविधि, २०६६ लागू गरेको देखिन्छ ।

३९. **अन्यत्र प्रयोग** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको सरकारी रकम एवं सम्पत्ति तोकिएको काममा मात्र खर्च गर्न पाईने व्यहोरा उल्लेख छ । यस विभागको २ सवारी साधन अन्य निकायमा प्रयोग भईरहेको देखिएकोले अन्यत्र प्रयोगमा रहेका सम्पत्ति फिर्ता लिई तोकिएको काममा प्रयोग गर्नुपर्ने देखियो ।

४०. **प्रगति** – बाढीजन्य क्षति पुन:निर्माण कार्यक्रमतर्फ यो वर्ष रु.१ करोड ९२ लाख बजेट विनियोजन भएकोमा रु.४९ लाख ६० हजार खर्च गरी बजेटको तुलनामा २५.८२ प्रतिशत र भारित प्रगति २२.९१ प्रतिशत हासिल गरेको उल्लेख छ । कोशी सर्भेक्षण कार्य, विभिन्न नदीहरुको तथ्याङ्क सङ्कलन, सर्भेक्षण लगायतका चार कार्यमा रु. १ करोड ३१ लाखको कार्य सम्पादन नगरेकोमा स्पष्ट कारण खुलाएको छैन ।

४१. **बजेट व्यवस्थापन** – जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी कार्यहरु जिल्लास्थित विभिन्न ३ जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयबाट गराई केन्द्रमा रहेको नदी नियन्त्रण योजनाबाट रु.१ करोड ३१ लाख ७९ हजार खर्च लेखेको देखियो । जिल्लास्तरमा नै सम्बन्धित कार्यालय तथा प्राविधिक जनशक्ति कार्यरत रहेको अवस्थामा स्थानीयस्तरमा यस्ता योजना सञ्चालन गर्दा बढी सरल, सुगम तथा सहज वातावरण बन्न सक्ने र त्यसको अनुगमन गर्न समेत बढी मितव्ययी हुने भएकोले केन्द्रबाट योजनाको सहजकर्ता एवं समन्वयकारी भूमिका बढी प्रभावकारी हुने हुँदा यस्ता कार्यशैलीमा सुधार गर्नेतर्फ विभाग तथा योजनाको ध्यान जानुपर्ने देखिन्छ ।

४२. **राजस्व** – आयकर ऐन, २०५८ को दफा ९०(१) र (२) मा अग्रिम कर कट्टी गरेको रकमको विवरण सहित महिना समाप्त भएको १५ दिनभित्र कर रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.२ धनुषा, जनकपुरले २०६७ माघदेखि २०६८ जेष्ठसम्म निर्माण व्यवसायीलाई भुक्तानी गर्दा कट्टा गरेको अग्रिम आयकर रकम राजस्व खातामा दाखिला गर्नुपर्नेमध्ये रु.२१ लाख ४३ हजार दाखिला गरेको छैन ।

४३. **धरौटी एवं सापटी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ अनुसार कार्यालयले अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्दछ । साथै सोही नियमावलीको नियम ७० अनुसार धरौटी रकम अन्य प्रयोजनको निमित्त खर्च गर्न नहुने उल्लेख छ । सोही कार्यालयको धरौटी हिसाबमा वर्षको अन्त्यमा बाँकी देखिएको रु.१ करोड ६२ लाख ८४ हजारको विस्तृत कच्चावारी तयार नगरेकोले धरौटी मौज्दात सम्बन्धमा यकिन हुन सकिएन । विभिन्न निर्माण व्यवसायीबाट धरौटी कट्टा गरेको रु.७२ लाख ६३ हजार धरौटी खातामा दाखिला नगरी बजेट खर्च घटाई धरौटी दायित्वबाट हटाएको छ । साथै विनियोजनतर्फ सापटी दिएको रु.१७ लाख ५९ हजार फिर्ता लिई धरौटी हिसाब अद्यावधिक गर्नुपर्ने देखियो ।

४४. **स्थलगत निरीक्षण -** जलउत्पन्न प्रकोप नियन्त्रण सव–डिभिजन नं.१, नुवाकोटमा तादी नदी नियन्त्रण अन्तर्गत बाह्रविसे भट्टराई फाँट संरक्षण कार्यको लागि तादी नदीको पूर्वी किनारमा निर्माण गरेका १० स्परको २०६८।७।२७ मा स्थलगत निरीक्षण गर्दा ३ स्पर पूर्णरुपमा र अर्को एक स्परको नदीतर्फको केही भाग बगाएको देखियो । स्परहरु मजबुत बनाउने र क्षति हुन नदिनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष मन्त्रालय मातहतका देहायका कार्यक्रम तथा इकाईको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

- **सुनसरी मोरङ्ग सिंचाई आयोजना**
- **जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन (धनुषा र बारा)**
- **जनताको तटबन्ध कार्यक्रम (झापा, महोत्तरी, सर्लाही र चितवन)**
- **सिंचाई विकास डिभिजन नं. १ र ८ (कञ्चनपुर)**

उक्त निकायको कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोरा मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । सो प्रतिवेदनमा समावेश भएका मुख्य व्यहोरा देहायअनुसार छन्:

सिंचाई योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन – सुनसरी मोरङ्ग सिंचाई आयोजना

नेपाल सरकार र भारत सरकारबीच वि.सं. २०११ (सन् १९५४) मा भएको कोशी सम्झौताबमोजिम मोरङ्ग र सुनसरी जिल्लामा ५३ किलोमिटर मूल नहर निर्माण गरी करिब ६८ हजार हेक्टर जमिनमा सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले चतरा नहर सिंचाई योजनाको प्रारुप तयार भई योजनाको निर्माण कार्य वि.सं.२०२१ (सन् १९६४) मा शुरु गरी वि.सं.२०२९ (सन् १९७२) मा सम्पन्न पश्चात वि.सं.२०३२ (सन् १९७५) मा नेपाल सरकारलाई हस्तान्तरण भएको थियो । योजना अन्तर्गत कोशी नदीको बाँया किनाराको चतरा साइडमा इन्टेक बनाई ५३ किलोमिटर लामो चतरा मूल नहर तथा १२ शाखा र ३६ माइनरको निर्माण गरिएको थियो । सो समयमा चतरा मूल नहरको हेड रिचको क्षमता ४५.३ क्यूमेक्स रहेकोमा हाल ६०.० क्यूमेक्स रहेको छ । योजनाको कमाण्ड क्षेत्र ६८ हजारमध्ये सुनसरी जिल्लामा ४० हजार र मोरङ्ग जिल्लामा २८ हजार हेक्टर रहेको छ ।

४५. **सिंचाई प्रणाली व्यवस्था** – सिंचाई प्रणाली व्यवस्थापन अन्तर्गत मर्मत सम्भारको स्थिति, नहरको संरचनागत स्थिति, नहर नहरीमा भएको बाधा व्यवधान सम्बन्धमा देहायनुसारका व्यहोरा देखिएका छन्:

४५.१ आयोजना प्रतिवेदन अनुसार सुनसरी जिल्लामा ४० हजार र मोरङ्ग जिल्लामा २८ हजार समेत ६८ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउनु पर्ने लक्ष्य तोकिएको भए तापनि आयोजनाको तेस्रो चरण प्रथम फेजसम्मको कार्य पूरा हुँदा सुनसरीमा २६ हजार ३५० हेक्टर र मोरङ्गमा १३ हजार ६११ हेक्टर समेत ३९ हजार ९६१ हेक्टर जमिनमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ । कमाण्ड क्षेत्रमा हेड रिचको पानीको सञ्चालनमा सन्तुलन हुन नसकेको, नहर अति जीर्ण भई कमाण्ड क्षेत्र विस्तारको कार्य हुन नसकेको, मूहानमा पानीको सतह कम भएको, शाखा, प्रशाखा नहर विस्तार गर्ने कार्य हुन नसकेको जस्ता कारणबाट लक्ष्य अनुरुप सिंचाई सुविधा पुऱ्याउने कमाण्ड क्षेत्रको विस्तार हुनसकेको देखिएन । यसरी लक्ष्य अनुरुप सिंचाई सुविधा विस्तार गर्न नसक्दा कृषि बाली उत्पादन तथा उत्पादकत्व वृद्धि नहुने, आयोजनाको लागत बढ्ने तथा अपेक्षित प्रतिफल प्राप्त नहुने देखिन्छ ।

मूल नहरको जीर्ण अवस्था

हेड रिचको पानीको सतह संरक्षण व्यवस्थापन गरी पानीको बहाव इन्टेकमा वृद्धि गरी शाखा प्रशाखा नहर विस्तार गरिनुपर्दछ ।

४५.२ कमाण्ड क्षेत्रमा विना अवरोध सिंचाई गर्न नहर नहरीको संरचनात्मक व्यवस्था दुरुस्त हुनुपर्दछ । इटा प्रयोग गरी निर्मित नहरको आयु ३० देखि ४० वर्ष हुने योजनाबाट जानकारी प्राप्त भएको छ । करिब ४५ वर्ष पहिले निर्मित मूल नहर र केही शाखा नहर समेतको आयु समाप्त भइसकेको र अवलोकन गर्दा साइफन एक्यूडक्ट ब्रिज आदि भत्किसकेको र भत्किने क्रममा रहेका छन् । सितापुर शाखा नहरको ब्रिज भत्केर त्यसभन्दा तल सिंचाई गर्न जेनेरेटरको प्रयोग गरी सिंचाई सुविधा दिने कार्य भएको, मूल नहरको ८० आर.डी.मा रहेको ड्रेनेज साइफोन क्यानल एक्यूडक्ट स्ट्रक्चरको ब्रिज, डी./एस. फ्लोर तथा संरक्षण कार्य पूर्णतया क्षति भएको समेत अवलोकनबाट देखियो । हुर हदीया शाखा नहर जीर्ण भई आलोपालो गरी सिंचाई सुविधा दिनुपरेको समेत स्थिति छ । धेरै पुरानो संरचनाको नियमित र आवधिक रुपमा मर्मत तथा, पुन:निर्माण गर्नुपर्ने स्थिति विद्यमान देखिन्छ ।

सीतापुर शाखा नहर तथा पुलको अवस्था

४६. **पानीको प्रवाह** – आयोजना प्रतिवेदन अनुसार ६८ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउन ६० क्यूमेक्स पानीको आवश्यकता पर्ने उल्लेख छ । बालीचक्र अनुसार धानका लागि ५५–६० क्यूमेक्स, मकैका लागि ४–७ क्यूमेक्स, तोरीका लागि ५ क्यूमेक्स, गहुँका लागि १५–२५ क्यूमेक्स तथा अन्य बालीलाई ५–१० क्यूमेक्स पानी आवश्यक पर्ने भए तापनि हिउँदमा २०–२५ क्यूमेक्समात्र पानी प्रवाह हुने गरेको विवरण प्राप्त भएको छ । मकै, गहुँ, तोरी लगायतका बालीलाई सिंचाई सुविधा पुगेको भए तापनि हिउँदमा लगाइने धानबालीलाई माग अनुरुप पानी पुग्ने स्थिति देखिएन । न्यून पानी प्रवाह हुनुमा ओपन इन्टेक हुनु एवं कोशी नदीको बहाव इन्टेकको ठीक विपरीत पश्चिम साइडतर्फ ढल्केको कारण रहेको जानकारी आयोजनाले दिएको छ । यसबाट हिउँदयाममा अपेक्षित रुपमा पानी उपलब्ध हुनसक्ने स्थिति नदेखिएकोले हेड रिचको पानीको सतह संरक्षण व्यवस्थापन गरी लक्ष्य अनुरुप पानी प्रवाह हुने व्यवस्था मिलाउनुपर्दछ ।

इन्टेकबाट पश्चिमतर्फ ढल्केको पानीको बहाव

४७. **ड्रेजर सञ्चालन** – पानीसँग मिसिएर आउने बालुवा पुन: नहर बाहिर फाल्नको लागि मूल नहरको ८.५ आर.डी.को अपस्ट्रिम मा ३०० मिटर लम्बाईको सेटलिङ्ग बेसिनको निर्माण भएको छ । त्यहाँ जम्मा भएको बालुवालाई पुन: कोशी नदीमा २ ड्रेजर मेसिनको सहायतामे फाल्ने कार्य हुने गर्छ । यसरी बालुवा फाल्ने कार्य व्यवस्थित रुपले सञ्चालन हुन नसके नहरमा पानी प्रवाहमा नै असर पर्दछ । ड्रेजर सञ्चालनको अवस्था, जनशक्ति व्यवस्था र अन्य अवस्थाका सम्बन्धमा देहायनुसारका व्यहोरा देखिएका छन्:

४७.१ सेटलिङ्ग बेसिन मा जम्मा भएको बालुवा फाल्न ड्रेजर मेसिन प्रयोग भएको छ । पुरानो मेसिन भएकोले जडित पार्टपूर्जा पुरानो मोडेलको भएको कारण नेपाली तथा भारतीय बजारमा समेत पाउन कठिनाई पर्नुको साथै बिग्रने सम्भावना समेत बढी रहेको, सञ्चालन एवं मर्मतमा लागत बढी लाग्ने र जम्मा भएको बालुवा समयमा बाहिर फाल्न नसकिएको जानकारी प्राप्त भएको छ ।

४७.२ योजनाबाट प्राप्त जानकारी अनुसार ड्रेजर मेसिनको मर्मत सम्भारमा २०६५।६६ मा रु.७० लाख, २०६६।६७ मा रु.६१ लाख ९४ हजार र २०६७।६८ मा रु.७५ लाख ६० हजार खर्च भएको छ । मेसिन जति पुरानो

भयो त्यति नै बढी मर्मत खर्च लाग्ने र मेसिनको कार्यशक्ति समेत घट्ने भएकोले मेसिन प्रतिस्थापनको विकल्प खोज्नुपर्ने देखिन्छ ।

४७.३ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा नेपाल सरकारको स्वीकृति बेगर कुनै प्रकारको घर, टहरा, पर्खाल आदि बनाउन वा त्यस्तो जग्गा आवाद गर्न समेत नहुने कानुनी व्यवस्था रहेकोमा योजनाको स्वामित्वमा रहेको क्षेत्रमा बिछ्याइएको ड्रेजर मेसिनबाट निष्कासन हुने पाइप लाइनमाथि एक संस्थाले औषधि भण्डार गर्ने भवन निर्माण गरेको समेत निरीक्षणमा देखियो । यसैगरी संस्थागत तथा व्यक्तिगत रुप्म्ङ भएक्डे बसोबासले गर्दा ड्रेजरको डिस्चार्ज अनुगमन गर्न, डिस्चार्जको नमुना सङ्कलन गर्न, पाइप लाइन फेर्न, मर्मत गर्न तथा मेसिनको नियमित अनुगमनका लागि आवत जावत गर्न कठिनाई सिर्जना भएको जानकारी प्राप्त भएको छ ।

४८. **जग्गा अतिक्रमण** – यस योजनाको मूल नहरको इनर स्लोप डिल तथा सर्भिस रोड समेतका दुबै किनारामा ३ हजार ३३३ घर निर्माण गरी १४६ हेक्टर जमिन अतिक्रिमण भएको अभिलेख प्राप्त हुनुका साथै निरीक्षणको क्रममा समेत उक्त परिस्थिति विद्यमान रहेको देखियो । यसैगरी शाखा नहर, उपशाखा नहरहरुमा समेत अतिक्रमण भएकोमा त्यसको लागत सङ्कलन गर्ने कार्य भइरहेको जानकारी योजनाले दिएको छ । यस्ता अतिक्रमण यथाशीघ्र नहटाउने हो भने त्यसबाट क्रमश: नहर पुरिन जानुको साथै अतिक्रमण बढेर जाने, सञ्चालन भएको नहर केही वर्ष पश्चात सञ्चालन गर्न नसकिने स्थिति रहेकोले नहर सञ्चालनका लागि अधिग्रहण गरिएको जग्गाको संरक्षण गरिनुपर्दछ ।

अतिक्रमित मूल नहर

४८.१ आयोजना कार्यालय बिराटनगरको स्वामित्वमा रहेको सो कार्यालयको हाताभित्रको १५ बिघा क्षेत्रफलमा अवकास प्राप्त गरेका कर्मचारी र योजना बाहिरका २२ व्यक्तिले अनधिकृत रुपमा सरकारी भवनको प्रयोग गरिरहेको तथा आफैले घर टहरा बनाई बसेको देखियो ।

यसरी अनधिकृत तवरले सरकारी घर, जग्गा कब्जा गरेकोमा खाली गराउन आवश्यक सहयोगको लागि जिल्ला प्रशासन कार्यालय मोरङ्गमा अनुरोध गरेकोमा समेत हालसम्म सो हटाउन कुनै पहल नभएको जानकारी प्राप्त भएको छ । अतिक्रमण हटाउनेतर्फ आवश्यक पहल हुनु जरुरी छ ।

४८.२ जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४ मा नेपाल सरकारलाई जुन कामको लागि प्राप्त भएको हो सो कामको लागि आवश्यक नभएको जग्गा साविक जग्गावालालाई फिर्ता गर्नसक्ने व्यवस्था छ । यसरी फिर्ता दिँदा नेपाल सरकारले निर्णय गरी स्थानीय अधिकारी तोक्नसक्ने र नतोकेमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित कार्यालयमा नामसारी र दाखिल खारेज गर्न लेखी पठाउनुपर्ने व्यवस्था छ । तर स्थानीय अधिकारी नतोकेको र नेपाल सरकारलाई आवश्यक नभएको भन्ने निर्णय बेगर निवेदन र फिल्ड चेक जाँच गरी नहर नभएको भन्ने आधारमा जग्गा फिर्ता दिने कार्य भइरहेको देखियो । मुआब्जा वितरण भारतीय पक्षबाट भएकोमा सोको लगत समेत नभएको र इनरुवा नगरपालिका क्षेत्रमा घडेरी विकास भएकोले नहर नचल्ने भई नहर नदेखिनु स्वभाविक भए पनि यसैका आधारमा जग्गा फिर्ता दिन सकिने देखिँदैन ।

योजनाको नाममा दर्ता रहेको इनरुवा नगरपालिकाको ६ कठ्ठा ८ धुर जग्गा सम्बन्धित जग्गा धनीहरुलाई फिर्ता दिने गरी स्वीकृतिको लागि पेश गरेकोमा मालपोत कार्यालय सुनसरीलाई जानकारी गराई दिने गरी योजनाले मिति नखुलाई निर्णय गरी जग्गा फिर्ता गरेको छ । नेपाल सरकारको निर्णय बेगर भएको जग्गा फिर्ता गर्ने कार्यको छानबिन हुनुपर्दछ ।

४९. **सिंचाई सेवा शुल्क** – सिंचाई नियमावली, २०५६ मा उपभोक्ता समितिले सिंचाई प्रणालीको व्यवस्थापन क्षेत्रको आधारमा सिंचाई सेवा शुल्क उठाउने र उपभोक्ता समितिको खातामा, केन्द्रीय मर्मत सम्भार कोष

खातामा र राजस्व खातामा जम्मा गर्ने प्रतिशत तोकेको छ । २०५९।९।२३ को निर्णय अनुसार २०५९।६० देखि प्रतिहेक्टर रु.३००।– का दरले उठाउने र नियमावलीकअनुसार उपभोक्ता समितिले ६० प्रतिशत, सिंचाई विभागमा रहेको केन्द्रीय मर्मत सम्भार कोषमा २० प्रतिशत र राजस्व खातामा २० प्रतिशत रकम जम्मा गर्नुपर्ने गरी सेवा शुल्क उठाउँदै आएको छ ।

४९.१ कमाण्ड क्षेत्रमध्ये ३९ हजार ९६१ हेक्टर विकसित जग्गाको सेवा शुल्क लिनुपर्नेमा २०६६।६७ मा ३८ हजार ८२५ हेक्टर र २०६७।६८ मा ३७ हजार ९६१ हेक्टर मात्र विकसित कमाण्ड क्षेत्र देखाएको छ । सिंचाई सेवा पुऱ्याएको क्षेत्रको आधारमा सेवा शुल्क असुल गरिने भएकोले सिंचाईको अवस्था अनुसार फरक पर्न गएको जवाफ प्राप्त भएको छ तापनि फरक पर्नाको कारण र क्षेत्र किटान गरेको देखिएन । यसबाट सेवा शुल्कको लगतमा असर पर्ने भएकोले कानुनको प्रावधानलाई समेत मध्यनजर राखी वास्तविक सिंचाई सेवा पुऱ्याएको क्षेत्र किटान गरिनुपर्दछ ।

४९.२ निर्धारित समयमा सेवा शुल्क नबुझाउने उपभोक्ताले नियम २६ बमोजिम गठित सेवा शुल्क निर्धारण समितिले तोकेबमोजिम बिलम्ब शुल्क बुझाउनुपर्ने व्यवस्था छ । पानीपोत लगती किताबमा २०६७।६८ को अन्त्यसम्ममा रु.१२ करोड २८ लाख ९१ हजार उठाउन बाँकी भए पनि बिलम्ब शुल्क निर्धारण तथा लगत कायम गरेको देखिएन । नियमावलीबमोजिम केन्द्रीय मर्मत कोष र राजस्वमा रकम नबुझाएमा सिंचाई प्रणालीमा थप लगानी नगर्ने, उपभोक्ता संस्थाले सङ्कलन गरी बुझाउनुपर्ने रकम नबुझाएमा सेवा बन्द गर्नसक्ने व्यवस्था भएपनि ती नियमको पालना समेत भएको छैन । यसले गर्दा नियमको परिपालना एवं सेवा शुल्क उठ्तीमा नै असर पर्ने देखिन्छ । तसर्थ नियमको व्यवस्था समेत उल्लेख गरी सचेतना कार्यक्रम सञ्चालन गरी सेवा शुल्क असुलीमा उपभोक्तालाई सक्रिय गराउनुपर्दछ ।

नदी नियन्त्रण योजना (जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन: धनुषा र बारा

भारतीय अनुदानमा सञ्चालित कमला, लालबकैया र वागमती नदी नियन्त्रण योजनाहरुको कार्यान्वयन डिभिजन कार्यालय, धनुषा र डिभिजन कार्यालय, बारा मार्फत भइरहेको छ ।

५०. **प्रगति स्थिति** – सञ्चालित कार्यक्रम स्वीकृत कार्यक्रममा उल्लेखित अवधिभित्र कार्यान्वयन गरिनु पर्दछ ।

५०.१ कार्यालयबाट कार्यान्वयन भएका भारतीय अनुदानमा सञ्चालित नदी नियन्त्रण योजनाहरु सम्पन्न हुने अवधि निश्चित गरेको देखिएन । कमला नदी नियन्त्रण कार्य २०६४।६५ मा शुरु भई २०६९।७० मा सम्पन्न हुने उल्लेख छ । योजना सञ्चालन भएको ४ वर्ष व्यतित भइसक्दा कूल कामको ३८ प्रतिशत मात्र प्रगति हासिल भएको स्थितिले तोकिएको समयभित्र योजनाले निर्धारित गरेका सबै क्रियाकलापहरु सम्पन्न हुने अवस्था छैन ।

५०.२ लालबकैया नदी नियन्त्रण आयोजना २०५४।५५ देखि शुरु भएको र सम्पन्न हुने अवधि निश्चित गरिएको छैन । उक्त योजनाको कूल लागत रु.२ अर्ब ३७ करोड ५८ लाख ४७ हजार रहेको छ । कूल काममध्ये हालसम्म २५.५७ प्रगति भएको अवस्था छ ।

५०.३ वागमती नदी नियन्त्रण योजना २०५९।६० देखि सञ्चालित भएकोमा सम्पन्न हुने अवधि निर्धारण गरिएको छैन । उक्त आयोजनाको कूल लागत रु.७६ करोड २४ लाख २७ हजार रहेकोमा हालसम्म ८५.७६ प्रतिशत भारित प्रगति भएको देखिन्छ ।

आयोजना सम्पन्न हुने अवधि निश्चित नगरी सञ्चालन गर्ने, हालसम्मको खर्च तथा प्रगतिको प्रतिशत निर्धारण नगर्ने परिपाटीले आयोजनाको अनुगमन गर्न समेत कठिनाई परेको छ । छुट्याएको बजेट समेत समयमा खर्च नहुने अवस्थाले योजनाहरु सम्पन्न भई अपेक्षित लाभ प्राप्त गर्न कठिनाई हुने स्थिति छ । तसर्थ योजनाहरुको कूल लागत सम्पन्न हुने अवधि एवं वार्षिक कार्ययोजना निर्धारण गरी योजना कार्यान्वयन गर्ने र वार्षिक एवं अद्यावधिक प्रगति सार्वजनिक गर्दै तालुक निकायबाट प्रभावकारी अनुगमन गरिनु पर्दछ ।

५१. **तटबन्ध कटान** – जलउत्पन्न प्रकोप नियन्त्रण विभागको कार्यविधि, २०६४ मा योजनाको डिजाइन तथा स्पेशिफिकेशन बमोजिम निर्माण कार्यको गुणस्तर कायम राख्नुपर्ने, यस प्रयोजनका लागि समय समयमा

निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन गरिने र स्थानीय उपभोक्ता समेतलाई सम्भव भएसम्म सुपरीवेक्षण कार्यमा सहभागी गराइने उल्लेख छ । उक्त नीतिबमोजिम तटबन्ध निर्माण गर्नुपूर्व स्थलगत निरीक्षण गरी विस्तृत डुइङ्ग, डिजाइन तयार गरी सोको आधारमा निर्माण कार्य गर्नुपर्ने हुन्छ । निर्माण सम्पन्न तथा निर्माणाधीन तटबन्धको भौतिक सुरक्षा तथा दिगोपनाका लागि र बाढीबाट हुने कटान रोक्न समय समयमा नदीको बहाव परिवर्तनको स्थितिको अध्ययन गरी तटबन्ध संरक्षणका थप संरचनाहरु आवश्यकतानुसार स्पर, स्टड र रिवेटमेन्ट, लन्चिङ्ग एप्रोन आदि निर्माण गरी तटबन्धको संरक्षण गर्नुपर्ने हुन्छ ।

डिभिजन कार्यालय बाराले नदी नियन्त्रणका संरचना निर्माण कार्यको थालनी गरेको भए तापनि सम्भावित क्षति र नदीको धार परिवर्तन सम्बन्धमा अध्ययन गरी सो अनुरुप संरक्षणका कार्य नगर्नाले निर्मित तथा निर्माणाधीन तटबन्ध २०६८ को वर्षामा बाढीबाट क्षतिग्रस्त र कटान भएको छ । यस सम्बन्धी विवरण निम्नानुसार छ:

(रु.हजारमा)

नदीको नाम	प्याकेज नं.	क्षतिको विवरण	संरक्षणको कार्य स्थिति	सम्झौता रकम	भुक्तानी रकम
लालबकैया नदी	२१	हर्षाहा स्कुल तथा बायाँ किनारामा कटान	अस्थायी बचावटका कार्य भएको	२,१२,९५	९१,२९
	२२	देवाही नजीक नदीको तत्कालीन किनारा र तटबन्धको बीचको १५० मिटर खेतीयोग्य जग्गा कटान भई तटबन्धलाई समेत असर परेको	अस्थायी बचावटका कार्य भएको	१,४२,७१	७७,७४
	२४	टिकुलियामा निर्माण भएको तटबन्धको करिब १०० मिटर लम्बाइमा स्लोपको भाग कटान भई स्थानीय टिकुलिया क्षेत्रमा ठूलो जनधन तथा खेतीयोग्य जमिन क्षति हुने स्थिति रहेको	अस्थायी बचावटका कार्य भएको	१,७१,७२	८३,३०
	२५	बहादुरपूरमा निर्माण भएको तटबन्धको करिब २०० मी.लम्बाईमा आंशिक कटान भएको	अस्थायी बचावटका कार्य भएको	विवरण उपलब्ध नभएको	
वागमती नदी	३५	लक्ष्मीपुरमा कटान शुरु भएको	अस्थायी बचावटका कार्य भएको	१,४६,४३	४४,५०
	३४	रजवाडामा कटान शुरु भएको	अस्थायी बचावटका कार्य भएको	१,९९,८६	७९,०५

बाढीबाट क्षतिग्रस्त उक्त प्याकेज २२ को तटबन्धको जोखिमबापत वीमा गरे, गराएको छैन भने प्याकेज २४ अन्तर्गतको तटबन्धको वर्षा सिजनमा जोखिम बहन नहुने वीमा गराएको छ । यसबाट तटबन्धको भौतिक क्षति हुनाका साथै वीमाबाट क्षतिपूर्ति प्राप्त हुने स्थिति नहुँदा निर्माण लागतको आर्थिक क्षति समेत हुन गएको छ ।

निर्माणाधीन तटबन्धको सुरक्षाको लागि नदीको बहाव परिवर्तनको स्थिति अध्ययन गरी नदी नियन्त्रणका संरचनाहरु निर्माण नगरेबाट आवश्यक स्थानमा उपयुक्त संरचना निर्माण नभएको कारण नदी कटानको समस्या पूर्णरुपले निरुपण हुन सकेको छैन । नदीको बहाव परिवर्तनको अध्ययन गरी कार्यतालिकाको आधारमा समयबद्ध ढङ्गले संरचना बनाउने व्यवस्था मिलाउनु पर्दछ ।

५२. **दिगोपना** – नदी नियन्त्रणको लागि निर्मित संरचनाहरु दिगोरुपमा नदी किनाराको संरक्षण, उपयोगका लागि प्रभावकारी हुनुपर्दछ ।

५२.१ नदी किनाराको भू–क्षय कटान रोक्न, बाढीबाट क्षतिग्रस्त भूमि पुनरोत्थान गर्न र निर्मित तटबन्धको दायाँबायाँ बायो इन्जिनियरिङ्ग कार्य गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा डिभिजन कार्यालय धनुषाले कमला नदी अन्तर्गत कटान क्षेत्रमा १० हजार परिमाणमा वृक्षरोपण गरेको छ भने डिभिजन कार्यालय बाराले उकास भएका जग्गाहरु व्यक्तिको नाउँमा दर्ता रहेकोले वायोइन्जिनियरिङ्ग कार्य गर्न कठिनाई परेको जनाएको छ । तटबन्धको प्रयोगलाई दिगोपना दिन बायोइन्जिनियरिङ्ग कार्य गर्नु जरुरी छ ।

५२.२ उपभोक्ता समूहद्वारा निर्माण गरिएको तटबन्ध आदि कार्यको सम्झौतामा निर्माण सम्पन्न पश्चात मर्मत सम्भार तथा संरक्षणको कार्य उपभोक्ता समिति/लाभग्राही समूहले गर्नुपर्ने शर्त रहेको हुन्छ । डिभिजन

कार्यालय बारा र धनुषाले हालसम्म क्रमश: रु.४ करोड ७६ लाख ५४ हजार र रु.२ करोड ७६ लाख २१ हजारको कार्य उपभोक्ता समितिमार्फत गराएको देखिन्छ । ती कार्यालयले समूहबाट निर्मित संरचना मर्मत गर्नुपर्ने अवस्थामा नरहेको जनाएको छ । तर हालसम्म सो सम्बन्धी कार्यविधि नरहेकोले दिगो व्यवस्थापनका लागि कार्यविधि तयार गर्न जरुरी रहेको छ ।

५२.३ नदीले प्राकृतिक तवरले बग्न पानीको बहावको परिमाण, गति र भौगोलिक स्थिति अनुसार वाटरकोर्स राख्नुपर्ने हुन्छ । यस्तो वाटरकोर्स कति राख्नुपर्ने भन्ने विभागीय नर्म्स रहेको छैन । डिभिजन कार्यालय बाराले यस सम्बन्धमा प्राविधिक दृष्टिले १२०० देखि १५०० मिटर रहनु पर्ने र त्यहाँका स्थानीयवासीको सोही अनुरुप राख्नुपर्ने भन्ने प्रतिक्रिया रहेको छ । डिभिजन कार्यालय जनकपुरले ९०० मिटर राख्नुपर्ने र स्थानीयवासीले पानी बगेको क्षेत्र मात्र कायम गर्नुपर्ने भन्ने प्रतिक्रिया रहेकोले दुबै कार्यालय र स्थानीयवासीबीच पनि यस सम्बन्धमा फरक फरक मत रहेको पाइयो । यसबाट तटबन्धको सुरक्षामा असर पर्ने हुँदा नदीको भौगोलिक बनावट, बहाव हुने पानीको परिमाणलाई मध्यनजर राख्दै निश्चित मापदण्ड तोकि वाटर कोर्स निर्धारण गरी लागू हुनुपर्दछ ।

५२.४ तटबन्धको निर्माण गर्दा तटबन्धको भिरालोपना सम्बन्धमा विभागबाट ड्रइङ्ग, डिजाइन तयार स्पष्ट तथा भिरालोपनाको नर्म्स किटान हुनुपर्दछ । यस सम्बन्धमा डुबान तथा बाढी व्यवस्थापन सम्बन्धी नेपाल भारत संयुक्त बैठकले लालबकैया नदीको प्याकेज १३ अन्तर्गतको रु.२ करोड ६० लाख ७५ हजारको लागत अनुमानमा निर्माणाधीन तटबन्धको भिरालोपना पर्याप्त नभएकोले सुधार गर्नुपर्ने निर्देशन दिएको छ । तर सो समितिले तटबन्धको भिरालोपना कति हुनुपर्ने हो सो किटान गरेको छैन । अत: तटबन्धको गुणस्तर कायम गर्न नदी किनारामा बन्ने तटबन्धको भिरालोपना सम्बन्धमा मापदण्ड निर्माण गरी सोही बमोजिम ड्रइङ्ग, डिजाइन गर्नुपर्दछ ।

५३. **अनुगमन तथा मूल्याङ्कन** – डिभिजन कार्यालयहरुबाट निर्मित तटबन्ध र नदी नियन्त्रणका संरचनाहरुको अर्ध वार्षिक रुपमा (डुवान तथा बाढी व्यवस्थापन सम्बन्धी नेपाल भारत संयुक्त समिति) बाट अनुगमन हुने व्यवस्था छ । सो समितिबाट यस मूल्याङ्कन अवधिमा ५ पटक अनुगमन गरेको र सोही क्रममा स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा निम्नानुसार माइन्यूटमा उल्लेख गरेको छ ।

५३.१ कमला नदीको केही स्थानमा तटबन्धको भिरालोपन डिजाइन/स्पेशिफिकेशन बमोजिम नभएको, तटबन्ध नछुटाइकन निर्माण नगरी बीच बीचमा खाली छाडी निर्माण गरेको, तटबन्धमा माटोको कार्यमा बढी खंदिलोपना ल्याउन निरन्तर गुणस्तर परीक्षण गर्नुपर्ने, केही स्थानमा तटबन्धको माथिल्लो सतह डिजाइन/स्पेशिफिकेशन बमोजिम नभएको, वोरोपीट तटबन्धभन्दा घटीमा पनि १०० मिटर टाढा रहनुपर्नेमा तटबन्धको निकै नजिक भई समानान्तर बहाव रहेको र नदीको मुख्य बहाव दायाँ तटबन्धतीर रहेकोले यसको धार परिवर्तन गर्नुपर्ने अवस्था देखिएको छ ।

५३.२ लालबकैया नदीको स्टड तटबन्धसँग ९० डिग्री कोणमा रहनुपर्नेमा सो नरहेको, केही स्थानमा लन्चिङ्ग एप्रोच पानीको तल्लो सतहभन्दा निकै माथि रहेको, पी–१३ को स्थानमा ३ वटा स्टडको सट्टा रिभेन्टभेन्ट र लन्चिङ्ग एप्रोन तटबन्धलाई थप सुरक्षा गर्नुपर्ने, वोरोपीट तटबन्धको निकै नजिक भई समानान्तर बहेको र केही स्थानमा तटबन्धको भिरालोपन डिजाइन स्पेशिफिकेशन बमोजिम नभएको ।

नेपाल भारत संयुक्त समितिले गरेको स्थलगत निरीक्षणको आधारमा देखिएका कमी कमजोरीले निर्मित संरचनाको दिगोपनामा असर पर्ने देखिन्छ । यसरी विभागीय निरीक्षण तथा अनुगमनको अभावमा निर्मित तटबन्ध तथा संरचनाको गुणस्तर प्रभावकारी नहुँदा तटबन्ध बिग्रीने र वर्षामा ग्रामीण क्षेत्रमा डुबान एवं क्षति पुग्न जाने हुँदा तटबन्ध र संरचनाको दिगोपना कायम गर्न स्वीकृत डिजाइन स्पेशिफिकेशन बमोजिम नदी किनाराको सबै लम्बाई नछुटाइकन नदी नियन्त्रणका संरचना निर्माण गर्नुपर्ने, गुणस्तरको निरन्तर परीक्षण गर्ने र विभागीय निरीक्षण तथा अनुगमन प्रभावकारी बनाउनु जरुरी देखिन्छ ।

जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय: झापा, महोत्तरी, सर्लाही र चितवन

तराईका ठूला नदी किनाराहरुमा योजनाबद्ध एवं व्यवस्थित तवरले तटबन्ध निर्माण गर्न "जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम" २०६६।६७ देखि सञ्चालन भइरहेको छ ।

५४. **विस्तृत आयोजना प्रतिवेदन** – जनताको तटबन्ध कार्यक्रम, कार्यविधि, २०६६ मा तटबन्ध निर्माण कार्यलाई दीर्घकालीन सोच अनुरुप योजनाबद्ध तवरले सञ्चालन गरिने र कार्यक्रम सञ्चालन हुने नदीहरुको गुरुयोजनाले निर्दिष्ट गरेका कार्यहरुको अध्ययन गरी नदीको हालको बहावको प्रकृतिसँग मेल खाने किसिमले तटबन्ध निर्माण एवं नियन्त्रणका लागि तयार पारिएको विस्तृत आयोजना प्रतिवेदन अख्तियार प्राप्त अधिकारीबाट स्वीकृति प्राप्त भएपछि मात्र कार्यक्रम सञ्चालनमा आउने व्यवस्था रहेको भए तापनि फिल्ड कार्यालयहरुले सञ्चालन गर्ने योजनाहरुको कार्यक्रम कार्यान्वयनमा आएको अढाई वर्ष वितिसके तापनि स्वीकृत भएको देखिएन ।

यसरी विस्तृत आयोजना प्रतिवेदन स्वीकृतिबेगर कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम स्थल छनौट एवं प्राथमिकीकरण गर्न कठिनाई हुने, प्रस्तावित योजना तथा कार्यक्रमका लागि स्रोत, साधन तथा पूर्वाधारको सुनिश्चितता नहुने स्थिति रहन्छ । कार्यक्रमको उद्देश्य तथा कार्य नीति अनुरुप योजनाबद्ध तवरले कार्यक्रम सञ्चालन गर्न विस्तृत योजना प्रतिवेदन स्वीकृत हुनुपर्ने देखिन्छ ।

५५. **स्रोत व्यवस्थापन** – प्रस्तावित योजना/कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी परिणाममुखी बनाउन एवं लक्षित आन्तरिक आर्थिक प्रतिफल दर हासिल गर्नका लागि आवश्यक स्रोतको सुनिश्चितता हुनुपर्दछ । फिल्ड कार्यालयहरुबाट पेश भएको डी.पी.आर. तथा राष्ट्रिय योजना आयोगबाट स्वीकृत कार्यक्रममा समेत ५ वर्षभित्र सम्पूर्ण काम सम्पन्न गर्ने उल्लेख छ । कार्यक्रमका लागि प्रस्तावित लागत अनुमान रु. २० अर्ब ३९ करोड ३२ लाख ६० हजारको तुलनामा २० प्रतिशतका दरले वार्षिक विनियोजन हुनुपर्नेमा २०६६।६७ मा १.७४ देखि ८.१६ प्रतिशतसम्म मात्र तथा २०६७।६८ मा १.२२ देखि ६.२५ प्रतिशतसम्म मात्र विनियोजन भएको देखिन्छ । यस स्थितिलाई मूल्याङ्कन गर्दा आयोजना तोकिएको समयमा पूरा नहुने अवस्था रहेको छ ।

यसरी कार्यक्रम/योजना अनुरुप बजेट विनियोजन नहुनुमा कार्यक्रमको विस्तृत योजना प्रतिवेदन स्वीकृत नभएको प्रमुख कारण रहेको देखिन्छ । कार्यक्रमको आवश्यकता अनुसार स्रोतको व्यवस्था नहुँदा कार्यसम्पन्न गर्न थप समय लाग्ने तथा समयावधि बढ्दै जाँदा कार्यक्रम/आयोजनाको लागत समेत वृद्धि हुने र त्यसबाट अपेक्षित प्रतिफल प्राप्त नहुने स्थिति देखिन्छ । साथै नदी नियन्त्रण तथा व्यवस्थापनको कार्य टुक्रे रुपमा कार्यान्वयन गर्दा समुचित रुपमा नदी नियन्त्रण कार्य हुन नसक्ने तथा यसबाट अप्रत्याशित रुपमा थप क्षति समेत व्यहोर्नु पर्ने स्थिति आउन सक्ने देखिन्छ ।

तसर्थ उक्त समस्या/सम्भावनाहरुको निराकरण गरी वृहत रुपमा नदी नियन्त्रण गरी धनजनको क्षतिबाट जोगाउन कार्यक्रम/योजना मुताविक आवश्यक स्रोत, साधनको सुनिश्चितता हुनुपर्दछ ।

५६. **नर्म्सको प्रयोग** – कार्यालयहरुले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सिंचाई मन्त्रालयद्वारा जारी इन्जिनियरिङ्ग नर्म्स, सन् २००२ को अनुशरण गर्नुपर्नेमा फिल्ड कार्यालय सर्लाहीले तटबन्ध निर्माणका लागि तटबन्धको माथिल्लो तहमा स्वीट स्वायल राख्ने प्रयोजनका लागि माटो खनी १५ से.मी.को मोटाइमा पुर्ने (कम्प्याक्सन सहित) कार्यका लागि नर्म्स प्रयोग गरी लागत अनुमान गर्नाले खर्च बढ्न गएको देखिन्छ ।

लागत अनुमान स्वीकृत गर्दा तालुक विभागबाट समेत एकै प्रकृतिको कार्यमा फरक/फरक नर्म्सका प्रयोगलाई नियन्त्रण नगर्नाले तथा कार्यालयले पनि उचित ध्यान नदिनाले अदक्ष कामदारको ज्याला प्रतिदिन रु.१७५।– का दरले तटबन्ध निर्माणमा माटो खन्ने, पुर्ने तथा सच्याउने कार्य प्रतिघनमिटर रु.१७१।२४ का दरले लागत कायम हुनेमा बढी कामदार लाग्ने नर्म्स प्रयोग गर्नाले प्रतिघनमिटर रु.२१९।८० (ओभरहेड बाहेक) कायम भई प्रतिघनमिटर कार्यमा रु.४८।५६ बढी लागत पर्न गएको देखिएको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दर अनुसार भुक्तानी गर्नुपर्ने हुनाले लखनदेही र झिम नदी अन्तर्गत तटबन्ध

निर्माणमा साधारण माटो खन्ने र पुर्ने कार्यमा २०६६।६७ मा प्रदान गरिएको कार्यमा क्रमशः रु.२२ लाख ३५ हजार र रु.१७ लाख ६४ हजार समेत जम्मा रु.३९ लाख ९९ हजार बढी व्ययभार पर्न गएको छ ।

५७. **मर्मत सम्भार** – निर्माण गरिएका संरचनाहरुको निर्माणमा त्रुटि भएमा त्रुटि सच्याउने अवधिसम्म सम्बन्धित निर्माण व्यवसायीले सोको जिम्मेवारी लिई सुधार गर्नुपर्दछ । लेखापरीक्षणको सिलसिलामा निर्मित तटबन्धहरुको स्थलगत अवलोकन गर्दा कतिपय स्थानमा रेन कट (वर्षात्को पानी) बाट तटबन्धमा ठूल्ठूला खाडल परेको, रिभेटमेन्ट धसिएको, तारजालीमा खिया लागेको लगायतका अवस्था देखियो । अन्य जिल्लाको तुलनामा महोत्तरी र सर्लाही जिल्ला अन्तर्गत निर्मित तटबन्धमा यस्तो अवस्था बढी देखियो । निर्धारित गुणस्तर तथा मापदण्डका तारजाली प्रयोग नगरिनु, निर्मित संरचनाको आवश्यक मर्मत सम्भार नगरिनु आदि कारणले यस्ता समस्याहरु आएका देखिन्छन् ।

मर्मत सम्भारको अभावमा क्षतिग्रस्त तटबन्ध

धस्सिएको तथा क्षतिग्रस्त तटबन्ध

तसर्थ सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम तथा सम्झौता बमोजिम त्यस्तो स्थितिका संरचनाको मर्मत सम्भार गराई दुरुस्त भएपछि मात्र सम्बन्धित निर्माण व्यवसायीको धरौटी फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ ।

५८. **श्रम प्रधान प्रविधि** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउँदा लोडर, एक्साभेटर, रोलर, डोजर जस्ता मेसिन उपकरण प्रयोग गर्न नमिल्ने तथा त्यस्ता समिति समुदायबाट श्रम प्रधान कार्य मात्र गराउन सकिने प्रावधान छ । त्यस्तै जनताको तटबन्ध कार्यक्रम, कार्यविधि, २०६६ मा आर्थिक एवं प्राविधिक दृष्टिकोणले न्यून लागतमा गुणस्तरयुक्त तथा दिगो किसिमको तटबन्ध निर्माणका लागि हेभी इक्यूप्मेन्ट प्रयोग गरी गरिने कार्य, ग्याबियन तार, जियोटेक्सटाइल, बोल्डर लगायतका निर्माण सामग्रीहरुको व्यवस्थापन एवं गुणस्तरयुक्त तटबन्ध निर्माणका लागि कम्प्याक्सन गर्ने कार्य उपभोक्ता समूहको क्षमताले नभ्याउने हुँदा यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार निर्माण व्यवसायी छनौट गरी गर्नुपर्ने व्यवस्था रहेकोमा ४ वटै फिल्ड कार्यालयहरुले तार, जाली, ढुङ्गा सहितको तटबन्ध (रिभेटमेन्ट), स्पर, स्टड आदि संरचना बनाउने रु.५९ लाख ८६ हजारसम्मका कार्य समेत उपभोक्ता संस्थाहरु मार्फत गरेको पाइयो । साथै तटबन्ध निर्माणको क्रममा उपभोक्ता समितिबाट एक्साभेटर, रोलर, ट्र्याक्टर लगायतका मेसिन, उपकरण प्रयोग हुने गरेको समेत सरोकारवालाहरुसँगको छलफलका क्रममा सम्बन्धित सहभागीहरुबाट जानकारी प्राप्त भयो ।

यसरी नियमावली तथा कार्यविधिको प्रावधानको पालना नहुनुमा अख्तियारी तथा कार्यक्रम ढिला गरी प्राप्त हुँदा ठेक्कापट्टा मार्फत कार्य गराउन समय अभाव रहने, स्थानीय स्तरमा श्रमको उपलब्धता न्यून रहने अवस्था समेत भएकाले मेसिन उपकरणको प्रयोग गर्नु बाध्यता रहेको जस्ता कारण रहेको कार्यालय

व्यवस्थापन तथा सरोकारवालासँगको छलफलका सहभागीहरुले औंल्याएका छन् । त्यसैले नियमावली तथा कार्यविधिको व्यवस्था अनुरुप आर्थिक, प्राविधिक दृष्टिले उपभोक्ता समितिबाट गराउन नसकिने, मेसिन उपकरण प्रयोग हुने कार्य बाहेकका कार्यहरु उपभोक्ता समितिबाट गराउनु पर्दछ र उपभोक्ता समितिबाट गरिने कार्यहरुमा मेसिन उपकरण प्रयोगलाई निरुत्साहित गर्नुपर्दछ ।

५९. **संरचनाको अवस्था** – जलउत्पन्न प्रकोप नियन्त्रण विभागद्वारा जारी कार्यविधि, २०६४ को ४.६ मा योजनाको डिजाइन तथा स्पेशिफिकेशन बमोजिम निर्माण कार्यको गुणस्तर कायम राख्नुपर्ने, यसका लागि समय समयमा निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन गरिने र स्थानीय उपभोक्ता समेतलाई सुपरीवेक्षण कार्यमा सहभागी गराइने व्यवस्था छ । निर्माण कार्यसम्पन्न तथा निर्माणाधीन संरचना (तटबन्ध, रिभेटमेन्ट, स्पर आदि) को भौतिक सुरक्षा तथा दिगोपनाका लागि एवं बाढीबाट हुने कटान रोक्नका लागि समय समयमा नदीको बहाव परितवर्तनको स्थितिको अध्ययन गरी तटबन्ध संरक्षणका लागि स्पर, स्टड, रिभेटमेन्ट, लञ्चिङ्ग एप्रोन लगायतका थप संरचना निर्माणका साथै आवश्यकतानुसार नियमित मर्मत सम्भार गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

५९.१ फिल्ड कार्यालयहरुबाट निर्मित तटबन्धको कतिपय क्षेत्रमा स्थानीयवासीद्वारा गाई वस्तु चरनका लागि प्रयोग गर्नाले तटबन्धमा लगाइएको ग्रास टर्फिङ्ग नष्ट हुने, टर्फिङ्गका लागि प्रयोग गरिएको दुबो, काँस जस्ता वनस्पति जरै समेत काटेर लैजाने, गाई, भैंसीको खुरबाट तटबन्ध भत्किने, काटिने, सर्प, मुसा जस्ता हानिकारक जीव बढी आकर्षित हुने, रहर, मास, परवल लगायतका बाली तटबन्धको स्लोपमा लगाउने गरेको समेत पाइयो । सर्लाही तथा महोत्तरी जिल्लामा यस्तो समस्या अझ बढी रहेको देखियो । प्रभावित क्षेत्रका वासिन्दामा जनचेतनाको कमी, तालिम, प्रशिक्षणको अभाव, उपभोक्ता समितिको सक्रियता तथा निगरानीको कमी जस्ता कारणले यस्ता समस्या आएको देखिन्छ ।

यस स्थितिमा तटबन्धको स्थीरतालाई वर्षात्को पानीले क्षति पुऱ्याउने (रेन कट हुने) अधिक जोखिम रहने हुँदा सोलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रम सञ्चालन, उपभोक्ता समितिको सक्रियता तथा निगरानीलाई प्रभावकारी पार्नुपर्ने देखिएको छ ।

तटबन्धको स्लोपमा रहर खेती

तटबन्धको ग्रास टर्फिङ्गको जरै समेत काटिदै

५९.२ नदी क्षेत्रको संरक्षणका गिट्टी/ढुङ्गा राखी तारजाली सहितको रिभेटमेन्टको कार्य गर्दा ग्याबियन बक्स भित्रको ढुङ्गा ननिस्कने गरी तार जालीको मेश साइज निर्धारण गर्नुपर्दछ । फिल्ड कार्यालय, महोत्तरी अन्तर्गत निर्मित तटबन्धको स्थलगत निरीक्षणको क्रममा जलेश्वर, सिंग्याही लगायतका क्षेत्रमा उपभोक्ता समूह तथा निर्माण व्यवसायीबाट गरिएका रिभेटमेन्टका कार्यमा मेश साइजभन्दा साना आकारका ढुङ्गा भरिएका कारण कतिपय स्थानका ढुङ्गाहरु निस्किएका, निकालिएका, रिभेटमेन्ट धस्सिएका, कतिपय स्थानमा तारजाली पनि काटी लगेको अवस्थामा रहेको पाइयो । सामान्यतया तार जालीको मेश साइज १०×१० से.मी. हुने भए तापनि लागत न्यूनीकरणका लागि १५×१५ से.मी.को मेश साइज राख्नाले यस्तो स्थिति आएको कार्यालयले जनाएको छ । यस्तो स्थितिमा सुधार नभए रिभेटमेन्टको मजबुती कमजोर भई तटबन्ध नै जोखिममा पर्ने देखिन्छ ।

तसर्थ नदीको बहाव तथा निर्माण स्थलको प्रकृति, ढुङ्गा लगायतका निर्माण सामग्रीको उपलब्धता समेतलाई दृष्टिगत गरी ग्याबियन बक्सका लागि उपयुक्त मेश साइज निर्धारण हुनुपर्दछ ।

५९.३ फिल्ड कार्यालय, झापा अन्तर्गत तटबन्ध निर्माण भएका केही स्थानमा स्थलगत निरीक्षण गरिएकोमा ठे.नं. १० अन्तर्गत रंगियाथानमा निर्मित तटबन्धको चेनेज ०+९५० भन्दा पछाडिको भागमा करिब १० मिटर तटबन्ध क्षतिग्रस्त भई त्यहाँबाट कन्काईको पानी गाउँ वस्ती पस्ने तथा गाउँ वस्तीको ड्रेनहरुबाट समेत पानी जमी डुबान हुने स्थिति देखियो । तसर्थ उक्त स्थानमा पक्की ड्रेन आउटलेट बनाउनु पर्ने देखियो । सोही स्थानमा गत वर्ष निर्माण भएको रिभेटमेन्टका कतिपय भाग धस्सिएको देखिएको छ ।

त्यस्तै शरणामती, कुमरखोद लगायतका स्थानमा निर्माण गरिएका तटबन्धमा पर्याप्त ग्रास टर्फिङ्ग नभएका कारण केही स्थानमा तटबन्ध भत्किएको पाइयो भने ती स्थानहरुमा तटबन्ध निर्माणबाट केही जग्गा (करिब ४ हेक्टर) उकास भएको भए तापनि पूर्णरुपमा पानी नसुकी केही स्थानमा वाटर लगीङ्गको समस्या रहेको देखियो । त्यस्तै रतुवा, मावाको पूर्वी तथा पश्चिमी किनारामा पनि केही जग्गा उकास भएको भए पनि खेतीयोग्य अवस्थामा नरहेको र अन्य कुनै प्रयोजनमा ल्याएको पनि देखिएन ।

५९.४ फिल्ड कार्यालय, महोत्तरी अन्तर्गत २०६६।६७ मा नै सम्झौता भएका ठेक्का नं.५ र ६ अन्तर्गत निर्मित तटबन्धको धेरै ठाउँमा रेनकट भएको, तार जालीमा खिया लागेको, तारजालीबाट ढुङ्गा निस्किएको, रिभेटमेन्ट धस्सिएको पाइयो । त्यस्तै दायाँ किनाराको तटबन्धको नेपाल भारत बोर्डरतिर १०० मिटर जति तटबन्धको आधा भाग कटान भई बाँस, बोरा आदिले छेकिराखेको पाइयो । प्रस्तावित मास्टर प्लान अनुसार तटबन्धको उचाई ३.१८ देखि ५.१४ मिटर (रिभर बेडबाट) हुनुपर्नेमा बायाँ (पूर्वी) किनाराको नेपाल–भारत सीमा नजिक करिब १०० मिटर तटबन्धको उचाई करिब १ मिटर मात्र रहेको पाइएकोले बाढीको पानी स्पील ओभर हुने अवस्था देखियो । त्यस्तै २ नं. प्याकेज अन्तर्गत सिंग्याहीमा इन्लेटका लागि बनाइएको ह्यूम पाइप कल्भर्ट क्षतिग्रस्त भएकाले वर्षात्को समयमा बस्तीमा डुबान हुने खतरा रहेको देखियो ।

मापदण्डभन्दा कम उचाईको तटबन्ध

f

क्षतिग्रस्त तटबन्धको अस्थायी संरक्षण

रेनकटबाट क्षतिग्रस्त तटबन्ध

फिल्ड कार्यालय, सर्लाही अन्तर्गत सुन्दरपुर क्षेत्रमा उपभोक्ता समूहद्वारा बनाइएको तटबन्धको माथिल्लो तहमा स्वीट स्वाइल नराखी बलौटे माटो राखेको साथै ग्रास टर्फिङ्ग समेत नगरेको कारणबाट धेरै ठाउँमा रेन कट भई तटबन्ध क्षतिग्रस्त भएको रिभेटमेन्टका लागि प्रयोग गरिएको तार जालीमा खिया लागेको स्थिति देखियो ।

तसर्थ उल्लेखित स्थिति आउन नदिनका लागि निर्मित संरचनाहरुको उचित मर्मत, सम्भार एवं संरक्षणको व्यवस्था, प्रभावित क्षेत्रका स्थानीय उपभोक्ताहरुलाई आवश्यक तालिम, प्रशिक्षणको व्यवस्था एवं कानून, कार्यविधिले तोकेअनुसारको मर्मत सम्भारको व्यवस्था हुनुपर्ने देखिन्छ ।

सुदूर पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं. १ र महाकाली सिंचाई व्यवस्थापन डिभिजन नं.८ कञ्चनपुर (२०६६।६७)

महाकाली सिंचाई आयोजनाद्वारा प्रथम र दोस्रो चरणमा निर्मित सिंचाई प्रणालीको नियमित मर्मत सम्भार गरी कञ्चनपुर जिल्लामा ११ हजार ६०० हेक्टर र कैलाली जिल्लामा ११ हजार ३४२ हेक्टर सिंचाई गर्ने यी दुबै डिभिजनले एशियाली विकास बैङ्कको सहयोगमा सञ्चालित २०६५ भाद्रको बाढीबाट क्षतिग्रस्त सिंचाई प्रणाली पुन:निर्माण गरी कञ्चनपुरको २ हजार ९७९ हेक्टर र कैलालीको ४ हजार ७८३ हेक्टर जमिनमा सिंचाई गर्ने कार्य गरी रहेको छ ।

६०. **बाढीजन्य क्षति पुन: निर्माण** – नेपाल सरकार र एशियाली विकास बैङ्कबीच भएको आयोजना सम्झौता अन्तर्गतको आयोजना व्यवस्थापन समझदारीपत्र अनुसार कैलाली र कञ्चनपुर जिल्ला अन्तर्गतका बाढीबाट क्षतिग्रस्त २ ठूला र २५ साना गरी २७ सतह सिंचाई प्रणालीहरुको पुन: निर्माण गरिने उल्लेख छ । बाढीबाट प्रभावित महाकाली सिंचाई व्यवस्थापन डिभिजन नं.८ को व्यवस्थापनमा रहेको महाकाली सिंचाई प्रणाली अन्तर्गत २,९७९ हेक्टर तथा सुदूरपश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं.१ को व्यवस्थापनमा रहेका २१ सिंचाई प्रणाली अन्तर्गतको ४,७८३ हेक्टर कमाण्ड क्षेत्रका बासिन्दाको आर्थिक क्रियाकलाप यथाशीघ्र पुन: स्थापना गर्ने गरी आयोजनाका क्रियाकलापहरु सञ्चालन गरिने उल्लेख छ ।

६०.१ आयोजना अवधि २५ महिना रहेकोमा १८ महिना अर्थात् ७२ प्रतिशत अवधि व्यतित भइसकेको छ । सिंचाई विकास डिभिजन नं.१ तर्फ सिंचाई प्रणाली पुन:स्थापनाको लागि नहर मर्मत कार्य २०६७ आषाढ मसान्तमा ३८.७५ प्रतिशतमात्र सम्पन्न भएको र एक नयाँ हेडवर्क्स बनाउने कार्य प्रारम्भ नै हुनसकेको पाइएन । त्यस्तै सिंचाई व्यवस्थापन डिभिजन नं.८ तर्फ २६ नयाँ संरचना निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म १८ मात्र अर्थात् ६९.२३ प्रतिशत मात्र निर्माण भएको पाइयो ।

प्रगति न्यून हुनुमा दरवन्दी अनुसारको प्राविधिक जनशक्तिको पूर्ति नहुनु, कार्यक्रम तथा अख्तियारी समयमा प्राप्त नहुनु, सार्वजनिक खरिद प्रक्रिया प्रतिस्पर्धात्मक नहुनु, बाढी, पहिरो आदिले अवरोध पुऱ्याउनु लगायतका कारणहरु रहेको पाइएका छन् ।

दरबन्दी अनुसारको जनशक्तिको परिपूर्ति, समयमा कार्यक्रम तथा अख्तियारी प्रदान, सार्वजनिक खरिदमा सुधारको थालनी लगायतका कार्य हुनुपर्दछ ।

६०.२ समझदारी पत्र अनुसार बाढीबाट क्षतिग्रस्त सिंचाई प्रणालीहरु २०६७ माघसम्ममा सञ्चालनमा आइसक्नु पर्नेमा लेखापरीक्षण अवधि (२०६७ माघ) सम्म सिंचाई विकास डिभिजन नं.१ का बग्धौली, गुर्गी बाँध, एवं पट्रेनी सिंचाई योजनाको प्रमुख निर्माण कार्यहरु चालू रहेकोले १ हजार २४ हेक्टर जमिनमा सिंचाई सञ्चालन हुनसकेको देखिएन । त्यसै गरी मोहना, पथरैया तथा टेडी सिंचाई योजनाहरुमा क्षति भएका केही संरचनाहरुको पनि निर्माण कार्य चालू रहेकोले आंशिकमात्र सिंचाई सुविधा पुगेको देखियो ।

पुन: निर्माण नभएको क्षतिग्रस्त बाँध तथा हेड वर्क्स

६०.३ आयोजना प्रतिवेदनमा सिंचाई प्रणालीहरुअन्तर्गत मुख्य, सहायक तथा ग्रामीण नहर, टर्सरी एवं आउटलेट्स समेतको मर्मत तथा निर्माण कार्य समावेश हुने उल्लेख छ । तर महाकाली सिंचाई प्रणाली अन्तर्गत प्रथम चरणको ब्लक A को ३०० हेक्टर तथा द्वितीय चरणको ब्लक नं.५, ६, ७ र ८ को २,७०० हेक्टर भू–भागमा टर्सरी मर्मत तथा पुन:निर्माण हुन नसकेको कारणबाट सिंचाई प्रणाली सुचारु हुनसकेको पाइएन ।

स्थलगत भ्रमणको क्रममा ब्लक नं.८ अन्तर्गत बाढीले क्षति पुऱ्याएको एउटा टर्सरी पुन:निर्माण नहुँदा करिब २६ हेक्टर जमिन बाँझै रहेको देखियो । उक्त टर्सरीहरु पुन:निर्माण नहुनुमा दातृ निकायले रकम उपलब्ध नगराएको आयोजना व्यवस्थापनबाट जवाफ प्राप्त भएको छ ।

आयोजना प्रतिवेदन अनुसार बाढीबाट क्षतिग्रस्त टर्सरीहरु समेतको पुन:निर्माणको कार्य गराउनुपर्दछ ।

६१. **प्रतिस्पर्धा** – आयोजना अन्तर्गत दुबै डिभिजनबाट विभिन्न निर्माण, पुन:निर्माण तथा संरक्षण कार्यका लागि बोलपत्र माग भएकोमा बोलपत्र बिक्री तथा दाखिला र लागत अनुमान तथा कबुल अङ्कको तुलनात्मक विवरण उदाहरण स्वरुप तल प्रस्तुत छ ।

(रकम रु.हजारमा)

कामको विवरण	बोलपत्र बिक्री संख्या	दर्ता संख्या	लागत अनुमान रकम	सम्झौता रकम	न्यून (प्रतिशत)
(क) सिंचाई विकास डिभिजन नं. १					
१. बग्घौली सिंचाई योजना	१९	२	१,२४,०६	१,२३,१४	०.७४
२. गुर्गी बाँध सिंचाई योजना	१५	२	८३,१८	८२,४५	०.८८
(ख) सिंचाई व्यवस्थापन डिभिजन नं. ८					
१. पी.१३–०६६।६७	१७	१	७८,९६	७८,९४	०.०१८
२. पी–५–०६६।६७	१८	१	५८,०४	५८,०३	०.०२९
३. पी–१४–०६६।६७	१५	२	२०,०४	२०,१२	०.३६५ (अधिक)
४. पी–११–०६६।६७	२३	२	१,१४,६६	१,१४,२२	०.३८

बोलपत्र बिक्रीको तुलनामा न्यून संख्यामा मात्र दर्ता हुने र कबोल अङ्क लागत अनुमानको हाराहारीमा प्राप्त भई सोहीबमोजिम सम्झौता हुने गरेबाट प्रतिस्पर्धा सीमित हुन गएको पाइयो । यसरी प्रतिस्पर्धा न्यून/सीमित हुँदा सार्वजनिक खरिद कार्यको लागतमा वृद्धि भई मितव्ययिता कायम नहुने, अपेक्षित गुणस्तर कायम गर्न कठिनाई हुने, सक्षम, योग्य एवं दक्ष निर्माण व्यवसायीहरु सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुनबाट वञ्चित हुनसक्ने लगायतका असरहरु पर्नसक्ने देखिन्छ ।

६२. **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ । डिभिजन नं.८ ले बोलपत्रको माध्यमबाट गराएका केही निर्माण कार्यमा निर्माण व्यवसायीले लागत अनुमानभन्दा ६३.२४ प्रतिशतसम्म न्यून अङ्क कबोल गरी उक्त कार्यसम्पन्न गरेको देखियो । स्वीकृत लागत अनुमान रु.६४ लाख ९३ हजार रहेको एक ठेक्काको कार्य एक निर्माण व्यवसायीले रु.२३ लाख ८७ हजार कबोल गरी निर्माण कार्य सम्पन्न भएको कार्यसम्पन्न प्रतिवदेनबाट देखिन्छ ।

यसरी न्यून लागतमा कार्य सम्पन्न हुनुमा लागत अनुमान त्रुटिपूर्ण रहेको वा निर्धारित गुणस्तरमा कार्य नभएको हुनसक्ने देखिन्छ । यथार्थ लागत अनुमान तयार नहुँदा कार्यको लागत तथा समय वृद्धि हुने, निर्धारित एवं अपेक्षित गुणस्तर कायम नहुने सम्भावना रहेकोले सार्वजनिक निर्माण कार्य मितव्ययी, एवं गुणस्तरयुक्त बनाउनका लागि स्वीकृत नर्म्स एवं इन्जिनियरिङ्ग मापदण्डमा आधारित यथार्थ लागत अनुमानको तयारी तथा प्रभावकारी अनुगमन/मूल्याङ्कन हुनुपर्दछ ।

६३. **सिंचाईप्रणाली तथा व्यवस्थापन** – सिंचाईप्रणालीको प्रभावकारी एवं नियमित सञ्चालनका लागि प्रणाली अन्तर्गतका संरचनाहरुको नियमित मर्मत/सम्भार, कमाण्ड क्षेत्रमा पर्याप्त शाखा, प्रशाखा नहर (टर्सरी), आउटलेट्सको व्यवस्था, कृषकको माग अनुसार पानीको आपूर्ति लगायतका व्यवस्था हुनुपर्दछ । सिंचाईप्रणाली तथा यसको व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

६३.१ नेपाल र भारतबीच सन् १९२० मा भएको सम्झौताबमोजिम महाकाली नदीमा भारतले बनाएको शारदा व्यारेजबाट नेपाललाई हिउँद याममा १५० क्यूसेक तथा वर्षायाममा ४६० देखि १००० क्यूसेकसम्म पानी

उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको देखिन्छ । महाकाली सिंचाईप्रणालीमा विगत ३ वर्षको पानीको माग तथा आपूर्तिको स्थिति अध्ययन गर्दा हिउँदमा कृषकको माग १५० क्यूसेक रहेकोमा १४० क्यूसेकमात्र पानी आपूर्ति भएको देखियो ।

मूल नहरको दूरी लामो रहेकोले अत्यधिक चुहावट भई दोस्रो चरणमा पानीको न्यून आपूर्ति हुने गरेको, आयोजनाको डिजाइन तथा कमाण्ड क्षेत्रको आवश्यकतानुसार टर्सरीहरु निर्माण नभएको, भएका टर्सरीहरुमा पनि आउटलेट्स नभएको, प्रथम तथा दोस्रो चरणबीच तथा सम्बन्धित चरणका ब्लकहरुबीच समेत आवश्यक समन्वयको अभावका कारण पानी लगाउनलाई व्यवस्थित आलोपालो प्रणाली नरहेको, कहिलेकाहीं धान रोप्ने बेलाको सट्टा धान काट्ने बेला पानी पठाई दिने लगायतका समस्याहरु देखिएकोले उपर्युक्त स्थितिमा सुधार ल्याई सम्झौता अनुसार समयमै पानीको आपूर्ति हुने आवश्यक व्यवस्था हुनुपर्दछ ।

६३.२ नहरमा जमेको/भरिएको सिल्ट एवं नियमित मर्मत सम्भारको अभावले गर्दा नहरप्रणाली पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेको देखिँदैन । मूल नहरको पानी बहाव क्षमताप्रथम चरणमा १ हजार क्यूसेक र दोस्रो चरणमा ३५० क्यूसेक रहेकोमा हाल बहाव क्षमता ह्रास भई क्रमशः ६५० क्यूसेक र ३०० क्यूसेक रहेको देखिन्छ । सिल्ट एक्स्क्लुडर तथा इजेक्टर जडान नभएको, नियमित मर्मत सम्भार कार्य हुन नसकेको, मर्मत सम्भारका लागि बजेट अपर्याप्त जस्ता समस्या देखिएकोले उक्त समस्या समाधान गरी पूर्ण क्षमतामा नहर प्रणाली सञ्चालन गरिनुपर्दछ ।

६३.३ सिंचाईप्रणालीको सुचारु सञ्चालन तथा प्रभावकारी व्यवस्थापनका लागि नियमित मर्मत सम्भार तथा सोको लागि पर्याप्त स्रोत साधन, जनशक्ति तथा मेसिन उपकरणको व्यवस्था हुनुपर्दछ । महाकाली सिंचाई व्यवस्थापन डिभिजनको लागि सिल्ट निकाल्न प्रयोग हुने ड्रगलेन मेसिन तथा एक्साभेटर २–२ आवश्यक पर्नेमा १–१ मात्र रहेको, जीप ४ आवश्यक पर्नेमा २ मात्र रहेको, थियोडोलाइट ४ रहेकोमा एउटा पनि चालु हालतमा नरहेको, लेभलिङ्ग मेसिन ११ मध्ये ४ मात्र चालु हालतमा रहेको तथा डम्प ट्रक २ मध्ये १ मात्र चालु अवस्थामा रहेको देखिन्छ । पर्याप्त स्रोत, साधन तथा नियमित मर्मत सम्भारको अभावमा नहरहरुमा सिल्ट जमी नहरको क्षमतामा ह्रास आउने, नहर तथा मेसिन/औजारको मर्मत सम्भार लागतमा वृद्धि हुने, मेसिन/औजार काम नलाग्ने स्थितिमा पुग्नसक्ने भएकोले अपुग साधन खरिद तथा उपलब्ध उपकरणको मर्मत सम्भार गरी सिंचाई प्रणाली व्यवस्थापनको लागि नियमित तयारी हुनुपर्दछ ।

६३.४ आयोजनाको प्रथम तथा दोस्रो चरण अन्तर्गतका कमाण्ड क्षेत्रको कुनै भागमा आवश्यकतानुसार पानी उपलब्ध नहुने तथा केही भाग बाह्रै महिना डुबानमा परी सीमसार क्षेत्रमा परिणत हुने समस्या रहेको पाइयो । प्रथम चरणको करिब १५० हेक्टर तथा दोस्रो चरणको करिब ४०० हेक्टर क्षेत्र डुबानमा परी खेती गर्न नमिल्ने अवस्थामा पुगेको देखियो । आवश्यकतानुसार नालीहरुको निर्माण नहुनु, भएका नालीहरुको नियमित मर्मत/सम्भार नहुनु, बाढीबाट क्षति भएका नहर तथा नालीहरुको पुनःनिर्माण भइनसक्नु, दोस्रो चरणमा टर्सरीहरु अधुरा रहेकाले अव्यवस्थित तवरले नहर काटी पाइप, ह्यूमपाइप जडान गर्नु, मूल नहर एवं शाखा प्रशाखा नहरमा चुहावट हुनु, पानी निकासको उचित व्यवस्था नहुनु आदि कारण रहेका देखिन्छन् । यस्तो समस्या समाधानका लागि आवश्यकतानुसार नालीहरुको निर्माण/पुनःनिर्माण, चुहावटको रोकथाम एवं डुबान क्षेत्रमा आवश्यकतानुसार निकासहरुको निर्माण हुनुपर्ने देखिन्छ ।

डुवानबाट प्रभावित क्षेत्र

६४. **भू–उपयोग** – महाकाली सिंचाई आयोजनाको प्रथम चरण अन्तर्गतको कमाण्ड क्षेत्रमा अव्यवस्थित शहरीकरण तथा घडेरी विकास प्रक्रियामा तीव्रता आई खेतीयोग्य जमिनको ह्रास हुँदै गएको अतिरिक्त शाखा, प्रशाखा नहरहरुमा अतिक्रमण भई पानी प्रवाहमा अवरोध पुगेको तथा केही टर्सरीहरु पूर्णरुपमा पुरिई नष्ट समेत भएको बुझिन आयो । स्थलगत भ्रमणको क्रममा ब्लक बी अन्तर्गत सिद्धनाथ बहुमुखी क्याम्पस

नजिकको टर्सरी पूर्णरुपमा नष्ट भई सडकमा परिणत भएको देखियो । प्रथम चरण अन्तर्गतको अधिकांश भाग नगरपालिका क्षेत्रभित्र पर्ने तथा जग्गा विकास तथा व्यवस्थित शहरीकरणका सम्बन्धमा सम्बन्धित निकायको आवश्यक निगरानीको अभावका कारण यस्ता क्रियाकलापमा तीब्रता आएको देखिन्छ । भू–उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा नआएकोले खेतीयोग्य जमिनको ह्रास हुँदै गएबाट सिंचाइमा गरिएको लगानी निरर्थक हुने स्थिति रहेकोले भू–उपयोग नीति तर्जुमा एवं कार्यान्वयन गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

६५. **बाली सघनता** – सिंचाई योजनाको प्रभावकारिताको लागि बाली सघनताको अपेक्षित स्तर प्राप्त हुनुपर्दछ । महाकाली सिंचाई आयोजना निर्माणको क्रममा प्रथम तथा द्वितीय दुबै चरण अन्तर्गत २५० प्रतिशत बाली सघनता प्राप्त हुने अर्थात एउटै जग्गामा वर्षमा २.५ पटक खेती हुने अपेक्षा रहेको पाइन्छ । तर डिभिजनबाट प्राप्त विवरण अनुसार प्रथम चरणमा २०० प्रतिशत तथा दोस्रो चरणमा १७५ प्रतिशतमात्र बाली सघनता रहेको देखियो । यसरी अपेक्षा गरिए अनुरुप बाली सघनता हासिल नहुनुका कारणमा मलखाद तथा बीउको कमी, द्वितीय चरणका केही टर्सरीहरु अधुरै रहनु, कमाण्ड क्षेत्रमा पर्याप्त मात्रामा पानी नपुग्नु आदि रहेका देखिन्छन् । बाली सघनताको अपेक्षित स्तर प्राप्त नहुँदा उत्पादन तथा उत्पादकत्वमा न्यूनता आई समग्रमा सिंचाईप्रणालीको प्रभावकारितामा नै असर पर्दछ । अपेक्षित बाली सघनताको स्तर प्राप्त गर्नका लागि अधुरा टर्सरी निर्माण गरी पानी प्रवाहलाई सुचारु तथा नियमित बनाउने, सरोकारवाला एवं अन्य निकाय समेतको समन्वयमा समयमै मलखाद तथा बीउ पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था हुनुपर्दछ ।

६६. **जल उपभोक्ता समूह** – सिंचाई नियमावली, २०५६ को नियम ३(१) मा सिंचाईप्रणाली व्यवस्थापन गर्न समावेशी उपभोक्ता समिति गठन, नियमित प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने र समिति नवीकरण गर्नुपर्ने व्यवस्था छ ।

६६.१ लेखापरीक्षणका लागि छनौट भएका २ डिभिजनमा जल उपभोक्ता संस्था दर्ता तथा नवीकरणको स्थिति अध्ययन गर्दा डिभिजन नं.१ अन्तर्गत हालसम्म ५१ उपभोक्ता समूह दर्ता भएकोमा २ मात्र नवीकरण भएको देखिन्छ । दर्ता भएका ५१ मध्ये २ ले मात्र आफुले उपभोक्तालाई उपलब्ध गराएको सेवा विवरण सहितको प्रतिवेदन पेश गरेको तथा ३६ ले मात्र आर्थिक विवरण पेश गरेको पाइयो । यसरी यस डिभिजनका अधिकांश उपभोक्ता समूह निष्क्रिय रहेको पाइएकोले त्यस्ता समूह/संस्था परिचालन गरी नियमावलीका प्रावधानहरु पालना गराउनेतर्फ डिभिजन कार्यालयले पनि आवश्यक पहल गरेको देखिएन ।

६६.२ महाकाली सिंचाई व्यवस्थापन डिभिजन नं.८ तर्फ दोस्रो चरण अन्तर्गत २५२ टर्सरी लेभलका समिति गठन हुनुपर्नेमा २२७ मात्र गठन भएको देखियो । प्रथम तथा द्वितीय दुबै चरण अन्तर्गत गठित टर्सरी समितिहरुले आर्थिक विवरण तथा सेवा प्रवाह सहितको वार्षिक प्रतिवेदन पेश गर्ने गरेको देखिएन । प्रथम चरण अन्तर्गतका ५ ब्लक तथा द्वितीय चरण अन्तर्गतका ४ ब्लकमा ब्लक लेभलका ९ उपभोक्ता समूह गठन भएको भए तापनि कतिपय कार्य समितिमा नियमावलीको प्रावधानबमोजिम महिला, दलित तथा जनजातिको उचित प्रतिनिधित्व हुन नसकेको, समितिहरु गठन गर्दा सरोकारवालाहरुको भेला हुने नगरेको तथा समयमा वार्षिक साधारण सभाहरु हुने नगरेको जानकारी सरोकारवालासँगको छलफलबाट प्राप्त भएको छ । उदाहरणको लागि पहिलो चरण अन्तर्गत ७ सदस्यीय एक ब्लक समितिमा १ मात्र एवं दोस्रो चरण अन्तर्गत ब्लक नं.७ तथा ८ दुबैमा ७ सदस्यीय कार्य समितिमा क्रमश: १ र २ मात्र महिलाको प्रतिनिधित्व रहेको पाइयो ।

समूहहरु प्रशिक्षित नहुनु तथा अनुगमन निरीक्षण प्रभावकारी नहुनु, र केही टर्सरी निर्माण नै हुन नसक्नुको कारण उपर्युक्त समस्या देखिएकोले उपभोक्ताहरुको क्षमता विकास र चेतना अभिवृद्धि गर्दै प्रभावकारी अनुगमनको व्यवस्था हुनुपर्दछ ।

६६.३ सिंचाई नियमावली, २०५६ मा कृषकहरुको सहभागितामा उपभोक्ता संस्थाको संस्थागत विकास कार्ययोजना, बाली व्यवस्थापन कार्ययोजना र जल व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । दुबै डिभिजन अन्तर्गत गठित कुनै पनि उपभोक्ता संस्थाहरुले कार्ययोजनाहरु तयार गर्ने गरेको पाइएन । कार्ययोजनाहरु तयार नहुनुमा सम्बन्धित उपभोक्ता संस्थाहरुमा नियमावलीको प्रावधानहरुको पर्याप्त जानकारीको अभाव तथा सम्बन्धित

डिभिजन कार्यालयहरुको अनुगमनको कमी लगायतका कारण रहेको पाइन्छ । आवश्यक कार्ययोजनाहरु तयार नगर्दा नियमावलीको उद्देश्य हासिल गर्न कठिनाई हुने भएकोले प्रत्येक उपभोक्ता समितिको जल व्यवस्थापन कार्ययोजना तयार गर्न दुबै डिभिजनले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

६७. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ८ कार्यालयबाट रु.१ लाख २८ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ५ कार्यालयबाट रु.१३ हजार र सम्परीक्षणको क्रममा रु.८ लाख ८४ हजारसमेत रु.१० लाख २५ हजार असुल भएको छ ।

६८. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ५८ कार्यालयको रु.५३ करोड २३ लाख ८१ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ५ कार्यालयबाट रु.१ करोड ८१ लाख ३४ हजार(आंशिक) फछ्यौंट गरी ५७ कार्यालयको रु.५१ करोड ४२ लाख ४७ हजार पेश्की देखिएको छ । गत विगतको समेत कुल रु.८९ करोड ७९ लाख ७२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

६९. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

६९.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयतर्फ यो वर्ष रु.८४ करोड ६१ लाख ५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१५ करोड ४२ लाख २७ हजार फछ्यौंट गरेकोले रु.६९ करोड १८ लाख ७८ हजार बाँकी रहेको छ ।

६९.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.३७ करोड ४१ लाख ५१ हजार बेरुजू फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

६९.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.१९ करोड ९७ लाख फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.५७ करोड ३८ लाख ५१ हजारमध्ये रु.५६ करोड ५३ लाख २८ हजार सरकारी कार्यालयतर्फ र अन्यतर्फ रु.८५ लाख २३ हजार (साविक जलस्रोत मन्त्रालय अन्तर्गत नेपाल विद्युत प्राधिकरणतर्फको) रहेको छ ।

सूचना तथा सञ्चार मन्त्रालय

मन्त्रालय र मातहत समेत ९५ कार्यालयको विनियोजनतर्फ रु.२ अर्ब ४२ करोड ६३ लाख ५२ हजार, राजस्वतर्फ रु.१ अर्ब ९१ करोड ८६ लाख ९४ हजार, धरौटीतर्फ रु.५ करोड २३ लाख ४५ हजार र अन्य कारोबारको रु.२ करोड ३४ लाख २९ हजार समेत कुल रु.४ अर्ब ४२ करोड ८ लाख २० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, समिति, अन्य संस्था १२ को रु.८ अर्ब ५२ करोड ८६ लाख ८ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ प्रेस काउन्सिलबाट विभिन्न समूहमा वर्गीकरण भएका पत्रिकाहरुलाई लोककल्याणकारी सरकारी विज्ञापन प्रकाशन गर्न अनुदान शीर्षकबाट सूचना विभागले २०६३।६४ देखि २०६६।६७ सम्ममा रु.११ करोड ७३ लाख २२ हजार र यो वर्ष रु.८ करोड ४८ लाख ३० हजार समेत रु.२० करोड २१ लाख ५२ हजार खर्च गरेको छ । यो वर्ष विभिन्न एफ.एम. रेडियो र टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापत २०६८।३।२४ मा एकमुष्ट रु.१ करोड ६८ लाख ६३ हजार मन्त्रालयले भुक्तानी गरेको छ । प्रसारण गर्ने निकायको अभिलेख राखी अनुगमन गरेको छैन । लोककल्याणकारी विज्ञापन प्रकाशन प्रसारण गर्न रकम वितरण गर्ने मापदण्ड तर्जुमा गरेको छैन ।

१.२ अन्तर्राष्ट्रिय डाँक सञ्चालनबाट यो वर्ष रु.६ करोड १ लाख ४८ हजार राजस्व प्राप्त भएको छ । हुलाक सेवा विभाग र अन्तर्राष्ट्रिय हुलाक कार्यालयबीच इम्ब्यालेन्स चार्ज, इएमएस, पार्सल, एयरमेल, टर्मिनल ड्यूजबाट प्राप्त हुनुपर्ने रकम, नेपालले माग गरेको रकम र प्राप्तिको अद्यावधिक अभिलेख हुलाक सेवा विभागले राखेको पाइएन । विभिन्न मुलुकसँग लिनु दिनुपर्ने यस्ता शुल्क वर्ष व्यतित भएको ६ महिनाभित्रमा दावी गर्नुपर्ने अन्तर्राष्ट्रिय व्यवस्था छ । लिनु दिनुपर्ने शुल्कको अभिलेख तयार गरी माग गर्नुपर्ने रकम माग गरेको छैन ।

१.३ आर्थिक ऐन, २०६७ को अनुसूची ५ मा नेपालमा प्रदर्शनी हुने विदेशी चलचित्रहरुमा लिइने चलचित्र विकास शुल्क आन्तरिक राजस्व विभागले असुल गरी १० प्रतिशत प्रशासनिक कार्यमा खर्च गर्ने र ९० प्रतिशत चलचित्र विकास बोर्डमा पठाउने व्यवस्था छ । यो वर्ष बोर्डलाई रु.२ करोड.४१ लाख ९२ हजार प्राप्त भएको छ । चलचित्र विकास शुल्कबापत उठनुपर्ने, असुल भएको र बाँकीको अद्यावधिक अभिलेख राखेको छैन ।

बोर्डले चलचित्र विकास शुल्कको २५ प्रतिशत प्रशासनिक कार्यमा खर्च गर्नपाउने व्यवस्था ऐनले गरेकोमा यो वर्ष प्राप्त रकमको २५ प्रतिशतले हुने रु.६० लाख ४८ हजार खर्च गर्नुपर्नेमा रु.७१ लाख ८६ हजार खर्च गरी रु.११ लाख ३८ हजार बढी खर्च गरेको छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **इजाजत** – मन्त्रालयबाट हालसम्म ३४ टेलिभिजन, ७३० केवल नेटवर्क र ४०९ एफ.एम.रेडियोले प्रसारणको इजाजतपत्र प्राप्त गरेको देखिन्छ । ती निकायहरुको इजाजत, नवीकरण लगायतको अद्यावधि अभिलेख नराखेको, मन्त्रालयबाट कार्यप्रणालीको नियमित अनुगमन तथा मूल्याङ्कन भएको नदेखिएको र प्रसारण शुल्क नबुझाउनेसँग लेखापरीक्षण प्रतिवेदन लिई लाग्ने दस्तुर असुल गर्न कारबाही अगाडि बढाएको पाइएन ।

३. **अभिलेख तथा असुली** – राष्ट्रिय प्रसारण (चौथो संशोधन) नियमावली, २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको कुल आम्दानीको दुई प्रतिशत वा वार्षिक कुल नाफाको दश प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । सोबमोजिम कार्यक्रम प्रसारण गर्ने संस्थामध्ये राजस्व बुझाउने र नबुझाउनेहरुको अद्यावधिक अभिलेख राखेको छैन । यसबाट उठ्नुपर्ने राजस्व यकिन हुनसक्ने अवस्था भएन । यो वर्ष लेखापरीक्षण प्रतिवेदन पेश गर्ने केही संस्थाको विवरण परीक्षण गर्दा नियमको उपर्युक्त व्यवस्थाबमोजिम बुझाउनुपर्ने प्रसारण शुल्क नबुझाएको, बुझाउनेले पनि पूरा नबुझाई आंशिकमात्र बुझाएको पाइयो ।

३.१ नेपाल टेलिभिजनले मन्त्रालयमा पेश गरेको वित्तीय विवरणको आधारमा २०४८।४९ देखि २०६५।६६ सम्म कुल आम्दानी रु.२ अर्ब ५४ करोड ९७ लाख १२ हजारको ४ प्रतिशतले हुने रु.१० करोड १९ लाख ८८ हजार र २०६६।६७ को कुल नाफा रु.२३ करोड ५ लाख को १० प्रतिशतले रु.२ करोड ३० लाख ५० हजार समेत रु.१२ करोड ५० लाख ३८ हजार प्रसारण तथा वितरणबापतको रोयल्टी असुल गरेको छैन । यसैगरी रेडियो नेपालको २०६६।६७ को विक्री रु.९ करोड ५ लाख ४७ हजारको २ प्रतिशतले हुने रु.१८ लाख ११ हजार रोयल्टी असुल गरेको छैन ।

३.२ एक कम्पनीले पेश गरेको वित्तीय विवरणअनुसार २०५९।६० देखि २०६५।६६ सम्मको प्रसारण शुल्क रु.२ करोड ५ लाख २७ हजार असुल गरेको छैन । सो कम्पनीले २०६६।६७ को हिसाब पेश नगरेकाले आय विवरण पेश गर्न लगाई छुट रोयल्टी असुल गर्नेतर्फ ताकेता गर्नुपर्दछ ।

विभिन्न ३ कम्पनीले पेश गरेको आर्थिक विवरणअनुसार २०६६।६७ को कुल नाफाको १० प्रतिशतले रु.१ करोड १८ लाख ५९ हजार प्रसारण शुल्कबापत बुझाउनुपर्नेमा रु.४५ लाख ७१ हजारमात्र बुझाएकोले कानूनले तोकेभन्दा घटी दाखिला गरेको रु.७२ लाख ८८ हजार असुल गर्नुपर्दछ ।

४. **अनुमति, नवीकरण, रोयल्टी र फ्रिक्वेन्सी** – नेपाल सरकारको कार्य विभाजन नियमावली, २०६४ को नियम ३ अनुसूची १(१९) अनुसार फ्रिक्वेन्सी वितरण, व्यवस्थापन र सोको अनुगमन गर्ने कार्य मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ । फ्रिक्वेन्सी नीति निर्धारण समितिले अन्तर्राष्ट्रिय दूरसञ्चार संघले बाँडफाँड गरेको फ्रिक्वेन्सीको आधारमा रेडियो तथा दूरसञ्चार सेवाको लागि प्रयोग हुने फ्रिक्वेन्सी वितरण गर्ने व्यवस्था गरेको छ । दूरसञ्चारतर्फको फ्रिक्वेन्सी वितरण गर्दा प्रयोगकर्तालाई शर्त तोक्ने, अनुगमन गर्दा अनुमतिपत्रमा उल्लेख भएबमोजिम नगरेकोमा मनासिव समय दिई प्रिक्वेन्सी प्रयोग गर्न लगाउने र सो अनुरुप नगरेमा प्रयोगमा रोक लगाउने एवं फ्रिक्वेन्सी प्रयोग गर्दा तोकिएबमोजिमको दस्तुर बुझाउनुपर्ने व्यवस्था दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०५४ ले गरेको छ ।

मन्त्रालयले यो वर्ष आर्जन गरेको कुल राजस्व रु.१ अर्ब ६९ करोड ७० लाख ९९ हजारमध्ये फ्रिक्वेन्सी प्रयोग गरी सेवा सञ्चालन गर्ने विभिन्न निकायबाट रु.१ अर्ब ४४ करोड ३९ लाख ९६ हजार (८५.०७ प्रतिशत) फ्रिक्वेन्सी वितरण र सञ्चालनबाट प्राप्त भएको आर्थिक विवरणबाट देखिन्छ । फ्रिक्वेन्सी वितरण सम्बन्धी उपलब्ध सूचना तथा जानकारीको आधारमा देखिएका व्यहोरा निम्नअनुसार छन्:

४.१ दूरसञ्चार ऐन, २०५३ को दफा २४(५) अनुसार निवेदन प्राप्त भएको मितिले ९० दिनभित्र अनुमति दिनुपर्ने व्यावस्था छ । एक कम्पनीलाई २०५७।७।१५ मा लेटर अफ इन्टेन्ड प्रदान गरिएकोमा ४ वर्षसम्म फ्रिक्वेन्सी निष्क्रिय राखी २०६१।५।१६ मा मात्र अनुमतिपत्र प्रदान गरेको छ । समयमा अनुमतिपत्र नदिएको कारणले नवीकरण शुल्कबापत प्राप्त हुनुपर्ने २० अर्ब लगायतका अन्य दस्तुर समेत ४ वर्षपछिमात्र प्राप्त हुने स्थिति श्रृजना भई राजस्व प्राप्तिमा समेत प्रभाव परेको देखियो ।

सुरु अनुमति अवधि १० वर्ष र पछि नवीकरण ५ वर्षको प्रस्ताव गरी बोल कबोल गर्दा अनुमतिपत्र दस्तुर रु.२५ करोड २३ लाख र रोयल्टी दस्तुर रु.३ अर्ब ९२ करोड ९८ लाख कबोल गर्ने अर्को टेलिकम कम्पनीलाई लाइसेन्स प्रदान नगरी उक्त कम्पनीको कबोल अङ्क अनुमतिपत्र दस्तुर रु.२१ करोड र रोयल्टी दस्तुर रु.३ अर्ब ९० करोड २८ लाखमात्र भएपनि नवीकरण दस्तुर लगायतका अन्य शुल्कको गणनाबाट प्रस्ताव स्वीकृत गरी अनुमति दिएको देखिन्छ । सम्झौतामा नवीकरणबापत रु.२० अर्ब प्राप्त हुने उल्लेख छ ।

सामान्य व्यावसायिक कारोबारमा लाइसेन्सको नवीकरण स्वैच्छिक हुने भए तापनि यो प्राइभेट लिमिटेडले अनुमतिपत्र, नवीकरण र रोयल्टीको एकीकृत हिसाबबाट राज्यलाई बुझाउने राजस्व बढी कबोल गरेकोले नवीकरण अनिवार्य (मेन्डेटरी) हुने हुँदा नवीकरण दस्तुरको समेत लगत राखेर राजस्व दाखिलाको व्यावसायिक योजना साथ कारोबार सुचारु गर्न नेपाल दूरसञ्चार प्राधिकरणले सहजकर्ताको भूमिका निर्वाह गरेको पाइएन । सम्झौतामा उल्लेख भएअनुसार नवीकरण गर्न अझै केही वर्ष बाँकी रहे तापनि नवीकरणबापत बुझाउनुपर्ने रु.२० अर्बको स्रोत सम्बन्धमा उक्त कम्पनीले वित्तीय विवरणमा कुनै रकम व्यवस्था गरेको देखिएन । यस्तो कारोबारबाट उठ्नुपर्ने राजस्व जोखिममा पर्न नदिन समयमै आवश्यक पहल गर्न जरुरी छ ।

- सोही कम्पनीलाई १ सेप्टेम्बर २००४ मा लाइसेन्स जारी गर्दा कम्पनीको निवेदनअनुसार नै हुने गरी बुँदा १३ मा दफा १५(X) को आधारमा कबुल गरेको रोयल्टी वा कुल आयको ४ प्रतिशतले जुन बढी हुन्छ सो रकम दाखिला गर्नुपर्ने गरी लाइसेन्स जारी गरेको छ । सोअनुसार कम्पनीको तिर्नुपर्ने राजस्वको गणना गर्दा २०६१।६२ देखि २०६७।६८ सम्म रु.२ अर्ब १० करोड ७० लाख हुनेमा रु.१ अर्ब ४६ करोड ७९ लाख २७ हजारमात्र दाखिला गरेको विवरण पेश गरेको छ । प्रत्येक वर्ष दाखिला गर्नुपर्ने रोयल्टी रकममध्ये रु.६३ करोड ९० लाख ७३ हजार दाखिला गरेको छैन । दाखिला गर्नुपर्ने रोयल्टी अदालतमा विचाराधीन रहेकोमा सर्वोच्च अदालतको २०६८।११।२३ को पत्रबाट अनुमतिपत्रको शर्तबमोजिम नै रोयल्टी बुझाउनुपर्ने निर्णय भएको जानकारी प्राप्त भएको तर निर्णयको प्रति प्राप्त नभएकोले निर्णयको कपी प्राप्त भएपछि रोयल्टी रकम उठाउने प्रक्रिया अघि बढाइने जानकारी प्राप्त भएको छ ।

- सुरुमा लाइसेन्स जारी गर्दा उक्त कम्पनीलाई जी.यस.यम. सेलुलर मोबाइल सेवा (जी.एस.एम.९००) को २×६ मेगाहर्ज व्याण्डवीथ क्षमताको फ्रिक्वेन्सी दिई सम्झौता गरेको थियो । सम्झौताभन्दा थप क्षमता वृद्धि गर्दा अनुपातिक हिसाबले लाग्ने शुल्क थप गर्नुपर्नेमा बिना शुल्क २०६४।४।१३ मा सोही व्याण्डबाट २×२ मेगाहर्ज थप गरेको र (जी.एस.एम.१८००) को २×९ मेगाहर्ज र २×२ मेगाहर्जको व्याण्डवीथ क्षमता २०६२।३।१४ र २०६४।४।१३ मा समेत थप गरेको छ । सोको अतिरिक्त ३.जी. दस्तुर तथा शुल्क निर्धारणबेगर २०६४।४।१३ देखि हालसम्म नि:शुल्क उपलब्ध गराएको पाइयो । सुरु सम्झौतामा उल्लेख भएभन्दा बढी क्षमताको २जी. को लाईसेन्स र पृथकरुपमा रहेको ३ जी.को लाइसेन्स दिँदा दूरसञ्चार ऐन, २०५३ को दफा २२ अनुसार अनुमतिपत्रको लागी निवेदन दिने सूचना प्रकाशन गर्नुपर्नेमा नगरी र दूरसञ्चार नियमावली, २०५४ को नियम १०(२) अनुसार प्राप्त हुनुपर्ने अनुमतिपत्र दस्तुर, नवीकरण र रोयल्टीलाई बेवास्ता गरी बिना शुल्क उपलब्ध गराउँदा अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, रोयल्टी र फ्रिक्वेन्सी दस्तुर समेतको राजस्व छुट भएको अवस्था देखियो । यस सम्बन्धमा छानबिन गरी छुट दस्तुर असुल गर्ने व्यवस्था गरिनुपर्दछ । यसमा ३ जी. फ्रिक्वेनसीको हकमा फ्रिक्वेन्सी नीति निर्धारण समितिले तोकिएको फ्रिक्वेन्सी दस्तुर बुझाउनुपर्ने शर्तमा फ्रिक्वेन्सी उपलब्ध गराइएको भन्ने जवाफ प्राप्त भएको छ तापनि ३ जीको फ्रिक्वेन्सी दस्तुर निर्धारणको कार्य हालसम्म भएको छैन ।

४.२ मन्त्रिपरिषद्को २०५५।१२।१५ को निर्णयलाई आधार मानी नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकम प्राइभेट लिमिटेड (साविक नेपाल दूरसञ्चार संस्थान) बीच जी.यस.यम.मा आधारित सेलुयर मोबाइल सेवा सञ्चालनको लागि २०५६।१।२९ मा सम्झौता भई १० वर्षका लागि अनुमति प्रदान गरिएको थियो । उक्त सम्झौतामा ग्लोबल टेण्डरबाट मोबाइल सेवाको अनुमति प्राप्त गर्ने कम्पनीले कबोल गर्ने अनुमतिपत्र, रोयल्टी र नवीकरण दस्तुर नेपाल टेलिकम कम्पनीको हकमा पनि लागू हुने गरी दुवै पक्षको सहमतिमा सम्झौता भएको थियो । नेपाल दूरसञ्चार प्राधिकरणले २०५६।११।२५ मा बोलपत्र गर्दा बढी कबोल गर्ने कम्पनीको अनुमतिपत्र दस्तुरबापत सकारेको रु.२१ करोड नेपाल टेलिकमले पनि तिरेको छ । तर १० वर्षपछिको नवीकरण दस्तुर रु.२० अर्ब लिई नवीकरण गर्नुपर्नेमा निजी क्षेत्रको सेवाप्रदायकले तिरेपछिमात्र तिर्ने गरी २०६६ बैशाखमा रु.१८ करोड ९० लाख अग्रिम भुक्तानी लिई दूरसञ्चार प्राधिकरणले प्रोभिजनल रुपमा नवीकरण गरेको देखियो । निजी क्षेत्रको सेवाप्रदायक कम्पनीले नवीकरण शुल्क बुझाएपछि बुझाउने कारण जनाई सम्झौताअनुसारको राजस्व रु.१९ अर्ब ८१ करोड १० लाख बाँकी राखी प्रोभिजनल रुपमा

अनुमतिपत्र नवीकरण गर्नु कानूनसम्मत देखिएन । नवीकरण दस्तुरबापत बुझाउन बाँकी रकम दाखिला गर्न २०६८।९।५ मा नेपाल टेलिकमलाई पत्राचार गरिएको जानकारी प्राप्त भएको छ ।

- नेपाल टेलिकमले तिर्नुपर्ने फ्रिक्वेन्सीको रकम पनि नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण नगरेको र दाखिला पनि नगरेको अवस्थामा लेखापरीक्षणबाट २०६७।१२।४ र २०६८।१।९ मा मन्त्रालयको ध्यानाकर्षण गराउँदा फ्रिक्वेन्सी निर्धारण भएपछि यकिन गर्ने गरी २०६८।३।६ मा एकमुष्ट रु.१० करोड दाखिला गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले जी.एस.एम.९०० र १८०० को मात्र फ्रिक्वेन्सीबापत २०६७।६८ सम्ममा रु.४७ करोड ९५ लाख २३ हजार गणना गरेको अभिलेखबाट देखाएको छ । सी.डी. एम.ए. लगायत अन्य फ्रिक्वन्सीको अभिलेख तयार नगरेको, अभिलेख तयार गर्दा बेश ट्रान्समिशन स्टेशनको तथ्याङ्कलाई आधार लिई फ्रिक्वेन्सी गणना गरेको छैन । जी.यस.यम.प्रविधिको फ्रिक्वेन्सीमात्र रु.३७ करोड ९५ लाख २३ हजार छुट भएको देखिएकोले सोको अतिरिक्त अन्य प्रयोग गरेको फ्रिक्वेन्सीको हिसाब सम्बन्धमा छानबिन गरिनुपर्दछ । यसमा जी.एस.एम. र सी.डी.एम.ए. माइक्रोवेभबापत बुझाउनुपर्ने रकम हिसाब गर्दा रु.५० करोड ४१ लाख ६८ हजार बुझाउन नेपाल टेलिकमलाई पत्राचार गरिएको जानकारी प्राप्त भएको छ ।
- नेपाल टेलिकमलाई समेत जी.यस.यम.मोबाइलको अनुमतिपत्र दिँदा जी.एस.एम.९०० को २×७ मेगाहर्जको मात्र अनुमति दिएकोमा क्रमशः सि.डि.एम.ए.८००, जी.एस.एम.१८०० समेतको विभिन्न क्षमता थप गरेको छ । सोको अतिरिक्त एक निजी कम्पनीलाई प्रदान गरे सरह ३ जी. सेवाको अनुमति २०६३।२।१५ मा बिना शुल्क १ वर्षको परीक्षणका लागि दिएको थियो । एक वर्षपछि पनि कुनै दस्तुर नलिई बिना शुल्क हालसम्म सेवा सञ्चालन गर्न दिएको छ । यसमा ३ जी. फ्रिक्वेनसीको हकमा फ्रिक्वेन्सी नीति निर्धारण समितिले तोकिएको फ्रिक्वेन्सी दस्तुर बुझाउनुपर्ने शर्तमा फ्रिक्वेन्सी उपलब्ध गराइएको भन्ने जवाफ प्राप्त भएको छ तापनि ३ जीको फ्रिक्वेन्सी दस्तुर निर्धारणको कार्य हालसम्म भएको छैन ।

४.३ दूरसञ्चार ऐन, २०५३ को दफा २३(१) बमोजिम अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दा नेपालभर सि.डि.एम.ए. सेवा सञ्चालनको लागि अर्को एक कम्पनीलाई आधारभूत टेलिफोन सेवा सञ्चालनको अनुमतिपत्र जारी गरेको छ । आधारभूत सेवा दिने शर्तमा कम्पनीले सेवा सुरु गरेपछि पुनः सो कम्पनीको निवेदनको आधारमा लिमिटेड मोबिलिटी उल्लेख गरी काठमाडौं उपत्यका र अन्य ४१ जिल्लामा नयाँ मोबाइल सेवा सञ्चालन गर्न २०६०।८।२ मा स्वीकृति दिएको देखियो । उक्त स्वीकृतिको सूचना नेपाल राजपत्रमा प्रकाशन भएपछि यो विषयमा सम्मानित सर्वोच्च अदालतमा रिट परी अदालतबाट २०६०।१०।१३ यस्तो कार्य रोकिसकेको अवस्थामा दूरसञ्चार प्राधिकरणले २०६२।१२।११ मा सो कम्पनीलाई पुनः लिमिटेड मोबिलिटीको अनुमति जारी गरेको, लिमिटेड मोबिलिटीले मात्र नपुग भई पुनः लिमिटेड मोबिलिटी वीथ रोमिङको सुविधा दिएर डिफेक्टो मोबाइल अपरेटरको रुपमा स्थापित गराई दिएको र सी.डी.एम.ए.८०० को अतिरिक्त सि.डि.एम.ए. १९०० क्षमतासमेत थप गरेको छ । सेवा सञ्चालन गर्नेले कबोल गरेको अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुर समेत वास्ता नगरी आधारभूत टेलिफोनको अनुमति प्राप्त कम्पनीलाई पूर्ण मोबाइल अपरेटरको सुविधा दिने गरी भएको निर्णय कानूनसम्मत देखिएन ।

आधारभूत टेलिफोनबाट मोबाइल समेत सञ्चालन गरेर सेवाको विस्तार गरी सेवा थप गर्दा दूरसञ्चार नियमावली, २०५४ को नियम ११(१) को अनुसूची ६ बमोजिम २०६२।११।१२ को राजपत्रको सूचनामा तोकिएको दरअनुसार लाग्ने अनुमतिपत्र दस्तुर उपत्यकाको लागि रु.६० लाख र ४१ जिल्लाको लागि रु.३ लाखका दरले रु.१ करोड २३ लाख समेत रु.१ करोड ८३ लाख असुल गरेको छैन ।

सोही कम्पनीले सम्झौता गर्दा स्वीकार गरेको कमिटेड रोयल्टीमध्ये २०६७।६८ सम्मको रु.१ अर्ब ५७ करोड २ लाख ३५ हजार रहेकोमा (२०५९।६० देखि २०६७।६८ सम्मको) रु.२० करोड ७१ लाख ३८ हजारमात्र असुली गरेको छ । सोको अतिरिक्त नेपाल सरकारको २०६२।११।२५ को निर्णयले रु.१८ करोड ९४ लाख ५१ हजार छुट दिएको देखियो । सेवाप्रदायकले सेवा सञ्चालन गरेर आय–आर्जन गरी राखेको

अवस्थामा पनि रोयल्टी छुट दिने निर्णय गरेको देखियो । छुट रकम समेत कट्टा गर्दा रु.१ अर्ब १७ करोड ३६ लाख ४७ हजार असुल हुन बाँकी रहेकोले सो रकम असुल गरी राजस्व दाखिला गर्नुपदर्छ । बाँकी रोयल्टी रकम असुली र उक्त संस्थाउपर नियमानुसार कारबाहीको लागि सूचना तथा सञ्चार मन्त्रालयमा २०६८।९।१८ मा लेखी पठाएको जवाफ दूरसञ्चार प्राधिकरणले दिएको छ ।

४.४ नेपालको टेलिफोन सेवा नपुगेका पूर्वाञ्चल विकास क्षेत्रका ५३४ गाउँ विकास समितिमा भि–स्याट् प्रविधिवाट दूरसञ्चार सेवा पुऱ्याउन विश्व बैङ्कको ऋण सहयोगमा अर्को एक कम्पनीलाई २०६०।८।५ मा अमेरिकी डलर.१ करोड १८ लाख ६० हजार अनुदान दिएको थियो ।

तोकिएबमोजिम टेलिफोन सेवा पुऱ्याए नपुऱ्याएको अनुगमन गरेको अभिलेखसम्म नराखी पूर्वाञ्चल क्षेत्रका अतिरिक्त देशका दुर्गम गाउँ विकास समितिहरुमा सेवा पुऱ्याउने गरी पूर्वाञ्चलको सट्टा ग्रामिण दूरसञ्चार सेवा नामाकरण गरी २०६४।११।१६ मा अनुमति संशोधन गरेको छ । ग्रामीण क्षेत्रको लागि भनी न्यूनतम दस्तुर तिरी अनुमतिपत्र लिएको, अनुमति प्रदान गर्दा करोडौँ रुपैयाँ अनुदान दिएको यो कम्पनीलाई पनि लिमिटेड मोबिलिटी उल्लेख गरेर ४४ सुगम जिल्ला समेत समावेश गरी निर्वाधरुपमा जी.एस.एम. व्याण्ड ८०० (२×३ मेगाहर्ज) को मोबाइल सञ्चालन गर्न अनुमति दिएको देखियो । अनुमित थप गर्दा पूर्वाञ्चललगायतका ४४ जिल्ला कभरेज गर्ने र २०६२।११।२ को राजपत्रमा उल्लेख भएअनुसार प्रति जिल्ला रु.३ लाखका दरले लाग्ने दस्तुर रु.१ करोड ३२ लाख असुल गरेको छैन । कम्पनीले प्रयोग गरेको फ्रिक्वेन्सी २×३ मेजाहर्ग क्षमताबाट ८० हजार ग्राहकलाई सेवा पुऱ्याउनुपर्नेमा तदनुसार ग्राहक नपुऱ्याई फ्रिक्वेन्सी ओगटेर मात्र राखेको देखियो ।

सुगम जिल्लामा समेत लिमिटेड मोबिलिटीको आधारमा जि.यस.यम.मोबाइल सेवा सञ्चालन गर्दा फ्रिक्वेन्सीबापतको रकम निर्धारण एवं असुली दुवै गरेको नदेखिँदा राजस्व असुलीमा समेत सीमितता देखिएकोले यस सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

४.५ अर्को एक कम्पनीलाई पूर्वाञ्चल विकास क्षेत्रबाहेक टेलिफोन सेवा नपुगेका ३९८ गाउँ विकास समितिमा कम्तीमा २ लाइन टेलिफोन भि–स्याट् प्रविधिबाट पुऱ्याउन र नवीकरणबापत अन्तिम वर्ष अघिल्लो वर्षको कारोबारको ४ प्रतिशत शुल्क लिने शर्तमा २०६५।३।१७ मा ५ वर्षका लागि अनुमति प्रदान गरिएको थियो । आधारभूत टेलिफोन सेवाको अनुमति प्राप्त गरेपछि २०६६।९।१९ मा उक्त कम्पनीलाई जी.एस.एम.ब्याण्ड ९०० (२×३) मेगाहर्जको अतिरिक्त जी.एस.एम. व्याण्ड १८०० (२×३) मेगाहर्जको मोबाइल फ्रिक्वेन्सी क्षमता वृद्धि गरी २०६७।१।१३ मा लिमिटेड मोबिलिटी २५ जिल्लामा विस्तार गर्न अनुमति दिएको देखियो । प्रस्ताव आह्वान गर्दा मोबाइल फ्रिक्वेन्सी दिने उल्लेखसम्म नगरेकोमा अनुमतिपत्र दिँदा भने लिमिटेड मोबिलिटी र फ्रिक्वेन्सीसमेत दिएको देखिन्छ । शुल्क नै नलिई जी.एस.एम. मोबाइल सेवा सञ्चालन गर्ने गरी फ्रिक्वेन्सी दिएको कारण लिलाम बढाबढबाट आउने रकम गुमेको स्थिति छ ।

भी–स्याट् प्रविधिबाट दुर्गम जिल्लाका गाउँ विकास समितिहरुमा सेवा पुऱ्याउने गरी रु.१ लाख अनुमतिपत्र दस्तुर तिरेको यो प्रा.लि.ले सोको अतिरिक्त अन्तर्राष्ट्रिय ट्रङ्क, टेलिफोन सेवाको गेट–वे लाइसेन्स समेत प्राप्त गरकेो छ । पूर्वाञ्चल क्षेत्रबाहेक नेपालका २५ जिल्लामा कभरेज गर्ने गरी लाइसेन्स दिँदा दूरसञ्चार नियमावली, २०५४ को अनुसूची ६(१०) अनुसार प्रतिजिल्लाको रु.३ लाखले हुने अनुमति दस्तुर रु.७५ लाखसमेत असुल गरेको छैन । सोको अतिरिक्त सुगम जिल्लामा समेत लिटिमेड मोबिलिटीको आधारमा जी.एस.एम. मोबाइल सेवा सञ्चालन गर्दा प्रिक्वेन्सीबापतको रकम निर्धारण एवं असुली दुवै गरेको नदेखिँदा राजस्व छुट भएको सम्बन्धमा छानबिन गरिनुपर्दछ ।

४.६ अर्को एक कम्पनीलाई नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा मुख्य नेटवर्क स्थापना नभएका २७३ गाउँ विकास समितिमा कम्तिमा २ लाइन टेलिफोन जडान गरी देशका अन्य भू–भागमा आधारभूत टेलिफोन सेवा सञ्चालन गर्न २०६४।११।५ मा अनुमति दिएको छ । कम्पनीले अनुमतिपत्रबापत रु.२५ लाख र नवीकरणबापत रु.२२ लाख ५० हजार बुझाउने गरी ५ वर्षका लागि सम्झौता गरेको छ । यो कम्पनीले ५

वर्षको लागि अनुमति प्राप्त गरेकोमा पुन: २०६७।११।४ सम्मको मिति राखी २०६६।८।८ मा सि.डि.एम.ए.र जि.यस.यम. जुनसुकै प्रविधिमा रहेर लिमिटेड मोबिलिटी को सञ्चालन गर्ने अनुमति दिइएको छ । स्थिर टेलिफोन सेवा प्रदान गर्न अनुमति पाएको यो कम्पनीलाई सि.डि.एम.ए.८०० को ५ मेगाहर्ज, जी.एस.एम. ९०० को ४ मेगाहर्ज जी.एस.एम.१८०० को ९ मेगाहर्ज ब्याण्डवीथ क्षमता दिएर २५ जिल्ला कार्य क्षेत्र विस्तार गरिएको छ । लाइसेन्स संशोधन गरेर अनुमति दिँदा जी.एस.एम.८०० को ५ लाख, जी.एस.एम. ९०० को ५ लाख र जी.एस.एम.१८०० को १८ लाख ग्राहक क्षमता उक्त कम्पनीलाई स्थान सुरक्षित गरिएको छ । फ्रिक्वेन्सीमात्र ओगोटी सो कम्पनीले २०६८ जेष्ठसम्ममा ८५ हजार ४७९ मोबाइलमात्र जडान गरेको छ । ओगटेको फ्रिक्वेन्सीको राजस्व लिएको छैन ।

दूरसञ्चार ऐन, २०५३ को दफा २३ अनुसार दूरसञ्चार सेवा सञ्चालनका लागि लाग्ने अनुमतिपत्र दस्तुर तथा नवीकरण दस्तुर तोकिएबमोजिम हुने उल्लेख छ । दूरसञ्चार नियमावली, २०५४ को चौँथो संशोधन २०६४ को नियम ११ ले समेत यस्तो दस्तुर अनूसूचीमा तोकिएबमोजिम लाग्ने उल्लेख गरेको छ । अनुसूची–६ मा पुन: अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिसमा मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको रकम हुने उल्लेख छ । यसरी आधारभूत टेलिफोन सेवाको व्याख्या र अनुमतिपत्र तथा नवीकरण दस्तुर पटके रुपमा निर्णय गर्न छुट दिएको विषयमा पुनरावलोकन गरी मोबाइल फ्रिक्वेन्सीको अनुमति, नवीकरण र रोयल्टी निर्धारण प्रतिस्पर्धात्मक बजारमा खुल्ला बोलकबोल प्रथाको आधारमा मात्र गर्ने व्यवस्था हुनु जरुरी छ ।

यसप्रकार आधारभूत टेलिफोन सेवाको व्याख्या फरक रुपमा गरेको, सुरुमा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र दिने, सोबापत अनुमति दस्तुर र नवीकरण दस्तुर न्यून लिने, सेवा सञ्चालनमा आइसकेपछि लिमिटेड मोबिलिटी, लिमिटेड मोबिलिटी वीथ रोमिङ्ग जस्ता क्षमता वृद्धि गरी सञ्चालन गर्न अनुमति दिने, दुर्गम तथा ग्रामिण क्षेत्रलाई सेवा प्रदान गर्ने गरी न्यून दस्तुर लिई अनुमति दिएकोमा शहर केन्द्रीत गरी कारोबार गर्ने गरेको, वितरित फ्रिक्वेन्सी परिचालन नगरी होल्ड गरेर आइडल राख्दा समेत कुनै कारबाही नगरेको कारण मोबाइल प्रिक्वेन्सीको अनुमति, वितरण र नवीकरण सम्बन्धी भएका कार्य पारदर्शी भएको नदेखिएकोले यससम्बन्धमा दूरसञ्चार प्राधिकरण र फ्रिक्वन्सीको अनुगमन गर्ने मन्त्रालयको कार्यप्रणालीका सम्बन्धमा छानबिन गरी उपयुक्त नीति अवलम्बन गर्नु जरुरी छ ।

फ्रिक्वेन्सी वितरण सम्बन्धी विषयमा सञ्चार मन्त्रालयको ध्यान आकर्षण गराउँदा दूरसञ्चार प्राधिकरणले रेडियो फ्रिक्वेसी नीति निर्धारण समितिले छुट्याई दिएको साथै दस्तुर तोकेको फ्रिक्वेन्सीहरुको मात्र व्यवस्थापन गर्नुपर्नेमा उल्लिखितबमोजिम निर्णय नभएको अवस्थामा आफूखुसी विभिन्न सेवाप्रदायकलाई फ्रिक्वेन्सी तोक्ने, दस्तुर उठाउने गरेको देखिएकोले नेपाल सरकारको सञ्चित कोषमा जम्मा हुन आउने रकममा यसप्रकारको लापारबाहीलाई तत्काल रोक्ने नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने २०६८।१।८ मा सचिवस्तरीय निर्णय भएको जानकारी प्राप्त भएको छ ।

सूचना राजमार्ग आयोजना

५. **आयकर** – आयकर ऐन, २०५८ को दफा ६(ख) ले गैह्र बासिन्दा व्यक्तिको आयको स्रोत नेपालमा भएको व्यवसाय वा लगानीबाट प्राप्त आयलाई निर्धारणयोग्य आय मानी व्यक्ति वा निकायसँग आयकर लाग्ने व्यवस्था गरेको छ । यस आयोजनका व्यवस्थापन परामर्शदातासँगको सम्झौतामा निजलाई लाग्ने आयकर आयोजनाले थप गरिदिने व्यवस्था गरेको देखियो । यसरी स्वदेशी तथा विदेशी परामर्शदाताको पारिश्रमिक र आय सुविधामा यो वर्षसम्म रु.२ लाख १३ हजार कर थप गरी भुक्तानी दिएको छ ।

विदेशी परामर्शदाताहरुलाई कर छुट दिएको विषयमा सार्वजनिक लेखासमितिले आईन्दा अर्थ मन्त्रालयको पूर्वसहमति एवं स्वीकृति बेगर कर छुट दिने गरी सम्झौता नगर्ने निर्णय गरेको थियो । अर्थ मन्त्रालयको सहमति बेगर आयकर थप गर्ने गरी सम्झौता गर्न मिल्ने देखिएन ।

६. **लेखापरीक्षण** – हुलाक सेवा विभागमातहतका ७० हुलाक कार्यालयबाट बचत बैङ्कको कारोबार सञ्चालन हुँदै आएको छ । बचत बैङ्कतर्फ केन्द्रीय कारोबार र जिल्लागत कारोबार सहितको केन्द्रीय आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराएको छैन । गत वर्षसम्म १४ इकाईको रु.९४ करोड ६८ लाख ७३ हजार लेखापरीक्षण बक्यौता रहेकोमा जिल्ला हुलाक कार्यालय, झापा र प्यूठानले यो वर्ष रु.६ करोड ९० लाख २२ हजारको लेखापरीक्षण गराएका र ८ ईकाइको रु.२१ करोड ६१ लाख ३८ हजार थप भई रु.१ अर्ब ९ करोड ३९ लाख ८९ हजार लेखापरीक्षण बक्यौता रहेको छ ।

लेखापरीक्षण बक्यौता रहेका हुलाक कार्यलयमध्ये दैलेखले वित्तीय विवरण तयार गर्न नसकेको जानकारी दिएको छ । धनादेश कार्यालयको अभिलेखबाट उक्त कार्यालयमा वर्षान्तको निक्षेप रु.१२ करोड ४९ लाख २२ हजार र नगद मौज्दात रु.१ लाख ९१ हजार रहेको छ

बचत बैङ्कहरुले अत्याधिकरुपमा नगद मौज्दात राख्ने र सङ्कलित बचतको परिचालनको योजनाबेगर अन्य बैङ्कमा रकम जम्मा गरेको देखिन्छ । लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्ने र लेखापरीक्षण गराउने गरी बचत बैङ्कको कारोबारलाई पारदर्शी र जिम्मेवारीपूर्ण बनाउनुपर्दछ ।

७. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता नभएका निकायलाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । सूचना विभागले यो वर्ष विभिन्न पत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रु.७ करोड २३ लाख ७९ हजार भुक्तानी गरेकोमा केही भुक्तानीमा १.५ प्रतिशतका दरले कर कट्टी गरे तापनि १५ प्रतिशतले हुने रु.९८ लाख ८७ हजार अग्रिम कर असुल गरेको पाइएन ।

हुलाक सेवा विभाग

८. **असुली** – इलाका हुलाक कार्यालय, बक्लौरी सुनसरीको भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६७।११।२७ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले बोलपत्र परिमाणको आइटम नं.६ मा स्टील वायर बाहेक अन्यमा ४१ प्रतिशत घटीमा काम गर्न मञ्जुर गरेकोमा स्टील वायरको अङ्क कबोलअनुसार रु.४ लाख ७६ हजार र अन्य सम्पन्न कार्यको रु.५ लाख ८० हजार समेत रु.१० लाख ५७ हजारमात्र भुक्तानी गर्नुपर्नेमा तेस्रो रनिङ बिलसम्म रु.१४ लाख ६१ हजार भुक्तानी गरी मूल्य अभिवृद्धि करसमेत बढी भुक्तानी दिएको रु.४ लाख ५६ हजार असुल गर्नुपर्दछ ।

९. **कर बीजक** – जिल्ला हुलाक कार्यालय, झापाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार रितपूर्वकको कर बीजक दिई कारोबार गर्नुपर्नेमा २ निर्माण व्यवसायीले दिएको बीजकमा बीजक नम्बर टिपेक्स लगाई मेटेर पुनः हस्तलिखित नम्बर चढाइएको अवस्थामा रु.४ लाख ९५ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको देखियो । उक्त मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गरिनुपर्दछ ।

मुद्रण विभाग

१०. **सुरक्षण मुद्रण** – आठौँ पञ्चवर्षीय योजनादेखि सुरक्षण मुद्रण सम्बन्धी नीतिगत व्यवस्था भएकोमा चालू त्रिवर्षीय योजनाले पनि सोही विषयमा जोड दिएको छ । सुरक्षण मुद्रण उपकरण खरिद गर्न गत वर्ष जस्तै यो वर्षपनि रु.४ करोड २७ लाख ५० हजार बजेट व्यवस्थासहित कार्यक्रम स्वीकृत भएकोमा स्पेसिफिकेशन तयार नभएकोले खरिद कार्य अगाडि बढाएको देखिएन ।

११. **राजस्वको अनुपात** – विभागले यो वर्ष छपाई व्यवस्थापनका लागि रु.१ करोड ५९ लाख २० हजार निकासा लिई छपाईबाट रु.९८ लाख ६९ हजार राजस्व असुल गरेको छ । छपाई कार्य प्रक्रियामा रहेको र मौज्दात रहेको सामग्रीसहितको अभिलेख तयार नगरेकोले प्रत्यक्ष खर्चको तुलनामा ६१.९९ प्रतिशतमात्र राजस्व असुली

देखिँदा छपाई सामग्रीको प्रयोग मितव्ययी तवरले गर्ने एवं मूल्य निर्धारण गर्दा लाभ लागतको विश्लेषण गरी छपाई व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

केन्द्रीय धनादेश कार्यालय

१२. **वित्तीय विवरण** – केन्द्रीय धनादेश कार्यालयबाट प्राप्त विवरणअनुसार जिल्ला तथा इलाका हुलाक कार्यालयहरुबाट सञ्चालित हुलाक बचत बैङ्कको यो वर्ष रु.१ अर्ब ४७ करोड ४५ लाख ९८ हजार निक्षेप सङ्कलन, रु.१ अर्ब ५० करोड १३ लाख ७१ हजार फिर्ता र जिम्मेवारी समेत हिसाब गर्दा वर्षान्तमा रु.१ अर्ब १५ करोड २३ लाख ९२ हजार बाँकी रहेको छ । बचत बैङ्कमा बचत सङ्कलन तथा फिर्ता कारोबार गर्ने ग्राहक संख्या यो वर्ष करिब ५२ हजार रहेका छन् । देशभर छरिएर रहेको र ठूलो मात्रामा ग्राहक भएको यो बैङ्कको कारोबार कम्प्युटराईज्ड पद्धति लागू गर्न नसकिएको, नेपाल लेखामानले तोकेअनुसार आय विवरण, नगद प्रवाह र वासलात लगायतका विवरण तयार नभएको, लगानी कारोबार हुलाक कार्यालयका कर्मचारीमा मात्र सीमित गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी विस्तार गर्न नसकिएको, सङ्कलित निक्षेपको ठूलो अंश अन्य वाणिज्य बैङ्कमा बचत गर्ने गरिएको अवस्था देखिएका छन् । कारोबारमा आएको वृद्धि तथा आधुनिक बैंकिङ्ग पद्धतिलाई मध्यनजर गरी समसामयिक सुधारमा ध्यान जानुपर्दछ ।

१३. **घाटा** – सञ्चालित ७० बचत बैङ्कमध्ये २० ले रु.८७ लाख २६ हजार सञ्चालन घाटा देखाएका छन् । जिल्ला हुलाक कार्यालयहरुले जनशक्ति, स्रोत र साधन सबै उपलब्ध गराएको अवस्थामा शिरोभार खर्च समावेश नगर्दा पनि घाटामा कारोबार सञ्चालन भएको अवस्थामा ती निकायले सञ्चालन गर्ने बचत बैङ्कको कारोबारमा पुनरावलोकन हुन जरुरी छ ।

१४. **नगद मौज्दात** – जिल्ला हुलाक कार्यालयहरुले सञ्चालन गरेको बचत बैङ्कको कारोबारमा लगानीमा १० प्रतिशत र निक्षेपमा ७ प्रतिशतसम्म ब्याज लिने दिने गरेको छ । निक्षेप प्राप्त भएपछि व्यवसायिकरुपले परिचालन गर्नुपर्नेमा न्यून ब्याज प्राप्त हुने गरी बैङ्कमा मौज्दात राखिएको र केही कार्यालयले कारोबारको तुलनामा ठूलो रकम वर्षभर नगद मौज्दात देखाएका छन ।

जिल्ला हुलाक कार्यालय, प्युठानअन्तर्गत सञ्चालित हुलाक बचत बैङ्कको कारोबार २०६२।६३ मा नाफामा रहेकोमा २०६६।६७ मा रु.४ करोड ८९ लाख २३ हजार निक्षेप सङ्कलन भए तापनि रु.१९ लाख ४१ हजार घाटामा रहेको छ । बैङ्कको २०६७ आषाढ महिनाको कारोबार परीक्षण गर्दा दैनिक कारोबार रु.१ हजार ८५० देखि रु.५ लाख २३ हजारसम्म रहेको, महिना भरमा न्यूनतम रु.१७ लाख ८६ हजारदेखि बढीमा रु.२१ लाख ११ हजारसम्म नगद मौज्दात राखेको देखियो । बचत बैङ्कको मुनाफा घट्नुमा यसप्रकार अधिक नगद मौज्दात रहनु लगायतका कारणउपर छानबिन गरिनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

सञ्चार प्राधिकरणको फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन

दूरसञ्चार सेवालाई भरपर्दो, सर्वसुलभ, नियमित र व्यवस्थित गर्न दूरसञ्चार ऐन, २०५३ अर्न्तगत यस प्राधिकरणको स्थापना भएको हो । अर्न्तराष्ट्रिय दूरसञ्चार संघको सदस्यको हैसियतमा नेपाल सो संघको नीति तथा नियमको पालना गर्दै मुलुकको लागि रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले वांडफांड गरेको फ्रिक्वेन्सी र यस सम्वन्धी नीतिबमोजिम प्राधिकरणले विभिन्न सेवा प्रदायकलाई फ्रिक्वेन्सी वितरण र व्यवस्थापन गर्दै आएको छ ।

१५. **फ्रिक्वेन्सी वितरण व्यवस्था** – रेडियो फ्रिक्वेन्सीको नीति निर्धारण गर्ने, विभिन्न सेवाका लागि रेडियो फ्रिक्वेन्सी निर्धारण र बाँडफाँड गर्ने कार्य दूरसञ्चार ऐन, २०५३ को दफा ४९ बमोजिम गठित समितिले

गर्दछ । यसबाट समितिलाई फ्रिक्वेन्सी सम्बन्धी नीति निर्धारण गर्ने नीति निर्माताको र प्राधिकरणलाई फ्रिक्वेन्सी नीति कार्यान्वयन गर्ने दायित्व सुम्पेको छ ।

१५.१ प्राधिकरणले सेवा प्रदायकलाई दूरसञ्चार ऐन, २०५३ को दफा २३ बमोजिम बोलपत्र आव्हान गर्दा बोलपत्र कागजातमा नै उपयोग गर्न पाउने फ्रिक्वेन्सी उल्लेख गरेर र अनुमती प्राप्त सेवा प्रदायकले माग गरेको आधारमा निजको मागलाई मूल्याङ्कन गरी "फस्ट कम फस्ट सर्भ" को आधारमा ८२७ देखि २१६० मेगाहर्जसम्म विभिन्न रेन्जमा फ्रिक्वेन्सी वितरण गरेको छ । हाल सञ्चालनमा रहेको सेवा प्रदायकलाई दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (वितरण) विनियमावली, २०६६ ले तोकेको आधारमा पूर्व वितरित फ्रिक्वेन्सी थपघट गर्ने गरेको छ । फ्रिक्वेन्सी उपयोगको आधारमा सेवा प्रदायकको छनौट गर्ने नीतिगत र कानूनी व्यवस्था नरहेकोले सेवा प्रदायकको माग अनुसार फ्रिक्वेन्सी वितरण गर्ने गरेबाट फ्रिक्वेन्सी वितरण प्रक्रिया व्यवस्थित छैन ।

१५.२ दूरसञ्चार ऐन, २०५४ को दफा २४(४) मा दूरसञ्चार सेवा प्रदान गर्ने आवेदन दिने सेवा प्रदायक १ भन्दाबढी भएमा र त्यस्तो दूरसञ्चार सेवा सञ्चालन गर्न योग्य देखेमा प्राधिकरणले ती सबै व्यक्तिहरुलाई अनुमती पत्र दस्तुर, नवीकरण दस्तुर तथा रोयल्टीको सम्बन्धमा बढाबढ गर्ने व्यक्तिलाई अनुमती पत्र दिनुपर्ने व्यवस्था छ । यसरी बढाबढ गर्दा फ्रिक्वेन्सी दस्तुरको सम्बन्धमा मूल्याङ्कनको आधार नहुँदा फ्रिक्वेन्सी दस्तुर प्रतिक्यारीयर ६ हजारले मूल्याङ्कन गरेको छ । प्राधिकरणले फ्रिक्वेन्सी दस्तुर निर्धारण गर्दा देहायको सूत्र अवलम्बन गरेको छ :

रेडियो फ्रिक्वेन्सी दस्तुर = C ∑ प्रयोग गरेको पेयर स्पट फ्रिक्वेन्सी संख्या,

जहाँ C = क्यारीयरको निश्चित संख्या हो ।

उक्त सुत्रानुसार हालसम्म वितरण भएको फ्रिक्वन्सीको विवरण देहाय वमोजिम छ :

क्र.सं.	सेवा प्रदायक	व्याण्ड	क्यारियर संख्या	व्याण्डविथ
१	नेपाल दूरसञ्चार कं.लि	सि.डि.एम.ए.	५	१.२५ मे.हर्ज
		जी.एस.एम	३६	२०० मे.हर्ज
		जी.एस.एम	१२	२०० मे.हर्ज
		जी.एस.एम	४५	२०० मे.हर्ज
		जी.एस.एम	३०	२०० मे.हर्ज
		३ जी	२	५ मे.हर्ज
२.	यूनाईटेड टेलिकम प्रा.लि	सी.डी.एम.ए	२	१.२५ मे.हर्ज
		सी.डी.एम.ए	१	१.२५ मे.हर्ज
		सी.डी.एम.ए	१	१.२५ मे.हर्ज
३.	एनसेल (स्पाईस नेपाल प्रा.लि)	जी.एस.एम	२०	२०० कि हर्ज
		जी.एस.एम	१२	२०० कि.हर्ज
		जी.एस.एम	४५	२०० कि.हर्ज
		जी.एस.एम	१०	२०० कि.हर्ज
		३ जी	२	५ मे.हर्ज
४	एस.टि.एम टेलिकम सञ्चार	जी.एस.एम	१२	२०० कि.हर्ज
५.	नेपाल स्याटेलाईट टेलिकम प्रा.लि	जी.एस.एम	२३	२०० कि.हर्ज
		जी.एस.एम	४५	२०० कि.हर्ज
६.	स्मार्ट टेलिकम प्रा.लि	जी.एस.एम	१४	२०० कि.हर्ज
		जी.एस.एम	३	२०० कि.हर्ज
	जम्मा:	–	–	–

उपर्युक्तबमोजिम क्यारीयरको बिस्तृत बिवरण, फ्रिक्वेन्सीको प्वाइन्ट टु प्वाइन्ट वा माइक्रोवेभको तथ्याङ्क उपलब्ध हुन नसकेकोले फ्रिक्वेन्सी दस्तुर सम्बन्धमा यकिन गर्ने आधार भएन । फ्रिक्वेन्सी दस्तुर निर्धारण गर्ने सूत्रका आवश्यक तथ्याङ्क स्पष्ट नभएको र न्यूनतम दर निर्धारण गरेको कारण राज्यले प्राप्त गर्ने राजस्व घटन गएकोले फ्रिक्वेन्सी दस्तुर पुनरावलोकन गरी समसामयिक बनाउनु पर्दछ ।

१५.३ २ जी फ्रिक्वेन्सी मोवाइल लाइसेन्स प्रदान गर्दा बोलकबोल प्रथा अपनाइएकोमा नेपाल टेलिकम र अर्को एक प्रा.लि.लाई ३ जी फ्रिक्वेन्सी प्राधिकरणका अध्यक्षको निर्णय अनुसार २०६१, २०६३ र २०६४ मा प्रदान गरेको छ । यसबाट राज्यलाई प्राप्त हुनुपर्ने अनुमती पत्र दस्तुर र फ्रिक्वेन्सी दस्तुर प्राप्त भएको छैन ।

दुई सेवा प्रदायकलाई अनुमती पत्रको शर्तमा उल्लेख नभएको अवस्थामा पनि परीक्षणको लागि दिइएको ३ जी फ्रिक्वेन्सीको व्यावसायिक प्रयोग भइसक्दा पनि फ्रिक्वेन्सी दस्तुर असुल गर्नुपर्नेमा सो सम्बन्धमा कुनै कारबाही गरेको छैन । प्राधिकरणले राज्यलाई ३ जी फ्रिक्वेन्सी लाइसेन्स वितरणबाट प्राप्त हुन सक्ने राजस्व बारेमा आँकलन समेत गरेको छैन । यसबाट प्राप्त गर्नुपर्ने राजस्व सेवा प्रदायकलाई लाभ पुगेको हुँदा ३ जी फ्रिक्वेन्सी दस्तुर सम्बन्धमा सार्क मुलुकको प्रचलनमा रहेको मूल्याङ्कन पद्दतीलाई आधार बनाई न्यूनतम मूल्याङ्कन निर्धारण गरी प्रतिस्पर्धाद्वारा फ्रिक्वेन्सी वितरण गर्नुपर्दछ । पहिले सञ्चालन गरी सकेका २ सेवा प्रदायकलाई पनि सोही दरमा प्रयोग गरेको अवधि देखिको फ्रिक्वेन्सी दस्तुर असुल गर्नुपर्दछ ।

१५.४ सेवा प्रदायकलाई अनुमती पत्र प्रदान गर्दा तोकेको फ्रिक्वेन्सी बाहेक थप फ्रिक्वेन्सी दिनु पर्दा सेवा प्रदायकको व्यावसायिक योजना अर्न्तगत ग्राहक संख्या, प्राविधिक क्षमता, पूँजी आदि मूल्याङ्कन गरी आवश्यकता अनुसार प्रतिस्पर्धाको माध्यमबाट थप फ्रिक्वेन्सी दिनुपर्ने हुन्छ । तर प्राधिकरणले सो प्रक्रिया अवलम्बन नगरी थप फ्रिक्वेन्सीको रुपमा २ सेवा प्रदायकलाई अस्थायी फ्रिक्वेन्सी उपलब्ध गराउने, अस्थायीलाई स्थायी गरी दिने, एक सेवा प्रदायकलाई दिएको अस्थायी फ्रिक्वेन्सी अन्य सेवा प्रदायकलाई सारी दिने र अस्थायी फ्रिक्वेन्सी फिर्ता नगरी लामो समय प्रयोग गर्न दिएको अवस्था छ । यस्तो अस्थायी फ्रिक्वेन्सी प्रयोगबाट राजस्व असुली अभिलेख समेत रहेको छैन । उक्त अस्थायी फ्रिक्वेन्सी फिर्ता लिई आवश्यकता अनुसार रिफार्मिङ्गगरी प्रतिस्पर्धाको माध्यमबाट माध्यमबाट राज्यलाई बढी राजस्व आउने गरी पुन: वितरण गर्नु जरुरी छ ।

१५.५ प्राधिकरणको फ्रिक्वेन्सी पुन: वितरण गर्न पहिला सेवा प्रदायकहरुलाई उपलब्ध गराएको फ्रिक्वेन्सीको व्यावसायिक तथा प्राविधिक मूल्याङ्कन गरी प्रयोगमा नरहेको र फ्रिक्वेन्सी दस्तुर दाखिला नगर्ने सेवा प्रदायकबाट फिर्ता लिई प्रतिस्पर्धाको माध्यमबाट राज्यलाई बढी राजस्व आउने गरी रिफार्मिङ्ग गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा प्राधिकरणले ५ सेवा प्रदायकबाट फिर्ता प्राप्त गरेको फ्रिक्वेन्सीको अवस्था स्पष्ट गरेको छैन । ती सेवा प्रदायकबाट फ्रिक्वेन्सी फिर्ता लिएको र पुन: वितरण गर्दा राजस्वमा भएको योगदानको प्राधिकरणले स्पष्ट अभिलेख नरहेकोले फ्रिक्वेन्सी फिर्ता तथा पुन: वितरण सम्बन्धमा राज्यलाई बढी राजस्व योगदान हुनेतर्फ वितरण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

१५.६ दूरसञ्चार नियमावली, २०५४ को नियम २९(१) मा समितिले अर्न्तराष्ट्रिय दूरसञ्चार संघले बाँडफाँड गरेको फ्रिक्वेन्सीको अधिनमा रही विभिन्न सेवाको लागि रेडियो फ्रिक्वेन्सीको निर्धारण तथा बाँडफाँड गर्ने र नियम २९(२) मा सो अनुसार समितिद्वारा बाँडफाँड गरेको फ्रिक्वेन्सीको अधिनमा रही दूरसञ्चार सेवाको लागि प्रयोग हुने फ्रिक्वेन्सी तोक्ने तथा वितरण गर्ने कार्य प्राधिकरणले गर्ने व्यवस्था रहेको छ । सेवा प्रदायकहरुलाई फ्रिक्वेन्सी वितरण गर्दा प्राधिकरणको निर्णय, अध्यक्षको निर्णय, प्राधिकरणको निर्णय बमोजिम सूचना तथा सञ्चार मन्त्रालयको स्वीकृतिमा अध्यक्षको निर्णय, समितिको निर्णय बमोजिम अध्यक्षको निर्णय, अध्यक्षको सिफारिसमा मन्त्रालयको पत्रानुसार प्राधिकरणबाट अनुमोदन गर्ने गरी अध्यक्षको निर्णय आदिको आधारमा फ्रिक्वेन्सी वितरण गरिएको छ ।

यसरी सेवा प्रदायकलाई फ्रिक्वेन्सी वितरण गर्ने निर्णय दूरसञ्चार नियमावली, २०५४ को नियम २९ का अतिरिक्त अन्य तरीकाबाट हुने गरेका कारणले निर्णयकर्ताको जवाफदेहिता अस्पष्ट छ । यसबाट निर्णय प्रक्रियामा ढिलाई र राजस्व असुली दरमा विविधता हुने हुँदा सो नियमावली बमोजिम फ्रिक्वेन्सी वितरण गर्ने निर्णयकर्ताले जवाफदेहीता बहन गर्नुपर्दछ ।

नेपाल दूरसञ्चार प्राधिकरण स्वायत्त संस्था भएपनि फ्रिक्वेन्सी वितरण, राजस्व सङ्कलन आदिमा सूचना तथा सञ्चार मन्त्रालयको संलग्नता रहेको देखियो । मन्त्रालयले नीतिगत कानूनी व्यवस्था र अनुगमन गरी पारित कानूनको कार्यान्वयन गराउने र दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा सञ्चालन विकास र व्यवस्थापन गर्ने कार्य प्रभावकारी रुपमा गर्नुपर्ने देखिन्छ ।

१६. **वितरीत फ्रिक्वेन्सीको दस्तुर निर्धारण –** दूरसञ्चार ऐन, २०५३ को दफा ४९(१) र दूरसञ्चार नियमावली २०५४ को नियम ३१(१) मा दूरसञ्चार सेवाको फ्रिक्वेन्सी दस्तुर निर्धारण गर्ने नीति तय गर्ने अधिकार तथा कर्तव्य रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिलाई छ । प्राधिकरणले सोही नीतिको आधारमा फ्रिक्वेन्सी गणना गरी असुल गर्नुपर्ने व्यवस्था छ । उक्त समितिले उक्त कानूनको आधारमा फ्रिक्वेन्सी दस्तुर निर्धारण गर्दा फ्रिक्वेन्सी, व्याण्डविथ र क्यारियरको दर तय गर्नुपर्ने व्यवस्था छ ।

१६.१ प्राप्त विवरण अनुसार प्राधिकरणले हालसम्म ६ सेवा प्रदायकलाई फ्रिक्वेन्सी वितरण गरी उक्त दुवै प्रावधानको आधारमा रु ४४ करोड ६० लाख ५५ हजार फ्रिक्वेन्सी दस्तुर निर्धारण गरेको छ ।

सेवा प्रदायकगत क्यारियरको विस्तृत विवरण, फ्रिक्वेन्सीको प्वाईन्ट टु प्वाइन्ट एवं माइक्रोवेभ लिङ्कको तथ्याङ्क परीक्षणको लागि माग गरेकोमा उपलब्ध नभएकोले समितिको नीति अनुरुप प्राधिकरणवाट गणना गरी सेवा प्रदायकवाट दाखिला भएको फ्रिक्वेन्सी दस्तुर सुनिश्चित गर्ने आधार रहेन । प्राधिकरणसँग माग भएका ती प्राविधिक विवरण उपलब्ध भएमा सेवा प्रदायकको फ्रिक्वेन्सी दस्तुर वापतको दायित्व फरक हुन सक्ने र यसवाट राज्यले थप राजस्व प्राप्त गर्न सक्ने स्थिति रहेको छ । प्राविधिक विवरण समयमा उपलब्ध गराई फ्रिक्वेन्सी दस्तुर सुनिश्चित गर्ने कार्यमा प्राधिकरणको सहयोग जरुरी छ ।

१६.२ प्राधिकरणबाट सेटेलाइट सेवा जी.एम.ए.सी.एस.को अनुमती पत्र लिने संख्या ३ र नेटवर्क सेवा प्रदायक (NSP) को अनुमती पत्र लिने संख्या ६ रहेको छ । यी दुवै सेवा सञ्चालन गर्न पनि फ्रिक्वेन्सी व्याण्ड आवश्यक पर्दछ । यी दुवै सेवा सञ्चालन गरेका सेवा प्रदायकलाई कुन व्याण्डको कति फ्रिक्वेन्सी व्याण्डविथ दिएको छ, सोको विवरण पेश भएन । साथै ती सेवा प्रदायकले प्रयोग गरेको फ्रिक्वेन्सीको दस्तुरसमेत दाखिला गरेको देखिदैन । उक्त फ्रिक्वेन्सी प्रयोगको अवस्था स्पष्ट गर्नुका साथै फ्रिक्वेन्सी दस्तुर निर्धारण गरी असुल हुनुपर्दछ ।

१७. **फ्रिक्वेन्सी दस्तुर दाखिला प्रक्रिया –** दूरसञ्चार नियमावली, २०५४ को नियम ३१(१) मा अनुमती पत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्ने सम्बन्धमा फ्रिक्वेन्सी प्रयोग गर्दा समितिले तोकिए बमोजिमको दस्तुर प्राधिकरणमा बुझाउनु पर्ने र नियम ३१(२) मा प्राधिकरणले सो दस्तुर नेपाल सरकारलाई बुझाउनु पर्ने उल्लेख छ । फ्रिक्वेन्सी दस्तुर सङ्कलन गरी नेपाल सरकारलाई बुझाउनु पर्ने दायित्व प्राधिकरणको हो तापनि प्राधिकरणले तोकेको फ्रिक्वेन्सी दस्तुर सेवा प्रदायकले मन्त्रालयमा दाखिला गर्ने र तहाँबाट प्राप्त नगदी रसिदको आधारमा प्राधिकरणले अभिलेख मात्र राख्ने गरेको छ ।

प्राधिकरणबाट प्राप्त विवरण अनुसार २०६७६८ मा ५ सेवा प्रदायकबाट रु.२३ करोड ६७ लाख १४ हजार फ्रिक्वेन्सी दस्तुर राजस्व दाखिला देखाएको र वर्षगत विवरणमा यस वर्ष रु.२३ करोड ७९ लाख २६ हजार दाखिला देखाएबाट वर्षगतमा रु.१२ लाख १२ हजार बढी दाखिला देखाएको छ । यस्तै ५ सेवा प्रदायकले हालसम्मको कुल दाखिला रु.४४ करोड ६० लाख ५५ हजार देखाएकोमा वर्षगत विवरणमा कूल दाखिला रु.४२ करोड १७ लाख २९ हजार मात्र देखाएकोले रु.२ करोड ४३ लाख २६ हजार घटी दाखिला देखाएको छ । यसबाट प्राधिकरणको राजस्व अभिलेख व्यवस्थित नहुनाका साथै नियमावलीले तोकेको दायित्व पूरा भएको छैन । अत: दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम प्राधिकरणले फ्रिक्वेन्सी दस्तुरको सङ्कलन तथा दाखिला गर्नुपर्ने र सोको अभिलेख तथा लेखाङ्कन अद्यावधिक हुनुपर्दछ ।

१८. **अनुगमन मूल्याङ्कन –** दूरसञ्चार ऐन, २०५३ को दफा १३(छ) मा दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने कार्य अर्न्तगत प्राधिकरणले अनुमती पत्र प्राप्त गरेका र नगरेका दुवै प्रकार सेवा प्रदायकको दूरसञ्चार सेवाको अनुगमन तथा मूल्याङ्कन गर्दछ । दूरसञ्चार ऐन, २०५३ को दफा २८ अर्न्तगत अनुमती प्राप्त व्यक्तिले अनुमती पत्रमा तोकिए वमोजिमको अवधिभित्र दूरसञ्चार सेवा सञ्चालन नगरेमा प्राधिकरणले

त्यस्तो अनुमती पत्र खारेज गर्न सक्ने र दफा ४७(२) मा कुनै व्यक्तिले यस ऐनबमोजिम अनुमती पत्र नलिई वा अनुमती पत्रमा उल्लेखित शर्तहरुको पालना नगरी दूरसञ्चार सेवा सञ्चालन गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिलाई रु.५ लाखसम्म जरिवाना गरी त्यस्तो काम बन्द गराउन सक्ने व्यवस्था रहेको छ ।

१८.१ सेवा प्रदायकले अनुमती पत्रमा नतोकिएको वा तोकिएभन्दा बढी फ्रिक्वेन्सी प्रयोग गरेको अवस्थामा उक्त कानूनी प्रावधान बमोजिम सेवा प्रदायकलाई कारबाही गर्नुपर्ने हुन्छ । प्राधिकरणको अनुगमनको क्रममा यस्तो स्थिति देखिएको अभिलेख रहेको छैन । यस सम्बन्धमा थप अनुगमन हुनुपर्दछ ।

१८.२ सेवा प्रदायकले सेवा सञ्चालन गर्न लिएको विभिन्न व्याण्डका फ्रिक्वेन्सी व्याण्डविथ प्रयोग गरी उपयोग गर्नुपर्दछ । यस सम्बन्धमा सेवा प्रदायकको ग्राहक संख्यालाई आधार लिई फ्रिक्वेन्सी प्रयोगको स्थितिको मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको देखिदैन । यसबाट सेवा प्रदायकले अनावश्यक रुपमा भविष्यको लागि मात्र फ्रिक्वेन्सी ओगटेर राखेको स्थिति रहने र सो प्रयोग नभएको फ्रिक्वेन्सी पुन: वितरण गर्दा राज्यलाई प्राप्त हुने राजस्व समेत गुमेको अवस्था छ । प्राधिकरणले यस सम्बन्धमा प्रभावकारी रुपमा कार्यक्रम बनाई अनुगमन गर्नुपर्दछ ।

१८.३ एक कम्पनीलाई सेवा सञ्चालन गर्न जारी गरेको अनुमती पत्र साथ तोकिएको जी.एस.एम. ९०० फ्रिक्वेन्सी व्याण्डको २×६ मेगाहर्ज व्याण्डविथ फ्रिक्वेन्सी दिएकोमा पछि सोही व्याण्डमा २×२ मेगाहर्ज व्याण्डविथ थप, जी.एस.एम १८०० व्याण्डमा २×९ मेगाहर्ज थप, सोही व्याण्डमा २×२ मेगाहर्ज अस्थायी थप र ३ जी को लागि २×१० मेगाहर्ज फ्रिक्वेन्सी वितरण गरेको छ । सो कम्पनीको स्वामित्व तथा पूँजी संरचनामा परिवर्तन भई हाल अर्को एक कम्पनीको नाउँमा सेवा सञ्चालन गरिरहेकोमा स्वामित्व परिवर्तन हुँदा वितरित फ्रिक्वेन्सी एक कम्पनीबाट अर्को कम्पनीले प्रयोग गर्दा प्राधिकरणबाट स्वीकृति प्रदान गरेको छैन र तत्सम्बन्धमा छानबिन समेत गरेको छैन ।

संस्था, समिति तथा अन्य संस्थातर्फ

रेडियो प्रसार सेवा विकास समिति

१९. **पेन्सन कोष –** रेडियो नेपाल केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालय अन्तर्गतका कार्यालयहरुमा निवृत्तिभरण पाउने कर्मचारीको लगत अद्यावधिक पनि नराखेको, कर्मचारीहरुको पेन्सन निवृत्तिभरण कोषबाट खर्च लेख्नुपर्नेमा सो कोषलाई निष्क्रिय राखी विनियोजन भएको नियमित तलव बजेटबाट पेन्सन खर्च लेखेको छ ।

२०. **लेखापरीक्षण –** क्षेत्रीय प्रसारण केन्द्र, डोटीको स्रेस्ता तथा कागजात उपलब्ध गराउन २०६८।५।७ मा पत्राचार गर्दा केन्द्रको २०६८।५।१५ को पत्रबाट आन्तरिक लेखापरीक्षण भैनसकेकोले स्रेस्ता उपलब्ध गराउन नसक्ने जानकारी गराएको कारणले सो कार्यालयको लेखापरीक्षण हुनसकेन । त्यस्तै केन्द्रीय कार्यालयले पनि अन्तिम लेखापरीक्षण अवधिसम्म आन्तरिक लेखापरीक्षणको कार्य सम्पन्न गर्नसकेको देखिएन । आन्तरिक लेखापरीक्षण समयमा गराई आन्तरिक नियन्त्रण पक्ष सवल बनाउनुपर्दछ ।

२१. **जग्गा भाडा –** समितिको स्वामित्वमा रहेको खुमलटारस्थित व्यावसायिक जग्गा भाडामा लगाउने प्रयोजनका लागि बोलपत्र माग गर्दा न्यूनतम कबोल अङ्क, भाडामा लगाउने जग्गाको क्षेत्रफल, उपयोग अवधि खुलाएर सूचना प्रकाशित गर्नुपर्नेमा उक्त विवरणहरु नखुलाई सम्बन्धित प्रस्तावदाताबाटै प्रस्ताव माग गरेको पाइयो । समितिको स्वामित्वमा रहेको करिब ४२ रोपनी जग्गामध्ये २ व्यवसायीलाई क्रमश: १० रोपनी प्रतिमहिना रु.११ हजारका दरले १० वर्ष र ५ रोपनी प्रतिमहिना रु.१० हजारका दरले २५ वर्षका लागि २०६५ फाल्गुणदेखि भाडामा दिएको पाइयो । जग्गा रहेको स्थान एवं सो क्षेत्रको व्यावसायिक गतिविधिको विश्लेषण बेगर प्रकाशित सूचनाबाट उचित भाडा प्राप्त नहुनुको साथै २७ रोपनी जग्गा निष्प्रयोजन राखेको पाइयो ।

२२. **उद्देश्य विपरीत खर्च** – मन्त्रालयले समितिलाई मेसिनरी औजारको लागि रु.४ करोड अनुदान उपलब्ध गराएकोमा मेसिनरी औजारमा रु.६ लाख ५५ हजारमात्र खर्च गरेको छ । पूँजी निर्माणका लागि नेपाल सरकारबाट प्राप्त रु.३ करोड ९३ लाख ४४ हजार प्रशासनिक कार्यमा खर्च गरेको पाइयो ।

नेपाल टेलिभिजन

टेलिभिजन प्रसारणलाई सुचारु रुपले सञ्चालन र विस्तार गरी जनमानसमा राष्ट्रिय चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत स्थापित भएको हो । संस्थानको २०६७६८ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्न छन् :

२३. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु.७६ करोड ४ लाख ६७ हजार सञ्चित नोक्सानी रहेकोमा यो वर्षको नोक्सानी रु.४ करोड ५२ लाख ७३ हजार थप भई रु.८० करोड ५७ लाख ४० हजार (शेयर पूँजीको ४८. ८६ प्रतिशत) नोक्सानी पुगेको छ ।

२४. **पूँजी** – संस्थानको २०६८ आषाढ मसान्तको वासलातमा अधिकृत पूँजी रु.१ अर्ब ५० करोड देखिएकोमा सो भन्दा बढी हुनेगरी चुक्ता पूँजी रु.१ अर्ब ६४ करोड ८९ लाख रहेको छ । पूँजी वृद्धिको सम्बन्धित निकायबाट स्वीकृति लिएको छैन ।

२५. **जग्गा** – संस्थानले भोग चलन गर्दै आएको जग्गामध्ये अधिकांश जग्गा नेपाल सरकार र वन तथा भू–संरक्षण मन्त्रालयको स्वामित्वमा रहेको पाइयो । ती जग्गाको स्वामित्व संस्थानको नाममा कायम भएको छैन । संस्थानकै स्वामित्वमा रहेको इलामको ६ रोपनी, संखुवासभाको २ रोपनी, नाम्चेको झण्डै ३ रोपनी लगायतका जग्गा पनि व्यवसायिक प्रयोजनमा लगाई अतिरिक्त आय आर्जन गर्न सकेको छैन ।

२६. **मुद्दा** – एक मेडिया कम्पनीले संस्थानको विरुद्धमा रु.१२ करोड ४६ लाख क्षतिपूर्तिको मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छ । यस मुद्दाका कारणबाट उत्पन्न हुने सम्भाव्य दायित्वको व्यवस्था गरेको छैन ।

२७. **छुट एवं मूल्य अभिवृद्धि कर** – वोलपत्रमा उल्लिखित रकममा बाहेक अरु कुनै प्रकारको कमिशन तथा छुटको व्यवस्था नगरेको र व्यापार निर्देशिकामा छुट लागु हुने वा नहुने उल्लेख नगरेको अवस्थामा एक कम्पनीसँग कार्यक्रम संचालनका लागि टेलिकाष्ट चार्ज र सो मा दिइने कमिशन तथा नगद छुट दिएको पाइयो । संस्थानले उक्त कम्पनीलाई प्रत्येक बिल रकमबाट १५ प्रतिशतले छुट घटाउँदा यस वर्ष रु.४ करोड २१ लाख छुट दिएको र यसबाट मूल्य अभिवृद्धि कर रु.५५ लाख समेत कम असुली भएको छ । साथै नगद छुटबारे सम्झौतामा केही उल्लेख नगरेको अवस्थामा रु.१ करोड ८९ लाख नगद छुट दिएको पाइयो । यसबाट मूल्य अभिवृद्धि कर रु.२५ लाख कम असुली भएको छ ।

२८. **अतिरिक्त विज्ञापन समय** – संस्थानले विभिन्न व्यक्ति तथा फर्मलाई दैनिक रुपमा समाचारमा कुनै विशिष्ट स्थानको लागि आफ्नो उत्पादनको विज्ञापन गर्न सम्झौता गर्ने गरेको छ । एक प्राइभेट कम्पनीसँग २०६७ आषाढ २३ मा भएको सम्झौताअनुसार सम्झौतामा उल्लेख भएको निशुल्क विज्ञापन समय खपत हुन नसकेमा सो खपत हुन नसकेको समयको ५० प्रतिशतसम्म समय सोही आर्थिक वर्षभित्र सोही समाचारमा खपत गरिसक्नु पर्ने उल्लेख छ । कम्पनीले सो सम्झौता अवधिभित्र १२ हजार ७१० सेकेण्ड अतिरिक्त समय विज्ञापन गरेकोमध्ये सम्झौताअनुसार विभिन्न समयमा विज्ञापन प्रशारण गर्न नसकेको समयको ५० प्रतिशतले हुने ४ हजार २८० सेकेण्ड घटाउदा बाँकी रहेको ८ हजार ४३० सेकेन्डको कर विजक जारी गरी मूल्य अभिवृद्धि कर समेत लगाई असुलउपर गर्नुपर्नेमा नगरेकाले विक्री कम देखाएबापतको मूल्य अभिवृद्धि कर रु.९ लाख ४२ हजार कम असुल भएको छ ।

२९. **व्यापार निर्देशिका** – संस्थानको व्यापार निर्देशिकामा उधारो सुविधा, बैङ्क ग्यारेन्टी प्राप्त गर्ने, धरौटी रकम जफत गर्ने आदि व्यवस्था भएकोमा सो प्रावधान पालना नभएको सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३०. संस्थानको व्यापार निर्देशिकाअनुसार उधारो सुविधा र बैङ्क ग्यारेन्टीले खामेको रकमभन्दा बढी रकम उधारो रहन जाने अवस्था सिर्जना भएमा ७ दिनको म्याद दिई विज्ञापनदाताहरुलाई सूचना दिने र सूचना दिदापनि भुक्तानी नभई उधारो सुविधा र बैङ्क ग्यारेन्टीले खामेको रकमभन्दा बढी उधारो हुन गएको अवस्थामा विज्ञापन कार्यक्रम रोक्का गरी असुलउपरका लागि विनियमावली र प्रचलित कानूनबमोजिम कारबाही अगाडि बढाउने उल्लेख भएकोमा १४ मिडियालाई निर्देशिकाले तोकेभन्दा बढीको उधारो दिएको छ । निर्देशिका प्रतिकूल लाखौंको उधारो दिने तर असुली नगर्नेलाई गर्नुपर्ने कारबाही भएको पाइएन ।

३०.१ निर्देशिकामा बैङ्क ग्यारेन्टीको कम्तीमा ५० प्रतिशतसम्मको रकम नगद लिई बाँकी रकमको बढीमा ६ महिनाको नयाँ बैंक ग्यारेन्टी वा नवीकरण १ पटकका लागि मात्र स्वीकार गर्न सक्ने उल्लेख भएको छ । तर ५० प्रतिशत सम्मको नगद रकम नलिई विभिन्न बैङ्कको बैङ्क ग्यारेन्टी मात्र नवीकरण गरेको रु.८ करोड ९५ लाख २८ हजार रहेको छ ।

३१. **आसामी –** संस्थानको वित्तीय विवरणमा गत वर्ष रु.१८ करोड ७० लाख ८६ हजार आसामी रहेकोमा यस वर्ष रु.२३ करोड ७१ लाख ६८ हजार पुगेको छ । उक्त असामीलाई सुरक्षित, असुरक्षित, शंकास्पद आदिमा वर्गीकरण गरेकोमा त्यसको आधार पेश गरेको छैन । व्यापार निर्देशिकाअनुसार उधारो बाँकी राख्ने विज्ञापनदातालाई निरुत्साहित गर्ने र विगत ३ आर्थिक वर्षदेखि असुल हुन नसकी जिम्मेबारी सार्दै आइरहेको बाँकी बक्यौताको सम्बन्धमा शंकास्पद, खराब आदिमा असामी मूल्याङ्कन गरी पेश गर्न एक उपसमिति गठन गर्नुपर्ने व्यवस्था भएपनि सो कार्यान्वयन भएको छैन ।

३२. **रोयल्टी –** संस्थानले आफ्नो कुल नाफाको ४ प्रतिशत नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्नेमा २०४८।४९ देखि नै रोयल्टी बुझाएको छैन । यसका लागि व्यवस्था गरेको समेत पाइएन । रोयल्टीको दर २०६६।६७ मा ४ प्रतिशतबाट २ प्रतिशत कायम भएको देखिन्छ । रोयल्टी रकम नबुझाएको अवस्थामा नेपाल सरकारले रु.१५ करोड ३७ लाख ३८ हजार शेयर पूँजी थप प्रदान गरेको छ । सोही शेयर पूँजीको रकममध्येबाट २०५२।५३ देखि २०६०।६१ सम्मको रोयल्टीबापतको रकम रु.५ करोड २८ लाख ९४ हजार भुक्तानी गरेको छ । नेपाल लेखामानअनुसार रोयल्टी तिर्नु संस्थाको दायित्व भएकोले सोबापत व्यवस्था गरी संस्थानको वित्तीय विवरणको दायित्वमा देखाउनुपर्दछ ।

गोरखापत्र संस्थान (२०६६।६७)

स्वदेश एवं विदेशका समाचार जनतासम्म पुऱ्याउने र स्वस्थ एवं रचनात्मक लेख प्रकाशित तथा बिक्री वितरण गर्ने उद्देश्यले गोरखापत्र संस्थान ऐन, २०१९ अन्तर्गत यो संस्थान सञ्चालित छ । :

३३. **लेखापरीक्षण स्थिति** – संस्थानको २०६७।६८ सम्मको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त भएकोमा अद्यावधिक रुपमा लेखापरीक्षण हुन सकेको छैन । संस्थान व्यवस्थापनले लेखापरीक्षण प्रतिक्रिया उपलब्ध नगराएकाले २०६६।६७ को अन्तिम प्रतिवेदन जारी हुन सकेको छैन । वित्तीय विवरण एवं कागजात उपलब्ध नगराएकाले २०६७।६८ को समयमा लेखापरीक्षण सम्पन्न हुन सकेको छैन ।

३४. **सञ्चालन नतिजा** – गत वर्ष वासलातमा सारेको संचित नोक्सानी रु.२ करोड ५५ लाख ९ हजार रहेकोमा यो वर्षको नाफा २ करोड ६ लाख ८८ हजार भई वासलातमा सञ्चित नोक्सानी रु.४८ लाख २१ हजार सारेको छ ।

३५. **खराब तथा शंकास्पद व्यवस्था –** संस्थानले लिनुपर्ने आसामी हिसाबमा २०६२।६३ देखि नै बाँकी देखाई कुनै कारोबार समेत नभएको रु.२ करोड ७५ लाख २२ हजार समावेश छ । सो रकमलाई खराब तथा शंकास्पद असामीमा वर्गीकरण गरी नोक्सानीबापत व्यवस्था गर्नुपर्नेमा गरेको छैन ।

३६. **आय विवरण दाखिला –** संस्थानले २०५३।५४ देखि २०६४।६५ सम्म कर लेखापरीक्षण गराए तापनि आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको छैन । कर लेखापरीक्षणबमोजिम २०६४।६५ सम्मको आयकर (जरिबानाबाहेक) रु.४१ लाख २७ हजार दाखिला गर्नको लागि व्यवस्था गरेको छैन ।

३७. **आसामी** – संस्थानले आसामीहरुबाट मौज्दात समर्थनपत्र लिने गरेको पाइएन । प्रकाशन बिक्री वितरण सम्बन्धी निर्देशिकाले बिक्री एजेन्टहरुले राखेको धरौटीभन्दा असुलउपर गर्नुपर्ने रकम बढी हुन नहुने व्यवस्था गरेको छ । धरौटीभन्दा असुलउपर गर्नुपर्ने रकम २०६७ आषाढ मसान्तसम्ममा रकम ८९ एजेन्टको रु.१ करोड २७ लाख ३५ हजार बढी देखिएको छ ।

३८. **विज्ञापन राजस्व सङ्कलन** – संस्थानका स्थानीय समाचारदाताहरुले आफू आवद्ध भएको विज्ञापनदाताबाट विज्ञापन सङ्कलन गरी उक्त प्रकाशित विज्ञापनको शुल्क स्वयं बुझिलिने र यसरी बुझिलिएको रकम धेरै समयपछि मात्र संस्थानमा बुझाउने गरेको पाइयो । संस्थानका स्थानीय समाचारदाताहरुबाट २०६७ आषाढ मसान्तसम्म असुल हुन बाँकी रु. १३ लाख ८९ हजार रहेको छ । साथै संस्थानले नियुक्त गरेको बजार प्रतिनिधिहरुले पनि विज्ञापन सङ्कलन गरेबापतको उठ्ती रकम प्रकाशन एवम् विज्ञापनसम्बन्धी निर्देशिका २०६५ ले तोकेको समयभन्दा ढिलो बुझाउने गरेको छ । त्यस्ता बजार प्रतिनिधिहरुबाट २०६५।६६ सम्म असुलउपर हुन बाँकी रकम रु.८ लाख ७५ हजार रहेको देखिन्छ । बक्यौता रकम तुरुन्त असुल गर्नुपर्दछ ।

३९. **पेश्की** – संस्थानको आर्थिक विनियमावली विपरीत पहिलेको पेश्की फछ्यौंट हुन बाँकी रहँदा रहदै थप पेश्की दिने गरेकोले पेश्की रकम लामो समयसम्म फछ्यौंट हुन बाँकी रहेको छ । विगत २०६२।६३ सम्मको पेश्की रु.११ लाख ६४ हजार तथा कर्मचारी सापटी रु.१ लाख ५९ हजार हालसम्म पनि फछ्यौंट भएको छैन ।

४०. **चालू दायित्व तथा व्यवस्था** – चालू दायित्व अन्तर्गत सण्ड्री क्रेडिटर्स हिसाबमा २०६२।६३ देखिनै जिम्मेवारी सार्दै आएको ६१ पार्टीको रु.१५ लाख ३१ हजारको सम्बन्धमा हाल कुनै कारोबार भएको देखिएन । उक्त रकम पुरानो भएकाले वास्तविक रकम यकिन गरी दायित्व चुक्ता गर्नुपर्दछ ।

४१. **मूल्य अभिबृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम खरिद र विक्री खाता राखेको पाइएन । आय लेखा शाखाले तयार गर्ने मूल्य अभिवृद्धि कर दायित्व विवरण र लेजरमा लेखांकन हुने दायित्व रकमबीच भिडान नहुँदा वर्षान्तमा मूल्य अभिवृद्धि कर दायित्व रु.५ लाख ७१ हजारले फरक देखिएको छ ।

४२. **नेपाल लेखामानको पालना** – संस्थान एक व्यावसायिक निकाय भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाद्वारा जारी गरिएका लेखामानहरु पूर्ण पालना गरी वित्तीय विवरणहरु तयार गर्न पर्नेमा गरेको छैन । नेपाल लेखामान–९ बमोजिम स्थगन कर दायित्व/सम्पत्ति गणना गरी लेखाङ्कन गरेको छैन ।

४३. **एजेन्ट कमिशन** – संस्थानको प्रकाशन बिक्री वितरण निर्देशिकाअनुसार दैनिक प्रकाशनहरु बिक्री गरेबापत १ हजार ५०० प्रतिसम्म निर्धारित मूल्यको ३० प्रतिशत र सोभन्दा माथिको बिक्रीमा ३५ प्रतिशत एजेन्ट कमिशन दिनुपर्नेमा ४ एजेन्टलाई बिक्री गरेको पूरै प्रतिको लागि ३५ प्रतिशत कमिशन दिएकोले रु.४ लाख ८९ हजार बढी भुक्तानी भएको छ ।

गोरखापत्र संस्थान (२०६५।६६)

४४. **सञ्चालन नतिजा** – गत वर्ष वासलातमा सारेको सञ्चित नाफा रु. ५ करोड १२ लाख ७५ हजार रहेकोमा यस वर्षको नोक्सान ७ करोड ६७ लाख ८४ हजारले थप भई वासलातमा सञ्चित नोक्सानी रु.२ करोड ५५ लाख ९ हजार सारेको छ ।

४५. **विलम्ब शुल्क** – संस्थानले २०५३।५४ देखि आय विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको छैन । समयमा आय विवरण दाखिला नगरेबापत २०५८।५९ देखिको आयकर ऐन, २०५८ बमोजिम लाग्ने विलम्ब शुल्क रु.४६ लाख ३९ हजारको व्यवस्था गरेको पाइएन । बक्यौता मूल्य अभिवृद्धि कर तथा आयकर रु.९ करोड ८६ लाख ४५ हजार आयकर ऐन २०५८ अनुसार छुट नपाउने हुँदा उक्त रकमबापतको दायित्वको लागि व्यवस्था गरेको छैन ।

प्रेस काउन्सिल

यो काउन्सिल २०२७ मा स्थापना भई हाल प्रेस काउन्सिल ऐन, २०४८ अन्तर्गत सञ्चालित छ । काउन्सिलको २०६७६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

४६. **सञ्चालन नतिजा –** गत वर्षसम्म रु.८० लाख ४३ हजार बचत रहेकोमा यो वर्षको बचत रु.३० लाख ४३ हजार समेत वर्षान्तको बचत रु.१ करोड १० लाख ८६ हजार वासलातमा सारेको छ ।

४७. **भवन** – हाल प्रयोगमा ल्याइ राखेको भवनको मूल्य काउन्सिलको सम्पत्तिमा समावेश गरेको छैन । सूचना विभागको नाममा रहेको जमीनमा नेपाल सरकारबाट प्राप्त अनुदान रकमबाट सो भवन निर्माण भएकोले सम्पत्तिमा समावेश नगरेको जानकारी हुन आएको छ । जग्गाको स्वामित्व प्राप्त गर्न आवश्यक कारबाही गरी उपयोगमा ल्याएको भवन र जग्गाको मूल्य काउन्सिलको सम्पत्तिमा लेखाङ्कन गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय समाचार समिति

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अन्तर्गत सञ्चालित यस समितिको २०६७६८ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

४८. **सञ्चालन नतिजा** – समितिको गत वर्षको सञ्चालन नोक्सानी रु.३८ लाख ८० हजार रहेकोमा यस वर्ष रु.९६ लाख २१ हजार वचत भई यो वर्ष सम्मको सञ्चित बचत रु.५७ लाख ४१ हजार रहेको छ ।

४९. **कोष व्यवस्था** – समितिले राष्ट्रिय समाचार समिति कोष, कर्मचारी कल्याण कोष, उपदान कोष र औषधि उपचार तथा बिमा कोष स्थापना गरी ती कोषहरुमा गतवर्ष रु.४ करोड ५३ लाख ९० हजार भएकोमा यस वर्ष रु.६३ लाख २६ हजार थप भई यो वर्षसम्म रु.५ करोड १७ लाख १६ हजार व्यवस्था गरेको देखिन्छ । राष्ट्रिय समाचार समिति (कर्मचारी सेवा शर्त) विनियमावली २०५६ अनुसार संचित बिदा, उपदान सुविधा, औषधि उपचार खर्च समितिको आन्तरिक कोषबाट व्यवस्था गर्नुपर्ने उल्लेख छ । कल्याणकारी कोष योजना योगदान सञ्चालनबापत नेपाल सरकारबाट समितिलाई प्राप्त अनुदानबाट कर्मचारी कल्याण कोषमा रु.५ लाख, औषधि उपचार कोषमा रु.३० लाख र उपदान कोषमा रु.३५ लाखसमेत थप रु.७० लाख सारेको देखियो । समितिको आन्तरिक कोषबाट व्यवस्था गर्नुपर्ने रकम नेपाल सरकारको अनुदानबाट कोषमा सारेको छ । उक्त कार्य नियमसम्मत देखिएन ।

५०. **आसामी –** गतवर्षसम्म रु.५२ लाख ५९ हजार आसामी रहेकोमा यस वर्षसम्म रु.९१ लाख ९८ हजार रहेको छ । समितिले पेश गरेको वित्तीय विवरणमा उक्त रकमको विस्तृत विवरण तथा अवधि खुलाई अभिलेख राखेको छैन ।

५१. **कर दर्ता –** आयकर नियमावली २०५९ को नियम २३ बमोजिम समितिले स्थायी लेखा नम्बर लिएको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । आयकर ऐन, २०५८ को दफा ९६ अनुसार प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र आफ्नो आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । समितिले कर दर्ता गरी आय विवरण दाखिला गर्नुपर्ने देखिन्छ ।

५२. **बैङ्क तथा नगद मौज्दात –** समितिको केन्द्रीय कार्यालयको ४ बैङ्क खाता र क्षेत्रीय कार्यालयहरु र अञ्चल कार्यालयहरुको १० बैङ्क खातामा २०६८ आषाढ मसान्तमा बैङ्क मौज्दात रु.२ करोड ६९ लाख १२ हजार र नगद मौज्दात रु.१ लाख १४ हजार रहेको छ ।

५२.१ गत वर्षको मौज्दात बाँकी देखाएको ९ बैङ्क खाताको रु.६२ लाख ६२ हजार यस वर्ष मौज्दात सारेको भए तापनि २०६८ आषाढ मसान्तसम्मको बैङ्क मौज्दातको प्रमाण लिई भिडान गरेको छैन ।

५२.२ चार बैङ्क खाताको बैङ्क विवरण तथा लेखा हिसाब घटीबढी भएकोमा आवश्यक छानबिन गरी हिसाब यकिन गर्नुपर्नेमा गरेको छैन ।

५२.३ राष्ट्रिय वाणिज्य बैङ्कको एक खाताबाट सोही बैङ्कको अर्को खातामा रु.९५ लाख १० हजार सारेकोमा सार्नुपर्नाको कारण खुलाएको छैन । रकम सार्दा सञ्चालक समितिको स्वीकृत लिएको छैन ।

५३. **अग्रिम कर कट्टा –** घर बिदा, सार्वजनिक तथा साप्ताहिक बिदाबापत केन्द्रीय कार्यालय र शाखा कार्यालयहरु समेतका कर्मचारीलाई रु.२१ लाख ७० हजार भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने अग्रिम कर कट्टा गरेको छैन ।

समितिको २०६६।१।२ को निर्णयअनुसार समाचार वर्गीकरणको आधारमा प्रति समाचार 'क' वर्गको लागि रु.२००।–, 'ख" वर्गको लागि रु.१५०।–, 'ग' वर्गको लागि रु.१२५।– र 'घ' वर्गको लागि रु.१००।– का दरले पारिश्रमिक पाउने गरी यो वर्ष विभिन्न समाचारदाताहरुलाई रु.५१ लाख ३१ हजार भुक्तानी गरेको देखियो । सो भुक्तानीमा आयकर ऐन, २०५८ अनुसार लाग्ने अग्रिम कर कट्टा गरेको छैन ।

५४. **समाचार शुल्क सङ्कलन** – समितिलाई समाचार सेवा बिक्री वितरणबाट गत वर्षसम्म समाचार शुल्क रु.५९ लाख २१ हजार संकलन भएकोमा यसवर्ष रु.६३ लाख ६९ हजार संकलन भएको छ । समितिलाई समाचार, आलेख र फोटो सेवाको साथै अन्तर्राष्ट्रिय समाचार सेवा समेतबाट शुल्क प्राप्त हुन गएकोमा ग्राहक संख्याबाट प्राप्त हुने शुल्क सोको अभिलेख लेखापरीक्षणमा पेश भएन । समितिले राष्ट्रिय दैनिक पत्रिका, राष्ट्रिय दैनिक रेडियो, टेलिभिजन, एफएम रेडियो आदिबाट समाचार शुल्क उठाउने गरेकोमा लगत, असुली र बाँकी देखिने अभिलेख अद्यावधिक राख्नुपर्नेमा राखेको छैन ।

५५. **धरौटी –** समितिको केन्द्रीय कार्यालयमा प्रयोग भएको टेलिफोन संख्या १४ को र अन्य शाखा कार्यालयमा प्रयोग भएको टेलिफोन संख्या १५ को धरौटीबापतको रकम खुलाई अभिलेख राखेको पाइएन । समितिमा स्थायी विद्युत आपूर्तिको व्यवस्था गर्न २०६८।१।२५ मा नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरेकोमा लागत अनुमानबमोजिम रु.२० लाख ८५ हजार प्राधिकरणमा धरौटी स्वरुप जम्मा गरेको देखिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण

दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ, नियमित र व्यवस्थित गर्न दूरसञ्चार ऐन, २०५३ अन्तर्गत २०५४ मा स्थापित यस प्राधिकरणको अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

५६. **सञ्चालन नतिजा –** गत वर्ष कार्यालय सञ्चालनबाट रु.११ करोड ४२ लाख ५० हजार नाफा भएकोमा यो वर्ष रु.२३ करोड ७८ लाख १२ हजार नाफा भएको छ । सोमा गत वर्षसम्मको नाफा रु.६३ करोड ६४ लाख १९ हजार जोडी हुने रु.८७ करोड ४२ लाख ३१ हजारमा आयकरमा रु.५ करोड ८६ लाख ७७ हजार र उपदान, औषधि उपचार र कर्मचारी कल्याणकोषमा रु.३१ लाख ५ हजार व्यवस्था गरी बाँकी रु.८१ करोड २४ लाख ४९ हजार वासलातमा सारेको छ ।

प्राधिकरणले पूँजीकृत गर्नुपर्ने पार्टीसन खर्च रु.५ लाख ५६ हजार समावेश नगरेको तथा दोहोरो आय देखाएको रु.२ करोड १५ लाख ६ हजार र अनुमतिपत्र जारी नगरेको अवस्थामा सोको अंश आम्दानी देखाएको रु.१ करोड २५ लाख घटाउँदा यस वर्षको नाफा रु.२२ करोड ५८ लाख ६८ हजारमात्र हुने देखिन्छ । त्यस्तै नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मोबाइल सेवाको लिन बाँकी रु.१९ अर्ब ८१ करोड १० लाख लेखाङ्कन गर्दा प्राधिकरणको नाफा बढ्ने र कर्मचारीको अवकास कोषको एक्चुरियल मूल्याङ्कनबाट दायित्व थप भएमा सो रकमले नाफा घट्न जाने हुँदा प्रस्तुत वित्तीय विवरणले प्राधिकरणको यथार्थ वित्तीय स्थितिको चित्रण गरेको देखिएन ।

५७. **ग्रामीण दूरसञ्चार विकास कोष –** यस कोषमा गत वर्षान्तमा रु.२ अर्ब १८ करोड ४ लाख १९ हजार मौज्दात रहेकोमा यो वर्ष रु.७१ करोड ११ लाख ५८ हजार थप र कोषमा ब्याज रु.२४ करोड ३६ लाख ५२ हजार थप भई कायम रु.३ अर्ब १३ करोड ५२ लाख २९ हजारमा रु.५ लाख ९९ हजार भुक्तानी भई वर्षान्तमा रु.३ अर्ब १३ करोड ४६ लाख ३० हजार बाँकी रहेको छ ।

५७.१ दूरसञ्चार ऐन, २०५३ को दफा ३०(४) र अनुमति पत्रको बुंदा १५.२० मा प्राधिकरणले खडा गरेको कोषमा सेवाप्रदायकले वार्षिक कुल आयको २ प्रतिशतले हुने रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र जम्मा गर्नुपर्ने र सोही ऐनको दफा ४७ मा अनुमतिपत्रको शर्तको पालना नगरेमा रु.५ लाख जरिवाना र सेवा बन्द गर्नसक्ने व्यवस्था रहेको छ । सेवाप्रदायकहरुको २०६६।६७ को आयको २ प्रतिशतले हुने रकम यस आर्थिक वर्षमा आम्दानी देखाए तापनि सेवाप्रदायकको २०६७।६८ को आयको २ प्रतिशतले हुने रकम २०६८ आश्विनसम्म दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०६८।११।५ सम्ममा २१ सेवाप्रदायकले सो रकम रु.९१ करोड ४२ लाख ९४ हजार दाखिला गरेको विवरण प्रस्तुत हुन आएको छ ।

५७.२ दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा ४ मा ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्राधिकरणले एक कोष खडा गर्ने छ र अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक आयको प्राधिकरणले तोकेबमोजिम २ प्रतिशतको रकम प्रत्येक वर्ष सो कोषमा जम्मा गर्नुपर्ने र दफा ३० को उपदफा ५ मा उपदफा ४ बमोजिम जम्मा भएको रकम प्राधिकरणले नेपाल सरकारको दूरसञ्चारसम्बन्धी नीतिको अधिनमा रही ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । यस कोषबाट विगत वर्ष नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई रु.२६ करोड ५६ लाख १० हजार र यो वर्ष एक केबल नेटलाई रु.५ लाख ९९ हजारसमेत रु.२६ करोड ६२ लाख ९ हजार ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासका लागि भुक्तानी भएको छ । जुन कोषको हालसम्मको असुली रु.३ अर्ब ४० करोड ८ लाख ३९ हजारको ७.८२ प्रतिशत मात्र रहेको छ ।

५८. **अग्रिम आम्दानी –** गत वर्षान्तमा रु.३१ करोड ५० लाख १७ हजार रहेकोमा यस वर्षान्तमा रु.३३ करोड ४६ लाख ६२ हजार रहेको छ ।

अन्तर्राष्ट्रिय ट्रङ्क टेलिफोन सेवाका लागि २०६८।३।२७ मा एक मोबाइल सेवाप्रदायकलाई रु.७ करोड ८३ लाख ४७ हजारमा रु.१ करोड २५ लाख तत्काल दाखिला गरी बाँकी ४ किस्तामा रु.६ करोड ५८ लाख ४७ हजार बुझाउने गरी अनुमतिपत्र प्रदान गर्ने प्रक्रियामा रहेको तर अनुमति पत्र जारी नभइसकेको अवस्थामा तत्काल बुझाएको रकम अग्रिम आम्दानीमा देखाउनुपर्नेमा सीधै आम्दानीमा लेखाङ्कन भएबाट उक्त रु.१ करोड २५ लाखले आय बढी र अग्रिम आय घटी हुन गएको छ ।

५९. **स्थानीय तथा आधारभूत टेलिफोन सेवा –** आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्रदान गर्दा नेपाल दूरसञ्चार कम्पनी लि.सँग २०५७।१०।१३ मा दूरसञ्चार नियमावलीको नियम ११ सँग सम्बन्धित अनुसूची ६(क) बमोजिम ५ वर्षका लागि रु.१५ करोड ५८ लाख ५० हजार तोकिएकोमा एक निजी सेवा प्रदायकसँग बोलपत्र गरी बढाबढ प्रक्रियाबाट सो सेवाको लागि १० वर्षका लागि रु.१० करोड तोकिएको छ । तर एक कम्पनीलाई २०६४।५।११ मा ५ वर्षका लागि रु.२५ लाखमात्र तोकिएको छ ।

यस्तै ग्रामीण दूरसञ्चार सेवाका लागि २ सेवा प्रदायकलाई भौगोलिक क्षेत्र छुट्याई रु.१ लाखमात्र अनुमतिपत्र दस्तुर लिई अनुमतिपत्र प्रदान गरेको छ । एउटै प्रकृतिको ग्रामीण क्षेत्रमा सेवा प्रदान गर्ने सेवाप्रदायकलाई फरक तरिकाले ५ र १० वर्षको अवधि तोकि अनुमतिपत्र जारी गरेको आधार स्पष्ट छैन ।

६०. **अन्तर्राष्ट्रिय लामो दूरी सेवा –** यस सेवाअन्तर्गत २०६४।४।१८ मा १० वर्षका लागि १० किस्तामा बुझाउने गरी एक कम्पनीलाई प्राधिकरणको २०६२।८।२३ को निर्णयानुसार रु.६२ लाख ५० हजार प्रथम किस्ता र बाँकी ९ किस्ताका लागि ३ प्रतिशत ब्याज समावेश गरी कुल रु.७ करोड २६ लाख २५ हजार असुल गर्ने गरी अनुमतिपत्र प्रदान गरेको छ । यस कम्पनीले यस वर्षको किस्ता रु.४६ लाख २५ हजार दाखिला गरेको छ । यस कम्पनीलाई तुलनात्मक रुपमा ९ प्रतिशत ब्याज कम लगाउँदा रु.३ करोड ३ लाख ७५ हजार

कम्पनीलाई छुट हुन गएको छ । यस्तै सेवाप्रदायकलाई ५ वर्षे किस्ता कायम भएकोमा यस संस्थालाई १० वर्षे किस्ता कायम गरेको देखिन्छ । लेखापरीक्षण अवधिसम्म असुल गर्न बाँकी रु.४ करोड ४५ लाख ६३ हजारको अन्तिम किस्ता असुल गर्ने अवधि २०१६ अगष्ट, १६ सम्मको बैङ्क ग्यारेन्टी लिनुपर्नेमा २०१२ अगष्ट १६ सम्मको रु.४ करोड १८ लाख ४४ हजारको मात्र एक निजी क्षेत्रको बैङ्कको ग्यारेन्टी लिएको छ ।

६१. **रोयल्टी –** दूरसञ्चार ऐन, २०५२ को दफा ३२(१) मा अनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने र दफा ३२(२) मा दफा २४ को उपदफा ३ र ४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले कबोल गरेको रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था रहेको छ । सेवाप्रदायकले सोबमोजिम कुल आम्दानीको ४ प्रतिशत वा कबोल गरेको रोयल्टी जुन बढी हुन्छ सो रकम राजस्व खातामा दाखिला गरी सूचना तथा सञ्चार मन्त्रालयमा बुझाई मन्त्रालयबाट प्राप्त नगदी रसिद प्राधिकरणमा बुझाउनुपर्ने र सो रसिदको आधारमा प्राधिकरणले सेवा प्रदायकको रोयल्टी दाखिलाको अभिलेख राख्ने गरेको छ ।

६१.१ लेखापरीक्षणको क्रममा प्राप्त विवरण तथा अभिलेखअनुसार सेवा प्रदायकहरुले २०६७।६८ को आयको रोयल्टी रकम ५१ सेवा प्रदायकमध्ये २१ ले मात्र रु.१ अर्ब ८२ करोड ८५ लाख ८७ हजार दाखिला गरेको विवरण लेखापरीक्षण अवधि २०६८।११।२८ मा प्राप्त हुन आएको छ । यस्तो रोयल्टी रकम दाखिला गराउनेतर्फ प्राधिकरणको सक्रियता आवश्यक छ ।

६१.२ दूरसञ्चार ऐन, २०५२ को दफा ३२(१) मा दफा २४ को उपदफा २ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएबमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने र दूरसञ्चार नियमावली, २०५४ को नियम २६(१) मा नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीका रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने ५ सेवाप्रदायकको रु.८० लाख ६४ हजार रोयल्टी घटी दाखिला गरेको छ । यस्तो रोयल्टी रकम विगतमा समेत असुल नगरेकोले सो समेत छानबिन गरी असुल हुनुपर्दछ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

६२. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा २ कार्यालयबाट रु.४ लाख ६ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.३० हजार र सम्परीक्षणको क्रममा रु.१ करोड ७७ लाख ४३ हजार समेत रु.१ करोड ८१ लाख ७९ हजार असुल भएको छ ।

६३. **पेश्की –** मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६८ असार मसान्तमा ६ कार्यालयको रु.१ करोड ६ लाख ३४ हजार पेश्की देखिएको छ । गत विगतको समेत कुल रु.४ करोड ६६ लाख ७२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

६४. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयहरुको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छ:

६४.१ मन्त्रालय र मातहत सरकारी कार्यालयमा यो वर्ष रु.६ करोड ३८ लाख ११ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१९ लाख २२ हजार फछ्यौंट गरेकोले रु.६ करोड १८ लाख ८९ हजार बाँकी रहेको छ । संगठित संस्था, समिति तथा अन्य संस्थातर्फ रु.२ करोड ७९ लाख ९९ हजार बाँकी रहेको छ ।

६४.२ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६१ देखिको बाँकी बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म सरकारी कार्यालयतर्फ रु.२ करोड ६३ लाख ७५ हजार फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

६४.३ वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.५ करोड ५ लाख ९७ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.७ करोड ६९ लाख ७२ हजार फछ्यौंट भएको छ ।

स्थानीय विकास मन्त्रालय

मन्त्रालय र मातहतसमेत २१५ कार्यालयको यो वर्ष लेखापरीक्षण गर्नुपर्ने विनियोजनतर्फ रु.३८ अर्ब ६२ करोड २८ लाख ९१ हजार, राजस्वतर्फ रु.१ अर्ब ४१ करोड २० लाख ७० हजार, धरौटीतर्फ रु.१९ करोड १४ लाख ५८ हजार गरी कुल रु.४० अर्ब २२ करोड ६४ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा स्वास्थ्य, युवा खेलकूद, शान्ति तथा पुनर्निर्माण, पर्यटन, भौतिक योजना तथा निर्माण एवं ऊर्जा मन्त्रालय र राष्ट्रिय योजना अयोगसमेतको रु.१ अर्ब ५८ करोड ८५ लाख ८२ हजार समावेश छ ।

मन्त्रालयमातहतका अन्य संस्था, समिति १५८ को रु.३५ अर्ब २७ करोड १ लाख ७४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

्सो कारोबारको लेखापरीक्षीणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१ **अनुगमन –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यस सम्बन्धी केही उदाहरण देहायअनुसार छ:

१.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (६) मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए सम्बन्धित निकायमा फिर्ता पठाउनपर्ने व्यवस्था छ । स्थानीय विकास मन्त्रालय अन्तर्गत २४ जिल्ला विकास समितिले यो वर्ष निकासा भएको रु.५२ करोड २० लाख २५ हजारबाट सोही आर्थिक वर्षमा खर्च नभई बचत रहेको रु.१० करोड ५६ लाख ४४ हजार फ्रिज नहुने खातामा ट्रान्सफर गरेको पाइयो ।

१.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा कुनै पनि कार्यालयले वैदेशिक सहायता प्राप्त गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र वार्षिक कार्यक्रम एवं बजेटमा समावेश गरी आम्दानी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पनि स्थानीय विकास मन्त्रालयले विद्यालय भवन, सडक आदि निर्माण गर्न एक मित्रराष्ट्रसँग सीधै सम्झौता गरी बजेटमा समावेश नगरी उपलब्ध गराएको रकममध्ये ४२ जिल्ला विकास समितिले रु.४० करोड ७२ लाख ५१ हजार खर्च गरेको पाइयो । बजेटमा समावेश नगरी सीधै प्राप्त गरेको वैदेशिक सहायताबारेमा व्यवस्थापिका संसदलाई समेत जानकारी नहुने स्थिति देखियो ।

विगतको व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२ **लेखापरीक्षण –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ (२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय–व्ययको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राप्त केन्द्रीय आर्थिक विवरणअनुसार मन्त्रालयअन्तर्गत १६ आयोजनामा सोझै भुक्तानीतर्फ खर्च भएको रु.४ अर्ब १ करोड ८९ लाख ७३ हजारको लेखापरीक्षण गराएको छैन ।

२.२ यो वर्ष लेखापरीक्षण गरिएको उल्लेखित रकममा २०६७ कार्तिक मसान्तसम्म फ्रिज नहुने भनी तोकिएका १२ जिल्लाको रु.१ अर्ब ३२ करोड २५ लाख ९८ हजार समावेश भएको छैन ।

२.३ स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम र दातृ निकायबीच २०६५।१२।१६ मा भएको सम्झौतामा कार्यक्रम खर्चको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । आयोजना समन्वयकर्ताको कार्यालयले संयुक्त राष्ट्रसंघको स्रोतबाट यो वर्ष रु.१० करोड ९१ हजार खर्च गरेको छ । उक्त

खर्चको लेखापरीक्षण गराउन अनुरोध गरिएकोमा कार्यालयले दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराएको जवाफ दिएको छ । ऐन र द्विपक्षीय सम्झौता प्रतिकूल हुने गरी लेखापरीक्षण गराएको मिल्दो देखिँदैन ।

२.४ नेपाल खाद्य संकट संबोधन कार्यक्रमको आयोजना विवेचना पत्रको एनेक्स–४ सि.नं.२९ अनुसार खर्च रकमको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । यस वर्ष विश्व खाद्य संकट संबोधन कार्यक्रमले सोझै भुक्तानीतर्फ खर्च गरेको रु.२ अर्ब ५७ करोड ९३ लाख ६२ हजारको आर्थिक विवरण पेश भए तापनि लेखापरीक्षणको लागि स्रेस्ता पेश भएको छैन ।

२.५ जिल्ला विकास समितिको कार्यालय, रुकुमले डकाव कार्यक्रम अन्तर्गत रु.६० लाख ६२ हजार निकासा लिई रु.३३ लाख १५ हजार खर्च गरी रु.२७ लाख ४७ हजार मौज्दात देखाएकोमा उक्त आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन र स्रेस्ता लेखापरीक्षणका लागि पेश भएको छैन ।

२.६ यो वर्ष नेपाल सरकारबाट विभिन्न गाउँ विकास समितिहरुलाई गाउँ विकास समिति अनुदान तथा स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट रु.९ अर्ब १९ करोड २७ हजार र विभिन्न नगरपालिकाहरुमा नगरपालिका अनुदान, स्थानीय विकास शुल्क कोष, स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम तथा स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमबाट रु.३ अर्ब ३६ करोड ७९ लाख १४ हजार गरी कुल रु.१२ अर्ब ५५ करोड ७९ लाख ४१ हजार अनुदान स्वरुप उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार दर्तावाला लेखापरीक्षक नियुक्ति गरी गर्ने व्यवस्था रहेकोले महालेखा परीक्षकको कार्यालयबाट भएको छैन ।

३ **आषाढ महिनाको खर्च –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०५ मा नेपाल सरकारले वार्षिक कार्यक्रम र बजेट पारित भएपछि जिल्ला विकास योजना कार्यान्वयन गर्न आवश्यक मार्गदर्शनसहित निकासा पठाउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको अख्तियारीको बुँदा २ (ग) को प्रकरण ४ मा व्यवस्था भएबमोजिम बैशाखदेखि आषाढसम्म वार्षिक विनियोजनको ४० प्रतिशत र आषाढ महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ । जिल्ला विकास समितिले प्राप्त निकासाको समयमै कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । जिल्ला विकास समिति ५५ ले नेपाल सरकारबाट प्राप्त अनुदान रकम आषाढ महिनामा खर्च गरेको स्थिति निम्नानुसार देखियो ।

(रु.हजारमा)

क्र.सं.	विवरण	जिल्ला संख्या	कुल खर्च	आषाढको खर्च	खर्च प्रतिशत
१	चालिस प्रतिशतसम्म खर्चगर्ने	३८	९,६८,७१,८२	२,५८,६०,९२	२६.६९
२	एकचालिसदेखि साठी प्रतिशतसम्म खर्च गर्ने	१०	१,६४,६६,८३	७३,४८,२५	४४.६२
३	एकसट्ठीदेखि पचहत्तर प्रतिशतसम्म खर्च गर्ने	५	२२,१६,४९	१४,५४,०१	६५.५९
४	छयहत्तरदेखि माथि	२	४,५८,४३	३,८३,७१	८३.७०

प्रचलित कानूनको पालना नगर्नु, अर्थ मन्त्रालय र तालुक मन्त्रालयको आदेश पालना नगर्नु, मन्त्रालयबाट पनि समयमै अख्तियारी उपलब्ध नगराउनु, जिल्ला विकास समितिले समयमै बजेट बाँडफाँड गरी कार्यान्वयन नगराउनु, जस्ता कारणहरुले अत्यधिक रकम आषाढ महिनामा खर्च गरेको छ । यस सम्बन्धमा सम्बन्धित निकायले जिम्मेवारपूर्ण ढङ्गले कार्य गर्नुपर्दछ ।

४ **पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नहुने प्रावधान छ । त्यसैगरी अर्थ मन्त्रालयको अख्तियारीको बुँदा २ (ग) को प्रकरण ४ अनुसार स्थानीय विकास मन्त्रालयले २०६८।३।३ मा गरेको परिपत्रमा स्वीकृत कार्यक्रमबमोजिम जेष्ठ मसान्तभित्र सम्झौता भइसकेको ठेक्काको मोविलाइजेशन पेश्की बाहेक अन्य पेश्की दिन नपाइने र आर्थिक वर्षभित्रै फछ्यौंट नहुने कुनै कार्यमा पेश्की उपलब्ध गराउन नमिल्ने निर्देशन गरेको थियो । जिल्ला विकास समितिको कार्यालय ३४ ले आषाढ महिनामा उपलब्ध गराएको र आर्थिक वर्षभित्र फछ्यौंट नगरेका पेश्की स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

क्र.सं.	विवरण	संख्या	कुल पेश्की	आषाढ महिनाको पेश्की	प्रतिशत
१	चालिस प्रतिशतसम्म दिने	१७	७२,५३,७३	११,०२,५५	१५.१९
२	एकचालिसदेखि साट्ठी प्रतिशतसम्म पेश्की दिने	४	७,६०,२६	३,७०,२५	४८.७०
३	एकसट्ठीदेखि पचहत्तर प्रतिशतसम्म पेश्की दिने	१०	४०,१२,०३	२६,९५,९१	६७.१९
४	छयहत्तरभन्दा बढी प्रतिशत पेश्की दिने	३	४,११,२०	३,६५,०७	८८.७८

ऐन, नियमद्वारा निर्धारित समयमा अख्तियारी उपलब्ध नगराउने, वार्षिक कार्यक्रमअनुसार कार्य नगर्ने, आर्थिक वर्षको अन्त्यमा बचत रहेको रकम फ्रिज गराउनुभन्दा पेश्की प्रदान गर्नेतर्फ कार्यालयहरु उन्मुख हुने, बैङ्क जमानत तथा अन्य सुरक्षण बेगर नै उपभोक्ता समितिहरुले पेश्की पाउने जस्ता कारणहरुले आषाढ महिनामा अत्यधिक पेश्की प्रदान गर्ने तर फछ्यौंट नगर्ने परिपाटी विद्यमान छ । ऐन नियमको प्रावधान, खर्च गर्ने अख्तियारी र वार्षिक कार्यतालिका मुताविक कार्यसञ्चालन गर्नेतर्फ ध्यान जानु जरुरी छ ।

५ **बिक्री तथा निकासी –** व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ ले कुनै पनि क्षेत्रबाट ढुङ्गा, गिट्टी, ग्राभेल सङ्कलन गरी तोकिएको स्थानमा घाट गद्दी गरी सम्बन्धित निकायले नापजाँच गरी सो बस्तु लैजान पाउने व्यवस्था गर्ने, ठेक्का लगाउँदा निश्चित परिमाण र क्षेत्र समेत तोक्ने निर्देशन दिएको छ । प्राकृतिक स्रोतको उपयोगका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट एक रिट निवेदनको सुनुवाईका सन्दर्भमा २०६७।४।२१ मा जारी भएको आदेशमा अन्य कुराका अतिरिक्त ढुङ्गा, रोडा, बालुवा झिक्न दिँदा वातावरणीय सन्तुलन नविग्रने हदसम्म मात्र झिक्न दिने एवं रोडा, ढुङ्गा, बालुवा ओभरलोड गरी चलाउने कार्य बन्द गर्न नेपाल सरकारलाई आदेश दिएको छ ।

तत्सम्बन्धमा परीक्षण गरिएका २६ जिल्ला विकास समितिको कार्यालयले यो वर्ष रु.३१ करोड ११ लाख ६६ हजारको ठेक्का प्रदान गरी सम्झौता गरेको पाइयो । निर्दिष्ट क्षेत्रबाट तोकिएको अवधिभित्र ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्न पाइने परिमाणको हद र ट्रकमा लोड गर्न पाउने परिमाणको सीमा तोकेको पाइएन ।

६ **ठेक्का व्यवस्थापन –** ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नबमोजिम छन्:

६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(ङ) मा सोही ऐनको दफा २६(६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने र कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । जिल्ला बिकास समिति १० को बोलपत्र बिक्री पुस्तकअनुसार ३५ आयोजनाको लागि ४७९ बोलपत्र बिक्री भएकोमा ९६ बोलपत्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला संख्याबीच तुलना गर्दा औसत २०.०४ प्रतिशत दाखिला भएको र लागत अनुमानको तुलनामा औसत ०.६२ प्रतिशत घटीमा ठेक्कापट्टा भएको निम्न तालिकाबाट देखिन्छ ।

(रु.हजारमा)

जिल्ला विकास समिति	आयोजना संख्या	बोलपत्र बिक्री संख्या	बोलपत्र दाखिला संख्या	लागत अनुमान	स्वीकृत रकम	लागत अनुमानको तुलनामा घटी प्रतिशत
पर्वत	५	१३३	१५	१९,००,५६	१८,९६,४८	०.२२
वैतडी	३	१५	७	३,५३,३०	३,५२,९१	०.१२
काठमाण्डौ	५	१०५	२३	२,१६,०४	२,०४,०३	५.५६
लमजुङ	५	१३	६	१,७९,१६	१,७८,४४	०.४०
रसुवा	११	२९	११	६४,६१	६४,५१	०.१६
बाग्लुङ	३	१४	७	४९,२४	४९,१९	०.११
ललितपुर	५	५५	६	४७,६७	४७,६१	०.१३
सुनसरी	२	४०	७	१६,०६	१६,०३	०.१९
सप्तरी	३	५७	११	१२,५७	१२,५०	०.५६
बारा	३	१८	३	६,००	६,००	०
जम्मा:	**४५**	**४७९**	**९६**	**६८८**	**८१८**	**०.६२**

बोलपत्र बिक्रीको तुलनामा अत्यन्त न्यून परिमाणमा दाखिला गरेको देखिएको र लागत अनुमानकै हाराहारीमा बोलपत्र पेश भई स्वीकृत गरेको देखिएकोले प्रतिस्पर्धाको स्थिति कमजोर रहेको देखिन्छ । यस्तो स्थितिको अन्त्य गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

६.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७८ मा रु.१० लाख रुपैयाँभन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, धादिङले रु.६६ लाख २२ हजारको पाइप तथा फिटिङ्सका सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ । साथै जिल्ला विकास समितिको कार्यालय, लमजुङले रु.२३ लाख ४१ हजारको १६ हजार ८६० थान ग्याबियन जाली सूचीकृत नभएका गैरउत्पादकहरुबाट दरभाउपत्र लिई खरिद गरेको छ ।

जिल्ला विकास समितिको कार्यालय, जुम्लाले एक आपूर्तकबाट ३ पटकमा रु.२४ लाख २२ हजारको फिटिङ्सका सामान सोझै खरिद गरेको छ ।

६.३ जिल्ला विकास समितिको कार्यालय, कैलालीले जोशीपुर गाउँ विकास समिति भवन निर्माणको कार्य २०६७।१२।२० सम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.३४ लाख ६७ हजारमा सम्झौता गरेको थियो । उक्त भवन निर्माणबापत रु.१८ लाख १७ हजार भुक्तानी भइसकेकोमा स्थलगत अवलोकन गर्दा वाल विनाको स्ट्रक्चर मात्र बनेको देखिएको छ । निर्माण व्यवसायीले कार्य गर्ने म्याद थप माग गरे तापनि कार्यालयले कार्य सम्पन्न गर्ने कार्यतालिका लिई उपस्थित हुन पत्राचारसम्म गरेको र बैङ्क जमानतबाट दिएको पेश्कीको रु.१ लाख ८९ हजार एक बैङ्कबाट जमानत फिर्ता मगाई धरौटी खातामा राखेको देखियो । यसरी समयमा कार्य नगर्ने निर्माण व्यवसायीसँग सार्वजनिक खरिद ऐन, नियमावलीबमोजिम ठेक्का तोडी कालोसूचीमा राख्नेतर्फ कारबाही हुनुपर्दछ ।

६.४ जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकले श्यामपाटी गाउँ विकास समितिमा एकल महिलाहरुको लागि सामुदायिक भवन निर्माण गर्न यो वर्ष रु.४ लाख ६५ हजार भुक्तानी गरी दोस्रो किस्ता रु.४ लाख ६५ हजार पेश्की उपलब्ध गराइएको छ । सो कामको लागि अघिल्लो आर्थिक वर्षमा समेत रु.४ लाख उपलब्ध गराएकोमा स्थलगत अवलोकन गर्दा ८ पिलरको लागि फुटट्याप ढलान गरी पिलरको डण्डी खडा गरे तापनि निर्माणलाई अधुरै छोडी यो वर्ष पुनः सोही प्रयोजनका लागि नजिकै अर्को नयाँ भवन निर्माण सुरु गरेको देखियो । योजनावद्ध तरिकाले कार्यक्रम सञ्चालन नगरिएको र निर्माण कार्य अधुरो हुँदै अर्को कार्य सुरु गर्नाले लगानी खेर गएको छ ।

अधुरो सामुदायिक भवन, काभ्रेपलाञ्चोक

६.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ अनुसार सार्वजनिक निकायले अमानतबाट काम गराउंदा एकतह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सिरहाले लागत अनुमान रु.१३ लाख ३५ हजार भएको बेतो नदीको पुल निर्माणको काम एकतह माथिको पूर्व स्वीकृति बेगर एक सवइञ्जिनियर मार्फत अमानतमा गराई यो वर्ष रु.८ लाख ९३ हजार खर्च गरेको देखिन्छ ।

७ **जिन्सी व्यवस्थापन –** जिन्सी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नबमोजिम छन्:

७.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ (१) मा जिन्सी सामान प्राप्त भएपछि मूल्य खुलाई जिन्सी अभिलेख राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, बर्दियाले २ आपूर्तकबाट खरिद गरेको रु.२१ लाख ५७ हजारको फेब्रिकेशनका सामानहरु जिन्सी दाखिला गरेको छैन ।

७.२ जिल्ला विकास समितिको कार्यालय काठमाडौंका तत्कालीन पदाधिकारी तथा कर्मचारीहरुले रु.२ लाख ९४ हजार पर्ने मोवाइल सेट, ल्यापटप र क्यामेरा जस्ता १७ थान सामान कार्यालयबाट बुझिलिएकोमा पदाधिकार

समाप्त भइसक्दा तथा कर्मचारी सरुवा भइसक्दा पनि फिर्ता गरेको पाइएन । कर्मचारी तथा पदाधिकारीहरुले कार्यालय छोडेको ७ वर्ष व्यतित भइसक्दा पनि सामान फिर्ता नगराउनु उचित भएन ।

७.३ जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकले नाला उग्रतारा गाउँ विकास समितिमा स्थापना गर्ने सिद्धार्थ विश्वविद्यालयलाई लक्ष्य गरी खानेपानी योजना सञ्चालन गर्न रु.८ लाख ६५ हजार मूल्यका जी.आई. तथा एच.डि.पि.पाइप र फिटिङ्स खरिद गरेकोमा प्रयोगमा आउन नसकी हालसम्म मौज्दातमा रहेको पाइयो । विश्वविद्यालय स्थापनाको आधिकारिक स्वीकृति र जग्गाको व्यवस्था भई नसकेको अवस्थामा खानेपानी योजना स्वीकृत गरी निर्माण सामग्री खरिद गरेकोले विश्वविद्यालय स्थापनाको कार्य अवरुद्ध भएको कारण योजना निर्माण कार्य पनि स्थगन भई निर्माण सामग्रीहरु कार्यालय परिसरमा अलपत्र अवस्थामा रहेको पाइयो । लामो समयदेखि खुला स्थानमा राखिएको कारण घामपानी तथा अन्य कारणबाट सामग्रीको गुणस्तरमा ह्रास आउन सक्ने भएकोले सो सामग्रीको उचित प्रयोग तथा संरक्षण हुन जरुरी देखियो ।

७.४ जिल्ला विकास समितिको कार्यालय, प्यूठानले २०६८।३।२४ मा ३ घोडेटो बाटो निर्माणको लागि १ लाख २८ हजार ५७० किलोग्राम चामल र चना आयोजनास्थलसम्म ढुवानी गरेको भाडा खर्च रु.८ लाख ७८ हजार भुक्तानी गरेको छ । उक्त चामल, चनामध्ये १ लाख १६ हजार ९३६ किलोग्राम २०६८ श्रावणमा गोदामबाट चलानी भएको देखिएकोले गोदामबाट चलानी नहुँदै रु.७ लाख ६४ हजार खर्च लेखेको देखियो ।

८ **योजनाको स्थिति –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को २७(२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भइसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दीगो रुपमा सञ्चालन हुने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । उपभोक्ता समिति मार्फत जिल्ला विकास समिति ५१ ले सञ्चालन गरेका ८ हजार ७३९ योजनामध्ये १ हजार ८२३ योजना निर्माणाधीन रहेको र ६ हजार ९१६ योजना सम्पन्न गरेको विवरण प्राप्त भएको छ । सम्पन्नमध्ये ३ हजार ३५७ योजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको र ३ हजार ५५९ योजना हस्तान्तरण गरेको पाइएन । सम्पन्न योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण नगर्नाले योजनाको मर्मत सम्भार र रेखदेख जिल्ला विकास समिति र लाभग्राही पक्ष दुवैले नगर्ने स्थिति देखिएको छ । सम्पन्न आयोजनाहरु निर्धारित समयमै हस्तान्तरण गरी लाभग्राही समूहबाट मर्मत, रेखदेख र सम्भार गर्ने प्रबन्ध मिलाउनुपर्दछ ।

९ **आन्तरिक लेखापरीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लाका जिल्ला विकास समितिमा सहायकस्तर र अन्य जिल्लामा अधिकृतस्तरको कर्मचारी प्रमुख र आवश्यकताअनुसार सहायक कर्मचारीसहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था छ ।

त्यसैगरी नियम ५८ अनुसार आय–व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने, गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण गर्ने र स्थानीय निकायका कर्मचारीको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने काम समेत आन्तरिक लेखापरीक्षण शाखाले गर्ने व्यवस्था छ । सिन्धुपाल्चोक बाहेक ७४ जिल्ला विकास समितिमा नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा मात्र लेखापरीक्षण गरेको पाइयो । अधिकांश जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले मातहतका गाउँ विकास समितिको लेखापरीक्षण गरेको छैन । साथै वार्षिक तलवी प्रतिवेदन पारित गरेको पनि देखिएन ।

जिल्ला विकास समितिअन्तर्गत विषयगत कार्यालय र गाउँ विकास समितिको मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सोअनुसार गरेको देखिएन । साथै गाउँ विकास समितिहरुको बेरुजू लगत राखी सम्परीक्षण गर्ने गरेको पाइएन ।

१० **समपुरक कोष –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०.१ स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ को बुँदा नं.२१(६) अनुसार थप अनुदानबाट सञ्चालन हुने दलित, जनजाति तथा महिला, बालबालिका सम्बन्धी कार्यक्रममा लागि जिल्ला विकास समितिका लागि विनियोजित रकमको १० प्रतिशत र गाउँ विकास समितिका लागि विनियोजित रकमको ५ प्रतिशत समपुरक कोष राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, मोरङ्गलाई विनियोजित भएको रु.३५ करोड २ लाख ९ हजारको १० प्रतिशतले हुने रु.३५ लाख ३ हजार र गाउँ विकास समितिका लागि विनियोजित रकमको ५ प्रतिशतले हुने रु.१७ लाख ५१ हजार समेत रु.५२ लाख ५४ हजार समपुरक कोषमा राख्नुपर्नेमा राखेको छैन । यसैगरी जिल्ला विकास समितिको कार्यालय, स्याङजाले निकासा रु.१ करोड ८३ लाख ९० हजारमा १० प्रतिशतले हुने रकम रु.१८ लाख ३९ हजार समपुरक कोषबापत रकम व्यवस्था गरेको देखिएन ।

१०.२ जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा नं. ११ मा जिल्ला विकास कोषको कुल विनियोजनबाट विभिन्न क्षेत्रमा गरिने लगानी अन्तर्गत सर्वप्रथम समपूरक कोषको लागि आवश्यक रकम छुट्याई अन्य क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । ग्रामीण पुनर्निर्माण तथा पूनर्स्थापना जिल्ला आयोजना कार्यालय, सिन्धुपाल्चोकबाट सञ्चालित विभिन्न ९ झोलुङ्गेपुलको सम्झौतानुसार भुक्तानी गर्न जिल्ला विकास समितिको तर्फबाट व्यहोरिने समपूरक कोषको रकम जिल्ला विकास समिति अनुदान पूँजीगतबाट समुपरक कोष छुट्याई खर्च लेख्नुपर्नेमा झोलुङ्गेपुल शीर्षकबाट खर्च लेखेको छ । झोलुङ्गेपुल शीर्षकबाट व्यहोरिएको रु.५ लाख ४४ हजार जिल्ला विकास समिति कोषबाट फिर्ता लिई संचित कोष दाखिला हुनुपर्दछ ।

११ **सापटी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४५(२ च) अनुसार रकमान्तर नगराई एक बजेट शीर्षकमा स्वीकृत भएको रकम अर्को बजेट शीर्षकमा खर्च गर्न वा एक कार्यक्रमबाट अर्को कार्यक्रममा सापटी लिई खर्च गर्न वा गराउन नपाइने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको लागि रु.५ करोड ८ लाख ५ हजार बजेट विनियोजन भएकोमा वैदेशिक सहायतातर्फको रकम फुकुवा नभएको कारण रु.२ करोड ६८ लाख ४१ हजार मात्र निकासा भएको पाइयो । अख्तियारीअनुसारको बजेट उपलब्ध नभएको कारण कार्यालयले विभिन्न उपभोक्ता समितिहरुसँग भएको संझौताबमोजिम सम्पन्न भई फरफारकको लगि पेश भएका आयोजनाहरुको लागि अन्तिम भुक्तानी गर्न रकम अपुग भई रु.१७ लाख २२ हजार अन्य कार्यक्रमवाट सापटी जनाई खर्च गरेको देखियो ।

जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीले वर्षान्तमा निकासामध्येबाट बाँकी रहेको रु.२२ लाख ३७ हजार स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम पूँजीगततर्फ सापटी स्वरुप ट्रान्सफर गरी वर्षान्तमा खर्च लेखेको छ । त्यस्तै विनियोजित बजेट निकासा नभएको कारण गाउँ विकास समितिहरुले कार्यसम्पादन सूचकको आधारमा प्राप्त गर्नुपर्ने थप अनुदान समेत आंशिक मात्र निकासा प्राप्त गरेको देखिन्छ ।

१२ **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर असुली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१२.१ मूल्य अभिवृद्धि कर (संशोधन सहित) ऐन, २०५२ को दफा १५ (३) मा स्थानीय निकायले कर लाग्ने बस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने र कर लाग्ने मूल्यमा अन्य कर समेत समावेश हुने व्यवस्था छ । यो वर्ष २६ जिल्ला विकास समितिले बालुवा, गिट्टी, ढुङ्गा, स्लेट, दहत्तर, बहत्तर आदिका लागि कर दस्तुर वा शुल्क असुल गर्न रु.३१ करोड ११ लाख ६१ हजारको ठेक्का लगाएकोमा सोमा लाग्ने मूल्य अभिवृद्धि कर रु.४ करोड ४ लाख ५१ हजार असुल नगरी ठेकेदारले नै आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्ने गरी सम्झौता गरेको पाइयो । कानूनबमोजिम मूल्य अभिवृद्धि कर असुल गर्ने दायित्व जिल्ला विकास समितिको भएको हुँदा असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१२.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(४) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्तिले प्रापकलाई तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । जिल्ला बिकास समिति १० ले कर बीजक बेगर रु.२८ लाख ५१ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखियो ।

१२.३ आन्तरिक राजस्व विभागको २०६५।७।१० को परिपत्रमा कर बीजक नम्बर हातले लेख्न नहुने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय २१ ले विभिन्न निर्माण व्यवसायी तथा आपूर्तकलाई मूल्य अभिवृद्धि करसहितको रकम भुक्तानी गर्दा बीजक नम्बर सच्याएको तथा हातले लेखेको बीजकको आधारमा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु.६९ लाख २९ हजार समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१२.४ जिल्ला प्राविधिक कार्यालय, कञ्चनपुरले एक निर्माण व्यवसायीले १० निर्माण कार्यमा पेश गरेका क्रमसंख्या १ देखि १० सम्मका एकै नम्बरका २/२ थान कर बीजकका आधारमा रु.११ लाख २९ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ । निज निर्माण व्यवसायीले कर छली गरेको देखिएको हुँदा कानूनबमोजिम कारबाही गरी असुल गर्नुपर्दछ ।

१२.५ जिल्ला विकास समिति, नुवाकोटले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) अनुसार कर लाग्ने सेवा वस्तु, ढुङ्गा, बालुवा बिक्री गर्दा रु.३ लाख ३१ हजार मूल्य अभिवृद्धि कर असुल गरेकोमा दाखिला गरेको छैन ।

१२.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै सामान वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति, फर्म वा संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय इकाईले मूल्य अभिवृद्धि करमा दर्ता नभएका दुई फर्मबाट बेशलाइन सर्भे कार्य गराई रु.४४ लाख ५७ हजार भुक्तानी गरेको छ ।

१३ **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा पारिश्रमिक, भाडा, रोयल्टी, सेवा शुल्क तथा ठेक्का रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपर्युक्त व्यवस्थाअनुसार मन्त्रालय र मातहतका कार्यालयले रु.१ करोड २४ लाख ३६ हजार अग्रिम कर कट्टी गरेको पाइएन ।

१४ **कन्टिन्जेन्सी खर्च** – जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को १४(१) मा जिल्ला विकास समितिले पूँजीगत लगानीको समष्टिगत रकमबाट निर्दिष्ट रकम कन्टिन्जेन्सीको रुपमा खर्च गर्न पाउने व्यवस्था छ । सिन्धुपाल्चोक लगायत चार जिल्लाले कार्यविधिले तोकेअनुसार रु.२९ लाख ६२ हजार कन्टिन्जेन्सी कट्टा गर्न पाउनेमा रु.६३ लाख ७९ हजार कट्टा गरी खर्च गरेकोले रु.३४ लाख १७ हजार बढी खर्च गरेको देखियो ।

१५ **समन्वय –** बजेट निर्माण तथा सञ्चालन गर्दा योजनाहरु दोहोरो नपर्ने तथा विनियोजित रकमलाई मितव्ययी एवं यथार्थपरक ढङ्गले खर्च गरी राष्ट्रिय स्रोत परिचालन गर्नुपर्दछ ।

१५.१ जिल्ला विकास समितिले आफूले निर्माण गरेका सडकहरुको चेनेज नम्बर समेत स्पष्ट रुपले खुलाई अभिलेख राख्नुपर्दछ । जिल्लामा सडकहरु निर्माण गर्ने क्रममा सडक डिभिजन कार्यालयसँग समन्वय कायम गरी काममा दोहारोपन आउन दिनु हुँदैन । जिल्ला विकास समितिको कार्यालय, तनहुँले घाँसीकुवा–वरभञ्ज्याङ्ग–पडकेपसल सडक निर्माणको लागि स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमबाट रु.९ लाख विनियोजन गरी उपभोक्ता समिति मार्फत निर्माण गराएको छ । यसैगरी सोही सडकको विभिन्न चेनेजमा ग्राभेल विछ्याउने काम केन्द्रीयस्तरका क्रमागत सडक कार्यक्रमबाट डिभिजन सडक कार्यालयले गरेको उल्लेख छ ।

१५.२ तनहुँ जिल्लाकै भीमकाली मार्गका विभिन्न स्थानमा ग्यावियन वाल, नाली निर्माण, रिटेनिङ वाल एवं ग्राभेल समेतका कार्य कार्यालयबाट रु.१५ लाख २२ हजार व्यहोर्ने गरी उपभोक्ता समितिसँग २०६८।१।२ मा सम्झौता गरी जिल्ला विकास समितिको कार्यालयबाट भएको छ । सोही सडकको चेनेज नम्बर १७+००० देखि १८+००० सम्ममा ग्राभेलको काम डिभिजन सडक कार्यालय, तनहुँले ठेक्कापट्टाको माध्यमबाट गराएको देखिन्छ ।

१५.३ सडक विभागअन्तर्गत सञ्चालित ११ किलो छेपेटार भालुश्वारा वारपाक सडक योजना वारपाक गुम्दा माछेखोला सडक खण्डमा जिल्ला विकास समितिको कार्यालय, गोरखाले पनि १.७ किलोमिटर ट्रयाक खोल्ने र ४५ घनमिटर टेवा पर्खाल लगाउने कार्यको लागि रु.३१ लाख ८५ हजार भुक्तानी गरेको छ ।

सडक विभाग अन्तर्गतको योजना कार्यालयको कार्य क्षेत्रभित्र जिल्ला विकास समितिबाट समेत एउटै काम भएको सम्बन्धमा गत वर्ष पनि औंल्याएकोमा स्थिति यथावत छ । जिल्ला विकास समिति र डिभिजन

सडक कार्यालयबाट सञ्चालन हुने योजनाको बर्गीकरण हुन जरुरी छ । यस सम्बन्धमा डिभिजन सडक कार्यालयमा पत्राचार गरी संयुक्त प्राविधिक टोली खटाई वास्तविकता छानविन गर्न लगाएको प्रतिक्रिया जिल्ला विकास समिति, तनहुँबाट प्राप्त भएको छ ।

१६ **उपभोक्ता समिति –** उपभोक्ता समितिको माध्यमबाट कार्य गराएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१६.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(१) अनुसार स्थानीयस्तरमा सञ्चालन हुने आयोजनामध्ये रु.३५ लाखसम्मका लागत अनुमानका कार्यक्रम स्थानीय उपभोक्ता समूहद्वारा गठित समितिद्वारा गराउन प्राथमिकता दिनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) ले त्यस्तो रकमको सीमा रु.६० लाख तोकेको छ । स्थानीय विकास मन्त्रालयको २०६५।३।१६ को परिपत्रमा २०६५।२।२ गते नेपाल सरकार (मन्त्रीस्तर) बाट भएको निर्णयअनुसार 'उपभोक्ता समितिको दक्षता र सक्षमताको आधारमा रु.३५ लाखभन्दा बढी लागत भए तापनि सम्बन्धित स्थानीय निकायले निर्णय गरी आयोजना सञ्चालन गर्नसक्ने गरी तोकेको पाइयो । नियमावलीको बर्खिलाप हुने गरी मन्त्रीस्तरबाट निर्णय गर्न मनासिव नहुने र सार्वजनिक खरिद नियमावलीले तोकेको प्रावधानभन्दा पनि बढी सीमाको काम उपभोक्ता समितिको माध्यमबाट गराउने परिपाटीले उपभोक्ता समिति मार्फत गराइएको कामको गुणस्तर नहुने, उच्च प्राविधिक दक्षता आवश्यक पर्ने काम समेत उपभोक्ता समिति मार्फत गराइने प्रचलन बढ्दै गएको छ । नियमावलीले तोकेको सीमाभन्दा बढी काम उपभोक्ता समिति मार्फत गराउने प्रथामा नियन्त्रण हुनुपर्दछ । लागत अनुमान रु.६० लाखभन्दा बढीको काम पनि उपभोक्ता समितिबाट गराएको केही उदाहरण निम्नबमोजिम छन्:

(रु.हजारमा)

क्र.सं.	कार्यालयको नाम	योजना संख्या	रकम
१	जिल्ला विकास समितिको कार्यालय, स्याङ्जा	२	३,५६,५४
२	जिल्ला प्राविधिक कार्यालय, कैलाली	१	१,०३,८०
३	जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ	१	८२,४५
४	जिल्ला विकास समितिको कार्यालय, मकवानपुर	१	६६,०१
५	जिल्ला प्राविधिक कार्यालय, कास्की	१	६४,००
६	जिल्ला विकास समितिको कार्यालय, डोटी	१	६२,६१

१६.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को उपनियम (५)(ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त नभएकोमा स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था गरेको छ । जिल्ला विकास समितिको कार्यालय, बैतडी, मकवानपुर, महोत्तरी, म्यार्दी, सिन्धुली, डडेल्धुरालगायत १९ ले उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता समितिले व्यहोर्नपर्ने प्रतिशत नव्यहोरी रु.३४ लाख ८ हजार बढी खर्च लेखेको छ ।

१६.३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेसिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया 'श्रम प्रधान' प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भए तापनि जिल्ला विकास समितिको कार्यालय ११ ले विभिन्न योजनामा भारी उपकरण प्रयोग गर्नेगरी लागत अनुमान तयार गरेको देखियो । उपभोक्ताद्वारा नियमावली विपरीत भारी उपकरण प्रयोग गरेकोमा कार्यालयले उक्त कार्य रोक्नुपर्नेमा कार्यालय स्वयंले नै नियम विपरीत भारी उपकरण प्रयोग गर्नेगरी लागत अनुमान तयार गरी कार्य गराएको नियमसम्मत देखिएन ।

१६.४ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (५) मा उपभोक्ता समितिलाई बढीमा एकतिहाई रकमसम्म पेश्की दिन सकिने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालय, कास्कीले रु.६४ लाख १ हजार लागतको पुम्दीखोला भ्यू टावर तथा पार्क निर्माण कार्यको लागि २०६८।२।३१ मा सम्झौता भई उपभोक्ता समिति मार्फत कार्य गराउँदा पहिले लगेको पेश्की रकम कट्टा नगरी पुन: रु.१० लाख २६ हजार पेश्की दिई ५४ प्रतिशतसम्म पेश्की दिएकोले नियमावलीको पालना भएको पाइएन । यस्तो प्रचलन अन्त्य हुनुपर्दछ ।

१६.५ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(२) अनुसार स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गराउनुपर्ने व्यवस्था छ । अधिकांश जिल्ला विकास समितिहरुले त्यसअनुसार बर्गीकरण र सूचीकृत नगराई उपभोक्ता समितिहरुलई कार्य दिएका छन् । उपभोक्ता समिति पञ्जिकरण नहुँदा कानूनी हैसियत नहुने हुँदा स्थानीय निकायबाट रकम लिई निर्दिष्ट कार्य नगरेमा कारबाही गर्ने कानूनी आधार नरहने अवस्था छ ।

१६.६ मनहरी गाउँ विकास समितिमा चेपाङ्ग छात्रावास निर्माण कार्यको लागत अनुमान रु.२७ लाख ९८ हजार भएकोमा जिल्ला विकास समितिको कार्यालय, मकवानपुरले रु.२२ लाख ७ हजार व्यहोर्ने गरी २०६८।२।५ मा सुरु गरी २०६८।३।२० मा सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । उपभोक्ता समितिको नामको रु.७ लाख ५८ हजार पेश्की २०६८।३।१५ मा फछ्यौंट गरेकोमा निर्धारित समयमा कार्य सम्पन्न गरेको छैन । उक्त भवनको स्थलगत निरीक्षण गर्दा डी.पी.सी.को कामसमेत भएको देखिएन ।

१७ **अनुदान –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चका बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति २५ ले केन्द्रीय बजेट र जिल्ला विकास समिति कोषतर्फका आफैले कार्यक्रम कार्यान्वयन गरी बिल भरपाईसहित ब्रेस्ता राख्नुपर्नेमा गाउँ विकास समिति र अन्य विभिन्न संघ संस्थालाई अनुदानको रुपमा रु.१९ करोड ३४ लाख ९१ हजार उपलब्ध गराएका छन् । सो अनुदान रकमबाट भएको कार्यको प्रगति विवरण लिई अनुगमन पनि गरेको पाइएन ।

१८ **बीमा –** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२०(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दसलाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालय १४ र जिल्ला विकास समितिको कार्यालय ५ ले रु.३८ करोड २७ लाख २८ हजार लागत अनुमान भएका विभिन्न ११४ योजनामा निर्माण व्यवसायीले बीमा गरेको देखिएन ।

कर्णाली रोजगार कार्यक्रम

१९ **अनुगमन –** कर्णाली रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०६४ को दफा १० मा गाउँ विकास समिति र गाउँस्तरीय समन्वय समितिले कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्अनुसार कर्णाली रोजगार कार्यक्रम कार्यान्वयन समितिको २०६७।११।४ मा बसेको बैठकले गत वर्षको घरधुरीको आधारमा पहिलो किस्ता गाउँ विकास समितिको मागको आधारमा र दोस्रो किस्ता कार्य सम्पन्न र अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनको आधारमा दिने निर्णय गरेको थियो । जिल्ला विकास समितिको कार्यालय, कालीकोटले उक्त प्रक्रिया अवलम्बन नगरी एकमुष्ट रु.८ करोड ७० लाख १३ हजार अनुदान दिएको छ ।

लोपोन्मुख चेपाङ्ग कार्यक्रम

२० **भवन निर्माण** – जिल्ला विकास समितिको कार्यालय, चितवनले चेपाङ्ग विकास कार्यक्रम अन्तर्गत भवन निर्माण कार्य २०६८।३।२० सम्ममा सम्पन्न गर्नेगरी उपभोक्ता समितिका अध्यक्षलाई रु.४ लाख पेश्की दिएकोमा फछ्यौंट नगरी एक पटक रु.८ लाख ३९ हजार र अर्को पटक रु.५ लाख ५५ हजार थप पेश्की दिएकोमा सम्झौताको म्याद समाप्त भइसक्दापनि कार्य सम्पन्न गरेको छैन । उक्त पेश्की फछ्यौंट गरेको पनि छैन ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम

२१ **मर्मत सम्भार कोष –** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ को दफा १०.५ मा कृषि तथा स्थानीयस्तरका सडक आयोजनाको लागि प्रतिवर्ष उपलब्ध कुल बजेट रकमको कम्तिमा ५ प्रतिशत रकम सडक मर्मत सम्भारको लागि विनियोजन गरी ग्रामीण सडक मर्मत सम्भार निर्देशिकामा व्यवस्था भएअनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा सप्तरी, सिरहा, सिन्धुपाल्चोक लगायत १३ जिल्लाको लागि रु.१६ करोड २९ लाख ९७ हजार विनियोजन भएकोमा सोको ५ प्रतिशतले हुने रु.८१ लाख ५० हजार सडक मर्मत सम्भारको लागि छुट्याएको देखिएन ।

२२ **गुरुयोजना –** कृषि तथा स्थानीयस्तरका सडक कार्यान्वयन निर्देशिकामा जिल्ला यातायात गुरुयोजनामा प्राथमिकतामा परेका स्थानीय जनताको बजार, आधारभूत सेवा तथा अवसरमा पहुँच अभिवृद्धि गर्ने सडक छनौट गरी निर्माण गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सप्तरीले जिल्ला यातायात गुरुयोजनामा नपरेका २ योजना नर्घो–झुटकी–भारतीय सिमाना सडक र हनुमाननगर भारदह सडक छनौट गरी कार्य गराई रु.१७ लाख खर्च गरेको छ ।

त्यसैगरी जिल्ला विकास समितिको कार्यालय, चितवनले गुरुयोजनामा समावेश नभएको जलविरे याक्ल्याङ चनौटे डुङ्ग्रे सडक योजनाका लागि रु.१० लाख खर्च लेखेको छ ।

२३ **विनियोजन –** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ तथा स्थानीय विकास मन्त्रालयको उक्त कार्यक्रम सञ्चालन सम्बन्धमा दिएको थप निर्देशनको बुँदा नं.६ मा क्रमागत योजनाहरुका लागि बजेट विनियोजन गर्दा मर्मत सम्भार कार्य बाहेक एउटा योजनामा रु.५ लाखभन्दा बढी बजेट विनियोजन गर्नुपर्ने व्यवस्था भएकोमा जिल्ला विकास समितिको कार्यालय, पर्वतले रु.५ लाखभन्दा घटीका ५३ वटा योजनामा रु.१ करोड २७ लाख २३ हजार बाँडफाँड गरेको छ । मन्त्रालयको निर्देशनको पालना नगरी बजेट बाँडफाँड गर्नु उपयुक्त होइन ।

२४ **घटी लागत अनुमान –** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत निर्देशिकाअनुसार रु.५ लाखभन्दा घटी लागत अनुमान भएको कुनै बजेट विनियोजन गर्न नहुने उल्लेख भएकोमा जिल्ला विकास समितिको कार्यालय झापाले कृषि सडकतर्फ रु.५ लाखभन्दा कमको लागत अनुमान भएका १० योजनामा रु.२९ लाख ६७ हजार लगानी गरेको छ ।

ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम

२५ **मौज्दात पाइप –** पाइपको मौज्दात र आवश्यकता पहिचान गरेर मात्र थप पाइप खरिद गर्नुपर्नेमा सो बेगर यो वर्ष निम्न जिल्लाहरुले बिभिन्न मूल्य र साइजका पाइपहरु बढी खरिद गरेको कारण मौज्दात रहेको छ ।

(परिमाण मिटरमा, रु.हजारमा)

क्र.सं.	जि.वि.स.को नाम	अघिल्लो वर्षको मौज्दात	यो वर्ष खरिद	जम्मा	यो वर्ष उपयोग	मौज्दात	मौज्दातको मूल्य
१	पर्सा	४३५	४७८८	५२२३	-	५२२३	५,२२
२	महोत्तरी	७८००	३६१२३	४३९२३	-	४३९२३	२३,५१
३	सुर्खेत	४४६३६	४२४००	८७०३६	३१७७९	५५२५७	४२,५३
४	बाँके	-	४२४०	४२४०	-	४२४०	६,५७
५	धनकुटा	१९३२७	१८४००	३७७२७	१७५०	३५९७७	१३,४८
६	पर्वत	५०८४५	२९०००	७९८४५	४५५०४	३४३४१	१७,६७
७	ललितपुर	२००	२३५५०	२३७५०	-	२३७५०	१५,८९
८	प्यूठान	-	३९०००	३९०००	-	३९०००	२०,५१

यसैगरी जिल्ला विकास समितिको कार्यालय, सप्तरीले यस वर्ष रु.२८ लाख ७३ हजार मूल्य बराबरका १९३ थान ह्याण्ड पम्प, डीप सेट र पाइपहरु खरिद गरी सम्बन्धित योजनाहरुमा वितरण नगरी मौज्दात राखेको छ ।

गत वर्षको मौज्दात समेत खर्च नगरी आवश्यक पर्नेभन्दा बढी सामग्री खरिद गरी मौज्दात राख्ने कार्यको अन्त्य हुनुपर्दछ ।

२६ **योजना परिवर्तन –** जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीले क्रमागत योजनाको रुपमा रहेको खनियाघारी च्याउकोट, सिद्धबाबा खानेपानी योजनाको लागि विनियोजन गरेको रु.१० लाख ४० हजार मुहानको स्रोतदेखि वितरण विन्दुसम्मको दूरी निकै लामो भई वितरण विन्दुसम्म पानी पुग्न नसक्ने, मर्मत सम्भार खर्च धान्न नसक्ने कारण देखाई सोको सट्टा रु.३० हजारदेखि रु.४ लाखसम्मका ६ योजनाका लागि २०६८।१।१४ मा बजेट बाँडफाँड गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा योजना परिवर्तन गर्दा करीब ३९ प्रतिशत बजेट निष्क्रिय रहेको र साना योजनामा लगानी गर्नु परेकोले प्रस्तावित योजनामा नकारात्मक असर पर्न जाने देखिन्छ ।

२७ **पाइप फिर्ता –** जिल्ला विकास समितिको कार्यालय, मोरङ्गले पाइप तथा फिटिङ्स सामग्री खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरी खर्च लेखेको छ । विभिन्न योजनामा प्रयोग भई मौज्दात रहेका पाइप तथा फिटिङ्सको अभिलेख राखेको छैन । साथै २ योजनाका लागि खरिद भएका १७ हजार ४७५ मिटर पाइपमध्ये ९ हजार ९७५ मिटर प्रयोग भई रु.४ लाख ६८ हजार बराबरका ७ हजार ५०० मिटर पाइप उपभोक्ता समितिसँग बाँकी रहेकोमा कार्यालय फिर्ता लिएको छैन । पाइपको अभिलेख व्यवस्थित गरी मौज्दात पाइप फिर्ता लिनुपर्दछ भनी औंल्याइएकोमा कार्यालयले फिर्ता लिन कारबाही अघि बढाएको जवाफ दिएको छ ।

झोलुङ्गेपुल क्षेत्रगत तथा स्थानीयस्तरका सडक पुल कार्यक्रम

२८ **मर्मत –** जिल्ला विकास समितिको कार्यालय, नवलपरासीले दमारखोला झोलुङ्गेपुल मर्मत अमानतमा गर्नेगरी एक प्राविधिकलाई रु.६ लाख ५० हजार पेश्की दिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ र नियमावली, २०६४ को नियम ९८ अनुसार एक तह माथिको अधिकारीको पूर्वस्वीकृतिमा रु.१ लाखसम्मको सामान्य प्रकृतिका मर्मत सम्भार वा सरसफाईको काम अमानतमा गर्न सकिने व्यवस्था रहेकोमा उक्त व्यवस्था विपरीत अमानतमा मर्मत गराउन पेश्की दिनु उचित भएन ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम

२९ **निर्वाचन क्षेत्र विकास कार्यक्रम –** निर्वाचन क्षेत्र विकास कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२९.१ निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि (तेस्रो संशोधन) नियमावली, २०६५ को नियम ४ मा सभासदले कुनै गैरसकारी संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने, दामासाहीले रकम वितरण गर्न, कुनै राजनैतिक दल वा तिनका भातृ संगठनलाई आर्थिक सहायता दिने गरी योजना छनौट तथा सञ्चालन गर्ने र शिक्षा मन्त्रालयबाट निर्धारित मापदण्ड विपरीत कुनै विद्यालयका शिक्षकहरुको पारिश्रमिक दिन नपाइने व्यवस्था छ । यो वर्ष १० जिल्लाका ३६ सभासदले आफ्नो निर्वाचन क्षेत्रभित्र योजना छनौट गर्दा नियमावलीको पालना नगरी निम्नानुसार योजनाको छनौट एवं सञ्चालन गरेको देखियो ।

क्र.सं.	जिल्ला	सभासद संख्या	योजनाको विवरण	रकम (रु.हजारमा)
१	स्याङ्जा	७	गैरसरकारी संस्थाको भवन निर्माण एवं अन्य अनुदान	१५,७१
२	गोरखा	७	शहीद परिवारलाई आर्थिक सहायता	१४,७७
३	बाग्लुङ	७	विद्यालयका शिक्षकहरुलाई पारिश्रमिक	१३,६५
४	रौतहट	२	गैरसरकारी संस्थाको भवन निर्माण	९,१५
५	सुर्खेत	२	विद्यालयका शिक्षकहरुलाई पारिश्रमिक	८,४५
६	सिन्धुपाल्चोक	-	विद्यालयका शिक्षकहरुलाई पारिश्रमिक	८,०३
७	पाल्पा	४	विद्यालयका शिक्षकहरुलाई पारिश्रमिक	३,७०
८	बाँके	३	विद्यालयका शिक्षकहरुलाई पारिश्रमिक	२,७५
९	तनहुँ	३	शहीद परिवारलाई आर्थिक सहायता	२,०६
१०	पर्वत	१	शहीद स्मृति भवन	२,००
			जम्मा	**८०,२७**

नियमावलीको व्यवस्था विपरीत योजना छनौट तथा सञ्चालन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

२९.२ निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि (तेस्रो संशोधन) नियमावली, २०६५ को नियम ३ (६) अनुसार महिला, बालबालिका, दलित अपाङ्ग, मधेशी, मुस्लिम पीछडा समूदाय तथा विपन्न वर्गको उत्थान र विकाससँग सम्बन्धित श्रममा आधारित कम्तिमा २० प्रतिशत जनसहभागिता जुटाउन सकिने आयोजनाहरु छनौट गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, कपिलवस्तुका ४ सभासदले निर्माण सामग्री खरिद एवं वितरणमा रु.९ लाख ५० हजार, हेण्ड पाइप खरिद तथा वितरणमा रु.२ लाख ६५ हजार र औषधि, दाल, चामल खरिद तथा वितरणमा रु.४ लाख ७५ हजार खर्च गरेको देखियो ।

२९.३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चका बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ । सिरहाका सभासदहरुले सञ्चालन गरेका विभिन्न कार्यक्रममा खरिद गरिएका रु.१२ लाख २ हजारका २६ थान कम्प्युटर, रु.५ लाख ८९ हजारका ५९ थान सिलाई मेसिन, रु.२ लाख ५७ हजारका २५ थान ट्यूववेल र रु.९ लाख ३७ हजारका ३८ थान ह्वील चेयर एवं रु.५६ हजारका फर्निचर समेत रु.३० लाख ४१ हजारका सामग्री वितरण गरेको रीतपूर्वकको भरपाई वा खर्च पुष्टी गर्ने प्रमाण पेश भएको छैन ।

जिल्ला विकास समितिको कार्यालय, मोरङ्गबाट प्रतिनिधित्व गर्ने विभिन्न सभासदहरुले विभिन्न ६ योजना उपभोक्ता समिति मार्फत सञ्चालन गरी रु.१९ लाख २२ हजार खर्च लेखेकोमा स्रेस्तासाथ कार्य सम्पन्न प्रतिवेदन, जाँचपास, नापी किताब संलग्न छैन । त्यस्तै ४ सभासदको कार्यक्रमबाट रु.१० लाख १० हजारका २३ कम्प्युटर र ५१ ट्यूबवेलको खरिद बिल संलग्न गरी खर्च लेखेकोमा सम्बन्धित व्यक्ति/संस्थाले बुझेको प्रमाण पेश गरेको छैन । साथै एक सभासदको कार्यक्रमबाट २९ जनालाई ड्राइभिङ्ग तालिम सञ्चालन गर्न टंकिसिनुवारीस्थित एक ड्राइभिङ्ग इन्स्टिच्यूटसँग प्रतिव्यक्ति रु.१२ हजार ५०० का दरले रु.३ लाख ६२ हजार दिने गरी सम्झौता भएको छ । ड्राइभिङ्ग इन्स्टिच्यूटले २९ जनालाई भरपाई गरी रु.३ लाख बुझाएको आधारमा रकम भुक्तानी लिएको देखिएकोले तालिम कार्यक्रम सञ्चालन भएको आधार देखिएन ।

२९.४ जिल्ला विकास समितिको कार्यालय, गोरखा अन्तर्गत निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट एक सभासदको सिफारिसमा फर्निचर निर्माणको लागि एक सेवा केन्द्रलाई रु.२ लाख निकाशा दिएकोमा फर्निचर खरिद गरेको स्रेस्ता संलग्न गरी कार्य सम्पन्न भएको देखाए तापनि २०६८।५।१८ मा लेखापरीक्षणको क्रममा सम्बन्धित केन्द्रमा अवलोकन गर्दा कुनै फर्निचर देखिएन । फर्निचर ल्याउँदै गरेको र एक मल्टिमेडिया खरिद गरेको भनाइ उक्त केन्द्रको रहेको छ । यसैगरी अर्को एक सभासदको सिफारिसमा गोरखामा एक संग्रहालय स्थापनाको लागि रु.१ लाख विनियोजन भई विल भरपाई संलग्न गरी कार्य सम्पन्न गरेको देखिए तापनि २०६८।५।१५ मा स्थलगत अवलोकन गरिएकोमा त्यस्तो कुनै संग्रहालय देखिएन । यस्तो क्षेत्रमा बजेट विनियोजन गर्न निरुत्साहित गरिने प्रतिक्रिया कार्यालयले दिएको छ ।

सामाजिक सुरक्षा कार्यक्रम

३० **भत्ता वितरण –** भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३०.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि जिल्ला विकास समितिले गाउँ विकास समिति तथा नगरपालिकाहरुलाई भत्ता वितरण गरी भरपाई पेश भएपछि फछ्यौंट गर्ने गरी पेश्कीको रुपमा रकम निकासा दिनुपर्दछ । जिल्ला विकास समितिको कार्यालय, मुगुले बिल भरपाई एवं प्रमाणबेगर रु.५ करोड ७० लाख १२ हजार सीधै खर्च लेखेको छ । सो रकम पेश्की समेत जनाएको छैन । यसैगरी जिल्ला विकास समितिको कार्यालय, सल्यानले सम्बन्धित गाउँ विकास समितिहरुबाट दलित, एकल महिला, अपाङ्ग र जेष्ठ नागरिकहरुको संख्या यकिन गरी निकासा माग गर्दाको पत्रहरुको आधारमा कार्यालयमा तयार पारेको अभिलेख वा विवरणभन्दा फरक हुनेगरी मासिक भत्ता, वृत्ति र मासिक भरणपोषण गरी ४२ गाउँ विकास समितिलाई रु.३२ लाख ५७ हजार बढी भत्ता उपलब्ध गराएकोले असुल हुनुपर्दछ ।

३०.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा ८(ङ) अनुसार सामाजिक सुरक्षा कार्यक्रममा निकासा भएको बजेट सम्बन्धित कार्यक्रममा बाहेक अन्यत्र खर्च लेख्न मिल्दैन । जिल्ला विकास समितिको कार्यालय, रसुवाले सामाजिक सुरक्षा कार्यक्रमको बजेटबाट कर्मचारीको तलब, भत्ता तथा पोशाक भत्तामा रु.६ लाख २२ हजार खर्च गरेको देखियो । कार्यविधिको व्यवस्था विपरीत खर्च गर्नेलाई कारबाही गरी असुल गर्नुपर्दछ । त्यसैगरी जिल्ला विकास समितिको कार्यालय, सुनसरीले सामाजिक सुरक्षा कार्यक्रममा विनियोजित रकमबाट स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रममा रु.५४ लाख ४१ हजार सापटी दिएको देखिन्छ । उक्त रकम सोधभर्ना प्राप्त गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष मन्त्रालयमातहतका देहायका निकाय तथा परियोजनाको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

- **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (जिल्ला विकास समिति सिन्धुपाल्चोक, मकवानपुर, पर्सा, नवलपरासी र सुर्खेत)**
- **ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना (कार्यक्रम सञ्चालन र व्यवस्थापन)**

कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । सो प्रतिवेदनमा समावेश भएका केही मुख्य व्यहोरा निम्नानुसार छन्:

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (जिल्ला विकास समिति सिन्धुपाल्चोक, मकवानपुर, पर्सा, नवलपरासी र सुर्खेत)

स्थानीय निकायमा सहभागितात्मक योजना, समावेशी विकास प्रक्रिया अवलम्बन गर्दै सशक्तिकरण र मूलप्रवाहीकरणमा मद्दत पुऱ्याउन विभिन्न दातृ निकायको सहयोगमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन भएको छ ।

३१ **जिल्ला परिषद् –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९९ बमोजिम एकीकृत योजना तर्जुमा समितिबाट सिफारिस भई आएका योजनाहरुलाई अन्तिम रुप दिनु अघि जिल्ला विकास समितिले नेपाल सरकारको नीतिसमेतका आधारमा विश्लेषण गरी फागुनको तेस्रो हप्ताभित्र अन्तिम रुपदिई जिल्ला परिषद्मा पेश गर्ने तथा परिषद्ले फाल्गुण मसान्तभित्र जिल्ला विकास योजना पारित गर्नुपर्ने व्यवस्था छ ।

३१.१ सिन्धुपाल्चोक जिल्लाको योजना जिल्ला परिषद्ले २०६७।३।१८ मा मात्र पारित गरेकोले तोकिएको मितिभन्दा ३ महिना १७ दिन ढिला भएको देखियो । सुर्खेत जिल्ला विकास समितिको जिल्ला परिषद् २०६४।६५ को २०६४ जेष्ठ १४, २०६५।६६ को २०६५ आषाढ ९ र २०६६।६७ को २०६५ चैत्र १ गते बसी जिल्ला विकास योजना पारित गरेकोले क्रमश: २ महिना १३ दिन, ३ महिना ८ दिन र १ दिन ढिला भएको देखिन्छ ।

३१.२ पर्सा जिल्लामा एकीकृत योजना तर्जुमा समितिबाट २०६६।११।२२ मा सिफारिस गरिएका योजनाहरु जिल्ला परिषद्बाट २०६६।१२।२८ मा पारित गरेको छ । एकीकृत योजना तर्जुमा समितिको बैठकमा विषयगत निकायका प्रतिनिधिलाई आमन्त्रण गरे पनि उपस्थित नहुने, योजनाको छनौट गर्दा ती कार्यालयहरुबाट सञ्चालन गर्ने र जिल्ला विकास समितिबाट सञ्चालन हुने कार्यक्रमहरु दोहोरो नपर्ने गरी समन्वय हुन नसकेको छलफलको क्रममा जानकारी प्राप्त भयो । सबै इलाकाबाट सिफारिस भई आएका योजना ठूलो र धेरै रकमको भएकोले बजेट अभावको कारण प्राथमिकतामा परेको योजनाहरु समेत छनौट गर्न नसकिएको जानकारी प्राप्त भएको छ ।

३१.३ नवलपरासी जिल्लामा एकीकृत योजना तर्जुमा समितिबाट पारित भई जिल्ला विकास समितिमा पेश भएका आयोजनाहरु जिल्ला परिषद्बाट २०६४।६५ मा २०६४।२।१६ गते, २०६५।६६ मा २०६५।२।१५ गते र २०६६।६७ मा २०६६।२।३१ गते पारित भएको पाइयो । जिल्ला परिषद्बाट आयोजनाहरु पारित गर्दा गाउँ विकास समितिमा अत्यावश्यक भई गाउँ विकास समिति/इलाकास्तर हुँदै प्राथमिकताक्रम निर्धारण गरी पठाइए तापनि एक आयोजना पनि स्वीकृत नहुने र कतिपय सुविधा सम्पन्न गाउँ विकास समितिले माग गरे जति सबै आयोजना

स्वीकृत हुने र माग नगरेका आयोजनाहरु समेत स्वीकृत गरेको जानकारी अधिकांश गाउँ विकास समितिमा सरोकारवालासँगको छलफलको क्रममा जानकारी प्राप्त भएको छ ।

जिल्ला परिषद् समयमा सम्पन्न नभएको गाउँ विकास समितिबाट माग भई आएका आयोजनाभन्दा बेग्लै आयोजनाहरु स्वीकृत एवं कार्यान्वयन हुने गरेको देखियो । जसले गर्दा स्थानीय आवश्यकता अनुरुप स्रोत साधनको उपयोग गर्ने स्थानीय निकायको उद्देश्य पूरा नहुने अवस्था छ । तसर्थ तोकिएको समयमा जिल्ला परिषद्को बैठक आयोजना गर्ने र स्थानीयस्तरबाट प्रस्ताव भई आएका आयोजना मात्र कार्यान्वयन गरिनुपर्दछ ।

३२ **स्रोत नक्सा –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९७ बमोजिम जिल्ला विकास समितिको र नियम ६४ बमोजिम आफ्नो जिल्ला एवं गाउँ विकास समितिको इलाकाहरु तथा वडा छुट्टिने गरी स्रोत नक्सा तयार गर्नुपर्दछ । अध्ययन गरिएका जिल्लाका अधिकांश गाउँ विकास समितिहरुमा स्रोत, नक्सा, आवधिक योजना तयार गरेको पाइएन । यसबाट योजना तर्जुमा एवं स्रोत साधनको प्रभावकारी उपयोग सम्बन्धी निर्णय लिन कठिनाई हुने देखिन्छ । त्यसैले स्रोत साधनको व्यवस्था मिलाई सबै गाउँ विकास समितिको स्रोत नक्सा र आवधिक योजना तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३३ **उत्पादनमूलक योजना –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४३(३) बमोजिम गाउँ विकास समितिले योजना तर्जुमा गर्दा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गाउँका जनताको जिवनस्तर, आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरिबी निवारणमा सहयोग पुऱ्याउने, बढी जनसहभागितामा सञ्चालन हुने, पिछडिएका वर्ग तथा महिला वर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुऱ्याउने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । यस बाहेक गाउँ विकास समिति अनुदान सञ्चालन निर्देशिका, २०६५ को निर्देशन ८.३ बमोजिम कृषि तथा सिंचाई योजनाहरु सामाजिक, आर्थिक रुपले विपन्न वर्गलाई फाइदा पुऱ्याउने योजना तर्जुमा र प्राथमिकीकरणको लागि सूचक र अङ्कभार सहितको ढाँचा प्रयोग गर्नुपर्दछ ।

३३.१ सिन्धुपाल्चोक जिल्लामा छनौट गरिएका १५ वटै गाउँ विकास समितिहरुले योजना तर्जुमा र प्राथमिकीकरण गर्दा सूचक र अङ्कभार सहितको ढाँचा प्रयोग गर्ने गरेका छैनन् । आयोजनाहरुको प्राथमिकीकरण गर्दा माथि उल्लेखित व्यवस्थाको अनुशरण भएको जनाए पनि मूल्याङ्कनको अभिलेख राखेको समेत देखिँदैन ।

३३.२ मकवानपुर जिल्लाका छनौटमा परेका गाउँ विकास समितिले जनताका आवश्यकता अनुसार योजना छनौट गर्ने गरेको र नियममा तोकेबमोजिम नै महिला, बालबालिका तथा दलित र जेष्ठ नागरिकलाई योजना छुट्याएको जानकारी दिए तापनि योजना छनौट गर्दा नियममा तोकेबमोजिम सूचक र अङ्कभार सहितको ढाँचा प्रयोग गरेको देखिएन ।

३३.३ पर्सा जिल्ला विकास समिति अन्तर्गत छनौटमा परेका १४ गाउँ विकास समितिमा योजना छनौट गर्दा ऐनमा उल्लेख गरेबमोजिम प्राथमिकताक्रम निर्धारण गर्न सकेको देखिदैन । पार्टी प्रतिनिधि, व्यक्तिको पहुँचले योजना छनौटमा प्रभाव पारेको देखिन्छ । उत्पादनमूलक, छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरिबी निवारणमा सहयोग पुऱ्याउने, कम लागत, बढी जनसहभागितामा सञ्चालन हुने आयोजनामा प्राथमिकता दिनुपर्नेमा सो अनुरुप योजना छनौट तथा कार्यान्वयन गर्नसकेको देखिएन ।

छनौट गरिएका गाउँ विकास समितिहरुले समग्रमा समावेशी योजना छनौट गर्ने गरेको भएपनि योजना तर्जुमा र प्राथमिकीकरण गर्दा अङ्क भार सहित सूचक निर्धारण गर्ने गरेको देखिएन । प्राथमिकीकरणको विधि प्रक्रिया सूचक र अङ्क भार सम्बन्धमा पर्याप्त ज्ञान नहुँदा पूर्णरुपमा योजना प्राथमिकीकरणको अभ्यास हुन सकेको छैन । जसले गर्दा कम लागतमा बढी प्रतिफल दिने रोजगारीमूलक उत्पादनमूलक आयोजनाहरु छनौट हुन सकेका छैनन् । परियोजना प्राथमिकताका सूचक एवं आधार र अङ्कभार कार्यविधिमा नै उल्लेख गरी परिपालना गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३४ **जनसहभागिता –** गाउँ विकास समितिलाई प्राप्त थप अनुदानको रकमबाट अनुदान सञ्चालन कार्यविधि, २०६६ बुँदा १३(ख) अनुसार कुल लागतको जलविद्युत सम्बन्धी योजनामा ५ प्रतिशत, झोलुङ्गेपुल, अन्य पुल पुलेसा, कल्भर्ट भवन निर्माणमा १० प्रतिशत, महिला, दलित तथा पिछडिएका वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने योजनामा १० प्रतिशत बाँकी अन्य आयोजनामा १५ प्रतिशत समुदायको जनसहभागिता जुटाएको हुनुपर्ने तथा यस सम्बन्धी अभिलेख गाउँ विकास समितिले राख्नुपर्ने व्यवस्था रहेको छ ।

३४.१ सिन्धुपाल्चोक जिल्लामा छनौटमा परेका १५ गाउँ विकास समितिहरुमध्ये २०६६।६७ मा ५ गाउँ विकास समितिहरुमा तोकिएबमोजिम जनश्रम जुटाएको पाइएन ।

३४.२ पर्सा जिल्लामा वीरगन्ज उप–महानगरपालिकाको अभिलेखअनुसार थप अनुदानतर्फको १४ कार्यक्रममध्ये १३ सम्पन्न भएको र सम्झौता गर्दा १५ प्रतिशत जनसहभागिताको व्यवस्था गरेको देखिन्छ । लेखापरीक्षणको लागि छनौटमा परेका १४ गाउँ विकास समितिमध्ये १० गाउँ विकास समितिले जनसहभागिताको व्यवस्था नै गरेको छैन भने ४ गाउँ विकास समितिले १० प्रतिशतसम्म जनसहभागिताको व्यवस्था गरे तापनि सरोकारवालासँगको छलफल गर्दा जनसहभागिता जुट्न नसकेको भनाई रहेको पाइयो ।

३४.३ सुर्खेत जिल्लामा अध्ययन गरिएका १४ गाउँ विकास समितिमध्ये पाम्का, मेहलकुना, सहारे, काप्रीचौर, उत्तरगङ्गा, लाटीकोइली, मैनतडा, छिन्चु र बाबियाचौर गाउँ विकास समितिले योजनाको अभिलेख नराखेकोले जनसहभागिता सम्बन्धमा उपर्युक्तानुसारको प्रतिशत पुगे नपुगेको सम्बन्धमा उल्लेख गर्न सकिएन । मेहलकुना गाउँ विकास समितिको ५ योजनामध्ये सूर्यज्योती उच्च मा.वि.को फर्निचर निर्माण कार्य रु.१ लाखमा सम्पन्न भएकोमा जनसहभागीता जुटेको देखिन आएन ।

गाउँ विकास समितिहरुमा तोकिएअनुसार नजुटेको वा जनश्रमदानको लेखाङ्कन नगरिएको अवस्थामा स्वामित्वभावको कमी हुने भएकोले जनसहभागिताको अभिलेख राख्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ ।

३५ **राजस्व सङ्कलन –** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको आयोजना प्रतिवेदनअनुसार स्थानीय सरकारलाई आफ्नो स्रोतबाट राजस्व सङ्कलन गर्न सहयोग गर्ने उल्लेख छ । यस प्रयोजनका लागि स्थानीय सरकारबाट लगाइएका वर्तमान कर/राजस्वका दरको मूल्याङ्कन गर्ने, कर/राजस्व दर विस्तार गर्ने उपाय पहिचान गर्ने, कर/राजस्व प्रशासनमा सुधार गर्ने, विकल्प पहिचान गर्ने उल्लेख गरिएको छ ।

यसैगरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६६(२) बमोजिम गाउँ विकास समितिले प्रत्येक वर्ष मार्ग मसान्तभित्र आफ्नो स्रोतबाट प्राप्त हुने कर राजस्वको रकम लगायत साधन स्रोतको अनुमान गर्नुपर्ने व्यवस्था छ । अध्ययन गरिएका जिल्ला विकास समितिहरुले आन्तरिक आयको प्रक्षेपण गर्ने गरेको तर जिल्ला विकास समिति एवं गाउँ विकास समितिहरुले राजस्वको दर विस्तार गर्ने, राजस्व प्रशासन सुधार गर्ने कार्य हुन नसकेको तथा सङ्कलन गर्न सकिने क्षेत्रबाट राजस्व सङ्कलन गर्न नसक्दा गाउँ विकास समितिहरुको आन्तरिक आय नगण्य छ । स्थानीय निकायहरुले जनप्रतिनिधिको अभावमा दीर्घकालीन सोचका साथ आन्तरिक आय वृद्धिका कार्यक्रम नल्याउँदा उपर्युक्त स्थिति देखा परेको छ । तसर्थ दीर्घकालीन सोचका साथ राजस्वका स्रोतको पहिचान एवं दायरा विस्तार र राजस्व प्रशासनमा सुधार गर्नेतर्फ ध्यान दिनु जरुरी छ ।

३६ **वातावरणीय परीक्षण –** वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ अनुसूची–१ मा उल्लेख भएअनुसार नदी सतहबाट दैनिक १० देखि ५० घनमिटरसम्म बालुवा, ग्राभेल, माटो निकाल्ने कार्य गराउँदा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । यस बमोजिम नदी सतहको प्राकृतिक स्रोत साधनको दोहन गरी राजस्व सङ्कलन गर्ने प्रक्रिया अगाडि बढाउँदा वातावरणीय मूल्याङ्कन गर्नुपर्दछ ।

३६.१ सिन्धुपाल्चोक जिल्लामा इन्द्रावती बगर, मेलम्ची खोला, छाते खोला, सुनकोशी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा एवं तातोपानी गाउँ विकास समितिको लेकाली भेगबाट स्लेट ढुङ्गा बिक्रीको रु.४० लाख ६७ हजारमा ठेक्का लगाएको छ । सोको वातावरणीय प्रभाव मूल्याङ्कन गरेको देखिएन ।

३६.२ पर्सा जिल्ला विकास समितिका छनौटमा परेका १४ गाउँ विकास समितिको स्थलगत निरीक्षण गर्दा सुगौली पटेर्वा, शंकरसरैया, गादी, बिरुवा गुठी गाउँ विकास समितिका खोला किनाराबाट अवैध ढङ्गले उत्खनन् गरी गाडा, ट्र्याक्टर ट्रकबाट गिट्टी, बालुवा ढुवानी गरिरहेको देखियो । यस सम्बन्धमा जिल्ला विकास समितिका पदाधिकारीसँग छलफल गर्दा गैर कानूनी तरिकाले उत्खनन् र निकासी गरेको रोक्ने कार्य जिल्ला विकास समितिको नभई प्रशासनको जिम्मेवारी रहेको जवाफ प्राप्त भयो ।

३६.३ नवलपरासी जिल्लाको रजहर गाउँ विकास समितिमा पूर्वपश्चिम राजमार्गमा पर्ने झरही खोलाको पुलभन्दा करिब ५० मिटर दक्षिणमा १० मिटरभन्दा गहिरो गरेर ढुङ्गा निकाल्ने काम भइरहेको २०६७।११।१९ मा स्थलगत अवलोकनबाट देखियो । यसरी ढुङ्गा निकाल्दा नदीको सतह गहिरो भई नदी कटान हुने र राजमार्गको पुललाई गम्भीर असर पर्न जाने देखिन्छ । उक्त क्षेत्रको ५०० मिटरमा गिट्टी, ढुङ्गा, बालुवा निकाल्न रोक लगाइएको जवाफ प्राप्त भएको छ ।

३६.४ सुर्खेत जिल्लाका १४ गाउँ विकास समिति र १ नगरपालिकाले माटो, ढुङ्गा, बालुवा, उत्खनन् गरेको अभिलेखबाट देखिएन भने जिल्ला विकास समितिले माटो, ढुङ्गा, बालुवा उत्खनन् गरी राजस्व सङ्कलन गर्ने गरेको पाइयो । नदी सतहको प्राकृतिक स्रोत साधनको दोहन गरी राजस्व सङ्कलन गरेकोमा नदी सतहबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो निष्कासन गर्न पाउने परिमाण तोकि वातावरणीय प्रभाव मूल्याङ्कन गरेको देखिएन ।

वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था परिपालना सम्बन्धमा कडाईका साथ अनुगमन गरिनु पर्दछ ।

३७ **रोयल्टी –** जिल्ला विकास समितिले केन्द्रबाट राजस्व बाँडफाँड अन्तर्गत विद्युत रोयल्टी, वनसम्पदा, पर्यटन, खानी रोयल्टीबापत प्राप्त रकमलाई उद्देश्यमूलक ढङ्गले खर्च गरिनुपर्दछ ।

३७.१ मकवानपुर जिल्लाको खानी रोयल्टीको रकम सोझै खानी विभागले प्राप्त गर्ने गरेकोले जिल्ला विकास समितिलाई प्राप्त नभएको र यस सम्बन्धमा मन्त्रालयमा पत्राचार भइरहेको जानकारी प्राप्त भएको छ । विद्युत रोयल्टी वापत प्राप्त रकम रु.३ करोड ५५ लाखबाट विद्युत सम्बन्धी काम मात्र नगरी सडक, सिंचाई, खानेपानी लगायतका योजनामा समेत खर्च गर्ने गरेको पाइयो ।

३७.२ पर्सा जिल्लामा विद्युत क्षेत्रको विकासमा खर्च गर्न विद्युत विकास विभागबाट २०६५।६६ मा रु.९७ लाख ५९ हजार र २०६६।६७ मा रु.६९ लाख ५६ हजार निकासा भएको छ । उक्त रकम आर्थिक वर्षको अन्तमा राजस्व बाँडफाँड खातामा ट्रान्सफर गरेको र जिल्ला विकास समितिले चालु र पूँजीगत खातामा रकम ट्रान्सफर गरी विद्युत विकास क्षेत्रको बाहेक अन्यत्र खर्च गरेको पाइयो ।

३७.३ नवलपरासी जिल्ला विकास समितिले राजस्व बाँडफाँडबापतको रकम केही नदी नियन्त्रणमा र अधिकांश रकम सडक आयोजनाहरुमा खर्च गर्ने गरेको पाइयो । त्यस्तै गरी पर्यटनको रकम मठ, मन्दिर र पर्यटन क्षेत्रमा नै खर्च गरेको छ भने विद्युत रोयल्टीबापत प्राप्त रकमको ८० प्रतिशतभन्दा बढी सडक आयोजनाहरुमा खर्च गर्ने गरेको पाइयो ।

अध्ययन गरिएका जिल्लामा विद्युत रोयल्टीबापतको रकम प्राप्त भए पनि कुनै पनि जिल्लाले सो रकम सोही क्षेत्रको विकासको लागि खर्च गरेको देखिएन । कतिपय जिल्लाहरुले विद्युत, वन रोयल्टीबापत प्राप्त हुनुपर्ने रकमको अभिलेख समेत राखेका छैनन् । प्राप्त रकमबाट जिल्ला अन्तर्गतका विविध आवश्यकता पूरा गर्नुपर्ने भएकाले सोही क्षेत्रमा मात्र खर्च गर्न सकेको पाइएन । तसर्थ निश्चित कार्ययोजनाका आधारमा प्राप्त रोयल्टी रकम उद्देश्यमूलक ढङ्गले सम्बन्धित क्षेत्र एवं उच्च प्राथमिकताका क्षेत्रमा बाँडफाँड गरी खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३८ **पारदर्शिता –** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५ तथा नेपाल सरकारबाट जारी भएको सार्वजनिक सेवा तथा सुविधा प्रभावकारी बनाउने निर्देशिका, २०६१ र सार्वजनिक सुनुवाई कार्यविधि निर्देशिका, २०६१ अनुसार जिल्ला विकास समितिले विकास निर्माण र सेवा प्रवाहका कार्यको प्रभावकारी सुनुवाईको व्यवस्था हुनुपर्दछ । सिन्धुपाल्चोक, मकवानपुर र सुर्खेत जिल्लामा सार्वजनिक सुनुवाई गरिएको छ भने पर्सा र नवलपरासीमा सार्वजनिक सुनुवाई गरिएको छैन । सुनुवाईमा बजेट निकासा

समयमा नहुने, प्राविधिक कर्मचारीको सेवा प्रभावकारी नभएको, उपभोक्ता समितिलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम दिने नगरेको, विषयगत निकाय, गैरसरकारी संस्था र स्थानीय निकायको बीचमा समन्वयको अभाव भएकोले सञ्चालित एउटै कार्यक्रममा दोहोरोपना आउन सक्ने अवस्था रहेको, अधिकांश निर्माण कार्य अधुरो रहेको आदि गुनासाहरु व्यक्त भएका छन् ।

सबै जिल्ला विकास समितिहरुले सेवाग्राहीको सहभागितामा सार्वजनिक सुनुवाई गरी उठेका गुनासाहरु सम्बोधन गर्ने परिपाटीको सुरुवात गरिनुपर्दछ ।

३९ **सम्पत्ति संरक्षण –** गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८(ट)(९) तथा ३२(छ) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१३ बमोजिम चल अचल (जग्गा, जमिन भवन तथा सार्वजनिक सम्पत्ति आदि) तथा जिन्सी सम्पत्तिको लगत राख्ने तथा संरक्षण उपयोगको व्यवस्था मिलाउनुपर्दछ ।

भत्किने अवस्थामा रहेको प्रसौनीवितर्ा गाउँ विकास समिति भवन

३९.१ पर्सा जिल्लाका छनौटमा परेका १४ गाउँ विकास समितिले आफ्नो स्वामित्वमा रहेका जग्गा, जमिन, भवन र अन्य सार्वजनिक सम्पत्तिको लगत राख्ने गरेको पाइएन । सरकारी जग्गा, भवन र सार्वजनिक सम्पत्तिको अभिलेख गाउँ विकास समितिमा नरहेको कारण सरकारी सम्पत्तिको संरक्षण र सही उपयोग भएको छ भन्न सकिने अवस्था छैन । स्थलगत निरीक्षणको क्रममा प्रसौनीवितर्ा गाउँ विकास समिति भवन २०५४।५५ मा निर्माण भएकोमा हालसम्म अधुरो रहेको र सञ्चालनमा नै नआई भत्किने अवस्थामा रहेको पाइयो ।

३९.२ नवलपरासी जिल्लाका विभिन्न स्थानीय निकायको सम्पत्तिको अवस्था देहायअनुसार रहेको छ:

३९.२.१ रुपौलिया गाउँ विकास समितिको कम्पाउण्डमा करीब १० कठ्ठा, सुनवल गाउं विकास समितिको हाट बजार लाग्ने जग्गा करीब १.५ विघा, अर्ग्यौली गाउं विकास समिति अन्तर्गत तत्कालीन कृषि फारामको नाउँको सरकारी जग्गा १५ विघा भएकोमध्ये ४ विघा गाउं विकास समितिको नाममा छुट्याएको भने तापनि गाउँ विकास समितिको नाममा जग्गाधनी पुर्जा छैन ।

३९.२.२ सनई गाउँ विकास समितिमा करिब १०० विघा क्षेत्रफलमा रहेको नन्दनताल, वडा नं.३ मा रहेको ८२ विघाको अर्को तालको जग्गाधनी पुर्जा गाउँ विकास समितिको नाममा नभएको तथा तालको जग्गा अतिक्रमण भएको निरीक्षणबाट देखियो । नन्दनतालको नाममा वर्षेनी जिल्ला विकास समितिले ताल भित्रको जग्गामा सडक निर्माण गरेको देखिन्छ ।

३९.२.३ रामग्राम नगरपालिका क्षेत्रमा ४२ वटा पोखरी र हाटबजार, पाडा बजार र बस पार्कमा २० विघाभन्दा बढी जग्गा भएकोमा धनी पूर्जा लिएको छैन । रामग्राम नगरपालिकाले नवलपरासी जिल्ला अदालत अगाडि रु.५० लाखमा दैनिक हाटबजारको लागि सेड निर्माण गरे तापनि हाटबजार सञ्चालन हुन सकेको छैन । स्थलगत अवलोकन गर्दा कृषि हाटबजारको लागि बनाइएको सेडमा व्यक्तिहरु बसोबास गर्ने गरेको पाइयो । त्यस्तै गरी नगरपालिका भवन पूर्वपट्टि खोला छेउमा साप्ताहिक हाटबजार लाग्नेमा केही बाँसका छाप्राहरु बनाएकोमा छाना नभएको र अव्यवस्थित, फोहोर र धूलो रहेको पाईयो । खोला पारी पर्ती जिल्ला पशुसेवा कार्यालय अगाडि पाडा बजार भनी स्थान छुट्याएकोमा व्यवस्थित रुपले घेराबार तथा सेड निर्माण गरेको पाइएन ।

३९.३ सुर्खेत जिल्लामा अध्ययन गरिएका १४ गाउँ विकास समितिमध्ये सहारेले घर–१ र जग्गा ३२ रोपनीको विवाद परेकोले लालपूर्जा नभएको, साटाखानी गाउँ विकास समितिले गाउँ विकास समिति भवन १९ कठ्ठा ऐलानी जग्गामा रहेको र जग्गाको आधिकारीक कागजपत्र नरहेको उल्लेख छ । मैनतडाको ५ विगाहा, छिन्चुको १० रोपनी, गुटुको ५ रोपनी जग्गा ऐलानी भएकोले लालपूर्जा प्राप्त नभएको उल्लेख गरेको छ ।

अध्ययन गरिएका गाउँ विकास समितिहरुको जग्गाको जग्गा धनी पूर्जा प्राप्त गरेको देखिएन । कतिपय स्थानको जग्गा अतिक्रमणमा परेको पाइयो । सम्पत्तिको अद्यावधिक लगतसम्म पनि नराखेको र संस्थागत संयन्त्र मजबूत नभएका कारण स्थानीय निकायले सम्पत्तिको प्रभावकारी संरक्षण तथा उपयोग गर्न नसकेको स्थिति छ । त्यसैले सबै स्थानीय निकायको सम्पत्तिको अभिलेख खडा गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४० **जाँचपास –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६८ बमोजिम आयोजना सञ्चालन गर्ने निकायले आयोजना कार्यक्रम सम्पन्न भएपछि जाँचपास वा फरफारक गराउनु पर्दछ । गाउँ विकास समितिमा सञ्चालित परियोजनामध्ये कतिपयको जाँचपास गर्ने गरेको देखिएन । कतिपय निकायले कार्यसम्पन्न प्रतिवेदनलाई नै जाँचपास मान्ने गरेको देखियो । प्राविधिक जनशक्तिको अभावका कारण जाँचपासको लागि खटाउन नसकेको जानकारी हुन आयो । जाँचपास नहुँदा परियोजनाको गुणस्तरमा असर पर्ने तथा खर्च रकमको उपादेयता सुनिश्चित नहुने स्थिति छ । त्यसैले प्राविधिक जनशक्तिको व्यवस्था गरी सबै परियोजनाहरुको जाँचपास गर्ने र जाँचपास नहुँदासम्म थप पूँजीगत अनुदान नदिने व्यवस्था मिलाउनु पर्दछ ।

४१ **अनुगमन –** अनुदान सञ्चालन निर्देशिका, २० ६५ को बुँदा १५.४ अनुसार संविधान सभाका सदस्यबाट आफ्नो निर्वाचन क्षेत्रभित्रको गाउँ विकास अनुदानबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव वा प्रतिवेदन दिन सक्ने व्यवस्था छ । यस्तै गाउँ विकास अनुदान कार्यक्रमको अनुगमन गर्न स्थानीय विकास मन्त्रालयबाट उपयुक्त व्यवस्था मिलाइने उल्लेख छ । छनौटमा परेका जिल्ला विकास समिति र गाउँ विकास समितिमा स्थानीय विकास मन्त्रालय र संविधान सभाका सदस्यहरुबाट योजनाको अनुगमन गरी सुझाव दिएको देखिएन । निश्चित रकमभन्दा माथिका परियोजनाहरु कार्यतालिका बनाई स्थानीय विकास मन्त्रालय र सभासद् संलग्न टोलीले अनुगमन गर्ने तथा सुझाव दिने व्यवस्था मिलाउनुपर्छ ।

ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजनाको कार्यक्रम सञ्चालन र व्यवस्थापन

विश्व बैङ्कको सहायताबाट विभिन्न जिल्लामा दीगो तथा सुधारिएको यातायात प्रणाली मार्फत ग्रामीण समुदायका उपभोक्ताहरुको आर्थिक तथा सामाजिक पहुँचमा अभिवृद्धि गर्ने लक्ष्य लिई २०६२।६३ मा सुरु भएको यो परियोजनाको म्याद २०७०।७१ सम्म रहेको छ ।

४२ **जिन्सी व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार कार्यालयले जिन्सी मालसामानहरुको सही सदुपयोग, संरक्षण एवं मर्मत सम्भार गरी जिन्सी व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्नुपर्दछ । आयोजनाले खरिद गरेका सवारीसाधन, कम्प्युटरलगायतका जिन्सी मालसामानहरु आयोजनाको काममा प्रयोग गरिनुपर्दछ ।

आयोजनाको लागि खरिद भएका जिप २ थान, मोटरसाइकल ४ थान, क्यामरा २ थान, ल्यापटप कम्प्युटर, डेस्कटप कम्प्युटर, प्रिन्टर, टेलिभिजन, वाइनाकुलर, डेक, कुर्सी तथा टेबुल १/१ थान अन्यत्र कार्यालयहरुले प्रयोग गरेका छन् । आयोजनाको प्रयोजनका लागि खरिद भएका जिन्सी सामानहरु अलग्गै बजेट विनियोजन भएका माथिल्ला निकायहरुले प्रयोग गर्नाले आयोजनाको कार्यदक्षतामा प्रभाव पर्न गएको देखिन्छ । आयोजनाको प्रयोजनको लागि खरिद गरिएका जिन्सी सामानहरु फिर्ता गरी उद्देश्यमूलक तवरबाट उपयोग गर्नुपर्दछ ।

४३ **सडकको अवस्था –** आयोजना समन्वय इकाईबाट प्राप्त विवरणअनुसार यस कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाहरुमा वटासिल प्रविधिको प्रयोग गरेर हालसम्म निर्माण सुधार भएको सडकको अवस्था देहायअनुसार छः

(रु.हजारमा)

जिल्ला संख्या	सडक संख्या	सडकको लम्बाई	कुल खर्च	सडकको अवस्था
७	१३	१४५.६१ कि.मि.	२६,१६,०४	० देखि २५ प्रतिशतसम्म विग्रेको
३	३	४८.४२ कि.मि.	१०,१९,८५	२६ देखि ५० प्रतिशतसम्म विग्रेको
२	२	१८.१५ कि.मि.	२,५९,६२	५१ देखि ७५ प्रतिशतसम्म विग्रेको
१	१	१८.०० कि.मि.	३,७५,६२	१०० प्रतिशतसम्म विग्रेको
६	१०	९७.१९ कि.मि.	२०,६३,४८	नविग्रेको

माथि उल्लिखित विवरणलाई विश्लेषण गर्दा धादिङ्ग जिल्लाको १८ किलोमिटर लामो धादिङ्गबेशी–सल्यानटार सडक शतप्रतिशत विग्रेको देखियो । उक्त सडक निर्माणको लागि रु.३ करोड ७५ लाख ६२ हजार खर्च भएको छ । त्यसैगरी २ जिल्लाका २ सडक ५१ देखि ७५ प्रतिशतसम्म विग्रेका छन् भने ३ जिल्लाका ३ सडक २६ देखि ५० प्रतिशतसम्म बिग्रेका छन् । आयोजना सुरु भएदेखि ६ वर्षको अन्तरालमै वटासिल प्रविधि प्रयोग गरी निर्माण सुधार गरिएका सडकको अवस्था यसरी नाजुक हुनु सन्तोषजनक देखिदैन । यस विषयमा छलफल गर्दा सडकको क्षमताभन्दा बढी भारका गाडीको आवागमनमा नियन्त्रण नगर्नु, नियमित मर्मत सम्भार नहुनु र निरन्तर अनुगमन सुपरभिजनको कमी आदि कारणले गर्दा यसरी छोटो समयमै सडक बिग्रन गएको जानकारी प्राप्त भएको छ । तसर्थ सडकले धान्न सक्नेभन्दा बढी भारका गाडीको आवागमनमा नियन्त्रण गरी निर्मित सडकको नियमित मर्मत सम्भार गर्दै सडकलाई दीगो बनाउन जरुरी छ ।

सूचना प्रविधि लेखापरीक्षण

जिल्ला विकास समिति वित्तीय तथा व्यवस्थापन प्याकेज सफ्टवेयर

यो वर्ष काभ्रेपलान्चोक जिल्ला विकास समितिको कार्यालयले प्रयोगमा ल्याई तयार गरेको वित्तीय सूचनाहरुको लेखापरीक्षण गरिएको छ । कार्यालयले प्रयोगमा ल्याएको सफ्टवेयरको पर्याप्तता, नियन्त्रण पद्धति, कर्मचारी क्षमता, सुरक्षा र सूचनाको विश्वसनियता जस्ता पक्षको मूल्याङ्कन गरी सुधारका लागि सुझाव दिने सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको छ । यस लेखापरीक्षणमा सफ्टवेयरको सञ्चालन, व्यवस्थापन, सुरक्षा तथा उपयोगलाई मात्र समावेश गरिएको छ ।

४४ **सूचना प्रविधि नीति तथा रणनीति –** कार्यालयले सञ्चालनमा ल्याएको जिल्ला विकास समिति वित्तीय तथा व्यवस्थापन प्याकेज सफ्टवेयरको तथ्याङ्क नीति, व्यवसायिक योजना, तथ्याङ्क सुरक्षा नीतिसहितको सूचना प्रविधि नीति तथा रणनीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४५ **तथ्याङ्कको विश्वसनियता –** सफ्वेयरवाट तयार हुने डाटावेश र प्रतिवेदनहरुको निश्चित हदसम्मको विश्वसनियता हुनुपर्दछ । सफ्टवेयरको परीक्षणको क्रममा मुख्य लेजरमा देखिएको अङ्क सहायक लेजरमा नभिड्ने र सहायक खाताको जोडजम्मा समेत नमिल्ने अवस्था देखिएकोले यसमा परीक्षण गरी आश्यक सुधार हुनुपर्दछ ।

४६ **सोर्स कोड** – सफ्टवेयर उपयोग गर्दा यसमा प्रयोग गरिएको भाषा, निर्माणविधि आदि खुल्ने गरी सोर्स कोड समेत प्राप्त गर्नु आवश्यक देखिन्छ । जसले गर्दा कार्यालयले आवश्यकताअनुसार सफ्टवेयरमा संशोधन परीमार्जनको कार्य गर्नसक्ने हुन्छ । २०६२ देखि प्रयोगमा ल्याइएको सफ्टवेयरको सोर्सकोड र आधिकारिकता हालसम्म प्रयोगकर्ताले प्राप्त गरेको देखिएन । तसर्थ सफ्टवेयरको सोर्स कोड र आधिकारिक स्वामित्व प्राप्त गरी जिन्सी दाखिला हुनुपर्दछ ।

समितितर्फ

४७ **कर दस्तुर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद (६) अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदि उठाउन सक्ने र ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । जिल्ला बिकास समिति ४२ ले कर, दस्तुर आदि उठाउने निर्माण व्यवसायीहरुबाट गत वर्षसम्मको रु.१४ करोड ५ लाख १ हजार र यो वर्षको रु.१ करोड ६० लाख ८१ हजार समेत रु.१५ करोड ६५ लाख ८२ हजार असुल गरेका छैनन् ।

४८ **प्रशासनिक खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२ को उपदफा ७ को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रही ऐनबमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबापत उठाएको कुल रकमको

आधारमा तोकिएअनुसार प्रशासनिक खर्च गर्नसक्ने व्यवस्था भए तापनि सो परिधिभित्र नरही तोकिएभन्दा बढी प्रशासनिक खर्च गर्ने गरेको देखियो । यसरी बढी खर्च सम्बन्धमा चार वर्षको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

आर्थिक वर्ष	जिल्ला विकास समिति संख्या	बढी खर्च
२०६४/६५	५७	१८,४२,१८
२०६५/६६	६३	२१,८७,८३
२०६६/६७	५२	२४,०७,०७
२०६७/६८	५९	२८,४६,०८

प्रशासनिक कार्यमा अत्यधिक खर्च गरेपछि स्थानीय बिकास निर्माणमा प्रत्यक्ष असर पुग्ने हुनाले यस्तो परम्परामा नियन्त्रण गर्नुपर्दछ ।

४९ **आर्थिक सहायता –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५३ मा बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले गत वर्षको यथार्थ कुल आम्दानी रकमको वार्षिक अधिकतम एक प्रतिशत वा एक लाख रुपैयाँमध्ये जुन कम हुन्छ सो रकम आर्थिक सहायतामा खर्च गर्न सक्ने र यस्तो खर्च मासिक रुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २४ जिल्ला विकास समितिले तोकिएको सीमा नघाई रु.३७ लाख ८५ हजार आर्थिक सहायता वितरण गरेको देखियो ।

५० **अन्य कार्यालयको खर्च –** जिल्ला विकास समितिको कार्यालय २१ ले रु.८७ लाख ३ हजार अन्य कार्यालयको मर्मत, इन्धन, कार्यालय सामानलगायतमा खर्च गरेका छन् । छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित सरकारी कार्यालयको खर्च जिल्ला विकास समितिबाट व्यहोर्नु उपयुक्त भएन ।

५१ **भैपरी आउने खर्च –** स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम ५६ मा स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको वार्षिक अधिकतम एक प्रतिशतसम्म भैपरी आउने विकास निर्माण कार्यको लागि खर्च गर्न पाउने व्यवस्था भएकोमा २१ जिल्ला विकास समितिको कार्यालयले तोकिएको सीमा नघाई रु.६८ लाख १९ हजार खर्च गरेका छन् ।

५२ **आय छुट –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७० मा ठेकेदारले सम्झौता अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा बढीमा १० प्रतिशतसम्म छुट दिन सकिने र यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, नवलपरासीले बोलपत्रको सूचनामा सम्झौताका बखत एकमुष्ट रकम बुझाएमा १० प्रतिशत छुट दिने उल्लेख गरेकोमा पटक पटक गरी रकम बुझाएमा पनि ७ ठेक्कामा १० प्रतिशतले रु.२० लाख ७७ हजार छुट दिएको नियम विपरीत देखिएकोले असुल उपर गर्नुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरले सूचनामा उक्त प्रकारको छुट दिने व्यवस्था उल्लेख नगरी विभिन्न किसिमका १२ ठेक्कामा रु.११ लाख ३४ हजारको १० प्रतिशतले रु.१ लाख १३ हजार छुट दिएको देखिएकोले उक्त छुट दिएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

५३ **राजस्व घाटा –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ (४) खण्ड क. बमोजिम ढुङ्गा, गिट्टी, बालुवा आदि निकासी सम्बन्धी सार्वजनिक बढाबढ गर्दा न्यूनतम अङ्कबाट सुरु गरी सबैभन्दा बढी अङ्क कबोल गर्नेको नियम १६७ (५) बमोजिम तत्कालै कबुल अङ्कको ५ प्रतिशत धरौटी वा बैङ्क ग्यारेण्टी लिई ठेक्का स्वीकृत गर्नुपर्ने व्यवस्था छ । महोत्तरी जिल्ला विकास समितिले जिल्लाभित्रका नदीबाट ढुङ्गा, गिट्टी, बालुवा बिक्री लगायतका ठेक्काको बोलपत्र आह्वान गरेकोमा सबैभन्दा बढी कबुल गर्ने निर्माण व्यवसायीसँग तत्कालै सम्झौता नगरी दोस्रो वा तेस्रो घटी कबुल गर्ने निर्माण व्यवसायीसँग सम्झौता गर्दा सुरुमा कबुल गर्ने निर्माण व्यवसायीको भन्दा धेरै कम रकम असुल गरेको देखियो । बढी कबुल गर्ने ठेकेदारले सम्झौता गरी कार्य सुरु गर्न नमानेपछि निजको ५ प्रतिशत धरौटी जफत गरे पनि सो रकमले

न्यून भएको राजस्वपूर्ति भएको देखिदैन । बढी कबुल गर्ने निर्माण व्यवसायीले कार्य गर्न नमानेपछि अन्य निर्माण व्यवसायीबाट आय सङ्कलन गर्दा निम्नानुसार रु.२० लाख ३० हजार राजस्व घाटा भएको छ ।

(रु.हजारमा)

क्र.सं.	ठेक्का	लागत अनुमान	बढी कबोल गर्ने अङ्क	दोस्रो या तेस्रो घटी कबुल गर्नेको अङ्क	फरक रकम	धरौटी जफत	राजस्व घाटा
१	जडिबुटी निकासी	८,६०	१६,०१	८,६८	७,३३	१,२४	६,०९
२	चौपाया निकासी	३,२५	७,००	५,५१	१,४९	६५	८४
३	काठ चिरान	३,४५	७,५१	५,४१	२,१०	३८	१,७२
४	ढुङ्गा, बालुवा	४,९५	१४,७७	५,००	९,७७	७४	९,०३
५	ढुङ्गा, गिट्टी	१५,४०	७,५१	४,५१	३,००	३८	२,६२
						जम्मा	**२०,३०**

त्यसैगरी सर्लाही जिल्लामा बढी कबुल गर्ने निर्माण व्यवसायीले कार्य गर्न नमानेपछि अन्य निर्माण व्यवसायीबाट आय सङ्कलन गर्दा निम्नानुसार रु.३० लाख ७ हजार राजस्व घाटा भएको छ ।

(रु.हजारमा)

क्र.सं.	ठेक्का लागेको स्थान	लागत अनुमान	बढी कबोल गर्ने अङ्क	दोस्रो या तेस्रो घटी कबुल गर्नेको अङ्क	फरक रकम	धरौटी जफत	राजस्व घाटा
१	बाग्मती नदी कमैया	११,००	३७,७८	२१,५१	१६,२७	३,४४	१२,८३
२	हजरिया घाट	११,००	२५,००	१५,००	१०,००	१,२५	८,७५
३	लखनदेही	१५,००	३२,००	२४,५१	७,४९	२,९०	४,५९
४	राजघाट	६,००	१२,००	७,०५	४,९५	१,०५	३,९०
						जम्मा	**३०,०७**

वन तथा भू–संरक्षण मन्त्रालयले जारी गरेको वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० को दफा १७ (३) मा दोस्रो वा तेस्रो सकारकर्ताको बोलपत्र स्वीकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कबोल अङ्कमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकमभन्दा कममा बोलपत्र स्वीकृत नगरिने व्यवस्था भएकोले दोस्रो वा तेस्रो घटी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्दा पनि राजस्व नोक्सानी नपर्ने व्यवस्था मिलाएको छ । जिल्ला विकास समितिले प्राकृतिक स्रोत बिक्री गरी आय–आर्जन गर्ने हुँदा स्थानीय स्वायत्त शासन नियमावलीको प्रावधान परिमार्जन गरी वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका अनुकूल बनाउनु जरुरी देखिएको छ ।

५४ **मौज्दात रकम –** गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा ३८१ मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम आर्थिक वर्ष समाप्त भएको कम्तिमा ७ दिन अगाडि कोष तथा नियन्त्रक कार्यालयमा फिर्ता गरी जिल्ला विकास समितिलाई जानकारी दिनुपर्ने व्यवस्था छ । यो वर्ष लेखापरीक्षण गरिएका अधिकांश जिल्ला विकास समितिहरुमा गाउँ विकास समितिहरुले प्राप्त गरेको अनुदान रकम, खर्च र बाँकीको विवरण उपलब्ध गराएको र बाँकी रकम फ्रिज गरेको देखिएन । गाउँ विकास समितिमा गएको अनुदानमध्ये खर्च भई बाँकी रकम यकिन गरी फ्रिज गराउन वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

५५ **जिम्मेवारी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (१) अनुसार जिल्ला विकास समितिको नाममा प्राप्त हुने सबै प्रकारको आम्दानी जिल्ला विकास कोषमा जम्मा गर्नुपर्ने र उपनियम (५) अनुसार नेपाल सरकारबाट प्राप्त फ्रिज गर्नु नपर्ने रकम र जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष निम्नानुसार १५ जिल्ला विकास समितिले जिम्मेवारी हिसाब अद्यावधिक नबनाई घटी देखाएको छ ।

(रु.हजारमा)

क्र.सं.	जिल्ला विकास समिति	जिम्मेवारी सानुपर्ने	जिम्मेवारी सारेको	घटी जिम्मेवारी सारेको
१.	हुम्ला	१०,८१,२४	१,७०,८२	९,१०,४२
२.	रुकुम	४,७८,४३	१,६८,५२	३,०९,९१
३.	ललितपुर	१४,६३,३५	१३,२९,२७	१,३४,०८
४.	जुम्ला	२६,७७१	१,६४,३९	१,०३,३२
५.	मुगु	१,५२,६०	१८,६२	१,३३,९८
६.	कास्की	६,२३,३५	५,२४,५५	९८,८०
७.	सुनसरी	२,१०,६२	१,१८,२४	९२,३८
८.	महोत्तरी	२,९१,४१	२,२८,३४	६३,०७
९.	डोल्पा	९८,७३	४१,९३	५६,८०
१०.	सल्यान	१,३९,९६	१,३२,१७	७,७९
११.	दाङ्ग	६,६८,४२	६,६४,१३	४,२९
१२.	चितवन	४,९१,९०	४,८९,७७	२,१३
१३.	सप्तरी	५,३७,६२	५,३५,८२	१,८०
१४.	तेह्रथुम	१,४७,८६	१,४७,३९	४७
१५.	कपिलवस्तु	२८,८३,६८	२८,८३,२२	४६
	जम्मा	**२८,५३३**	**१४९७**	**११९७**

घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, इलाम

५६ **बैङ्क जमानत –** कृषि एवं पशुजन्य वस्तुको निकासी कर तथा ढुङ्गा, गिट्टी, बालुवा बिक्री कर ठेक्कामा एक निर्माण व्यवसायीले कबोल गरेको अङ्क रु.६७ लाख ५६ हजारमध्ये बुझाउन बाँकी रु.१२ लाख ४१ हजारको बैङ्क जमानत नलिएकोले उक्त बाँकी रकम जोखिममा परेको देखियो ।

५७ **क्षतिपूर्ति –** भारतीय सरकारको सहयोगमा इलामको करफोक उच्च माध्यमिक विद्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ३९ लाख १७ हजारको लागतमा २०६५।९।२ सम्ममा कार्य सम्पन्न गर्नेगरी २०६४।२।२३ मा सम्झौता भएको छ । बन्द, हडताल, पेट्रोलियम पदार्थको अभाव आदि कारण देखाई समयमा काम सम्पन्न गर्न नसकी २०६८।३।३१ मा तेस्रो पटक २०६७।२।२६ देखि २०६८।३।३१ सम्म स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९(क) अनुसार सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनेगरी कार्यालयले म्याद थप गरेकोमा उक्त अवधिको १३ महिना ४ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.१३ लाख ९२ हजार असुल हुनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, बारा

५८ **आयको यथार्थता –** आन्तरिक आयका लागि रसिद नम्बर ८७९ देखि २५ हजारसम्मका बीच बीचमा क्रमश: प्रयोग नभएका जम्मा २१ प्याड रसिदहरु प्रयोग गरेको देखियो । रसिद नम्बर र मिति मिलाएर आयको अभिलेखाङ्कन गरेको देखिएन । आय ठेक्का नलागेपछि विभिन्न स्थानमा स्थानीय व्यक्ति तथा कर्मचारी राखेर कर असुल्ने गरेको भए तापनि आम्दानी रसिदको रसिद नियन्त्रण खाता नराखेबाट कर रकम सबुत रुपमा असुली भएको छ भन्ने आधार देखिएन । आन्तरिक आयको अभिलेखाङ्कन गर्ने स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले निर्दिष्ट गरेका स्रेस्ता ढाँचाबमोजिमका खाताहरु नराखेबाट आर्जित आयको यथार्थता यकिन गर्न सकिएन ।

५९ **आर्थिक सहायता –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा १२ मा जिल्ला विकास कोषको पूँजीगत रकमबाट चालू प्रकृतिका आर्थिक सहायता प्रदान गर्न नपाउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, बाराले विभिन्न राजनीतिक दल, दलका भातृ संगठन, अन्य संघ संस्था लगायत पान पसल सञ्चालन गर्ने एक व्यक्ति समेतलाई रु.६४ लाख ८३ हजार आर्थिक सहायता उपलब्ध गराएको छ । यस्तो प्रवृत्ति नियन्त्रण हुनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, मकवानपुर

६० **आय असुली –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७(५) मा सबैभन्दा बढी कबोल गर्ने डाँकवालासँग धरौटी वा बैङ्क ग्यारेण्टी लिई सम्झौता गर्ने र पट्टा दिने तथा कबुलियत गराउनुपर्ने प्रावधान छ । जिल्ला विकास समितिको कार्यालय, मकवानपुरले विभिन्न निर्माण व्यवसायीलाई बैङ्क ग्यारेण्टी बेगर यो वर्ष ठेक्का दिएको छ । फलत: निर्माण व्यवसायीबाट आयबापत रु.१८ लाख ३९ हजार असुल गर्न बाँकी नै रहे तापनि जमानत नभएकोले असुल गर्न कठिनाई परेको छ । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, गोरखा

६१ **असुली –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ (५) मा आय ठेक्का दिँदा जमानत वा नगदै प्राप्त भएपछि पट्टा दिनुपर्ने व्यवस्था छ । कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा बिक्रीको लागि ४ निर्माण व्यवसायीलाई जमानत नलिई पट्टा दिएकोले रु.५ लाख ९७ हजार असुल गर्न बाँकी रहेको पाइयो ।

जिल्ला विकास समितिको कार्यालय, तनहुं

६२ **आय ठेक्का –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ (५) मा आय ठेक्का दिँदा जमानत प्राप्त भएपछि मात्र पट्टा दिनुपर्ने व्यवस्था छ । तनहुँको छाङ्गछाङ्दीमा ढुङ्गा, गिट्टी, बालुवा निकासी कर सङ्कलन गर्ने एक निर्माण व्यवसायीले कबोल गरेको रु.७ लाख ९ हजारमध्ये प्रथम किस्ताबापत रु.३ लाख ५४ हजार मात्र बुझाई बाँकी रकम नबुझाएको र बैङ्क जमानत समेत नदिएको कारण निजसँग कार्यालयले सम्झौता गरेको छैन । उक्त निर्माण व्यवसायीलाई माल वस्तु उठाउन कार्यालयले बन्द गरेको छैन ।

जिल्ला विकास समितिको कार्यालय, ललितपुर

६३ **पेश्की** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्यौंट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित के केबापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, ललितपुरले गत वर्षको पेश्की रु.३ करोड १६ लाख ५७ हजार यस वर्ष जिम्मेवारी देखाउनुपर्नेमा रु.३ करोड ९ लाख १६ हजार मात्र जिम्मेवारी देखाई रु.७ लाख ४१ हजार घटी जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा छानविन गरी यथार्थ रकम जिम्मेवारी देखाउनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, काठमाडौं

६४ **अनुदान –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा ११ मा पूँजीगत अनुदान खर्च गर्दा रु.५ लाखभन्दा कमका कार्यक्रम/योजना छनौट गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष रु.५ लाखभन्दा घटीका ६१ आयोजनाका लागि रु.१ करोड १६ लाख ६६ हजार खर्च गरेको छ । कार्यविधिको पालना गरिनु आवश्यक छ ।

६५ **कन्टिन्जेन्सी खर्च –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा १५ मा गाउँ विकास समितिको अनुदानबाट कन्टिन्जेन्सीबापत कट्टा गरिएको रकम गाउँ विकास समितिमा सञ्चालन हुने योजनाको प्राविधिक मूल्याङ्कन, प्रगति विवरण सङ्कलन आदि कार्यमा मात्र खर्च गर्न पाउने व्यवस्था रहेकोमा मसलन्द, बैठक भत्ता लगायतमा रु.४ लाख ७६ हजार खर्च गरेको छ । कार्यविधिको पालना नभएकोमा तालुक निकायबाट कारबाही गरिनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, बर्दिया

६६ **मौज्दात –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० मा जिल्ला विकास समितिले मासिक रुपमा बैङ्क हिसाब विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयको स्रेस्ताअनुसार रु.४ करोड ५५

लाख ३३ हजार मौज्दात देखिएकोमा बैङ्कअनुसार रु.३ करोड ४३ लाख १ हजार मात्र बैङ्क मौज्दात रहेको पाइयो । कार्यालयले मासिक रुपमा बैङ्क हिसाब विवरण तयार नगरेकोले रु.१ करोड १२ लाख ३२ हजार बैङ्क मौज्दात घटी हुनुको कारण स्पष्ट छैन ।

६७ **चन्दा –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ मा राजनैतिक दल तथा दल सम्बद्ध निकायहरुलाई चन्दा दिन पाउने व्यवस्था छैन । कार्यालयले यो वर्ष १४ राजनैतिक दल तथा तिनका भातृ संगठनलाई प्रतिदल रु.१५ हजारका दरले रु.२ लाख १० हजार भेला, अधिवेशन, अभियानका नाममा चन्दा दिएको छ ।

जिल्ला विकास समितिको कार्यालय, रुपन्देही

६८ **गैर पूँजीगत खर्च –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ मा जिल्ला विकास कोषको पूँजीगत रकमबाट चालू प्रकृतिका खर्चहरु जस्तैः तलब, भत्ता, चन्दा राजनीतिक दल तथा तिनका भातृ संगठन, संघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता प्रदान गर्न पाइने छैन भन्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, रुपन्देहीले कोष पूँजीगत शीर्षकबाट ९ राजनैतिक दललाई आर्थिक सहायता रु.९ लाख १३ हजार, विभिन्न गैरपूँजीगत खर्च रु.३६ लाख २५ हजार, ९ संघ/संस्थालाई आर्थिक सहायता रु.२० लाख ४२ हजार, २० संघ संस्थालाई अनुदान रु.९ लाख १७ हजार समेत रु.७४ लाख ९७ हजार र गरिबी निवारण कोषबाट आर्थिक सहायता रु.४ लाख ६७ हजार उपलब्ध गराएको छ । कार्यविधि विपरीत आर्थिक सहायता उपलब्ध गराउने प्रवृत्तिको अन्त्य हुनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु

६९ **कर दाखिला –** जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुले अमानतको माध्यमबाट जिल्लाका विभिन्न नाकाहरुमा ढुङ्गा, गिट्टी, बालुवा निकासीको कर सङ्कलन गर्न खटिएका कर्मचारीहरुले असुल गरेको करमध्ये विभिन्न ८ कर्मचारीले असुल गरेको रु.८ लाख ५८ हजार बैङ्क दाखिला गरेको नदेखिएकोले आवश्यक कारबाही गरी असुल उपर गर्नुपर्दछ । कार्यालयबाट उक्त रकम असुल गर्ने जवाफ प्राप्त भएको छ ।

७० **परफरमेन्स बण्ड –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ (५) मा बोलपत्र वा डाँक स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक अङ्कको कम्तिमा ६ महिना म्याद भएको परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि कबुलियत गराई पट्टा दिनुपर्ने व्यवस्था छ । वाणगंगा नदीका विभिन्न नाकाबाट ढुङ्गा, गिट्टी, बालुवा निकासीको ठेक्का लिएका एक निर्माण व्यवसायीले रु.९० लाख ५ हजार कबोल गरेमध्ये रु.३२ लाख ३ हजार बुझाउन बाँकी छ । सो निर्माण व्यवसायीसँग रु.२४ लाखको मात्र बैङ्क जमानत लिएको देखिन्छ । कबोल अङ्क बराबर जमानत नलिई ठेक्का दिने र राखेको जमानत पनि जफत नगरी सरकारी रकम जोखिममा पार्नेलाई कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, बाग्लुङ्ग

७१ **राजस्व –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसुची–२६ को द्रष्टव्यमा राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, बाग्लुङ्गले राजस्व बाँडफाँडबाट प्राप्त भएको रकम रु.४० लाख चालू खातामा ट्रान्सफर गरी नियम विपरीत तलब भत्ता शीर्षकमा खर्च लेखेको छ ।

जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक

७२ **भवन निर्माण –** कालिका माध्यमिक विद्यालय टेकनपुरको भवन निर्माण गर्न रु.१ करोड ३७ लाख ७ हजारको लागत अनुमान तयार भएकोमा रु.९९ लाख ५२ हजारमा २०६८।३।२८ भित्र कार्य सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा लेखापरीक्षणको क्रममा २०६८।८।२८ मा स्थलगत अवलोकन गर्दा भवन निर्माणको काम अधुरो रहेको पाइयो । कार्यस्थलमा निर्माण व्यवसायीबाट कामदार परिचालन नगरेको, ग्राउण्ड कटिङ, डी.पी.सी.र पिलर उठाउने काम मात्र भएको पाइयो । थप म्यादको समय समेतमा पनि भवनको जग र भुंईतलाको पिलरको काम मात्र गरेको देखिएको र स्थलगत अवलोकनको क्रममा कार्यमा निरन्तरता दिएको समेत देखिएन । आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

निर्माणाधीन कालिका मा.वि. टेकानपुर भवन

जिल्ला विकास समितिको कार्यालय, महोत्तरी

७३ **म्याद थप –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १२८ मा तीन महिनासम्म अवधिको म्याद बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी अवधि स्थानीय निकायले थप गर्नसक्ने र म्याद थप गर्दा निर्माण व्यवसायीले समयमै कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको एवं काबु बाहिरको परिस्थितिले काममा ढिलाई भए नभएको विचार गर्नुपर्ने व्यवस्था छ । देहायका विद्यालय भवन निर्माण गर्न सम्झौताको म्याद थपको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

क्र.सं.	विद्यालयको नाम	ठेक्का रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	म्याद थप अवधि
१	सुकदेव माध्यमिक विद्यालय, सुगा	१,२८,०३	२०६५/३/३०	२०६६/३/३१	२०६८/३/३१
२	राना उच्च माध्यमिक विद्यालय, पिपरा	१,८३,४५	२०६४/५/१६	२०६५/६/२०	२०६८/३/३१

म्याद थप गर्दा निर्माण व्यवसायीको काबु बाहिरको स्थिति रहे नरहेकोतर्फ विचार नगरेको र पूर्व निर्धारित क्षतिपूर्ति समेत लिने गरेको छैन । पटक पटक म्याद थप गर्दा पनि हालसम्म निर्माण कार्य सम्पन्न भएको छैन ।

७४ **कामको गुणस्तर –** घाघर–बन्चौरे–इटहर्वाकट्टी सडकको चेनेज ०+००० देखि २+००० सम्म र २+००० देखि ४+५०० सम्म ग्राभेल गर्ने कार्यको लागत अनुमान क्रमश: रु.३३ लाख ५४ हजार र रु.५० लाख २० हजार रहेकोमा एक निर्माण व्यवसायीले क्रमश: रु.७ लाख २४ हजार (७८.४१ प्रतिशत घटी) र रु.९ लाख ६५ हजार (८०.७६ प्रतिशत घटी) मा कबोल गरी काम गराएको देखियो । लागत अनुमानको तुलनामा निकै न्यून दरमा गराएको कार्यको गुणस्तर सम्बन्धमा आवश्यक छानविन गरी यथार्थता पहिचान हुनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, भोजपुर

७५ **बढी मौज्दात –** जिल्ला विकास समितिको कार्यालय, भोजपुरले पेश गरेको वित्तीय विवरणअनुसार रु.२ करोड १९ लाख ५५ हजार मौज्दात देखाएको छ । राष्ट्रिय वाणिज्य बैङ्क, भोजपुरमा रहेको जिल्ला विकास समितिको कार्यालयका ११ बैङ्क खाताले रु.२ करोड ४४ लाख ३४ हजार देखाएको छ । स्रेस्ताले देखाएको मौज्दातभन्दा बैङ्कले देखाएको मौज्दात रु.२४ लाख ७९ हजार बढी भएको सम्बन्धमा यकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

जिल्ला विकास समितिको कार्यालय, सर्लाही

७६ **रकम फिर्ता** – जिल्ला विकास समितिको कार्यालय, सर्लाहीले कवाडी, जडिबुटी, अन्य मालसामान, पशु, चौपाया कृषि समेतका एक निर्माण व्यवसायीलाई २०६४।६५ को ठेक्का तोडी धरौटी जफत गरेकोमा रु.२५ लाख ८ हजार फिर्ता दिएको छ । अस्थायी चलानपूर्जी लिई सम्झौता समेत नगरी अनधिकृत रुपमा कर सङ्कलन गरिरहेकोले निज निर्माण व्यवसायीको कार्यसम्पादन जमानी रकम २०६५।१।१० मा जफत गरेको देखिन्छ । तर स्थानीय विकास मन्त्रालयले २०६६।१।१४ मा बढी रकम फिर्ता दिन बाधा नपर्ने पत्र जिल्ला विकास समितिको कार्यालयलाई लेखेको देखिन्छ । निज निर्माण व्यवसायीले २०६६।४।१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आवश्यक कारबाही गर्न निवेदन दिएको र आयोगले प्रतिक्रिया उपलब्ध गराउन कार्यालयलाई २०६६।४।५ र २०६७।७।१९ मा पत्र लेखेको देखिन्छ । एक पटक निर्माण व्यवसायीले अनधिकृत तरिकाबाट काम गरेको ठहर गरी ठेक्का तोडिएपछि जफत गरेको रकम फिर्ता गरेकोमा छानबिन गरी यकिन गर्नुपर्ने देखिन्छ ।

७७ **अमानत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद–५ अनुसार स्थानीय निकायको खरिद सीधै, सिलबन्दी कोटेशन, बोलपत्र र उपभोक्ता समिति मार्फत गर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सर्लाहीले नियमावली विपरीत प्लाष्टर, रङ्गरोगन, क्वाटर मर्मत लगायत पाँच कार्यको लागत अनुमान तयार गरी ३ कर्मचारीलाई रु.१५ लाख १८ हजार पेश्की दिई अमानतबाट गराएको छ । साथै नयाँरोड–हिरापुर सडक ग्राभेलको रु.१६ लाख २५ हजारको कार्य गाउँ विकास समितिका सचिवलाई पेश्की दिई अमानतमा गराएको छ । नियमावली विपरीत प्रतिस्पर्धा नगराई अमानतमा कार्य गराउने कार्य उपयुक्त देखिएन ।

जिल्ला विकास समितिको कार्यालय, दाङ्ग

७८ **आम्दानी** – जिल्ला विकास समिति दाङ्गले सातौ जिल्ला परिषद्को २०५६।१२।९ को निर्णयअनुसार महेन्द्र बहुमुखी क्याम्पसमा एम.ए.कक्षा सञ्चालन गर्न आर्थिक स्रोत अभाव भएकोले मालपोत कार्यालय दाङ्गमा जग्गा जमीनको रजिष्ट्रेशन पास गर्दा असुल गर्ने रजिष्ट्रेशन लिखत अङ्कको ०.२ प्रतिशत, हालैको र शेषपछिको बकसपत्रमा प्रति बकसपत्र रु.२५।–, बण्डापत्रमा प्रति वण्डापत्र रु.२५।– का दरले शैक्षिक संस्था भौतिक सुधारको लागि शुल्क उठाउँदै आएको देखियो । यसरी उठाएको शुल्कमध्ये गत वर्षसम्मको जिम्मेवारी रु.२ करोड १० लाख ६२ हजार, यो वर्षको असुली शुल्क रु.१ करोड २४ लाख ८६ हजारसमेत आय रु.३ करोड ३५ लाख ४८ हजारमध्ये यो वर्ष रु.१ करोड ७० लाख खर्च गरी रु.१ करोड ६५ लाख ४८ हजार आगामी वर्षलाई जिम्मेवारी सारेको छ । यस प्रकार कानूनी आधार बेगर उठाएको रकम संचित कोष दाखिला गरी यस्तो कार्य बन्द गरिनुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, नवलपरासी

७९ **अमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा एक तहमाथिको अधिकारीबाट स्वीकृत लिई खरिद ऐन, नियमको प्रक्रियाबमोजिम एकलाख रुपैयाँमा नबढाई खण्डखण्ड गरी वार्ताबाट गराउन वा निर्माणसम्बन्धी काम आवश्यक सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । एक तहमाथिको स्वीकृतिबेगर स्थानीय विकास अधिकारीको आवास र कार्यालय कक्ष मर्मत कार्य रु.८ लाख ३४ हजार खर्च गरी अमानतमा गराएको छ ।

त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७८ बमोजिम रु.१० लाखभन्दा बढीको निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था छ । जिल्ला विकास अनुदान पूँजीगतबाट २०२१।२२ मा बनेको पुरानो भवनमा तल थप गर्न रु.१० लाख १ हजारको लागत अनुमान स्वीकृत गराई एक प्राविधिकलाई पेश्की दिई अमानतमा तला थप गर्ने कार्य गराएको छ ।

जिल्ला विकास समितिको कार्यालय, जाजरकोट

८० **छात्रवृत्ति** – जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा १२ मा जिल्ला विकास कोषको पूँजीगत रकमबाट चालू प्रकृतिका तलब सेवा सुविधा, आर्थिक सहायता आदिमा खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले पूँजीगत अनुदानको बजेटबाट पाटन स्वास्थ्य प्रतिष्ठानमा एम.वि.वि.एस.अध्ययनरत

एक छात्रलाई वार्षिक रु.२ लाखका दरले ५ वर्षसम्म छात्रवृत्ति दिने निर्णय गरी यो वर्षसम्म रु.४ लाख उपलब्ध गराएको पाइयो । जिल्लाको विकास निर्माणका लागि प्राप्त बजेटबाट छात्रवृत्ति उपलब्ध गराउनु उचित भएन ।

जिल्ला विकास समितिको कार्यालय, सुनसरी

८१ **अनुदान –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सुनसरीले राजनैतिक संघ संस्था र तिनका भातृ संगठन, खेलकुद क्लव, गैरसरकारी संस्था, चाडपर्व, मेला, भाषा साहित्य, धर्म संस्कृति, कला, स्वास्थ्य , शिक्षा, दलित वर्ग उत्थान, प्रवर्द्धनलाई रु.५२ लाख ५९ हजार अनुदान दिएको छ । अनुदान रकमले उद्देश्य परिपूर्ति गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन लिई मूल्याङ्कन समेत गर्ने गरेको छैन । यस्ता खर्चको बिल भरपाईसहितको स्रेस्ता राख्नुपर्दछ ।

८२ **अबण्डा रकम –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा नं.१२ (ज) मा जिल्ला विकास कोषको पूँजीगत बजेट जिल्ला परिषद्बाट बाँडफाँड गर्दा अबण्डा राखी पछि बाँडफाँड गर्न नपाइने उल्लेख छ । कार्यालयले आन्तरिक स्रोततर्फ पूँजीगत बजेट रु.५ करोड ४१ लाख ८८ हजारमध्ये ३ कार्यक्रमका लागि रु.५३ लाख ७५ हजार मात्र बाँडफाँड गरी रु.४ करोड ८८ लाख १३ हजार अबण्डा राखी पछि पटके निर्णय गरी ४१ कार्यक्रममा खर्च गरेको छ ।

८३ **ठेक्का व्यवस्था –** ढुङ्गा, गिट्टी, बालुवा बिक्रीबापत राजस्व परामर्श समितिले रु.२ करोड २५ लाख न्यूनतम अङ्क निर्धारण गरी अमानतबाट कर सङ्कलन गर्न सर्वदलीय संयन्त्रले २०६७।४।१ मा सिफारिस गरेको छ । प्रारम्भिक वातावरणीय परीक्षण भई ठेक्का बन्दोवस्त नभएसम्म वार्षिक अङ्क रु.१ करोड ९३ लाखमा दैनिक दामासाहीले रकम दाखिला गर्नुपर्ने गरी एक निर्माण व्यवसायीसँग वार्ताद्वारा न्यूनतम अङ्कभन्दा रु.३२ लाख घटीमा सम्झौता गरी नोक्सानी पारेको छ । सम्झौता रकममध्ये पनि निजले रु.१ करोड ८ लाख मात्र दाखिला गरेको छ । यस कार्यका लागि रु.१५ लाखको मात्र बैङ्क जमानत लिएको कारण रु.८५ लाख असुल हुनसकेको छैन । न्यूनतम अङ्कभन्दा घटीमा ठेक्का दिने र पर्याप्त बैङ्क ग्यारेण्टी नलिने जिम्मेवार अधिकारीलाई कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

जिल्ला विकास समितिको कार्यालय, सिरहा

८४ **आन्तरिक आय –** कार्यालयले विभिन्न ४ खोलाको गिट्टी, ढुङ्गा, बालुवा, ग्राभेल बिक्रीको लागि प्रारम्भिक वातावरणीय परीक्षण एवं प्रभाव मूल्याङ्कन समयमै नगरेको कारण गत वर्षको ठेक्का दरबाट कर सङ्कलन गर्न दिएकोमा गत वर्षको ठेक अङ्क रु.८० लाख ९५ हजारभन्दा रु.२६ लाख ९९ हजार घटी कर सङ्कलन गरेको छ । यसबाट अमानतमा कर सङ्कलन गर्ने कार्यमा रेखदेख तथा नियन्त्रण हुन नसकी जिल्ला विकास समितिको कार्यालयले घाटा सहनु परेको छ ।

स्थानीय विकास शुल्क कोष

८५ **किस्ता निकासा –** जगेडा कोष सञ्चालन कार्यविधि, २०६६ को बुंदा नं.१०.३ बमोजिम सम्बन्धित नगरपालिकालाई योजनागत अनुदानको रुपमा जगेडा कोषबाट व्यहोरिने रकमको ७० प्रतिशत पहिलो किस्ता बापत र बांकी ३० प्रतिशत अन्तिम किस्ताबापत आयोजनागत अनुदानको रुपमा सोही आर्थिक वर्षभित्र उपलब्ध गराउने उल्लेख छ । कारणवश सो आयोजना सोही आर्थिक वर्षभित्र पूरा नभई निकासा हुन नसकेमा आगामी आर्थिक वर्षमा रकम निकासा दिइने छैन, उक्त दायित्व रकम भुक्तानीका लागि नगरपालिका र उपभोक्ता समिति नै जिम्मेवार हुनेछन् भन्ने उल्लेख भएकोमा कार्यालयले स्थानीय विकास शुल्क कोष सञ्चालन समितिको विभिन्न मितिको निर्णयअनुसार विभिन्न २४ नगरपालिकामा गत वर्ष सञ्चालित विभिन्न ५९ योजनाहरुलाई अन्तिम किस्ताबापत रु.१० करोड ४९ लाख ११ हजार यस वर्ष भुक्तानी गरेको छ । यस्तो रकम कार्यविधि विपरीत निकासा गर्न मिल्ने देखिएन ।

८६ **अधुरा योजना –** जगेडा कोष सञ्चालन कार्यविधि, २०६६ (संशोधनसहित) को दफा १२ मा जगेडा कोषबाट सञ्चालन हुने आयोजनाहरु चालू आर्थिक वर्षको जेष्ठ मसान्तभित्र सम्पन्न गरिसक्नुपर्ने र सम्पन्न भएका

योजनाहरुको अन्तिम किस्ता रकम सोही आर्थिक वर्षको आषाढ महिनाको १५ गतेभित्र मन्त्रालयमा अनुरोध प्राप्त भइसक्ने गरी माग गरिसकेको हुनुपर्ने उल्लेख छ । २०६७।६८ मा रु.६७ करोड ४६ लाख ६० हजारका २२१ आयोजनामध्ये स्वीकृत भई कार्यान्वयनमा रहेका (प्रथम किस्ता निकासा भएका) २३ नगरपालिकामा रु.१० करोड २९ लाख ६५ हजारका ५९ योजनाहरु यस आर्थिक वर्षमा सम्पन्न नभई अधुरा रहेको पाइयो ।

८७ **संचित कोष दाखिला –** स्थानीय विकास शुल्कलाई बजेटको परिधिभित्र ल्याउन प्राप्त रकम राजस्व दाखिला गर्ने र दाखिला भएको रकम विनियोजन मार्फत कोषमा जम्मा गर्न व्यवस्था मिलाउने २०६५।६६ को बजेट वक्तव्यको दफा १३९ मा उल्लेख भएको थियो । यसैलाई आधारमानी २०६६।६७ को मौज्दात जिम्मेवारी सारेको रु.३६ करोड ३० लाख ५५ हजारमध्ये गत वर्षको लेखापरीक्षण अवधिमा रु.११ करोड १० लाख ३७ हजार दाखिला भई बाँकी रु.२५ करोड २० लाख १८ हजार संचित कोष दाखिला हुनुपर्ने औल्याइएकोमा संचित कोष दाखिला नगरी सो कोषबाट विभिन्न नगरपालिकालाई निकासा दिएको छ । उक्त कोषमा २०६७।६८ को अन्त्यसम्म रु.१४ करोड ८३ लाख १३ हजार मौज्दात देखाएको छ । सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

महिला विकास प्रशिक्षण केन्द्र

८८ **बहाल कर –** आयकर ऐन २०५८ को दफा ८८ अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा भुक्तानी गर्दा कुल भुक्तानी रकमको दस प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै आन्तरिक राजस्व बिभागको २०६०।५।२२ को परिपत्रअनुसार नगरपालिका जस्ता कर छुट हुने निकायले पाउने घरबहाल भाडामा उक्त कर लाग्ने व्यवस्था गरेको छ । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र केन्द्र समेतले विभिन्न व्यक्ति तथा संस्थालाई भाडामा दिएको घर, जग्गा र क्यान्टिन बहाल रु.६१ लाख ८४ हजार असुल गरी स्वआर्जन खातामा दाखिला गरेकोमा कर कट्टी गरेको नदेखिएकोले रु.६ लाख १८ हजार बहाल कर असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र

८९ **फोहोरमैला व्यवस्थापन –** वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ (१) अनुसार "कसैले पनि वातवरणमा उल्लेखीय प्रतिकूल प्रभाव पार्ने गरी जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदुषण सिर्जना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकीकरण तथा फोहोरमैला निष्काशन गर्न गराउन हुँदैन" भन्ने कुरा उल्लेख गरी फोहोरमैलाको जथाभावी निष्काशनमा प्रतिवन्ध लगाएको देखिन्छ । केन्द्रको लेखापरीक्षणका सन्दर्भमा भएको अवलोकनको क्रममा फोहोर विसर्जन गरिएको ल्याण्डफिल साइटबाट निस्केको लिचेट सीधै कोल्पुखोलामा मिसिएको देखियो । लिचेटलाई ट्रिटमेण्ट गरी सुरक्षित बनाउनुपर्ने नीति रहेकोमा सीधै खोलामा छोडिदिँदा त्यसले जल प्रदूषण, वायु प्रदुषण र दीर्घकालसम्म रासायनिक प्रदूषण हुने देखिएकोले उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

९० **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ४५ कार्यालयबाट रु.१३ करोड १८ लाख ३७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १९ कार्यालयबाट रु.५१ लाख ८० हजार र सम्परीक्षणको क्रममा रु.२ करोड ३१ लाख २६ हजारसमेत रु.१६ करोड १ लाख ४३ हजार असुल भएको छ । असुलीसम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

९०.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ अनुसार आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको रकम संचित कोषमा दाखिला नगरेको रु.११ करोड ८२ लाख १२ हजार र एक नगरपालिकालाई दोहोरो निकासा दिएको रु.७ लाख ३६ हजार समेत रु.११ करोड ८९ लाख ४८ हजार स्थानीय विकास शुल्क कोषको कार्यालयको लेखापरीक्षणको क्रममा सञ्चित कोष दाखिला गरेको छ ।

९०.२ जिल्ला विकास समितिको कार्यालय, रौतहटले गाउँ विकास समितिलाई निकासा दिई बचत रकम लेखापरीक्षणको क्रममा रु.३ करोड ५५ लाख १९ हजार फिर्ता गरी संचित कोष दाखिला गरेको छ ।

९१ **पेश्की –** मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा २०६८ आषाढ मसान्तमा १५५ कार्यालयको रु.३ अर्ब ४३ करोड ८६ लाख ७८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १४ कार्यालयबाट रु. ३२ करोड ५३ लाख ३९ हजार आंशिक फछ्यौंट गरी १५५ कार्यालयको रु.३ अर्ब ११ करोड ३३ लाख ३९ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१ अर्ब ९५ करोड ५ लाख १५ हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.७ अर्ब ३१ करोड २६ लाख ६० हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

९१.१ मन्त्रालयअन्तर्गतका जिल्ला विकास समिति/अन्य संस्था ९८ का २०६८ आषाढ मसान्तमा रु.३३ करोड २५ लाख ६१ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ७ कार्यालयबाट रु.४१ लाख ८० हजार आंशिक फछ्यौंट गरी ९८ कार्यालयको रु.३२ करोड ८३ लाख ८१ हजार पेश्की देखिएको छ ।

९२ **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

९२.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.७ अर्ब २१ करोड ७३ लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ८६ करोड ६ लाख ९३ हजार फछ्यौट गरेकोले रु.४ अर्ब ३५ करोड ६६ लाख ३६ हजार बाँकी रहेको छ ।

९२.२ अन्य संस्था तथा जिल्ला विकास समितितर्फ यो वर्ष रु.१ अर्ब ७८ करोड ७ लाख २६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ६८ लाख ६१ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ७६ करोड ३८ लाख ६५ हजार बेरुजू बाँकी रहेको छ ।

९२.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू मध्ये रु.२ अर्ब २० करोड २९ लाख ५ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

अन्य संस्था समितितर्फ रु.५ करोड ८० लाख ३५ हजार फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

स्थानीय विकास मन्त्रालयअन्तर्गत गत वर्ष भएको निकासाबाट सोही वर्ष खर्च नभई वचत रहेको रु. ३५ करोड ९६ लाख ८५ हजार संचित कोष दाखिला गर्नुपर्ने व्यहोरा औंल्याइएकोमा अर्थ मन्त्रालयले २०६७।११।४ मा निर्णय गरी विद्युत रोयल्टीबापत विनियोजन भएको रकम फ्रिज गर्नु नपर्ने गरी निर्णय गरी दिनाले उक्त रकम फ्रिज गर्नै नपर्ने अवस्था सिर्जना भएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ (क) अनुसार फ्रिज नहुने उपशीर्षक तोक्ने अधिकार महालेखा नियन्त्रक कार्यालयलाई रहेकोमा अर्थ मन्त्रालयले उल्लेखित निर्णय गरेको हुनाले निर्णयको कानूनी आधार उपलब्ध गराउन अर्थ मन्त्रालयको सचिवसँग २०६८।३।२१ मा अनुरोध गरिएकोमा जवाफ प्राप्त भएन । अघिल्ला वर्षहरुमा भएको गैरकानूनी कार्यलाई पछिल्ला वर्षमा वैधानिकता दिँदै जाने हो भने आर्थिक अनुशासन कायम नहुने हुँदा फ्रिज गर्नुपर्ने उल्लिखित बेरुजू रकम सम्परीक्षणका लागि अनुरोध भए तापनि लगत कट्टा गरिएको छैन ।

बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्म रु.८ करोड ६८ लाख ३७ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मन्त्रालय र मातहत समेत १८१ कार्यालयको विनियोजनतर्फ रु.१६ अर्ब २५ करोड ७६ लाख ७६ हजार, राजस्वतर्फ रु.१२ करोड २३ लाख ७७ हजार र धरौटीतर्फ रु.२० करोड ९१ हजार गरी रु.१६ अर्ब ५८ करोड १ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उपर्युक्त लेखापरीक्षण अङ्कमा शान्ति तथा पुन:निर्माण मन्त्रालयको रु.१० करोड २४ लाख ९५ हजार समावेश छ ।

समिति तथा अन्य संस्था ११२ को रु.१३ अर्ब ९४ करोड ८० लाख ५० हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायबमोजिम छन्:

१.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले सार्वजनिक निकायले वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको सामान खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय र मातहतका ५१ कार्यालय र १६ अस्पतालले वार्षिक खरिद योजना तयार नगरी खरिद गरेका छन् ।

१.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा दशलाख रुपैयाँभन्दा बढीको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य सेवा विभागलगायत मातहत ४८ कार्यालयले रु. १४ करोड ८३ लाख ४४ हजार र २१ अस्पतालले रु.७ करोड २४ लाख ४४ हजारको औषधि एवं उपकरण सीधै खरिद गरेको पाइयो ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

१. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा मन्त्रालय तथा विभागीय प्रमुखले आफूअन्तर्गत निकायबाट गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको १ वर्षभित्र लागू गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली लागू गरेको छैन ।

२. **प्राविधिक सहायता** – अर्थमन्त्रीले आय–व्ययको सार्वजनिक जानकारी वक्तव्यसाथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा मन्त्रालय र मातहत कार्यालयका १६ विभिन्न कार्यक्रममध्ये १२ कार्यक्रमका लागि विभिन्न १३ दातृराष्ट्र एवं संस्थाबाट २०६८ आषाढ मसान्तको विनिमय दरअनुसार रु.८ अर्ब ५३ करोड २७ लाख ६९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । प्राप्त हुने ४ कार्यक्रमको सहायता रकम खुलेको छैन । उक्त प्राविधिक सहायताको लेखापरीक्षण गराएको छैन ।

३. **वैदेशिक सहायताको लेखापरीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) अनुसार मन्त्रालय र मातहत निकायहरुले प्राप्त गरेको सबै किसिमका वैदेशिक सहायतालाई बजेटमा समावेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यो वर्ष बाल स्वास्थ्य महाशाखाले जाइकाबाट प्राप्त रु.२ करोड २० लाख ६९ हजार, सेभ द चिल्ड्रनबाट प्राप्त रु.१ करोड ८२ लाख १८ हजार, प्लान इन्टरनेशनलबाट प्राप्त रु.८० लाख ८१ हजार र हेल्थ राइट इन्टरनेशनलबाट प्राप्त रु.१ करोड १३ लाख ६० हजार वैदेशिक सहायताको लेखापरीक्षण गराएको छैन ।

४. **अनुगमन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा मन्त्रालयबाट सशर्त अनुदान रकम प्राप्त गर्ने संस्थाहरुबाट प्रगति विवरण लिई लेखापरीक्षण गराए नगराएको एवं लक्ष्यअनुरुप कार्य भए नभएको

सम्बन्धमा अनुगमन, मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थाहरुलाई सशर्त अनुदान शीर्षकबाट उपलब्ध गराएको रु.७७ करोड १८ लाख १८ हजारमध्ये यस कार्यालयबाट लेखापरीक्षण नहुने निजी क्षेत्रबाट सञ्चालित ७ स्वास्थ्य संस्थालाई समेत रु.१४ करोड ७६ लाख अनुदान दिएको छ । अनुदान रकमबाट भएको खर्चको प्रगति विवरण एवं लेखापरीक्षण प्रतिवेदन लिई निर्दिष्ट कार्यमा खर्च गरे नगरेको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन ।

५. **आर्थिक सहायता** – नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ को दफा १२ अनुसार राष्ट्रिय महत्वका व्यक्तिलाई औषधि उपचारबापत आर्थिक सहायता उपचार खर्च दिँदा स्वदेश वा विदेशका सम्बन्धित अस्पतालको बिलबमोजिमको रकम उपलब्ध गराउने व्यवस्था छ । व्यक्तिलाई सोभै रकम दिनसक्ने व्यवस्था देखिँदैन, तापनि पूर्वमन्त्री, संविधान सभाका सदस्यलगायत अन्यसमेत ४२ व्यक्तिलाई रु.५० लाख ७१ हजार सोभै रकम उपलब्ध गराएको छ ।

६. **बक्यौता लेखापरीक्षण** – मन्त्रालयअन्तर्गत कार्यालयहरुको २०२८।२९ देखि २०६१।६२ सम्म विनियोजनतर्फ २२१ इकाईको रु.४३ करोड ६५ लाख ६५ हजार, राजस्वतर्फ ५४ इकाईको रु.२२ लाख ४८ हजार र धरौटीतर्फ ४९३ इकाईको रु.३ करोड ३३ लाख ८९ हजारसमेत रु.४७ करोड २२ लाख २ हजार लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष पनि लेखापरीक्षण गराएको छैन ।

बाल स्वास्थ्य महाशाखा

७. **लेखापरीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार कार्यालयले विनिनियोजित रकम खर्च गरी सोको खर्चका पुष्ट्याई हुने लेखा प्रमाण कागजात अन्तिम लेखापरीक्षणका लागि पेश गर्नुपर्ने व्यवस्था छ । महाशाखाले एक फर्मासँग रु.१७ करोड २२ लाखको औषधि खरिदको ठेक्का सम्झौता गरेकोमा सोको ठेक्कासम्बन्धी फाइल मन्त्रालयमा पठाएको र अर्को एक सम्झौताबाट रु.४ करोड ६१ लाख ७० हजार भुक्तानी गरेको औषधि खरिदसम्बन्धी सक्कल प्रमाण कागजातसहितको फाइल सर्वोच्च अदालतमा रहेको उल्लेख गरी लेखापरीक्षण गराएको छैन ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

८. **आपूर्ति** – स्वास्थ्य सेवा विभाग र काठमाडौंका एक फर्माबीच डाइथिलकार्बमाजिन साइट्रेट १०० एम.जी.को ५ करोड ट्याबलेट रु.२ करोड ५५ लाखमा खरिद गर्न २०६७।१०।१८ मा सम्झौता भएको छ । सम्झौता बमोजिम २०६८।१।१७ भित्र औषधि आपूर्ति गरी सक्नुपर्नेमा आपूर्तकले अन्तिम लट औषधि २०६७।१२।२६ मा आपूर्ति गरे तापनि ८४ लाख ५२ हजार ९०० ट्याबलेट औषधि महाशाखा आफैंले १०७ दिन ढिला गरी २०६८।४।९ मा मात्र मध्यमाञ्चल क्षेत्रीय मेडिकलस्टोर पथलैयामा दाखिला गरेको छ । उक्त खरिद औषधि आपूर्तकसँग भएको सम्झौताको दफा ८.१ एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम गुणस्तर परीक्षण गराएको छैन ।

जिल्ला स्वास्थ्य कार्यालय

९. **गुणस्तर परीक्षण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले खरिद गरेको मालसामान उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । यो वर्ष १४ कार्यालयले रु.१० करोड ५९ लाख ७९ हजारको औषधि खरिद गरेको देखिन्छ । खरिद सम्झौताअनुसार स्पेसिफिकेशनअनुरुपको औषधि खरिद गरेको व्यहोरा खुलाउनुपर्ने, विश्व स्वास्थ्य संगठन (डब्ल्यू, एच.ओ/जी.एम.पी.) बाट स्वीकृति प्राप्त कम्पनीको औषधिमात्र खरिद गर्नुपर्ने, निश्चित समयावधि म्याद भएको व्यहोरा प्रमाणित गर्नुपर्ने र सो न्यूनतम आधार पूरा गरेर मात्र औषधि दाखिला गर्नुपर्दछ । खरिद भएका औषधि गुणस्तर परीक्षण गरेको प्रतिवेदनबेगर दाखिला गर्ने

गरेको पाइयो । औषधि खरिद गर्दा उपर्युक्तानुसार नियन्त्रण व्यवस्था कार्यान्वयन गर्ने गराउनेतर्फ ध्यान दिनु जरुरी छ ।

१०. **नि:शुल्क वितरण –** स्वास्थ्य सेवा कार्य सञ्चालन कार्यविधि, २०६५ अनुसार नि:शुल्क वितरणको लागि औषधि खरिद गर्न बोलपत्र आव्हान गर्दा नै प्रत्येक इकाईमा "नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि" भन्ने व्यहोरा उल्लेख गर्नुपर्ने व्यवस्था छ । यो वर्ष केन्द्रीय तथा जिल्लास्तरका स्वास्थ्य कार्यालयहरुले खरिद गरेको औषधिमध्ये ३६ कार्यालय र ११ अस्पतालमा मौज्दात रहेको मध्ये १० औषधिको नमूना परीक्षण गर्दा औसतमा क्रमश: ५७ र ७८ प्रतिशत औषधिमा मात्र नेपाल सरकारबाट "नि:शुल्क वितरणको लागि" भन्ने व्यहोरा उल्लेख गरेको पाइयो । केही औषधिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि आपूर्ति भन्ने व्यहोरासम्म उल्लेख गर्ने गरेको छ । कार्यविधिमा उल्लिखित वाक्यांश नै राख्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ ।

११. **औषधि मौज्दात –** जिल्लास्थित स्वास्थ्य कार्यालयले अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी एवं उपस्वास्थ्य चौकीको लागि नि:शुल्क वितरण गरिने औषधि पठाउनका लागि गत वर्षको माग एवं खपतलाई ध्यानमा राखी खरिद तथा आपूर्ति नगर्नाले कतिपय औषधिहरु लाखौंको संख्यामा मैज्दात रहने गरेको पाइयो । केही औषधिको नमूना छनौट गरी अभिलेख परीक्षण गर्दा यस्ता बढी परिमाणमा मौज्दात रहने औषधिमा एवेण्डाजोल, एमोक्सिलिन, मेट्रोनिडाजोल, पारासिटामोल, भिटामिन बी कम्प्लेक्स, कोट्रिम एसएस आदि रहेका छन् । यस सम्बधमा उदाहरणार्थ ६ कार्यालयको केही औषधिको मौज्दात स्थिति निम्नानुसार देखिएको छ:

औषधिको नाम	इकाई	२०६७६८ को अन्त्यमा मौज्दात परिमाण					
		जिल्ला जनस्वास्थ्य तथा स्वास्थ्य कार्यालय					
		ललितपुर	लमजुङ्ग	बारा	मकवानपुर	कैलाली	कञ्चनपुर
एमोक्सिलिन २५० एम.जी.	टेबलेट	३५५४४०	७११००	१७०३५८०	२५९५०१४	२४४३६६८	९३०१००
भिटामीन बी.कम्प्लेक्स	क्याप्सुल	५३४६००	६०९१८०	१३७२१००	१४२३०००	१८७८८४३	१६५५०००
पारासिटामोल ५०० एम.जी.	टेबलेट	९९८५५०	४२१०५०	२८०३०८५	२५९३६४३	१५४०९६८	१२१४७००
क्लोरोफिनामाइन–४ एम.जी.	टेबलेट	२१३८६०	१३०५००	४२१८३४	४१७६८७	२७७७४	-
मेट्रोनिडाजोल–२०० एम.जी.	टेबलेट	१४६१००	१८७४८०	१०१३१८६	१०५०९९५	७६२०३०	१०९९४००

उपयोग अवधि चाँडै नै समाप्त हुने औषधि आवश्यकताभन्दा बढी खरिद गरी मौज्दात राख्नु उपयुक्त होइन ।

१२. **आन्तरिक लेखापरीक्षण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(१) मा कार्यालयको राजस्व, धरौटी तथा विनियोजनतर्फको आय–व्यय तथा प्रचलित कानूनबमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । जिल्ला जनस्वास्थ्य कार्यालय, कास्कीको विनियोजन, राजस्व, धरौटीसमेतको रु.१० करोड ६ लाख, जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुरमातहत उपस्वास्थ्य चौकीको जिल्ला विकास समिति अनुदानतर्फको रु.२ करोड ३९ लाख १८ हजार र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ललितपुरको जिल्ला विकास समिति अनुदानतर्फको रु.२ लाख ३४ हजारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

१३. **नगरपालिका अनुदान –** पुनर्जागरण महाशाखाद्वारा २०६७६८ को निमित्त जारी गरिएको निर्देशिका, २०६७ बमोजिम शहरी स्वास्थ्य क्लिनिक सञ्चालनका लागि सम्बन्धित नगरपालिकाले ३ वा ५ वर्षे योजना बनाई तदनुरुप खर्च गर्ने प्रतिबद्धतापत्र एवं निर्णयपत्र पेश गरेपछि मात्र उक्त कार्यक्रमअन्तर्गतको रकम नगरपालिकालाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला जनस्वास्थ्य कार्यालय, कञ्चनपुरले राजनैतिक दलको सर्वदलीय संयन्त्रको निर्णयका आधारमा एक नगरपालिकालाई रु.३० लाख भुक्तानी दिएको छ । भुक्तानी रकम नगरपालिकाको खातामा जम्मा भएको प्रमाणसमेत पेश नभएको व्यहोरा उल्लेख गरेपछि सो रकम नगरपालिकामा जम्मा गरेको प्रमाणसहित जवाफ प्राप्त हुन आएको छ ।

१४. **अनुदान –** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाअन्तर्गत सञ्चालन हुने कार्यक्रम निर्देशिका २०६७६८ बमोजिम स्वास्थ्य संस्थालाई बिरामी दर्ता शुल्कबापत अनुसूचीमा तोकिएको रकममा २०

प्रतिशतसम्म थपघट गरी स्वास्थ्य चौकीलाई कम्तीमा रु.१० हजार र प्राथमिक स्वास्थ्य केन्द्रलाई रु.४० हजारमा नघट्ने गरी अनुदान रकम उपलब्ध गराउनुपर्नेमा जिल्ला स्वास्थ्य कार्यालय महोत्तरी, उदयपुर र सिन्धुलीले निर्देशिकाले तोकेको भन्दा घटीबढी गरी अनुदान दिएको छ । अनुदान रकम घटीबढी गर्ने अधिकार जिल्ला स्वास्थ्य कार्यालयलाई छैन । तोकिएको अनुदान घटीबढी गरी वितरण गर्नाले स्वास्थ्य चौकीले बिरामीलाई दिने सेवामा समेत असर पर्ने हुँदा निर्देशिकाको पूर्ण पालना हुनुपर्दछ ।

१५. **आमा सुरक्षा कार्यक्रम –** यस कार्यक्रमअन्तर्गत भएको खर्चका सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

१५.१ आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ अनुसार स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्ने २५ शैयाभन्दा माथिका स्वास्थ्य संस्थालाई नेपाल सरकारले सामान्य प्रसूति सेवा प्रदान गर्नका लागि प्रतिबिरामी रु.१ हजार ५०० र २५ शैयाभन्दा कमलाई रु.१ हजार तथा जटिलतायुक्त प्रसूति सेवा प्रदान गरेबापत प्रति बिरामी रु.३ हजार र शल्यक्रिया सेवा प्रदान गरेबापत प्रतिबिरामी रु.७ हजारका दरले भुक्तानी गर्ने व्यवस्था छ । जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौंबाट विभिन्न अस्पताल एवं स्वास्थ्य संस्थालाई विवरणको आधारमा ३१३ जटिल, १ हजार ६२३ सामान्य र ७११ शल्यक्रिया गरेबापत जम्मा रु. ८२ लाख ७१ हजार भुक्तानी गरेको छ । विवरणसाथ जटिल, सामान्य र शल्यक्रियाद्वारा प्रसूति गराएको प्रमाणित हुने भर्ना एवं डिस्चार्जलगायतका प्रमाण कागजात संलग्न नगरी रकम भुक्तानी गरेबाट वास्तविक खर्च यकिन गर्न सकिने अवस्था छैन ।

१५.२ आमा सुरक्षा कार्यक्रमको निर्देशिका, २०६५ ले तोकेबमोजिम प्रसूति सेवा सञ्चालन गरेको अवस्थामा निर्धारित अनुसूची .भरी सोबमोजिमको प्रमाण कागजातको आधारमा प्रसूति सेवा खर्च लेख्नुपर्नेमा जिल्ला स्वास्थ्य कार्यालय, बाजुराले प्रसूतिबापतको अनुदान रु.६ लाख ३ हजार अस्पताल विकास समितिको खातामा जम्मा छ । सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

सोही कार्यालयले विभिन्न स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीहरुलाई निकासा दिएको आमा सुरक्षा कार्यक्रमको रु.३ लाख ३५ हजार खर्च नभएकोमा अस्पताल विकास समितिको फ्रिज नहुने खातामा जम्मा गरेको छ । सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१५.३ जिल्ला अस्पताल, बाजुरालाई सामान्य, जटिल र शल्यक्रिया प्रसूति सेवा उपलब्ध गराएबापत निर्देशिकामा उल्लिखित दरका आधारमा रु.२ लाख २० हजारमात्र भुक्तानी गर्नुपर्नेमा दुई पटक गरी रु.४ लाख ४३ हजार भुक्तानी गरेकोले रु.२ लाख २३ हजार बढी खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

१५.४ आमा सुरक्षा कार्यक्रमअन्तर्गत प्रसूति सेवा प्रदान गरेबापत इकाई मूल्य अनुदान रकम केश संख्या र केशको प्रकारको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको बैङ्क खातामा दाखिला गर्ने व्यवस्था छ । जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीले विभिन्न ३७ स्वास्थ्य संस्थाको प्रमुख एवं कर्मचारीमार्फत रु.६० लाख १४ हजार खर्च लेखेको छ । प्रसूति यातायात खर्च र संस्था अनुदान रकम नछुट्याई एकमुष्ट खर्च लेखेकोमा बैङ्क दाखिला प्रमाणसमेत पेश नहुँदा खर्चको यथार्थता यकिन गर्न सकिएन ।

१६. **कार्यक्रम खर्च –** जिल्ला स्वास्थ्य कार्यालय, रामेछापले यो वर्ष राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रम, परिवार नियोजन कार्यक्रममा क्रमशः रु.३ लाख, रु.२ लाख ५६ हजार, रु.९३ हजार र रु.१ लाख २५ हजारसमेत रु.७ लाख ७४ हजार कार्यक्रम नै नगरी खर्च लेखेको व्यहोरा प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेपछि रु.६ लख १४ हजार फिर्ता दाखिला गरेको छ । यसप्रकारको परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **कर दाखिला –** आयकर ऐन, २०५८ को दफा ९० बमोजिम कट्टा भएको कर निर्धारित समयभित्र तोकेको राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीले भुक्तानी दिंदा कट्टा गरेको रु.४ लाख ४० हजार अग्रिम कर दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

१८. **नर्म्सभन्दा बढी खर्च –** जिल्ला स्वास्थ्य कार्यालय, डोटीले नर्म्सबमोजिम जीवन सुरक्षा कार्यक्रममा रु.१३ हजार खर्च गर्नुपर्नेमा रु.१ लाख ९४ हजार र एच.एम. ओरिन्टेसन कार्यक्रममा रु.२७ हजार खर्च लेख्न मिल्नेमा रु.२ लाख २७ हजार खर्च गरी नर्म्सभन्दा रु.३ लाख ८१ हजार बढी खर्च लेखेको छ । क्लिनिकल अपडेट तालिममा रु.२६ हजार, पाठेघर खस्ने रोग रिफरसम्बन्धी कार्यक्रममा रु.८८ हजार, आमा समूह पुनर्जागरण कार्यक्रममा ५९ हजारसमेत रु.५ लाख ५४ हजार नर्म्सभन्दा बढी खर्च लेखेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुराले जीवन सुरक्षा गोष्ठी, टी.टी. खोप, एम.एम.आई.एस. ओरेन्टेसन कार्यक्रम, आङ्ग खस्ने महिलाको क्याम्प, परिवार नियोजन क्याम्पमा क्रमशः रु.८६ हजार, ३९ हजार, ६० हजार, २० हजार र १ लाख १३ हजारसमेत जम्मा रु.३ लाख १८ हजार नर्म्सभन्दा बढी खर्च लेखेको छ ।

१९. **स्वयंसेविका कोष –** महिला स्वास्थ्य स्वयंसेविका निर्देशिका, २०६४ अनुसार महिला स्वास्थ्य स्वयंसेविकाहरुको हितको लागि प्राप्त अनुदान रकम कोषमा आम्दानी जनाई राख्नुपर्ने, आम्दानी खर्चको विस्तृत वार्षिक विवरण कोष सञ्चालक समितिबाट स्वीकृत गरी आर्थिक वर्ष व्यतीत भएको ६ महिनाभित्र दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराई स्वयंसेविका सभामा पेश गर्नुपर्ने एवं जिल्ला स्वास्थ्य कार्यालयले अनुगमन गर्नुपर्ने व्यवस्था छ । जिल्ला स्वास्थ्य कार्यालय, सोलुखुम्बुले जिल्लामा सञ्चालित ३४ महिला स्वास्थ्य स्वयंसेविका कोषका लागि प्रतिसमूह रु.१० हजारका दरले रु.३ लाख ४० हजार, मकवानपुरले ४३ समूहलाई रु.४ लाख ३० हजार र हेटौंडास्थित एक महिला स्वयंसेविका कोषका लागि रु.२ लाख ४६ हजारसमेत रु.६ लाख ७६ हजार अनुदान दिएकोमा वार्षिक कार्य प्रगति विवरणलगायत लेखापरीक्षण प्रतिवेदन प्राप्तगरी अनुगमन गरेको पाइएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यो वर्ष मन्त्रालयमातहतका देहायका निकाय तथा परियोजनाको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

- **आयुर्वेद चिकित्सालय, नरदेवी, काठमाडौं**
- **स्वास्थ्य सेवा प्रवाह, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय (झापा, काभ्रेपलाञ्चोक, रुपन्देही, सुर्खेत र कैलाली)**

कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोराको प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाइएको छ । उक्त प्रतिवेदनमा समावेश भएका केही मुख्य व्यहोरा निम्नानुसार छन्:

आयुर्वेद चिकित्सालय, नरदेवी काठमाडौं

नेपालमा सम्वत् १९७४ देखि आयुर्वेद चिकित्सालयको संस्थागत विकास भएको सन्दर्भमा नरदेवीस्थित आयुर्वेद चिकित्सालयले वि.सं. १९८० देखि आयुर्वेद पद्धतिद्वारा उपचार सेवा पुऱ्याइरहेको छ । चिकित्सालयको सञ्चालन र व्यवस्थापनको निमित्त विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नरदेवी आयुर्वेद चिकित्सालय (गठन) आदेश, २०५९ बमोजिम ११ सदस्यीय समिति गठन भएको छ ।

२०. **सेवा प्रवाह** – चिकित्सालयबाट उपलब्ध गराउने सेवा गुणस्तरीय र विश्वसनीय हुनुपर्दछ । अन्तरङ्ग सेवातर्फ २०६५।६६ लाई आधार वर्ष मान्दा त्यस पछाडीका प्रत्येक वर्ष अघिल्लो वर्षको तुलनामा सेवा लिने बिरामीको संख्या क्रमशः ३८ र २६ प्रतिशतले घट्दै गएको देखिन्छ । त्यसैगरी बहिरङ्ग सेवातर्फ क्रमशः ७२ र १२ प्रतिशतले घट्दै गएको देखिन्छ । बिरामी संख्या घटदै जानुमा सेवाको गुणस्तरमा कमी हुनु, प्रचार प्रसारको कमी, चिकित्सालयको अवस्थिति तथा विश्वसनीयता बढ्न नसक्नु जस्ता कारणहरु रहेका छन् ।

त्यस्तै सेवा सञ्चालन गर्न आवश्यक पर्ने औजार उपकरण तथा प्रयोगशालाको उचित प्रबन्ध गरिनु पर्दछ । चिकित्सालयबाट प्रदान गरिने अन्तरङ्ग तथा बहिरङ्ग सेवामा बिरामीको परीक्षण गर्न आवश्यक पर्ने

प्रयोगशाला, अल्ट्रासोनोग्राफी मेशिन, एनालाइजर, एक्स–रे मेसिन आदि उपकरण पुरानो भएकोले उपयोगमा आउन नसक्ने अवस्था देखियो । सेवाको गुणस्तरलाई प्रमुख प्राथमिकतामा राखी प्रचार प्रसार गर्ने तथा सर्वसुलभ ढङ्गबाट सेवाग्राहीलाई सेवा प्रदान गर्दै चिकित्सालयको साख वृद्धितर्फ ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

२१. **औषधि व्यवस्थापन –** चिकित्सालयले औषधि उत्पादन गर्ने सिलसिलामा जडीबुटीको प्राप्ति तथा भण्डारणको उचित व्यवस्था मिलाई स्वीकृत नर्म्सको आधारमा गुणस्तरयुक्त औषधिको उत्पादन गर्नु पर्दछ । चिकित्सालयले विगत ३ वर्षमा रु.१ करोड २ लाख ८८ हजारको विभिन्न जडीबुटी खरिद गरी औषधि उत्पादन गरेको पाइयो ।

२१.१ मालसामान खरिद गर्नुपूर्व सोको स्पेसिफिकेशन तयार गर्नुपर्दछ । मालसामानको लागत अनुमान गर्दा स्पेशिफिकेशनलाई आधार लिनुपर्ने हुन्छ । चिकित्सालयले जडीबुटी खरिदको निमित्त स्पेशिफिकेशन बेगर नै लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट जडीबुटी खरिद गरेको पाइयो । प्राविधिक जनशक्तिहरुको संलग्नतामा जडीबुटीको स्पेशिफिकेशन तयार गरी खरिद प्रक्रिया अघि बढाउनेतर्फ चिकित्सालयले आवश्यक ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

२१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गर्नुपर्नेमा चिकित्सालयले २०६७६८ मा जडीबुटी खरिद गर्न रु.३१ लाख ४१ हजारको लागत अनुमान तयार गर्दा लिइएको आधार स्पष्ट नभएको अवस्था देखिन्छ । यसरी लागत अनुमान यथार्थपरक नहुनुमा प्रशासकीय प्रणाली कमजोर, खरिद प्रक्रियामा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनु आदि कारण रहेका छन् । लागत अनुमान यथार्थपरक नहुँदा खरिद प्रतिस्पर्धा एवं जडीबुटीको गुणस्तरमा समेत असर पर्न सक्ने अवस्था रहन्छ । तसर्थ यथार्थपरक ढङ्गबाट लागत अनुमान गणना गर्ने विधिको अवलम्बन गर्नुपर्ने देखिन्छ ।

२१.३ जडीबुटी तथा औषधि भण्डारणको निमित्त वातानुकूलित स्थानको आवश्यकता पर्दछ । चिकित्सालयले खरिद गरेको जडीबुटीहरु भण्डारण गर्न उचित स्थानको अभावमा अव्यवस्थित ढङ्गबाट भण्डारण (तस्वीर–१ र २) गरेको देखियो । अव्यवस्थित भण्डारणबाट जडीबुटीहरुमा किरा लाग्ने तथा बाहिरी जीवाणुले संक्रमण गरेको कर्मचारीहरुको भनाई रहेको छ । उत्पादित औषधिहरुलाई समेत उचित भण्डारणको व्यवस्था मिलाउन नसकेको कार्यालयबाट जानकारी प्राप्त भएको छ । यसरी भण्डारणको उचित व्यवस्था मिलाउन नसक्नुमा बजेटको अभाव, व्यवस्थापकीय कमजोरी आदि कारणहरु रहेका छन् । जसले गर्दा औषधिको गुणस्तर एवं अन्ततः उक्त औषधि सेवनका कारण बिरामीको स्वास्थ्यमा समेत प्रतिकूल असर पुग्न जाने अवस्था रहन्छ । उचित भण्डारण व्यवस्था मिलाउन चिकित्सालयले पहल गर्नुपर्ने देखिन्छ ।

तस्वीर–१

औषधि भण्डारण कक्ष

तस्वीर–२

जडीबुटी भण्डारण कक्ष

२२. **सम्पत्ति व्यवस्थापन** – चिकित्सालयमा उपलब्ध स्रोत साधनहरुको उचित संरक्षण र संवर्द्धन गर्ने दायित्व र सोको प्रयोग गर्ने अधिकार चिकित्सालयको हुन्छ । साथै चिकित्सालयको अनुमति वेगर कुनै पनि स्रोतसाधन अन्यत्र एवं अन्य व्यक्ति तथा संस्थाले प्रयोग गर्न हुदैन । त्यस्तै उपलब्ध स्रोत साधनको दक्षतापूर्ण तवरले प्रयोग गर्नुपर्दछ ।

२२.१ चिकित्सालयले ८ रोपनी १० आना २ पैसा २ दाम जग्गा चर्चेको प्राप्त विवरणबाट देखिन्छ । उक्त जग्गामा ११ वटा भवन रहेको र ती भवनका सम्पूर्ण तला एवं कोठा चिकित्सालयले सेवा सञ्चालन गर्न प्रयोग गर्नुपर्नेमा विभिन्न ५ संगठनले ७ कोठाहरु नि:शुल्क प्रयोग गरेको जानकारी प्राप्त भएको छ ।

२२.२ चिकित्सालय हाताभित्रको १ सटर सिलबन्दी दरभापत्रको माध्यमबाट भाडामा लगाई २०६७।६८ मा रु.५ लाख २३ हजार र हाताबाहिरको ८ सटर सोझै भाडामा लगाई रु.४ लाख ७४ हजार समेत रु.९ लाख ९७ हजार आम्दानी गरेको छ । सार्वजनिक खरिद ऐनको प्रक्रिया नपुऱ्याई उक्त ८ सटरहरु भाडामा दिदा प्रतिस्पर्धा सीमित हुन गई आम्दानीमा समेत असर पर्न जाने देखिन्छ ।

चिकित्सालायमा उपलब्ध भएका कोठा एवं आवास गृहहरु अनाधिकृत रुपमा ओगटनु, सरुवा वा काजमा अन्यत्र खटिएकोमा समेत नियम अनुसार बरबुझारथ नगर्नु, ऐन, नियममा तोकेका व्यवस्था विपरीत सटरहरु भाडामा दिनु तथा अन्य उपलब्ध स्रोत साधनलाई समयानुकूल व्यवस्थापन नगर्नु आदिले चिकित्सालयको समग्र प्रशासनिक प्रणालीको कमजोरीलाई दर्शाउँछ । जसले गर्दा समग्र चिकित्सालयको कार्यासम्पादन एवं आयमा समेत असर पुगेको देखिन्छ । तसर्थ चिकित्सालयको स्रोतसाधनको उच्चतम उपयोग गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन ठोस पहल गर्नुपर्ने देखिन्छ ।

२३. **रासनको गुणस्तर –** सामान्यतया मालसामानको गुणस्तर तथा प्रतिस्पर्धा अनुसार मूल्य निर्धारण हुने गर्दछ । चिकित्सालयलाई बिरामीको निमित्त आवश्यक पर्ने रासनका लागी विगत दुईवर्षमा आपूर्तिकर्ताले स्वीकृत दररेट अनुसार २०६६।६७ को दरमध्ये एल.पी.ग्यांस र २०६७।६८ को दरमध्ये विस्कुट बाहेक अन्य आपूर्ति हुने रासनहरुको दररेट –।१ पैसा मात्र रहेको देखिन्छ । लागत अनुमानभन्दा अत्यधिक न्यून दरका मालसामान गुणस्तरयुक्त रहने सम्भावना समेत न्यून देखिन्छ । चिकित्सालयले गुणस्तर परीक्षण सम्बन्धमा आपूर्तिकर्ताबाट प्राप्त भएका केही नमूना स्वीकृत गरी सोहीबमोजिमको मालसामान बुझ्ने गरेको जवाफ प्राप्त भएको छ । यसरी लागत अनुमान भन्दा अत्याधिक न्यून दरमा दरभाउपत्र स्वीकृत हुनमा ऐन, नियममा रहेका कमजोरी प्रमुख कारक तत्वको रुपमा रहेको देखिन्छ । जसबाट चिकित्सालयले खरिद गर्ने मालसामानको गुणस्तर एवं बिरामीको स्वास्थ्यमा समेत असर पुग्ने अवस्था रहन्छ । तसर्थ चिकित्सालयले मालसामानको गुणस्तर परीक्षण गर्ने संयन्त्रको विकास गरी गुणस्तर आस्वस्त हुने वातावरणको निर्माण गर्नेतर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

२३.१ चिकित्सालयका अन्तरङ्ग सेवामा भर्ना भएका बिरामीहरुको संख्या २०६६।६७ (४३४ जना) को तुलनामा २०६७।६८ (३२० जना) ११४ जनाले कमी आएको अवस्थामा रासन खरिद परिमाणमा वृद्धि भएको देखिन्छ ।

२३.२ अन्तरङ्ग सेवा लिने बिरामी संख्या विगत वर्षको तुलनामा उल्लेख्य कमी आएकोमा समेत चिकित्सालयले खरिद गर्ने रासनको परिमाणमा अघिल्लो वर्षको तुलनामा २०६७।६८ मा वृद्धि भएको देखिन्छ । रासन खरिदमा २०६६।६७ मा रु.४ लाख २५ हजार र २०६७।६८ मा रु.४ लाख ८२ हजार खर्च भएको पाइयो । यसरी चिकित्सालयमा भर्ना हुने बिरामीको संख्यामा कमी आउँदा रासनको परिमाण एवं खर्च वृद्धि हुनु बिरामीको यकिन तथ्याङ्क एवं रासनको खपत सम्बन्धमा पूर्वानुमान गर्न नसक्नु प्रमुख कारकतत्वको रुपमा रहेको देखिन्छ । जसका कारण चिकित्सालयको बजेट एवं वित्तीय नियन्त्रणमा असर पुग्ने अवस्था रहेको छ । तसर्थ चिकित्सालयले बिरामीको संख्या र रासन खपतको स्थितिलाई पूर्वानुमान गरी मितव्ययी तवरले रासन खरिद प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिन्छ ।

स्वास्थ्य सेवा प्रवाह, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, (झापा, काभ्रेपलाञ्चोक, रुपन्देही, सुर्खेत र कैलाली)

२४. **गाउँघर क्लिनिक** – स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६८ अनुसार प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरुबाट प्रत्येक गाउँ विकास समितिमा ३ देखि ५ को संख्यामा प्रत्येक महिनाको एक पटक पूर्व निर्धारित दिन र स्थानमा गाउँ घर क्लिनिक सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस्तो क्लिनिक आधा घण्टाको पैदल दूरीभित्र रहने गरी सञ्चालन गरिनुपर्दछ । क्लिनिक सञ्चालनको क्रममा आवश्यक पर्ने

उपकरण सहितको अत्यावश्यकीय औषधि पर्याप्त मात्रामा उपलव्ध हुनुपर्दछ । उक्त क्लिनिकमा परिवार नियोजन सेवा र सल्लाह, गर्भवती परीक्षण, स्वास्थ्य शिक्षा र सामान्य उपचार सेवा प्रदान गर्नुपर्दछ । यसको कार्यान्वयन र सेवाग्राहीको सन्तुष्टी बारे देखिएका व्यहोरा देहाय अनुसार छन् :

२४.१ जिल्ला स्वास्थ्य कार्यालय, झापा अन्तर्गत २ संस्थाले २ स्थानमा, १ संस्थाले ४ स्थानमा र १२ संस्थाले ३ स्थानमा गाउँघर क्लिनिक सञ्चालन गरेका छन् । गाउँघर क्लिनिक सञ्चालन गर्न उपयुक्त कोठा नभएको कारण गर्भवती परीक्षणमा समस्या भएको स्वास्थ्यकर्मीले बताएका छन् ।

२४.२ जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गत निरीक्षण गरिएका १६ स्वास्थ्य संस्थामध्ये दुई संस्थाले एक स्थानमा, तीन संस्थाले दुई स्थानमा, आठ संस्थाले तीन स्थान र तीन संस्थाले ४ स्थानमा गाउँघर क्लिनिक चलाएको जानकारी दिएका छन् । प्राथमिक स्वास्थ्य केन्द्र खोपासीले १ स्थानमा र मंगलटार स्वास्थ्य चौकीले १ स्थानमा मात्र गाउँघर क्लिनिक चलाएको कारण सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको छलफलमा बताएका छन् । चौवास, कटुन्जे, कानपुर उपस्वास्थ्य चौकीले गाउँघर क्लिनिक नियमित रुपमा नचलाएको गुनासो सेवाग्राहीले गरेका छन् ।

२४.३ जिल्ला स्वास्थ्य कार्यालय रुपन्देही अन्तर्गत गाउँघर क्लिनिक सञ्चालन गर्ने कार्य प्राय:जसो स्वयंसेवीकाको घरमा हुने, कोठा र फर्निचरको उचित व्यवस्थापन नहुँदा विरामीलाई सेवा प्रवाहमा कठिनाई भएको जानकारी प्राप्त भएको छ ।

२४.४ जिल्ला स्वास्थ्य कार्यालय सुर्खेत अन्तर्गत निरीक्षण गरिएका १५ स्वास्थ्य संस्थामध्ये ५ संस्थाले २ स्थानमा, ७ संस्थाले ३ स्थानमा र ३ संस्थाले ४ स्थानमा गाउँघर क्लिनिक सञ्चालन गरेको जानकारी दिएका छन् । स्वास्थ्य संस्थाले नागरिक वडापत्रमा सेवा दिने गाउँघर क्लिनिकको दिन तोके पनि प्राय: स्वास्थ्यकर्मी नजाने गरेको छलफलको क्रममा बताएका थिए ।

२४.५ जिल्ला जनस्वास्थ्य कार्यालय कैलाली अन्तर्गतका निरीक्षण गरिएका १५ संस्थामध्ये १३ संस्थामा ५ स्थानमा र २ संस्थामा ३ स्थानमा गरी जम्मा ७१ स्थानमा गाउंघर क्लिनिक सञ्चालन हुने गरेको पाइयो । उक्त स्थानमध्ये १३ स्थानमा मात्र गाउँघर क्लिनिकको लागि छुट्टै कोठाको व्यवस्था भएको र अन्यमा स्थान अभावको कारणले गर्दा गर्भवती परीक्षण गर्ने कार्यमा समस्या आएको जानकारी सेवाग्राही एवं कर्मचारीले दिएका छन् । दोदोधारा स्वास्थ्य चौकीमा सरोकारवालासँग सामुहिक छलफलको क्रममा सुगरखाल उप स्वा. चौकीले वडा नं.१ मा खोप केन्द्र सञ्चालन गर्ने नगरेको र खोप केन्द्रमा पुग्नका लागि ३ घण्टा समय लाग्ने भएकाले अधिकांश बच्चा खोपको लागि छुट्ने गरेको सेवाग्राहीको भनाई रहेको छ ।

२४.६ नजिकको स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरु गाउँको विभिन्न ठाउँमा पुगेर गाउँघर क्लिनिक सञ्चालन गरेको यहाँलाई जानकारी छ भनी ४०० सहभागीलाई सोधिएकोमा २५७ जनाले गरेका छन्, ९१ जनाले गरेका छैनन्, ४४ जनाले थाहा छैन भनी प्रतिक्रिया दिएका छन् ।

कार्यविधिमा तोकेअनुसार गाउँघर क्लिनिकको संख्या निर्धारण, गाउँघर क्लिनिकको सञ्चालन, प्रवाह गर्नुपर्ने सेवामा नियमितता देखिएको छैन । गाउँघर क्लिनिकमा जाने स्वास्थ्यकर्मीको अभाव, औषधि, भवन लगायत पूर्वाधारको समस्या, जस्ता कारणले गाउँघर क्लिनिकबाट स्तरीय सेवा प्रवाह गर्न सकिएको पाइएन । गाउँघर क्लिनिक सञ्चालन हुने मितिबारे प्रचार–प्रसार गर्ने र गाउँघर क्लिनिकमा जान स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२५. **जनसंख्या र जनशक्ति** – मन्त्रालयले स्थानीय स्तरमा स्वास्थ्य संस्था स्थापना गर्नको लागि एकल नीति अवलम्बन गरेको छ । जस अनुसार सेवा ग्राहीको जनसंख्या एवं पहुँचलाईभन्दा गाउँ विकास समिति, इलाका र निर्वाचन क्षेत्रलाई ध्यान दिने गरिएको छ । जनसंख्याको चाप र आकारलाई आधार नलिइकन स्वास्थ्य संस्था स्थापना गर्ने ब्ल्याङ्केट नीतिको सट्टा ३००० देखि ५००० जनसंख्यामा एउटा स्वास्थ्य संस्था र ५०,००० जनसंख्यामा एक प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति अवलम्बन गर्ने व्यवस्था नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम–२ ले गरेको छ ।

२५.१ काभ्रेपलाञ्चोकको दाप्चा स्वास्थ्य चौकीमा प्रति स्वास्थ्यकर्मी ६,९७७, लाटीकोइली स्वास्थ्य चौकीमा ६,७००, पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्रमा १,५७७, सुनथान प्राथमिक स्वास्थ्य केन्द्रमा ६२९, अवालचिङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा ३११ जना जनसंख्या देखिएबाट स्वास्थ्यकर्मी र सेवाग्राहीको चाप अनुसार दरबन्दी मिलान हुन सकेको छैन । सेवाग्राही समेतको छलफलमा स्वास्थ्यकर्मीले उपचारात्मक सेवा मात्र स्वास्थ्य संस्थाको काम नभई प्रबर्द्धनात्मक एवम् निरोधात्मक कार्य पनि महत्त्वपूर्ण भएकोले जनसंख्या अनुपातमा दरबन्दी नहुँदा गुणस्तरीय सेवा दिन नसकिएको जानकारी दिएका छन् ।

२५.२ स्वास्थ्य संस्थामा सेवाग्राहीको चाप र स्वास्थ्य कर्मीले दिनुपर्ने सेवा बारे विश्लेषण गर्दा समानुपातिक सेवा प्रवाह हुन सकेको छैन । काभ्रेपलाञ्चोक जिल्लामा ४ किलोमिटरको दूरीमा तीन प्राथमिक स्वास्थ्य केन्द्र रहेको पाइयो । खोपासी र सुनथानमा २ किलोमिटर, सुनथान र धुलिखेल ४ किलोमिटरको दूरीमा रहेको अवस्था छ । त्यस क्षेत्रमा धुलिखेल अस्पताल, शिर मेमोरियल अस्पताल, नर्सिङ्ग होम जस्ता सुविधा सम्पन्न अस्पताल समेत रहेका छन् ।

जिल्लाको पूर्वी भाग वा उत्तरी भागका बीचमा पर्ने स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र भएमात्र दुर्गम क्षेत्रका जनताले गुणस्तरीय सेवा पाउन सक्ने देखिन्छ । दुर्गम क्षेत्रको बीचमा प्राथमिक स्वास्थ्य केन्द्र हुनुको सट्टा सदरमुकाम वरिपरी प्राथमिक स्वास्थ्य केन्द्र हुनुले प्राथमिक स्वास्थ्य केन्द्रबाट तुलनात्मक रुपमा दुर्गम क्षेत्रका वासिन्दाले फाइदा प्राप्त गर्न सकेका छैनन् ।

२५.३ जिल्ला स्वास्थ्य कार्यालय रुपन्देही अन्तर्गत वसन्तपुर स्वास्थ्य केन्द्र बाहेक ४ वटा प्राथमिक स्वास्थ्य केन्द्रको कार्यक्षेत्रमा ५० हजारभन्दा बढी जनसंख्या भएको र बढी भएका ४ प्राथमिक स्वास्थ्य केन्द्रहरुमा न्यूनतम ५८ हजार १२८ जना र अधिकतम ७३ हजार १८२ जनसंख्या भएको पाइयो । स्वास्थ्य केन्द्र ६ मध्ये सबैभन्दा घटी जनसंख्या भएका मझ गाउँमा ५४ हजार ३२० र सबैभन्दा बढी जनसंख्या भएको सेमराबजारमा ८६ हजार ५९१ रहेका छन् ।

२५.४ जिल्ला स्वास्थ्य कार्यालय कैलाली अन्तर्गत उपस्वास्थ्य चौकी बलियामा प्रतिस्वास्थ्यकर्मी १३५३५, हरुलिया स्वास्थ्यचौकी ६ हजार, गोदावरी उप स्वास्थ्य चौकी ५ हजार ९०२, उदशिपुर प्रा.स्वा.के ९९१, भजनी प्रा. स्वा.के.११८५ जनसंख्यालाई सेवा दिनुपर्ने देखिएकोले जनसंख्या अनुसार दरवन्दी भएको पाइएन ।

नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम–२ मा उल्लेख भएअनुसार स्वास्थ्य संस्थाको स्तरीकरण एवम् पुनर्मूल्याङ्कन हुनुपर्दछ ।

२६. **आधारभूत प्रयोगशाला** – स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६४ तथा २०६८ बमोजिम सबै प्राथमिक स्वास्थ्य केन्द्रमा प्रयोगशाला विस्तार गर्ने तथा ती प्रयोगशालाहरुलाई राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट गुणस्तर नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । यसैगरी राष्ट्रिय नि:शुल्क स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०६५ भाग २ खण्ड ख बमोजिम प्राथमिक स्वास्थ्य केन्द्रमा रगतको सामान्य परीक्षण, दिशा, पिसाव, सिमेन परीक्षण जस्ता प्रयोगशाला सेवाहरु तथा एक्सरे सेवा नि:शुल्क उपलब्ध गराउनुपर्दछ ।

२६.१ जिल्ला स्वास्थ्य कार्यालय, झापा अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, सुरङ्गाले मलेरिया र खकार, शनिश्चरेले चार, धुलावारी ३ परीक्षण मात्र नि:शुल्क गरी अन्य बाँकी परीक्षणको लागि व्यवस्थापन समितिको निर्णयानुसार शुल्क लिई सेवा उपलब्ध गराएको पाइयो । शिवगंज प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याब परीक्षणको व्यवस्था रहेको पाइएन साथै सुरुङ्गा प्राथमिक स्वास्थ्य केन्द्रमा बिद्युत लाइन काटिएको कारण प्रयोगशाला बन्द रहेको पाइयो ।

२६.२ जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गत चार प्राथमिक स्वास्थ्य केन्द्र खोपासी, सुनथान, धुलिखेल र पाँचखालमध्ये खोपासीमा ल्याब टेक्निसियन दरबन्दी नभएर प्रयोगशाला परीक्षण नभएको, सुनथानमा दरबन्दी र उपकरणको अभावमा परीक्षण हुन नसकेको, धुलिखेलमा दरबन्दी भएर पनि औलो, टी.बी., एड्स मात्र परीक्षण हुने जानकारी प्राप्त हुन आएको छ । पर्याप्त उपकरणको अभावमा मेथिनकोट अस्पतालमा तोकिएको सबै प्रयोगशाला परीक्षण हुन सकेको छैन । प्राथमिक स्वास्थ्य केन्द्र खोपासीमा दरबन्दी पदपूर्ति हुन

नसक्दा ल्याबमा प्रयोग हुने रसायनलगायतका सामग्री बिग्रिएर जाने अवस्था रहेको जानकारी केन्द्र प्रमुखबाट हुन आयो ।

२६.३ जिल्ला स्वास्थ्य कार्यालय सुर्खेतको अवालचिङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा दरबन्दीको पदपूर्ति र उपकरण नभएका कारण प्रयोगशाला परीक्षण हुन नसकेको, सालकोट र दशरथपुर प्राथमिक स्वास्थ्य केन्द्रमा भने तोकिए अनुसारको प्रयोगशाला परीक्षण हुने जानकारी प्राप्त हुन आएको छ । स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६८ अनुसार तोकिएको सेवा नि:शुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था भए पनि केही स्वास्थ्य संस्थाले परीक्षण शुल्क लिने गरेका छन् । यस सम्बन्धमा व्यवस्थापनसँग छलफल हुँदा ल्याबको लागि आवश्यक रसायन खरिद गर्नको लागि र ल्याबमा काम गर्नेलाई प्रोत्साहन दिनको लागि व्यवस्थापन समितिबाट निर्णय गराई शुल्क लिएको बताए ।

२६.४ जिल्ला जनस्वास्थ्य कार्यालय कैलालीअन्तर्गतका निरीक्षण गरिएका ५ प्रा.स्वा.के.मा ल्याब सेवा सञ्चालन गर्दै आएको छ । उदाशिपुर प्रा.स्वा.के.मा विद्युत सेवा नभएकोले साधारण मलेरया, टी.बी.मात्र परीक्षण गर्ने गरेको पाइयो । सबै प्रा.स्वा.के.मा टी.बी., मलेरिया बाहेक अन्यमा शुल्क लिने गरेको छ । भजनी प्रा.स्वा.के.मा ल्याब इक्युपमेन्टको अभावले गर्दा सबै परीक्षण गर्ने गरेको छैन् । स्वास्थ्य चौकीमध्ये दोदोधारा र मनुवा एवं उपस्वास्थ्य चौकीमध्ये हरुलिया, बलियामा व्यवस्थापन समितिबाट ल्याब असिस्टेण्ट नियुक्त गरी ल्याब सेवा सञ्चालन गर्ने गरेको छ । ल्याब सेवा सञ्चालित संस्थामा राष्ट्रिय स्वास्थ्य प्रयोगशालाले कुनै अनुगमन एवं गुणस्तर परीक्षण गरेको छैन । श:शुल्क ल्याब सेवा सञ्चालन गर्ने संस्थाको एउटै टेष्टमा पनि विभिन्न संस्थाले फरक फरक शुल्क लिएको पाइएको छ ।

प्रयोगशाला परीक्षणमा शुल्क लिन पाइने नपाइने यकिन गरी स्पष्ट हुनुपर्ने र तोकिएको सेवा बाहेकको परीक्षणमा व्यवस्थापन समितिलाई उपयुक्त मूल्य निर्धारण गरी शुल्क लगाई प्रयोगशाला परीक्षणको व्यवस्था गर्न सहयोग गर्नुपर्ने देखिएको छ ।

२७. **औषधिको भण्डारण** – स्वास्थ्य मन्त्रालयले तयार गरेको वार्षिक प्रतिवेदनमा वर्षैभरि अत्यावश्यक औषधि तथा स्वास्थ्य सामग्री आपूर्तिको लागि पुल प्रणाली लागू गर्ने उल्लेख छ । यस अन्तर्गत एल.एम.आई.एस. को प्रयोग गरी जिल्ला तहको भण्डारबाट चौमासिक रुपमा स्वास्थ्य सामग्री माग गर्नुपर्दछ । सबै स्वास्थ्य सेवा प्रदान गर्ने निकायमा ६ महिनाका लागि आवश्यक औषधिको भण्डार नियमितरुपमा कायम गर्न पून: आपूर्तिको व्यवस्था मिलाइनुपर्दछ । स्टक आउट घटाउदै लैजाने र २०११ को अन्त्यसम्म ७० प्रतिशत स्वास्थ्य संस्थामा एक महिनाभन्दा बढी अवधिको स्टक आउट नहुने व्यहोरा नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम–२ नतिजामुलक ढाँचामा उल्लेख छ ।

२७.१ जिल्ला स्वास्थ्य कार्यालय, झापाअन्तर्गत अत्यावश्यक औषधि तथा स्वास्थ्य सामग्री आपूर्तिको लागि पुल प्रणलीलाई लागू गर्ने प्रतिवेदनमा उल्लेख गरे तापनि निरीक्षण गरिएका स्वास्थ्य संस्थामा पुलभन्दा पुस प्रणाली नै बढी प्रयोग भएको पाइएको छ ।

२७.२ जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गत स्थलगत निरीक्षण गरिएका स्वास्थ्य संस्थामध्ये औषधि माग गर्न भरिने एल.एम.आई.एस.फाराम कटुन्जे, कानपुर उपस्वास्थ्य चौकीले नियमित पठाएको पाइएन । जिल्ला भरीमा के कति संस्थाले नियमित एल.एम.आई.एस.फाराम भर्दछन् भनी विवरण माग गरेकोमा ९४ मध्ये १५ संस्थाले एल.एम.आई.एस. फाराम नियमित नभर्ने जानकारी दिए । निरीक्षण गरिएका १७ वटै संस्थामा कुनै न कुनै औषधि १ महिना देखि वर्षदिनसम्म स्टक आउट भएको पाइएको छ । .

२७.३ जिल्ला स्वास्थ्य कार्यालय सुर्खेत अन्तर्गत स्थलगत निरीक्षण गरिएका १५ स्वास्थ्य संस्थामध्ये ५ संस्थाले नियमित एल. एम.आई.एस. फाराम भर्ने गरेको पाइएन । स्थलगत लेखापरीक्षणको क्रममा अत्यावश्यकीय औषधि पर्याप्त भए नभएको बारे स्वास्थ्यकर्मी एवम् सरोकारवालासँग जानकारी माग गर्दा सेवा दिने लिने दुबैले औषधि न्यून भएको जानकारी दिए तर जिन्सी किताब परीक्षण गर्दा औषधिको स्टक आउट कम भएको बारे जानकारी माग गर्दा जिल्लाबाट औषधिको स्टक आउट नगराउने भन्ने निर्देशन भएअनुसार औषधि नदिई राख्न बाध्य भएको जानकारी स्वास्थ्यकर्मीले दिएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय, सुर्खेतको स्टोर

जिल्ला स्वास्थ्य कार्यालयको मापदण्ड सहितको भण्डारको लागि छुट्टै भवन भए पनि स्थान अभावको कारण कार्यालय परिसर, बाटो, भऱ्याङ्ग लगायत घामपानी पर्ने स्थानमा बाहिर जथाभावी राख्ने गरेको कारण औषधिको गुणस्तरमा ह्रास आउने स्थिति रहेको छ ।

२७.४ जिल्ला जनस्वास्थ्य कार्यालय कैलाली अन्तर्गतका निरीक्षण गरिएका स्वास्थ्य संस्थामा सरोकारवालाको छलफलको क्रममा पूर्णरुपमा "पुल" नभई "पुस" प्रणाली रहको जानकारी गराएका छन् । कतिपय औषधिहरु खपतको आधारमाभन्दा कोटाको आधारमा जिल्लाले पठाएको कारण अधिकांश औषधिहरु म्याद समाप्त भएर जाने समस्या स्वास्थ्य प्रमुखहरुले बताएका छन् । संस्थाहरुको जिन्सी खाता परीक्षण गर्दा कतिपय औषधि ३/४ महिनासम्म स्टक आउट भएको देखिन्छ भने कतिपय औषधि अत्यधिक मौज्दात रहेको पाइयो । स्थलगत निरीक्षण गरिएका संस्थाहरुमा लेखापरीक्षणको समयमा आइरन चक्की र जीवनजलको स्टक आउट देखिएको छ ।

एल.एम.आई.एस. को प्रभावकारी अनुगमन गरी कार्यान्वयनमा ल्याउनु पर्ने, पुल प्रणालीलाई पूर्णता दिने र जिल्लामा औषधि राख्न उपयुक्त भण्डारको क्षमता वृद्धि गर्दै लानुपर्दछ ।

२८. **औषधिको म्याद** – स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६८ बमोजिम औषधि आपूर्तकले क्षेत्रीय मेडिकल स्टोरमा पुऱ्याउँदा औषधिको म्याद १८ महिना रहनुपर्ने व्यवस्था छ । यी बाहेक जिल्ला स्वास्थ्य कार्यालयले पनि स्थानीय स्तरमा खरिद गरिएका औषधि पनि मागको आधारमा स्वास्थ्य संस्थामा पठाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा अधिकांश स्वास्थ्य संस्थामा केही औषधिको म्याद समाप्त भएको अवस्था देखियो । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार छन्:

२८.१ जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक र सुर्खेतमा निरीक्षण गरिएका स्वास्थ्य संस्थामा ठूलो परिमाणमा औषधिहरु म्याद समाप्त भई खेर गएको अवस्था देखिएको छ । दुबै जिल्लाको स्वास्थ्य कार्यालयमा म्याद समाप्त भएको औषधिबारेको सरोकारवालासँगको छलफलमा सहभागीले केन्द्रीयस्तरबाट मागको आधारमा नभई औषधि पठाउने गरेको, स्वास्थ्य संस्थाले एल.एम.आई.एस. फाराम नभर्ने कारण कुन संस्थालाई के औषधि आवश्यकता छ थाहा नहुने र केन्द्रीयस्तरबाट आपूर्ति हुने औषधिको म्याद पनि कम हुने जस्ता कारण रहेको जानकारी दिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय सुर्खेतमा नेपालगन्ज मेडिकल स्टोरबाट २०६८।१०।३ मा पठाएको ७२,००० जिङ्ग ट्याबलेटको म्याद २०६८।१२।१७ (मार्च २०१२) मात्र देखिनुले यसको पुष्टि भएको छ ।

२८.२ जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीको औषधि भण्डार २०६८।११।१० मा निरीक्षण गर्दा भिटामीन बी कम्प्लेक्सको म्याद केवल एक महिना अर्थात २०१२ मार्चसम्म भएको पाइयो । यसैगरी जिल्ला जनस्वास्थ्य कार्यालयमा रहेको स्टोरमा एमिको फाइलिङ्ग १०० एम.जी. को उपभोग योग्य मिति २०६८ चैत्रसम्म रहेको पाइयो । रायपुर प्राथमिक स्वास्थ्य केन्द्रले ८ प्रकारका औषधिमध्ये एम.बी. चाइल्ड जिल्लाबाट प्राप्त गर्दा नै बिग्रेको देखाएको, आइ.एल. फन्ड्रस भएको र अन्य औषधि म्याद समाप्ती भएको कारणले क्षति भएको

विवरण प्राप्त भएको छ । यसैगरी धकधई प्राथमिक स्वास्थ्य केन्द्रले २ प्रकारका औषधि २१ हजार ५०० ट्याबलेटमध्ये एउटा छोटो म्याद भएको कारण र अर्को ओसिएको कारण क्षति भएको विवरण दिएको छ ।

आइरन चक्कीको अपर्याप्तता सबैतिर महसुस गरेको र प्राप्त आइरन चक्की पनि ढुसी परी वितरण योग्य नभएको पाइयो । सेमराबजार स्वास्थ्य चौकीमा रहेको आपूर्ति स्थितिको विवरण परीक्षण गर्दा २०६८।६९ को प्रथम चौमासिकको लागि ११,३७५ ट्याबलेट माग भएकोमा मार्च २०१२ सम्म एक्सपाइरी मिति भएका मिटामिन बी कम्प्लेक्स ५५ हजार ट्याबलेट प्राप्त गरेको देखियो । यस्तो प्रवृत्तिको बारेमा जिल्लामा छलफल हुँदा क्षेत्रीय मेडिकल स्टोरमार्फत केन्द्रबाट पनि पुस प्रणाली अनुसार समानुपातिक हिसाबले औषधि प्राप्त भएकोले तदनुसार नै वितरण गरेको भन्ने जवाफ प्राप्त भयो ।

२८.३ जिल्ला जनस्वास्थ्य कार्यालय कैलाली र अन्तर्गतका १५ संस्थाको स्टोर निरीक्षण गर्दा अधिकांश संस्थामा ठूलो परिमाणमा औषधि म्याद समाप्त भएको अवस्थामा पाइयो । यसबारे स्वास्थ्य संस्था प्रमुखसंग छलफल गर्दा जिल्लाबाट छोटो म्याद भएका औषधि आउने र मागभन्दा बढी परिमाणमा आउने हुनाले म्याद समाप्त भएको जानकारी दिएका छन् ।

२८.४ स्वास्थ्य संस्थामा वर्षैभरी नियमित औषधि पाइन्छ भनी ४०० सहभागीलाई प्रश्न सोधिएकोमा २३९ (५९.७५ प्रतिशत) ले सधैं पाइन्छ, १२८ (३२ प्रतिशत) ले कहिले पाइन्छ कहिले पाइदैन, २७ (६.७५ प्रतिशत) ले सधैं पाइदैन र ६ जनाले यस सम्बन्धमा कुनै प्रतिक्रिया दिएका छैनन् ।

केन्द्रबाट आपूर्ति हुने औषधि र स्थानीय स्तरमा खरिद हुने औषधिको म्यादको प्रयाप्तता बारेमा जिम्मेवार पदाधिकारीले जाँच नगर्ने, केन्द्र र जिल्लाबाट मातहत निकायमा पठाएको औषधिको निरन्तर अनुगमन नगर्ने, पुल प्रणाली पूर्णरुपमा कार्यान्वयन नभएको र औषधि वितरण गर्दा पहिले प्राप्तलाई पहिला उपयोग प्रणाली लागू नगर्दा ठूलो परिमाणमा औषधिको म्याद समाप्त भई स्रोत साधनको नोक्सानी हुन पुगेको अवस्था छ । औषधि खरिद गर्ने निकाय र औषधि दाखिला गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई प्रभावकारी अनुगमन गरी औषधिको म्याद समाप्त हुन नदिन सबै निकाय क्रियाशील हुनुपर्दछ ।

२९. **औषधिको खरिद दर** – स्वास्थ्य सेवा विभागअन्तर्गतका महाशाखा र केन्द्रबाट आपूर्ति हुने औषधिहरु जिल्लामा हस्तान्तरण हुँदा हस्तान्तरण फाराममा अधिकांश औषधिको दररेट उल्लेख गर्ने गरेको छैन । स्थानीय स्तरमा खरिद गरिने औषधिको लागत अनुमान र खरिद दरमा पनि ठूलो अन्तर पाइएको छ । क्लोरोफेनिकल ट्याबलेट २५० एम.जी.को लागत अनुमान काभ्रेपलाञ्चोकमा रु.४।९६ र खरिद मूल्य रु. ४।९०, सुर्खेतमा सोही औषधिको लागत अनुमान रु.५।१० तयार गरी रु.२।७५ मा खरिद गरेको छ ।

भिटामिन "बी" कम्प्लेक्स काभ्रेपलाञ्चोकले लागत अनुमान रु.२।०१ उल्लेख गरी रु.१।९८ मा र रुपन्देहीले रु.१।०५ को लागत अनुमान तयार गरी रु.०।७७ मा खरिद गरेको छ । प्रोभिडाइन आयोडिन ४५० एम.एल.को काभ्रेपलाञ्चोकको लागत अनुमान रु.२९३।२५ र खरिद रु.२९०।–, रुपन्देहीको लागत अनुमान रु.२१५।– खरिद दर रु.१८०।– पाइएको छ । इन्जेक्सन मेग्नेसियम सल्फेट १ ग्राम–२ एम.एल.को प्रतिएम्पुल काभ्रेपलाञ्चोकको रु.१८।४० लागत अनुमान तयार गरी रु.१८।–, रुपन्देहीले रु.४।६१ को लागत अनुमान तयार गरी रु.५।०२ र सुर्खेतको रु.८।५० लागत अनुमान तयार गरी रु.८।– मा खरिद गरेको छ । अक्सोटोसिन–१ एम.एल.को प्रति एम्पुल काभ्रेपलाञ्चोकले रु.३४।८५ को लागत अनुमान तयार गरी रु.३४।–, रुपन्देहीले रु.२४।४१ को लागत अनुमान तयार गरी रु.२०।०१ मा खरिद गरेको पाइयो ।

स्थानीय स्तरमा खरिद गरिने औषधिको दर ४५ प्रतिशतसम्म फरक हुनुमा स्वास्थ्य क्षेत्रको औषधिको खरिदको लागि छुट्टै निर्देशिका तयार नहुनु, खरिदमा संलग्न पदाधिकारीमा कानून र विशेषज्ञताको अभाव हुनु, लागत अनुमान तयार गर्ने विधि वैज्ञानिक नहुनु, खरिदमा स्वस्थ प्रतिस्पर्धा नहुनु जस्ता कारण रहेका छन् । यसको लागि औषधि खरिद निर्देशिका तयार गर्नुपर्ने, खरिदमा संलग्न हुनुपर्ने पदाधिकारीलाई तालिमको व्यवस्था गरी औषधि खरिद कार्य मितव्ययी बनाउनुपर्दछ ।

३०. **औषधि/उपकरणको उपयोग** – राष्ट्रिय नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम निर्देशिका, २०६५ मा औषधिको दुरुपयोग रोक्न वितरण गरिएका औषधिहरुको दैनिक तथा मासिक औषधि वितरण फाराम व्यवस्थित हुनुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार औषधि/उपकरण एवम् सामग्रीको आम्दानी बाँध्ने, खर्च गर्ने एवम् लिलाम गर्ने एवम् धुल्याउने व्यवस्था बारे उल्लेख गरिएको छ । जिल्लाबाट हस्तान्तरण गरिएको र सम्बन्धित संस्थाले प्राप्त गरेको औषधिको परिमाणमा फरक देखिएको छ । यस आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन्:

३०.१ जिल्ला स्वास्थ्य कार्यालय, झापा अन्तर्गत स्थलगत लेखापरीक्षणका लागि छनौट भएका १५ स्वास्थ्य संस्थामध्ये खजुरगाछी प्रा.स्वा.के.मा २०६३।६४ मा एक्स–रे मेशिन खरिद गरिएकोमा हालसम्म प्रयोगमा आएको देखिएन । कुनैपनि स्वास्थ्य संस्थामा केश रजिष्टरको आधारमा औषधि खर्च लेख्ने गरिएको छैन । साथै दैनिक तथा मासिक औषधि खपतको अभिलेख अद्यावधिक गरेको पाइएन । औषधि भण्डारबाट निकासा भएकोलाई नै खर्च मान्ने गरेको छ ।

३०.२ जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गत निरीक्षण गरिएका स्वास्थ्य संस्थामध्ये कुनै संस्थाले पनि दिनभरी वितरण गरिएको औषधि अभिलेखमा प्रविष्टि गर्ने, मासिक खपत विवरण तयार गरी खर्च र मौज्दात भिडाउने गरेको पाइएन । निरीक्षण गरिएका अधिकांश संस्थाले जिल्ला स्वास्थ्य कार्यालयले पठाएका औषधि हुबहु दाखिला गर्ने गरेका छैनन् ।

त्यस्तै क्षेत्रीय मेडिकल स्टोर मकवानपुरले पठाएको औषधि एवम् सर्जिकल सामान जिल्लाले दाखिला कम गरेका केही उदाहरण देहाय अनुसार छन् :

क्र.सं.	औषधिको नाम	इकाई	क्षेत्रीय मेडिकल स्टोर मकवानपुरले पठाएको परिमाण	जिल्लाले जिन्सी दाखिला गरेको परिमाण	घटी परिमाण
१.	सालबुटामोल ४ एम.जी.	ट्याबलेट	१,५४,७००	७३,७००	८१,०००
२.	जींक सल्फेट २० एम.जी.	ट्याबलेट	२,४७,५००	१,९८,०००	४९,५००
३.	मेट्रोनिण्डाजोल २०० एम.जी.	ट्याबलेट	१०,३२,५००	४,९२,०००	५,४०,५००
४.	हायोसिल बुटाइल ब्रुमाइट २० एम.जी.	ट्याबलेट	६१,७००	–	६१,७००
५.	क्लोरामफेनिकल सिरप ६० एम.एल.	बोत्तल	३,९४०	३९४	४,५४६

खोपासी प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको लाखौं मूल्य पर्ने एक्स–रे मेशिन, बेविइन्कुवेटर प्रयोग नभई खिया लागि त्यसै खेर गएको अवस्था छ ।

प्रयोग हुन नसकेको एक्स–रे मेशिन

प्रयोग हुन नसकेको वेवी इन्कुवेटर

३०.३ जिल्ला स्वास्थ्य कार्यालय सुर्खेत अन्तर्गत निरीक्षण गरिएका १५ संस्थामध्ये कुनै संस्थाहरुले पनि दिनभरी वितरण गरिएका औषधिको अभिलेख राख्ने, मासिक खपत जोड गरी आम्दानी, खर्च र मौज्दात भिडाउने गरेको पाइएन । निरीक्षण गरिएका अधिकांश संस्थाले जिल्लाबाट हस्तान्तरण फाराम मार्फत पठाएका औषधिहरु हुबहु दाखिला गर्ने गरेको पाइएन । मैनतडा स्वास्थ्य चौकीले विगत तीन वर्षदेखि र घुमखहरे गुमी उपस्वास्थ्य चौकीले २०६७।६८ मा औषधिको जिन्सी अभिलेख राखेको छैन । यसबाट औषधिको आम्दानी र खर्चको परिमाण भिडान गर्न सकिएन ।

क्षेत्रीय मेडिकल स्टोर नेपालगन्जले पठाएको औषधि जिल्लाले हुबहु दाखिला गरेको पाइएन । यसबाट औषधिको परिमाण दुरुपयोग हुने देखिएको छ । केही उदाहरण निम्नानुसार छन् :

क्र.सं.	औषधिको नाम	इकाई	क्षेत्रीय मेडिकल स्टोर नेपालगन्जले पठाएको परिमाण	जिल्लाले दाखिला गरेको परिमाण	घटी परिमाण
१.	कोट्रिम पी. १००/२० एम.जी.	ट्याबलेट	२,१०,०००	१,६२,०००	४९,०००
२.	एमोक्सिलिन १२५ एम.जी.	ट्याबलेट	१,६९,८७५	७३,७००	९६,१७५
३.	सिफ्रोफोक्सासिन–५०० एम.जी.	ट्याबलेट	१,१०,४००	८१,६००	२८,०००
४.	मेट्रोनिडाजोल २०० एम.जी.	ट्याबलेट	८,१९,६११	३,६८,५४६	४,५१,०६५
५.	सिटामोल ५०० एम.जी.	ट्याबलेट	१७,४७,२५०	७,८५,५००	९,६१,७५०

सालकोट प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एक्स–रे मेशिन विद्युतको अभावमा उपयोग बिहिन रहेको छ ।

सालकोटमा प्रयोगमा नरहेको एक्स–रे मेशिन

३०.४ जिल्ला जनस्वास्थ्य कार्यालय कैलाली अन्तर्गतका निरीक्षण गरिएका १५ संस्थामध्ये मनुवा स्वास्थ्य चौकीमा दिनभरी वितरण गरिएका औषधिको परिमाण निकाली मासिक खपत विवरण तयार गरेको पाइयो भने अन्यमा दैनिक खर्च निकाली मासिक विवरण तयार गर्ने गरेको पाइएन । निरीक्षण गरिएका अधिकांश संस्थामा जिल्लाबाट पठाएका औषधि पूर्ण रुपमा दाखिला गरेको पाइएन । हसुलिया स्वास्थ्य चौकीमा २०६७६८ मा जिल्लाबाट पठाएको कुनैपनि औषधि दाखिला छैन भने रामशिखरझाला, उर्मा, बनिया, निगाली स्वास्थ्य चौकीहरुमा सबै हस्तान्तरण फारामहरु दाखिला नगरी केही मात्र दाखिला गरेको पाइयो । कतिपय संस्थाहरुमा जिल्लाबाट कम प्राप्त भएको कारण देखाई हस्तान्तरण फाराममा उल्लेखित परिमाणभन्दा कम परिमाणमा औषधि दाखिला गर्ने गरेको पाइयो ।

क्षेत्रीय मेडिकल स्टोरले पठाएको औषधि जिल्ला स्वास्थ्य कार्यालयले दाखिला नगर्ने, कम दाखिला गर्ने, त्यस्तै जिल्ला स्वास्थ्य कार्यालयले पठाएको औषधि अन्तर्गतका स्वास्थ्य संस्थाले दाखिला नगर्ने, कम दाखिला गर्ने, औषधिको जिन्सी खाता नराख्ने कारणले सरकारले लगानी गरेर खरिद औषधि दुरुपयोग हुने अवस्था देखिएको छ । त्यस्तै प्रयोग नहुने सामान संस्थामा रहँदा सामानको लगानी खेर गएको छ । तसर्थ तत्काल सम्बन्धित निकायबाट योजनाबद्ध रुपमा कार्यक्रम बनाई पठाइएको र प्राप्त औषधि सम्बन्धमा छानबिन गरी सम्बन्धितलाई कारबाही हुनुपर्दछ ।

३१. **खोपको उपलब्धता वेष्टेज** – स्वास्थ्य मन्त्रालयबाट प्रकाशित वार्षिक प्रतिवेदनको भाग २ मा उल्लेख भए अनुसार पोषण सेवा अन्तर्गत सबै प्रा.स्वा.केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीहरुमा नियमित रुपले खोप सेवा प्रदान गरिएको हुनुपर्दछ । ती संस्थाहरुबाट १ वर्ष मुनिका सबै बच्चाहरुलाई बी.सी.जी., डी.डी.टी., हेपाटाइटिस बी, दादुरा, पोलियो, जापानी इन्सेफलाइटिस विरुद्ध भ्याक्सीन सेवा उपलब्ध गराउने नीति रहेको छ । भ्याक्सीनको गुणस्तर ह्रास हुन नदिन निश्चित तापक्रममा भण्डारण गर्नुपर्दछ । त्यस्तै नेपाल सरकारको तर्फबाट खरिद भएका एवम् वस्तुगत सहायतामा प्राप्त विभिन्न खोपहरुको खेर जाने दर न्यून गरिने व्यवस्था गर्नुपर्दछ ।

अध्ययन गरिएकामध्ये ४ जिल्ला स्वास्थ्य कार्यालयहरुले बच्चाहरुलाई लगाउने जीवन रक्षक खोपमा वी.सी.जी. २० डोज र दादुराको २० डोजको भाईल प्रयोग भएको कारण वेष्टेज दर २०६७६८ मा वी.सी. जी. ८५ र दादुरा ७० प्रतिशतसम्म देखिएको छ । सिङ्गल डोजको भाइलको वैकल्पीक व्यवस्था नभएको कारण साधन स्रोतको अपव्यय अझै रोकिन सकेको छैन । यस समस्या निराकरणको लागि सिङ्गल डोजको भ्याक्सीनको वैकल्पीक व्यवस्था गर्नुपर्ने र खोपको वितरण आवश्यकता अनुसार गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३२. **जनशक्ति** – स्वास्थ्य क्षेत्रको मुख्य समस्या पहाडी एवं हिमाली क्षेत्रमा आवश्यक स्वीकृत दरबन्दीअनुसारको पदहरु पूर्ति गर्नु एवं कर्मचारीलाई नियमित रुपमा कार्यालयमा उपस्थित गराउनु नसक्नु रहेको छ । नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम २ को नतिजामूलक ढाँचामा ८५ प्रतिशत प्रा.स्वा.केन्द्र र जिल्ला अस्पतालमा डाक्टर र नर्सको दरवन्दी पूर्ति हुने अवस्था २०११ को अन्त्यसम्ममा सृजना हुने उल्लेख छ । अध्ययन गरिएका प्रा.स्वा.केन्द्र र जिल्ला अस्पतालमा रहेको प्रशासन सेवा बाहेकको दरबन्दी र पदपूर्तिको स्थिति देहायअनुसार रहेको छ:

क्र.सं.	जिल्लाको नाम	स्वीकृत दरबन्दी	पदपूर्ति	रिक्त
१.	झापा	२३८	२३०	८
२.	काभ्रेपलाञ्चोक	३१३	२५४	५९
३.	रुपन्देही (प्रा.स्वा.के.मात्र)	४९	४२	७
४.	सुर्खेत	१८८	१७२	१६
५.	कैलाली	२१८	१८६	३२

३२.१ जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोकले उपलब्ध गराएको विवरण अनुसार मेथिनकोट अस्पतालमा तीनजना डाक्टर र ६ जना स्टाफ नर्सको दरबन्दी भएकोमा डाक्टर १ जना र स्टाफ नर्स ४ जना मात्र पदपूर्ति भएको पाइयो । जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्रमा चारजना डाक्टरको दरबन्दी भए पनि धुलिखेलमा मात्र डाक्टरको दरबन्दी पूर्ति भएको छ । प्राथमिक स्वास्थ्य केन्द्र धुलिखेल दरबन्दी भएको डाक्टरले जनस्वास्थ्य प्रमुखभई काम गर्दा सेवा प्रभावित भएको पाइयो । जिल्लाभरी ४ जना स्टाफ नर्स दरबन्दी भएकोमा एकजना मात्र पदपूर्ति रहेको छ । जिल्लाका प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा एच.ए.को दरबन्दी भएपनि अ.हे.व. लाई पदनाम दिई सि.अ.हे.ब.लाई पदस्थापन गरेबाट सेवाको गुणस्तर कम रहेको जिल्लामा छलफल हुँदा सहभागीले बताएका छन् ।

३२.२ जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीले उपलब्ध गराएको विवरण अनुसार जिल्ला भरी प्राथमिक स्वास्थ्य केन्द्रमा ५ जना डाक्टरको दरबन्दी भएपनि १ जना मात्र डाक्टर कार्यरत रहेको, लुम्विनी प्राथमिक स्वास्थ्य केन्द्रमा विगत ५ वर्षदेखि एकजना स्टाफ नर्स अनुपस्थित रहेको, मझ गाउँ स्वास्थ्य चौकीमा पनि स्टाफ नर्स मन्त्रालयमा काजमा रहेको पाइयो ।

३२.३ जिल्ला स्वास्थ्य कार्यालय सुर्खेतमा ३ डाक्टर र स्टाफ नर्स ३ जनाको दरबन्दी भए पनि पदपूर्ति भएको छैन । मेहेलकुना अस्पतालमा ३ जना डाक्टर भएको स्थानमा पदपूर्ति नभएको र स्टाफ नर्स ३ जना दरबन्दी भएर पनि १ जनामात्र पदपूर्ति भएको छ । यसरी तोकिएको योग्यता सहित दरबन्दी नहुँदा सेवाग्राहीले गुणस्तरीय सेवा पाउन सकेको देखिएन ।

३२.४ जिल्ला जनस्वास्थ्य कार्यालय कैलाली अन्तर्गतका निरीक्षण गरिएका १५ संस्थामध्ये जोशीपुर प्रा.स्वा.केन्द्रमा २०५७ सालमा प्रा.स्वा.के.भएदेखि पहिलोपटक २०६५ मंसिरमा स्टाफ नर्सको पदपूर्ति भएकोमा २०६८ फागुन ९ देखि जिल्लामा काज रहेको जानकारी प्राप्त भएको छ । रामशिखरझाला उप स्वास्थ्य चौकीमा विगत ५ वर्षदेखि मा.सि.का रिक्त, निगाली, धनसिंहपुर उपस्वास्थ्य चौकीमा विगत २ वर्षदेखि ग्रा.स्वा.का. रिक्त रहेको पाइयो । उदाशिपुर प्रा.स्वा.के.मा २ वर्षदेखि मेअ.रिक्त रहेको छ भने मालाखेती प्राथमिक स्वास्थ्य केन्द्रमा हेल्थ असिस्टेन्ट २, ल्याब असिस्टेण्ट १ वर्षदेखि रिक्त रहेको छ ।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने डाक्टर, नर्स, हेल्थ असिष्टेण्ट लामो समयदेखि रिक्त हुँदै आएको कारण सेवाग्राहीले स्थानीय स्तरमा गुणस्तरीय सेवा पाउनबाट वञ्चित हुनुपरेको छ । तसर्थ स्वास्थ्य प्राविधिकको पदपूर्ति एवं तोकिएको स्थानमा उपस्थित रहनको लागि उपयुक्त व्यवस्था गरिनुपर्दछ ।

समिति तथा अन्य संस्थातर्फ

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत स्थापना भई सञ्चालनमा रहेको छ । नेपाल सरकारबाट प्राप्त अनुदान रु.३३ करोड ७३ लाख ६५ हजार, आन्तरिक स्रोतबाट प्राप्त आय रु.६५ करोड ३९ लाख ७९ हजारसमेत रु.९९ करोड १३ लाख ४४ हजार आम्दानीमध्ये रु.५५ करोड ९२ लाख ७१ हजार खर्च गरी या वर्ष अस्पतालको रु.४३ करोड २० लाख ७३ हजार सञ्चालन बचत रहेको छ ।

३३. **लेखा प्रणाली –** अस्पतालको लेखा प्रोद्भावी आधारमा राख्नुपर्नेमा नगद आधारमा राखेको छ । यसैगरी प्रत्येक कोषको अलग अलग पूँजीगत सम्पत्ति, लगानी र मौज्दात रकम खुल्ने गरी वासलात तयार गर्नुपर्नेमा सोसमेत नगरेबाट अस्पतालको वास्तविक सम्पत्ति एवं दायित्व यकिन गर्नसक्ने अवस्था छैन ।

३४. **सोझै खरिद –** बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल खरिद नियमावली, २०६६ को नियम ३६ बमोजिम रु.१५ लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान वा अन्य सेवा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । अस्पतालले यो वर्ष रु.१५ लाखभन्दा बढी लागत अनुमान भएको रु.३१ लाख ७० हजार मूल्यका विभिन्न कार्यालय सामानहरु पटकपटक सोझै खरिद गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा दशलाख रुपैयाँभन्दा बढीको निर्माण कार्य बोलपत्रबाट गर्नुपर्ने व्यवस्था भएकोले अस्पतालको नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार हुने गरी संशोधन गर्ने र सो नहुञ्जेल सार्वजनिक खरिद ऐनका प्रावधान कार्यान्वयन गर्नुपर्दछ ।

अस्पतालले वर्षैपिच्छे खरिद गर्ने करोडौं रुपैयाँका विभिन्न स्वास्थ्यसम्बन्धी औजार उपकरण तथा औषधिको गुणस्तर जाँच गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम गुणस्तर नियन्त्रण समिति गठन गर्नुपर्नेमा सो नगरेको कारण खरिद सामानहरु स्पेसिफिकेशनअनुसार प्राप्त भएको यकिन हुन सकेको छैन ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार प्रतिष्ठानको स्थापना भई सञ्चालन हुँदै आएको छ । नेपाल सरकारबाट प्राप्त अनुदान रु.२३ करोड, आन्तरिक स्रोतबाट प्राप्त आय रु.७५ करोड ६४ लाख ९५ हजार र भारत सरकारबाट प्राप्त अनुदान रु.१ करोड ३ लाख ७२ हजारसमेत रु.९९ करोड ६८ लाख ६७ हजार आम्दानीमध्ये रु.९९ करोड २० हजार खर्च गरी यो वर्ष अस्पतालको रु.६८ करोड ४७ लाख सञ्चालन बचत रहेको छ ।

३५. **सञ्चित कोष दाखिला –** यो वर्ष नेपाल सरकारले प्रतिष्ठानलाई चालू र पूँजीगतसमेत रु.२३ करोड अनुदान उपलब्ध गराएको छ । पूँजीगत अनुदानतर्फ स्वीकृत मेसिन औजार र उपकरण खरिदको लागि बजेट विनियोजन एवं निकासा भएको रु.१० करोडमध्ये खर्च नभई बाँकी रहेको रु.४ करोड ९९ लाख ४६ हजार सञ्चित कोष दाखिला गरेको छैन ।

३६. **खरिद योजना –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि मालसामान खरिद गर्दा वा वार्षिक रु.१० करोडभन्दा बढी रकमको सामान खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रु.१० लाखभन्दा बढीको सामान खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले खरिदको गुरुयोजना एवं वार्षिक खरिद योजना बनाएको छैन ।

३७. **पेन्सन उपदान कोष –** बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.६(४) मा प्रतिष्ठानको पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुलाई नियमावलीबमोजिम प्रदान गरिने उपदान, निवृत्तिभरणजस्ता रकमको व्यवस्था गर्न परिषद्ले कुल तलब बजेटको ५ प्रतिशत रकम छुट्टै पेन्सन उपदान

कोषमा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष परिषद्ले तलबमा छुट्याएको रु.५२ करोड ७५ लाखमा रु.२ करोड ६३ लाख ७५ हजार उक्त कोषमा जम्मा गर्नुपर्नेमा सो कोषबापत रु.१ करोड ५० लाखमात्र विनियोजन गरेको छ । सो रकम कोषमा जम्मासमेत गरेको पाइएन ।

३८. **बढी व्ययभार –** प्रतिष्ठानले प्रत्येक आर्थिक वर्षको स्वीकृत बजेटको परिधिभित्र रही प्रतिस्पर्धाको माध्यमबाट नयाँ ठेक्का व्यवस्था गर्नुपर्नेमा पटक पटक कार्य समितिको निर्णयको आधारमा साविककै पार्टीको म्याद थप गरी विभिन्न कार्य गराई भुक्तानी गर्दै आएको छ । प्रतिष्ठानले यो वर्ष प्रतिस्पर्धाबेगर साविकको सम्झौताभन्दा बढी रकममा कार्य गराई मर्मत सम्भार कार्यअन्तर्गत इलेक्ट्रोनिक्स कार्यका लागि एक प्राइभेट कम्पनीलाई रु.३८ लाख ५२ हजार, सुरक्षा कार्यअन्तर्गत एक सेक्युरिटी सर्भिसेजलाई रु.४२ लाख ५६ हजार, क्लिनिङ्ग कार्यअन्तर्गत एक इन्टरप्राइजेजलाई रु.२० लाख २३ हजारसमेत रु.१ करोड १ लाख ३१ हजार भुक्तानी गरेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीले विनाप्रतिस्पर्धा साविकको निर्माण व्यवसायी एवं आपूर्तकबाट कार्य गराउन सक्ने व्यवस्था गरेको छैन । पुरानो ठेक्काको म्याद समाप्त भइसकेपछि साविककै निर्माण व्यवसायीलगायतबाट गराएको कार्य कानूनसम्मत देखिएन ।

३९. **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.१० लाखभन्दा बढीको मालसामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा प्रतिष्ठानले यो वर्ष रु.६५ लाख २० हजारका मेसिन उपकरण सोझै खरिद गरेको छ ।

प्रतिष्ठानले यो वर्ष अस्पताल सामान खरिदको लागि रु.२ करोड १ लाख ९१ हजारको लागत अनुमान तयार गरी ई–बोलपत्र आव्हान गरेको छ । ई–बोलपत्रमा सहभागी १५ मध्ये ६ पार्टीले पास वर्ड उपलब्ध नगराएको र बाँकी ९ मध्ये पहिलो घटी दरवालाबाट कार्य गराउने गरी २०६७।७।१५ मा कार्य समितिबाट रु.९१ लाख ३४ हजारको ठेक्का स्वीकृत गरेको देखिन्छ । ढिला गरी बोलपत्र स्वीकृत गरेको कारण जनाई साविक दरमा सामान उपलब्ध गराउन नसक्ने भनी पहिलो घटीवालाले सम्झौता गर्न नआएको र तत्पश्चात दोस्रो, तेस्रो हुँदै आठौं पार्टीसमेत सम्झौता गर्न नआएका कारण नवौं पार्टीसँग २०६८।२।८ मा सम्झौता गरेको छ । प्रतिष्ठानको ढिलाइले समयमा ठेक्का व्यवस्थापन गर्न नसकेको कारण ठेक्का व्यवस्थापन नभएको अवधिभित्र रु.२ करोड ८२ लाख २३ हजारको सामान सोझै खरिद गरेको छ ।

प्रतिष्ठानले अस्पताल सामान खरिदमा उपर्युक्त पहिलोदेखि आठौं घटीवालासम्मका सम्झौता गर्न नआएका ८ बोलपत्रदाताको रु.२३ लाख ९ हजार धरौटी जफत नगरेकोले सो रकम जफत गरी आम्दानी गर्नुपर्दछ ।

४०. **खरिद –** प्रतिष्ठानले एक कन्सर्नसँग रु.२८ लाख ९ हजारमा अल्ट्रासाउण्ड स्क्यानर कलर डप्लर मेसिनको एकमात्र बिक्रेता रहेको विशेष कारण देखाई बाइ ब्याक सिष्टमबाट खरिद गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ अनुसार सो प्रक्रियाबाट खरिद गर्न मिल्ने देखिदैन । प्रतिष्ठानको २०६७।१०।२७ को सभाले यो प्रणालीलाई अस्वीकृत गरेकोमा रु.२ लाखमा साविक प्रयोगमा रहेको मेसिन फिर्ता गरी नयाँ मेसिन खरिद गरेको छ । पुरानो मेसिनको नियमानुसार ह्रास कट्टी गर्दै जाँदा हालको पल मूल्य रु.९ लाख ५६ हजार रहेको अवस्थामा रु.२ लाखमा मूल्याङ्कन गरी फिर्ता दिएको छ । यसको कारणसमेत खुलाएको छैन ।

४१. **स्पेसिफिकेशन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र नियमावली, २०६४ को नियम ११ बमोजिम खरिद गर्नुपर्ने सामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले एक इन्टरप्राइजेजबाट रु.५८ लाख ६९ हजारमा २ थान एक्स–रे मेसिन खरिद गर्दा लागत अनुमान तयार नगरी सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकेको अवधिभन्दा कमको बोलपत्र आव्हानको १५ दिने सूचना प्रकाशन गरी खरिद गरेको छ । स्पेसिफिकेशनमा भारत, चीन र कोरियामा निर्मित मेसिन स्वीकार नहुने उल्लेख भएकोमा गुणस्तर परीक्षणविना भारतमा बनेको मेसिन खरिद गरी खर्च लेखेको छ ।

४२. **क्षतिपूर्ति –** छात्रवृत्ति प्राप्त गरी प्रतिष्ठानमा कार्यरत चिकित्सक एवं प्राविधिक कर्मचारीहरुले प्रतिष्ठानसँग गरेको कबुलियतनामा पूरा नगरी सेवा छाडी गएमा र सेवाबाट राजीनामा दिन चाहेमा ३ महिना अगाडि

पूर्वसूचना दिनुपर्ने र सो सूचना नदिएको तथा कबुलियत अवधिभर सेवा नगरेबापतको क्षतिपूर्ति रकम असुल गर्नुपर्ने प्रतिष्ठान नियमावली, २०५५ को नियम १०.४(३) मा उल्लेख छ । उपर्युक्तानुसार कार्य नगर्ने तथा सूचना नदिई राजीनामा गर्ने ५ चिकित्सकसहित ८ बाट रु.६० लाख १२ हजार असुल गरेको छैन ।

४३. **धरौटी जफत** – सार्वजनकि खरिद ऐन, २०६३ को दफा ५ बमोजिम उल्लिखित अवधिभित्र बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको धरौटी जफत गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले अस्पतालको हाताभित्र ४ ठाउँमा औषधि पसल सञ्चालन गर्न ठेक्का सम्झौता गर्न नआएका ३ बोलपत्रदाताको रु.११ लाख ४५ हजार धरौटी जफत गरेको छैन । नियमानुसार सम्झौता गर्न नआएका बोलपत्रदाताको धरौटी रकम जफत गरी आम्दानी जनाउनुपर्दछ ।

४४. **मेसिन खरिद** – प्रतिष्ठानले यो वर्ष फुल्ली अटोमेटिक वायाकेमेष्ट्री एनालाइजर र फुल्ली अटोमेटेड हेमाटोलोजी एनालाइजर मेसिन र रिएजेन्ट्स खरिद कार्य बोलपत्रद्वारा गराएको सम्बन्धमा देखिएको व्यहोरा देहायअनुसार छन्:

४४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) मा रु.१० लाखभन्दा माथि बोलपत्र आव्हान गर्दा राष्ट्रियस्तरको दैनिक पत्रिकामा ३० दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था भएकोमा उक्त दुई ठेक्कामा ७ र १० दिनको सूचना प्रकाशित गरेको पाइयो । खरिद प्रक्रियामा विशेष परिस्थिति लगाउनुपर्ने कारण प्रष्ट नखुलेको र वायोकेमेष्ट्री एनालाइजर मेसिन खरिदको ठेक्का व्यवस्थापन गर्न ५ महिना लागेको छ ।

४४.२ हेमाटोलोजी एनालाइजर मेसिन र सोमा लाग्ने रिएजेन्टको प्रतिष्ठानले लागत अनुमान नबनाएको, बोलपत्र कागजातमा प्रतिष्ठानलाई चाहिने सामान र परिमाण खुल्ने कागजात संलग्न नगरेको एवं ई–बोलपत्र प्रक्रिया अवलम्बन गरे तापनि उपर्युक्त कुरा नखुलाएबाट आपूर्तकले रिएजेन्टको मूल्य उल्लेख गरेको पाइएन । रिएजेन्टको परिमाण र मूल्य नखुलाएको अवस्थामा प्रतिष्ठानको २०६७।९।१३ को पत्रबाट एक कन्सर्नसँग माग गरेको दरलाई नै आधार मानी प्रतिष्ठान कार्यकारिणी समितिले सोही पार्टीसँग ५ वर्षको लागि २०६७।१०।९ मा ठेक्का सम्झौता गरेको छ । यो वर्ष आपूर्तकसँग ठेक्का प्रक्रियामा नगई विभिन्न रिएजेन्ट खरिद गरी २०६८।६९ मा समेत उक्त पार्टीलाई रु.१ करोड २ लाख ५० हजार भुक्तानी गरेको छ ।

४४.३ रेन्टल बेसिसमा मेसिन खरिद गर्न प्रतिष्ठानको सभाले समेत स्वीकृत दिएको देखिएन । यस्तो अवस्थामा विशेष परिस्थिति उल्लेखगरी खरिद गरेकोमा विशेष परिस्थितिको पुष्ट्याई गरेको पाइएन ।

४४.४ प्राप्त २ मेसिन जिन्सी दाखिला नगरेको तथा सो बराबरको सम्पत्ति वासलातमा पूँजीकृत गरेको छैन । यसप्रकार खरिद गरिने सामान स्पेसिफिकेशन, परिमाण र लागत अनुमान स्वीकृतिबेगर आपूर्तकबाटै दर लिई सामान खरिद गरेबाट प्रतिस्पर्धा नहुनुको साथै नियमसम्मत भएको देखिएन ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

सबै प्रकारका रोगहरुमा उपचारात्मक सेवा सस्तो र सुलभ रुपमा उपलब्ध गराउने उद्देश्यले वि.सं.१९४७ मा स्थापना भएको वीर अस्पताल हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अन्तर्गत चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान नामाकरण भई सञ्चालनमा रहेको छ । नेपाल सरकारबाट प्राप्त अनुदान रु.३८ करोड ४६ लाख ९० हजार र आन्तरिक स्रोतबाट रु.३७ करोड ४४ लाखसमेत रु.७५ करोड ९० लाख ९० हजार आम्दानीमध्ये रु.५ करोड ६४ लाख २६ हजार फ्रिज भएको समेत रु.६९ करोड ५५ लाख ५ हजार खर्च गरी यो वर्ष अस्पलताको रु.६ करोड ३५ लाख ८५ हजार सञ्चालन बचत रहेको छ ।

४५. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले दशलाख रुपैयाँभन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । विगत वर्षझैं यो वर्ष पनि अस्पतालले रु.५ करोड ३० लाख ६४ हजारको औषधि उपकरणलगायतका सामान सोझै खरिद गरेको छ ।

४६. **लेखापरीक्षण –** अस्पतालले आवश्यक औषधि तथा उपकरण खरिदको लागि विभिन्न १७ ठेक्काबाट रु.६ करोड २२ लाख ११ हजारको मालसामान तथा उपकरण खरिद गरेको छ । उक्त ठेक्कापट्टाको फाइललगायतका लेखा तथा खर्चसम्बन्धी कागजात अनुसन्धानको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको जनाई लेखापरीक्षणको लागि पेश गरेको छैन ।

४७. **आयतर्फ –** अस्पतालले कम्प्युटरमा राखेको हिसाबको विवरण प्रिन्ट गरी असुली प्रमाणित गरी राख्नुपर्ने, कार्यक्रमगत आधारमा पृथक् पृथक् स्रोतबाट भएको आम्दानी लेखा प्रमुखबाट समय समयमा छड्के वा निश्चत समयसारिणी बनाई जाँच गर्ने, आम्दानी विवरणको ब्याकअप रेडर्क राख्नुपर्नेमा सोअनुसार गरेको छैन ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल

वि.सं.२०१६ मा स्थापना भई कार्यारम्भ गरेको यो अस्पताल विकास समिति ऐन, २०१३ अनुसार २०४६ मा पुनर्गठन भई सञ्चालनमा रहेको छ । नेपाल सरकारबाट प्राप्त अनुदान रु.२२ करोड ९६ लाख १६ हजार, आन्तरिक स्रोतबाट रु.३२ करोड ४४ लाख ५० हजारसमेत रु.५५ करोड ४० लाख ६६ हजार आम्दानीमध्ये रु.३२ करोड १५ लाख ३१ हजार खर्च गरी यो वर्ष अस्पतालको रु.२३ करोड २५ लाख ३५ हजार सञ्चालन बचत रहेको छ ।

४८. **भेरिएसन आदेश –** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११८(१) बमोजिम निर्माण कार्यको खरिद सम्झौताबमोजिम कार्य सुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थप गर्न आवश्यक देखिएमा ऐनको दफा ५४ को अधीनमा रही सम्झौता मूल्यको निर्धारित प्रतिशतसम्म प्राविधिक पुष्ट्याई गरी तोकिएको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । अस्पतालले ओपिडी क्लिनिक तथा फ्याकल्टी डेभलपमेन्ट विल्डिङ्गको ब्लक बी निर्माण गर्न एक निर्माण व्यवसायीलाई रु.८ करोड ९८ लाख १७ हजार (मूल्य अभिवृद्धि करबाहेक) मा २०६७।५।९ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश जारी गरेको छ । हालसम्म मूल्य अभिवृद्धि करसमेत रु.८ करोड ७१ लाख २५ हजार भुक्तानी भएको सो निर्माण कार्यको बिल अफ क्वान्टिटीमा उल्लिखित परिमाणभन्दा बढी तथा थप कार्य गरेबापत रु.३९ लाख ३६ हजार थप भुक्तानी गरेको सम्बन्धमा प्राविधिक पुष्ट्याई एवं आधार प्रस्तुत भएन ।

४९. **आई.भी.एफ.सिस्टम खरिद –** अस्पतालले एक इन्टरप्राइजेजसँग रु.१ करोड ८० लाखमा आई.भी.एफ. सिस्टम मेसिन एक सेट २०६७।६।२४ भित्र आपूर्ति गरी १५ दिनभित्र सिस्टम स्थापना र सञ्चालन गर्न २०६७।३।२९ मा ठेक्का सम्झौता गरेको छ । आपूर्तकले समयमा मेसिन आपूर्ति गर्न नसक्ने जनाई ६ महिना म्यादको थप मागबमोजिम २०६८।१।६ सम्मको म्याद थप गरेको देखियो । आपूर्तकले पेश गरेको कर बीजकमा कारोबार २०६७।१२।६ र बीजक जारी २०६८।२।१२ उल्लेख गरेको छ । सम्झौताबमोजिम आपूर्ति गरेको मेसिन स्पेसिफिकेशनबमोजिम गुणस्तरयुक्त भए नभएको जाँच गरी जडान पश्चात जिन्सी दाखिला गरी आपूर्तकलाई मागबमोजिम रकम यकिन गरी भुक्तानी गर्नुपर्नेमा अस्पतालले आई.भी.एफ, आई.सी.एस. आई. एक सेट जिन्सी दाखिला गरे पनि सञ्चालनमा ल्याएको छैन । गत वर्ष २० प्रतिशतभन्दा बढी हुने गरी रु.४० लाख ६८ हजार पेश्की दिइसकेपछि सामान प्राप्त भइसकेपछि पनि पुन: रु.७५ लाख ५० हजार थप पेश्की दिएको उचित देखिएन । हालसम्म सो मेसिन सञ्चालनमा नआई सेवा प्रवाहमा समेत असर परेको देखिंदा यथाशीघ्र मेसिन सञ्चालनको व्यवस्था मिलाई पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

अन्य अस्पताल विकास समितितर्फ

५०. **आन्तरिक लेखापरीक्षण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(१) मा कार्यालयको राजस्व, धरौटी तथा विनियोजनतर्फको आय–व्यय तथा प्रचलित कानूनबमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । कान्ति बाल अस्पताल, मानसिक अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल, सिंहदरबार वैद्यखाना विकास समिति, आयुर्वेद चिकित्सालय नरदेवी, अस्पताल विकास समितिहरु रसुवा, नुवाकोट, मकवानपुर, सुनसरी, प्यूठान र रौतहटले उक्त कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराएका छैनन् ।

५१. **सेवा शुल्क –** कोशी अञ्चल अस्पताल, विराटनगर र साझा स्वास्थ्य सेवा विराटनगरबीच भएको सम्झौतामा अस्पताल हाताभित्र औषधि पसल खोली बिक्री वितरण गर्दा औषधि बिक्री गरेको रकमको ३ प्रतिशतले हुने रकम अस्पताल विकास समितिमा बुझाउनुपर्ने उल्लेख छ । यो वर्ष सो संस्थाले रु.८९ लाख २१ हजारको औषधि बिक्री वितरण गरेकोमा सम्झौताबमोजिम बुझाउनुपर्ने रु.२ लाख ६८ हजार बुझाएको छैन ।

५२. **पसल कवल भाडा –** कोशी अञ्चल अस्पताल, विराटनगरले विभिन्न २ व्यक्ति, २ फार्मेसी र १ रासन आपूर्तकलाई अस्पतालको पसल कवल (विद्युत सेवासमेत) सम्झौता गरी भाडामा दिएकोमा उल्लिखित ५ बिक्रेतासँग भएको सम्झौता भङ्ग भइसकेको अवस्थामा समेत अस्पतालले निजहरुबाट असुल गर्नुपर्ने रु.१ लाख ३५ हजार भाडा तथा विद्युत महसुल असुल गरेको छैन । असुल गर्नुपर्ने रकम निजहरुको धरौटी जफत गरी बाँकी नपुग रकमसमेत यथाशीघ्र असुलउपर गर्नुपर्दछ ।

यसैगरी जनकपुर अञ्चल अस्पताल, धनुषाले गत वर्षको बाँकी रु.५ लाख ८८ हजारसमेत रु.२० लाख ४१ हजार र लाहान अस्पताल सिरहाले रु.२१ लाख १३ हजार पसल कवल भाडा असुल गर्न बाँकी देखिएकोले सो रकम असुल गर्नुपर्दछ ।

५३. **रकम ट्रान्सफर –** अस्पताल विकास समिति, बाजुरालाई जिल्ला स्वास्थ्य कार्यालय बाजुराले एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमबाट यो वर्ष रु.१० लाख ४६ हजार समितिको कोषमा पठाएको देखिन्छ । विनियोजनतर्फको उक्त कार्यक्रम जिल्ला स्वास्थ्य कार्यालयले सञ्चालन नगरी समितिमा रकम पठाउन मिल्ने देखिदैन । साथै समितिको कोषमा समेत उक्त रकम आम्दानी जनाएको नदेखिएकोले यस सम्बन्धमा छानबिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

५४. **लेखापरीक्षण –** अस्पताल विकास समिति, सिन्धुलीको अस्पताल हाताभित्र निर्माण भएको २२ कोठे नयाँ स्टल भवन निर्माणमा खर्च भएको रु.५८ लाख ४१ हजार र सो भवन लिजमा दिएबापत आम्दानी देखाएको रु.१ लाख ९८ हजारको सक्कल स्रेस्ता, प्रमाण कागजातलगायतका अभिलेख अनुसन्धान एवं छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौंमा पठाएको उल्लेख गरी लेखापरीक्षण गराएको छैन ।

५५. **प्रसूति अनुदान –** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६४ दफा ५(३) अनुसार स्वास्थ्य संस्थामा प्रसूति गराएबापत स्वास्थ्य संस्थाबाट दिइने इकाई मूल्यअनुसारको अनुदान रकम केश संख्याको आधारमा अस्पताल विकास समितिको खातामा आम्दानी बाँधी निर्देशिकामा तोकिएबमोजिम खर्च गर्नुपर्नेमा जनकपुर अञ्चल अस्पताल, धनुषाले यो वर्ष औषधि उपकरण खरिद, इन्सेन्टिभ वितरण र सूचना प्रकाशनसमेतमा प्राप्त अनुदान रु.१ करोड ५८ लाख ४८ हजार अस्पतालको खातामा आम्दानी नगरी सोझै खर्च लेखेको छ ।

- **मन्त्रालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

५६. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ४६ कार्यालयबाट रु.५७ लाख ८२ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २९ कार्यालयबाट रु.१२ लाख ७४ हजार, सम्परीक्षणको क्रममा रु.१ करोड २४ लाख १० हजार र अन्य निकायतर्फ रु.११ लाख ५ हजारसमेत रु.२ करोड ५ लाख ७१ हजार असुल भएको छ ।

५७. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमध्ये ४६ कार्यालयमा २०६८ असार मसान्तमा रु.४८ करोड ३०.लाख ८५ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.११ लाख ५३ हजार आंशिक पेश्की फछ्यौंट गरी ४४ कार्यालयको रु.४८ करोड १९ लाख ३२ हजार पेश्की बाँकी देखिएको छ । पेश्कीमध्ये रु.२ करोड ८ लाख ५२ हजार म्याद नाघेको छ । गत विगतको समेत कुल रु.९६ करोड ३ लाख ३५ हजार पेश्की फछ्यौंट हुन बाँकी छ । गत विगतको समेत कुल रु.९६ करोड ३ लाख ३५ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

मन्त्रालयअन्तर्गतका समिति र संगठित संस्थाको २०६८ असार मसान्तमा २७ कार्यालयको रु.८ करोड ८९ लाख ७८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.३५ हजार फछ्यौंट गरी २६ कार्यालयको रु.८ करोड ८९ लाख ४३ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.८२ लाख ४१ हजार म्याद नाघेको छ ।

५८. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहाय अनुसार छः

५८.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.९७ करोड ३१ लाख १६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ५६ लाख २ हजार फछ्यौंट गरेकोले रु.९५ करोड ७५ लाख १४ हजार बेरुजू बाँकी रहेको छ ।

५८.२ संगठित संस्था, अन्य संस्था र समितितर्फ यो वर्ष रु.६९ करोड ७५ लाख ७० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख ६२ हजार फछ्यौंट गरेकोले रु.६९ करोड ७२ लाख ८ हजार बेरुजू बाँकी रहेको छ ।

५८.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.८७ करोड ६८ लाख ५४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

५८.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा सरकारी कार्यालयतर्फ रु.१८ करोड ९२ लाख ८ हजार र संगठित संस्था, समितितर्फ रु.२ करोड ४३ लाख ८७ हजारसमेत रु.२१ करोड ३५ लाख ९५ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.१ अर्ब ९ करोड ४ लाख ४९ हजारमध्ये रु.९७ करोड ५४ लाख ४१ हजार सरकारी कार्यालयतर्फ र रु.११ करोड ५० लाख ८ हजार अन्यतर्फ रहेको छ ।

राष्ट्रिय योजना आयोगको सचिवालय

सचिवालय र मातहत समेत ११६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब २७ करोड ५१ लाख ८१ हजार, राजस्वतर्फ रु.३१ लाख ६४ हजार, धरौटीतर्फ रु.४६ लाख ५८ हजार गरी जम्मा रु.१ अर्ब २८ करोड ३० लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **प्राविधिक सहायता** – अर्थमन्त्रीबाट २०६७६८ को आय–व्ययको जानकारी वक्तव्यका साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा आयोग र मातहत विभागको लागि विकास निमित्त नतिजा व्यवस्थापन कार्यक्रमका लागि ५ लाख, आयोगको योजना तथा अनुगमन क्षमता सुदृढीकरण र संस्थागत सुदृढीकरण कार्यक्रममा १ लाख २० हजार र समष्टिगत आर्थिक विश्लेषणको क्षमता विकासको लागि ४ लाख ४ हजार अमेरिकी डलर सहायता प्राप्त हुने उल्लेख छ । उक्त कारोबारको लेखापरीक्षण गराएको छैन ।

२. **वैदेशिक सहायता** – संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम स्रोतबाट सञ्चालित राष्ट्रिय योजना आयोगको योजना तथा अनुगमन क्षमता सुदृढीकरण कार्यक्रमको लागि अमेरिकी डलर २ लाख ८७ हजार नगदै निकासा भएकोमा सो कारोबारको लेखापरीक्षण गराएको छैन ।

केन्द्रीय तथ्याङ्क विभाग

३. **खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले खरिद कार्य गर्दा मालसामान, निर्माण कार्य वा सेवाको विवरण, लागत अनुमान, वार्षिक खरिद योजना तयार गर्नुपर्ने र रु.१० लाखभन्दा बढीको मालसामान, सेवा वा निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालय सामान, सवारीसाधन, परामर्श, मेसिनरी औजार, पूँजीगत सुधार, प्रचार प्रसार, विज्ञापन र ढुवानीसमेतमा रु.९ करोड ३३ लाख ८४ हजार खर्च लेखेको छ । सोमध्ये बोलपत्रको माध्यमबाट रु.२ करोड ६० लाख ९ हजार, सिलबन्दी दरभाउपत्रको माध्यमबाट रु.७७ लाख ६० हजार र पटकपटक सोझै खरिद गरी रु.५ करोड ९६ लाख १५ हजार खर्च लेखेको देखिन्छ । खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३.१ राष्ट्रिय जनगणनासम्बन्धी विभिन्न सामग्री ढुवानीको लागि रु.५५ लाख ३७ हजारको लागत अनुमान तयार भएकोमा यो वर्ष रु.६१ लाख ४४ हजार खर्च लेखेको छ । सोमध्ये लागत अनुमानलाई टुक्राटुक्रा गरी ७ प्याकेज बनाई सिलबन्दी दरभाउपत्र माग गरी ३ फर्मको रु.१५ लाख २९ हजारको दरभाउपत्र स्वीकृत गरी ती फर्महरुलाई रु.२१ लाख ४४ हजार भुक्तानी दिएको पाइयो ।

४. **जिन्सी व्यवस्थापन –** विभागमा रहेका जिन्सी खाताहरु अद्यावधिक गरी प्रमाणित गरी राखेको पाइएन । जिन्सी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

४.१ राष्ट्रिय जनगणना, २०६८ को लागि खरिद भएको झोला ५० हजार थानमध्ये ४६ हजार ९४२ र छाता ४५ हजार थानमध्ये ४० हजार ९३४जिल्ला जनगणना कार्यालयहरुलाई वितरण गरेको भनी मौज्दातबाट घटाएकोमा सम्बन्धित कार्यालयले प्राप्त गरी जिन्सी आम्दानी जनाएको प्रमाण पेश भएन । खरिद परिमाणमध्ये जिल्लामा वितरण भई बाँकी रहेको झोला ३ हजार ५८ थान र छाता ४ हजार ६६ थान विभागमा खर्च भएको देखाएकोमा खर्चको आवश्यकता पुष्ट्याई हुने प्रमाण र वितरणको प्रमाणसमेत पेश

भएन । सोही कार्यको लागि कागज १३ हजार १५० रिम र डटपेन १ लाख २० हजार गोटा तथा रंगीन परिचयपत्र, स्टीकर, निर्देशिका, प्रश्नावली, घरपरिवार सूचीकरण लगत, पोष्टर, पम्पलेटलगायतको फारामहरु प्रमाणबेगर मौज्दातबाट घटाएको छ । उक्त सामग्रीहरु खरिदको लागि रु.१ करोड ८० लाख ६२ हजार खर्च भएको छ । यस्तो खर्चउपर छानबिन गरिनुपर्दछ ।

४.२ जनगणनाको लागि ८ हजार २५६ थान क्यालकुलेटर र रंगीन पोष्टरहरु क्रमश: यूएनएफपीए र युनिफेमबाट प्राप्त भएकोमा सोसम्बन्धी सम्झौता पेश नहुनाको अतिरिक्त प्राप्त समानको मूल्यसमेत खुलाएको पाइएन ।

५. **दैनिक भ्रमण भत्ता खर्च –** यो वर्ष दैनिक भत्ता र भ्रमण खर्चबापत रु.३ करोड ३१ लाख २ हजार खर्च लेखेको छ । उक्त रकम यो वर्षको कार्यक्रम खर्च रु.१० करोड ३८ लाख ५७ हजारको ३१.८७ प्रतिशत हुने देखिन्छ । दैनिक भत्ता र भ्रमण खर्च रकममध्ये रु.६ लाख ६७ हजार बेरुजू विवरण सङ्कलन, जिन्सी निरीक्षण प्रतिवेदन ल्याउने तथा कर्मचारीसम्बन्धी विवरण लिने आदि प्रशासनिक कार्यमा खर्च भएको देखियो । निश्चित कार्यक्रम सञ्चालनार्थ स्वीकृत बजेटबाट प्रशासनिक कार्यको लागि खर्च लेख्न मिल्ने देखिएन ।

६. **मूल्य अभिवृद्धि कर –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार एक आर्थिक वर्षमा एकलाख रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा लिनु पर्दा सार्वजनिक निकायले आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता नभएका २ परामर्शदताबाट सेवा लिई रु.९ लाख ९२ हजार खर्च लेखेको देखिएको छ ।

७. **अन्य सहायता –** यो वर्ष लेखापरीक्षणको लागि पेश भएको स्रेस्ता एवं बैङ्क नगदी किताबअनुसार डानिडाबाट २०६७।३।२१ मा रु.१ करोड २५ लाख र २०६७।९।१६ मा रु.७९ लाखसमेत कुल रु.२ करोड ४ लाख नगदै प्राप्त भई रु.५२ लाख ७३ हजार खर्च भएको देखिन्छ । उक्त खर्चसम्बन्धी गत वर्षको लेखापरीक्षण प्रतिवेदन, दात्री राष्ट्रसँगको सम्झौता एवं आय–व्यय विवरण समेत पेश नभएकोले लेखापरीक्षण हुन सकेन ।

८. **बजेट व्यवस्था एवं लागत –** राष्ट्रिय जनगणना–२०६८ को पूर्व तयारीको रुपमा गत विगत वर्षहरुमा भएको खर्च, विभिन्न दाताहरुले उक्त जनगणना कार्यको लागि उपलब्ध गराएको रकम तथा प्राविधिक सहायताहरु र यो वर्षको विनियोजनबाट भएको खर्चसमेतको एकीकृत हिसाब नराखेकोले जनगणना कार्यक्रमको लागि भएको कुल खर्चको विश्लेषण गर्न सकिएन । लेखापरीक्षणलाई प्राप्त आर्थिक विवरण अनुसार सो कार्यको लागि रु.९४ करोड ५८ लाख १८ हजार खर्च भएको देखिन्छ । उक्त खर्चको आधारमा प्रारम्भिक नतिजाबाट देखिएको नेपालको जनसंख्या २ करोड ६६ लाख २० हजार ८०९ को गणना गर्न प्रतिव्यक्ति रु.३५।५२ खर्च लाग्न गएको देखिन्छ ।

९. **जनशक्ति परिचालन –** जिल्ला जनगणना अधिकृत निर्देशिकाको दफा २.८.१ मा २०६८ को अनुमानित परिवार संख्या, जनसंख्याको भौगोलिक वितरण तथा गाउँ विकास समितिहरु र महा/उपमहानगरपालिकाका वडाहरुका आधारमा गणना कार्यबोझ अनुमान गरी गणना क्षेत्र बनाइएको र प्रत्येक गणना क्षेत्रको लागि १ जना गणक तथा प्रत्येक ४ देखि ६ जना गणकको लागि १ जना गणना सुपरिवेक्षक तोकिनुपर्ने उल्लेख छ । मन्त्रिपरिषद्को २०६७।३।२५ को निर्णयमा जनगणना कार्यक्रमको लागि ४४ हजार कर्मचारी, ८ हजार ५०० गणना सुपरिवेक्षक, ३४ हजार गणक परिचालन हुने र सोको लागि ८० जिल्लास्तर जनगणना कार्यालय र ३५० इलाका जनगणना कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । जनगणना सम्पन्न भएपछि केन्द्रीय तथ्याङ्क विभागबाट २०६८ असोजमा प्रारम्भिक नतिजासम्बन्धी पुस्तिकामा सुपरिवेक्षक ८ हजार र गणक ३२ हजार परिचालन गरी यो कार्यक्रम सञ्चालन भएको उल्लेख छ । गणक तथा सुपरिवेक्षकलाई पारिश्रमिक खर्च लेखेको आधारमा लेखापरीक्षणको क्रममा विश्लेषण गर्दा गणक २९ हजार ८२२ र सुपरिवेक्षक ७ हजार ६२२ प्रयोग भएको देखियो ।

९.१ जनगणना कार्यको लागि गणक २५ हजार ८४० जना र गणना सुपरिवेक्षक ६ हजार ९१७ जनाको दरबन्दी स्वीकृत गरेकोमा पुन: गणक ३ हजार ९८२ र गणना सुपरिवेक्षक ७०५ को दरबन्दी थप भई कुल गणक

२९ हजार ८२२ र गणना सुपरिवेक्षक ७ हजार ६२२ को दरबन्दी कायम गरेको देखियो । परिवार संख्यालगायतको सूचकहरु प्रयोग गरी दरबन्दी कायम गर्दाको विश्लेषण प्रतिवेदनहरु लेखापरीक्षणमा पेश भएन । उक्त विवरणहरुको अभावमा गणक तथा गणना सुपरिवेक्षकको लागि कायम गरेको दरबन्दी ठीक छ भन्न सकिएन ।

९.२ यस कार्यक्रमको लागि २९ हजार ८२२ गणक तथा ७ हजार ६२२ गणना सुपरिवेक्षक परिचालन भएको भनी रु.५५ करोड ४९ लाख ७९ हजार भत्ता खर्च लेखेको देखियो । गणकले तथ्याङ्क भरेको कन्ट्रोल फाराम वा घरपरिवार सूचीकरण लगतको परिणाम यकिन नभएको र उल्लिखित फारामहरु केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त भई प्रशोधनको लागि तयारी कार्यहरु भइरहेको कारण कार्यरत देखाएको गणक संख्या र निजहरुबाट सम्पादन भएको कार्य भिडान गर्न सकिएन । यसबाट गणक एवं गणना सुपरिवेक्षकको दरबन्दी संख्या र भत्ताबापत खर्च लेखेको रकम यकिन गर्न सकिएन ।

१०. **बढी भुक्तानी** – जिल्ला जनगणना अधिकृत निर्देशिका, २०६७ को दफा २.५ मा गणना सुपरिवेक्षकले २ महिना र गणकले १ महिनाको लागि काज वा करारमा नियुक्ति पाउने र त्यति नै अवधिको पारिश्रमिक पाउने व्यवस्था छ । जिल्ला जनगणना कार्यालय १४ ले उक्त अवधिभन्दा कम अवधिको लागि नियुक्ति दिई काममा लगाएकोमा पारिश्रमिक पूरै भुक्तानी दिएकोले रु.२३ लाख ३२ हजार बढी भुक्तानी भएको छ ।

- **सचिवालय र मातहत निकायको प्रतिवेदन अवधिको असुली, पेश्की र सम्परीक्षण स्थिति देहायअनुसार छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश छ ।**

११. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ५ कार्यालयबाट रु.६ लाख ८ हजार र सम्परीक्षणको क्रममा रु.१ लाख २४ हजारसमेत रु.७ लाख ३२ हजार असुल भएको छ ।

१२. **पेश्की** – सचिवलाय र अन्तर्गतका १० कार्यालयमा २०६८ आषाढ मसान्तमा रु.१ करोड १० लाख ५५ हजार म्याद ननाघेको पेश्की देखाएको छ । गत विगतको समेत कुल रु.२ करोड ५६ लाख ३२ हजार पेश्की फछ्यौंट हुन बाँकी छ ।

१३. **सम्परीक्षण** – सचिवालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१३.१ सचिवालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.३ करोड ६ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५७ लाख ५६ हजार फछ्यौंट गरेकोले रु.२ करोड ४९ लाख २ हजार बाँकी रहेको छ ।

१३.२ सचिवालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६८ आषाढ महिनामा फछ्यौंट गरेको रु.३६ लाख २९ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.६८ लाख ३३ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१३.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।१२।१६ देखि २०६८।१२।१५ सम्ममा रु.२६ लाख २६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.९४ लाख ५९ हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

परिच्छेद – ३

बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि

१. **कानूनी व्यवस्था** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजू सम्झनुपर्ने उल्लेख छ । सरकारी निकायको जवाफदेहिता, कारोबारको स्वच्छता र वित्तीय अनुशासनको स्तर मापन गर्ने औजारको रुपमा बेरुजूलाई लिने गरिएको छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की समेत ३ वर्गमा वर्गीकरण गरिएको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी पेश्की र अन्य पेश्की गरी २ समूहमा विभाजन गरेको छ ।

१.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २०(१) मा महालेखापरीक्षकको प्रतिवेदनमा औँल्याइएका बेरुजू रकमको लगत केन्द्रीयस्तरमा र कार्यालयस्तरमा राख्नुपर्ने व्यवस्था छ । व्यवसायिक कारोबार गरेका सार्वजनिक संस्थान बाहेकका अन्य संस्थाहरुको बेरुजूको लगत सम्बन्धित निकायहरुले राख्नुपर्ने व्यवस्था छ ।

सरकारी निकायको अतिरिक्त प्रचलित कानूनद्वारा गठन भएका संस्थाको लेखापरीक्षणबाट कायम भएका बेरुजूको लगत राखी फछ्यौंट गर्ने गराउने जिम्मेवारी ती संस्थाको प्रचलित कानूनमा तोकेअनुसार संस्थाको सञ्चालक समितिमा रहन्छ । व्यवसायिक कारोबार गर्ने सार्वजनिक संस्थानको लेखापरीक्षणबाट कायम भएका बेरुजूको लगत र फछ्यौंटको स्थितिबारे अनुगमन गर्ने कार्य यस कार्यालयबाट गर्ने गरिएको छैन ।

कार्यालयहरुले राख्नुपर्ने बेरुजूको लगत अद्यावधिक नगरेकोले यस कार्यालयको प्रयोजनका लागि रहेको अभिलेखलाई आधार मानी बेरुजू यकिन र लगत कट्टा गर्ने गरिएकोमा यस कार्यालयबाट स्थलगत लेखापरीक्षणको समयमै विगत वर्षको बेरुजू लगत र फछ्यौंट विषयमा अनुगमन गर्ने र फछ्यौंटको प्रमाण पेश भएमा सम्परीक्षण गर्ने गरिएकोले बेरुजूको लगत राख्ने कार्यमा सुधार भएको छ ।

१.२ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा लेखापरीक्षणमा औँल्याइएको बेरुजू सम्बन्धमा बेरुजूको सूचना प्राप्त भएको पैँतीस दिनभित्र फछ्यौंट गर्नुपर्ने र सो अवधिमा फछ्यौंट गरी सम्परीक्षण गराउन नभ्याइएमा महालेखापरीक्षकसँग म्याद थप मागी थप म्यादभित्र सम्बन्धित कार्यालयले बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १८(२) अनुसार बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानूनबमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुनेछ । दफा २१(३) मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएका बेरुजूहरुको सम्बन्धमा व्यवस्थापिका–संसदको सार्वजनिक लेखा समितिमा छलफलमा भाग लिई सो सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्ने र बेरुजू फछ्यौंट सम्बन्धी काम कारबाही गर्ने गराउने उत्तरदायित्व लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १००(३) मा प्रचलित कानूनको रीत पुऱ्याउनुपर्नेमा सो रीतसम्म नपुऱ्याई अनियमित भएको तर सरकारी हानि नोक्सानी भएको नदेखिएको बेरुजू लेखाउत्तरदायी अधिकृतले नियमित गरी फछ्यौंट गर्नसक्ने व्यवस्था छ ।

१.३ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ अनुसार लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै परिवन्दबाट गोलमाल भई नेपाल सरकारलाई हानी नोक्सानी भएको देखिएमा सूचना प्राप्त हुनासाथ अधिकार प्राप्त व्यक्तिले हानी नोक्सानी भएको रकम असुलउपर गरी कसुरको मात्रा अनुसार विभागीय कारबाही गर्ने, कारबाही नगर्ने अधिकारीलाई समेत सजाय हुने लगायतका व्यवस्था गरेको छ । दफा १८(१) मा लेखापरीक्षणमा औँल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ ।

१.४ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २०(३) मा असुलउपर गर्नुपर्ने ठहरिएको बेरुजूको नियमित कार्यविधिबाट असुल हुन नसकेमा यस्तो बेरुजू रकम लेखाउत्तरदायी अधिकृतले केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाई लगतमा आम्दानी बाँधेपछि सम्बन्धित कार्यालयको बेरुजू फछ्यौट गर्न सकिने व्यवस्था छ । लगत कस्न पठाउँदा विवरण फाराममा जिम्मेवार व्यक्तिको ठेगाना, तीनपुस्ते, बहाली विवरण, असुलउपर गर्नुपर्ने रकमको विवरण लगायतका कुराहरु खुलाउनुपर्ने व्यवस्था छ ।

२. बेरुजू फछ्यौंटका लागि भएका प्रयास

२.१ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि सार्वजनिक लेखा समितिमा हुने छलफल र समितिले गर्ने निर्णयबाट बेरुजू फछ्यौंटको लागि सहजता पुग्दछ । सार्वजनिक लेखा समितिले यो वर्ष मन्त्रालय/निकायको सचिव बैठक डाकी बेरुजू फछ्यौंटको लागि निर्देशन दिएको र विभिन्न उप समिति गठन गरी मन्त्रालयगत छलफल गरी मन्त्रालय निकायको बेरुजू सम्बन्धमा निर्णय दिने कार्य भएको छ ।

२.२ महालेखापरीक्षकको वार्षिक कार्यतालिकामा सम्बन्धित जिम्मेवार व्यक्तिबाट बेरुजू फछ्यौंट गरी सम्परीक्षणको लागि पेश भएपछि समय सीमा तोकी सम्परीक्षण गरेर लगत कट्टा गरिदिने व्यवस्थाको पूर्वजानकारी लेखा उत्तरदायी अधिकृतलाई दिने गरेको छ । यो वर्ष स्थलगतरुपमा लेखापरीक्षण टोली खटिएको अवस्थामा नै सम्परीक्षण गराउन २०६८ फाल्गुण मसान्तभित्रको अवधि तोकेको थियो । स्थलगत लेखापरीक्षणको समयमा बेरुजू फछ्यौंट गरी सम्परीक्षणमा पेश गर्न नसकेको अवस्थामा केन्द्रमा समेत सम्परीक्षण गर्ने व्यवस्था गरिएको छ । यसले गर्दा बेरुजू फछ्यौंट तथा सम्परीक्षणमा प्रभावकारिता आएको छ ।

२.३ केही मन्त्रालयहरुले लेखापरीक्षणले औँल्याएका बेरुजू असुली, नियमित, मिनाहा, माफिका लागि मातहतका निकायको क्षेत्रीय स्तरमा गोष्ठी, अन्तरक्रिया, छलफल समेत गराई बेरुजू फछ्यौंट कार्यलाई अभियानकै रुपमा लिइएको, सार्वजनिक जवाफदेहीता बहन गर्न ऐन नियमको पालना गराउने, त्रुटी कमजोरी दोहोरिन नदिने, नियतवश भएका त्रुटी कमजोरी तुरुन्त कारबाही गर्ने प्रतिवद्धता जनाइएबाट आर्थिक विसंगतिहरु नियन्त्रण र वित्तिय अनुशासन कायम गर्ने प्रयाश गरेको देखिन्छ ।

२.४ आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार सामान्य प्रक्रियाबाट फछ्यौंट हुन नसकेका बेरुजूहरु फछ्यौंट गर्न सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई नेपाल सरकारले बेरुजू फछ्यौंट समिति गठन गर्नसक्ने प्रावधान अनुरुप २०६५।११।२५ मा सार्वजनिक लेखा समितिको एक सदस्यको अध्यक्षतामा बेरुजू फछ्यौंट समितिको गठन गरी महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०५९।६० सम्मका बेरुजू फछ्यौंट गर्ने गरी कार्यक्षेत्र तोकिएको थियो ।

सोही ऐनको दफा २४ अनुसार लेखापरीक्षणबाट देखिएका बेरुजू फछ्यौंट एवं लगत कट्टा गर्न नेपाल सरकारले बेरुजू फछ्यौंट समितिको कार्य अवधि २०६९ जेष्ठ मसान्तसम्म थप गरी समितिको कार्यक्षेत्र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०६२ सम्म कायम हुने निर्णय गरेको छ । निर्णयमा नियमित प्रक्रियाबाट फछ्यौंट नभएमा बेरुजूहरु फछ्यौंट हुनुपर्ने उचित कारण प्रमाण एवं पुष्ट्याईंका आधारमा फछ्यौंट गर्ने, प्रमाण र पुष्ट्याईंका आधारमा फछ्यौंट हुन नसकेका बेरुजूहरु असुली, माफी मिनाहाको प्रक्रियामा लैजाने निर्देशन पनि गरेको छ ।

२.५ स्थानीय विकास मन्त्रालयले स्थानीय निकायका जिल्ला विकास समिति समेतले तोकिएको कार्यसम्पादन सूचक पुरा गरे नगरेको आधारमा मूल्याङ्कन गर्ने र सोही आधारमा थप सरकारी अनुदान उपलब्ध गराउने व्यवस्था

२०६०।६१ बाट गरेको छ । विद्यमान सूचकहरुमा बेरुजू बढे नबढेको, निर्धारित समयमा बेरुजूको प्रतिक्रिया र प्रमाण उपलब्ध गराई सम्परीक्षण गराए नगराएको र निश्चित परिमाणमा बेरुजू फछ्यौंट गरे नगरेको समेत मूल्याङ्कनका आधारमा थप अनुदान दिने गरिएकोले बेरुजू हुनै नदिने तथा भइहाले पनि फछ्यौंटमा तदारुकता आएको छ । यसबाट आर्थिक कारोबारहरु चुस्त र दुरुस्त बनाई बेरुजू न्यून गर्न सघाउ पुगेको छ ।

२.६ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०१ अनुसार कार्यालयले गरेको बेरुजू फछ्यौंटको अनुगमन गरी बेरुजू फछ्यौंटसम्बन्धी कामकारबाहीमा प्रभावकारिता ल्याउन बेरुजू फछ्यौंट मूल्याङ्कन र अनुगमन समितिले कार्य गर्दै आएकोले फछ्यौंटको प्रयास सकारात्मक रुपमा अगाडि बढेको देखिन्छ । समितिले बेरुजू फछ्यौंटको वार्षिक लक्ष्य तोकी अनुगमन कार्य गर्दै आएको छ । बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउने कार्यलाई प्रोत्साहित गर्न निश्चित प्रतिशतभन्दा बढी बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउनेलाई नगद प्रोत्साहन एवं धन्यवादका उपाय अवलम्बन गरेको छ ।

२.७ नेपाल सरकारबाट २०६५।६६ देखि क्रमशः एकल खाता कोषप्रणाली, बहुवर्षीय ठेक्का बन्दोबस्त, सरकारी बजेट व्यवस्थापन तथा खर्चप्रणाली पुनरावलोकन, विद्युतीय बोलपत्रको व्यवस्था, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, त्रिवर्षीय खर्च प्रक्षेपण/मध्यकालीन बजेट संरचना र राष्ट्रियस्तरका आयोजनाहरुलाई रकम अभाव हुन नदिने प्रतिवद्धता सामान्यतया आर्थिक वर्षको लागि विनियोजित बजेटको ४० प्रतिशतभन्दा बढी तेस्रो चौमासिकमा र आषाढ महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाइने व्यवस्था गरी बजेट खर्चलाई व्यवस्थित गर्ने लगायतका नीतिगत, संस्थागत र प्रक्रियागत सुधारका प्रयासहरु भएको छ । आर्थिक कारोबार नियमित एवं व्यवस्थित रुपले सञ्चालन गरी मितव्ययिता, पारदर्शीता र जवाफदेहिता स्थापित गर्न निकायहरुबाट प्रयास भएको छ ।

३. बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि

३.१ सार्वजनिक लेखा समिति, बेरुजू फछ्यौंट समिति, बेरुजू फछ्यौंट मूल्याङ्कन र अनुगमन समिति एवं सरकारी तथा अन्य निकाय आदिको प्रशासनिक कारबाही तथा पहलबाट यो वर्ष रकम उल्लेख गरिएको बेरुजू फछ्यौंट तथा सम्परीक्षणमा प्राप्त उपलब्धि निम्नानुसार छः

(रु.हजारमा)

विवरण	विगतको बेरुजू	समायोजन	सम्परीक्षण (फछ्यौंट)	जम्मा	चालू वर्षको लेखापरीक्षण बेरुजू	अद्यावधिक बाँकी बेरुजू
सरकारी कार्यालय	४२,५३,४८,७१	४०,१५,०९	११,०७,९८,६९	३१,८५,६५,११	२२,५०,३६,५०	५४,३६,०१,६१
संगठित संस्था, समिति, अन्य संस्था	२९,६७,०१,८२	-	१,१४,७३,८३	२८,५२,२७,९९	१९,३३,७५	३३,७१,६१,७४
जम्मा	**७२,२०,५०,५३**	**४०,१५,०९**	**१२,२२,७२,५२**	**६०,३७,९३,१०**	**२७,६९,७०,२५**	**८८,०७,६३,३५**

विस्तृत विवरण अनुसूची १७ र १८ मा छ ।

३.२ सरकारी कार्यालयतर्फ विगतका बेरुजू रु.४२ अर्ब ५३ करोड ४८ लाख ७१ हजारमध्ये २०५९।६० सम्मको रु.१ अर्ब ८२ करोड २० लाख ५९ हजार बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भएको, रु.४० करोड १५ लाख ९ हजार समायोजनबाट थप भएको र रु.११ अर्ब ७ करोड ९८ लाख ६९ हजार फछ्यौंट भई सम्परीक्षण गरिएको छ । बेरुजू फछ्यौट समितिबाट २०६८।१२।१५ सम्म सरकारी निकायहरुको रु.१ अर्ब ६५ करोड ३० लाख ९२ हजार फछ्यौंट गरेको विवरण प्राप्त भएको छ ।

३.३ यो वर्ष रु.१२ अर्ब २२ करोड ७२ लाख ५२ हजार फछ्यौंट भएकोले बेरुजू फछ्यौंट एवं सम्परीक्षणमा गत वर्षको तुलनामा सुधारको सङ्केत देखिएको छ । सार्वजनिक निकाय तथा संस्थाबाट बेरुजू फछ्यौंट गर्न गराउन चासो देखिनुको साथै लेखापरीक्षणको सुझाउको आधारमा कतिपय कानूनी, नीतिगत तथा प्रणालीगत सुधार गरिनुले लेखापरीक्षणको उपादेयतामा अभिवृद्धि भएको छ ।

३.४ लेखापरीक्षकले औँल्याएका व्यहोरा अनुसार निकाय/मन्त्रालय हरुको लेखापरीक्षणकै क्रममा रु.१७ करोड २२ लाख ४७ हजार प्रारम्भिक प्रतिवेदन जारी भएपछि रु.१५ करोड ९६ लाख ९४ हजार तथा विगत वर्षको बेरुजू फछ्यौंट गर्दा रु.३६ करोड ५ लाख २ हजार र अन्य निकायको लेखापरीक्षणबाट रु.१ करोड ९५ लाख ४० हजार गरी रु.७१ करोड १९ लाख ८३ हजार असुल भएको छ । असुली विवरण अनुसूची–९ मा छ ।

३.५ नेपाल सरकारबाट विभिन्न निकायहरुलाई कार्यक्रम सञ्चालनका लागि निकासा भएको रकम कार्यक्रममा खर्च भई बाँकी रहेको रकम शान्ति कोषको सचिवालय र अन्तर्गतका निकायहरुको रकम फ्रिज नहुने खातामा राखेकोमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुको ध्यानाकर्षण गरेपछि रु.१८ करोड ६ लाख १२ हजार सञ्चितकोष दाखिला भएको छ ।

३.६ लेखापरीक्षणबाट देखिएका व्यहोराउपर आर्थिक कार्यविधि ऐन, २०५५ बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउन सरकारी कार्यालय, संगठित संस्था, समिति, जिल्ला विकास समिति एवं अन्य संस्थाहरु समेतको यो वर्ष रु.३३ अर्ब २७ करोड १७ हजार प्रारम्भिक बेरुजू पठाइएकोमा सो अवधिभित्र कार्यालयहरुले रु.५ अर्ब ५७ करोड २९ लाख ९२ हजार फछ्यौंट गरी रु.२७ अर्ब ६९ करोड ७० लाख २५ हजार बाँकी रहेको छ ।

३.७ निकायहरुबाट बेरुजू फछ्यौंट गरी सम्परीक्षणका लागि अनुरोध गर्दा कतिपय अवस्थामा बेरुजू फछ्यौंटलाई पुष्टी गर्ने पर्याप्त प्रमाण कागजात संलग्न नगर्ने, प्रचलित कानूनका रीत नपुऱ्याई अनुरोध गर्ने, लगत अङ्क भिडान नगरी अनुरोध गर्ने र सरकारी नगदी/जिन्सी हानि–नोक्सानी नभएको पर्याप्त पुष्टी हुने गरी नियमित गरेको आधार प्रस्तुत नगर्ने आदि कारणले बेरुजू सम्परीक्षण गर्न नमिलेको व्यहोरा जानकारी दिने गरिएको छ । मन्त्रालय/निकाय एवं मातहतका कार्यालयहरुबाट सम्परीक्षणको लागि यो वर्ष लेखिआएकोमध्ये रु.२ अर्ब ३ करोड ५६ लाख ९६ हजार सम्परीक्षण हुन नसकेको जानकारी गराइएको छ ।

३.८ सार्वजनिक संस्थानहरुको बेरुजू फछ्यौंट गर्ने सम्बन्धमा अर्को वर्षको लेखापरीक्षणमा सो फछ्यौंटको अनुगमन गर्ने गरिएको छ । सो बाहेकका संगठित संस्था, समिति एवं अन्य संस्थाहरुको लेखापरीक्षणबाट कायम भएको बेरुजूको लगत राखी फछ्यौंट गर्ने जिम्मेवारी संस्थाको सञ्चालक समितिमा रहने व्यवस्थाबमोजिम सम्बन्धित निकायले फछ्यौंट गरी सम्परीक्षणका लागि यस कार्यालयमा पेश गर्ने व्यवस्था अनुरुप कारबाही भइरहेको अवस्था छ ।

३.९ बेरुजू फछ्यौंट समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०६१ सम्मको रु.१० अर्बभन्दा बढीको बेरुजू फछ्यौंट गरेकोमा यो वर्षको रु.१ अर्ब ९५ करोड २५ लाख ९० हजार रहेको छ । बेरुजूमध्ये असुलउपर गरी फछ्यौंट गर्न नियमित कार्यविधिबाट नसकिएमा ऐनको दफा २० अनुसार केन्द्रीय तहसील कार्यालयमा लगत कस्न पठाउनुपर्नेमा हालसम्म रु.१२ करोड ४९ लाख २३ हजारमात्रको लगत कायम रहेको देखिएको छ ।

३.१० आर्थिक कार्यविधि ऐन अनुसार प्रत्येक वर्षको बेरुजू सोही वर्ष कारबाही गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहे तापनि तोकिएको समयभित्र बेरुजू राफसाफ हुनसकेको छैन । लेखाउत्तरदायी अधिकृतले बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी यथासमयभित्रै कारबाही टुङ्गाउने व्यवस्था मिलाउनुपर्दछ ।

संवैधानिक निकाय, मन्त्रालय तथा कार्यालयहरुले शतप्रतिशत बेरुजू फछ्यौंट गरी शून्य बेरुजूको स्थिति कायम गर्नु पर्ने हो । वर्तमान कार्यसम्पादनको अवस्थाबाट त्यो लक्ष्य पूरा हुनसक्ने अवस्था देखिन्न । नियमित प्रकृतिको काम भए पनि दरवन्दी भित्रका कर्मचारीबाट पुराना काम भनि पन्छाउने प्रवृतिले गर्दा करारमा कर्मचारी भर्ना गरी केन्द्रीयस्तरमा बेरुजू फछ्यौंटको काम भइरहेको देखिएको छ । यस्तो अवस्था मितव्ययिताको दृष्टिले उपयुक्त देखिँदैन । अत: बेरुजू फछ्यौंटलाई निकायहरुले प्राथमिकतामा राखी सोही वर्ष फछ्यौंट र सम्परीक्षण गर्नु गराउनु पर्दछ ।

परिच्छेद – ४

लेखापरीक्षणसम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार

संस्थागत सुधार तथा लेखापरीक्षण व्यवस्थापन

- स्वतन्त्रता
- लेखापरीक्षण ऐन परिमार्जन
- लेखापरीक्षण पद्धतिमा सुधार
- सामयिक लेखापरीक्षण
- जोखिममा आधारित लेखापरीक्षण
- सूचना प्रविधिको प्रयोग
- गुणस्तर आश्वस्तता
- समकक्षी पुनरावलोकन

बाह्य सरोकारवालाबाट अपेक्षित योगदान

- संस्थागत सहयोग
- लेखा ढाँचामा पुनरावलोकन
- वित्तीय विवरण प्रस्तुती र आयोजना लेखा
- आन्तरिक नियन्त्रण
- आन्तरिक लेखापरीक्षण
- संगठित संस्थाको आन्तरिक लेखापरीक्षण
- लेखापरीक्षण समितिको व्यवस्था
- बजेट फ्रिज
- कार्यविधि तर्जुमा
- खरिदको तरिका
- खरिद नियमावली
- ठेक्का व्यवस्थापन
- बोलपत्रदातालाई कारबाही
- बजेट खर्च
- पेश्की
- अनुदान कार्यविधि
- निर्णय अनुगमन
- वैदेशिक सहायता
- बेरुजू उपर कारबाही

परिच्छेद – ४

लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार

मुलुकको सार्वजनिक आर्थिक प्रशासनमा जवाफदेही, पारदर्शीता र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गरी प्रतिवेदन गर्दै आएको छ । लेखा तथा लेखापरीक्षणको क्षेत्रमा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्डको पालनामा जोड दिई गुणस्तरयुक्त लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउन यो कार्यालय निरन्तर प्रयत्नशील छ ।

लेखा तथा लेखापरीक्षणका क्षेत्रमा विकसित नवीनतम अवधारणाको विश्वव्यापी प्रयोगको प्रभाव, आर्थिक कारोबारमा भएको विस्तार र जोखिम तथा जटिलताका कारण लेखापरीक्षणको गुणस्तर र स्तरीयता कायम गर्न चुनौतिपूर्ण बनेको छ । मुलुकको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा महालेखापरीक्षकको कार्यालयलाई सुदृढ तुल्याई लेखापरीक्षण व्यवस्थापनमा सुधारको आवश्यकता छ भने कार्यालयको प्रभावकारिता अभिवृद्धि र सार्वजनिक स्रोत साधनको उपयोगको सन्दर्भमा निगरानीकर्ताको रुपमा सरोकारवालाबाट समेत सहयोग प्राप्त भएमा लेखापरीक्षणमा थप सुधार गर्न योगदान पुग्ने देखिन्छ । अन्तर्राष्ट्रिय प्रचलन र व्यवहारअनुसार लेखापरीक्षण व्यवस्थापन र गुणस्तर प्रमुखरुपमा महालेखापरीक्षकको स्वतन्त्रता, लेखापरीक्षणमानको अनुपालना, कर्मचारीहरुको सीप तथा निपूर्णता र आचारसंहिताको पालना आदिमा निर्भर रहन्छ ।

महालेखापरीक्षकले स्वतन्त्र रुपमा गुणस्तरीय लेखापरीक्षण गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) ले जारी गरेका लेखापरीक्षण मानहरुको आधारमा राष्ट्रियमान जारी गरेको, कर्मचारीहरुको आचरण उच्च तथा मर्यादित तुल्याउन आचारसंहिता लागू गरिएको तथा कर्मचारीहरुको सीप तथा दक्षता अभिवृद्धिको लागि तालिम, कार्यशाला आदिको आयोजना गर्ने गरिएको छ ।

माथि उल्लिखित विषयहरुको कार्यान्वयन तथा पालना सम्बन्धमा कार्यालयले स्रोत साधनले भ्याएसम्म व्यवस्थापन गर्दै आएको छ । तथापि त्यसमा देहायबमोजिम थप सुधारको आवश्यकता रहेको छ ।

१. संस्थागत सुधार तथा लेखापरीक्षण व्यवस्थापन

१.१ **स्वतन्त्रता** – आफ्नो काम, कर्तव्य र उत्तरदायित्व वहन गर्न महालेखापरीक्षकको स्वतन्त्रताका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणापत्रसम्मत् किसिमले विद्यमान लेखापरीक्षण ऐनमा संशोधन गरी सो बमोजिम कार्यविधि र नियम तर्जुमा गर्नु जरुरी देखिएको छ । कार्यालयको लागि बजेट प्रस्ताव गर्दा अन्य निकाय सरहको प्रक्रिया अवलम्बन गर्नुको सट्टा सोझै व्यवस्थापिका संसदमा पेश गर्न तथा स्वीकृत बजेट प्रचलित कानूनबमोजिम खर्च गर्न पाउने व्यवस्था मिलाएमा अन्तर्राष्ट्रिय प्रचलन र मान्यता अनुरुप हुने देखिन्छ ।

सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रतालाई कायम राख्दै व्यवस्थापकीय, प्रशासकीय र बजेट स्वतन्त्रता कायम गर्नुपर्ने आवश्यकता देखिन्छ ।

१.२ **लेखापरीक्षण ऐन परिमार्जन** – मुलुकको राजस्व तथा बजेटको बढ्दो आकार, कारोबारको जटिलता, लेखापरीक्षणमा नवीनतम अवधारणाको विकास, लेखापरीक्षणको तरिका तथा कार्यविधि आदिका सन्दर्भमा थप प्रावधानहरुसहित परिमार्जन गरी कार्यान्वयन गर्नु उपयुक्त हुने देखिएको छ । खास गरी सामयिक लेखापरीक्षण, जोखिममा आधारित लेखापरीक्षण, जालसाँजीको लेखापरीक्षण, वातावरणीय लेखारीक्षण, सामाजिक लेखापरीक्षण र लेखापरीक्षणको नमूना छनौटको बारेमा ऐनमा नै स्पष्ट व्यवस्था हुनु आवश्यक देखिएको छ । यस प्रकृतिका लेखापरीक्षणको प्रचलन र सरोकारवालाको माग समेत बढिरहेको सन्दर्भमा तिनलाई सम्बोधन गर्न कानूनी आधार तयार गर्नुपर्ने भएको छ ।

१.३ **लेखापरीक्षण पद्धतिमा सुधार** – लेखापरीक्षणलाई गुणस्तरीय बनाउन औजारको रुपमा रहने गरी तर्जुमा भएका विद्यमान लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको बीसौँ महाधिवेशनबाट स्वीकृत भई सर्वोच्च लेखापरीक्षण संस्थाहरुका लागि अन्तर्राष्ट्रियमान जारी भएका छन् । ती मानदण्डलाई समय सापेक्ष रुपमा अद्यावधिक गर्ने एवं परिमार्जन गरी लागू गर्नुपर्ने देखिन्छ ।

लेखापरीक्षण पद्धतिमा सुधार ल्याउन कार्यान्वयनमा ल्याइएका मानदण्ड, मार्गदर्शन, निर्देशिकालाई अद्यावधिक गर्दै परीक्षण सूची, औजारको विकास गरी कार्यान्वयन गर्नुपर्दछ । यस सन्दर्भमा लेखापरीक्षण गर्ने तरिका जस्तै सारभूत परीक्षणको मात्रा बढाउने, स्थलगत अवलोकन, वैकल्पिक लेखापरीक्षण नमूना छनौट आदि पक्षमा ध्यान दिनुपर्ने देखिएको छ । प्रतिवेदन लेखन र सम्परीक्षणलाई ध्यानमा राखी वित्तीय लेखापरीक्षण दिग्दर्शन, स्वायत्त एवं संगठित संस्थाहरुको लेखापरीक्षण निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

१.४ **सामयिक लेखापरीक्षण –** आर्थिक वर्ष समाप्त भएपछि सम्पादन गरिने परम्परागत लेखापरीक्षण प्रक्रियामा सुधार गर्ने क्रममा आर्थिक कारोबार हुने बित्तिकै अन्तिम लेखापरीक्षण गर्ने प्रणालीको विकास भइसकेको छ । यसबाट लेखापरीक्षण गरिने निकायको कारोबारमा देखिएका कमजोरी र सुधारका क्षेत्रबारेमा औंल्याइने र सो उपर निकायले लेखापरीक्षणबाट देखिएका व्यहोराहरु समयमा नै कार्यान्वयन गर्न सहयोग पुग्दछ । त्यसैले कार्यालयले क्रमिक रुपमा सरोकारवालाको सहयोगमा सामयिक लेखापरीक्षण गर्ने प्रणालीको अवलम्बन गर्नु आवश्यक देखिएको छ ।

१.५ **जोखिममा आधारित लेखापरीक्षण –** सरकारी बजेटमा भएको वृद्धिसँगै लेखापरीक्षण गर्ने जनशक्तिको वृद्धि हुने सम्भावना रहँदैन । यस स्थितिमा सीमित स्रोत साधनबाट निकायका सबै प्रकारका आर्थिक कारोबारको विस्तृत लेखापरीक्षण गर्न सम्भव हुँदैन । त्यसैले लेखापरीक्षणको क्रममा निकायको जोखिम मूल्याङ्कन गरी उच्च जोखिम रहेका निकाय वा कारोबारको मात्र विस्तृत परीक्षण गर्ने गरी जोखिममा आधारित लेखापरीक्षण अवधारणा अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१.६ **सूचना प्रविधिको प्रयोग –** लेखापरीक्षणको स्तरीयता अभिवृद्धि, सूचनामूलक किसिमले लेखापरीक्षण व्यवस्थापन गर्न, तथ्याङ्कको पूर्णता र शुद्धता र प्रतिवेदनको तयारीमा तिब्रता ल्याउन सूचना प्रविधिको उपयोग अपरिहार्य भएको छ । कार्यालयले सम्पादन गर्ने विद्यमान कार्यपत्र व्यवस्थापन प्रणालीलाई यथार्थ, विश्वसनीय र पारदर्शी बनाउन विद्युतीय कार्यपत्र प्रयोगमा ल्याउन समेत आवश्यक भएको छ ।

सार्वजनिक लेखापरीक्षणमा आएका नवीनतम प्रविधिमध्ये सूचना प्रविधिको लेखापरीक्षण पनि एक रहेको छ । नेपाल सरकारका केही कार्यालयलहरुले सूचना प्रविधि प्रयोग गरी आर्थिक कारोबारको लेखा राख्न थालेको सन्दर्भमा यस कार्यालयले पनि सूचना प्रविधिको लेखापरीक्षणलाई जोड दिनु अत्यावश्यक भइसकेको छ । यसका लागि कार्यालयमा दक्ष जनशक्ति सहितको सूचना प्रविधि सम्बन्धी संरचना स्थापना भविष्यमा स्वचालित कार्य प्रणाली स्थापना गर्नुपर्ने देखिन्छ ।

१.७ **गुणस्तर आश्वस्तता –** कार्यालयले सम्पादन गर्ने लेखापरीक्षण कार्य स्वीकृत नीति, मानदण्ड, कार्यविधि अनुरुप भए नभएको मूल्याङ्कन गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीको शुरुवात गरिएकोमा यसलाई प्रभावकारी बनाउन यस प्रणालीलाई थप सुदृढीकरण गर्नुपर्ने देखिन्छ ।

१.८ **समकक्षी पुनरावलोकन** – लेखापरीक्षणको गुणस्तर र विश्वसनियता अभिवृद्धि गर्नका लागि संस्थागत तहमा र वित्तीय लेखापरीक्षण तहमा अन्य देशका सर्वोच्च लेखापरीक्षण संस्थाबाट समकक्षी पुनरावलोकन गर्ने व्यवस्था अवलम्बन गरी कार्यालयले दुबै तहमा सञ्चालन गरेका कार्यहरु असल अन्तर्राष्ट्रिय अभ्यासअनुसार भए नभएको र विद्यमान कार्यप्रणालीमा गर्नुपर्ने सुधारको क्षेत्र पहिचान गर्न सहयोग पुग्ने हुँदा यसको लागि पहल गर्नुपर्ने देखिएको छ ।

२. बाह्य सरोकारवालाबाट अपेक्षित योगदान

२.१ **संस्थागत सहयोग** – लेखापरीक्षणमा सुधार गर्न बाह्य सरोकारवाला पक्षबाट प्रत्यक्ष रुपमा योगदान पुऱ्याउन सकिने अवस्था नभए तापनि अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका रहेको छ । लेखापरीक्षण गरिने मन्त्रालय, विभाग र कार्यालयहरुले समयमा आर्थिक विवरण परीक्षणको लागि पेश गर्ने, लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराउपर समयमा कारबाही गरी फछ्यौंट गर्ने, जवाफ दिने, लेखापरीक्षणको समयमा कार्यालय प्रमुखलगायत लेखासँग सम्बन्धित कर्मचारी उपस्थित हुने तथा मागबमोजिमको स्रेस्ता कागजात तथा सूचना उपलब्ध गराउने, स्थलरुपमा सम्परीक्षण गराउने आदि कार्य प्रभावकारी रुपमा भएमा समयमा लेखापरीक्षण सम्पन्न गर्न र आर्थिक प्रशासनलाई थप सबल र विश्वसनीय बनाउन योगदान पुग्दछ ।

यस अतिरिक्त सार्वजनिक लेखा समितिमा वार्षिक प्रतिवेदनउपर समयमा छलफल गरी भविष्यमा ऐन, नियम, कार्यसञ्चालन प्रणाली तथा प्रक्रियामा हुनुपर्ने सुधार र समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी सुधार भए नभएको बारेमा प्रतिवेदन दिन सकिने र प्रतिवेदनका व्यहोराको पुनरावृत्ति नहुने अवस्था सृजना हुन सक्दछ । यसबाट लेखापरीक्षणको प्राथमिकता क्षेत्र निर्धारण गर्ने सन्दर्भमा पनि कार्यालयलाई आधार प्रदान गर्दछ । सरोकारवालाहरुले आर्थिक प्रशासनसम्बन्धी विषयको उचित व्यवस्थापन गर्न सक्रियता देखाएमा सोबाट लेखापरीक्षणमा सुधार गर्न योगदान पुग्न सक्ने देखिन्छ ।

२.२ **लेखा ढाँचामा पुनरावलोकन –** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२३ को उपधारा (४) मा महालेखापरीक्षकले लेखापरीक्षण गरिने लेखा सम्बन्धित कानूनका अधीनमा रही महालेखापरीक्षकद्वारा तोकिएको ढाँचामा राख्ने व्यवस्था रहेअनुसार २०१८।१।९ देखि विभिन्न मितिमा गरी २१९ किसिमका महालेखापरीक्षक फाराम नम्बर (म.ले.प.फा.नं.) हरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन् । यी फाराममा सामान्य परिवर्तन बाहेक विस्तृत अध्ययन अनुसन्धान गरी सुधार भएको छैन । तत्कालीन समय परिस्थितिअनुसार स्वीकृत भएका कतिपय फारामहरु अहिलेको सन्दर्भमा सान्दर्भिक समेत रहेका छैनन् । लेखा विवरण तयारी तथा अभिलेख व्यवस्थापनमा सुधार गर्न वित्तीय विवरण तयारी र प्रस्तुतीकरणमा एकरुपताका लागि लेखा संरचना (एकाउन्टिङ फ्रेमवर्क) र लेखामान तयार गरी कार्यान्वयन गर्नु जरुरी छ । अवधारणागत विषय निश्चित नभई तयार गरिने वित्तीय विवरणमा एकरुपता नहुने हुँदा वित्तीय विवरण एकीकृत गर्न, विश्लेषण गर्न तथा तुलना गर्न कठिन हुन्छ । नेपाल सरकारको २०६६।५।३० को निर्णयबाट सार्वजनिक क्षेत्रका लागि नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानसमेत स्वीकृत भइसकेको छ भने अन्तर्राष्ट्रिय मुद्रा कोषबाट सरकारी लेखा प्रणालीले दिनुपर्ने सूचनाहरु समेत उल्लेख भइसकेको छ । स्वीकृत लेखामान कार्यान्वयन गरेमा सो अनुरुप लेखापरीक्षणको तरिका अवलम्बन गर्न सहयोग पुग्ने देखिएको छ ।

२.३ **वित्तीय विवरण प्रस्तुति र आयोजना लेखा** – हालसम्म सरकारी निकायले विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य कारोबारको बेग्लाबेग्लै वित्तीय विवरण पेश गर्ने गरेका छन् । महालेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको हिसाब कार्यालयहरुको आर्थिक विवरणलाई संयोजन नगरी विभिन्न स्रोतका तथ्याङ्कबाट तयार गर्ने गरेको छ । कार्यालयले गरेका सबै आर्थिक कारोबार चित्रण हुने गरी कार्यसञ्चालनस्तर तथा केन्द्रीयस्तरका कार्यालयले तयार गर्नुपर्ने कार्यालयगत तथा एकीकृत वित्तीय विवरणको ढाँचा परिमार्जन गरी कार्यान्वयन गर्नुपर्दछ ।

महालेखापरीक्षकद्वारा सबै लेखा उत्तरदायी अधिकृतहरुलाई उपलब्ध गराइएको लेखापरीक्षणको वार्षिक कार्यतालिका अनुसार दातृ संस्थाहरुको सहयोगमा सञ्चालन भएका विकास आयोजना तथा कार्यक्रमहरुको लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा उपलब्ध गराउने गरी लेखापरीक्षण गराउने र यसका लागि कुनै आयोजनाको लेखा केन्द्रमा झिकाई परीक्षण गराउनुपर्ने भएमा यस कार्यालयलाई अग्रीम जानकारी दिएमा सोहीअनुसार लेखापरीक्षण हुने व्यवस्था मिलाइएको थियो । दातृ निकायसँग भएको सम्झौतामा निर्धारित अवधिभित्र लेखापरीक्षण गरिएको आयोजना हिसाब पेश गर्नुपर्ने भएकोले वैदेशिक स्रोत समेतबाट सञ्चालित योजना तथा कार्यक्रमहरुले समयमा नै आयोजना हिसाब तयार गरी लेखापरीक्षण

गराउनुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट वित्तीय विवरण प्रमाणित गराई लेखापरीक्षण प्रतिवेदन प्राप्त गर्नुपर्नेतर्फ सम्बन्धित निकायहरुको सक्रियता आवश्यक देखिएको छ ।

२.४ **आन्तरिक नियन्त्रण** – आर्थिक कारोबारबाट प्राप्त हुने प्रतिफल सुनिश्चित गर्न विभिन्न कानून, निर्देशिका तथा मार्गदर्शनमा आन्तरिक नियन्त्रणका विभिन्न उपकरणको व्यवस्था गरेको छ । कानूनी व्यवस्थाको परिपालना गरी सार्वजनिक स्रोत साधनको सदुपयोग गर्दै प्रभावकारी सेवाप्रवाह गर्न नेपाल सरकारले विभिन्न कार्यविधि र निर्देशिका बनाई लागू गरेको छ । आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन र पालनामा नीति निर्मातादेखि कार्यान्वयन तहका पदाधिकारीहरुको ध्यान जानुपर्दछ । तोकिएको आन्तरिक नियन्त्रणका उपकरण पनि कारोबारको जटिलता, आकार एवं प्रकृतिअनुरुप अद्यावधिक गरिनुपर्दछ । कतिपय अवस्थामा तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्ने, इन्धन खर्चको लगबुक नराख्ने, बैङ्क हिसाब मिलान विवरण तयार नगर्ने, धरौटीको व्यक्तिगत खाता नराख्ने, मूल्य अभिवृद्धि करको निर्धारित बिलबिना भुक्तानी दिने आदि कारोबार सञ्चालनका स्थापित कार्यविधिको पालनामा देखाएको उदासिनताले लेखापरीक्षण कार्यमासमेत कठिनाइ पर्ने गरेको छ ।

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५ बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा सबै निकायले यस्तो प्रणाली तयार गरी लागू नगरेकाले सो प्रणाली तर्जुमा गरी लागू गर्नुपर्दछ ।

२.५ **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षण सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ ले व्यवस्था गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ ले आन्तरिक लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरु स्पष्ट रुपमा किटान गरेको छ । ती व्यवस्था लेखापरीक्षण ऐन, २०४८ ले अन्तिम लेखापरीक्षणको लागि तोकिएको विषय सरह नै अधिकार प्रदान गरेको छ । तर नियमावलीले तोकिएबमोजिम आन्तरिक लेखापरीक्षण हुन नसकेको अवस्था छ । सरकारी कार्यालयको आन्तरिक लेखापरीक्षणका लागि महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण निर्देशिका बनाई कार्यान्वयनमा ल्याएको छ । आन्तरिक लेखापरीक्षणले आर्थिक कारोबारमा हुने भूल, त्रुटी, गल्ती समयमा पहिल्याई सुधार गर्नका लागि सहयोग पुऱ्याउने र अन्तिम लेखापरीक्षणलाई मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको परीक्षणमा केन्द्रीत रहन मद्दत पुऱ्याउँदछ । आन्तरिक लेखापरीक्षण कमजोर रहेको र तोकिएको समयमा हुने नगरेकोले यसलाई सुदृढ बनाएमा अन्तिम लेखापरीक्षण सहज हुने र नियमितताको लेखापरीक्षणभन्दा जोखिममा आधारित र कार्यमूलक लेखापरीक्षण लगायतका विशेष प्रकृतिका लेखापरीक्षण गर्न सकिने अवस्था रहन्छ । त्यसैले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन संगठनात्मक संरचना, कानूनी व्यवस्था, क्षमता र पद्धति विकास गरी अन्तिम लेखापरीक्षणलाई सहयोग पुग्ने अवस्था सिर्जना गर्नुपर्दछ ।

२.६ **संगठित संस्थाको आन्तरिक लेखापरीक्षण** – कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएका सार्वजनिक संस्थानमा लेखापरीक्षण समिति गठन हुनुपर्नेमा कतिपय कम्पनीमा समिति गठन हुन सकेको छैन । कम्पनी ऐन बाहेक अन्य कानूनअनुसार गठन भएका प्रायःजसो संगठित तथा स्वायत्त संस्थामा लेखापरीक्षण समिति गठन गर्ने कानूनी व्यवस्था गरिएको छैन ।

संगठित संस्थाले वार्षिक वित्तीय विवरण तोकिएको समयभित्र तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्नेमा जनशक्तिको कमी, दक्षताको कमी, सञ्चालक समितिको बैठक आवश्यक समयमा बस्न नसक्नु जस्ता कारण देखाई समयमा वित्तीय विवरण तयार गर्नसकेका छैनन् । वित्तीय विवरण तयार पार्ने निर्धारित ढाँचा नभएको वा ढाँचा निर्धारित भएका संस्थाले पनि परिवर्तित कानून वा लेखामानबमोजिम सूचनामूलक ढाँचा तयार गर्नसकेको छैन । सार्वजनिक संस्थान, संगठित संस्था, विश्वविद्यालयहरुमा आन्तरिक लेखापरीक्षण कार्यले कम प्राथमिकता पाएको देखिएको छ । कतिपय संगठित संस्थाले आन्तरिक लेखापरीक्षणको लागि बाह्य सेवा लिने व्यवस्था गरेकोमा कारोबार वर्ष समाप्त भएपछि सेवा खरिद गर्ने, सेवा खरिद पछि कामको अनुगमन नगर्नाले प्रभावकारी बन्न सकेको छैन । आन्तरिक लेखापरीक्षण कार्यलाई कारोबार वर्षको सुरुदेखि नै व्यवस्थित गर्न सकिएमा मात्र आर्थिक अनुशासन पालनामा सहयोग पुग्न सक्ने भएकोले मन्त्रालयहरु यसमा चनाखो बन्नुपर्दछ ।

लेखापरीक्षण समितिले निकायको आन्तरिक लेखापरीक्षण लगायत आन्तरिक नियन्त्रणका उपकरण प्रयोग गरी हिसाब अद्यावधिक गरी समयमा वित्तीय विवरण पेश गरेमा लेखापरीक्षण कार्य नियमितताभन्दा मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको परीक्षणमा केन्द्रित हुन सक्ने र संस्थाले कानूनले तोकेको अवधिमा लेखापरीक्षण गराउन सहयोग पुग्ने हुनाले यसतर्फ ध्यान जानु जरुरी छ ।

२.७ **लेखापरीक्षण समितिको व्यवस्था** – सार्वजनिक तथा निजी क्षेत्रका निकायहरुमा लेखापरीक्षण समितिको व्यवस्था रहेको पाइन्छ । कम्पनी ऐन, २०६३ मा पनि लेखापरीक्षण समितिको व्यवस्था रहेको छ । लेखापरीक्षण समितिको प्रमुख काम संस्थाका कार्यकारी प्रमुख, सञ्चालक समिति, उच्च व्यवस्थापनलाई वित्तीय प्रशासनसँग सम्बन्धित पक्षहरु जस्तै वित्तीय विवरण, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन, ऐन नियमको परिपालना, आन्तरिक तथा बाह्य लेखापरीक्षण आदिका सन्दर्भमा निकायलाई सहयोग गरी निकाय भित्रको जवाफदेहितालाई अभिवृद्धि गर्नमा योगदान पुऱ्याउने प्रचलन रहेको छ ।

उपर्युक्त सन्दर्भमा मुलुकको आर्थिक प्रशासनअन्तर्गत बजेट कार्यान्वयन, राजस्व तथा खर्च व्यवस्थापन, ऋण व्यवस्थापन, सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण आदि क्षेत्रमा कयौं कमी कमजोरी र सुधार गर्नुपर्ने व्यहोरा अन्तिम लेखापरीक्षणबाट हरेक वर्ष औंल्याइएको र बेरुजू पनि बढ्दै गएको अवस्था छ । समग्र आर्थिक प्रशासनको व्यवस्थापनमा प्रमुख रुपमा अर्थ मन्त्रालयलगायत मन्त्रालयका प्रमुख लेखा उत्तरदायी अधिकृत, विभागीय प्रमुख र कार्यालय प्रमुखहरु जिम्मेवार हुने भए तापनि आर्थिक प्रशासनसँग सम्बन्धित समस्याहरुको समयमा र दिगो रुपमा समाधान गर्न गराउनमा लेखापरीक्षण समितिले ठूलो योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

मौजूदा प्रचलन अनुसार मन्त्रालयमा रहेको आर्थिक प्रशासन महाशाखाले नियमित लेखा तथा लेखाङ्कनको साथै बजेट व्यवस्थापन, आन्तरिक नियन्त्रण र बेरुजू व्यवस्थापनसम्म गर्नुपर्ने दायित्व वहन गर्दै आए तापनि माथि उल्लेखित समस्याहरुको दिगो समाधान हुन नसकेको कारणबाट हरेक वर्ष आर्थिक प्रशासनमा समान प्रकृतिका व्यहोराहरु दोहोरिएको स्थिति छ ।

अत: हरेक मन्त्रालयमा प्राविधिक सहित आर्थिक प्रशासनसँग सम्बन्धित कर्मचारीहरु समावेश गरी कार्य विवरण सहितको लेखापरीक्षण समिति गठन गर्न आर्थिक कार्यविधि ऐन, २०५५ मा व्यवस्था हुनुपर्ने देखिन्छ । यसबाट आर्थिक प्रशासनलाई छिटो छरितो बनाउन, निकाय भित्रको जवाफदेहिता अभिवृद्धि गर्न, लेखापरीक्षण गर्न गराउन समेत सहज हुने, अन्तिम लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षण तथा जोखिममा आधारित लेखापरीक्षण गर्न सकिने भई आर्थिक स्रोत साधनको उपयोग बढी उत्तरदायी किसिमले गर्न गराउन सहयोग पुग्ने देखिन्छ ।

२.८ **बजेट फ्रिज** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा फ्रिज नहुने बजेट उपशीर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकिदिने र यस्ता उपशीर्षकहरुको बाहेक साल तमाम हुनुभन्दा अगाडि नै खर्च हुन बाँकी रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा एक आर्थिक वर्षको लागि महालेखा नियन्त्रक कार्यालयले तोकेको उपशीर्षकलाई विभिन्न आर्थिक वर्षको लागि प्रयोग गर्ने, सम्बन्धित मन्त्रालयले निर्णय गरी फ्रिज नगर्न अनुरोध गरेको आधारमा फ्रिज नगर्ने तथा बेरुजू औंल्याएपछि अर्थ मन्त्रालयले समेत निर्णय गर्ने गरेको पाइयो । कानूनमा रहेको उपर्युक्त प्रावधानको पालना गर्नुपर्दछ ।

२.९ **कार्यविधि तर्जुमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि तोकेको छ । उक्त कार्यविधिअनुसार कार्य सम्पादन भए नभएको मूल्याङ्कन गर्न उपभोक्ता समितिको दर्ता, कार्य सञ्चालन प्रक्रिया, बैठक सम्बन्धी कार्यविधि, निर्माण कार्य गर्दा अपनाउनुपर्ने प्रक्रिया, समितिको खरिद कार्यविधि, लेखा राख्ने तथा लेखापरीक्षण सम्बन्धमा छुट्टै कार्यविधि तयार नगरेकाले विभिन्न सरकारी निकायले समितिबाट काम गराउँदा अवलम्बन गर्ने प्रक्रिया

फरक फरक हुने गरेको पाइयो । कानूनमा भएको व्यवस्थाअनुसार कार्य सञ्चालनमा एकरुपता ल्याउन छुट्टै कार्यविधिको तर्जुमा गर्नुपर्ने देखिन्छ । यसबाट लेखाङ्कन तथा लेखापरीक्षण गर्न गराउन मात्र नभई कारोबारमा पारदर्शिता र जवाफदेहिता सुनिश्चितमा योगदान पुग्ने देखिन्छ ।

सार्वजनिक बजेटको ठूलो हिस्सा उपभोक्ता समितिबाट कार्यान्वयन हुने गरेको छ । यसैगरी गैरसरकारी संस्थाबाट समेत कार्यान्वयन हुने गरेको छ । तर उपभोक्ता समितिबाट काम गराउँदाको अवस्थामा कानूनी व्यवस्थाहरु अस्पष्ट र द्विविधाजनक अवस्थामा छन् । सरकारी आर्थिक कारोबार गर्ने पदाधिकारीले कानूनले अनिवार्य रुपमा पालना गर्नुपर्ने प्रक्रिया पालना नगरेको अवस्थालाई बेरुजू कायम भएपछि असुल गर्ने वा नियमित गर्ने वा पत्राचार गर्ने प्रथा अन्त गरिनुपर्दछ ।

२.१० **खरिदको तरिका** – सार्वजनिक निकायले गर्ने खरिदहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्ने कानूनी व्यवस्था छ । धेरैजसो कार्यालयले नियमित आवश्यक पर्ने मर्मत सम्भार विज्ञापन सेवा, स्टेशनरी खरिद, कम्प्युटर जस्ता खरिदमा सार्वजनिक खरिद ऐनको कार्यविधि पूरा नगरी सोझै खरिद गरेकोमा बेरुजू कायम हुन गएको छ । नियमित आपूर्ति गरिने यस्ता सामान, ससाना निर्माण तथा सेवाहरु खरिद गर्ने सरल प्रतिस्पर्धात्मक तरिकाको रुपमा नियमावलीमा संरचनात्मक वा इकाई दर सम्झौता, पीस वर्क सम्झौता तथा सेवा समय निश्चित नभएको परामर्श सम्झौताका प्रकारहरुको व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को तेस्रो संशोधनले नेपाल सरकार र संवैधानिक निकायको खरिदमा सहयोग गर्ने गरी यस्ता खरिदको तरिका केन्द्रीयरुपमा व्यवस्थापन गर्न सक्ने गरी सरकारी खरिद सेवा कार्यालयको स्थापना गर्नसक्ने अधिकार नेपाल सरकारलाई दिएको छ । नियमित प्रकृतिका धेरै थरी सामान, निर्माण वा सेवा खरिद गर्न तथा सानो रकमको खरिद भएका कार्यालयका लागि संरचनात्मक दर, पीस वर्क वा सेवा निश्चित नभएको परामर्श जस्ता तरिकाबाट खरिद गर्न आवश्यक नमूना बोलपत्र तथा मार्गदर्शन तयार गरी लागू गरेमा तथा सो कार्यालयको कार्यक्षेत्रमा आउन चाहने स्वायत्त निकायलाई पनि समेटेको अवस्थामा सोझै खरिद गरिएकाले खरिद प्रक्रियामा देखिएको अपारदर्शिता तथा खरिद लागत एवं बेरुजूको परिमाणमा उल्लेख्य कमी आउने देखिएकोले त्यसतर्फ पहल हुनु आवश्यक छ ।

२.११ **खरिद नियमावली** – सार्वजनिक खरिद ऐन, २०६३ सबै प्रकारका सार्वजनिक निकायमा लागू भएको छ तर सार्वजनिक खरिद नियमावली, २०६४ संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयमा मात्र लागू हुन्छ । सरकारी निकाय वा कार्यालयबाहेक अन्य सार्वजनिक निकायको हकमा निकायसँग सम्बन्धित ऐन, नियम वा गठन आदेशको अधीनमा रही आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको देखिन्छ । सरकारी निकाय वा कार्यालय एवं स्थानीय निकायबाहेक सार्वजनिक क्षेत्रका अन्य निकायले खरिद नियम तयार गरिसकेको पाइएको छैन । अत: निकायको खरिद प्रणाली प्रतिष्पर्धात्मक, स्वच्छ र पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन, २०६३ मा उल्लेख भएका प्रावधान समेटी सबै सार्वजनिक निकायले खरिद सम्बन्धी नियम तर्जुमा गरी लागू गर्नुपर्दछ ।

२.१२ **ठेक्का व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ कार्यक्रम कार्यान्वयन कार्यतालिका बनाउँदा लागत अनुमान तयार गर्ने, ठेक्का व्यवस्थापन गर्ने, स्थानीय निकायको सहयोग जुटाउने सम्बन्धी कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । तर केही मन्त्रालय मातहत कार्यालय आयोजनाहरुले तदनुसार नगरी तेस्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको तथा आषाढ महिनामा बढी खर्च गरेको केही उदाहरण देखिएका छन् । यसबाट सो वर्ष गर्नुपर्ने कार्य अर्को वर्ष गर्नुपर्ने अवस्था रहने, ऐन नियममा भएका व्यवस्था पूर्ण रुपमा पालना गर्न कठिनाई हुने, हतारमा खर्च गर्दा खास गरी निर्माण कार्यको गुणस्तर कायम नरहने, तोकिएको सीमा पालना नगरी खर्च हुने आदि अवस्था रहने देखिन्छ । उदाहरणको लागि भौतिक योजना तथा निर्माण मन्त्रालय मातहत कार्यालयहरुको यो वर्ष ठेक्का व्यवस्था गरेका २,२११ ठेक्कामध्ये १,९०६ ठेक्का तेस्रो चौमासिकमा गरेको पाइयो । यसै गरी भौतिक योजना मन्त्रालय र सिंचाई मन्त्रालय

मातहत केही निकायहरुले यस वर्षको कुल खर्चमध्ये क्रमश: ५०.४९ र शतप्रतिशतसम्म आषाढ महिनामा खर्च गरेको देखिएको छ ।

कानूनले तोकेको समयमा ठेक्का व्यवस्थापन नगर्ने, आर्थिक वर्षको अन्त्यमा सम्झौता गरी ठेक्का व्यवस्था गर्ने, आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुन जरुरी देखिन्छ ।

२.१३ **बोलपत्रदातालाई कारबाही** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा बोलपत्र आव्हान गरी पर्न आएका बोलपत्रहरुमध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएको बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सोभन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । सम्झौता गर्न नआउने बोलपत्रदातालाई हुने कारबाही तथा सम्झौता गर्न आउने र नआउने बोलपत्रदाताको कबोल रकममा भएको फरकको विषयमा केही उल्लेख छैन । कुनै सार्वजनिक निकायमा सेवा वा वस्तु आपूर्ति गर्न पेश गरेको बोलपत्र स्वीकृत भएपछि खरिद सम्झौता नगर्ने बोलपत्रदातालाई कालोसूचीमा राख्ने व्यवस्थालाई कडाइकासाथ पालना गराउनुपर्दछ ।

२.१४ **बजेट खर्च** – आर्थिक वर्षको अन्त्यमा गैर बजेटरी रकम निकासा दिने, रकमान्तर गरी ठूलो रकम निकासा दिने र सो रकमबाट कार्यालयहरुले पेश्की खर्च लेख्ने एवं फ्रिज नहुने खातामा ट्रान्सफर गर्ने परिपाटी देखिएको छ । यस सम्बन्धमा यो वर्षको बजेट कार्यान्वयन नीतिमा सामान्यतया आषाढमा रकमान्तर नगर्ने, अर्थ मन्त्रालयले बैशाखदेखि आषाढ महिनासम्ममा स्वीकृत बजेटको ४० प्रतिशत र आषाढ महिनामा मात्र २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था गरेको थियो । तर विभिन्न कारण जनाई यो व्यवस्थालाई खुकुलो बनाउँदा अपेक्षा गरिए अनुसार सुधार हुन सकेको पाइएन । बजेट कार्यान्वयन गर्दा ऐन नियमका प्रावधान कार्यान्वयन गर्नुका अतिरिक्त यस प्रकार लिइएका निर्णयलाई पूर्ण रुपले पालना गर्ने व्यवस्था गरेमा वर्षको अन्तमा बजेट खर्च गर्ने उद्देश्यले स्थापित कानूनी प्रावधान मिची काम गराउने प्रवृत्तिमा कमी आई आर्थिक अनुशासन बढ्न जाने देखिएकोले बजेट रकमान्तर, खर्च सीमा सम्बन्धी लिइएका नीति कार्यान्वयनलाई निरन्तरता दिनुपर्दछ ।

२.१५ **पेश्की** – आर्थिक वर्षको अन्तमा फछ्यौंट नभएको पेश्की रकम बेरुजू कायम हुने गरेको छ । फछ्यौंट गर्न बाँकी पेश्कीको कार्यालयको खातामा जिम्मेवारी सारी कार्यसञ्चालन र केन्द्रीय स्तरको आर्थिक विवरणमा अद्यावधिक गरी प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

पेश्कीलाई जिम्मेवारी सारी प्रतिवेदन गर्ने प्रणाली विकास गरिएमा पेश्की बेरुजू कायम नहुने व्यवस्था गर्न सकिने देखिन्छ ।

२.१६ **अनुदान कार्यविधि** – नेपाल सरकारले स्थानीय निकाय र अन्य संगठित संस्था, गैर सरकारी संस्थालाई निशर्त र सशर्त अनुदान नियमित रुपमा वा पटके रुपमा उपलब्ध गराउँदै आएको छ । यसरी अनुदान दिइएका संस्थाहरुबाट नियमित रुपमा प्रगति प्रतिवेदन लिई ती निकायको लेखापरीक्षण प्रतिवेदन लिई अनुगमन गर्ने व्यवस्थामा शिथिलताको कारणबाट सदुपयोगको आश्वस्त हुनसक्ने अवस्था छैन । सशर्त अनुदान निश्चित कामको लागि उपलब्ध गराइएकोले सो काम सोही वर्षभित्र पूरा नभएमा बाँकी रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेमा सो नगरी सम्बन्धित संस्थामा नै राख्ने, तोकिएको कार्यभन्दा अन्यत्र खर्च गर्ने गरेको समेत देखिएबाट अनुदानको सदुपयोग हुन नसकेको अवस्था छ । अत: नेपाल सरकारले उपलब्ध गराएको अनुदानको सम्बन्धमा निश्चित कार्यविधि बनाई अनुगमन गर्ने व्यवस्था गरी सशर्त अनुदान उपलब्ध गराएको वर्षमा खर्च हुन नसकेमा फिर्ता गरी सञ्चित कोष दाखिला गराउनुपर्दछ ।

२.१७ **निर्णय अनुगमन** – सार्वजनिक लेखा समिति सार्वजनिक लेखापरीक्षण संस्थाको पथ प्रदर्शक, मार्गदर्शक हो । यो संस्थाले महालेखापरीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरु माथि छलफल गरी निर्णय दिने गरेको छ । सार्वजनिक लेखा समितिको निर्णय र निर्देशन कार्यान्वयन गरेको अवस्थामा वित्तीय अनुशासन पालन सुदृढ हुन्छ ।

सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको प्रतिवेदनका अलावा सार्वजनिक लेखा तथा आर्थिक प्रशासनसँग सम्बन्धित विभिन्न पक्षमा छलफल गरी नेपाल सरकार वा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने गरेको छ । सम्बन्धित कार्यालयले यस्ता निर्णयको अभिलेख नराख्नाले यस्ता निर्णयको कार्यान्वयन अवस्थाको परीक्षण गर्न सकिएको छैन । यस्ता निर्णयको अभिलेख खडा गरी यस कार्यालयबाट कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२.१८ **वैदेशिक सहायता** – राज्यमा प्राप्त हुने सबै किसिमका वैदेशिक सहायताको हिसाब राष्ट्रिय लेखामा देखिनुपर्दछ । सबै सहायताहरुको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था गरी सहायताको प्रभावकारी उपयोग, पारदर्शीता र जवाफदेहीता प्रबर्द्धन गर्न कानूनी व्यवस्था हुनुपर्दछ ।

२.१९ **बेरुजू उपर कारबाही** – बेरुजू, लगत, फछ्यौंट र सम्परीक्षण सम्बन्धी विद्यमान कानूनी व्यवस्था र प्रचलित अभ्यासको विश्लेषण गर्दा देखिएका समस्या समाधानका लागि निम्न उपायहरु अवलम्बन गर्नुपर्दछ:

- कानूनले तोकेको म्याद (३५ दिन) भित्रै लेखापरीक्षणबाट औंल्याइएको बेरुजू जिम्मेवार व्यक्तिले आवश्यक कागज प्रमाण पेश गर्ने, प्रचलित कानूनअनुसारका कारबाही टुङ्ग्याउने र सम्बन्धित जिम्मेवार व्यक्तिलाई थप कर्तव्यनिष्ठ बनाउनु आवश्यक देखिएको छ ।

- आर्थिक कारोबारमा संलग्न जिम्मेवार व्यक्तिहरुले स्थलगत लेखापरीक्षणको समयमा विगतको बेरुजू फछ्यौंटको लेखाङ्कन गरी सम्परीक्षणको लागि पेश गर्ने काम प्रभावकारी रुपमा कार्यान्वयन हुनसकेको छैन । प्रमाण कागजात पेश गर्न नसकेको बेरुजू कायम भएकोमा मनासिब माफिकको कारण नभई प्रमाण वा फछ्यौंटको विवरण सम्परीक्षणको लागि लेखापरीक्षक समक्ष पेश नगर्ने पदाधिकारी उपर कारबाही हुने व्यवस्था गर्नुपर्दछ ।

- यस कार्यालयले प्रत्येक वर्ष लेखापरीक्षण गरी बेरुजू औंल्याउने तर सरकारी रकम खर्च गर्ने जिम्मेवार निकायले समयमै आर्थिक कार्यविधि ऐन तथा नियमावलीबमोजिम कारबाही गरी असुल फछ्यौंट नगर्ने र लामो समय पश्चात् मात्र फछ्यौंटको प्रयास गर्नु गराउनु उपयुक्त होइन । यसले गर्दा बेरुजू रकम वृद्धि हुने मात्र नभई आर्थिक अनुशासनमा विसङ्गति आउने भई आर्थिक कारोबारको विश्वसनीयतामा असर पुग्दछ । लेखा उत्तरदायी अधिकृतहरुले बेरुजू नियमित गर्न मात्र जोड नदिई अनियमित कारोबार गर्ने जिम्मेवार व्यक्तिउपर कानूनअनुसारको कारबाही गरी गराई मात्र नियमित गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

- धेरै पुराना बेरुजू कारबाही गर्ने सन्दर्भमा सम्बन्धित व्यक्ति वा प्रमाण कागजात फेला नपर्नु, परेकोमा पनि विश्वसनीयताको प्रश्न गर्ने स्थिति रहनु, निर्मित वा खरिद भएका वस्तुको अस्तित्व नै मेटिनु वा नरहनु जस्ता कारणले ती बेरुजू प्रमाण पेश गरी फछ्यौंट गर्न कठिनाइ पर्ने स्थिति उत्पन्न भएको छ । यस्तो अवस्थामा बेरुजूको गाम्भीर्यता एवं असरसमेतलाई विश्लेषण गरी विद्यमान कानूनी प्रक्रियाको आधारमा फछ्यौंट गरी सम्परीक्षण गराउने र कारबाही गरी असुल गर्नुपर्नेको हकमा लगत कसी कारबाहीको प्रक्रिया अघि बढाई फछ्यौंट गर्नु गराउनुपर्दछ ।

- आर्थिक कार्यविधि ऐन, २०५५ ले लेखापरीक्षण गरी कायम भएका सबै बेरुजू निर्धारित समयभित्र सम्परीक्षण गराउनुपर्ने व्यवस्था गरेको सन्दर्भमा बेरुजू फछ्यौंट र सम्परीक्षण गराउने कार्यमा प्रतिशत तोक्ने व्यवस्थामा समेत पुनरावलोकन हुनुपर्दछ ।

- बेरुजू फछ्यौंटको जिम्मेवारीको किटानी व्यवस्था भए तापनि जिम्मेवार व्यक्ति तथा लेखाउत्तरदायी अधिकारीबाट बेरुजू फछ्यौंट गर्ने गराउने कार्यमा भएका प्रयास अपेक्षा गरे अनुसार प्रभावकारी देखिएको छैन । असुल गर्नुपर्ने प्रकृतिका बेरुजूहरु केन्द्रीय तहसिल कार्यालयमा लगत कसी फछ्यौंट गर्नें गराउने व्यवस्था गरेको भए पनि सरकारी निकायहरुले केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउने कार्य पर्याप्त सूचनाको कमिले गर्दा प्रभावकारी रुपमा कार्यान्वयन नभएकाले कानूनमा स्पष्ट व्यवस्था गर्ने र

सूचना व्यवस्थापनमा प्रभावकारीता ल्याउने तथा सो कार्यको अनुगमन गरी बेरुजू असुल फछ्यौंट गर्ने गराउनेतर्फ विशेष पहल हुनुपर्ने देखिएको छ ।

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ मा वार्षिक कार्यसम्पादन प्रतिवेदन तालुक विभाग र मन्त्रालयमा पेश गर्दा लेखापरीक्षणार्थ आर्थिक विवरण पेश गरेको मिति, लेखापरीक्षण रकम, बेरुजू रकम र सम्परीक्षणका व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्थाका साथै सो प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन पुरस्कार दिनुपर्ने भए दिने र कार्य सन्तोषजनक नभए स्पष्टीकरण माग गरी यथोचित निर्देशन दिने प्रावधानले बेरुजू फछ्यौंटलाई परोक्ष रुपमा कार्यसम्पादनसँग आवद्ध गरेको देखिएको छ । यस्को कार्यान्वयन प्रभावकारी बनाइनुपर्दछ ।

  समयमा बेरुजू राफसाफ हुन नसक्नुमा आर्थिक कारोबारमा संलग्न हुने जिम्मेवार व्यक्ति गम्भीर नहुनु, तालुक निकायले मातहत निकायको निरीक्षण तथा अनुगमन गरी मूल्याङ्कन व्यवस्था सुदृढ नगर्नु, अनियमित गर्ने जिम्मेवार व्यक्तिउपर कारबाही नहुनु, अनियमित कारोबार गर्ने जिम्मेवार व्यक्ति पहिचान गरी कारबाही नियमित गर्ने परिपाटी एवं कानूनी व्यवस्थामा पुनरावलोकन गरी समय सापेक्ष बनाई कार्यान्वयनमा जोड नदिइनु जस्ता प्रमुख कारण देखिएका छन् । बेरुजू अङ्क नियमित गरेर बेरुजू फछ्यौंट गर्दैमा आर्थिक प्रशासनमा सुधार हुन सक्दैन । बेरुजूको गाम्भिर्यता विचार नगरी बेरुजूको वार्षिक फछ्यौंट लक्ष्य पुऱ्याउने प्रयोजनको लागि नियमित गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ । समस्या सिर्जना भएपछि समाधान खोज्ने परम्परामा सुधार गरी समस्या नै सिर्जना हुन नदिने गरी विद्यमान ऐन कानूनको पालना, जिम्मेवारी र जवाफदेहीता बहन गर्ने व्यवस्था अवलम्बन गर्नुपर्ने देखिन्छ ।

कार्यालय गतिविधि

१. **महासभामा सहभागिता –** नेपाल अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संगठन (इन्टोसाई) को सन् १९६८ र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन (एसोसाई) को सन् १९७९ देखि सदस्य रहदैआएको छ । प्रत्येक ३ वर्षमा हुने सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एशियाली संगठन (एसोसाई) को बाहौ क्षेत्रीय महासभा २०६८ फागुन १४ देखि २० सम्म भारतको जयपुरमा भएको थियो । उक्त महासभामा नेपालको तर्फबाट कार्यवाहक महालेखापरीक्षकको नेतृत्वमा एक उप–महालेखापरीक्षक र एक निर्देशक सहभागी हुनुभएको थियो ।

महासभामा एशोसाईको सचिवालयको प्रतिवेदन, रणनैतिक योजना (२०११-१५) को समीक्षा, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको मानदण्डहरुको कार्यान्वयन र प्रगति स्थितिलगायत व्यावसायिक मानदण्ड समिति, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण कार्य समितिका प्रतिवेदनहरुउपर छलफल भएको थियो ।

२. **अन्तरक्रिया एवं गोष्ठी -** महालेखापरीक्षकको ४८ सौँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरुका सम्बन्धमा २०६८ जेष्ठ ९ गतेका दिन कार्यबाहक महालेखापरीक्षकले सार्वजनिक लेखा समितिमा प्रतिवेदनको सारांश प्रस्तुत गर्नुभयो । समितिको उक्त बैठकबाट प्रतिवेदनमा औल्याइएका व्यहोराहरु कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशनसमेत दिएको छ ।

२.१. वार्षिक कार्यक्रमबमोजिम २०६८ असार २३ गते लेखा उत्तरदायी अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिवलगायत लेखा उत्तरदायी अधिकृतहरुको उपस्थिति थियो । कार्यक्रममा महालेखापरीक्षकको कार्यालयको २०६८।६९ को वार्षिक कार्यतालिका प्रस्तुत गरिएको थियो । मुख्य सचिवले सर्वोच्च लेखापरीक्षण संस्था र कार्यकारिणीबीचको सम्बन्धबारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यवाहक महालेखापरीक्षकले लेखा उत्तरदायी अधिकृतले उठाउनुभएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

२.२. महालेखापरीक्षकको कार्यालय र नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि नियुक्त लेखापरीक्षकहरुबीच २०६८ भाद्र २८ गते अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

२.३. महालेखापरीक्षकको कार्यालय र विश्व वैङ्क नेपालको संयुक्त आयोजनामा यस कार्यालयमा २०६८।४।३२ गते "आयोजनाको वित्तीय विवरण एवं लेखापरीक्षण प्रतिवेदनको प्रभावकारिता अभिवृद्धि" विषयक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । सो गोष्ठीमा विश्व बैङ्कको सहयोगमा सञ्चालित आयोजनाहरुका प्रमुख र लेखा प्रमुख, महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधि, सम्बन्धित मन्त्रालय एवं विश्व बैङ्क नेपालका प्रतिनिधिको उपस्थिति थियो ।

३. **महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजना –** महालेखापरीक्षकको कार्यालयको त्रिवर्षीय रणनीतिक योजना कार्यान्वयनका क्रममा रहेको छ । योजनाले निर्धारण गरेका क्रियाकलापहरु कार्यान्वयन गर्न नर्वेको महालेखापरीक्षकको कार्यालयबाट प्राविधिक सहयोग प्राप्त भएको छ । रणनीतिक योजना कार्यान्वयनकै क्रममा नेपाल सरकार र विश्व बैङ्कबीच २०६८।११।११ मा भएको अनुदान सम्झौताअनुसार मल्टी डोनर ट्रष्ट फण्डबाट कार्यालयको सुदृढीकरणको लागि अमेरिकी डलर २३ लाख अनुदान उपलब्ध हुने भएको छ । यो आयोजना सन् २०१५ को जूनसम्म सञ्चालन हुनेछ । वित्तीय लेखापरीक्षणको गुणस्तर सुधार, कार्यमूलक लेखापरीक्षणको क्षमता विकास र लेखापरीक्षणको प्रभाव अभिवृद्धि गर्ने आयोजनाको मुख्य उद्देश्य रहेको छ ।

४. **भवन –** नेपाल सरकारले सानो गौचरण, ज्ञानेश्वरमा उपलब्ध गराएको ५ रोपनी २ आना १ पैसा जमिनमा कार्यालयको भवन निर्माणको लागि ड्रइङ, डिजाइन तथा विस्तृत लागत अनुमान तयार गर्ने कार्य शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौंबाट भइरहेको छ ।

५. **वित्तीय स्रोत** – कार्यालयलाई २०६८।६९ मा रु.२१ करोड ६५ लाख ८ हजार बजेट विनियोजन भएकोमा २०६८ चैत्रसम्म रु.१२ करोड ८८ लाख ६६ हजार खर्च भएको छ । उक्त अवधिमा कार्यालयले ६ शीर्षकमा रु.४ लाख ८५ हजार राजस्व आम्दानी गरेको छ ।

६. **संयुक्त राष्ट्रसंघीय निकायको लेखापरीक्षण –** नेपाल सरकार र विकासका साझेदार संयुक्त राष्ट्रसंघीय बाल कोष, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमम, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष तथा विश्व खाद्य कार्यक्रमबीच भएको सहायता सम्झौताअनुसार सञ्चालित कार्यक्रमको लेखापरीक्षण यस कार्यालयबाट गराई लेखापरीक्षण प्रतिवेदन सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । सोअनुसार संयुक्त राष्ट्रसंघीय बाल कोष र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषले सन् २००९ मा भएको आंशिक कारोबारको लेखापरीक्षण गराएको छ ।

७. **अन्तिम प्रतिवेदन –** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर रायसमेत दिने गरी आएको भए तापनि अन्यमा रायसहितको प्रतिवेदन दिने गरिएको थिएन । गत वर्ष अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयको, केन्द्रीयस्तरका निकाय, मन्त्रालय ५४ को लेखापरीक्षण अन्तिम प्रतिवेदन र सञ्चितकोषको लेखापरीक्षण रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएको थियो । यो वर्ष सञ्चित कोषको रायसहितको अन्तिम प्रतिवेदन र केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था र जिल्ला विकास समितिहरुको प्रारम्भिक प्रतिवेदनमा प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी लेखापरीक्षण अन्तिम प्रतिवेदन जारी गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

८. **आयोजना हिसाब –** यो वर्ष वैदेशिक ऋण तथा अनुदानसमेतबाट सञ्चालित ३० आयोजनाको आयोजना हिसाब प्रमाणित गरी सम्बन्धित निकायलाई उपलब्ध गराइएको छ ।

९. **लेखा फाराम स्वीकृति :**

- भन्सार कार्यालयले जारी गर्ने नगदी रसिद विस्थापन गरी बैङ्कले नै राजश्व प्राप्ति भौचर जारी गर्ने सम्बन्धमा महालेखापरीक्षकको कार्यालयले म.ले.प.फा.नं. ११(क) लाई २०६८।७।२८ को निर्णयबाट स्वीकृत गरेको छ ।

- कर्मचारी सञ्चय कोषले लेखामानबमोजिम रुपान्तरण भएको वित्तीय विवरणको ढाँचा प्रस्ताव गरेकोमा सामान्य परिमार्जन गरी महालेखापरीक्षकको कार्यालयबाट २०६८।८।१ मा स्वीकृत गरिएको छ ।

१०. **गुणस्तर पुनरावलोकन –** कार्यालयले लागु गरेको गुणस्तर पुनरावलोकन निर्देशिका अनुसार आर्थिक वर्ष २०६६।६७ मा सम्पादन गरेका वित्तीय लेखापरीक्षणमध्ये ५० लेखापरीक्षण टोलीले सम्पादन गरेका कार्यालयहरु नमुनाको रुपमा छनौट गरी गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ । पुनरावलोकनको प्रतिवेदनअनुसार निकायको जानकारी लिएको अभिलेख, लेखापरीक्षण योजना र कार्यक्रम तयारी, जोखिमका क्षेत्र पहिचान गरी उच्च जोखिम रहेका क्षेत्रमा विशेष जोड दिने, निकायको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षणको क्रममा सङ्कलन भएका प्रमाणको अभिलेख व्यवस्थापन, नमूना छनौट प्रक्रिया, लेखापरीक्षण टोलीको सुपरिवेक्षण तथा निकायबाट प्राप्त प्रतिक्रियाउपर कारबाही गरी अन्तिम प्रतिवेदन जारी गर्ने क्षेत्रमा आवश्यक सुधार गर्नुपर्ने देखिएको छ ।

११. **प्रशासन पुनः संरचना –** नेपाल सरकार मन्त्रिपरिषद्को २०६८।३।१५ को निर्णयबाट स्वीकृत भएको प्रशासन पुनः संरचना कार्ययोजनाअनुसार यस कार्यालयमा प्रशासन पुनः संरचना प्राविधिक समिति गठन गरी

कार्ययोजनामा उल्लेख भएअनुसारको कार्य विश्लेषण प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ ।

१२. **कार्यविवरण –** निजामती सेवा नियमावली, २०५० को नियम ९ को उपनियम (१) बमोजिम यस कार्यालयका निजामती पदहरुको कार्यविवरण परिमार्जन गरी २०६८।१२।६ मा स्वीकृत गरी लागू गरिएको छ । यसबाट कर्मचारीहरुले सम्पादन गर्ने काम, अधिकार, उत्तरदायित्व र कार्यसम्पादन सूचकहरु स्पष्ट भई कार्यसम्पादनस्तर प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

१३. **प्रोत्साहन प्रणाली –** यस कार्यालयका सबै कर्मचारीलाई २०६८।६९ मा सुरु तलबको १०० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउन नेपाल सरकारले २०६८।११।१५ मा निर्णय गरेको छ । यसबाट कार्यालयका कर्मचारीहरु काममा अभिप्रेरित भई लेखापरीक्षणमा निष्पक्षता र स्वतन्त्रता कायम भई लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

१४. **पुरस्कार –** निजामती सेवा दिवस, २०६७ को अवसरमा यस कार्यालयका एक लेखापरीक्षण अधीक्षक (रा.प. अनं. प्रथम श्रेणी) "निजामती सेवा पुरस्कार" बाट पुरस्कृत हुनुभएको छ ।

१५. **विद्युतीय हाजिरी –** महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुको उपस्थिति र सोको अभिलेख व्यवस्थापन गर्न २०६७ फागुनदेखि परीक्षणको रुपमा विद्युतीय प्रणाली लागू गरिएकोमा सो प्रणालीमा स्तरोन्नति गरी २०६८ वैशाखदेखि पूर्णरुपले लागू गरिएको छ ।

१६. **तालिम -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राजस्व प्रशासन तालिम केन्द्र, नेपाल लेखामान बोर्ड, नेपाल लेखापरीक्षणमान बोर्डबाट सञ्चालित प्रशासन, व्यवस्थापन, लेखा तथा लेखापरीक्षणसम्बन्धी तालिमहरुमा कार्यालयका २०६ जना कर्मचारीहरुलाई सहभागी गराइएको थियो ।

१७. **वैदेशिक तालिम –** सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन (एसोसाई), भारत, जापान, मलेसियाका सर्वोच्च लेखापरीक्षण संस्थाहरुबाट यो वर्ष आयोजित लेखापरीक्षणसम्बन्धी सेमिनार, तालिम, कार्यशाला गोष्ठीहरुमा यस कार्यालयका ३१ जना कर्मचारीहरुलाई सहभागी गराइएको थियो ।

१८. **कर्मचारी नियुक्ति, बढुवा, रमाना, अवकाश र बिदा –** यस सम्बन्धी व्यहोरा देहायअनुसार छन्:

१८.१. लोक सेवा आयोगको सिफारिस तथा नेपाल सरकारको स्वीकृतिमा राजपत्राङ्कित तृतीय श्रेणी लेखापरीक्षण अधिकारीमा ७, राजपत्र अनङ्कित प्रथम श्रेणी लेखापरीक्षण अधीक्षकमा ६ र राजपत्र अनङ्कित द्वितीय श्रेणी लेखापरीक्षण निरीक्षक पदमा ९ जना नियुक्त हुनुभएको छ ।

१८.२. कार्यरत कर्मचारीहरुमध्ये राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा कार्यसम्पादन मूल्याङ्कनबाट २ र आन्तरिक प्रतियोगिताबाट १ समेत ३, राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा कार्यसम्पादन मूल्याङ्कनबाट ३, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा कार्यसम्पादन मूल्याङ्कनबाट २ र आन्तरिक प्रतियोगिताबाट २ समेत ४ र राजपत्र अनङ्कित द्वितीय श्रेणीको लेखापरीक्षण निरीक्षक पदमा आन्तरिक प्रतियोगिताबाट १ जना बढुवा हुनुभएको छ । त्यसैगरी निजामती सेवा ऐनको दफा २४घ१ अनुसार राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा १८ जना बढुवा हुनुभएको छ ।

१८.३. विभिन्न पदमा कार्यरत कर्मचारीहरुमध्ये लोक सेवा आयोगको सिफारिसमा शाखा अधिकृत पदमा २ र लेखा अधिकृत पदमा १ गरी ३ कर्मचारी नियुक्ति हुनुभएकोले कार्यालयबाट रमाना दिइएको छ ।

१८.४. कार्यरत कर्मचारीहरुमध्ये ५८ वर्ष उमेर पूरा भई राजपत्राङ्कित प्रथम श्रेणीका नायव महालेखापरीक्षक ३, राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक १, राजपत्राङ्कित तृतीय श्रेणी विशेष दरबन्दीका लेखापरीक्षण अधिकारी २, श्रेणीविहीन कार्यालय सहयोगी १ समेत ७ कर्मचारी सेवाबाट अनिवार्य अवकाश हुनुभएको छ र एक निर्देशक र एक कार्यालय सहयोगीको निधन भई पद रिक्त भएको छ । साथै राजपत्राङ्कित तृतीय श्रेणी लेखापरीक्षण अधिकारी १ लाई विभागीय सजाय गरी अवकाश दिइएको छ ।

१८.५. कार्यालयका राजपत्राङ्कित प्रथम श्रेणीका १ र द्वितीय श्रेणीका २ कर्मचारी असाधारण बिदा (बेतलबी) मा, राजपत्राङ्कित तृतीय श्रेणीका २ कर्मचारी तलबी अध्ययन बिदामा र एक कर्मचारी बेतलबी अध्ययन बिदामा रहनुभएको छ ।

१९. **लेखापरीक्षण योगदान –** लेखापरीक्षणको योगदानलाई मौद्रिक आधारमा मात्र मापन गर्न सकिदैन तापनि प्रतिवेदन अवधिसम्म लेखापरीक्षणमा व्यहोरा औंल्याएको कारणबाट रु.७१ करोड १९ लाख ८३ हजार असुल भई राजस्व दाखिला भएको छ । चालू वर्ष २०६८।६९ को चैत्र मसान्तसम्म प्रत्यक्ष खर्च रु.१२ करोड ८८ लाख ६६ हजार भएको छ ।

अन्तमा,

महालेखापरीक्षकलाई संविधानले सुम्पेको दायित्व निर्वाह गर्न व्यवस्थापिका–संसद, सार्वजनिक लेखा समितिबाट सदाझैं यो वर्ष पनि सहयोग प्राप्त भएको छ । लेखापरीक्षणमा सबै संवैधानिक निकाय, नेपाल सरकारका सबै मन्त्रालय/कार्यालय, संगठित संस्था, समिति र जिल्ला विकास समितिहरुबाट प्राप्त सहयोग तथा महालेखा नियन्त्रक कार्यालयले समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी केन्द्रीय लेखा पेश गरेकोले वार्षिक कार्यतालिका अनुसार यो प्रतिवेदन तयार गर्न सकिएको हो ।

सार्वजनिक संस्थानहरुको लेखापरीक्षण गर्न सहयोगीका रुपमा नियुक्त व्यावासयिक लेखापरीक्षकहरुको सहयोग पनि उल्लेख्य रहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्ले २०६८।६९ को लागि यस कार्यालयका कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली स्वीकृत गरी लागू गरेकोले कर्मचारीहरु कामप्रति उत्प्रेरित भई उच्च मनोबलका साथ स्वतन्त्र र निष्पक्षतापूर्वक गुणस्तरीय एवं प्रभावकारी लेखापरीक्षण सेवा प्रदान गर्न सकिने अपेक्षा गरिएको छ ।

यस कार्यालयको संस्थागत सुदृढीकरण एवं कर्मचारीको क्षमता अभिवृद्धिमा सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र सर्वोच्च लेखापरीक्षण संस्थाको एसियाली संगठन (एसोसाई), भारत, चीन, नर्वे, मलेसिया, जापान, दक्षिण कोरिया, पाकिस्तानलगायतका मित्रराष्ट्रहरुका सर्वोच्च लेखापरीक्षण संस्था र नेपालस्थित विश्व बैङ्क र एसियाली विकास बैङ्कलगायतका अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग उल्लेख्य रहेको छ ।

यस कार्यालयका सम्पूर्ण कर्मचारीहरुको लगनशीलता र अथक मिहेनतबाट महालेखापरीक्षकको दायित्व निर्वाहमा सहजता आएको छ ।

महालेखापरीक्षकको संवैधानिक दायित्व र जिम्मेवारी निर्वाह गर्ने कार्यको साथै संस्थागत सुदृढीकरणमा सहयोग पुऱ्याउने सबै सरकारी निकाय, संगठित संस्था, समिति, अन्तर्राष्ट्रिय संस्थाहरुको साथै यस कार्यालयको काम कारबाहीका सम्बन्धमा प्रकाश पार्ने सञ्चार माध्यमहरु एवं महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै कार्यालयका सम्पूर्ण कर्मचारीसमेतमा धन्यवाद व्यक्त गर्दछु ।

२०६८ चैत्र २९ गते, बुधबार

(खेमप्रसाद दाहाल)
कार्यवाहक महालेखापरीक्षक

अनुसूचीहरु

अनुसची – १

(प्रतिवेदनको परिच्छेद १ दफा १ र २ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण

(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क.सं		मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
१		**राष्ट्रपतिको कार्यालय**	**१**	**१**	**१०२५०**
	१.१	राष्ट्रपतिको कार्यालय	१	१	१०२५०
२		**उपराष्ट्रपतिको कार्यालय**	**१**	**१**	**०**
	२.१	उपराष्ट्रपतिको कार्यालय	१	१	०
३		**संविधान सभा व्यवस्थापिका संसद**	**१**	**१**	**३८५९०**
	३.१	व्यवस्थापिका–संसद सचिवालय	१	१	३८५९०
४		**सर्वोच्च अदालत**	**१०२**	**८३**	**३९३७९१**
	४.१	सर्वोच्च अदालत	१	१	२१३
	४.२	पुनरावेदन अदालत	१७	१६	१२११०
	४.३	जिल्ला अदालतहरु	७५	६१	३८१२७८
	४.४	राजस्व न्यायधिकरण	४	३	३५
	४.५	प्रशासकीय अदालत	१	०	०
	४.६	श्रम अदालत	१	१	०
	४.७	विशेष अदालत	१	०	०
	४.८	न्यायिक प्रशिक्षण प्रतिष्ठान	१	१	१५५
	४.९	संविधान सभा अदालत	१	०	०
५		**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**	**१**	**१**	**०**
	५.१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१	१	०
६		**महालेखा परीक्षकको कार्यालय**	**१**	**१**	**०**
	६.१	महालेखा परीक्षकको कार्यालय	१	१	०
७		**लोक सेवा आयोग**	**१५**	**६**	**२८९७**
	७.१	केन्द्रीय कार्यालय	१	१	८४९
	७.२	क्षेत्रीय कार्यालय	५	३	१८९१
	७.३	अञ्चल कार्यालय	९	२	१५७
८		**निर्वाचन आयोग**	**७६**	**३७**	**४७२७३**
	८.१	निर्वाचन आयोग	१	१	३६०८२
	८.२	जिल्ला निर्वाचन कार्यालय	७५	३६	१११९१
९		**महान्यायाधिवक्ताको कार्यालय**	**९२**	**२२**	**७७७०**
	९.१	महान्यायाधिवक्ताको कार्यालय	१	१	७५९
	९.२	पुनरावेदन सरकारी वकिल कार्यालय	१६	९	६७५८
	९.३	जिल्ला सरकारी वकिल कार्यालय	७५	१२	२५३
१०		**न्यायपरिषद्**	**१**	**१**	**२६६**
	१०.१	न्यायपरिषद्	१	१	२६६
११		**राष्ट्रिय मानव अधिकार आयोग**	**९**	**६**	**३५०४**
	११.१	राष्ट्रिय मानव अधिकार आयोग	१	१	२९८०
	११.२	क्षेत्रिय कार्यालय	५	४	४५४
	११.३	उप क्षेत्रिय कार्यालय	३	१	७०
१२		**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**४**	**४**	**२१३१३**

क्र.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
१२.१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	९११
१२.२	सार्वजनिक खरिद अनुगमन कार्यालय	१	१	१०५५
१२.३	सुचना प्रविधि आयोजना	१	१	१७०७
१२.४	गरिबी निवारण कोष	१	१	१७६४०
१३.	**अर्थ मन्त्रालय**	**१५७**	**९८**	**२४८२६१५**
१३.१	मन्त्रालय	१	१	१६४२२०
१३.२	महालेखा नियन्त्रक कार्यालय	१	१	१६४५१०
१३.३	विभागहरु	४	३	३०५६९७
१३.४	ऋण असुली न्यायाधिकरण	२	२	३६
१३.५	राजस्व अनुसन्धान इकाईहरु	४	४	२५८२
१३.६	कौशी तोषाखाना कार्यालय	१	१	६७४
१३.७	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	१	१	०
१३.८	राजस्व प्रशासन तालिम केन्द्र	१	१	१३५
१३.९	कोष तथा लेखा नियन्त्रक कार्यालय	७५	३३	१४४०४
१३.१०	आन्तरिक राजस्व कार्यालयहरु तथा कर दाता सेवा केन्द्र	३६	२३	१५७१६५७
१३.११	भन्सार कार्यालय	३१	२८	२५८७००
१४	**उद्योग मन्त्रालय**	**९७**	**४४**	**१६६२१५**
१४.१	मन्त्रालय	१	१	३३५
१४.२	विभाग	४	४	१४७६३
१४.३	गुणस्तर तथा नापतौल कार्यालय	९	१	९
१४.४	घरेलु तथा साना उद्योग कार्यालय	२७	१३	४४२६९
१४.५	पेट्रोलियम अन्वेषण परियोजना	१	१	६
१४.६	घरेलु तथा साना उद्योग विकास समिति(केन्द्र)	१	१	७५३
१४.७	घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र	१	१	७
१४.८	औद्योगिक व्यावसाय विकास प्रतिष्ठान	१	०	
१४.९	घरेलु तथा साना उद्योग विकास समिति	४८	१८	१९३०
१४.१०	कम्पनी रजिष्ट्रारको कार्यालय	१	१	५५९
१४.११	केन्द्रीय कारागार कारखाना	१	१	०
१४.१२	औद्योगिक पूर्वाधार विकास कार्यक्रम	१	१	१०३२०४
१४.१३	ट्याक्सी टेम्पो इकाई वालाजु	१	१	३८०
१५	**ऊर्जा मन्त्रालय**	**५**	**५**	**३११६८**
१५.१	मन्त्रालय	१	१	१०००
१५.२	विभाग	१	१	८
१५.३	आयोग	१	१	२९५५९
१५.४	योजना/आयोजना	२	२	६०१
१६.	**कानून तथा न्याय मन्त्रालय**	**३**	**३**	**१९६**
१६.१	मन्त्रालय	१	१	३
१६.२	न्याय सेवा तालिम केन्द्र	१	१	१९३
१६.३	नेपाल कानून सुधार आयोग	१	१	०
१७.	**कृषि तथा सहकारी मन्त्रालय**	**३८१**	**१६२**	**९३२३०९**
१७.१	कृषि तथा सहकारी मन्त्रालय	१	१	७१३८१०
१७.२	विभाग	४	४	५०११८
१७.३	व्याबसायिक कृषि तथा व्यापार आयोजना	१	१	५६२२
१७.४	उच्चमूल्य कृषि बस्तु बिकास आयोजना, सुर्खेत	१		०
१७.५	राष्टिय कृषि अनुसन्धान तथा विकास कोष	१	१	२५८१

क्र.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
१७.६	बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र	१		०
१७.७	कृषि सुचना तथा संचार केन्द्र	१	१	४६
१७.८	कृषि तथा पशुसेवा निर्देशनालयहरु (क्षेत्रीयसमेत)	२८	१२	५५१८५
१७.९	व्याबसायिक कृषि बिकास आयोजना, मोरंग	१	१	१११२५
१७.१०	कृषि बिकास योजना , जनकपुर	१	१	१०
१७.११	एकीकृत जलस्रोत व्यवस्थापन आयोजना ललितपुर	१	१	१४३८
१७.१२	बाली विविधिकरण आयोजना	१		०
१७.१३	उच्च पहाडी कृषि विकास तथा जीविकोपार्जन सुधार आयोजना ललितपुर	१		०
१७.१४	सामुदायिक पशु विकास आयोजना ललितपुर	१	१	३८२४
१७.१५	एभिएन इनफ्लुएन्जा नियन्त्रण आयोजना	१	१	५२३६
१७.१६	कबुलियती बन तथा पशु बिकास कार्यक्रम, ललितपुर	१	१	१७७
१७.१७	क्षेत्रीय खाद्य प्रबिधि तथा गुण नियन्त्रण कार्यालय	६	२	१८४८
१७.१८	प्लान्ट, खाद्य तथा पशु क्वारेन्टाईन कार्यालय/चेकपोष्टहरु	२९	९	६०९
१७.१९	कृषि तथा पशु सेवा तालिम केन्द्र	१०	३	१४
१७.२०	कृषि तथा पशु प्रवर्द्दन कार्यक्रम	७	४	३६२२२
१७.२१	राष्ट्रिय तथा क्षेत्रीय प्रयोगशाला	२८	८	१७००
१७.२२	बागबानी बिकास केन्द्र	१७	७	६१५
१७.२३	तरकारी बिकास केन्द्र	१०	१	४३३
१७.२४	मत्स्य बिकास केन्द्र	१२	३	६२
१७.२५	रेशम खेती बिकास कार्यालय	१२	६	७२३
१७.२६	जिल्ला कृषि बिकास तथा पशुसेवा कार्यालय	१५०	७६	२६४९७
१७.२७	सप्तकोशी वाढी पिडित पुनर्स्थापना कृ.तथा प.का. मोरङ्ग	१	१	३
१७.२८	सहकारी प्रशिक्षण केन्द्र तथा डिभिजन कार्यालय	३९	१४	१४४०६
१७.२९	पशु प्रजनन् कार्यालय	३	१	३
१७.३०	पशु बिकास फार्म	११	१	२
१८.	**गृह मन्त्रालय**	**८१४**	**३०८**	**६९७१९२**
१८.१	मन्त्रालय	१	१	८६३५
,१८.२	क्षेत्रीय प्रशासन कार्यालय	५	३	७१६
१८.३	राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गत कार्यालय	८१	१५	१६५८
१८.४	प्रहरी प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	३९८	१५७	५४३६९७
१८.५	सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	१२४	३१	४०९९८
१८.६	जिल्ला प्रशासन कार्यालय	७५	५२	६३२५६
१८.७	कारागार विभाग र अन्तर्गत कार्यालय	७६	३७	२२२१९
१८.८	अध्यागमन विभाग र अन्तर्गत कार्यालय	१०	४	८०५४
१८.९	इलाका प्रशासन कार्यालय	३०	५	५१
१८.१०	सीमा प्रशासन कार्यालय	१०	०	०
१८.११	जुद्ध बारुणयन्त्र कार्यालय	१	१	४९१
,१८.१२	लागू औषध नियन्त्रण कार्यक्रम	१	१	१६
१८.१३	प्रहरी किताबखाना	१	१	७४०१
१८.१४	समरजंग कम्पनी	१	०	०
१९.	**परराष्ट्र मन्त्रालय**	**३८**	**३७**	**६४९४८०**
१९.१	मन्त्रालय	१	१	७१६७८
१९.२	विभाग	३	२	१८९१९३
१९.३	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१	१	०
१९.४	स्थायी नियोग र नेपाली राजदूतावास	३२	३२	३८८४५७

क्र.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
१९.५	सीमा नापी टोली	१	१	१५२
२०.	**पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**८**	**८**	**१२६९५**
२०.१	मन्त्रालय	१	१	६३१०
२०.२	पर्यटन पूर्वाधार विकास कार्यक्रम/आयोजना			
२०.३	पर्यटन कार्यालय	७	७	६३८५
२१	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**२२७**	**१५०**	**६३४८१८**
२१.१	मन्त्रालय	१	१	२२९९९
२१.२	विभागहरु	३	३	१२९९७
२१.३	मालपोत कार्यालय	८३	६९	४४५१३४
२१.४	नापी तथा नापी गोश्वारा कार्यालय	८५	३५	९९४०
२१.५	भूमिसुधार कार्यालय	२१	१९	१०५२१
२१.६	आयोजना	२	२	२६५७
२१.७	महाशाखा	३	३	५३४५
२१.८	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	१	१	४७३
२१.९	एस्ट्रोनोमिकल कार्यालय	१	१	०
२१.१०	सुकुम्वासी समस्या समाधान आयोग	१	१	२११६
२१.११	सुकुम्वासी समस्या समाधान आयोग,जिल्ला समिति	२५	१४	१२२६३६
२१.१२	चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समाधान समिति	१	१	०
२२.	**भौतिक योजना तथा निर्माण मन्त्रालय**	**२४७**	**२३३**	**४२९२७७८**
२२.१	मन्त्रालय	१	१	२८९५
२२.२	विभागहरु	४	४	३९१३६२
२२.३	क्षेत्रीय सडक कार्यालय	५	५	१६९७१
२२.४	शहरी विकास तथा भवन निर्माण डिभिजन	२४	२४	३७८३१४
२२.५	खानेपानी डिभिजन र सव–डिभिजन	७०	७०	८१४३३
२२.६	सडक डिभिजन	२५	२५	८९२०३३
२२.७	क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय	५	५	५१५८
२२.८	भवन प्रविधी तालिम केन्द्र	१	१	१९७०
२२.९	यान्त्रिक तालिम केन्द्र(सडक)	१	१	०
२२.१०	केन्द्रीय सडक प्रयोगशाला	१	१	१९२
२२.११	नगर विकास कार्यान्वयन समिति	४	४	२३४०९
२२.१२	शहरी विकास तथा भवन निर्माण सम्वन्धि आयोजना	४	४	३६९३०
२२.१३	महेन्द्रनारायण निधी स्मृति प्रतिष्ठान	१	१	०
२२.१४	काठमाण्डौ उपत्यका खानेपानी तथा सरसफाई आयोजना(मेलम्ची २)	१	१	१४६०२७
२२.१५	मेलम्ची खानेपानी विकास आयोजना	१	१	४८६७६२
२२.१६	खानेपानी आयोजना	३४	२६	७०६८४
२२.१७	भवन निर्माण संभार डिभिजन	१	१	१२३९३
२२.१८	हेभी इक्विप्मेन्ट डिभिजन	६	६	१७४१
२२.१९	यान्त्रिक कार्यालय	९	४	०
२२.२०	सडक आयोजना	४८	४७	१६४६३०९
२२.२१	अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति	१	१	९८१९५
२३.	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**८६**	**८१**	**९१६६१**
२३.१	मन्त्रालय	१	१	२६०१९
२३.२	राष्ट्रिय महिला आयोग	१	१	१६२२
२३.३	महिला विकास विभाग	१	१	४६३
२३.४	महिला विकास कार्यालय	७५	७२	४५३६६
२३.५	समाज कल्याण केन्द्र	५	३	३

क.सं		मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
	२३.६	महिला सशक्तिकरण तथा लैंगिक समानता आयोजना	१	१	११८३
	२३.७	केन्द्रीय बाल कल्याण समिति	१	१	१६९१८
	२३.८	बाल न्याय समन्वय समिति सचिवालय	१	१	८७
२४		**युवा तथा खेलकुद मन्त्रालय**	**१**	**१**	**९५०४**
	२४.१	मन्त्रालय	१	१	९५०४
२५.		**रक्षा मन्त्रालय**	**२६६**	**६५**	**१२३१३५५**
	२५.१	मन्त्रालय	१	१	०
	२५.२	सुरक्षा परिषद्	१	०	०
	२५.३	विभाग	८	३	५५२७२६
	२५.४	महानिर्देशनालय	३	३	२७२८५०
	२५.५	निर्देशनालय	११	३	८७९१४
	२५.६	पृतना	६	३	०
	२५.७	महाशाखा	४	०	०
	२५.८	बाहिनी	१८	८	०
	२५.९	गण	९१	२८	२४४८
	२५.१०	गुल्म	४६	५	०
	२५.११	नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेज	१	१	०
	२५.१२	नेपाली सैनिक प्रतिष्ठान	१	०	०
	२५.१३	शिक्षालय	१४	०	०
	२५.१४	अन्य कार्यालय	६१	१०	३१५४१७
२६.		**वन तथा भू–संरक्षण मन्त्रालय**	**१८७**	**१५२**	**२०२४४७**
	२६.१	मन्त्रालय	१	१	९५६८७
	२६.२	विभाग	५	५	४१३३
	२६.३	क्षेत्रीय निर्देशनालय	५	३	०
	२६.४	केन्द्रीयस्तरका आयोजना	७	७	११५९५
	२६.५	तालिम केन्द	६	२	०
	२६.६	वनस्पति विभाग अन्तर्गतका कार्यालय	७	४	२३०
	२६.७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालय	१७	१३	२५९५१
	२६.८	जिल्ला वन कार्यालय	७४	७१	५९३४१
	२६.९	तराई सिवालिका र जिल्ला बन समन्वय समितिका कार्यालय	९	३	०
	२६.१०	भू–संरक्षण विभागअन्तर्गतका कार्यालय	५६	४३	५५१०
२७.		**वाणिज्य तथा आपूर्ति मन्त्रालय**	**७**	**५**	**१६**
	२७.१	मन्त्रालय	१	१	१३
	२७.२	वाणिज्य विभाग	१	१	०
	२७.३	वाणिज्य कार्यालय	५	३	३
	२७.४	कण्ठरोग नियन्त्रण आयोजना			
	२७.५	नेपाल खाद्य संस्थान (ढुवानी अनुदान)			
२८.		**वातावरण मन्त्रालय**	**९**	**८**	**१०१२१८**
	२८.१	मन्त्रालय	१	१	४९७
	२८.२	जल तथा मौसम विज्ञान विभाग	१	१	१६१४
	२८.३	बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र	७	६	९९१०७
२९.		**विज्ञान तथा प्रविधि मन्त्रालय**	**५**	**५**	**११२४६७**
	२९.१	मन्त्रालय	१	१	६७१८
	२९.२	राष्ट्रिय सूचना प्रविधि केन्द्र	१	१	९१९४
	२९.३	वि.पि.कोइराला प्लानेटोरियम तथा अव्जरभेटरी संग्रहालय	१	१	२३०२७

क्र.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
२९.४	उच्चस्तरीय सूचना प्रविधि आयोग	१	१	१२२३
२९.५	प्रमाणिकरण नियन्त्रकको कार्यालय	१	१	७२३०५
३०.	**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**	**१६**	**१६**	**७६१२३**
३०.१	मन्त्रालय	१	१	७५८१
३०.२	सचिवालय/आयोजना/कार्यालय	७	७	५५६७१
३०.३	शिविर व्यवस्थापन समन्वयकर्ताको कार्यालय	१	१	५६
३०.४	स्थानीय शिविर व्यवस्थापन कार्यालय	७	७	१२८१५
३१.	**शिक्षा मन्त्रालय**	**१३९**	**१११**	**३९२५७१८**
३१.१	मन्त्रालय	१	१	४७८७५
३१.२	विभाग	१	१	४२३५०
३१.३	क्षेत्रीय शिक्षा निर्देशनालय	५	२	५७६
३१.४	जिल्ला शिक्षा कार्यालय	७५	७४	३७१५७७५
३१.५	परीक्षा नियन्त्रण कार्यालय	१	०	०
३१.६	पाठ्यक्रम विकास केन्द्र	१	१	१०८२
३१.७	शिक्षा सेवा आयोग	१	१	३०
३१.८	शिक्षक किताबखाना	१	१	१६१
३१.९	केशर पुस्तकालय	१	०	०
३१.१०	राष्ट्रिय पुस्तकालय	१	०	०
३१.११	अनौपचारिक शिक्षा केन्द्र	१	१	१९७
३१.१२	शिक्षाको लागि खाद्य कार्यक्रम (परियोजना)	१	१	७६४०
३१.१३	शिक्षाको लागि खाद्य कार्यक्रम इकाई	१३	१०	४८१८
३१.१४	शैक्षिक तालिम केन्द्र र उपकेन्द्र	३४	१६	३२४१
३१.१५	शैक्षिक जनशक्ति विकास केन्द्र	१	१	३१०६
३१.१६	रोजगारीका लागि शिप परियोजना	१	१	९८८६७
३२.	**श्रम तथा यातायात व्यवस्था मन्त्रालय**	**५३**	**४२**	**१०५५३९**
३२.१	मन्त्रालय	१	१	३०८३९
३२.२	विभागहरु	३	३	५३२५९
३२.३	यातायात व्यवस्था कार्यालय	१७	१७	१९१३१
३२.४	श्रम कार्यालयहरु	१०	७	६६७
३२.५	रोजगार सेवा केन्द्र	२	०	०
३२.६	व्यावसायिक तथा शिप विकास तालिम केन्द्र	१७	१२	१४३९
३२.७	व्यवसायजन्य सुरक्षा तथा स्वास्थय संरक्षण आयोजना	१	१	१८७
३२.८	रोजगार अनुमती प्रणाली कोरिया शाखा	१	१	१७
३२.९	बैदेशिक रोजगार न्यायधिकरण	१	०	०
३३.	**सामान्य प्रशासन मन्त्रालय**	**२**	**१**	**१२०७८२**
३३.१	मन्त्रालय	१	१	१२०७८२
३३.२	निजामती किताबखाना	१	०	
३४.	**सिंचाई मन्त्रालय**	**११२**	**११२**	**६९१८७८**
३४.१	मन्त्रालय	१	१	०
३४.२	विभागहरु	२	२	४५२
३४.३	क्षेत्रीय निर्देशनालय	५	५	५४२७
३४.४	सिंचाई विकास डिभिजन र सवडिभिजन	४६	४६	२५१९२९
३४.५	सिंचाई व्यवस्थापन डिभिजन	८	८	६७२८९
३४.६	यान्त्रिक डिभिजन कार्यालय	३	३	३५
३४.७	भूमिगत जलस्रोत विकास समिति,फिल्ड कार्यालय र आयोजना	१२	१२	९६७०

क.सं		मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
	३४.८	सिचाई विभाग अर्न्तगतका योजना/आयोजना	१४	१४	२७७४६०
	३४.९	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन तथा सव–डिभिजन	१२	१२	५९७०८
	३४.१०	जनताको तटवन्ध कार्यक्रम, संयोजक तथा फिल्ड कार्यालय	८	८	१९००४
	३४.११	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग अर्न्तगतका योजना	१	१	९०४
३५.		**सूचना तथा सञ्चार मन्त्रालय**	**९५**	**६४**	**६१८८९**
	३५.१	मन्त्रालय	१	१	२७८०८
	३५.२	विभाग	३	३	२३०११
	३५.३	क्षेत्रीय निर्देशनालय	५	३	४३९
	३५.४	गोश्वारा हुलाक कार्यालय	१	१	०
	३५.५	जिल्ला हुलाक कार्यालय	७३	४९	७१२१
	३५.६	सञ्चार केन्द्र	५	१	७
	३५.७	फिलाटेलिक व्यूरो	१	०	०
	३५.८	केन्द्रीय धनादेश कार्यालय	१	१	०
	३५.९	केन्द्रीय टिकट भण्डार	१	१	०
	३५.१०	हुलाक प्रशिक्षण केन्द्र	१	१	६८
	३५.११	सुचना राजमार्ग आयोजना	१	१	३०६९
	३५.१२	राष्ट्रिय सूचना आयोग	१	१	३६३
	३५.१३	न्यूनतम पारिश्रमिक निर्धारण समिति	१	१	३
३६.		**संघीय मामिला,संविधान सभा,संसदीय व्यवस्था तथा संस्कृति मन्त्राल**	**२१**	**११**	**६८८६**
	३६.१	मन्त्रालय	१	१	२१३
	३६.२	विभाग	१	१	४८५
	३६.३	राष्ट्रिय अभिलेखालय	१	१	०
	३६.४	क्षेत्रीय संगहालय	४	३	
	३६.५	संगहालय	३	०	
	३६.६	स्मारक संरक्षण र दरबार हेरचाह कार्यालय	४	२	१५७८
	३६.७	राष्ट्रिय संग्राहलय	१	०	०
	३६.८	राष्ट्रिय कला संग्राहलय	१	०	०
	३६.९	ऐतिहासिक दरबार	३	२	४५९५
	३६.१०	केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला	१	०	०
	३६.११	नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय	१	१	१५
३७.		**स्थानीय विकास मन्त्रालय**	**२१५**	**२०४**	**४३५६६३६**
	३७.१	मन्त्रालय	१	१	३५
	३७.२	विभाग	१	१	२६८४७
	३७.३	राष्ट्रिय दलित आयोग	१	१	१३१३
	३७.४	गुम्बा व्यवस्था तथा विकास समिति	१	१	३९२१
	३७.५	दुर्गम क्षेत्र विकास समिति	१	१	३३७
	३७.६	आदिबासी जनजाति उत्थान प्रतिष्ठान	१	१	४५५५
	३७.७	उपेक्षित,उत्पीडित र दलितवर्ग उत्थान विकास समिति	१	१	४०२८
	३७.८	केन्द्रीयस्तरका आयोजना तथा कार्यक्रम	१०	७	५१४०४९
	३७.९	स्थानीय निकाय वित्तीय आयोग	१	१	४२४
	३७.१०	जिल्ला प्राविधिक कार्यालय	७३	७०	८८१८८
	३७.११	जिल्ला विकास समितिको कार्यालय	७५	७५	३३९१३५९
	३७.१२	जिल्ला स्थित अन्य कार्यालय	४९	४४	३२१५८०
३८.		**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**१८१**	**१४०**	**९५७५१४**
	३८.१	मन्त्रालय	१	१	९१५०
	३८.२	विभाग	३	३	५८३५८७

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	भएका कार्यालय	बेरुजू रकम
३८.३	एभिएन इन्फ्लुयन्जा नियन्त्रण आयोजना	१	१	७८
३८.४	राष्ट्रिय स्वास्थय शिक्षा सूचना तथा सञ्चार केन्द्र	१	१	२१२
३८.५	राष्ट्रिय जनस्वास्थय प्रयोगशाला	१	१	४
३८.६	राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र	२	२	१८५५५०
३८.७	राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र	१	१	९४३४
३८.८	पशुपति होमियो चिकित्सालय	१	१	०
३८.९	राष्ट्रिय औषधि प्रयोगशाला	१	१	०
३८.१०	युनानी औषधालय	१	१	०
३८.११	क्षेत्रीय स्वास्थय निर्देशनालय	५	५	२४१५१
३८.१२	क्षेत्रीय मेडिकल स्टोर	५	५	२२३
३८.१३	केन्द्रीय तथा क्षेत्रीय तालिम केन्द्र			
३८.१४	उप–क्षेत्रीय तालिम केन्द्र			
३८.१५	जिल्ला स्वास्थय कार्यालय	७५	७५	१४२२३८
३८.१६	प्राथमिक स्वास्थय केन्द्र	५	३	७३
३८.१७	अञ्चल तथा जिल्ला आयूर्वेद औषधालय	७५	३९	२८१४
३८.१८	औषधी व्यवस्था शाखा कार्यालय	३	०	०
३९.	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**११६**	**७९**	**२४९०२**
३९.१	राष्ट्रिय योजना आयोग	१	१	४७७
३९.२	केन्द्रीय तथ्याङ्क विभाग	१	१	१५७००
३९.३	जिल्ला जनगणना कार्यालय	८०	७५	८७०५
३९.४	राष्ट्रिय विकास स्वयंसेवक सेवा	१	१	०
३९.५	शाखा तथ्याङ्क कार्यालय	३३	१	२०
४०.	**राष्ट्रिय सतर्कता केन्द्र**	**१**	**१**	**६५७**
४०.१	राष्ट्रिय सतर्कता केन्द्र	१	१	६५७
	जम्मा	**३७९३**	**२३१०**	**२२५०२३१२**
बक्यौता तर्फ		**३**	**३**	**१३३८**
१	**श्रम तथा यातायात व्यवस्था मन्त्रालय**	**१**	**१**	**३**
१.१	यातायात व्यवस्था कार्यालय	१	१	३
२	**वन तथा भू–संरक्षण मन्त्रालय**	**२**	**२**	**१३३५**
२.१	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालय	२	२	१३३५
	कुल जम्मा	**३७९६**	**२३१३**	**२२५०३६५०**

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद १ को दफा १ र २ सँग समबन्धितै

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुकोविवरण

क्र.सं.	संस्थाको नाम	संख्या
१.	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	४
	१.१ नेपाल ट्रष्टको कार्यालय	१
	१.२ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१
	१.३ प्रधानमन्त्री सहायता कोष	१
	१.४ प्रधानमन्त्री राहत कोष	१
२.	**अर्थ मन्त्रालय**	७
	२.१ कर्मचारी सञ्चय कोष	१
	२.२ नागरिक लगानी कोष	१
	२.३ नेपाल राष्ट्र बैंक	१
	२.४ राष्ट्रिय बाणिज्य बैंक	१
	२.५ आकस्मिक वीमा कोष	२
	२.६ बीमा समिति	१
३.	**उद्योग मन्त्रालय**	१४
	३.१ उदयपुर सिमेण्ट उद्योग लिमिटेड	१
	३.२ नेपाल औषधी लिमिटेड	१
	३.३ सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	१
	३.४ हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	१
	३.५ हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	१
	३.६ केन्द्रीय कारागार कोष	१
	३.७ कार्य संचालन कोष काभ्रे	१
	३.८ घरेलु तथा साना उद्योग विकास कोष	१
	३.९ घरेलु तथा साना उद्योग विकास समिति, ऋण लगानी कोष	१
	३.१० घरेलु तथा साना उद्योग विकास समिति, कर्मचारी घर जग्गा सापटी कोष	१
	३.११ घरेलु तथा साना उद्योग विकास समिति, रिभल्विङ्ग फण्ड	१
	३.१२ औधोगिक व्यवसाय प्रतिष्ठान	२
	३.१३ हस्तकला प्रबर्द्धन केन्द्र ललितपुर	१
४.	**ऊर्जा मन्त्रालय**	२
	४.१ जल विद्युत लगानी तथा विकास कम्पनी	१
	४.२ नेपाल विद्युत प्राधिकरण	१
५.	**कानून तथा न्याय मन्त्रालय**	३
	५.१ कानून किताब व्यवस्था समिति	१
	५.२ केन्द्रीय कानून पुस्तकालय विकास समिति	१
	५.३ मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१

क्र.सं.	संस्थाको नाम	संख्या
६.	**कृषि तथा सहकारी मन्त्रालय**	२०
	६.१ कृषि सामग्री कम्पनी लिमिटेड	१
	६.२ दुग्ध विकास संस्थान	१
	६.३ राष्ट्रिय वीउ वीजन कम्पनी लिमिटेड	१
	६.४ उष्ण प्रदेशीय वागवानी केन्द्र, (दोहोरो मार्ग)	१
	६.५ कपास विकास समिति	१
	६.६ कमर्सियल एग्रीकल्चर एलायन्स	१
	६.७ कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति	१
	६.८ कृषि अनुसन्धान तथा विकास कोष (कार्य सञ्चालन कोष)	१
	६.९ कृषि सूचना तथा सञ्चार केन्द्र	१
	६.१० चन्द्रडाँगी वीउ वीजन तथा दुग्ध विकास समिति	१
	६.११ नेपाल कृषि अनुसन्धान परिषद्	१
	६.१२ नेपाल पशु चिकित्सा परिषद्	१
	६.१३ पशु आहार उत्पादन विकास समिति	१
	६.१४ पशु विकास फार्म, पोखरा (दोहोरो मार्ग)	१
	६.१५ उखु तथा चिनी विकास समिति	१
	६.१६ पशु विकास फार्म पोखरा, (कार्यसञ्चालन कोष)	१
	६.१७ मत्स्य विकास केन्द्र, हेटौंडा (दोहोरो मार्ग)	१
	६.१८ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	६.१९ राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	६.२० राष्ट्रिय सहकारी विकास बोर्ड	१
७.	**गृह मन्त्रालय**	८३
	७.१ केन्द्रीय दैवी प्रकोप उद्धार समिति	१
	७.२ जिल्ला दैवी प्रकोप उद्धार समिति	७५
	७.३ प्रहरी कल्याण कोष	१
	७.४ सशस्त्र प्रहरी वल कल्याण कोष	१
	७.५ क्षेत्रीय दैवी प्रकोप उद्धार कोष	५
८.	**पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	१३
	८.१ नेपाल नागरिक उड्डयन प्राधिकरण	२
	८.२ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	८.३ नेपाल वायु सेवा निगम	२
	८.४ पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१
	८.५ वायुयान सञ्चालन कोष	२
	८.६ राष्ट्रिय ताल संरक्षण विकास समिति	१
	८.७ रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन	१

क्र.सं.	संस्थाको नाम	संख्या
	विकास समिति	
	८.८ नेपाल पर्यटन वोर्ड	२
	८.९ तारागाउ विकास समिति	१
९.	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**१**
	९.१ गुठी संस्थान	१
१०.	**भौतिक योजना तथा निर्माण मन्त्रालय**	**४३**
	१०.१ नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	१
	१०.२ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
	१०.३ अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति	१
	१०.४ ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१
	१०.५ जग्गा विकास चक्रकोष	१
	१०.६ दक्षिणकाली क्षेत्र प्रबन्ध विकास समिति	१
	१०.७ नगर विकास समिति	३४
	१०.८ खानेपानी महसुल निर्धारण आयोग	१
	१०.९ सडक बोर्ड नेपाल	१
	१०.१० सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१
११.	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**५**
	११.१ वृद्ध कल्याण कोष	१
	११.२ राष्ट्रिय अपाङ्ग सहायता कोष	१
	११.३ राष्ट्रिय स्वास्थ्योपचार सहायता कोष	१
	११.४ समाज कल्याण परिषद्	१
	११.५ अन्तर्राष्ट्रिय धर्मपत्र धर्मपुत्री वि.स.	१
१२.	**युवा तथा खेलकुद मन्त्रालय**	**१**
	१२.१ राष्ट्रिय खेलकुद परिषद्	१
१३.	**रक्षा मन्त्रालय**	**७**
	१३.१ नेपाली सैनिक, कल्याणकारी कोष	१
	१३.२ नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१
	१३.३ बहु व्यवसाय उद्योग	१
	१३.४ बसुन्धरा क्यान्टिन	१
	१३.५ वीरेन्द्र अस्पताल, मेन्टिनेन्स फण्ड	१
	१३.६ स्वयम्भू बारुदखाना	१
	१३.७ सुनाचुरी इमल्सन प्लाण्ट	१
१४.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**३१**
	१४.१ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१
	१४.२ जिल्ला वन पैदावार आपूर्ति समिति	२७
	१४.३ वन पैदावार विकास समिति	१
	१४.४ राष्ट्रिय प्रकृति संरक्षण कोष	१
	१४.५ दि टिम्वर कर्पोरेशन अफ नेपाल	१
१५.	**बाणिज्य तथा आपूर्ति मन्त्रालय**	**३**
	१५.१ नेशनल ट्रेडिङ्ग लिमिटेड	१
	१५.२ नेपाल इन्टरमोडल यातायात विकास समिति	१
	१५.३ व्यापार तथा निकासी प्रबर्द्धन केन्द	१
१६.	**वातावरण मन्त्रालय**	**२**
	१६.१ वातावरण संरक्षण कोष	१
	१६.२ संयुक्त राष्ट्र संघ पार्क विकास समिति	१
१७.	**विज्ञान तथा प्रविधि मन्त्रालय**	**२**
	१७.१ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१
	१७.२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	१
१८.	**शिक्षा मन्त्रालय**	**२४८**
	१८.१ जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	१
	१८.२ उच्च माध्यमिक शिक्षा परिषद्	१
	१८.३ छात्रा शिक्षा कोष	१
	१८.४ जिल्ला शिक्षा कोष	७५
	१८.५ नेपाल संस्कृत विश्वविद्यालय	२२
	१८.६ पोखरा विश्वविद्यालय	४
	१८.७ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	१
	१८.८ विश्वविद्यालय अनुदान आयोग	१
	१८.९ विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१
	१८.१० लुम्विनी बौद्ध विश्वविद्यालय	२
	१८.११ स्वप्न बगैचा विकास समिति	१
	१८.१२ त्रिभुवन विश्वविद्यालय	१३६
	१८.१३ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१
	१८.१४ दोश्रो उच्च शिक्षा परियोजना कार्यान्वयन इकाई	१
१९.	**सामान्य प्रशासन मन्त्रालय**	**३**
	१९.१ निजामती कर्मचारी अस्पताल	१
	१९.२ कर्मचारी प्रशिक्षण प्रतिष्ठान	१
	१९.३ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१
२०.	**सूचना तथा सञ्चार मन्त्रालय**	**१२**
	२०.१ गोरखापत्र संस्थान	२
	२०.२ नेपाल दूरसञ्चार प्राधिकरण	१
	२०.३ नेपाल टेलिभिजन	१
	२०.४ राष्ट्रिय समाचार समिति	१
	२०.५ चलचित्र विकास बोर्ड	१
	२०.६ प्रेस काउन्सिल	१
	२०.७ पत्रकार कल्याण कोष	१
	२०.८ केन्द्रीय धनादेश	१
	२०.९ रेडियो प्रसार सेवा विकास समिति	१
	२०.१० हुलाक बचत बैङ्क	१
	२०.११ एकद्वार समिति	१
२१.	**संघीय मामिला, संविधान सभा तथा संसदीय**	**१९**

क्र.सं.	संस्थाको नाम	संख्या
	व्यवस्था तथा संस्कृति मन्त्रालय	
	२१.१ साँस्कृतिक संस्थान	१
	२१.२ देवघाट क्षेत्र विकास समिति	१
	२१.३ नेपाल प्रज्ञाप्रतिष्ठान	१
	२१.४ नेपाल ललितकला संस्था	१
	२१.५ नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	१
	२१.६ श्री पशुपति क्षेत्र विकास कोष	१
	२१.७ पाटन संग्रहालय विकास समिति	१
	२१.८ पाथिभरा क्षेत्र विकास समिति	१
	२१.९ बुढानिलकण्ठ क्षेत्र विकास समिति	१
	२१.१० बौद्धनाथ क्षेत्र विकास समिति	१
	२१.११ वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्	१
	२१.१२ मनकामना क्षेत्र विकास समिति	१
	२१.१३ राष्ट्रिय अभिलेखालय, कार्य सञ्चालन कोष	१
	२१.१४ लुम्बिनी विकास कोष	१
	२१.१५ प्राचिन स्मारक संरक्षण कोष	१
	२१.१६ नेपाल वेद विद्याश्रम संस्कृत माध्यामिक विद्यलय	१
	२१.१७ राष्ट्रिय अभिलेखालय कार्य संचालन कोष	१
	२१.१८ भानु जन्मस्थल विकास समिति	२
२२.	**स्थानीय विकास मन्त्रालय**	**८३**
	२२.१ फोहोर मैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्र	१
	२२.२ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	९
	२२.३ स्थानीय विकास शुल्क कोष	१
	२२.४ स्थानीय विकास कोष	७२
२३.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**११२**

क्र.सं.	संस्थाको नाम	संख्या
	२३.१ अञ्चल अस्पताल विकास समिति	१०
	२३.२ अस्पताल विकास समिति र अन्य अस्पत्ताल	७१
	२३.३ आयुर्वेवेद औषधालय नरदेवी	१
	२३.४ कान्ति बाल अस्पताल विकास समिति	१
	२३.५ किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र	१
	२३.६ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)	१
	२३.७ नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१
	२३.८ परोपकार तथा स्त्री रोग अस्पताल विकास समिति	१
	२३.९ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.१० बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.११ बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१
	२३.१२ मानसिक अस्पताल	१
	२३.१३ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१
	२३.१४ शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल	१
	२३.१५ सिंहदरबार बैद्यखाना विकास समिति	१
	२३.१६ स्वास्थ्य कर कोष	१
	२३.१७ स्वास्थ्य तालिम कार्यसञ्चालन कोष र अन्य	१२
	२३.१८ क्षेत्रीय अस्पताल विकास समिति	४
	२३.१९ राष्ट्रिय क्षय रोग केन्द्र	१
२४.	**जिल्ला विकास समिति**	**७५**
	कुल जम्मा:	**७९३**

अनुसूची – २

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
	चालु वर्ष:–																	
१	राष्ट्रपतिको कार्यालय	४	१४१६५२	४	१४१६५२	१	३२२	१	३२२	१	४०६७	१	४०६७			०	०	१४६०४१
२	उपराष्ट्रपतिको कार्यालय	१	२१८५३	१	२१८५३	१	३३	१	३३	१	३५१	१	३५१			०	०	२२२३७
३	संविधान सभा व्यवस्थापिका संसद	४	७०९३०६	४	७०९३०६	१	१९४०	१	१९४०	१	३४९४	१	३४९४	१	१८४६४९	१	१८४६४९	८९९३८९
४	सर्वोच्च अदालत	२५४	१४८३०७०	२५४	१४८३०७०	१०२	२६७१९९	१०२	२६७१९९	१०२	१०६३९१९	१०२	१०६३९१९	३	१९७४	३	१९७४	२८१६१६२
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	३	१०२८४०	३	१०२८४०	१	११२२८	१	११२२८	१	१३५३२	१	१३५३२			०	०	१२७६००
६	महालेखा परीक्षकको कार्यालय	४	२०४५९५	४	२०४५९५	१	३९२०	१	३९२०	१	१२४६	१	१२४६			०	०	२०९७६१
७	लोक सेवा आयोग	५५	२३१९७२	५५	२३१९७२	१५	९२३३२	१५	९२३३२	६	२०३०	६	२०३०	०	०	०	०	३२६३३४
८	निर्वाचन आयोग	१९१	९४५६०३	१९१	९४५६०३	१४	७७१	१४	७७१	११	२३७६	११	२३७६	२	७९४२६९	२	७९४२६९	१७४३०१९
९	महान्यायाधिवक्ताको कार्यालय	१६०	२४००३०	१६०	२४००३०	२२	१३४५	२२	१३४५	३४	७५९६	३४	७५९६		०	०	०	२४८९७१
१०	न्याय परिषद्	१	१००४०	१	१००४०	१	११७	१	११७	१	१६८	१	१६८			०	०	१०३२५
११	राष्ट्रिय मानवअधिकार आयोग	१८	५३४०५	१८	५३४०५	६	११०९	६	११०९	१	३२२	१	३२२	९	४१६१४	९	४१६१४	९६४५०
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२	३३९८३९६	१२	३३९८३९६	२	७१	२	७१	२	१२५९	२	१२५९			०	०	३३९९७२६
१३	अर्थ	४१६	६२११११८९४	४१६	६२११११८९४	१३२	१७८४११६३१	१३२	१७८४११६३१	१०४	९९७५९८८	१०३	९९३२७६५	२	३६१७०५८	१	३६०५६२३	२५४०६१९१३
१४	उद्योग	९७	९२८४३०	९७	९२८४३०	९७	४१८०४२	९७	४१८०४२	९५	९८६५३	९५	९८६५३			०	०	१४४५१२५
१५	ऊर्जा	५	४३९०१५	५	४३९०१५	४	५९०३२४	४	५९०३२४	४	४६००१५	४	४६००१५	०	०	०	०	१४८९३५४
१६	कानून तथा न्याय	६	५४३२३	६	५४३२३	३	३४	३	३४	२	८४९	२	८४९			०	०	५५२०६
१७	कृषि तथा सहकारी	२४२६	९३६४९०७	२४२६	९३६४९०७	३२५	४०१३९२	३२५	४०१३९२	२५०	१०७५५८	२५०	१०७५५८	१२३	६०१०५	१२३	६०१०५	९९३३९६२
१८	गृह	८१४	२३२३९६०७	८१४	२३२३९६०७	३९५	१३६३३९२	३९५	१३६३३९२	४४८	१३४९२४९	४४८	१३४९२४९	७८	१४२९६७३	७८	१४२९६७३	२७३८१८४१
१९	परराष्ट्र	७३	२०७८१७६	७३	२०७८१७६	३४	२३९३७१८	३४	२३९३७१८	४	२२०११२	४	२२०११२	१	२६९५५६	१	२६९५५६	४९६१५६२
२०	पर्यटन तथा नागरिक उडड्यन	३८	७८८१४५	३८	७८८१४५	६	२३५२११	६	२३५२११	८	५३०२४	८	५३०२४	१	२३९२	१	२३९२	१०७८७७२
२१	भूमिसुधार तथा व्यवस्था	२२७	१५८४५५२	२२७	१५८४५५२	२१२	४२२४५९८	२१२	४२२४५९८	११३	४४८१४४	११३	४४८१४४	७९	४३१९८४३	७९	४३१९८४३	१०५७७१३७
२२	भौतिक योजना तथा निर्माण	११६५	२९७४८८१५	११६५	२९७४८८१५	१८८	२५८२६९	१८८	२५८२६९	२११	२०२२०९३	२११	२०२२०९३	२४	१२१०८७	२४	१२१०८७	३२१५०२६४
२३	महिला,बालबालिका तथा समाज कल्याण	३९३	१०३५०३४	३९३	१०३५०३४	४५	३३००८	४५	३३००८	१६	७२४४	१६	७२४४	१	५१३३	१	५१३३	१०८०४१९
२४	युवा तथा खेलकुद	६	४७२१९९	६	४७२१९९	१	२५४	१	२५४	१	९२१	१	९२१	०	०	०	०	४७३३७४
२५	रक्षा	५५२	२११७७२२१	५५१	२०८५२८११	१६५	१३८०११	१६५	१३८०११	२६३	४९४०३०	२६३	४९४०३०	२	३४१४	२	३४१४	२१४८८२६६
२६	वन तथा भू–संरक्षण	८३९	३०१४१९०	८३९	३०१४१९०	१२४	३५८६१४	१२४	३५८६१४	११८	५७१७७७	११८	५७१७७७	१०३	२२१४६१	१०३	२२१४६१	४१६६०४२
२७	वाणिज्य तथा आपूर्ति	२३	११७४२२३	२३	११७४२२३	७	६५२००	७	६५२००	६	१२२३९	६	१२२३९	०	०	०	०	१२५१६६२
२८	बातावरण	९	२३४४३८८	९	२३४४३८८	६	४२४३५८	६	४२४३५८	५	१४४४६	५	१४४४६	४	१३१२५३७	४	१३१२५३७	४०९५७२९
२९	विज्ञान तथा प्रविधि	५	३८५१४७	५	३८५१४७	५	१७५५	५	१७५५	४	९०९०	४	९०९०	१	२०३	१	२०३	३९६१९५
३०	शान्ति तथा पुनर्निर्माण	५३	२३४५८१४	५३	२३४५८१४	४	१३१०४३	४	१३१०४३	५	३७८३	५	३७८३	८	३७२८६१	८	३७२८६१	२८५३५०१
३१	शिक्षा	१११९१	५५०९६८२२	१११९१	५५०९६८२२	१२०	६३०८६२	१२०	६३०८६२	११४	५८६९२	११४	५८६९२	०	०	०	०	५५७८६३७६
३२	श्रम तथा यातायात व्यवस्था	६६	६५३९४१	६६	६५३९४१	५५	५१०७८१७	५५	५१०७८१७	२५	७०८९०७	२५	७०८९०७	८	३४५७४१८	८	३४५७४१८	९९२८०८३
३३	सामान्य प्रशासन	७	३४९२९६	७	३४९२९६	२	४५४०	२	४५४०	२	११८३	२	११८३	१	९९७६६	१	९९७६६	४५४७८५
३४	सिचाई	११२	८२०९५६०	११२	८२०९५६०	९९	४१६६५	९९	४१६६५	१०५	६७८१४८	१०५	६७८१४८			०	०	८९२९३७३
३५	सूचना तथा सञ्चार	९५	२४२६३५२	९५	२४२६३५२	९१	१९१८६९४	९१	१९१८६९४	६८	५२३४५	६८	५२३४५	३	२३४२९	३	२३४२९	४४२०८२०
३६	संघीय मामिला,संविधान सभा,संसदीय व्यवस्था तथा संस्कृति	२१	७१८७०१	२१	७१८७०१	१८	३४०१०	१८	३४०१०	१८	११९२८	१८	११९२८	२	१९४०	२	१९४०	७६६५७९
३७	स्थानीय विकास	२२७४	३८६४६०२१	२२६८	३८६२२८९१	१३८	१४१३२५१	१३७	१४१२०७०	१२८	१९३१७१	१२७	१९१४५८	०	०	०	०	४०२२६४१९
३८	स्वास्थ्य तथा जनसंख्या	१६७२	१६२५७६७६	१६७२	१६२५७६७६	१५१	१२२३७७	१५१	१२२३७७	१९३	२०००९१	१९३	२०००९१	०	०	०	०	१६५८०१४४
३९	राष्ट्रिय योजना आयोगको सचिवालय	२०५	१२७५१८१	२०५	१२७५१८१	३	३१६४	३	३१६४	३	४६५८	३	४६५८			०	०	१२८३००३
४०	राष्ट्रिय सतर्कता केन्द्र	२	३६९२३	२	३६९२३	१	१२२	१	१२२	१	१४५	१	१४५			०	०	३७१९०

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
	जम्मा	१३४९९	२९३४९९३१५	१३४९२	२९३१५१७७५	२५९८	१९९१०५६६३	२५९७	१९९१०४४८२	२४७६	१८८५८८४३	२४७४	१८८१३९०७	४५६	१६३४०३८२	४५५	१६३२८९४७	५२७३९९१११
	बक्यौता																	
१	सर्वोच्च अदालत	०	०			४४	२४४८			४४	४०९२९			०	०			०
२	निर्वाचन आयोग	५	३९०			६	२			३७	१२९			०	०			०
३	अर्थ	१	४९९			१३	१७४५			१०	३२८			०	०			०
४	उद्योग	०	०			६	१८४			०	०			०	०	०	०	०
५	ऊर्जा	२२	३२४०७			०	०			३	१७०८			०	०			०
६	कानून तथा न्याय	३	२७४			०	०			०	०			०	०	०	०	०
७	कृषि तथा सहकारी	२२	२१५६३१			१८५	१२८			१०१	५००८			०	०	०	०	०
८	गृह	८	११४१४			१०	८१४५			७८	१४८५९			०	०	०	०	०
९	परराष्ट्र	१	२८७५	०	०	६	२५१७८७	०	०	०	०			०	०	०	०	०
१०	पर्यटन तथा नागरिक उड्डयन	७	२०३१			३०	४६५४	०	०	२५	१९६०	०	०	०	०	०	०	०
११	भूमिसुधार तथा व्यवस्था	२५	१२२१२			१९	१३०९२			७५	१५४९०			२	२५३९	०	०	०
१२	भौतिक योजना तथा निर्माण	२४५	३९५०५९			२	४			१००	४८१३५	२	५८	०	०	०		५८
१३	महिला,बालबालिका तथा समाज कल्याण	०	०			१६	२८३			४	१४६			०	०	०	०	०
१४	युवा तथा खेलकुद	४	१२४१८			०	०			०	०			०	०	०	०	०
१५	रक्षा		३५२२२			२	४५			५	६६७३			०	०	०	०	०
१६	वन तथा भू–संरक्षण	१५	२७३७१	२	३७०	१०	४९५३०	६	२६६४९	५१	८३६६३	३	५२५०२	२०	३२५२६	२	३२२९९	१११८२०
१७	शिक्षा	६७	२३७९६१			८८	८१०१			११३	३४४४५			०	०	०	०	०
१८	श्रम तथा यातायात व्यवस्था	१	३२६१	१	३२६१	१	४६५०८	१	४६५०८	४	२०६	१	४२		०	०	०	४९८११
१९	सिंचाई	४५	७५८५९			२	१०३			८७	२५१११			०	०	०	०	०
२०	सूचना तथा सञ्चार	०	०			०	०			१२	३०२६			०	०	०	०	०
२१	स्थानीय विकास	१९४	३१२६७५			०	०			१५८	१९३३४			०	०	०	०	०
२२	स्वास्थ्य तथा जनसंख्या	२२१	४३६५६५			५४	२२४८			४९३	३३३८९			०	०	०	०	०
	जम्मा:–	८८६	१८१४१२४	३	३६३१	४९४	३८९००७	७	७३१५७	१४००	३३४५३९	६	५२६०२	२२	३५०६५	२	३२२९९	१६१६८९
	कुल जम्मा:–	१४३८५	२९५३१३४३९	१३४९५	२९३१५५४०६	३०९२	१९९४९४६७०	२६०४	१९९१७७६३९	३८७६	१९१९३३८२	२४८०	१८८६६५०९	४७८	१६३७५४४७	४५७	१६३६१२४६	५२७५६०८००

बन तथा भुसंरक्षण मन्त्रालयको गत वर्ष देखाएको विनियोजन राजस्व धरौटी र अन्य कारोवारको बक्यौता रकममा रु ६ करोड ४९ लाख ६९ हजार थप गरि हिसाव मिलान गरिएको छ ।

अनुसूची – ३

(प्रतिवेदनको परिच्छेद १ को दफा १ र १८ सँग सम्बन्धित)

सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण बक्यौताको विवरण

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन		राजस्व		धरौटी		अन्य कारोवार		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१	सर्वोच्च अदालत	०	०	४४	२४४८	४४	४०९२९	०	०	८८	४३३७७
२	निर्वाचन आयोग	५	३९०	६	२	३७	१२९	०	०	४८	५२१
३	अर्थ	१	४९९	१३	१७४५	११	४३५५१	१	११४३५	२६	५७२३०
४	उद्योग	०	०	६	१८४					६	१८४
५	ऊर्जा	२२	३२४०७	०	०	३	१७०८			२५	३४११५
६	कानून तथा न्याय	३	२७४	०						३	२७४
७	कृषि तथा सहकारी	२२	२१५६३१	१८५	१२८	१०१	५००८			३०८	२२०७६७
८	गृह	८	११४१४	१०	८१४५	७८	१४८५९			९६	३४४१८
९	परराष्ट्र	१	२८७५	६	२५१७८७	०	०			७	२५४६६२
१०	पर्यटन तथा नागरिक उड्डयन	७	२०३१	३०	४६५४	२५	१९६०			६२	८६४५
११	भूमिसुधार तथा व्यवस्था	२५	१२२१२	१९	१३०९२	७५	१५४९०	२	२५३९	१२१	४३३३३
१२	भौतिक योजना तथा निर्माण	२४५	३९५०५९	२	४	९८	४८०७७			३४५	४४३१४०
१३	महिला,बालबालिका तथा समाज कल्याण			१६	२८३	४	१४६			२०	४२९
१४	युवा तथा खेलकुद	४	१२४१८							४	१२४१८
१५	रक्षा	१	३५९६३२	२	४५	५	६६७३			८	३६६३५०
१६	वन तथा भू–संरक्षण	१३	२७००१	४	२२८८१	४८	३११६१	१८	२२७	८३	८१२७०
१७	शिक्षा	६७	२३७९६१	८८	८१०१	११३	३४४४५			२६८	२८०५०७
१८	श्रम तथा यातायात व्यवस्था	०	०	०	०	३	१६४			३	१६४
१९	सिंचाई	४५	७५८५९	२	१०३	८७	२५१११			१३४	१०१०७३
२०	सूचना तथा सञ्चार					१२	३०२६			१२	३०२६
२१	स्थानीय विकास	२००	३३५८०५	१	११८१	१५९	२१०४७			३६०	३५८०३३
२२	स्वास्थ्य तथा जनसंख्या	२२१	४३६५६५	५४	२२४८	४९३	३३३८९			७६८	४७२२०२
	जम्मा:	८९०	२१५८०३३	४८८	३१७०३१	१३९६	३२६८७३	२१	१४२०१	२७९५	२८१६१३८

द्रष्टव्य:–बन तथा भुसंरक्षण मन्त्रालयको गत वर्ष देखाएको विनियोजन,राजस्व,धरौटी र अन्य कारोवारको बक्यौता रकममा रु ६ करोड ४९ लाख ६९ हजार थप गरि हिसाव मिलान गरिएको छ ।

अनुसूची – ४
(प्रतिवेदनको परिच्छेद १ को दफा ३ र ४ सँग सम्बन्धित)

संगठित संस्था, अन्य संस्था र समितिको लेखापरीक्षण विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४	४		४	१५२८६३	०
२	अर्थ	११	७		७	५३०८२६४४४	४
३	उद्योग	२८	१४		१४	१०१२४८२९	१४
४	ऊर्जा	३	२		२	१३२,८१९,५३०	१
५	कानून तथा न्याय	५	३	०	०	१४२३११	२
६	कृषि तथा सहकारी	२२	२०	१७	३	६८७४३४४	२
७	गृह	८३	८३		८३	५४७३६३४	०
८	पर्यटन तथा नागरिक उड्डयन	१६	१३	१३		४६,८७६,९५४	३
९	भूमिसुधार तथा व्यवस्था	१	१	१		३४८८७४	०
१०	भौतिक योजना तथा निर्माण	४३	४३	४३		४५८०५७९	०
११	महिला, बालबालिका तथा समाज कल्याण	५	५		५	२४७७९७	०
१२	युवा तथा खेलकूद	३	१		१	२७६३९	२
१३	रक्षा	७	७	७		११८६०२७८	०
१४	वन तथा भू–संरक्षण	३६	३१		३१	२६७२२९७	५
१५	वाणिज्य तथा आपूर्ति	४	३		२	१३५९०६८	१
१६	बातावरण	२	२	२		४६९४८	०
१७	विज्ञान तथा प्रविधि	२	२		२	१७०८५२	०
१८	शिक्षा	६९८	२४८	०	२४८	३१४९७१५९	४५०
१९	सामान्य प्रशासन	३	३	३	३	६२३९१६	०
२०	सूचना तथा सञ्चार	१३	१२		१२	८५२८६०८	१
२१	संघीय मामिला,संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	२०	१९		१९	२४८३०६०	१
२२	स्थानीय विकास	९३	८३		८३	३४१९६८४	१०
२३	स्वास्थ्य तथा जनसंख्या	११२	११२		११२	१३९४८०५०	०
	जम्मा:	१२१४	७१८	८६	६३१	८१५३५४७१८	४९६

अनुसूची ५

(प्रतिवेदनको परिच्छेद १ को दफा ३ र ४ सँग सम्बन्धित)

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण अङ्क, बेरुजू र दायित्व तथा सम्पत्ति

(रु.हजारमा)

क्र.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
१	**संगठित संस्था**	८५	४	**७५१,१६४,८७८**	**१,६२१,७०३**	**७६,९८७,९९६**	**५७,४१९,१७९**	**-२१,०९८,८३४**	**८६,९९८,४७२**	**५१२,२८३,८०७**	**१३,७०४,१३२**	**७२६,२९४,७५२**	**१४७,१९५,४१४**	**२३२,०५६,२१४**	**३४७,०४३,१२४**	**७२६,२९४,७५२**
	अर्थ मन्त्रालय	६	४	५२७९०९१६१	०	४२७२२९२	४९,४९५,०५४	-१३६,५९०,२४	१५,९५५,८१५	४५,७२८,७१७६	७९,७८१२	५१,४१४,९१२५	१९,७५,५२८	१७६,९९८,२४४	३३५,१७५,३५३	५१४,१४९,१२५
	कर्मचारी सञ्चय कोष	१	२०६७/६८	१०६,५८४,४७६			३,१५१,०८७			१०२,७५१,०९२	६८२,२९७	१०६,५८४,४७६	५२०,९४९	१०४,७२७,८७९	१,३३५,६४८	१०६,५८४,४७६
	नेपाल राष्ट्र बैङ्क	१	२०६७/६८	३२०,८६५,१८३		३,०००,०००	४२,४७२,७०७		१५,९५५,८१५	२५९,४३६,६६१		३२०,८६५,१८३	५१९,८६७	६,७२२,६७७	३९३,६२२,६३९	३२०,८६५,१८३
	राष्ट्रिय बाणिज्य बैङ्क	१	२०६७/६८	८७,१८९,३३३		१,१७२,३००	३,८०७,२४४	-१३,७६०,०३६	०	८२,२०९,७८९	०	७३,४२९,२९७	४६१,५७६	५२,७५०,६५५	२०,२१७,०६६	७३,४२९,२९७
	धितोपत्र बोर्ड	१		०												
	नागरिक लगानी कोष	२	२०६६/६७	१३,२७०,१६९		९९,९९२	६४,०१६	१०१,०१२	०	१२,८८९,६३४	११५,५१५	१३,२७०,१६९	४७३,१३६	१२,७९७,०३३	०	१३,२७०,१६९
	उद्योग मन्त्रालय	२१		९,९६९,५००	०	४,८४५,६२४	३९,३५७	-३,८५९,०६३	२,३८७,७८६	१,७७२,०३७	९१३,७३३	६,०९९,४७४	३,६०९,३१२	१,९८३,६१६	५०६,५४६	६,०९९,४७४
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	१	२०६७/६८	२९,०१५		२२,०७७		५,१३२	९७	१,२०५	५०४	२९,०१५	१५,१२०	१३,७४६	१४९	२९,०१५
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	१	२०६५.६६	२८,७४०		२१,०७९		५,८३१	१९०	१,११८	५२२	२८,७४०	१४,१६०	१४,३१३	२६७	२८,७४०
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	१	२०६७/६८	६,५५१,७७२		३,६४८,०५१		-२,०१५,११३	१,७२५,०००	१,००३,४२०	१७५,३०१	४,५३६,६५९	३,२६२,४१४	१,२१३,१५०	६१,०९५	४,५३६,६५९
	नेपाल औषधी लिमिटेड	१	२०६५.६६	६३६,६८०		७५,४९९	३०,९३६	-५५९,९०१	१७९,५७७	२१०,८३५	१३९,८३३	७६,७७९	२३,०१२	५२,४६५	१,३०२	७६,७७९
	सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	१	२०६७/६८	४२,४३७				१७,१७९	२५,२५८			४२,४३७	१,५३९	५,६०५	३५,२९३	४२,४३७
	हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	१	२०६७/६८	६५२,३८२		१७८,२३३	८,२१८	-५५७,९६२	४६५,७४३	०	१८८	९४,४२०	४९,१६६	४५,२५४		९४,४२०
	कृषि औजार कारखाना लिमिटेड	१०		०								०				०
	जनकपुर चुरोट कारखाना लिमिटेड	३		०								०				०
	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	२	२०६६/६७	२,०२८,४७४		९००,६८५	२०३	-७३७,०५०	०	५३०,२०१	५९७,३८५	१,२९१,४२४	२४३,९०१	६३९,०८३	४०८,४४०	१,२९१,४२४
												०				०
	उर्जा मन्त्रालय	२	०	१३२,८१९,५३०	०	३०,४७९,७५०	०	१,६७५,२४६	६२,८६८,०९३	२९,९७३,५४२	७,८२२,८९९	१३२,८१९,५३०	१०७,४४०,६७१	१९,६३४,४७७	५,७४४,३८२	१३२,८१९,५३०
	नेपाल विद्युत प्राधिकरण	१	२०६७/६८	१२७,८१९,५३०		२५,४७९,७५०	०	१,६७५,२४६	६२,८६८,०९३	२९,९७३,५४२	७,८२२,८९९	१२७,८१९,५३०	१०७,४४०,६७१	१४,६३४,४७७	५,७४४,३८२	१२७,८१९,५३०
	जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	१	२०६७/६८	५,०००,०००		५,०००,०००						५,०००,०००		५,०००,०००		५,०००,०००
	कृषि तथा सहकारी मन्त्रालय	११	०	६३१३७७९	७४६२०	२१७७२२८	११८२५६७	-३७०३५९	३३२५	१५९८८०३	१३२२१७६	५९१३७४०	१७६४००८	३७२१६४६	४२८०८६	५९१३७४०
	कृषि सामग्री कम्पनी लिमिटेड	१	२०६७/६८	३,०३८,०७१		४२६,३८२	५४७,५४२	-६५,५०९	०	१,२९०,५२२	७७३,६२५	२,९७२,५६२	७५६,४४३	२,०७८,२५४	१३७,८६५	२,९७२,५६२
	राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेड	१	२०६७/६८	२५६,५८९		११८,५१७		२१,५५०		१७,७५९	९८,७६३	२५६,५८९	७१,१२०	१३४,०५३	५१,४१६	२५६,५८९
	दुग्ध विकास सस्थान	२	२०६६/६७	१,२८६,४४४		६७०,०८०		-३२५,०६०	३,३२५	१६३,२५१	४४९,७८८	९६१,३८४	२६३,३९२	६८०,९९०	१७,००२	९६१,३८४
	कमर्सियल एग्रीकल्चर एलायन्स मोरङ	१	२०६७/६८	१११,४४२	२७४	४४२,५५	३०६१			६४१२६		१११४४२	१५४४	१०६७४८	३१५०	१११४४२
	नेपाल पशु चिकित्सा परिषद्	१	२०६७/६८	४,३५२			३,३१२	१,०४०	०	०	०	४,३५२	१,०४०	३,३१२		४,३५२
	नेपाल कृषि अनुसन्धान परिषद्	१	२०६७/६८	१,२७५,१६४	२९८३९	७०६,९५२	५१९,५८४	०	०	४८६२८	०	१२७,५१६४	६२६,०४६	६२४,३२७	२४७,९१	१२७,५१६४
	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१	२०६७/६८	४४,१३५	४४१३५	३,४००				-४७३५		३४,६६५	१०७१०	२१,५९७	२३,५८	३४,६६५
	राष्ट्रिय दुग्ध विकास बोर्ड	१	२०६७/६८	१८५,३३६	३७२	१७१,६४२	०	-२३८०		१६०७४	०	१८,५३३६	११७३९	३८,२८२	१३५,३१५	१८,५३३६
	राष्ट्रिय सहकारी विकास बोर्ड	२	२०६६/६७	११२,२४६			१०९,०६८	०	०	३,१७८	०	११२,२४६	२१,९७४	३४,०८३	५६,१८९	११२,२४६
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	६		४५,४३४,५३०	०	२३,१४५,३९२	२५२,९३१	-४,८००,७३९	५,१३०,७८२	१६,७४०,४९५	१६४,९३०	४०,६३३,७९१	२३,१५७,४२४	१६,७३४,२६२	७४२,१०५	४०,६३३,७९१
	नेपाल नागरिक उड्डयन प्राधिकरण	१	२०६७/६८	१७,०८४,४७८		११,७३५,४१३	२,५००	-४०७,१२७	९८०,२२०	४,२०९,३५९	१५६,९८६	१६,६७७,३५१	११,४०९,९३३	४,८८०,३१७	३८७,१०१	१६,६७७,३५१
	नेपाल नागरिक उड्डयन प्राधिकरण	१	२०६६/६७	१६,३७६,६६३		११,०८५,४१३	२,५००	-१,१४९,७०९	१,५३१,०००	३,७५७,७५०	०	१५,२२६,९५४	१०,६२६,२८६	४,२५८,००२	३४२,६६६	१५,२२६,९५४
	नेपाल वायुसेवा निगम	१	२०६७/६८	६,०३६,२२३		१६२,२८३		-१,६२१,२१८	१,२८६,३०९	४,५८७,६३१		४,४१५,००५	५५४,४१४	३,८५४,४२२	६,१६९	४,४१५,००५
	नेपाल वायुसेवा निगम	१	२०६६/६७	५,४३६,३२२		१६२,२८३	०	-१,५८१,४२०	१,३०१,१५९	३,९७२,८८०		३,८५४,९०२	५३५,३२८	३,३१३,४०५	६,१६९	३,८५४,९०२
	नेपाल पर्यटन बोर्ड	१	२०६६/६७	२१४,२९३				-२८,२०८	३२,०९४	१७४,२५५	७,९४४	१८६,०८५	१४,०८०	१७२,००५		१८६,०८५
	नेपाल पर्यटन बोर्ड	१	२०६७/६८	२८६,५५१			२४७,९३१	-१३,०५७		३८,६२०	०	२७३,४९४	१७,३८३	२५६,१११	०	२७३,४९४
	भौतिक योजना तथा निर्माण मन्त्रालय	८		२८४८३२६	२९०१६२	२७३८४५०	०	१३०८०	०	७३०३२	२३७६४	२८४८३२६	४३६४	२४६६०४०	३७७९२२	२८४८३२६
	ग्रामीण आवास कम्पनी लिमिटेड	१		०								०				०
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	४		०												

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
	नेपाल खानेपानी संस्थान	१		०								०				०
	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	१	२०६७/६८	१६७,६७८		६२,०७२	०	१३,०८०	०	७३,०३०	१९,४९६	१६७,६७८	४,३६४	१६३,३१४	०	१६७,६७८
	सडक बोर्ड नेपाल	१	२०६७/६८	२,६८०,६४८	२९०,१६२	२६७,६३७८	०		०	२	४२६८	२६८०६४८		२३०२७२६	३७७९२२	२६८०६४८
	वन तथा भू–संरक्षण मन्त्रालय	८		२२२२९०८	१३०८७	१०२१२१	१११९०१७	-१५८३८१	११५६६८	३९९८७९	२१४९८६	१७९३२९०	८०४३११	४६१९०७	५२७०७२	१७९३२९०
	नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड	१		०		०						०				०
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१	२०६७/६८	२३२,४०५		२७,५१७	६०४	-१३८,१८८	६०,८९४	१५,४७३	१२७,९१७	९४,२१७	२२,८५३	७१,३६४		९४,२१७
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	५	२०६३/६४	८६७,९७१		१६,०८२	५०१,६६७	-२९१,४३०	५४,७७४	२०८,३७९	८७,०६९	५७६,५४१	३११,५५८	२६४,९८३		५७६,५४१
	राष्ट्रिय प्रकृति संरक्षण कोष	१	२०६७/६८	१,१२२,५३२	१३०८७	५८५२२	६१६७४६	२७१२३७	०	१७६०२७	०	११२२५३२	४६९९००	१२५५६०	५२७०७२	११२२५३२
	वाणिज्य तथा आपूर्ति मन्त्रालय	५		८६१३७५	०	१६९३३५	७८२९८	-४२७६२८	१०००००	४६९०२६	४४७१६	४३३७४७	२६६६९	३९९३९४	७६८४	४३३७४७
	नेपाल खाद्य संस्थान	१		०								०				०
	नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२		०								०				०
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२	२०६६/६७	८६१,३७५		१६९,३३५	७८,२९८	-४२७,६२८	१००,०००	४६९,०२६	४४,७१६	४३३,७४७	२६,६६९	३९९,३९४	७,६८४	४३३,७४७
	शिक्षा मन्त्रालय	६		१०६१०६९७	१०८०७९१	५८६४९९१	५१३१५८	-३२९१४२	०	२९६३१२९	१२९००५२	१०३०२१८८	४८९३४५९	२३४६८४८	३०६१८८१	१०३०२१८८
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२	२०६६/६७	१,३७०,४८९		४५०,०००	१३२,६२६	-३०८,५०९	०	७७८,०१२	९,८५१	१,०६१,९८०	२४९,०६७	८१२,८१३	१००	१,०६१,९८०
	उच्च माध्यमिक शिक्षा परिषद्			०								०				०
	नेपाल संस्कृत विश्वविद्यालय	१	२०६७/६८	९१३,०४६	२२०५५	७९१७१४	०	-२०६३३	०	५५०६५	८६९००	९१३०४६	२७८८८८	४३८०५०	१९६१०८	९१३०४६
	पोखरा विश्वविद्यालय	१	२०६७/६८	२१२,२४६	३३८४४	१८२२६१				६२२९	२३७५६	२१२२४६	७७६८३	४२०७	१३०३५६	२१२२४६
	त्रिभुवन विश्वविद्यालय	१	२०६७/६८	८,०८५,९३७	१०२४२८४	४४४०३५४	३८०५३२	०	०	२१२३३११	११४१७४०	८०८५९३७	४२८७१५९	१०९१६७६	२७०७१०२	८०८५९३७
	लुम्बिनी बौद्ध विश्व विद्यालय	१	२०६७/६८	२८,९७९	६०८	६६२	०	०	०	५१२	२७८०५	२८९७९	६६२	१०२	२८२१५	२८९७९
	सामान्य प्रशासन मन्त्रालय	१		३००८७३	२५५६२	२०२०१७	८१८७५	०	०	१६९८१	०	३००८७३	९७५३२	११५४२७	८७९१४	३००८७३
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१	२०६७/६८	३००८७३	२५५६२	२०२०१७	८१८७५	०	०	१६९८१	०	३००८७३	९७५३२	११५४२७	८७९१४	३००८७३
	सूचना तथा सञ्चार मन्त्रालय	७		७१६४३५३	०	१६७८८८०	३२०४७७१	-१७८७९	२५४५०२	६३०६७९	५७७३३०	६३२८२८३	६१९६१५	५७०८६६८	०	६३२८२८३
	गोरखापत्र संस्थान	१	२०६५/६६	२६०,४८२		११,५१७	२,६९९	-२५,५०९	११८,१४६	७४,४२७	५३,६९३	२३४,९७३	४३,९४२	१९१,०३१		२३४,९७३
	गोरखापत्र संस्थान	२	२०६६/६७	२७२,३२६		११,५१७	२,६९९	-४,८२१	१३६,३५६	६१,१६५	६०,५८९	२६७,५०५	४१,१८४	२२६,३२१		२६७,५०५
	नेपाल टेलिभिजन	१	२०६७/६८	१,९११,६१०		१,६४८,९३८	१,९४२	-८०५,७४०		१००,९१६	१५९,८१४	१,१०५,८७०	४८८,३४२	६१७,५२८		१,१०५,८७०
	नेपाल दूरसञ्चार प्राधिकरण	१	२०६७/६८	४,५८५,७३५			३,१३४,६३०	८१२,४४९		३३५,४२२	३०३,२३४	४,५८५,७३५	२५,६२४	४,५६०,१११		४,५८५,७३५
	राष्ट्रिय समाचार समिति	१	२०६७/६८	६४,६१२		६,९०८	५१,७१५	५,७४२	०	२४७	०	६४,६१२	१९,१०४	४५,५०८		६४,६१२
	प्रेस काउन्सिल	१	२०६७/६८	६९,५८८			११,०८६			५८,५०२		६९,५८८	१,४१९	६८,१६९		६९,५८८
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	२		१६९९१९९	११२३६	१३२०९	१३८५१११९	-३७४६१	१८२५०१	११२९२९	५४४१	१६६१७३८	८२६४२१	८२६५१२	८८०५	१६६१७३८
	पशुपति क्षेत्र विकास कोष	१	२०६७/६८	१,४१७,७८०	११,२३६	०	१३८४३००	०		३३४८०	०	१४१७७८०	६५४१९४	७५४७८१	८८०५	१४१७७८०
	साँस्कृतिक संस्थान	१	२०६७/६८	२८१,४१९		१३,२०९	८१९	-३७,४६१	१८२,५०१	७९,४४९	५,४४१	२४३,९५८	१७२,२२७	७१,७३१		२४३,९५८
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२		३०१०६४७	१२६२४५	१२९८७०७	६७०३२	८७२५१६	०	२४६०९९	५२६२९३	३०१०६४७	१९७६१००	६५९१७३	३७५३७४	३०१०६४७
	बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	२०६७/६८	२,०९८,६०५	१२६२४५	७०४२२२	०	७६९२२०	०	९८८७०	५२६२९३	२०९८६०५	१५०१०९७	४००३४१	१९७१६७	२०९८६०५
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	२०६७/६८	९१२,०४२	०	५९४४८५	६७०३२	१०३२९६	०	१४७२२९	०	९१२०४२	४७५००३	२५८८३२	१७८२०७	९१२०४२
२	**समिति**	९	०	**२,१६१,७७५**	**२४६,८६१**	**६११,११६**	**५२८,९२६**	**-४७,५४३**	**१५७,६७२**	**७२१,११०**	**३१,००७**	**२,००२,२८८**	**६०६,००१**	**१,३१९,१५५**	**७७,१३२**	**२,००२,२८८**
	कानून तथा न्याय मन्त्रालय	१		१३८०५५	०	०	०	९८४६०	०	३९५९५	०	१३८०५५	१३८५३	१२४२०२	०	१३८०५५
	कानून किताब व्यवस्था समिति	१	२०६७/६८	१३८,०५५				९८,४६०		३९,५९५		१३८,०५५	१३,८५३	१२४,२०२		१३८,०५५
	कृषि तथा सहकारी मन्त्रालय	३		५३५,५२६	२४३	३२८३२५	०	-१३५८८९	१५७६७२	१७३६६	२०८३२	३८८३०६	३०९७८२	२९०१७	४९५०७	३८८३०६
	कालीमाटी फलफुल तथा तरकारी विकास समिति	१	२०६७/६८	३२८,४३४	२१४	२९१८४३	०	११३३१	०	११५९८	१३६६२	३२८४३४	२७८५९२	१६२०२	३३६४०	३२८४३४
	कपास विकास समिति	१	२०६७/६८	१९२,४८७	२९	२८६०५	०	-१४०५४६	१५६४७०	२४२	७१७०	५१९४१	२९३६६	६७३५	१५८४०	५१९४१
	पशु आहार उत्पादन विकास समिति	१	२०६७/६८	१४,६०५		७८७७	०	-६६७४	१२०२	५५२६	०	७,९३१	१८२४	६०८०	२७	७,९३१
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३		६१८६६७	७८७	१०३७८१	५०१३३३	-१२२६७	०	३३७८	१०१७५	६०६४००	२६११७७	३२९५६९	१५६५४	६०६४००
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१	२०६७/६८	२८५,५६३	७८७	१०२६७६	१७९५०९			३३७८		२८५५६३	१०६१७८	१६३७३१	१५६५४	२८५५६३
	तारा गाउँ विकास समिति	२	२०६६/६७	३३३,१०४		१,१०५	३२१,८२४	-१२,२६७			१०,१७५	३२०,८३७	१५४,९९९	१६५,८३८	०	३२०,८३७
	भौतिक योजना तथा निर्माण मन्त्रालय	१		८४४०४६	२४५५२८	१५५६८२	२७५९३	०	०	६६०७७१	०	८४४०४६	१८५५०	८१३६२२	११८७४	८४४०४६

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१	२०६७/६८	८४४,०४६	२४५,५२८	१५५,६८२	२७५,९३			६६०७७१		८४४०४६	१८५५०	८१३६२२	११८७४	८४४०४६
	शिक्षा मन्त्रालय	१		२५४८१	३०३	२३३२८	०	२१५३	०	०	०	२५४८१	२६३९	२२७४५	९७	२५४८१
	स्वप्न बगैचा विकास समिति	१	२०६७/६८	२५४८१	३०३	२३३२८	०	२१५३	०		०	२५४८१	२६३९	२२७४५	९७	२५४८१
३	**अन्य संस्था**	**१०**	**०**	**३,२८६,५२६**	**६१,५७५**	**३,०५९,७९१**	**७५,७८९**	**१२,५९३**	**१०१**	**१३८,३०२**	**१०१**	**३,२८६,१७२**	**९९,७९८**	**२,०४७,५१३**	**१,१३९,०६३**	**३,२८६,१७२**
	अर्थ मन्त्रालय	२		२५९,३४७१	१८६५०३	२२१४२८	२२१४२८	१२८३६३६	०	१२५,२३४	७४१७४५	२५९,३४७१	३०६३	१३६५०६९	१२२५,३३९	२५९,३४७१
	आकस्मिक विमा कोष	१	२०६५/६६	१,०४३,०८९	८७८३३	११०७१४	११०७१४	४७९००१	०	६७९७४	२७४६८६	१०४३०८९	१६७१	५८५,४२३	४५५,९९५	१,०४३,०८९
	आकस्मिक विमा कोष	१	२०६६/६७	१,५५०,३८२	९८६७०	११०७१४	११०७१४	८०४६३५	०	५७२६०	४६७०५९	१५५०३८२	१३९२	७७९,४६	७६९,३४४	१,५५०,३८२
	कृषि तथा सहकारी मन्त्रालय	२		४३२४	१६	०	०	२३९७	०	१९२७	०	४३२४	८	४३१६	०	४३२४
	पशु विकास फर्म, पोखरा दाहोरो मार्ग	१	२०६७/६८	३,४२८	०	०	०	१५०१		१९२७		३४२८	८	३४२०	०	३४२८
	मत्स्य विकास केन्द्र, हेटौडा	१	२०६७/६८	८९६	१६			८९६				८९६		८९६		८९६
	गृह मन्त्रालय	२		२१६८३६६	२२०४	२०७३८१३	०	०	०	९४५५३	०	२१६८३६६	५११७८	१२५५०६३	८६२१२५	२१६८३६६
	प्रहरी कल्याण कोष	१	२०६७/६८	१,०५३,३६०	९५२	१०४९६३७				३७२३		१०५३३६०	५०९५३	६२२६१७	३७९,७९०	१०५३३६०
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	१	२०६७/६८	१,१११५,००६	१२५२	१०२४१७६		०		९०८३०	०	१११५००६	२२५	६३२४४६	४८२३३५	१११५००६
	महिला, बालबालिका तथा समाज कल्याण मन्	१		१६१८२	५६५७	१६११०	०	-३५४	०	७२	०	१५८२८	४४१	२३६९	१३०१८	१५८२८
	राष्ट्रिय अपांग सहायता कोष	१	२०६७/६८	१६,१८२	५६५७	१६११०		-३५४		७२		१५८२८	४४१	२३६९	१३०१८	१५८२८
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२		७२०,५७५	०	७१४,३६५	०	०	०	६,२१०	०	७२०,५७५	८,७६५	७११,८१०	०	७२०,५७५
	वायुयान संचालन कोष	१	२०६६/६७	३६८,७६१		३६५,८१६				२,९४५		३६८,७६१	४,८१२	३६३,९४९		३६८,७६१
	वायुयान संचालन कोष	१	२०६७/६८	३५१,८१४		३४८,५४९				३,२६५		३५१,८१४	३,९५३	३४७,८६१		३५१,८१४
	भौतिक योजना तथा निर्माण मन्त्रालय	१		१३५१२	५८३	५२८७	०	०	०	८२२५	०	१३५१२	१५८	१३५	१३२१९	१३५१२
	महसुल निर्धारण आयोग	१	२०६७/६८	१३,५१२	५८३	५२८७				८२२५		१३५१२	१५८	१३५	१३२१९	१३५१२
	रक्षा मन्त्रालय	१		८६८२७	०	०	७५,६८८	१०४४९	०	६९०	०	८६८२७	१८३१९	५४११७	१४३९१	८६८२७
	बहु व्यवसाय उद्योग	१	२०६७/६८	८६,८२७			७५,६८८	१०४४९		६९०		८६८२७	१८३१९	५४११७	१४३९१	८६८२७
	युवा तथा खेलकुद मन्त्रालय	१	०	२७,६३९	५३०१४	२५०११५	०	०	०	२६५२४	०	२७,६३९	२०८२८	१९,६०२	२३,६२०९	२७,६३९
	राष्ट्रिय खेलकुद परिषद्	१	२०६६/६७	२७,६३९	५३०१४	२५०११५	०	०	०	२६५२४	०	२७,६३९	२०८२८	१९,६०२	२३,६२०९	२७,६३९
	जम्मा:	**१०४**		**७५६,६१३,१७९**	**१,९३०,१३९**	**८०,६५८,९०३**	**५८,०२३,८९४**	**-२१,१३३,७८४**	**८७,१५६,२४५**	**५१३,१४३,२१९**	**१३,७३५,२४०**	**७३१,५८३,२१२**	**१४७,९०१,२१३**	**२३५,४२२,८८२**	**३४८,२५९,३१९**	**७३१,५८३,२१२**

अनुसूची – ६
(प्रतिवेदनको परिच्छेद १ को दफा ३१ सँग सम्बन्धित)

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
सञ्चालन नतिजा

(रु हजारमा)

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
१	**संगठित संस्था**		**६९८४७५३०**	**८४४७१०५**	**१४७१८२०७**	**९३०१२८४२**	**३५२९१५३६**	**२३६२१३६०**	**१४६०७५५२**	**४१७५४४५**	**५१२२९४६**	**१०३०३७**	**८२९२१८७६**	**१००९०९६६**
	अर्थ मन्त्रालय		२६६०५८२८	०	८३५७५४०	३४९६३३६८	१२२७६७७१	५३४९०७६	४०८८७५९	९२८५	९७५८३	३४९८५	२१८५६४५९	१३१०६९०९
	कर्मचारी सञ्चय कोष	२०६७/६८	९२५१४२७		५१९८८१	९७७१३०८	७२९१२४३	४८८७४०	३५८५१२	९२८५	३८६१२		८१८६३९२	१५८४९१६
	नेपाल राष्ट्र बैङ्क	२०६७/६८	१२१५४१५२		६०४२८७६	१८१९७०२८	२५०८४०२	३४८९५५९	२४१२२३६		५६९१२		८४६७१०९	९७२९९१९
	राष्ट्रिय वाणिज्य बैङ्क	२०६७/६८	५०३१४२६		१७९४७०२	६८२६१२८	२४७७१२६	१३३५८९६	१२९३२१०			८५९८	५११४८३०	१७११२९८
	नागरिक लगानी कोष	२०६७/६८	१६८८२३		८१	१६८९०४		३४८८१	२४८०१		२०५९	२६३८७	८८१२८	८०७७६
	उद्योग मन्त्रालय		१६९५०७२	२९८८७	८०१६९	१८०५१२८	१३६४७०६	९४८४४	१९२३३६	१२४६५२	२४३३८५	२९२५४	२०४९१७७	-२४४०४९
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०६७/६८	७१६१९७		१६५६८	७३२७६५	६३६०४९	३१७११	३६३५२	८६७३९	२२४६२३		१०१५४७४	-२८२७०९
	नेपाल औषधी लिमिटेड	२०६७/६८	४२८९		१०७७९	१५०६८	४२२२८	२७६९	१९१६१	२३६३८	१३२१		८९११७	-७४०४९
	सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	२०६७/६८	१			१		७१	०				७१	-७०
	हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	२०६७/६८	०	०	०	०	०	४४५	१८०७				२२५२	-२२५२
	हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	२०६६/६७	९५९२३४	०	५१८६९	१०१११०३	६८३२४२	४५२८८	१०४६१८	१४२७५	१७४१०	२९२५४	८९४०८७	११७०१६
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०६७/६८	९३६४	१५१३५	३३८	२४८३७	०	८६४३	१५४७७		१८		२४१३८	६९९
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०६६/६७	५९८७	१४७५२	६१५	२१३५४	३१८७	५९१७	१४९२१		१३		२४०३८	-२६८४
	उर्जा मन्त्रालय		१७९४७५९०	०	१३०५२२५	१९२५२८१५	१२७०९१७३	३२४१६९३	३११८५८०	३५४३०४०	३०२१५४८	०	२५६३४०३४	-६३८१२१९
	नेपाल विद्युत प्राधिकरण	२०६७/६८	१७९४७५९०	०	१३०५२२५	१९२५२८१५	१२७०९१७३	३२४१६९३	३११८५८०	३५४३०४०	३०२१५४८	०	२५६३४०३४	-६३८१२१९
	जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	२०६७/६८	०			०	०						०	०
	कृषि तथा सहकारी मन्त्रालय		५२०९४८०	१०८६३८२	२३३३०६	६५२९१६८	४९३९३०४	५२३९०७	७११२८९	२०२७	५३२७८	२८३३७	६२५८१४२	२७१०२६
	नेपाल कृषि अनुसन्धान परिषद	२०६७/६८	५३०५५	९३४१३०	१५	९८७२००	२४८९०१	३२९५९२	३५५६३७	०	०	०	९३४१३०	५३०७०
	राष्ट्रिय दुग्ध विकास बोर्ड	२०६७/६८	०	१२१५३	१२७८६	२४९३९	३२२०	३४५	८९३२	०	९९९	०	१३४९६	११४४३
	राष्ट्रिय चिया तथा कफि बोर्ड	२०६७/६८	६३२	३१८२७	२७२९	३५१८८	१०२३२	१७२१८					२७४५०	७७३८
	कमर्सियल एग्रिकल्चर सप्लार्यन्स	२०६७/६८	०	९३८१२	७२८	९४५४०	६२३८६	१४२२९	१७१९७	०	२१७		९४०२९	५११
	कृषि सामग्रि कम्पनी लिमिटेड	२०६७/६८	२३२८१७५	०	१९२३१३	२५२०४८८	२१६९२७४	३९९८३	११२९०६	०	१०६१२	२०४६९	२३५३२४४	१६७२४४
	राष्ट्रिय वीउ विजन कम्पनी लिमिटेड	२०६७/६८	१८४५०५	५०००	५७३९	१९५२४४	१३३२२७	९३५६	४३७९९	५२५	२६७८	१४१५	१९१०००	४२४४
	नेपाल पशु चिकित्सा परिषद्	२०६७/६८	०	१९६०	९१७	२८७७	०	११७१	१२१५	०	१९५	०	२५८१	२९६
	दुग्ध विकास र्सस्थान	२०६६/६७	२६२८३५१	०	१७५४१	२६४५८९२	२३१२०६४	१०१६६३	१६१४३७	१५०२	३६९६२	६४५३	२६२००८१	२५८११
	राष्ट्रिय सहकारी विकास बोर्ड	२०६६/६७	१४७६२	७५००	५३८	२२८००		१०३५०	१०१६६	०	१६१५		२२१३१	६६९
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		१५६२१९६८	४९८१०५	४०९२६०	१६५२९३३३	८४२५०६	१००८७४९०	२२७३२०८	३७१२४५	१४६२२६७	-५५११२	१४९८१६०४	१५४७७२९
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०६७/६८	२५६९७६३	०	१६८०९७	२७३७८६०	२४९३३७	३७४४५२	४७४३१७	१५२१७२	६३२४४७	११२५५२	१९९५२७७	७४२५८३
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०६६/६७	२३४९७५६	०	९५०८१	२४४४८३७	२८६५७६	५२६७६४	४६१५०९	२१९०७३	६९००४२	-१६७६६४	२०१६३००	४२८५३७
	नेपाल वायुसेवा निगम	२०६७/६८	५२९९१५८	०		५२९९१५८		४३८७९८८	७०६२६५		७७४४०	०	५१७१६९३	१२७४६५
	नेपाल वायुसेवा निगम	२०६६/६७	५३६२२०१			५३६२२०१		४४३५६१६	६०८४४७	०	५४१४२	०	५०९८२०५	२६३९९६
	नेपाल पर्यटन बोर्ड	२०६६/६७	८२७६	२३३१४७	३८४४	२४५२६७	५३५०१	१९७९१८	१४९५	०	३४४३	०	२५६३५७	-११०९०
	नेपाल पर्यटन बोर्ड	२०६७/६८	१५७८	२६४९५८	९४८५९	३६१३९५	२११६७९	१२६८१२	३६५६	०	४०९७	०	३४६२४४	१५१५१
	वायुयान संचालन कोष	२०६६/६७	०	०	१९०९६	१९०९६		१३०२८			२४६		१३२७४	५८२२
	वायुयान संचालन कोष	२०६७/६८	९२७६		१३९५०	२३२२६	२९४९१	१०८४८			१५४		४०४९३	-१७२६७
	तारागाउ विकास समिति	२०६६/६७	२१९६०		१४३३३	३६२९३	११९२२	१४०६४	१७५१९		२५६		४३७६१	-७४६८
	भौतिक योजना तथा निर्माण मन्त्रालय		७६७३७	२६६१६००	१०३४९३	२८४१८३०	१३२०६४३	२६५९४	२२०८२	०	४०५	०	१३६९७२४	१४७२१०६
	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	२०६७/६८	०	०	७१०३	७१०३		२६२५६	७२९४	०	४०५		३३९५५	-२६८५२

क्र.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	सडक बोर्ड नेपाल	२०६७/६८	७६७३७	२६६१६००	९६३९०	२८३४७२७	१३२०६४३	३३८	१४७८८				१३३५७६९	१४९८९५८
	वन तथा भू–संरक्षण मन्त्रालय		५२९७३१	११५१६३	५३५८	६५०२५२	४१९६२४	१२१३०७	१०८०३७	७४४५	१९९५	०	६५८४०८	-८१५६
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी	२०६७/६८	७३९१७		३२०	७४२३७	४९३९९	६०२३	१६३८८	३८८५	९०१		७६५९६	-२३५९
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	२०६३/६४	१६१६३४		५०३८	१६६६७२	११२५४७	४०५२५	१२८२६	३५६०	१०९४		१७०५५२	-३८८०
	राष्ट्रिय प्रकृति संरक्षण कोष	२०६७/६८	२९४१८०	११५१६३		४०९३४३	२५७६७८	७४७५९	७८८२३				४११२६०	-१९१७
	वाणिज्य तथा आपूर्ति मन्त्रालय		५६१७९६	०	२९३८४	५९११८०	५७७९५६	१८४०५	१०८१९१	४२७९६	२२६५	०	७४९६१३	-१५८४३३
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०६६/६७	५६१७९६	०	२९३८४	५९११८०	५७७९५६	१८४०५	१०८१९१	४२७९६	२२६५	०	७४९६१३	-१५८४३३
	शिक्षा मन्त्रालय		५५८५३०	३३८७७७९	२३८६०६७	६३३२३७६	४७२३०७	३०२२४६५	२६८८८७३	६१८८९	२०१५	०	६२४७५४९	८४८२७
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०६५/६६	५५८५३०		६६६०	५६५१९०	४७२३०७	२५७१८	६६३८२	६१८८९	२०१५	०	६२८३११	-६३१२१
	नेपाल संस्कृत विश्वविद्यालय	२०६७/६८	०	५७७९१	३०६११६	३६३९०७	०	५८३४४	३३०१८४	०	०	०	३८८५२८	-२४६२१
	पोखरा विश्वविद्यालय	२०६७/६८		२३२१९८	४१०२१	२७३२१९	०	१४७२६८	६७०२६	०	०	०	२१४२९४	५८९२५
	त्रिभुवन विश्वविद्यालय	२०६५/६६		९७४५९	७८४०३	१७५८६२	०	१७२९०	१३३७१७	०	०	०	१५१००७	२४८५५
	त्रिभुवन विश्वविद्यालय	२०६६/६७		६५४८७२	८६२९७६	१५१७८४८	०	७१०५८९	८९००१७	०	०	०	१६००६०६	-८२७५८
	त्रिभुवन विश्वविद्यालय	२०६७/६८		२३४५२५८	१०५६९८६	३४०२२४४	०	२०६०८७१	११९८३५८	०	०	०	३२५९२२९	१४३०१५
	लुम्बिनी बौद्ध विश्वविद्यालय	२०६६/६७		२०१	३३९०५	३४१०६		२३८५	३१८९	०	०	०	५५७४	२८५३२
	सामान्य प्रशासन मन्त्रालय		३८०६०	५५६००	१५८६४	१०९५२४	२६७७६	२९२०५	३६०२९	०	६८६३	०	९८८७३	१०६५१
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०६७/६८	३८०६०	५५६००	१५८६४	१०९५२४	२६७७६	२९२०५	३६०२९	०	६८६३	०	९८८७३	१०६५१
	सूचना तथा सञ्चार मन्त्रालय		९८८३७२	१२२९२१	१४२१८७	१२५३४८०	३४०७८३	३४२३०५	३२८८५१	४६५२	८५३७८	६५५७३	११६७५४२	८५९३८
	राष्ट्रिय समाचार समिति	२०६७/६८	६३७०	६१०००	३१९१	७०५६१		१३६७८	४५०६८		२१९२		६०९३८	९६२३
	प्रेस काउन्सिल	२०६७/६८	०	१४८१०	२२१४	१७०२४	०	९१९८	५८१६	०	३५६		१५३७०	१६५४
	गोरखापत्र संस्थान	२०६५/६६	२३५०००	३०००	६६३३	२७१६३३	१५४८०४	१२२६०२	६३९७४	२३४०	४६९७		३४८४१७	-७६७८४
	गोरखापत्र संस्थान	२०६६/६७	२७८५७८	१७०००	४०२८	२९९६०६	१६०२३७	३३५१८	७१४७८	२३१२	४४७७	६८९६	२७८९१८	२०६८८
	नेपाल टेलिभिजन	२०६७/६८	२८८६०५	१११	१२१३५	३००८५१	२१६०५	११५५५३	१३९४११		६९५५५		३४६१२४	-४५२७३
	नेपाल दूरसञ्चार प्राधिकरण	२०६७/६८	१७९८१९		११३९८६	२९३८०५	४१३७	४७७५६	३१०४	०	४१०१	५८६७७	११७७७५	१७६०३०
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति		१४३६६	१५२२९६	२७३३१५	४३९९७७	९८७	८६४२६	१२३०२८	८२३५	१६९७१	०	२३५६४७	२०४३३०
	पशुपति क्षेत्र विकास कोष	२०६७/६८		१३७५००	२७०८४४	४०८३४४		७४३८१	११५५८५	४५०	१५६०		१९१९७६	२१६३६८
	साँस्कृतिक संस्थान	२०६७/६८	१४३६६	१४७९६	२४७१	३१६३३	९८७	१२०४५	७४४३	७७८५	१५४११		४३६७१	-१२०३८
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय		०	३३७३७२	१३७७०३९	१७१४४११	०	६७७६४३	८०८२८९	१७९	१२८९९३	०	१६१५१०४	९९३०७
	बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०६७/६८		२४०३७२	७५६४९४	९९६८६६		३७५४६९	५३०६०२	०	९०७९५	०	९९६८६६	०
	पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान	२०६७/६८		९७०००	६२०५४५	७१७५४५		३०२१७४	२७७६८७	१७९	३८१९८		६१८२३८	९९३०७
२	**समिति**		१४२९१३	६७०३००	६५८४७	८७९०६०	५८५०७७	१३७८४५	९४६४८	२५५	१००५०	२१४३	८३००१८	४३३८५
	कानून तथा न्याय मन्त्रालय		२४३८८	०	७६६२	३२०५०	६८४७	४२६८	१२०५६	०	१३३६	१८८६	२६३९३	०
	कानून किताब व्यवस्था समिति	२०६७/६८	२४३८८		७६६२	३२०५०	६८४७	४२६८	१२०५६		१३३६	१८८६	२६३९३	
	कृषि तथा सहकारी मन्त्रालय		७४५६७	१४७२३	७७५७	९७०४७	३५०९९	१३५६९	२६२३७	२५५	२००८	०	७७१६८	१९८७९
	कालिमाटी फलफुल विकास समिति	२०६७/६८	४२११४	०	०	४२११४	०	७५६४	१८४८९	०	०	०	२६०५३	१६०६१
	कपास विकास समिति	२०६७/६८	८६८०	९७२३	६५१९	२४९२२	१२१०२	३१०४	४६१५	०	१९५७	०	२१७७८	३१४४
	पशु आहारा उत्पादन	२०६७/६८	२३७७३	५०००	१२३८	३००११	२२९९७	२९०१	३१३३	२५५	५१		२९३३७	६७४
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		४३९५८	२१३७६	१०५८८	७५९२२	१९५९८	३१४१०	०	०	६६०७	०	५७६१५	१८३०७
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	२०६७/६८	४३९५८	२१३७६	१०५८८	७५९२२	१९५९८	३१४१०	०	०	६६०७	०	५७६१५	१८३०७
	वातावरण मन्त्रालय		०	११५७८	२४५३५	३६११३	६६८३	०	३८९५	०	०	२५७	१०८३५	२५२७८
	संयुक्त राष्ट्रसंघ पार्क विकास समिति	२०६७/६८	०	१०५७८	६३७	११२१५	६६८३	०	३८९५	०	०	२५७	१०८३५	३८०
	वातावरण संरक्षण कोष	२०६७/६८	०	१०००	२३८९८	२४८९८	०	०	०	०	०	०	०	२४८९८
	भौतिक योजना तथा निर्माण मन्त्रालय		०	६२२६२३	५९	६२२६८२	५१६८५०	८२३७८	५२४६०	०	५९	०	६५१७४७	-२९०६५

क्र.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	२०६७/६८		६२२६२३	५९	६२२६८२	५१६८५०	८२३७८	५२४६०	०	५९	०	६५१७४७	-२९०६५
	शिक्षा मन्त्रालय		०	०	१५२४६	१५२४६	०	६२२०	०	०	४०	०	६२६०	८९८६
	स्वप्न बगैचा विकास समिति	२०६७/६८	०	०	१५२४६	१५२४६		६२२०			४०		६२६०	८९८६
३	**अन्य संस्था:**		९४७२१२	३७३०९०	९४०२४८	२२६०५५०	५२५११०	८९८१९०	११२०१	५८००	६२०६	१५३	१४४६६६०	८१३८९०
	अर्थ मन्त्रालय		८८०६७५	०	२८७६०७	११६८२८२	०	६४६१९१	७७४०	०	७०१	०	६५४६३२	५१३६५०
	आकस्मिक विमा कोष	२०६५/६६	३५७१८३	०	१४२०२०	४९९२०३	०	३०७१७६	४०५८	०	३७८	०	३११६१२	१८७५९१
	आकस्मिक विमा कोष	२०६६/६७	५२३४९२	०	१४५५८७	६६९०७९	०	३३९०१५	३६८२	०	३२३	०	३४३०२०	३२६०५९
	कृषि तथा सहकारी मन्त्रालय		१५७९१	०	३०	१५८२१	१४०५७	५	१९७	०	०	१५३	१४४१२	१४०९
	पशु विकास फार्म पोखरा (दोहोरो मार्ग)	२०६७/६८	१४९५१		३०	१४९८१	१३५२६		१९७			१५३	१३८७६	११०५
	मत्स्य विकास केन्द्र हेटौडा (दोहोरो मार्ग)	२०६७/६८	८४०			८४०	५३१	५					५३६	३०४
	गृह मन्त्रालय		८५९	०	६३७८३२	६३८६९१	३४४१११	२५९४८	०	५८००	२८३५	०	३७८६९४	२५९९९७
	प्रहरी कल्याण कोष	२०६७/६८	०	०	५८५६९३	५८५६९३	३३४४१०	४०७५	०	०	२७६०	०	३४१२४५	२४४४४८
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	२०६७/६८	८५९		५२१३९	५२९९८	९७०१	२१८७३	०	५८००	७५	०	३७४४९	१५५४९
	भौतिक योजना तथा निर्माण मन्त्रालय		०	४००	२१८५	२५८५	०	२१९९	११२३	०	५३	०	३३७५	-७९०
	खानेपानी महसुल निर्धारण आयोग	२०६७/६८	०	४००	२१८५	२५८५	०	२१९९	११२३		५३		३३७५	-७९०
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय		०	१९००	७५९६	९४९६	०	७७०९	२१४१	०	०	०	९८५०	-३५४
	राष्ट्रिय अपाङ्ग कोष	२०६७/६८		१९००	७५९६	९४९६		७७०९	२१४१				९८५०	-३५४
	युवा तथा खेलकुद		३०५२	३७०७९०	८७५	३७४७१७	१३००८५	२१५१०३	०	०	०	०	३४५१८८	२९५२९
	राष्ट्रिय खेलकुद परिषद्	२०६६/६७	३०५२	३७०७९०	८७५	३७४७१७	१३००८५	२१५१०३					३४५१८८	२९५२९
	रक्षा मन्त्रालय		४६८३५	०	४१२३	५०९५८	३६८५७	१०३५	०	०	२६१७	०	४०५०९	१०४४९
	बहु व्यवसाय उद्योग	२०६७/६८	४६८३५		४१२३	५०९५८	३६८५७	१०३५			२६१७		४०५०९	१०४४९
	जम्मा:		७०९३७६५५	९४९०४९५	१५७२४३०२	९६१५२४५२	३६४०१७२३	२४६५७३९५	१४७१३४०१	४१८१५००	५१३९२०२	१०५३३३	८५१९८५५४	१०९४८२४१

अनुसूची – ७

(प्रतिवेदनको परिच्छेद १ को दफा ३ र ४ सँग सम्बन्धित)

आय–व्यय हिसाब तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	बर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	संगठित संस्था	**२२**		**२६८४१७५१**	**९७८४७६**	**६२२६९७५**	**३७२३०२**	**१९५७७५३**	**५६०९५६४**	**७९३९६१९**	**५७२२४**	**२२२२९५८**	**८४०२८६**	**७३७१४४२**	**१०४९१९१०**	**-२५५२२९१**	**३६७४६८४**
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१		८७७६५	०	६२६६७	४१८८२	२२७४५	१४८	६४७७५	१०८	१९८०५	२३७५	७०१	२२९८९	४१७८६	१०४४५३
	नेपाल टूष्टको कार्यालय	१	२०६७/६८	८७७६५	०	६२६६७	४१८८२	२२७४५	१४८	६४७७५	१०८	१९८०५	२३७५	७०१	२२९८९	४१७८६	१०४४५३
	अर्थ मन्त्रालय	१		३२३८१२	२१८०	४९१४८८	२४०५५८	०	०	२४०५५८	०	२६९७०	६८७७	१२४५८	४६३०५	१९४२५३	६८५७४१
	बीमा समिति	१	२०६७/६८	३२३८१२	२१८०	४९१४८८	२४०५५८			२४०५५८		२६९७०	६८७७	१२४५८	४६३०५	१९४२५३	६८५७४१
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२		३४८८७४	०	१६६५१९५	६५४०५	०	१२८८१७	१९४२२२	५१४८०	६७६७	४४९३०	५१४७५	१५४६५२	३९५७०	१७०४७६५
	गुठी संस्थान	२	२०६६/६७	३४८८७४	०	१६६५१९५	६५४०५		१२८८१७	१९४२२२	५१४८०	६७६७	४४९३०	५१४७५	१५४६५२	३९५७०	१७०४७६५
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	१		२०९७०१	१७७८२	२२६९७४	०	१७५००	९२९३५	११०४३५	०	५४०६३	४८०८९	२३९	१०२३९१	८०४४	२३५०१८
	समाज कल्याण परिषद्	१	२०६७/६८	२०९७०१	१७७८२	२२६९७४	०	१७५००	९२९३५	११०४३५	०	५४०६३	४८०८९	२३९	१०२३९१	८०४४	२३५०१८
	शिक्षा मन्त्रालय	३		२०२३०८०१	५२९२२०	२३८३०७६	२६४	४६१८९०	३९२३३२१	४३८५४७५	०	६८९४	०	७२६८९३२	७२७५८२६	-२८९०३५१	-५०७२७५
	उच्च माध्यमिक शिक्षा परिषद्	१	२०६७/६८	१९५६८०५	१४२५९८	७३५३१९	०	०	१२२१४८६	१२२१४८६	०	०	०	८६७३८३	८६७३८३	३५४१०३	१०८९४२२
	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद	१	२०६७/६८	१४१९७११४	१६४४२४	७८६८१८	०	०	२७०१८३५	२७०१८३५	०	०	०	२३३१५६१	२३३१५६१	३७०२७४	११५७०९२
	विश्वविद्यालय अनुदान आयोग	१	२०६७/६८	४०७६८८२	२२२१९८	८६०९३९	२६४	४६१८९०	०	४६२१५४	०	६८९४	०	४०६९९८८	४०७६८८२	-३६१४७२८	-२७५३७८९
	युवा तथा खेलकुद मन्त्रालय	३		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	राष्ट्रिय खेलकुद परिषद्	३	२०६५/६६							०					०	०	०
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	३		५४४४२३	२०७९१	३०६५१४	०	१३२८२०	११३४१८	२४६२३८	०	१७६२३६	११४६८४	७२६५	२९८१८५	-५१९४७	२५४५६७
	नेपाल प्रज्ञाप्रतिष्ठान	१	२०६७/६८	२२३८२५	४६४२	८९११९		६२८४७	४४३२२	१०७१६९	०	४३५९०	७३०६६	०	११६६५६	-९४८७	७९६३२
	वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्	१	२०६७/६८	६९३५८	२३७३	७०२४		२२८००	११७३५	३४५३५	०	२५२२५	७३३८	२२६०	३४८२३	-२८८	६७३६
	लुम्बिनी विकास कोष	१	२०६७/६८	२५१२४०	१३७७६	२१०३७१		४७१७३	५७३६१	१०४५३४	०	१०७४२१	३४२८०	५००५	१४६७०६	-४२१७२	१६८१९९
	सूचना तथा सञ्चार मन्त्रालय	१		५१६९६	१२१	२३५८४	२४१९३	०	३९१९	२८११२	५६३६	१७६७	५४१८	१२६३	१४०८४	१४०२८	३७६१२
	चलचित्र विकास बोर्ड	१	२०६७/६८	५१६९६	१२१	२३५८४	२४१९३	०	३९१९	२८११२	५६३६	१७६७	५४१८	१२६३	१४०८४	१४०२८	३७६१२
	स्थानीय विकास मन्त्रालय	२		३२५४०८	१३४३९	४५१५२	०	८०११२	७९३७७	१५९४८९	०	१३१६८३	९३१६	१५८४२	१५६८४१	२६४८	४७८००
	फोहोर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र	१	२०६७/६८	१२२४९७	९९३१	१५००४	०	५४११२	९५०	५५०६२	०	५२५०६	४७९६	१०५५	५८३५७	-३२९५	११७०९
	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	१	२०६७/६८	२०२९११	३५०८	३०१४८	०	२६०००	७८४२७	१०४४२७	०	७९१७७	४५२०	१४७८७	९८४८४	५९४३	३६०९१
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४		४५७८२४३	३८१९६७	९००६०४	०	११३९६८६	१२४७०९९	२३८६७८५	०	१७०१५४९	५७४३०६	१३२६७	२२८९१२२	९७६६३	९९८२६७
	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१	२०६७/६८	७३७८५	६५१६	२६६३८	०	२३१२८	१५३३९	३८४६७	०	३५९६२	९३१	०	३६८९३	१५७४	२८२१२
	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१	२०६७/६८	१११८५४२	३१०९१	४५५७०५		३३७३६५	१९८२७३	५३५६३८	०	४०५६४४	१५२६३०	९९७	५५९२७१	-२३६३३	४३२०७२
	शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१	२०६७/६८	१५१३५१४	१२६९९	३५७७२०		३२४०००	५२७६०८	८५१६०८		६५०७२२	१०४६२०	१४१५	७५६७५७	९४८५१	४५२५७१
	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)	१	२०६७/६८	१८७२४०२	३३१६६१	६०५४१		४५५१९३	५०५८७९	९६१०७२		६०९२२१	३१६१२५	१०८५५	९३६२०१	२४८७१	८५४१२
	विज्ञान तथा प्रविधि मन्त्रालय	१		१४१०२८	१२९७६	१२१७२१	०	१०३०००	२०५३०	१२३५३०	०	९७२२४	३४२९१	०	१३१५१५	-७९८५	११३७३६
	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	१	२०६७/६८	१४१०२८	१२९७६	१२१७२१	०	१०३०००	२०५३०	१२३५३०	०	९७२२४	३४२९१	०	१३१५१५	-७९८५	११३७३६
	समिति:	**७३**		**८९९९७३४**	**३२२८८७**	**२४८६४४०**	**५२८८०७**	**२२२०३४५**	**१९८७४९९**	**४७३६६५१**	**४०४६५३**	**२८३२४९१**	**९०१७०४**	**२६८७६५**	**४०८५९८७**	**३७२९३३**	२८५९३७३
	कृषि तथा सहकारी मन्त्रालय	१		१४११०	३४९४	२१७	२७१९	४३६५	१३५	७२१९	३७९५	१२५०	१८१२	३४	६८९१	३२८	५४५
	नेपाल उखु तथा चिनी विकास समिति	१	२०६७/६८	४३००	४९९	०	०	२१५०	०	२१५०	१३२५	८२५	०	०	२१५०	०	०
	चन्द्र डाँगी दुग्ध विकास समिति	१	२०६७/६८	९८१०	२९९५	२१७	२७१९	२२१५	१३५	५०६९	२४७०	४२५	१८१२	३४	४७४१	३२८	५४५
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	४		१०३१८२	४८८२	७०५८	१२७	७८००३	१०६	७८२३६	५०८६६	२१९२	१८८८	०	५४९४६	२३२९०	३०३४८
	खप्तड क्षेत्र पर्यटन विकास समिति	१								०					०	०	०
	पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१	२०६७/६८	६९८७४	४१९४	११७६	१२७	६०८५०	६६	६१०४३	३७१२१	७९३	९१७		३८८३१	२२२१२	२३३८८
	रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति	१	२०६७/६८	१५४४६	२५१	४६८		७९००	४०	७९४०	६५८७	५३४	३८५		७५०६	४३४	९०२
	राष्ट्रिय ताल संरक्षण विकास समिति	१	२०६७/६८	१७८६२	४३७	५४१४		९२५३		९२५३	७१५८	८६५	५८६		८६०९	६४४	६०५८
	भौतिक योजना तथा निर्माण मन्त्रालय	३७		८५३७६८	२१७१५	६०७७७६	२०२६३२	०	२६१८४२	४६४४७४	२१६३३२	३८११२	६२८८१	७१९६९	३८९२९४	७५१८०	६८२९५६
	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१	२०६७/६८	१५६६७३	५४७	१८७९६९	६८६८२	०	३८०८६	१०६७६८	१४२००	२००५६	१५५९९	५०	४९९०५	५६८६३	२४४८३२
	सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१	२०६७/६८	१	०	६४		१	१					०	०	१	६५
	अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति	१	२०६७/६८	४५	०	१०४४		४२	४२					३	३	३९	१०८३
	नगर विकास समितिहरु	३४	२०६७/६८	६९७०४९	२११६८	४१८६९९	१३३९५०	०	२२३७१३	३५७६६३	२०२१३२	१८०५६	४७२८२	७१९१६	३३९३८६	१८२७७	४३६९७६
	रक्षा मन्त्रालय	१		१२०४४६	०	८९१८२	५३७३३	०	८१८२	६१९१५	४६५३४	२३७९	९३३६	२८२	५८५३१	३३८४	९२५६६
	नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१	२०६७/६८	१२०४४६		८९१८२	५३७३३		८१८२	६१९१५	४६५३४	२३७९	९३३६	२८२	५८५३१	३३८४	९२५६६

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	वन मन्त्रालय	**२**		**३२१६२५**	**०**	**१६४६५**	**१३४१२०**	**०**	**२५१८२**	**१५९३०२**	**६०२७२**	**२५२९**	**३१९२०**	**६७६०२**	**१६२३२३**	**-३०२१**	१३४४४
	वन पैदावार विकास समिति	२	२०६६/६७	३२१६२५	०	१६४६५	१३४१२०	०	२५१८२	१५९३०२	६०२७२	२५२९	३१९२०	६७६०२	१६२३२३	-३०२१	१३४४४
	बाणिज्य तथा आपूर्ति मन्त्रालय	२		४९७६९३	३१९४६	२७४७५३	१११७८	९७९०७	११३८५५	२२२९४०	४७७५	१११९५६	०	३३०४४	१४९७७५	७३१६५	३४७९१८
	नेपाल इन्टरमोडल यातायात विकास समिति	१	२०६७/६८	२८३५१९	१२६५१	१८५२७६	०	०	९८२४३	९८२४३	०	१४०४९	०	१४१६३	२८२१२	७००३१	२५५३०७
	व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र	१	२०६७/६८	२१४१७४	१९२९५	८९४७७	१११७८	९७९०७	१५६१२	१२४६९७	४७७५	९७९०७	०	१८८८१	१२१५६३	३१३४	९२६११
	वातावरण मन्त्रालय	१		२२०५०	०	३१२	०	१०५७८	६३७	११२१५	६६८३	०	३८९५	२५७	१०८३५	३८०	६९२
	संयुक्त राष्ट्र संघ पार्क विकास समिति	१	२०६७/६८	२२०५०	०	३१२		१०५७८	६३७	११२१५	६६८३		३८९५	२५७	१०८३५	३८०	६९२
	विज्ञान तथा प्रविधि मन्त्रालय	१		२९८२४	०	११०७०	०	१४८८४	३८६९	१८७५३	०	१०१०४	७४१२	०	१७५१६	१२३७	१२३०७
	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१	२०६७/६८	२९८२४	०	११०७०	०	१४८८४	३८६९	१८७५३	०	१०१०४	७४१२	०	१७५१६	१२३७	१२३०७
	सामान्य प्रशासन मन्त्रालय	१		२९५६७७	१५६७	२५८७५७	४८२४२	१३१९४०	२१७२	१८२३५४	१५३९६	५८६५९	३८१८३	०	११२२३८	७०११६	३२८८७३
	निजामती कर्मचारी अस्पताल	१	२०६७/६८	२९५६७७	१५६७	२५८७५७	४८२४२	१३१९४०	२१७२	१८२३५४	१५३९६	५८६५९	३८१८३	०	११२२३८	७०११६	३२८८७३
	सूचना तथा सञ्चार मन्त्रालय	१		३३८९९०	६७६६	१४५७६८	७६०५६	१०००००	१७१६६	१९३२२२	०	११८३४१	७१३७२	११२६०	२००९७३	-७७५१	१३८०१७
	रेडियो प्रसार सेवा विकास समिति	१	२०६७/६८	३३८९९०	६७६६	१४५७६८	७६०५६	१०००००	१७१६६	१९३२२२	०	११८३४१	७१३७२	११२६०	२००९७३	-७७५१	१३८०१७
	संघीय मामिला, संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालय	९		९९७४५	२३२०	१४०७०	०	१६२९२	३९६८०	५५९७२	०	२७५७६	११८६०	४३३६	४३७७२	१२२००	२६२७०
	पाथिभरा क्षेत्र विकास समिति	१	२०६७/६८	४६८९	०	५		२५००	०	२५००	०	२०१०	१७९	०	२१८९	३११	३१६
	भानुभक्त जन्मस्थल विकास समिति	१	२०६७/६८	३०५७	२६	६५		११९२	३३५	१५२७		१३८	१६९	१२२२	१५२९	-२	६३
	भानुभक्त जन्मस्थल विकास समिति	१	२०६६/६७	७३१४	१७६	५०८		३४२०	१९३	३६१३		३७०२	०	०	३७०२	-८९	४१९
	बौद्धनाथ क्षेत्र विकास समिति	१	२०६७/६८	३९३७८	१०८	२६६९		४००	२१८०९	२२२०९	०	११२२४	३७३६	२२०९	१७१६९	५०४०	७७०९
	बुढानिलकण्ठ क्षेत्र विकास समिति	१	२०६७/६८	२४४८	३	८४		८००	३८४	११८४	०	१७४	१०९०	०	१२६४	-८०	४
	मनकामना क्षेत्र विकास समिति	१	२०६७/६८	३४२४	१३३	३८१	०	४००	१४५७	१८५७	०	९७४	५९३	०	१५६७	२९०	६७१
	हनुमानढोका दरवार संरक्षण विकास समिति	१	२०६७/६८	५१५८	०	०	०	०	४५३९	४५३९		६१८			६१८	३९२१	३९२१
	पाटन संग्राहलय विकास समिति	१	२०६७/६८	१८११७	०	१००४१	०	१५०	९९९६	१०१४६	०	३५५३	३५१३	९०५	७९७१	२१७५	१२२१६
	देवघाट क्षेत्र विकास समिति	१	२०६७/६८	१६१६०	१८७४	३१७	०	७४३०	९६७	८३९७	०	५१८३	२५८०	०	७७६३	६३४	९५१
	शिक्षा मन्त्रालय	१		३७४७४	१०३६१	२३८४५	०	६६९७०	१२०	६७०९०	०	७०९१	०	५४७७२	६१८६३	५२२७	२९०७२
	दोश्रो उच्च शिक्षा परियोजना कार्यान्वयन समिति	१	२०६७/६८	१७६६१	०	०	०	५९०७०	०	५९०७०	०	३२०८	०	३८८४२	४२०५०	१७०२०	१७०२०
	विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१	२०६७/६८	१९८१३	१०३६१	२३८४५	०	७९००	१२०	८०२०	०	३८८३	०	१५९३०	१९८१३	-११७९३	१२०५२
	स्थानीय विकास मन्त्रालय	१		१०४१५४६	५८२६२	४५९५१९	०	०	५१४६९३	५१४६९३	०	५२६८५३	०	०	५२६८५३	-१२१६०	४४७३५९
	स्थानीय विकास कोष	१	२०६७/६८	१०४१५४६	५८२६२	४५९५१९	०	०	५१४६९३	५१४६९३	०	५२६८५३	०	०	५२६८५३	-१२१६०	४४७३५९
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	११		५२२३६०४	१८१५७४	५७७६४८	०	१६९९४०६	९९९८६०	२६९९२६६	०	१९२५४४९	६६११४५	२५२०९	२२९०१७७	१३१३५८	७०९००६
	किटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति	१	२०६७/६८	२५५९१	१७७	१५८		१२४६६	४३२	१२८९८		११०५५	१४११	३३०	१२७९६	१०२	२६०
	सिंहदरवार वैद्यखाना विकास समिति	१	२०६७/६८	९९९४८	९१५६	११६५३४		५६००	३२६०२	३८२०२		३८१९९	१०००२	१७७४	४९९७५	-११७७३	१०४७६१
	मानसिक अस्पताल	१	२०६७/६८	५२३३५	०	३९०१		२३१२६	४७००	२७८२६		२५९६२		२०५	२६१६७	१६५९	५५६०
	क्षेत्रीय अस्पताल विकास समिति – ४	१	२०६७/६८	७६०४९०	११२१८	३६९१७		२२५१९०	१६१९१३	३८७१०३		२९६४२७	७८९९३	४८२५	२२१६०९	१६३६७	५३२८४
	अञ्चल अस्पताल विकास समिति – १०	१	२०६७/६८	१६१६८०३	४८१९०	५३२५४		५५२२९४	२७९८६२	८३२०७६		६१६२२९	१८४९१४	७२५९	८३०८१०	९३४८९	१४७४४३
	कान्ति बाल अस्पताल विकास समिति	१	२०६७/६८	५०४३८९	५३५६६	५८७९०		१६८६९८	७४८६४	२४३५६२		१५९१२१	८९१५१	३९२३	२५२१९५	-८६३३	५०१५७
	परोपकार तथा स्त्री रोग अस्पताल विकास समिति	१	२०६७/६८	६४३०६२	१७६३८	१९९२०८		२२९६१६	१२५२४३	३५४८५९		१९९०२३	११९५५६	२९५२	३२१५३१	३३३२८	२३२५३६
	शुक्रराज टुपिकल तथा सरुवा रोग अस्पताल	१	२०६७/६८	११०००५	२	३८२७		४९२७४	७५८०	५६८५४		२३०२३	३१७९६	१८३	५५००२	१८५२	५६७९
	क्षयरोग केन्द्र काठमाण्डौं समिति	१	२०६७/६८	२५९१	०	२७०९			१३६७	१३६७		१८७	११०९	०	१२९६	७१	२७८०
	अस्पताल विकास समिति–७१	१	२०६७/६८	१३५१४९२	४०४४६	१००८६५		४०६५८४	३०९३२९	७१५९१३		५४१५७८	१३०४१०	३७५८	४९०३४८	४७३८	१०५६०३
	आयुर्वेद औषधालय नरदेवी	१	२०६७/६८	५६८९८	११८१	७८५		२६६३८	१९६८	२८६०६		१४६४५	१३८०३	०	२८४४८	१५८	९४३
	अन्य संस्था	५६	०	२०३११५१७	२०३३२०	२३६४३०९०	६६९१२३०	१८३९२७१	१२२०७८४	९७५१२८५	२८९३८२६	५३१४४००	८८६५९	१०१०२८४	९२१०८०८	४४४२०७	२४०८७२९७
	व्यवस्थापिका–संसद सचिवालय	१		४८३३	०	४८३३	०	०	०	०	०	०	०	०	०	०	४८३३
	संसद विकास कोष	१	२०६७/६८	४८३३	०	४८३३	०	०	०	०	०				०	०	४८३३
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	०	६५०९८	०	४४२८९१	०	६५००	८८३०	१५३३०	०	०	०	४९७६८	४९७६८	-३४४३८	४०८४५३
	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१	२०६७/६८	५३६७४	०	३७९७९०	०	०	८२७४	८२७४	०	०	०	४५४००	४५४००	-३७१२६	३४२६६४
	प्रधानमन्त्री सहायता कोष	१	२०६७/६८	१०८६८	०	६७३	०	६५००	०	६५००	०	०	०	४३६८	४३६८	२१३२	२८०५
	प्रधानमन्त्री राहत कोष	१	२०६७/६८	५५६	०	६२४२८	०	०	५५६	५५६	०	०	०	०	०	५५६	६२९८४
	अर्थ मन्त्रालय	१		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	आकस्मिक विमा कोष	१	२०६७/६८							०	०	०			०	०	०
	उद्योग मन्त्रालय	७		१५५३२९	२३१६.००	१०४३३२.००	-३३७६.००	५४३०१.००	७२.००	५०९९७	०.००	२६७१०	३४०६०	५०	६०८२०	-९८२३	९४५०९
	हस्तकला प्रबर्द्धन ललितपुर	१	२०६७/६८	४६१६०	०	१७०९	०	४४४५१	०	४४४५१	०	२८९०	०	०	२८९०	४१५६१	४३२७०
	केन्द्रीय कारागार कोष	१	२०६७/६८	२११५१	०	१८००२	३०७७	०	७२	३१४९	०	२९७३	०	०	२९७३	१७६	१८१७८
	घरेलु विभाग अन्य कोष	१	२०६७/६८	३४३९१	९४८	२४५९१		९८००	०	९८००	०	९३४७			९३४७	४५३	२५०४४
	कारागार कोष काभ्रे	१	२०६७/६८	५०	०			५०		५०	०			५०	५०	०	०

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	घरेलु समिति प्रधान कार्यालय घर जग्गा सापटी कोष	१	२०६७/६८	१८८४६	०	१८३३६	५१०	०	०	५१०	०		१७५४४		१७५४४	-१७०३४	१३०२
	घरेलु समिति प्रधान कार्यालय ऋण लगानी कोष	१	२०६७/६८	१८९०२	६१५	१८६३६	२६६			२६६	०		१६५१६		१६५१६	-१६२५०	२३८६
	घरेलु समिति प्रधान कार्यालय घुम्ती कोष	१	२०६७/६८	१५८२९	७५३	२३०५८	-७२२९			-७२२९	०	११५००			११५००	-१८७२९	४३२९
	कानून तथा न्याय मन्त्रालय	२		४२५६	३२४	२०६०	०	१९९९	२५७	२२५६	०	१९९९	०	०	१९९९	२५७	२३१७
	केन्द्रीय कानून पुस्तकालय विकास समिति	१	२०६७/६८	४०१२	०	१८०	०	१९९९	१३	२०१२	०	१९९९	०	०	१९९९	१३	१९३
	मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१	२०६७/६८	२४४	३२४	१८८०	०	०	२४४	२४४	०	०	०	०	०	२४४	२१२४
	कृषि तथा सहकारी मन्त्रालय	४		६६०५	०	३७८८६	६३१९	०	०	६३१९	११७	०	१६९	०	२८६	६०३३	४३९१९
	कृषि सुचना तथा सञ्चार केन्द्र	१	२०६७/६८			१०४२				०					०	०	१०४२
	पशु विकास फर्म पोखरा कार्य सञ्चालन कोष	१	२०६७/६८	५९६३	०	३५६६१	५९६३	०	०	५९६३	०	०	०	०	०	५९६३	४१६२४
	कृषि अनुसन्धन तथा विकास कोष (कार्य सञ्चालन कोष)	१	२०६७/६८	०	०	९२७				०					०	०	९२७
	उष्ण प्रदेशिय बागवानी दोहोरामार्ग, सर्लाही	१	२०६७/६८	६४२	०	२५६	३५६			३५६	११७		१६९		२८६	७०	३२६
	गृह मन्त्रालय	४		३३०५२६८	९५४५	१६५९७२२	०	४०२८००	१११६०	४१३९६०	१४४५६५४	०	०	०	१४४५६५४	-१०३१६९४	६२८०२८
	केन्द्रीय कारागार अस्पताल तथा प्रहरी सर्जनको कार्यालय	१								०					०	०	०
	केन्द्रीय दैवी प्रकोप उद्धार समिति	१	२०६७/६८	७४६०१८	०	४३०६४७	०	९५४००	०	९५४००	३२५३०९	०	०	०	३२५३०९	-२२९९०९	२००७३८
	क्षेत्रीय दैवी प्रकोप उद्धार समिति	१	२०६७/६८	४२६१	३००	२९५६		२०००	१५	२०१५	११२३				११२३	८९२	३८४८
	जिल्ला दैवी प्रकोप उद्धार समिति	१	२०६७/६८	२५५४९८९	९२४५	१२२६११९		३०५४००	१११४५	३१६५४५	१११९२२२				१११९२२२	-८०२६७७	४२३४४२
	सिंचाई मन्त्रालय	१		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	सतह सिंचाई वातावरण तथा यान्त्रिक व्यवस्थापन महाशाखा, कार्य सञ्चालन कोष	१								०					०	०	०
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	नेपाल पर्यटन वर्ष २०११ को सचिवालय	१	२०६७/६८				०			०	०			०	०	०	०
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	कमैया ऋण मोचन कोष	१	२०६७/६८							०					०	०	०
	भौतिक योजना तथा निर्माण मन्त्रालय	४		२०९२७	११४८	२२१२९	७३९१	०	६७९०	१४१८१	१८२२	०	४४८०	४४४	६७४६	७४३५	२९५६४
	कार्य सञ्चालन कोष (सडक विभाग यान्त्रिक महाशाखा)	१		०						०					०	०	०
	केन्द्रीय जनसाधन विकास इकाई (चक्र कोष)	१		०						०					०	०	०
	जग्गा विकास चक्रकोष	१	२०६७/६८	६८२७	०	१४४७५	४०	०	६७८७	६८२७					०	६८२७	२१३०२
	दक्षिणकाली क्षेत्र विकास प्रबन्ध समिति	१	२०६७/६८	१४१००	११४८	७६५४	७३५१	३	७३५४	१८२२			४४८०	४४४	६७४६	६०८	८२६२
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	३		२१९१४	५०११	१०६००	०	११३३	१७५३२	१८६६५	०	२७७	२८९१	८१	३२४९	१५४१६	२६०१६
	वृद्ध कल्याण कोष	१	२०६७/६८	१५६७	०	६२३७	०		१४०२	१४०२	०	०	८४	८१	१६५	१२३७	७४७४
	अन्तर्राष्ट्रिय धर्मपत्र धर्मपुत्री वि.स	१	२०६७/६८	१७७४९	४५				१५६८९	१५६८९		०	२०६०	०	२०६०	१३६२९	१३६२९
	राष्ट्रिय स्वास्थ्योपचार सहायता कोष	१	२०६७/६८	२५९८	४९६६	४३६३		११३३	४४१	१५७४	०	२७७	७४७	०	१०२४	५५०	४९१३
	रक्षा मन्त्रालय	५		११६५३००५	४१४३	१९५९८८६७	६५६६१७२	०	९३४९१	६६५९६६३	१३५०३५१	३४१७५१९	८१२३	२१७३४९	४९९३३४२	१६६६३२१	२१२६५१८८
	नेपाली सैनिक, कल्याणकारी कोष	१	२०६७/६८	११३७०४७९	४१४३	१९५४६४८१	६४९२९४८		९५३५	६५०२४८३	१२८६१८२	३४१४२७५	६३३८	१६१२०१	४८६७९९६	१६३४४८७	२११८०९६८
	स्वयम्भु बारुदखाना	१	२०६७/६८	४५७७४		१०१०२	३०६१८		४१३३	३४७५१	१०६५६	३६७	०		११०२३	२३७२८	३३८३०
	वीरेन्द्र अस्पताल, छाउनी अस्पताल मेन्टिनेन्स फण्ड	१	२०६७/६८	२३६		४४६	१४२		०	१४२	९४	०	०		९४	४८	४९४
	बसुन्धरा क्यान्टिन	१	२०६७/६८	१४५९७९		३७०८	१६२५२		५८०५३	७४३०५	१२९८८	९४८	१७८५	५५९५३	७१६७४	२६३१	६३३९
	सुनाचुरी इमल्सन प्लाण्ट	१	२०६७/६८	९०५३७		३८१३०	२६२१२	०	२१७७०	४७९८२	४०४३१	१९२९	०		४२५५५	५४२७	४३५५७
	वन तथा भू–संरक्षण मन्त्रालय	१		१२७७६४	३९३	१८७७४	१०३६९९	०	०	१०३६९९	७१२४२	६०१२	१०११	१५१३	७९७७८	२३९२१	४२६९५
	जिल्ला वन पैदावार आपूर्ति समिति	१	२०६७/६८	१२७७६४	३९३	१८७७४	१०३६९९	०		१०३६९९	७१२४२	६०१२	१०११	१५१३	७९७७८	२३९२१	४२६९५
	वातावरण मन्त्रालय	१		२४८९८	०	२३८९८	१०००	०	०	१०००	०	०	०	०	०	१०००	२४८९८
	वातावरण संरक्षण कोष	१	२०६७/६८	२४८९८	०	२३८९८		१०००	०	१०००					०	१०००	२४८९८
	शिक्षा मन्त्रालय	३		५९२७०६	१७७७४	४०५४४१	०	३२९४८	१५४४१७	१८७३६५	०	०	०	२७४७५६	२७४७५६	-८७३९१	३१८०५०
	जिल्ला शिक्षा कोष	१	२०६७/६८	३३११६१	१४१९३	२१०७६९	०	०	१२०३९२	१२०३९२	०	०	०	२६०१५५	२६०१५५	-१३९७६३	७१००६
	उच्च प्राविधिक शिक्षा तथा प्रबर्द्धन समिति	०	२०६७/६८							०	०	०	०		०	०	०
	छात्रा शिक्षा कोष	१	२०६७/६८	२३६३३९	०	१९१६१७	०	२००००	२४७२२	४४७२२	०	०	०	७२१	७२१	४४००१	२३५६१८
	यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१	२०६७/६८	२५२०६	३५८१	३०५५	०	१२९४८	९३०३	२२२५१	०	०	०	१३८८०	१३८८०	८३७१	११४२६
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	४		१३९६९३	१४१२१	२७६००	०	५६६८५	४७०५	६१३९०	०	४१७०४	२००९४	१४५०५	७६३०३	-१४९१३	१२६८७
	नेपाल ललितकला संस्था	१	२०६७/६८	५३५०४	१३	५५२३	०	२५०००	४४८	२५४४८	०	१६३१३	९६५३	२०९०	२८०५६	-२६०८	२९१५

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
	नेपाल वेद विद्याश्रम संस्कृत मा.वि	१	२०६७/६८	१७६२५	१०४३	३९४६		६६८५	७८९	७४७४		२१७१	२१४५	३८३५	८१५१	-६७७	३२६९
	नेपाल संगित तथा नाट्य प्रतिष्ठान	१	२०६७/६८	६६६२४	१००१०	१४२३१		२५०००	२४२१	२७४२१	०	२२३२८	८२९६	८५८०	३९२०४	-११७८३	२४४८
	राष्ट्रिय अभिलेखालय, कार्य सञ्चालन कोष	१	२०६७/६८	१९४०	३०५५	३९००	०	०	१०४७	१०४७	०	८९२	०	०	८९२	१५५	४०५५
	सूचना तथा सञ्चार मन्त्रालय	६		९७३५६९	१८२१५	९१०७५८	८९४९	०	०	८९४९	०	०	०	११३७०	११३७०	-२४२१	९०८३३७
	मुद्रण विभाग कार्य सञ्चालन कोष	१								०					०	०	०
	गोश्वरा हुलाक	१	२०६७/६८							०					०	०	०
	एकद्वार समिति	१	२०६७/६८	०	०	१३४२६				०					०	०	१३४२६
	केन्द्रीय धनादेश	१	२०६७/६८	२७३१५		३१९१७	८९४९			८९४९				११३७०	११३७०	-२४२१	२९४९६
	पत्रकार कल्याण कोष	१	२०६७/६८	१००००	०	१००००				०					०	०	१००००
	हुलाक बचत बैङ्क	१	२०६७/६८	९३६२५४	१८२१५	८५५४१५	०	०		०					०	०	८५५४१५
	सामान्य प्रशासन मन्त्रालय	१		२७३६६	०	०	२०७६	२५४२२	०	२७४९८	१९४४	२३८०१	१६२१	०	२७३६६	१३२	१३२
	निजामती कर्मचारी प्रतिष्ठान	१	२०६७/६८	२७३६६	०	०	२०७६	२५४२२	०	२७४९८	१९४४	२३८०१	१६२१		२७३६६	१३२	१३२
	स्थानीय विकास मन्त्रालय	१		२०५२७३०	१२२९०८	३६३०५५	०	६९२४३०	९१८९९४	१६११४२४	२२६९६	१६७८५०८	०	६७५०	१७०७९५४	-९६५३०	२६६५२५
	स्थानीय विकास शुल्क कोष	१	२०६७/६८	२०५२७३०	१२२९०८	३६३०५५	०	६९२४३०	९१८९९४	१६११४२४	२२६९६	१६७८५०८	०	६७५०	१७०७९५४	-९६५३०	२६६५२५
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२		११३५५५६	७४२२	१०२४४	०	५६४०५३	४५३६	५६८५८९	०	११७८७०	१६२१०	४३३६९८	४७१४१७	९०२	१११४६
	स्वास्थ्य कर कोष	१	२०६७/६८	८६२२३०	१९	४६७५		४३१२११		४३१२११		५४९		४३०५६६	४३१११५	९६	४७७१
	स्वास्थ्य तालिम कार्यसञ्चालन कोष र अन्य–१३	१	२०६७/६८	२७३३२६	७४०३	५५६९		१३२८४२	४५३६	१३७३७८		११७३२१	१६२१०	३१३२	४०३०२	८०६	६३७५
	कुल जम्मा:–	१५१		५६१५३००२	१५०४६८३	३२३५६५०५	७५९२३३९	६०१७३६९	८८१७८४७	२२४२७५५५	३३५५७०३	१०३६९८४९	१८३०६४९	८६५०४९९	२३७८७०५	-१७३५१५१	३०६२१३५४

अनुसूची – ८

(प्रतिवेदनको परिच्छेद २ को दफा ३१ सँग सम्बन्धित)

सरकारी निकायको पेश्की बाँकी विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय निकायको नाम	कर्मचारी पेश्की		अन्य पेश्की		जम्मा
		गतवर्षसम्म	यो वर्ष	गतवर्षसम्म	यो वर्ष	
१	राष्ट्रपतिको कार्यालय	०	०	५२००	१०२५०	१५४५०
२	संविधान सभा व्यवस्थापिका संसद	६०२०	७०३	२९२५		९६४८
३	सर्वोच्च अदालत	२९३२	३१४	१८४८१३	२९३०८	२१७३६७
४	लोक सेवा आयोग	१७६९	१२३	०	१८८३	३७७५
५	निर्वाचन आयोग	५५८	१७१२	६१६४	२९७६	११४१०
६	महान्यायाधिवक्ताको कार्यालय	२७	२९	१७२९	६११३	७८९८
७	न्यायपरिषद		०	०	२६४	२६४
८	राष्ट्रिय मानवअधिकार आयोग	०	०	९६	१७३७	१८३३
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४६६३	८२४६	०	३१०३	२६०१२
१०	अर्थ	८२९	४०९	४८०६६	२६०५५६	३०९८६०
११	उद्योग	२७१४	१०९	३३१३५	५३३११	८९२६९
१२	ऊर्जा			३२०	२३८२०	२४१४०
१३	कृषि तथा सहकारी	५६४३	४८३३	४५६६७	६७३०४	१२३४४७
१४	गृह	१७८८४४	५४३५	७४००२१	५७५५००	१४९९८००
१५	परराष्ट्र	९४५०३	१५३१०	५१६०९	१८२७२७	३४४१४९
१६	पर्यटन तथा नागरिक उड्डयन	२१७२	५७४	७५७८२	७४८६	८६०१४
१७	भूमिसुधार तथा व्यवस्था		१९६२	५५२५६	२२११४	७९३३२
१८	भौतिक योजना तथा निर्माण	२३५५५	१४७२०	४४०६६०१	२६५२९२९	७०९७८०५
१९	महिला, बालबालिका तथा समाज कल्याण	४७१४	१८७४	६७४००	३१८३१	१०५८१९
२०	युवा तथा खेलकुद	०	०	१०७१३		१०७१३
२१	रक्षा	६३३०	३००६	१४३५३१३	१२२३६२३	२६६८२७२
२२	वन तथा भू–संरक्षण	११९५७	५०७८	१३१२०१	७७९२	१५६०२८
२३	बातावरण	८५५	४५२	३८६८	९३७६६	९८९४१
२४	विज्ञान तथा प्रविधि	२३३	११२	५४२६४	८२४७०	१३७०७९
२५	शान्ति तथा पुनर्निर्माण	३७७	७७१	७८४२६२	५४३१२	८३९७२२
२६	शिक्षा	१४७८८	३६१३५	९७८९२६	४३५९५	१०७३४४४
२७	श्रम तथा यातायात व्यवस्था	६१५	५७५	२६१२१	४३७९	३१६९०
२८	सामान्य	०	१४	०	०	१४
२९	सिचाई	१११६०	५८५	३७२५६५	५१३६६२	८९७९७२
३०	सूचना तथा सञ्चार	२३५	८२	३५८०३	१०५५२	४६६७२
३१	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१७२९	२७१	११६७	१५	३१८२
३२	स्थानीय विकास	१२३४१७	३५९९२	४०७५९०४	३०७७३४७	७३१२६६०
३३	स्वास्थ्य तथा जनसंख्या	३२६८५	२०८३६	४४५७१८	४६१०९६	९६०३३५
३४	राष्ट्रिय योजना आयोगको सचिवालय	२७५२	२६३१	११८२५	८४२४	२५६३२
	जम्मा:	५४६०७६	१६२८९३	१४०९२४३४	९५१४२४५	२४३१५६४८

अनुसूची – ९

(प्रतिवेदनको परिच्छेद २ को दफा ३६ सँग सम्बन्धित)

कुल असुली

आर्थिक वर्ष २०६७६८

(रु.हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	विनियोजन, राजस्व र धरौटी				अन्य निकाय	कुल जम्मा
		ले. प. को दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	जम्मा		
१	उपराष्ट्पतिको कार्यालय	८			८		८
२	संविधान सभा व्यवस्थापिका संसद	११४	१९	-	१३३	-	१३३
३	सर्वोच्च अदालत	७१	१६	१३४	२२१		२२१
४	महालेखा परीक्षकको कार्यालय	-	२४९	-	२४९	-	२४९
५	लोक सेवा आयोग	८	-	-	८	-	८
६	निर्वाचन आयोग	८२५	८०	११३८	२०४३		२०४३
७	महान्यायाधिवक्ताको कार्यालय	१२	१३	९५	१२०	-	१२०
८	न्यायपरिषद्	६		-	६		६
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२३			२३		२३
१०	अर्थ	९४३५	१२७४८	१२३१६६	१४५३४९	-	१४५३४९
११	उद्योग	२४	-	-	२४		२४
१२	ऊर्जा	-	१७	१९४	२११	-	२११
१३	कानून तथा न्याय व्यवस्था	-	-	२	२	-	२
१४	कृषि तथा सहकारी	६०६	५१५	३१३५६	३२४७७	१२१३१	४४६०८
१५	गृह	४०६	१५५	३७४४	४३०५		४३०५
१६	परराष्ट्र	७३	४१	१६८७८	१६९९२	-	१६९९२
१७	पर्यटन तथा नागरिक उडड्यन	-	१८	११२	१३०		१३०
१८	भूमिसुधार तथा व्यवस्था	९५	१०५५	१५६४	२७१४	-	२७१४
१९	भौतिक योजना तथा निर्माण	२८२६	७८५२	४३५०२	५४१८०		५४१८०
२०	महिला,बालबालिका तथा समाज कल्याण	४१२	२१६	२५५	८८३		८८३
२१	युवा तथा खेलकूद		१०	१	११		११
२२	रक्षा	१३७	६२३	२४२२	३१८२	६१७७	९३५९
२३	वन तथा भू–संरक्षण	२९६	१७५८	१७७१५	१९७६९		१९७६९
२४	वाणिज्य तथा आपूर्ति	६६१८	१०	४	६६३२	-	६६३२
२५	बातावरण	-	-	२३५	२३५		२३५
२६	विज्ञान तथा प्रविधि	**१७**	**८२**	**१८२०**	१९१९	-	१९१९
२७	शान्ति तथा पुनर्निर्माण	२२	११६८९७	८४८७	१२५४०६		१२५४०६
२८	शिक्षा	११३२७	१०६३१	५०११२	७२०७०		७२०७०
२९	श्रम तथा यातायात व्यवस्था	३५	३	३२७९	३३१७		३३१७
३०	सामान्य प्रशासन	६७	१८९	०	२५६	-	२५६
३१	सिचाई	१२८	१३	८८४	१०२५		१०२५
३२	सूचना तथा सञ्चार	४०६	३०	१७७४३	१८१७९		१८१७९
३३	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१	०	०	१	१२७	१२८
३४	स्थानीय विकास	१३१८३७	५१८०	२३१२६	१६०१४३		१६०१४३
३५	स्वास्थ्य तथा जनसंख्या	५७८२	१२७४	१२४१०	१९४६६	११०५	२०५७१
३६	राष्ट्रिय योजना आयोगको सचिवालय	६०८	०	१२४	७३२	-	७३२
३७	राष्ट्रिय सतर्कता केन्द्र	२२	०	०	२२	-	२२
	जम्मा	१७२२४७	१५९६९४	३६०५०२	६९२४४३	१९५४०	७११९८३

अनुसूची –१०

(प्रतिवेदनको परिच्छेद १ दफा १८ सँग सम्बन्धित)

असुल हुन बाँकी राजस्व (बक्यौता)

आर्थिक वर्ष २०६७/६८

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	गत वर्ष सम्मको	यस वर्ष सम्मको	गत वर्षको तुलनामा वृद्धि	वृद्धि प्रतिशत
१	सर्वोच्च अदालत	४३५५५१९	४०५५६२०	-२९९८९९	-६.८९
२	अर्थ	४७१८८२२५	५७९९७८४९	१०८०९६२४	२२.९१
३	कृषि तथा सहकारी	६४४	६४४	०	०.००
४	गृह	३२२०	३२२०	०	०.००
५	सिंचाई	९१०५६	९४८३८	३७८२	४.१५
६	ऊर्जा	११०१८२९	१०११८३२	-८९९९७	-८.१७
७	भूमिसुधार तथा व्यवस्था	२७६४८	९६२६	-१८०२२	-६५.१८
८	वन तथा भू–संरक्षण	१३४२७३	१३९८६०	५५८७	४.१६
९	पर्यटन तथा नागरिक उड्डयन	६९	०	-६९	-१००.००
	जम्मा	५२९०२४८३	६३३१३४८९	१०४११००६	१९.६८

अनुसूची – ११
(प्रतिवेदनको परिच्छेद १ को दफा २२ सँग सम्बन्धित)

बजेटमा समावेश नभएको वैदेशिक सहायताको विवरण
आर्थिक वर्ष २०६७।६८

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	प्राविधिक सहायता विवरण अनुसार		विविध सहायता		कूल		सल्लाहकार सेवा	मालसामान	तालिम सेमिनार	नखुलेको	जम्मा
		सम्झौता संख्या	सम्झौता रकम	सम्झौता संख्या	सम्झौता रकम	सम्झौत संख्या	सम्झौता रकम					
१	निर्वाचन आयोग	२	२३७७६९			२	२३७७६९				२३७७६९	२३७७६९
२	राष्ट्रिय मानव अधिकार आयोग	५	१८२८०२			५	१८२८०२				१८२८०२	१८२८०२
३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	७३८६			१	७३८६				७३८६	७३८६
४	अर्थ	३	१८७२३१			३	१८७२३१	५२८५८	१७५७४	२५४५२	९१३४७	१८७२३१
५	उद्योग	१०	१२९५७९९			१०	१२९५७९९	१३१७७५	८०१५६	२४७२४	१०५९१४४	१२९५७९९
६	कृषि तथा सहकारी	२	१००८९५१			२	१००८९५१	२९०४२२	४३१३६९	९६८१५	१९०३४५	१००८९५१
७	गृह	५	१८८२२४५			५	१८८२२४५				१८८२२४५	१८८२२४५
९	भौतिक योजना तथा निर्माण	६	७०२८३०	६	७७२२९	१२	७८००५९		५९५९८०		१०६८५०	७०२८३०
१०	महिला, बालबालिका तथा समाज कल्याण	२	२२२२१			२	२२२२१				२२२२१	२२२२१
११	वन तथा भू–संरक्षण	८	२०२८६७९			८	२०२८६७९	७१५५			२०२१५२४	२०२८६७९
१२	विज्ञान तथा प्रविधि	२	४८८९२०			२	४८८९२०				४८८९२०	४८८९२०
१३	बातावरण	४	१३०२९४			४	१३०२९४	४४५४२	१०७३	१७५३०	६७१४८	१३०२९४
१४	शिक्षा तथा खेलकूद	६	३१०२५१			६	३१०२५१	१२९९२	३३६४४	१६७४४	२४६८७१	३१०२५१
१६	संघिय मामिला,संविधान सभा,संसदीय व्यवस्था तथा संस्कृति	१	७५००			१	७५००				७५००	७५००
१७	शान्ति तथा पुनर्निर्माण	१	७२१९			१	७२१९				७२१९	७२१९
१९	स्थानीय विकास	४	९०६६४४			४	९०६६४४	४९५६६३	७४१७९	१०९२५९	२२७५४४	९०६६४४
२०	स्वास्थ्य तथा जनसंख्या	१६	८५३२६६८			१६	८५३२६६८	१५६९९३	१३४५६५	६७२८३	८१७३८२७	८५३२६६८
२१	श्रम तथा यातायात व्यवस्था	४	९५६९३			४	९५६९३				९५६९३	९५६९३
२२	राष्ट्रिय योजना आयोगको सचिवालय	४	१८५७०६			४	१८५७०६	६३००७	७५१३	२२८९६	९२२९१	१८५७०६
२३	मन्त्रालय नखुलेको	९	४७३५९९			९	४७३५९९	२६०४७९		११८४००	९४७२०	४७३५९९
	जम्मा	**९५**	१८६९४४०६	**६**	७७२२९	१०१	१८७७१६३५	१५१५८८५	१३७६०५४	४९९१०२	१५३०३३६५	१८६९४४०६

अनुसूची – १२
(प्रतिवेदनको परिच्छेद १ को दफा १७ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	असुल गर्नुपर्ने		असुली		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	संविधान सभा व्यवस्थापिका संसद	१	४६५३			४६५३
२	सर्वोच्च अदालत	२०	७४५	०	०	७४५
३	लोक सेवा आयोग	०	०	०	०	०
४	निर्वाचन आयोग	२६	१९१९	७	७६	१८४३
५	महान्यायाधिवक्ताको कार्यालय	१०	२७	१०	२७	०
६	न्याय परिषद	१	२			२
७	राष्ट्रिय मानव अधिकार आयोग	१	३			३
८	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४	४६०			४६०
९	अर्थ	१८	६८१३३	२	२०	६८११३
१०	उद्योग	३	१२			१२
११	ऊर्जा	१	६	०	०	६
१२	कानून तथा न्याय	१	१			१
१३	कृषि तथा सहकारी	१७९	१९०१	१००	११११	७९०
१४	गृह	५०	४०४	०	०	४०४
१५	परराष्ट्र	३२	१५३८५	०	०	१५३८५
१६	भूमिसुधार तथा व्यवस्था	२५	२२१	१	२	२१९
१७	भौतिक योजना तथा निर्माण	६६	७५७	३७	१४२	६१५
१८	महिला, बालबालिका तथा समाज कल्याण	३७	३५८	६	७५	२८३
१९	युवा तथा खेलकुद	१	२८१	१	१०	२७१
२०	वन तथा भू–संरक्षण	५४	९७२	१३	३०२	६७०
२१	वाणिज्य तथा आपूर्ति	१	३१	०	०	३१
२२	बातावरण	३	७९	०	०	७९
२३	विज्ञान तथा प्रविधि	४	१११९	०	०	१११९
२४	शान्ति तथा पुनर्निर्माण	७	२६३	१	४	२५९
२५	शिक्षा	३२	७३६	१४	२१६	५२०
२६	श्रम तथा यातायात व्यवस्था	२	३	०	०	३
२७	सामान्य प्रशासन	२	६१९	१	१८९	४३०
२८	सिचाई	२३	४१०३	२	१३२२	२७८१
२९	सूचना तथा सञ्चार	५	९९३०	०	०	९९३०
३०	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	५	२४४			२४४
३१	स्थानीय विकास	८१	११२३६	९	१९६	११०४०
३२	स्वास्थ्य तथा जनसंख्या	८२	२४५८	१२	२४१	२२१७
३३	राष्ट्रिय सतर्कता केन्द्र	१	२३			२३
३४	राष्ट्रिय योजना आयोगको सचिवालय	७१	३३२	०	०	३३२
	जम्मा:	८४९	१२७४१६	२१६	३९३३	१२३४८३
३५	संगठित संस्था	४२	४३०५	०	०	४३०५
३६	समिति/अन्य संस्था	१४४	१४९४६	१३	४१७	१४५२९
	जम्मा	१८६	१९२५१	१३	४१७	१८८३४
	कुल जम्मा	१०३५	१४६६६७	२२९	४३५०	१४२३१७

अनुसूची – १३
(प्रतिवेदनको परिच्छेद १ को दफा १५ सँग सम्बन्धित)

राजस्व

आर्थिक वर्ष २०६७।६८

(रु. हजारमा)

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली	प्रतिशत
१–१–१–००	**वैदेशिक व्यापारमा आधारित वस्तुगत कर**			
१–१–१–१०	पैठारी महसुल	३५६९१९२९	३१४८०३३८	८८.२०
१–१–१–३०	भारतीय अन्त:शुल्क फिर्ता	३६२३६७९	२८३१७८२	७८.१५
१–१–१–४०	निकासी महसूल	१२०१९८५	३५७६५४	२९.७६
१–१–१–५०	निकासी सेवा शुल्क	०	४३८	
१–१–१–६०	भन्सारको अन्य आय	३४५१६५	२८९६६४	८३.९२
१–१–१–७०	कृषि सुधार शुल्क	५०१३२२	७५१६९८	१४९.९४
	जम्मा	**४१३६४०८०**	**३५७११५७४**	८६.३३
१–१–२–००	**वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर**			
१–१–२–१०	मूल्य अभिवृद्धिकर	६७३७१६२८	६१६६३५८३	९१.५३
१–१–२–११	उत्पादन	६७८३०२३	६७१७२४३	९९.०३
१–१–२–१२	पैठारी	४४३३२४८४	३९३७९५८५	८८.८३
१–१–२–१३	बिक्री वितरण	३७१६०६३	४२३२२०२	११३.८९
१–१–२–१४	ठेक्का तथा परामर्श	२४७२४३५	३०९५२२०	१२५.१९
१–१–२–१५	पर्यटन व्यावसाय	२५५१८६७	११२२७८३	४४.००
१–१–२–१९	अन्य सेवा	७५१५७५६	७११६५५०	९४.६९
१–१–२–२०	अन्त:शुल्क	२९६११३७७	२६५४२९१५	८९.६४
१–१–२–२१	चुरोट	५३२४३७४	५१३९४८१	९६.५३
१–१–२–२२	बिडी	३१७६	३२९२	१०३.६५
१–१–२–२३	मदिरा	४६६६६४८	५३११२०४	११३.८१
1-1-2-24	निम्न कोटीको मदिरा	०	७९	
१–१–२–२५	वियर	३३८६०८९	३१२८४९६	९२.३९
१–१–२–२६	अन्य औद्योगिक उत्पादन	३१३५९३७	२१९२०३१	६९.९०
१-१-२-२७	पैठारी अन्त:शुल्क	१२८९७३८७	१०५६३९१९	८१.९१
१-१-२-२८	वैदेशिक रोजगार आपूर्ति सेवा	५५	२७	४९.०९
१-१-२-२९	स्वास्थ्य सेवा	१९७७११	२०४३८६	१०३.३८
१-१-२-३०	शिक्षा सेवा शुल्क	३४०३६८	२०४४५२	६०.०७
१-१-२-५०	सवारी साधन कर		५३	
	जम्मा	**९७३२३३७३**	**८८४११००३**	९०.८४
	अप्रत्यक्ष करको जम्मा	**१३८६८७४५३**	**१२४१२२५७७**	८९.५०
१–१–३–००	**आयकर**			
१–१–३–१०	संस्थागत आयकर	२८५५६३०६	२८८२३७३३	१००.९४
१–१–३–११	सरकारी प्रतिष्ठानहरु	१३५१०८७	१२८१७५३	९४.८७
१–१–३–१२	पब्लिक लिमिटेड कम्पनीहरु	१४२०३८६६	१३९६५५१७	९८.३२
१–१–३–१३	प्राइभेट लिमिटेड कम्पनीहरु	७४७८५०८	७२६१००२	९७.०९
१-१-३-१४	व्यक्तिगत वा एकलौटी फर्म	४५८३८०७	४८९२५७६	१०६.७४
१-१-३-१९	अन्य निकाय	९३९०३८	१४२२८८५	१५१.५३

१–१–३–२०	पारिश्रमिक आयकर	५२८७९२१	५८६३२९८	११०.८८
१–१–३–२०	पारिश्रमिक आयकर		८४०९	
१–१–३–२१	पारिश्रमिक	४८८७९२१	५१४४९७४	१०५.२६
१–१–३–२२	उद्योग, व्यापार ,पेशा तथा व्यवसाय	०	१३८	
१–१–३–२३	सामाजिक सुरक्षा कर	४०००००	७०९७७७	१७७.४४
१-१-०३-३०	घर जग्गा बहालकर	०	२२	
१-१-०३-५०	लगानीमा आयकर	६०८१४११	७०८५९७७	११६.५२
१-१-०३-५०			३७४	
१-१-०३-५१	बहाल	१०२३७२९	१२०७१६५	११७.९२
१-१-०३-५२	व्याज	३१०७६२७	४१३०४५२	१३२.९१
१-१-०३-५३	पूँजीगत लाभ	११५३२२८	८७२८४७	७५.६९
१-१-०३-५४	लाभांश	७८९२७०	८७३६६६	११०.६९
१-१-०३-५९	लगानीको अन्य आय	७५५७	१४७३	१९.४९
१-१-०३-६०	आकस्मिक लाभ कर	२४५४०	२०६८२	८४.२८
१-१-०३-९०	अन्य	२९२१५४	२६६४७५	९१.२१
	जम्मा:	**४०२४२३३२**	**४२०६०१८७**	१०४.५२
१–१–४–००	**घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर**			
१–१–४–३०	घर जग्गा रजिष्ट्रेशन	६३०१११८	३५७२४८६	५६.७०
१–१–४–४०	घर जग्गा कर		४५	
१–१–४–५०	सवारी साधन कर	३५०००००	३०२२६१२	८६.३६
	जम्मा	**९८०१११८**	**६५९५१४३**	६७.२९
	प्रत्यक्ष्य कर जम्मा	**५००४३४५०**	**४८६५५३३०**	९७.२३
	कर राजस्व जम्मा	**१८८७३०९०३**	**१७२७७७९०७**	९१.५५
१–१–५–००	दस्तुर तथा शुल्क			
१–१–५–१०	फर्म रजिष्ट्रेशन दस्तुर	४४२३६९	४१०८०७	९२.८७
१–१–५–२०	एजेन्सी रजिष्ट्रेशन दस्तुर	१३५९७	१६१९२	११९.०९
१–१–५–३०	हात हतियार रजिष्ट्रेशन दस्तुर	७६०४	८२३५	१०८.३०
१–१–५–४०	यातायात सम्वन्धि दस्तुर	३६६८८८०	४०१२१७२	१०९.३६
१–१–५–४०	यातायात सम्वन्धि दस्तुर		४५	
१–१–५–४१	सवारी इजाजत दस्तुर	८५१७२७	६५२४३६	७६.६०
१–१–५–४२	सडक सुधार दस्तुर	१२११९४७	१९०६७९९	१५७.३३
१–१–५–४३	शहरी सडक निर्माण तथा संभार दस्तुर	१६०५२०६	१४५२८९२	९०.५१
१–१–५–५०	निकासी पैठारी इजाजत दस्तुर	६३९४६	४६६७०	७२.९८
१–१–५–६०	परीक्षा दस्तुर	१६५५३५	१३७२७५	८२.९३
१–१–५–७०	पासपोर्ट दस्तुर	२३०५२८७	१९७१४७७	८५.५२
१–१–५–८०	पर्यटन शुल्क	२३३९७७७	२०५९१६७	८८.०१
१–१–५–८१	भिसा शुल्क	१४८२४४८	१२६८७६३	८५.५९
१–१–५–८२	पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क	४१६७२६	३६६८६०	८८.०३
१–१–५–८३	प्रदुषण नियन्त्रण शुल्क	४४०६०३	४२३५४४	९६.१३
१–१–५–८९	अन्य शुल्क			
१–१–५–९०	अन्य प्रशासनिक शुल्क	११५२७९९	१०३०८७७	८९.४२
१–१–५–९०	अन्य प्रशासनिक शुल्क		९	
१–१–५–९१	स्थानिय विकास शुल्क	८२७०८	१८५१	२.२४
१–१–५–९५	टेलिफोन स्वामित्व तथा सेवा शुल्क	६६५७७१	६७७०४७	१०१.६९
१–१–५–९९	अन्य प्रशासनिक दस्तुर	४०४३२०	३५१९७०	८७.०५

	जम्मा	**१०१५९७९४**	**९६९२८७२**	९५.४०
१–१–६–००	**दण्ड जरिवाना र जफत**			
१–१–६–१०	न्यायिक दस्तुर, दण्ड, जरिबाना र जफत	३२८४७३	३६५३८९	१११.२४
१–१–६–२०	प्रशासनिक दण्ड, जरिबाना र जफत	११६०३०	१३३८२५	११५.३४
	जम्मा	**४४४५०३**	**४९९२१४**	११२.३१
१–१–७–००	**सरकारी सम्पत्ति सेवा तथा वस्तुहरुको बिक्री तथा भाडाबाट प्राप्त आय**			
१–१–७–१०	जलश्रोत क्षेत्रको आय	६२४०	४७१७	७५.५९
१–१–७–११	पिउने पानी	३८०४	३२२४	८४.७५
१–१–७–१२	सिंचाई	२२६१	१२३१	५४.४४
१–१–७–१३	विद्युत	१७५	२६२	१४९.७१
१–१–७–२०	हुलाक क्षेत्रको आय	२३४३३५	१७६५०८	७५.३२
१–१–७–३०	खाद्य कृषि क्षेत्रको आय	७४६७६	७६५३८	१०२.४९
१–१–७–४०	शिक्षा क्षेत्रको आय	३६१२०९	३५२५९१	९७.६१
१–१–७–५०	वन क्षेत्रको आय	८३७२१०	३८७२२९	४६.२५
१–१–७–६०	यातायात क्षेत्रको आय	१५६९२९	१४९१४७	९५.०४
१–१–७–७०	सरकारी क्षेत्रको अन्य आय	३६१५५७	४६३४३७	१२८.१८
	जम्मा	**२०३२१५६**	**१६१०१६७**	७९.२३
१–१–८–००	**लाभांस**			
१–१–८–१०	वित्तीय प्रतिष्ठान	३०५७३४९	३११२४०६	१०१.८०
१–१–८–२०	व्यापारीक प्रतिष्ठान	३५५	१७०	४७.८९
१–१–८–३०	औद्योगिक प्रतिष्ठान	१९४७१	२२४९३	११५.५२
१–१–८–४०	सेवा मूलक प्रतिष्ठान	५४०८२३३	५४८९५९८	१०१.५०
	जम्मा	**८४८५४०८**	**८६२४६६७**	१०१.६४
१–१–९–००	**व्याज**			
१–१–९–१०	वित्तिय प्रतिष्ठान	५४४७३	१२९९७०	२३८.६०
१–१–९–२०	व्यापारीक प्रतिष्ठान	४८	३६५१६६	७६०७६२.५०
१–१–९–३०	औद्योगिक प्रतिष्ठान	२४६४६	२६१८३	१०६.२४
१–१–९–४०	सेवा मूलक प्रतिष्ठान	४३०५००	६६५११९	१५४.५०
१–१–९–५०	अन्य	२८८७	३७८३	१३१.०४
	जम्मा	**५१२५५४**	**११९०२२१**	२३२.२१
१–१–१०–००	**रोयल्टी र सरकारी सम्पत्ति बिक्री**			
१–१–१०–१०	रोयल्टी	३३६७१०२	२२९८८०२	६८.२७
१–१–१०–११	खानी रोयल्टी	५१२५१	४२३९५	८२.७२
१–१–१०–१२	जलश्रोत सम्बन्धी रोयल्टी	१६५७०२३	५३८२३९	३२.४८
१–१–१०–१३	क्यासिनो रोयल्टी	१४६७६५	२३७७३३	१६१.९८
१–१–१०–१९	अन्य रोयल्टी	१५१२०६३	१४८०४३५	९७.९१
१–१–१०–२०	बिक्री	२१०२०१	३६१२७०	१७१.८७
१–१–१०–२१	सरकारी घर जग्गा बिक्री	८५२०८	२५०८६३	२९४.४१
१–१–१०–२२	सरकारी सामान बिक्री	४००९४	३५२६९	८७.९७
१–१–१०–२३	अन्य बिक्री	८४८९९	७५१३८	८८.५०
	जम्मा	**३५७७३०३**	**२६६००७२**	७४.३६
१–१–११–००	**सांवा फिर्ता**			
१–१–११–१०	वित्तीय प्रतिष्ठान	३९१११	३८६७२	९८.८८
१–१–११–२०	व्यापारीक प्रतिष्ठान	३७८३७२	७३२४१४	१९३.५७

१–१–११–३०	औद्योगिक प्रतिष्ठान	८८९६९	१२३८७३	१३९.२३
१–१–११–४०	सेवामूलक प्रतिष्ठान	१७६६७२३	५२५३३७	२९.७४
१–१–११–५०	अन्य	११७६०	२२३९८	१९०.४६
	जम्मा	**२२८४९३५**	**१४४२६९४**	६३.१४
१–१–१२–००	**दातव्य तथा उपहार र विविध आय**			
१–१–१२–१०	दातव्य तथा उपहार	१३८	१५३५	१११२.३२
१–१–१२–२०	विविध आय	४१६६६१	१३१९६६४	३१६.७२
	जम्मा	**४१६७९९**	**१३२११९९**	३१६.९९
	गैरकर राजस्व जम्मा	**२५६२८५१७**	**२५५९८४१२**	९९.८८
	कुल राजस्व जम्मा	**२१६६४४३५५**	**१९९८१९०१३**	९२.२३

अनुसूची – १४

(प्रतिवेदनको परिच्छेद १ को दफा ५ र परिच्छेद २ को दफा ३२ सँग सम्बन्धित)

जिल्ला विकास समितिको कारोबारको लेखापरीक्षण सम्पन्न विवरण

(रु.हजारमा)

क.सं	जिल्ला	लेखापरीक्षण रकम	वेरुजु रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
१	२			३	४	५	६	७	८	९	१०	११	१२	१३
१	ताप्लेजुङ्ग	२८८०६०	१६५५	२०७६७	१२०७०३	१२८५८	८२१८	४०५	१६२९५१	१२०७०३	२३३२	२२८४१	१७०७५	१६२९५१
२	पांचथर	२९७७२२	२४५७	९२०५	११०५३८	२२०२४	१४८३१	८५६	१५७४५४	११०५३८	९८२	३७९५३	७९८१	१५७४५४
३	इलाम	३८२८४३	२१२८६	२२३६९	१३३३९०	४४५३१	१०२८८	३९६९	२१४५४७	१३३३९०	४६०४	५२६७१	२३८८२	२१४५४७
४	झापा	६०४३७८	६०३१९	३६८३८	१५८४२१	५१६८६	७३४३९	१३४२५	३३३८०९	२९३५५१	९७७२	४०८४	२६४०२	३३३८०९
५	संखुवासभा	२७४७७७	१४६१६	२८२५३	९८९४१	३२६२७	४०२५	१६३९	१६५४८५	९८९४१	११९५	३७४०९	२७९४०	१६५४८५
६	तेह्रथुम	२१९८९९	७१०८	१४७३९	८४५१२	२०१५७	४८३१	२२७	१२४४६६	८४५१२	९७९	२४६८१	१४२९४	१२४४६६
७	भोजपुर	३५७९६८	१०२२७	१७८९५	१५१५८३	२७५८३	११६९	६७९	१९८९०९	१५१५८३	६८	२५३०३	२१९५५	१९८९०९
८	धनकुटा	२५६३०२	४८९४	२१५३४	९४५३७	२३४०९	९५८७	१९३५	१५१००२	९४५३७	१७२८	३०५६९	२४१६८	१५१००२
९	मोरङ्ग	६९५०६१	६८५७६	७६८२२	१९८४१४	४७५५२	८२१६१	६८५३	४११८०२	१९८४१४	११९१०	१४९७५७	५१७२१	४११८०२
१०	सुनसरी	४७००६०	५७८३२	३५२४३	१४८६०१	२६१५६	५४७८७	३१४०	२६७९२७	१४८६०१	१७४६	८७०२९	३०५५१	२६७९२७
११	सोलुखुम्बु	२५९२७७	१५३७७	७२८७८	९९०४१	५७१४	५८६१	१९५९	१८५४५३	१४३७७४	२९२८	०	३८७५१	१८५४५३
१२	ओखलढुंगा	३१५६८१	५१२८	१४८३२	१४५३६४	४२१	७७०५	४५१	१६८७७३	१४५३६४	२८२९	१३५४७	७०३३	१६८७७३
१३	खोटाङ्ग	६६३१२५	१७१५२	७९४१	१९७६५६	१२५३०१	१४६३८	१५९८	३४७१३४	२१७०६२	३७९	१०६४९१	२३२०२	३४७१३४
१४	उदयपुर	४७०१०६	११९१३	२३६१३	१२३४२९	८२६६१	२४६५५	२५००	२५६८६८	१२३४२९	३६६९	१०९७५३	२००१७	२५६८६८
१५	सप्तरी	१२३१४२३	५६४८१	५३५८२	४६०८५७	१२७६५७	३१७१६	५९९०	६७९८०२	६००३८९	४८१४		७४५९९	६७९८०२
१६	सिराहा	५४२३७४	४१९५८	३०१३२	१८७१५६	५१२८४	३३३९३	७७९७	३०९७६२	१८७१५६	५२४९	७०३३९	४७०१८	३०९७६२
१७	दोलखा	३५०१८१	१३७३७	२१७११	१२७८८६	३८७८८	८५९५	५२७	१९७५०७	१७४१६१	२२४	०	२३१२२	१९७५०७
१८	रामेछाप	४४२८४९	१२०६३	२०१९३	१७५५७	१९४१५४	९४१८	१६९८	२४३०२०	१७२६८३	५५६	४६७८३	२२९९८	२४३०२०
१९	सिन्धुली	३९८३८६	१६०९७	१२१५५	१४१६८१	३९९६६	१७९५५	१४६६	२१३२२३	१९६०१५	१३०३	०	१५९०५	२१३२२३
२०	महोत्तरी	४५०९६०	१३८५५	२२८३४	१७३५८५	२११५८	२७४४९	४५७९	२४९६०५	१७३५८५	२९८०	४७६२४	२५४१६	२४९६०५
२१	धनुषा	६०११६४	३५१०१	-३९४६	२३४५०८	२६८६८	२८१५४	३८५२	२८९४३६	२८१०३०	२४७४	२४२७८	(१८,३४६)	२८९४३६
२२	सर्लाही	५१५४७६	२३५२०	३७८२७	२०९१७१	१०९३४	२९०५०	२३०८	२८९२९०	२०९१४३	३१३६	५१७३४	२५२७७	२८९२९०
२३	रौतहट	५१८३४९	५३०६	२३६०८	२०७३१८	३७६८६	१३०५४	२१६३	२८३८२९	२०७३१८	३९७१	४६८३९	२५७०१	२८३८२९
२४	वारा	६६४७१८	५३०८१	-७६८२	२२२७३०	३८६९२	८८७१३	४१७८	३४६६३१	२९१९२२	१२५०७	५९७६	३६,२२६.००	३४६६३१
२५	पर्सा	५२३४६६	७६७८४	१४४०६	१८७३६२	३२०३७	३४९८७	८१५२	२७६९४४	२२५१४४	७१८७	२८५९७	१६०१६	२७६९४४
२६	मकवानपुर	५१८५०४	३२७२३	९५४९७	१३५८३२	१०३०१	११०१५५	१५७२	३५३३५७	२५७०६८	३५७६	०	९२७१३	३५३३५७
२७	चितवन	४५६४८७	१८१२२	४८९७७	११४०२८	४९८१९	४८८६९	६१६६	२६७८५९	२२३१८७	५६८२	८७३६	३०२५४	२६७८५९
२८	रसुवा	१२८७०५	७४२	५९७०	५११७५	१४६६९	२७९	९५३	७३०४६	५११७५	१३३	१०३२१	११४१७	७३०४६
२९	नुवाकोट	४११६५३	८०१८	५४५८६	१४८१४९	३९२८८	१८६६९	२४७६	२६३१६८	१४८१४९	११५८	५३७६४	६००९७	२६३१६८
३०	धादिङ	५५९१५८	१६९८६	६७५४१	१४७५९४	१६४४०	१२०६७०	५८७९	३५८१२४	२६२१०९	४०३१	२४३५	८९५४९	३५८१२४
३१	सिन्धुपाल्चोक	११९१२४२	२५४३३	५८३६३	१९७३३२	३५०९५३	३८६३०	२४३२	६४७७१०	५९९४९०	२४०५	०	४५८१५	६४७७१०
३२	काभ्रेपलान्चोक	६९१३६३	१०९७६	८६८९०	२११०५६	३४०५३	८३४०६	२६२८	४१८०३३	३५५३७९	२५५०	२२९१	५७८१३	४१८०३३
३३	भक्तपुर	४९६२५२	३८२१	१४३४५७	६९९०५	१०२१८९	७२५६७	३४१२	३९१५३०	६९९०५	२८५५	१७५४१९	१४३३५१	३९१५३०
३४	ललितपुर	६३२५७४	८४१५५	१३८१५७	११४११०	१५१२५४	२२४७६	३६०	४२६३५७	११४११०	३२५७	२२७००७	८१९८३	४२६३५७
३५	काठमाण्डौ	६६४९९९	७०५७१	६२९०७	१७१६२७	२२९१७	१२६४९१	४९६९	३८८९११	१७१६२७	४४५२	१६२९१६	४९९१६	३८८९११
३६	मनाङ्ग	१०६३८०	६८२	२०१३१	४३६६५	२६२३	११०५	१६४	६७६८८	४३६६५	२०५	१४९५३	८८६५	६७६८८
३७	लमजुङ्ग	३४०३५५	८५६१	४३४७३	१३६६९७	१५६८२	४९५१	१२३७१	२१३१७४	१६६२८८	१९०५	२४६१	४२५२०	२१३१७४

३८	तनहुं	३९९२०१	२२०८६	४०७१८	१३१०९०	५३८१९	१४७८९	३१३३	२४३५४९	१३१०९०	३०११	६२२६९	४७१७९	२४३५४९
३९	कास्की	४८४८३२	५३६२१	५२४५५	१२४५३६	७४४९३	३०३०७	७४२५	२८९२१६	१२४५३६	४५२०	११९०१५	४११४५	२८९२१६
४०	स्याङ्जा	४४८४६४	११४४५	१४२८३	१५४५८९	५११७३	२०२७९	२३१८	२४२६४२	२१६९६२	१२६४	१८७९	२२५३७	२४२६४२
४१	गोरखा	३८९२४७	४७७६	८३५६०	१६७९२५	६४९०	१९३४१	६३११	२८३६२७	१६७९२५	२१२८	१९१२७	९४४४७	२८३६२७
४२	अर्घाखांची	२७२३०८	६३९८	२००६९	११०९९१	१५९२०	७९४४	१४५०	१५६३७४	११०९९१	३४८६	२१५२६	२०३७१	१५६३७४
४३	गुल्मी	४५८०९१	५०२९	३१७५८	१८९०३२	२१४७७	१३३०५	३५७४	२५९१४६	१८९०३२	१०५९	४०६१२	२८४४३	२५९१४६
४४	पाल्पा	४८७९३९	१६०७८	३१४९९	१६२०३७	७३१५८	९२८४	१००	२७६०७८	१६२०३७	२८५४	७८४६९	३२७१८	२७६०७८
४५	नवलपरासी	८३१६५९	६२१६३	५८५९०	१९१०२३	१५९७३०	५०१३८	६८०७	४६६२८८	२०६०८९	७९८२	२०९८९०	४२३२७	४६६२८८
४६	कपिलबस्तु	८०५३४५	३६१६२	२८८३२२	१६३४९६	१६४४८९	६०२७८	६५५२	६८३१३७	१६३४९६	५१०८	२४१९२६	२७२६०७	६८३१३७
४७	रुपन्देही	८३२४३१	३५९२१	१७१०३७	१७७१५८	८६५१६	१३४४५०	७३४९	५७६५१०	१७७१५८	६६३९	२४३१६१	१४९५५२	५७६५१०
४८	मुस्ताङ्ग	१९७६६३	१३९९४	२४५०३	५१२२५	२१६७२	२६४९६	७०४	१२४६००	५१२२५	१७६६	४४५७५	२७०३४	१२४६००
४९	म्याग्दी	३१०८७८	११४४५	२७४०८	१०२८३९	३७२८५	६५२५	२१०४	१७६१६१	१४७७५०	१२२९	१३१४६	१४०३६	१७६१६१
५०	वाग्लुङ्ग	३६९०८४	१०७२३	१३६११	१५२८०८	२९३५४	३९१	१०४९	१९७२१३	१५२८०८	२१२	३२४६२	११७३१	१९७२१३
५१	पर्वत	३३३७०९	८३०३	२८३९४	१३०३१६	३१३०४	४०११	१८२३	१९५८४८	१३०३१६	२५६२	३३३७७	२९५९३	१९५८४८
५२	रुकुम	३०५८२१	२७९३६	४७८४३	१२५५३१	८९३१	९८४३	१५४५६	२०७६०४	१३३३४६	६७३६	५९७८	६१५४४	२०७६०४
५३	रोल्पा	३५९५९४	११३०४	१४०१९	१४००९०	३१८६९	११८०१	१२७४	१९९०५३	१७४३३१	२२९	०	२४४९३	१९९०५३
५४	प्यूठान	३३३९८६	९७६४	२६४०९	१२९००६	३१०२६	८६४४	१७०६	१९६७९१	१५८०१०	६७६	४९१८	३३१८७	१९६७९१
५५	सल्यान	३१६८१६	६६८२	१३२१७	१३१४५०	१४०२१	९६९१	८२५	१६९२०४	१५८५५९	२२७०	०	८३७५	१६९२०४
५६	दाङ्ग	४२४०७३	५२३०९	६६४१३	१३७४८१	२४११४	५१७०२	१५११	२८१२२१	१३७४८१	११५२	७०६३२	७१९५६	२८१२२१
५७	हुम्ला	२२०४२८	४८६	१७०८२	८१५३७	२६६८६	६३९२	८१२	१३२५०९	९०३७७	२४९	१४३७५	२७५०८	१३२५०९
५८	मुगु	१८६९४८	१६२२०	१८६२	८००३१	६४३४	९०५	९६४१	९८८७३	८००३१	२३९३	७५१३	८९३६	९८८७३
५९	कालिकोट	२९०३२२	१०५०७	८०६३	९८७११	३३०९२	१६७०८	३७५२	१६०३२६	९८७११	११०३	३८२४५	२२२६७	१६०३२६
६०	डोल्पा	२०२३४०	१५०५३	५७१५	८१२६५	७२४२	९५९८	५६२३	१०९४४३	८१२६५	१३२३	१६०२४	१०८३१	१०९४४३
६१	जुम्ला	२५८८११	८५१९	१६४३९	१००१४५	१६५३८	८९०६	५२९५	१४७३२३	१००१४५	२७५४	२५०२८	१९३९६	१४७३२३
६२	दैलेख	३२८३४६	६२२०	१२२०	१३९८०६	१६९७८	९३६२	२६५	१६७६३१	१३९८०६	७५	२२०५४	५६९६	१६७६३१
६३	जाजरकोट	२४९७३०	३५११	११६०९	९५२११	२२०७७	५४४०	२१२५	१३६४६२	१००३२२	२९११	२१६४४	११५८५	१३६४६२
६४	सुर्खेत	३४३८७२	१४७२६	१७५९५	१३८५५५	७३५५	२३५१६	२४३	१८७२६४	१६२३१६	५४१	११३४६	१३०६१	१८७२६४
६५	वांके	३४२९३७	११८१३	६३६७६	१२६३१२	१७९४२	३८१६०	२७४३	२४८८३३	१२६३१२	४१३०	२७३३८	९१०५३	२४८८३३
६६	बर्दिया	२७२३४५	१९४८२	३३९३२	९५३५१	१९६५९	२३९१४	२९६९	१७५८२५	१२७३६१	२८६६	२२५	४५३७३	१७५८२५
६७	बझाङ्ग	२९५८२६	८४८५	२३९९८	११४१९५	२६४२४	४२८	१९२२	१६६९६७	११४१९५	२१०९	३६५५३	१४११०	१६६९६७
६८	बाजुरा	२३२२११	८०८१	१७९८७	९३४२१	२३३४८	३६५	८०२	१३५९२३	९३४२१	१६६	२०६८८	२१६४८	१३५९२३
६९	अछाम	४५६३२८	५६७५	१२०६९	१९४४१	२९७०७	४७१५	५२७	२४१४५९	१९६७८४	२०७	२९९४७	१४५२१	२४१४५९
७०	डोटी	२८६९४५	६०७६	१३७३४	१३०२६३	६१०६	७४५१	२४१	१५७७९५	१३०२६४	४४	१२५७६	१४९११	१५७७९५
७१	कैलाली	४२८५६१	४२२४९	७२६४१	१३६९८६	३४०३५	४४४३७	३६७३	२९१७७२	२०७०३४	२३९६	०	८२३४२	२९१७७२
७२	दार्चुला	२७६९३८	३१००	१४३५७	११६१५८	१२९३५	५२२४	३७७२	१५२४४६	१२३७२१	१००१	१४१२७	१३५९७	१५२४४६
७३	वैतडी	३६६९१३	९८४१	१५१७१	१५५४४९	१९११८	५३१६	१३२०	१९६३७४	१६२६३६	५६७१	१७४०३	१०६६४	१९६३७४
७४	डडेलधुरा	२०२८२४	१४१८५	८६२९	६००२६	३३०३०	७०६७	१२७	१०८८७९	९९६३०	१५५	२७८९	६३०५	१०८८७९
७५	कन्चनपुर	२५४४४७	३१५७५	१३४६५	६३६३८	२८२१७	३६६८१	३६७३	१४५६७४	६३६३८	४६०७	५३९९३	२३४३६	१४५६७४
	जम्मा:	**३१८५०४९०**	**१५६९२५६**	**२८७७०५०**	**१०३५०२३५**	**३२७५८५६**	**२०३०७६१**	**२४६७२४**	**१८७८०६२६**	**१२४३६२०८**	**२११३१५**	**३२९९३९१**	**२८३३७१२**	**१८७८०६२६**

अनुसची – १५

(प्रतिवेदनको परिच्छेद २ को दफा ३२ र ३३ सँग सम्बन्धित)

सरकारी कार्यालयहरुको यो वर्षको बेरुजू वर्गीकरण
विनियोजन, राजस्व , धरौटी र अन्य कारोवार
आर्थिक वर्ष २०६७/६८

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्युयौट			बाँकी बेरुजू			बेरुजू									
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
												अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति										
१	राष्ट्रपतिको कार्यालय	७	१	१०२५०	०	०	०	७	१	१०२५०						०	०	१०२५०	१०२५०
२	उपराष्ट्रपतिको कार्यालय	६	०	०	०	०	०	६	०	०						०			०
३	संविधान सभा व्यवस्थापिका संसद	८	१०	३८५९०	०	०	०	८	१०	३८५९०	४६५३	१८९०५	१४३२९	०	०	३३२३४	७०३	०	७०३
४	सर्वोच्च अदालत	४२८	३१६	४६७१९९	०	३३	७३४०८	४२८	२८३	३९३७९९१	७१९६	१३२६७	११२४०६	२३१३००		३५६९७३	३१४	२९३०८	२९६२२
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	२	१	१०	०	१	१०	२	०	०						०			०
६	महालेखापरीक्षकको कार्यालय	६१	१५	५५९६	५७	१५	५५९६	४	०	०						०			०
७	लोक सेवा आयोग	२१	११	२८९७	०	०	०	२१	११	२८९७	४३	८०	७६८			८४८	१२३	१८८३	२००६
८	निर्वाचन आयोग	३४६	४३२	४७६७६	०	३३	४०३	३४६	३९९	४७२७३	४७१७	१४६५३	२३२१५	०	०	३७८६८	१७१२	२९७६	४६८८
९	महान्यायाधिवक्ताको कार्यालय	४२	६१	७७८३	०	७	१३	४२	५४	७७७०	११६	८८६	६२६	०	०	१५१२	२९	६११३	६१४२
१०	न्याय परिषद	३	२	२६६	०	०	०	३	२	२६६	२					०	०	२६४	२६४
११	राष्ट्रिय मानवअधिकार आयोग	३०	१८	३५०४	०	०	०	३०	१८	३५०४	७२५	८७४	७०	०	९८	१०४२	०	१७३७	१७३७
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२८	४८	१६५९३८	१	१	१४४६२५	१२७	४७	२१३१३	९९७	१०७२	७१७९	०	७१६	८९६७	८२४६	३१०३	११३४९
१३	अर्थ	२३०५	१२८५	२७६५३८	६५	१६६	२८३९२३	२२४०	१११९	२४८२६१५	१०१७४७६	१८४६५९	१०१९५१५	०	०	१२०४१७४	४०९	२६०५५६	२६०९६५
१४	उद्योग	३३२	१०८	१६६२१५	०	०	०	३३२	१०८	१६६२१५	३०७७	५९७५	१०३७४३			१०९७१८	१०९	५३३११	५३४२०
१५	ऊर्जा	७७	१६	३२२२७	५	७	१०५९	७२	९	३११६८	१४	६३३४	१०००	०	०	७३३४	०	२३८२०	२३८२०
१६	कानून तथा न्याय	५	५	१९६	०	०	०	५	५	१९६	६	१३२	५८	०	०	१९०			०
१७	कृषि तथा सहकारी	२०४२	७२०	९३८३६७	२९	१३६	६०५८	२०१३	५८४	९३२३०९	३१३७११	१३३३५९	४११९६६		११३६	५४६४६१	४८३३	६७३०४	७२१३७
१८	गृह	१९८३	५८७	७०२०९७	०	२०	४९०५	१९८३	५६७	६९७१९२	६३९०	४१६०६	६७६०३	६५८		१०९८६७	५४३५	५७५५००	५८०९३५
१९	पररा्ष्ट्र	२४०	३१९	६४९५९८	०	२	११८	२४०	३१७	६४९४८०	२०१६९	१३७६९६	२८६४४३		७१३५	४३१२७४	१५३१०	१८२७२७	१९८०३७
२०	पर्यटन तथा नागरिक उड्डयन	७७	२४	१५४५७	१४	४	२७६२	६३	२०	१२६९५	४७	९०९	३६७९	०	०	४५८८	५७४	७४८६	८०६०
२१	भूमिसुधार तथा व्यवस्था	९१६	४१५	६३९६०६	२६	२०	४७८८	८९०	३९५	६३४८१८	११०५३८	६४१२१	४१७९८१	१७९७४	१२८	५००२०४	१९६२	२२११४	२४०७६
२२	भौतिक योजना तथा निर्माण	३११०	१४६१	४३१७४८१	८	१४०	२४७०३	३१०२	१३२१	४२९२७७८	१६३५३८	४८०१२८	९६५७३६	०	१५७२७	१४६१५९१	१४७२०	२६५२९२९	२६६७६४९
२३	महिला, बालबालिका तथा समाज कल्याण	५२१	३९२	९४५३९	६	३०	२८७८	५१५	३६२	९१६६१	६९८५	१०५०३	४०४२९	०	३९	५०९७१	१८७४	३१८३१	३३७०५
२४	युवा तथा खेलकुद	८	१३	३०७२५३	१	८	२९७७४९	७	५	९५०४	२७१	०	९२३३	०	०	९२३३	०	०	०
२५	रक्षा	३७९	४३	१२५१४९३	३५	५	२०१३८	३४४	३८	१२३१३५५	१३९१	२३२१	१०१४	०	०	३३३५	३००६	१२२३६२३	१२२६६२९
२६	वन तथा भू–संरक्षण	१२६६	५७७	२१६९०९	१५	६२	१४४६२	१२५१	५१५	२०२४४७	१३०४७	१५८६६	१५६३४२	०	५३२२	१७७५३०	४०७८	७७९२	११८७०
२७	वाणिज्य तथा आपूर्ति	४४	८	९८६५३४	०	६	९८६५१८	४४	२	१६	१६					०			०
२८	बातावरण	७७	७५	१०२०२५	०	२	८०७	७७	७३	१०१२१८	३३७३	४८	३५७९	०	०	३६२७	४५२	९३७६६	९४२१८
२९	विज्ञान तथा प्रविधि	२०	७२	११३६८४	०	२	१२१७	२०	७०	११२४६७	१०१५४	१४७५१	४९८०	०	०	१९७३१	११२	८२४७०	८२५८२
३०	शान्ति तथा पुनर्निर्माण	७२	५७	१८२०३८	०	७	१०५९१५	७२	५०	७६१२३	१२१५७	१८३	८७००	०	०	८८८३	७७१	५४३१२	५५०८३
३१	शिक्षा	१४५३	१४५१	४३०७७२७	३	१९७	३८२००९	१४५०	१२५४	३९२५७१८	६७३५२	१०३१५१	३५७९०५६	०	९६४२९	३७७८६३६	३६१३५	४३५९५	७९७३०
३२	श्रम तथा यातायात व्यवस्था	२२७	१०४	१६८०२१	०	१	६२४८२	२२७	१०३	१०५५३९	९१३६	३१६७	५४३००	०	३३९८२	९१४४९	५७५	४३७९	४९५४
३३	सामान्य प्रशासन	३७	३७	१२०९९१	०	१	२०९	३७	३६	१२०७८२	८७३	१९०००	१००८९५	०	०	१११८९५	१४	०	१४
३४	सिचाई	१७००	४१८	८४६१०५	५३	८३	१५४२२७	१६४७	३३५	६९१८७८	२०८९२	३०६६३	१२१५९३	१८९९	२५८४	१५६७३९	५८५	५१३६६२	५१४२४७
३५	सूचना तथा सञ्चार	२२६	१०५	६३८११	०	६	१९२२	२२६	९९	६१८८९	१९०९८	१८३०	३०३२७	०	०	३२१५७	८२	१०५५२	१०६३४
३६	संघीय मामिला, संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति	४६	३१	८८५१	५	९	१९६५	४१	२२	६८८६	२१७६	०	४४२४	०	०	४४२४	२७१	१५	२८६
३७	स्थानीय विकास	२९२३	२५९५	७२१७३२९	६७	११६	२८६०६९३	२८५६	२४७९	४३५६६३६	६५३३६	५७३७२२	५९१७३८	०	१२५०१	११७७९६१	३५९९२	३०७७३४७	३११३३३९
३८	स्वास्थ्य तथा जनसंख्या	१६८२	१०८५	९७३११६	२	१३४	१५६०२	१६८०	९५१	९५७५१४	१८७५२	८५७८६	३७०९००	०	१४४	४५६८३०	२०८३६	४६१०९६	४८१९३२
३९	राष्ट्रिय योजना आयोगको सचिवालय	३२७	२६६	३०६५८	०	२	५७५६	३२७	२६४	२४९०२	१३८८	३८०६	८६५३	०	०	१२४५९	२६३१	८४२४	११०५५

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
												अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति										
४०	राष्ट्रिय सतर्कता केन्द्र	९	१८	६५७	०	०	०	९	१८	६५७	५८	२८०	३१९			५९९			०
	जम्मा	२३१८६	१३२०२	२७९६९२३२	३९२	१२५६	५४६६९२०	२२७९४	११९४६	२२५०२३९२	१९०५८७०	१९६९७३३	८५२२७९९	२५१८३१	१७५९४१	१०९२०३०४	१६१८९३	९५१४२४५	९६७६१३८
	बक्यौता									०						०			
१	श्रम तथा यातायात व्यवस्था	२	१	३	०	०	०	२	१	३	३					०			०
२	वन तथा भू–संरक्षण	९	९	१६६७८	०	२	१५३४३	९	७	१३३५	१९९	०	१३६	०	०	१३६	१०००		१०००
	बक्यौता जम्मा	११	१०	१६६८१	०	२	१५३४३	११	८	१३३८	२०२	०	१३६	०	०	१३६	१०००	०	१०००
	कुल जम्मा	२३१९७	१३२१२	२७९८५९१३	३९२	१२५८	५४८२२६३	२२८०५	११९५४	२२५०३६५०	१९०६०७२	१९६९७३३	८५२२९३५	२५१८३१	१७५९४१	१०९२०४४०	१६२८९३	९५१४२४५	९६७७१३८

अनुसची – १६

(प्रतिवेदनको परिच्छेद.१ को दफा ३२ र ३३ सँग सम्बन्धित)

संगठित संस्था, अन्य संस्था, समिति र जिल्ला विकास समितिहरुको यो वर्षको बेरुजू वर्गीकरण
आर्थिक वर्ष २०६७/६८

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२९	१	२३	०	१	२३	२९	०	०						०			०
२	अर्थ	२८	२०	२१८०	०	०	०	२८	२०	२१८०	१६८२	३९८	१००			४९८			०
३	उद्योग	६	६	२३१६	०	०	०	६	६	२३१६	२५१		१७००			१७००		३६५	३६५
४	कानून तथा न्याय	८	१	३२४	०	०	०	८	१	३२४	०	०	३२४	०	०	३२४	०	०	०
५	कृषि तथा सहकारी	५१९	१९९	९६७०४	३	२०	१८३३२	५१६	१७९	७८३७२	१७४७	५८४८	६९५०५	०	०	७५३५३	११८२	९०	१२७२
६	गृह	४१	४२	११७४९	०	०	०	४१	४२	११७४९	१४१४	१४०१	५६४६	०	३५०	७३९७	६५	२८७३	२९३८
७	पर्यटन तथा नागरिक उडड्यन	३७	१२	६०७५	०	१	४०६	३७	११	५६६९	७०	७७७	५९९	०	०	१३७६	२५१	३९७२	४२२३
८	भौतिक योजना तथा निर्माण	२६७	२००	६०६१८३	०	२२	४७०४७	२६७	१७८	५५९१३६	२८८८१८	३१३१३	६९४७०	०	१३९५९	११४७४२	७८४	१५४७९२	१५५५७६
९	महिला, बालबालिका तथा समाज कल्याण	६०	३७	२८४५०	०	०	०	६०	३७	२८४५०	२४६२	६१२९	१७३०४		२५००	२५९३३	५५	०	५५
१०	युवा तथा खेलकुद	४२	९२	५३०१३	०	०	०	४२	९२	५३०१३	३८२०	४३१८०	६०१३	०	०	४९१९३			
११	रक्षा	१२६	१३	४८७०	२	५	७२७	१२४	८	४१४३	४१४३	०	०	०	०	०	०	०	०
१२	वन तथा भू–संरक्षण	१३३	३९	१५३९०	०	१	१९१०	१३३	३८	१३४८०	१२९०	४४०६	७६३९	०	१५०	१२१९५	७५		७५
१३	वाणिज्य तथा आपूर्ति	२९	४९	३१९४६	०	०	०	२९	४९	३१९४६	१३०९४	१२६१८	१८१२			१४४३०	१२४१	३१८१	४४२२
१४	बातावरण	११	२	१४	०	२	१४	११	०	०	०	०	०	०	०	०			०
१५	विज्ञान तथा प्रविधि	२६	३२	१२९७६	०	०	०	२६	३२	१२९७६	२८५	९७९३	१४०६		५०	११२४९		१४४२	१४४२
१६	शिक्षा	५४२	४०२	५६२४६०	१०	१२	४८०२	५३२	३९०	५५७६५८	२२८६५०	८२४५२	१८६३००	०	२१२६	२७०८७८	३६८९५	२१२३५	५८१३०
१७	सामान्य प्रशासन	७१	२२	२७१२९	०	०	०	७१	२२	२७१२९	४६३	७०५६	१६२७७	०	०	२३३३३	८७७	२४५६	३३३३
१८	सूचना तथा सञ्चार	५६	४३	२७९९९	०	०	०	५६	४३	२७९९९	८८५	४९८५	२१५६१			२६५४६	२२७	३४१	५६८
१९	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१६०	९९	४८२९२	२	०	०	१५८	९९	४८२९२	११०२६	१४३४७	१६५३८	०	०	३०८८५	३०९४	३२८७	६३८१
२०	स्थानीय विकास	१२०	११४	१३६४२३	३	५	७६	११७	१०९	१३६३४७	३७४४	१२४६१४	४७८७	०	१९१	१२९५९२	८२४	२१८७	३०११
२१	स्वास्थ्य तथा जनसंख्या	९२९	५०३	६९७५७०	१६	१४	३६२	९१३	४८९	६९७२०८	१०३२३२	१९२७५३	३०८२९१		३९८९	५०५०३३	८२४१	८०७०२	८८९४३
२२	पोखरा विश्व विद्यालय	१५	१९	३३८४४	०	०	०	१५	१९	३३८४४	१३८६	३१२७९	११७९	०	०	३२४५८			०
२३	नेपाल संस्कृत विश्व विद्यालय	१३८	४९	२२०५५	०	०	०	१३८	४९	२२०५५	३५	१२५७७	९४४३			२२०२०			०
२४	त्रिभुवन विश्व विद्यालय	८०६	६१८	६८९०७२	०	०	०	८०६	६१८	६८९०७२	८६६९	३८६३४८	२९४०५५	०	०	६८०४०३	०	०	०
२५	लम्बिनी बौद्ध विश्व विद्यालय	१०	१	६०८	०	०	०	१०	१	६०८		६०८				६०८			०
२६	जिल्ला विकास समिति	१६८५	१५९५	१५८५८२९	३५	६२	१६५७३	१६५०	१५३३	१५६९२५६	१५१५११	५३१८०१	४५७७६२	७४३	११००८२	११००३८८	२७६३०	२८९७२७	३१७३५७
२७	स्थानीय विकास कोष	६०१	५७०	५८४७४	१३	२२	२१२	५८८	५४८	५८२६२	३०९९६	४६५९	१३४५७	०	११३७	१९२५३	१६८७	६३२६	८०१३
	जम्मा	६४९५	४७८०	४७६१९६८	८४	१६७	९०४८४	६४११	४६१३	४६७१४८४	८५९५९३	१५०९३४२	१५१११६८	७४३	१३४५३४	३१५५७८७	८३१२८	५७२९७६	६५६१०४
	बक्यौता									०						०			०
२८	अर्थ	३७	१४	१८६५०३	०	०	०	३७	१४	१८६५०३	१५२३७९	०	३४१२४			३४१२४			०
२९	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	२	५	१७६	०	०	०	२	५	१७६	१५	१३१	३०			१६१			०
३०	त्रिभुवन विश्व विद्यालय	२४९	३४७	३३५४५७		६	२४५	२४९	३४१	३३५२१२	११६६०	६४७४७	२५८८०५	०	०	३२३५५२			०
	बक्यौता जम्मा	२८८	३६६	५२२१३६	०	६	२४५	२८८	३६०	५२१८९१	१६४०५४	६४८७८	२९२९५९	०	०	३५७८३७	०	०	०
	कुल जम्मा	६७८३	५१४६	५२८४१०४	८४	१७३	९०७२९	६६९९	४९७३	५१९३३७५	१०२३६४७	१५७४२२०	१८०४१२७	७४३	१३४५३४	३५१३६२४	८३१२८	५७२९७६	६५६१०४

अनुसूची – १७

(प्रतिवेदनको परिच्छेद ३ को दफा ३१ सँग सम्बन्धित)

सरकारी कार्यालयतर्फ (विनियोजन, राजस्व ,धरौटी र अन्य कारोवार)

बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	गतवर्षसम्मको बाकी	समायोजन	सं.पंको अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	४९सौं प्रतिवेदन सम्मको बाँकी बेरुजू	४९सौं प्रतिवेदन सम्मको बांकी बेरुजूमध्ये पेस्की
	प्रतिबेदन २०६२ देखि २०६७ सम्म										
१	राष्ट्रपतिको कार्यालय	११३४८		६१४८	६१४८		०	५२००	१०२५०	१५४५०	१५४५०
२	संविधान सभा व्यवस्थापिका संसद	३२०८२३		२३८५५५	२९५	०	२३८२६०	३२०५२८	३८५९०	३५९११८	९६४८
३	सर्वोच्च अदालत	४१४०७४		९४१५९	१२०२१	८२१३८	०	४०२०५३	३९३७९१	७९५८४४	२१७३६७
४	महालेखापरीक्षकको कार्यालय	४१		४१	४१		०	०	०	०	०
५	लोक सेवा आयोग	३१०७		०	०	०	०	३१०७	२८९७	६००४	३७७५
६	निर्वाचन आयोग	४७७६६		३५४५६	१८१०८	१८८१३	०	२९६५८	४७२७३	७६९३१	११४१०
७	महान्यायाधिवक्ताको कार्यालय	१७०६२		५०९३	५०९३		०	११९६९	७७७०	१९७३९	७८९८
८	न्यायपरिषद			०	०	०	०		२६६	२६६	२६४
९	राष्ट्रिय मानवअधिकार आयोग	१०९५४		२४४५	१६८५	७६०	०	९२६९	३५०४	१२७७३	१८३३
१०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०५०५०		०	०	०	०	२०५०५०	२१३१३	२२६३६३	२६०१२
११	अर्थ	५५५५८५३	३७८७३९	२५९८२६५	२१६२०१४	४३६२५१	०	३७७२५७८	२४८२६१५	६२५५१९३	३०९८६०
१२	उद्योग	१००५७९		३२८०४	३२८०४	०	०	६७७७५	१६६२१५	२३३९९०	८९२६९
१३	ऊर्जा	२६९९८	०	२६५८३	२६३१५	२६८	०	६८३	३११६८	३१८५१	२४१४०
१४	कानून तथा न्याय	४०४		३५	२१	१४	०	३८३	१९६	५७९	०
१५	कृषि तथा सहकारी	७०८७३१	२२७७०	२७७२१७	२२९७८६	४७४३१	०	५०१७१५	९३२३०९	१४३४०२४	१२३४४७
१६	गृह	१६३९८३६	०	८१८६९४	७८६३२४	३२३७०	०	८५३५१२	६९७१९२	१५५०७०४	१४९९८००
१७	परराष्ट्र	४४७२४०		११५९४७	११३२८०	२६६७	०	३३३९६०	६४९४८०	९८३४४०	३४४१४९
१८	पर्यटन तथा नागरिक उडड्यन	१०१२१५		१४१३६	१४१२९	७	०	८७०८६	१२६९५	९९७८१	८६०१४
१९	भूमिसुधार तथा व्यवस्था	४८७३७९		८४४५५	८४१५२	३०३	०	४०३२२७	६३४८१८	१०३८०४५	७९३३२
२०	भौतिक योजना तथा निर्माण	७६७८५१७		१८११२५६	१६७२२१३	१३९०४३	०	६००६३०४	४२९२७७८	१०२९९०८२	७०९७८०५
२१	महिला, बालबालिका तथा समाज कल्याण	१११०२३		२८१०९	२२३२७	५७८२	०	८८६९६	९१६६१	१८०३५७	१०५८१९
२२	युवा तथा खेलकुद	४९४४६		२०८१३	९६९३	१११२०	०	३९७५३	९५०४	४९२५७	१०७१३
२३	रक्षा	२१६११२६		१०१८६०३	७१५६१९	३०२९८४	०	१४४५५०७	१२३१३५५	२६७६८६२	२६६८२७२
२४	वन तथा भू–संरक्षण	४८३८९७		१७२११७	१६५३२२	६७९५	०	३१८५७५	२०३७८२	५२२३५७	१५६०२८
२५	वाणिज्य तथा आपूर्ति	२१९९३		२३१२	२३१२	०	०	१९६८१	१६	१९६९७	०
२६	वातावरण	५४९६३		१८९३७	१८६७७	२६०	०	३६२८६	१०१२१८	१३७५०४	९८९४१
२७	विज्ञान तथा प्रविधि	२०९४३१		८६०१४	८४६१८	१३९६	०	१२४८१३	११२४६७	२३७२८०	१३७०७९
२८	शान्ति तथा पुनर्निर्माण	८८८३२९		८९२१५	८५९०१	३३१४	०	८०२४२८	७६१२३	८७८५५१	८३९७२२
२९	शिक्षा	७६४२८३१		१९६८६७८	१४०३७९६	५६४८८२	०	६२३९०३५	३९२५७१८	१०१६४७५३	१०७३४४४
३०	श्रम तथा यातायात व्यवस्था	१२८२८९		३४२७	३४२७		०	१२४८६२	१०५५४२	२३०४०४	३१६९०
३१	सामान्य प्रशासन	२००		२००	२००	०	०	०	१२०७८२	१२०७८२	१४
३२	सिचाई	१२२३९६१		४३७०२७	३७४१५१	६२८७६	०	८४९८१०	६९१८७८	१५४१६८८	८९७९७२
३३	सूचना तथा सञ्चार	१२३६७७		२६६३५	२६३७५	२६०	०	९७३०२	६१८८९	१५९१९१	४६६७२

क्र.सं.	मन्त्रालय/निकाय	गतवर्षसम्मको बाकी	समायोजन	सं.पंको अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	४९सौं प्रतिवेदन सम्मको बाँकी बेरुजू	४९सौं प्रतिवेदन सम्मको बांकी बेरुजूमध्ये पेस्की
३४	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	३९७१०		१३९४४	६९४४	७०००	०	३२७६६	६८८६	३९६५२	३१८२
३५	स्थानीय विकास	८८२६८१४		२४३८१९९	२२०२९०५	२३५२९४	०	६६२३९०९	४३५६६३६	१०९८०५४५	७३१२६६०
३६	स्वास्थ्य तथा जनसंख्या	२७७३८१६		८५९९०१	७८६२३३	७३६६८	०	१९८७५८३	९५७५१४	२९४५०९७	९६०३३५
३७	राष्ट्रिय योजना आयोगको सचिवालय	१८१०५		६८३३	६८३३	०	०	११२७२	२४९०२	३६१७४	२५६३२
३८	राष्ट्रिय सतर्कता केन्द्र	२८३		१०७	१०७		०	१७६	६५७	८३३	०
	जम्मा	४२५३४८७१	४०१५०९	१३३५२३६०	११०७९८६९	२०३५६९६	२३८२६०	३१८५६५११	२२५०३६५०	५४३६०१६१	२४३१५६४८
	बेरुजु फछ्यौंट समिति हस्तान्तरण (प्रतिबेदन २०६१ सम्म)*	१८२२०५९	९१८८३९	२७४०८९८	१६५३०९२			१०८७८०६		१०८७८०६	
	जम्मा	१८२२०५९	९१८८३९	२७४०८९८	१६५३०९२		०	१०८७८०६		१०८७८०६	
	कुल जम्मा	४४३५६९३०	१३२०३४८	१६०९३२५८	१२७३२९६१	२०३५६९६	२३८२६०	३२९४४३१७	२२५०३६५०	५५४४७९६७	२४३१५६४८

* बार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजू लगत बेरुजू फछ्यौंट समितिमा पठाइएकोमा बांकी लगत एकिन भई नसकेकोले समितिबाट फछ्यौंट जनाएको रकमलाई समायोजनमा देखाई लगत कट्टा रकमलाई सम्परीक्षण रकममा उल्लेख गरिएको छ ।

अनुसूची – १८

(प्रतिवेदनको परिच्छेद ३ दफा ३१ सँग सम्बन्धित)

संगठित संस्था, अन्य संस्था,समिति र जिल्ला विकास समिति तर्फ

बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

क्र.सं.	मन्त्रालय/निकाय	यस कार्यालयबाट भएको सं.प.सम्बन्धी विवरण								गत वर्ष सम्मको बांकी	यो वर्षको थप	४९औ प्रतिवेदन सम्मको बांकी बेरुजू
		गतवर्षसम्मको बाकी	समिति हस्तान्तरण	बाकी २०६२ प्रतिवेदनदेखि	समायोजन	सं.पं.को अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बांकी			
१	संविधान सभा व्यवस्थापिका संसद	४८३३		४८३३		०	०	०	०	४८३३		४८३३
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८०		१८०		०	०	०	०	१८०	०	१८०
३	अर्थ	१०८६६७		१०८६६७		०	०	०	०	१०८६६७	१८८६८३	२९७३५०
४	उद्योग	६६७४६	८७१	६५८७५		०	०	०	०	६६७४६	२३१६	६९०६२
५	कानून तथा न्याय	२७५		२७५		०	०	०	०	२७५	३२४	५९९
६	कृषि तथा सहकारी	४७३३१३	२३०१७	४५०२९६		१६४२३३	१५२७६६	२२३१	९२३६	३२०५४७	७८३७२	३९८९१९
७	गृह	४८७७५५		४८७७५५		३०७८४	६२२४	२४५६०	०	४८१५३१	११७४९	४९३२८०
८	पर्यटन तथा नागरिक उडड्यन	३२९०१२६		३२९०१२६					०	३२९०१२६	५६६९	३२९५७९५
९	भूमिसुधार तथा व्यवस्था	५४९		५४९		०	०	०	०	५४९	०	५४९
१०	भौतिक योजना तथा निर्माण	१०२१७५२	८४८१	१०१३२७१		३३०४८	२८९२७	४१२१	०	९९२८२५	५५९१३६	१५५१९६१
११	महिला, बालबालिका तथा समाज कल्याण	२३९८४२	४७२९४	१९२५४८		०	०	०	०	२३९८४२	२८४५०	२६८२९२
१२	युवा तथा खेलकुद	३०२६६१	५८४३	२९६८१८		०	०	०	०	३०२६६१	५३०१३	३५५६७४
१३	रक्षा	७९९३०३	१९८४६	७७९४५७		५१८२१०	५१८२१०		०	२८१०९३	४१४३	२८५२३६
१४	वन तथा भू–संरक्षण	४६२५४३	८५६९६	३७६८४७		३५८८३	९५३२	२६३५१	०	४५३०११	१३४८०	४६६४९१
१५	वाणिज्य तथा आपूर्ति	१६२८६५	३७१९	१५९१४६		४४६६२	३५९२८	८७३४	०	१२६९३७	३१९४६	१५८८८३
१६	बातावरण	८३५		८३५					०	८३५	०	८३५
१७	विज्ञान तथा प्रविधि	४०५२		४०५२		३६	३६		०	४०१६	१२९७६	१६९९२
१८	शिक्षा	३६७८५२९	२९९०३	३६४८६२६		२७५८४७	१६९१२१	१०६७२६	०	३५०९४०८	५५७६५८	४०६७०६६
१९	श्रम तथा यातायात व्यवस्था	६०२		६०२		०	०	०	०	६०२	०	६०२
२०	सामान्य प्रशासन	१९४९४	६५	१९४२९		०	०	०	०	१९४९४	२७१२९	४६६२३
२१	सिंचाई	७६४२६६	८५२३	७५५७४३		०	०	०	०	७६४२६६	०	७६४२६६
२२	सूचना तथा सञ्चार	३८८६५७	३२७१८	३५५९३९		०	०	०	०	३८८६५७	२७९९९	४१६६५६
२३	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	२५८६७८	६४५१	२५२२२७		६६०५०	५७९४९	८१०१	०	२००७२९	४८४६८	२४९१९७
२४	स्थानीय विकास	१५२७७८९	२६८४	१५२५१०५		१४७५०	१३८९५	८५५	०	१५१३८९४	१३६३४७	१६५०२४१
२५	स्वास्थ्य तथा जनसंख्या	१७७३६८१	२४३८७	१७४९२९४		१०५२५६	९०६२१	१४६३५	०	१६८३०६०	६९७२०८	२३८०२६८
२६	पोखरा विश्व विद्यालय	५०८६३		५०८६३		६६२२	२५२७	४०९५	०	४८३३६	३३८४४	८२१८०
२७	नेपाल संस्कृत विश्व विद्यालय	१०५७३३		१०५७३३		०	०	०	०	१०५७३३	२२०५५	१२७७८८
२८	त्रिभुवन विश्व विद्यालय	९१५११८२		९१५११८२		१७४३६	१७४३६		०	९१३३७४६	१०२४२८४	१०१५८०३०
२९	लम्बिनी बौद्ध विश्व विद्यालय	८२६		८२६		७१	७१		०	७५५	६०८	१३६३
३०	जिल्ला विकास समिति	४२९७९५०		४२९७९५०		३६७८०	३६०८०	७००	०	४२६१८७०	१५६९२५६	५८३११२६
३१	स्थानीय विकास कोष	२२५६३५		२२५६३५		८४४५	८०६०	३८५	०	२१७५७५	५८२६२	२७५८३७
	जम्मा	२९६७०१८२	२९९४९८	२९३७०६८४	०	१३५८११३	११४७३८३	२०१४९४	९२३६	२८५२२७९९	५१९३३७५	३३७१६१७४
	बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण	२९९४९८		२९९४९८	५२२६०७	८२२१०५	२९९४९८		५२२६०७	०	०	५२२६०७

* बार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजू लगत बेरुजू फछ्यौंट समितिमा पठाइएकोमा बांकी लगत एकिन भई नसकेकोले समितिबाट फछ्यौंट जनाएको रकमलाई समायोजनमा देखाई लगत कट्टा रकमलाई सम्परीक्षण रकममा उल्लेख गरिएको छ ।